CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

...in Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्रको व्यक्तित्व

रेडियो नेपाल प्रकाशन

२०१६

Digitization by eGangotri

प्रकाशकः–

श्री ५ को सरकार
राष्ट्रिय निर्देशन मन्त्रालय
रेडियो नेपाल ।

प्रथमबार ५००० प्रति

मुद्रकः–

गोरखापत्र छापाखाना, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुई—शब्द

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको त्रितालीसौं शुभजन्मोत्सवको उपलक्षमा रेडियो नेपालले तीन दिनसम्म गरेको विशेष कार्यक्रमहरूको सिलसिलामा यही २०१६ साल ज्येष्ठ २८ गते बेलुकीको सभामा एक उच्चस्तरीय सेमिनारको आयोजना गरिएको थियो। माननीय राष्ट्रिय निर्देशन मन्त्री श्री विश्वबन्धु थापाज्यूको सभापतित्वमा शाही सैनिक ब्याख्यालय, रायल आर्मी हेडक्वार्टरमा सम्पन्न भएको उक्त सेमिनारमा नेपालका विशिष्ट विद्वानहरूले भाग लिनु भएको थियो र सो कार्यक्रम रेडियोबाट रिले ब्रोडकाष्ट पनि गरिएको थियो। सेमिनारको विषय थियो— "श्री ५ महेन्द्र र नेपाल", जसमा श्री ५ महाराजाधिराज सरकारको महान व्यक्तितत्वमाथि विभिन्न पक्षबाट गरिएको विश्लेषणामत्क ब्याख्याहरू समावेश गरिएका थिए। आज सोही सेमिनारमा प्रस्तुत गरिएका ब्याख्याहरूको लेखहरू संकलन गरी पुस्तकको रूपमा प्रस्तुत गर्दछौं।

रेडियो प्रसारणको सीमित समयभित्र प्रसार गरिएका यस पुस्तकमा संकलित सामाग्रीहरूबाट राष्ट्रनायक श्री ५ महाराजाधिराजको महान तथा व्यापक व्यक्तितत्वको दिग्दर्शन सम्पूर्ण रूपमा भएको होला भनी कदापि भन्न सकिन्न तापनि यस किसिमको यो प्रयास प्रारम्भिक तथा सानो रूपमा भएकोले यसमा भएका त्रुटी र अपूर्णताको लागि क्षमाप्रार्थी छौं।

यो पुस्तकको प्रकाशनमा सहयोग गर्ने समाचार शाखाका उपसम्पादक शेखर मानन्धर धन्यवादका पात्र हुनुहुन्छ।

प्रकाशमान सिंह,
डाइरेक्टर, रेडियो नेपाल।

विजया दशमी,
आश्विन २२, २०१६.

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

नेपाली इतिहासको पृष्ठ भूमिमा श्री ५ महेन्द्र
--श्री बालकृष्ण सम १

श्री ५ महेन्द्र र नेपालको सांस्कृतिक उत्थान
—श्री बालचन्द्र शर्मा ६

श्री ५ महेन्द्र र नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व
—श्री यदुनाथ खनाल १४

साहित्य औ श्री ५ महेन्द्रको साहित्यिक अनुराग
—श्री नरेन्द्रमणि आ. दि. २१

दलित वर्गको उत्थान र समाज सेवा प्रति श्री ५ महेन्द्रको योगदान
—श्री दयावीर सिंह ३२

श्री ५ महेन्द्र र हाम्रो शिक्षा प्रणाली
—श्री रणधीर सुब्बा ४०

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली इतिहासको पृष्ठभूमिमा श्री ५ महेन्द्र

श्री बालकृष्ण सम

दिनेको शिर संधै ठाडो हुन्छ, लिने लज्जित बन्दछ। जस्तो नदीहरू लरखराएर कहिले एक गाउंमा मुख जोत्न पुग्छन् कहिले अर्को गाउंमा मुख छोप्न, तर ती हिमशैल शिखरहरू संधै सिङ्गैरी खेलेर सीङमा घांस जस्ता गरे झैं बादलले आफ्ना शिर विभूषित पारिराख्तछन्। यस सानो पुस्तक बान्कीको नेपालले संसारलाई के के दियो सो लेखा गरिरहूं भने– तीन सप्तसिन्धुद्वारा गङ्गा र ब्रह्मपुत्र दियो, वैदिक साहित्य दियो, इन्द्र र इन्द्राणी दियो, पार्वती परमेश्वरी दियो, सांख्यदर्शन दियो, औषध र ओषधीश दियो, यक्ष किन्नर गन्धर्व र अप्सरा दियो, स्वर्ग वैकुण्ठ कैलास दियो, कैलासकूट कला दियो, आधा हिउंले ढाकेको आधा हरियो अर्द्ध-नारीश्वर पशुपति दियो, पञ्चानन पञ्चायन पञ्चबुद्ध र पञ्चायत दियो, अष्टमूर्तिध्वजा दियो, अष्टमातृका दियो, दश महाविद्या दियो, शिवशक्ति दियो, तन्त्र दियो, अद्वितीय रेखाचित्र दियो, रुद्र दियो, रुद्राक्ष दियो, शालिग्राम दियो, अतः अमूर्त्तकला दियो, खुकुरी दियो, अनि वीर-त्वमा झकझकी उम्लिरहेको रगतको अनन्त बाढी दियो– दियो– आफू कस्तुरी मृग झैं बनेर कस्तूरी अरूलाई दियो– जीवनमा त्यसको सुवास

CC-0. In Public Domain. Digitization by eGangotri

र मृत्युपछि त्यसको गाना; त्यसैले कति कुरा त थाहै नपाइकन दियो, कति दिएको कुरा पनि आफूले थाहा पाएन ।

किनभने, नेपाल निरक्षर थियो, अझै छ । हामीहरूले जति दियौं त्यो हृदयले दियौं, मस्तिष्कले दिएनौं; त्यसैले आज हामी अझै दिने दरिद्र बनेका छौं । हाम्रा वैदिक ऋषिहरू पनि लेख्न जान्दैनथे, हाम्रो दख्खिनतिरको देश भारतका वेदव्यासले वेदको सम्पादन नगरेका भए ऋषिहरूका ती वेदध्वनि पर्वतका गुफामा प्रतिध्वनित भएर लुक्न पुग्दथे, अनि आवागमन नभएको बनबेली जस्तै बिलाउंथे । हाम्रो उत्तरतिरको देश चीनले आफ्नो इतिहासमा अंकित नगरेको भए अरनिको (बलवाहु) को नाम पनि नेपालको धरतीमा त्यसरी नै विलय हुन्थ्यो जसरी हजारौं श्रेष्ठ कलाकारको नाम हाम्रा मन्दिर भवन र अझ शिलालेखका पंक्तिभित्रै कहिल्यै नपाइने गरी हराएका छन् । चीन र मङ्गोलियाका इतिहासहरूमा नजनाइएका वर्णित नगरिएका हुंदाहुन् त आज हामी भृकुटीलाई व्योमकी कुनै हरित ताराको रूपमा प्रतिकबाद संज्ञी रहन्थ्यौं, हाम्रा राजा अंशुवर्माकी छोरी ती भृकुटी हुन्, चीनतिर बुद्धधर्मको अतः नेपालको आस्था जगाउने उनै हुन् भन्ने पत्ता पाउंदैनथ्यौं । भारतका अशोकले अक्षर लेखी सादर स्तम्भ नगाडेका भए आज गौतम बुद्ध र कनकमुनिबुद्ध पनि अरू अगाडिका तीन बुद्धहरू जस्तै पौराणिक कथाका धमिला रहस्यमय छाया बनिरहन्थे, अथवा हामी नेपालीले उनलाई साहसपूर्वक अंगाल्न पाउंदैनथ्यौं । चिनियां यात्रीहरूको वर्णन ताङ वत्तान्तमा छंदाछंदै पनि यत्रतत्र शिलालेखमा अंकित हुंदाहुंदैपनि आज कैलासकूट भवन सपनाको प्रासाद तुल्य भएर हाम्रो देशमा बिलाएको छ । यसरी आफ्नो देशको ऐतिहासिक गौरव खोज्न हामीलाई चिनियां, भारतीय, वेलायती, फ्रान्सिसी, जर्मनी, इटालियन इतिहासकारहरूको सहायता लिनु परेको छ, उनको पजनीमा चित्त नबुझे पनि तिनै इतिहासले बाधित भएर किच्तै हामी आफ्ना बालक बालिकालाई अझै गौरवहीन बनाएर झुकाउंदैछौं, किनभने प्रथम अक्षर गुंजेको देशमा– हामी निरक्षर छौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

शतप्रतिशत साक्षर भएका यूरोप अमेरिकामा तथा जापान आदि देशको कुरा छोडौं भारतमा पनि सोह्रप्रतिशत साक्षर भएको बुझिन्छ; हामीमा दुइ प्रतिशत भनेर उच्चारण गर्नुपर्दा मुखसम्म आएको शब्द घांटीमा फर्केर जान्छ। निरक्षर भएपछि उ सोझो अनि जसबाट पनि ठगिन सक्ने हुन जांदोरहेछ, अनि त्यो दिनदिनै दीन दरिद्र बन्दोरहेछ। निरक्षरता र दरिद्रता यी दुइ दुर्गुणले दडेपछि त्यो मानिस आफ्नो आत्मा सजिलैसित बेच्न सक्ने दासप्रवृत्ति र दासानुदास प्रकृतिको बन्दोरहेछ, अनि कुनै दुष्ट धनी मानिसले दरिद्रको अपमान गर्दै चांदीको चमक देखाएर त्राटक गर्दै त्यसलाई राले बनाई स्वयं आफ्नै बाबुलाई मार्न हात उठाउने समेत पार्दोरहेछ। चौबीस घण्टासम्म भूकम्प झुलिरहोस्, सगरमाथाको बीचबाट ज्वालामुखी फुटेर लप्किरहोस्; हामी धैर्यसित भूकम्पलाई कुल्चेर साम्य बनाऔंला, सासहले रगत छर्केर अग्निज्वाला पनि निभाऔंला, ती त्यति भयानक छैनन् जति हातेमालो गरी हिंड्ने अराष्ट्रिय तत्त्वका काना गण दुइ निरक्षरता र दरिद्रता छन्। तिनका आंखा पित्तरोगीका जस्तै सुनको टलकले पहेंला भए भने ती आफ्नी आमाको गर्भ स्वयं चिरेर त्यसमा राष्ट्रविरोधी लिङ्गो गाड्न पनि पछि हट्दैनन्।

यसै अवसरमा कुनै अंग्रेजीको लेखबाट म यहांनेर केही वाक्य उद्धृत गर्दछु:

"नेपाली एक यस्तो भयंकर जाति छ कि यो एक दिन शिक्षित संपन्न र सुसंगठित भयो भने यसले हामीलाई पनि चपाउन सक्नेछ, त्यसैले एकातिर त हिमालयको भित्ता छ, जहां प्वाल छ भने टाल्नु पर्दछ, अनि अरू तीनतिरबाट अर्द्धचन्द्राकारले यसको घांटी अंठ्याइराख्नुपर्दछ, त्यही मौकामा यसका जति धन छन् ती थुतेर हाम्रो ब्याङ्कमा राख्नु पर्दछ, यी खानी खन्न नसकून्, यी बाटो बनाउन नसकून्, कलकारखाना उभ्याउन नसकून्, अनि शिक्षा फैलाउन नपाऊन्!"

CC-0. In Public Domain. Digitization by eGangotri

जब हाम्रो 'शारदा' मासिकपत्र निस्केको थियो त्यस बेलाका बृटिश राजदूतले आपत्ति जनाई उसबेलाका प्रधानमन्त्रीलाई संझाइपठाएको कुरा मसित जाने मेरा साथीहरू अझ छंदैछन्, त्यो यही थियो "भारतमा शिक्षा फैलाउंदा आज बृटिश सरकारलाई पश्चात्ताप भइरहेछ, हाम्रो अनुभवबाट नेपाल सरकारले शिक्षाप्रचारका साधन यस्ता पत्रिकाहरूको प्रकाशन रोक्नुपर्दछ।"

यस्तो कोलाहलमय अन्धकारपूर्ण ऐतिहासिक पृष्ठभूमिमा, वैदेशिक गुमारताद्वारा नेपालमाताले बहाउनु परेको पसिना आंसु र रगतले बनेको हिले पोखरीको बीचमा एक कमल तुल्य, नेपालको प्राचीन गौरवका अवतार, देदीप्यमान एक महापुरुष आज हामीले पाएका छौं— श्री ५ महेन्द्र। हाम्रो दिन आज छैन भने कहिल्यै पनि छैन। यो पारसमणिको देश हो भन्ने कुरा आज सार्थक भएको छ, हामीले श्री ५ को रूपमा पारसमणि पाएका छौं, आज नेपाल भिल्ल बनेन भने भोलि अवश्य उत्फुल्ल बन्दछ।

यहांनेर म यो नबोली सक्तिन। हामीसित स्तुतिका पुस्तकहरू धेरै छन्, वीरषष्टिका, चन्द्रमयूख र भूचन्द्रचन्द्रिका, भीमगीताञ्जलि, जुद्धोदय वर्णन, मोहन प्रताप माला इत्यादि। तिनै प्रशंसाका शब्दलाई छुंदा अहिले मन यो स्पष्टसित भन्न चाहन्छ— पीतलले मुस्कुराउंदा वा कांचले आंखा झिम्काउंदा काञ्चनस्हीरा अपमानित हुन्छन् परन्तु प्रत्यक्ष कार्यको सद्विवेचनाले काञ्चन र पीतललाई तथा कांच र मणिलाई छुट्याउंछ। अधमहरूद्वारा भएको जनकपुरको दुर्घटनापछिको श्री ५ महाराजाधिराजको भाषण अन्तर्गत यस वाक्यलाई हामीले स्वर्णाक्षरमा अंकित गरिराख्नु पर्दछ:

"सदा सर्वदा देश र देशवासी कै लागि ज्यू ज्यान दिन सकूं भन्ने नै मेरो परमेश्वरसंग एक मात्र पुकारा छ"

 CC-0. In Public Domain. Digitization by eGangotri

"उजुं जनपदो राजा हिमवन्तस्स पस्सतो"

यस वाक्यमा नेपाल वा हाम्रो हिमवत्खण्डप्रति जुन आस्था छ, त्यसलाई श्री ५ बाट अझ स्पष्टसित जस्तो अवसरमा हुकुम भएको छ त्यो वैदिक समयदेखि आज सम्ममा नेपाल र नेपालीको निम्ति उच्चारित वाक्यहरूमा सर्वश्रेष्ठ छ, जसलाई नेपाली मात्रले आफ्नो गायत्री मन्त्र संझनु पर्दछ ।

मौसूफको एक एक वाणी तथा एक कार्यमा आज नेपालको हित प्रत्यक्ष धरतीले प्रस्तावित गरेको हामी पाइरहेका छौं । म अहिले केवल तीन महान् विषयलाई लिएर छोटकरीमा बोल्दछुः

(१) पूर्व पश्चिम राजमार्ग : यो नबनुन्जेल देशको त्यहीं गुडुल्किएर रहने दयनीय अवस्था हुनेछ जस्तो मेरुदण्ड टुटेको कुनै जीवको । यो बन्यो देश बन्यो । यसको निम्ति तं छाड म छाड् गर्दै जीवन समर्पण गर्नु नेपाली मात्रको परम कर्तव्य हो । यही मार्ग नहुंदा अंग्रेजसितको युद्धमा नेपालको हार भएको हो । उसै बेलादेखि यो मार्ग बन्नुपर्छ भन्ने कुन नेपालीले चिताएन, कुन शासकले जनताको आंखामा छारो हाल्न कुरा उठाएन, तर यो कार्य कसले प्रारम्भ गर्‍यो ! आज श्री ५ को आह्वानमा समस्त नेपाली हामी कोदालो उठाउन हात अर्पिरहेछौं ।

(२) पञ्चायत पद्धति : यो नेपालकै भूमिबाट उब्जेको नेपालको जन्मसिद्ध अधिकार हो: इन्द्रलाई संबोधन गरेर वृहदुक्थ्यो वामदेवव्यः ऋषि भन्दछन्–

'प्रत्नं जातं ज्योतिर्यदस्य प्रियंप्रियाः समविशन्त पंच' । तिमीले जुन ज्योतिमान पदार्थ उत्पन्न गर्‍यौ ती पंचका निति उपयोगी र प्रिय बन्न गए ।

उस समयमा पञ्च वर्ण वर्णका प्रतिनिधि हुन्थेः आर्य सेता थिए, हिमालनिवासी पहेला थिए, किराती राता थिए, खाल्डानिवासी गहुंगोरा थिए, तराईवासी काला थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को ठाउंमा छ–

आ रोदसी अपृणादोत मध्यं
पञ्च देवां ऋतुशः सप्त सप्त ।

पञ्चलाई उनले तेजले धारण गरे– इत्यादि ।

वन्ध्वादयो गौपायनाः भन्दछन्–
दिवीव पञ्च कृष्टयः ।

पञ्चलाई स्वर्गीय सुख मिलोस् ।

प्रगाथः काण्वः ऋषि भन्छन्–

यत्पाञ्चजन्यया विशेन्द्रे घोषा असृक्षत ।

जब पञ्च इन्द्रको स्तुति गर्दछन्, इन्द्र शक्ति प्रयोग गरेर उनका शत्रु नाश गर्दछन् ।

यी वेदका उद्धरण केवल प्राचीन परम्परा उतार्न गरिएका हुन्, आधुनिक प्रगतिशील संसारमा हामी केवल तिनको दुहाइ लिएर बढ्न सक्तैनौं, जेट प्लेन उतार्न अवश्य काठमाडौंले आफ्नो छाती अझ चौडा गररे थाप्नु पर्दछ । आफूसित भएको प्राचीन गौरव हामीले यस निति संझनु पर्दछ कि हामी सभ्य छंदा असभ्य भइरहेका देशहरूले उस बेला हतोत्साह नभई उद्योग गर्दै रहेर यस ठाउंमा आज पुगे भने हामीले पनि विज्ञानोन्नतिमा हतास हुनुपर्ने कारण छैन । पैसाको ममता छोडिदिएर जानी जानी दरिद्र बन्दै हामीले ज्ञानको उन्नति गरचौं, त्यस्तै अर्थतिर पनि चैतन्य रही धनोपार्जन गरचौं भने विज्ञानपट्टि पनि त्यसरी नै उन्नति गर्न सक्नेछौं जस्तो ज्ञानपथमा गरेका छौं ।

पञ्चको विषयमा अझ यो स्पष्ट गर्नु छ;– आज हाम्रो राष्ट्रमा त्यो संकुचित भावना छैन जून एक बेला अरूको लय लमया लाग्दा कलंकित बनेको थियो– स्त्रीशूद्रले वेद पढ्नु हुंदैन, यो उच्चारण गर्ने अधिकार यसलाई छ त्यसलाई छैन, इत्यादि । आज हाम्रा राष्ट्रनायक समस्त देश– सन्ततिमा भेदभावरहित शिक्षाको प्रचार गर्न दत्तचित्त

CC-0. In Public Domain. Digitization by eGangotri

होइबक्सिन्छ । प्रजाले चाहेको कुरा हुनु प्रजातन्त्र हो, तर चाहने अधिकार केवल शिक्षाले प्राप्त यथार्थ ज्ञानबाट उघारिएको नेत्रद्वारा मात्र मिल्न सक्तछ ।, नत्र उसको चाहना अरूको धरौटे चाहना हुन्छ । उसको चाहना अरूले किनिसकेको हुन्छ , चढिएको उसको मुखलाई यताउता फर्काउने बढाउने र रोक्ने लगाम अरूकै हातमा रहेको हुन्छ, अथवा यसो भनूं उ हृदयले नचाहे आफ्नो अहित वा आत्माहत्या पनि पत्थरीको रोगीले जस्तै मुखले चाहन्छ किनभने चालबाजीमा लागेका स्वार्थी धनी र शिक्षित मानिसले मूलैसमेत उसको जिब्रोको बोट आफ्नो आंगनमा गाडिसकेको हुन्छ । तसर्थ श्री ५ को महान्-वाणी "प्रजातन्त्रलाई जगैदेखि बलियो पार्नु परेको छ" सार्थक तथा पददलित दलित वर्गको एक मात्र सहारा छ, अवश्य नत्र कुनै पनि तन्त्र प्रजाबाट चालित् तन्त्र नभई वाठा बेपारी तान्त्रिकहरूले प्रजालाई अन्धगर्तमै राखी संचालित गर्ने तन्त्र मात्र बन्दछ ।। राष्ट्रपिता प्रजा-लाई नहुर्काइकन अन्धै अवस्थामा अरूको पोल्टामा फाल्न चाहिबक्सिन्न । प्रजा हाम्रो देशको वर्तमान अवस्था अनुसार हुर्कन सक्छ केवल पञ्चा-यत पद्धतिमा आधारित राष्ट्रिय शिक्षा प्रचारद्वारा । पूर्व-पश्चिम मार्ग तथा पञ्चायती व्यवस्था यी दुवै दरिद्रता र निरक्षरतालाई भस्म पार्ने अग्निजिह्वा हुन् ।

(३) काठमाडौं–ल्हासा मार्ग : यस विषयमा यत्ति भने यथेष्ट छ कि यो मार्ग हाम्रो नेपालको सार्वभौमिकता वा पूर्ण स्वाधीनताको एक महान् गौरवमय परीक्षाफल हो । योङ्ग हज्ब्याण्ड मिशन पछि देशमा लागेको ग्रहणको केवल मात्र निवारण हो ।

यस यस देशको ऐतिहासिक पृष्ठभूमिमा हाम्रा राजा सूर्यले जस्तै ज्योति फैलाएर उभिइबक्सेको छ, चिम्लिरहेका आँखालाई पनि छेडेर त्यस किरणले नब्यूंझाई छोड्दैन । जसरी सूर्योदयपछि जाग्रत भएर मानिस दैनिक कर्म गर्दछ त्यसरी नै हामी देश निर्माणमा लागिरहेछौं–

CC-0. In Public Domain. Digitization by eGangotri

अझ अझ असन्तोषी बनेर कर्मिष्ठ हुनु हाम्रो परम कर्तव्य छ।

अन्त्यमा म ऋग्वेदका ऋषि ध्रुवको राज्ञः स्तुतिलाई प्रस्तुत गर्दछु: पर्वत जस्तै अविचलित र सुदृढ रहेर राज्य गर्नालाई ऋषि आशीर्वाद दिन्छन्:

इहैवैधि माप च्योष्ठाः पर्वतइवाविचाचलिः ।
इन्द्रइवेह ध्रुवस्तिष्ठेह राष्ट्र मु धारय ॥२॥
ध्रुवा द्यौ ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे ।
ध्रुवं विश्वमिदं जगत् ध्रुवो राजा विशामयम् ॥४॥

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्र र नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व

बालचन्द्र शर्मा

प्रत्येक मनुष्य कुनै न कुनै अंशमा कलाप्रेमी हुन्छ। कसैले अनुकूल परिस्थिति पाएर त्यसको अभिव्यक्ति विशेष रूपले गर्न सक्तछ, कसैले त्यसको विपरित परिस्थितिमा त्यति स्पष्ट रूपले गर्न सक्तैन। तर, आफ्नै किसिमले कलाप्रेमी र कलाकार त प्रत्येक व्यक्ति नै हुन्छ। कला केवल रङ्ग र बुरूशले आकृति बनाउनु, अथवा लेखनीले आफ्ना भावनाहरूलाई दर्शाउनु, अथवा ध्वनिले कुनै भावनाको अभिव्यक्ति गर्नु मात्र होइन। कलाको अर्थ जीवनमा प्रेरणादायक सौन्दर्यको सृष्टि गर्नु हो। यो सौन्दर्य ललितकलाको माध्यमद्वारा अभिव्यक्त त हुन्छ नै, यो व्यक्तिको रहन–सहन, दृष्टिकोण र उसद्वारा भएका कार्य-कलापमा पनि अभिव्यक्त हुन्छ। त्यसले कुनै वर्ग वा समाजलाई सञ्चालित गर्दछ भने उसका त्यस्ता कार्यकलाप त्यस समयको सभ्यताका चिह्न पनि बन्न जानेछन्। र कुनै देश वा राष्ट्रको युगौं-देखि संगालिएको संस्कृतिको समष्टि रूपलाई नै संस्कृति भन्दछन्। यस दृष्टिले निर्माणका स्थूल उपकरणहरूका साथै व्यक्ति र राष्ट्रको आचरण र गतिविधि पनि "संस्कृति" को अन्तर्गत वस्तु हुन जान्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली संस्कृतिको पृष्ठभूमिमा श्री ५ महेन्द्रको व्यक्तित्व र कर्तृत्व शक्तिको विचार गर्दा हामी मौसूफको यसपट्टिको महत्वलाई स्पष्ट रूपमा र अविस्मरणीय रूपमा देख्तछौं। श्री ५ महेन्द्र एक यस्तो राजवंशका वर्तमान प्रतिनिधि होइबक्सिन्छ जसले सही अर्थमा नेपाली र नेपालीत्वको जग बसाल्यो र हुर्कायो। हुन त इसाको अट्ठाह्रौं शताब्दी भन्दा पहिले पनि नेपालले सांस्कृतिक क्षेत्रमा ठूलो प्रतिष्ठा अर्जित गरेको थियो, तथापि हाम्रो घरको झै-झैगडा र विभाजनले गर्दा त्यो आफैमा सीमित र अतएव ह्रासोन्मुख भइरहेको थियो। त्यही अवस्था अझैं केही समय रही नै रहेको भए हाम्रो स्वतन्त्र अस्तित्व कायम रहन सक्ने कुन स्थिति थिएन। पृथ्वी नारायण शाहले छरिएका राज्यहरूको समन्वय गरेर केवल एउटा ठूलो देशको अर्जनमात्र गरेनन्,, उनले देशमा जीवनको एक खँदिलो रूप बसालेर त्यसमा आत्म चेतनाको ज्यादै नै बलियो भावना पनि हुर्काए। चाहे राजनीतिक रूपले, आर्थिक रूपले, चाहे सामाजिक रूपले, चाहे अरू कुनै पनि रूपले विचार गर्दा पृथ्वी नारायण शाहको यो महत्व राम्ररी बुझ्न सकिन्छ। यो परम्परा राजवंशमा त्यसै समयदेखि अक्षुण्ण रूपले प्रवाहित हुन लाग्यो। तर, दुःखको विषय त्यो कि पहिलो एक शताब्दीमा नेता र जनताको बीच एउटा ज्यादै अग्लो पर्खाल ठडिन आयो। फलस्वरूप जनता आफ्नो मूल प्रेरणा–श्रोत, आफ्ना नेता, आफ्ना राजाको प्रत्यक्ष सम्पर्क, प्रेरणा र सञ्चालनदेखि पृथक् हुन गयो। आज सौभाग्यवश अब त्यो परिस्थिति रहेन। हामी सबै प्रत्यक्षतः श्री ५ महेन्द्रका निर्देशनमा चल्न समर्थ भइरहेका छौं। त्यसले गर्दा हाम्रो राजवंशमा पुस्तौं-पुस्तौंको अर्जनले एकत्रित भएको सांस्कृतिक शक्तिको मूल श्रोतको प्रेरणाले आज हामी प्रत्यक्ष रूपले आप्लावित र शक्तिशाली हुन समर्थ भइरहेका छौं।

हुन त श्री ५ महेन्द्रले आफ्नो प्रारम्भिक समय ज्यादै नै सीमित परिधिमा बिताउन बाध्य हुनु परेको थियो, तथापि यसले पनि कुनै

न कुनै अंशमा मौसूफ र मौसूफद्वारा हामी सबैलाई कहीं न कहीं CC-0. In Public Domain. Digitization by eGangotri
लाभ पुऱ्याएकै छ। व्यक्ति, खास गरी एक चेतनशील नवयुवक, जब बाहिरिया सम्पर्कबाट छुट्टिन वाध्य हुन्छ, उसको अन्तरचेतना बलवान् भएर भविष्यको दरिलो रूपरेखा बनाउन थाल्दछ। यो रूपरेखा समग्र पाएर जब क्रियात्मक रूपमा उभिन समर्थ हुन्छ, त्यो असाधारण रूप र दरिलो जगमा खडा हुन्छ। श्री ५ महेन्द्रले राजभवनभित्र बसेर भविष्यको नेपालको जुन चिन्तन गरिबक्सियो त्यो आज हामीहरू सबैका अगाडि क्रमशः मूर्त रूपमा आउँदै गइरहेको छ। के भावना र कल्पना-पक्ष, के तर्क र व्यवहार-पक्ष ?—— आज श्री ५ महेन्द्रको सम्पूर्ण आभ्यन्तरिक र वाह्य व्यक्तित्वको दर्शन हामी स्पष्ट रूपमा पाइरहेका छौं।

मौसूफबाट जीवनको जुन भावना र अनुभूति संगालिबक्सियो, त्यसको प्रत्यक्ष रूप मौसूफका कविताहरूमा अभिव्यक्ती भएका छन्। यी कविताहरूको आफ्नै एक मौलिकता र दर्शन छ। विचारणीय छ कि तात्कालिन राजदरबारमा जुन किसिमको सङ्गीत परिपाटी प्रचलित थियो त्यसभन्दा सर्वथा भिन्न यी गेय कविता छन्। यिनमा रहेका भावना, यिनमा रहेको जीवन, यिनको शैली सबै हाम्रा तरूण राजाको राष्ट्रप्रतिको ममत्वतिर स्पष्ट इङ्गित गर्दछन्। एकातिर यिनले राजाको सम्मान पाएर मर्यादाको उच्च सिंहासन भेट्टाए, अर्कोतिर यस उपार्जित शक्तिले गर्दा तिनले कविता र सङ्गीतमा स्वदेशीपनको नयाँ र दृढतर जग बसाल्यो। आजको जनजीवन यसले कतिसम्म प्रभावित भएको छ ?—— यो कुरा मौसूफका गीतहरूको प्रसिद्धि र लोक प्रियताले नै प्रमाणित छ। आजको नेपाली साहित्य र सङ्गीतमा मौसूफका कविता र सङ्गीत-शैलीको व्यापकताले यो कुरो निर्विवाद भन्न सकिन्छ कि यस स्वदेशी परम्पराले जति छिट्टै नेपाली संस्कृतिमा आफ्नो नवीन र पृष्ठधारा बनाइसकेको छ।

केवल सङ्गीतमा मात्र होइन, साहित्य र वाङ्मयका अन्य विविध स्कन्धमा पनि मौसूफको व्यक्तित्वको त्यस्तै छाप परेको छ। नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri
एकेडेमी जस्तो बुद्धि प्रधान संस्थाको स्थापना मात्र होइन, अपितु यसको प्रत्यक्ष सञ्चालन पनि मौसूफबाट भइरहेको छ। निस्सन्देह यस प्रकारको बुद्धिवादी कार्यकलापले अनुकूल वातावरणको सदैव अपेक्षा गर्दछ, तथापि आजको विविध किसिमका आवश्यकता र व्यस्तताको भीडभाडमा पनि मौसूफबाट जस्तो दिलचस्पी यस दिशा-पट्टि लिइबक्सेको छ, त्यसले मौसूफको ज्ञान विज्ञानप्रतिको प्रेम र नेपालको बौद्धिक परम्पराको पुनरूजीवनप्रतिको उत्साहलाई अवश्य नै छर्लङ्ग पारेको छ। एकेडेमीले आफ्नू पारम्भिक जीवनको अपेक्षाकृत यति छोटो अवधिमै जुन परिणाम प्रस्तुत पार्न सकेको छ, त्यसलाई देख्ता निस्सन्देह भन्न सकिन्छ कि शीघ्र नै हामी आफ्नो पुरानो बौद्धिक मर्यादा सम्म गौरवसाथ पुग्न सक्नें छौं।

अनुसन्धान र त्यसको स्थूल उपलब्धिले मात्र यो कुरो सम्भव छैन भन्ने श्री ५ महेन्द्रको व्यावहारिक बुद्धिले स्पष्ट नै ठम्याइसकेको छ। यसको पूर्तिको निमित्त मौसूफबाट राजकीय उत्तरदायित्वको निर्वाहका अतिरिक्त व्यक्तिगत रूपले पनि अनेक कार्य गरिबक्सेको छ। विद्वान्, कर्मठ र योग्य लेखक एवं उत्साही कलाकारहरूले राजदरबारबाट विफल मनोरथ भई फर्कन परेको शायदै कुनै अवसर होला। अनेक विद्यालय, शिक्षालय आदिको सञ्चालन मौसूफबाट अघिदेखि नै भइरहेको हामी सबैलाई थाहै छ। विभिन्न विद्यालय, शिक्षालय तथा कला–गोष्ठीहरूका सामान्य आयोजनाहरूमा पनि श्री ५ महाराजाधिराज जति उत्साहसाथ भाग लिइबक्सिन्छ त्यसले पनि मौसूफको देशव्यापी सांस्कृतिक र बौद्धिक उत्थानको अभ्युदयको प्रबल अभिलाषालाई स्पष्ट गर्दछ। हाल सालदेखि त्रिभुवन विश्व विद्यालयको कुलपतिको गुरूत्तर उत्तरदायित्व पनि मौसूफबाट स्वीकार गरिबक्सेकोले मौसूफको स्वदेशी बुद्धिपक्षको विकासप्रतिको सदिच्छालाई अझै टडकारो पारेको छ। स्मरणीय छ कि यस विश्व विद्यालयको परिकल्पना

CC-0. In Public Domain. Digitization by eGangotri
स्वर्गवासी श्री ५ त्रिभुवनबाट भएतापनि यसको स्थापनाको पूर्ण व्यवस्था श्री ५ महेन्द्रको राज्यारोहण देखि नै भएको हो। त्रिभुवन विश्व विद्यालयको स्थापनाको मूल उद्देश्यमा निहित नेपाली भाषा र सांस्कृतिकको विकास बारेका विशेष व्यवस्था सम्बन्धी कुराले नै त्रिभुवन विश्व विद्यालयको स्थापनाको मौसूफको उद्देश्यलाई स्पष्ट पारेको छ।

राष्ट्रवाद संकुचित व असहिष्णु भएर कहिले काहीं खतरनाक, एकाङ्गी र स्वयं राष्ट्रकै निमित्त पनि अहितकार हुन गएको अनेक दृष्टान्त विश्वको राजनीतिक र सांस्कृतिक इतिहासमा पाइन्छ। किन्तु, श्री ५ महेन्द्रको व्यक्तित्वले त्यस्तो संकोचलाई कुनै स्थान दिएको छैन। नेपाली पोशाक लगाएर, नेपाली भाषा बोल्दै, नेपालको मङ्गल-कामना गर्दै, नेपालको उन्नतिको मूल लक्ष लिएर विश्वको प्रत्येक कुना–कान्चामा डुली नेपालको प्रतिष्ठा बढाउने हाम्रा तरूण राजाद्वारा नेपालको आफ्नो मौलिकता र विश्वको गतिविधिको पृष्ठभूमिमा त्यसको मूल्यांकन र त्यसको समृद्धिको योजना निर्धारित भइसकेको छ। मौसूफको सुयोग्य नेतृत्वमा नेपालले आफ्नो संस्कृतिको परम्परा-लाई पुनरूज्जीवन दिएर त्यसलाई नयाँ गति र प्रेरणा प्राप्त गर्नेछ भन्ने कुरामा कुनै शंका छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्र र नेपालको सांस्कृतिक उत्थान

श्री यदुनाथ खनाल ।

नेपाली जनताले श्री ५ महेन्द्रलाई एक प्रभावशाली राष्ट्रिय नेताको रूपमा हेरिआएका छन्। यातायातको कठिनाइको कारण विभिन्न भाषाभाषी र विभिन्न स्वयंपूर्ण आर्थिक र स्थानीय समुदायहरूमा विभक्त भएको नेपालमा राज सभा देशको एकताको अत्यन्त महत्वपूर्ण अङ्ग भएको छ, र नेपालको विकासोन्मुख वर्तमान संक्रमण कालिनी परिस्थितिमा श्री ५ महाराजाधिराज यो राष्ट्रिय एकताको प्रतिक होइबक्सिन्छ। नेपाली राष्ट्रियताको विकासमा पूर्वजहरूले जस्तै मौसूफबाट विशेष योगदान भएको कुरा जागरूक नेपालीहरूले उत्तरोत्तर बढ्दो संख्यामा बुझ्दै र अनुभव गर्दै आएका छन्। नवजागृत अरू एशियाली मुलुकहरूमा जस्तै हाम्रो देशमा राष्ट्रियताको लक्ष्य देशको अक्षुण्णता र स्वतन्त्रता कायम राख्नु र देशवासीहरूका कामना र आकांक्षाहरूलाई राजनैतिक र आर्थिक रूपमा साकार तुल्याउनु हो। यो महान् कार्य सम्पादन गर्न समस्त नागरिकहरूको सहयोगको आवश्यकता त रहन्छ रहन्छ, तर यसको साथसाथै सहयोग गर्ने यी तमाम नागरिकहरूको क्षमताको पनि विशेष आवश्यकता

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छ। नेपाली मात्रमा समानता देख्न नसके नेपाली राष्ट्रियता पूर्ण तया फष्टाउन सक्तैन। वास्तवमा नेपाली राष्ट्रियताको आधारशीला भनौं वा कसौटी भनौं सो नेपाल अधिराज्य भित्रका सम्पूर्ण जाति र उपजातिका नागरिकहरूमा समानता देख्नु हो। यो समानताको दृष्टिलाई बाधक गर्ने कुनै पनि सामाजिक भावना, धारण र व्यवहार नेपाली राष्ट्रियताको प्रतिकूल छ भन्ने कुरा स्वयंसिद्ध छ। संक्षेपमा भनौं भने राष्ट्रियताको आधार राष्ट्रको अस्तित्व हो र राष्ट्रको अस्तित्वको लागि नेपाली जनताको समान रूपले आर्थिक र सामाजिक विकास आवश्यक छ। यो उत्कृष्ट, उदार राष्ट्रियताको साहसी प्रवर्तकको रूपमा अहिले श्री ५ महाराजाधिराज हाम्रो अगाडि उपस्थित होइबक्सेको छ।

यसरी नेपाली राष्ट्रियताको प्रतिकको रूपमा खडा होइबक्सेको हुनाले मौसूफको अन्तर्राष्ट्रिय व्यक्तित्वको विषयमा पर्याप्त चर्चा भएको छैन। साधारण दृष्टिबाट हेर्दा राष्ट्रियता र अन्तर्राष्ट्रियता परस्पर विरोधी सिद्धान्त र आदर्श मानिएका छन्। तर यस किसिमको विश्वास भ्रमपूर्ण छ, किनभने विश्वको इतिहासमा अन्तरराष्ट्रियताको विकास क्रमलाई केलाउँदा स्पष्ट थाहा हुन्छ कि राष्ट्रिय उत्कर्षको द्योतक व्यक्ति नै अन्त्यमा अन्तरराष्ट्रिय भावनाको विशेष रूपले प्रेरक हुन्छ। इङ्गलिस जातिको उत्कृष्ट राष्ट्रियताका प्रतिक शेक्सपियरद्वारा बृटिश जातिको सिर्जनामा मात्र सहायता मिलेको होइन कि अन्तर्राष्ट्रिय भावनालाई पनि प्रेरणा दिन मद्दत मिलेको छ भन्ने कुरा हामीले देखिरहेछौं। विल्सन, गान्धी, लेनिन, ड्याग ह्यामरशोल्ड जस्ता अन्तरराष्ट्रिय जगत्का महापुरूषहरूको व्यक्तित्वको आधार पनि राष्ट्रियता नै हो। यस कारण, राष्ट्रियता र अन्तरराष्ट्रियतामा पारस्परिक विरोध देख्नु युक्तिसंगत कुरा जंच्तैन। अन्तरराष्ट्रियताको खिलाफ जाने राष्ट्रियताको प्रगति अन्धो गल्तीमा जस्तै पर्खालमा आएर बन्द हुन्छ। यस किसिमको राष्ट्रियतामा उदारता र मानवोचित

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्शको कसी हुन्छ । राष्ट्रिय आदर्शवाद उनेर सैद्धान्तिक तहमा मात्र परिशीलना गरिएको अन्तरराष्ट्रिय तासको सुन्दर घर जस्तो हो । वास्तविकता अर्थात् वास्तविक अनुभवको आधारशीला यसमा रहेको हुँदैन ।

संस्कृति, रीतिस्थिति, परम्परा, जाति धर्म आदि जस्ता हाम्रो राष्ट्रियताका जति आधार स्तम्भ छन्, तिनको सच्चा रूप अन्तर-राष्ट्रियताको प्रतिकूल छैन । हाम्रा पूर्वजहरूले कल्पना गरेको समाज दर्शनको आधार मानव-मानवको बीच समानता देख्नु हो, भेद देख्नु होइन । उपनिषदहरूमा प्रतिपादन गरिएको दर्शनको मल सार आत्मीय एकता र समानता हो भन्ने कुरा निर्विवाद छ । यस पछि गौतम बुद्धका उपदेशहरू यही दिशामा ऋण अगाडि बढाएका जबर्दस्त कदम हुन् । फूलबारीमा रहेका फूलहरूको बीच मालीले केही भेद नगरे जस्तै नेपालको जाति-जातिमा केही भेद हुनु हुँदैन भन्ने पृथ्वी नारायण शाहको अभिप्राय थियो । समानता मानव प्रकृतिको अनुकूल धर्म हो, भेदभाव विकृति हो । मानव मात्रमा एकता देख्नु पूर्णता तिरको एक प्राकृतिक प्रवृत्ति हो । जातिपाती नाममा होस् वा रङ्ग भेदको नाममा होस् मानव मानवको बीचमा भेद देख्नु नैतिक विकृति हो । पूर्णताको खोजमा प्राकृतिक प्रेरणाद्वारा मानिसले पूर्वापर जन्मको खोज गर्दछ, मानिसले नै यही पूर्वापर जन्मको खोजलाई अस्पृश्यता जस्ता अमानवीय व्यवहारको समर्थनमा प्रयोग गरी मानसिक र नैतिक विकृतिको परिचय दिन्छ । तर प्रकृति प्रकृति नै हो, विकृति विकृति नै हो । समानता हाम्रो मूल परम्परा हो । हाम्रो यो मूल परम्पराको पृष्ठभूमिमा समानता आस्तिकता हो, असमानता नास्तिकता हो ।

हाम्रो राष्ट्रिय परम्पराको उपर्युक्त व्याख्यामा केही पनि सत्यता छ भने यो परम्परा अनुसार नेपालको राष्ट्रियताको विकास गर्दा अन्तरराष्ट्रियताको नै परिपुष्टि हुन्छ । हो, अस्पृश्यता जस्ता हाम्रो

CC-0. In Public Domain. Digitization by eGangotri
सामाजिक विकृतिहरूको भार बोकेर निश्चय नै हामी अन्तरराष्ट्रिय जगत्मा ओर्लन सक्तैनौं। तर यी विकृतिहरू हाम्रो समान दर्शनका वास्तविक अंक होइनन्।

राष्ट्रियता र अन्तरराष्ट्रियको बीच रहने माथि उल्लेख गरिएको क्रिया प्रतिक्रियाको पृष्ठभूमिमा श्री ५ महेन्द्रको राष्ट्रियताले पनि अन्तरराष्ट्रिय विचार प्रवाह र प्रवृतिको अनुकूल नयाँ मोड लिएको छ। नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्दा नेपालको राष्ट्रिय भावनामा जुन अपूर्व सन्तुष्टि आयो, त्यसलाई मौसूफबाट संयमका साथै निम्न लिखित तरीकाले प्रकट गरिबक्सेको छ,—'अन्तरराष्ट्रिय क्षेत्रमा विश्व शान्ति, स्वतन्त्रता तथा समान न्याय प्रदान गर्ने संयुक्त राष्ट्र सङ्घको महान् उद्देश्यलाई वास्तविक रूपले सफलिभूत पार्न हाम्रो देशले पनि सक्रीय भाग लिई यथाशक्य सहयोगार्थ मद्दत दिन सकोस् यही हाम्रो श्री पशुपतिनाथसंग प्रार्थना छ।' श्री ५ महाराजाधिराजबाट नेपालको राष्ट्रिय नीतिलाई संयुक्त राष्ट्र सङ्घको घोषणा पत्रमा परिगणित सिद्धान्त र उद्देश्यको अनुकूल राख्न अथक सतर्कता देखाइबक्सेको छ। संयुक्त राष्ट्र सङ्घको घोषणा पत्रलाई अनुप्राणित गर्ने भावनामा सङ्घका प्रत्येक साना–ठूला सदस्यले भय र पक्षपात हटाई विश्व–शान्तिको पक्षमा नियमित रूपले योगदान गरून् भन्ने कुरा प्रतिबिम्बत छ। नेपालले यो अर्थमा प्रत्येक अन्तरराष्ट्रिय समस्याको महत्व आफ्नै विवेकमा निर्धारण गरेर विश्व–शान्तिको लागि कर्तव्य पालन गरिआएको छ।

विश्वका विभिन्न सामाजिक र राजनैतिक व्यवस्था भएका मुलुकहरू संग बढ्दो सम्बन्ध जोडेर नेपालले आफ्नो अन्तरराष्ट्रिय व्यक्तित्व खडा गरेको छ। नेपाल कुनै पनि अन्तरराष्ट्रिय सैनिक गुटमा संलग्न छैन, तर यी प्रतिपक्षी सैनिक गुटभित्र रहेका शान्ति र विकासको लागि प्रेरणा दिने विभिन्न सकारात्मक प्रवृत्तिहरूलाई नेपालले पूर्णतया

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थन गरी आएको छ। यही असंलग्न नीतिको अनुसरणको सिलसिलामा नेपालले आफ्नो सिद्धान्त र परिस्थिति अनुसार अन्तरराष्ट्रिय क्षेत्रमा एसिया र अफ्रिकाका धेरै नव जागृत असंलग्न राष्ट्रहरूसंग विशेष सहयोग गर्दै आएको छ। तर यी राष्ट्रहरूसंग सामान्य रूपमा दृष्टिकोणको सामञ्जस्य भए पनि नेपाली दृष्टिकोणको एक आफ्नै विशिष्टता छ, जुन विशिष्टता गौड. गरेर हेरेको खण्डमा हाम्रा प्रतिनिधिहरूको भाषणमा र व्यवहारमा पनि प्रतिबिम्बित भएको पाइन्छ। संयुक्त राज्य अमेरिका र सोभियत संघको बीच रहेको मतभेद होस् वा भारत र चीनको बीच रहेको मतभेद होस् वा पश्चिमी राष्ट्रहरू र साम्यवादी राष्ट्रहरूको बीचको मतभेद वा चीन र सोभियत संघको बीचको मतभेद होस् यी कुनै मतभेदलाई लिएर नेपालले तानातानीलाई बढावा दिने किसिमले काम गर्न चाहंदैन। अन्तर्राष्ट्रिय समस्याहरूको समाधानमा नेपाल जस्ता अल्पशक्ति राष्ट्रहरूले लिन सक्ने भाग नै नेपालको विचारमा आफनो कदमद्वारा तानातानी बढ्न नदिनु हो। नेपालले देखेको आफ्नो विशिष्टता नै यही हो। यही विशिष्टताले गर्दा केही महत्वपूर्ण समस्याहरूमा नेपालले संयुक्तराष्ट्र संघको उद्देश्य पत्रमा अंकित भएको भावना अनुसार आफ्नै शान्तिपूर्ण बाटो लिएको छ। यसकारण नेपाल र चीनको बीच प्राचीनकालदेखि सांचिएर आएको सीमा समस्यालाई पानी ढल, परम्परा चाल चलन आदि अन्तर्राष्ट्रिय कानूनका सिद्धान्त अनुसार विचार बिमर्शद्वारा नेपालले हल गरेको छ।

असंलग्नतामा आधार गरेको नीतिको मुख्य तात्पर्य हो विश्वको विभिन्न समस्याको सैनिक समाधान छैन भन्नु। यसकारण विश्वका समस्याहरूलाई राजनीतिक र आर्थिक तहमा नै समाधान गर्ने प्रयत्न हुनु पर्दछ। आर्थिक र राजनीतिक तहमा समस्या सुल्झाउन बढ्दो मात्रामा विश्वसंग संपर्कको आवश्यकता रहन्छ। सहअस्तित्वमा विश्वास नगरी यो संपर्क बढाउन सकिन्न।

CC-0. In Public Domain. Digitization by eGangotri

भौगोलिक दृष्टिबाट नेपाल एक खास स्थानमा परेको छ र नेपालले सो स्थान अनुसार देशको सर्वतोमुखी विकासको लागि साधक बन्ने कदमहरू चाल्नु परेको छ ।

नेपालको आफ्नै यस्तो एक स्वतन्त्र दृष्टिकोणको विकास गराउनमा श्री ५ महाराजाधिराजको ठूलो प्रभाव परेको छ । केही वर्षअघि नेपालको आवाज बाहिर जगत्मा सुनिंदैन थियो वा सुनिए पनि उपेक्षा गरिन्थ्यो भने अहिले हामीले बोलेको या गरेका कुरा विश्वका विभिन्न कुनामा बढ्दो चाखका साथ समीक्षा गरिंदैछ । फलस्वरूप, बेलग्रेड जस्ता अन्तर्राष्ट्रिय सम्मेलनमा गरिएका हुन् वा विभिन्न राजकीय भ्रमणको सिलसिलामा विभिन्न देशका विभिन्न स्थानमा गरिएका हुन् वा राष्ट्रिय उतेत् वर्गलाई ध्यनमा राखी पोखरा, जनकपुर, वीरगञ्ज, काठमाण्डू आदि विभिन्न स्थानमा गरिएका हुन्, श्री ५ महाराजाधिराजका वक्तव्य र भाषणहरुरू अनेक रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चाका विषय भइरहेछन् । यो चर्चा उत्तरोत्तर बढ्दै छ भन्ने कुरा श्री ५ संग साक्षात् गर्न चाहने विदेशी पत्रकार विद्वान र राजनीतिज्ञहरूको बढ्दो संख्याबाट प्रमाणित हुन्छ ।

नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व वास्तवमा श्री ५ महेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्वको प्रतिबिम्बित रूप हो भने पनि हुन्छ । यो अन्तर्राष्ट्रिय व्यक्तित्वभित्र कुन आशा, विचार र आकांक्षा घुसेका छन्, ती कुराको संकेत मौसूफकै भाषणका उद्धरणबाट गर्न सकिन्छ । मौसूफले संयुक्त राष्ट्र संघबाट के आशा गरिबक्सेको छ, त्यो कुरा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेपछि हुकूम भएको माथि नै उद्धृत गरेको वाक्यबाट देखिन्छ । नेपाली प्रतिनिधिहरूको निमित्त राष्ट्र संघमा अहिलेसम्म यो कुरा मूल निर्देशन भइआएको छ । बेल्ग्रेड सम्मेलनमा विश्व शान्तिको लागि आह्वान गर्दै श्री ५ बाट हुकूम भयो "विश्वशान्ति त्यस बेला मात्र संभव हुन्छ, जब कुनै पनि राष्ट्र अरू राष्ट्रको मामलामा कुनै किसिमको

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तक्षेप नगर्न सैद्धान्तिक र व्यावहारिक दुबै तवरले कटिबद्ध रहन्छ। यसरी सैद्धान्तिक र व्यावहारिक रूपमा कुनै देशले कुनै देशको आन्तरिक मामलामा दखल गर्ने प्रवृत्तिको विरोधमा आवाज उठाई अरू अरू राष्ट्रहरूका बीच रहेका मतभेदलाई बढाउने चढाउने सट्टामा ती देशका समानता हरूलाई प्रोत्साहन दिई नेपालले काम गरेको छ। माथि उल्लेख भएअनुसार यस किसिमको काम नै नेपालको र श्री ५ महाराजाधिराजको अन्तर्राष्ट्रिय व्यक्तित्व हो र यो व्यक्तित्वको अझ विकास हुंदैछ।

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य औ श्री ५ महेन्द्रको साहित्यिक अनुराग

श्री नरेन्द्रमणि आ.दी. ।

साहित्य शब्दको उच्चारण गर्नासाथ हाम्रो माथंगलमा एक भावना उत्पन्न भई हाल्दछ, त्यो हो हातले लेखिएको अथवा यन्त्रद्वारा मुद्रित एक यस्तो पुस्तक जसमा रहेका गुणले त्यसलाई "साहित्य" बनाउंदछन् । ती गुण के हुन्, ती कस्ता पुस्तक हुन् जसलाई हामी साहित्यको संज्ञा दिन्छौं भन्ने प्रश्नको विवेचना गर्दा प्रत्येक व्यक्तिले आफ्–आफ्ना मनमा साधारणतया ती विषयहरूका बारेमा केही निरूपण गरिराखेको हुन्छ । जस्तो कि शायद मेरा धेरै श्रोताहरू सजिलैसंग मान्नु होला कि गणितको पाठ्य पुस्तक अथवा कुनै सरकारी समितिले केही विषयको अध्ययन गरी प्रकाश गरेको एक प्रतिवेदना, पद्यमा नै भएपनि लेखिएको रेलको स्टेशनको नामावली वा नेपालमा बसोबास गर्ने चार वर्ण छत्तीस जातिको विवरण इत्यादिलाई साहित्य भनिन्न ।

परिभाषाले कलह उत्पन्न गराउंछ यो सत्य हो । तर परिभाषाले सम्बन्धित विषय र विषयको अध्ययन गर्ने व्यक्तिको मन् दुबैलाई परिष्कृत र सफा पनि गराउंछ यो पनि कम सत्य होइन । अध्ययनको विषयको सर्वाङ्गको वरानी हुन नसके तापनि प्रयत्न र असफलताको क्रमिक ज्ञान

CC-0. In Public Domain. Digitization by eGangotri

बृद्धिबाट हामीले त्यो विषयको सकभर धेरै आकृतिलाई वर्णन गर्न सक्ने र हाम्रो तात्कालिक प्रयोजनसम्म पूर्ण गर्न सक्ने एक परिभाषा निकाल्न सक्ने हुन्छौं ।

तर सो गर्ने प्रयत्न गर्न अघि हामी एक पटक साहित्य भन्दा पनि अघि बढौं । साहित्य कलाको एक अंग हो, कलाको साम्राज्य साहित्यको प्रदेश ज्यादै विस्तीर्ण छ । साहित्यमा जे जति गुण रहन्छन्, जुन गुण रहनाले साहित्य साहित्य बन्दछ, तिनै गुण कलाका अन्य रूपान्तरमा पनि रहन्छन् । किनभने समष्टि रूपमा हेर्दा कला भनेको सांसारिक वालवस्तुको मानसिक छाया हो– अन्तर यही छ कि कलाको प्रत्येक रूपको आफ्नै विशिष्ट गुण र नियमहरू पनि हुन्छन् । अर्थात् हामी यसो भन्न सक्दछौं कि जहां फल उत्पादन गर्ने गुणहरू मूल सिद्धान्तहरू सबै कलाहरूमा प्राय: एक समान विद्यमान छन्, प्रत्येक कलाको आफ्नो माध्यम अनुसार ती सिद्धान्तहरू-लाई सफल कृति रूपमा परिणत गर्ने आफ्आफ्ना बेग्लै नियमहरू छन् । तर कलाका सम्बन्धमा सिद्धान्त, नियम इत्यादि शब्द प्रयोग गर्दा हामीले यो पनि बिर्सन हुन्न कि त्यस्ता सबै सिद्धान्त र नियम कलाका विशिष्ट औ संसारले नै उत्तम श्रेणीका वा उदात्त गुण रहेका भन्ने ठह-राएका नमूनाबाट अनुमानित हुन औ यो विश्वको बदलिंदो परस्थितिमा औ खास गरी यस युगमा जबकि विज्ञानका चमत्कारपूर्ण आविष्कार-हरूद्वारा मनुष्य मस्तिस्क अप्रत्यशित रीति र बेगले अग्रसर र विकसित हुन लागेको छ, यस समयमा समेत अघि अघि त्यस्तै भएको हुनाले अघिका जमानामा अनुसरण गरिएका छैनन् भनेर वर्तमान कलाकारहरूले नयां र वृहत् र फूलोत्पादक सिद्धान्त र नियमलाई हामी पट्टल बांधेको घोडाले दाहिनेबाट नदेखेझैं हेर्ने बुझ्ने प्रयत्न सम्म नगरी त्यसै वहिष्कार गर्ने मदान्धता नलेऔं ।

अन्य कलाहरूसंग साहित्यको मुख्य भेद उसको माध्यम नै हो । नत्रभने सबै कलाहरूले एक समान भाव र रीतिले मनुष्यका अभ्यन्तर भाव र सौन्दर्यको कहिले तृप्त नहुने पिपासाको अभिव्यक्ति गर्ने हुनाले

CC-0. In Public Domain. Digitization by eGangotri

तिनमा विशेष फरक केही छैन भन्न पनि हुन थियो। तक्ष सिल्पीले पत्थर अथवा धातु जस्तो कठीन र छाप लिन नरुचाउने माध्यमलाई नरम गरी मुछ्न सकिने मैनको डल्लो जस्तो गराएर त्यसबाट मृदुता क्षयिता करूण स्नेह जस्ता समेत मानवीय भाव र गुण प्रदर्शन गर्दछ। चित्रकलाको माध्यम पनि दृष्यवस्तु नै हो औ प्रकृतिले दिएको तथा मानिसको कौतुहल र चतुर्याइंले पत्ता लगाएको रंगको कुशल व्यवहारले चित्रकारले हामीलाई चकित गराउंदै यो पृथिवीको अनन्त सौन्दर्य र आश्चर्य हाम्रो सामने राखिदिन्छ। संगीतले स्वर र ध्वनिबाट मानिसको हृदय बडो गहीरो संग छुन्छ। साहित्यको माध्यम भाषा वाँ शब्द भएको र यसको क्षेत्र मनुष्यको सम्पूर्ण हृदय विचार र जीवन भएकोले कलाहरूमा यो सर्वश्रेष्ठ र कठीन समेत हो भन्ने कसै कसैको राय छ। किनभने जस्तो संगीत र केही हदसम्म चित्र तथा तक्षकलाले आफ्नू वस्तुद्वारा मनुष्य हृदयमा सोझै प्रभाव पार्न सक्दछ, साहित्यको भाषाको माध्यम हृदयंगम गर्नालाई मस्तिस्कको मध्यस्थता चाहिन्छ। आशसित, खर-जातिहरूमा पनि संगीत भूमि चित्रकलाहरू प्रचलित भएका प्रमाण जति पनि पाइन्छन्। तर जातिको केही हदसम्म उत्थान नभई त्यसमा साहित्यको प्रादुर्भाव भएको देखिन्न। यसै कारणले पनि हाम्रा प्राचीन ग्रन्थहरूको उसेरको विचारबाट हामी आर्यजातिको गौरवमय सामाजिक र राजनैतिक इतिहासको कल्पना गर्न सक्छौं।

अब प्रश्न गरौं– साहित्य के हो ? विचारशील पुरुषले समय समयमा त्यो प्रश्नको उत्तर खोज्ने प्रयत्न गरेका छन्– कोही भन्दछ, साहित्य भनेको स्मरणीय वचन हो। अर्को भन्दछ, विस्तीर्ण अर्थमा साहित्य भनेको हरप्रकारका वाह्य यथार्थताले महान व्यक्तिहरूका हृदयमा उत्पन्न गरेको भाव र तिनका उपर ती व्यक्तिहरूले गरेको विचार हो। अरू भन्दछन् साहित्य भनेको उच्च भाषामा प्रकाश भएको गौरवमय विचार हो। अर्को रायमा साहित्य भनेको सुहाऊउंदो भाषामा मानिसका सर्वोच्च र सबभन्दा गहीरा भावको व्यञ्जन हो। कसैले भन्छ, साहित्य

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नाले हामी विचारशील पुरुष वा महिलाका ती लिखित विचारहरू संझन्छौं जो यस किसिमले सजाइएका छन् कि तिनले पाठकलाई आनन्द दिन्छ। प्रत्येक परिभाषाले साहित्यको कुनै खास गुण वा अंगलाई इंगीत गर्दछ। यसै प्रकारसंग हामी हजारौं ग्रन्थहरूबाट साहित्यको अनगिन्ति वर्णन र परिभाषा झिक्न सक्दछौं। तर व्यावहारिक ढांचासंग विचार गर्ने हो भने बरू साहित्यको एक विश्लेषणको प्रयत्न गर्नु बढी लाभदायक होला। साहित्यका अंग के हुन्? सबैले यो मान्नै पर्दछ कि साहित्यलाई साहित्य बनाउने मुख्य तीन अवयव छन्। प्रथम विषय दोस्रो रीति या तरिका र तेस्रो आनन्द प्रदान गर्न सक्ने गुण। यसै प्रसंगमा साहित्यको यथार्थ गुणको चर्चा र विश्लेषण गर्दा गर्दै ज्ञानको साहित्य र शक्तिको साहित्य भन्ने जुन साहित्यको वर्गीकरणको प्रयत्न भयो त्यसको हामीमा स्मरण हुन्छ, औ हामी यो पनि देख्छौं कि त्यो प्रयत्नले पनि उपर्युल्लिखित साहित्यका तीन अंग वा अवयवलाई औंल्याउंछ। विषयका बारेमा धेरै भन्नु पर्दैन। जुनसुकै कलाको वस्तु पनि विषय हुन्छ। पहिले एक विषय मनमा नआई त्यसको बारे विचार गर्न सकिन्न, औ विचारै नउठी कलाको सृजना कहां हुन सक्दछ? दोस्रो अंग– रीति अथवा तरीकाले पनि हाम्रो यो छोटो निबन्धमा धरै स्थान पाउन सक्दैन। आफूले रोजेको विषयलाई कुन ढांचासंग प्रकाश गर्ने सो विचारको सबभन्दा राम्रो अभिव्यक्तिलाई कुन माध्यमद्वारा कसरी गर्नाले सबभन्दा बढी मात्रामा फलोत्पादक हुन्छ, यो पनि साहित्यिकले आरम्भमा नै विचार र निस्कर्ष गरिहाल्नू पर्दछ। यसमा पनि विवादको विशेष स्थान छैन।

तर जब हामी आनन्द प्रदान गर्ने गुण पट्टि अग्रसर हुन्छौं तब ता म ठान्दछु कि मेरा कोही कोही श्रोताहरूले शिर हल्लाउन लाग्नु होला किनभने साहित्यले आनन्द दिन्छ भन्दा वियोगान्त साहित्यको वहिष्करण भएको जस्तो देखिन्छ। तर साहित्यले दिने त्यो आनन्द साधारण जीवनको हाम्रो सुख दुःखको भावना भन्दा पृथक छ। नाचघरमा मुटु निमोठ्ने एक वियोगान्त नाटक हेरिसकेर उठ्दा अथवा घरैमा बसी मर्म-

CC-0. In Public Domain. Digitization by eGangotri

स्पर्शी कुशलतापूर्वक लेखिएको उपन्यास पढिसक्दा हाम्रो मनमा जो भाव
उत्पन्न हुन्छ, त्यो जतिसुकै दुःखपूर्ण भए पनि त्यसमा एक अपूर्व आनन्द
मिसिएको हुन्छ। यो कुराको सत्यता केवल यति भने जाहेर हुन्छ कि
हामी संसारीहरूको जीवनमा व्यक्तिगत दुःख अथवा आपत् परेको बेलामा
त्यसमा कुनै प्रकारको अन्य भावना मिसिएको हुंदैन। तर जब बाटोमा
हिंड्न लागेको बेलामा हामी कोही नचिन्हेको एक मोटो मानिस केराको
बोक्रामा चिप्लेर उत्तान्डै टांग लागेको देख्छौं त्यस समयमा हाम्रो
तत्कालिक प्रतिक्रिया हांसोको हुन्छ। अर्थात्, हामी त्यो घटनालाई पूर्ण-
तया आफूसंग कुनै प्रकारको सम्बन्ध नभएको एक सौन्दर्य विज्ञान संबन्धी
अनुभवको हैसियतमा हेर्छौं र त्यसबाट तुरून्त आनन्द प्राप्त गर्दछौं। तर
यदि सो व्यक्ति हाम्रो साइनोको रहेछ वा लोटेर चोट लाग्न गएको रहेछ
भने परिस्थिति सहसा यो साधारण सुख दुःखको पृथ्वीमा फर्की हामी
हांस्न सक्दैनौं बरू रुन्छौं। यसको कारण खोज्दा कसैले यस्ता कलात्मक
र साहित्यिक अनुभवलाई हाम्रो भावनालाई दया र त्रासले खारेको
भन्दछन्, अर्थात् हाम्रो मनको सबभन्दा उपल्लो भावना के हुन्छ भने
त्यो कथानक पात्रले जुन अवर्णनीय यातना भोग्यो त्यो सांच्चै दुःखको
कुरा हो। तर सो यातना मैले भोग्नु परेन– म त्यत्तिको हतभाग्य रहे-
नछु, इत्यादि भावना हाम्रो मनमा उठ्ने हुंदा वियोगान्त साहित्यले पनि
हाम्रो मनमा एक प्रकारको गम्भीर सन्तोष र आनन्द नै प्रदान गर्दछ।
मेरो आफ्नू राय केही फरक छ। वियोगान्त साहित्य वा नाटकमा पनि
अवश्य आनन्द रहेको छ नत्र आफूले हाड रगत घोटेर यस कठीन कलि
कालमा कमाएको पैसा मानिसले सितीमिती रुवाउने सिनेमा हेर्नामा
खर्च गर्ने थिएन। तर सो आनन्दमा आफ्नू व्यक्तिगत भाग्यको कल्पना
चाहे त्यो नकारात्मक नै किन नहोस् सो मिसिएको हुन्छ भन्ने मात्र मलाई
अनिच्छा छ। सिनेमाको टिकट किन्दै देखि नै त्यसमा मेरा व्यक्तिगत सम्पर्क
केही छैन भन्ने मैले बुझेको हुन्छ, औ सिनेमा हेरुन्जेल पनि मेरो अर्धचेत-
नामा त्यो असंलग्नताको भाव रहेकै हुन्छ। तसर्थ मेरो आनन्दको अन-

CC-0. In Public Domain. Digitization by eGangotri

भवको कारण रंगमञ्चमा प्रदर्शित सत्यताको निमित्त हो औ यसै गर्दा हामी आंसु काढ्दा पनि आनन्द मात्र हुन्छौं भन्ने मलाई लाग्दछ । सत्यताको बारेमा म केही बेर पछि विस्तारसंग कुरा गर्नेछु ।

आनन्द प्रदान गर्ने साहित्यको गुणको प्रसंगमा हामीले विचार गर्नु कि साहित्यले धेरै जसो सौन्दर्यको सृजना र अभिव्यक्ति गर्दछ । मैले धे जसो भनी मान्नाको कारण श्रोताहरूले विचार गर्नु भएकै होला । त्यसै नभने अर्वाचीनकला अथवा साहित्यको वहिष्कार गरे जस्तो हुन जान्छ किनभने कलाको अर्वाचीन जगत्मा सबै कलाकारहरूले निजहरूक प्रयास सौन्दर्यको सृष्टि र अभिव्यक्ति हो भनी मान्न गाहारै पर्ला । हामी पूर्वीय मुलुकका वासिन्दाहरूले सकभर आफ्नू पुरानु कला संस्कृ चालचलन रीति रिवाजको संरक्षण र परम्पराको अनुसरण गर्न जति खोजे तापनि पाश्चात्य जगत्मा जीवनको हरेक विभाजनमा वहन लागेको परिवर्तनको हावाले हामीलाई नछोएको छैन । उता अचेल लोकप्रि संगीतमा चिल्लाहट चर्कोपन व्यक्तिलाई भन्दा जनसमूहलाई प्रभाव पा खालका ध्वनि सम्मेलन पाइन्छन् । तक्ष तथा चित्रकलामा भावुकता लाक्षणिकता सीमामा पुग्न गएकोले ब्याख्या नभई कोही कोही वृत्तिको अर्थ नलाग्ने पनि हुन सक्दछ । यस्तै प्रवृत्तिलाई ठट्टा गर्ने कुनै चित्रकारले यस्तो सभाको सृजना गरेको छ जहां एक दर्शक मित्रले कलाकारको तस्वीर हेरेर खुशी पार्ने उद्देश्यले "आमै शहरको ढलको क्या राम्रो चित्रण भएको रहेछ" भन्दा रिसाएको कलाकारले "ए मेरी स्वास्नीको चित्रलाई अपमान गर्ने" भन्दै झण्डै ती मित्रलाई पिटेका थिए रे ।

साहित्यमा पनि जहाँ पहिले प्रचलित नियमहरूको मर्यादा थियो औ साहित्यिकहरू तिनको पालना गर्ने उत्सुक र मेहनती थिए, जहाँ स्पष्टता सरलता आदि महान् गुण मानिन्थे, तहाँ आजको अनुशासन संग अधैर्य गर्ने विद्रोही अशान्त चलन गर्ने हतपते युगमा मेहनत गर्न नरूचाउनेहरूले क्लिष्टता अतिशयोक्ति स्पष्टताको अभाव, लाक्षणिकता इत्यादि गुणहरूलाई प्रशस्त प्रकाश दिएको हामी पाउँदछौं । अर्थात्

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनका अरू विभागमा झैं हाम्रो यस युगमा कला र साहित्यमा पनि परम्पराबाट विमुख भएर नवीन कलाकारहरू आफ्ना नियम र बाटो आफैं बनाउन अग्रसर हुन लागेका देखिन्छन्। तर यो पनि हामी नबिर्सौं कि एक अनुभवी व्यक्तिले उद्गार गरे झैं संसारमा केही पनि नौलो हुँदैन। हामीलाई राम्ररी थाहा छ कि प्राचीन समयदेखि हाम्रा प्राच्य देशहरूमा कला र साहित्यमा लाक्षणितका अति यर्थताथा इत्यादि कलाका अर्वाचीन भनिएका रितिहरू शुरू देखिनै हाम्रा कला-हरूमा प्रमुख स्थान दिंदै आएका छन्।

तर कलहको मूल भनी परिभाषालाई जतिसुकै पन्छाउन खोजे तापनि अघि मैले उल्लेख गरेका साहित्यका सबै अङ्ग र गुण भन्दा उच्च र आवश्यकीय एक सर्व श्रेष्ठ गुण छ जसलाई हामी सत्य भनेर मान्दछौं। तर यो सत्य शव्दको पनि यथार्थ मतलब बुझ्नु जरूरी छ। क्यामेरा लिएर हामीले कसैको फोटो खिच्यौं अथवा कुनै रमणीय दृश्यको तस्वीर झिक्यौं भने त्यो नछोइएको प्लेटमा फिल्मले हामीलाई जो तस्वीर दिन्छ, त्यो यथार्थमा सत्य छ। तर त्यस्तो तस्वीर प्रायः कला हुँदैन। कला भन्नाले नै कलाकारलाई छनौटको अधिकार दिन्छ। उसले आफ्नू अघिको कच्चा सामग्रीबाट त्यस्ता मात्र वस्तु दिन्छ जुन उसका रायमा उसको कलात्मक प्रयोजनको लागि जरूरी छ। केवल त्यसो गर्दा कलाकारले प्राकृतिक मानवी वैज्ञानिक र खास गरी मनो-वैज्ञानिक सत्यलाई त्याग गर्नु हुन्न। फेरि सत्यको यो अति आवश्यकीय अवयव पनि प्रयोजन हेरेर मात्र मान्न सकिन्छ। जस्तो कि इतिहास अथवा विज्ञानको सत्य साहित्यको भन्दा पृथक् हुन्छ। यदि त्यसो भएमा कुनै पनि काल्पनिक कथा पुराण नाटक लेख्नेलाई हामीले असत्यको बात लाएर थुनामा राख्ने दण्ड दिन सक्ने थियौं। तर वास्तवमा त्यस्तो "असत्य" अर्थात् तथ्यहीन काल्पनिक कृतिका धेरै पात्रहरू यथार्थ ऐतिहासिक व्यक्तिहरू भन्दा पनि बढता नभए पनि उनीहरू जत्तिकै "जीवन" अवस्थामा संसारका परिचित र प्रख्यात

CC-0. In Public Domain. Digitization by eGangotri

कला र साहित्यमा जहाँ पनि भेटिन्छन् । तसर्थ हामीलाई चाहिँकि साहित्यको यो "सत्य" पनि मनोवैज्ञानिक सत्य हो, यसले जीवनप्राय कुनै अङ्गसंग पनि वैमनस्य गर्नु अथवा बेमेल खाने गर्नु हुन्न । हुन त्यो सत्य वर्तमान रहेमा गणितको जस्तो खिचातानी गर्नु पर्ने यथार्थ आवश्यकता पर्दैन ।

यिनै सत्यता र सरलताका महान् गुणका निमित्त म श्री एम बी. बी. शाहको "उसैको लागि" को प्रशंसा गर्छु । यस पृथ्वीमा साधारण दृश्य र ध्वनिहरू दिन र रात बादल र सफा आकाश, खाल्टो र डाँड जङ्गल र पहाड; घाम र जून, वर्षा र बसन्त, निद्रा र आँसु, यि पात्र भएका तिनले हाम्रा हृदयमा उत्पन्न गरेका भाव नै जतात प्रकाशमा आएको छ । जीवन र मरण, सुख र दुःख, मिलन र विछोड का मानवीय घटना छन् । यिनै स्रोत यथार्थहरू आफैंमा जतिसुकै अर्थ भए तापनि पाठक वर्गका सामुन्ने यस्तो सरल रीतिसंग राखिएका छन् कि ती सोझै मानव हृदयमा पुगी जो सुकै भावुक हृदयले पनि तिनको रसास्वादन र विवेचना तुरुन्तै र सजिलोसंग गर्न सक्दछ । कविका मनमा उब्जेका ती भावनाहरूको यस सहृदय व्यन्जनले ती सोझै हाम्रो हृदयमा पुगी कविको हृदयसंग हामीलाई एक बनाई दिन्छ । वियोगको जुन विषयमा कविताहरू लेखिएका छन् त्यो परिस्थिति हामीले बुझ्ने बित्तिकै प्रत्येक कविताले वियोगको विभिन्न रूपको हामीलाई दिग्दर्शन गराउँछ । क्रमशः विछोडको आलो घाउ, त्यो आरम्भको असह्य यातना समयमा बदलेर वेदनाको तल्लो तहको वेग भएको, फेरि मन्दगतिको त्यो सर्वव्यापी विषाद जब कि पृथ्वीको प्रत्येक दृश्य, प्रकृतिको खेल प्रत्येक वस्तुले अलपिएको त्यो प्यारो उपस्थितिलाई सम्झाउँछ अनि अन्तमा गएर कविको हृदयले यो संसारको अनित्यता र मानवी प्रेम छोटो र खोक्रोपनको राम्ररी अनुभव गरे अनि दिव्य अमर संयोगको उमङ्गमा कविको हृदय नाचेर उठ्छ । कविका बारेमा हामी सांच्चै यसो भन्न सक्दछौं जस्तो मलाई लाग्दछ

CC-0. In Public Domain. Digitization by eGangotri

कि उहाँमा एक व्यापक मृदु वेदना छ जसले गर्दा कविका कृतिहरू प्रायः जम्मै यस्ता प्रकारका छन्: हाम्रा सबभन्दा मधुर सङ्गीत तिनै हुन जसले सबभन्दा त्मान कुराहरू वर्णन गर्दछन्।

कृतिबाट अगाडि बढेर कर्ताका बारेमा बोल्न अघि म तपाँईं-हरूलाई यो भन्न चाहन्छु कि आज हाम्रा राष्ट्रनायक भाग्य विधाता श्री ५ महाराजाधिराज सरकार महेन्द्र वीर विक्रम शाहदेवको त्रि-तालिसौं शुभ–जन्मोत्सवको अति सुखद उपलक्षमा रेडियो नेपालले मलाई पनि सरकार र साहित्यको बारेमा केही बोल्न आमन्त्रण गरेको यो अवसरमा सर्व प्रथम मौसूफ सरकारका जुनाफमा विनम्र तथा सम्मानपूर्ण अभिनन्दन र शुभकामना जाहेर गर्न पाउँदा आफूलाई भाग्यशाली सम्झिन्छु तथा यस्तो अवसर प्राप्त गराएकोमा रेडियो नेपाललाई धन्यवाद अर्पण गर्दछु। अहिले मैले तपाईंहरूको समक्ष साहित्यका बारेमा आपना मनमा उठेको दुइ-चार विचारहरू पेश गर्ने जो धृष्टता गरे त्यसको सिलसिलामा श्री ५ महेन्द्रको साहित्यिक अनुरागका बारेमा केही भन्नु भन्दा अरू बढ्ता सुहाउने के हुन सक्ला?

श्री ५ महाराजाधिराज सरकारमा कला र संस्कृतिप्रति ठूलो चाख मात्र होइन कि दखल पनि छ। कविको हैसियतमा मैले आपनू सानु वस्ती मौसूफमा चढाई सके, मौसूफ संस्कृतिप्रेमी होइबक्सन्छ। संगीतमा पनि मौसूफको ठूलो दखल र प्रेम छ।

साहित्यको अभ्यासमा मौसूफबाट एउटा गीतिकाव्य र अनेक कविता-हरू लेखिबक्सेको छ। मौसूफका यी कृतिहरूका मुख्य विषय नेपालको प्रेम र उन्नतिको कामना, जीवनका विभिन्न अंग र अवस्थान र कोमल समानताले रंगिएका मधूर व्यथाका गीत छन्। गद्यपट्टि पनि मौसूफको राम्रो दखल छ औ स्मरणीय उपलक्षहरूमा हामीले बराबर मौसूफका भाषण र सन्देश सुन्ने र पढ्ने अवसर पाएका छौं। ती सब एकत्रित

CC-0. In Public Domain. Digitization by eGangotri
गरिएर पुस्तकआकारमा उपलब्ध हुन सकेमा अवश्य पनि साहित्यको सेवा हुने थियो भन्ने मेरो चित्तमा लाग्दछ ।

यसरी ललितकला निर्माण, मूर्ति चित्र र संगीत एवं साहित्य सबैमा श्री ५ को चाख र दखल मात्र होइन कि तिनमा प्रेम गरिबक्सी आफ्ना प्रजाले पनि तिनबाट रसास्वादनको आनन्दको साथसाथै मनोरञ्जन शिक्षा र सन्तोष पाउन सकुन् भन्ने सदिच्छाले मौसूफबाट देशभरिमा शिक्षा, कला, संगीत नाटक साहित्य सबै कलाहरूलाई सरकारी प्रोत्साहन र सहायता तथा प्रेरणाबाट अवमासित गराइबक्सेको छ। सरकारको यो प्रजावात्सल्यको साकार रूप नेपाल एकेडेमीको स्थापना र श्री ५ बाट स्वयं भाइस चान्सेलरको आसन ग्रहण गरिबक्सेकोबाट देख्न सकिन्छ। विद्या कला र साहित्यको उन्नति र विकासको लागि सरकारबाट मौका नजर भई पदक, पुरस्कार, योग्यताको प्रमाणपत्र इत्यादिको वितरण गरिबक्सी कला र कलाकारलाई उत्साहित र सम्मानित गरिबक्सेको छ, राम्रो प्राचीन कला र संस्कृतिका नमूना र अवशेष उपर मौसूफको प्रेमको प्रेरणाले गर्दा देशभरिमा रहेको पुराना मन्दिर पाटी पौवा इनार र धारा इत्यादिको जिर्णोद्धार र पुनर्निर्माण भएको छ, जस बाट पनि हामी मौसूफको प्रजा र देशउपरको प्रेमको राशी र उत्कटताको अनुमान गर्न सक्दछौं ।

सारांशमा हामी यसो भनौं कि मौसूफ सरकारबाट साहित्य मात्र होइन कि सानु यो छरितो सुन्दर मातृभूमि नेपालको प्रत्येक अंग प्रत्यंगमा गाढा प्रेम गरिबक्सी हर प्रकारले देशवासीहरूमा पनि सो प्रेम जागृत र दृढतर गरिबसक्सन औ यस अधिराज्यलाई हर प्रकारले सुसज्जित सुन्दर उन्नतिशील र बलियो संसारमा आफ्नू उचित स्थान लिनसक्ने बनाइबक्सन र नेपालको प्रतिष्ठा बढाई बक्सनलाई जो कठिन परिश्रम गरिबक्सेको छ, त्यसको फलस्वरूप देशवासीहरूको भावना र रहन सहनमा समेत भएको परिवर्तन हामीले अहिले नै अनुभव गर्न लागिसकेका छौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामी नेपालीहरू आफ्नू शिर ठाडो गरी संसारका सबै अन्य देश र जातिहरूसंग समानता र परस्परको सम्मानको र सभ्य व्यवहार गरी आफ्नू देशको निर्माणको कार्यमा एकाग्रतासाथ लागिरहेका छौं। यही हाम्रा अगुवा राष्ट्रनायक हाम्रा राजाको हामीलाई सबभन्दा श्रेष्ठ दान हो।

CC-0. In Public Domain. Digitization by eGangotri

दलित वर्गको उत्थान र समाज सेवाप्रति श्री ५ महेन्द्रको योगदान

श्री दयावर सिंह कंसाकार।

कुनै पनि राष्ट्रको इतिहासको धेरै पहलूहरू हुन्छन्। कुनै एक मुलुकका राजाहरूको क्रम, राज्यकाल र अरू-अरू मुलुकहरूसंग भएको लडाइँ विवरण मात्र पनि इतिहास मान्न सकिन्न किन कि त्यस देशको वास्तविक इतिहासमा त्यस देशका जनताको आशा, निराशा, उत्थान, पतन, जीवन, मरण र सामाजिक गतिविधिको क्रमवद्ध विवरण नभै हुँदैन। युद्ध र राजाहरूको विवरणलाई मात्रै इतिहास मान्नाले हाम्रो इतिहासको अध्ययन अपूर्ण नै रहने छ र इतिहास निर्माण गर्नेहरू पनि केवल युद्धमा हार्ने वा बहादुर देखाउने र जित्नेहरू मात्रै नभै त्यस देशका जनताको जीवनमा अनेक प्रकारको युगान्तरकारी तर संधै जनताको भलाई हुने वा विकास हुने काम गर्नेहरू पनि हुन्। यसकारण वास्तवमा इतिहासमा आजसम्म वास्ता नगरिएका जनजीवन अब इतिहासको मुख्य विषय बन्न आएका छन्। श्री ५ महेन्द्र पनि नेपालको निम्ति त्यस्तै प्रकारको इतिहासको नयाँ परिभाषा दिन आगाडि सरिबक्सेको नवयुवक राजा होइबक्सन्छ।

नेपालको इतिहासमा १८४६ सन् देखि १९५० सन् सम्मको १०४ वर्षको समय कालो अक्षरले लेखिएको छ, किनभने त्यस १०४

CC-0. In Public Domain. Digitization by eGangotri
वर्षं सम्मको लामो अवधिमा तत्कालीन शासकहरूले नेपाली समाज, जनजीवन र जनभावनामा क्रान्तिकारी परिवर्तनद्वारा नेपालको उत्थान गर्न न त कुनै व्यक्तिलाई प्रोत्साहन दिए न त त्यस्तो कुनै कदमलाई नै उठाउन दिए । कुनै पनि देश बन्नलाई त्यस देशका जनताको मनोभावना र आर्थिक स्तर उठाउने प्रयास हुनु पर्दछ तर राणाकालीन नेपालमा यस्तो कुनै नभएको हुनाले त्यस समयको नेपालको इतिहास कालो अक्षरले लेखिएको छ ।

इतिहासका पानाहरू कुनै पनि देशका निःस्वार्थ र त्यागी व्यक्तिहरूले निर्माण गरेको हुन्छ चाहे समाज, युद्धक्षेत्र, आर्थिक विषय जुनसुकै क्षेत्रतिर किन नहोस् । ती विभूतिहरूको कुर्वानीले त्यस देशका जनताको जीवनमा राम्रो परिवर्तन आएको हुन्छ र अनि मात्र उनीहरूको इतिहासमा राम्रो स्थान हुन्छ ।

श्री ५ महेन्द्र पनि नेपालको इतिहास निर्माताहरू मध्ये एक होइबक्सिन्छ ।

"दुखेको हृदयले अनाथको सेवा गर्न कहिल्यै बिर्सदैन ।" यस महान्वाणी श्री ५ महाराजाधिराज सरकार युवराजाधिराज होइबक्संदा अनाथालय निरीक्षण गरी बक्सेको बेलामा मौसूफबाट निस्केको उद्‌गार हो। यसबाट मौसूफको दलित जाति प्रति मात्रै होइन समाजमा अलपत्र परी आफ्नो जीवन क्रमलाई आदर्श रूप दिन नसकी रहेका व्यक्तिहरू प्रति कस्तो भावना रहेछ भन्ने कुरो स्पष्ट थाहा हुन्छ, अस्तु ।

श्री ५ महेन्द्र नेपालको एक नागरिक होइबक्सन्छ। श्री ५ महेन्द्रलाई झन् राजाको रूपमा हामीले हेर्न पाउनु हाम्रो अहोभाग्य हो। यो श्री ५ प्रतिको मेरो अन्ध श्रद्धा होइन न यो हो मेरो अन्ध भक्ति। बरू यो हो मेरो मौसूफसंगको सम्पर्कले पैदा गरेको वास्तविक भावना। श्री ५ को व्यक्तिगत जीवनसंग मेरो राम्रो परिचय नभए पनि श्री ५ अति नै अध्ययनशील र नैतिक ताकतको स्रोत होइबक्सन्छ भन्ने कुरो मलाई राम्रो थाहा छ। राजाहरूमा प्रायः पाइने व्यसन

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिको अति र एक प्रकारको विचित्र स्वभाव श्री ५ महेन्द्रमा पाइंदैन। श्री ५ महेन्द्र एक त वीसौं शताब्दीको उपज, दोस्रो श्री ५ महेन्द्रको शासन समय निक्कै शिक्षित भैसकेको संसारतिर लम्कन लागेको वीसौं शताब्दीको नेपाल, तेस्रो कुरो श्री ५ महेन्द्र २००७ सालको क्रान्तिमा सक्रीय होइबक्सेको र त्यस क्रान्तिकारी भावनाले प्रेरित मौसूफ सर्वसाधारण जनताको आशा निराशा, सुख दुःख र क्रिया प्रतिक्रियासंग संधै निकट रहिबक्सेको, पाचौं कुरो विश्व भ्रमण गरी बक्सने राजा महेन्द्रले विश्व इतिहासका पानाहरूको कहानी, कविता र नाटकको अध्ययनशील होइबक्सेको छ। यी सबै कारणले गर्दा श्री ५ महेन्द्रको मनोभावना (Psycology) मा जन-साधारणको जीवन क्रमको छाप पर्नु अवश्यम्भावी छ, नपरी छोड्दैन। अझ श्री ५ महेन्द्र जनताको भलाइको निम्ति आफै निकट मात्र रही बक्सेको होइन, चुर्लुम्म डुबी जनताको समस्या समाधानमा प्रयत्नशील होइबक्सेको छ।

श्री ५ महेन्द्र नेपालको इतिहासमा प्रथम राजा होइबक्सन्छ जसले आपनो राजत्वको उत्तरदायित्वको साथसाथै एक राष्ट्रिय नेताको उत्तरदायित्व पनि बोक्न तत्पर होइबक्सी नेपालको सर्वतोमुखी विकासको निम्ति मैदानमा बहादुरीसाथ उत्रिबक्सेको छ। स्वर्गीय श्री ५ त्रिभुवन जन नेताको रूपमा २००७ सालको क्रान्तिमा अग्रसर होइबक्से जस्तै श्री ५ महेन्द्र राष्ट्रको आर्थिक क्रान्ति बिना देश अघि बढ्न सक्तैन भन्ने दृढ धारणाले आफैं अगाडि सरिबक्सी नेतृत्व दिइबक्सेको छ। यो सानो कुरा होइन। कुनै पार्टीको नेताको महत्वाकांक्षा जस्तो श्री ५ को होइन। "आधारहीन मान अपमानको म वास्ता गर्दिन म सदा देशको उत्थान भएको देख्न चाहन्छु।" भन्ने श्री ५ महेन्द्रको कथनमा एउटा विशाल क्रान्तिकारी साहसी वीर सेनानी मात्रै होइन नेताको मनोभावना पनि लुकेको हामी स्पष्ट थाहा पाउन सक्तछौं।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल पिछडिएको छ आर्थिक दृष्टिमा पनि, सामाजिक दृष्टिमा पनि नेपाल हर क्षेत्रमा पिछडिएको छ तर त्यो पिछडपन हटाउन विश्वका तमाम मित्र राष्ट्रहरू हामीलाई अगाडि बढाउन अघि सरेका छन्। दुःख छ श्री ५ बाट प्रत्यक्ष नेतृत्व दिइबक्सनु भन्दा अगाडि मित्र राष्ट्रहरूको सहयोगको सदुपयोग हुन सकेन, गर्न सकिएन अझ प्रयास सम्म पनि गरिएन भन्नुमा अत्युक्ति हुँदैन। यसको एउटा कारण यो पनि छ कि नेपालिमा विभिन्न वर्गका जनताको उही अनुसारले उन्नति भएन। धनी झन्-झन् धनी हुँदै जाने र गरीब झन्-झन् गरीब नै हुँदै जाने प्रथाले नेपालको कहिल्यै भलाइ हुँदैन भन्ने श्री ५ महेन्द्रले बुझी बक्सेको हुनाले पहाड, तराईमा सामन्ती व्यवस्थामा जकडिएका लाखौं दलित जातिहरूलाई उपकार गर्न मौसूफबाट राज्य रजौटा प्रथा खतम गरिबक्स्यो, बिर्ता उन्मूलन गरिबक्स्यो र अछूत भनी छुट्याइएका जातका मानिसहरूलाई उत्साह प्रदान गर्न नेपाल अछूत मुक्ति परिषद्लाई हर तरहबाट उत्साह प्रदान गरी बक्सने हुकूम बक्सेको छ।

जाति प्रथामा शताब्दीदेखि जकडिंदै आएको नेपालमा एकचोटी सबै प्रकारको उन्नति हुन अलिकति गाह्रै छ। श्री ५ महेन्द्रले यी पुराना ख्यालहरूलाई नयाँ ख्यालमा परिणत गर्न सर्व प्रथम एक वातावरण तयार गरिबक्सेको छ जस्मा मानिसहरूले यो सोच्न थालेका छन् कि योग्यता, त्याग र तपस्या मात्र भएको खण्डमा राष्ट्रको ठूल-ठूला काममा पनि अछूतहरूलाई पनि स्थान छ। मौसूफको नेपाल राज्य भरिको भ्रमणमा के बाहुन, के सार्की सबै जातका मानिसहरूलाई नेपाली मात्रको भावनाले व्याप्त गराई बक्सेको छ र दलित जातिहरूलाई हर तरहबाट मद्दत पुऱ्याई बक्सेको छ।

दलित वर्गको उत्थान र समाज सेवा प्रति श्री ५ महेन्द्रको योगदानको विषयमा जति लेखे पनि थोरै हुन्छ किनभने वास्तविक अर्थमा समाज सेवा राष्ट्रको सर्वोपरि सेवा हो भन्ने शिक्षा दिइबक्सेने

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम राजा महेन्द्र नै होइबक्सन्छ। हुनु पनि हाम्रो नेपालमा जनता धेरै दलित छन्। हाम्रो समाज अझसम्म पनि कुण्ठित छ । काठमाडौं-को नयाँ सडकमा २।४ जना आधुनिक सभ्यतामा ढालिएका युवक-युवतीहरू देखिंदैमा समस्त नेपालका पहाडी र तराई क्षेत्रका मानिसहरू यस्तै होलान् भनी अनुमान सम्म गर्नु पनि ठूलो मुख्याई हुन्छ। अतः समाजमा चाहे त्यो समाज विकसित होस् या अविकसित या अर्ध-विकसित सर्व प्रथम राष्ट्रियताको भावनाले युक्त भएको हुनु पर्दछ, दोस्रो समाजका सदस्यहरूले रोग, व्याधी, आपद-विपद, खेतीपाती र सांस्कृतिक क्षेत्रमा पारस्परिक सहयोगको महत्वको ज्ञान हुनु पर्दछ, तेस्रो कुरा राष्ट्र निर्माणमा हाम्रो पनि केही दायित्व छ भन्ने कुराको बोध हुनु पर्दछ। यी सबै कुराको राम्रो व्यवस्था र मूल्यांकन गर्न सकिएदेखि मात्र देशले राम्रो छर्लङ्ग प्रगतितिर लम्कन सक्ने छ। रोग लागेमा औषधि छैन, खेतीपातीमा शिक्षा छैन, परस्परमा मेल छैन नेपाल हाम्रो राष्ट्र हो भन्ने भावना छैन भने यस देशको कुनै हालतमा पनि उन्नति हुन सक्तैन। श्री ५ महेन्द्र नेपालको यो स्थिति-देखि ज्यादै भिज्ञ होइबक्सिन्छ।

श्री ५ महेन्द्र नेपालको एक राजा मात्रै होइन एक सुधारक पनि होइबक्सन्छ। समाजको उत्थान पतनमा राष्ट्रको उत्थान पतन हुन्छ। समाजको कल्याणमा राष्ट्रको कल्याण हुन्छ। अतः समाज नसुध्रिकन अरू उन्नत राष्ट्रहरूको देखासिकी मात्र गर्नाले देश बन्नुको सट्टा बिग्रन्छ। यो तपाईं हामी सबैको अनुभवको कुरो हो। समाज सुधार्न नेतृत्व लिएर अघि बढेका व्यक्तिहरूको व्यक्तिगत चरित्र राष्ट्रको चरित्रमा निर्भर रहन्छ। नेताको चरित्र राम्रो नभएमा अनुयायीहरूको चरित्र पनि स्वतः नराम्रो हुन्छ। २००७ सालको क्रान्ति पछि यदि नैतिक चरित्र बल भएको व्यक्ति वा व्यक्तिहरूको नेतृत्व नेपाली जनताले पाएको भए नेपाल आजको अवस्थामा अवश्य रहने थिएन होला। श्री ५ महेन्द्रले

CC-0. In Public Domain. Digitization by eGangotri

आफैं मैदानमा उत्री बक्सन पर्दैनथ्यो होला तर युगको मांगले यदि आफूले खोजेको कुरो पाएन भने भयानक प्रतिक्रिया ल्याउन उ पछि कहिल्यै हट्दैन। श्री ५ महेन्द्रले युगको आह्वान, मांगलाई आफ्नो त्याग र तपस्याले पूरा गर्न अठोट गरी बक्सेको छ। अतः श्री ५ महेन्द्रको व्यक्तिगत नैतिक चरित्र बल पनि नेपाल राष्ट्रको नैतिक बल हुन आएको छ।

श्री ५ महेन्द्रको जीवनको प्रारम्भ काल देखि नै नेपाली राष्ट्रिय भावनाले जरो हाली सकेको थियो। र मौसूफ पाश्चात्य तरीकामा शिक्षित होइबक्सेर पनि पाश्चात्य शिक्षाले ल्याउने दुर्गुणमा परिबक्सेन। न आफ्नै रूढीले ल्याएको कुनै पनि प्रथामा मौसूफले अन्धभक्ति र श्रद्धाले विश्वास गरी बक्स्यो। श्री ५ महेन्द्रको शुभ–राज्याभिषेक हुँदा नेपालको प्रथा अनुसार दुइवटा स्वास्नी बिहा गरी बक्सनु पर्दथ्यो तर श्री ५ बाट यस प्रथालाई अङ्गिकार गरिबक्सेन। अर्को कुरा शुभ-राज्याभिषेक जस्तो महत्वपूर्ण र ऐतिहासिक र राष्ट्रिय कार्यमा श्री ५ महेन्द्रबाट शुद्ध नेपाली पोशाक र नेपालमै बुनेको कपडाको पोशाक पहिरी बक्स्यो। यी दुइ कुरा हेर्दा साना जस्ता देखिन्छन् तापनि एउटी बडामहारानी मात्र रहनु पर्दछ भन्ने धारणा श्री ५ को महान् सामाजिक क्रान्तिको भावनाको प्रतीक हो। र शुभ-राज्याभिषेक जस्तो महान् ऐतिहासिक कार्यमा नेपालमै बुनिएको कपडाको पोशाक पहिरी बक्सनु नेपालको राष्ट्रियताको प्रथमपाठ जनतालाई पढाई बक्सेको हो।

स्व. श्री ५ बडामहारानी इन्द्र राज्य लक्ष्मी देवी प्रसव वेदनाले स्वर्गारोहण होइबक्सेपछि मौसूफको अमर सम्झनामा परोपकारको प्रसूति गृह बनाउने योजनालाई प्रसूति गृह निर्माण गर्नलाई लागेको समस्त चन्दा मात्रै बक्सेको होइन सो प्रसूति गृहमा मौसूफकै नाममा ४ बेड फ्री र श्री ५ बडामहारानी रत्न राज्य लक्ष्मीदेवीको नाममा १ बेड गरीब प्रसव वेदनाले पीडित नारीहरूको निम्ति चन्दा बक्सेको छ। परोपकारद्वारा निर्मित सो प्रसूति गृह श्री ५ महेन्द्रको आफ्ना बडा-

CC-0. In Public Domain. Digitization by eGangotri

महारानी श्री ५ इन्द्रराज्य लक्ष्मी देवीको अमर स्मृतिमा मौसूफको नाममा खोलिएको छ। यस परोपकार श्री ५ इन्द्र राज्य लक्ष्मी देवी प्रसूति गृहले आजसम्म हज्जारौं हज्जार प्रसव पीडित नारीहरूको सेवा गरी रहेछ। यति मात्रै होइन यसै प्रसूति गृहमा एउटा शिशु कल्याण केन्द्र पनि जोडिएको छ। यस कल्याण केन्द्रमा जन्मनासाथ हुने रोगहरूबाट बच्चाहरू बचाइन्छन् र कुनै रोग भएमा उपचार गरिन्छ। श्री ५ महाराजाधिराज सरकारको यो समाज सेवाको भावना अनुकरणीय छ।

परोपकार नेपालको ऐक मात्र राष्ट्रव्यापी समाज कल्याणकारी संस्था हो र यस परोपकारको प्रधान संरक्षकको हैसियतमा श्री ५ महेन्द्रले परोपकारको हरेक सेवा कार्यमा सवारी होइबक्सी समय समयमा सहयोग र शिक्षा दिइबक्सेको छ। परोपकार अनाथालयमा सवारी भएकै बेलामा मौसूफबाट हुकूम भएको हो– "दुखेको हृदयले अनाथको कदर गर्न कहिल्यै बिर्सँदैन।" यस महान्-वाणीमा मौसूफको हृदय दलित र दुःखी जनता प्रतिको करूणाले ओतप्रोत छ भन्ने कुरामा कुनै शंका छैन। परोपकारको समाज सेवा कार्यक्रममा हर समय हर बखत मौसूफबाट दिलचस्पी लिइबक्सेको छ। समाज सेवामा लम्कन खोज्ने जुनसुकै व्यक्तिको मनोभावना पनि भगवान् बुद्धको "बहुजन हिताय बहुजन सुखाय" र "सेवा र त्याग" को भावनाले भरिएको हुन्छ। श्री ५ महेन्द्रको यस भावना कुनै पनि बेला र समयमा प्रस्फुटित भै रहेको हामी पाउँदछौं। समाज सेवाको इतिहास पल्टाएर हेर्‍यौं भने समाजको निम्ति केही गर्न तम्सी अगाडि बढेका व्यक्तिहरूले भयानक र दुःख र कष्ट झेल्नु पर्दछ। श्री ५ महेन्द्रले स्पष्ट शब्दमा हुकूम भएको छ– "नेपालको भलाइको निम्ति म अब मैदानमा उत्रेको छु। मलाई कुनै कुराको फिक्री छैन। आधारहीन जस र अपजस मलाई केही परवाह छैन।" हुन पनि राष्ट्र र समाजको निम्ति आफूलाई अर्पण गर्ने विभूतिहरूबाट आत्मविश्वास र दृढ निश्चयका

CC-0. In Public Domain. Digitization by eGangotri

यी भावनाहरू हर समय प्रकट भै न रहन्छन् । अस्तु ।

नेपालको परिवर्तित व्यवस्थामा सबै वर्गका जनताहरू एकैसाथ समान रूपले अघि बढून् भन्ने भावनाले प्रश्रय पाएको कुरो राष्ट्रिय निर्देशन मन्त्रालयको स्थापनाले स्पष्ट हुन्छ । मेरो आफ्नो विचारमा यस वर्गीय संगठन चेतनाको आवश्यकताको पछाडि श्री ५ को समाज-सेवाको महान् लक्ष स्पष्ट देखिन्छ किनभने कुनै पनि ग्राम या नगरमा जनता आफैं आपना व्यवस्थाको निम्ति लायक र चेतनशील भएको खण्डमा देश चाँडो बन्दछ । नरनारी दुबै वर्गको समान हितका कुराको ख्याल नारी वर्गमा पनि मौसूफबाट जागृतिको नयाँ लहर ल्याइ-बक्सेको छ ।

श्री ५ का धेरै-धेरै योगदान यस्ता छन् जो अहिल्यै यस सीमित समयमा मूल्यांकन गर्न सम्भव छैन । उसमा पनि म त एक अनपढ साधारण व्यापारीको छोरो भएको हुनाले मैले आफूलाई लागेको विचार यहाँहरूको समक्ष राखूं भने मौसूफबाट कुन क्षेत्रमा दिलचस्पी लिइबक्सेको छैन ? नेपालको संस्कृति, नेपालको सांस्कृतिक र धार्मिक सम्पत्तिको संरक्षण र नेपालको लोक साहित्य, सङ्गीत र कला कुनै पनि विषय मौसूफको दृष्टिबाट अलग्ग रहेको छैन । यी सबै कुराहरू समाजका आधारभूत स्तम्भहरू भएको हुनाले कोरा विदेशी राजनैतिक चालबाजीमा जनताको शक्तिलाई अलमल्याउनु भन्दा समाज सेवाको भावना जन जनमा भरी दिन सकेको खण्डमा नेपालको गौरवमय अतीत र प्रभावशाली र उज्ज्वल भविष्यको निम्ति हर नेपाली लायक हुनेछन् ।

श्री ५ महेन्द्रको दलित जाति र समाज सेवाको विषय आफूलाई थाहा भएको दुइ-चार कुरा यहाँहरूको समक्ष राखेको छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्र र हाम्रो शिक्षा प्रणाली

श्री रणधिर सुब्बा

त्यो दिन बिहानैदेखि पानी परिरहेथ्यो; वैरी, वैरी पानी आइरहेथ्यो। फर्पिङ्ग स्कूलको वार्षिक सभाको बैठक त्यो दिन निश्चित भएकोले बिहानैदेखि फर्पिङ्गमा भएका स्कूलका अधिकारी तथा प्रवन्धकहरू व्यग्र थिए। तीन बज्ने बेला भयो, तर वृष्टिको बेग कम भएको छैन; काठमाण्डू र वरिपरिका निमन्त्रित व्यक्तिहरू तथा स्कूलका सदस्य कोइ पनि आइपुगेनन्। त्यो दिन सभा नहुने छांट देखियो। स्वभावतः स्कूलका अधिकारी र प्रवन्धकहरूलाई विषादले छोपेको थियो। अकस्मात कुइरो र वृष्टि मध्ये एउटा मोटर त्यहां आइपुग्यो। श्री ५ युवराजाधिराज महेन्द्रको निश्चित समयमा त्यहां सवारी पुग्यो। विषादमग्न वातावरण हट्यो, विष्मय तथा उल्लास सबैको हृदयमा भरियो।

यो घटनामा हामीहरूले ती गुणहरूको आभास पाउंछौं जुन गुणहरू यति वर्षभित्र हाम्रा नरेशको चरित्रमा स्पष्ट भएको छ। फर्पिङ्गको त्यो दिनको घटनाले मौसूफको चरित्रमा भएका अरू गुणहरू मध्ये शिक्षा प्रति प्रेम पनि झलकन्छ भनि म ठान्छु।

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा नरेश साहित्यकार होइबक्सन्छ; मौसूफको साहित्यप्रति प्रेम केवल साहित्यिक रचनाबाट मात्र देखिन्न तर कला, साहित्य, प्राचीन इतिहास इत्यादिको अनुसन्धान केन्द्र नेपाल एकाडेमीको स्थापनाबाट तथा यस संस्थाका चान्सलर होइबक्सेबाट पनि स्पष्ट हुन्छ। मौसुफ त्रिभुवन विश्वविद्यालयका पनि चान्सलर होइबक्सिन्छ। हुन त मौसूफको जीवन नै शिक्षाप्रदछ। तर आजको वार्तामा म केवल औपचारी शिक्षा– शैक्षिक संस्था, लाइब्रेरी, स्कूल, क्वलेज, विश्वविद्यालयबाट प्राप्त हुने शिक्षा विषय हाम्रा नरेशको अभिरुचि र देनबारे चर्चा गर्नेछु।

युवराज होइबक्संदादेखिनै अनेक स्कूल, लाइब्रेरी आदिले मौसूफका नीजी कोषबाट आर्थिक सहायता प्राप्त गरेको सबैले जान्दछन्। फर्पिङ्ग, बालाज्यूका स्कूल लगायत नेपालका तथा बाहिरका पनि नेपालीद्वारा सञ्चालित स्कूलले नैतिक र आर्थिक प्रोत्साहन बराबर पाइरहेछन्। शैक्षिक संस्था मात्र होइन विद्यार्थीहरूले पनि यस्ता प्रोत्साहन पाएका छन्। असल, परिश्रमी तथा प्रतिभा दर्शाउने विद्यार्थीहरूलाई पुरस्कार बक्सेको कुरा सर्व साधारण ज्ञान भैसकेको छ। देशको कुना कुनामा स्वयं पुगिबक्सेर देश र जनताको अवस्था नजर गरिबक्सने हाम्रा नरेशको पूर्व-पश्चिम भ्रमणकालमा सैकडौं स्कूलहरूको स्थापना भएको तथा शिक्षाको निम्ति प्रोत्साहन बक्सेको कुरा सर्वविदित छ। मैले यस्ता कुराहरू दोहोरयाउन पर्दैन।

शिक्षालाई यसरी मौसूफबाट प्रोत्साहन बक्सेको कुरा निःसन्देह नेपालको इतिहासमा अभूतपूर्व छ। पहाड, तराईका जनताले यसको महत्व बुझेका छन्। तर हाम्रा नरेश सदैव समस्याको फेदमा पुग्ने होइबक्सन्छ। यत्रतत्र एक दुइ सय स्कूल खोल्न प्रोत्साहन गर्न, आर्थिक सहायता दिन आवश्यक र फलदायक भए तापनि शिक्षाको समस्या यसरी हल हुन सक्दैन भनी समस्याको फेदमा पुग्ने र फेददेखि समाधान गर्ने उपयामा हाम्रा राजा लागिबक्स्यो। हामीहरू कस्तो जमानामा छौं, संसार कुन दिशातर्फ लागि-रहेछ, शिक्षाको वर्तमान [illegible] कुन स्थान हुनपर्ने, यस्तो अघि बढि-

डा. डिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको संसारमा हाम्रो अस्तित्व कायम राख्न र अघि बढ्न हाम्रे शिक्षा पद्धति पर्याप्त छ छैन-- यी सब आधारभूत कुरामा दृष्टि पुगेन भने यत्रतत्र नैतिक र आर्थिक प्रोत्साहनले मात्र शिक्षाको समस्या हल हुन सक्दैन। यो तथ्य महसूस गरी समय समयमा हाम्रा नरेशले ठोस उचित कारवाइ गरिबक्स्यो।

सर्वप्रथम-- सकेसम्म चांडै, अति अल्प समयमा नै, प्राथमिक शिक्षा बाध्यतापूर्वक निःशुल्क देशव्यापी हुनुपर्छ भन्ने सिद्धान्तको घोषणा र निर्देशन मौसूफबाट भएको हो। यो घतलाग्दो कुरा हो कि यो घोषणा कुनै मन्त्रि-मण्डलको समयमा भएको होइन, मौसूफबाट प्रत्यक्ष शासन गरिबक्सेको समयमा भएको हो। प्राथमिक शिक्षा सबैको जन्मसिद्ध अधिकार हो, यो सबैलाई प्राप्य हुनपर्छ भन्ने सिद्धान्त अठोट भएपछि माध्यमिक तथा उच्च शिक्षाको के स्थान हुनपर्छ तथा त्यो भन्दा पनि जटिल कुरा शिक्षा नै कस्तो हुनपर्छ– यस्ता आधारभूत कुरामा मौसूफको ध्यान आकर्षित भयो। हाम्रा नरेशको शिक्षा विषय मुख्य देन– यस्तै आधारभूत समस्याको अध्ययन गर्न व्यवस्था मिलाई बक्सेको तथा त्यस्तो अध्ययन पछि विशेषज्ञको सल्लाहमा पूर्ण विचार गरी ती सुझावहरू कार्यान्वित गर्ने दिशातर्फ उठाइबक्सेको कदम मान्नुपर्छ।

गत वर्ष हाम्रा नरेशले राष्ट्रिय सर्वाङ्गीण शिक्षा समिति गठन गरि बसिक्स्यो। नेपालका शिक्षा विषय विशेषज्ञहरूको यो समितिले अध्ययन गरी सुझाव दिनपर्ने विषयहरूमध्ये नेपालको निमित्त उपयोगी शिक्षा पद्धति कस्तो हुनपर्ने भन्ने विषय मुख्य थियो। हाम्रो शिक्षा पद्धति सन्तोषजनक छैन। यसर्थ हाम्रो राष्ट्रको विलक्षणता, हाम्रो परम्परा र हाम्रो आवश्यकताको ख्याल राखी हामीहरूले शिक्षा प्रणाली अपनाउनु परेको छ। हामीहरूले शिक्षालाई हरअर्थमा उत्पादनशील बनाउन परेको छ। स्कूल, कालेजबाट शिक्षा प्राप्त युवक युवतीहरू आफ्ना आफ्ना रुचि अनुसार हर अर्थमा उत्पादनमा ठोस देन दिन सक्ने हुन पर्छ। सर्वाङ्गीण शिक्षा विकास समितिले यी सब आधारभूत कुराहरूमा पूरा विचार गरी हाम्रा नरेशका जुनाफमा

CC-0. In Public Domain. Digitization by eGangotri

रिपोर्ट पेश गर्‍यो र श्री ५ को सरकारले पनि सो रिपोर्ट स्वीकृत गरेकोछ।

सर्वाङ्गीण शिक्षा समितिको रिपोर्ट प्रकाशित भै सकेकोले यहां त्यस रिपोर्टबारे विस्तृत केही भन्नु छैन। सो रिपोर्टको मुख्य सिफारिश यी हुन्:—

१. प्राथमिक शिक्षा निःशुल्क हुनपर्छ। यसको अवधि ५ वर्षको हुन पर्छ। बालक बालिका ६ वर्षको उमेर लागेपछि स्कूलमा भर्ना हुन सक्ने छन् र, ५ वर्ष अथवा ११ वर्षको उमेर होउञ्जेल यो श्रेणीमा रहनेछन्। पहिलो श्रेणीदेखि पांचौं श्रेणीको पढाइलाई प्राथमिक शिक्षा भनिनेछ। सारा देशभरि एउटा शिक्षाप्रणाली लागू हुनेछ। ठाउं ठाउंमा प्राथमिक शिक्षाको आखिरी दुइ वर्ष—चौथो र पांचौं श्रेणीमा संस्कृतको अध्ययन गराउने इच्छा भएका अभिभावकले बालकलाई इच्छाधिन विषय संस्कृत पढाउन सक्नेछन्। प्राथमिक शिक्षामा पनि व्यावसायिक झुकाव राखिनेछ।

२. माध्यमिक शिक्षाको अवधि ६ वर्ष रहनेछ। माध्यमिक शिक्षाको पहिलो दुइ तीन वर्ष सबै विद्यार्थीलाई एकैनाश थरिका शिक्षा दिए तापनि आखिरी तीन वर्ष विभिन्न वर्ग छुट्नेछन्। व्यावसायिक शिक्षा पछि पढ्नेले पनि केही समय कला विज्ञान इत्यादिको साधारण ज्ञान प्राप्त गर्नु पर्नेछ तथा पछि कला र विज्ञानको उच्च शिक्षा हासिल गर्न चाहनेहरूलाई पनि यो अवस्थामा व्यावसायी शिक्षाको केही ज्ञान उपार्जन गर्न पर्नेछ। पछि विश्वविद्यालयको शिक्षा प्राप्त गर्ने इच्छा राख्नेले स्कूलदेखि नै आफ्ना विषय कला अथवा विज्ञानको अध्ययन शुरु गर्न पर्नेछ। संस्कृतको विशेष अध्ययन गर्नेहरूलाई ठाउं ठाउंमा उच्च विद्यालय हुनेछ तर तिनीहरूले पनि कला, विज्ञानको सामान्य ज्ञान सिक्न पर्नेछ। वातस्वमा संस्कृत उच्च विद्यालयमा पनि कला अथवा विज्ञानको उच्च विद्यालय हुन सक्छ। वातस्वमा एउटै शिक्षण संस्थामा कला, विज्ञान, व्यवसाय र संस्कृत सबै पनि रहन सक्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. उच्च शिक्षाः–

ज्ञान विज्ञानको अन्वेषण र प्रगति बाहेक उच्च शिक्षाको लक्ष कुश उत्तरदायित्व बुझ्ने कर्तव्यपरायण विद्वानहरू उत्पन्न गराउनु हो । हाम्र विकासको पृष्ठभूमिमा उत्पादनशील व्यक्तिहरू जसले हर क्षेत्रमा नेतृ दिन सक्छ त्यस्ता नेताहरू तैयार गर्नु उच्च शिक्षाको एक मुख्य लक्ष हो।

शिक्षा प्रणाली देश सुहाउंदो, युग सुहाउंदो, उत्पादन शील बनाउं सुझाव स्वीकृत भएपछि त्यस्तो प्रणाली अपनाउदा गर्नु पर्ने तैयारी तथ मुख्य कुरा व्यहोर्नु पर्ने खर्चको पनि पूरा विचार गर्नुपर्ने आवश्यकत देखिबक्सेर हाम्रा नरेशले अर्को ठोस कदम उठाइबक्सेको छ । हामीहरू हर क्षेत्रमा अविकसित छौं– शिक्षामा, उद्यो धन्दामा, कृषिमा, व्यापारमा, यातायातमा, स्वास्थ्यमा, राजनीतिक नागरिक चेतनामा, प्रशासकीय व्यवस्थाको सञ्चालनमा, न्यापायालिकाको क्षेत्रमा । यी सब क्षेत्रमा हामीहरूले उन्नति गर्न परेको छ, विकास ग परेको छ । तर अर्थ सीमित छ, सबै क्षेत्रमा चाहिंदो खर्च पुरयाउन सकिंदैन । त्यसैकारण नेपालको आर्थिक व्यवस्था तथा स्थितिको पृष्ठभूमिमा शिक्षाको स्थानबारे अध्ययन गर्न र रिपोर्ट पेश गर्न यू.एन्.ओ. बाट दुइ विशेषज्ञहरू श्री ५ को सरकारको निम्तोमा केही महीना अघि आएका थिए । शिक्षा विषय विशेषज्ञ डा० हेनरी वी उड र अर्थशास्त्री डा० कनालले यो विषय अध्ययन गरी श्री ५ को सरकारमा रिपोर्ट पेश गरिसक्नु भएको छ ।

इच्छा गरेर मात्र हुंदैन, वैज्ञानिक तौरले समस्याको अध्ययन हुन पर्छ, वैज्ञानिक तौरले समस्या समाधानको उपाय अपनाउनु पर्छ र त्यै तवरले कार्यान्वित गराउन पर्छ । श्री ५ महेन्द्रबाट शिक्षाको समस्याको भारि अध्ययन गरिबक्सेको छ । फलस्वरूप हाम्रा शिक्षा प्रणालीमा निकट भविष्यमा नै भारि परिवर्तन आउने भएको छ । नयां शिक्षा प्रणालीले ज्ञानको र विज्ञानको, विद्वताको र व्यावहारिकताको, पाण्डित्यको उपयोगिताको समन्वय हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नया धुमती

9

दीक्षान्त समारोह

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूमात्रको एक महान पर्व

बिजया दशमीको

समस्त देशवासी प्रति

हार्दिक शुभ-कामना गर्ने

-पशुपति फिल्मस्

निर्माता निर्देशक

सूर्यकान्त शर्मा

सिटि अफिस

१९, चाँदनीचौक स्ट्रिट्,

तेश्रो तल्ला

कलकत्ता-१३

स्टुडियो अफिस

फो. नं. ४६-३२१८

इन्द्रपुरी स्टुडियो

कलकत्ता-४०

CC-0. In Public Domain. Digitization by eGangotri

दीक्षान्त समारोह

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ घुम्ती

(सामयिक [redacted])

✱ कथा अंक ✱

वर्ष : १

अङ्क : ४

प्रकाशक

तथा

सम्पादक

–मुकुन्दनाथ 'निराशा'

ठेगाना:–

६७४, डिल्लीबजार,

काठमाडौं–२१

आवरण:

विजय थापा

मार्फत:

नोवल्टी प्रिन्टिङ्ग प्रेस

ठहिटी ।

मूल्य: एक प्रतिको १।४०

वार्षिक रू. ६।–

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

के	कस्ले	कता
स्वास्नीको डायरी	– पुष्कर लोहनी	१
परीक्षा फल	– वशन्त कुमार शर्मा 'नेपाल'	७
पर्राको अँगालोमा ...	– कुमारधर शर्मा 'ज्ञानी'	२५
संघार	– पोषण पाण्डे	३१
बीणा	– वासु रिमाल 'यात्री'	३३
खिया र माकुराको....	– मोहन कोइराला	४७
दुर्घटना	– परशु प्रधान	५१
यो उत्तर विहीन...	– नारायण प्रसाद खतिवडा	५७
खण्डीत अनुहार भित्र	– अञ्जिर प्रधान 'पीडित'	६३
जन्तीहरू	– जगदीश घिमिरे	६७
हिप्पी एक	– भरत आचार्य	७१

नयाँ घुम्ती प्राप्ती स्थान– बागमती पुस्तक भण्डार
डिल्लीबजार

दीक्षान्त समारोह

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुपर्ने र खसखस लागेर आएका कुराहरू त धेरै छन् तर भन्न करै लागेर ध्याच्च केही कुराहरू बोल्दैछु । कुरो के भने झर्खर फस्टाउन लागेका नयाँ नयाँ रूप लिएर आफ्नै खालका साहित्यिक योगदान दिएर आएका नेपाली पत्रिकाहरू (जो संकलनहरू पनि यसैभित्र पर्दछन्) को लागि अचानक पाइ आएको

विज्ञापनहरू

रोक : उल्टा कुरा : थाम

लगाएर

श्री५ को सरकारले यस्तो नीति अपनाएकोमा तमाम नेपाली साहित्यिक पत्रिकाहरूको कुठाराघात गर्नमा सघाउ पुऱ्याउने शतप्रतिशत सत्य छ । पाइरहेको आफ्नो पत्रिका दर्ता गराउने हक पनि नदिनु र विज्ञापन पनि नदिनु भन्ने यस्तो किसिमको नीतिको लागि तमाम पत्रकारहरूले गर्हिरिएर सोच्नु पर्ने बेला आएको छ ।

卐

आगामी अङ्क, भाषा र व्याकरणको हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सामयिक स्वागत योग्य कदमः—

"नेपाल साहित्यिक पत्रकार समिति"को गठन

काठमाण्डुका साहित्यिक पत्रिका र संकलनका सम्पादक, प्रकाशक र प्रतिनिधिहरूको मार्ग १२,१६ र १७ गते भएको सभाले "नेपाल साहित्यिक पत्रकार समिति"को गठन गऱ्यो, जसका पदाधिकारीहरू निम्न लिखित हुनुहुन्छः–

खेम कोइराला 'बन्धु	सभापति (नौलो नेपाली)
रामचन्द्र भट्टराई	उपसभापति (सुस्केरा)
नृपेन्द्र पुरूष 'यादी'	सचिव (प्रपात)
मुकुन्दनाथ 'निराशा'	सह सचिव (नयाँ घुम्ती)
बालकृष्ण नेवा	कोषाध्यक्ष (सिनेमा र संकल्प)
योगेशराज उपाध्याय	सदस्य (आकृति)
राम शरण न्यौपाने	सदस्य (हंस)
खेम दाहाल	सदस्य (पूर्वेली धून)

CC-0. In Public Domain. Digitization by eGangotri

यस समितिले निकट भविष्यमा हुने "नेपाल साहित्यिक पत्रकार संघ" को गठन तर्फ आवश्यक कदम साथ-साथै साहित्यिक पत्रिका र संकलनहरूको बाधा हटाउन पनि सक्रिय कदम चाल्नेछ ।

यस समितिले निकट भविष्यमा संघको चुनाव-को निम्ति नेपालका संपूर्ण साहित्यिक पत्रिका र संकलनहरूको नामावली यस समितिको कार्यालय-मा पठाउन अनुरोध गरेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्नीको डायरी

—पुष्कर लोहनी

न्यास्रो लाग्छ । उफ् 'रात पनि कति लामो । हिजो बेलुकाको बोझले जिउ न हलचल गर्न नसक्ने । पिंडौला त उठाउनै नहुने भइसक्यो । कति बजिसक्यो कुन्नि घुडी नै थाम्मिइसकेछ ।

धेरै दिन भयो माइत बसेको । राती त सही नसक्नु भएछ । उहाँ नआएको पनि झण्डै एक दिन जस्तै भैसक्यो । शायद भोलि शनिबार दिउँसो आउनु होला

तिमीले त माया मान्यौ । फोनसम्म त गरे हुन्थ्यो नि "उहाँले भन्नु भयो

CC-0. In Public Domain. Digitization by eGangotri

"माया भए जसरी भए पनि आइपुगि हाल्नु हुन्थ्यो नि" मैले लाडिएर भनें

उहाँ अलि रिसाउनु भयो। एकबाजी अँगालो हालेर उहाँको कुममा टाउको। हामी दुवै केही बोल्नै सकेनौं।

किनमेल गर्न पसल गयौं। ब्रेसियर किन्न लाग्दा पसलनीको छोरीको मुखै रातो भयो। उहाँले ठूलो खालको लिनु भयो। तर मलाई ३० नंबरको चाहिन्थ्यो। बेलुका घरमा आएर लगाउँदा त कसिदो रहेछ।

नछुनी हुनु पनि ऊर्को। तीन तीन दिन कसरी बिताउने। पर्सि वल्ल चोखिन्छ। जीउ नै भारी। कपाल त एक धार्नी जस्तै भइरहेछ। सुत्न पनि गाह्रो। खुट्टा पसार्नै नपाइने। रगत पनि कटकटिएर गन्हाउन थालि सक्यो। भोलि दिउँसो घाममा तातो पानीले नुहाउनु पर्ला। पर्सी चोखिन पनि सजिलो पर्छ।

सिनेमा हेर्न गएको थोत्रो पिक्चर परेछ। उहाँले त भन्दै हुनुहुन्थ्यो। घरको त्यहो कामकाज यसै रह्यो। बहिनी आएकी रहिछ भेटै भएन। बिवाहको टुङ्गो लागेछ क्यारे। भोलि बिहानै माइत जानु पर्ला।

CC-0. In Public Domain. Digitization by eGangotri

आज अबेर आउनु भयो। कहिले रक्सी नपिउने मान्छे आज वेसरी धोकेर आउनु भएछ। हात खुट्टै लूलो। आफूलाई त डर लागेर आयो। रुन पनि सकिनँ। वान्ता गरिसकेपछि बल्ल अलि पल्टिनु भयो। मान्छेको जीवन पनि के के। भाग्य त बलियै रहेछ मेरो। केही भइ दिएको भए।

पल्लो घरकी रीताले ५० वर्षमा छोरो पाइछ। त्यति दुब्लीको पनि ८ पाउण्डको बच्चा। लोग्नेले परिवार-नियोजन गरि सकें भन्थे।

उमेरले पनि दिएन अब त। पहिले जस्तो घुमफिर गर्नलाई पनि समय निकाल्नु पर्छ। बिवाह भएपछि स्वास्नीमान्छेको जीवन खोर जत्तिकै हुँदो रहेछ। एक्लै दिनभर बस्दा आँखा अगाडि के के नाच्दो रहेछ के के। वरुन थाले पनि वल्ल यौटा आशाले साथ दिन थाल्छ। घुम्न जान ठीक भएको, पानी दर्कीं हाल्यो। उहाँ लुगा फेरेर ओछ्यानमा पल्टेर अखबार हेर्दै रहनुभयो।

आज उठ्न अबेर भयो। तर्कारी घरमा केही थिएन। "तँ बूढी भइस्" सधैं यसै भनिरहनुहुन्छ।

म पनि भनिदिन्छु "बूढीलाई नै बिवाह गर्नु भयो

CC-0. In Public Domain. Digitization by eGangotri

अब गर्नें के त ”

उहाँ रिसाउनु हुन्छ। फेरि अँगालो भरी हालेर सुमसुम्याउन थाल्नुहुन्छ।

धेरै दिन भयो। पानी निस्किरहेको थियो। उहाँ नजिक बस्ने बित्तिकै सही नसक्नु भयो। क्वाप्ल्याकै निलु जस्तो भएर आयो। बेसरी उहाँलाई च्याप्दा कस्तो कस्तो आनन्द भइरह्यो। तन्ना चिसो भइसकेछ। पल्टेर सँगै बस्न पनि मन नलाग्ने भयो। उहाँको हातै तातो भएर गरम हुन थाल्यो।

ढोका कसले चलायो। हत्तरपत्तर पेटीकोट माथि फरिया गुँथ्दै ढोकामा पुगें। बहिनी आएकी रहिछ। भित्र ओछ्यानमा पल्टि रहनु भएको उहाँलाई देखेर ताज मान्दै भित्र पस्न सकिन। बाहिर मटानमा आउँदा आफैलाई लाज लाग्न थाल्यो। बहिनीले गालातिर हेरे भनी–”काहाँ ठोकियो दिदी ? गाला त नीलो भएको रहेछ नि” बिरामी भएको धेरै दिन भइसक्यो। ज्वरो नै हट्दैछ। डाक्टरले प्रेशकिप्सन् पनि कति वदलि रहेको। एक्लै कोठामा सुत्न पर्दा पट्यार लाग्छ। उहाँ कोठामा आउनु हुन्छ। तर राती अर्कै कोठामा सुत्ने

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा आफूलाई वाधा भएर आउँछ। इच्छा पनि कति बलियो। ज्वरो आएको बेलामा पनि टाँस्सिन मन लाग्यो। मलाई हेर्न आउँदा उहाँलाई छाती माथि राखेर गाला जोडेर आनन्द लिएँ। एकबाजी आफ्नो मनको उद्वेग प्रकट गरेको त उहाँले गाली गर्नु भयो। राती कुन बेला निदाएँ अत्तोपत्तो भएन।

झसङ्ग भएर बिउँझेछु। माथि कता कताबाट तल खस्न लागेको रहेछु। ओछ्यानमा एक्लै आफूलाई देख्दा झन डर लागेर आयो। उहाँ बाथरुम जानु भएको रहेछ। धेरैबेरसम्म मुटु चलिरह्यो। साथीहरू घरमा आएका थिए। धेरै जसोको बिवाह भइसकेको रहेछ। प्रमिलाले अझ गरेकी रहिन छ। कति जनासित प्रेम गरिसकी तैपनि बिवाह नगरेर खालि प्रेम गरेर नयाँ नयाँ केटा लिएर हिँडिरहन्छी। उसकी आमाले पनि लभ म्यारेज नै गरेकी रहिछ।

लोग्ने मान्छेमा दया भन्ने चीजै हुँदो रहेनछ। आफूलाई मात्र भए पुग्यो। जति दिए पनि सन्तुष्टि नहुने। सँधै बूढी भइस् भनेर झगडा गरिरहनु हुन्छ। आफूहरू चाहिं जे मन लाग्यो त्यही गर्छन्, स्वास्नी मान्छेलाई चाहिं बन्देजमा राख्न खोज्छन्। विश्वासै नभएको जात।

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको

उपलक्ष्यमा

समस्त देशवासी प्रति

हार्दिक

शुभ-कामना चढाउँदछौं

—दुगड निवास

कान्ति पथ
काठमाडौं

फो. नं. हरू
१२०८३, १३६८०
र
१३७३१

CC-0. In Public Domain. Digitization by eGangotri

परीक्षाफल

—वसन्तकुमार शर्मा 'नेपाल'

यसपालिको वर्ष काठमाडौंमा आश्विन महीनादेखि नै बहुत कडा जाडो आरंभ भएको थियो। डेढ महीनादेखि प्रतिदिनको बढ्दो ठण्डीले शारीरिक शिथिलता भएकाहरू-लाई भन्दा मानसिक कमजोरी भएका मानिसलाई बढी पीडा दिइरहेको थियो।

नयाँ ढंगको कौसी र बरेण्डा भएको बंगालाको अनुहारको घरमा केवल तीन जना बस्दछन्: जीवन, राजी र रंजन। जीवनको एम. ए. को आखिरी वर्ष र रंजनको प्रवेशिकाको वर्ष। दुई वर्षदेखि निरन्तरको जस्तै परिश्रमको परिणाम पाउनु पर्ने बेला। परीक्षा भाद्रको तेस्रो

CC-0. In Public Domain. Digitization by eGangotri

हप्तादेखि शुरू हुनु पर्नेमा किन हो कुन्नि कार्तिकको पछिल्लो सप्ताहमा मात्र शुरु भएको थियो । जीवनको जीवनभरको मेहनतको सार 'महेन्द्रविद्याभूषण' भिर्ने थियो कि कसो हो; पढाइ थियो कि मान्छे, कमलपोखरीका मानिसले नै उनलाई महीनौं महीनौं बितेपछि कता कता देख्ने सौभाग्य पाउँथे र भन्दथे–'हौंइन, यो मान्छे साँच्चै नै पढैया हो, अथवा 'ह्राफ क्रयाक' हो ? केही बुझिएन ! साझा बसलाई २।४ मिनेट पर्खंदा बाहेक अघिपछि कहीं देखिन्न, कोहीसित बोल्दैन, साधापना पनि उत्तिकै छ, विश्वविद्यालय छ कि घर छ, गजब!' ।

जीवनले पुर्खौंली ऐश्वर्यको घेरामा अभावको कल्पना गर्ने कुनै अवसरै मिलेको थिएन । जुम्लाका घरानियाँ ठालूका छोरा थिए । प्रवेशिका प्रथमश्रेणीमा उत्तीर्ण भएर पनि बाबुले 'विदेश पढ्न जानुसट्टा आफ्नै देशको राष्ट्रिय शिक्षाबाट पारंगत हुनु पर्छ' भनी त्रिचन्द्रकलेजमा भर्ना हुन काठमाडौं ल्याएर छाडिदिएका थिए। उनको बिवाह भएको पनि अहिले सात वर्ष भइसकेको थियो । आई. ए. जाँच सकेर घर जाँदा बाबुले काठमाडौंको महीना महीना मै डेरा सरिरहनु परेकोमा छोरालाई पढाइमा बाधा पर्ने संझी २५ हजारमा सुहाउँदो एक बंगालाघर किनिदिएर छोराबुहारीलाई यहीं छाडी गएका थिए । बाबु पनि

CC-0. In Public Domain. Digitization by eGangotri

मनकारी मानिस थिए, उनका परिवार पनि उस्तै मर्यादा-पालक पत्नीलाई यहीं छाड्ने कुरा सुनेर जीवनले 'भाइलाई पनि यहीं राखिदिनुहुन्छ भने पढ्न-लेख्न पनि म बन्दोवस्त गर्छु, बुहारीलाई मुखबोल्ने साथी पनि हुन्छ, नत्र त मेरो पढाइ यहीं समाप्त होला! भन्ने आशय व्यक्त गरेका थिए । सोही अनुसार 'सीतारामको साथ लक्ष्मण' रंजन पनि यहीं बस्ने ठहर भो । त्यस बखतदेखि त्यस घरका स्वामी, कर्मी वा सदस्य जे भने पनि तिनै तीन जना भए । यस बीच न कोही नयाँ मानिस त्यस घरमा आएको टोलिले देखे, न त त्यहाँको चाडपर्व नै । त्यो घर एक अर्कै संसार थियो, अर्कै सामाजिक परिधिको ।

यो साढे चार वर्षको अवधिमा प्रत्येक परीक्षामा प्रथमप्रथम पुरस्कृत हुँदै आएकोले आउँदो वार्षिक परीक्षामा पनि मंडल प्रथमप्राप्त गर्ने आशा रंजनका पाठशालाका अध्यापकहरूले प्रकट गरेका थिए । उ हंस-मुख र कम बोल्ने स्वभावको छात्र थियो, उसैले उसको अन्तिमपट्टि के कति गुदी छ, खासै दाजु जीवन पनि अनभिज्ञ थिए । बिहान दुई घंटा उ दाजुसँग पढ्थ्यो । रंजनको काम सप्ताहमा तीन पटक तरकारीको निमित्त वसन्तपुर जानु, महीनाभरको रसद खरीद गर्न दाजुसँग एक गते वा दुई गतेका दिन जनसेवा र बजार जानु, सात

CC-0. In Public Domain. Digitization by eGangotri

सात दिनमा आमाबालाई 'खबर, लेख्नु, आएका चौठ हरू पढनु, पद्मोदय हाईस्कूलसम्म दिनमा पढ्न जानु भाउजूलाई दाजुले थाहा नपाउने गरी पढाउनु आ थियो ।

राजी नम्र स्वभावकी, हँसिलो, छरिती र भ विचारकी, सुन्दरी बुहारी थिईं । देवरलाई राजी 'नानी भन्थी, रंजन चाहिं 'दुली' भन्दथ्यो । कारण त्यस परिवारमा राजी बधू बनेर प्रवेश गर्दा उ सबैकी 'दुलही थिई, त्यसैले रंजन 'दुली' छोटकरीमा भन्दथ्यो; त रंजन भने 'नानी' मै बाल्यावस्थादेखि मालामाल थियो वास्तवमा देवरभाउजूको उमेरमा छ–सात वर्षको जेठा कान्छी थिए । 'तैपनि ती दुई परिचित भएको दिनदेखि नै अगाध प्रेममा भरिपूर्ण बनिसकेका थिए। आफू घरभि पसेदेखि मनमिल्दी साथी राजीले रंजनलाई नै पाए पनि हो । वास्तवमा साथी पनि हो । त्यसैले उनीहरू प्रेममा बाधक पनि कोही हुँदैनथ्यो । संभवतः यस्त सोचेर जीवनले बाबुआमासित रंजनलाई मागे, शायद यही नै देखेर आमाबाबुले पनि संतति स्नेहलाई अर्कातिर पंछाएर आफ्नो काखको छोरालाई अर्काको छोरीको काखमा छाडिदिए ।

× × ×

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन ठीक ६ बजे उठ्दथे र स्नानागारतिर लाग्दथे । त्यस बेला रंजन स्नानागारबाट निस्किसकेको हुन्थ्यो । नुहाएर रंजन सरासर भान्साकोठामा पुग्दथ्यो र बिस्कुटका पुरिया झिकेर प्लेट फैलाउँथ्यो, राजी थर्मस्मा कफी भरिसकेर गिलासमा हुँडेलन थालिसकेकी वा थर्मस्मा कफी भर्दै हुन्थी । देवरको प्लेट भरिदिएर राजी एक चोटि हाँस्दथी अनि देवर चाहिँ भाउजुको कपमा काफी हुँडेल्दथ्यो । दुवै चियापान गरिसकेर, जीवनको कोठातिर लाग्दथे । जीवन स्नानागारबाट निस्केर सरासर ओर्लन्थे । उनी सोफामा बस्दै 'रंजन ! आजको पहिलो अध्याय अब शुरू गर !' भन्दथे । रंजन चाहिं हातको बिस्कुटको प्लेट टेबुलमा राखेर किताप लिन जान्थ्यो । अनि राजी थर्मस्को हात टेबुलमा बिसाएर विनम्रस्वरमा भन्दथीः

"तयार गरूँ ?" ।

"पर्ख !" सामान्यतः जीवन जबाफ दिन्थे ।

दुएक मिनेटसम्म राजी पतिको अनुहारतिरै हेरिरहन्थिन् । तर जीवन शान्तिपूर्वक हिजोको समाचारपत्रमा तल्लीन बन्दथे । किताब–कपी बोकेर रंजन एउटा सोफामा बदस्थ्यो र भाउजूतिर हेरेर भन्दथ्यो—'किन, दुली ? तपाईं अपर्णा झैं उभिने नि ? एक अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्ने होइन तपाईं पनि ?" ।

"हैन, नानी ? बिस्कुट खुल्ला छ भनेर......"

"अब तिम्रो अध्याय त सकियो नि ! जाऊ न त !" जीवन जबाफदिन्थ्यो ।

राजी सप्को तहलाउँदै बाहिरतिर कदम सार्थी, रंजन आफूले लेखेकोकापी दाजुको अघिल्तिर सारिदिन्थ्यो। रंजनलाई पढाउँदा पढाउँदै कुनै बेला जीवन थर्मसको काफी पिउँथे । पढिसकेर रंजन ढोकाबाहिरबाट भाउजूको तयार भो !' भन्ने आवाजका साथ उठेर भान्साकोठातिर लाग्दथ्यो, दाजुभाइ संगै खान्थे । दाजु चाहिं नौ बजे नै विश्वविद्यालयतर्फ हिंड्दथे, उनको दिनभर विश्वविद्यालय र पुस्तकालयमै बित्दथ्यो; रंजनको स्कूलमै। साँझ दुवै सधैं सँगसँग खानपिन गर्दथे, नत्र, दाजु चाहिं नखाने भए देवर–भाउजू सँधै । आफूले खाइसकेकै भए पनि भाउजूले खाउन्जेल देशविदेशका नयाँ नयाँ कुरा गरेर रंजन बसिदिन्थ्यो । बिदाको दिनमा भने भाउजू अघिपछिभन्दा दोब्बर प्रसन्न रहन्थिन्. दिनमा चमेना चियाबिस्केट सबै जना बैठकमै खान्थे । उनी· हरूको जीवनक्रम यसै गरी चल्दै थियो ।

तर राजी पतिको अत्यन्तै चाह गर्थी । उ पनि घरमा प्रवेश नहोउञ्जेल छिनछिनमा देवरसँग चर्चा गरिरहन्थी । विश्वविद्यालयको बारेमा हुन्छ कि पुस्तकालयको विषयमा हुन्छ कि चर्चा चलाएर त्यहाँको स्थिति अध्ययन गर्दै हाँस्दथी । अब त उ भाउजूलाई बताउनु पर्ने हुँदा रंजन पनि सबैतिरको ज्ञान गरी वर्णन गर्न सक्ने बनेर आउन थालेकोथियो । उ भाउजूप्रतिको दाजुको असीम तटस्थता देखी भित्रभित्रै कुँडिन थालेको थियो । पोहोरपरारको जस्तो चंचलता अब उसमा बाँकी रहेकै थिएन, यस वर्षको चैतदेखि त उ एकदमै दाजुप्रति क्रुद्ध हुँदै आइरहेको थियो । उसले लुकाउँदा लुकाउँदै पनि दाजुसँग कुराकानी गर्दा कता कता उ अलि बटारिएर बोलिदिन्थ्यो । यो कुरा दाजुले थाहा पाएका पनि हुन्, तर भाइमा बित्थाको अभिमान आउन थाल्यो भन्ने पट्टि लागेर हो वा केले हो विनम्रस्वर भावको बारेमा अर्ति–उपदेश पनि अप्रत्यक्ष तरीकाले दिन्थे । यस्तो बटारिदो आभास पाउँदा भाउजू चाहिं गुत्थेर फेरि त्यस्तो मर्यादा–उल्लंघन नगर्ने कबूल गराएर मात्र छाड्ने हुँदा रंजन सबैतिरबाट व्यवहार र सतर्क गर्दथ्यो ।

छिनैमा आफ्नो आँखा छली, निहुँ पारी दाजुको कोठाको ढोकाको दोसाँधमा लुसक्क उभिने र निराश

CC-0. In Public Domain. Digitization by eGangotri

बनेर फर्कने अनि दाजु त्यसै बैठकमै निदाएछन् भने रग–सिरक लगी बिस्तारै ओढाइदिएर झ्यालढोका बन्द गरी लुलो पैतालाले फर्कने भाउजूलाई उसले राम्ररी अनुचिंतन गर्न थालिसकेको थियो । भाउजूको भित्र केही कांत अभावले शिथिलता ल्याइसकेको छ, स्वास्थ्य कसरी बिग्रँदै गएको छ भन्ने पनि राम्रैसँग उ देख्न र बुझ्न थालिसकेको थियो । तर दाजुको भित्र के छ, त्यो भने उ निस्पट्ट अंधकारमा थियो । आफू व्यक्त गर्न नसक्ने, दाजु पूरै तटस्थ रहने साधूमहाराज, भाउजू चाहिं दोष-गुणमै शिरोनत रहिदिने, भने यस घरमा अब मुद्दा, मुद्दाली र न्यायाधीशको आवश्यकतै किन? यस्तो विश्ले-षण गरेर रंजन आफ्नो भित्रबाट उकुसमुकुस भएर उब्जेको पानीपोखरीमा मूसो बनेर आफैं निथ्रुक्क हुन्थ्यो । हुन पनि ठेडी नै नभएको बाँसुरीले बज्ने मौका नै कसरी पाउला र !

यस्तै तर्कवितर्कले बैशाख बित्यो । वैशाखकै रूपले जेठ पनि बित्यो । तर दिनप्रतिदिन रंजनको अध्ययनभन्दा नैराश्य, पीडा, बिलखबन्दी, अनपत्यार, अविश्वास, पश्चा-त्ताप र यस्तै त्यस्तै हतोत्साहिता आदिले अझ उत्पीडन दिन थाल्यो । श्रावण र भाद्र पनि बिते, आश्विन मही-

CC-0. In Public Domain. Digitization by eGangotri

नाको प्रारंभमै एक दुर्घटना भो, त्यसले त झनै सुषुप्तप्राय मानवी क्रोधले समेत घेर्न थाल्यो । बाबु–आमालाई लिन पठाउनू भन्ने ढंगको आशयको पत्र लेखेको पनि हो, तर च्यातिदिने इच्छा आयो । दशैं–र तिहारको सबैलाई हाँसीखुशी राख्ने चाडले पनि दाजु–भाइ र भाउजूलाई अलिअलि छोयो—तर त्यो पनि पूषमाघको स्याँठले टिपे जस्तो !!!

एक दिन, बसेर किताब हेर्दा हेर्दै अचानक रंजन हाँसिदियो, छिनमै फेरि 'ह्वाँ!'ह्वाँ!' रोइदियो । भाउजू बिचरी अनाथिनी तलबाट माथि र माथिबाट तल पगली झैं दौडन थाली । छिमेकका दुइटी बूढी पनि आइदिए; डाक्टर बोलाइ पनि दिए, औषधोपचार पनि आरंभ भो । साँझ नपर्दै दाजु पनि आइहाले, बिचारा जीवन भरखर परीक्षा समाप्त पारेर शान्तिसँग मन तथा शरीर स्वस्थ तुल्याउनु पर्ने बेलाका मानिस, मुटु देखि काँप्न थाले । भाउजूको अनवरत सेवा र रक्तदानद्वारा रंजनमा पुनः प्राण तथा चेतना आउन थाल्यो ।

× × ×

मंसीरको छोटो दिन, घामको तातो कमजोर हुने मौसम, बदलीले दिनलाई ढाकिदियो । देवरको जिन्दगी

CC-0. In Public Domain. Digitization by eGangotri

उधारो ल्याएर फूल जस्तै हलुका छाती भएकी भा
नानी, अब त निको हुनु भो, बल्ल मेरो सासमा
भरिएर आयो ! म अब मरे पनि शान्तिसँग सास छा
सक्नेछु भन्दै आँखाबाट बलिन्द्र धारा बगाउन थालिन्
भाउजूको देवरप्रतिको अगाधप्यार देखेर दिग्दिगन्त
छोपिइरहेका सूर्यदेव एक पल्ट मुलुक्क मुख देखा
हाँस्न थाले ।

कपाल र निधार मुसारिरहेकी भाउजूको हातको ध
धपाउँदो उष्णताले छटपटाउँदै हात हटाउन बल गर्दै नानी
भन्यो:

"हातले पोल्यो दुली ? लौन नछुनोस् !"

'लौननि ! तपाईलाई मेरो हातले पोल्यो? ... हेर!"
भाउजू छटपटाई, उ उठ्ने प्रयासमा लागी, सँगै सोफा
किताब हेरेर बसिरहेका दाजुले भाइको शिरमा आ
दिएर पत्नीलाई ठाउँ सर्न सहयोग दिए ।

पत्नीले ठाउँ त सरिदिएकी हो । तर उ पलंगबा
स्वतः तलतिर उभिण्डो पर्दै लडिदिई ।

भाइको शिर तकियामै बज्रन दिएर फटपट पत्नी
लाई सम्हाउन पुगे जीवन ।

के गरून्, साउँको पनि उत्तिकै चासो, ब्याजको पनि
उत्तिकै !

CC-0. In Public Domain. Digitization by eGangotri

अर्धचेतावस्थामा झैं पुलुक्क आँखा उघारेको भाइ-लाई संबोधन गर्दै जीवनले भने;

"रंजन ? अलिकता पानी पिऊ है !"

रंजनले मुख बाइदियो, दाजुले चंचाको पानी मुखमा दुई पल्ट हालिदिए, रंजनले बिस्तारै घुटुक्क निल्यो र दाजुको मुखतिर टुलुटुलु हेर्नथाल्यो। उ क्रमशः चेतनावस्था-मा आउदैथ्यो, दाजु चाहिँ कहिले कहिले मात्र भाईलाई पुलुक्क हेर्दथे । दाजुभाईको आँखा जुद्धथ्यो, तर जीवन तुरुन्तै आँखा निहुराएर अपराधी झैं हातका औला पालै-पालो संग भाँच्न लाग्थे ।

मानिसको स्थिति बिचित्रको छ, उ आफ्नो दृष्टिले अरुलाई हेर्छ । यदि आफ्नै दृष्टिले आफूलाई र अरुलाई पनि एकै पटक हेर्न सक्दो हो त उसले कहिल्यै पनि पछुता-उनु पर्नै थिएन । तर के गर्नु, आफूले गरिसकेपछि सोच्ने बानी बसाल्दै आएको मान्छेको परम्परा कहिले फेरिन्थ्यो ।

मै दाजु 'भाईलाई के भन्ने कसो भन्ने, 'तल्लीन थिएँ, भाई चाहिँ दाजुसित के सोध्ने, कसरी सोध्ने ? मै तर्क वितर्क गरिरहेको थियो । दुवैमा खिन्नता र बेदनाले घेरी-रहेको थियो, एऊटामा अलि अलि नैराश्य थियो । सीताको विलुप्तिको घटनाको पछाडि राम लक्ष्मणमा भए झैं। परिबे-

CC-0. In Public Domain. Digitization by eGangotri

दना र कर्तव्यनिश्ठताले यो दुईमा ब्याप्त गरिराखेको थियो ।

धेरै वेर यसै रहेपछि, ऐकाएक रंजनले दाजुसित सोध्यो, ।

''दुली किन नआएको दाजु ! '' ।

अथाह कल्पनामा डुबुल्की मारिरहेको कविको कानमा तेल नुन' को आवाज परेझैं जीवन झस्के–तर्सें, र भाईको मुखतिरट्वालट्वालती हेर्न थाले। भाई आफ्नो प्रश्न लिए हेरिरहेको छ दाजु अचानकको भूईचालोको कम्पनले किंकर्तव्य विमूढभए झैं छन् ।

धेरै क्षण प्रतीक्षा गरेपछि रंजनले आफ्नो प्रश्न फेरि दोहोऱ्यायो । अब आफूलाई राम्ररी संवरण गरिसकेका जीवनलाई मुख खोले: दुली यहाँ छैन !

'यहाँ छैन रे ?...... त खै त ? जानु कहाँ?'

रंजन जुरुमुराउदै उठ्छ तर जीवन झटपट भाईलाई समात्दैरोकेर भन्दछन्

''पख न रंजन ? सब कुरा बताऊन त यहाँ जीवित छु । तिमी चलबल नगरन ! डाक्टरले यसै भनेकाछन् !''।

''भन्नोस् न त, के अलमल्याइरहेको त मलाई ?'' च्याट्ठिँदै रंजन बोल्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

"तिमी यसै उर्तासिन्छौ होला भनेर नै त म चूर लागेको ! शान्तिसँग सुन, नकराऊ ! म सब बेलिबिस्तार गरूँला, नत्र"।

"नत्र के ? 'नत्र' बताउन्नँ 'भन्ने हो भने भन्नोस् न त !"

"पर्ख रंजन, पर्ख ! तिमीलाई भन्दा मलाई दुःख छ भाउजूको बारेमा !"।

"मेरो भन्दा बढी रे ?—दाजु, म आज मेरो मनको उस्लेको कुरा पोख्छु! सुन्नुहुन्छ ?—सक्नुहुन्छ ?—रिसाउनुहुन्न त ? लौ किरिया हाल्नोस् !"

"धर्म साक्षी राखेर भन्छु भाइ ? म आज तिमीले सुनाएको कुरामा केही विरोध गर्दिनँ । जीवनभर राखिछाड्ने भएँ, भो कि?

"भाउजूलाई अहिलेभन्दा पनि बेवास्ता त गर्नुहुन्न ?"।

अब जीवन खग्रास ग्रहण लागे जस्ता भए । उनको मुखबाट बकै फुटेन । नीलो मुखले मनभित्रको कुरा लुकाउँदै बोले:

"तिम्री भाउजूलाई म माया गर्थें गर्दिनथें, म केही भन्न सक्तिनँ, तर त्यो कुरा तिमी र तिम्री भाउजूले थाहै

CC-0. In Public Domain. Digitization by eGangotri

पाएनौ ।तर पनि आजदेखि मैले देखाउनु पर्ने माया तिमी-हरू मात्रै होइन, रहेछन् भने ईश्वरसमेत राम्ररी देख्ने-छन् "।

"त्यसो भए तपाईं माया गर्नु हुन्थ्यो, होइन त ?"।

"भन्नै त पर्‍यो भाइ !"।

"तपाईं भाउजूसँग कहिल्यै हाँसेर बोल्नुभएन !"।

"हो !"।

"आफ्नो कोठामा तीन मिनेट कहिल्यै भाउज्यूलाई बस्न के, उभिन पनि दिनुभएन, कि होइन ?"।

"हो !"।

"बिहे गरेको सात सात वर्षमा एक दिन तपाईंले उहाँलाई बोलाउनु भएन, साथै हिड्नु, हाँस्नु, खेल्नु, बस्नु सुत्नु आदि त परै रहोस् ! कि होइन ?"।

"हो "।

"दुलीको शरीर, स्वास्थ्य, जीवन, खानपान आदिमा सधैं बेवास्ता गर्नु भो !"।

"हो, हुन ता, तर....."बीचैमा कुरा काटेर रंजन बोल्यो:-

"उ पनि कसैकी छोरी हो, माइतघर गर्न मन लाग्ला, मेरा बाबु आमाले जस्तै प्यारले पालन गरिएकी

CC-0. In Public Domain. Digitization by eGangotri

हो भन्ने कहिल्यै पनि सोच्नुभएन !"।

"पढाइ सकिएपछि म सब थोक गर्थें भाइ ?"।

"तपाईंलाई स्वार्थ त्यत्रो मूल्यवान् भए अरुलाई पनि त्यस्तै, हुन्छ भन्ने कदापि सोच्नुभएन ! कहिल्यै तपाईंमा परार्थको भाव उत्रेन ! पढाइ सकेर सब थोक गर्नेले पढाइ छँदै एक थोक पनि किन नगर्ने नि ?......"।

"मैले यति कुरा सोच्न सक्दिनछु भाइ !" दाजुले नीलो अनुहारले जबाफ दिए ।

"तपाईंको आज्ञा लिन नसक्दा यसपाला 'टेस्ट' दिन सक्नेमा पनि चुर्मुकिएर हामीले बस्न पर्‍यो, भन्न कसैले सकेनौं । सब थोक स्वार्थतिर सोचे पनि अर्काको भित्री जीवन बिरसिलो पार्न स्वार्थतिर लाग्नुहुन्न दाजु ?— अर्को कुरा सुन्नोस् !—पोहोर फागुनमा सेवाटहल र रातो-दिन आँसु बगाएर रुनु मात्र गरेर होइन, आफ्नो शरीरको तीन सीसी रगत दिएर तपाईंलाई भाउजूले बचाउनुभो, तर वहाँले स्याबासी समेत पाउनुभएन ! तपाईंदेखि त रिस मात्र होइन, मलाई घृणा लाग्न थालिसक्यो !"।

"रंजन तिमी यो के के भनिरहेछौ ? मलाई पनि रगत दिने उनै ?"।

"को भन्ने ठानेको त तपाईंले ? ईश्वर आयो त ?"।

"हेर भाइ ? पोहोर मलाई ज्यानदान गरेर पुगेन र

CC-0. In Public Domain. Digitization by eGangotri

हो कि क्या, अहिले तिमीलाई दुई सीसी रगत उनैले दिइन तैपनि म......"।

"अहिले मलाई पनि रगत दिनुपर्‍यो ? भाउजूले दिएको ? हे दुर्गा ? मलाई कति भार बोकाएको ए भाउजू ? दुली–मेरी आमा ? खै म उही गएर खुट्टा समाउँछु..." रंजन अपर्झट उठेर दगुर्छ, तर ढोकामै जीवन रोक्छन्, दाजुभाइको बलाबल पर्छ ।

अस्ताचलको सूर्य बादलले छेके पनि, हिमालले छेके पनि अस्ताइहाल्छ, अस्ताइहाल्छ; उषाकालमा जूनकीरी जतिसुकै धिपधिपाए पनि उसको धिपधिपाई हराउँछ, हराउँछ, ? आपत्ति परेर आएपछि मान्छेको भित्रपट्टिको लुकिरहेको कुरा भुलभुलाउँदै वाग्द्वारको उदगार भैं निस्किहाल्दछ ।

भाइको प्राणान्तक बलसँग हार हुने देखी दाजुले सँघारमा दुवैतिर हातले सकेसम्म पक्रँदै भाइतिर फर्केर भने:

"रंजन तिम्री भाउजुको सङ्कत गर्न पठाएर म भरखर आउँदैछु । तिमीलाई रगत दिएर भोलिपल्टदेखि उनी मूर्च्छा पर्न थालिन् । आज बेहानै अस्पतालबाट उनी अनन्ततिर...रंजन ? अब शान्त होऊ ! हिडँ पलंगमा !"

CC-0. In Public Domain. Digitization by eGangotri

'मलाई पलंगसलंग चाहिन्न मलाई त भाउजू चाहिन्छ! दुली नै चाहिन्छ ! पापी दाजुको स्वास्नी चाहिन्न !!! ..... हे आमा ? —ऐया ! ऐ या नि ! ......'' छाती थिच्दै रंजन थचारिन्छ, जीवन भाइलाई अँगालन पुग्छ। तर ....

अब यो ईश्वरको परीक्षा, यसको फलसँग वास्तवमा कसको संबन्ध छ, ईश्वरै जानोस् !!!

समस्त देशवासीमा विजया दशमीको

हार्दिक शुभ–कामना

सात्ट ट्रेडिंङ कर्पोरेशन लि.

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

२०२८

विजया दशमीको शुभ उपलक्ष्यमा
नेशनल ट्रेडिङ लिमिटेड
समस्त नेपाली समक्ष
सुख, संवृध्दिको लागि
हार्दिक शुभ-कामना प्रकट गर्दछ ।

नेशनल ट्रेडिङ्ग लिमिटेड, टेकू

फो. नं.
११-६६२, १२-६२४, १२-६२५
१२-६६३ र १४-३६५.

श्री नवदुर्गा भवानीले
समस्त देशवासी प्रति
रक्षाको साथै
मंगलमय तथा शुभ-कामना
प्रकट गर्दछौं ।

ग्रायएड उल सेराटर परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

परींको अँगालोमा समालोचक

–कुमारधर शर्मा 'ज्ञानी'

,लु भन् गाँठे ! अब मेरो कलम जमजमाएर उठेको छ, कसलाई खसाल्नुपरेको छ र कसलाई उठाउनुपरेको छ ?'

होटल इन्दिरामा दुई–चार जना लेखकहरू भेला भएका छन् । तिनीहरू खुकुरी रम तन्काउँदै राष्ट्र–अन्तारराष्ट्रका कुरामा मग्न छन् ।

एउटा चूपचाप बसिरहेको हुन्छ ! ऊ एक्कासि बोल्छ–'तँ मोरो समालोचक भएर के गर्नु ! तेरै साथी म यहाँ अचर्चित भएर बसेको छु । यहाँ मेरो

CC-0. In Public Domain. Digitization by eGangotri

लेखाइको मूल्यांकन कसैले गर्दैन !...को तारीफमा सिंगै किताप लेख्ने...मोरो .. तप्काएर बसिसकेको छ ।..

अर्को, जसलाई यहाँ समालोचक भनी सम्बोधन गरिएको छ र जो सबभन्दा बढी खुकुरी रम प्रयोग गर्न खोजिरहेछ, बोल्छ–'के कुरा गर्छस् ए गाँठे! यहाँ मपाईंलाई खुकुरी रमका बोतल चढान, अनि तेरो प्रार्थनाको पनि मूल्य रहला । कम–से–कम एक बोतल खुकुरी रम त चढा, अनि देख्लास् , म के गर्न सक्छु र के गर्दो रहेछु ।'

'तँ काँठा यस्तै एकोहरो भएर त बिग्रेको होस् नि ! यो सब कसको फर्माइस भन्ठान्याथिस् त अहिलेसम्म ? तेरै पूजा गर्न भनेर यत्रो खर्चको भू भारत उठाएँ, अझ तँ मोरो उल्टै ममाथि यस्तो दुर्वाच्य बोल्छस् । (होटल बेयरालाई) ए कान्छा! यहाँ तेरो बाजेलाई दुई बोतल रम र दश ओटा फूल चढाउन ल्या ।'

बेयरा एकै छिनमा हुकुम तामेल गर्छ । समालोचक भनाउँदोले प्रशस्त तन्क्याइसकेको हुन्छ । उसले मनमनै आफ्नो व्यक्तित्व निकै बढिसकेको अन्दाज गर्छ । ऊ आफ्नो जीऊतीर दृष्टि दिन्छ–'

CC-0. In Public Domain. Digitization by eGangotri

बंगुर झैं मोटाएर पुष्ट भएको शरीर, लम्बोदर, फराकिलो छाती । अगाडिको ऐनामा देख्छ— जल्दो-बल्दो रातो-पीरो अनुहार, कति दृढता झल्किने आँखा, डल्लो नाक, फराकिलो निधार । ऊ आफूलाई साहित्यिक क्षेत्रको राजा नै सम्झन्छ । सिंगै फुल एउटा मुखमा कोचेर चपाउँदै खुकुरी रम तन्काउँदै भन्छ—

'लु भन् गाँठे ! अब मेरो कलम जमजमाएर उठेको छ, कसलाई खसाल्नुपरेको छ र कसलाई उठाउनुपरेको छ ?'

उ मानो अहिल्यै लेख्न थाल्ने हो कि भने झैं गरी कलम समाती अकडिएर बस्छ । तर ऊ निकै लड-खडाइसकेको हुन्छ, ऊ झण्डै घुप्लुक्क लड्न लागेको हुन्छ, अर्कोले सह्याल्छ ।

'ए मूला ! तैंले मेरो सारा योजनालाई फासफूस पारिदिन लागिस् कि क्या । अहिले भर्खर के भन्दै-थिस् होश छ तँलाई ?'

'पूरा होश छ पशु ! तँ पशुलाई म पशुपतिना-थले वरदान दिएँ । लु माग् गाँठे के माग्छस् ?'

'ए काँठा! तैंले त मेरो बेइज्जती पो गर्नलागिस् । तँलाई यसरी बेहोश भई जथाभावी फलाकन खबाए-

CC-0. In Public Domain. Digitization by eGangotri

को त होइन नि !'

'लाहुरे ! तँलाई त्यस्तो पीर पऱ्यो ? लु, सह्मालिएँ लु ! भन् कसलाई खसाल्नु छ, कसलाई उठाउनु छ ? मेरो कलममा यति धेरै शक्ति छ, यति धेरै ... म जसलाई तारीफ गर्छु, उसको नाम शाश्वत्याकाशमा चम्कन थाल्छ; अनि म जसलाई खेद्छु त्यो धरातल फोड़ेर रसातल पातालसम्म पुगेको हुन्छ ।'

'लु, लु, भैगो, तेरो माहात्म्य मैले पहिल्यै सुनिसकेको छु । अबमेरो...लेखको बिषयमा काफी तारीफ गरेर एउटा समालोचना लेखिदिनुपऱ्यो बुझिस् ! अँ,...ले मलाई सारै हेलाँ गरेको छ । त्यसलाई साफसित गाली गरी एउटा लेख पनि छपाउनुपरेको छ । बरु भाषा यस्तो बजनदार हुनुपर्छ कि, यस्तो बजनदार हुनु पर्छ कि, यस्तो बजनदार हुनु...'

'मलाई थाहा छ लाहुरे !! कुन लेखको भाषा कस्तो हुनुपर्छ । तैंले मलाई भाषा सिकाउनुपर्दैन।'

'लु, लु, तेरै जीत भो ल, तँलाई त्यति भन्न पनि नहुने ?'

'हुँदैन, म को हुँ ? चिनेको छस् मलाई ? जँगेको तानाशाही तैंले पढेको थिइस् नेपालको इतिहास

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्दा ? त्यो जंगेलाई म माथ गरिदिन्छु । म जंगे मात्र होइन, महाजंगे हुँ । मेरो तानाशाही साहित्यमा सुनौला अक्षरमा लिपिबद्ध हुनेछ । जंगेले एउटै पर्व कोतपर्व मचाएथ्यो, मैले त . पर्व, . पर्व,... पर्व गरी धेरै पर्व मचाइसकेको छु, अब फेरि...पर्व मचाउँदै छु ।'

'लु बाबा लु, म भन्दिनँ । तर यति काम त गरिदे ।'

'बुझिस् , मेरो गालीदेखि सरकार समेत डराउँछ । मलाई बेलाइत, फ्रान्स, अमेरिका आदि कुनै देशमा जानु छ भने गाली गर्न लेख तयार गर्दै छु भन्ने हल्ला मात्र फिंजाइदिनुपर्छ, तुरुन्तै म सरकारी पैसाबाटै कुनै योजनाअन्तर्गत जान पाइहाल्छु । मेरो धाक कम छैन, बुझिस् ?'

त्यत्तिकैमा दुई जना पुलीस भित्री कोठाबाट लडखडाउँदै निस्कन्छन् । लेखकहरूको सातो उडेको जस्तो देखिन्छ । समालोचक महाशय लडखडाउँदै उठेर हात जोडेर भन्न पुग्छ–संसारको विरोधमा बोल्ने म होइन, म होइन, म होइन,...' तर पुलिसहरू ढुनमुनिँदै निस्कन्छन् । लेखकहरू समालोचक महाशयको लडखडाउँदो शरीरलाई डोऱ्याएर बाहिर

CC-0. In Public Domain. Digitization by eGangotri

सडकमा पुग्छन् । एउटा ट्याक्सी रोकेर त्यसमा बस्छन् । ट्याक्सीका पांग्रा सडकमा निःशब्द गुड्न थाल्छन् । लेखकहरू नून खाएका कुकुरा झैं भुल्न थाल्छन्, समालोचक महाशय कुनै परीको अँगालोमा बाँधिएको कल्पना गर्दै बेहोश हुन्छ ।

विजया दशमीको शुभद उपलक्ष्यमा
समस्त नेपाली प्रति
हार्दिक शुभ-कामना
गर्दौं
—ललितपुर नगर पंचायत
परिवार
फो. नं. २१५०० संगल बजार

CC-0. In Public Domain. Digitization by eGangotri

संघार

—पोषण पाण्डे

पोखरीको पानी कल्याङ् कुलुङ् चल्छ र छप्ल्याङ् छुप्लुङ्को आवाज सुनिन्छ । पानीको पेट चिरेर तरवार जस्तो सेतो दुईटा नागवेली फन माथि उठ्छ बटारिँदै, परस्पर बटारिँदै ।

पोखरीको ठीक माथि आकाशमा चन्द्रमाको बिम्ब उदाङ्ग छ ।

जाउँ हिँड न त..

नाइँ म जान्न..

दुवैको हात लठारिन्छ । एक छिन भुईंमा छरिएका पातहरू चर्मराउँछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

नाइँ, नाइँ, नाइँ म जान्न...

दगुर्दै घर भित्र छिरेर ढोका लगाउँछे । सुस्त
भऱ्याङ उक्लेर कोठा भित्र पस्छे । क्रमशः खाटति
सरेर, लोग्नेको ओढनी भित्र लुसुक्क छिर्छे
गुजुमुजिन्छे ।

ख्याट्, ख्याट्, ख्याट् ....

ढोका कस्ले खट्खटाएको ! उ डरले लोग्ने
आङ समाउन हात अघि सार्छे । तर यो के ! ओढ
भित्र त उसको लोग्ने छैन । ढोका निरन्तर ख्या
ख्याट् गर्दैछ। उसलाई थाहा छैन, उसको लोग्ने कु
बेला खाटबाट उठेर गयो। शायद उसकै लोग्ने
खट्खटाएको हो कि ।

ढोका खुल्छ । संघार बाहिर लोग्ने संघार भि
स्वास्नी ।

कहाँ जानु भएकोथ्यो हजूर... मलाई खुब मा
गर्ने हजुरै होइन ?

तिमी कहाँ गएकी थियौ नि...तिमीलाई पनि
मेरो कम माया लाग्दैन नि, होइन ?

दुबै सर्न खोज्छन, तर खुट्टा भने भुईमा गाडिय
गाडियै छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

बीणा

—बासु रिमाल 'यात्री'

म सुतिरहेकी थिएँ किन होला बिउँझाइ दिएको उसले । म मौन थिएँ किन बोल्न बाध्य गराएको! उसले । म एउटा कुनाको भित्तामा ठडाइएको वीणा जसलाई बिरलै आँखाले छुन सक्थ्यो । तर उसले त प्रत्येक चोटि दृष्टिपात गरेर छोडिदियो । अनि यी मेरा तार झनझनाएर नाच्न थाले । यो मीठो उत्तेजक ध्वनिलाई अब म आफ्नो तारहरू भित्र समेटेर कसरी राखुँ । उसले छोइरहोस् मलाई, म झन्कृत भइरहुँ–यो असन्तुष्ट चाहना आगो भएर बलिरह्यो ममा । म नछोइदा सन्तुष्ट थिइन र ?

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई छुने उसको के अधिकार ? व्यर्थैं
सपना देखेर म उडन पुगे। आजै पो म विप
पछारिए।

मैले के बिराएकी थिएँ र ? उसले मेरो बारैमा
गरिहाल्यो बासंग मैले ऊसंग जस्तो व्यवहार ग
त्यो कुनै पनी भलाद्मि तथा साहित्यकार
देखिने व्यक्ति संग गर्न सकिन्छ । बुबाले म
आगन्तुक प्रति उपेक्षात्मक व्यवहार गर्न हुन्न
सिकाउनु भएथ्यो। मैले ऊ प्रति सद्व्यवहार
यत्तिमै ऊ प्रभावित भइ हालेछ। हाम्रो घरमा
हाम्रो घर खोज्दै थियो ऊ। मनमनै कस्तो
उठ्यो आफू लाई। थाहा पाएर पनि थाहा नपा
गरी सोधेको हो कि, काकताली परेको हो म
जानोस्। जाडोमा उसलाई बाहिर उभ्याइरहनु
त भएन। पहिले त लाज लागे छ उसलाई
"बुबा आउने वेला भो बस्नुन्त" भनेर
दोश्रोपल्ट भनेपछि बल्ल ऊ बैठकमा बस्यो।

"हिजो फोनवाट कुरा भएथ्यो, मैले आज

CC-0. In Public Domain. Digitization by eGangotri

भनेथें ।"

"हिजो अस्ति यति बेला आइसक्नु हुन्थ्यो,
उदै हुनु होला ।"

हमा ऊ संग दोहोरो कुरा भएको यत्तिन हो ? लाज
न्ने मान्छे रहेछ मभन्दा पनि बढी । म उसको
उँमा भएको भए बरू धेरै कुरा गर्न सक्थे हुँला ।
ाले पढ्ने गरेको पुस्तक पल्टाएर पढ्न थाल्यो ।
बाहिर निस्के ।

यो हाम्रो बैठक कोठा कस्तो असजिलो छ भने
त्र बाहिर गरेको सबै देखिन्छ । पुस्तकमा कति
राउन सकेको छ भनेर यसो हेर्‍यो आँगनबाट
मलाई हेंरीरहेको हुन्छ । मान्छे कुरा गर्न मात्र
ज मान्छे रहेछ, अनुहार हेर्न होइन । अर्को पल्ट
साब फेर्न जाँदा पत्यार मानेको छैन होला भनेर
सो हेरें–ऊ मलाई हेरिरहेको छ । आफैंलाई लाज
ग्यो यस्तो मान्छेले पुस्तक किन हातमा लिनु नि
भाको निम्ति ? बस्न पनि ऊ ढोकाकै सामुन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

बसिदियो, हता भित्तातिर बसेको भए

हुन्थ्यो नि । जे हुन छ त्यो हुने सबै कुराको तम्य मिल्दो रहेछ ।

त्यो दिन बुबाले पनि घर फर्कन ढिलाइ गर्नु भयो भने के भन्नु ! अफिसबा घर फर्कने मान्छे त्यो दिन विशेष काम सडक तिर जानु भएछ । सानो भाई पसेपछि उसंग गफ गर्न थाल्यो ऊ । भा थियो–उसले हाम्रो बारेमा सबै कुरा सोध्यो छ त मलाई रीसै उठ्यो । पछि आफूलाई घनिष्टता बढाउन चाहनेले हाम्रो बारेमा जान्न खोज्नु अनुचित होइन। कोठामा गर्मी क्यारे, यस्तो जाडोमा पनि ऊ भाइसंग हा बाहिर तिर घुम्न निस्क्यो । म कौसीबाट हे थिएँ।र सोचिरहेकी थिएँ-यो मान्छे साहित्य पर्छ बुबा जस्तै । अर्थात असामान्य प्र मांघको जाडोमा,साँझको सिरेठो चलिरहेको ऊ कोठाको न्यानोमा गर्माएछ। जाडो खान

इर । केही बेर प्रकृतिमा घुमेर ऊ फेरि घर
र पस्यो । यो पटक मेरो अनुहार हेरेर हाँस्दै
यो– "यस बेला सम्म आउनु भएन के गर्ने
इ "

मन मनै ठट्टा गर्दै भने॰आफ्नो बाटो तताउने
हाँसेर जबाफ दिएँ–"आज साइत परेन तपा-
ईलाई नत्र यति बेला सधैं आइपुग्नु हुन्थ्यो ।" ऊ
भाव हाँस्दै बैठकभित्र पस्यो । आफूले गरेको कुरामा
छ म आफैंलाई लाज लागेर आयो । होइन कहिले-
ही कस्तो हुँदो रहेछ भने बोलेका शब्दहरूले भन्न
जेको कुराभन्दा बढ्ता भनिदिँदा रहेछन् । 'आज
इत परेन' ले व्यङ्ग्य गरे झैं पो लाग्यो उस-
ई.हुन त मैले सोझै किसिमले भनेकी थिएँ। व्यङ्ग्य

स्यो कि बुझेन उसले । किन बुझ्दैनथ्यो–ऊ कथा-
र न ठहरियो । कथाकार आएको एक घण्टा
इसकेथ्यो तैपनि बुबा आउनु भएन । बाहिरतिर
र जाडो खाएर आएको मान्छेलाई एक कप तातो

चिया दिनु आफ्नो कर्तव्य सम्झें मैले। अनुपस्थितिमा कोठामा स्वागत गर्नुलाई ऊसा रूपले लिन सक्छ। तर चियाको सत्कारलाई अर्कै अर्थ........।

जे सुकै सम्झोस् म संकुचित हुन सकिन। उसलाई चिया दिनु उचित सम्झें। पहिले त असजिलो मान्दै भन्यो (त्यो लोकाचार पनि सक्छ)–"एक्लै बसेर चिया कसरी खानु?" ओठमा हाँसो फुस्काइ दिएँ। उसले बाङ्गिएको लाई सोझ्याउँदै भन्यो "उहाँ आएपछि खाउँला म किन हार मान्थें। "बनाइ सकें उहाँ आ फेरि टक्र्याउँला।" मीठो लाज र उत्तेजना म बाहिर निस्कें। पाहुनाको स्वागत सत्कारमा त्रुटी भएन भन्ने संझें।

झमक्क सांझ पऱ्यो तैपनि बुबा आउनु नोकर्नीले पानी ल्याइ दिईं, आगो बाली दिईं। पकाउन बस्न परिगयो। बडो झन्झटको काम

CC-0. In Public Domain. Digitization by eGangotri

ात पकाउनु पनि । आमाको अनुपस्थितिमा
ाफैले नगरी सुख छैन । भात पकाउँदा पकाउँदा
ट्ट सम्झें—ऊ अँध्यारोमा पो बसिरहेको छ कि ।
हाँ त आगो बालेकोले कोठामा अन्धकार पस्न
केको छैन । तर त्यहाँ... स्वीच पनि देखेन होला
चराले । भाइ पनि खेल्न गएको छ । तर मलाई
कन हो' उसलाई बैठकमा स्वागत गर्दा, चियाले
त्कार गर्दा त्यत्ति लाज अप्ठ्यारो लागेको थिएन
ति बत्ती बाल्न जाँदा लाग्यो । साँच्चै ऊ अन्ध-
ारमा धुम्धुम्ती बसिरहेको रहेछ - छाँया बनेर ।
ुटुमा ढुकढुकी बढ्यो साहस गरी गएँ, स्वीच
थिचें । कोठामा झलमल्ल उज्यालो भरियो । हेर्छु–
आकर्षित भएर ऊ मलाई हेरिरहेछ । कृतज्ञताको
ाँसो दिइरहेछ' तर त्यसलाई धन्यवादले पखाल्न
क्तैन । धन्यवाद नदिएर उसले बेसै गर्‍यो । कता
कता मलाई लाग्यो–उसका आँखामा अनेक भाव-
हरू छचल्किरहेछन् । म भान्छामा फर्कें ।

बल्ल बल्ल बुबा फर्कनु भयो । मेरो जीउ हलुका

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । शुरुमा ऊ बुबादेखि रिसायो, बुबाले माप
माग्नु भयो ! अनि उनीहरू गफमा व्यस्त भए,
भान्छामा । एकै छिन पछि बुबाले बोलाउनु भ
'भित्र को छ हेर त यता'। म बैठकको ढोकामा उ
स्थित भएँ । ढोका भरीको म प्रति उसले यस
दृष्टिपात गऱ्यो मानौं पहिलोपल्ट मलाई हेर
हेको छ । "चिया बनाएर ल्याउत छोरी" उहाँ
मलाई अह्राउनु भयो । आज मलाई बुबाको
'छोरी' शब्द प्रति पनि किन हो अरुचि पैदा भ
मानौं त्यो शब्दद्वारा उहाँ नव आगन्तुकलाई मे
परिचय दिंदै हुनु हुन्छ । उहाँलाई थाहा छैन-उस
हाम्रो बारेमा सबैकुरा जानिसकेको छ र मल
उसले एक डेढ घण्टा अगाडि नै चिनिसकेको छ
संभवतः 'छोरी' शब्द प्रयोग गरी उहाँ चिनापर्चि
औपचारिकताबाट बच्न चाहनु हुन्छ । ठीकै लाग
उहाँको भावना । तर तैपनि मलाई उहाँले अलि रिस
सा एर बोलाउँदा झैं नाउँ लिएर 'बीणा 'भनेर बोल
एको भए हाम्रो हुन्थ्यो भन्ने लाग्यो । छोरी संबो

CC-0. In Public Domain. Digitization by eGangotri

नमा बालकपनाको गन्ध आउँदैन र !

चिया लगेर दिदा उसले जे भन्यो त्यो आवश्यक थिएन। के रे उसले भनेको–उहाँले अगि नै चिया खाई सक्नु भयो। त्यतिभन्दा पनि लाज मानेको। बुबाले हाँस्दै भन्नु भयो–"के भो र फेरि खाई दिनोस्।" बुबाको अगाडि मलाई पनि कस्तो लाज लाग्यो-मानौं मैले गुप्त रूपले गरेको कामको उसले प्रचार गरिदियो। म बाहिर निस्कें। तर मन थाम्न सकिन ? के के कुरा हुँदो-रहेछ सुनुन भनी बाहिर बसेर कान भित्र दिएँ। उसले भनिरहेथ्यो–"तपाईंले छोरीलाई तालीम दिनु भएको रहेछ अखण्ड खुशि लाग्यो। उहाँले गर्दा नै मेरो आज तपाइसंग भेट हुन सकेको नत्र म फर्कन्थें। वेस हुनुहुँदो रहेछ।" म लाज र खुशीले पग्लें। त्यहाँ टिक्नै सकिन र आफ्नो ओछ्यानमा आएर उत्तानो परें।

होइन कस्तो जात होला यो कथाकारको। कथा

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्ने मान्छे आफ्नै कथाको अद्भूत पात्र जस्तो। कति सोझो, छल कपटहीन मेरो बुबाको अगाडि। तर मलाई थाहा छ-उसका मनका छल कपटहरू। बाहिरी सोझो, भित्री बाठो। यस्ता कथाकारको कथा लेख्नु कति मजा हुँदो हो ? उसकि नायिका होली ? कस्ती होली ? सके बिचरोको बिहे नै भएको छैन, नत्र हाम्रो बारेमा सबै कुरा सोध्नुको के मत-लब ? अवश्य बिना मतलवले सोधेन। सके बुबाकै बदमासी पो हो कि ? वीणालाई केटो खोज्न हतार भयो, ठूली भइसकी' भनेर उहाँ जिस्काइरहनु हुन्थ्यो। सके...छी: कस्तो मान्छे होला बुबा त, मलाई पहिले यो कुराको शंका भएको भए किन उसलाई रोकेर राख्थें। वुबालाई जिल्लाई दिन्थें, अहिले आफू जिल्लिनुको सट्टा। अँ' एक दुईचोटी उहाँले आमासंग कुरा पनि गर्नु भएको हो-मेरो एक जना साथी छ कथाकार। बडो बेस छ मान्छे। अहिलेको अर्थको लागि त्यसबेला व्यक्त भएका शब्द पो हुन् कि यी ? होइन होला। छोरीलाई

CC-0. In Public Domain. Digitization by eGangotri

बी. ए. गराएर जागिर खुवाउँछु अनि बिहे गरिदिन्छु भन्नुहुन्थ्यो आमासंग अस्तित। भर्खर बी. ए. पढ्दैछु। यी सब मेरा तरङ्ग हुन्। तरङ्ग रोक्न मैले आफ्नो पुस्तक पल्टाएर पढ्न मन लगाउन खोजें। तर अँह मन पुस्तकमा टिके पो, कता कता उड्न थाल्यो। एउटै वाक्यलाई तीन, चारपल्ट पढ्दा पनि अर्थ लागेन। पुस्तक फालेर निदाउन खोजें, निंदाउनै सकिन। केही बेरपछि ऊ गयो, मेरो हृदयमा कस्तो कस्तो छटपटि छोडेर।

उसलाई के फायदा भयो मेरो मनको तार छोइ दिएर। उसले नछोइदिएको भए म यसरी झन्कृत हुनै सक्तिनथें। ऊ आफैसंगबोणा थियो त किन छोयो मलाई। आज ऊ आफ्नी पत्नी पत्नी त होला नि-लाई अँगालो हालेर हिंडि-रहेथ्यो उसले देखेन मैले देखें। कस्तो कामुक कथाकेर रहेछ। उसकी स्वास्नी पटक्कै राम्री रहि-नछ। छी: कस्तो जोडि नमिलेको तै पनि लठारिएर हिंडेका। छी: मलाई त कस्तो विराग पैदा भयो मनमा। यतिका दिन पछि बल्ल म बिउझें। सपना पो देखिरहेको रहेछु मैले।

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ उपलक्ष्यमा

समस्त नेपालीको

सुख शान्ति र समृद्धिको कामना गर्दै

औद्योगिकरणको दिशामा

अझ द्रुतगतिले प्रगती होस् भन्ने

शुभ-कामना ज्ञापन गर्दछौं

—जनकपुर चुरोट कारखाना परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ घुम्ती

(मासिक संगालो)

कथा अंक

वर्ष– १ २०२८ कार्तिक अङ्क– ५

विजया दशमीको महान पर्वको

उपलक्ष्यमा

समस्त ग्राहक वन्धूहरू प्रति

हार्दिक मंगलमय कामना गर्ने

Suit Ready in 24 hours.

फियरडिल इन्टरप्राइजेज्

FAIRDEAL ENTERPRISES

फो. नं. पसल– १३७६०
निवासस्थान– १३१३९

४४, नयाँ सडक
काठमाडौं- ६

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ घुम्ती प्राप्ती स्थानहरू—

१. शीतलपाटी पुस्तक पसल-पाल्पा, तानसेन
२. नेशनल बुक स्टल-लेडेना रोड, दार्जिलिङ
३. मातृभूमि पुस्तक भण्डार-स्याङ्जा बजार
४. वाजेको पसल-विराटनगर बजार
५. शुभ-सन्देश गृह-प्रकाशनगर, भद्रपुर, झापा
६. भानु पुस्तक भण्डार-प्रकाशनगर
७. प्रगति पुस्तक भण्डार-भरतपुर, चितबन
८. न्युज सेन्टर-पशुपति, आनन्दनगर, बीरगंज
९. कालिभक्त पन्त-कालिका पुस्तकालय, स्याङ्जा
१०. श्रेष्ठ न्यूज एजेन्सी-पाल्पा, तानसेन
११. रत्न पुस्तक भण्डार-भोटाहिटी, काठमाडौं
१२. सन्देश गृह-पीपलबोट अगाडि, नयाँसडक
१३. पान पसल, डिल्लीबजार, प्रहरी चौकी पछाडि

CC-0. In Public Domain. Digitization by eGangotri

खिया र माकुराको गन्ध

—मोहन कोइराला

किन यतिका टायम लागेको भनेर कालिन्दी झसङ्ग हुन्छे, आँङमा अर्थुङे बिजेको जस्तो गर्छ, अैले कालिन्दीको अफिसको टेबिलमा थुप्रोको थुप्रो काम गर्ने कागत थुप्री सकेको हुन्छ, डेरामा झैं अफिस कोठामा कालिन्दीको अभाव र रिक्ततामा मेच टोलाएर पर्खिराखेको हुन सक्छ, हिजो देखि काम गर्न नगएको सो रूममा साहु ढोकाबाट हेर्न लागेका होलान् । डेराको घर पट्टीले के भन्न लागेको होला बि. एन दशा डेरा अगाडि मोटर बाइक अड्याएर अफिससंगै जान मलाई बोलाउन लागेको होला,

CC-0. In Public Domain. Digitization by eGangotri

आज कालिन्दी कहाँ बसेकीछ, के गर्न लागेकीछ, यो रेल्वेको वर्षौंदेखि काम नभएर फ्याँकेको डब्बा भित्र के गर्न लागेकीछ, उसमाथि खसेका व्यथा व्यथा कसलाई थाहा।

खिया र माकुराको जालोको गन्ध बीच बीचमा एक चिसो हावाको प्रहार कोइला गोदाम तिरबाट— भरखर भरखर एक कुकूर्नी ब्याउन लागेकी तरखर देखिन्छ, मानौं त्यो कुकूर्नीलाई ब्याउनी काम सजाय को काम जस्तो उफ्रिराखेकी छे,

कालिन्दीले आफूलाई बिर्सेर बच्चालाई हेरी, आफ्नै झरेको बच्चा होकि भनेर, जुन भरखर मात्र कुकूर्नीले माटोमा खसालेकी थिई, र चाट्न सुरु गरेकी थिई, कालिन्दीलाई कुकूर्नीले बच्चा चाटेको हेर्न मन पनि पर्दैन, सधैं कुकूर्नीहरू बच्चालाई किन यसरी माया गर्दछन्, कालिन्दी पनि एकछिनमा बच्चाको आमा हुन्छे, भन्ने खुसी हुनु पर्ने हो तर खुसि छैन, कुकूर्नी अहिले आमा बनिसकेकी छ,

CC-0. In Public Domain. Digitization by eGangotri

बीणा

—बासु रिमाल 'यात्री'

म सुतिरहेकी थिएँ किन होला बिउँझाइ दिएको उसले । म मौन थिएँ किन बोल्न बाध्य गराएको उसले । म एउटा कुनाको भित्तामा ठडाइएको वीणा जसलाई बिरलै आँखाले छुन सक्थ्यो । तर उसले त प्रत्येक चोटि दृष्टिपात गरेर छोइदियो । अनि यी मेरा तार झनझनाएर नाच्न थाले । यो मीठो उत्तेजक ध्वनिलाई अब म आफ्नो तारहरू भित्र समेटेर कसरी राखुँ । उसले छोइरहोस् मलाई, म झन्कृत भइरहुँ–यो असन्तुष्ट चाहना आगो भएर बलिरह्यो ममा । म नछोइदा सन्तुष्ट थिइन र ?

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई छुने उसको के अधिकार ? व्यथै सपना देखेर म उडन पुगे। आजै पो म वि पछारिए।

मैले के बिराएकी थिएँ र ? उसले मेरो बारैमा गरिहाल्यो बासंग मैले ऊसंग जस्तो व्यवहार त्यो कुनै पनी भलाद्मि तथा साहित्यकार देखिने व्यक्ति संग गर्न सकिन्छ । बुबाले आगन्तुक प्रति उपेक्षात्मक व्यवहार गर्न हुन्न सिकाउनु भएथ्यो। मैले ऊ प्रति सद्व्यवहार यत्तिमै ऊ प्रभावित भइ हालेछ। हाम्रो घरमा हाम्रो घर खोज्दै थियो ऊ। मनमनै कस्तो उठ्यो आफू लाई। थाहा पाएर पनि थाहा नपा गरी सोधेको हो कि, काकतालो परेको हो जानोस्। जाडोमा उसलाई बाहिर उभ्याइरहनु त भएन। पहिले त लाज लागे छ उसलाई "बुबा आउने बेला भो बस्नुन्त" भनेर आ दोश्रोपल्ट भनेपछि बल्ल ऊ बैठकमा बस्यो।

"हिजो फोनबाट कुरा भएथ्यो, मैले आज आ

CC-0. In Public Domain. Digitization by eGangotri

भनेथें ।"

"हिजो अस्ति यति बेला आइसक्नु हुन्थ्यो,
दै हुनु होला ।"

सा ऊ संग दोहोरो कुरा भएको यत्तिन हो ? लाज
न्ने मान्छे रहेछ मभन्दा पनि बढी । म उसको
उँमा भएको भए बरू धेरै कुरा गर्न सक्थे हुँला ।
आले पढ्ने गरेको पुस्तक पल्टाएर पढ्न थाल्यो ।
बाहिर निस्के ।

यो हाम्रो बैठक कोठा कस्तो असजिलो छ भने भित्र बाहिर गरेको सबै देखिन्छ । पुस्तकमा कति हराउन सकेको छ भनेर यसो हेर्‍यो आँगनबाट ऊ मलाई हेरीरहेको हुन्छ । मान्छे कुरा गर्न मात्र लाज मान्छे रहेछ, अनुहार हेर्न होइन । अर्को पल्ट पिसाब फेर्न जाँदा पत्यार मानेको छैन होला भनेर यसो हेरें-ऊ मलाई हेरिरहेको छ । आफैंलाई लाज लाग्यो यस्तो मान्छेले पुस्तक किन हातमा लिनु नि शोभाको निम्ति ? बस्न पनि ऊ ढोकाकै सामुन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

बसिदियो, त्यता भित्तातिर बसेको भए त्र प
हुन्थ्यो नि । जे हुन छ त्यो हुने सबै कुराको यो-
तम्य मिल्दो रहेछ ।

त्यो दिन बुबाले पनि घर फर्कन
ढिलाइ गर्नु भयो भने के भन्नु ! अफिसबाट
घर फर्कने मान्छे त्यो दिन विशेष कामले ला
सडक तिर जानु भएछ । सानो भाई कोठा
पसेपछि ऊसंग गफ गर्न थाल्यो ऊ । भाई
थियो–उसले हाम्रो बारेमा सबै कुरा सोध्यो रे
त मलाई रीसै उठ्यो । पछि आफूलाई संगको
घनिष्टता बढाउन चाहनेले हाम्रो बारेमा सबैसा
जान्न खोज्नु अनुचित होइन। कोठामा गर्मी ला
क्यारे, यस्तो जाडोमा पनि ऊ भाइसंग हावा
बाहिर तिर घुम्न निस्कयो । म कौसीबाट हेरिर
थिएँ।र सोचिरहेकी थिएँ-यो मान्छे साहित्यकार
पर्छ बुबा जस्तै । अर्थात असामान्य प्रवृत्ति
माघको जाडोमा,साँझको सिरेठो चलिरहेको बेला
ऊ कोठाको न्यानोमा गर्माएछ। जाडो खान निस्क

CC-0. In Public Domain. Digitization by eGangotri

इर । केही बेर प्रकृतिमा घुमेर ऊ फेरि घर त्र पस्यो । यो पटक मेरो अनुहार हेरेर हाँस्दै यो– "यस बेला सम्म आउनु भएन के गर्ने इ"

मन मनै ठट्टा गर्दै भने–आफ्नो बाटो तताउने । हाँसेर जबाफ दिएँ–"आज साइत परेन तपा-लाई नत्र यति बेला सधैं आइपुग्नु हुन्थ्यो ।" ऊ हाँस्दै बैठकभित्र पस्यो । आफूले गरेको कुरामा म आफैंलाई लाज लागेर आयो । होइन कहिले-काँही कस्तो हुँदो रहेछ भने बोलेका शब्दहरूले भन्न खोजेको कुराभन्दा बढ्ता भनिदिंदा रहेछन् । 'आज साइत परेन' ले व्यङ्ग्य गरे झैं पो लाग्यो उस-लाई.हुन त मैले सोझै किसिमले भनेकी थिएँ। व्यङ्ग्य

बुझ्यो कि बुझेन उसले । किन्तु बुझ्दैनथ्यो–ऊ कथा-कार न ठहरियो । कथाकार आएको एक घण्टा भइसकेथ्यो तैपनि बुबा आउनु भएन । बाहिरतिर घुमेर जाडो खाएर आएको मान्छेलाई एक कप तातो

CC-0. In Public Domain. Digitization by eGangotri

चिया दिनु आफ्नो कर्तव्य सम्झें मैले।
अनुपस्थितिमा कोठामा स्वागत गर्नुलाई अफैले
रूपले लिन सक्छ। तर चियाको सत्कारलाई
अर्कै अर्थ........।

जे सुकै सम्झोस् म संकुचित हुन सकिन
उसलाई चिया दिनु उचित सम्झें। पहिले त
असजिलो मान्दै भन्यो (त्यो लोकाचार पनि
सक्छ)–"एक्लै बसेर चिया कसरी खानु ?"
ओठमा हाँसो फुरकाइ दिएँ। उसले बाङ्गिएको
लाई सोझ्याउँदै भन्यो "उहाँ आएपछि खाउँ"
म किन हार मान्थें। "बनाइ सकें उहाँ आ
फेरि टक्र्याउँला।" मीठो लाज र उत्तेजना
म बाहिर निस्कें। पाहुनाको स्वागत सत्कारमा
त्रुटी भएन भन्ने संझें।

झमक्क सांझ पर्यो तैपनि बुबा आउनु भए
नोकर्नीले पानी ल्याइ दिई, आगो बाली दिई।
पकाउन बस्न परिगयो। बडो झन्झटको काम

CC-0. In Public Domain. Digitization by eGangotri

पकाउनु पनि । आमाको अनुपस्थितिमा
फैले नगरी सुख छैन । भात पकाउँदा पकाउँदा
सम्झें—ऊ अँध्यारोमा पो बसिरहेको छ कि ।
ँ त आगो बालेकोले कोठामा अन्धकार पस्न
केको छैन । तर त्यहाँ ... स्वीच पनि देखेन होला
चराले । भाइ पनि खेल्न गएको छ । तर मलाई
न हो' उसलाई बैठकमा स्वागत गर्दा, चियाले
त्कार गर्दा त्यत्ति लाज अप्ठ्यारो लागेको थिएन
ति बत्ती बाल्न जाँदा लाग्यो । साँच्चिनै ऊ अन्ध-
ारमा धुम्धुम्ती बसिरहेको रहेछ - छाँया बनेर ।
ुटुमा ढुकढुकी बढ्यो साहस गरी गएँ, स्वीच
थचें । कोठामा झलमल्ल उज्यालो भरियो । हेर्छु-
आकर्षित भएर ऊ मलाई हेरिरहेछ । कृतज्ञताको
हाँसो दिइरहेछ' तर त्यसलाई धन्यवादले पखाल्न
सक्तैन । धन्यवाद नदिएर उसले बेसै गऱ्यो । कता
कता मलाई लाग्यो–उसका आँखामा अनेक भाव-
हरू छचल्किरहेछन् । म भान्छामा फर्कें ।

बल्ल बल्ल बुबा फर्कनु भयो । मेरो जीउ हलुका

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । शुरुमा ऊ बुबादेखि रिसायो, बुबाले
माग्नु भयो ! अनि उनीहरू गफमा व्यस्त भ
भान्छामा । एकै छिन पछि बुबाले बोलाउनु
'भित्र को छ हेर त यता'। म बैठकको ढोकामा
स्थित भएँ । ढोका भरीको म प्रति उसले
दृष्टिपात गर्‍यो मानौं पहिलोपल्ट मलाई हे
हेको छ । "चिया बनाएर ल्याउत छोरी"
मलाई अह्राउनु भयो । आज मलाई बुबाको
'छोरी' शब्द प्रति पनि किन हो अरुचि पैदा
मानौं त्यो शब्दद्वारा उहाँ नव आगन्तुकलाई
परिचय दिंदै हुनु हुन्छ । उहाँलाई थाहा छैन-
हाम्रो बारेमा सबैकुरा जानिसकेको छ र म
उसले एक डेढ घण्टा अगाडि नै चिनिसकेको
संभवतः 'छोरी' शब्द प्रयोग गरी उहाँ चिनापर्चि
औपचारिकताबाट बच्न चाहनु हुन्छ । ठीकै ला
उहाँको भावना । तर तैपनि मलाई उहाँले अलि रि
सा एर बोलाउँदा मैं नाउँ लिएर 'बीणा 'भनेर बोल
एको भए हाम्रो हुन्थ्यो भन्ने लाग्यो । छोरी संबोध

CC-0. In Public Domain. Digitization by eGangotri

नमा बालकपनाको गन्ध आउँदैन र !

चिया लगेर दिंदा उसले जे भन्यो त्यो आवश्यक थिएन। के रे उसले भनेको-उहाँले अगि नै चिया खाई सक्नु भयो। त्यतिभन्दा पनि लाज मानेको। बुबाले हाँस्दै भन्नु भयो-"के भो र फेरि खाई दिनोस्।" बुबाको अगाडि मलाई पनि कस्तो लाज लाग्यो-मानौं मैले गुप्त रूपले गरेको कामको उसले प्रचार गरिदियो। म बाहिर निस्कें। तर मन थाम्न सकिन ? के के कुरा हुँदो-रहेछ सुनुन भनी बाहिर बसेर कान भित्र दिएँ। उसले भनिरहेथ्यो-"तपाईंले छोरीलाई तालीम दिनु भएको रहेछ अखण्ड खुशि लाग्यो। उहाँले गर्दा नै मेरो आज तपाइसंग भेट हुन सकेको नत्र म फर्कन्थें। वेस हुनुहुँदो रहेछ।" म लाज र खुशीले पग्लें। त्यहाँ टिक्नै सकिन र आफ्नो ओछ्यानमा आएर उत्तानो परें।

होइन कस्तो जात होला यो कथाकारको। कथा

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्ने मान्छे आफ्नै कथाको अद्‌भूत पात्र जस्तो कति सोझो, छल कपटहीन मेरो बुबाको अगाडि। तर मलाई थाहा छ-उसका मनका छल कपटहरू। बाहिरी सोझो, भित्री बाठो। यस्ता कथाकारको कथा लेख्नु कति मजा हुँदो हो ? उसकि नायिका होली ? कस्ती होली ? सके बिचरोको बिहे नै भएको छैन, नत्र हाम्रो बारेमा सबै कुरा सोध्नुको के मतलव ? अवश्य बिना मतलवले सोधेन। सके बुबाकै बद्‌मासी पो हो कि ? वीणालाई केटो खोज्न हतार भयो, ठूली भइसकी' भनेर उहाँ जिस्काइरहनु हुन्थ्यो। सके...छी: कस्तो मान्छे होला बुबा त, मलाई पहिले यो कुराको शंका भएको भए किन उसलाई रोकेर राख्थें। बुवालाई जिल्लाई दिन्थें, अहिले आफू जिल्लिनुको सट्टा। अँ' एक दुईचोटी उहाँले आमासंग कुरा पनि गर्नु भएको हो-मेरो एक जना साथी छ कथाकार। बडो बेस छ मान्छे। अहिलेको अर्थको लागि त्यसबेला व्यक्त भएका शब्द पो हुन् कि यी ? होइन होला। छोरीलाई

CC-0. In Public Domain. Digitization by eGangotri

बी. ए. गराएर जागिर खुवाउँछु अनि बिहे गरिदिन्छु
भन्नुहुन्थ्यो आमासंग अस्तित। भर्खर बी. ए.
पढ्दैछु। यी सब मेरा तरङ्ग हुन्। तरङ्ग रोक्न मैले
आफ्नो पुस्तक पल्टाएर पढ्न मन लगाउन खोजें।
तर अँह मन पुस्तकमा टिके पो, कता कता उड्न
थाल्यो। एउटै वाक्यलाई तीन, चारपल्ट पढ्दा
पनि अर्थ लागेन। पुस्तक फालेर निदाउन खोजें,
निंदाउनै सकिन। केही बेरपछि ऊ गयो, मेरो
हृदयमा कस्तो कस्तो छटपटि छोडेर।

उसलाई के फायदा भयो मेरो मनको तार
छोइ दिएर। उसले नछोइदिएको भए म यसरी
झन्कृत हुनै सक्तिनथें। ऊ आफैसंगबोणा थियो
त किन छोयो मलाई। आज ऊ आफ्नी पत्नी
पत्नी त होला नि-लाई अँगालो हालेर हिंडि-
रहेथ्यो उसले देखेन मैले देखें। कस्तो कामुक
कथाकेर रहेछ। उसकी स्वास्नी पटक्कै राम्री रहि-
नछ। छी: कस्तो जोडि नमिलेको तै पनि लठारिएर
हिंडेका। छी: मलाई त कस्तो विराग पैदा भयो
मनमा। यतिका दिन पछि बल्ल म बिउझें। सपना
पो देखिरहेको रहेछु मैले।

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ उपलक्ष्यमा

समस्त नेपालीको

सुख शान्ति र समृद्धिको कामना गर्दै

औद्योगिकरणको दिशामा

अझ द्रुतगतिले प्रगती होस् भन्ने

शुभ-कामना ज्ञापन गर्दछौं

–जनकपुर चुरोट कारखाना
परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ घुम्ती

(मासिक संगालो)

कथा अंक

वर्ष– १ २०२८ कार्तिक अङ्क– ५

विजया दशमीको महान पर्वको

उपलक्ष्यमा

समस्त ग्राहक बन्धूहरु प्रति

हार्दिक मंगलमय कामना गर्ने

Suit Ready in 24 hours.

फियरडिल इन्टरप्राइजेज्
FAIRDEAL ENTERPRISES

४४, नयाँ सडक
काठमाडौं- ६

फो. नं. पसल– १३७६०
निवासस्थान– १३१३६

…… दीक्षान्त समारोह

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ घुम्ती प्राप्ती स्थानहरू—

१. शीतलपाटी पुस्तक पसल–पाल्पा, तानसेन
२. नेशनल बुक स्टल–लेडेना रोड, दार्जिलिङ
३. मातृभूमि पुस्तक भण्डार–स्याङ्जा बजार
४. बाजेको पसल–विराटनगर बजार
५. शुभ–सन्देश गृह–प्रकाशनगर, भद्रपुर, झापा
६. भानु पुस्तक भण्डार–प्रकाशनगर
७. प्रगति पुस्तक भण्डार–भरतपुर, चितवन
८. न्युज सेन्टर–पशुपति, आनन्दनगर, बीरगंज
९. कालिभक्त पन्त–कालिका पुस्तकालय, स्याङ्जा
१०. श्रेष्ठ न्यूज एजेन्सी–पाल्पा, तानसेन
११. रत्न पुस्तक भण्डार–भोटाहिटी, काठमाडौं
१२. सन्देश गृह–पीपलबोट अगाडि, नयाँसडक
१३. पान पसल, डिल्लीबजार, प्रहरी चौकी पछाडि

CC-0. In Public Domain. Digitization by eGangotri

खिया र माकुराको गन्ध

—मोहन कोइराला

किन यतिका टायस लागेको भनेर कालिन्दी झसङ्ग
हुन्छे, आँङमा अर्थुङे बिजेको जस्तो गर्छे, अैले
कालिन्दीको अफिसको टेबिलमा थुप्रोको थुप्रो काम
गर्ने कागत थुप्री सकेको हुन्छ, डेरामा झैं अफिस
कोठामा कालिन्दीको अभाव र रिक्ततामा मेच
टोलाएर पर्खिराखेको हुन सक्छ, हिजो देखि काम
गर्न नगएको सो रूममा साहु ढोकाबाट हेर्न लागेका
होलान् । डेराको घर पट्टीले के भन्न लागेको होला
बि. एन दशा डेरा अगाडि मोटर बाइक अड्याएर
अफिससंगै जान मलाई बोलाउन लागेको होला,

CC-0. In Public Domain. Digitization by eGangotri

आज कालिन्दी कहाँ बसेकीछ, के गर्न लागेकी योे रेल्वेको वर्षौंदेखि काम नभएर फ्याँकेको डब्बा भित्र के गर्न लागेकीछ, उसमाथि खसेका व्यथा व्यथा कसलाई थाहा।

खिया र माकुराको जालोको गन्ध बीच बीचमा एक चिसो हावाको प्रहार कोइला गोदाम तिरबाट भरखर भरखर एक कुकूर्नी ब्याउन लागेकी तरखर देखिन्छ, मानौं त्यो कुकूर्नीलाई ब्याउनी काम सजाय को काम जस्तो उफ्रिराखेकी छे,

कालिन्दीले आफूलाई बिर्सेर बच्चालाई हेरी आफ्नै झरेको बच्चा होकि भनेर,जुन भरखर मात्र कुकूर्नीले माटोमा खसालेकी थिई, र चाट्न सुरु गरेकी थिई, कालिन्दीलाई कुकूर्नीले बच्चाचाटेको हेर्न मन पनि पर्दैन, सधैं कुकूर्नीहरू बच्चालाई किन यसरी माया गर्दछन, कालिन्दी पनि एकछिनमा बच्चाको आमा हुन्छे, भन्ने खुसी हुनु पर्ने हो तर खुसि छैन, कुकूर्नी अहिले आमा बनिसकेकी छ,

CC-0. In Public Domain. Digitization by eGangotri

कालिन्दीको भने आसा बन्ने समय बाँकीनै छ।

स्टेसन पछाडि स्टेनलेसस्टिलका थाल, कचौरा जस्ता घरहरू विस्तार विस्तार कालिन्दीको आँखामा देखिन लागेको छ, स्टेसनमा बनेका पुरानो घरहरू सोडाले थोत्रिन लागेको छ, स्टेसनमा, घारीमा अहिले फुलेका जङ्गली फूलहरू लाम्रे का बोटहरू पात डाँठ सुकेर बिउ बन्न लागेको छ, रेल भरखर स्टेसनबाट छुटेर जान्छ, प्लेटफर्ममा सन्नाटाछ, एक दुई लाइन्समैनहरू निभेको लालटिन हल्लाएर लाइत लिएर स्टेसनको गेट अगाडि उभिएको छ, अहिले कति शान्त छ स्टेसन।

भरे भोलि यसैमा कति मानिसको घुइँचो लाग्ने छ, मानिसहरू ट्रेन टायमका जस्तै घुँइचोले घेर्ने-छन्, यी विषयहरू स्टेशन जस्तै छन्। आकांक्षा हुन्छ घुँइचो बन्छ, तितर बितर हुन्छ, अहिले जहाँ म केही दिन या महीनाको कसर आफल्न भनेर बसेकी छु त्यसै ठाउँमा जम्मा भएर, ती बुठ् लाए-

CC-0. In Public Domain. Digitization by eGangotri

का र रंगी विरंगी आकृति भएका अनौठो ग
भातको बीच लामा लामा उत्सुकता लिएर
हुनेछन् । जहाँबाट एक नारी अगाडि नै अ
काम फत्ते पारेर विस्तारै निस्किसकेकी हुनेछ।

स्याल र गिद्धको प्रवेशबाट रोक्न यहाँ व
उभ्रिएका वाँसका मन्टा बलात्कारले मिचिनु
प्रथम प्रथम मेरा आँखा अगाडि जन्मेका कुकु
छाउरा मिचिने छन, कोइला गोदाम, माल गो
वेटिङ् रुमका कुना कुना कोत्र्याइ कोत्र्याइ हे
छ, म पलङ्मा पल्टेको अनविज्ञ बनेर विनम्र
यो सब कुरा कोत्र्याइ कोत्र्याइ म कानले सुन्ने
त्यही कुरा सुन्दा सुन्दै आखिरमा जिब्रो का
कान टालिदिनेछु । त्यो भन्दा यो डब्बा र स्टे
वरिपरि अरु केही छाडिने छैन, अनि छा
छ, बुठका छापहरू ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्घटना

—परशु प्रधान

म त्यहाँ पुग्दा घर शून्य थियो। शायद उ बिहानै बाहिर गइसकेको हुनु पर्छ । घरभरिका सारा कोठाहरू चाहारें—कत्तै केही आवाज थिएन। सारा कोठाहरूमा भोटे ताल्चा मारिएको थियो। र मलाई लाग्यो कि भूलले त म यहाँ आइपुगेकी हुईं न? तर उसले अस्ति जुन ब्यहोरा दिएको थियो, त्यसमा अलिकति पनि फरक थिएन । त्यही बाटोबाट आउँदा मोडमा त्यही विशाल घर थियो र केही पाइला दायाँ बढे पछि यही पुरानो घर हो—म आफ्नो विश्वास प्रति निश्चिन्त छु। तर उसले किन

पर्खेन ? म ठीक समयमा आइपुग्छु भन्ने उसमा थिएन कि ? शहरका पुराना घरहरू भयग्रस्त हुन सक्छन् भन्ने कुरा मलाई थिएन । तर आज पहिलो पटक यस्तो भयो । ऊ यसरी मलाई दुःख दिने कुरा सक्छ । यसरी समय दिएर नपर्खेर बाहिर सक्छ ! ऊ यति कठोर छ !!

के यी सारा कुराहरू सपना थिए ? अ असम्पूर्ण थिए । ऊसंग अचानक त्यहाँ भेट हुनु, हुनु, उसले बोलाउनु र मैले निश्चय नै आउँछु भ्रमजाल थिए । उसको आँखामा पाइएको विश्वास र प्रेमको झिल्कोलाई म कसरी होइन सक्छु । कसरी अनास्था प्रकट गर्न सक्छु ।

समय क्रमशः चिप्लिरहेछ । लाग्छ– यहाँ तुरुन्तै भागूँ ? तर उसका ती मौन निमन्त्रण प मेरा लागि कम महत्वका छैनन् । पहिलो पल्ट परिचित हुने अनुकूल पर्नु र आउने निम

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु– म कत्ति खुशीका सपनाहरू लिएर आएकी हुँ। तर ऊ नै छैन। ममा सँधै यस्तै यस्तै दुर्घटना हुन्छ।

झ्याङमा कोही मान्छे आएको आवाज सुन्न लागिएको छ। पक्कै ऊ नै हुनु पर्छ– कुनै जरूरी काम पूरा गरी फर्केको। ल ऊ आउँछ–"बिहानको नमस्ते। यहाँलाई पर्खंदा पर्खंदा म त......"

"नमस्ते..." उसको आँखामा त्यो चमक छैन। त्यो खुशी र सन्तोषको लहर पनि छैन। उफ! उसका निधारभरी व्यवहारका रेखाहरू चाउरिसकेका छन्।

"यहाँले मलाई चिन्नु भएन कि कसो? यहाँले बोलाउनु भएको थियो–एक पटक भेटौं यसरी पनि भनेर–म कत्ति टाढाबाट यत्ति विहानै आएकी छु..."

"माफ राख्नु होला। मैले यहाँलाई न चिन्नै सकें न यहाँलाई बोलाएकै कुराको संझना मसंग छ। यहाँले भुल्नु भयो कि!.." ऊ भन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

होइन...होइन...मानिस उही हो। उसले दि
घरको ठेगाना यही हो। सब सत्य हुन्।
असत्य हो कि–मैले भेट गर्न अलि दिन ढिला

"त्यसो भए... मलाई यहाँ चिन्नु हुन्न..."
दुखित हुन्छु।

"एकै छिन पर्खनोस्। मेरी श्रीमती बजार
आइरहेकी छे। एक कप चीया खाएर जानोस्
उ शिष्टता देखाउँछ।

"माफ पाउँ। मलाई चिया खाने फूर्सत छैन
फेरि अस्ति त यहाँले बिहे नभएको कुरा भन्नु भए
थियो...होइन..." मेरो अनुहार द्रवित हुन्छ।

"तपाईं अझ कुमारी नै हुनुहुन्छ..." ऊ लामो
हाँसो हास्छ। जो म मन पराउन्न।

म त्यसरी नै फर्किन्छु, जसरी जीवनका थुप्रै
मोडहरू मध्ये फेरि अर्को मोडमा दुर्घटना भयो र
फेरि मुटुको कुनै भागमा अलिकति चोट लाग्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षौं देखि यस घाउलाई निको पार्न अर्को घटनाको प्रतीक्षामा म छु ।

हूलमा मिच्चिएका बच्चा हेरेर कुकूर्नी विलौना गर्नेछ, म आफ्नू शरीर हलुका पारेर सफल डब्बा-बाट निस्केर कोठामा पस्ने छु, अघि ब्याउने कुकूर्नी बच्चालाई पाल्ने कोशीशमा एक एक सिता भातको लागि ढोका ढोका चाहर्ने छ, विक्रम तातो तातो खाना ल्याएर म सुतेको पलङ्ग मै पु-याउन आउने छ, अनि म डाक्टरको सर्टिफिकेट भुरिएडएको लामो विदाको दर्खास्तको सितार विक्रमको हातबाट मेरो सिता पाक्ने ठाउँहरूमा पेश गरी दिने छ ।

आरामी र आनन्दले कुमारी बन्ने लोभहरू म भित्र लोभिने छ, अंगहरू सम्पूर्ण पुष्ट र बलिष्ट बन्ने छन्, मेरो शरीरमा लालाइत बनेर आकर्षण-हरू पूर्ववत बनेर अफिस टोल र छिमेकीको गोरेटो-हरूलाई प्रलोभन बढ्ने छ, विक्रम मेरो लागि अनभिज्ञ जस्तो दिदीको कर्तव्यमा सदा तत्पर

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेछ ।

आँपका बोट मुनी खसेका पातहरू वि
खसिका बथानहरू आएका छन्, त्यहि आँपको ब
मा आफ्ना बच्चालाई सकि नसकि कागले आर
खोज्द हिंडेको आवाज कानमा आउँछ, चिया ख
पाएपनि हुने यस्तो कष्टको बेलामा बिक्रम प
आएको छैन, कुकूर्नी अघि भरखर ब्याएको बच्च
लाई छाडेर जाँदा बच्चा कराएको आवाजले कालि
न्दीको कानै खान लागेको छ, कति छिटो पाएक
अनि पाइसकेर घर धन्दा सकेर फुरूक्क परेक
आईमाई जस्ती हेर्दाहेर्दा दिक्क पनि लाग्छ, उ कवि
पल्ट यस्तो परिस्थितिबाट परिचित भैसकेकी जस्त
लाग्छ भन्ने अनुमान गर्न कठीन पर्दैन, ऊ कूकुर्नी
भई र होला, कालिन्दीलाई भने कठोरता खनिएको
छ, किन, किन,

CC-0. In Public Domain. Digitization by eGangotri

यो उत्तर विहीन संसार

—नारायण प्रसाद खतिवडा

सिमलका भुवा जस्ता रसिला बादलहरूले गुम्लुङ्ग ढाकेको विहान म उठिसकेर पनि झोक्राउँदै थिएँ ओछ्यानमा बसेर। देब्रे हात सिरकभित्र थियो र दाहिने हात एउटा चुम्बक बोकेर टेबल वरिपरि घुमाउँदै थिएँ। एक्कासी एउटा चिम्टी (स्वास्नी मान्छेको कपालमा घुसार्ने, स्नीप, चिम्टा, काँटा पनि भन्छन् क्या र!) चुम्बकमा टाँसिन आइपुग्यो। जति चाँडै सट्ट गरेर त्यो चिम्टी चुम्बकमा टाँसियो उति छिटै मैले सम्झें यो चिम्टी मेरी श्रीमतीको हो। फेरि श्रीमती शब्दले लख्याउने

CC-0. In Public Domain. Digitization by eGangotri

सुर गऱ्यो मलाई । ऊ कसैकी छोरी थिई । यौवनका छालहरूले सिंगारिएकी मदमस्त कुमारी थिई । उसलाई देख्यो कि मन मोरो पछि लागि हाल्ने, सहन नसक्ने रसिली ऊ, के गर्ने ?, मैले विवाह गरें । ऊ मेरी श्रीमती भई ।

मैले बिवाह गरें । तर उसैलाई किन गरें ? जस्तै र अझ राम्रा वैंशहरू फुटपाथ र सडकमा कस्तो वसन्त बहाएर घुम्छन् ! के ती मध्ये एउटी लाइ मैले बिवाह गर्न चाहेको भए हुने थिएन त ! तर, त्यो पनि त एउटी भई नि !

यो कस्तो पापी मन ? कति बरालिन परेको ! मन बुढो नहुने कारण यही पो हो कि ? म मनलाई सान्त्वना दिन चाहन्छु–मेरी स्वास्नी छे । राम्री छे । तर ऊ त्यति राम्री छैन जति राम्री थिई । किन यस्तो भयो त ? उत्तर छैन । के को उत्तर छ त ! राति सुत्छु । ऊ पनि संगै सुत्न आँरछे । डाक्नु पर्दैन त ! के को उत्तर चाहियो । फेरि सुतेपछि ऊ

CC-0. In Public Domain. Digitization by eGangotri

चल्छे वा म चल्छु, अनि दुवै चल्छौं । धेरै चलाचल गर्छौं । सबै कुरा गर्छौं। कस्तो रमाईलो हुन्छ ! एउटा नयाँ संसार बन्छ । यस्तो रमाईलो किन हुन्छ ? यसको उत्तर ? छैन । कार्य छ । मीठो र स्वादिष्ट छ । अत्यधिक रमाईलो छ ।

हो, मेरी स्वास्नी रमाईली छे । उसित रमाईलो हुन्छ । मसित उसलाई रमाईलो हुन्छ । ऊ रमाईलो मान्छे । उसको ठाउँमा अरु कोही नै भएको भए पनि रमाईलो मान्थी । बिवाह गर्न नपाएर बसेका कति आईमाईहरू छन्-तिनसंग मैले रमाईलो गरें ! तर…कसो यो कसो अप्ठ्यारो भयो । मेरी स्वास्नीले पनि स्वास्नी बिहीन सबै लोग्नेमान्छेसंग रमाईलो गर्न थाली भने ? के उत्तर हुनसक्छ यसको ? क्यै छैन ।

दिनभरि पृथ्वीको छाती तताएर साँझ परेपछि हेर्छन् सूर्य तेर्छो आँखाले ओढ्यानतिर । "कस्तो चिसो ओढ्यान ? सूर्यलाई जवाफ दिन्छिन् पृथ्वी

CC-0. In Public Domain. Digitization by eGangotri

"हेर न तिम्री कान्छी स्वास्नीतिर । कस्तो ढलिम
गर्छे ! "सूर्य बुढो निरुत्तर । के उत्तर दिनु र !

प्रिये ! म छु । तिमी छयौ । मैले तिमीसं
पनि धेरै नै सन्तोषको सास फेरेको छु । य
नै होला ? तर यति भनेको कति ? यतिदेखि परि
कति ? छक्क पर्छु मेरी प्राण ! मलाई कुरा मा
आउँछ तर प्रश्नको उत्तर आउँदैन । किन आउँदैन
यसको पनि उत्तर छैन ।

तिमी र मैले भएर ढुङ्गा-माटो बनायौं । असि
भरखर त हो नि पानी हालेको । पानी हालेपछि त
कसरी फस्टायो ? तिमी पक्क पर्‍यौ, म मख्ख परें
हामी कति गलेका थियौं ? तर हरियाली आएपछि
हामीले गलेको बिर्सियौं । कति फूल फुले र कति फल
फले ! हामीले कति सैसमला खेल्यौं । तिमी कहिले
त आत्तिन्थ्यौ पनि । के त मायालु ? ठूला ठूला गुफा,
पाहाड, फाँट र मधेशमा खेल्दा हामीले शहरको पनि
कल्पना गर्‍यौं न र? गाई बाखाहरू पुगिसकता पनि

CC-0. In Public Domain. Digitization by eGangotri

घर नपुग्ने गोठाला गोठालनीको कथा भनेको दिन हामी कति राति सुत्यौं ? तैपनि तिमी नथाके जस्ती थियौ। के संझना छ तिमीलाई ?

आज तिमी बुढी भईसक्यौ। तिम्रो चिम्टी अझै तन्देरी नै र'छ। यस्तो बेगले चुम्बकसंग झुत्ती खेल्न आईपुग्यो। तिमी उमेरमा यसै गरी मसित झुत्ती खेल्थ्यौ। र कहिलेकाहिं मलाई नामर्दको उपाधि दिदै "त्यो फलानीलाई फकाएर ल्याऊ त! भनी बाजी थाप्थ्यौ (यस्तो बार्जा त शायद कसैले पनि राख्दैनन् होला!) अनि मैले त्यो तरुनीलाई फकाएर घर ल्याएपछि तिमीले कति हुत्ते गरेर उसाई घरबाट पठाईछाड्यौ ? तिमी सातदिनसम्म ठस्स परेर बसिरह्यौ। तिमी त्यतिखेर कस्तो मायालाग्दी थियौ ?

हेर त सडकमा! कस्ता कस्ता तरुनी आइरहे— छन्। अहा! कति बान्की परेका! कस्तो आकर्षक छाती! क्या मच्चिएका नितम्ब! हाँसेको हेर न!

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो यस्तै हाँसोमा त म सुलुक्क बगेको थि
मायालू ! अझै पनि तरुनी देख्यो कि मन चुल
उँछ । तर अब तिमीले बाजी थाप्यौ भने
निश्चयै हार्नेछु । ए ··· ··· तिमी त छैनौ
म त एक्लै फत्फताएँछु । यो पनि ठीकै भयो
त्यो यतापट्टिकी त मेरी छोरी पो रहिछे, कलेज
पढेर फर्केकी ।

"ए हेलेनकी आमा ! छोरी कलेजबाट आइ
खाजा तयार पार ।"

"छोरी गलेर आयौ ? हेर, यी ओठ वि
फुस्रो ? कठै ! तिम्रा हात ! ··· टाउको दुख्यो
यता बस, म मिचिदिन्छु··· ।"

CC-0. In Public Domain. Digitization by eGangotri

खराडीत• अनुहार भित्र

—अन्जिर प्रधान 'पीडित'

कुनै उद्देश्यहरू छैनन्—कुनै निश्चित योजनाहरू छैनन् । त्यसरी टुटी सकें । सहरमा सधैं भुईचालो आउँछ । फेरी आफ्नो घरको, मेरो आफ्नो कोठाको कुनै बिश्वास छैन । घेरै पछि मैले आफ्ना डायरी पढ्ने इच्छा गरेर बाकस खोलें । आफैबाट आफै छक्किएका रहेछन् -

घेरै दिनसम्म म लाटो हुनु पऱ्यो । घेरै दिन-सम्म बहिरो हुनु पऱ्यो । कति दिन के के हुनु पऱ्यो कति दिन के के गर्नु पऱ्यो - यी मेरा व्यक्तिगत

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभूतिहरू भए। पुरानो डायरी पढी सकेर केही नयाँ हरफहरू थप्न मन लाग्यो। हुन त कुरा शायद मबाट समाप्त भैसकेको थियो अस्तिको कुरा - (साँच्चै म कति मज्जा गरें) खास त्यसैले पनि।

रमेश - त्यसको परिचय म यहाँ गराउँ थुप्रो दिन कलेज र युनिभर्सिटीसम्म साथ हामी एक दोश्रोको सैधान्तिक राइभलिटी थियो - सुरू देखि हामी दुई अपोनैन्ट पैन चुनाव लड्यौं। रिसौदा र भाषण गर्दा गालाहरू गोलभेडा जस्तो रातो हुन्छ भन्ने अनुभव गर्थें -म उस्लाई मान्थें - उस्को जोशहरू मान्थें सायद उस्को यस्तै अनुभूति म प्रष्ठीत थि त्यसपछि समयको सुईमा हामीले लेउहरू भेट्यौं उस्ले जागीर पाएछ र खोसिए छ - म वेकार कलाकारीता संगीतलाई निकै सस्तो जातमा पनि मैले मूल्य पाउन सकिन.....फेरि समय Gap मा झल्याम्म खसें। त्यसपछि...म बि

CC-0. In Public Domain. Digitization by eGangotri

र त्यस खाल्डोबाट उठीरहेको रहेछु...जस्को
ो पाउँदा–पाउँदै बिर्सन बाध्य हुनु पर्‍यो ।

दुब्लो भै सकेको मेरो अनुहारलाई उस्ले शायद
याउँनै सकेन–बल्ल चिनेर हात बढाए– उ रमेश
यो । त्यस दिन रेष्टूरान्टमा धेरै छिन हामी
मलियौं– म आ–आफैंबाट धेरै खुकुलो हुँदै गएको
नुभव गरें–मेरो जीवनको सबभन्दा घनिष्ट मित्र
ा– भेटीरहेछु– मलाई अनुभव भयो– कुरा मैले
रु गर्नु भन्दा अघि उस्ले नै चाँडो मुख बाउन
ाल्यो...त्यो वेला मलाई लाग्यो एउटा ठूलो पहाड,
ानौं उ एउटी युवती मात्र हो जो भरखर बालकको
र्सपीत गरेर श्वास फेरीरहीछ' घटनाहरूका या
नु दुईका विभिन्न अनुभूतिहरू जो उपक्रम मिल्दो
ुल्दो हुँदै गए ....

अन्त्यमा मैले– हामी यति हार भै सक्यौं रमेश
जस्को क्षोभ हामीसंग छैन – उपेक्षा पनि छैन वडो
स्वाभाविक ढङ्ग संग... आफ्ना गोडाहरू अनिश्चित

CC-0. In Public Domain. Digitization by eGangotri

रेखाहरूमा फालिरहेछौं ।

उसको आँखा रसाएको मैले स्पष्ट देखें। पछि हामीले अनुभव गऱ्यौं - हामीसंग देश -हामि संग कुनै बाद थिएन - राष्ट्रियता कुनै स्थिति र मान्याताहरू थिएनन् । मात्र स्व हामीसंग बाँकी थियो । स्वभावको अस्पष्ट अं दुवैले हेऱ्यौं । बीच मै ऊ फसङ्ग फस्किन्छ ... नद भनेकोमा खुसि लाग्यो । उसको रिपोर्ट खाली रहेछ । ऊ नोट बुक झिकेर फेरि पाकेटमा हाल्छ हतार हतारमा डिल्ली बजार तिर लाग्छ, म मन हाँस्छु, यस्तै मेरा स्थिति देखेर ... । बिस्तारै सडक तिर लाग्छु बेकारको सबभन्दा सस्तो जाग मलाई आफू भित्र अनौठो भय र आशंका लाग्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

जन्तोहरू

–जगदीश घिमिरे

आह ! कति सानु जन्ती ! ल्याउन सक्छौ यति थोरै वान्छेले, यति थोरै शक्तिले, दुई चारोटा थोत्रा भरुवा मलले बेउली? बाजा पनि त छैन तिमीहरू संग – पंचै बाजा – कार छैन–– सललल बग्ने आकाशमा चिलगाडी जस्तै । नेपाल भरि पर्वतैं पर्वत छन् ......बगर छन् .. तिम्रा खुट्टा विकाउँछन्...... तिमीसंग बूट छैनन्... ... तिमी पुग्न सक्छौ ब्यौलीको घर सम्म ? कुकुच्चाबाट रगत चुहाएर तिमी अघि बढ्न सक्छौ थोत्रो भरुवाले बढाई गर्दै ?

र अन्धकार छ । बन्द छ । काँडा धारी छ । कान्ला छ । भीर छ । काँडा नछिचोल्ने कोट तिमीसंग छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यले तिमीलाई कवच लगाएर जन्माएको होइन, ख
हरू कर्ण होइनौ । भए पनि कुनै अर्जुनले मागेर ल
होला । के भन्छौ ? तिमीसंग छ ? के छ ? छा
तिम्रो हाड मासु ढाक्ने कलिलो छाला—त्यसलाई
सिंहले सजिलै च्यात्न सक्छ । के तिमी सपना दे
छोटकरीबाटो तिमी लाग्यौ भन्दैमा बनराज सिंहले ति
लाई सजिलै जान दिनेछ ? तिमीहरू उस्का आहारा
केप न फोर्ने भरुवा बोकेर तिमीहरू बाघलाई बाटो
भन्छौ ? कसरी हिम्मत गर्छौ ? खै बेउला ? बेउ
लागि तिमी सिंहसंग कुस्ती खेल्न तयार छौ ? छ
पाखुरामा त्यती हुती ? छ तिम्रो मुटुमा त्यति पा
तर तिमी भित्र संभावना छ । हैन । बाँच्ने कुनै संभ
छैन । अनि तिमी किन कुश्ती खेल्छौ दुलाहा ?
आफू मरेर कस्को लागि दुलही प्राप्त गरि दिन्छौ ? ज
हरूको लागि ?

अब कुनै बाटो छ कि ! जँघार छ कि ? सूर्य उ
छ कि ? सोचेका छौ ? पूर्णिमाको उज्यालोमा
नलाग्ने गोरेटोबाट ऊम्कन सकिन्छ कि ? कतै क्यै छ
तिमीहरूले राम्ररी सोचेर यो बाटो समातेको ? आ
म कति मूर्ख छु । म सोच्दै थिएँ तिमीहरू भावना
बगेका हौं । यो तिमीहरूको बैसंको तुजुक हो । यो ति

CC-0. In Public Domain. Digitization by eGangotri

रूको भावावेगको सपना हो ! यो तिमीहरूको कुर–कुरे स हो ।

तिमीहरू संग मोहोरीबाट भर्नु पर्ने थोत्रा नाल छन् । केप न फोर्ने घोडा छन् । सोझो नताक्ने मासा छन् । तिमी सीमित छौं– छँदै छैनौं भने जति । तर तिमीहरू-संग आँखा छन् यो देख्न– तिमीहरू वरिपरि अन्धकार छ । भीर छ । बन छ । काँढा छ । मान्छे खाने बाघ लाग्ने सिवाय अर्को बाटो छैन । र तिमीहरूसंग यो सोच्न गिदी छ– त्यो बाटो नहिँडी सुख छैन ।

र, यस्तै एक अन्धकार राती, काँढा काँढाको बगर-मा अलमलिएको जन्तीहरूको अगाडि यौटा मान्छे खाने सिंह आफ्ना आँखा बालेर झम्टन तयार भएको हुन्छ ।

र, त्यस बहिष्कृत जन्तुको सबभन्दा अघिलाग्ने युवक (दुलोहो) को हातको बन्दूक एक्कासी गर्जन्छ ।

र, ओसिएको केप हुनाले बन्दूक ट्याप्...... ढ्याम्म गर्छ ।

र, कुनै पनि भरुवा बन्दूक खेलाउनेलाई थाहा हुन्छ, ट्याप्प ... ढ्याम्म गऱ्यो भने शिकार मर्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

र, यो नमरेको शिकार मान्छे खाने बाघ ि
जन्तु सा-है थोरै थिए...... तीन चार जनामात्र,
रात औंसीको थियो...... बगर कँढ्याइलो थियो,

र, अरुहरू नालपनि पर्डकिंदै गए ... ...
ढ्याम्म...... ट्याप्प...... ढ्याम्म...... ट्याप्प,
ढ्याम्म...... रातभरि तिनीहरू भिज्दै हिंडेका थि
तिनीहरूले बेउली ल्याउने सपना देखेका थिए रे। वे
लाई यो सम्चार सुनाउन कुनै पुगेन रे। ती दे
थिए रे, कसैले तिन्लाई कोठाभित्र शहीद पनि
डराइ डराई।

दाजु, भाइ, दिदी, बहिनीहरूलाई उच्चकोटी
बढी टिकाउ, अरू जुत्ताहरू भन्दा सस्तो स
आरामदायी जुत्ता बाँसवारीले तयार पार
हुँदा सबैले लगाएर आफ्नो देशको गौ
बढाउन अनुरोध गर्दै सबै ग्राहक वर्गमा व
दशैंको शुभ–कामना चढाउँछौं।

-बाँसवारी छाला तथा जुत्ता
कारखाना (प्रा.) लि.

CC-0. In Public Domain. Digitization by eGangotri

हिप्पी · एक बेकारको सृजना

—भरत आचार्य

"जय शंकर भोला भनन,

ऊ कुरा बुझ्दैन तर हाँसिदिन्छ "बुझे जस्तै गरेर,

अन्तर आत्मादेखि उठेको हाँसो र गाँजाको धुँवा संगसंगै मुखबाट बाहिर निकाल्दै चिलिम म तिर बढाउँदै भन्छ "तँलाई मन पर्छ" भैगो धन्यबाद । म छिटै उत्तर दिन्छु । ऊ फेरी चिलिम मुखमा जोर्छ तीन चार चोटी स्वाँई स्वाँई गरे पछि एक चोटी बेस्करी तान्दछ । दुई आँखा चिम्लिएर भएभरको बल प्रयोग गर्दं । मुखबाट

CC-0. In Public Domain. Digitization by eGangotri

धुवाको लहरहरू क्रमशः निस्कन्छ । रसिलो आँ
सबै चिम्लिएर ऊ अडेस लाग्छ नजिकैको ढुङ्गोमा,
खँरा कपाल, लामा जुङ्गा दारी, चौडा छातीलाई
एउटा साधारण कुर्ता, कुर्ता माथि आधुनिक
इष्टकोट पाइन्ट, के छ टाला पछि टाला, एउटा सा
झोलालाई कुममा अड्काएर मुर्दा लडे जस्तै गरी ल
परेर लडिरहेछ मेरो अगाडि छ, मानौं उसका सौन
मन्द आँखा भन्देछ लौ हेर मेरा अस्तित्व, राम्र
नियालेर हेर, कहिल्यै नबिर्सने गरि हेर, घास
छलंग पारेर देखाउँदैछु····· तर तेरो जस्तो आँ
देखिने खालको छैन मेरो अस्तित्व, तँ जस्ताले
जोखिने खालको छैन मेरो व्यक्तित्व"।

लामो हाई गरेर मलाई हेरेको मात्र हुन्छ म
हाल्दछु "के भो" देख्दैछन्नी" ऊ भन्छ मैले–देखेको–
बाक्य हतपति फुटदैन एकै छिन पछि म भन्छु
रिसाउँदैनस् त मैले जे देखें सोहि भने ? " श
स्वीकार गर्छ। मैले त एउटा मान्छे पशुको रूप धारण ग
रहेको देखें । नरम भएर उ सोद्धछ " किन र " ? मल
अलि रीस उठ्दछ उसले हारेर पनि हार स्वीकार
गरेबो देखेर भन्छु एक भारी दायित्व लिएर, जन्मे
तँ, एक चिलिम गाँजामा आफूलाई हा
उन खोजी राखेकोछस् । तलाईमाया लाग्दैन
तेरो ज्यानको ? तलाई वास्ता छैन तेरो दायित्वको ?

CC-0. In Public Domain. Digitization by eGangotri

हा छ तलाई त कहाँ पुगिरेछस् के तलाई थाहा छँन उटा मान्छे उसको जीवनको कस्तो सम्बन्ध हुन्छ ? के ाईगर्वछ तैले यसो गरेकोमा, मेरो टेढा बाँगा प्रश्न र ठाडो नाइले उसलाई रीस उठ्योहोला। सायद, तल देखि थिसम्म राम्ररी हेरे पछि बिस्तारै हाँसेर सोध्यो । कति र्ष भईस् ? '२०' म भन्छु । कति पढेकोछस् उ भन्छ फेरी उंही तालमा । मलाई फेरी जंग चल्दछ र तातेर इर्ष्याको भाव देखाउँदै भन्छु "त्यति बेसरी पढेको पनि छैन कि कसैलाई उपदेश दिदै हिडौं अनि त्यत्ति कम पढेको पनि छैन कि कोही भासिएको हेर्दै हिडौं । एउटा पश्चिमी समाजमा जन्मेको नाताले उ त्यस्तो मूर्ख रहेनछकि "मेरो कुरैले मलाई जाँच्न नसक्ने । एउटा भयंकर हाँसो हाँसेर एक छिन गम्भीर भयो अनि बोल्यो । कसैलाई मेरो बिषयमा भन्नु भन्दा पहिले हाँसो उठेर आउँछ त्यति तै पनि सुन मेरो नाम रबर्ट ज्याक् हो, जसलाई छोटकरीमा ज्याक् मात्र भन्दछन। त ज्याक् एउटा हिप्पी ... ज्याक् एउटा अर्थहीन पोको... ज्याक् एउटा बेकारको सृजना... ज्याक् एउटा रीत्तो मान्छे यस्को धेरै बिशेषणहरू आउ-छन ज्याकका पछि, अनि सानो अर्थ चाहिं हो, ज्याक् एउटा जिउँदो लास । जसलाई हाँसि हाँसि बाँच्ने र रोई रोई मर्ने दुवै शक्तिले उत्तिकै बल लगाएर तानेको छन्

CC-0. In Public Domain. Digitization by eGangotri

जसको मार खप्न नसकेर ऊ छट्पटाएर भाग्दै छ
आफैलाई हराउन, जीवन देखिको बिछोडले
मृत्युलाई माया गर्न। म ध्यान पूर्वक सुनिरहेछु।
ऊ भन्दैछ त ज्याक्को जस्तो सस्तो जीवन धमिरो
बिचार · सीमित संसारलाई तँ दर बसाल्ने कोशिश
मेरा सहानुभूति देखाएर रहेका आँखा र मलीन मुह
एक चोटी हेरेर उ भन्छ "त बच्चैछस्" यो कुरा
मेरो मनमा सुल्झेको थियो। कारण सुन, अर्का
तेरोलाई दन्त्य कथा जस्तो भए पनि मलीन मुख,
आँखा पार्नु ले भन्छ,अब यो संसारमा बाँच्न पत्थरको
हृदय चाहिन्छ तेरो जस्तो कमजोर होइन। मैले
अनुभव गरें, उसको जीवन सानो परिभाषाले मलाई
असर पार्ला जस्तो लागेको थिएन। म आफूलाई सम
अलि साहाश बटुलेर भन्छु तँ जतिसुकै पाण्डित्याई
नछाँट, म अझै पनि ठोकेर भन्छु बाँचेर पनि बाँच्नुको
जान्दैनस् तँ। न जानेको तँलाई थाहा छ ?। म
तँ एक चोटी लामो सास फेरेर भन्न "न जाने
आसा जस्ले मलाई जन्माइन्। मैले कुरोको बुँदा सम
भने 'तेरो आमाले तलाई यसैले जन्माएकी" मेरो
पढेर ठूलो होस् मेरो वाक्य ऊ आफै पूरा गर्छ अनि
शब्द हाम्रो दुवैको मुखबाट एकै चोटी निस्कन्छ। म

CC-0. In Public Domain. Digitization by eGangotri

खोल्दै उ आफै भन्छ" बिचरी मृत मेरी आमा उसलाई पर्तो कि उसको छोरोले एक दिन जीवन देखि हारेर हिंड्नु पर्छ भन्ने, ऊ के जानोस् कि उसको छोरालाई जीवनले या सार भन्ने बोधारमा ल्याएर छोडी देला भन्ने । उसको छोराले एक दिन मृत्यूको स्वरूप खोज्दै हिंड्नु पर्छ भन्ने थाहा पाएकी भए सायद, प्रशान्त महा-सागरका भोका माछाहरूको आहारा बनाउँथी होली । म फेरी हार्छु– तर फेरि प्रश्न गर्छ "तँ आजको तेरो जीवनमा के गर्दैछस् त" । उ फूर्तिसाथ भन्छ, "मस्जिद भित्र चुपचाप बसेर ईश्वरको पदवी लिने भगवानलाई कहिल्यै अगाडि नपर्ने ईश्वरलाई प्रेरणा दिंदैछु कि अब आगे ज्याकको जस्तो भाग्य भएको मान्छेलाई पृथ्वीतिर भन्दा अन्तै तिर खटाए धेरै बेस हुनेछ भनेर ।"

• म संगको धेरै बाद बिबादले उसको नसा ओर्लिएछ क्यार, उ फेरी गाँजा चिलिस निकाल्दछ उसैले भिरेको थैलोबाट । सानो तिनो म्यूजियम जस्तो उसको थैलो भित्रका चीजलाई निहालेर हेरेको देखेर उ भन्छ । तँ अचम्म मान्दैछस् होला मेरो श्रीसम्पत्ति देखेर । हो त नि धनी कहलिएको तेरो देश, धनी कहलिएको तेरो जाति, त्यही जाति त्यही देशको तँ, तेरो यो चाला । उ मायालु भावमा हाँसिदिन्छ स्वीकार गर्दै । म भन्छु

CC-0. In Public Domain. Digitization by eGangotri

"सुन्छु तेरो देशमा रकेट बन्छ रे, तँ काम पाउँ
त्यहाँ ।" हो मेरो देशमा सबै चीज बन्छ तर
बनाउँदैन मेसिनले । सबै चीज सस्तो छ तर बाँचन
अनि मानव जीवन धेरै सस्तो छ 'मेरो देशमा'
अवसर छोड्दैछु भन्छु । बाँचन गाह्रो भो भनेर शं
डराएर भाग्ने त डर छेरुवा होइनस् त ? ।
सक्दिन्छ, धेरै बेर पछि बोल्छ "हो तैंले जे भनिस
छ तैपनि मेरो समस्या देखि तँ अनभिज्ञ छस् म
उघारेर देखाउन सक्दिन मेरो आत्मा के चाहन्छ
बिश्वास राख- म पनि तँ जस्तै एक प्राणि हुँ ज
एक पेट खाए पुग्ने ठाउँमा हजारौंको हत्या गरेर
पेट खान मन नलाग्ने, अनि मेरो पनि हृदयमा ह
जो अपराध देखि तर्सन्छन् । अनि शान्तिको खोजमा
को म लाचार छु । टुटे फुटेका आशाहरूलाई सं
असमर्थ भएपछि आफैमा हराउने कोशिस गर्छु ग
भाँग रक्सी खाएर । तँ डराउँदै छस् कतै मेरो भ्रम
तेरो काँचा दाजु भाईमा न परोस् भनेर ठीक हो
सबै एकै प्रकारका हुँदैनन् भन्ने कुरा तैंले बुझ्नु पर्ने
बुझिनस् यो पनि ठीकै छ । याद राख मेरो यो चा
या गति उही समाजको देन हो, जहाँ था मर या म
भन्ने नीति अपनाइन्छ । भनि बिर्सेर पनि न भुते

CC-0. In Public Domain. Digitization by eGangotri

यत्रो एक हात अगाडि बढाएर पाँचै औंलो फिजाइ दिन्छ।

म घर फर्कन्छु एउटा हिप्पी संगको लामो वार्तचित सकेर। उसले भनेका सबै कुरा एक एक गरेर अक्षरमा बदल्न बाह्रखरी किताब पल्टाएर र उपयुक्त अक्षरहरू खोजी गर्छु तर सक्दिन। धेरै चोटी मनमा आउँछ हिप्पी एउटा बेकारको सृजना।

※

विजया दशमीको उपलक्ष्यमा
समस्त नेपाली तथा
हाम्रा ग्राहकहरू प्रति
हार्दिक शुभ कामना

—गौरी शङ्कर स्टोर्स
शुक्रपथ

फो. नं.
११४५६

CC-0. In Public Domain. Digitization by eGangotri

समस्त ग्राहक तथा सहयोगीहरू प्रति
विजया दशमीको सुखद अवसरमा
हार्दिक शुभ-कामना
व्यक्त गर्दछौं

नेपाल यातायात संस्थान

परिवार

सुरक्षित र सस्तो ढुवानीको लागि संस्थानला
सम्झनुहोस्

बुकिंग कार्यालयः- काठमाडौं, हेटौंडा, वीरगंज, रक्सौल, जनकपुरधाम, जयनगर, कलकत्ता (भारत)

टेलिफोनः- ११७२७, १११५६, १२६७२, १४७०४
टेलिग्रामः- ट्रान्सकोनेप

जगतको प्रेमावलीको नौलो आकांक्षा लिई
छिट्टै प्रकाशित हुँदैछ ।

प्रेमा (सँकलन सीने संसार)

आकर्षक ब्लकर फिल्मी कार्टुन, फिल्मी लेख, हास्य लेख, प्रश्नोत्तर, रहस्यमय कहानी, हास्य व्यङ्ग, कोठेपद, तथा अरू धेरै फिल्मी सामग्रीका साथ प्रकाशित हुँदैछ ।

पाठक वर्गहरूले पनि यी माथि उल्लेखित विषयको सामग्री पठाउनु भइ आफ्नो मनको कुरा प्रकट गर्नु होस ।

सामग्र. माघ १६ गते भित्र पठाउनोस् ।

ठेगाना: नोबल्टी प्रिन्टीङ्ग प्रेस, ठहिटी

श्री ५ युवराजाधिराज सरकारको
शुभ—जन्मोत्सवको उपलक्ष्यमा

नौलो उपहार

प्रेमालोचना, (मनोरंजन संकलन)

बजारमा आउँदैछ ।

पढ्नोस्

संगीत सरिता	(त्रैमासिक)
सिनेमा	(मासिक संकलन)
सुस्केरा	(संकलन)
नौलो नेपाली	(पत्रिका)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

बडा दशैंको उपलक्ष्यमा

हार्दिक शुभ–कामना

प्रकट गर्दछौं

—नेपाल उल हाउस

भोटाहिटी

फो. नं. ११८१६

तथा

क्याप्रिकर्नर

फो. नं. १३७७६

न्यूरोड

... ... पदान्त समारोह

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली मात्रको महान चा

बिजया दशमी

शुभ उपलक्ष्यमा

समस्त देश भित्रका

तथा

बाहिरका तमाम नेपालीमा

हार्दिक शुभ-कामना

—नयाँ यु

मुद्रक:- नोवल्टी प्रिन्टिङ्ग प्रेस, ठहिटी

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल



सम्पादक–

त्रिभुवन विश्वविद्यालय सांस्कृतिक परिषद

२२ चैत्र ०१६ दीक्षान्त समारोह

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

कुलपति श्री ५ महेन्द्र—सदुपदेश

- विद्यार्थीहरू देशका भविष्यका आशा हुन ।
- विद्यार्थी जीवनमा हामीले धेरै सिक्नुछ र सिक्दैछौं ।
- विद्यानै मनुष्यको लक्ष हो । असल चरित्र र कर्त्तव्यमा लागु हुनु नै विद्याको मुख्य चिन्हहो ।
- बालककाल देखिनै अनुशासनमा वस्ने बानीले जीवनमा ठूलो कल्याण गर्दछ ।
- अनुशासन र देशभक्तिलाई दुई आंखा सरह अपनाउने बेला छ ।
- देशलाई धोका दिनेहरूलाई शहीदहरूको रगतले पिर्ने छ भन्ने सम्झेर निष्कपट देशसेवा गर्नु छ ।
- हामीले हाम्रो इतिहासको शिक्षा विर्सन हुन्न ।
- आफुमा भरपर्नु पर्छ ।
- स्वदेशी वस्तुको संमान नै स्वदेशको संमान हो ।
- देशका प्रत्येक कणलाई तीर्थरज जस्तै पवित्र ठान्ने भावना जागृत गर्नु छ ।
- घुस खानु राष्ट्रलाई विष खुवाउनु जस्तो हो राष्ट्रको मुद्दु न्याय हुनाले यो पद्वति शुध्द र सुलभ हुनु अत्यावश्यक छ ।
- पंचायतपध्दति नै प्रजातन्त्रको जग हो इमान्दारी र राष्ट्रियतालाई अंगालेर हामी सबैले मिलीजुली देशमा धेरै काम गर्नु छ ।
- मलाई कृष्ण र बुद्धमा समान श्रध्दा छ र हिन्दू हुनुमा गौरव छ ।

(महेन्द्र महाबाणीबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

'संस्कृतिको अध्ययनबाट राष्ट्रको एकतामा धेरै सहायता मिल्ने छ"

—उपकुलपति श्री रणधीरसुब्बा

"हाम्रो विश्वविद्यालयबाट ज्ञानको चरम विकाशको लागि वास्तविकदेन दिन सक्ने महत्वपूर्णं एक क्षेत्रमा विशेष व्यवस्था हुन लागेको छ। त्यो क्षेत्र हो संस्कृति, नेपाली इतिहास र भाषा ···।"

"हाम्रो राष्ट्रभाषा नेपालीको बनावट र विकाशमा गुरूङ्ग, मगर, तामाङ्ग, नेवार, किरात, थारू आदि भाषाको कतिसम्म प्रभाव परेको छ यस बारेको अनुसन्धान विषय आवश्यक हुनुको साथै रोचक पनि हुनेछ। हाम्रा भाषाका ब्युत्पत्ति र रूप रचना सम्वन्धी, अनुसन्धानले हाम्रो पूर्वजहरूको सच्चा इतिहास र हाम्रो संस्कृतिको विकासको यथार्थं ज्ञान हुन सक्छ। नेपालका प्राचीन निवासीहरुको हाम्रो संस्कृतिमा कतिसम्म देन छ त्यसको अध्ययन र प्रचारबाट नेपाली राष्ट्रको एकतामा धेरै सहायता मिल्ने छ।"

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक भूमि-नेपाल

—श्रीबालकृष्ण सम

हाम्रा विद्वान् इतिहासकारहरुले स्वदेशकै प्रसिद्ध कस्तूरी मृगले जस्तै आफ्नै नाभीको त्यत्रो सम्पत्ति वेदको अध्ययनपट्टी ध्यानै नदिई वेदको आधारमा परम्परागत बनेका जनकको उपनिषदकालभन्दा वा बुद्धहरुको समयभन्दा पनि धेरै पछिको वैदिक हिमवत्खण्ड नै पनि नेपाल महात्म्यमा केन्द्रित भइसकेपछिको पौराणिक कालमा बनेका बृहतस्यस्वयंभू पुराण, स्कन्दपुराण, बाराह पुराणहरुदेखि लिएर मानु मूललाई छाड़ी बीच शाखाबाट पातपातमा नांची थालनी गरेझैं हाम्रो यस वैदिक भूमिको इतिहास प्रारम्भ गरेका छन् । मेरो यो कटु आलोचनाले भन प्रतिक्रियापट्टि विद्वानहरुको बल खर्च नहोस, बरू वैदिक चासो बढ़ोस भन्ने मेरो चको निवेदन छ ।

अवश्यमेव वेद पहिले श्रुतिरूपमा थियो, उस समयमा लेखनकला थिएन। पछि वैदिक सँहिता सँग्रह र सम्पादन गरेर लेख्ने अथवा सो ब्यासकाय गर्ने भारतीय वेदब्यास हुन, सो पौराणिक कालमा भएको हो । तर मध्य एशियाबाट उँउ, सिह मरूभूमि देख्तै, पामिरदेखि हिमालयसम्म अग्निपूजा गर्दै आगो ताप्तै आई दुल्लुदैलेखमा वैश्वानरको स्थापना गरी गण्डकी, कोशी र कर्णालीको बीच क्षेत्रमा बसी साधन सहित गाउने आर्य महर्षिहरुका सूक्त नै नेपालको न्वारान हुनुभन्दा अगिको प्रागैतिहासिक इतिहास झल्काउन पर्याप्त छन् । भूगोलवेत्ता तथा इतिहासकारहरुले विचार गरिदिएमा हामी नेपालीलाई वैदिक भूमि खोज्न कुनै भारतीय बिद्वानहरूले त्यस्तै हिउँ खोज्न उत्तरी ध्रुव

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्नु पर्दैन, तीन सप्त नदी खोज्न छामछाम छुमछुम गर्दै पञ्जाब पञ्चनदमा अरू कुनै दुई नदी जोडिदिन वा सब नदी भन्ने गरिरहनु पर्दैन- 'हिमवन्त' पर्वत हाम्रो तालुमा फुक्तै नित्यप्रति सम्झाइरहेको जस्तो—

हिरण्यगर्भ ऋषि भन्दछन्-'यस्येमे हिमवन्तो महित्वा —जसको महिमाले यो हिमवान् पर्वत खड़ा छ।' पूर्वी हिमालयमा कूट औषधि प्राप्त भएको विषयमा भृग्वङ्गिरा ऋषि भन्दछन्—

'उदङ जातो हिमवतः स
प्राच्वाँ नीयसे जनम्।
तत्र कुष्ठस्य नामान्यु-
उत्तमानि वि भँजिरे॥'

हिमालयबाट नदीहरु बहेको विषयमा शन्ताति ऋषि भन्दछन्-
'हिमवतः प्रस्रबन्ति
सिन्धौ समह सँगमः।

प्रजापति र गौतम् ऋषि पनि सोही कुरा दोहऱ्याउँछन्- 'जसको महिमा यो हिमालय पर्वत वर्णन गरिरहेछन्' यसरी हिमालय पर्वतको एक किल्ला बाँधेरछि चौकिल्लाको निम्ति अरू तीन किल्लालाई तीन सात नदी खोज्न पनि हामीलाई अन्त जानु पर्दैन, सप्तकोशी, सप्त कर्णाली र सप्तगण्डकीबाटै यो ध्वनि निस्केको छः— ऋग्वेदमा गय प्लात ऋषि गाउँछन—

'त्रिः सप्त सस्त्रा नद्यो महिरपो
वनस्पतीन्पर्वता अग्निमूतये।
कृशानुमतृन्तिष्यँ सधस्थ आ
रुद्रं रुद्रेषु रुद्रियँ हवामहे॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ छ-- हामी तीन सात अथवा एक्काइस नदी, वनस्पति, पर्वत, अनुष्ठाण लिई सोमलताको पालन गर्ने गन्धर्वहरु, रुद्रहरुमा प्रमुख रुद्रलाई रुद्र (रक्षा) को निमित्त यज्ञमा हवन गर्दछौं ।

कैयौं नाम बदलिंदा बदलिंदै पनि वेदमा हाम्रा यी नदीहरुका नाम छन् श्वेत्या = सेती, सदानीरा = काली, रसा = रोसी, तृष्टामा = तृष्टा, वरुणवर्णवति = अरूण अँशुमती वा रुद्रमती?,कुशिशी = कोशी पछि कौशि-कमुनिको नामले कौशिकी, शिन्धु नदी = सिध्द नदी, परूष्णी = पोपुवामाई; कुभा = कावेरी,विस्तता = वेत्रावती;सरस्वती = सरस्वती;गङ्गा = वाण-गङ्गा, खार्पूगङ्गा इत्यादि। वेदमा धेरै ठाउँमा सप्तनदीको वर्णन छ। अझ वैदिक वर्णनको एक सार झिकौं भने हजारौं सूक्तबाट यही भेटिन्छ (जसमा चोभार र कटुवालदहको वर्णन छ)-- पानी बाटो नपाएर जमिरहेको छ, वृत्रले त्यसको गति रोकिराखेको हुन्छ, इन्द्रबज्रले वृत्रलाई मार्दछन, पर्वतको बीच चिरिएबाट नदीहरु बग्न पाउँछन अनि उर्वरा खेतमा अन्न उब्जन्छ ।

यिनै मन्त्रहरुबाट पछि नागह्रदको कल्पना भएको हो । वाराह पुराणमा वराहले पृथ्वीको उध्दार गरेको कथा पनि त्यही पर्वतवासी इन्द्र, गतिअवरोधक वृत्र र नदीको प्रगति आदि कथामै आधारित रहेको छ ।

अब यसपछि अथर्वा ऋषिको भूमि सूक्तमा एक 'नेपाल' नामको अतिरिक्त यस देशप्रति राष्ट्रिय भावना यसरी अभिव्यक्त गरिएकोछ।

'गिरयस्ते पर्वता हिमवन्तोऽरण्यं ते पृथिवि स्योनमस्तु। बभ्रुं कृष्णां रोहिणीं विश्वरूपाँ ध्रुवां भूमि पृथिविनिन्द्रगुप्ताम् । अजितोऽहतो अक्षतो ध्यष्टो पृथिवीमहम् ।

अर्थ छ-- 'हे पृथ्वी, तिम्रा ठूला साना पर्वत हिमालय र वनहरु

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलाइ दुखी राखून् ! यी अनेकानेक रङ्गविरङ्ग भएको इन्द्रले गे प्रिया बनाइएकी भूमिमा म पराजयरहित चयरहित भएर रहूं। भूक गइरहने यो हाम्रो देशको अवस्था पनि यसैमा झल्केको छ —

'महत् सधस्थँ महती बभूदिथ
महान वेग एजथुर्बेपथुष्टे।'

'हें ठूली पृथ्वी तिमी निवासको निम्ति जति ठूली छौ, उति ठू तिम्रो वेग उति ठूलो भूकम्प छ।' बराहको सूत्रपात यहीं छ-- 'वराह पृथ्वी सविदाना।

अब सो राष्ट्रियता प्रकृतिबाट मनुष्य समाजको निम्ति प्रये हुन्छ, ऋग्वेदीय सम्भवन ऋषि भन्छन्-- सङ्गच्छध्वं सम्वदध्वँ सं मनाँसी जानताम्।

देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ॥

समानो मन्त्र: समिति: समानी
समानं मन: सह चित्तमेषाम्।
समानं मन्त्रमभि मन्त्रये व:
समानेन वो हविषा जुहोमि ॥

समानी व आकूति: समाना हृदयानी व:।
समानस्तु वो मनो यथा व सुसहासति ॥,

अर्थ स्पष्ट छ—

भूमिको ममता यस बराहचेत्रको नाम रहनु भन्दा अघि यसै समाजको सुसंगठनमा ध्यान रहन जानु महत्व पूर्ण कुरा छ। पन्चा यतको सूत्रपात यहीं छ–

'तमेवे पृथिबि पन्च मानव'
'हे पृथिबि, यी पन्चजन तिम्रै हुन,

CC-0. In Public Domain. Digitization by eGangotri

अग्नि इन्द्रको स्थानमा राजा खड़ा गरिन्छन्, उनको राज्याभिषेक हुन्छ--

अथर्वाङ्गिरा भन्दछन् सब जना सिंहासनारूढ राजाको सेवा गरुन्, राजा पनि प्रजाको पालनमा तत्पर होऊन। अभिषेकवाट उत्पन्न भएको राज्य तेज सबै दिशामा व्याप्त होस, अनि शत्रु भयले भागून्, राजा सामदान भेद दण्ड गर्ने होऊन।

अनि ऋषि राजालाई कसरी आशिर्वाद दिन्छन्—

ध्रुवा द्यौध्रुवां पृथिवी ध्रुवेंविश्वमिदं जगत्।
ध्रुवास: पर्वता इमे ध्रुवो राजा विशामयम्॥

स्थिर आकाश, स्थिर पृथ्वी, यो विश्व जगत तिनको मध्यमा स्थिर छन्, जस्तो यो पर्वत स्थिर छ, त्यस्तै यी राजा पनि स्थिर होऊन।

फेरि अर्को ठाउँमा छ—

'इहैवैधी माप च्योस्ठा: पर्वत श्वाविचाचलत्।
इन्द्रे हैव ध्रुवस्तिष्ठेंह राष्ट्रमु धारय'॥

हे राजा, तिमी यो राजा सिंहासनमा आरुढ भएर पर्वत जस्तै दृढ रही यस राष्ट्रलाई सम्भाल।

अनेकौं भूकम्पले गर्दा नेपाल भूगोलको बान्की कति चोटि कसरी बदलियो होला, त्यो अहिले केवल अनुमान मात्र गर्न सकिन्छ— त्यसैले उस बेला स्थिरताको त्यत्रो महत्व भएको हो।

वेद बुद्धभन्दा धेरै अघिको कुरो हो, वेदमा धेरै राजाका, ऋषिका र अरुहरुका नाम छन्। पछि पौराणिक यूगमा वेदका नाम टिप्तै भए नभएका कथा कथुङ्ग्री जोड्दै स्वार्थवश दन्त्यकथा वा लोककथा (फोकटेल्स) लाई इतिहास भनेर जनतामा भ्रम फैलाउन खोजेको कुरा स्पष्ट छ। धेरै अगाडिको कुरा अनुमान गर्न सकिन्छ, बर त्यसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पनाले बनाउनु ऐतिहासिक दृष्टिले सत्यता अथवा राम्रो होइन । आफूले जाने जत्ति कुरा भनिसकेर थाहा नपाएको कुरा थाहा छैन, नभनी सर्वज्ञ छ भन्ने भान पारेर अगिका विद्वान् स्वर्ग, पृथ्वी, नरक जोडेकाले हामीलाई सत्य कुरा पत्ता लगाउन अपठ्यारो भएको छ—झूठो र सत्यलाई एकै ठाउँमा घोलिदिदा कहिल्यै साँचो बन्ने होइन, बरु सत्यकै अनुहार पनि सदिग्ध जाने हुन्छ

हाम्रा कपिलमुनिले वेदको अध्ययन गरी सांख्य बनाए--नारा ऋषिको ऋग्वेद तथा अर्थवेदको उत्तर नारायणको यजुर्बेदको पु सूक्तले कपिल विशेष प्रभावित भएका छन् । हाम्रा बुद्धको दर्शन पनि सांख्यमै आधारित छ । बुद्ध बेदभूमिबाट परम्परागत निस्केका स्वाभावि विचारक हुन् । बुद्धको बेदमा श्रद्धा छ उनले केवल बेद ऋषिहरु बनाएको भने. परन्तु तलका बेद विरुद्ध कार्य उनले गरेनन् ।

(१) हजारौं आखा भएका सर्वश्रेष्ठ शक्तिवज्री इन्द्रलाई गौतम ऋषिपत्नीको बात लाएको कथा जोडनु ।

(२) शूनःशेप ऋषिको, विषयमा अनेक कपोलकल्पित कथा ऐतरेय ब्राम्हणमा, विष्णुपुरानमा वाल्मीकीय रामायणमा, महाभारत भगवत आदिमा छन्, ती हरिश्चन्द्र राजाको कथा जोडनू—(३) इन्द्र देवताको विषयमा कथा जोडनु (४) रुद्रको विषयमा अनेक कथा रच्नू ।

यसरी वैदिक नाम टिपी टिपी बेद-प्रमाण भन्दै आफ्ना मनगढन्ते कथाहरु रचिएका हामी हजारौं ठाउँमा पाउँछौं ।

जुन बुद्धले सत्यताको खोजीमा समस्त जीवन विताए, उनैको नाम मात्रको आधारमा पनि अनेक असम्भव कथाहरु रचिएका छन्। वैज्ञिनाक इतिहासकारहरुले प्रचलन अनुसार पौराणिक आधारबाट

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास आरम्भ गर्नुभन्दा वेदको वैज्ञानिक अध्ययन गरी सोही अनुसार प्रारम्भ गर्न उत्तम हुनेछ। गौतम बुद्ध नेपालको भौगोलिक तथा दार्शनिक वातावरणमा जन्मन सक्थे--जन्मे। ती सर्वश्रेष्ठ मानिसमा मानिस मात्रले आफू पनि मानिस भएकोमा गौरव मानेका छन्, परन्तु हामी नेपालीमा राष्ट्रिय चेतनाजन्य विशेष गौरबको अनुभूति हुनु स्वाभाविकै छ। किनभने स्वयँ बुद्धले मगधका राजा बिन्दुसारले 'तपाईंको जन्मभूमि कहाँ हो ? भनेर सोद्धा भनेका छन—

'उजुँ जनपदो राजा हिमवन्तस्सत पसता'

'राजा, मेरो देश हिमालको काखमा छ' यस उक्तिले नेपाल राष्ट्र गौरवान्वित भएको छ।

धम्पदका केवल यी दुई श्लोकले पनि बुद्धलाई वैदिक परम्परावादी देखाउँछन्।

'दूरे सन्तो पकासेन्ति हिमवन्तोव पव्वता।'

सज्जनहरु हिमालय पर्वत जस्तै टाढाबाट प्रकाशित हुन्छन्।

'अप्पमादेन मघवा देवानां सेठ्टतँ गतो।'

अप्रमादले नै इन्द्र देवतामा श्रेष्ठ हुन गए।

यो त स्पष्ट छ कि— नेपालको राष्ट्रियता सबभन्दा प्रोज्ज्वलित भएको प्राचीन ग्रन्थ त हिमवत्खण्ड—नेपाल माहात्म्य नै हो। त्यो पुराण हो। जुन परम्पराले नेपालका अरु पुराण चण्डी आदि तथा भारतको कैयौं पुराण रामायण, महाभारत, भागवत हरिबँश, भविष्य पुराणहरु लेखिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन न्याय-व्यवस्था

—श्री शम्भुप्रसाद ज्ञवाली--एटर्नी जनरल

नेपालको इतिहासमा प्रायः प्रत्येक राजबँशमा यस्ता गौरवशाली राजा भएका पाइन्छन् जसले आफ्नो समय अनुसारको कानूनी व्यवस्था बांधने वा प्रजालाई न्याय दिने कुरामा विशेष ख्याति अर्जित गरेका छन्। त्यस्ता राजा मध्ये किरातवँशका यलम्बर हांग, लिच्छवी वँशका मानदेव प्रथम, मल्ल वँशका जयस्थिति मल्ल र शाहवंशका रामशाहको नामोल्लेख गर्नु पर्याप्त हुनेछ। यी राजाहरुमा प्रत्येकले न्याय संरक्षणमा आफ-आफ्नो देश, काल, परिस्थिति अनुसार गरेको योगदानको आफ–आफ्नो किसिमको महत्व छ। तापनि मलाई लाग्छ तुलनात्मक दृष्टिले हर्ने हो भने यिनमा थिति बांधने र न्याय दिने क्षेत्रमा समान श्रेय शायद श्री ५ रामशाहको भागमा मात्र पर्न आउला। यस कुरालाई "गोर्खा वंशावली' मा यसरी वर्णन गरेको पाईन्छ।

"विद्या हराया श्रीकाशी जानु निसाफ हराया गोरखा जानु, भन्या बोलीको निशाना जो छ त्यो पनि श्री ५ महाराजा रामशाह देखिन चल्दो भयो।'

आजको नेपाली समाजलाई करीब साढ़ेतीन सय बर्ष अघि श्री ५ रामशाहले बांधेको सबै थिति हुबहु काम लाग्ने भए तापनि तिनको आज पनि ठूलो ऐतिहासिक महत्व छ। "दामको दुनू, अन्नको तिनू" अर्थात् दशौंदका दरले लिएको ऋण तिर्दा दश वर्षसम्मको ब्याज तिर्नु पर्छ, दश वर्ष पुगेपछि साउँ दोवर हुन्छ, जतिसुकै वर्ष बढि गिरे तापनि

CC-0. In Public Domain. Digitization by eGangotri

ऋण लिएको रूपैयां दोबर भन्दा बढता तिर्नु पर्दैन र अन्न पैंचो लिएको छ भने नगदी ऋण बमोजिम त्यसको तेबर भन्दा बढता तिर्नु पर्दैन भन्ने जस्तो सामाजिक न्यायको व्यवस्थाले उस बेला दिन प्रतिदिन ऋणमा डुब्दै गएको जनसाधारणको आर्थिक स्थितिमा कत्रो क्रान्तिकारी परिवर्तन ल्यायो होला हामी तपाईं सहजै अनुमान गर्न सक्छौं। सो व्यवस्था समयानुकूल परिवर्तन साथ आज पनि हाम्रो कानून प्रणालीको अभिन्न अङ्गको रूपमा कायम रहेको छ। वर्तमान मुलुकी ऐनको साहु असामीको महल र भूमि सम्बन्धी ऐन, २०१४ ले नगदीको हकमा सयकडा दश भन्दा बढी ब्याज लिन नपाउने, जिन्सीको हकमा विजन कर्जा दिएकोमा सो विजन कर्जाको सयकडा पच्चीस भन्दा बढी र अरू जिन्सी कर्जा दिएकोमा सयकडा दश भन्दा बढी ब्याज लिन नपाइने कुरा शायद मैले तपाईंहरुलाई स्मरण गराई रहन पर्दैन र भविष्यको सामाजिक न्यायको विचारधाराले शायद ब्याजको यो दरमा अझ अरू कटौती गर्न बेर छैन। जे होस, यस सम्बन्धमा मनुष्मृतिको "कुसीद वृद्धिर्द्वै'गुण्यं नात्येति सकृदाहृता। धान्ये सदे लवे वासे नातिक्रामति पञ्चताम्" अर्थात् सांवा ब्याज एकैसाथ लिएमा सांवाको दोबर भन्दा बढी ब्याज तिर्नु पर्दैन र अन्न फल वस्तु भाउ इत्यादि कर्जा लिएकोमा तिनको दामको पांच गुना भन्दा बढी ब्याज लिनु न्याय संगत हुंदैन भन्ने थितिबाट श्री ५ रामशाहको थिति र त्यस थितिबाट आजको थिति-सम्मको लामो विकास क्रममा रहेको सादृश्य र अन्तर दुवैलाई एकसाथ देखाउन यो एउटा दृष्टान्तसम्म मैले तपाईंहरुका सामु राखेको हूं।

श्री ५ रामशाहबाट ठूलो सानो सबै प्रजालाई एक ठानी निष्पक्ष भई न्याय गर्नु पर्छ भन्ने गोरखाली न्यायको जुन सुदृढ जग बसालियो त्यसको परम्परा क्रमशः राज्य वृध्दि हुंदै गएको र विधि ब्यव्हार पनि जटिल हुंदै गएको परिस्थितिमा समेत यथासम्भव मौसूफका उत्तरा-

CC-0. In Public Domain. Digitization by eGangotri

धिकारीहरुबाट कायम राखियो। श्री ५ बडामहाराजा पृथ्वीनाराय शाहको अधिकांश समय र परिश्रम नेपाललाई एउटा सबल राष्ट्र रूपमा खडा गर्नमा लाग्यो तापनि मौसूफबाट न्यायको क्षेत्रमा समे बिचार गरिबक्सेको कुरा मौसूफको "दिव्य उपदेशमा अंकित" "राजा ठूलो नियाँ निसाफ हेर्नु अन्याय मुलुकमा हुन नदिनु, नियां निसा बिगार्न्या भन्याको घुस दिन्या र खान्या, इन दुइको ता धन जीव ग लियाको पनि पाप छैन, इराजाका महा सतुर हुन... अदालथमा पनि ठकुरी जांची डिठ्ठा राख्नु, मगर जांची विचारी थान्नु, कचहरी पिच्छे एक एक पण्डित राखी नियां शास्त्र बमोजिम अदालत चलाउनु' भन्ने जस्ता महानवाणीबाट स्पष्ट हुन्छ।

यस प्रसंगमा दुई कुरा बिशेषरुपले स्मरणीय छ। पहिलो, त्यस वखतका ठकुरी र मगरमा विशेष इमान्दारी र ल्याकत भएकोले तिनलाई अदालतमा नियुक्त गर्नु भनिएको हुनुपर्छ अन्यथा चार वर्ण छत्तीस जातको फुलवारीका महान् निर्माताले कुनै खास जातकालाई मात्र तोक्ने प्रश्न नै उठदैन। दोश्रो, नियां शास्त्र बमोजिम अदालत चलाउने भनेको अदालतले नियाँ हलाउनु पर्ने कुरामा नियां हलाई र ऐनले व्यवस्था नगरेको कुरामा शास्त्रको विचार गरी मुद्दा छिन्ने भनिएको हुनु पर्छ, 'नियां' शब्द आधुनिक 'न्याय, शब्दको पर्यायवाची को रुपमा प्रयोग भन्न मिल्ने देखिदैन किनकि त्यही दिब्य उपदेशमा 'निसाफ' र 'अन्याय' जस्ता शब्दको समेत प्रयोग भएको कुरा मैले अघि प्रस्तुत गरेको उद्धरणमा समेत परेको तपाईहरुले सुनी हाल्नु भयो। सामाजिक व्यवस्थालाई प्राचीन शास्त्र मात्र पर्याप्त नभएको कुरा स्वयँ श्री ५ बडा महाराजा पृथ्बींनारायग शाहबाट समेत महसूस गरिबक्सेको मौसूफबाट बनाई बक्सेका कतिपय ऐनले नै प्रमाणित गर्छन् जसमध्ये केही ऐनको उल्लेख अद्यापि मुलुकी ऐनमा छँदैछ र वर्तमान राजकाज (अपराध

CC-0. In Public Domain. Digitization by eGangotri

र सजाय) ऐन २०१९ ले खारेज गरेको अघिल्लो राजकाज ऐनमा समेत हामी त्यस कुराको उल्लेख पाउँदछौं।

जहांसम्म नियां हलाई मुद्दा छिन्ने प्रथाको कुरा छ जव न्यायकर्तालाई दुबै थर झगड़ियाको कुरामा तथ्य र सबूत बराबर भएको प्रतीत हुन्थ्यो र सत्यासत्यको निरुपणमा धरमर हुन्थ्यो त्यस बखत लाचारीसाथ संयोगको सहारा न्यायकर्ताहरु लिन्थे, जस्तो पानीभित्र धेरै वेरसम्म बस्न सक्ने पक्षलाई जिताउने कुरा। त्यस्तो नियाँ हलाउने कुराको वर्णन प्रसिध्द इतिहासकार पर्सिभल ल्याण्डनले आफ्नो नेपाल नामक ग्रन्थमा गरेका छन् र त्यसलाई युरोपमा मध्ययुगमा प्रचलित शारीरिक द्वन्दयुद्धद्वारा व्यक्तिगत झगडाको निर्णय गर्ने प्रथाभन्दा उत्तम समेत ठहराएका छन्। तर नियां हलाई मुद्दा छिन्ने प्रथाको दुरुपयोग हुन थाल्यो र त्यो प्रथा न्यायको साधनको सट्टा अन्यायको साधन बन्न थाल्यो र आखिर श्री सुरेन्द्रविक्रम शाहको पालामा मुलुकी ऐनद्वारा प्रतिवन्ध लगाई सदाका लागि समाप्त गरियो। त्यस सम्वन्धमा यस्तो भनिएको छ— "कसैले भनी कोही जग्गामा नियां हालदा धोक्रामा हाली पानीमा डुबांई नियां हाल्दा रह्याछन्, अब उप्रान्त ऐन नाघी त्यस्तो नियां नहाल्नु, डुवायाको मऱ्या भन्या त्यो नियां हालन्या डिट्ठा, बिचारी, अमाली, जिम्माबाल मुखिया जो हो उसलाई त्यसै धोक्रामा हाली पानीमा डुवाई दिनु, नियां बदर।,,

श्री ५ सुरेन्द्रविक्रम शाहका पालासम्म आइपुग्दा नपुग्दै शास्त्रबाट मात्र काम नचल्ने कुराको विशेष रूपमा अनुभव हुन थाल्यो र मौसूफका हुकुम बमोजिम तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाबाट विक्रम सम्वत १९१० सालमा त्यसबेला प्रचलनमा रहेका सामाजिक धार्मिक रीतिथिति समेतको सबै परम्परागत कानूनलाई मुलुकी ऐनको रूपमा लेखवद्ध गराइयो।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय श्री ५ त्रिभुवनबाट शासनको वागडोर लिइबक्से प[...] मौसूफबाट आफूलाई न्यायको अन्तिम तह नबनाई प्रधान न्यायालय 'बाट नै अन्तिम तहको अदालत वनाई बक्सियो । नेपालको न्यायजगत[...] निमित्त यो एक अभूतपूर्व घटना थियो । शाह राजवंशको निष्पन्न न्यायको उज्ज्वल परम्परामा न्यायिक स्वतन्त्रताको नयां आदर्श थपियो न्यायको यस ऐतिहासिक विकासक्रमको पृष्ठभूमीमा ह्राम्रा वर्तमान राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवको उदय भयो । न्याय विषयमा मौसूफको विचार कतिको उदार छ भन्ने कुरा मौसूफको यस शन्देशबाट स्पष्ट हुन्छः— "घूस खानु राष्ट्रलाई विष खुवाउनु जस्तो हो । राष्ट्रको मुद्दु न्याय हुनाले यो पद्धति शुद्ध र सुलभ हुनु अत्यावश्यक छ ।'

CC-0. In Public Domain. Digitization by eGangotri

लिच्छवी कालीन राजनीति र संस्कृति

–श्री बाबुराम आचार्य

सम्भवत: इ. सं. ५४० मा नेपालमा विप्लव भयो र प्रतापीराजा मानदेवका नाती बसन्तदेवलाई पदच्यूत गरी लिच्छवी राजकुमारलाई गद्दीमा राखेर आभीरहरुले अधिनायकवाद आरम्भ गरे। यसै बीचमा, इ० स० ५५० तिर देवपाटनका महासामन्त भएर रहेका रूपबर्माका उत्तराधिकारी भई अशुबर्माको जन्म भयो। अशुबर्माको सम्वत ३९ को देवपाटनको, नरेन्द्रदेवको सम्वत् ६९ को यङ्गाल टोलको र जयदेवको सम्वत् १५९ को पशुपतिको शिलालेखको मिलान गरेमा-- यो बँश लिच्छवी बंश थियो भन्ने स्पष्ट देखिन्छ। सम्भवत: रूबर्मलिनै आभीर-हरुलाई हटाएर शिवदेबलाई राजगद्दीमा राखी प्रशासनको बागडोर आफ्ना हातमा लिएका थिए।

अंशुवर्माका पनि दुई तरहका शिलाखेल पाइन्छन्। पहिला थरी शिलाखेलमा उनी लिच्छवी राजा शिवदेवका सेनापत्ति र मन्त्रीका रूपमा 'महासामन्तको पदवी धारण गरेर राज्यको सञ्चालन गरिरहेंको देखाइएकाले उनी ठीक, श्री ५ सुरेन्द्रका जङ्गबहादुर जस्ता देखिन्छन्। दोस्राथरी शिलालेखमा वैधानिक शासक राजा शिवदेव लुकाइएर, महासामन्त अंशुवर्मले शासन सूत्र लिई मुकूटधारी समेत भएर आज्ञा दिइरहेका देखाइएका छन्। वास्तवमा, उनी पहिले इ०सं० ५८४ मा महासामन्तको पैत्रिक पदवीमा बसेर इ०सं० ६०६ मा राजमुकुट धारण गरी वास्तविक सत्ता क्रमश: आफ्ना हातमा लिंदै गएका

CC-0. In Public Domain. Digitization by eGangotri

थिए तापनि राजा शिवदेव जीबित रहेसम्म 'भट्टारक' वा 'महाराज'भन्ने पदवी लिएर, 'सेनापति' पद्ब लिएर पुष्यमित्र शुंग संतुष्ठ रहे झैं केही वर्ष ता सन्तुष्ट नै रहेका देखिन्छन् । तर अंशुवर्माकै एकथरी टकमा र यिनी पछिका एक शिलालेखमा समेत यिनको पदवी 'महाराजाधिराज' लेखिएको हुनाले यिनले आफ्ना अन्तिम वर्षहरुमा यो पदवी लिएको देखिन्छ। उत्तर भारतमा हर्षवर्धनले आफ्नो साम्राज्य स्थापना गरी 'महाराजाधिराज' भन्ने पदवी लिएको देखेर नै सम्भवत: उनीसंगको स्पर्धा देखाउनका निमित्त यिनले पनि यो पदवी धारण गरेका थिए ।

अंशुवर्मा रूप वर्माको उत्तराधिकारी भई महासामन्त भइरहेका समयमा नेपालको इतिहासमा अभूतपूर्व घटना घटयो । तिब्वत र नेपालका बीचमा रहेका मुख्य हिमालयका हिमाच्छन्न घाटी उस समय सम्म बन्द नै थिए । सिन्धुनदका किनारै किनारा काश्मीरमा र ब्रम्हपुत्रका किनारै-किनार आसाममा मात्र तिब्वतीहरु उत्रन सक्दथे र संभवत आसाममा उत्रेका तिब्वतीहरुले 'हिमालयका ढाडका दक्षिण पट्टी 'नैपाल' रहेकोछ'' भन्ने सम्म थाहा पाएका थिए। यस्तै अवस्थामा तिब्वतका बर्बर जातिमा पनि राष्ट्रिय भावना जागृत भएर नयां शक्तिशाली राज्यको निर्माण भई स्त्रोङ चङ-गम्पोका राज्यकालका इ० सं० ५८५ तिर तिब्वतहरु केरूङको घाटी खोलेर नेपालका राजधानीमा उत्रदा नेपालीहरुले रंगरूप, वेषभूषा र भाषा समेत विलकूल फरक भएका तिब्वतीहरुलाई देखेर आश्चर्य चकित हुनु स्वाभाविक थियो । यसभन्दा एकवर्ष पहिले अंशुवर्माले, राजपाट आफ्ना हातमा लिएका हुनाले उनले नवागत तिब्बतीहरुको स्वागत गरेर अपरिचित तिब्वतको पहिचान गर्न सम्भवत: नेपाली दल पनि पठाए होलान् ।

त्रिशुलीका किनाराको केरूङको घाटी खुलेपछि पूर्वपट्टी अरूण कोशीका किनारबाट र पश्चिमपट्टी कालीगण्डकीका किनारबाट झर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको देन

ले-श्री माधवप्रसाद शर्मा एम.ए. (षष्टमवर्ष)

नेपाल हिमालयको काखमा भएको प्राकृतिक खजानाले परिपूर्ण भएको एक स्वतन्त्र हिन्दूराज्य हो। नदीहरु धेरै भएको र ती नदीहरुले बगाएर ल्याएको मलिलो माटोमा प्रशस्त उब्जाउहुने हुनाले प्राचीन विश्वको अरू सभ्यता जस्तै गरेर नेपालले पनि आफ्नो संस्कृति नदीको किनारै बाट शुरू गर्‍यो। अतः पहाडले सुरक्षित र नदीको सुविधाजनक ठाउँमा जस्तै काठमाड़ौं, जुम्ला र अरूण कोशी आदि घाटीहरुमा नेपाली सभ्यता र संस्कृतिको ठूलो विकास भयो।

इतिहासको अनुसंधान राम्रोसँग नभइसकेकोले हाम्रो सँस्कृतिको कतिसम्म विकास भएको थियो भन्ने कुरा हामीलाई ज्ञात भइसकेको छैन। त्यसैले सँस्कृतिको विकासको अध्ययन गर्न इतिहासको अध्ययन र अनुसन्धान धेरै नै आवश्यक छ। राष्ट्रको आत्मा नै संस्कृति हो यसलाई नास गर्नाले वृक्षरूपी राष्ट्र स्वतः सुक्तछ। प्रसिध्द अँग्रेज बिद्वान कार्लाइलले ठीकै भनेका छन् कि ब्रिटिश साम्राज्य भन्दा शेक्सपियरका ग्रन्थहरु धेरै महत्वका छन। तिनको विनाशले अँग्रेज जातिको अस्तित्व नै मेटिन जान्छ। हाम्रो संस्कृति, साहित्य र राष्ट्रियता रहेमा हामी धेरै साम्राज्य पनि खडा गर्न सक्छौं।

परम्परागत शोभायमान कृति संस्कृतिः- आदर्शको मान्यता जुन पिढ़ीबाट अर्को क्रमागतको रूपले सुम्पिदै आउँछ त्यही नै संस्कृति हो। अथवा सम्यक प्रकारेण करोति इति संस्कृतिः सँघर्शको क्रममा कुनै विशेषता प्राप्त गर्नु नै सँस्कृति हो। नेपाली सांस्कृतिको केही

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषता रहेको छ । एशियालाई यसको ठूलो देन छ । नेपालको वैदि राष्ट्रिय झण्डा नै नेपाली संस्कृतिको प्रतिक हो । इन्द्र सूर्य अङ्कित प राष्ट्रिय ध्वजाले दुई कुरा दर्शाउँछ । चन्द्रले सोमगुण अर्थात् ब्रम्हत्व विद्या, शान्ति आदि, सूर्यले तेजगुण अर्थात् क्षात्रधर्म (Martial Spirit) यसै कारणले नेपालका मञ्जुश्री (यसमा विद्वानहरुको विभिन्न म भए तापनि) जसलाई चीनवासीले पनि पूजा गर्दछन्, तिनक ए हातमा पुस्तक र अर्को हातमा तलवार चन्द्र र सूर्यका द्योतक हुन्। चन्द्र र सूर्य ध्वजामा रहनाको कारण रणभूमिमा सूर्यको तेजले शत्रुलाई गलाउने र चन्द्रको प्रकाशले आफ्ना सेनामा सितल र बल दिने पनि मानिएको छ । सायद यही कारणले गर्दा नेपालीले रणभूमिबाट पीठ नफर्काएको होला ।

भगवती 'विजया'को साथमा पनि सरस्वतीको प्रतिक गणेशको र खण्डको प्रतिक कालीको पूजा हुन्छ । नेपालमा हरिहरको पूजामा पनि बिष्णु र शिवको पूजा हुन्छ । नेपालमा बौध्द र शैवमार्गीलाई छुटचाउन धेरै गाहारो छ। शक्ति पूजाले गर्दा नेपालमा अझै पनि बौध्दधर्म जीवित छ ।

जुनसुकै देशको भूगोलको प्रभाव पनि त्यस देशको परिस्थिति माथि पूरा प्रभाव पारेको हुन्छ । नेपालको भूगोलले पनि नेपालको इतिहास र संस्कृति माथि धेरै नै प्रभाव पारेको छ । हिमालयको प्राकृतिक सौन्दर्यले गर्दा नेपालमा सँगीत, नृत्यकला, नाटक र पद्य-साहित्यमा उन्नति भयो । एशियामा यसको ठूलो देन छ । नेपालमा जुनसुकै जात्रा, चाहाड र बाली काटने बेलामा पनि संगीतको आवश्यकता पर्दछ । नेपालका विभिन्न जाति खास गरी मगर, नेवार, गुरुङ आदिको नृत्य संगीतमा धेरै नै देन छ । नेपालको एशियालाई अर्को देन कला हो । हिमालयको उच्चताले गर्दा नेपालमा पेगोडा शैलीको

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म भयो। यो बाहेक नेपालमा मण्डप, स्तूप र राजपूत शैलीको पनि विकास भएको थियो। यी तीन शैलीमा विदेशी प्रभाव परे तापनि पेगोडा शैली नेपालको आफ्नै शैली हो। त्यसैले तिब्बत, चीन, र गुप्त-कालीन भारत नेपाली कलाका ऋणिछन्। अरनिको नेपालका प्रख्यात कलाकार, चीनका प्रख्यात राजा चँगेजखां कहा नेपालको कलाकारिता दर्शाउन गएका थिए।

नेपाल प्राचीनकालदेखि नै एक तीर्थस्थानको रूपमा रहेको छ। हिमालयको विशालता र शान्त वातावरणले नेपालमा उच्चकोटिका वैदिक ऋषि, सांख्य दर्शनका जन्म दाता र धर्मका प्रवर्तकहरु नेपालमा जन्मे। महामुनि कौशिक जो विश्वमित्र नामले प्रसिध्द छन, सांख्य दर्शनका जन्मदाता कपिलमुनि बौद्ध र जैन धर्मका प्रवर्तक बुद्ध र महावीर जस्तालाई नेपालले जन्म दिएको छ। यस्ता ऋषिमुनिहरु र धर्मका प्रवर्तक नेपालमा जन्म लिन र यिनीहरूको रचना सन्सारमा प्रचार हुनु नै नेपालको ठूलो देन हो। नेपालका मल्ल राजाहरूले पनि संस्कृतमा उच्चकोटिका संगीत, नृत्य, नाटक आदि ग्रन्थहरु लेखेका छन् जो अद्यापि वीर पुस्तकालयमा संगृहित छ।

नेपाली उच्च कलाको वर्णन गर्दै अमेरिकी विद्वान श्रीपविलले आफ्नो पुस्तक The Home of mystry मा लेखेका छन् Whene there nothing else in Nepal saves the Durbar square of Bhadgaun it would still be amply-worth making a journey halt–way round the globe to see it. It is treasure house of Newari Art नेपाली संस्कृतिको विकास विशेषत काठमाडौं, जुम्ला र अरूण कोशीको घाटीहरुमा भयो। अरू ठाउँभन्दा यहां नदीहरुले बगाएर ल्याएका मलिलो माटो भएको र चारैतिर पहाडले सुरक्षित भएकोले संस्कृतिको

CC-0. In Public Domain. Digitization by eGangotri

विकास हुनु स्वाभाविक पनि हो। पहाडी प्रदेशमा जहां जीवन संघर्षमा छ त्यहांका गोरखा, राई, लिम्बू, मगर गुरुङ, आदि वीर जातिहरुले क्षात्र धर्ममा (martial spirit) ठूलो स्थान प्राप्त गरेका छन्। आदिकालदेखि नै यी पहाडी जातिहरुले आफ्नो देशको स्वतन्त्रताको रक्षा गरी भारतको स्वतन्त्रता रक्षा गर्नमा पनि भाग लिएका छन्। नेपालका कौशिक मुनि (विश्वामित्र) ले भारतका राम, लक्ष्मणलाई अस्त्र शस्त्रको विद्या सिकाई नेपालको जनक राजाकी पुत्री सीताको विवाह रामसंग गराई नेपाल र भारतको वैवाहिक सम्बन्ध जोडी रावणको खतराबाट भारतको रक्षा गरे। वीर अर्जुनले पनि वीर किरातिहरुबाट पाशुपत अस्त्र प्राप्त गरेर महाभारतको यूद्धमा पाण्डव हरुको पक्ष लिई विजय प्राप्त गरे। मौर्य राष्ट्रका निर्माता चन्द्रगुप्तले ग्रिकहरुलाई परास्त गर्नमा पनि नेपालका वीर खसको मदत लिन परेको थियो। यो कुरा मुद्रराक्षस नाटकले पुष्टि गर्दछ। जसमा "खसं मादंध वीर सैन्यः" लेखिऐको छ। गुप्तहरुले नेपालीहरुसंग वैवाहिक सम्बन्ध जोडेर भारतता ठूलो साम्राज्य खडा गरेर नेपालसंग मिली विदेशी शकहरुलाई हराए। यसकारण गुप्त सम्राटहरुको सुनको मुद्रामा पनि नेपालको 'लिच्छवया' नाम अँकित छ वीर समुद्रगुप्त, जसलाई भारतीय नेपोलियन भन्दछन् आफूलाई 'लिच्छवी दौहित्र' भन्न गौरव ठान्दछन्।

पहाडी प्रदेशले गर्दा नेपालमा स्वातन्त्र प्रेम, स्वावलम्बन, स्वाभीमानको भावना सदा जागृत सह्यो। यूरोपको गृक देश जस्तै नेपाल पनि साना साना स्वतन्त्र राज्यहरुमा विभक्त थियो। आफ्नो आफ्नो राजकाजमा सबैले भाग लिन्थे। यही स्वतन्त्रता प्रेम र पन्चायत शासन प्रणाली नेपालको ठूलो देन हो। १९ शताब्दीमा जुन बखत एशियामा साम्राज्यवाद फैलिरहेको थियो। त्यस वखत नेपालले नै

CC-0. In Public Domain. Digitization by eGangotri

सवभन्दा पहिले आर्यावर्तका राजालाई साम्राज्यवादको विरुध्द, आव्हान गर्‍यो। "आर्यावर्ता क्षितिशा पेप्रोटिष्ठन्त्वाहवायते अन्यथा केवलीभूता शिछ्रद्रान्वेषणः कारिणा ॥ हन्यमाना क्रमाद्युपँ न भविष्यन्ति वैरिणा। धराजातिष्विय्यं वाणी वाणी निधी सूसंधिता ॥ (राजेन्द्रप्रशस्ति)"

"हे आर्यावर्ति राजा हो, यूध्दलाई तयार होऊ नत्र तिमीहरुलाई शत्रुले नाश गर्ने छन।"

अठारौं शताब्दीमा जब अँग्रेजहरुले आपनो भेद नीतिले बँगाल खाए ठीक त्यसै बखत राजनीतिज्ञ तथा दूरदर्शी पृथ्वीनारायण शाहको नेतृत्वमा वीर नेपालीहरुले समस्त साना साना राज्यलाई एक सूत्रमा बांधी वर्तमान नेपाल अधिराज्य खड़ा गरे। यसको अगाडि सेन र मल्लले पनि नेपालको एकीकरणमा धेरै प्रयत्न गरेका थिए।

नेपालको अर्को ठूलो देन धार्मिक सहिष्णुता हो। विशेषतः नेपालमा हामी दुई धर्म पाउँछौ—हिन्दू र बौध्द। नेपालमा हिन्दू तथा बौद्ध राजा प्राचीनकाल देखि नै भए, तर तिनीहरुमा धर्मको विषयलाई लिएर कहिले पनि झगडा भएन। भारतमा मुसलमान र हिन्दूमा जुन कलह भयो त्यस्तो कलह नेपालमा भएन। त्यसैले नेपालमा प्राचीनकालदेखि नै पूर्ण धार्मिक सहिष्णुता थियो। जनताको पनि हिन्दू र बौद्ध धर्ममा पूरा चाख थियो। हिन्दू धर्मावलम्वी राजाहरु पनि बौद्धमठ, चैत्य तथा विहारहरु र बौद्ध धर्म मान्ने राजाहरुले पनि हिन्दू मन्दिर बनाउनमा सहयोग गर्दथे। उदाहरणमा हामी लिच्छवी राजा मानदेवलाई लिन सक्छौं, जसले चांगुनारायणको मूर्तिको स्थापनाको सायसाथै अनेक बौध्द विहारको पनि स्थापना गरे। अँशुवर्माको शिलालेखमा "पशुपति भट्टारक पादानुगृहित' भन्ने पँक्तिले यिनो शिवभक्त रहेछन भन्ने स्पष्ट हुन्छ, तर बुगमतीको शिलालेखको सिरमा बौद्धधर्म चक्र अँकित छ। यसबाट यिनको धार्मिक सहिष्णुता स्पष्ट झल्कन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतापमल्ल आफूलाई शिवका परमभक्त भन्दथे तर यिनले स्वयम्भूमा बज्र चढाई अनेक देवी देवताको स्थापना गरे। यो पनि यिनको धार्मिक सहिष्णुता हो। अहिले पनि इन्द्रयात्राको बौद्ध कुमारीलाई हिन्दू धर्मावलंवी राजा पनि पूजा गर्दछन। यस प्रकार राजाहरुमा धार्मिक सहिष्णुता भएकोले दुनियांहरुमा हिन्दूधर्म र बौद्धधर्म एक हुन भन्ने भावना थियो। मञ्जुश्री हिन्दू र बौद्ध मार्गी दुबैले पूजा गर्दछन्। त्यस्तै अरुण गोपालेश्वर, महादेवमा बोधीसत्वको पुजा, रातो र सेतो मछिन्द्रको पूजा, बज्रजोगिनीमा महाकाल तलतिर राखी बलि दिने प्रथा, पशुपतिलाई आर्यावलोकितेश्वर बौद्धमार्गीले पुजा गर्नु र पांच ध्यानी बुध्द मान्नु, इत्यादि सबै नेपालीहरुको धार्मिक सहिष्णुताको उदाहरणहरु हुन।

नेपालमा प्राचीन कालदेखि नै गुणकर्मको आधारमा जाति बांडिएको छ। राई, लिम्बु, मगर, किरांत आदिलाई मौर्य जस्तो व्रात्य चत्री मानेका छन व्रात्यको अर्थ खानु, पिउनु बिवाहमा उँच्छृङ्खलता हो। पछि आएर यसको अर्थ बिग्रन गयो। मुसलमानी आक्रमणले गर्दा पहिले नेपालमा जातिमा गड़बड भएको थियो वर जयस्थिति मल्लले कोटीहोम गरी सबै नेपालीलाई शुध्द गरी आफ्नो पेशा अनुसार जातमा बांड़े। नेपालमा अभसम्म पनि वैदिक प्रथा अनुसार विवाह हुन्छ। भारतमा दहेज प्रथा भएकोले भारतवासी पीड़ित छन।

नेपालमा प्राचीन कालदेखिनै समानताको भावना रहेको छ। रणबहादुर शाहले नेपालमा सानो जातको प्रथा हटाउन र समानताको भावना कायम गर्न टुडिखेलमा जगन्नाथ देवताको स्थापना गरे। भद्रकाली कङ्केश्वरी, इन्द्रायणी, मैतिदेवी आदि पीठमा अछुत जातका पूजारी हुनु नै समानताको उदारण हो

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो सांस्कृतिक परम्परा

—श्री माधवप्रसाद घिमिरे

नेपाल सौन्दर्य र कलाको निम्ति विश्वविख्यात छ। नेपालका कलाको अध्ययन बिना विश्वका कलाको अध्ययन अपूर्ण मानिन्छ, नेपाली लोक संस्कृति पनि ससारको सर्वश्रेष्ठ संस्कृति हो भन्ने विद्वानहरुको धारणा छ। यो देश जगतको माता पिता, ज्ञान र भावनाको आदिमा मूल शिव र पार्वतीको देश हो। यहीं जनकको राजसभामा उपनिषद्को शास्त्रार्थ हुन्थ्यो। कथा सरितं सागरको सर्वप्रथम निर्माण पनि नेपालकै लोक भाषामा भएको होला भन्ने सम्भावना बढदै छ। राजा मान-देवको पालामा यहां संस्कृत साहित्यको कति उन्नति भएको थियो— तिन ताकाको शिलालेखको प्रौड रचनाबाट अनुमान गर्न सकिन्छ। यहांका मल्ल राजाहरु स्वयं संस्कृत काव्य र नाटकका निर्माता थिए, उनीहरुको कला प्रेमलाई उपत्यकाका तीनै शहरका प्राचीन मन्दिर, प्रासाद र घरहरुले अझै पनि प्रकट गर्दछन्। मैथिल कोकिल कवि विद्यापतिले पनि आश्रममा सुन्दर पदावलिको सृजना गर्न लागेका थिए। जुन बेला पृथ्वी नारायण शाह काठमाडौं सर गर्न लागेका थिए, त्यही बेला उनका जेठा छोराको सभापतित्वमा बालाज्यूमा कवि संमेलन भइरहेको थियो। देशी नाच गान तिर नलागेर स्वदेशी नाचगानहरु चलाउन पर्छ भन्ने पृथ्वी नारायण शाहको दिव्य सन्देशमा लेखिएको छ। रण बहादुर शाह र राजेन्द्र वीर विक्रमको पालामा साहित्य, संगीत र नृत्यको निकै उन्नति भएको थियो। नेपाली र नेवारी दुवै भाषाका कतिपय गीतमा हाम्रो रण बहादुर शाहको नाउँ एक प्रेरकको रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लेख गरेको पाउँछौं।

'स्व देसे वने' भन्ने नेवारी लोक गीत काव्यको अन्त्यमा लेखिए छ— यें देसया छत्रपति राजेन्द्र वीर विक्रम शाह। आपना संस्कृति प्रेरक राजाहरु प्रति नेपाली जनताले अपार कृतज्ञता प्रकट गरेका पहाड तिर बालुम खेल्दा अझै पनि मङ्गलाचरणमा यो चरण गाइदैछ— यसै र गरका वीर विक्रम राज, तमु रचे गरे हमु रचे होला यसरी पृथ्वी नारायण शाहका वंश धरहरुले राष्ट्रिय संस्कृतिलाई प्रे दिन परम्परालाई झन् झन् अगाडि बढाउदै लगिरहेका थिए। बीचमा नेपालमा अर्को युग प्रारम्भ भयो, राजा राजदर्वाद भित्रै ब भए, जनताका साहित्य र कलाको धारा पनि बन्द भए। सात साल जब राजा जनताको निम्ति वाहिर निस्किए, अनि हामीले कला साहित्यका दुबै पखेटा फडकाऱ्यौं। राष्ट्रको संस्कृतिलाई प्रेरणा राजाको प्राचीन परम्परा फेरि आरम्भ भयो, हामीले हाम्रा तरुण रा नायक श्री ५ महेंन्द्रलाई कवि र कलाकारको रूपमा पनि पायौं। राष्ट्रको सर्वतोमुखी विकास हुन लागेको छ पुनर्जागरणको यस राष्ट्रको भौतिक उन्नतिको साथसाथै मानसिक विकासको निम्ति हामी प्रेरित भएका हौं। हाम्रा साहित्यिक र कलात्मक सृजन राष्ट्रको आत्मामा जुन असर छोडछ, त्यही नै हाम्रो संस्कृति हो। प्रभाव जति नै चिरस्थायी हुन्छ राष्ट्रको आत्मा उति नै अमर हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

थारू जाति र तिनको संस्कृति

–श्री इश्वर वराल

थारूहरुको मूलको सम्बन्धमा यो भनाई छ - चितौड (राजपुतानामा) मुसलमानहरुको आक्रमण भएपछि राजपुतहरुले १२ औं शताब्दी तिर घरका आइमाईहरुलाई सुरक्षाको निम्ति उत्तर पहाडतिरका जङ्गलमा पठाए । ती आइमाईहरुले धेरै प्रतीक्षाको अनन्तर पनि लोग्नेहरु नफर्केकाले त्यहांका नै निम्न जातिका र आफूसंग आएका नोकर चाकरहरुलाई नै लोग्नेका रूपमा वरण गरे । यिनका संयोगका सन्तान नैं 'थारू' भए । त्यसो हुनाले थारूनीहरुको प्रभुत्व घरमा बढता छ र अझै थारूहरु स्वास्नीलाई 'रानी' भन्दछन् । तरथारूहरुमा आइमाईको यस किसिमको प्रभुत्व अब केवल राना थारूमा मात्र छ । यसैले यिनीहरु अरू थारुभन्दा आफूलाई उन्नत ठान्दछन् ।

यिनीहरूको मूलको सम्बन्धमा अर्को तर्क उपस्थित गर्न सकिन्छ । थारूहरु आफू बाहेक अरू भारतीयलाई 'बाजी' भन्दछन् । यो अपहेलात्मक सम्बोधन हो । यसवाट यो अनुमान गर्न सकिन्छ, यिनीहरु बृजी-गणतन्त्र स्थापित हुनु अघिदेखिका हुन । वृजी (वज्जी) को राज्य विस्तार हुँदा थारूहरुमाथि अत्याचार भयो होला र यिनीहरुको धेरै नोकसान पनि । फलत: आफ्नू घृणा ब्यक्त गर्दा यिनीहरुले बज्जीका मानिसका लागि 'वाजी' भन्न थाले होलान् । नेपाली भाषामा पनि हामी 'बजिया' अश्लील प्रयोगमा गर्छौं र बंगाली ब्यर्थ र बेकामको पत्रु वस्तुलाई 'बाजे' । वज्जीबाट बाजी भएको कुरा भाषा विज्ञानानुसार मानौं भने थारूहरुको आदि निवासस्थान हामीले वज्जीका छेउछाउ

CC-0. In Public Domain. Digitization by eGangotri

मान्नुपर्छ। वजीमा अचेलको चम्पारन र मुजफ्फरपुरका जिल्ला, दरभङ्गाको अधिकांश तथा छपरा जिल्लाका मिर्जापुर, पर्सा, सोनपुरका थाना एवम् अरू केही भाग पनि सम्मिलित थिए। कैलालीको एउटा वूढो थारूलें यस लेखकलाई थारूहरु सप्तरी र महोत्तरीबाट आएका हुन् भनेको कुरामा केही सार ता होला. यस दृष्टिकोणले विचार गर्ने भने यिनीहरुको भाषा पनि मगधी, मैथली, भोजपुरी र अवधीको विचित्र सम्मिश्रण जो देखिन्छ त्यो पनि एउटा विशेष तत्व छ।

थारू जातिको उत्पत्ति 'थर'बाट भयो कि भन्न शंका उपस्थित पनि गर्न सकिन्छ। 'थर' भन्ने ठाउँ सिन्ध प्रदेशको एउटा जिल्ला हो। यो मरुभूमि हो र यहां हावाद्वारा सृष्ट भएका बालुवाका छोटा-छोटा पहाडहरु धेरजसो छन्। यी पहाड बराबर एकनासे रहँदैनन्। त्यहांका जाति र त्यहांका मानिस त्यहांबाट कहिले र कसरी बसै सरी थारू बन्न आए होलान् यस विषयमा केही पनि अन्वेषण नभएकोले 'थर बाट 'थारू को उत्पत्ति भएको कुरा अहिले भन्न सकिन्न। भाषाको दृष्टिले मगधी, मैथली, भोजपुरी र अवधिसंग मेल खाने तथा मुखाकृतिले तिब्बतीय र बर्मीय परिवारसित मिल्ने जातिलाई 'थर'बाट आएका भन्ने कुरामा सजिलै विश्वास हुँदैन। 'थर' बाट 'थरु' बनेको कुरो भाषाविज्ञानको अनुसार रूपविकृति होला तापनि अहिलेलाई हामी केही किटान गर्न सक्तैनौं।

थारूहरुले खुट्टाको वूढी औंला काटीकन राजालाई रगतको टीको लगाइदिने रूढि अद्यावधि राजपुतानामा वर्तमान छ। यस प्रथाको आधारमा बाबूराम आचार्यको मत, थारूहरु राजपुतानाबाट नै आएका हुन र यिनीहरु क्षत्रिय नै हुन भन्ने छ।

पश्चिम नेपालका थारूहरु धेरजसो यी स्थानमा पाइन्छन्: बांके, बर्दिया, कैलाली, कन्चनपुर, सल्यान्, दाङ र देउखुर। यिनीहरुका नेपाल खाण्डो माथि आक्रमण गर्नु भन्दा पहिले गोर्खालाई यति थर हुन्छन:- कुचिला, दनवार, कछरिया, दंगोरिया, कठरिया, रभटिया, राना, खुनहा, सुनहा, राजी इत्यादि।

CC-0. In Public Domain. Digitization by eGangotri

शाहबंश र नेपालको एकीकरण (२४)

~~श्री.~~ ललिलबहादुर बम ~~एम ए. (प्र.)~~ —(१६)

नेपाल एक हिन्दु राज्य हो। हामी यस हिन्दु राज्यका बासिन्दा हौं। यहां धर्म, त्यौहार आदिको सांस्कृतिक एकता छ। यो सब हाम्रा पराक्रमका श्रेय, नेपालका निर्माता, हाम्रा भाग्य बिधाता तथा शाह बंश बीर शिरोमणि श्री ५ बड़ा महाराज-धिराज पृथ्वी नारायण शाहको देन हो। पूर्व मेची देखी पश्चिम महाँकाली सम्मको यो "बिशाल-नेपाल" को एकीकरणमा शाहबंशको यो महान कार्य इतिहास का पन्नामा सुनौला अक्षरले सदा सर्वदा देखाई रहनेछ।

१८ रौं सताब्दीतिर प्लासी, पानीपत र बक्सरको लडाई भयो। अंग्रेजले बंगाल खाए। फलस्वरूप भारतमा अंग्रेजको चकचकी बढदै गयो। ठीक त्यसै ताक हिन्दु-जागृति (Hindu–Revival) उठयो र मूगलहरूको पतन भई रहेको थियो। यसै मौकामा पृथ्वी नारायण शाहले नेपालको एकीकरण गर्ने स्वप्न देखे। यो भन्दा पहिले मल्ल राजाहरू नेपाल खाल्डोमा राज्य गर्दथे। यी मल्लहरूलाई दुई भागमा बिभाजित गर्न सकिन्छ:—

१— पश्चिम नेपालका मल्ल।

२— उपत्यका मल्ल।

यी मल्लराजाको राज्य १२०० सताव्दी देखी १८०० सताव्दी सम्म करिब ६०० बर्ष राज्य गरे। नेपाललाई एकीकरण गर्ने बिचार मल्ल राजाले पनि गरेका थिए भन्ने प्रमाण उन्को उपाधि (Title) बाट थाहा हुन्छ किनकी यक्षमल्ल र प्रताप मल्लले "नेपालेश्वर"

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने उपाधि धारणा गरे । १३ वी सताब्दीमा सेजाका मल्ल रा
जितारी मल्ल, रिपुमल्ल र आदित्य मल्लहरूले पनि नेपालको एकीकर
गर्न प्रयत्न गरे । अनि पछि यक्षमल्ल, प्रताप मल्लले पनि कोशिस गरे
केही ईलाका समेत कब्जा गरेका थिए सोन्हौं सताब्दी तिर पाल्पाक
राजा मुकुन्द सेनले पनि कोशिस गरे तर सफल भएनन् ।

यसरी धेरै राजाहरूले नेपाललाई एकीकरण गर्ने प्रयास विफ
हुनाका धेरै कारण छन । उपत्यकाका मल्लहरू सांच्चीकैनै शक्तिशा
थिए तर उनी संग यथेष्ट धन सम्पत्तिले परिपूर्ण भएकाले ज्याद
बिलासी भए । खाल्डो छाडी बाहिर जान उनले हेकै नराखेको बुझिन्छ
मल्ल समयमा ज्यादा सैनिकको उस्तो दरकार नै थिएन किनकी भैप
आएको बखतमा प्रजा नै सैनिकको रूपमा उत्रन्थ्यो । यसैले सैनि
अनुसासनको कमि हुनु स्वाभाविक थियो । आको खाल्डोका राजाहरू
अरू बाह्य राजाहरुसंग सम्बन्ध थिएन । भादगाउं, पाटन र कान्तिपु
का राजाहरुमा आपसी फुट ज्यादा थियो जसबाट एकताको कमि
पनि यिनी सफल भएनन् । फेरि मुसलमानहरुको आक्रमणले पनि धे
चति भइसकेको थियो ।

१८ रौं सताब्दीमा गोर्खाका राजा पृथ्वी नारायण शाहले य
काम थाले । उनले मल्लहरूको र सेन राजाको विफलताको इतिहा
बूझिसकेका थिए । यसैले उनले तीन कुरामा विशेष ध्यान दिए:—
१ हिन्दू राष्ट्रिय भावना, २. कुटनीती, ३. आधुनिक हतियारद्वा
सैनिक प्रबन्ध ।

पहिलेका सबै राजाहरू हिन्दु ता थिए तर एकता थिएन यसै
पृथ्वी नारायण शाहले हिन्दु भावनामा सबैलाई एक सुत्रमा बांधे उनले
भनेका पनि छन, "नेपाल सबै जातिको फुलवारी हो यो एक
सच्चा हिन्दु राष्ट्र हो)"

CC-0. In Public Domain. Digitization by eGangotri

विरूवा हो तसर्थ यसमा नेपालीपन छ नौलोपन होइन, शक्तिको बिकेन्द्रीयकरण भएबाट शिघ्र कार्य सम्पादन गर्न चमता छ, संसदीय प्रणालीमा जस्तो प्रशासकीय सूस्ति यसमा छैन। नेपाली इतिहासको अध्ययन गरेको खण्डमा हाम्रो इतिहासको गौरवपूर्ण समयहरु—किरात, लिच्छवी, मल्ल र शाह इत्यादि कालहरूमा पञ्चायत नै एक मात्र शासन पध्दति थियो भन्ने कुराको ज्ञान हुन आउँदछ। हालैं खोजि गरी पाइएका विभिन्न अभिलेखहरुबाट पनि हाम्रो प्राचीन शासन प्रणालीमा पञ्चायती व्यवस्थाको महत्वपूर्ण स्थान थियो भन्ने कुराको निर्णय गर्न सकिन्छ। उदाहरणको निमित्त सर्वप्रथम हाम्रो इतिहासको आदिकाल किरात कालीन शासन पध्दतिलाई लिउँ जसको निमित्त कुनै अभिलेख अथवा अरू कुनै ठोस ऐतिहासिक सामग्रि आजसम्म प्राप्त नभएको हुनाले किरातका दन्त्यकथाहरु र परम्परामा नै हामीले ज्यादा भर पर्नु परेको छ। यी किरात परम्परानुसार प्राचीन कालदेखि नै हाम्रो देशमा पञ्चायती प्रजातन्त्र कायम भई आएको देखिन्छ। प्राचीन कालमा किरातहरु विभिन्न मण्डल वा जातीमा विभक्त भएका थिए। प्रत्येक जाती वा मण्डलमा जो सबै भन्दा शुरो बुद्धिमान तथा अनुभवी हुन्थ्यो उसैलाई मण्डल अथवा जातीको अगुवा चुनिने चलन थियो। यो अगुवालाई प्रशासनिक सल्लाह र सहायता गर्नको निमित्त विभिन्न वर्गहरुबाट गरी जम्मा चार सहायकहरु चुनिन्थ्यो यस किसिमले अगुवा समेत जम्मा पांच जनाले व्यवस्था चलाउदथे जसलाई मण्डली भनिन्थ्यो। चार अथवा पांच यस्ता मण्डलीहरुबाट महामण्डलको गठन गरिन्थ्यो जसलाई हामी आजको जिल्ला पञ्चायतसंग तुलना गर्न सक्छौं। त्यस्तै प्रसिध्द किराती राजा स्थुंकोहाङ्गले पनि पञ्चायती पध्दतिको प्रतिपादन गरेको उल्लेख हामी किरात परम्पराहरुमा पाउदछौं।

CC-0. In Public Domain. Digitization by eGangotri

किरातकाल जस्तै लिच्छवी कालीन शासन व्यवस्था पनि पञ्चा प्रजातन्त्रमा नै आधारित थियो जुन विना नेपालको इतिहासमा स युग मानिएको लिच्छवी कालीन राजनैतिक, सामाजिक, आर्थिक सांस्कृतिक बैभव असम्भव प्राय हुन जान्थ्यो । ईस्वी सन सातौं श ब्दीको एक शिलालेखमा कैलाशकूट भवनबाट खिप्रुङ्ग गाउँका पञ्च नाउमा एक आदेश जारी गरिएको घटनाको उल्लेख भएबाट वेलाको शासन ब्यवस्था पञ्चायती पद्धतिमा आधारित भएको कु प्रमाण मिल्दछ । तत्कालीन ग्राम पञ्चायतले 'अक्षय निवी' क कहिल्यै क्षय नहुने कोष अथवा आधुनिक बैंकले जस्तै लेनदेनको पनि गर्दथ्यो भन्ने कुरा वि० सं० ५९७ को एक शिलालेखमा उ गरिएको छ । त्यस्तै गाउं तथा जिल्ला विकासका महत्वपूर्ण का जस्तै पिउने पानीको निमित्त कुवा कूलोको प्रबन्ध गर्नु (कूपजलद्रवा र विभिन्न मुद्दा मामिलाको फैसला पञ्चायतद्वारा नै सञ्चालित हु तर विभिन्न प्रमुख विषयहरुमा अन्तिम निर्णय राजाबाट गरिन्थ्यो कुराको पुष्टि अँशुवर्माको शिलालेखमा अंकित "राजा भिअन्तारा विचार करणीयो' भन्ने शब्दबाट गर्न सकिन्छ । अँशुवर्माकै सम्वत अँकित लेलेको अर्को शिलालेखमा पञ्चायतका विभिन्न विभागह तिनीहरूको कार्य विभाजनको उल्लेख पाइन्छ । उक्त शिलालेख अनु पञ्चायतको एक विभाग जसलाई पानीयगौष्ठिका भनिन्थ्यो गाउँ जिल्ला पेयजलको ब्यवस्था मिलाउंदथ्यो । मन्दिरहरुमा धूप वत्ती बाल्ने, वि समयमा देवी देवताहरुको पुजा, अर्चना इत्यादि र ध्वजापताहरु ब्यवस्था मिलाउने इत्यादि कामहरु पञ्चायतका विभिन्न विभागहरु ज प्रदीप गौष्ठि, धूप गौष्ठि, अर्चागौष्ठि, इन्द्रगौष्ठि इत्यादि विभागहरुद्व सन्चालन गरिन्थ्यो । यसको अतिरिक्त विभिन्न किसिमका मनोरञ्

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यहरू जस्तै नाचगान र कुस्ति इत्यादिको प्रबन्ध नाट्य गौष्ठि, मल्ल युद्ध गौष्ठि जस्ता विभागहरूबाट र पिउने पानी र खेत पटनी गर्न नहर, कुवा, कुलो इत्यादिको निर्माण गर्ने जस्ता आवश्यक विकासका कामहरू पानीय पौष्ठि र प्रणाली गौष्ठिबाट सम्पन्न गरिन्थ्यो भन्ने कुरा सम्बत् २६ अँकित अंशुवर्माको लेलेको शिलालेखमा उल्लेख गरिएको छ। अँशुवर्माकै भक्तपुर खोपासी र गोमलमडी टोलको अभिलेखहरूमा पनि ग्राम पञ्चायतहरूलाई विभिन्न किसिमका अधिकार र सहूलियतहरू प्रदान गरिएको उल्लेख पाइन्छ। विभिन्न किसिमका करहरू असूल गर्ने काम पनि पञ्चायत कै मातहतबाट हुन्थे भन्ने कुरा लिच्छवी नरेन्द्र देवको अभिलेखमा अँकित गरिएको छ।

लिच्छवी काल जस्तै मल्लकालीन शासन प्रणाली पनि पञ्चायत पद्धतिमा आधारित थियो भन्नु कुनै अत्युक्ति होवोइन। कारण, यस कालमा जयस्थिति मल्ल, महेन्द्र मल्ल तथा सिद्धि नरसिंह मल्ल जस्ता प्रजातान्त्रिक विचारधारा भएका राजाहरूले देशको सर्वतोमुखि विकाशको निमित्त परम्परागत पञ्चायती प्रजातन्त्रलाई नै उपयुक्त ठानेर यसको प्रतिपादन गरे। मल्लकालीन शासन ब्यवस्थामा प्रजातन्त्रको कत्तिको स्थान थियो र सरकारले सुरू गरेको हरेक योजनामा तत्कालीन जनताले कत्तिको अभिरूचि लिन्थे र सरकारलाई सहयोग गर्न कत्तिको तत्पर रहन्थे भन्ने कुरा वि० सं० १५१० को यक्षमल्लको भक्तपुर राजदरवारको अभिलेखमा उल्लेख गरिएको छ। तदअनुसार यक्ष-मल्लको समयमा भक्तपुरका जनताले किल्लाहरूको निर्माण गर्दा "ब्राम्हण, क्षत्रिय, बैष्य, शूद्र इत्यादि चारै जातले मन लगाएर काठको भारी, इंटको भारी आफैं बोकिकन" परिश्रम गरेको उल्लेख पाइन्छ, (ई० सं०)। त्यस्तै ने० सं० ८७२ को सांख बज्रयोगिनीको जयप्रकाश

CC-0. In Public Domain. Digitization by eGangotri

किरातकाल जस्तै लिच्छवी कालीन शासन व्यवस्था पनि पञ्चा… प्रजातन्त्रमा नै आधारित थियो जुन विना नेपालको इतिहासमा स… युग मानिएको लिच्छवी कालीन राजनैतिक, सामाजिक, आर्थिक … सांस्कृतिक बैभव असम्भव प्राय हुन जान्थ्यो। ईस्वी सन् सातौं श… ब्दीको एक शिलालेखमा कैलाशकूट भवनबाट खिप्रुङ्ग गाउँका पञ्च… नाउमा एक आदेश जारी गरिएको घटनाको उल्लेख भएबाट … वेलाको शासन ब्यवस्था पञ्चायती पद्धतिमा आधारित भएको कुर… प्रमाण मिल्दछ। तत्कालीन ग्राम पञ्चायतले 'अक्षय निवी' अ… कहिल्यै क्षय नहुने कोष अथवा आधुनिक बैंकले जस्तै लेनदेनको … पनि गर्दथ्यो भन्ने कुरा वि० सं० ५९७ को एक शिलालेखमा उ… गरिएको छ। त्यस्तै गाउँ तथा जिल्ला विकासका महत्वपूर्ण का… जस्तै पिउने पानीको निमित्त कुवा कूलोको प्रबन्ध गर्नु (कूपजलद्रव… र विभिन्न मुद्दा मामिलाको फैसला पञ्चायतद्वारा नै सञ्चालित हु… तर विभिन्न प्रमुख विषयहरुमा अन्तिम निर्णय राजाबाट गरिन्थ्यो … कुराको पुष्टि अँशुवर्माको शिलालेखमा अंकित "राजा भिअन्तारा… विचार करणीयो' भन्ने शब्दबाट गर्न सकिन्छ। अँशुवर्माकै सम्वत … अँकित लेलेको अर्को शिलालेखमा पञ्चायतका विभिन्न विभागह… तिनीहरूको कार्य विभाजनको उल्लेख पाइन्छ। उक्त शिलालेख अनु… पञ्चायतको एक विभाग जसलाई पानीयगौष्ठिका भनिन्थ्यो गाउँ जिल्ला… पेयजलको ब्यवस्था मिलाउंदथ्यो। मन्दिरहरुमा धूप वत्ती बाल्ने, विभि… समयमा देवी देवताहरुको पुजा, अर्चना इत्यादि र ध्वजापताह… ब्यवस्था मिलाउने इत्यादि कामहरु पञ्चायतका विभिन्न विभागहरु जस… प्रदीप गौष्ठि, धूप गौष्ठि, अर्चागौष्ठि, इन्द्रगौष्ठि इत्यादि विभागहरुबा… सन्चालन गरिन्थ्यो। यसको अतिरिक्त विभिन्न किसिमका मनोरञ्…

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यहरू जस्तै नाचगान र कुस्ति इत्यादिको प्रबन्ध नाट्य गौष्ठि, मल्ल युद्ध गौष्ठि जस्ता विभागहरूबाट र पिउने पानी र खेत पटनी गर्न नहर, कुवा, कुलो इत्यादिको निर्माण गर्ने जस्ता आवश्यक विकासका कामहरू पानीय पौष्ठि र प्रणाली गौष्ठिबाट सम्पन्न गरिन्थ्यो भन्ने कुरा सम्बत् २६ अँकित अँशुवर्माको लेलेको शिलालेखमा उल्लेख गरिएको छ। अँशुवर्माकै भक्तपुर खोपासी र गोमलमडी टोलको अभिलेखहरूमा पनि ग्राम पञ्चायतहरूलाई विभिन्न किसिमका अधिकार र सहूलियतहरू प्रदान गरिएको उल्लेख पाइन्छ। विभिन्न किसिमका करहरू असूल गर्ने काम पनि पञ्चायत कै मातहतबाट हुन्थे भन्ने कुरा लिच्छवी नरेन्द्र देवको अभिलेखमा अँकित गरिएको छ।

लिच्छवी काल जस्तै मल्लकालीन शासन प्रणाली पनि पञ्चायत पद्धतिमा आधारित थियो भन्नु कुनै अत्युक्ति होवोइन। कारण, यस कालमा जयस्थिति मल्ल, महेन्द्र मल्ल तथा सिद्धि नरसिंह मल्ल जस्ता प्रजातान्त्रिक विचारधारा भएका राजाहरूले देशको सर्वतोमुखि विकाशको निमित्त परम्परागत पञ्चायती प्रजातन्त्रलाई नै उपयुक्त ठानेर यसको प्रतिपादन गरे। मल्लकालीन शासन व्यवस्थामा प्रजातन्त्रको कत्तिको स्थान थियो र सरकारले सुरू गरेको हरेक योजनामा तत्कालीन जनताले कत्तिको अभिरूचि लिन्थे र सरकारलाई सहयोग गर्न कत्तिको तत्पर रहन्थे भन्ने कुरा वि० सं० १५१० को यक्षमल्लको भक्तपुर राजदरवारको अभिलेखमा उल्लेख गरिएको छ। तदअनुसार यक्ष-मल्लको समयमा भक्तपुरका जनताले किल्लाहरूको निर्माण गर्दा "ब्राम्हण, क्षत्रिय, बैश्य, शूद्र इत्यादि चारै जातले मन लगाएर काठको भारी, इंटको भारी आफै बोकिकन" परिश्रम गरेको उल्लेख पाइन्छ, (ई० सं०)। त्यस्तै नेo सं० ८७२ को सांख बज्रयोगिनीको जयप्रकाश

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लको ताम्रपत्रमा पनि "राजोपाध्याय (राजपुरोहित) परमान, उमरा: देशान्तरि, महाविद्याधर (पण्डित) पञ्च सवै मिलि सल्लाह गरी अवदेखि कान्तिपुर देशमा कसैले अन्याय गर्नु हुंदैन भन्ने बन्देज बांधियो" (ई०सं०) भन्ने शब्दहरू अँकित भएबाट तत्कालीन शासन ब्यवस्थामा प्रजापक्षको महत्वपूर्ण स्थान थियो भन्ने कुरा स्पष्ट हुन आउँदछ।

वि० सं० १०८८ मा कान्तिपुर, ललितपुर र गोर्खाका राजाहरूले परस्पर मतो गरी भक्तपुर राज्यको केही भागमा अधिकार जमाउँदा राजा रणजीत मल्लले प्रजाको सहायताद्वारा शत्रुहरूलाई हराएर आफ्नो राज्य फिर्ता लिएको खुशियालीमा जनतालाई विशेष सहूलियतहरू प्रदान गरेको कुरा भक्तपुर राजदरवारको एक ताम्र पत्रमा उल्लेख गरिएको छ। तत्कालीन जनता संकट कालीन स्थितिमा तन, मन, धनको अतिरिक्त सैनिकको रूपमा पनि देश नरेशको रक्षार्थ ज्यानको बाजी लगाएर सरकारलाई मदत गर्दथे भन्ने कुरा स्पष्ट हुन्छ। हाम्रो इतिहासको पाना पल्टाएर हेरेको खण्डमा राजाले प्रजाको निमित्त गरेको त्याग र प्रजाले देश नरेश खातिर गरेका बलिदानहरूको कैयौं ज्वलन्त उदाहरण भेट्टाउन सक्छौं। हाम्रा राजाहरू आफ्नो ब्यक्तिगत आकांक्षाहरूको परवाह नगरी जनभावनाको कदर गर्ने प्रकृतिबाट सधैं प्रेरित भएको देखिन्छ। मल्ल राजा रणजीत मल्ल र श्री ५ रामशाहको उदार विचार, जनभावनाको कदर र न्यायको संरक्षण गर्ने प्रवल भावना नै यस कुराको प्रमाण हुन्। राजा रणंजीत मल्लले "न्याय निसाफ गर्दा कसैले पनि पक्षपात गर्नू हुँदैन। अपराध अनुसार सजाय गर्नु पर्दछ र तिनै पक्ष–राजा, भारदार र प्रजाको उपस्थिति नभइकन सजायँ गर्नु हुँदैन, अपराधको परीक्षा नगरी कसैको चल अचल सम्पति हरण गर्नु हुँदैन" भन्ने स्थिति रिती र परिपाटीको ब्यवस्था गरेको कुरा वि० सं०

CC-0. In Public Domain. Digitization by eGangotri

१८१६ को एक ताम्रपत्रमा उल्लेख गरिएको छ। (ई० सं०) श्री ५ रामशाहले पनि विभिन्न स्थिति रितीद्वारा जनमतको कदर गर्दै विभिन्न सामाजिक न्यायको ब्यवस्थाबाट तत्कालीन समाजमा क्रान्तिकारी परिबर्तन ल्याउनु भयो र "निसाफ हराया गोरखा जानु" भन्ने उक्तिलाई चरितार्थ गराउनु भयो।

विशाल नेपालका जन्मदाता बडामहाराजा श्री ५ पृथ्वीनारायण शाहले पनि आफ्नो ब्यक्तिगत आकांक्षाको परवाह नगरी, जनभावनाको कदर गर्दै "दुनिया जस देषी राजि रहन्छन्, उसैलाई कजाई दिनु" भन्ने दिब्यउपदेश द्वारा परम्परागत पञ्चायती प्रजातन्त्रको जग मजबूत बनाइबक्सियो। वर्तमान नेपालले पनि आफ्नो इतिहासका गौरवमय समयलाई सम्झेर देश परिस्थिति सुहाउँदो पञ्चायती प्रजातन्त्र पद्धतिलाई अङ्गालेर आफ्नो सुयोग्ये राजा श्री ५ महेन्द्रको सुयोग्य नेतृत्वमा विकाश-पथमा अग्रसर हुने प्रण लिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषाको विकाश र जुम्लाको दैन

—कु. सुशील करेला एम. ए.

चौधौं शताब्दीमा सेन्जाको राजा पृथ्वीमल्लको समयमा मुसलमानहरूका अत्याचार तथा सत्पीडनले घवडाएर गुजरात, राजस्थान र कन्नौजको आसपासको बहुसख्यक ब्राम्हण आदि कुमाउँ--गढवालको बाटोबाट दुल्लू सेन्जा आदि प्रदेशहरूमा आएर बसे। ती स्थानहरूमा खस भाषाको प्रधानता थियो। ती स्थानहरूमा यी नव आगन्तुकहरूका भाषाको विशेष प्रभाव पर्‍यो। यी नव आगन्तुकहरू गुजराती, राजस्थानी, अवधी तथा ब्रज आदि भाषा बोल्दथें र जसमा त्यही ठाउँको खस भाषाको योग भएर वर्तमान नेपाली भाषाको निर्माण भयो किनभने नेपालीको यी भाषाहरुसँग स्पष्ट समता देखा पर्छ। कुमाउनो र डोटी भाषामा दुलाली भाषाको प्रभाव थियो नैं। नेपाली भाषाको निर्माणमा डोटी भाषाको पनि योगदान छ। यसरी बनेको नेपाली भाषा पूर्वतिर बढ्यो। काठमाडौं उपत्यकामा गोरखाहरू आउनु भन्दा पहिले नै नेपाली भाषाको साहित्य बनिसकेको थियो जसको नमुना जहाँतहीं पाइन्छन् (लक्ष्मी नरसिंह, प्रतापमल्लको शिलालेखबाट थाहा हुन्छ) पहाड भएर पूर्वतिर बढ़ेको समयमा यस भाषामा केही तिब्बती शब्दहरूको पनि मिश्रण भयो। नेपालको निवासीहरूका भाषाहरु धेरै

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेणिका छन् । नेपाली भाषा जुन नेपालको राष्ट्र भाषा हो आर्य भाषाहरूमध्ये एक हुन् यद्यपि उसमा नेपालको पहिलेको वासिन्दाहरूका भाषाहरूका प्रशस्त प्रभाव परेका छन् । नेवारी भाषा तिब्बती भाषाबाट पनि प्रभावित छ । यसमा संस्कृतको प्रभाव छ । लिम्बू किराती आदि अविकसित भाषा विज्ञानको दृष्टिबाट वर्गिकरण गर्नु कठीन छ ।

गोरक्षक गुरू गोर्खनाथको गुफाले गर्दा गुरखा नामक स्थानमा राज्य गरेका गोरखालीहरू राजस्थानबाट नैतीतालको पहाडी प्रदेश हुँदै काठमाण्डूसम्म आए । उनको भाषामा यी स्थानहरूका भाषाहरुका प्रभाव पऱ्यो । फलस्वरूप नेपाली भाषामा अरू शब्दहरू पनि देखा परेका छन् जुन राजस्थानी तथा गुजरातमा छैनन् र जुन नेपाली भाषाको अरू कुनै आधुनिक भाषाको समान सतत विकासशील हुनाले अरू भाषाहरूबाट गृहित भएर आत्मसात गरिएको छ । राजस्थानबाट आउनेहरुका प्रारम्भिक भाषामा पहाडी भाषाहरू, नेपालको जङ्गलमा बस्ने निवासीहरुका भाषाहरु र काठमाण्डू उपत्यकाको नेवारी भाषा जसमा तिब्बतीको विशेष प्रभाव छ आदिको मिश्रणको फलस्वरूप वर्तमान नेपाली भाषाको निर्माण छ । यसमाथि संस्कृतको पनि धेरै प्रभाव छ ।

जुम्लाको मल्ल क्षत्रिय राजाहरुको ३०० वर्ष सम्म पश्चिम नेपाल र पश्चिमी तिब्बतमाथि अधिपत्य थियो । विद्वान टुचिले आफ्नो पुस्तक 'नेपाल'मा लेखेका छन :—

"मल्लराजाहरुको राज्य पश्चिम नेपाल र पश्चिम तिब्बतसम्म फैलीएको थियो । पश्चिमी तिब्बतका राजाहरु, जसको बारेमा हामी तिब्बति इतिहासमा पाउछौ तिनीहरु मल्ल थिए । तिनीहरुले आफ्नो राज्य उत्तर हिमालयसम्म फैलाएका थिए । तिनीहरुले आफ्नो राज्य तिब्बतिहरुलाई भिल्न गराउन बुद्धधर्म पनि मान्यता दिएका थिए । हिन्दू तिर्थ-

CC-0. In Public Domain. Digitization by eGangotri

स्थल कैलाश र मानसरोवर जाने बाटो यिनाहरुकै अधिनमा थियो। भारत तिब्बतको र नेपालको ब्यापार र तिब्बतको ठुलो सुनको खानी Tok-Jalung माथि यिनीहरुको अधिपत्य थियो ।

जुम्लाका राजाहरु केरसीं, पृथ्वीमल्ल, पुण्यमल्ल, आदीले आर्य संस्कृतिको रक्षागरे । विद्वानहरुको भनाई अनुसार जुम्लाको संस्कृति र भाषा नेपालको वर्तमान संस्कृतिको मूलहो । त्यहां पनि वैदीक र वौद्धधर्म दुबैको आपसमा सदभावना थियो । जुम्लाको राज्य भारतको दक्षिण पश्चिम सम्म फैलिएको थियो । सेन्जाका राजा पुण्यमल्लको १४ई. को अभीलेख बाट पनि यो कुराको पुष्टीहुन्छ:-

'करदीकृत कोंकण–कर्णाट–लाट—केरल—डहालाङ्ग—वङ्ग–कालिङ्ग—मिथिला—मालव-नेपाल—गुर्जर जालन्धरान्ध्रमेपिनीनायससेन्तमाना ऽऽ स्थानीनि केतना जिरे श्रीमति सेजापुरे"।

"कर दिने गरेका कोंकण कर्णाट लाट भुरल केरल डहाल (बुदेलखण्ड़ादी) अङ्ग वङ्ग कलिङ्ग मिथिला—विदेह—तीरमुकत मालव नेपाल गुर्जर जालन्धर आन्ध्र इत्यादी देशका प्रमुख राजाहरुले सेवागरीएका ..."
(हेर्नुहोस हिमवत संस्कृति पहिलो र दोश्रो भाग)

यो पुण्यमल्लको अभिलेख सारै महत्वकोछ । यसबाट थाहाहुन्छ की नेपालका वीर क्षत्रीयहरुले इस्लामबाट आर्यसंस्कृतिको रक्षाको लागी कति प्रयास गरी मुसलमानी राज्यलाई रोके। नेपाल उपत्यका माथि आक्रमण गरेर एक विशाल नेपाल निर्माण गर्ने यीनको प्रयास थियो। यो काम वीर पृथ्वीनारायण शाहले पुरागरे।

—✶—

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिपूजा

लेखक--मुकुन्द रेग्मी एम. ए. (षष्ठं बर्ष)

उच्चतम तत्व—ज्ञानका निधिभूत 'वेद'हरुमा शक्तिको 'महत्ता' निकै ठूलो मानिएको छ। काव्य जगतकी अधिष्ठात्री उषा देवीका स्तुतिहरु काव्यात्मक साहित्यिक शैलीमा प्रशस्त मात्रामा पाइन्छन् ऋग्वेदको 'वागाम्मृय' सूक्तमा स्वयं वाग्देवीले आफ्नो अनन्द शक्तिको अनुभव गर्दै भनेकी छन् "मैले नै एकादशरुद्र, वसु, चन्द्रसूर्य विश्वदेब आदि देबताहरूलाई धारणा गर्छु" म नै राष्ट्रकी सर्वोच्च शक्ति हुँ, मेरो उपासना जसले गर्छ उसलाई चाहे अनुसार शक्ति प्रदान गर्छु, मैले नै स्वर्ग, अन्तरिक्ष तथा पृथ्वीको धारण गरेकी छु" इत्यादि । यस्तै गरि साम, अथर्व र यजुर्वेदमा पनि शक्तिका स्तुतिपरक सूक्तहरु प्रशस्त मात्रामा पाइन्छन । जसबाट प्रमाणित हुन्छ कि वैदिक युगमा 'शक्ति'को खुब ठूलो महत्व थियो ।

उपनिषदमा पनि आद्याशक्ति भवानीको वर्णन यत्रतत्र पाइन्छ । 'केनोपनिषद'को'दुर्गाशक्ति' संबन्धित एक उपाख्यान अति प्रसिद्ध छ . एक बार देवताहरूले असुरहरूसंग लडदा विजय त प्राप्त गरे किन्तु विजय गराउने बास्तविक कारणको ज्ञान भिएन त्यसैले स्वभावत उनीहरूमा केही अभिमानको प्रादुर्भाव भयो। ब्रम्हशक्तिलाई देबताहरूको मिथ्याभीमान देख्दा असह्य भयो र आफ्नो दिब्य अलोकिक शक्तिले एक प्रभावशाली व्यक्तित्व भएको शरीरको रूप धारण गरी, देवहरूको सामुन्ने प्रकट भएर अग्नि वायु आदिको शक्ति परीक्षण गर्नु भयो किन्तु सब शक्तिविहीन भई त्यस परी-

CC-0. In Public Domain. Digitization by eGangotri

न्नणमा असफल भये। अन्त्यमा स्वयं इन्द्र त्यस ठाउमा पुग्दा ब्रम्हा अदृश्य भइन् तर इन्द्रले साक्षात् शक्तिस्वरूप उमां हेमवतीदेवीको द पाउन भयो र वहाँद्वारानै इन्द्रलाई ज्ञान भयो कि देवगणहरूले असुरमा विजय प्राप्त गर्नाको कारण यिनै ब्रह्मशक्ति द्वारा भएको रहेछ। प्र उपाख्यानहरू र शक्तिका स्तुतिपरक घर्णनहरू प्राचीन साहित्य धेरै मिल्छन् ।

बौद्धधर्मको प्रादुर्भाव भएपछि पनि झन शक्तिको अधिक म बढन थाल्यो। बौद्धमतावलम्बीहरुलाई ती प्रामाणिकग्रन्थ 'कल्पतन्त्र' अध्ययन अनिर्वाय थियो। काली, तारा, षोडशी, भैरवी आदि शक्ति हरूको उल्लेख बौद्धग्रन्थहरूमा निकै पाइन्छ यिनै देवीहरूले कालान्तर हिन्दूतन्त्रमा शक्तिको रूपमा स्थान ग्रहण गरेकाछन् ।

यस्तै प्रकारले जैन धर्ममा पनि शक्तिको महत्व निकै मानिएको छ। जैनहरूको पवित्रग्रन्थ 'रत्नसागर'मा शक्तिको खूबै ध्यान गरिएको छ र सरस्वतिजीलाई जैनहरुले विशपरूपिणी आद्याशक्ति भारती, शारदा, वागीश्वरी, ब्रह्माणी ब्रह्मवादिनी आदि नामोच्चा गर्दै स्तुति गरेका छन् ।

हिन्दूहरुका पवित्रग्रन्थहरु रामायण, महाभारत, देवीभागवत र मा ण्डेयपुराण आदिमा शक्तिको अवर्णनीय माहात्म्य छ। महाभारत काली, कपाली, महाकाली, चण्डी र कान्तारबासिनी आदि देवीहरु वर्णन पाइन्छ' भगवतीको बरदानका प्रभावले नै युधिष्ठिरले गुप्तवास कालमा आइपरेका अनेक कठिनाईहरुको सामना गर्न सकेथे। विशेष शक्तिदेवीको महत्ताको वर्णन 'देवीभागवतमा, र 'मार्कण्डेय पुरा गरिएको छ। मार्कण्डेय पुराण अन्तर्गत आउने 'चण्डी, नामक ग्रन्थ देवीको वरदान प्राप्त गर्ने साधन धेरै वर्षदेखि मानिदै आएको

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा असुर दैत्यहरूले पीडितभएका इन्द्रादि देवगणलाई रक्षा गरिएको मनोहर वर्णन छ । यो दुर्गासप्तसती चण्डी, हिन्दूहरूको बिघ्नबाधा हटाउने साधन मानिएकाले यसको महत्व अति ठूलो छ । यसग्रन्थमा शैलपुत्री, ब्रह्मचारिनी, चन्द्रघण्टा, कुष्माण्डा, कालरात्री चामुण्डा भुवनेश्री, महिषासुरमर्दिनी, भद्रकाली, मङ्गला आदि देवीशक्तिका नामहरूका उल्लेख छन् ।

हाम्रो नेपाल एक सार्वभौमसत्ता संपन्न स्वतन्त्र हिन्दूराज्य हो । यो देश प्राचीनकालदेखि हिन्दू-धर्ममा आस्था राख्ने व्यक्तिहरुको निमित्त एक पवित्र तीर्थस्थानको केन्द्र रहेको छ। संसारका सर्वोच्च पर्वत हिमालयका काखमा बसेको यो हाम्रो नेपालमा पनि प्राचीनकाल देखिनै 'शक्ति'को महत्ताको स्थान बहुतै उँचोछ । यहाँका अधिकांश व्यक्तिहरु शक्तिका उपासक छन् । पशुवलिको प्रथा यहाँ अत्यधिक मात्रामा पाइन्छ । हुनत यो देश श्रीपशुपतिनाथ र शान्तिका अग्रदूत, अहिसाका पूजारी भगवान बुद्धले सनाथ गराएको सुरम्य पर्वत प्रदेश हो तापनि 'शक्ति'को महत्व झन कम छैन । काठमाड़ौं उपत्यकामा र पूर्व पश्चिमका मनोरम पर्वतहरुमा तथा तराई प्रदेशमा पनि 'शक्ति' (दूर्गादेवी) का मन्दिरहरु प्रशस्त मात्रामा पाइन्छन् । जसमा श्री गुह्येश्वरी भद्रकाली, शोभा भगवती, दक्षिणकाली, बज्रयोगिनी, नरदेवि, सरश्वतीथान, आदि अनेकौ देवीहरुका मन्दिरहरु काठमाण्डूमा र कालिका, चण्डी, भवानी, वाराही, विन्ध्यवासीनी आदि अनेकौ नामले विभूषित गाउँ गाउँका थुमहरूमा बिराजित 'शक्ति'का मन्दिरहरू सारा नेपालमा व्याप्त छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको तान्त्रिक धर्म

--श्री रामचन्द्र श्रे

वैदिक मतावलम्वीहरू आफ्न आचार–विचारका ग्रन्थहरूला 'निगम' भन्दछन् । यस्तै शिव सम्प्रदायका दार्शनिकहरूले बनाएका ग्रन्थहरू 'आगम' शब्दले पुकारिन्छ । यी 'आगम' का अनुयायीहरु तन्त्र, मन्त्र ध्यान योगमा विश्वास गर्दछन् । दैवी शक्तिमा महान् श्रद्धा राख्दछन् देवालयहरुको निर्माण आदि रचनात्मक काममा विशेष दिलचस्पी राख्दछन् । आगमको मार्ग या आचार पनि विभिन्न प्रकारका छन् । विशेष गरेर यसको संख्या सात मानिएका छन् । जस्तै वेदाचार, वैष्णवाचार शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार, र दिव्याचारलाई कौला-चार पनि भन्दछन् । यही कौलाचारबाट एक अर्को आठौं समयाचारको पनि गणना भएको छ । त्यस मध्ये कौलाचार मतलाई प्रतिपादन गर्ने व्यक्तिलाई 'कौल' भनिन्छ । ऐतिहासिक दृष्टिकोणले विचार गर्दा वास्तवमा यो कौलहरुले नै आफ्ना अभीष्टदेव मन्दिरहरुमा अश्लील काम मूद्राका मूर्तिहरू कुंदन लगाउने प्रेरण दिएका हुन भन्ने कुरा ज्ञात भएको छ । यस्ता अश्लील मूर्तिहरू कुंदन लगाउनुको मुख्य ध्येय काम वासनाका लीला साधारण जनतामा रहस्यमय ढंगले आकर्षक बनाई बौद्ध तान्त्रिकहरुको प्रचारलाई दवाई आफ्नो 'कौलमत' प्रचार गर्नु थियो । किनभने कौलहरु स्पष्ट रूपमा आफ्नो पन्चमकार अर्थात मद्य, मांस, मत्स्य, मुद्रा, मैथुनको अघोरी सिद्धान्तलाई जनताको सामुन्ने राख्न सक्दैनथे । काम वासनाको विषय भएको हुनाले यो मत भारतका

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै भू-भागमा व्यापक प्रचार हुँदै गयो । त्यो समय करीव एक हजार वर्षको थियो । यसको प्रमाणका लागि एघार देखि तेह्रौं शताब्दीसम्ममा कौलका अनूयायीहरुले बनाउन लगाएका जगन्नाथको मन्दिर, ब्रम्हेश्वर, केदारेश्वर, आदिको मन्दिर, बुण्ड़ेल खण्डको शिवको मन्दिर भिजगापट्टमको शिवको मन्दिर आदि अनेक ठाउँ ठाउँका मन्दिरहरुमा कुदिएका अश्लिल काम मुद्राका मूर्तिहरु देखिन्छन् । भारतमा यसरी खुलेआम अश्लिल मूर्तिहरु साधु, सन्त, भक्त जनहरुको अनवरत आवागमन हुने देवालयमा राख्ने प्रथा चलेको बखत नेपालमा त्यसको कुनै असर परेको देखिदैन । यों समय हाम्रो नेपालमा लिच्छवीको अन्तिम काल तथा प्राचीन मल्लकाल रहेको छ । यस कालभित्र बनेका मन्दिरहरुमा, जुन अहिले केवल भग्नावस्थामा छन् त्यस्ता अश्लिल मूर्तिहरू कुदिएको देखिएका छैनन् । किन्तुः भारतमा त्यो कुलाचार मत प्रचार भएको करीब पांच सय बर्ष पछि स्थितिमल्लको समय पछि बनेका हाम्रा देवालहरुमा यस्ता काम मुद्राका अश्लील मुर्तिहरु भरमार देखिन थालेका छन् । सर्वप्रथम प्रामाणिक तथा प्राचीनताको दृष्टिले अन्ध विश्वासको अनुकरण प्रबृत्तिले लक्ष्मी नरसिंहको पालामा बनेको काठमाड़ौं हनुमानढोक अगाड़िको जगन्नाथको मन्दिरको कथाहरुमा कुदिएका काम मुद्राका मुद्राहरु देखिन्छन् । यद्यपि नेपाली कलाकारहरुले आफ्नो कलाको परिचय स्वरुप ती काम मुद्राका मूर्तिहरूको निर्माण आफ्नै बेशभूषा तथा संस्कृति कलामा ढ़ालेका छन् तथापि यो नेपालीहरुको मौलिक विषय होइन । किन्तु भारतबाट विस्तार विस्तार असफल भएर आएका अघोर कौलहरूको जादू टुना तथा तन्त्र मन्त्र चमत्कार देखाउने प्रभावले प्रभावित भएका मल्ल राजाहरूको अनुकरण गर्ने उदार प्रवृत्तिले बनेका कुरा मात्र हुन ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसकारण नेपालको सभ्यताको केन्द्र काठमाडौंका पवित्र शैव तथा शक्ति मन्दिरहरुमा यस्ता काम मुद्राका अश्लिल मुर्तिहरु देखेर आश्चर्य चकित हुनु पर्ने कुनै कारण छैन। यी सब शिव तथा शक्तिको पवित्र नाउंमा मद्य, मांस, मत्स्य, मुद्रा, मैथुन यी पञ्चमकारको गुप्त सम्मिश्रण बाट अलौकिक सिद्ध हुन खोज्ने उसवेआका कौलहरुको एक उपज मात्र हो जुन कुरा अहिले हामीलाई नराम्रो लागे तापनि उसबेला त्यस आचार रमा लागेकाहरुको निमित्त मन पर्ने विषय थियो। यदि सवैलाई मन पर्ने बिषय नभएको भए यस्ता अस्लिल मूर्तिहरु पवित्र देव मन्दिरमा राख्न लगाइने थिएन। वास्तवमा काम मुद्राहरु सवैलाई आकर्षण गर्ने विषय नै हो। किन्तु यस विषयलाइ सभ्य मानव समाजमा गोप्य राख्न चाहन्छ। गोप्य राख्छ पनि। किन्तु जीवजन्तुहरूमा यो बिषय गोप्य हुदैन। यसकारण सभ्य मानव समाजले गोप्य राख्न खोजेको सांसारिक विषयलाई कौल मतका प्रवर्तकहरुले आफ्नो इष्टदेवता शिव शक्तिको लीलाको महिमालाई कपोल कल्पनाको आधारमा विस्तृत गरेर आफ्नो अलौकिकपन व्यापक बनाउन यस विषयलाई अगाले सार गर्वित छैन। किन्तु रोचक छ। किन भने उसबेलाका कौलहरूको निमित्त जनताको मन जित्न जुन काम वासनाको भावभंगिमा युक्त भएको काम मुद्राहरू अत्यन्त आकर्षक थिए। यी कुरा हाम्रो आफ्नो कलामा गर्व गर्ने नेपालीहरूले बुझ्नु पर्दछ। यसको अतिरिक्त ज्ञान प्राप्त गर्ने कसैलाई इच्छा भए शैव मतावलम्बीहरूको आगमको ताल्चा खोलेर त्यहां भएका ग्रन्थहरूको मनन गर्नु अत्यावश्यक छ।

CC-0. In Public Domain. Digitization by eGangotri

सातसाल पछिको नेपाल

—ले० मैत्रदेव पाठक

इङ्गल्याण्डको इतिहासबाट हामीलाई एक शिक्षा प्राप्त हुन्छ। पन्ध्रौं शताब्दीमा लंक्याष्टर (Lanchestor) राजाहरूको अधिन पार्लियामेण्टलाई यत्तिको अधिकार प्राप्त भयो कि जुन इङ्गल्याण्डको वर्तमान पार्लियामेन्टलाई पनि प्राप्त भएको छैन होला।

पार्लियामेण्टको कारणले नै लंकेष्टर राजालाई गद्दी पाउनमा अत्यधिक सहायता मिलेको थियो। फेरि उनीहरु सित धनको अभाव थियो। राजाहरू पार्लियामेण्टद्वारा आफ्नो धनको अभाव पूरा गर्दथे। यसकारण पार्लियामेण्टको ज्यादै दवदबा रह्यो। राजाको तरफबाट पार्लियामेण्टलाई धेरै नयाँ नयाँ अधिकार प्राप्त भयो:— १. राजालाई रूपिया पैसा दिने अधिकार लोक सभालाई प्राप्त भयो २. आय व्ययको जांच पडताल र अडिटरको नियुक्ति र वहाली गर्ने ३. राजाका मन्त्रीहरु पनि पार्लियामेन्टको अधिनमा रहनु ४. कानून बनाउनु र टैक्स लगाउनमा पनि पूरा अधिकार हुनु। सांचि नै भन्नु भने राज्य शासनको सम्पूर्ण भार पार्लियामेण्टलाई प्राप्त भएको थियो। राजा नाम मात्रका कठपुतली जस्ता भएका थिए।

यी सब कुराको दुष्परिणाम—सम्पूर्ण राजनैतिक अधिकार प्राप्त गरेर पनि इङ्गल्याण्डको अवस्था वडो खतरनाक थियो। मानिसहरू अशिक्षित निर्धन, त्यस्तै सामाजिक र आर्थिक अवस्था ज्यादै पिछडिएका थिए। (Politically advanced, socially, Economically, intellectually most backward) जसको

CC-0. In Public Domain. Digitization by eGangotri

कारण इङ्गल्याण्डमा गृह कलह र आतङ्क फैलियो। त्यहांका दुई ...
दानमा युध्द छिड्यो। देशमा जागिरे सिपाहीहरुमा उत्पात मच्चि...
इङ्गल्याण्डको स्वतन्त्रता खतरामा पऱ्यो देशमा ज्यान, मालको सु...
रहेन। यसलाई इतिहासमा पन्ध्रौं शताब्दीको लँकेस्ट्रीयन अ...
अनिन्छ।

ठीक यही अवस्था एक तन्त्रीय राणाशासन पछि नेपाल...
भयो। यहां पनि कांग्रेस मन्त्रिमण्डललाई केही विशेष अधिकार प्...
भयो र उसको मनमानि भयो उसले त्यस अधिकारको दुरुपयोग गर्...
इङ्गल्याण्डको त्यस अवस्था भन्दा पनि बढी नेपालको दुरावस्था भ...
देश षड़यन्त्रको अखड़ा बन्यो। देशको स्वतन्त्रता खतरामा प...
जनता पिल्सिन लागे।

स्वर्गवासी श्री ५ त्रिभुवनलाई ती अधिकारहरुको दुरुपयो...
आफ्नो प्राणबाट हात धोइबक्सनु पऱ्यो। जुन नेता भनाउँदाह...
वहांले राजनैतिक अधिकार बक्सेको थियो। तिनीहरुले नै त्यो दिव्...
महात्मालाई। कालो झण्डाले सम्म स्वागत गर्न तत्पर भए।

यस्तो बिकट परिस्थितिमा श्री ५ महेन्द्रको सुयोग्य नेतृत्वले दे...
काया नै पल्टन गयो। आज देशमा त्यो दुरावस्थाको नाम निशान ...
देश आर्थिक विकाशको मार्गमा अग्रसर भइरहेछ। धेरै योजनाह...
प्रगति देखिएको छ। राष्ट्रको आत्मा संस्कृति, भाषा, साहि...
विकाशमा पूरा ध्यान राखिएको छ। जनतालाई राजनैतिक अधिका...
योग्य बनाउनलाई देशमा शिक्षा, आर्थिक तथा सामाजिक विका...
प्रगति भइरहेछ, त्रिभुवन विश्वविद्यालय, नेपाल स्वायल एकेडे...
साहित्य संस्थान आदि यसको ज्वलन्त उदाहरण हुन्। सामन्तह...
नाशबाट जुन ठाउँ रिक्त हुन आएको छ त्यहा यिनै मध्यम श्रे...
मानिसहरुलाई राखिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली कलाको सूक्ष्म परिचय

—कुमारी दुर्गा अर्याल एम.ए. (पंचमबर्ष)

विभिन्न किसिमका नेपाली कलाहरू मध्ये मोटामोटी हिसाबले निम्न लिखितहरू माथि हामी दृष्टिगोचर गर्न सक्छौं; जस्तो वास्तुकला, शिल्पकला, चित्रकला, संगीत, नृत्य कला इत्यादि ।

वास्तुकला नेपालको आधुनिक सृजना होइन । किरात, लिच्छवी आदि प्राचीन कालदेखि नै यसको जन्म भएको हो । कुनै आधारित प्रमाण नपाइए तापनि शिलालेख, विदेशी यात्रीहरूको उल्लेख आदिबाट तत्कालीन कलाको सामान्य ज्ञान हुन्छ । मानदेव प्रथमको मानगृहमा देखिएको वास्तुकलाको बारेमा इतिहासकारहरूले निकै उल्लेख गरेका छन । चाँगुनारायण र पशुपति मन्दिरको निर्माणमा पनि लिच्छवीकालीन वास्तुकलाको झलक पाइन्छ । चीनको "ताङवृतान्त"मा लेखिएको नरेन्द्र देवको दर्बारको वर्णनले लिच्छवीकालिन विकशित कलाको पुष्टि गर्दछ । महाराजा शिवदेवले बनाउन लगाएको "कैलाशकूट भवन" नेपाली वास्तुकलामा सर्वश्रेष्ठ मानिन्छ । नेपाली वास्तुकलाको यस्तो आदर्श विकासलाई विदेशी यात्रीहरूले "पगोडा शैली" भन्ने नामले विभुषित गरेका छन । पगोडा शैलीको चरमसीमा कैलाशकुट भवनमा नै पुगेको प्रमाणित हुन्छ । अझ भन्नु भने पगोडा शैलीको विशेषता हो— नेपालमा पाइने झिंगटीका मन्दिर ।

वास्तुकलाको अर्को प्रमुख अंग हो—नेपालको चैत्य शैली । नेपालको चैत्यशैलीको उत्कृष्ट नमूना स्वयम्भु चैत्य नै छ । चावेल र बौध्दका

CC-0. In Public Domain. Digitization by eGangotri

'बौध्द चैत्य' हरुले पनि नेपाली चैत्य शैलीको पुष्टि गर्दछ। स्वय चारैतिर रहेका बुध्द र वोधिसत्वको विभिन्न मूर्तिहरुले नेपाली कलाको पनि ज्ञान दिलाउँछ। नेपालमा हिन्दु र बौध्द धर्मको यस कामलाई अझै सहायता गरेको छ। नेपाली मूर्तिकलामा नेत्र, बोधि वृक्ष, प्रफुल्ल कमल, आदि बौध्द धर्मका प्रतीक र नाग, बज्र, गरूड, अप्सरा, यक्ष, सिंह आदि हिन्दु धर्मका प्रतीक साथ साथै प्रचुर मात्रामा पाइन्छन।

काठमाडौं, भक्तपुर र पाटन तीन शहरमा प्राचीनकलाका नमूना प्रशस्त पाइन्छन्। भक्तपुरमा भएको राजा भुपतिन्द्र मल्लको ५५ झ दर्वारको कलाकारिताको प्रशंसा नेपालमा मात्र सीमित नभई विदेश सम्म फैलिएको छ। पर्सी ब्राउनले कुनै आफ्नो ग्रन्थमा लेखेका छन् चीनको पेकीङ्ग सहर नीरको एउटा ठूलो ढोकाको आकृति ठीक भाद दर्वारको ढोकासंग मिल्दछ। नेपाली राजकुमारी भृकुटीले नेपाल बौध्द मूर्तिहरु कोशेली लगेकीले नेपाली वास्तुकलाको प्रभाव भो पनि पर्‍यो। प्राचीन नेपाली कलाकार अनिकोले चीनका मङ्गोल कुब्ला खां (१२१६—९४ इ०) को दर्वारमा आफ्नो अद्भूत कलाचा द्वारा ठूलो राजकीय सन्मान पाएको त चीनिया इतिहासले नै दर्शा पाटन स्थित २१ गजुर भएको कृष्णमन्दिरको शिला चित्रमा पौरा चरित्र उल्लेख गरिएकोमा पर्सिभल ल्याण्ड्न निकै प्रभावित भएको

शिल्पकलामा पनि नेपाल प्राचीन समयदेखि नै कुनै देश भ कम भएको छैन। मल्ल राजाहरुको पालामा यसको विशेष विक देखिन्छ। यहाँका कर्मीहरूले काठमा हातले काटेका बुट्टाहरुले ग नेपाल आज बिश्वभर परिचित छ। काठमाडौं नरदेवी टोलको ए झ्यालमा काठका बुट्टाहरूको उत्कृष्ट नमुनाहरु पाइन्छन। सो झ्याल

CC-0. In Public Domain. Digitization by eGangotri

नाम नैं "देशेमरु भया" भनी रोकोबाट बुझिन्छ कि यस्तो आकृतिको कुनै देशमा पनि प्राप्य छैन। काठका मूर्ति, धातुका मूर्ति, आठ प्रकारको माटोलाई एकै ठाउँमा मिश्रीत गरी बनाएको अष्ट धातुको मूर्ति जस्तो संकटाको मूर्ति, बज्रयोगिनी इत्यादि पनि नेपालमा अझै देखिन्छ। कपडा आदिमा बुट्टा भर्ने काममा पनि नेपाल कम छैन।

नेपाली चित्रकलाले पनि नेपाली रीति रिवाज, सामाजिक व्यवहार, जातीत्व र धर्मलाई प्रवृतया वोध गराउँछ। चीन, तिव्वतमा जस्तै नेपालमा पनि कपडामा बनेका पट चित्रहरु पाइन्छन। पट चित्रहरुमा खास गरेर शैव मतका, तान्त्रिक मतका र बौध्द मतका पट चित्रहरु धेरै पाइएका छन। पाटनको कृष्ण मन्दिरका भीत्ति चित्रहरु हिन्दु समाजको गौरवको प्रतीक हुन आएको छ।

नेपालको संगीतकला नृत्यकलामा पनि आफ्नै विशेषता छ। संगीतकलाको क्षेत्रमा लिच्छवीकाल भन्दा मल्लकाल विशेष महत्वपूर्ण छ। जय प्रकाश मल्लले नेपालमा एउटा वृहद अन्तर्राष्ट्रिय संगीत सम्मेलन गराएको कुरा हनुमान ढोकाको प्रसादमा अंकित यस सम्मेलनको चित्रबाट विदित हुन्छ। ज्योतिर्मल्ल, सिध्दि नरसिंह मल्ल, भुपेन्द्र मल्ल, रणजित मल्ल आदिले विविध रागमा ढाली आफ्नो सुन्दर कृतिहरु छोडेर गएका छन र गाइ जात्रा, इन्द्र जात्रा, फागु आदि पर्वहरुमा पनि गीत वादन र नृत्यको आवश्यकता पर्दछ। राजा योग-नरेन्द्र मल्लले आफूलाइ "संगीतावर्ण पारग" विशेषण प्रयोग गरेका छन्। यस्तै महाराजाधिराज श्री ५ रणबहादुर शाहले काशीमा आयोजित महान संगीत गोष्ठीमा विजयको पुरस्कारको रुपमा सुनको तानपुरा प्राप्त गरेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल कालीन संस्कृति र नेपाल

—श्री बिष्णु श्रेष्ठ एम०ए० उत्तरार्द्ध,
त्रिभुवन विश्वविद्यालय

हिमालको काखमा मुस्कुराइरहेको नेपालमा मल्लराजाहरुले शास[न] गरेको समयलाई सांस्कृतिक दृष्टिकोणबाट अबलोकन गर्ने हो भ[ने] उक्त समयलाई स्वर्णिम समय भने अत्युक्ति नठहर्ला। मल्ल राजाह[रु] हिन्दू धर्मका उपासक भएकाले नेपालमा हिन्दू संस्कृतिले ज[रा] बसाल्यो। जव भारतमा मुसलमानी राज्यको उदय भयो, भारतबाट हिन्दू संस्कृति लोप प्राय: भयो। तेह्रौं शताब्दीमा नालन्दा, विक्रम[-] शीला जस्तो महान प्रतीक ध्वंस भयो। कैयौं मन्दिरहरु तोडिए धनमाल लुटिए। अझ नेपालमा पनि सुलतान समशुद्धिनले ईस्वीसन[्] १३५० मा आक्रमण गर्न बाँकी राखेनन्। उनले पशुपतिनाथलाई समेत टुक्रा टुक्रा पारी प्रशस्त धनमाल लुटेर लगे। तर पनि जसरी भारतमा इश्लाम धर्मको प्राधान्य बढ्दै गयो त्यसरी नेपालमा जय स्थितिमल्ल जस्ता वीर, साहसी र बुद्धिमान राजाको अगाडी इस्लाम धर्मले जरा बसाल्न सकेन। वास्तवमा उक्त संकटमय अवस्थामा हिन्दू संस्कृतिको रक्षा नेपालका मल्लराजाहरुबाट नै भयो। त्यसैले मल्ल काललाई हिन्दू धर्मको पुनरुत्थानको काल मानिएको छ। ठीक यसै समयमा दक्षिण भारतमा विजनगर हिन्दू राज्यको उदय भयो।

यदि हामीहरूले उक्त समयको धर्म पट्टि दृष्टिकोण दियौं भने

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसबेला नेपालमा धार्मिक सहिष्णुताको भावना थियो, यद्यपि सबै जसो मल्लराजाहरु हिन्दु धर्ममा नै आस्था राख्दथे।

भारतमा मुसलमानहरु द्वारा लखेटिएका हिन्दू धर्मका अनुयायी विद्वानहरु नेपालमा नै थुप्रिन आएकाले पनि मल्ल राजाहरु हिन्दू धर्मलाई स्थायित्व दिन सफल भएका हुन र सफल हुनु प्रशस्तै सहयोग र प्रेरणा पाएका हुन् भन्न सकिन्छ। मल्ल राजाहरुले अरु धर्महरूमाथि हस्तक्षेप गर्न नचाहेकाले पनि र आफ्ना जनताहरु लाई सन्तुष्ट राख्न पर्ने भएकोले बौद्धधर्म र तान्त्रीक विद्याले पनि समाजमा प्रभाव पार्दै लगेको थियो। तर कालान्तरमा गएर सबै ह्रासोन्मुख भई हिन्दू धर्मले नै बाहुल्यता प्राप्त गर्न सक्यो। वास्तवमा हिन्दू धर्मलाई नै सबैको धर्म मनाउनको लागि मल्लराजाहरुले हिन्दू धर्मानुसार कोटी होम र सवालाख होम आदि र विभिन्न देव देवीहरुको मूर्ति र मन्दिरहरुको निर्माण एवं जीर्णोद्वार गरे। सायद हिन्दू संस्कृतिलाई अपनाउनको निमित्त नै राजा जयस्थिति मल्लले नेपाली समाजलाई ४ भाग र ६४ जातमा बाँडेका होलान् भन्न सकिन्छ। मल्लराजाहरूको ठूलो गुणको प्रतीक हामी यो प्रस्तुत गर्न सक्दछौं कि उनीहरू हिन्दू धर्ममा आस्था राख्ने भएता पनि नेपालमा अरु धर्मको पनि समान आदर हुन्थ्यो, जस्तो स्वयम्भू चैत्यलाई हामी लिन सक्दछौ।

मल्ल कालीन नेपालले शिक्षा र साहित्यमा खूब उन्नति गरेको थियो भन्न हामी हिच्कीचाउँदैनौ। मल्ल राजाहरु आफैं ठूलो कवि, विद्वान, संगीतज्ञ र महान कलाकार थिए। हनुमान ढोकाको शीलालेखले राजा प्रतापमल्ल कविन्द्र मात्र नभई विदेशी भाषा समेतको ज्ञाता थिए भन्न सकिन्छ! जगत ज्योतिमल्लले कुञ्ज विहारी नाटक,

CC-0. In Public Domain. Digitization by eGangotri

संगीत चन्द्र र गीत पञ्चाशिका आदि अनेकौं ग्रन्थहरूको र गरे। उनलाई इतिहासकारहरूले ज्योतिषशास्त्री पनि मानेका छन्। राजा ज्योतिमल्लले सिद्धिसार नामक ज्योतिष शास्त्र लेखेर मल्ल राजाहरू ज्योतिष शास्त्रमा पनि विद्वान थिए भनेर परिचय दिए छन्। राजा जयस्थितिमल्लका पालामा जति ग्रन्थहरू लेखिएका थि त्यति उ भन्दा पहिलेका राजाहरुको सबै ग्रन्थहरु पनि थिएनन्।

शिल्प चित्र, मूर्ति एवं वास्तुकलामा त मल्लकालीन नेपाल गरेको उन्नतिको चर्चा नेपालमा मात्र सीमित नरहेर विदेशमा प प्रशस्तै चलेको हो। मल्लराजाहरूको समयमा वनिएका सजग मूर्तिह आज सम्म पनि हाम्रा अगाडि हाँसिरहेका छन। राजा भूपतीन्द्रमल्लक समयमा वनेको भादगाउँ दरबारको मूल ढोकाको कारीगरी देखेर युरोप प्रशिद्ध वास्तुकलाका धुरन्धर मर्मज्ञ पर्सीब्राउनले मूग्धकण्ठले प्रशं गरेको छ। भादगाउँको न्हयतपोल देवल, पाटनको कृष्ण मन्दिर, हनुमा ढोका आदि वास्तुकलाका चरम निशानाहरू हाम्रा समक्ष जस्ताको त उभिएका छन।

यस कालका भित्तामा लेखिएका चित्रहरूले ललित कलामा प मल्लहरुले गरेको उन्नतिको प्रमाण प्रस्तुत गर्दछ। काठमा खोदिए कलात्मक मूर्तिहरुको अध्ययन गर्न आजसम्म पनि हामी पाउँछौं मल्लराजाहरुले प्रचलनमा ल्याएका लोक नृत्यहरु, वाद्यवादनहरु विभित्र जात्राहरु आज पनि हामी मनाउँदैछौं र यही नै नेपाल संस्कृति भएर रहेको छ।

उपरोक्त विभिन्न चित्रको अध्ययनबाट हामी यही साबित गर्दछौं कि मल्लकालीन नेपाललाई सांस्कृतिक दृष्टिकोणबाट हेर्ने हो भने मल्ल काललाई समृद्ध र अझ सुनौला पनि भन्न सक्दछौ!

CC-0. In Public Domain. Digitization by eGangotri

पुरातत्वको महत्व

—श्री रामनिवास पाण्डेय एम.ए.डिप.आर्क.

पुरातत्व यस्तो नैसर्गिक विज्ञान हो जसको अध्ययन प्रणाली कलात्मक छ। यो विज्ञान इतिहासको अध्ययन प्रमाणिक आधारमा मात्र गर्दछ तथा यसको विषय हुन्छन मानवको जीवन परम्परा, रहनसहनको तरीका, राजनैतिक एवँ सामाजिक जीवन, मानव जीवनको त्यो अंग जसको अभावमा मानवलाई पशु मात्र भन्दछ तथा मानवको यस अंगको अध्ययन पुरातत्ववेत्ता बाहेक; जसलाई कि मानवको अनादि आगमन देखिको इतिहास, कला र दर्शनको तुलनात्मक ज्ञान रहन्छन, अरूले कदापि गर्न सक्तैनन। पुरातत्व विज्ञानको त्यो शाखा हो जसको अध्ययन विषय हो पूर्वकालीन मानव सभ्यताको क्रमिक विकाशको वैज्ञानिक अध्ययन।

पुरातत्व वास्तवमा प्राचीन मानव शास्त्र हो जसको अन्तर्गत हामी प्राचीन ज्ञान, विश्वास, कला, नैतिकता रीत, न्याय र अन्य मानव परम्परा या चलन विशेषको मानवलाई एउटा सामाजिक प्राणी बुझि अध्ययन गर्छौं र त्यसको सांस्कृतिक सामग्री हुन प्राचीन हात—हतियार अन्धविश्वास, ब्यक्तिगत र सामाजिक कार्य तथा रीतिरिवाज। तर यो सांस्कृतिक अवशेष वस्तुहरुको अध्ययन सांस्कृतिक प्रणालीले गर्नुपर्छ न कि मनोवैज्ञानिक प्रणालीले, किनकि यसको अभ्युदय नैसर्गिक क्रमले भएको छ। यसको मूल्याङ्कन पनि सांस्कृतिक तवरले गर्नु पर्दछ।

धेरैजसो मानिसहरु पुरातत्व विभागलाई प्राचीन कालको केही

CC-0. In Public Domain. Digitization by eGangotri

अवशेष मन्दिर, भग्न भवन मुद्रा, ठीकरा मूर्ति राजभवन शिलालेख सुव्यवस्थित कव्र (टोम्वस्) हरूको अध्ययन गर्ने शास्त्र बताउँछन यी वस्तुहरूको त्यतिको महत्व छैन जति त्यसको अन्तर्गत निहित मा जीवनको विकास प्रणाली जस्तो एक एउटा सांस्कृतिक महत्व छ र सांस्कृतिक महत्वको भावनाले मात्र प्रेरित भएर पुरातत्ववेत्ता त्यस उत्खनन् कार्य गर्छ र भूमिमा निहित संस्कृतिलाई अध्ययन र अनुसन्धान गरी सके पछि सर्वसाधारणको समक्ष प्रकाशमा ल्याउँछन । यही हाम्रा पुरातत्ववेत्ताहरूको उद्देश्य हुनुपर्छ र यही हुनुपर्छ । नेपालमा पनि सानो सिवालिकको पहाडमा मानवले प्रयोग गरेका पत्थरका हात हतियार र अस्थिविशेष प्राप्त हुन सक्छ। अल्पाइन पहाड जस्तै हिमालयको पहाडमा पनि शीत युगमा मानवको अभ्युदय भएको होला। हिन्दु अनुश्रुतिको अनुसार पनि मनु र सतरूपाले प्रलयको बेला मा यहीं हिमालयको चोटीमा नै शरणली फेरि मानव उत्पन्न गरी (सृष्टी) को विकास गर्नु भएको थियो। मानबको अभ्युदयको ठाउँ यही नै हो र यहींबाट मानिसहरू अरू ठाउँ गएका होलान भन्ने कुरा पञ्जाब र काश्मीरको चौंपर--चौंपीड इण्डष्ट्रीबाट सिद्ध हुन्छ १५ महीना अघि भारतको पाषण युगको इतिहासबेत्ता डाक्टर आर० वी० जोशीको यस उपत्यकाको अनुसन्धानले पनि यही जाहेर हुन्छ । उहांले केही सम्भावित अनादी कालीन मानवको पत्थरको हात-हतियार पनि यस काठमाडौंको उपत्यकाबाट प्राप्त गर्नु भएको छ।

पूर्व पाषाणकालको सम्भावित हात-हतियार बाहेक यहां नव पाषाणकाल (नियोलिथिक ऐज) को हात-हतियारहरू धेरै मात्रामा प्राप्त भएका छन। हुनत नव पाषण युग नै हात हतियारहरू कृषि सम्बन्धी हात हतियार त्यस्तै अनुसन्धान भयो भने मध्यपाषाण युग (मिडिल

CC-0. In Public Domain. Digitization by eGangotri

पेलियोलिथिक ऐज) को फ्लेकल्वेड़-इन्डष्ट्रीज र मिसोलिथिक ऐजको माइक्रोलिथिक हातहतियार पनि उपलब्ध हुने धेरै आशा छ।

जनसाधारणको इतिहासको लागि पनि हामीले पुरातात्विक अनुसन्धान र खुदाई खनाईको मात्र सहारा लिनु पर्दछ। बुद्धको अभ्युदय इतिहासमा एउटा विशेष महत्व राख्दछ। उहांको काठमाडौ उपत्यकामा पनि आगमन भएको थियो जस्तो कि इतिहासमा लेखिएको छ यद्यपि यसको केही ठोस प्रमाण छैन। बुद्धकालीन इतिहास लेख्नलाई नेपालमा खास गरेर तौलिहवा जिल्ला (कपिलवस्तु) तिर जानु पर्दछ। पाली ग्रन्थ ह्वेनसाङ्ग एव इत्सिङ्गको भ्रमण गाथाबाट त्यहांको धेरै जसो कुराहरूको हामीलाई पत्ता छ, त्यहीं हाम्रो लुम्बिनी पनि छ जहा भगवान बुद्ध जन्म भएको थियो। त्यहीं पूर्वबुद्ध कनकमुनीको सिसहनियां भन्ने गाउँ पनि छ। त्यहांको भग्नावशेष हामीलाई आमन्त्रित गरि-राखेको छ। यस्तै निगलिहवा, गोटीहवा' सगरहवा, तिलौराकोट आदि धेरै स्थानहरु छन र त्यस ठाउँहरूको खुदाई राष्ट्रको इतिहासको लागि नितान्त आवश्यक छ भारतीय पुरातात्विक सर्वेक्षण विभागले श्रीमती देवलामित्रको नेतृत्वमा लोरीकुदान भन्ने ठाउंमा निकै कदम उठाइ-एको थियो तर उत्खनन कार्य अलि छिटो थियो त्यसले परिणाम पनि अलि कम प्रभादोत्पादक भएको छ त्यहाको पुरानो शास्त्रमा बर्णित मन्दिर, स्तूप, बिहार, कपिलवस्तुको शाक्यहरूको एसेम्बली हाल, भगवान बुद्धलाई निर्मित नव प्रसाद फोर्टीफीकेशन वाल आदि एउटा समस्या स्वरुप हामीहरूको समक्ष निहित छन र त्यसको समाघान गर्नु हाम्रो कर्तव्य हुन आउंछ। त्यस्तै पूर्वतराईमा जनकपुर र पश्चिमी तराइमा डोटी दाङ्ग गोर्खा आदि ठाउँमा पनि धेरै पुरातात्विक भग्नाबशेषहरु छन। हाबै पुरातत्व बिभाका

CC-0. In Public Domain. Digitization by eGangotri

डाइरेकटर श्री रमेशजङ्ग थापा दाङ्गमा जादा त्यहांका थार हरुका मुद्रा उपलब्ध गर्नु भएको छ। अतः त्यस्तो ठाउँ पनि यदि पुरातात्विक सर्वेक्षण र उत्खनन् कार्य भयो भने क्रमिक र राष्ट्रिय इतिहास बन्दै जाला भन्ने मलाई लाग्छ।

काठमाडौं उपत्यकाभित्र प्रियदर्शी राजा अशोकको यात्रा भएको थियो भन्ने अनुश्रुतिबाट सर्व विदितै छ। धर्मराजीका स्तूपको पाटनमा निर्माण पनि भएको थियो। तर स्तूप कहाँ छ त्यसको सबूत अहिले हामीले दिएका छैनौ। जवाफदेही हामी पुरातत्वबेत्तामाथि छ, यसरी जनजीवनको सांस्कृ इतिहासको क्रमिक विकासको अध्ययनको लागि हामीले यस भित्र पुरातत्व विभागको माध्यमबाट दुइ एक ठाउँमा उत्खनन गराउनु नै पर्ला। त्यो भएन भने हाम्रो देशको सामाजिक इतिहास एकदम असम्भव छ। त्यस्तै वंशावली र पाण्डुलिपिमा भैरै र राजभवन स्थापना गरेको कुरा लिखित छ तर त्यसको भग्नावशे थाहा हामीलाई अहिले सम्म छैन। त्यसको पनि पत्ता हामी पुरा बेत्ताहरुले लगाउन पर्दछ। त्यस्तै शिल्पकला, वस्तुकला, चित्र आदिको विषयमा पनि वर्गीकरण अध्ययन आवश्यक छ र त्यो पुरातत्वबेत्ताहरुले गर्नु पर्छ।

अन्तमा म यही भन्न चाहन्छु यती कुराहरू ध्यानमा यदि पुरातत्वबेत्ता आफ्नो अनुसन्धान कार्य गर्छ भने त्यसको कुरा अझ प्रमाणित हुनेछन्। नेपालको पुरातात्विक सामग्रो एकत्रित र अध्ययनको निमित्त माथि लेखिएको ढांचा यो रूपरेखा एउटा स्वरुप हरेक अनुसन्धानकर्ताको समक्ष रहने छ भन्ने मेरो आशा छ

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक—बुद्धिरत्न एम. ए. "महेन्द्रविद्याभूषण," सचिव सांस्कृ
परिषद, त्रिभुवन विश्वविद्यालय

मुद्रक :—श्री अन्नपूर्णा प्रेस, असन टोल, फो. नं. ११६१४

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यामणि

वर्ष १ (वार्षिक प्रकाशन) अंक १

२०१६ मार्ग १

संपादक :—

डिठ्ठा भैरवबहादुर श्रेष्ठ

कुमारी शान्ता प्रसाई

महेन्द्र-रत्न विद्याभवन

अनारमनी (झापा)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यामणि

प्रति

शुभकामना

आज मैले महेन्द्र-रत्न विद्याभवनको उद्घाटन समारोहमा यो
लको उज्जवल भविष्य देखें । श्री सी० केसरी प्रसाईको सराहनीय
ागप्रति म आकर्षित भएको छु । स्कूलले विकाश गर्न सकोस र
ाईज्यूका दिवंगत पिताको आत्माले शान्ति पाओस भन्ने मेरो कामना
।

अनारमनी
(गौ० द० बा०) रत्नबिक्रम राणा,
१६–४–२५ । बड़ाहाकिम, झापा गोश्वारा ।

श्री ५ महाराजाधिराज तथा बड़ामहारानीको शुभ कीर्तिमय
मरा खोलिएको यो विद्याभवनले मौसुफका प्रजाका सन्तानलाई
ोग्य नागरिक बनाउन समर्थहोस तथा श्री सी० केसरी प्रसाईको
क्षाप्रेमबाट धेरैले लाभ उठाउँन सकुन् । श्री सी० केसरी प्रसाईका
ीय पिताको आत्माले शान्ति पाओस भन्ने मेरो कामना छ ।

अनारमनी
सुब्बा माधव प्रसाद,
१६ श्रावण २५ हाकिम, झापा माल अड्डा ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस झापा जिल्लाको अनारमनी ग्राममा यहाँका श्री सं प्रसाईको उपक्रमबाट आज महेन्द्र-रत्न विद्या भवनको उद्घा जिल्लाका बड़ा हाकिमज्यूले गर्नु भयो र मलाई पनि यहाँ हुने शौभाग्य प्राप्त भयो । म यस विद्याभवनको उज्ज्वल उन्नयनको कामना गर्दै प्रसाईज्यू र अन्यान्य शिक्षाप्रेमीहरूलाई दिन्छु ।

अनारमनी
२०१६-४-२५

अ ज्ञनीकुमा
डी० एफ० ओ०

…………यस विद्याभवनले दिन दुना रात चौगु गरोस भन्ने मेरो आत्माको आवाज छ ।…………

जि० हंसनारायण चौ

……………आज यस उद्घाटन समारोहमा पाउँदा अति आनन्द लागेको छ ।………यो विद्या-भवन श्री सी० केसरी प्रसाईले आफ्ना मुमाहरूको इच्छामा स्व० ले० देबीप्रसाद प्रसाई छेत्रीको पुण्य स्मृतिमा र साथै हा राजा-रानीको नाममा, यथेष्ट चेष्टा गर्नु भएको छ र हा रानीको नाम इतिहासका पानाहरूमा चम्किउञ्जेल यस वि भविष्य पनि चम्कियोस भन्ने विश्वास र कामना गर्छु ।

दलकृष्ण श्रेष्ठ,
सभापति,
नेपाली काँग्रेस, झापा जि०

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्र-रत्न विद्याभवनप्रति श्रद्धेय साथी सी० केसरी प्रसाईको दिच्छा र उहाँका मुमाहरूको दानलाई मैले प्रशंसा गरें। शिक्षा प्रतिका लागि यसरी गरिने त्याग बस्तुतः भविष्यमा महान असर र्ने हुनसक्छ। हाम्रा गाउँघरमा छरियेका यस्ता पाठशालाले हाम्रा रियेका भावना र अविकशित सामाजिक दशालाई सँगालेर उठाउन क्ने महापुरूषको सृष्टि गर्ने गर्दछ। अतः यो पाठशालाबाट तयार एका सज्जन यदि त्यस्ता निस्किये भने प्रसाईज्यूको सेवा र उहाँका माहरूको दान कति लाभप्रद हुनेछ! ईश्वरले यो पाठशालालाई सफल ाइदिउन्, कुमार सी० केसरीको व्यक्तिगत जीवन सुखसम्पन्न बनोस उहाँका स्वर्गीय बुवाको दिवंगत पुन्यात्माले शान्ति पाओस् भन्ने ो आन्तरिक कामना छ।

अनारमनी
१६-४-२५

प्रभाकर

※ ※ ※ ※

"आजको प्रजातंत्र युगमा युग सुहाउँदा उपयोगि शिक्षितहरू स्त मात्रामा जन्माई झापाको इज्जत, मर्यादा तथा प्रतिष्ठा बढ़ाउँदै लाई उन्नतशिल मार्गमा अग्रसर गराउनमा 'महेन्द्र रत्न विद्या भवन' प्रमुख स्थानरहेको देख्न र सुन्न पाउँ यैनै मेरो कामना छ। श्री हेन्द्र रत्न विद्याभवन' लाई आफ्नो पवित्र लक्ष पुर्ति गर्नमा सदा फलता प्राप्त होस तथा सदा अमर रहोस्।"

चिरंजीवी प्रसाद रिजाल
बिराट नगर
१७ आसाड़ २०१६।

※ ※ ※ ※

CC-0. In Public Domain. Digitization by eGangotri

श्री सी० केसरी प्रसाई
"महेन्द्र—रत्न विद्याभवन"
अनारमनी बिर्ता,
झापा ।

२०१६-

प्रसाईज्यू,

२०१६-२-९ को चिठीका लागि धन्यबाद ।

श्रीमती रूद्रकुमारी तथा पद्मकुमारीज्यूहरूबाट आफ्न संझनामा बनाइदिनु भएको "महेन्द्र-रत्न विद्याभवन" को य असार १५ गते उद्घाटन हुने कुरा सुनेर श्री रानी साह गरिएको उद्गार, उहाँका मर्जीमुताबिक नै लेखेको छु ।

उहाँबाट यस्तो मर्जी भएको छ :

" आफ्नो स्वर्गीय पतिका संझनामा एक पैसासम्म पनि आइमाईलाई म श्रद्धाका आँखाले हेर्दछु । त्यसरी खर्च ग आफ्नो मुलुकका दाजुभाइका भलाइको खयालले स्कूल बनाइदिने नारी-रत्नहरू हाम्रा बिर्ता जग्गामा पनि हुनु भन्ने थाहा पाउँदा मलाइ सारै खुशी लागेको छ । त्यो उत्तरोत्तर उन्नति हुँदै जावस "

श्री रानी साहबको साथै हाम्रो परिवारको तर्फबाट प उद्घाटनमा शुभकामना स्वीकार गर्नुहोला ।

विद्या भवनबाट निस्कने भएको "विद्यामणि" एक हामीलाई पठाइदिन नबिर्सनुहोला—हाम्रो पुस्तकालयलाई ।

तपाईंको,
केदारभरि आ: दिक्षित
श्रीमती रानी जगदम्बा कुमारी देवीका

CC-0. In Public Domain. Digitization by eGangotri

भद्रपुर
मिती २०१६।२।२६

दस्य

"महेन्द्ररत्न विद्या भवन"
अनारमनी, झापा, नेपाल

हाशय,

तपाईंको २०१६।२।१७ को पत्र सहर्ष प्राप्त भयो। देशको स्थान गर्न शिक्षाको आवश्यकता कतिछ भन्ने कुराको बोध प्रत्येक गाली नागरिक हूँ भन्नेलाई ज्ञात हुनुपर्छ। शिक्षा प्रचारको लागी मन धनले सेवा गर्न सक्ने बहादुरहरूको माँग देशले बराबरी गरी- छ। देश हाम्रो हो। देशका नानीहरू हाम्रा हुन। इनलाई फलाइ ाइ सुयोग्य नागरीक बनाउन हाम्रो महान भन्दा महान कर्तव्य आइसकेकोछ।

झापा जिल्लामा शिक्षाको अभाव मात्र होइन महा अनिकाल छ भने छ। यो जिल्ला बहुतै पछाड़ी छ। "महेन्द्ररत्न विद्या भवन" को घाटन निकट भविष्यमा नै गर्ने प्रयास गरी शिक्षाको प्रचार र ाशमा संलग्न हुनुभएकोमा स्वभाविक हर्षले म गद्गद् भएकी छु।

भवदीया—
श्रीमती कुन्ती देवी
अध्यक्ष, झापा महिला समिति।

* * * *

यो महेन्द्र-रत्न विद्याभवनको आज उद्घाटनको अवसरमा केही व्यक्त गर्दै यसको विकाशको कामना गर्छु।

मुकुन्द प्रसाद "वियोगी"

* * * *

CC-0. In Public Domain. Digitization by eGangotri

श्री सी० केशरी प्रसाई
निशी निवास
अनारमनि विर्ता
झापा

प्रिय महाशय,

तपाईंले पठाउनु भएको २०१६।२।५ को पत्र प्राप्त उद्‌घाटन हुने "महेन्द्र-रत्न विद्या भवन" विविध विषयक विद्यालय हुँदा, स्वनामधन्य भई आफ्नो उद्देश्य पुर्तिका सहयोगलाई अँगाल्दै बराबर देश, नरेश र जन-सेवा गर्दै फुलोस भन्ने मेरो हार्दिक शुभ-कामना छ।

साथै, उक्त विद्याभवनका तत्वावधानबाट प्रकाशित वार्षिक पत्रिका "विद्यामणी" ले तपाईंहरू जस्ता पढ्ने योग्य व्यक्तिहरूको सहयोगद्वारा भर्खर बामे सर्न लागेको हाम्रो तथा कलिला र अविकारीत बाल-साहित्यकारहरूलाई प्रोत्सा हाम्रो साहित्याकाशमा पनि नौला नौला कलाकार साहित्य उदित होलान्; अनि नेपाली-साहित्यले देशोत्थान र जन- सन्देश मुलुकको कुना कुनामा छर्नेछ; । हामी नेपालीहरू वातावरणमा साँस फेर्नें छौं, भन्ने मलाई आशा एवं पूर्ण

विशेष कुशल छु, कुशल चाहन्छु ।

भवदिय
सन्तबीर
बड़ा हाकिम

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीयुक्त सी० केसरी प्रसाईज्यू,
निशी निवास, अनारमनी, झापा ।

प्रिय प्रसाईज्यू,

"महेन्द्र-रत्न विद्या भवनको उद्घाटन दिवसमा विद्या भवनतर्फबाट वार्षिक पत्रिका 'विद्यामणी' प्रकाशित हुने थाह पाउँदा औधिनै खुशी छु । नेपाल अधिराज्यको सुदूरपूर्वी तराईक्षेत्रबाट उदाउन लागेको 'विद्यामणी' ले नामानकूल नौलो छवि दूर दूरसम्म फिंजाउने छ भन्ने ठानेको छु ।

'विद्यामणी' स्वस्थ र चिरायु होस्—मेरो शुभकामना छ ।"

श्री निकेतन, इलाम
२०१६-२-२३

भगवती दास श्रेष्ठ
इन्सपेक्टर अफ स्कूल्स
झापा इलाम क्षेत्र ।

६-३-२०१६

माननीय प्रसाईज्यू,

अनारमनी बिर्तामा "मल्टी परपोज" मिडिल स्कूल खुल्ने एवं यो स्कूलबाट "विद्यामणी पत्रिका" प्रकाशित हुने समाचार पाएकोले साह्रै हर्ष लाग्यो । आज नेपाल आमालाई यसै किसिमको स्कूल एवं पत्रिकाको एकदमै खाँचो छ । मलाई आशा मात्र होइन विश्वास छ कि यो पत्रिकाले जिल्ला विकाश एवं राष्ट्र विकाशमा निकै सहायता गर्नेछ । यति मात्र होइन जनताबाट प्रेरणा पाएको मल्टी परपोज स्कूल र यसबाट प्रकाशित भएको यो विद्यामणी पत्रिका देशलाई एउटा उदाहरण हुनेछ । म यस पत्रिकाको निरन्तर उन्नतिको कामना गर्दछु ।

शिवानन्द उपाध्याय

Headmaster,
KARFOK VIDYA MANDIR.

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छे,
कालिम्पोंग
१-६-५९।

महोदय,

२०-५-५९ को पत्रका निति हार्दिक कृतज्ञता जना
मल्टिपर्पस स्कूलको उद्घाटन र 'विद्यामणि' को प्रकाशनको
झन् आनन्दित तुल्यायो ।

एउटा सानू शुभ-कामना पठाइरहेछु फूलका सट्टा
नै संझिए पनि स्वीकार होला भन्ने आशा छ ।

"विद्यामणि पत्रिकाको प्रकाशन बड़ो असल कुरो हो र
प्रकाशनमा ल्याउने सज्जनगणको यो काम बड़ो स्तुत्य छ
छ दीर्घजीवी रहे यो पत्रिकाले स्कूल र जाति दुवैको सेवा
र नेपालको पूर्व तराइमा पनि विद्याको प्रकाश फिंजाउला।

किमअधिकम् ।

भवदीय,
रामकृष्ण शर्मा

श्री सी० केशरी प्रसाई, एम० कम०
डी० जी० ए० एफ०, आर० इ० एस० (लण्डन)
का सेवामा ।

प्रिय महोदय,

यही आषाड़ १५ गते महेन्द्र रत्न विद्याभवनको उद्घ
र 'विद्यामणि' को प्रकाशन सुरू हुने सूचना पाउँदा अत्यन्तै हर्ष
तपाईंहरूको यस्तो प्रयासमा हामी दिलैदेखि हर्ष मनाउँछौं

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या नै उन्नतिको प्रथम खुड्किलो हो । प्रजामा विद्या प्रसार नभए आमा नेपालको मुख उज्यालो गराउन सक्दैनौं । तपाईंहरूको प्रयासले यसरी मल्टिपर्पस विद्यालयहरू खोली देशको उन्नतिमा कदम बढ़ाउन भएकोले हामी प्रवासमा रहेका नेपालीहरू हर्षित मात्र होइन गर्वित पनि छौं । तपाईंहरूको प्रयास निरन्तर अघि बढ़ोस्, उच्च दर्जाको विद्यामणिले आफ्नो ज्योति सर्वत्र फैलाओस् तथा महेन्द्र रत्न विद्यालय आदर्श विद्या केन्द्र बनोस्—आन्तरिक शुभेच्छा ग्रहण गर्नोस् ।

कुमुदिनी होम्स्,
कालिम्पोङ

भवदीय—
टीकाराम शर्मा, बी० ए०, बी० टी०

योगेन्द्रमान शेरचन्द
उप-मन्त्री
खाद्य तथा कृषि

१५।७८ पकनाजोल
काठमाण्डू (नेपाल)
मिती ७।३।०१६ ।

श्री सी० केसरी प्रसाईज्यू
निशि निवास अनारमनि बिर्ता ।

बधाई एवं शुभकामना पठाउनु भएकोमा धन्यवाद ।

देश, नरेस र जनताको सेवा नै आफ्नो पुनित कर्तव्य सम्झी कर्तव्यप्रति सदा सक्रिय र सजग रहनेछु । यो पवित्र उत्तरदायित्व वहन गर्नमा यहाँहरूको सहयोग र सद्भावना अत्यन्त बहुमूल्य हुनेछ ।

महेन्द्र रत्न विद्या भवनको उद्घाटनका साथै "विद्यामणि" पत्रिका प्रकाशित गराउने बारे लेख्नु भएको सुसमाचारले हर्षको साथ यो कामको सफलताको कामनागर्दै शुभकामना पठाईरहेकोछु ।

भवदीय—
योगेन्द्रमान शेरचन्द

CC-0. In Public Domain. Digitization by eGangotri

धुलाबारी मिडिल
धुलाबारी झापा
मिति ०१६ साल जेठ

श्री सी० केशरी प्रसाई,
सदस्य महेन्द्र रत्न विद्याभवन निर्माण समिती
अनारमनी झापा (नेपाल)

महोदय,

मिति ०१६।२।६ मा पठाउनु भएको पत्र प्राप्त भयो। नवनिर्मित विद्याभवनको उद्‌घाटन आगामी २५ गते आषाढ भन्ने समाचारले अत्यन्त हर्षलाग्यो । तपाईंहरूको सद्‌प्रयास गरिएको विद्याभवनले अवश्य पनि सैकड़ौं देशका स्तम्भहरू गर्लान् । उद्‌घाटनको साथ "विद्यामणी" वार्षिक पत्रिका गर्ने कुरा नौलो हुनाका साथै झापा भरमा विद्या भवनका प्रे देन हुनेछ भन्दा आपत्ति नहोला ।

विद्यामणीले विद्याको खाँड़ो जगावस। छाप्रो छाप्रोमा दियो बालोस विद्यासागरको मन्थन गरेर अनेकौं मणी विद्यामणी छात्र छात्राको लागी युग युगसम्म प्रेरणाको स्रोत राँको वनोस् मेरो यही आन्तरिक शुभकामना स्वीकार गर्नु

जय नेपाल ।

भवदीय,
भीरबहादुर श्रे
सेक्रेटरी धुलाबारी मिडिल

श्री

शुभेच्छा !

आज उद्‌घाटन भएको यो "महेन्द्र-रत्न-विद्याभवन"को शुभेच्छा! अर्पण गर्न पाउँदा मलाइ धेरै हर्ष र संतोष लाग्

CC-0. In Public Domain. Digitization by eGangotri

र्म चक्षु हाम्रो आँखा होइन, शिक्षा नै हो हाम्रो आँखा । जैलेसम्म ामी शिक्षित हुँदै नौं तैलेसम्म अन्धा नै ठहरिन्छौं । म आशा गर्छु ो विद्याभवनले त्यस क्षेत्रका बालक, बालिकाहरूलाई सच्चा प्रजातांत्रिक ाँखा प्रदान गर्न सक्ला । अनि उनीहरूले हिमालका टुप्पादेखि तराईको दीसम्म सुस्पष्ट देखेर आफ्नो देश र जातिलाई उत्तरोत्तर उन्नत पार्न क्कान् ।

यी सब कुराको कूल जड़ भएको यो विद्याभवन दिन प्रतिदिन ुल्दै, फल्दै जाओस् ! यही मेरो हार्दिक शुभेच्छा एवं शुभकामना छ !!

—भीमनिधि तिवारी

तिवारी आश्रम,
काठमाण्डू ।

शुभकामना

हाम्रो पूर्वान्चल नेपाल झापामा विक्रम संवत् २०१६ साल ावण २५ गतेका दिन "महेन्द्र–रत्न विद्या भवन" उद्‌घाटन समारोहका ाथ 'विद्यामणि" नामक वार्षिक पत्रिका प्रकाशित हुने कुराले म तिखुशी भएकीछु । म आशा गर्दछु कि यस पत्रिकाले आफ्नो आदर्श सौम्य लेखहरूले सुसज्जित भएर नेपाली बाल बालिकाहरूलाई आफ्नो ौद्धिक, चरित्रिक र साँस्कृतिक विकाशको निमित्त पूर्ण सहयोग दिनेछ । लाई यो पनि विश्वास छ किं यस पत्रिकामा विद्यार्थीले आफ्नो ामुहिक आवश्यकताका विभिन्न विषयहरूका लेखहरू प्रकाशित गर्दै ाहित्यिक क्षेत्रमा लम्कने अवसर पाउनेछन् । म यस पत्रिकाको उत्तरोत्तर ृद्धिको कामना गर्दछु ।

कुमारी अम्बिका सिजापति
बी० ए०
सहसचिव, विश्व नेपाली संघ ।

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

झापामा 'महेन्द्र-रत्न' विद्या भवनको उद्‌घाटन र विद्या-म
वार्षिक पत्रिका प्रकाशित हुने कुराले कुन नेपाली हृदय हुने वि
प्रेमी, साहित्य प्रेमीहरू खुशी हुँदैनन् होलान् । उन्नत ठाउँमा
विद्या र पत्रिकाको आवश्यकता बढ्दै जान्छ भने झापा जस्तो सुध
काँक्षी भागमा विद्यालय र पत्रिकाको कत्रो अभाव होला ! यस अभा
लाई दृष्टिगत राख्दै जस्का सत् प्रयासले सो विद्या भवन स्था
र पत्रिका प्रकाशहुने भयो, उहाँहरू धन्यबादका पात्र हुनुहुन्छ ।

उपर्युक्त विद्या भवन र पत्रिकाको सुन्दर समन्वयले पूर्वज्ञहरू
संचित ज्ञान कोष नयाँ संततिलाई सौंपिन्छ र नयाँ सृजनाल
मस्तिष्कका देन उक्त कोषमा थपदै रहन्छ भन्ने कुरा सर्बमान्य छ
महेन्द्र-रत्न विद्या भवन र विद्यामणि पत्रिकाले उपर्युक्त ज्ञानके
छात्र-छात्राहरूलाई आफ्नो साँस्कृति, परंपरा विशेषताको बोध रा
सकोस् र नेपालीत्वको गौरव राखी नेपाल र नेपालीलाई शक्ति सं
एवं संमृद्धिशाली तुल्याउन नेपालीमात्रलाई एकताको सूत्रमा दृढ रा
सक्ने र विश्व शान्तिका निमित्त राष्ट्रहरूका बिच समानता एवं पारस्परि
सद्‌भावना बढ़ाउन सक्ने देशका भावी कर्णधारहरूको निर्माण ग
सकोस् ।

उपर्युक्त कुराको लक्ष्यगर्दै विद्याभवनले चाँड़ै नै क्रमशः महाविद्याल
को रूप लिन सकोस् । पत्रिकाले पनि वार्षिकबाट षाण्मासिक, त्रैमासि
साप्ताहिक र दैनिकको रूप लिंदै सामाजिक, साँस्कृतिक, साहित्यि
राजनीतिक, आर्थिक क्षेत्रमामात्र नभई न्याय-क्षेत्रमा पनि नेपाल
नेपालीको प्रतिनिधित्व गर्न सकोस् भन्ने शुभकामना प्रकट गर्दछु ।

६०।३ कर्णघंटा वाराणासी ।

ललितजङ्ग सिजापति

CC-0. In Public Domain. Digitization by eGangotri

बर्त्तमान नेपालमा कस्तो शिक्षा ?

लेखक—केशवलाल जोशी

(श्री केशवलाल जोशी बि० ए० निकै वर्ष इलाम हाई स्कूलका प्रधान आचार्य हुनु भयो । उहाँका कार्य कालमा इलाम हाई स्कूलले राम्रो प्रगति गऱ्यो । छात्र र संरक्षक सबैले उहाँका ब्यवहारबाट सन्तोष पाएको थियो । जोशीजीको योग्यता बुझी हाम्रा शिक्षा विभागले उहाँलाई कोशी पूर्वका स्कूलहरूका क्षेत्रीय निरीक्षकका पदमा लगी आफ्नू गुणग्राहिताको परिचय दिएको छ ।)—सम्पादक

बर्त्तमान नेपालमा कस्तो शिक्षा चाहिन्छ भनी मनमा प्रश्न उठना साथ कुनै पनि नेपालीको ध्यान हाम्रो देशका अनेकौं गाउँहरू तर्फ गएर टुँगिन्छ वा टुँगिनू पर्दछ । हाम्रो देशमा शहर भन्न लायकको ठाउँ छ, भनौं वा छैन, भनौं जस्तो छ । एक आधुनिक शहरमा कुन कुन कुराहरूको खाँचो पर्दछ ती सबै कुराहरू तरफ विचार गर्न थालौं भने ता हाम्रो देशको राजधानी काठमाण्डौलाई पनि के भनौं के भनौं, जस्तो लाग्दछ भने अरूको ता के कुरा ।

यस विषयमा विचार गर्दा देशको भौगोलिक स्थिति तर्फ हामीहरूले विचार नगरी हुँदैन तेस पछि अरू विचार गर्नू पर्ने विषयहरू छन्—हाम्रा मानिसहरूको आर्थिक अवस्था, पाठ्य पुस्तकहरू लभ्य छन् वा छैनन्-चाहिने मात्रामा चाहिँदा शिक्षकहरू छन् वा छैनन् अनि आउँछ यातायात साधन—इत्यादि ।

देशको भौगोलिक स्थिति तर्फ विचार गरौं भने शिक्षालयहरूलाई दुइ खण्डमा बाड्न सकिन्छ—एक मधेस तर्फका पाठशालाहरू र अर्को

CC-0. In Public Domain. Digitization by eGangotri

पहाड़ तर्फ गाउँहरू छरिएर रहेका हुन्छन् एक गाउँ एउटा डाँ रहेको हुन्छ, अर्को गाउँ अर्को डाँड़ामा—दूइको माझमा एक खो वा खोलो रहेको हुन्छ—कसैमा जंगल पनि फेरी बाटो (?) अपठ्यारो हुन्छ—अघि अघि ता बाटाहरू प्राय वर्ष दिनमा एक पटक अवश्यै पनि खनिन्थ्यो अहिले त बाटाहरू र पुलहरू प्राय छैनन् पनि हुन्छ—झन तेहि माथि थपियो यो साल भीषण वर्षा पैरो। हिड्नु पर्दा कस्तो हुन्छ त्यो सिर्फ हिंड्नेले मात्र जान्दछन् एकै ठा बसिरहनेले सिर्फ मानचित्रमा देखेको हुन्छ—जहाँ खोला पनि ब पैरो पनि जांदैन औ पुल पनि भत्कन्न साना नानीहरूको त के खोलाले पनि कैयौं ठूला मानिसहरू समेत बगाएर लगेको छ। म तर्फ पनि गाउँहरू प्राय टाड़ा टाड़ामा हुन्छन्—हिउँदोमा चौर बाटो देखिए पनि वर्षामा बाटाको ठेगान नै रहँदैन । आवत जावत साह्रै असुविधा पर्दछ । आवत जावत गर्न परेमा घोड़ा द्वारा गरिन्छ जो समय एक दूइ जनाको लागी मात्र लभ्य

बाटोको अपठ्यारो त छँदै छ, तेहि माथि हाम्रा मानिसह आर्थिक अवस्था झन् बिग्रेको छ । गरीबहरू छोरा छोरीले पढ्न पाए पनि खाँचो छैन भन्ने खालका छन्, उनिहरूको विचार धेरै पछि मेरो छोरोले केही गर्ने मौका पाउँला भन्ने छैन । कसैले विचार गरी हाले भने "लिखितम धनीका नाम" सिकेर कुनै बैदारी खाई धन बटुल्ने, धनीहरू मद्धे धेर जसो यहाँही देश स्कूलहरू चलुन् वा नचलुन् मलाई के खाँचो भनी मनमा विचार खालका धेरै छन् । देशको धन खर्च गर्न शक्नेहरूले प्राय छोरा छोरीहरू देस बाहिरै वा नभए गाउँदेखि अन्यत्रै पढ्न रूचा देखिन्छ । शिक्षा फैलाउँछु भनी गाउँमा पस्नेहरूले पढ्नको नानीहरू पठाउनु भनी भन्दा "मेरा गाई बस्तु कस्ले हेरिदिन्छ मेरो नानीलाई स्कूल पढ्न दिउँ" भनी सुन्न पाउनु एक दैनिक घट भइरहेछ । मानिसहरू आफ्नो नानीहरूलाई स्कूल पठाउनु शिक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

माथि दया गरेको ठान्दछन् । धनीहरू चाँही बरू आफ्नो सानो नानी-लाई देश बाहिर पढ़्न पठाई तेही गाउँमा पाउन सक्नेसम्म शिक्षाको लागी मैनाको १००), १२५) सय सवा सय रूपैयासम्म खर्च गर्न तयार छन् र गर्दैछन् तर मैनाको ५०) रु० पनि खर्च गरी आफ्ना छोरा छोरी सहित गाउँका अरु नानीहरुलाई पनि तेहि खर्चमा शिक्षा दिलाउन तयार छैनन् । यस्तो अवस्थामा सरकार बिचमा परेर मात्रै शिक्षाको प्रचार गर्न सकिने छ ।

हाम्रा पाठशालाहरुमा चाहिने यात्रामा पाठ्य पुस्तकहरु पनि पाइद नन् काठमाण्डौमा सायद पाइएको होला । ने० भा० प्र० समिति मार्फत केहि आफ्ना पुस्तकहरु प्रकासित भएका हुनन् तर ती पुस्तकहरू आफ्ना गोदाममा राखीनु बाहेक अझ के गर्न सकिएको होला र, कारण देश भित्र डाकको प्रबन्ध नै राम्रो छैन, भद्रपुर देखि इलाम जानु पर्दा मानिसहरू दुइ दिनमा पुग्छन् तर डाक कति दिन वर्षमा पुग्छ को नि, हिन्दुस्तानमा प्रकाशित भएका पाठ्य पुस्तकहरूको त के कुरा, नेपाल भित्र प्रकाशित भएका पाठ्य पुस्तकहरूको सूचना सम्म पनि पाइन्न, कति स्कूलहरूले आफ्नो अड्डाहरूले पठाएको चिट्ठी दूई, तिन महिना सम्म पाउँदैनन् भने बाहिरका पुस्तकहरू कसरी पाएका होलान ।

यो सबै भइ रहेकै थियो, फेरी शिक्षकको समस्या आइपरेको छ । देशमा अहिले सम्म उच्च शिक्षा पाएर आएका मानिसहरू प्राय प्रशस्त जग्गा, जमीन खेतिवारी भएकाहरू छन् । जसलाई जग्गाबाट कुत, अधियाँ उठाउँदामा समयठिक्क हुन्छ । कुनै समाजिक काम पट्टि ध्यान दिन थोरैले मात्र केहि समय पाउँछन । यो त छँदै थियो झन आजकाल धेर जसो चाहींलाई कुनै उच्च सरकारी पदमा (खासगरी सेक्रेटेरी वा भन्सार अड्डा, बजार अड्डा, अदालत आदिमा) आरूढ़ हुन्को लागी बाबूले कमाइदिएको पैसा बोकी काठमाण्डौ तर्फ सिनेमा हल हुँदो र हवाइ जहाजमा उड्दै आशैमा काठमाडौमा जीवन बिताउँदै

CC-0. In Public Domain. Digitization by eGangotri

ठिक्क भएको छ । (सर्कारी पद पाउँने धेरै गुणहरू मध्ये कम्तिमा दुइ वर्षको समाजिक काम गरेको प्रमाण पत्र चाहिने आदेश ... मात्र काठमाडौं तर्फ लाग्ने ओइरो केहि कम हुने थियो ।) अहिले चांही यस्तै प्रकारले देशका शिक्षित भलादमीहरूलाई ... न भएको हुँदा हामीहरूलाई देश बाहिरबाट शिक्षक झिकाउन कर ... र लागेको छ । रेल, मटर आदि घरकै आंगनमा पुग्ने ठाउँका मा... हरू हाम्रो गाउँमा आएर बस्न मन पराउँदैनन्, कोहि आइहाले ... चार, छ मैना पछि टिक्नै न शकेर फर्कन्छन् थोर मात्रामा टिक्दछन्, शिक्षक नहुँदा फेरी खोज खाज गर्न जानु पर्छ, ते... सम्म स्कूल बन्द नै रहन्छ । फेरी नयाँ शिक्षक नयाँ तरीका, ... ढांचा नै बेग्लै, अर्थात भन्नुको तात्पर्य यही हो कि शिक्षकह... सक्ने व्यवस्था नै हामीहरूले गर्न सकेका छैनौं, एक त खान... तनखा छैन, पाउने तनखा पनि समयमा दिन सकेका छैनौं, ... जावतको असुविधा, इत्यादि—तेसो हुँदा शिक्षक भई बस्न भन्दा ... आजकाल कुनै अड्डामा सानो तिनो जागीरे भएर बस्न रूचाउन ... छन् बाहिरबाट आएका शिक्षकहरूलाई घरका जहानलाई पैसा ... न पाउनू शक्नू अर्को अपठ्यारो पर्दछ । आजकाल पहाड़ तर्फ ... रू० को समस्याले गर्दा एउटा अपठ्यारो अरू थपिएको छ ।

यस्तो अपठ्यारो समयदेखि गुज्रिरहेको हाम्रो देशमा ... कसरी कस्तो शिक्षा चालु गर्न ठिक पर्ला भनी विचार गर्यौं ... अहिले ता देश भरी प्राथमिक स्कूलहरूको सकेसम्म प्रचार गराउन नै ठीक पर्ला झैं ठान्दछ । प्रथमतः प्राथमिक स्कूलहरू बड़ाएर ... बिस्तार बड़ाउँदै लैजानमा ठिकपर्ला झैं लाग्दछ । प्राथमिक स्कूलहरू... लागी समयमा र प्रचलित भएको सिक्कामा तनखा दिंदा शिक्षकहरू... समस्या हट्ला झैं देखिन्छ । अहिले हिन्दुस्तान र नेपालको वर्तमान यातायातको अवस्था विचार गरौं भने हाम्रो देशमा भारतको अनुपात... दोब्बर प्राथमिक पाठशालाहरूको आवश्यकता देखिन्छ, कारण बा...

CC-0. In Public Domain. Digitization by eGangotri

असुबिस्ता सब भन्दा कठिन समस्या छ । दूइ तिन गाउँका छात्र–छात्राहरू एकै ठाउँमा भेला भई पढ्न शक्ने थिए होलान् तर खोलसा तर्न न सकिने र बाटो हिंड्न न सकिने हुँदा धेरै पाठशालाहरूको आवश्यकता पर्दछ । अहिलेको अवस्थामा प्राथमिक पाठशालाहरू चलाउन साह्रै कठिन झैं लाग्दैन यस्मा सर्कारको तत्परता र जागीरदार हरूको तत्परता चाहिएको छ, चाहिने ठाउँका एउटा प्राथमिक स्कूलको स्वीकृतिलिई आर्थिक सहायता (धेर थोर जति भए पनि) पाउन धेरै ढिलो अर्थात वर्ष दिन लाग्नू हुँदैन—तेस पछि तल लेखिएमा उपायहरू मद्धे एक उपाय हरेक स्कूलले अपनाएमा काम राम्ररी चल्न शक्दछ ।

(१) हरेक घरबाट दिनको दूइ मुठिको हिसाबले अन्न लिने, धानको चामल खानेले चामल ल्याउने, मकै खानेले मकै, कोदो खानेले कोदो अर्थात जहानको लागी पकाउन चामल झिके पछि पखाल्ने बेलामा दुइ मुठि चामल झिक्नु, सो ल्याएको खण्डमा घरको जतिसुकै जना पनि पढ्न पाउनु पर्छ औ दुइ मुठि बाहेक एक घरबाट अरू फि नलिनु, सो अन्न बेच्दा र सरकार तर्फबाट पाएको सहायताले स्कूल राम्ररी चल्दछ ।

(२) गाउँको हरेक घरले स्कूललाई शुरूमा एक बाख्री वा सूंगुर (भुनि) चन्दा दिने र तेसैलाई स्कूलको लागी अधियामा पाली दिने वर्ष दिन पछि तेस्कै आमदनीले स्कूल चल्दछ । स्कूलकै छेउमा चरन भए स्कूलले नै जम्मै जिम्मा लिई आफ्ना गोठाला मार्फत चराउन दिने, सरकार तर्फबाट पनि सहायता भए कुनै पनि प्राथमिक पाठशाला अरू फि नलिएर सँधै चल्न शक्दछ ।

(३) पहाड़ तर्फ ता प्राय धेरै खोल्साहरू हुन्छन्, ती मद्धेबाट छानी गाउँलेको मद्दले एक घट्ट तयार गर्ने, मदद नभए चन्दाद्वारा पनि गर्न सकिन्छ । त्यो घट्टमा एक घटियार राखी एक मुरी अन्न पिंधेको एक पाथि लिने गरेको खण्डमा आधि घटियारलाई दिई आधिले स्कूल चल्न शक्दछ । तेसै माथि सरकारी मदद पाएमा निःशुल्क

 CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा चल्न शक्दछ, एक जना मानिसको पनि गुजारा चल्थ्यो, हाम्रा स्वास्नी मानिसहरूले पनि फुर्सत पाई बारीमा साग, पात, फुल लगाई हाटमा बेची पैसा कमाउन शक्थे थिए। औ फुर्सदको समयमा अरू काम लाग्ने कुराहरू सिक्न शक्थे थिए।

जब हामीहरूले देश भरी एवं रीतले प्राथमिक शिक्षा निःशुल्क औ निःशुल्क भए अनिवार्य पनि फैलाउन शक्छौं तब मात्रै हामी अरू उच्च शिक्षा पट्टि विचार गर्न समय पाउने छौं। अहिले त मिडल र हाई स्कूलहरू छात्र-छात्रा बिना खालि र नसुहाउँदा देखिन्छन्। यस्को कारण हो हाम्रोमा प्राथमिक पाठशालाहरू नै चाहिने मात्रामा छैनन्, अब आउने दुइ, तीन वर्षमा हामीहरूलाई बड़ता ध्यान प्राथमिक पाठशालाहरू खुलाउनमा दिनु पर्दछ झैं लाग्दछ अर्थात भएका शिक्षालयहरूलाई ढल्न नदिई बड़ता ध्यान प्राथमिक पाठशालाहरूमा दिनु पर्‍यो नत्र भने बुड़ी औंठीको छापले अरू कैयौं घरहरू बिग्रने छन्।

तेहि बुड़ी औंठाको छापले गर्दा देशका अनेकौं फूलहरू देश रित्तो र नसुहाउँदो पारी विदेशमा गई धेर जसो ओइलाएका छन्। जहान यै अशिक्षाले गर्दा दशैं सकिना साथ सानो पोकामा भरको जेथा लिई, जहानलाई पछि पछि लगाई मनमनै साहु सराप्दै र आफुलाई धिक्कारदै विदेशिएको देख्दा हाम्रा आँखा नउघ्रेका, विचरा गरीब, बोल्न शक्तैनन्, लेख्न जान्दैनन् र पैसा र मुद्दा जित्न शक्तैनन्, यस्तालाई बचाउँन र देश भरीलो पार्न शिक्षा दिन जरूरी छ, इनिहरूमा के, कति शक्ति छ त्यो इनिहरूले बुझ्दैनन्, इनिहरूले जान्दा, आफ्नो गाउँलाई स्वर्ग बनाउन शक्छन्, स्कूल खुल्न शक्तछ, बाटो बनिन शक्तछ, तर खोइ?

हामी नेपालीहरूको बानी सरकारको मुख ताक्ने (बाटो हेर्ने) मात्र छ। हामीहरू स्कूलको लागी सिर्फ रू० मात्र माँग्दछौं। स्वावलम्बी बन्ने चेष्टामा थोरै गाउँ मात्र लागेको देखियो। कहिं कहिं त नजानेर वा नदेखेर पनि हुन शक्तछ। साविक शासनमा जनताले सरकार

CC-0. In Public Domain. Digitization by eGangotri

सौताको छोरो झैं ठानेका थिए र उसै मुताबिक थिचिएका पनि थिए, अहिले प्रजातन्त्र आएर पनि बानी जस्ताको तस्तै छ—हुन पनि कैयौं वर्ष देखि जरा गाड़ेको बानी यति थोरै समयमा कसरी जावस, विस्तार बिस्तार जाला—हाम्रा मानिसमा देश प्रति मात्रा र भक्ति अझ चाहिंदो मात्रामा उत्पन्न हुन सकेको छैन । आफ्नो बुद्धिले जानेको काम गर्न पनि हामीहरू कसैले अह्राइ देवस भन्ने आशा राख्दछौं ।

यस्तो समयमा हाम्रा देशका शिक्षकहरूमा ठूलो जिम्मेवारी आइलागेको छ । अर्थात हाम्रा ई आफै आँट गर्न नशक्ने र कतिपय नजानेका जनतामा त्यो आँट ल्याइदिने र राष्ट्रियताको पाठ पढ़ाउने समान मौका पाउँदा हामी तिख्खर पानी र विशुद्ध भोजन खाएका नेपाली सन्तान संसारको कुनै पनि जातिसँग तुलना गर्दा पछि कहिले हुने छैनौं । नेपालीहरूले अपठ्यारो भए पनि सोझो र छिटो बाटो अपनाउछन् औ हाम्रो तेहि बानीले हाम्रो देशलाई छिट्टै अरू देशको दाँजोमा पुर्‍याउने पनि छ । हामीहरूलाई सिर्फ मौका र ज्ञान चाहिएको छ । हाम्रा इनै गाउँबाट भविष्यका बड़े बड़े कवि, राजनीतिज्ञ, कूट-नीतिज्ञ, सेनापति, वैज्ञानिक, लेखक, चित्रकार, चिकित्सकहरू निस्कने छन्—ई बड़े बड़े जनहरू जन्माउने ठेका शहरहरूले मात्र लिएको छैन—हामीहरूले इनै गाउँहरूबाट देशका भविष्य निर्माताहरू तयार पार्नु छ, लौ अब सबै जना तयार हौं । जय नेपाल !

भानुभक्त

जस्को निश्चिन्त निद्रा अति शुभ दिनमा भङ्ग भैं धाँसिद्वारा
भाषा साहित्य हाम्रो विकशित हुन गो पाइ जस्को सहारा
भाषाका भक्त यस्ता कवि-कुल-गुरू श्रीकृष्णका पौत्रलाई
नेपाली मात्र गर्छन् नमन हृदयले भक्ति श्रद्धा चढ़ाई

—श्यामकृष्ण श्रेष्ठ, इलाम

CC-0. In Public Domain. Digitization by eGangotri

एकता

ललितजंग सिजापति

संसारका दुइ रूप छन्, एकता र अनेकता-भौतिक र होस अथवा कल्पना एवं विचारको संसारमा ई दुइ रूप एकता अनेकतामा नै सबैको अस्तित्व रहेको छ । एकताको अस्तित्व अनेकतामा हुन्छ र अनेकताको अन्तिम परिणित एकतामा हुन्छ त्यसकारण एकता र अनेकताको पारस्परिक विपर्ययको नाम नै हो । यस्तै एकताको जुन अभिव्यक्ति बहुमुखी अनेकतामा हुन्छ त्यो अन्तिम निष्कर्षमा 'एक' को नै अनेक रूपता हो। अने आश्रय लिइ संसारमा विभिन्नता र अनेक रूपताको सृष्टि गर्ने यसै "एक" मा छ । यसैकारण वेद् अर्थात ज्ञानका मर्मज्ञहरू "एकोहम् द्वितियो नास्ति" भनी त्यस 'एक' को स्तुति गरेका भौतिक संसारमा झैं विचार जगतमा पनि कल्पनाको माध्यम अनेकतामा एकता स्थापित गरिन्छ ।

यस एकत्व शक्तिको रूप "कल्पना" ले विभिन्न, वि विधर्म्मी एवं विभिन्न वर्गका असमानत्वहरूलाई पनि एकमा मि एउटा अर्कै नयाँ सुन्दर रूपको सृजना गर्दछ, जस्तै "नारदमुनि उ नक्षत्र झैं यस पृथ्वीमा अवतरित भए" भन्दा खेरि नारद कल्पना शक्ति द्वारा निम्न लिखित विभिन्न असमान तत्वहरू मिलाएर एउटा अद्भुत सुन्दर रूपको सृजना भएको छ ।

१ । व्यापक नीलो आकाश,
२ । ज्योतिर्मय उज्ज्वल तारा,
३ । ताराको तीव्र गति,
४ । दैवीशक्ति एवं गुणको समावेश,
५ । यस विचित्र वातावरण र दृश्यले उत्पन्न हुने आश्चर्य श्रद्धा एवं आनन्दको मिश्रित अनुभूति ।

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त वाक्यमा "नारद" भन्ना साथ उपर्युक्त सबै कुराको एउटा विचित्र समष्टि रूपको बोध हुन्छ जो आफू-आफ्नो अनेक रूपमा परस्परमा भिन्न छन् र तिनीहरूबाट मिलेर बनेको समष्टिरूप तिनीहरूबाट एकदम भिन्न छ । 'कल्पना' को माध्यममा अभिव्यक्त भएको यस सृजनात्मक समन्वात्मक एवं एकात्मक शक्तिको नाम नै ईश्वरीय शक्ति हो । यसैले कल्पना जगतमा अनेक रूपको सृजना गर्दछ, अनेक रूपलाई एकमा मिलाउँद छ र बौद्धिक प्रेरणाद्वारा भौतिक साधनको उपयोगकारी तिनीहरूको भौतिक प्रत्यक्ष गराउँदछ ।

यसै एकात्मक शक्तिको वर्णन वेद, पूराण, धर्मशास्त्र, गीता, चण्डी आदि अनेक ग्रन्थहरूमा अनेक रूपले भएको छ ।
संस्कृतिमा अनुभूति-साम्यद्वारा राजनीतिमा 'सिद्धान्त'-साम्यद्वारा, समाजमा व्यवहार साम्यद्वारो, साहित्यमा लक्ष साम्यद्वारा अन्तराष्ट्रीय मर्यादामा नीति-साम्यद्वारा, यस एकात्मक शक्तिलाई कायम राख्ने प्रयत्न गरिएको छ ।

यस एकात्मक शक्तिलाई जस्ले जति कायम राख्न सक्यो त्यो त्यतिनै स्थायी, सुन्दर, बलियो हुन्छ । यस्को यो तात्पर्य होईन कि त्यस एकात्मक शक्तिको कल्पनामा संघर्ष र अनेक रूपताको कुनै स्थान नै छैन । संघर्ष अर्थात, प्रतिस्पर्धा त क्रियात्मक व्यापारमा हुनु पर्दछ जस्ले सौन्दर्य र बल बढ़ाउँछ, एकात्मक शक्तिलाई छिन्न पार्न होइन । तर यो संसार हो संघर्षको नाम नै संसार हो—रूप विपर्ययको नाम नै दुनियाँ हो यद्यपि यस्ले दुनियाँलाई हमेशा भाव दुःख र कष्ट दिएको छ ।

आर्यजातिहरूमा जैले जैले संकट आई पऱ्यो तैले नै उनीहरूले त्यस एकात्मक शक्तिको सहायताले आफ्नो संकष्ट हटाए । यस्तै एकात्मकतार अनेकताको इतिहास हाम्रो पवित्र ग्रन्थ "चण्डी" मा पाइन्छ । दुर्गा सप्तशतीमा वर्णिय "चण्डी" आर्यहरूको त्यसै एकोत्मक

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिको आदर्श रूपको वर्णन हो । जुन आर्य जातिको सं
जातीय जीवनको इतिहासको एउटा तथ्य गाथा हो ।

विधर्मी साम्राज्यवादीहरूलाई आर्य जहिले पनि "असुर"
शब्दले सम्बोधित गर्दथे । असुर राक्षस शब्दको तात्पर्य हो सत्
अभाव जीवनलाई खराब दृष्टिकोणले हेर्ने, जीवनको आधार दुर्गु
कान्ने काम—क्रोध—लोभ—मोह इत्यादिमा लागेका । त्यस्ता असु
सत्त्वगुणमा विश्वास राख्ने जीवनको अच्छाईमा विश्वास भएका
हरू माथि आक्रमण गर्दथे । तर आर्यहरूको एकात्मक शक्ति
हरूलाई सधैं पराजित गऱ्यो, आर्यहरूको धर्म एवं संस्कृति
साम्राज्यबादी विधर्मीहरूले बराबर आक्रमण गरेको देखिन्छ ।
संकष्ट परेको बेलामा स्वदेश, स्वधर्म, स्वजातिलाई बचाउन आ
आफ्ना प्राचीन इतिहासको सिंहावलोकन गर्दै संगठित भए
गरे र संकष्टबाट मुक्ति पाए ।

पौराणीक कालको कुरा हो एक वखत आर्यहरू आल
असावधानीले ग्रसित भएकोदेखी विधर्मी साम्राज्यवादी दान
आर्य देशमा आक्रमण गर्न आए । त्यस बेला आर्यहरूको सं
काम लागेन र जनताहरूलाई चेताउँनी दिंदै तत्कालिन राजाले
हे आर्य बीर हो यो देश तिमीहरूको हो, धर्म संस्कृति पनि ति
हरूको हो, धर्म संस्कृति पनि तिमीहरूद्वारा नै आज सम्म जीवि
तिमीहरू नै यस देशका विद्या, बुद्धि, धन र बल हो । यो
तिमीहरूको मातृभूमी हो, आफ्नो आमाको लाज पनि तिमीहरू
हातमा छ, अहिले विधर्मीहरूको आक्रमणले आमा रोइरहेकी छ
ये आर्य बीर हो ! स्वार्थबाट पैदा हुने मतभेदलाई बिर्सेर स्व
स्वजाती र स्वधर्मलाई चोखो राख्न एक भई संगठित होउ र शत्रु
आर्यहरूको एकात्मक शक्तिद्वारा कैले न बिर्सने गरी दण्ड दिएर
स्वर्ग (पुण्यभूमी भारत) बाट लघार । चण्डीमा वर्णित कथानुस
यस पुण्यभूमी भारतका र जम्बूद्वीप (एशिया) का आर्य जनह

CC-0. In Public Domain. Digitization by eGangotri

हिमवतखण्ड नेपालको सुरक्षित किल्लामा संगठीत भई सबैको सहयोगबाट सैनिक शक्तिको एकात्मक रूप चण्डिकाको सृजना गरी आक्रमणद्वारा विदेशी विधर्मी देव दानव युद्धमा शुभ निशुभ जस्ता पराकर्मी नेताहरूको संहार भएको थियो । एशियाका आर्य देशहरूले प्रजापति (प्रजापति र प्रजातान्त्रिक व्यवस्था) को नेतृत्वमा सुख शान्तिसाथ आफ्नो उन्नति गर्न पाएका थिए । कालान्तरमा पुनः यस्तै आक्रमण भै आर्यहरूको शक्ति छिन्न भिन्न हुँदा सुख नाम गरेका राजाले आर्यहरूको एकात्मक शक्ति प्राप्त गर्ने उक्त महामन्त्रको सहाराले आर्यहरूलाई परतन्त्रतावाट बचाएका थिए । आज पनि प्रत्येक आर्यको घरमा चण्डी पाठ हुन्छ र त्यसको उद्देश्य प्रत्येक आर्य लाई बाल्यकाल देखि नै एकात्मक शक्तिको साधना गरी आर्य धर्म र संस्कृतिको, जुन विश्व कल्याण र शान्तिको निमित्त छ, रक्षा एवं उन्नती गर्नु हो ।

यसैकारण गीतामा पनि भगवान् कृष्णले आर्यहरूलाई भन्नु भएको छ । "यदायदाहि धर्मस्य ग्लानि भर्वति भारत, अभ्युत्थानाय धर्मस्य तदात्मानं सृजाम्यहम्"—त्यसै एकात्मक शक्तिको रूपमा देवताका देवकृष्ण यस भूमिका अवतरित हुन्छन् ।

यसै परंपरालाई कायम राख्दै आर्य बीरहरूका सुयोग्य अधिकारी प्राचीनतम चन्द्रबंशी राजकुलका मणि श्री ५ पृथ्वीनारायण शाहले पनि आफ्ना पूर्वजहरूले साधना गरेको त्यस पुण्य भूमिमा नै आर्यहरूको एकात्मक शक्तिको स्थापनार्थ आर्य हिन्दू राजाहरूको सहमतिबाट विशाल नेपाल राष्ट्रको स्थापना गरे रै "दिव्यपदेश" मा स्पष्ट रूपमा भनेका छन् कि "असली हिन्दुस्थान भन्याको यही हो" नेपालराष्ट्रको स्थापनानै ती विधर्मी असुर दानवहरूलाई पराजितगरी आर्य धर्मसंस्कृतिको रक्षाको निमित्त भएको हो । यसैकारण उनले तत्कालीन २५५ इसाई धर्म-प्रचारकहरूलाई नेपाल राष्ट्रबाट निष्कासित गरि नेपाललाई चोखो राख्न सकेका छन् । पछि भिमसेन थापा, अमरसिंह थापाहरूले पनि एशियाली राष्ट्रहरूलाई संगठित भई विधर्मीहरूलाई लघार्ने अपील यसै पृष्ठभूमिमा गरेका थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्भाग्यवश विधर्मीहरूको कुचक्रमा पाकिस्तानको स्थापना र भारत धर्म-निरपेक्ष हुन गयो । आफ्नो धर्म, संस्कृतिलाई त्यागी कुनै न कुनै धर्म, संस्कृति एवं विश्वासलाई अपनाउनै पर्छ परधर्म र संस्कृतिलाई लिनाले कालान्तरमा राष्ट्रीयतामा परिवर्तन हुन्छ र एकात्मक शक्तिको हनन हुन्छ । यसै शक्तिको हननले पाकिस्तान बन्यो र अहिले पनि यस शक्तिको ह्रास भईरहेको छ र यसले गर्दा सक्तछ भोली अर्को पाकिस्तान वा अरू नै स्तान न बनला। "स्वधर्मे निधनं श्रेयः परधर्मो भयावह" (गीता)

विश्वमा एकमात्र हिन्दू राष्ट्र नेपालमा मात्र आजसम्म आर्य त्यस एकात्मक शक्तिको केही अस्तित्व बाँकी थियो । तर आज भारतमा मात्र होइन नेपालमा पनि त्यस्ता आसुरी विधर्मी साम्राज्य शक्तिहरूको दिन पर दिन प्रचार र प्रसार बढ्दै गईरहेको छ। ऐतिहासिक एवं परम्परागत रूपले प्रत्येक स्वाभिमानी आर्यहरूले त्यही कुलदेवी "चण्डिका-एकात्मक शक्तिलाई प्राप्त गरि आक्रामक हरूलाई लघार्नु छ अझ पनि समय छ, सबै आर्यहरूले एक भई त्यस आक्रामकलाई लघारेको खण्डमा मात्र आर्य धर्म एवं संस्कृति अस्तित्व रहन सक्तछ अन्यथा 'आर्यत्व' इतिहासको एउटा कथा मात्ररहने छ ।

अनेक कारणवश प्रवाशमा छरिएका नेपाली बन्धुहरू सम्पर्क र परम्परागत ज्ञानको अभावमा विधर्मीहरूको प्रलोभन परि आत्मा विस्मृति तिर लम्कदै गएका छन् । विश्व नेपाली त्यस्ता बन्धुहरू सित संपर्क राखी नेपाली संस्कृतिको रक्षागर्ने उद्देश्य राम्रो कदम लेला भन्ने आशा राख्दछ ।

अन्तमा संसारका तमाम आर्यहरूले गंभीर विचार गरि संस्कृति माथि भएको यस आक्रमणको मुकावला गर्न एकतामा हुनु होस् भन्ने आह्वान गर्दछु । यसैमा मात्र आर्यहरूको र आर्य धर्म संस्कृतिको अस्तित्व छ ।

———

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो जिल्लामा शिक्षा प्रचार

भवानी प्रसाद घिमिरे धुलावारी, झापा ।

शिक्षाको महत्व

शिक्षा भन्नाले मनुष्य जीवनसंग सम्बन्धित एउटा यस्तो अनिवार्य विषयको बोध हुन्छ जस्को प्राप्ति बिना मनुष्यले मनुष्यत्वको वास्तविक अनुभूति ग्रहण गर्न पाउँदैन । अझै स्पष्ट रूपमा भनूँ मनुष्य शारिरीक दृष्टिकोणबाट आफ्नै रूपमा भए पनि शिक्षा विना उसको मस्तिष्क अर्कै रूपमा रहन्छ । यस्तो मनुष्यलाई शिक्षाशास्त्रीहरू अविकसित चेतन प्राणीको रूपमा मात्र गन्दछन् । उनीहरूको विचारमा No man without education 'शिक्षा विनाको मान्छे हुँदैन भन्ने सिद्धान्तले खुट्टा गाड़ेको हुन्छ । प्राणी मात्रमा चेतना छ भन्ने कुरा सर्बमान्य नै छ । यस अनुसार एउटा पशुमा पनि चेतना छ मानिसमा पनि । भिन्नता •यत्ति छ पशुलाई प्रकृतिले मानिस भन्दा कतिपय दृष्टिमा कमजोर बनाएको हुनसक्छ। कतिपय शक्तिको अभावमा उसले मानिसको दाँजोमा पुग्नु असम्भव भए तापनि उचित तालिम र शिक्षाले पशुको चेतना पनि विकसित र परिमार्जित हुन सक्छ भन्ने कुरा बेलायतका शिक्षाशास्त्रीहरूले व्यवहारमा परिणत गरेको हामीले सुन्न र पुस्तक पत्रपत्रिकामा पढ्न समेत पाएका छौ । हाम्रा गाउँ घरका तालिम पाएका पशु पंक्षी र बड़े बड़े सर्कसका आज्ञाकारी पशुहरू यसको उदाहरण हुन् । यी कुराहरूबाट यही बुझिन्छ 'शिक्षा एउटा यस्तो साधन हो जसद्वारा मानिसको त के पशु समेतको मस्तिष्क चम्किन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले मानसिक विकासको मौका पाउँछ ; उसको मस्तिष्कले नयाँ कुराको उपार्जन गर्दछ र मुलुकलाई सम्पन्न, सुन्दर प्रति र गौरवमय बनाउँछ । विभिन्न देशमा शिक्षितहरूको परम्परा यहीरहेको छ । यसको अर्थ यो कदापि होइन कि शिक्षा प्राप्त अर्थात शिक्षित मानिसद्वारा केही अनिष्ट हुन सक्तैन । आफ्नो ज्ञानतंतुको उचित संरक्षण, आफुले पाएको थोरै भन्दा थोरै पनि उचित प्रयोग न हुँदा र आफ्नो चारित्रीक गुणको कतिपय शिक्षित व्यक्तिहरू पथभ्रष्ट भएर सामाजिक किराको बाँचीरहेको पनि हामीले देखी रहनु परेको छ । शिक्षित भनेर मात्र महान शिक्षितहरू पनि दुर्व्यसनमा परेर सँधै मूर्खतावश महान महान त्रुटि पनि गर्न सक्तछन् ।

शिक्षा कस्तो हुनुपर्छ ?

सिक्नु, अनुभव गर्नु र अनुकरण गर्नुलाई नै शिक्षा भनि विश्व विद्यालयद्वारा प्रदत्त डिग्रीलाई मात्र शिक्षा भनिदैन । Degree and deploma are not education, knowledge itself education (डिग्रीमात्र शिक्षा होइन, ज्ञान नै शिक्षा हो) कुनै विद्वा यो उक्ति सारै घतलाग्दो र मनन गर्ने लायक छैन भनी कस्ले भन्न वास्तवमा यही बिचारलाई मनमा राखी अध्ययन्द गर्ने व्यक्ति नै दिन जान्ने र शिक्षितहरूको श्रेणीमा आउँछन् । अध्ययन, अध्यवसा मनन र चिन्तनको बाटोमा शिक्षित हुन चाहनेले हिंड्नु पर्छ अन्य मेरो विचारमा शिक्षाको कुनै मापदण्ड छैन । कुनै विश्वविद्यालय स्नातकलाई उसको तौल अनुसारको वजनले योग्यताको परिचय दि न त उसका लामालामा डिग्री नै यस सम्बन्धमा साहायक हुनसक्छ उदाहरणका निमित्त बी० ए० परीक्षाको एउटा अनुत्तीर्ण छात्र संयोग फेल भए तापनि एउटा उतीर्ण छात्र भन्दा, आफ्नो अनुभव, अध्य र अध्यवसायले जान्ने पनि हुनसक्छ । विद्यालयमा एक पल्टसम्म

CC-0. In Public Domain. Digitization by eGangotri

न टेकेका कतिपय व्यक्तिहरू ठूलठूला नेता, विद्वान, कवि, कलाकार भएका छन् भन्ने कुरा हामीले बिर्सिनु हुँदैन । यस सम्वन्धमा "कि पढ़ेर जानिन्छ कि परेर जानिन्छ" भन्ने हाम्रो बुढ्यौली उखान स्मरणीय छ । आफु परीक्षामा पास भएर आफ्ना साथी चाहिँ फेल हुँदा पास हुँने साथीले फेल हुँने साथीलाई हेप्ने गरेको कुरा मैले आफ्नो शिक्षक जीवनमा धेरै पल्ट सुनेको छु । खुचिङ खाइस फलाना, म त भन्दै थिएँ, त फेल हुन्छस भनेर, कस्तो पऱ्यो त अब, मैले भनेको पुगी छाड्यो कि '? इत्यादि कुराहरू परीक्षा फल प्रकाशित भएपछि विद्यार्थीहरूले आपसमा होचाई अर्थैलाई गर्दा सुनिन्छ । यस सम्बन्धमा मेरो एउटा मार्मिक अनुभव छ, दशौं श्रेणीमा पढ़दा खेरीको कुरा हो एक जना हाम्रा खुबै तेजी र अध्ययनशील साथी थिए । उनीले सँधै विशिष्टाङ्क प्राप्त गरेर प्रथम दर्जामा पास गरेको कुरा मलाई खुबै सम्झना छ । प्रवेशिकाको विश्वविद्यालय परीक्षामा पनि उनी प्रथम नै आउलान भन्ने हाम्रा गुरूहरूको हाम्रो धारणा थियो तर उनी फेल भए । उनी फेल हुँदा पनि हामीले उनलाई आफु भन्दा कम्ति जान्ने भन्ने ठानेनौं । त्यही बेलादेखि मैले धारणा बनाए 'परीक्षालाई नै सम्पूर्ण रूपमा योग्यताको कसी भन्न सकिंदैन, परीक्षा त परीक्षार्थीको अध्ययनलाई कुतकुत्याउने बाटो मात्र हो परीक्षा भन्नाले मेरो खास तात्पर्य पूर्वीय देश नेपाल, भारत, बर्मा आदिको परीक्षा प्रणालीसंग विशेष रूपमा सम्बन्धित छ, जाहाँ किताबी शिक्षा माथि आवश्यकता भन्दा बढ़ता जोड़ दिइन्छ परिणामतः छात्र, छात्राहरू किताबी किरा भएर कुनै प्रकारले परीक्षामा उम्किने ताकमा मात्र हुन्छन् जसको फल स्वरूप विद्यार्थीको आफ्नो विचार शक्ति दिन प्रतिदिन कम हुँदैं जान्छ र उनीहरूले परीक्षाको निमित्त रटी राखेको उत्तरले विद्यार्थीगत प्रतिभाको हननहुन्छ भन्ने त्रुटी हाम्रो प्रयलिप्त शिक्षा प्रणालीले औंल्याउनु सकेको छैन । दैनिक जीवनमा उपयोगी शिक्षा अझै हामीले दिनसकेका छैनौं फलतः शब्दको हिज्जे गर्नु, अर्थ बताउँनु र व्याकरणका दुई

CC-0. In Public Domain. Digitization by eGangotri

चार शत्रूहरू कण्ठ गर्नुमा नै विद्यार्थीहरू आफ्नो गौरव ठान्छन्
ऐनकेन प्रकारेण परीक्षासम्म पास गर्‍यो भने मेरो छोरो पढ्यो
भन्ने समरक्षकको धारणा बनेको देखिन्छ। जबसम्म यो धारणा
भएर व्यवहारिकताको जगमा शिक्षाको भवन निर्माण हुँदैन
मुलुकले शिक्षितहरू माथि भरोसा गर्नु गाहरो कुरा हो।
प्रचलित तीन तरह छ (क) प्राथमिक (ख) माध्यमिक (ग) उच्च
शिक्षाका यी तीनै तरह आपसमा सम्बन्धित भए पनि एक आपसमा
केही न केही पृथकत्व राख्तछन्, उदाहरणार्थ एउटा प्राथमिक
विद्यार्थी कतिपय कारणले माध्यमिक शिक्षा तर्फ लम्कन सक्तैन माध्यमिक
शिक्षा पूर्ण गर्ने बिद्यार्थी उच्च शिक्षा तर्फ अग्रसर हुन्छ नै
किटान हुँदैन, एवतर्थ, उसले केही शिक्षा ग्रहण गरेको भए
त्यो अधूरो हुन्छ र उसले आफ्नो शिक्षाको उचित प्रयोग गर्न पा
यही मात्र कारणले 'छोरा छोरीले पढ़ेर पनि के लछारपाटो
खोई ? भन्ने उखान प्रकट गरेको सुनिन्छ। यस प्रकारको
उच्च शिक्षासम्म एकनाश बढेर विद्यार्थीका निमित्त केही लाभ
हुनसक्छ तर बीचमै तगारो लाग्ने विद्यार्थीहरू भने
हुन्छन्। यस सम्बन्धमा गत वर्ष अघि धरानमा भएको
स्कूलका प्रधान अध्यापकहरूको सम्मेलनले केही महत्वपूर्ण निर्णय
गरेको थियो तर त्यसलाई पूर्णरूपेन लागु गरिएको देख्न पा
छैन। उन्नत देशहरूमा जाहाँ सरकारले किशोर र किशोरीका
अनिवार्य शिक्षा गरेको छ त्याहाँ पनि विद्यार्थीलाई रूची अनुसार
विषयलिएर अध्ययन गर्ने सुविधा प्राप्त छ, त्यसैले अध्ययन गर्नु विद्यार्थी
निमित्त कुनै भार बन्दैन। हाम्रो मुलुकमा विशेषतः हाम्रो जिल्ला
प्राथमिक शिक्षा माथि ज्यादै जोड़ दिनु पर्ने देखिन्छ, 'निरक्षर
साक्षर बनाउनु नै शिक्षाको पहिलो आन्दोलन हुनुपर्छ नत्र
हजारौंले आफ्नो खेतबारी मायामारेर सदाका निमित्त आफ्नो
छोड़ने रोग कहिले हराउँदैन। निशूल्क प्राथमिक शिक्षाको केही
पछि हाम्रो छिमेकी भारतमा जस्तै आधार शिक्षा र गणशिक्षाको

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु अत्यन्त जरूरी छ, नत्र भने खाली अंग्रेजी शिक्षाबाट मात्र हाम्रो गाउँले जीवन आनन्ददायक हुन्छ भनी भन्न सकिदैन र यस प्रकारको शिक्षा गाउँले जीवनमा उपयोगी पनि हुँदैन । पहिलो र दोस्रो श्रेणीमै न चाहिँदो (उपयोगी भए पनि त्यो श्रेणीमा होइन) विषयको भार बोकाई दिएको प्राथमिक शिक्षा सरल र सुलभ बन्न सकेको छैन । यसमा हाम्रो शिक्षा विभागको अनुभवी दृष्टि पर्नु पर्ने हो ।

हाम्रो जिल्लामा शिक्षा प्रचार ।

शिक्षा बिषयक दुई चार कुराहरू माथि लेखी सकिएको भए तापनि यो निबन्धको मुख्य विषय 'हाम्रो जिल्लामा शिक्षा प्रचार' न हो । भारतको पश्चिम बंगाल जस्तो शिक्षामा केही अग्रसर भएको प्रान्त छिमेकी पाउँदा पनि हाम्रो जिल्लाले शिक्षाको निमित्त भरखर भरखर उघार्न थालेको देखिँदैछ । राणाशासनमा सर्वथा उपेक्षित यो जिल्लाले प्रजातंत्रमा पनि केही प्राथमिकता पाउन सकेन । याहाँका धनाड्यमा ज्यादा जसो शिक्षाका निमित्त अग्रसर न हुँने अनुदार चित्तका हुँनु पनि जिल्लाको दुर्भाग्य नै भन्नु पर्छ । याहाँका आदिवासी राजवंशी कोचे, मेचे, धिमाल आदिमा शिक्षा प्रति आस्था र अनुराग छैन । आफ्ना छोरालाई 'नि पढ्वा लागे हल जोतवा लागे' भन्नमा यिनीहरूलाई केही संकोच पनि लाग्दैन । जिल्लामा सरकारी सहायता प्राप्त एक हाईस्कूल र ४।५ मिडिल स्कूल बाहिक प्राइमरी स्कूल औंलामा गिन्न सकिने छन् । मुस्किलले १।२ प्राइमरी स्कूल सरकारी सहायता प्राप्त होलान । व्यक्तिगत र केही सामुहिक प्रयाशबाट चलाइएका प्राथमिक पाठशालाहरू व्यक्तिगत इर्षा इवीले नै बन्द हुन्छन् । वर्षेनी कतिपय स्कूलहरू यसैगरी बन्द हुँनु पनि खेद कै कुरो हो । शिक्षा प्रचार जस्तो पवित्र काममा रागद्वेष राख्नु कुनै किसिमको बाहादुरी हुँने छैन । निशुल्क प्राथमिक शिक्षाको वादी आए अशिक्षाको कसिगर खँत बगेर जान्छ र शिक्षाप्रति मानिसको रूची स्वाभाविक तवरबाट बढ्दै जानेछ । व्यापक शिक्षा प्रचारका निमित्त पंचायत ओडा भिन्नका

CC-0. In Public Domain. Digitization by eGangotri

प्राथमिक स्कूलहरूको हो पंचायतबाट भए सर्वोत्तम । यसो हुँदा लागे पढ़ाउँने न इच्छा लागे न पढ़ाउँने बानी बेहोरा भएका बाबुलाई पँचायतले तर लाउन सक्ला कि? यसका लागि गोस्वाराका तर्फबाट उचित र आवश्यक कानून बनाईदिए झन अझ यो भन्दा पनि उत्तम त जिल्ला भरीका सबै किसिमका संचालन निरिक्षण जिल्ला बोर्ड नामक सरकारी संस्थाबाट हुँने थियो । यसो हुँदा जिल्ला भरीका सबै स्कूलको केन्द्रबिन्दु बोर्ड हुनेछ र स्कूलका सम्पूर्ण पदाधिकारी जिल्ला बोर्ड प्रति हुँनेछन् । ग्रामवासीले पनि बोर्ड मार्फत नै तलब झिक्ने गर्दा शिक्षण संस्थाहरूमा जनताको सहयोग भए तापनि सरकारको पूर्ण नियन्त्रण र निरिक्षण भईरहने छ, अन्यथा सरकारको सुकै सहयोग भए तापनि विद्यालयहरू सुव्यवस्थित रूपबाट संचालित हुन गाहरो पर्छ । यो कुराको अनुमान अहिलेसम्म जिल्लामा चलेका स्कूलको गतिविधि हेर्दा, सहजै लाग्न सक्छ । शिक्षा विधानमा, महिनाको १० गते वेतन भुक्तान न भए क्षेत्रीय विद्यालय निरिक्षक कार्यालयमा उजुरी पठाउनु भन्ने दफा भए तापनि स्थानीय विद्यालयका संचालकहरू रिसाउलान अझ नून रोटी कै हरण होला भन्ने भयले, वर्षौं नपाउँदा पनि शिक्षकहरूले दर्दनाक जीवन व्यतित गरेको मैले ठाउँ देखेको छु, आफै पनि भोगेको छु । यो जिल्लामा प्रशस्त प्रचार हुन नसकेको कारणहरू मध्ये एउटा कारण स्थानीय शिक्षकको अभाव र शिक्षकहरूको वेकदर पनि हो । देशका बालकबालिका शिक्षा दीक्षा दिने राष्ट्रस्तम्भका निर्माणकर्त्ताहरूको अपहेल्याईको हद जिल्लामा पाइन्छ । दार्जीलिङ र आसामका कतिपय युवकहरू जिल्लामा शिक्षा प्रचार गर्ने हेतुले आए तर याहाँको दुर्व्यवहार बरूँ मलायाको पल्टनमा भर्ना हुनु बेस ठानेर विदा भए । प्रधान यो जिल्लामा शिक्षकहरूलाई महंगी भत्ताको त कुरै छाड़ौं भत्ताको समेत पत्तो छैन । शिक्षा प्रचार जस्तो पवित्र पेशामा लागेका मानिसको जीवन देख्दा अझै यो जिल्लालाई केही वर्ष शिक्षा चाहिँदै छैन कि जस्तो पनि भान हुन्छ । शिक्षकहरूको अभावमा केही अर्को

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने कुप्रयास गर्दैछन् । हुन त, भारत सरकारबाट यस्ता देशघातक हरूको कुचेष्टा रोक्न भारतीय सीमानामा चाहिने आदेश दिइसके समाचार हामीलाई प्राप्त भएको छ, तापनि आफ्नो देशको रक्षा गर्नु हामी सबैको नै परम कर्तव्य हो भन्ने कुरा हामीले कदापि बिर्सनु जो मैले यहां दोहोरचाइरहनु पर्ने पनि होइन । देशको अस्तित्व नै कुनियत लिएका यस्ता आततायी देशद्रोहीहरूलाई निर्मूल गर्न जनता बढ्दो सहयोग र बहादुर शाही सेना, पुलिस तथा मिलिसियाको इमान्दा बाट हाम्रो सरकार हरकिसिमले कटिबद्ध छ । देशको निमित्त परेको हाम्रा पूज्य पूर्खाहरूले देखाएको बहादुरी, बलिदान, देशभक्ति, एक राष्ट्रप्रेमको अनुपम अनुकरणीय उदाहरणको यथार्थ परिचय दिएर राष्ट्रघाती भग्नावशेषहरूलाई संधैको निमित्त समाप्त गर्नुपर्ने परम राष्ट्रिय कर्तव्य प्रत्येक देशभक्त नेपालीको कांधमा आइपरेको छ । निभाउन नेपालीहरूले जानेका छन् । देशका दुश्मनहरूको सामना नेपालीहरूले आफ्नो इतिहासबाट सिकेका छन् । राष्ट्रघातीहरूसंग लिन नेपालीहरू बहादुर छन् । आफ्नो र देशको कल्याण नेपालीहरू चिनेका छन् । त्यसैले देशघातीहरूको समाप्ति निर्विवाद छ, नेपाल नेपाली जातिको भविष्य उज्वल छ र नेपालको विकास अवश्यम्भावी छ– यसमा फरक पर्नेछैन । आजको पुण्य दिनमा सबै नेपालीहरू सदासर्वथा यसरी नै कर्तव्यपरायण रही देशको गौरव उच्च राख्न भनी श्री पशुपतिनाथसंग प्रार्थना गर्छु । यही नै नेपाली मात्रलाई मेरो छ ।

जय नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कस्तो फाइदा

र आज मित्र

श्री ५ महाराजाधिराज सरकारबाट पूर्व-पश्चिम राजमार्गको शुरूआतको समारोहमा बक्सेको भाषण

उपस्थित महिला तथा सज्जनवृन्द,

गत वर्ष मार्ग ३ गतेका दिन नेपाल र नेपालीमात्रको कल्याणको निम्ति अत्यावश्यक सम्झी मैले आह्वान गरे अनुसार देशका र देश बाहिर बसेका बाल–वृद्ध, धनी–गरीब नेपालीहरूबाट पूर्व–पश्चिम बाटोको निम्ति सहयोग र सहायता पाई आइरहेको देख्दा सबै देशप्रेमीहरूलाई जस्तै मलाई पनि अत्यन्त हर्ष लागेको छ। यसबाट यो कुरा स्पष्ट हुन्छ कि हाम्रो मुलुकका धेरैजसो जनता अझै गरीब भएतापनि देशको लागि चाहिएको खण्डमा उनीहरू पनि सदैव आवश्यक त्याग गर्ने साहस राख्दछन्। यो हाम्रो इतिहास हो र हामी नेपालीहरूको निम्ति ठूलो गौरवको कुरा हो।

यो कुरा शायद दोहोऱ्याउन परोइन कि कहिलेकाहीं हामीलाई हाल राम्रो बाटोघाटोको कमीले नै गर्दा आफ्ना नाता–कुटुम्वहरू, साथी–भाइ-हरू र आफ्ना दाज्यू–भाइ, दिदी–वहिनीहरूसंग पनि आफ्नै देशभित्रबाट हिंडी भेटघाट गर्न मुश्किलको अनुभव हुन्छ। परस्पर स्नेह नभई एकताको भावना आउंदैन र परस्पर भेटघाट कुराकानी नभएमा परपस्पर स्नेह बढ्न पांउदैन। यसरी हाम्रो मुलुकको लागि ज्यादै आवश्यक भएको सबै धर्मका, सबै वर्गका नेपालीहरूको राष्ट्रप्रेम र राष्ट्रिय एकताको भावना

CC-0. In Public Domain. Digitization by eGangotri

मुलुकका प्रत्येक भागलाई मजबूतसंग जोड्ने छ यो बाटोघाटोमा आवश्यक हुन्छ। बाटोघाटो जति मजबूत भयो, उतिनै उन्नतिको ताजा र पौष्टिक हावा हाम्रो राष्ट्रमा निष्फिक्रीसंग सञ्चार गर्नपाई यस राष्ट्रको अङ्ग प्रत्यङ्ग भएका देशका सबै भाग पनि हृष्टपुष्ट हुनजाने हुन्छ।

आर्थिक उन्नतिको दृष्टिले पनि यो बाटोको उत्तिकै ठूलो महत्व छ। हाम्रो मुलुकका कुनै भागमा अन्न बढी छ र कुनै भागमा कम छ, कुनै भागमा शिक्षक, इन्जीनियर, डाक्टर, वैद्य, मालसामान आदि चाहिए भन्दा ज्यादा र कुनै भागमा चाहिए भन्दा कम छन्। यो पूर्व–पश्चिम बाटो बनिसकेपछि कुन भागमा ज्यादा छ, त्यहां जति अन्न, कपडा, मालसामान चाहिन्छ त्यतिमात्र राखी जुन भागमा कम छ, त्यहां चाहिए जति पुऱ्याउने बन्दोबस्त मिलाउन सजिलैसंग सकिने हुन्छ। यसरी नै यातायातको सुविधा भएमा परस्पर मद्दत गरी दुःख–सुख बांडी देशभरि स्कूल, कलेज, अस्पताल, कलकारखाना, पुल, नहर इत्यादि फिंजाई मानवोचित हकको भोग गर्न कर्तव्यको पालन गरी विश्वभर नेपालीमात्रको अझै बढी शिर ठाडो पार्न हामी पनि अवश्य समर्थ हुनेछौं। यही नै मेरो जीवनको एकमात्र लक्ष्य पनि हो र यसै कारणले मैले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपालीहरूमा मायालु सम्पर्क बढाउने हाम्रो सर्वाङ्गीण उन्नतिको राजमार्ग हुनसक्ने पूर्व–पश्चिम बाटोको निर्माणमा यतिको जोड दिएको हुँ जुन कुरा सबैले बुझेकै पनि छन् र यसमा बढी कुनै गन्थन गरी रहनुपर्ने जस्तो लाग्दैन। उपमाको रूपमा भनुं भने–आजको १० वर्षअघि मात्र जहिले मित्रराष्ट्र भारतको सहयोगले त्रिभुवन राजपथ बन्ने शुरूआत भएथ्यो, त्यसबेला पनि यस्तो पहाडमा बाटो बनाउनु व्यर्थ छ, यसबाट के फाइदा हुन्छ र इत्यादि भनेको मैले नै मेरै कानले सुन्दथें र चुपचाप सुनिरहन्थें र आज अझै सम्पूर्ण रूपले तयार भैसकेको छैनतापनि यस राजपथबाट हामी सबै नेपाली र खासगरी काठमाडौं निवासी तथा व्यापारको निमित्त कत्तिको फाइदा हुंदैछ, त्यो मैले यहां दोहऱ्याउनु पर्नेछैन। त्यस्तै अब चांडै नै मित्रराष्ट्र चीनको सहयोगले काठमाडौंबाट हाम्रो उत्तरी सीमाना

CC-0. In Public Domain. Digitization by eGangotri

जोडिने बाटोले पनि कस्तो फाइदा होला त्यो पनि समयले नै बताउनेछ, ज्यादा के भनुं र आज मित्रराष्ट्र अमेरिकाको सहयोगले भर्खरै हामीले तरेको फेरी पुल नहुंदो हो ता, उही यातायातकै कठिनाइले शायद अहिले हामीहरू यहां पुग्ने नै पनि थिएनौं होला। अर्थात्, यातायात नै देशको मुख्य उन्नति र प्रगतिको मुहान हो भन्नु कदापि अत्युक्ति हुंदैन र झन् यो पूर्व–पश्चिम मार्गले देशको निम्ति के कति फाइदा होला त्यो आजको नेपालीको लागिमात्र होइन्, भावी नेपाली सन्तति को लागि पनि अवश्य हुने लाभले सिद्ध गर्नेछ। तसर्थ, मलाई विश्वास छ यस कार्यमा हामीले जतिसुकै पसिना बगाए पनि त्यो कदापि खेर जानेछैन। अतः मलाई ठूलो हर्षको कुरो भएको छ कि यो बाटो बनाउनको निम्ति मैले गरेको आह्वानमा देशप्रेमी नेपालीहरूको हार्दिक आकांक्षा प्रतिबिम्बित भएको पाएं र यसबाट हामीले गरेर नसक्ने केही छैन भन्ने विश्वास नेपालीहरूमा अवश्य जागृत भएको छ। यसउसले यो पूर्व–पश्चिम बाटो बनाउने योजना र अरू राष्ट्रहितका योजनाहरू पनि यथासमय पूरा हुनेछन् भन्ने कुरामा मलाई केही शंका छैन।

आज वैज्ञानिक आधुनिक संसार कहां पुगिसकेको छ र हामी भने संधै आपसी लुछाचुंडी तथा आपसी स्वार्थ र लोभकै अलमलमा अल्झिंदै यसरी पछि परिसकेका छौं कि त्यो सम्झंदा हामीले जतिसुकै शर्माउनु परे पनि, अब हामी सबैले अवश्य चेत्नु पर्दछ, सोच्नु पर्दछ र सम्झेर देश बनाउनु पर्दछ। यसैमा मात्र हाम्रो भविष्य उज्ज्वल हुन्छ र आइपरेको दुःख सहनुपर्ने वर्तमान नेपाली पिंढीकै कर्तव्य हुन आएको छ। यसमा हामीले अवश्य ध्यान दिनु परेको छ, समयलाई चिन्नु परेको छ, मेहनत गर्नु परेको छ। चिताउंदैमा वा आजको भोलि मै कुनै देश बन्न सक्तैन तर शुरूआत अवश्य राम्रो, शुद्ध र आधुनिक वैज्ञानिक हुनुपर्दछ। अब कुनै लुकिछिपी वा देखापरेको चापलुसीले न देश बन्न सक्तछ न देशवासीलाई झुक्याउन सकिन्छ। यो कुरो जाने–बुझेका र खासगरी सरकारी कर्मचारीले अझै राम्ररी चिन्हेनन् भने यसको फल त्यस्तैले पछुताएर भोग्नु पर्नेछ, तर अब नेपाल बन्छ बन्छ, नेपालीले यो

CC-0. In Public Domain. Digitization by eGangotri

अठोट गरे गरे, मलाई यसमा पूर्ण विश्वास छ ।

यसकारण सबै तरहले युग सुहाउंदो तरीकाले उन्नति गर्न देशमा भएका साधनहरूको राम्रो लेखाजोखा गरी तयार पारिएको योजना बमोजिम काम हुनु जरूरी छ। यसउसले श्री ५ को सरकारले सबै कुराको राम्ररी विचार गरी देशका सबै जनताले राम्रोसंग आफू सुहाउंदो काम पाउने र देशले शिक्षा, बाटोघाटो, अन्न, कपडा, स्वास्थ्य, कलकारखाना इत्यादि सबै कुरामा चाहिंदो यथाशक्य प्रगति गर्न सक्ने हिसाबले तीनवर्षे योजना पनि तयार पारेको छ र सो चांडै नै सर्वसाधारणको समक्ष प्रस्तुत गरिनेछ । देश बनाउने काम सबैको साजा काम हो र देशको उन्नतिको फायदा सबैले बराबर उपभोग गर्न पाउनेछन् भन्ने सम्झी आफ्नो-आफ्नो गाउं, शहर, जिल्ला, अञ्चलका पञ्चायत र वर्गीय संगठनहरूद्वारा आफ्नो समुचित हक र कर्तव्यको समेत ख्याल राखी अनुशासनप्रिय हुनु नै उन्नतिको अचूक साधना हो भन्ने बुझी सबै देशवासीहरू यो योजनालाई तोकिएको समयमा पूरा गर्न कटिबद्ध हुनेछन् भन्ने कुरामा पनि मलाई पूर्ण विश्वास छ ।

आज हामी सबैको र आफ्नो देशको उज्ज्वल भविष्यको निमित्त अत्यन्त **आवश्यक भएको पूर्व-पश्चिम राजमार्गको** शुरूआत गर्न **पाएकोमा आफुलाई** गौरवान्वित ठानी यसलाई सम्भव पार्ने बाल-बालिका, युवक-युवती, बयोवृद्ध सबै देशवासीहरूलाई र यो समारोहको निम्ति इमान्दारीसाथ मेहनत गर्ने सम्बन्धित सबैलाई म हार्दिक धन्यवाद दिन्छु र अन्त्यमा आज नयां वर्षको शुभघडीमा एकपल्ट फेरि नेपाल र नेपालीको उत्तरोत्तर वृद्धिको कामना गर्छु ।

नारायणी पारी ।

जय नेपाल ।

दिनांक:- वैशाख १ गते २०१९.

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराजबाट पञ्च – शपथग्रहण समारोहमा काठमाडौं उपत्यका भित्रका निर्वाचित पञ्चहरूलाई संबोधन गरिबक्संदै बक्सेको भाषण

उपस्थित महिला तथा सज्जनवृन्द,

आज नव वर्षको शुभारम्भमा यस उपत्यकाका ग्राम पञ्चायतका पञ्चहरूसंग भेट्न पाउंदा मलाई खुशी लागेको छ र साथै नव वर्षको शुभकामना व्यक्त गर्दछु ।

नयां वर्षको प्रारम्भ पञ्चायत दिवसबाट गरेर हामी सबै पञ्चायती प्रजातन्त्रतर्फ विश्वासपूर्वक अग्रसर भएका छौं । तलबाट हुर्केको यो नेपाली बिरुवा हाम्रो हावापानी सुहाउंदो छ । पञ्च र पञ्चायत भनेको नबुझ्ने कुनै नेपाली छैनन् । हाम्रो देशको लागि यो नौलो व्यवस्था होइन । डांडा-कांडा र खोला–नालाले भरिएको हाम्रो देशको संस्कृति र सभ्यताको विकास यही पञ्चायती व्यवस्था अन्तर्गत नै भएको छ । अनेक धार्मिक र सामाजिक रीतिथितिमा निर्णय दिन पञ्चको भेला हुने चलन अझै पनि हाम्रो समाजमा छ । पञ्च परमेश्वर भनी पञ्चले मर्यादा प्राप्त गरेका छन् । त्यसैले आज फेरि नेपालीले आफ्नो पञ्चायती व्यवस्थालाई अङ्गाल्नु परेको छ । यसबाट प्राप्त प्रजातन्त्र नै नेपाली जनताले बुझ्ने हुन्छ । संसदीय प्रजातन्त्र अफाप सिद्ध भयो किनकि पञ्चायतमा प्राप्त हुने नेपालीपन त्यसमा छैन । देशमा आवश्यक भएको नवजागृतिको जुन राष्ट्रिय भावना

CC-0. In Public Domain. Digitization by eGangotri

यस पञ्चायती व्यवस्थामा सम्भव छ त्यो अरू कुनै व्यवस्थामा छैन। सबैको आफ्नो–आफ्नो गाउंसंग सोझै सम्बन्ध हुन्छ, त्यहाँ जनताले पत्याए, रोजे। अब त्यसरी रोजिएका सबैले असल काम उनीहरूले आफैं अनुभव गर्ने मौका पाउनेछन्। अब कसले के त्यसमा गाउंलेले विचार गर्छन् र प्रत्येक दुइ–दुइ वर्षमा ग्राम प वर्तमान सदस्य राख्ने वा आर्को फेर्ने निर्णय हुनेछ। यसमा प्रजातन्त्रको आम निर्वाचनमा हुने कोलाहल नहोला तर देशका विभिन्न काममा भाग लिने मौका पञ्चायत पद्धतिमा नै प्राप्त हुनेछ।

पञ्चायती व्यवस्थामा विश्वास प्रकट गरेर हामी नेपाली प्र व्यवस्थापनाको महान् अभियानमा लागेका छौं। हाम्रो देशको उज्ज्वल छ र हामी अवश्य सफल हुन्छौं। नेपालीको अध्यवसाय प्रसिद्ध छ। देशको लागि हामी त्याग तपस्या गर्न सक्छौं। देश रहे रहनेछौं।

प्रजातन्त्रको स्थापनाका लागि श्री ५ बुबाज्यूबाट नेपालीकै वि २००७ सालमा संघर्ष गरिबसिक्यो। संघर्ष सफल भयो र नेपाल दु सामु देखापर्‍यो। राजनीतिक क्रान्तिपछि सबैले एक भएर देशलाई लगाउने योजना बनाएको भए यो देश निकै माथि पुगिसक्ने थियो शंका छैन। दश वर्षमा केही भएन भन्दा, शिक्षा, स्वास्थ्य र याता भएको विकासतर्फ औंल्याएर चित्त बुझ्दैन। दलगत मनोवृत्तिबाट झगडाले गर्दा दश वर्षमा जति हुनुपर्थ्यो त्यति हुन सकेन भन्ने कुरा मत हुन सक्दैन। उत्पादनका साधन बढ्न सकेनन्, नेपालीको अवस्था उस्तै रह्यो। हामीलाई पर्खिने समय छैन किनकि हामीले पर्खिसक्यौं। दुइ महान् देशका हामी छिमेकी अज्ञानी र गरीब भएर सक्दैनौं। नेपालले प्रजातान्त्रिक ढङ्गले सुहाउंदो र छिटो विकास परेको छ। यो समयको मांग हो। यस मांगको सफलता नै पञ्चा व्यवस्थाको सफलता हुनेछ। विकासका माध्यमलाई प्रत्येक गाउंमा पुर्‍या

CC-0. In Public Domain. Digitization by eGangotri

परेको छ । हाम्रा ती मनोवृत्तिलाई छोड्नु परेको छ जसले आजसम्म नेपालमा विकासको बाटो अवरूद्ध राख्यो । यो कुरामा आज पञ्चको नै महान् जिम्मेदारी हुन आएको छ। देशको यस नयां अभियानमा पञ्च-हरूले आफ्नो कर्तव्यबाट विमुख हुनु हुंदैन । सारा संसार हामीलाई हेर्दैछ । संसदीय प्रजातन्त्र र साम्यवादकोबीचमा पञ्चायतको नै अस्तित्व सम्भव छ। जनभावनाको ठूलो प्रतिनिधित्व पनि पञ्चायतले नै गर्दछ।

नेपालको सार्वभौमिकता र स्वतन्त्रता पुर्खाले अक्षुण्ण राखे । पुर्खा-हरूबाट प्राप्त यस गौरवको साथै हामीले आज संगै बाँच्न जान्नुपरेको छ। पञ्चायती व्यवस्थाले नेपाली राष्ट्रियतामा चेतना ल्याएको छ । राष्ट्रियताको यस भावनाले देशको लागि केही गरौं भन्ने वातावरणको सृजना गरेको छ । केही महिना पहिले मात्र पोखरामा पूर्व–पश्चिमराज-मार्गको निर्माणका लागि मैले आह्वान गरेको थिएं । नेपाली जनताबाट प्राप्त उत्साहवर्द्धक सहयोगको फलस्वरूप आज बिहान यस पूर्व–पश्चिम राजमार्गको शुरू आत पनि भयो । निर्माणको कामको लागि यो उर्लंदो नेपाली जोश प्रगतिको द्योतक हो । पञ्चहरूले नै यसलाई सही पथप्रदर्शन गर्नु पर्दछ। यो जनबल हाम्रो देशको वास्तविक सम्पत्ति हो । नेपाली पैसाले गरीब भएपनि आंटको धनी छ । यस सत्यलाई आजको व्यवस्थाले जाएको र बुझेको पनि छ ।

अहिले भर्खरै मैले टेलिकम्यूनिकेशन अन्तर्गतको केन्द्रीय टेलिफोन एक्सचेंजको उद्‌घाटन गरें । तुरन्तै यसबाट यहांको टेलिफोनमा केही प्रगतिको साथै चांडै नै सञ्चार व्यवस्थामा एउटा ठूलो परिवर्तन हुने आएको छ । देशभरिमा प्राप्त हुन लागेको आकाशवाणीका साधनले हामी नेपालीलाई अझ नजिकै ल्याउनेछ । नेपालीको मेहनतले बन्नलागेको पूर्व-पश्चिमको बाटो, सञ्चारको विकसित व्यवस्था र आवागमनका द्रुततर साधनले हाम्रो देशको दूरी सांगुरिदै छ । राजधानीबाट मेची र महा-कालीको फासला केही दिनका मात्र होइन केही घण्टाका मात्र रहनेछन् । अब देशका कुनै भाग उपेक्षित रहनेछैनन् । देशको सर्वाङ्गीण विकासको

CC-0. In Public Domain. Digitization by eGangotri

लागि प्रत्येक गाउंबाट उठेका पञ्चायत जिल्ला र अञ्चल हुँदै पञ्चायतसम्म पुग्नेछन्। गाउं, जिल्ला, अञ्चल र पूरा देश हामी बनाउनेछौं किनकि यो बनेमात्र हामी बन्नेछौं। कुनै ठाउं रेखदेख पछि नपरोस् भन्ने कुरालाई स्वीकार गर्दै विकेन्द्रीकरणको पञ्चायती व्यवस्थाले नै पूर्ण गर्ने अठोट गरेको छु। ऐनद्वारा प्र कारले नेपाली जनजीवनमा क्रान्तिकारी परिवर्तन ल्याउनेछ। ग्राम पञ्चायतलाई विकासतर्फ बढी ध्यान दिन लगाइनेछ। क्रमश र न्यायका यथोचित अधिकार पनि उनीहरूले प्राप्त गर्नेछन्। योग्यतामा स्थानीय समस्या सामाधान गर्न सक्ने ठूलो शक्ति विश्वासमा नै पञ्चायत पद्धतिलाई राजनीतिमा प्रयोग गरिए आफ्नो भरमा उभिने नेपालीको आकांक्षा आजको व्यवस्थामा प्र भएको छ। अधिकारको विकेन्द्रीकरण गर्ने हाम्रो इच्छा नै प्र हाम्रो अखण्ड विश्वासको परिचायक हो। अधिकारको दुरुपयो अन्यायामा नेपालीले बस्नु नपरोस्, कोही पाखा नपरून् र प्रत्ये विकास हुनैपर्छ, यी कुराहरू पञ्चले कहिले नबिर्सिने कुरा हुन्। प्राप्त गरेर पञ्चको कर्तव्य झन् बढेको छ। देश सबैको साझा हो सबैले मिलेर यसलाई माथि पुऱ्याउनु परेको छ।

एकवर्षभन्दा केही बढी भयो देशको शासन व्यवस्था सह्मालेको छु। राष्ट्रिय पञ्चायतको चुनावसम्म नपुगी पञ्चायत सम्पूर्ण हुन सक्तैन। ग्राम पञ्चायतको सम्पूर्ण निर्वाचन कार्य भने माथिका तहमा जान कुनै गाह्रो हुनेछैन। अञ्चल पञ्चायत शुरू भएपछि राजनीतिक छलफलको आवश्यकता पनि मानिएको राष्ट्रिय पञ्चायतले व्यवस्थापिकाको काम गर्नेछ। यस प्रकार पञ्च बाट प्राप्त हुने सम्पूर्ण तहका निर्वाचन हामीले गर्दै जानुछ। पञ्चहरूमध्ये नै कोई यी विभिन्न तहमा आउनेछन् र आफ्नो प्राप्त अनु गम्भीरतापूर्वक देशका विभिन्न समस्यामा सबै दृष्टिकोणबाट गर्नेछन्। नेपालको लागि नेपाली समाजबाट उठेको नेपाली प्रतिनि

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मेलन जब राष्ट्रिय पञ्चायतमा हुनेछ, मेरो आजको धेरैजसो जिम्मेदारी पनि उनीहरूले नै सम्हाल्नु पर्नेछ । यसबीच नेपाल र नेपालीको लागि जे जति भलाइ गर्न सकिन्छ त्यो मन्त्रिपरिषद्को सरसल्लाहबाट गरीनै रहनेछु । के कसरी काम भइरहेको छ, त्यो नेपालीले नै अनुभव गरेका होलान् । दलगत शासनपद्धतिले गर्दा धेरै कमजोडी देखा पर्न लागेका थिए । नेपाली इमान्दारी र वीरतामा पनि दाग लाग्ने संभावना देखिन थालेको थियो । यता एक वर्षमा देखापरेको राष्ट्रिय भावना र देशको लागि केही गरौं भन्ने जांगरले हामी सबैमा नवीन उत्साह प्रदान गरेको छ । दिगो सरकार नभै दीर्घकालीन विकास कार्य हुन सक्दैन । मन्त्रिमण्डलको परिवर्तनले देशमा राजनीतिक अस्थिरता मात्र ल्याउंदछ भन्ने कुरा अनुभवबाट सिद्ध भएको छ । मन लागेर होइन, राम्रो काम भएन भनी बेलावेलामा आवश्यकीय परिवर्तन भएकै पनि हो । मेरो अध्यक्षतामा गठित अहिलेको मन्त्रिपरिषद्ले पञ्चायत पद्धतिमा आधारित प्रजातन्त्रको स्थापनाको लागि पूर्ण सतर्कताको साथ काम गर्दछ ।

पञ्चायतको सफलताले केही निहित स्वार्थमा त धक्का लाग्ने नै भयो । तर देशको लागि हामी सबैले व्यक्तिगत स्वार्थको माया मार्नु नै पर्छ । पञ्चायतको सफलताबाट प्राप्त जनचेतनामा व्यक्तिगत लाभ प्राप्तिका लागि गरिने नारा र जुलूसको महत्व हुनेछैन भन्ने कुरा हिजोसंम यसैको भरमा बांचेकाले पनि बुझेकै छन् । माथिबाट सरकारका अधिकार प्राप्त गरी प्रजातन्त्रका कुरा गर्नेहरूका लागि पनि पञ्चायतको वर्तमान विकास कार्य गर्न मन नपर्नसक्ला । तर नेपाली जनताले जुन विश्वास आफ्नो राष्ट्रियता र पञ्चायती व्यवस्थामा प्रकट गरेको छ त्यस अनुरूप आफ्नो कर्तव्य गर्न पनि हामीले पछि सर्न सकिन्न । सबै नेपाली मेरा लागि बराबर छन् र सबै नेपालीको कल्याणमा नै मात्र म आफ्नो कल्याण संझन्छु । मन्त्री बन्ने होडमा होइन, अब देश बनाउने होडमा देशका बुद्धिजीवीले पनि लाग्नु परेको छ । कुनै कुरामा पनि अनाहक हल्लामा लागी अस्थिर वातावरणको सृष्टि गर्ने कोशिश नगरौं । यसबाट कसैलाई

CC-0. In Public Domain. Digitization by eGangotri

फायदा छैन । बरू सबै मिलेर पञ्चायतको सफलताको कामना गर्दै तलैदेखि ग्रामनिर्माणमा लागौं ।

यही वैशाख ६ गते भारत सरकारको निमन्त्रणामा मित्रराष्ट्र भारतको राजधानी दिल्ली जांदैछु । नेपाल र भारतको सम्बन्ध संधै मित्रताको रहेको छ । हाम्रो देशमा हुर्किनलागेको पञ्चायती व्यवस्थामा नेपालीपन छ, अभारतीयपन छैन । नेपालको भलो यसैमा देखेर नै हामी सबै नेपाली यसमा लाग्यौं । अरू कसलाई यो मनपर्छ र कसलाई मनपर्दैन भन्ने कुरा महत्वको होइनन् । जुन व्यवस्थाले नेपालीको भलो हुन्छ नेपालीको लागि उपयुक्त व्यवस्था त्यही हो । भारतीय हाम्रा मित्र हुन् र मित्रहरूको बीच विश्वासको नै वातावरण हुनुपर्छ । केवल दोषारोपणले समस्या हल हुंदैनन्, लम्बिन्छन् मात्र । निर्माणकार्यमा अग्रसर भएका नेपाली शान्तिपूर्वक विकासपथमा बढ्न चाहन्छन् भन्ने सत्य कुराको बोध हाम्रा सबै मित्रहरूलाई हुनुपर्छ । नेपालीको राष्ट्र प्रेम कुनै पनि छिमेकीलाई शंकाको विषय हुनु हुंदैन किनकि हामी नेपाली सदैव आफ्नो र सबैको भलो चाहन्छौं, कसैको कुभलो पनि सोच्दैनौं । हाम्रो सामु सुल्झाउनुपर्ने आफ्नै धेरै समस्या छन् भने हामी अर्काको कुभलो सोच्ने फुर्संतै पाउंदैनौं तापनि आफ्नो देशमाथि कुनै खतरा परिआएमा न कहिल्यै हट्यौं, न कहिल्यै हट्नेछौं । आफ्ना लाखौं नेपालीलाई धेरै दिनसम्म बाहिर राखेर अर्काको दया गराई निष्फिक्री रहनु पनि हामीलाई शरमलाग्दो कुरो भएको छ । शान्तिप्रिय नेपाली सबैसंग मित्रता कायम राखी शान्तिपूर्ण ढङ्गले आफ्नो समस्या आफैं समाधान गर्न चाहन्छ र त्यसैलाई मात्र नै कसैले कसैको कुभलो गर्‍यो भन्छ भने त्यो अब कुनै नेपालीलाई सह्य हुनेछैन । यो भने निश्चित छ र मलाई पूर्ण विश्वास छ, यसमा प्रत्येक देशभक्त नेपालीको पूर्ण सहयोग पनि छ ।

केही दिनको लागि चांडै नै भरमुलुकका बुद्धिजीवीहरूको एक सम्मेलन गर्ने विचार पनि गरेको छु । देशमा के कति प्रगति भएछ, देशका विभिन्न क्षेत्रको आज के प्रतिक्रिया छ आदि कुरामा छलफल गर्ने ...

CC-0. In Public Domain. Digitization by eGangotri

यसले प्रदान गर्नेछ। राष्ट्रिय पञ्चायतको अभावमा जनसम्पर्कको अत्यावश्यक साधन पनि केही मात्रामा यो हुनेछ। यस वृहत् सम्मेलन ले देशको वर्तमान गतिविधिको सम्बन्धमा हामीलाई निकै जानकारी दिनेछ।

अन्त्यमा फेरि उपस्थित सबै पञ्चलाई पञ्चायतको महान् कार्यमा पूर्ण सफलता प्राप्त होस् भन्ने शुभकामना गर्दछु।

जय नेपाल।

राष्ट्रिय रङ्गशाला,
काठमाडौं, नेपाल।
मितिः वैशाख १, २०१९.

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

उपहार माला

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्र–एक महान् व्यक्तित्व

–कुलमणि देवकोटा

कुनै महान् व्यक्तिका व्यक्तित्वको अध्ययन गर्नु एक जटिल कार्य उठाउनु हो । प्रश्न होला– व्यक्तित्व के हो ? म भन्‌ला– व्यक्तित्व आचरणहरूको एक समन्वय हो । यसैले यो एक सारभूत भाव पनि हो । यसका छटकहरू अनेक हुन्छन् । सरासर भन्दै गएं भने म यसरी भन्छु– संस्कार, वातावरण, निर्मित वातावरण, स्वनिर्मित वातावरण, अभ्यास, निश्चित दर्शन, उत्क्रान्त उद्देश्य र उद्देश्याभिमुखीपन । एक महान् पुरुष यही हो । के यो कठिन काम छ ? अवश्य छैन । यो एउटा रहस्य पनि हो, जो हम्मेशी पत्ता लाग्दैन । त्यो महान् व्यक्तित्वका केही स्फुलिंगहरू को आज चर्चा गर्ने काम उठाएको छु । एक निद्रा सुतेर उठेको छु । ठीक ११ बजेको रात छ ।

एक व्यक्तित्व, अनेक रूप । गम्भीर एक समुद्र, त्यहां वर्षाकालीन चंकिलो दिनको मध्यान्हमा उठेको धन्य इन्द्र–धनुषका तेजस्वी अनेक रङ् । एक वृक्ष, जहां अनेकौं सुमधुर फलहरू लागेकाछन् । एक पुरुष, जो असंख्य कार्यकलापमा तल्लीन छ । एक राजा, जो सबका साजा छन् । महाकवि कालोदासिले भनिदिइसक्नुभएको छ मेरा लागि पनि–

"क्व सूर्यप्रभवो वंशः क्व चाल्पविषया मतिः ।
तितीर्षुर्दुस्तरं मोहादुडुपेनास्मि सागरम् ।।"

CC-0. In Public Domain. Digitization by eGangotri

यो केवल भाक्ति हो भाक्ति; नत्र एक सूर्य, म कतिवटा वर्णन... सकूंला र !

मौसूफको निश्चित दर्शनबाट हमेशा म आकृष्ट छु । मत भन्छु व्यक्तिको धन नै यही हो । अरूहरूको दर्शनमा परिवर्तन आउंछ, ... दर्शनमा परिवर्तन होइन, निखार आइरहेको छ । मौसूफमा ... कालदेखि नै यस्तो भइरहेको छ । एउटा भाषण छ २००... आषाढ १४ गते बक्सेको । मलाई लाग्छ, मैले उल्लेख गर्न खोजेको जो ... निश्चित दर्शन हो, त्यसको यो ज्वलन्त उदाहरण हो । त्यसमा ... कुरा छन् । त्यहां आदर्श पनि छ, वस्तुस्थिति पनि छ, र दर्शन पनि ... आदर्शको परिच्छेदमा हुकूम भएको छ–

"आजको बीसौं शताब्दीमा यो कुरा निश्चित भइसकेको ... जबसम्म कुनै देशको शासनव्यवस्था लोकतन्त्रात्मक ढंगबाट ... तबसम्म त्यो देश तथा त्यो जनता फल्नफुल्न सक्तैन । देशलाई ... देशको दांजोमा लान सबभन्दा पहिले जरूरी थियो देशका जनता ... उसको जन्मसिद्ध नागरिक अधिकार उपभोग गर्न दिएर उसको ... स्तरलाई उच्च बनाउन दिनू । आंखिरमा यही भयो । नेपालभित्र ... तन्त्रात्मक पद्धतिको शासनव्यवस्था कायम भयो ।"

अनि पछि वस्तुस्थिति पनि दर्शाइबक्सेको छ –

"तर वास्तविक लोकतन्त्रवाद तबै आउंछ, जब जनता ... संकुचित बिचारलाई त्यागिदिन्छ, र हल्ला मचाई अथवा वातावरण ... अशान्तिमय गरी हिंड्दैन र देशोन्नति तथा एक–राष्ट्रियताको ... जगाएर हिंड्नेपट्टि लाग्दछ ।"

अनि त्यहीं मौसूफबाट उच्च दर्शन बक्सिन्छ –

"त्यस्ता हल्ला मचाउने व्यक्तिहरूसंग मेरो यही भन्नु छ कि ... सबै मिलेर देशलाई समुन्नत तथा सुसभ्य बनाउनु छ । यसको ... सबैले संकुचित बिचारधारा र फजूल हल्लादेखि टाढा रहनुपर्छ ।"

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुस्थितिको यथार्थ अध्ययन पहिलेदेखि नै मौसूफमा थियो, जसबाट बलिष्ठ होइबक्सेर आफ्नो निश्चित दर्शनलाई मौसूफबाट अगाडि बढाइबक्सेको छ । २००८ को प्रजातन्त्र दिवसको उपलक्षमा बक्सेको भाषणबाट त्यो स्पष्ट हुन्छ । त्यहां एक ठाउंमा मौसूफबाट हुकम भएको छ –

"हरेक सरकारी विभाग नयां ढांचाले चलन थाल्यो, जसमा घुसैले मात्र किन सफलता पाउने भयो ? जति महंगी बढ्दैगयो, उति देशमा देखावटी ढांचाले मात्र किन राज जमाउंछ ? सीधासाधा किन मरे ? जो जथाभावी गर्छन्, उनैको झन् झन् जय छ । त्यस्तै नयाँ नयाँ स्कल–कालेज खुले, जहां किताब बेगर पढाइ बन्दछ । वाक्स्वतन्त्रता भयो, स्वच्छ हृदयको पुकार सुन्ने ठाउं छैन । बरू भाइ –भाइमा गाली गर्ने यन्त्र बन्न गयो । प्रेस-स्वतन्त्रता भएको जहां हाम्रो देश छ, त्यहाँ अराजकताको छाप परेको छ । व्यक्तिगत स्वतन्त्रताले सज्जन र सहनेलाई होइन, गुहार नटेर्नेलाई जथाभावी गर्ने मौका दियो । प्रजातन्त्रको नाउंमा हरेक नियम भंग गर्ने मौका छोपियो । इत्यादि इत्यादिले जतातत्तैंबाट आत्तिएको, हतासिएको र ढलमलिएको अवस्था फैलिरहेछ । साथसाथै अवसरवादीहरूले आफ्नो देश बिर्से, प्रगतिशील भनाउंदा व्यक्तिहरूमा स्वार्थवस राक्षसीपन आयो, मानवहरूले विष अनि भ्रम मात्र फैलाउन थाले । तर अपसोस, समस्त नेपाल नेपालीको घर होइन र ? तैपनि यस्तो किन ?"

मौसूफको स्वयंसेवीपनको आत्मविश्वासले पनि मलाई आकृष्ट गरेको छ । २००९ को कार्तिक २५ गते नेपाल रेडियोका विशेष प्रतिनिधिसंगको एक भेटमा बक्सेको सन्देश यसको नमूना छ । सन्देशमा हुकुम भएको छ –

"देशको वर्तमान परिस्थितिलाई हेर्दा देशको नवनिर्माण गर्न साह्रै आवश्यक छ । हाम्रो जस्तो पिछडिएको देशमा निर्माणकार्यको लागि धनको कमी हुनु स्वाभाविक हो । तर हामीमा मानव बल प्रशस्त छ ।

CC-0. In Public Domain. Digitization by eGangotri
हामी सबै मिली स्वयंसेवकको रूपमा देशको नवनिर्माण गर्ने प्रेरणा लिएर सडक बनाउने, कुलो खन्ने आदि जुनसुकै रचनात्मक काम लाग्यौं भने हाम्रो देशले छिटै अर्को रूप लिन बेर लाग्दैन।"

श्री ५ को यो निश्चित दर्शनको आधार नेपालको वास्तविक स्थिति हो। मैले भन्न खोजेको के हो भने श्री ५ दर्शन यथार्थवादी दर्शन हो, काल्पनिक होइन। मौसुफ जे गरिबक्सिन्छ, जे बोलिबक्सिन्छ र जे लेखिबक्सिन्छ, हमेशा देशको वास्तविक स्थितिभन्दा धेरै प्रमाण पनि यताउति नहुने गरिबक्सिन्छ। श्री ५ को यो दर्शन, देशकाल–सापेक्ष पनि छैन। विश्व जनीत। यसका अनेकौं उदाहरण छन्। जस्तै मौसुफका भाषणहरू भारत, अमेरिका, रूस चीन संसारको जुनसुकै भागमा होइबक्सेको होस् प्रत्येक शाही भाषणमा अवसर नजर गरिबक्सेर होइन, घडीको समय नजर गरिबक्सेर बडो निष्ठापूर्वक आफ्नो स्वदेशको यथार्थ वस्तुस्थिति उल्लेख गरिबक्सिन्छ। यसको ताजा उदाहरण संसारका तटस्थ राष्ट्राध्यक्ष र राजनायकहरूको ऐतिहासिक सम्मेलनमा बक्सेको भाषण छंदैछ। यो एक राजनीति भन्दा पनि माथिल्लो तहको राजनीति हो जुन केवल श्री ५ बाट मात्र पालन भएको छ। वर्तमान एशियामा यस्तो राजनीतिको शिलान्यास, निर्माण र निर्वाह नेपालका हाम्रै प्यारा राष्ट्राध्यक्ष बाट भइरहेको छ।

राजनीति कटु यथार्थ हो। यो आफ्नै जमीनमा उम्रने वनस्पति हो जसलाई अन्यत्र लगेर सार्न सकिन्न। यसको सृष्टि स्थिति र पर्यवसान तीनै चीजको आधार पनि त्यसै देशको यथार्थ स्थितिमा हुन्छ। देशको यथार्थ स्थितिको अध्ययन सरल विषय पनि होइन। किनकि यसका लागि एउटा यस्तो निष्पक्ष, स्थिर, संर्वसह, प्रवुद्ध र मननशील मस्तिष्क र हृदयको आवश्यकता रहन्छ, जो श्री ५ जस्तै असाधारण व्यक्तित्वशील र ग्रहणसहिष्णु राजनेतामा मात्र पाइन्छ। यही कटु यथार्थका आधार बनेको नीतिले मात्र देश बन्दछ। जसको शुरूआत देशमा भइसकेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ मा यस्तो असाधारण व्यक्तित्व छ, जसबाट भएको एउटै काम पनि स्वभावत: बहुमुखी हुनजाने गर्दछ । उदाहरणार्थ, मौसूफबाट गरिबक्सेको स्वदेश-भ्रमणलाई हामीले केवल देशको यथार्थ स्थितिको अध्ययन गर्न मात्र गरिबक्सेको पाएनौं । वास्तवमा त्यो एक कोरा राजनीतिज्ञको मात्र यात्रा थिएन, नत त्यो कुनै राजाको ऐयासी यात्रा नै थियो, त्यो त थियो राजाको रूपमा प्राजाको यात्रा । यदि त्यो प्रजाको यात्रा नहुंदो हो त एक पथिकको रूममा शीतातप सही, उकालो-ओरालो गरीं काठेपुल र झोलुङ्गेपुल पारगरी भीर र पहराको परवाह नगरी असिना र पसिनाले भिजी भ्रमण गरिबक्सने नै थिएन । निःसन्देह त्यो यात्रा बहुमुखी साबित भयो । त्यो यात्राबाट एउटा सनातन तर विच्छिन्न परम्परा सदाका लागि कायम रह्यो, जसबाट राजा र प्रजा दुवैको कल्याण नजीक भएर आउंछ । राजा कुनै ऐयासी जीव होइन भन्ने पनि यसैबाट साबित भयो । राजा ठूलाबडाको मात्र होइन भन्ने कुरा पनि यसैबाट चरितार्थ हुन आयो । सबभन्दा महत्वपूर्ण कुरा यो साबित भयो कि राजा केवल प्रजाको मात्र प्रतीक हो ।

श्री ५ महेन्द्रबाट नेपालमा एउटा आधुनिक राजाको अधिकार र कर्तव्यको श्रीगणेश भएको छ । लिखित रूपमा मात्र होइन, व्यावहारिक रूपमा पनि आफ्नो अधिकार र कर्तव्यलाई ठीक सन्तुलनमा राखी काम गर्ने राजाहरूको कमी इतिहासमा प्रशस्त पाइएको छ । श्री ५ जस्ता बिरलै राजाहरू छन्, जसबाट राजकीय कर्तव्य र अधिकारलाई सन्तुलनमा राखी काम भएको छ ।

श्री ५ को व्यक्तित्वको एउटा आधार मौसूफको नियमबद्ध दिनचर्या पनि हो । मौसूफको दिनचर्या सर्वाङ्गपूर्ण छ । त्यसमा हरेक विषय छ । त्यहीं धर्मचर्चा छ, त्यहीं अर्थचर्चा त्यहीं काचर्चा छ र त्यहीं सक्रीय योगदर्शनको माध्यमद्वारा मोक्षाभ्यास पनि छ । फलत: आरामलाई बहुत्र कम समय रहन गएको छ । प्रतिदिन करीब १८ घण्टा व्यस्त रहि-

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सने हाम्रा नृपाल होइबक्सिन्छ। पाल्पाको यात्रामा यी पंक्तिका… कले यात्राको दौरानमा पनि मौसूफको अक्लान्त कार्यक्रम स्व… देखेको छ र चकित भएको छ।

श्री ५ को व्यक्तित्वको अर्को छटक हो मौसुफको मितभाषि… लेखकले सुनेको मात्र थियो कि श्री ५ अत्यन्त मितभाषी होइबक्सि… तानसेन – क्याम्पमा त्यो साकार भयो जब लेखकले नेपाली साहि… परिषद् पाल्पाको मुख पत्र 'सिर्जना' को श्री ५ महेन्द्र स्वागतांकको प्र… सम्पादकको हैसितयले दिउंसो स्वागत मंचमा उक्त अंक टक्र्याइ… बेलुका उक्त परिषद्‌कै सचिवको हैसियतले दुइटा साना साना कविता… उक्त परिषद्‌को इतिहास स्थिति र गतिविधि निवेदन गरें। मौसूफ… बडो ध्यानकासाथ सुनिबक्सियो र (यो व्हैन कि साहित्यको विषय मा… ध्यानका साथ, प्रत्येकले जो निवेदन गर्थ्यो, बडो ध्यान सबैमा बक्सिन्थ्यो… बडो चाख पूर्वक हुकुम भयो– कहां छ उक्त परिषद् ? मैले बिन्ती… यहीं तानसेनमै छ सरकार। लेखकका लम्बा चौडा कुराबाट जे… वस्तु निस्केको थियो, त्यो तुरून्त ग्रहण गरिबक्सी 'कहां छ उक्त परि… पद्' यत्तिले प्राथमिक मांग पूरा गरिदिबक्सियो। यो हो श्री ५ को मित… भाषिताको चमत्कार।

श्री ५ को व्यक्तित्वको अर्को छटक हो– समय समयमा निस्के… बहुमूल्य उक्तिहरू। मैले पहिले नै उल्लेख गरिसकेको छु कि मौसूफमा… देशको यथार्थ स्थितिको सफल अध्ययन छ र तद्‌नुसारै नीति निर्धारण… गरिबक्सिन्छ। यसैले एक ठाउंमा हुकुम भएको छ –

'आज हामीले चुक्यौं भने
भोलि हामीले पछताउनु पर्नेछ।'

श्री ५ को व्यक्तित्वको अर्को छटक हो मौसुफको काव्यस्रष्टृत्व। यति… कविरूप। सृङ्गार र भक्ति त छंदैछ, मौसुफ कविको अर्को उदात रूप छ… राष्ट्रिय कवि।

CC-0. In Public Domain. Digitization by eGangotri

देशको वास्तविक स्थितिको बोध यति स्पष्ट छ मौसूफ मा र त्यसको अभिव्यक्ति यति असाधारण मार्मिकताले भएको छ कि म वर्णन गर्न सक्तिन । प्रसिद्ध गीत छ, जो अजर र अमर छ–

'गर्छिन् पुकार आमा रोई कराइ जोडले ..."

श्री ५ को व्यक्तित्वको अर्को छटक रसिकपन पनि हो । मौसुफ आफैं मात्र लेखिबक्सिन्न । अर्काले लेखेको पनि प्रशस्त पढिबक्सिन्छ । नाचगान र नाटकका यति प्रेमी राजनेता अन्यत्र पाउनु असम्भव छ ।

श्री ५ को व्यक्तित्वको अर्को छटक हो सहृदयता । सौभाग्यले-लेखकले १।२ पटक मौसूफका साथको वार्तालाप पाएको छ । यति सहृदयतासित मौसूफ पेश आइबक्संदो रहेछ कि रोमांचले कंटकित भएको छु । छुट्किला छुट्किला प्रश्नहरूले अत्यन्त हार्दिकताका साथ वार्तालाप गरिबक्सिन्छ ।

श्री ५ को व्यक्तित्वको अर्को छटक हो भाषा । समय र प्रसंग सुहाउंदो भाषामा नै कविको कवित्व छ । आज दशैं छ । २००११ साल आश्विन २१ गते विजया दशमीको शुभ अवसरमा रेडियो नेपालद्वारा देशवासी-हरूका नाममा बक्सेको सन्देश तत्कालीन श्री ५ युवराजाधिराज र एतत्कालीन श्री ५ महाराजाधिराजको भाषाको सुन्दर उदाहरण हो, जो यस प्रकार छ–

"प्यारा देशवासीहरू,

आज विजया दशमीको शुभअवसरमा तपाईंहरूलाई केही भन्न पाउंदा मलाई खुशी लागेको छ । विजया दशमी अन्याय र अंध्यारो माथि विजयको प्रतीक हो । वर्षाको हिलोमैलो मेघावृत तिमिराच्छादित आकाशको सट्टा शरद्को नीलो आकाश, सश्यश्यामला धरित्री र हावाका तालमा नाच्ने हरियो र पहेंलो धानको लहलहाउंदो बालीले हामीमा नयां आसा र

CC-0. In Public Domain. Digitization by eGangotri
भरोसाको संचार गराउछन् । आज यस्तो शुभअवसरमा हामी ... देश र जनताका समृद्धि का लागि त्यही भाव र भरोसाको संचार ... परेको छ ।"

अन्तमा धेरै के भनूं ! यो महान् व्यक्तित्व चिरंजीवी रहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय चेतना जगाउन नेपाली साहित्यको कस्तो परम्परा छ ?

–जनकलाल शर्मा

प्रशासकीय व्यवस्थामा भएका भ्रष्टाचारको उल्लेख नेपाली साहित्यमा प्राचीनकालमा पाइन्छ। भानुभक्तको समयतिर देखिनै नेपालको न्याय व्यवस्थामा असल लक्षण भेटिंदैनन्। "बिन्ती डिट्ठा विचारीसित कति म गरुँ भन्दछन् भोलि भोलि" भन्ने भानुभक्तको रचनाबाट राणा शासनको प्रारम्भमा नै मानिसलाई झुलाउने प्रवृत्ति पाइन्छ। जङ्गबहादुरकालीन सन्त ज्ञानदिलदासले एक ठाउँमा लेखेका छन्– "ऐन बज्रचो धनिको फिऱ्यो जगमाहाँ। घुस्याहा विचारी निसाप् गर्छन् काँहाँ ?" यस प्रकार प्रशासकीय व्यवस्थामा भएका दोषको चर्चा हाम्रा प्राचीन साहित्यमा नै पाइन्छ। शासनको वा शासकहरूको प्रत्यक्ष वा अप्रत्यक्ष बिरोध साहित्यमा प्राचीनकालमा भएको भेटिन्न। नत कुनै शासक वा शासन व्यवस्थाको विरोध साहित्यमा हुनु नै त्यस साहित्यको राष्ट्रिय चेतना जगाउने मर्यादा हुन्छ। राजनीतिक दार्शनिकहरू जसरी नयाँ नयाँ सिद्धान्तको प्रतिपादन गर्दछन् अथवा प्रतिपादित सिद्धान्तलाई कार्यान्वयन गर्दछन् त्यसरी साहित्यले कहिल्यै वकालत गर्दैन। साहित्यले जातीय जीवनलाई नै

उद्बुद्ध गर्दछ। साहित्यले जनमानसमा उदारता कायम गर्दछ, मानव वा राष्ट्रिय जीवनको परिधि बढाउंछ। सारांशमा भनौं भने राष्ट्रिय चेतना जगाउने मलिलो भूमि साहित्यले तयार पार्दछ। साहित्यले समाजको आवश्यकता बुझेर त्यो आवश्यकता प्राप्त गर्ने दिशा खोलिदिन्छ। यस दृष्टिले राष्ट्रिय चेतना जगाउने नेपाली साहित्यको परम्परामा सर्वप्रथम भानुभक्तको नाम आउंछ। भानुभक्तले प्रतीकवादमा, छायावादमा, रहस्यवादमा पनि जंगबहादुर राणाहरूको निरंकुश शासनको विरोध गरेका छैनन्। उनले जे लेखेका छन् त्यो सरल र स्पष्ट शब्दमा रामकथा लेखेकाछन् अथवा केही फूटकर सामाजिक रचना गरेका छन्। तर राष्ट्रिय चेतना जगाउन भानुभक्तको रामायणको जति ठूलो स्थान नेपाली साहित्यमा अरूको नहोला। राष्ट्रिय चेतना भन्दा राष्ट्रियताको निर्माण गर्नमा नै भानुभक्तको महत्व अधिक मान्नु पर्दछ। नेपाल एक राष्ट्र भइसकेको थियो, नेपाली भाषा राजकीय भाषा भएको थियो तर साहित्य हीन भाषाको कुनै मर्यादा हुन्न। भाषाको त्यो मर्यादा कायम गरी राजकीय दृष्टिले नेपाल भनिएको विस्तृत क्षेत्रमा एउटै भाका ... फैलाई नेपाली राष्ट्रियतालाई भानुभक्तले जति बलियो बनाए, त्यति नेपाली राष्ट्रिय जीवन नै अनुप्राणित भयो। आफ्नो राजकीय भाषामा नेपालीहरूको भावनामा ऐक्य कायम गर्ने र भाषाको बिस्तारको आधार तयार पार्ने आदि कविलाई राष्ट्रियताको निर्माता भन्नु पर्दछ। राजनीतिक क्रममा राष्ट्रियता भन्नु र राष्ट्रिय चेतना भन्नमा केही अन्तर छैन। जनतामा आफ्नु व्यवस्था, संस्कृति, आचार, दर्शन, रक्त र जाति संबन्धी चेतना नजागी कुनै देशमा राष्ट्रियताको सृजना हुंदैन। राजनीतिक दर्शनले देशको राजनीतिक र आर्थिक व्यवस्थामा भएका विषम तत्वहरू केलाई फ्यांक्ने र सुधार गर्ने काम गर्दछ। तर त्यस्तो दर्शनले एक्लै राष्ट्रिय चेतना जनतामा कायम गर्न सक्तैन। स्व संस्कृति र स्व आचार, स्व जातिप्रति मोह पैदा गराउने र त्यसको रक्षाको निमित्त त्याग गर्ने भावना साहित्यले नै पैदा गर्दछ। भानुभक्तले नेपाली वाग्व्यवहार, नेपाली रीति, नेपाली दर्शन

CC-0. In Public Domain. Digitization by eGangotri

नको महिमा आफ्नो रचनामा गाएका छन् । रामकथा जान्न अरू कविका रामायण पनि छन्, नेपाली भाषाको व्यावहारिक चलन पहिलेदेखि नै छ । यदि नेपाली भाषामा लेखिएको हुनाले भानुभक्तीय रामायणको महत्व भएको भए त्यो महत्व आजसम्म टिकिरहने थिएन । भानुभक्तीय रामायणको महत्व यसको नेपालीपनमा छ । यस दृष्टिले राष्ट्रिय चेतना जगाउने काममा नेपाली साहित्यमा भानुभक्तको प्रथम र महान् दान छ ।

भानुभक्तपछि नेपाली साहित्यमा राष्ट्रिय चेतना जगाउने साहित्यको सृष्टि नेपाल बाहिर भयो । मोतीराम भट्टले भानुभक्तलाई चिनाउने प्रयास गर्नु नै उनको सबभन्दा ठूलो राष्ट्रसेवा हो । 'माधुरी' पत्रिका र 'गोर्खा संसार' को प्रकाशनले नेपाली साहित्यमा चैतन्य जगाउने काम गरेको छ ।

यसपछि नेपाली साहित्यमा लेखनाथ युग आउंछ । लेखनाथ दरबारका आश्रित कवि भएकाले उनको रचनाबाट राष्ट्रिय जागृतिको प्रत्यक्ष लाभ हुन सक्तैन । तर राष्ट्रिय जागृतिको अर्थ आफ्नो प्राचीन महत्वप्रति सचेतन रहनु पनि हुन्छ भने 'सत्यकलि संवाद' ले नेपाली जनतालाई आफ्नो प्राचीन आदर्शप्रति जागृत गर्दछ । भारतमा 'भारत भारती' का रचनाकार मैथिलीशरण गुप्तले अंग्रेजी शासनको विरोधमा नलेखे तापनि भारतीय जनतालाई आफ्नो भाषामा आफ्नो महत्ताको जुन प्रदर्शन गरी देखाए त्यसबाट मैथिलीशरण गुप्त राष्ट्रकवि कहलाएका छन् । यस दृष्टिबाट राष्ट्रिय चैतन्य जगाउने काममा लेखनाथको अस्तित्व पनि स्वीकार गर्नै पर्दछ । तर धरणीधर कोइरालालाई राष्ट्रिय चैतन्य जगाउने साहित्यको सृष्टिमा प्रथम स्थान दिनुपर्दछ । यद्यपि उनका साहित्यमा चैतन्य जगाउने त्यो ओज छैन जो उनीभन्दा परवर्त्ती साहित्यकारहरूमा छ ।

"नेपाल तिम्रो मुहुडा हंसीलो
देखेर मर्छु कि यसै म मर्छु"

CC-0. In Public Domain. Digitization by eGangotri

"स्वदेश छ्यांग्रो स्वजाति ग्वांग्रो
विद्याबिना व्यभिचार"

यी पंक्ति धरणीधरका हुन् । धरणीधर स्वदेश बाहिर मुक्तकंठले र मुक्तबाद्याले स्वदेशको गुणगान गाउन सक्तथे जो भित्र बस्ने अरू सक्तैनथे ।

"गहुं धान सखे दरबारमा
अति गर्व गरून् सहकालमा
अनिकाल जहां परिआउला
बिचरो मडुवा पनि आदर पाउला"

उपर्युक्त पंक्तिबाट धरणीधरले दलित जनताको पनि एक दिन आउला भन्ने आशय प्रकट गरेका छन् ।

बालकृष्ण समको राष्ट्रिय चेतनाको साहित्य जगाउने प्रसंगमा स्थान छ । बालकृष्ण सम मातृभूमिको प्रसंशा लेख्तछन् । मातृभूमि मोहलाई राष्ट्रिय चैतन्य नै भन्नुपर्दछ । उनी शासन र आर्थिक विषमताका नबोलून् तापनि उनले मातृभूमिलाई आदर गर्न सिकाएका छन्

"इच्छा यो छ महेश अन्तिम जसै यो मृत्यु शय्या परी
त्यस वेला मुखमा परुन् शिव बुटी नेपालकै केवल"
नेपाली मात्रको के इच्छा हुनुपर्दछ त्यो यसबाट देखिन्छ । कविताले सही अर्थमा राष्ट्रिय चैतन्य जगाउंछन् ।

उनका नाटकमा वीरतापूर्ण निकट इतिहासको चित्र प्रस्तुत भएको छ र तिनबाट आफ्नो बिर्सिएको वीरताप्रति मनुष्यलाई संझना गराउंछ। यस प्रसंगमा 'मुकुन्द इन्दिरा' लाई सर्वोपरि स्थान दिन सकिन्छ ।

'कैकेयी' शीर्षक छोटो गद्य कवितामा उनले कैकेयीलाई आदर्श बनाई उसको मुखबाट जस्तो ओजमय वाणी निकालेर आलसी र कायरतालाई प्रोत्साहित गरेका छन् त्यो नेपाली साहित्यको अमूल्य कृति हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभावशाली र साहित्यिक ढाचाबाट राष्ट्रिय चैतन्य जगाउने काम लक्ष्मीप्रसाद देवकोटाले गरेका छन् । उनी क्रूर शासनमाथि व्यंग पनि गर्दछन् । उनको कविताको एक पंक्ति यस प्रकार छ–

"मकैका पनि छन् दुइ हात तर्वार जूंघा ।"

यो राणाशासनमा विदेशिएको वेला उनले लेखेको प्रतीत हुन्छ । मकैका बोटको आयु अल्प हुन्छ । त्यस्तै क्रूर शासन पनि अल्पकालीन हो । त्यस्तो क्रूर शासनले आफ्नो तर्वार र जूंघा माथि गर्व गर्नु मूर्खता हो । त्यस्ता जूंघा र तर्वारको उपमा मकैका पात र जूंघासित दिन सकिन्छ । त्यस्तै अर्थान्तरमा तेरा जस्ता तर्वार रूपी हात र जूंघा यी अगणित मकैका बोट रूपी जनतासित पनि छ ।

यसै प्रकार लक्ष्मीप्रसाद देवकोटाको 'अनडूहू अनडूहू' भन्ने कवितामा अत्याचारी सामन्ती शासनको चित्र हास्यरसमा उतारिएको छ । अनडुहू सांढेको नाम हो । सांढे दिनभर तपस्वी झैं पल्टिरहन्छ । राती राती ज्यापूको खेत भुसुक्क पार्दछ । सडकको वीचमा मोटो सांढे जगधम्म पल्टेर बस्तछ चाहे यात्रुको बाटो रोकियोस् कि रहोस् उसलाई प्रयोजन छैन । नत लोकले 'काम नगरीकन मोटाएर बस्ने मलाई के भन्दाहुन्' भन्ने कल्पना नै उसको मनमा आउंछ । सामन्ती शासन पनि त्यस्तै हुन्छ । आफ्नु काम नगरी आर्काको खाएर मोटाउनु, अनि प्रगतिमा लम्कन चाहनेलाई बाटो रोक्न आवश्यकता परे सिंग चलाउनु सांढे र सामन्तीका समान धर्म हुन् ।

लक्ष्मीप्रसाद देवकोटाको 'मुना मदन' मा भिन्नै खालको राष्ट्रिय चैतन्य पाइन्छ । 'मुना मदन' मा दलित नेपाली जीवनको चित्रण छ । मदन जीविकाको निमित्त स्वदेशबाट टाढा ल्हासा जान्छ घरमा उसकी आमा र पत्नी छ । ल्हासाबाट फर्केर आउंदा उसकी प्राणप्यारी पत्नी मरिसक्तछे । नेपाली जीवनलाई साहित्यमा जस्ताको तस्तो उतारेर साहित्यलाई जनताको बनाउनु र साहित्यमा जनतालाई प्रश्रय दिने काम मुना मदनबाट हुन्छ । यस प्रकार मुना मदनका अरू साहित्यिक महत्वको राष्ट्रिय चैतन्य

CC-0. In Public Domain. Digitization by eGangotri

जगाउने काम पनि कम छैन । लक्ष्मीप्रसाद देवकोटा 'युगवाणी'का ... भएका समय उनले 'आह्वान' र 'आवाहन' शीर्षक अन्तर्गत धेरै ... चैतन्यका कविता लेखेकाछन् ।

लक्ष्मीप्रसाद देवकोटाको युगमा जनचेतनाको लहर नेपालसम्म ... भनौं नेपालीसम्म आइपुगेको थियो । एशियामा भएको राष्ट्रिय ... हावा नेपालीहरूमा पनि लागिसकेको थियो । नेपालको इतिहासमा ... प्रथम नै नेपालीहरूमा शासन जनताको हितको निमित्त हुनुपर्दो ... कुराको बोध हुन थाल्यो । द्वितीय विश्वयुद्ध पछि संसारका देश... स्वतन्त्रताको जुन लहर आयो, त्यसले नेपाललाई पनि प्रभाव पार्... साहित्यमा भएका नयां प्रयोग र नयां नयां वादहरूदेखि नेपाली रचना... हरू अवगत हुनथाले । बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटामा ... वादको प्रभाव र वैज्ञानिक जगत्को चमत्कारको प्रभाव परेको छ । ... नयां वाद र विश्वको उथल पुथलको जानकारी गर्ने र शिक्षा पाउने माध्... माध्यम अंग्रेजी भाषा र यत् किञ्चित् हिन्दी भाषा हो । विश्वमा ... परिवर्तनहरू र आविष्कारहरूको बारेमा ज्ञान राख्ने प्रथम पंक्तिका ... कारहरूमा लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम नै हुन् । त्यसपछि निरन्तर नै नेपाली साहित्यमा अंग्रेजी साहित्य र हिन्दी साहित्यको ... पनि देखापरिरहेको छ । नेपाली साहित्यमा छायावाद त्यस समय... देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाको 'अनड्डुह' छायावादको एक नमूना ...

नेपालमा राणाशासन उत्तरोत्तर क्रूर हुंदैथियो, लेखकहरू ... चेतन हुंदैथिए । शासनका क्रूरताको एक नमूना 'मकैको खेती'का लेखक सुब्बा कृष्णप्रसादलाई राजद्रोहको अभियोगसम्म पनि लाग्यो ।

सिद्धिचरण क्रान्तिकारी लेखककै नाताले जेल गए । हुन त उन... श्री ३ जुद्ध प्रभुको गुणगान गाएका छन्, तर यो गुणगान सिद्धिचरणको आत्मा होइन । 'मेरो प्यारो ओखलढुङ्गा' राष्ट्रियताप्रति चैतन्यको नमूना हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर नेपाली साहित्यमा क्रान्तिकारी लेखकको संज्ञा दिन सकिने लेखक वा कवि नेपालमा कसैलाई औंल्याएर भन्न सकिन्न । त्यस वेला बनारसबाट प्रकाशित हुने 'युगवाणी' साप्ताहिक पत्रिकालाई क्रान्तिकारी प्रकाशन भन्न सकिन्छ । यसमा कविता, कथा, निबन्ध, प्रबन्ध आदि साहित्यिक गुणका र चेतना जगाउने खालका रचना निस्कन्थे । यस अवधिमा केदारमान व्यथित र अन्य केही कथाकारहरू राजनीतिक छट-पटीको साथ रचनामा देखापरेकाछन् । राष्ट्रिय गीतहरू लेखिन थाले । तर राष्ट्रिय चेतनाको लहर नेपाली साहित्यमा भर्खर आउन लाग्दैमा नै नेपालबाट क्रूर शासनको अन्त्य भयो । चाहे जुनसुकै प्रकारको साहित्यको रचना होस्, साहित्यको सिर्जन हुनु मात्र नै राष्ट्रिय चैतन्यको एक रूप हो । माधवप्रसाद घिमिरेको 'राष्ट्रिय झण्डा' राणाशासन कालमा पुरस्कृत कविता हो । यसमा विश्वयुद्धमा नेपाली वीरहरूले देखाएको इमान्दारी र अद्भुत वीरताको प्रभाव परेको छ । कविता राणाशासनको अत्याचारको बारेमा केही भन्दैन, तापनि नेपाली युवकहरूलाई आफ्नो कर्तव्य र वीरताप्रति प्रोत्साहन र भरोसा दिलाउंछ । राष्ट्रिय चेतना जगाउने काममा यस्ता कविताको पनि निकै ठूलो स्थान हुन्छ ।

क्रूर र निरंकुश राणाशासनको समाप्तिको साथ राष्ट्रिय चेतना जगा-उने साहित्यको आवश्यकता समाप्त हुंदैन । साहित्यको राष्ट्रिय चैतन्य जगाउने काम अक्षुण्ण हुनुपर्दछ । क्रान्तिकालको लगभग राष्ट्रिय चेतना जगाउने नाममा उच्छृङ्खलरूपले साहित्यको सृष्टि भयो जसमा सबैलाई साहित्यको दर्जा दिन सकिन्न । क्रान्तिपछि राष्ट्रिय चैतन्य जगाउने काम भन्दा अधिक साहित्यमा वादविवाद खडा भएको छ । प्रगतिशील र अप्रगतिशील साहित्यको झगडा चलिरहेको छ । मार्क्सवादबाट प्रभावित नभएको साहित्यलाई अप्रगतिशील साहित्यको संज्ञा दिएर साहित्यलाई प्रचार वा प्रोपगण्डाको साधन बनाउने चेष्टा पनि चलिरहेको छ । त्यसै गरी साहित्यको माध्यम भाषामा पनि झगडा छन, झर्रो र भाषाको प्रचलित

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमको [illegible] छ । राष्ट्रिय चेतना जगाउने साहित्यको मौलि[illegible] वादविवादमा नेपाली साहित्यलाई फंसाइएको छ ।

राष्ट्रिय चेतना जगाउने साहित्यको सृष्टिमा यस युगमा एम्.बी.बी. शाहको नाम उल्लेख्य छ ।

"हे वीर हिंड अघी सरी नहटाई पाऊ रति भरी ।"

यस पंक्तिबाट प्रारम्भ हुने कविताको मूल्य ठूलो छ । यस्तै केही [illegible] एम्.बी.बी. शाहका अरू छन् । तिनले नेपाली जीवनलाई प्रभावित पा[illegible]

सारांशमा क्रान्तिपूर्व नेपाली साहित्यमा जुन स्वस्थता थियो [illegible] स्वस्थता पछि रहन सकेन । लेखनाथ आदि बयोबृद्ध कविहरू पनि [illegible] चैतन्य जगाउने नाममा हलका फूलका साहित्यको रचना गर्न [illegible] जति नयां लेखकहरू हुंदैगएकाछन् साहित्य र भाषामा विवाद ब[illegible] छ । भाषा र साहित्यको धारा र अभिप्रायको पारस्परिक संघर्ष ला[illegible] हुन्छ । तर नेपालमा लाभ नहुनेगरी विवाद बढिरहेको छ । नयां लेख[illegible] साहित्यको सृष्टि गर्नभन्दा प्रगतिशीलता र झर्रोको विवाद खडा[illegible] ब्यस्त छन् । तर पनि एक अर्को पक्ष छ– जो चूपचाप लेखिरहेको [illegible] अर्को पक्ष छ– जो लोककथा र लोकगीतको र आफ्नैपनको खोजीमा [illegible] प्रगतिशीलताको नाममा साहित्य र भाषालाई विवादमा हाल्नेहरू [illegible] देशको कुना काप्चामा लुकेछिपेका गीत र कथा खोज्ने र विवादमा न[illegible] साहित्यको सृष्टि गर्नेहरूसित राष्ट्रिय चैतन्यको विकासको [illegible] आशा गर्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली संस्कृतिको विशेषता

—बालकृष्ण सम

द्वीप द्वीपको देश देशको स्वाभाविक भौगोलिक बनावटलाई हेरेर संसारका विभिन्न संस्कृतिहरू अत्यन्तै कलिला तथा भर्खरका विषय हुन्। यिनोहरूको तुलना करोडौं लाखौंसित हजारौं र सयौंको तुल्य हो। तथापि संस्कृतिका धेरै अङ्ग भौगोलिक बनोट र वातावरणसित सम्बन्धित रहेका हुन्छन्। मानिसहरू पहिले पहिले पशु भावनाले लडे हुनन् तर पछि क्षुद्र सीमित संस्कृतिको आधारमा आपस्तमा लडेको देख्ता मानवताको वेदीमा समस्त संस्कृतिलाई होमिदिऊँ जस्तो लाग्दछ। त्यसैले संस्कृतिको नाममा समाजबाट खँगारिएकाहरू संस्कृतिको नाम लिनासाथ स्वभावतः तर्सिन्छन्। परन्तु त्यसो त जुनसुकै सांसारिक वस्तुको पनि हामी दुरुपयोग र सदुपयोग गर्न सक्तछौं। अतः जस्तो सडे कुहिएको औंला वा हात खुट्टालाई पनि हामी काटेर मिल्काउँछौं त्यस्तै असीमित भावनामा मानवताको निम्ति सीमित शक्तिको दृष्टिले राष्ट्रियताको निम्ति त्यस्ता हानिकारक संस्कृतिका अंगलाई फाल्दै जानु पर्दछ, जस्तो कति विषयमा हामी गर्दै पनि आएका छौं।

परन्तु संस्कृतिका कति यस्ता विषय छन् जसको उचित पालना र समुन्नतिले देश तथा जातिको किरीट उच्च रहन्छ, शिरोरत्न उज्ज्वल

CC-0. In Public Domain. Digitization by eGangotri
रहन्छ ललाटिका बल्दछ। तर त्यसपट्टि हाम्रो पर्याप्त ध्यान गएको छै
हामी नेपाली प्रारम्भदेखि नै प्रतीकवादी जाति रह्यौं, अझ गहिरिदा अ
अथवा सांराशवादी, अंग्रेजीमा जसलाई सिम्बलिष्ट र याब्स्ट्रयाक्
भन्दछन्। यूरोप तथा अमेरिकाका आधुनिक चित्र र मूर्ति
यी वादहरूको समावेश भएको छ। उल्टो यस वादको सृष्टि
नेपालले भने आफ्नो संस्कृतिलाई कलापक्षबाट हटाएर व्यवहार प
तथा धार्मिक पक्षमा पालन गरिरहेको छ। कलापक्षमा अमर्तवाद
प्रतीकवादले राष्ट्रोन्नति हुन्छ तर तिनैले व्यवहार पक्षमा मानिस
अव्यावहारिक एकलो व्यक्तिवादी बनाउँछ, सामूहिकताको वि
तुल्याउँछ। यसरी प्राचीन संस्कृतिमा केवल एउटा यूनान (ग्री
सित मात्र जम्मा जम्मीमा केही झुक्नु पर्ने नेपाल आज आधु
जगत्मा अविकसित देश ठहरिएको छ। किनभने हामीले कला
उन्नति गर्न छाडिदियौं, कलाको केवल पूजा गर्नमा परिणत भयौं हा
पलान्चोक भगवतीको मूर्ति जसले बनायो उसको दाहिने हात काटि
उसले देब्रे हातले नक्साल भगवती बनायो, फेरि उसको देब्रे
पनि काटियो, अनि दुइ खुट्टाले उसले शोभाभगवती कुँदेर त
गऱ्यो, फेरि उसका दुबै खुट्टा काटिए। उसको नाम थियो– वज्र
हुन ता यस किसिमको घटना हामी अन्यत्र एशियाली देशहरूमा
पाउँछौं, रूसको जर्जिया प्रान्तको त्विलिसि नगरको गिर्जा घर
कलाकार आर्सुकिट्जेको हात काटिएको अंकित भएको छ, यस लि
कि त्यस्तो फेरि उ अर्को बनाउन नसकोस्। ताजमहल बनाउने क
कारको पनि त्यस्तै दुर्दशा सुनिन्छ। तर यूनानमा मूर्तिहरू कला
निम्ति बनाइन्थे, त्यसैले ती स्वाभाविक प्राकृतिक हुन्थे, त्यही परम्परा
इटालीमा तथा यूरोपिय अरू देशहरूमा पनि कलात्मक उन्नति हुँ
गयो, माइकेल एन्जेलोको 'पाईर्ता' वा बर्निनिको 'प्रोसर्पिना हरण'
त्यसका उत्तम उदाहरण छन्। नेपालमा मूर्ति नै पूजाको निम्ति भाव
त्मक बनाइँदै गए, अनि मनुष्य निर्मित मूर्तिको भन्दा कीट निर्मित

CC-0. In Public Domain. Digitization by eGangotri

शालिग्रामको अरू प्रकृति निर्मित रुद्राक्षको महत्व बढ्दै गयो– हामी पत्थरमा दर्शन अथवा दार्शनिक सारांश खोज्न र पाउन लाग्यौं। अवश्य व्यक्तिगत आध्यात्मिक पक्षमा हामीमा कतिले प्राप्ति भएको विश्वास गरेका छन्; परन्तु भौतिक पक्षको विचार गर्दा हामीले कलात्मक उन्नति गर्न सकेनौं। जति थियो र जति छ तिनलाई पनि पूजा गर्दै पूजा कोठामा थन्क्यायौं, अगि बढ्नाको साटो यति पछि हट्यौं कि आज परदेशीहरूलाई तिनै पुराना भग्नावशेष कृतिहरू देखाएर हामी गौरवान्वित भएको अनुभव गर्दछौं। हामीले दुःख मान्नु युक्तिसंगत छ। यो हाम्रो आफ्नो संस्कृतिलाई आफ्नै संस्कृतिले नाशेको कथा हो, यो हाम्रै संस्कृतिको दोष हो। हाम्रो अवयव यस्तो छ यदि पेटले केही खान पाएन भने उ आफ्नै रगत पिउन थाल्दछ, अनि अन्त्यमा मुटु चुसेर रित्याउँछ।

हाम्रो संस्कृतिको विशेषता छ हाम्रो मौलिक प्रारम्भ। मुखमा कुनै ठाउँमा चाउरी परेपछि हामी कसैको बूढ्याइँ पत्ता पाउँछौं। पृथ्वीको युवावस्थामा अवश्य नेपाल आमा पनि टनक्क टन्केर फैलिएकी हुँदी हुन्। अहिले सबभन्दा मोटा र अग्ला चाउरी परेकी यिनी नै छन्। हिउँको रङ्गमा उनका कपाल सेतै भई फुले। उनीलाई गिरीश बावाले आलिङ्गन गरे, गङ्गा बस्र्यो। धरणी जननी बनिन्। शीतवर्षा आफ्नो शिरमा पर्न दिए र गुह्यकाली नेपाल माताले पलेटी कसी न्यानो काख हाम्रो निम्ति बिछ्याइदिइन्। जब हिमाच्छादित कफकस (ककेसस) पर्वततिरबाट त्यस्तै स्थान खोज्दै तपस्वी आर्यहरू चाहिं अन्त्यमा नेपालमा आएर बसे अनि ती दुइ काख पूर्वी आदिवासी किरातीको निम्ति तथा पश्चिम आर्यको निम्ति बाँडिए– नेपाल अर्द्ध-नारीश्वर बन्यो– वामदेवको दाँया अङ्ग आर्या, तथा बाँया किरातेश्वर बन्न गयो। पशुपति प्रादुर्भाव भयो, अनेक घटना घटे। यी सबै प्रतीक-वादले ओतप्रोत छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक समयदेखि नै नेपालीहरूको विचार गर्ने ढांचा यस्तै प्रकारले रूपक-प्रधान बन्यो। वेदमा उषाको वर्णन हेरेर हामी अनुमान गर्न सक्तछौं। वेदमा विद्युच्छक्ति, अग्नि, जल, विद्या, धन, पर्वत, [illegible] जम्मै नरनारीको रूपमा वास्तविक मानिस ऋषिहरूसित बोल्दै हिड्दछन्। यो प्रथा यूनानमा पनि नभएको होइन, इलियदमा [illegible] जिताउने हराउने सब ग्रह नक्षत्र देवदेवीहरू छन्। तर यूनानी [illegible] विशेष भौतिक नै रहे। लाकूनको मूर्ति अथवा पलिक्लिटस सम्प्रदायको पीत्तलको मूर्तिमा मनुष्य शरीरको बनावट देख्ता हामी सहजै [illegible] पाउन सक्तछौं कसरी उनीहरूको पौराणिक स्वर्गीय आध्यात्मिक [illegible] लाई पृथ्वीतिर खिचेको छन्; अनि कुनै नेपाली अमूर्त रूपी कुमारीको पत्थरको मूर्ति देख्ता हामी विचार गर्न सक्तछौं कसरी हामीले पार्थिव वस्तुलाई आध्यात्मिक जगत्मा उडाइदिएका छौं। एक चोटि हाम्रा बुद्धले धरतीलाई माया गर्न खोजेका हुन्, त्यसैले केवल बुद्धको मूर्ति मानिसतिर झुकेको छ, परन्तु पछि तन्त्रवादको चकचकी चलेपछि फेरि हामीले अमूर्त्त सारांशवादी मूर्तिको निर्माण गर्न थाल्यौं। [illegible] कहिल्यै स्वाभाविक बनेनौं, कहिल्यै हामीले मांसपेशी गनेनौं।

यूनानी स्वाभाविक कलाबाट प्रभावित भारततिरबाट [illegible] नेपालमा पनि पछिल्लो मल्लकालमा प्रसिद्ध कृष्णमन्दिर सहित [illegible] र मूर्तिकलामा पनि केही स्वाभाविकता (Realistic) [illegible] घुसे, पछिल्लो मल्लकाल तथा प्रारम्भिक शाहकालका राजाका चित्रमा भारतीय मुगल कालको छाप हामी स्पष्टसित देख्तछौं। जङ्गबहादुर बेलायतबाट फर्केपछि उनीसित गएका चित्रकार भाजुमचाकद्वारा यूरोपीय ढांचाका स्वाभाविक चित्रको हाम्रो देशमा प्रारम्भ भयो। तर हाम्रो जातीय स्वभाव अनुसार संगठित प्रणालीवद्ध रूपमा नयाँ आएको कुरा पनि रहन सकेन, पहिलेको आफ्नो पनि अनि स्वभावतः असंगठित बन्यो। कलाकारहरू व्यक्तिवादी बनेर छिन्नभिन्न भए। संस्कृतिको यही परिणाममा हाम्रो वर्तमान समय उभिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामी अहिले एउटा घनी सांस्कृतिक जङ्गलमा छौं। त्यो जङ्गल-लाई हामीले पृथ्वीनारायण शाहको शब्दमा 'फूलबारी' बनाउनु परेको छ। त्यो बनाउनालाई कति झाङ्ग छिमल्नु पर्ला, नमिलेको जमीन बसाल्नुपर्ला, नमिल्दा हाँगा वा वृक्षहरूलाई हटाउनु पनि पर्ला, राम्रा बोटका जरामा पानी हाल्नुपर्ला, यस्तो बनाउनु पर्ला कि त्यो सर्वाङ्ग सुन्दर होस्। कैयौं हजार वर्षले बढाएको रूखलाई हटाएर अहिले तत्कालै हामी फेरि त्यस्तो बनाउन सक्तैनौं भन्दैमा कुनै हजारौं वर्षदेखि तगारो परेर रहेका प्रगतिका बाधक मूढालाई हामी किन नपन्छाऔं। के गरौं वा के नगरौं यी सब विचारपूर्ण हृदयसहितको विज्ञान र सुव्यवस्थित दर्शनमा आधारित हुनु पर्दछ। उच्छृङ्खल भएर हामीले जङ्गल फाड्नु हुँदैन, कुसंस्कृतिलाई हटाउन खोज्दा सुसंस्कृति पनि नफालियोस्, किनभने संस्कृतिमै जातिको अस्तित्व रहन्छ। हाम्रा राष्ट्रनायक, राष्ट्रनिर्माता श्री ५ महाराजाधिराजको यो महान्-वाणी हामी संधै संझौं: 'नेपालको अस्तित्व मेटियो भने नेपालीको अस्तित्व पनि मेटिने छ।' अवश्य हामीले हाम्रो सांस्कृतिक विशेषतालाई अङ्गाल्दा सांस्कृतिक विषमताले होइन सांस्कृतिक समानताले हात जोल्टयाउनु पर्दछ। गौरी शंकरको फेदीमा अझै वेद गुंजी रहेछ:

समानो मन्त्रः समितिः समानी
समानं मनः सहचित्तमेषाम्।
समानं मन्त्रमभि मन्त्रये वः
समानेन वो हविषा जुहोमि॥

CC-0. In Public Domain. Digitization by eGangotri

माघ ९ गते–कालो दिवस

–चित्तरञ्जन नेपाली

विक्रम संवत् २०१८ साल माघ ९ गते (तद्नुसार ई. सन् १९६२ जनवरी २२ तारिखको दिन) नेपालको इतिहासमा एक 'कालो दिवस'को रूपमा अंकित रहनेछ। त्यो त्यही दिन थियो, जुन दिन राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको गाथमा क्षति पुऱ्याउने उद्देश्यबाट जनकपुरमा मौसूफको सवारी भएको मोटरमाथि एक व्यक्तिले अराष्ट्रवादी तत्वको फल्याइ–फुल्याइमा बम फ्यांक्ने दुःसाहस गरेका थिए। यसरी त्यो दिन एक करोड नेपालीका एकताका प्रतीक अविकसित नेपालका आशादीप तथा कर्मक्षेत्रमा लम्केका वीर नेपालीहरूका एकमात्र आस्थापूर्ण पथप्रदर्शक नेतामाथि बम फ्यांकेर नेपाली एकतालाई फोड्न खोजिएको थियो, नेपालको विकासलाई रोक्न खोजिएको थियो तथा कर्मठ नेपालीहरूलाई टुहुरो पारी निरुत्साह बनाउने कोशिश गरिएको थियो। तर नेपाली जनताको भाग्यले गर्दा त्यो दुष्प्रयास केवल दुष्प्रयास मात्रै रहन गयो र यसबाट श्री ५ को गाथमा अलिकति पनि क्षति पुऱ्याउन सकेन। त्यसैले इतिहासले साथै ल्याएको नेपाली एकता नेपाली प्रगति एवं नेपालको अस्तित्वमा कुनै खलल हुनपाएन। निःसन्देह यो राजामाथिको नेपाली जनताको आस्था र विश्वासको दैविक परिणाम हो।

CC-0. In Public Domain. Digitization by eGangotri

माघ ९ गतेको यो घटना नेपालको इतिहासमा यस प्रकारको पहिलो घटना थियो, तथापि यस्तै अराष्ट्रवादी तत्वले अगाडि अगाडि पनि यस्तै प्रकारको दुष्प्रयास गरेको हाम्रो इतिहासमा पाइन्छ । राजाको गाथमा खलल गर्ने, अथवा राजाको शक्तिहरण गर्ने कोशिश अगाडि पनि भएको थियो । आफ्नो व्यक्तिगत वा पारिवारिक स्वार्थ देश नरेश र जनताको कांधमा थोपर्नको निम्ति वैधानिक वा न्यायपूर्ण मार्ग असम्भव हुने भएकोले यस्तै हत्याकाण्ड, गोलमाल, षडयन्त्र तथा अराजकताको बाटो अपनाउनु त अराष्ट्रवादी पंचमांगी तत्वको परम्परागत प्रचलन नै भयो । यसकारण आज प्रत्येक नेपालीले आफ्नो इतिहासको पाना पल्टाएर इतिहासले दिएको शिक्षालाई मनन गरेर आफ्नो देश र नरेशलाई सुरक्षित राख्न सतर्क हुनुपरेको छ । अन्यथा देशको अस्तित्व नेपाली मात्रको गौरव राष्ट्रिय एकता नै संकटमा पर्नेछ ।

प्रत्येक देशको इतिहासले औंल्याउने साधारण तर सत्य कुरा यही हो कि एकातिर जब देशका तमाम रचनात्मक तत्व विकास र प्रगतिको बाटोमा अग्रसर हुनुको निमित्त कटिबद्ध भएको हुन्छ त त्यसबखत व्यक्तिगत वा पारिवारिक वा सांप्रदायिक स्वार्थ नै आफ्नो एकमात्र अन्तिम लक्ष ठान्ने प्रतिक्रियावादी तत्व यस्तै हत्या एवं अराजकताको बाटो ढुकिरहेको हुन्छ । अमेरिकाका महान राष्ट्रपति लिकनको हत्या, भारतका महापुरुष महात्मा गान्धीको हत्या, बर्माका महान नेता आङसाङगको हत्या आदि यस्तै षडयन्त्रको परिणाम थियो ।

नेपालमा पनि श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले विभिन्न टुक्रामा छितरिएको राज्यहरूलाई एउटै राष्ट्रको सूत्रमा गांसेर शक्तिशाली नेपाल अधिराज्यको संस्थापनको शिलान्यास गरेको तत्काल पछि नै उनको महान यज्ञलाई विफल पार्न तथा नेपाली एकतालाई टुक्राउनको निम्ति यस्तै अराष्ट्रवादी प्रतिक्रियावादी तत्वले राजाको गाथमा खलल गरी अराजकताको वातावरण ल्याउने प्रयास त्यसै वखतदेखि गर्दै आएको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । अनि यस प्रकारको राष्ट्रविरोधी षडयन्त्रलाई नेपालको अविच्छिन्न सार्वभौमिक स्वतन्त्रताको गौरवदेखि जलेर हो वा केले हो सँधै केही विदेशी तत्वबाट सहायता समर्थन प्राप्त हुंदै आएको कुरा पनि नेपालको इतिहासले बताउंछ । यसकारण श्री ५ महाराजाधिराजको त्यो महान् घोषणा कि "हाम्रा मित्र को हुन् को होइनन् भन्ने बारे अझ सतर्कताका साथ सोच्नु पर्ने कुरा अब अझै सतर्कतासाथ एक करोड नेपालीले बुझून्, सोचून्, चिनेर मात्र त्यस्ता देशघातक तत्वको स्वयं निर्मूल गरून्" भन्ने महान् आफ्नो इतिहास साक्षी राखी प्रत्येक नेपालीले मनन गर्नु परेको छ, ताकि देश, नरेश र जनताको कांधमा व्यक्तिगत वा पारिवारिक स्वार्थ लादेर यहां अर्को जंगबहादुरको प्रादुर्भाव नहोस् ।

श्री ५ पृथ्वीनारायण शाहबाट शुरू गरिएको महान राष्ट्रिय यज्ञ फलाउन फुलाउनको निम्ति ज्यू ज्यानले योग दिनु परेको त्यस संक्रमण कालमा श्री ५ सिंहप्रताप शाहका गाथमा क्षति पुऱ्याउने उद्देश्यबाट बहादुर शाहले पाटनका भूतपूर्व राजा दलमर्दन शाहको साथमा जुन हत्याकाण्डको षडयन्त्र रचेका थिए, त्यसमा श्री ५ पृथ्वीनारायण शाहद्वारा राष्ट्रिय एकताको संगठनलाई मजबूत बनाउने उद्देश्यले निष्कासित केपुचिन पादरीहरू तथा भारतमा साम्राज्यवादी जरा गाड्न हिंडेका वृटिश कंपनी सरकारको समर्थन प्राप्त थिएन भन्न नमिल्ने कुरा चौ. बहादुर शाहको वेतियामा निष्कासित केपुचिन पादरीहरूसित गाढा सम्बन्ध तथा उनले पछि श्री ५ रणबहादुर शाहको नायव भएर वृटिश कम्पनी सरकारसित व्यापारिक सम्बन्ध स्थापना गरेको तथ्यबाट स्पष्ट गराउंछ । त्यो षडयन्त्रको भण्डाफोड भै षडयन्त्रकारीहरू समातिए पछि गजराज मिश्रको अनुरोधमा उनलाई देशनिष्कासनको सजायं गरिंदा पनि उनी गएर केपुचिन पादरीहरूका वासस्थान वेतियामै गएर बसेका थिए ।

तिनै गजराज मिश्रले पछि गएर श्री ५ गिर्वाण युद्ध विक्रमको

CC-0. In Public Domain. Digitization by eGangotri

विरुद्ध पनि षड्यन्त्र गर्ने कोशिश गरे। श्री ५ रणबहादुर शाहले आफ् स्वामी भै श्री ५ गिर्वाण युद्ध विक्रमलाई राज्याभिषेक सुम्पंदा अरू भारदारहरूले मञ्जूरीको तामापत्र गरिदिएका थिए, तर गजराज मिश्रले गरेका थिएनन्। काजी दामोदर पाँडेहरूसित खटपट परी स्वामी रणबहादुर शाह काशी गए पछि उनी नाबालक राजामाथि गजराज मिश्र हरूले श्री कृष्ण शाहलाई उक्साएर कुनै खलल गर्न नपावस् भनी सचेत नै थिए। यता दामोदर पाँडेहरूले आफूलाई बृटिश कम्पनी सरकारद्वारा काशीमा नजरबन्द गराई नेपालमा बृटिश रेजिडेण्ट लाई निम्त्याएर व्यापारिक सन्धी गरी आफ्नू शक्ति मजबूत गर्न थालेको हुनाले उनले कटरवनामा रहेकी महारानी राजेश्वरी देवीलाई नेपाल पठाएर बृटिश रेजिमेण्टलाई निष्कासित गर्ने वातावरण खडा गर्न पठाए, तथा त्यो वातावरण उत्पन्न भै रेजिडेण्ट नक्स फर्केपछि आफू रातारात काशीको नजरबन्दबाट भागेर नेपाल आए, तथा दामोदर पाँडेहरूको सशस्त्र विरोधको वावजूद पनि नेपाल आएर श्री ५ गिर्वाण युद्धको मुख्तियारी सह्याले। यसरी फेरि एक पटक राजाको विरोधमा रचिएको षड्यन्त्र विफल हुन गयो, तथा यसमा विदेशी शक्तिको समर्थन प्राप्त थियो भन्ने कुरा दामोदर पाँडेले बृटिशसित सन्धी गरी रेजिडेण्ट नक्सलाई राजधानीमा रहन दिनु, तथा बृटिशले काशीमा रणबहादुर शाहलाई नजरबन्द राख्नु, तथा उनले नेपाल पसेर प्रशासन सह्याले पछि लार्ड वेलेडलीले नेपाल-सितको सम्बन्ध विच्छेद गर्नु आदि आदि ऐतिहासिक घटनाबाट पुष्टि हुन आउँछ। उसमाथि गजराज मिश्र नेपालमा बृटिश कम्पनी सरकार-सितको व्यापार बढाउने कार्यमा व्यस्त थिए भन्ने तथ्य स्वयं विदेशी इति-हासकारहरूबाट प्रकाशमा आइसकेको छ।

यसै प्रकार रणबहादुर शाहको प्रत्यागमनबाट यी तत्वको षड्यन्त्र असफल भै देशको राष्ट्रियता एवं मुकुट सुरक्षित हुन गएको थियो। तर पनि षड्यन्त्र कारीहरू आफ्नो दाउ रच्दै थिए, तथा अन्तमा रणबहादुर शाहले

CC-0. In Public Domain. Digitization by eGangotri

पनि षड्यन्त्रकारीहरूके शिकार बन्नु पर्‍यो । संवत् १८६३ साल… काजी त्रिभुवन बवासका घरमा पुरानु मुद्दा छलफल हुन लाग्दा शे… शाहले उनको हत्या गरे । सं. १८६० सालमा रणबहादुर शाह… भारदारहरूले गरेको षड्यन्त्रको सिलसिलामा शेरबहादुर शाहले… बिराउँको माफी माग्दा रणबहादुरले 'मेरा जियमा गरेको दगा मा… बक्स्यौं तर इज्जामाथि गरेको बिराउँ त मैले माफ दिएर दिइँदैन मु… दिनु पर्छ' भनी मुद्दा चलाउन थालेको अवस्थामा उनको हत्या… थियो । तर त्यस हत्याकाण्डको तत्काल पछि नै भीमसेन थापाले षड्यन्त्रकारीहरूलाई निर्मूल गरेर देश र नरेशलाई जोगाउन नसकेको… शायद आज नेपालको इतिहास अर्कै किसिमले लेखिन्थ्यो होला।

त्यस बखतदेखि एकतीस वर्षसम्म देशको राष्ट्रियतालाई… सम्पूर्ण अभिभारा जनरल भीमसेन थापा माथि परेको थियो किनभने… बखत देशका सर्वोच्च नायक श्री ५ महाराजाधिराज नाबालक अव… थिए । जनरल भीमसेन थापाले पनि श्री ५ रणबहादुर शाहको… आफूमाथि सुम्पेको यो जिम्मेदारीलाई पूरा इमान्दारीसाथ नि… उन्नाइसौं शदीको त्यस साम्राज्यवादी भेलको सामू संमेत देशको… भौमिक स्वतन्त्रता जोगाए । उनले सामना गर्नु परेको सं. १८७१-… नेपाल–बृटिश युद्धको समयमा पनि यस्तै एक अराष्ट्रवादी पञ्… तत्वले चुरेको बाटो दुश्मनलाई नदेखाइदिएको भए शायद त्यस… प्रारूप नै अर्को हुने थियो होला ।

यस प्रकार श्री ५ पृथ्वी नारायण शाहको तत्काल पछिदेखि नै… घात प्रतिघातको वातावरणबाट गुज्रंदै थियो र यसको पराकाष्ठा… सेन थापाको पश्चात् हुन गयो । संवत् १८९४ श्रावणमा बृटिश… सत्रीयसहयोगमा पाँडेहरूले षड्यन्त्र गरी भीमसेन थापाको अवसान… पछि देशको परिस्थिति ज्यादै गंभीर तथा अस्थिर हुन थाल्यो । भी… थापाका विरोधी तत्वले देशलाई सह्माल्न सकेन । राष्ट्रका सर्वोच्च ना…

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ राजेन्द्रविक्रम पनि त्यति दृढ हुन सकेनन् कि राष्ट्रलाई यस संकटबाट बचाउन दृढतापूर्वक कदम चाल्न सकून् । नेपाली दरबार षड्यन्त्र र दाउ-पेचको अखाडा हुन थाल्यो, विदेशी तत्वले खुलेआम प्रशासनमा हस्तक्षेप गर्न थाल्यो । यस अवस्थामा करवीर पाँडेका गूटले आफ्नो भूललाई महसूस गरी राष्ट्र प्रेमको जुन उदाहरण देखाएको थियो, त्यो प्रत्येक नेपालीको निम्ति अनुकरणीय छ । पाँडेले भीमसेन थापाको अवसान गराएर देश समेत डुबायो भन्ने ऐतिहासिक कलंक लिन् भन्दा मर्नु श्रेयस्कर छ भन्ने निश्चित गरी त्यस गूटले आफ्ना बापवैरी मातवरसिंह थापालाई बोलाएर शासन सह्माल्न लगाउन राजालाई सल्लाह दियो, तथा आफ्नो पारिवारिक स्वार्थ, देश नरेश र राष्ट्रियताको निम्ति सुम्पेर आफ्नो सारा सम्पत्ति ज्वालामाई देवीको गुठीमा राखिदियो र मातवरसिंह थापाले पनि आएर राष्ट्रियताको ज्योतिलाई एक पटक फेरि उज्ज्वल बनाउने कोशिश के गरेका थिए उनी पनि षड्यन्त्रकारीको शिकार बने । त्यसपछि त परिस्थितिले उग्रतम रूप धारण गऱ्यो; र यसको परिणाम संवत् १९०३ आश्विनवदी ६सोमवारको रातीको विख्यात हत्या–काण्ड कोतपर्वहुनगयो ।

यैस कोतको हत्याकाण्ड रचेर जङ्गबहादुर कुंवरले आफ्ना सारा प्रतिद्वन्द्वीलाई निर्मूल गरे, तथा राज्यको शासन बाग्डोर आपनो हातमा लिए । यस हत्याकाण्डको षड्यन्त्रमा पनि उनलाई विदेशी शक्तिको पूर्णतया समर्थन प्राप्त हुन गएको थियो । अनि यस हत्याकाण्डबाट जङ्ग-बहादुर प्रधान मन्त्री भएपछि निःसन्देह राज्यको अस्थिर र संकटकालिन स्थितिको अन्त हुन गै राज्यमा शान्ति छाउन थाल्यो र यसबाट अगाडि रणबहादुरले हत्याबाट उत्पन्न परिस्थिति सह्मालेर भीमसेन थापाले शान्ति स्थापना गरे जस्तै उनैका नाती पर्ने जङ्गबहादुरको प्रादुर्भावबाट शान्ति अनुभव गरी जनताले सन्तोषको सास फेरे, तथा असुरक्षाको वातावरणबाट त्राण पाएको महसूस गरे, जुन त्यस बखतको वातावरणमा अस्वाभाविक पनि थिएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर, त्यसपछि जङ्गबहादुरले एकपछि अर्को षड्यन्त्रको श्रृंख… राजालाई समेत पदच्युत गरी, राजाको सम्पूर्ण शक्ति आफ्नो … लिएर श्री ५ सुरेन्द्र विक्रमलाई कठपुतली बनाउन थालेपछि … आफू कास्की र लमजुङ्गको राजा भै सं. १९१४ सालमा प्रधानमन्त्री … केवल आफ्नै परिवारमा मात्र सुरक्षित रहने लालमोहर गराएर … र जनताको काँधमा पारिवारिक स्वार्थ लाद्न थालेपछि यो स्पष्ट … कि जङ्गबहादुरले ल्याएको शान्ति मूर्दा शान्ति थियो, उनले ल्याए… बन्धन भित्रको सुरक्षा थियो ।

त्यस बखत देखि एक सय वर्ष सम्म भारत कब्जा गरी बसेका … शक्तिको आडमा राजा र जनता माथि पारिवारिक राणाशासन … गयो । यस सय वर्षको बीच राणा शासकहरूको एक मात्र महत्… यसैमा रहन गएको थियो कि राजा या त नाबालक होस्, या त … जसबाट राणाशासनको भण्डाफोड हुन नपावस् । यही कोशिशको … स्वरूप श्री ५ त्रैलोक्यको युवराजावस्थामै परकोलोक हुन गयो भनी … इतिहासकारहरूले शंका गर्ने ठाउँ पाएको थियो र यही प्रयास … राणा प्रधान मन्त्री मोहन शम्शेरले पनि गर्ने असफल हिम्मत गरेका …

यसरी श्री ५ राजेन्द्र विक्रमको कमजोर स्वभाव एवं विदेशी … समर्थनमा गरिएको षड्यन्त्रको परिणाम स्वरूप नेपालले एक सय … पारिवारिक बन्धनमा जकडिनु पऱ्यो । यस सय वर्षको अवधिमा … विकास यस प्रकार रोकिन गएको थियो कि नेपाल युद्ध एवं सन् १८… सिपाही विद्रोहको समयसम्म पनि नेपालको स्तरबाट धेरै फरक … अंग्रेजी शक्ति आज नेपाल भन्दा तीन सय वर्ष अगाडि प्रगतिमा पुगे… भन्ने सबैले अनुभव गरेकै कुरा हो ।

त्यसपछि श्री ५ त्रिभुवन एवं राजपरिवारको नेतृत्वमा संवत् २०… सालमा एक महान् क्रान्तिकारी परिवर्तन आए पछि देशले नयाँ मार्ग … पाएको थियो । त्यस बेला देखि सं. २०१७ सम्म देशमा संसदीय प्र…

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक व्यवस्था फलाई फुलाई देश विकास गर्नको निमित्त अनेक प्रयास गरिएका थियो, विभिन्न व्यवस्था अपनाइएको थियो, तथा संविधान लागू गरिएकोचुनाव पनि सम्पन्न भएको थियो । साथै चुनावबाट विजयी भै आएको दलको एक दलीय सरकार पनि गठन भएको थियो । तर यसबाट पनि वास्तवमा प्रजातान्त्रिक परिपाटीको जग मजबूत हुन सकेन देशले आशा गरे जस्तो प्रगति र विकास हुन सकेन, र अन्तमा विदेशबाट आयात गरिएको संसदीय प्रजातन्त्र भन्दा आफ्नै देशमा हुर्केको पञ्चायती प्रजातन्त्र देशको निम्ति लाभदायक छ भन्ने महसूस गरीबक्सी सं. २०१७ पौष १ गते श्री ५ महेन्द्र वीर विक्रम शाहदेवदबाट देशको शासनभार सिधा रूपमा आफैले सह्मालिबक्स्यो, तथा देशको निम्ति एक नयाँ दर्शन, राष्ट्रिय निर्देशन बक्सी आफ्नै मौलिक पञ्चायती प्रथालाई देशव्यापी तवरले लागू हुन दिनको निम्ति नेतृत्व बक्स्यो ।

संवत् २०१७ पौष १ गते देशको सम्पूर्ण शासनभार सीधा आफ्नै ज़िम्मेवारीमा लिईबक्सी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट सोही साल पौष २२ गते देश विकासको निम्ति एक नयाँ सिद्धान्तको घोषणा गरिबक्सेपछि सम्पूर्ण देशमा एक नयाँ जागृतिको लहर उत्पन्न हुन गयो तथा दुइ हजार सात सालमा जस्तै एक नयाँ शक्तिको स्रोत बग्न गयो । देशमा फेरि एक पटक राष्ट्रिय भावनाको बाढी उर्लन थाल्यो । हुन त संवत् २०११ साल चैत्र १ गते श्री ५ महाराजाधिराजको राज्यारोहण भएपछि मौसूफबाट जुन राष्ट्रिय नीति अप्नाई बक्सेको थियो त्यसबाट नेपालको राष्ट्रियता एवं अस्तित्वको जति गौरव बढ्न गएको थियो, अगाडि कहिल्यै भएको थिएन । सात सालको महान् क्रान्ति-कारी परिवर्तनको बाद पनि वीर नेपाली जातिले राणाकालीन समयमा जस्तै विभिन्न क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा विदेशी हस्तक्षेप भोग्नु परी जुन राष्ट्रिय कलंकको अनुभव गर्नु परेको थियो, त्यसबाट श्री ५ महेन्द्रको राज्यारोहण पछि मात्र संतोषपूर्वक मुक्ति पाउन सकेको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार श्री ५ महेन्द्र वीर विक्रम शाहदेवको राज्यारोहण मौसूफबाट गरिबक्सेको शासन ग्रहण,– नेपालको अस्तित्व एवं गौरव को गौरव बढाउनमा एक मात्र कारण हुन गएको छ। त्यसो त श्री ५ महेन्द्रको जन्मबाट नै हुने बिरुवाको चिल्लो पात भने जस्तै नेपाली जनताको निम्ति एक ठूलो भरोसा र शान्ति प्रदान गरेको थियो भन्ने यहाँ हुनु अप्रासाङ्गिक हुने छैन।

श्री ५ महाराजाधिराज पृथ्वी वीर विक्रम शाहलाई समयमै सन्तान नहुनाले आफ्ना भावी राजाको निम्ति नेपाली जनताले कतिको चिन्ता तथा अधैर्य हुनु परेको थियो भन्ने कुरा त्यसताका जन्मेका प्रत्येकले महसूस गरेकै कुरा हो। तर श्री ५ त्रिभुवनलाई सबभन्दा पहिले नै श्री ५ को जन्म भैदिएबाट त्यो अस्थिरता एवं चिन्ता नेपालीले भोग्नु परेन। अनि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहको राज्यारोहणबाट नेपाली जनताले सयौं वर्षदेखि भोगी आएको ऐतिहासिक, भय डर र आशंका पनि निर्मूल हुन गएको छ कि राजा नाबालक हुन गएमा फेरि नेपालले कस्ताको हातमा जकडिनु पर्ने हो। श्री ५ प्रताप शाहको पश्चात् करीब एक सय अस्सी वर्षपछि परिपक्व एवं वालिग अवस्थामा राज्यारोहण श्री ५ महेन्द्रकै मात्र भएको थियो र राजाको नाबालकको दुरूपयोग गर्ने कुनै अर्को व्यक्तिको प्रादुर्भाव सम्भावना नै रहन गएन।

यस प्रकार श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहको समयमै जन्म हुन गएबाट जसरी नेपाली जनताको अधैर्यता एवं चिन्ता दूर गरेको थियो, मौसूफको राज्यारोहणबाट त्यसरी नै एक सय अस्सी वर्ष बाद परिपक्क एवं पूर्ण वालिग राजा पाएर नेपाली जनताले त्यस ऐतिहासिक डर र आशंकाबाट मुक्ति पाएका थिए। अनि २०१७ पौष १ गते देश निर्माणमा मौसूफ स्वयं फालहालि बक्से पछि नेपाली जनताले अटल आस्था र विश्वास अडाउने एक अडान पनि पाए।

CC-0. In Public Domain. Digitization by eGangotri

यी सव विभिन्न ऐतिहासिक मांगको पूर्तिले गर्दा आज श्री ५ महेन्द्र केवल राजा मात्र हैन एक करोड नेपालीका एकमात्र आस्थापूर्ण नेता एवं नयां नेपालका निर्माता होइबक्सेको छ । सदा झैं राष्ट्रियताका गौरव एवं नेपाली एकताका प्रतीक होइबक्सेको छ र जसको योग्य निर्देशन र नेतृत्वमा नेपाली जनताले धकफुकाएर निर्भीक भै अगाडि बढ्न पाएको छ । तर, आज तिनै राजा, तिनै नेता एवं राष्ट्रिय एकताका प्रतीकमाथि नै यदि बम वर्षिन्छ भने, विदेशी भूमिमा बसी तिनैको गाथमा खलल गर्ने कुप्रयास हुन्छ भने तथा आफ्नै जंगबहादुरे पूर्खाली कुचक्र चलाउने यदि कोही सपना देख्छन् भने, त्यसको निम्ति नेपाली जनतासित एउटै जवाफ छ कि ऐतिहासिक गल्ति फेरि दोहरिनेछैन, नेपालीको अस्तित्वलाई विदेशीको इशारामा फेरि धमिलिन दिइनेछैन तथा प्रगतितिर लम्केको नेपाली पाइला उही जहानियां बन्धन सहन फेरि फर्कनेछैन । यो देश नेपालीको हो, यहां केवल नेपालीको राज चल्नेछ–नेपाली हृदय लिएर । नेपाली जनताले आफ्नो राजालाई चिन्हेको छ, राजाको अर्थ र महत्वलाई संझेको छ तथा राजाको नेतृत्वमाथि पूर्ण आस्था र विश्वास विसाएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पंचायती प्रजातन्त्र र राष्ट्रिय नि

–सूर्यप्र

नेपाल अधिराज्यभर २८,७७० गाउंहरू छन् र यसप्रकार यी ग नैं देशको जग हो भन्न सुहाउंछ । स्वतन्त्रताको पुजारी र बहा इमान्दारीको निमित्त पनि नेपालीत्वको अहं सदैव जीवित छ। यस राष्ट्रिय परम्परा भएको हाम्रो देश भएर पनि आजको युग तरीकाबाट देशको सर्वाङ्गीण र सामुहिक विकास गरी सम्पूर्ण जीवनको स्तर उकाल्न सकेका छैनौं । आजको युगमा यदि यस हामी पछि परेछौं भने हाम्रो ऐतिहासिक राष्ट्रिय परम्परा नपर्ला भन्न सकिंदैन । यसकारण हामीले गाउंका तमाम जनता सुसंगठित गरी हाम्रो राष्ट्रिय शक्ति र साधनलाई सदुपयोग गर्न मात्रको सामुहिक द्रुत प्रगतिको निमित्त प्रयोग गर्नु परेको छ। यस वास्तविक विवेचना गर्नु पर्दा विशेष रूपमा पञ्चायती प्रजातन्त्र राष्ट्रिय निर्देशनको पनि केही चर्चा गर्नु आवश्यक देखिन्छ । उपर्युक्त लक्ष प्राप्तिको निमित्त यी व्यवस्था नै बितेका अनुभवबाट सही बाटोको रूपमा हामीले अपनाएका छौं ।

प्रजातन्त्रको वास्तविक सफलताको निमित्त विद्वानहरूले स्वायत्त शासन प्रणाली नै आधारभूत रूपमा मानेका छन् । यो केवल अविकसित या अर्ध विकसित देशहरूको निमित्त मात्र होइन

CC-0. In Public Domain. Digitization by eGangotri

औद्योगिक एवं सबै किसिमबाट सम्पन्न र विकसित विभिन्न प्रकारका राजनैतिक प्रणाली भएका देशहरूले पनि कुनै न कुनै रूपमा सक्दो प्रभावकारी तरीकाबाट स्थानीय स्वायत्त शासन व्यवस्थाको विकास गर्दै लगिराखेका छन् । किनभने, यस व्यवस्था नै एउटा यस्तो व्यवस्था हो जसमा दैनिक प्रशासनमा जनता स्वयंले सक्रीय भाग लिनसक्नेछन्, केन्द्रीय कार्यकारिणी, न्यायालय तथा अरू पनि केन्द्रीय रूप स्थापित यस्ता संस्थाहरूको निमित्त यस व्यवस्थाद्वारा कामको बोझ कम हुनेछ तथा जनताको सेबाभन्दा बढी सहयोग एवं उनीहरू स्वयंमा निहित जिम्मेदारीको फलस्वरूप यस व्यवस्था अरू व्यवस्थासंगको तुलनात्मक दृष्टिकोणमा कम खर्चिलो पनि हुन जानेछ । र यस व्यवस्थामा दलगत प्रजातन्त्रमा झैं अल्पमतको अवहेलना हुनेछैन र राष्ट्रलाई खास फाइदाको दृष्टिकोणबाट मात्र सबै प्रकारका कामहरू हुनेछन् । यस व्यवस्थामा दलगत राजनीतिले स्थान नपाउने हुनाले राष्ट्रिय एकता मजबूत हुनेछ । यस व्यवस्थाद्वारा सामुहिक जनशक्ति एवं साधनको सदुपयोग हुन सक्नेछ । यस रूपमा यो व्यवस्था नौलो व्यवस्था होइन, राष्ट्रिय परम्परामा आधारित अनुभवसिद्ध प्रभावकारी कञ्चन व्यवस्था हो । राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट यस व्यवस्थाको नौलो सिद्धान्तको प्रतिपादन गरिबक्सेको होइन, यस व्यवस्थाको राष्ट्रिय महत्व प्रजाहरूमा अवगत गराइबक्सेको र प्रयोगमा आधुनिकता ल्याई देश जनता र समय सुहाउंदो बनाइबक्सेको हो । राष्ट्रनायकबाट दर्शाइबक्सेको बाटोमा जनतामा प्रगाढ विश्वासको फलस्वरूप हामी त्यस दिशातिर सफलताकासाथ अग्रसर भइराखेका छौं । हाम्रो देशमा प्यारो राजाको कुशल नेतृत्वमा यस व्यवस्थाको समय सुहाउंदो प्रयोग विश्वका सबै राष्ट्रहरूको निमित्त अनुपम उदाहरण बन्नेछ । राष्ट्रको निमित्त यही नै निश्चित लक्षप्राप्तिको लागि उचित वातावरणको सृजना गर्न राष्ट्रिय निर्देशनको पनि आवश्यकता परेको हो ।

विभिन्न देशहरूमा राष्ट्रिय निर्देशन पनि आफ्ना आफ्नै तरीकाबाट भएर आएका छन् । कुनै देशमा नेतृत्वको निमित्त व्यक्तित्वको सृजना

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ना निमित्त भएका छन् त कुनै देशमा राजनीतिका दलहरूको परिपोषण निमित्त, अनि कुनै देशमा खास राष्ट्रिय आवश्यकताको निर्देशनको कुनै न कुनै रूपमा अनिवार्यता छ। हाम्रो देशमा निर्देशनको आवश्यकता कुनै नेतृत्वको विकासको निमित्त परेको, किनभने सौभाग्यले हामीले हाम्रो राजाको व्यक्तित्वले नेपाली जीवनको प्रत्येक कण भिजेको पाएकै छौं, वर्तमान व्यवस्थामा दलगत सिद्धान्त अर्थात् विचारधाराको परिपोषण गर्न पनि परेको। अतः निर्देशन यस देशमा यस अवस्थामा हाम्रो राष्ट्रिय आवश्यकताको रूपमा छ।

बितेका नौ वर्षसम्म याहां विभिन्न दलगत राजनीतिको थियो। विभिन्न वर्ग तथा सामाजिक संस्थाहरू यहां आपनो निहित भन्दा बाहिर राजनैतिक दलहरूद्वारा उत्प्रेरित थिए। वर्ग वर्गमा नेपाली समाजमा आपसी सामञ्जस्य थिएन। यस अवस्थामा दलहरुद्वारा आफ्नो निहित स्वार्थ पूर्ति गर्न उमाडिएका कहिले कांही राष्ट्रिय स्वार्थ भन्दा परका कुरा सोच्दथे। यस्तो अवस्थामा हामी पञ्चायती प्रजातन्त्रको प्रयोगलाई साकार तुल्याउन भने यो अनिवार्य छ कि विभिन्न वर्ग आफ्नो निहित स्वार्थलाई तथा संगठित प्रयासद्वारा पूरा गरून् र यी सबै वर्गबाट पञ्चायती तन्त्रको प्रयोगलाई सफल तुल्याउन सकारात्मक योगदान दिऊन्। हाम्रो देशमा निर्देशनको खास राष्ट्रिय आवश्यकता छ। त्यस समयसम्म आवश्यकता छ जबसम्म पञ्चायती प्रजातन्त्रको विकास भइसक्दैन र जबसम्म तमाम नेपाली जनताले यस पञ्चायती प्रजातन्त्रको माध्यमद्वारा आफ्नो सामुहिक शक्ति र साधनलाई प्रयोग गरी सर्वाङ्गीण प्रगतिको निमित्त कांधमा कांध मिलाई रूपमा अग्रसर भई सफलता हासिल गर्दैनन्। यस प्रकार हामीले आन्तरिक साधन र शक्तिलाई राष्ट्रहितको निमित्त एकत्रित र गरी एउटै बाटो र एकै लक्षमा हिंडाउने बानी बसाउनु परेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

गाउं पञ्चायत, जिल्ला पञ्चायत, अञ्चल पञ्चायत राष्ट्रिय पञ्चायत र विभिन्न वर्गीय संगठनका गठन तथा सुसंचालन पनि कम गाहारो कुरा होइन। यस निमित्त प्रत्येक नेपालीको पसिना, त्याग र इमान्दारीको आवश्यकता छ। यस काममा त्यति हतार गर्न हुंदैन जसबाट यी सबै संस्थाहरुको गठनमा राष्ट्रको उपर्युक्त आवश्यकता पूरा गर्ने गहनताले नै नहोस् नत त्यति ढिलाइ गर्नु भएको छ जसबाट यसप्रति नेपाली मात्रमा व्याप्त उत्साह र उमङ्गको फूलहरु मौलाउन नै नपाउन्।

यसरी यी संस्थाहरू सुसंगठित भएपछि अनि यी संस्थाहरूलाई सुपूर्द गरिने या गरिएका जिम्मेदारीहरू पूरा गर्न सक्ने क्षमता ल्याउन पर्नेछ। संस्थाहरूको गठन केवल गठनमा सीमित रहन नदिन र यसको क्रियाशीलतालाई जारी राख्न हरसम्भव उपायहरू अपनाउनु पर्नेछ। केवल संस्थाकै खांचो मात्र पूर्ति गर्ने हो भने त गत साल पौष १ गते भन्दा उता पनि नेपालमा कम मात्रामा संस्थाहरूको गठन भएको थिएन। धेरै उच्च आदर्शहरूको परिपूर्तिको निमित्त गठन भएका भएतापनि ती संस्थाहरू त्यसै सेलाएर गए किनभने ती संस्थाहरू वर्गीय तथा खास जनहितका स्वार्थहरू लिएर संगठित भएको भएतापनि यदि कुनै दलको राजनैतिक स्वार्थ पूरा नहुनेरैछ भने ती संस्थाहरूले कही कतैबाट आड पाउंदैनथे। फलतः संस्थाहरू खुल्थे, सेलाउंथे। तर अब बनेका यी संस्थाहरूलाई त्यस रूपमा सोच्नु गलत हुनेछ। किनभने, अघि माथि उल्लेख भए झैं यो राष्ट्रिय आवश्यकताको रूपमा गठन हुंदैछ। यी संस्थाहरूमा गाउं पञ्चायतदेखि लिएर जिल्ला, अञ्चल एवं राष्ट्रिय पञ्चायतलाई र त्यसरी विभिन्न प्रकारका वर्गीय संगठनहरूलाई पनि निश्चित जिम्मेदारी कानून, ऐन तथा नियमको अधीनमा रही दिइएको छ। यस प्रकार हाम्रो जस्तो यातायात तथा सञ्चार व्यवस्था विकसित नभएको पहाड मधेशले घेरेको देशमा विकेन्द्रीकरणको दिशामा देश सुहाउंदो प्रगतितिर अग्रसर हुन लागेका छौं। जसबाट हामी देशको आर्थिक, सामाजिक, सास्कृतिक तथा राजनैतिक स्तर उठाउन अवश्य नै सफल हुनेछौं। विभिन्न तहमा संगठित भएका या

CC-0. In Public Domain. Digitization by eGangotri

संगठित हुने वर्गीय संगठनहरूले पनि अब केवल आफ्नो वर्गीय स्वा[illegible] नबनाएर राष्ट्रको उत्थानमा नै सामुहिक भलाइ छ भन्ने कुराउपर [illegible] गर्नुपर्दछ।

वर्गीय संगठनहरूले अब विभिन्न तहमा पञ्चायतहरूद्वारा [illegible] विकासका कामहरूमा सक्रीय रूपबाट रचनात्मक सहयोग दिनु [illegible] आफ्नो शाखा प्रशाखाको माध्यमबाट पञ्चायतद्वारा गरिने काम[illegible] ब्यापक प्रचार गर्नु, काममा सहयोग गर्नु निर्देशन अन्तर्गतका [illegible] संगठनहरूको काम हुनपर्दछ। यसो भएमा विभिन्न तहदेखि नै वर्गीय [illegible] एवं स्थानीय स्वायत्त शासनका संस्थाहरूको बीच आपसी सामञ्जस्[illegible] राष्ट्रको कुनै पनि शक्ति व्यर्थमा खेर जानेछैन र राष्ट्रनिर्माणको [illegible] सबै तिरबाट रचनात्मक सहयोग मिल्न जानेछ।

विभिन्न तहमा गठन गरिने पञ्चायतहरूद्वारा आपसमा एक[illegible] भावना अर्थात् मिलीजुली स्वावलम्बी तरीकाले काम गर्ने [illegible] सहयोगको विकास तथा जनहितको निमित्त आपसी अनुभव तथा [illegible] धाराको आदान–प्रदान गर्ने मौका मिल्दछ। त्यसरी नै निर्दे[illegible] विभिन्न तहका संगठनहरूद्वारा पनि गाउं, जिल्ला, अञ्चल तथा [illegible] हितका कुराहरूमा परस्पर सहयोगको भावनाले काम हुनेछ र [illegible] राष्ट्र उत्थानको जग प्रत्येक सिंढीमा मजबूत बन्दै जाने यस व्यव[illegible] गाउंकै स्तरदेखि प्रत्येक दृष्टिकोणबाट सुसम्पन्न तुल्याउंदै ल्याउने [illegible] एक महान् व्यवस्था हो। यसरी तलैदेखि परिस्कृत हुंदै आई [illegible] पञ्चायतको गठन हुनेछ र राष्ट्रिय रूपमा संगठित विभिन्न वर्गीय संगठ[illegible] पनि यसमा प्रतिनिधित्व हुने व्यवस्था छ। राष्ट्रिय पञ्चायतको नि[illegible] समयमा हुने अधिवेशनमा श्री ५ महाराजाधिराज स्वयंबाट अध्य[illegible] ग्रहण गरिवक्सने हुनाले खासगरी राष्ट्रिय एकताको दृष्टिकोणबाट [illegible] व्यवस्थाको महत्व त्यतिकै छ जति पञ्चायत जस्ता प्रजातन्त्रका प्र[illegible] संस्थाहरूको विकासबाट हुने विकेन्द्रीकरणको साधनबाट जनता[illegible] निमित्त देखा पर्ने प्रत्यक्ष लाभ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार पञ्चायती प्रजातन्त्रको स्थापनामा राष्ट्रिय निर्देशनको खास महत्व हामी पाउंछौं। खास गरी गाउं तथा जिल्ला तहमा गठन गरिने पञ्चायतको र राष्ट्रिय निर्देशनका संगठनहरूलाई ज्यादै दरिलो बनाउनु पर्दछ। उनीहरूलाई आफ्नो काम कार्यवाईमा समय समयमा उचित निर्देशन तथा निरीक्षण गरी प्रोत्साहन दिइनु पर्दछ। गाउं तथा जिल्लाको स्तरबाट उपलब्ध हुननसक्ने सबै किसिमका आवश्यक सेवाको शीघ्रता र तत्परता-कासाथ व्यवस्था मिलाई दिनुपर्दछ। यसो भएमा नि:सन्देह यी संथास्हरूले राष्ट्रनिर्माणको निमित्त दरिलो जग हाल्नेछ। राष्ट्रनायक श्री ५ महेन्द्रको आह्वानमा उम्लिरहेको जुन उत्साहले सबै नेपालीको निमित्त सुखद भविष्य ल्याउनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श

हिमबहादुर नेपालीको संक्षिप्त जी...

—टी. ...

श्रीसूर्यनारायणको एकलौटी छोरी पृथ्वीदेवीको गर्भबाट ... असंख्ये छोरीहरूमध्ये जम्मुदिप हिमवत खण्डमा विराजमान ... एक सानी छोरी जसको रेखदेख आदिकालदेखि श्रीजगत्गुरु गोरख... गर्नु भएको छ, उनी गोर्खेश्वरी नामले प्रख्यात थिइन्। यिनका ... दरसन्तान सूरवीर, धार्मिक औ न्यायी भै आफ्नो मातृभूमि... वनाई आफ्नी ठूलि आमा, सानीआमाका सन्तानभन्दा कति ... आफ्नो प्रतिष्ठा कायम राखिगएका थिए।

आजभन्दा २५०० वर्ष अगिको कुरा हो। यही गोरखा ... नरभूपाल नामका राजा राज्य गर्दथे। यिनकी रानीले एक रा... पूज्य वंशज भगवान सूर्यनारायणलाई निलेको सपना देखिन्। यो ... स्वप्न राजालाई सुनाइन्। राजाले कुरा बुझे। सो स्वप्नको फलको ... गरे। आंखिर वि.सं. १८२२ मा एक प्रतापी, तेजस्वी बालकको जन्म... विद्वान पंडित ज्योतिषहरूले यी साक्षात् पृथ्वीका नारायण हुन् भनी ... बालकको नाम पृथ्वीनारायण राखे। बालक राजकुमार गोरखाका ... सपुत थिए। 'हुने विरुवाको चिल्लो पात' भनेझैं उनी बालककालदेखि... आफ्नो कलाकौशल औ बहादुरीले सबैको नारायण भैसकेका थिए। ... कुशल नेतृत्वमा हुर्केका हिमालका बहादुर नेपालीका पूर्खाहरू... बायां बाहुं र स्व बाहुका खुंडा, खुकुरी थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार पौरखी राजा, प्रजाको सामु मुण्टो उठाउन नसकी छर-छिमेकका समस्त दिदी–बैनी (राज्यहरू) एकपछि एक गर्दै गाभिनथाले। आखिर हिमबत्खण्डको सगरमाथा लगायत धेरै हिम चुचूराहरू जडित शिरताज पहिराइएकी, हरीयो बन जंगलले भरिएको डांडा–कांडाको, कस्तुरी र मृग र डांफेचरी बुट्टे चोलो, चारकोसे झाडीको बागबुट्टे फरिया, तराईको पहेंलो मोजा, जुत्ता पहिराइएकी, मेची, महाकालीको किनारा हाली कोशी, गण्डकी र कर्णालीको बलियो पटुका बांधिएकी, श्री पशुपतिनाथले रक्षा गरिएकी, नेपाल आमाको पूर्णरूप खडा गराई, यहांका प्रत्येक जातिमा नेपालीत्व भरिदी, एक सुन्दर फुलबारीको सृजना गरी, सबैको साजा बनाई, आफ्ना भावी सन्तानको संरक्षणमा छाडी शाहवंशका चम्किला तारा श्री ५ पृथ्वीनारायण शाहले प्रजाका नाममा अनेक दिव्य उपदेश समेत दी छाडी गएका हुन्।

शाहवंशीय विभूतिहरूले क्रमशः आफ्नो प्रतापले आमाको प्रताप बढा । रणबहादुरले रणमा बहादुरी देखाई आमाको शरीर डबल मोटो बनाए। गिर्वाणयुद्धले उत्तर र दक्षिणमा युद्धद्वारा आमाको इज्जत कायम राखे। राजेन्द्रले समुद्रपारिको शत्रुसंग पनि दोस्ती राखी लामो राज गरे। त्रैलोक्य-ले तीनै लोकमा आमाको गौरवमय आत्मा भरे। पृथ्वी वीरले नेपाली जाति पृथ्वीमा वीर हुन् भन्ने चन्द्र–सूर्य रहेसम्म मेटिनेछैन भन्ने भाव भरे। अनि त्रिभुवनले तीनै भुवनमा नेपाली मात्रको कल्याणार्थ अरु सभ्य मुलुकका प्राणी सदा स्वछन्दसंग बांच्न पाउने गराउन आफू र आफ्ना भावी शासक शाहवंशको बाजी लगाई बज्रको पर्खाल र फलामको जन्जीर तोडी आफ्नो प्राणतुल्य प्रजालाई फुकाइदिए।

नेपाली मात्रहरू शताब्दीयौंदेखिको बन्धनबाट मुक्त भए, सबैमा खुशीको लहर छायो। उमंगले नाच्न थाले। नेतागणहरू तंछाड् मछाड् गर्दै अगि बढे। ३ जनासम्मको पार्टी देशव्यापी कहलाइयो। सबैले ठाने कोही-नकोही सपुत निस्की निःस्वार्थी भै देशसेवा गर्ला– आमाको लाज राख्ला, गरीब दुःखी जनताले रोटी रोजी पाउनेछन्। शाहवंशको छत्रछायामा रही

CC-0. In Public Domain. Digitization by eGangotri

छाति फर्काएर अरूले चन्द्रलोकतिर बरियात लांदा जन्तीसम्म भन्ने आशा राखियो ।

समय आयो अब आमालाई इन्द्रपुरीको दांजोमा चांडै ल्याउने महेन्द्रको उदय भो । दुनियांले पत्याएका नेता हौं हामी मुलुकको सेवा गर्छौं भन्दै पिच्रोड्मा तेर्सिएर शासन मागे । प्रजातन्त्र अनुसार संविधान तयार गरी महानिर्वाचन भयो । नेताहरू चुनिए । आशा, राजाको भरोशा, दुनियांको दिलाशा पाई अरू मुलुकले वर्षमा गरेको उन्नति हामीले १० वर्षमा गर्नपर्छ भनी नेताहरू कुर्लन सोजा हिमालका छोरा बहादुर नेपालीहरूमा उमङ्गको लहर सगरमाथा चढे, पहारा फोरे, खोला फर्काए, चारैं दिशामा मैत्रीपूर्ण गरे । आमा जगमगाइन्, चन्द्र–सूर्य ध्वजा पृथ्वीभर फर्फरायो । तर आर्कोले उचालेको कुकुरले मृग खेद्दैन भने झैं श्यालले बाघको ओडेका रहेछन्, 'नेता' को उल्टो 'ताने' भै, जनताको धन, जन, इज्जत तान्न थाले, हुंदाहुंदा आमाको फरिया तान्न पनि हिचकिचाएनन् । अरूले आमालाई नै तान्न मात्र बांकी रह्यो । किन यसो भयो त? उठ्यो, जवाफमा देखाए त्यस्ता आमा पर्नेहरू आफैंलाई पनि चल्ने भने अरूलाई लगाइदिएर दलाली खानु ता ठूलो बुद्धि मानी पो अनि मुलुकमा हा! हा! कार भो, प्रलयको आशंकामा जनता त्राही भए ।

आमाको धर्म फेरि ताजा भो । शाह बंशको पराक्रमले प्रत्येक ढुङ्गा, माटोले गुहार माग्यो । कोटी प्राणीको रक्ष्यार्थ श्री ५ महेन्द्र मुलुकलाई गहकिलो कदमद्वारा संभालीबक्स्यो । सत्य आखिर सत्यनै देश बेगर हामीले हामी भन्न पाउने छैनौं भन्ने भावना समस्त नेपालीको महामन्त्र भो । जनचेतना आयो । अब कसैले छलकपट गर्न भए । आफुलाई नेपाली हुँ भन्नेहरूमा पुनः प्राणेश्वर पऱ्यो नव ती पलाएर आयो । आमाको सान अगि भन्दा चौगुना बड्यो । रूपी मुकुट अब मज्बुत साथ बाँधियो । कम्मरमा बलियो पटुका कसियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व पश्चिम राजमार्ग महेन्द्र मालाको रूपले आमाको गलामा पहिराईयो । आमा संसारको साम् पूर्णरूपले खडा भईन ।

यता अनेपालीहरू जो पैले देखि हिम बहादुर नेपाली को सट्टा मैदान भक्त दोग्ला रहेछन्, आफ्नो कुकृत्य र कुकर्म देखाउन कोहि पाखालागे ता कोही भागी आर्काको मलको रास मुनी लुकी सुनसान जङ्गलको कुनामा हुईया गर्नु थाले । बिचरा दोग्लाहरूले त रसाउन खोजेका होलान् तर असर आर्कै पऱ्यो । सुतेका वीरहरूलाई जगाए, खुकुरीमा सान थपे । नव-चेतना भरे, जागृतिको भण्डार खोली दिए आफूहरू आमाको जुत्ता मुनिको काँडा भएको पत्तै पाएनन, । आफैं उत्तानो परे ।

यता शताब्दियौंदेखि समस्त नेपालीको भाग्यदाता महापराक्रमी शाहवंशीय सूर्य श्री ५ महेन्द्रको कान्तिले छाएको नेपालमा बिना रोकतोक शान्ति र विकासको मूल फुटी सकेको छ । पौरखी, पराक्रमी राजाको सुयोग्य पुस्तौंदेखि नै आफ्ना पनि इमान, धर्म र बहादुरीले भरिएका हिमाली बहादुर नेपालीका पुस्ता-पुस्ताले देश र नरेशको भक्ति अटूट गर्दै आएकोबाट पनि आज समस्त नेपालीहरू सुखको सास फेर्दै, महेन्द्र वृक्षको छहारी मुनि बसी, सत्यताको पोशाक पहिरी, पराक्रमी दुइ हातमा उद्योग धन्दाको साँचो लिई भावी सन्तानको भाग्य उघार्न पञ्चको माझमा शोभायमान भैरहेका छन् ।

पञ्च तत्वले बनेको शरीर, पञ्च ज्ञानेन्द्रीय र पञ्च कर्मिन्द्रीय-लाई साथमा लिई पञ्चशीलको सह-अस्तित्वमा आस्था राख्दै देश र नरेशको सेवा गर्न कम्मर कसेका पञ्च–परमेश्वर रूपी पञ्चायतहरू श्री ५ महेन्द्रको कुशल नेतृत्वमा फल्ने फुल्ने छौं भनी आज पञ्चायत राज कायम गर्न अगि बढेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय पंचायतको मह

—कृष्ण बम म

पञ्चायत पञ्चको राज हो र प्रजातन्त्र हो। पञ्चायती प्रजात नै आफ्नो भलाइ र देशको विकास हुन सक्दछ भन्ने कुरा प्रत्येक नेपा थाहा छ। पञ्चायत हाम्रो परम्परा हो र पञ्चायत नेपालको समयदेखि नै चलिआएको कुरो हो। पाश्चात्य प्रजातन्त्र पश्चिमी दे सुहाउँदो भएको भएतापनि पूर्वी देश हरूमा अझसम्म यसको सफल देखिन्न औ नेपालमा पनि दश वर्ष न हाँसको न बगुलाको चाल लिएर प्रजातन्त्रले हिंड्दा जनतालाई यसबाट जो पीर मर्का पर्‍यो त्यो सबै भोगेर आएकै कुरो छ। यी सबै कुराले गर्दा श्री ५ महाराजा सरकारबाट राष्ट्रिय पञ्चायतको स्थापना गर्ने र २०१८ साल ७ गते पञ्चायतको निमित्त चुनाव गराउने सन्देश राष्ट्रको न बक्सेको हो।

राष्ट्रिय पञ्चायत पद्धतिमा ४ तह देखिन्छ: प्रथम तह ग्राम पञ्च र नगर पञ्चायत, द्वितीय तह जिल्ला पञ्चायत, तृतीय तह अ पञ्चायत र चतुर्थ तह श्री ५ महाराजाधिराज अध्यक्ष होइबक्सने रा पञ्चायत। यसरी यस पञ्चायत पद्धतिको जग ग्राम पञ्चायत र न पञ्चायत हुन आएका छन्। ग्राम पञ्चायत र नगर पञ्चायतले स्था समस्याहरू माथि सोच विचार गरी समुचित समाधान निकाल्न पूर्ण पाउनेछन्। स्थानीय शासन यसरी स्थानीय मानिसको जिम्मा

CC-0. In Public Domain. Digitization by eGangotri

सही कुराको बोध हुन सक्ने छ र जनतालाई आफ्नो पीर मर्का हटाउन सजिलो पर्नेछ। स्थानीय शासनमा स्थानीय मानिसले स्थानीय मानिसको स्थानीय अनुभवको उपयोग हुन सक्ने छ र स्थानीय मानिसले स्थानीय शासनमा सक्रिय भाग लिन पाउने छन्। ग्राम पञ्चायतहरूको समूहको काममा एकीकरण र समन्वय ल्याउने काम जिल्ला पञ्चायतले अौ जिल्ला पञ्चायतको कार्यमा एकीकरण र सामञ्जस्य कायम राख्ने अभिभारा अञ्चल पञ्चायतले उठाउने छ। श्री ५ महाराजाधिराज सरकार नै अध्यक्ष होइबक्सने राष्ट्रिय पञ्चायतले सबै पञ्चायतको समस्या र सिफारिशको अध्ययन गरी आवश्यक नीतिको निर्णय लिने छ र आवश्यक निर्देशन पनि दिनेछ र साथै पञ्चायत पद्धतिलाई सफल बनाउन चाहिने आवश्यक सबै काम गर्नेछ।

यसरी यस पञ्चायत पद्धतिमा कर्तव्यको सबैलाई बोध गराउँदै अधिकारको विकेन्द्रीकरण हुनेछ। ग्राम पञ्चायत वा नगर पञ्चायतलाई नै आफ्नो कर्तव्य पूरा गर्न आफ्नो अधिकार उपयोग गर्ने औसर रहने छ। वास्तवमा जनताको निमित्त हुने जनताको सरकार भन्नु नै पञ्चायती शासन देखिन आउँदछ।

यो पञ्चायती प्रजातन्त्र नेपालको निमित्त बहुतै उपयोगी सिद्ध हुनेछ र यसैमा मात्र हाम्रो कल्याण छ भन्ने कुरामा शंका राख्नु पर्ने केही कारण छैन। यस विषयमा दुविधा लिने मानिसहरूले सर्व प्रथम पाश्चात्य प्रजातन्त्र प्रणाली हामीलाई उपयुक्त छ छैन भन्ने कुरामा र यस्को सफल प्रयोग हुन सक्दछ सक्दैन भन्ने विषयमा राम्ररी विचार गर्नु पर्नेछ। पश्चिमी प्रजातन्त्र दलबन्दी प्रथाको आधारमा चल्दछ र दलगत चल्ने प्रजातन्त्रले नेपालको भलाई कदापि गर्न सक्तैन भन्ने कुरा दश सालको पुरानो अनुभवले सिद्ध गराईसकेको छ। पश्चिमी प्रजातन्त्रमा पार्टीको कार्यक्रमको आधारमा चुनाव लडिन्छ। पार्टीलाई लडी चुनाव जित्न निकै नै पूंजीको आवश्यक रहन्छ। पार्टीका नेताहरूले अनेक सुविधा र पदको समेत प्रलोभन दिई आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri
निमित्त पूँजी एकत्रित गर्नु पर्दछ र हाम्रो देश गरीब हुनाले पूंजी पूरा मात्रामा देशभित्र असूल हुन नसक्नाले देश बाहिर पनि पाएमा चुनावको निमित्त धन जम्मा गर्नु पर्नेछ। यी दुवै धन बटुली चुनाव जित्ने दलहरूबाट देशको हालत के हुन्छ सो हामीले भनी रहनु पर्ने कुरा छैन।

यसको साथै नेपालमा शिक्षा र योग्यताको कमीले काम नसक्ने तर भाग भने ठूलो चाहिने मानिसहरूले पार्टीमा नेता तल्लो तहमा पसी काम गर्ने गरेका र आफ्नो पार्टीले शक्ति गरे पछि ठूला-ठूला भाग र पदको पनि चाहाना राख्ने गरेको सबैले पाश्चात्य प्रजातन्त्र प्रणालीमा देखे जानेकै कुराहरू हुन्। किसिमका मानिसहरूले प्रशासनमा स्थान पाएपछि धेरै स्वार्थ सिद्ध र भ्रष्टाचार पनि गर्दछन्। यसबाट प्रशासन व्यवस्था अति नै नराम्रो असर पर्न सक्दछ र देश अवनतिमा पुग्न सक्दछ।

दलगत स्वार्थले गर्दा पार्टीको सरकारले सरकारी प्रशासन नचाहिंदो काम गराउन वाध्य गर्ने प्रयत्न पनि पाचाश्त्य प्र पद्धतिमा भएको देखिन्छ। औचित्य र न्यायको विचारलाई किसिमको दवाबले नराम्रो धक्का दिन्छ र औचित्य र न्यायको हुँदैन तब जनतामा भ्रम र धोखाको भय उत्पन्न हुन गई श्रद्धा र सरकारी काममा समेत विश्वास घट्न जान्छ। प्रजातन्त्रको अनुकरण गर्दा जनताको भलाईको निमित्त सरकारले आफ्नै दल भित्रका नेताहरूमा गुटबन्दी र एक गुटले असल कामलाई पनि आर्को गुटले हुन नदिने र सरकारको भएसम्म मेलमिलाप देखाई मन्त्री पदबाट बाहिर भएमा विरोध व्यवहार देख्दा जनता आश्चर्य हुनु स्वाभाविक कुरा हो। यस किसिम धोखा र व्यवहार हेरी जनताको मनमा सत्य के हो र प्रजातन्त्र छ जान्ने इच्छा हुनु पनि स्वाभाविक हो। सत्य र प्रजातन्त्र के हो सो जान्न नसकी आफूलाई भूल-भुलैयामा भएको अनुभव जनता

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न थाल्नु पनि स्वाभाविक हो। यसरी अलमलिएका जनतालाई सबैका साजा आफ्नै राजाले पञ्चायती प्रजातन्त्रको संदेश दिनु पनि स्वाभाविक हो।

राष्ट्रिय पञ्चायतमा पार्टीको आवश्यकता देखिन्न। चुनावमा सेवाको भावना लिएर काम गर्ने मानिसहरूले आफै भाग लिन पाउने छन् र कुनै पार्टीको मनोनित उम्मेदवार भएर उनीहरूले आउनु पर्ने छैन। यसरी राष्ट्रिय पञ्चायत प्रणालीमा पार्टीको दरकार भएर उनीहरूले आउने पर्ने छैन। यसरी राष्ट्रिय पञ्चायत प्रणालीमा पार्टीको आधारमा होइन योग्यताको आधारमा भोट दिने सुविधा रहने छ। भोट लिन पार्टीबाट तयार भएका कार्यक्रमको भूल-भुलैया-मा भोट दिने मानिसहरू पर्नु पर्ने छैन किन कि आर्थिक, सामाजिक तथा राजनैतिक कार्यक्रम राष्ट्रिय पञ्चायतहरूबाट तयार हुनेछ। र यस्तो कार्यक्रम दलगत नभई राष्ट्रिय भावनाले प्रेरित हुनेछ। यस राष्ट्रिय कार्यक्रमलाई देशमा प्राप्त ज्ञान विज्ञान कला कौशल-को उपयोगले कार्यान्वित गरिने छ। यसरी पार्टी रहित प्रजातन्त्रको पदलोलुपता, घुसखोरी, नातावाद आदि हट्न जानेछन् र देशलाई सुखी र उन्नतशील पार्नमा लगाउन सकिने छ।

पञ्चायती प्रजातन्त्रमा अधिकारको विकेन्द्रीकरण हुने हुनाले जन धनको सुरक्षा र न्यायको सुलभता देशका कुना-कुनामा पनि सम्भव हुनेछ र साथै पञ्चायतले नै स्वास्थ्यको सुविधा र शिक्षाको सहुलियत आफै बढाउन पाउने छ। यस किसिमको प्रजात्रन्त्रमा स्थानीय जनताले नै आफ्नो पुल, बाटो-घाटो र पाटी पौवाको रेखदेख गर्न पाउने छन् औ आफ्ना गाउँमा चाहिने सबै सुविधाको प्रबन्ध गर्न सक्ने छन्। यस किसिमको पञ्चायतले आफ्ना अधिकार क्षेत्र भित्रको आफूलाई र राष्ट्रलाई चाहिने सबै प्राकृतिक ऐश्वर्य जस्तो भूमि, नदी-नाला, खानी, बन आदिको संरक्षण पनि सफलतापूर्वक गर्न सक्ने छन्। अहिलेसम्म यस किमिसको प्राकृतिक ऐश्वर्यको यति

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो क्षति भैसकेको छ जस्को लेखोजोखो गर्नु असम्भव प्राय: छ। यसरी आफ्ना आफ्ना भावी सन्तान र देशको निमित्त पञ्चा... अति नै ठूलो महत्वको बोध गरिन्छ।

यस पञ्चायत प्रणालीलाई सफल बनाई देश र जनताको ... वैज्ञानिक तथा सामाजिक नेताहरूको तथा तत्सम्बन्धी संस्था... बुद्धि र ज्ञानको उपभोग गरिने छ। यसमा समाज शास्त्री, इञ्जि... शिक्षा प्रेमी, कृषि विशेषज्ञ, स्वास्थ्य विशेषज्ञ आदिको अनुभव... ज्ञानको उपयोग हुन पर्नेछ। तर दलगत राजनैतिक नेता तथा ... नैतिक पार्टीको आवश्यकता रहने छैन। यस पञ्चायती प्र... राजनैतिक दृष्टिकोणबाट एकै नेता सबैको साजा राजालाई ... मान्ने छ। यही तथ्यको आधारमा यो पञ्चायती प्रजातन्त्र चली ... राजनीति र गुटबन्दीबाट देश र जनताको संरक्षण यसले ... त्यसैले नेतृत्वको आवश्यकता रचनात्मक कार्यमा पर्नेछ औ रच... कार्य गर्ने जनसेवीहरूको पञ्चायती प्रणालीमा महत्वपूर्ण स्था... छ औ उनीहरू मर्यादाका पात्र मानिने छन्।

पश्चिमी ढांचाको प्रजातन्त्र सफलतापूर्वक चलाउन ... विद्वान्हरूकै रायमा व्यापक रूपमा समाजमा उच्च शिक्षाको ... हुनु पर्दछ। यही आधारमा भारतलाई स्वराज दिन ब्रिटिश ... ६० वर्षसम्म अडेर रहेको कुरा सर्व विदित छ। कुनै ... बेलायतकै जस्तो प्रजातन्त्र चलाउन चाहन्छु भन्दा विद्वान् ... एच. जी. वेल्स हांसेको पनि सबैलाई थाहा छ। त्यसैले ... प्रजातन्त्रको सफल प्रयोग गर्न कठिन हुने बेफाइदाहरूमा आंखा ... पश्चिमी प्रजातन्त्रको गुण मात्र गाएर यसलाई नक्कल गरेर ... हामीले विजय पाउन सक्तैनौं। यी सबै कुरा १० वर्षको अनुभव... हामीले जानेर आयौं। हामीले १० वर्षको अमूल्य समय केही ... नक्कलमा नै गुमायौं। अब पर्खने बेला छैन। पञ्चायती प्रजातन्त्र... नै हामीले लाग्नु परेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चायती प्रजातन्त्रमा व्यक्तिगत अधिकारहरू र पाश्चात्य प्रजातन्त्रका असल गुणहरू विद्यमान रहने छन्। राजनीतिक पार्टीहरू काम गर्ने छैनन्। राजनीतिक पार्टी फासिष्ट र कम्युनिष्ट देशहरूमा पनि हुन्छन्।

पञ्चायती प्रजातन्त्रमा राजनीतिक पार्टीको आवश्यकता रहँदैन किन कि उच्च तहको प्रजातन्त्र नै यसको लक्ष रहने छ। दलगत स्वार्थलाई पञ्चायती प्रजातन्त्र प्रोत्साहन दिँदैन। तर पार्टी रहित राजनीतिको स्थापना गर्नु मानव अधिकारको हनन गर्नु हो भन्ने दलिल पेश हुन सक्दछ। बाहिरी दृष्टिकोणबाट पाश्चात्य प्रजातन्त्र प्रणालीको आधारबाट जांच्दा सो हो जस्तो देखिएतापनि पञ्चायती प्रजातन्त्रको राम्रो बोध भएमा व्यक्तिगत औ मानव अधिकारको हनन कहीं हुँदैन। जुवा खेल्ने व्यक्तिगत इच्छालाई रोक्नै पर्छ। यदि यो व्यक्तिगत अधिकारको हनन् होइन भने पार्टी रहित पञ्चायती शासनमा पार्टी र गुटबन्दी बन्दैन भने यसलाई हामी व्यक्तिगत अधिकारको हनन भयो भन्न सक्तैनौं। पञ्चायती प्रजातन्त्रमा पार्टीको आवश्यकता देखिन्न र पार्टीको संगठन भएमा यसबाट उत्पन्न हुने अवगुणहरूले पञ्चायती प्रजातन्त्रलाई सफल हुन दिने छन्। त्यसैले पार्टी रहित समाजको स्थापना पञ्चायती प्रजातन्त्र गर्दछ र यसैमा मानव जातिको निमित्त उच्च कल्याण देख्दछ। यसमा राष्ट्रिय भावनाले मात्र होइन सम्पूर्ण मानव जातिको कल्याणले प्रेरित भएर काम हुन्छ।

श्री ५ महाराजाधिराजबाट देशको हितको लागि अनेक प्रयोग गरी राष्ट्रिय पञ्चायतको सन्देश जनताको नाममा बक्सेको छ। यस संदेशबाट नेपालको कल्याणका साथै सम्पूर्ण मानव जातिको भलाईको बोध गर्न सकिन्छ। यस राष्ट्रिय पञ्चायत पद्धतिलाई सफल बनाई हामी हाम्रो शासन पद्धतिमा स्थिरता ल्याउन सक्ने मात्र होइनौं तर साथै देशमा सुख समृद्धि पनि बढाई जनताको आर्थिक तथा मानसिक स्तर पनि उँचो बनाउन सक्ने छौं। हामीले पञ्चायत प्रणालीमा अटल

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वास राखी काम गर्नुपरेको छ किन कि यसमा सत्य कुरा श्रौ हाम्रो परम्परा र योग्यता सुहाउँदो यो प्रथा छ। पञ्चा पद्धति सरल प्रजातन्त्र पद्धति हुनाले हामी यसको बोध सक्तछौं र यसलाई कार्य रूपमा परिणत गर्न सक्ने हामीसंग छ।

तर साथै पञ्चायत पद्धति गहन विषय छ किन कि यसमा उच्चतम प्रजातन्त्र सम्भव देखिन्छ। यहीं नेपाल भूमिका गौतम बुद्ध श्रनेक यातना सहेर श्रथक परिश्रम गरी सुख शान्तिको निमित्त मार्गको प्रदर्शन संसारलाई गरेका थिए र मानव कल्याणको निमि पञ्चायती प्रजातन्त्रको सफलताको प्रदर्शन श्रब हामीले गर्न सक्ने हामीले राष्ट्रिय पञ्चायतको महत्वको महत्व बुझी श्रटल विश्व यसमा राखेर काम गर्नु परेको छ। राष्ट्रिय पञ्चायत हाम्रो प्राप्त गर्ने एक बहुतै राम्रो मार्ग हामीले पाएका छौं। यस मार्ग श्रनुशरण गरेर हामीले सफलता श्रवश्य प्राप्त गर्ने छौं श्रौ प्रजातन्त्र नाममा श्रनेक यातना हामीले सही विचलित हुनु पर्ने छैन किन दलगत गुटबन्दी र स्वार्थ सिद्धलाई पञ्चायतले प्रोत्साहन छैन।

यसरी हामी राष्ट्रिय पञ्चायतलाई श्रपनाएर हाम्रो इतिहास सुनौला पाना पल्टाउने भएका छौं र हाम्रो भविष्य बहुतै उज्ज्वल देखिन्छ। पञ्चायतको सहारा लिई देशोन्नति र जनताको श्रार्थिक स्तर ऊँचो गर्ने मात्र होइन साथै श्रनेक सामाजिक रोगहरूको निर्मूल गर समाज सुखमय बनाउन हामीले सक्ने छौं।

हामीले पाश्चात्य प्रजातन्त्रमा श्रन्ध विश्वास गरी यसको प्रयो गर्यौं जसको फलस्वरूप देशमा पदलोलुपता, श्रफिसको कलह र गुट बन्दी बढ्न गयो श्रौ देशको श्रवस्था सुध्रन भन्दा बिग्रंदै जान लाग्यो। यस श्रवस्थाबाट देश र जनतालाई बचाउने श्री ५ महाराजाधिराजबाट

CC-0. In Public Domain. Digitization by eGangotri

नेतृत्व वक्सेको छ र राष्ट्रिय पञ्चायतको स्थापना गरी प्रजातन्त्र सुदृढ गराउने सरकारको ध्येय छ। तसर्थ देश हितको ख्याल राखी हामी सवैले राष्ट्रिय पञ्चायतको महत्व बुझी यसलाई सफल वनाउने दृढ निश्चय लिनु परेको छ। यसैमा देशको कल्याण छ र यसैवाट सच्चा प्रजातन्त्रको सुखको अनुभव हामीले गर्न पाउने छौं।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली युवकहरू न अलमलि

—राजेश्वर देव

बन्धनमा रहेको बेला अलमलिएको प्रश्न उठ्दैन । राणाकाल अलमलिएको, कसले बाटो देखेको, को अनुशासित, को उच्छृङ्खल भनी छुट्याउने कुनै मापदण्ड नै थिएन । सबै नेपाली युवक राणातन्त्रको खोरभित्र एकैनाशसित थुनिएका थिए । थुनिएकोलाई अनुशासित मिल्दैन तर नियन्त्रित भन्न मिल्छ । राणाकालमा नेपाली युवकहरू एक नियन्त्रण थियो । तर २००७ सालमा क्रान्तिका अनेक ला एक हानि पनि समाजमा घुसेर आयो— नेपाली युवकहरू स्वअनु हुनन पाउंदै यति स्वच्छन्द भए, कर्तव्यको बोध नहुंदै यति अधिका भए, धेरैले त बाटो नै पहिल्याएनन्, जस जसले बाटो देखेका थिए अलमलिए, कतिले त स्वच्छन्द भएपछि पनि आर्काले देखाएको बा चल्नु भनेर कुबाटो कुबाटो हिंड्न थाले । यसैको परिणाम हो—क्रा एउटै उद्देश्यका अनेक राजनीतिक मञ्च खडा भए । स्वदेशी र वि दुवै भ्रममा परे । जनता सुन्छ— सबैको नारा एउटै छ, विदेशी सुन्छ, वाद एउटै छ, कुनै पार्टीले किन चुनाव जित्यो भनेर केलाउदा भेटिन्न; उही आर्थिक नारा छ, उही राजनीतिकवाद छ । नेपाली युवक स्वयम् अलमलिएर अनेकतिर छरिएका थिए, देख्नेहरूलाई अलमल्या रहेका थिए । आफू अलमलिएको बेला समय सुत्त गएको पत्तै लागेन अन्तमा यी अलमल्याउने मञ्च र नारा, वादको अनेकता स्थगित रा

CC-0. In Public Domain. Digitization by eGangotri

पऱ्यो । अब स्वदेशीलाई पनि विदेशीलाई पनि भ्रम हुने अवस्था रहेको छैन । अनेक मञ्च अनेक नारा अनेक वाद र अनेक नेता अब छैनन् अब छ, एक देश, एक नेता, एक नारा, एक वाद । आफ्नो देश र आफ्नो नेता चिनाइरहने प्रयोजन छैन । जहांसम्म नाराको र वादको अर्थ कसैले नबुझेको हुन सक्छ– त्यो पनि धेरै सरल छ । जनता स्वयं सचेतन रहेर स्वतन्त्र भएर देशको निर्माण गर्ने एउटै नारा छ, पञ्चायती प्रजातन्त्र एउटै वाद छ । "वाद प्रजातन्त्र तर नारा एउटा", भन्दा अझै पनि कसैले भ्रम पैदा गर्ने अवसर खोज्न सक्छ तर अनेक नारा नै प्रजातन्त्रवादको द्योतक हो भन्ने कुरा पनि यस वादको सिद्धान्तमा लेखिएको कुरा होइन । प्रजातन्त्र जनताको स्वतन्त्रतासित प्रयोजन राख्ने वाद हो भने नेपालीहरू स्वतन्त्रताको उपभोग गरी नै रहेकाछन् । देशका कुना कुनामा आफ्ना प्रतिनिधिहरू, आफ्ना पञ्चहरू आफैं चुनिरहेका छन् । यो पहिलो अवसर हो– नेपालीहरू बिना कुनै नियन्त्रण आफ्ना प्रतिनिधिको निमित्त खुलेआम कुनै नाराबाजी र प्रलोभनको भरमा नपरी किन हात ठड्याइरहेकाछन् ।

नेपाली जनता स्वतः नियन्त्रित र अनुशासित हुन सिकिरहेको छ । नेपाली ती हुन् जो नेपालमा बस्छन् अथवा नेपालप्रति मोह राख्छन् । नेपालको भूमिभित्र लुकेर पसी चोरेर लुटेर लगी विदेशमा जो भान्सा गर्छन् ती नेपाली होइनन् । यसभन्दा ठूलो जघन्य अपराध आर्को हुन सक्तैन । विगत दिनमा भएका लूटहरूले नेपाली जनतालाई सचेष्ट देशद्रोहीहरूप्रति सचेष्ट तुल्याइएको छ ,गरिदिएको छ । आज नेपाली जनता स्वतः सचेतन भएर सेनाको एक अंग झैं आफूलाई देशको रक्षक अनुभव गरिरहेको छ । देशको प्रत्येक इञ्च भूमिमा कसैले पनि सेना तैनात गर्न सक्तैन । यसरी सेना तैनात गर्नपर्ने स्थितिमा त्यो शासन टिक्ता पनि टिक्तैन । आइपरेको बेला जनता नै सुरक्षाको निमित्त कम्मर कसेर बस्यो भने त्यस देशको संमान त्यहीं निर्भर गर्छ । आज नेपालमा जनताले नै आफ्नो यो पुरानो परम्परा कायम गरेको छ । देशभित्र लुट्न पसेकाहरूलाई जनताले नै पक्रेर सरकारलाई बुझाइदिएको छ । जनताको

CC-0. In Public Domain. Digitization by eGangotri
सैनिकीकरण भनौं अथवा एक नेताको नेतृत्वमा संगठित जनता
यसको ज्वलन्त उदाहरण हो । देशको सर्वोच्च शक्ति जनता हो भन्ने
यहां कसैले स्वीकार नगरेको छैन । यदि आजको व्यवस्थाको मुख्य
निमित्त बिना आदेश जनता नै तैयारी गर्छ भने यसलाई नेपाली
स्वतः नियन्त्रित अनुशासित र सचेतन हुन थालेको मान्नु पर्छ ।
जनजीवन एक दिशामा हिंड्ने वातावरण तैयार गर्नुछ । समस्त देशवासी
विचारको एकता कायम गर्नुछ । यसको निमित्त उपयुक्त वातावरण
तैयार गर्ने सबभन्दा राम्रो अवसर आज छ । किनभने यो काम एक नेता
नेतृत्वमा नै सम्भव हुन्छ । आज हाम्रो स्थिति र हामी जान लागेको
स्पष्ट छ । यस स्पष्टतालाई प्रत्येक नेपाली युवकहरूले बुझिराख्नु
छ । अन्तरराष्ट्रिय क्षेत्रमा हाम्रो स्थिति स्पष्ट छ– हामी पक्षहीन
सबैसित मैत्रीपूर्ण छौं, शान्तिप्रिय तर आक्रमणको प्रतिरोधशील
यसमा हामी अलमलिएका छैनौं । तर राष्ट्रिय दृष्टिले हामी अझै
हुन सकेका छैनौं । राष्ट्रिय समस्यालाई आफ्नो हातमा लिएका छैनौं
प्रतीत हुन्छ । हाम्रा युवकहरू जम्मा भएको ठाउंमा राष्ट्रिय समस्या
अन्तरर्राष्ट्रिय समस्यामा अधिकै बहस गरेको भेटिन्छ । घरेलु नीतिमा
परराष्ट्रनीतिमा अधिक बहस हुन्छ । तीनवर्षे योजना, भूमिसुधार, पञ्चायत
पूर्व–पश्चिम राजमार्ग, कृषिगणना, भूमि सर्वेक्षण, दौडाहा, व्यावहारिक
शिक्षा, वर्गीय निर्देशन पद्धति यी आजका हाम्रा चालू प्रसंग हुन् ।
उपादेयता, व्यावहारिकता र त्रुटीमा युवकहरूमा बहस चल्नु र
आफ्नै घरको समस्या झैं लिने अपेक्षित छ । युवकहरू देशीय समस्या
रंगमगिन पुगी सकेका छैनन् । यी समस्यामा भिज्नुभन्दा पूर्व आ
राष्ट्रिय नीतिलाई राम्रोसित युवकहरूले आत्मसात् गर्नु... । त्यस
यी समस्यामा भिज्न बल मिल्नेछ । नेपाल अहिले सुधार र निर्माण
बिलकूल प्राथमिक अवस्थामा छ । देशको जनजीवनलाई एक दिशा
हिंडाउन भूमिसुधार र आर्थिकसुधार आवश्यक छ । आर्थिक दृष्टि
वर्गीय अन्तर त्यति ठूलो हाम्रो देशमा छैन । जमीन बाहेक शोषण

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो उल्लेख साधन अर्को छैन। भूमिसुधारपछि हाम्रा योजनाहरूबाट निम्नस्तरको आर्थिक समुदाय नै अधिक लाभान्वित हुनेछ। यहां खोलिन लागेका अधिकांश उद्योगहरू सरकारी स्तरका भएकाले त्यसको लाभ त्यहां श्रम गर्ने र बचत पुनः निम्नस्तरकै आर्थिक समुदायलाई शिक्षा, चिकित्सा, ऋण, बसोबास सुलभ गराउन स्वभावतः जाने प्रत्यक्ष छ। आर्थिक सुधारको दिशामा हाम्रो अगाडि विशेष समस्या छैन। निर्माण नै एक समस्या छ। सर्वसाधारण जनतालाई शासनमा शरीक गराई उनीहरूको आफ्नो समस्या आफैं बुझ्न र बोक्न सक्ने तुल्याउनु नेपालको राजनीतिक उद्देश्य हो। यसैलाई पञ्चायती प्रजातन्त्रको संज्ञा दिइएको हो। संपूर्ण मानवीय अधिकार र सिद्धान्ततः सबै प्रकारका मौलिकहक सुरक्षित छन्। केवल राजनीतिक मञ्च र नाराबाजी केही समय बन्द गर्नुपर्ने कारण पनि यही राजनीतिक मञ्च र नाराबाजीको जालोमा मात्र अडिएको, भित्री सत्त्व केही बांकी नरही ढलमलिन लागेको प्रजातन्त्रको सुरक्षाको निमित्त-हो। यसलाई एक रोगीसित उपमा दिएर अझ स्पष्टसित बुझाउन सकिन्छ। रोगीकै हितको निमित्त, उसलाई ताजा र स्वस्थ बनाउन, समाजमा काम लाग्ने बनाउन रोगीलाई डाक्टर आफ्नो नियन्त्रणमा राख्तछ। यसैगरी प्रजातन्त्रनमा लागेको रोग दमन गर्न हामी लागेका छौं र केही हदसम्म प्रजातन्त्रलाई नियन्त्रणमा राखेका छौं भन्ने कुरा नेपाली युवकहरूले स्पष्टसित हृदयंगम गर्नुपर्छ। यसमा अल्मलिने कुरा छैन। यस पछि युवकहरूले बुझ्नु पर्ने कुरा अरू दुइटा छन्:—

१. प्रजातन्त्र राजनीतिक सिद्धान्त मात्र नभएर एक आचरण हो। प्रजातन्त्र जीवनको आचरण बनेपछि मात्र यो फलीभूत भएको देखिन्छ।

२. प्रजातन्त्र जनताको आर्थिक समृद्धिमा निर्भर नै रहन्छ। आर्थिक समृद्धिको निमित्त योजना र पूंजी आदि अन्य धेरै उपकरण हुन सक्छन् तर देशवासीको विचारमा एकता कायम गर्नु र जनजीवनलाई एक दिशामा हिंडाउनु सर्वाधिक प्रयोजनीय छ। नेपाली युवकहरूले वर्तमान व्यव-

CC-0. In Public Domain. Digitization by eGangotri

स्थाको यस राजनीतिक उद्देश्यलाई यसको दर्शनलाई बुझ्ने प्रयास भने नै सबैको विचारमा एकता कायम हुन जान्छ । युवकहरूले अल्म बेला त पहिले नै गइसकेको थियो, अब त अल्मलिइरहन परेको स्थि पनि समाप्त गरिदिइएको छ ।

□

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व पश्चिम मूल बाटोको महत्व

ले. गोपालप्रसाद भट्टराई ।

पथ, मार्ग, बाटो आदि शब्दहरू एक दोस्राका पर्याय हुंदाहुंदै प्रगति र विकास सूचक समेत हुन् । यही कारण हो कि प्रत्येक साहित्यमा, प्रत्येक भाषामा यस प्रकारका शब्दहरू विकास र प्रगतिकै संज्ञाको रूपमा सम्मानित छन् । जसरी हाम्रो साहित्यमा वा भाषामा 'पथ–प्रदर्शक', 'मार्गदर्शक' को सम्मान छ ठीक त्यही अनुपातको सम्मान अंग्रेजहरूले 'Path finder' को लागि प्रदान गरेका छन् । यही कारण हो कि लक्षित लक्षको दिशामा सुगम एवं निरापद मार्गद्वारा समाजलाई निर्देशित गर्दै गतिशील गराउने व्यक्ति नै सही मानेमा नेता, युगपुरुष आदिको उच्चतम सम्मानजनक सम्वोधनले विभूषित हुन्छ ।

यस युगभन्दा अघि पनि बाटो नभएको होइन । मानवको संरक्षण र संवर्धन गर्दै उसलाई आजको विकसित मानवको स्तरमा पुऱ्याउन जड चेतन हामी सबैकी जननी 'प्रकृति' ले पृथ्वीको एक कुनाबाट ठीक त्यसको विपरीत अर्को कुनासम्म जानको लागि एक न एक किसिमको मार्ग मानवलाई सुलभ गर्दै आइन् । पाहाडी झर्ना–खोलाले, समतल मैदानमा नदीले मानवलाई मार्गको संकेत युगयुगसम्म गरेको छ । आजको यस विकसित आणविक युगमा पनि पृथ्वीको धेरैजसो भूभागमा कम वेस आनुपातिक

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा फरक परेतापनि प्रकृतिका यस्तै अनेक कृतिहरूले मानवलाई वि
ज्ञान मार्गको ज्ञान गराउंदैछ । सौर्यमण्डलका अत्यन्त तेजस्वी
सूर्य्य चन्द्रदेखि तारिकाहरू समेत काल, ऋतु, दिशा र मार्गको
निर्देशन गर्ने भनी आज पनि मानिदै छन् । पाहाडका अनेक भंज्यांग
बाटो गरी अनेक यात्रीहरू हरयुगमा एक प्रदेशबाट अर्को प्रदेशको
गरेको कथालाई इतिहास सार्थकता प्रदान गर्दछ । सुदूर पश्चिम हि
लयको खैबर भंज्यांग वा पासले मध्य एशियाका अनेक यात्रीहरू
भारत दर्शन गरायो । ईसाभन्दा केही शतक अघि अलेक्जेण्डर, पछि
गजनी आदि विजेताहरूलाई एकनासले यस खैबरले मार्ग सुलभ
आयो । यस प्रकार एक प्रदेशमा खुम्चिएर विकसित हुंदै गएको
संस्कृतिको ज्ञान अर्को प्रदेशका जनतालाई हुंदैगयो । मार्कोपोलो, कोलम्
वास्कोडिगामाहरूले समुद्री बाटो पैल्याउन असमर्थ भैदियाभए र त्यो
मर्थता अद्यापि यथावत् रहिदियाभए–आजको विश्वको यो विराट
कल्पना–कल्पना मात्र रहनेथियो होला । मार्कोपोलो, कोलम्बस,
डिगामा आदिले समुद्री बाटो निर्माण गरी नयां नयां प्रदेशहरूको
खबर गर्ने प्रतिद्वन्दिताको सृजन नगरेको भए विश्वइतिहासले अर्क
सम्भवत: लिनेथियो होला । १८–१९ हजार फीट अग्लो हिमालयको
बीच नेपाली र लंकाका भिक्षूहरूले बाटो पैलाउन नसकेको भए ति
अनि विशाल चिनी भूभागसित हाम्रो आजको सांस्कृतिक सान्निध्य
सृजननै कसरी हुन्थ्यो ? यस प्रकार हर युगमा, एवं हरेक साहित्यमा
ठूलो महत्व छ । खुश्की वा समुद्री मार्गद्वारा नै संसारको एक कुनामा बसो
गरेका मानवले संसारको अर्को कुनामा बसोबास गरेका मानव
सम्पर्कमा आउने अवसर पायो । परस्परको संस्कृतिको परिचय र वि
समेतमा यी ठूलाठूला अतीतकालीन प्राकृतिक राजमार्गहरूले ठूलो योग
गरेका छन् ।

विश्वको यस रूपको औद्योगिकरण, अनि वैज्ञानिकरण हुनुभन्दा अ
सम्म अर्थात् ईसाभन्दा दस शतक यतादेखि सत्रौं–अठारौं शतकसम्म ए

CC-0. In Public Domain. Digitization by eGangotri

नासले नयां नयां खुश्की वा समुद्री मार्गहरूको खोजी, नयां प्रदेशहरू उपर आधिपत्य औ त्यस आधिपत्यलाई स्थायित्व प्रदान गर्न सुरक्षात्मक दृष्टिले लम्बेलम्बे राजमार्गहरूको निर्माण आदिको कथाले नै विश्व इतिहासको अधिकतम पाना रंगिएको हामी पाउंछौं । रोमन विजेताहरूको अतीतकालीन विजयको इतिहासमा पनि यस्तै कथाहरू समावेश भएका छन् । मोगलकालीन एशिया वा मध्य एशियाको इतिहास पनि यस्तै ठूला ठूला राजमार्गहरूको निर्माण गरी आफूले अर्जेको प्रदेशहरूमा शान्तिव्यवस्था कायम राखी, सुरक्षात्मक दृष्टिले आफूलाई निरापद राख्ने व्यवस्थाले भरिएको छ । सुदूर पूर्व, लगभग समुद्रको किनारादेखि पश्चिम लगभग खैबर भंज्यांगको फेदी पेशावरसम्मको हज्जारां मील लामो पूर्व–पश्चिम राजमार्गको संगठित एवं सुनियोजित निर्माण पनि यसै युगमा भयो । शेरशाह सूरको अनेक मकवरा, मिस्जिद वा कीर्ति स्तम्भहरू प्रकृतिको चोट सहन नसकी भग्नावशेषको रूपमा पुगिसकेका छन् तर यो पूर्व–पश्चिम राजमार्ग बनेदेखि आजसम्म चीर नूतन, चीर नवीन रूपले मानवताको सेवा गर्दै त्यस राजमार्गले प्रत्येक पथिकलाई आफ्नो निर्माताको कथा एकपटक सम्झन बाध्य गर्दछ । पछि अंग्रेजले त्यस राजमार्गको संज्ञा ग्रैण्ड ट्रंक रोड भनिदिए औ सर्वप्रथम त्यही राजमार्गको समानान्तर रूपमा रेलका पटरीहरू भारतमा बिछाइए । शासनमा सुरक्षात्मकता प्रदान गर्दै सुशासनको रूप समेत दिने यस्ता राजमार्गहरूनै हुन् ।

मानव सभ्यताको मिरमिरे उज्यालोदेखि आजको यस अपरान्हको प्रखर प्रकाशसम्म राजमार्गहरूको उपादेयिता सदा एकनासले रही रह्यो । यही एक इतिहासको सत्यलाई प्रतिपादन गर्ने उद्देश्यले नै माथिका पंक्तिहरू मैले प्रस्तुत गरेको हुं ।

तर, यो हाम्रो पार्वत्य प्रदेश, हिमालयका अग्ला अग्ला हिमशिलाद्वारा रक्षित– याहां औद्योगिकरणको युगनै आउन पाएन वैज्ञानिकरणको त कुरै भएन । श्री ५ पृथ्वीनारायण शाहद्वारा निर्मित यस अधिराज्यले अवश्य उहांको उपदेश अनुसार यस स्वदेशी वस्तुहरूको उत्पादनमा

CC-0. In Public Domain. Digitization by eGangotri

सामयिकता ल्याउने थियो होला तर संभावित युद्धको सामना गर्ने ... अनि युद्धमा समेत उसको केही समय र शक्ति खर्चभयो। त्यसपछि ... भएको शान्ति सुव्यवस्थामा यस अधिराज्यको पाइला औद्योगिक... दिशापट्टि किन उन्मूख भएन ? अंग्रेजसितको युद्धको लगत्तै पछि ... अधिराज्यको शासनको बागडोर निरंकुश र स्वार्थी परिवारको हात... पड्न गयो। एक शतकभन्दा केही बढी अवधिको यो लामो जहाँनि... शासन उसको सबभन्दा दुखान्त र अन्धकारको युग थियो जाहां ... पौरूष शिथील भयो, जहां उसको नयां नयां उद्यमको वृत्ति कुण्ठित भयो ... जबसम्म यो जांहानिय शासन रह्यो ऊ मृतवत स्थिर र जड समान ... रह्यो। विक्रम सम्बत् १९०३ को अशुभ धडीमा प्रारम्भ भा... आमाको निशा विक्रम सम्बत् २००७ मा समाप्त भयो। एक शतकभन्दा पनि केही बढी अवधिको यो लामो आमाको निशा पछिको ऊपा-... को स्वागत वन्दनामा नै हामी अलमलियौं। इतिहासले छाडेको विराम... टिपी हामी र अरूको बीचमा यस एक शतकले उपस्थित गरेको दूरी... तय गर्ने जुन स्फुरणले अग्रसर हुनु पर्थ्यो भएनौं। एक शतकको यो जाँ... निया शासनले हामीलाई सदा अरू हमराही साथीहरूको पछि ... भयो। अरूहरूले जे जति गरे, जे जति अर्जे, जे जति विकसित भए सब ... १००।१५० वर्षको उपलब्धिको समष्टि रूप हो। हाम्रा हमराहीहरू... अर्जेको औद्योगिकरण अनि वैज्ञानिकरण सब यही अवधिको देन ... हामीले यस विकसित र अवकिसित उन्नत र अनुन्नत धनी र निर्धन, ... अशक्तको बीचको खाईलाई पाट्नु छ। त्यस वेगले पाट्नु छ जो अरू... लागि केवल कल्पना होस्— रोमांचकारी कल्पना। विद्युतको गति... हामीले अघि बढेका हमराही साथीहरूलाई समात्नु परेको छ— आज... समयको मांग यही छ। इतिहासको तकाजा पनि यही छ। यसैमा नेपालीको जीवन र अस्तित्वको सार निहित छ। उसको पौरूष— उसले प्राप्त गरेका अनेक वीरताका प्रमाणहरूको सार्थकता त्यही गति प्राप्त गर्नमा आज केन्द्रीत भएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

विकासको त्यस आवश्यक गतिलाई प्राप्त गर्न सबभन्दा ठूलो र अत्यधिक आवश्यक वस्तु हो मार्गहरूको निर्माण । मार्गहरूको अभावमा मानव खुम्चिनलाई बाध्य हुन्छ । नेपालीको विकासको गतिले तीव्रता पाउन सकोस भन्ने अभिप्रायले नेपाली मात्रका राष्ट्रनायक श्री ५ महेन्द्रले यस ऐतिहासिक तथ्यको साक्षात्कार गरी राजमार्गहरूको निर्माणको लागि क्रान्तिकारी आह्वान गरिबक्सिएको छ । झन् पूर्व–पश्चिममा विस्तृत हाम्रो यस देशको पूर्व–पश्चिम मूल बाटो बनाउन मौसूफ सरकारबाट बक्सिएको हालैको आह्वानले एउटा ठूलो ऐतिहासिक रिक्तताको पूर्ति गरेको छ ।

पूर्व–पश्चिम मूल बाटोको सफल परिणतिमा नै नेपालीको विकासको अवरूद्ध मार्ग प्रशस्त हुन्छ । उसको विकास र प्रगतिको मुहान फुट्दछ । शंकरका क्रुडास्थल भनी मानिएका हिमालयका उच्च शिखरहरूमा निर्मित यस पूर्व–पश्चिम राजमार्ग विश्वका प्रगतिशील भन्दा प्रगतिशील राष्ट्रहरूमा भएका राजमार्गहरूमा बेजोडको हुनेछ । विश्वमा सबभन्दा उच्च शिखरबाट जाने राजमार्ग त्रिभुवन राजपथको रूपमा हाम्रो गौरवको वस्तु छ । स्वच्छ नेपाली पसिनाले निर्मित हुन लागेको यो पूर्व–पश्चिम मूल बाटो वीसौं शताब्दीको ठूलो वैज्ञानिक उपलब्धिको रूपमा आउने युगानुयुग सम्म नेपाली गौरवको प्रतीक भई राष्ट्रनायक श्री ५ महेन्द्रको वल कीर्तिको ध्वजा उन्नत राख्नेछ ।

पूर्व–पश्चिम मूल बाटो नीर्जिव: केवल गौरव गर्ने वस्तुमात्र नभई नेपालको सर्वाङ्गीण एवं चतुर्दिक विकासको उसको महति आकांक्षालाई साकार बनाउने दिशामा जीवित र सक्रीय सहयोग गर्ने नेपालको एक महत्वपूर्ण अंग हुनेछ । पगडी गुंथ्ने अग्ला अग्ला डोटीका डोटेलहरू सहजै पांचथरका लिम्बूसित मितेरी लाउन समर्थ हुनेछन् । डोटी भन्ना साथ दुर्गम र अगम स्थानको कल्पना हुन्छ– मानो हज्जारौं मील टाढाको कुनै वीरान प्रदेश होस् । देशका एउटै अविभाज्य अंग भएतापनि सहज एवं सुलभ यातायातको अभावमा हाम्रो एक जिल्ला अर्को जिल्लासंग टाढा जस्तो अनुभव गर्दथ्यो । हाम्रा पर्यटन वृत्ति भएका युवकवर्ग सजिलो

CC-0. In Public Domain. Digitization by eGangotri

यातायातको अभावमा अर्का देशमा जान रुचाउछन्, आफ्ना देशको [illegible] दर्शनीय स्थलहरूको दर्शनबाट बञ्चित हुन्छन् । यस प्रकार आफ्नै [illegible] अध्ययन र दर्शनीय स्थलहरूबाट प्राप्त हुने नैसर्गिक प्रेरणा र [illegible] बाट बञ्चित भएका युवकवर्गलाई यस पूर्व पश्चिम मूल बाटो एउटा [illegible] राष्ट्रियताको अभावको पूर्तिसमेत गर्नेछ ।

हिमाली प्रदेशका कच्चामाल सहजै राजधानी वा अन्य उद्योग [illegible] हरूमा पुगी निर्धन भनी गनिएका हाम्रा त्यस प्रदेशका बन्धुहरूको [illegible] आर्थिक स्तरलाई उच्चा गर्न कत्रो ठूलो भरथेग यस पूर्व–पश्चिम मूलबा[illegible] गर्नेछ त्यसको आंशिक कल्पना मात्र अहिले हामी गर्न सक्तछौं [illegible] निर्विवाद हो कि पूर्व–पश्चिम मूलबाटोको निर्माणपछि नेपाली मा[illegible] भौतिक र आर्थिक स्तर अत्यन्त उन्नत भएर जानेछ ।

श्री ५ महेन्द्रको आह्वानमा हिमालयमा बन्नलागेको पूर्व-प[illegible] मूलबाटोले नेपालको सांस्कृतिक, राजनैतिक, सामाजिक र आर्थिक [illegible] मा समेत क्रान्ति ल्याई नेपालको अहिलेसम्म अवरूद्ध रहेको विक[illegible] मार्गलाई प्रशस्त गरी उन्नत राष्ट्रहरूको दांजोमा पुग्ने उसको अठो[illegible] साकार बनाउनमा समेत ठूलो भरथेग गर्नेछ । पूर्व–पश्चिम मूलबा[illegible] औद्योगिक नेपालको सृजन गरी नयां युगको शुभारम्भ गर्नमा [illegible] हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व पश्चिम राजमार्ग यसको मर्म र विशेषता

जितेन्द्रराज

५६ हजार वर्गमीलको इलाकामा फैलिएको नेपाल पूर्व-पश्चिम ६२० मील र सरदर १०० मील उत्तर-दक्षिणमा विभाजित छ। "विभिन्न भाषा, वेश–भूषा, रहन सहन र रीतिस्थिति भएका लगभग १ करोड नेपालीहरू बसेको यो देशको विचित्रता यसमा रहेको छ कि पशुपतिमा सद्भी छर्ने र शिवरात्रीको मेलामा भेला हुने बाहेक यी सब नेपालीलाई एक अर्कासिंग परिचित गराउने र "हामी सबै एकै देशका हौं" भन्ने भावनाबाट अवगत गराउने अन्य कुनै माध्यम छैन। कदाचित यसैकारणले पनि होला नेपालीहरूमा समष्टिगत भावनाको उदय र देशव्यापी एकताको बलियो गांठो कहिल्यै पर्न सकेन। किन कि काठमाडौंमा बस्ने मानिस काठमाडौंलाई मात्र आफ्नो देश सम्झने भ्रान्ति गर्छ, तराईवासी तराईलाई मात्र आफ्नो देश भन्न खोज्छ। लिम्बुआन र किरात तथा डोटी र जुम्लाका बासिन्दाले नेपाल भनेको कहाँ हो, अझ बुझ्न सकेका छैनन्। जुम्लाको जडीबूटी र त्यहाँ उपलब्ध अन्य जीवनोपयोगी अमूल्य वस्तुहरूको अन्यान्य जिल्लाहरूमा कुनै उपभोग छैन। तराईको धान र गहुँको पहाडी प्रदेशमा, र पहाडको घिउ, फलफूलको त्यस इलाकाका बासिन्दा बाहेक अन्य

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले उपयोग गर्न अवसर पाउँदैन। एउटा जिल्ला वा भूभागको मा
त्यस स्थानको आर्थिक सम्भावनाहरू, देशनिर्माणको बाटोमा
सम्भावित योगदानबाट अर्को ठाउँका मानिसहरू बिल्कुल अ
छन्। देश निर्माणको बाटोमा यो विचित्रता ठूलो तगारो भएर
छ। बीसौं शताब्दीको चहकिलो मध्याह्नमा पनि नेपालमा कैयौं
भाग छन् जहाँ मानिस पुगेका छैनन् र जहाँको बारेमा मानिसहरू
कुनै प्रकारको ज्ञान छैन। ओहोर–दोहोर गर्ने सडक र सुरक्षित
बाटोको अभावले यस्तो हुन गएको हो।

एकै राष्ट्रिय परिवारका सदस्यहरूमा सामाजिक र सांस्कृ
हेलमेल र भ्रातृत्वको सम्बन्ध विकसित पार्नमा मात्र नभई
सर्वोपरि सुरक्षाको दृष्टिबाट पनि नेपालको वरपर कुना-कुना
यातायात र सञ्चार साधनहरूले ढाक्नु एक राष्ट्रिय आवश्य
हुन गएको छ। यातायाको आधुनिकतम साधनहरूको अभावमा
व्यवस्था कायम राख्न नसकिएर कहिले काहीं मानिसहरूमा सुर
भावना समाप्त भई विदेशीहरूको शरण ताक्नु पर्ने अवस्था न
पनि होइन। भावना र कल्पनाको कुरा एकातिर पन्छाए पनि,
एक-दुइ ठाउंमा शान्ति सुरक्षा भङ्ग भई दुइ पल्ट विदेशी
हाम्रो सीमानाभित्र पस्नु पऱ्यो। जुन कुरा नेपालीहरूको मस्ति
धेरै कालसम्म आलै रहने छ।

इतिहास यस कुराको साक्षी छ कि भारतीय इतिहासको
काल र त्यस अघिको कालमा बलियो केन्द्रीय सरकार बन्न नसक्
कारणहरूमा यातायात र भरपर्दो सञ्चार व्यवस्थाको अभाव
एक प्रमुख कारण थियो। फलस्वरूप सारा भारत साना साना स्व
राज्यहरूमा टुक्रियो र विदेशी आक्रमणकारीहरूलाई भारतमा
आधिपत्य गर्न सजिलो भयो। अंग्रेजहरूले भारतमा प्रवेश गरे प
उनीहरूले सारा भारतलाई एक राजनैतिक एकाईको रूप दिन देशभ
यातायात र सञ्चारहरूको साधन जाल ओछ्याए। भारत स्वतन्त्र

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि आर्थिक पुनरूद्धार र औद्योगिक प्रगतिको निम्ति यसैले जगको काम गऱ्यो। त्यसैकारण भारतले स्वतन्त्र भएको यति छोटो अवधि मै आर्थिक क्षेत्रमा यति छिटो र आश्चर्यजनक प्रगति गर्न सक्ने को कारणमा पनि यही कुरा छ भन्ने तर्क सम्भवत: कसैलाई अमान्य होओइन। सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट भारतको आज एक शक्ति राष्ट्रको रूपमा अन्ताराष्ट्रिय जगत्मा प्रगट हुनुमा यातायात र सञ्चार व्यवस्थाको कति देन रहेको छ भन्ने सत्यतिर औंल्याउने चेष्टा मात्र यहाँ गरिएको हो। यो यस कारणले पनि यहाँ विशेष उल्लेखको विषय हुन गएको हो कि नेपालमा एक शताब्दी सम्मन्को स्वार्थी पारिवारिक शासनको अन्तपछि नयाँ युगको उदय भएको लगभग उत्ति नै अवधि भयो जति भारतले वृटिस साम्राज्य-वादबाट मुक्ति पाएको। भारतमा छिटो आर्थिक प्रगति भयो– नेपालको आर्थिक प्रगतिमा तगारो लाग्यो। यसको प्रमुख कारण नेपालमा याता-यात साधनहरू– रेल, मोटर चल्ने ठूला ठूला सडकहरू बिल्कुलै नहुनु हो। यसै पृष्ठभूमिमा प्रस्तावित पूर्व–पश्चिम राजमार्गको अनि-वार्यता र विशेषता लुकेको छ। यस राजमार्गको निर्माणले नेपालमा सामाजिक र आर्थिक क्रान्तिको आधारशीला तैयार पार्नेछ भन्ने नेपाली समाजको धारणा छ।

एक उदार एवं महान् नेतृत्वको छत्रछायामा अन्ताराष्ट्रिय जगत्मा आफ्नो व्यक्तित्वको दृढता प्रगट गरेर विश्वका प्रतिष्ठित राष्ट्रहरूको पंक्तिमा नेपालले आफूलाई सम्मानित घोषित तुल्याए पछि राष्ट्रिय व्यक्तित्वको सर्वाङ्गीण विकासको दिशामा दोस्रोचरण स्वरूप आन्त-रिक साधनहरूको विकास र आर्थिक प्रगतितिर लम्कन– पूर्व-पश्चिम राजमार्ग एक करोड नेपाली नरनारीहरूको अघिल्तिर एक चुनौतीको रूपमा आएको छ।

बीसौं शताब्दी भन्नासाथ यसले यस युगमा भएका आश्चर्यजनक प्रगतिहरूको बोध गराउँछ। तर बीसौं शताब्दीको विश्वलाई रहस्यमय

CC-0. In Public Domain. Digitization by eGangotri

रूप दिनमा यातायात र सञ्चारका आधुनिक साधनहरूको
हात छ भन्ने कुरालाई पनि हामीले ध्यानमा राख्नु पर्दछ।
जापान, जर्मनी, संयुक्त राज्य अमेरिका, क्यानाडा र ब्रिटेनको औ
गिक प्रगतिको मूल्यांकन हामी यसैबाट पनि गर्न सक्तछौं
देशका औद्योगिक उत्पादनहरू आफ्ना देशमा मात्र खपत हुन
वैदेशिक बजारमा समेत छ्यापछ्यापती छन् । आजको युगमा
विकास गर्न र देशको (Per Capita) आमदानी वृद्धिको
आन्तरिक स्रोतको साथसाथै वाह्य स्रोतहरू उपलब्ध पनि गर्नु
पर्छ । यसको निम्ति हामीले देशमा उद्योग धन्दा स्थापित
औद्योगिक उत्पादनको आन्तरिक र वैदेशिक खपत, उत्पादन
खर्च, साबिक बजार भाउसंग त्यसको होड र विदेशी बजारमा
संभावित मांग आदि कुराहरू माथि विचार पुऱ्याएर वैज्ञानिक आ
योजना बनाउनु पर्दछ । हामीकहाँ हाल तैयार हुने विराटनगरको
सलाई र जूटका सामानहरू, बीरगञ्जको सलाई र प्रस्तावित
सिमन्टी कारखाना, बीरगञ्जको चिनी कारखानामा उत्पादित
वस्तुहरू हामीले नेपालका कुना कुनामा, बाहिरबाट हामी
कोटामा वा त्यसै आएर बिक्री हुँदा ती वस्तुहरूमा हामीले
खर्चको दांजोमा सस्तो र सुपथ भाउमा बिक्री गर्न सक्ने
राख्नु पर्छ । नत्र भने सरकारले जति सुकै विदेशबाट चोरी
(Smuggling) भएर आउनमा रोक र प्रतिबन्ध लगाए पनि
माल बिक्री हुँदैन । विदेश निर्यातको त कुरा परै रहोस्।
विपरित विदेशी बजारमा बिक्ने भाउ भन्दा हामी कहाँ
भएको माल सामान सस्तो पर्न गएमा विदेशी बजारलाई
समात्न सक्तछौं । र यसमा नै औद्योगिक-व्यवसायको सफलता
छ । स्पष्ट छ– पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मोटर, ट्रक
छिटो ओहोर दोहोर गर्न र देशको सबै भागसम्म उत्पादनका वस्तु
सुपथ भाउमा पुऱ्याउनको निम्ति पूर्व–पश्चिम राजमार्गको बिना

CC-0. In Public Domain. Digitization by eGangotri

औद्योगिक प्रगतितिर लम्कन सक्तैनौं । यातायातका सुगम साधन-हरूको कठिनाईले विदेशीहरूले नेपालको उद्योगमा पूंजी लगाउन अपठ्यारो मानेको पनि सर्व विदितै छ ।

यातायाको सुनियोजित व्यवस्था र देशभरी राजमार्गहरूको जाल ओछ्याउन सकिएको खण्डमा देशको कुनै भागमा दुर्भाग्यवस कहिले काहीं पर्न जाने अन्न संकटलाई देशको अर्को भागबाट खाद्यान्न लगाएर सजिलैसंग हटाउन सकिन्छ । किनभने नेपाल अधिराज्य भरमा एक वर्षमा पैदा हुने सरदर खाद्यान्न देशको समस्त जनसंख्यालाई पर्याप्त भन्दा बढी हुन्छ । हामी कहाँ उत्पन्न हुने धेरै जसो खाद्यान्नको विदेशमा गएर उपयोग हुन्छ । हामी कहाँ अन्न संकट पर्छ– त्यो संकट हल गर्न कहिले भारत त कहिले अमेरिका जस्तो टाढा मुलुकबाट समेत खाद्यान्न ल्याउनु पर्छ । जब कि आफ्नै तराईको धानको बजार मुख्यत: भारत नै हुन्छ । हामी आफ्नै देशको अन्न एक भागबाट अर्को भागसम्म लैजान सक्तैनौं ।

हाम्रो यही विवशता र मर्मसंग पूर्व–पश्चिम जोड्ने राजमार्गको सम्बन्ध छ । राष्ट्रवादको समर्थन र राष्ट्रियताको संरक्षण देशको भौतिक क्षमता माथि निर्भर गर्दछ भन्ने कुरा पनि सबैले बुझ्नु परेको छ । नेपालको प्राकृतिक ऐश्वर्य र नैसर्गिक सौन्दर्यमा मक्ख परेर देश विकास र राष्ट्रियताको आधार बन्न सक्तैन । यो प्रस्तावित पूर्व–पश्चिम राजमार्ग हाम्रो भौतिक क्षमता र आर्थिक उत्कर्षको मेरुदण्ड हुनेछ भन्ने देशवासीहरूले आशा राखेका छन् र यस प्राकृतिक ऐश्वर्य र नैसर्गिकको उपयोग देशवासीहरूको भौतिक सुखको अभिवृद्धिमा गराउने लक्ष यस राजमार्गको हुनेछ ।

जब यो बाटो बनेर तैयार होला– देशको एक भागका मानिस अर्को भागमा जीविका खोज्न जालान्, उपत्यकाभित्र खुम्चिएर बसेका नेपाली टाढा–टाढा पहाड पर्वतमा गएर त्यहाँका अभावग्रस्त, अशिक्षित र अवहेलित भएर बसेका दाजु भाइसंग भ्रातृत्वको गांठो

CC-0. In Public Domain. Digitization by eGangotri

बाँध्लान् र वैज्ञानिक शिक्षार्थीहरूले अहिलेसम्म दुर्लभ र
भैरहेका जङ्गल, खोलानालामा सजिलैसंग ओहोर दोहोर गरेर
आर्थिक र भौतिक उपलब्धीहरूको मूल्यांकन गर्लान् । अनि
हरूमा अपरिचित स्थानहरूको प्राकृतिक ऐश्वर्य र विशेषताहरू
गर्न र आफ्नो, हाम्रो, मेरो भन्न प्रेरणा देलान् । एउटा सीमित
बाट उठेर नेपालीहरू समस्त देशलाई त्यसबेला प्यार गर्न
पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मूलबाटो अर्थात् मोटर
चल्ने बृहत् राजमार्ग निर्माण भएपछि, त्यसबाट सैकडौं
मार्गहरू बनाउन सजिलो पर्नेछ, अनि त्यहाँ रेलका ठूला-ठूला
पछि ओछ्याइएलान् । भौगोलिक दृष्टिबाट देश एक सूत्रमा
होला र सामाजिक र सांस्कृतिक दृष्टिबाट एक परिवार । बढी
र जीविकाका साधनहरू कम भएका स्थानहरूका मानिस काम
भएका इलाकाहरूमा गएर बस्लान् । एकले अर्कोको रिति
जानला । अनि एक जातिका मानिसले अर्का जातिका मानिस
बुझ्ला, र एक अर्काको सुख दु:खमा सहभागी होलान् । यसले
सन्तुलित आबादीको दिशातिर लैजाने छ र ऐलेको नेपालको
जागरणमा एक ठूलो अवरोध भएर रहेको मधेशी पहाडी आदि
संकुचित भावनालाई निर्मूल तुल्याएर नेपाली परिवारको एक
रूपको अस्तित्वलाई साकार पार्ला । तराई प्रदेशहरूमा पहाड
बासिन्दा गएर खेतीको वास्तविक लज्जत लेलान् र काठमाडौं
भक्तपुरका मेहनती किसानहरूको हातमा परेर तराईका खेत
उत्पादन चौब्बर हुन जाला । जङ्गलका अग्राख र असल जातका
हरू देशको प्रत्येक भागमा पुगेर देश निर्माणको काममा उपयोग हो
साथै पहाड र तराईका जङ्गलहरूमा उपलब्ध सस्ता काठहरूले
दाउरा समस्या हल गर्नमा मद्दत गर्ला । तराईका प्रदेशहरूमा
पनि पचासौं हजार एकड भूमि पर्ती र बन्जर भएर खेर गैरहेका
पहाड र उपत्यकाका खेताहा किसान र वर्षेनी देशमा काम

CC-0. In Public Domain. Digitization by eGangotri

मलाया, बर्मा र टाढा टाढा गएर बस्ने गोर्खाली दाजु भाइको रगत पसिनाले आफ्नै देशको माटो सिंचित होलान्। त्यसदिन मात्र हाम्रो देशमा उषा मुस्कुराउलिन् र दिनकर गर्वोन्नत भएर हाँस्लान्। विदेशीहरूको ढोकामा पहरा दिने हाम्रा दाजु भाइ आफ्नै देशको सार्वभौमिक सुरक्षा र राष्ट्रिय अखण्डताको अटल प्रहरी भएर स्वाभिमानी नेपालीहरूको चीर आकांक्षालाई साकार गर्लान्।

यसको अतिरिक्त पूर्व पश्चिम राजमार्गले देशभरी एकै आर्थिक प्रणाली विकसित गर्दै लैजान र एकै मुद्राको देश भरी प्रचलनलाई प्रभावकारी ढङ्गले लागू गर्नमा अभूतपूर्व योगदान गर्नेछ। देश भरी ओहोर–दोहोर गर्ने यातायातको सुनिश्चित व्यवस्थाले नैसर्गिक सौं-न्दर्यले परिपूर्ण यस हिमाली स्वर्गको दर्शन गर्न वर्षेनी हजारौंको तादादमा आउने पर्यटकहरूबाट पनि देशलाई धेरैको आर्थिक लाभ हुनेछ। देशमा त्यसबेला समस्त १ करोड वासीहरूलाई एकै कर्म र एकै मर्म र एकै कर्म धर्म र एकै कल्पनाले एक सूत्रमा आवद्ध गर्ने छ। त्यो कर्म हो देश निर्माण; मर्म हो, नेपाली जातिको गौरव, धर्म हो नेपालीहरू सब मिलेर अन्तन्तसम्म नेपाललाई नेपालीहरू कै तुल्याएर राख्नु र त्यो कल्पना हो नेपाललाई समस्त नेपाली एक ज्यान भएर भू–स्वर्ग तुल्य तुल्याउने ।

श्री ५ महाराजाधिराज सरकारबाट हालै गरी बक्सेको पूर्व–पश्चिम राजमार्ग निर्माण गर्ने निर्माण आह्वानमा हाम्रो देशको राष्ट्रिय जीवनमा एक यस्तै प्रकारको नयाँ एवं उज्ज्वल अध्याय प्रारम्भ हुन लागेको संकेत लुकेको छ। नेपाललाई उन्नत, सुखी र समृद्धिशाली राष्ट्रहरूको पंक्तिमा उभ्याउन आकांक्षा राख्ने स्वाभिमानी नेपालीहरूको हृदयमा धमिलो रूपले जमिरहेको तस्वीर श्री ५ को यस आह्वानमा प्रतिबिम्बित भएको छ।

■

CC-0. In Public Domain. Digitization by eGangotri

उसैको लागिको ...

श्रीनयनराज ...

साहित्य र काव्य परस्पर पर्यायवाची शब्द भएकोले ... काव्य भन्नु एउटै हो। साहित्यको परिभाषा विभिन्न आचार्यहरूले ... आफ्ना ढंगले गरेकाछन्। वस्तुतः भावना र भावुकता नै ... बीज उत्पत्तिस्थानको हो, यी वस्तुहरू पूर्वजन्मको संस्कार... पाइने मानसिक एवं दैवी देन हो। भावनाले कुनै दुःखीको दुःख... हाम्रो हृदयमा अविकल रूपले पुरयाउंछ भने भावुकताले त्यो दुःख... यथावत् अनुभव गराएर हाम्रो हृदय तन्मय याने दुःखमय बना...

भावना र भावुकतामा साहित्य पूर्णतः आश्रित रहन्छ ... साहित्यको समालोचकहरूमा सर्वप्रथम स्थान भएको ध्वन्या... उक्तिबाट पुष्ट एवं स्पष्ट हुन्छ। ध्वन्यालोककार भन्दछन्:-

> "काव्यस्पात्मा स एवार्थ स्तथा चादिकवे: पुरा
> क्रोञ्च द्वन्द्व वियोगोत्थ शोक श्रोकत्वमागतः॥

अर्थात् काव्यको आत्मा त्यही नै हो जो आदिकवि बाल्मिकी... र चखेवाको वियोगलाई देखेर उत्प्रेणित भएको शोक-श्लोकमा ... भयो। यद्यपि उक्त श्लोकमा शब्दबाट भावना र भावुकताको ना... तापनि मतलबबाट भावना र भावुकता नै साहित्यको बीज ... बुझिन्छ। यदि बालिमकीको हृदयमा भावना र भावुकताको संस्कार...

CC-0. In Public Domain. Digitization by eGangotri

भए आज रामायण जस्तो करूणरसपूर्ण महाकाव्यको उदय हुंदैन थियो।

भावना र भावुकता बिना साहित्यको अस्तित्व छैन भन्ने कुरा "उसैको लागि" को समर्पणमा उल्लिखित

"कवि कविताको होइन–
कविता कविको हृदयको
पातलो छाया मात्र हो" भन्ने श्री एम.बी.वी. शाहको

कवितांशबाट पनि समर्थित हुन्छ।

यहांसम्मकि ईश्वरमा ईश्वरत्व पनि यिनै पूर्वोक्त भावना र भावुकताको आधारमा आधारित हुन्छ भन्नु अक्षरश: सत्य हुनजानेछ। गीतामा भगवान भन्नुहुन्छ:–

"चतुर्बिद्या भजन्ते मां जना: सुकृतिनोर्जुन:।
आर्तोजिज्ञासुरथार्थी ज्ञानी च पुरुषर्षभ।।

चार किसिमका भक्तमध्ये आर्तलाई नै भगवानले सर्वप्रथम स्थान दिनुभएको स्पष्ट छ।

मतलब यो हो कि जसको हृदय निर्मल दर्पण जस्तो स्वच्छ र मखखन जस्तो कोमल छ, जसको हृदयमा प्रत्येक भावको प्रभाव अविकल रूपले प्रतिबिम्बित हुन्छ र जो तन्मय बन्दछ त्यो नै व्यक्ति साहित्यको अधिकारी हो।

अंग्रेजीमा साहित्यलाई (literature) भनिन्छ। यो शब्द ग्रीक भाषाबाट आएको हो। यसको ब्युप्तति (reflection of life or emaginative picture) अर्थात् जीवनको प्रतिबिम्व वा जोवनको काल्पनिक चित्र हुन्छ। यो परिभाषाबाट पनि भावना र भावुकता नै साहित्यको स्वरूप हो भन्ने झल्किन्छ। यदि हृदयमा प्रत्येक भाव पूर्णरूपले प्रतिविम्बित हुंदैन र हृदय तन्मय बन्दैन भने साहित्यको संभव हुन सक्दैन भन्ने पाश्चात्य विचारबाट पनि सिद्ध हुन्छ। immotion recollecteb in tranquility भन्ने wordsworth को विचारलाई पनि म पूर्णत: स्वीकार गर्दछु।

CC-0. In Public Domain. Digitization by eGangotri

"उसैको लागि" का कविताहरूमा स्वाभावोक्ति, रूपक, उपमा आदि अलंकारहरू पाइएतापनि कविको नजर अलङ्कारमा भन्दा खास गरेर, भावतिर केन्द्रित भएको पाइन्छ। रस, भावलाई काव्यको आत्मा मानिएकोले अलंकारलाई भन्दा रस, भावलाई प्राधान्य दिनुपर्छ भनी ध्वन्यालोककारले जोडदार शब्दमा भनेकाछन्। जुन काव्यमा अलंकारको मात्र प्राधान्य हुन्छ, त्यो काव्य कहिले पनि उत्तम कोटिको हुन सक्दैन, यो पक्षमा प्राचीन अर्वाचीन दुवै समालोचकहरू सहमत छन् र रस र भाव प्रधान भएकोले "उसैको लागि" उत्तम काव्य हो।

बाच्यार्थ जस्तो अति सरल भाव भएको वा अतिक्लिष्ट भाव भएको कविता कदापि उत्तम कोटिको हुन सक्दैन भनी संस्कृतका सारा समालोचकहरूले अनेक कारण देखाएर एक स्वरमा भनेकाछन्। "उसैको लागि" का कविताहरूमा भाव स्फुटता र अस्फुटता दुवैको संतुलित अवस्थामा रहेकोले पनि उत्तम कोटिको काव्य भनी मान्न सकिन्छ। पण्डितराज जगन्नाथ निर्मित "भाभिनी विलास" भन्ने काव्यको अन्योक्ति स्तवकमा जस्तै, यहांका कविताहरूमा एकको अर्कोसंग सम्बन्ध देखिंदैन। कविताहरू नियमित छन्दको आधारमा लेखिएको छैन। गीतको लयमा मिल्ने हिसाबले लेखिएको हुंदा जयदेव कविको गीत गोविन्द जस्तै गीत काव्य भन्न सकिन्छ। साहित्य र संगीतको पारस्परिक गहिरो सम्बन्ध र प्रभावुकता उत्पन्न गर्ने सामर्थ्य संगीतमा पनि प्रशस्त परिमाणमा पाइने भएकोले अझ यस काव्यका रचनाहरूमा सरसतार प्रभावुकता ल्याउन कविबाट गीतको लयमा मिल्ने हिसाबले लेखिएको हुनुपर्छ।

सरसरी हेर्दा "उसैको लागि" बगैंचाका बिरुवा र फूलहरू स्फुट रूपमा रहेको देखिन्छ तापनि कविको कम्पन र भावुकताको जुन बेगले यो काव्यको सृजना भयो– त्यसले सबैलाई तर लगाई एउटा गहन एवं सुन्दर फूलैफूलको गलैंचा बनाइदिएको छ भन्ने मैले आफ्नो यस तर्फको अभियानमा अनुभव गरेको छु।

CC-0. In Public Domain. Digitization by eGangotri

"उसैको लागि" का कविताहरूमा उत्साहको प्रेरणा, नेपालको दयनीय अवस्थाको सजीब चित्रण, यहाँका प्राकृतिक भूभागको र ग्रामीण जनताको सरल जीवनको यथार्थ वर्णन, मर्मस्पर्शी कुराणरसको शृङ्गारको नमूना भगबर्दाषयक भक्तिको श्रोत र दार्शनिक विवेचना इत्यादि पाइन्छ। प्रायश: यस काव्यका रचनाहरू शृङ्गार, वीर, करूण र शान्त रसहरूले परिपूर्णताको साथसाथ भावना र भावुकतामय छन्।

यस गीतकाव्यको नाम "उसैको लागि" भएकोले भन्ने कथा मात्र शेष भएको कुनै प्रिय व्यक्तिको स्मृतिमा लेखिएको जस्तो झलका "समर्पण" को रचनाबाट र करूणरसपूर्ण रचनाहरूबाट पाइन्छ। बिप्रलम्भ शृङ्गारी रचना र अन्त्यको संभोग शृङ्गारी रचनाबाट भने कथामात्र शेष भएको प्रिय व्यक्तिको स्मृतिमा नलेखिएको जस्तो पनि भान हुन्छ।

चखेवा र चखेवीको वियोगबाट प्रेरित बनेर भावुक आदि कवि बाल्मिकीबाट रामायणको उद्गम भए जस्तै कुनै घटनाबाट प्रेरित भएर भावुक कवि हृदयबाट "उसैको लागि" को उत्पत्ति भएको हुनुपर्छ। उदाहरणको लागि यहां केवल ५ पांच कविताहरूको व्याख्या गरिएको छ।

सबभन्दा पहिले–

"लुकी संधै जो संसार हांक्छ,
जसले नबोली सब काम टार्छ,
उसले गरोस् जय नेपाल देशको
देखूं संधै "म" हंसिला
नर–नारी यसको"

यद्यपि यहाँ परमात्मा भन्ने प्रयोग नगरेतापनि संधै लुकेर संसार हांक्ने, नबोलेर सब काम टार्ने भन्ने विशेषणबाट र समस्त नेपाली नर–नारीको जय गरोस् भन्ने प्रार्थनाबाट परंशक्तिसम्पन्न परमात्माको प्रतीति हुन्छ। साक्षात् शब्दबाट भनिएको भन्दा केवल प्रतीयमान हुने विषयको साहित्यमा ज्यादै नै मूल्य रहन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

लुक्नु शब्दको अर्थ हुन्छ अरूको नजरबाट आफूलाई देखा नपार्ने कोशिस गर्नु । परमात्मा चर्मचक्षुबाट देखा नपर्ने प्रयत्न गरेर पनि सारा संसार नियमित रूपले चलाउंछ । देखा नपर्दा चाहे नास्तिक जनलाई परमात्मा भन्ने वस्तु छैन भन्ने प्रचारमा सहायता मिलोस् तथापि उसलाई यसको परवाह छैन र देखापर्ने कदापि कोशिस गर्दैन जति काम गर्दछ रत्तिभर पनि आफ्नो निमित्त गर्दैन र जो गर्दछ त्यो पनि निष्काम सब कर्म भन्ने इत्यादि परं निस्वार्थता, परं नैतिकता र कसैबाट देखा नपरेर पनि अनन्त ब्रह्माण्ड परिचालन गर्ने भन्नेबाट चमत्कारपूर्ण लोकोत्तर शक्ति पनि परमात्मामा ज्ञापन हुन्छ । नबोलेर सब काम टार्ने भन्ने विशेषणबाट परमात्मामा लोकोत्तर विलक्षण गुणको ध्वुनन हुन्छ । परमात्माले गर्न लागेका कुरा क्षणभर अगाडि पनि कसैले पत्ता पाउन सक्दैन, गर्नु रायो जत्रो काम छ तर उसको पर्वत जत्रो प्रचार अघिबाट कहिले गर्दैन कार्य देखेपछि मात्र परमात्माले गरेका कारणहरूको अनुमान हुन्छ । अगाडि प्रचार नभई भएका असल कार्यलाई संस्कृत नीतिज्ञ र कविहरूले ठलो प्रशंसा गरेका छन् । दीलिप राजाको राजगुण वर्णनको प्रसंगमा कालिदास भन्दछन्–

"फलेनुभेयाः प्रारम्भाः संस्काराः प्राक्तना इव"

अर्थात् कुनै व्यक्तिको सुखी वा दुःखी अवस्था देखेर उसले गरेको पूर्वजन्मको असल वा खराब कामको अनुमान हुन्छ । त्यस्तै दीलिप राजाबाट पनि काम भइसकेपछि मात्र राजाले यसो गर्न खोजेका रहेछन् भन्ने थाह हुन्थ्यो ।

यसबाट कविको परमात्मा प्रति पवित्र आस्था, गन्थारम्भमा मङ्गलाचरण गरोस् भन्ने आर्य संस्कृतिको अनुशरण र स्वदेश प्रति अगाढ प्रेम झल्किन्छ । परमात्मामा श्रद्धा, आस्था हुनु एक परंगुण हो किनभने यस्तो व्यक्तिहरूको हातबाट स्वार्थ सिद्धिलाई परपीडनादि कुकर्म हुन सक्दैन तर जो परमात्मा प्रति विश्वास राख्दैन त्यसबाट, यदि आफूले गरेको कुकर्म कतैबाट पनि प्रकाशित हुन्न वा प्रकाशित कुकर्मबाट पनि दण्ड सजायंको

CC-0. In Public Domain. Digitization by eGangotri

भागी हुंदैन भने परपीडनादि कुकर्म पनि हुन सक्दछ। खास गरेर ईश्वरप्रति श्रद्धा राख्ने शासक पाउनु त्यो देशको अहोभाग्य हो। यो एक रचनाबाट मात्र होइन "उसैको लागि" का भगवद्विषयक स्तुति सम्बन्धी अनेक रचनाहरूबाट पनि कविको ईश्वरप्रति भक्ति र परम्परागत आर्य संस्कृतिको अनुशरण देखिएतापनि "जातमा जे छौं, सबै हौं, एक सन्तति देशको", "होइन मेरो भन्छिन् सन्तान थरी थरीका" इत्यादि रचनाहरूबाट समय सुहाउंदो विचारधाराको कवि हृदयमा गहिरो प्रभाव परेको पाइन्छ। वास्तवमा पुरानो भन्दैमा सबै चीज र ग्राह्य र नवीन भन्दैमा सबै चीज त्याज्य हुन सक्दैन, असल छ भने नवीन चीजलाई पनि उपेक्षा गर्नु हुंदैन। यस कुरालाई समर्थन गर्ने प्राचीन संस्कृत लेख पनि पाइन्छ "पुराण मित्येब नसाधु सर्वम्" पुरानो भन्दैमा सबै वस्तु राम्रो र नवीन भन्दैमा सबै वस्तु हेय हुनेहोइन, बुद्धिमान प्राचीन नवीन दुबैबाट असल कुरा लिन्छन् मूर्ख केवल लकीरका फकीर बन्दछन्।

यस कविताबाट निष्कामकर्म र नवोलेर गरी असल काम दैवी गुण हो भन्ने पनि बुझिन्छ।

"जिन्दगी क्षणिक हो तैं पनि
जीबन अत्यन्त बिचित्र छ
जन्म मरण ईश्वरीय देन हो
त्यो प्रकृति पनि हो
कबि कबिताको होईन
कबिता कबिको हृदयको
पातलो छाया मात्र हो
त्यो स्मृतिको
अमर चिन्ह पनि समर्पण छ
यो– उसैको लागि– त्यो
मीठो स्मृतिलाई"

CC-0. In Public Domain. Digitization by eGangotri

कविता लेखिंदैमा कवि बनिने पनि होइन नता कविता भन्ने वस्तु लेख्छु भन्दैमा लेखिने वस्तु पनि हो बिना भावना र भावुकताले यो सम्भव हुन सक्दैन। भावना शून्य हृदयबाट कविता निस्कन नै सक्दैन र कदाचित् निस्केमा पनि आत्मा शून्य मृत शरीर जस्तो मात्र हुन्छ भन्ने भावाव्यक्ति हुन्छ। जसरी आदि कवि बाल्मिकीद्वारा रामायण लेख्छु भनेर लेखिएको होइन सहसा क्रोञ्च द्वन्द्वको वियोग जन्य शोचनीय घटनाबाट प्रेरित भएर रामायण निस्कियो उसरीनै कुनै सांसारिक घटनाबाट प्रेरित भएर भावना र भावुकतामा निमग्न कवि हृदयबाट कविता निस्कन्छ भन्ने पनि भावाव्यक्ति झल्किन्छ।

यस कविताको आद्योपान्त अध्ययन र मनन गर्दा दुइ कुराबाट यो "समर्पण" कथा मात्र शेष भएको कुनै प्रिय व्यक्तिलाई नै "समर्पण" गरिएको भन्ने देखिन्छ।

"सदृशज्ञान चिन्ताथै असमुन्नयनादिकृत्।
स्मृतिः पूर्वानुभूतार्थ विषय ज्ञान मुच्यते॥

अर्थात् सदृशवस्तुको अवलोकन तथा चिन्ता आदिबाट उत्पन्न हुने पहिले अनुभव गरिएको वस्तुको यादलाई स्मृति भनिन्छ। स्मृतिको यो परिभाषा बमोजिम स्मृति भन्ने वस्तु सदृशवस्तुको अवलोकन या चिन्ताबाट उत्पन्न हुने भएकोले यस रचनामा प्रयोग गरिएको स्मृति सदृशवस्तुको अवलोकनबाट भएको होइन चिन्ताबाट नै उत्पन्न भएको भन्ने स्पष्टतया देखिएको छ। चिन्ता भन्ने चीज केवल विरह, त्रास र आपत् इत्यादिमा मात्र हुन्छ भन्ने सर्वविदितै छ। दोस्रो जीवनलाई क्षणिक सिद्ध गरेर बैराग्य प्रदर्शन गरेबाट पनि कथामात्र शेष भएको व्यक्तिलाई नै यो "समर्पण" समर्पित गरिएको भन्ने देखिन्छ।

यहां स्मृतिको विशेषण मीठो दिइएको छ। यस रचनामा प्रयोग गरिएको स्मृति चिन्ताबाट उत्पन्न भएको भन्ने माथिनै सिद्ध गरिसकेकोले यो स्मृति मीठोको सट्टा तीताको भान हुनुपर्ने हो र कवि परम्परामा पनि यस प्रकारको स्मृतिमा ती नै विशेषण दिएको देखिन्छ। यहां भने स्मृतिको

CC-0. In Public Domain. Digitization by eGangotri

मीठो विशेषण दिएर कवि परम्परामा नै ठूलो खलबली ल्याएको जस्तो देखिएतापनि मीठो भन्ने विशेषण ज्यादै उपयुक्तछ ।

यदि व्यक्ति परंप्रिय छ भने उसको यादमा स्मारक बनाउने या उसको तस्वीर वासस्थानमा सजाएर राख्ने या निरन्तर यसलाई साथैमा राख्ने प्रवृत्ति मनुष्यमा पाइन्छ । यस प्रकारको कार्यले सुप्तावस्था भइसकेको स्मृति जागरूक बनेर शोकाग्निमा इन्धन थप्न जस्तै हुन पर्ने हो तापनि शोक बढाउँछ भन्न सकिन्दैन शान्त्वना दिन्छ भन्नु पर्दछ किन भने कुनै पनि सचेतन व्यक्ति जानि जानि आफुलाई प्रत्यक्षरूपले तुरून्तै दु:ख दिने कुरामा प्रवृत्त हुन सक्दैन । यसबाट शोकको भान जस्तो भएतापनि वास्तविक शोक हुँदा रहेन छ भनी मान्नै पर्दछ । तुरून्तै दु:ख दिने कुरामा प्रवृत्त हुन सक्दैन । यसबाट शोकको भान जस्तो भएतापनि वास्तविक शोक हुँदा रहेन छ भनी मान्नै पर्दछ । प्रत्युत्त शोकको भान जस्तो भएतापनि दर्शक वृन्दलाई वियोगान्त नाटकमा जस्तै यस प्रकारको शोक हर्षको विषय बन्दछ पनि भन्न सकिन्छ । यो पनि भन्न सकिन्छ कि स्मारक वा तस्वीरादिबाट जागृत स्मृतिले शोक संतप्त हृदयमा रेचकको काम गरी असैह्य शोकलाई हल्का गराउँछ । इत्यादि कारण र दृष्टान्तबाट स्मृतिको मीठो विशेषण दिनु ज्यादै युक्तिसङ्गत मात्र होइन कवि परम्परामा नवीनता पनि ल्याउँछ ।

हे वीर हिंड अगी सरी, नहटाई पाउ रती भरी,
यो मातृ-भूमि नेपालको, भई वीर पराक्रमी सन्तति ।।
खुकुरी, संगीन, तलवार या हतियार जे, किन सामुमा
नपरोस्-यदि तिमी वीर हौ भने– वीरका ती छातिमा ।।
तिम्रै हो लेऊ नागरिक हक, काँधमा काँध गरी ।
सत्यता तिम्रो छ हतियार, डर नलेऊ क्यै कति ।।
नडराई सम्झी लम्कँदै, हिंड ढाल यै हो देशको ।
जातका जे छौं, सबै हौं, एक सन्तति देशको ।।

CC-0. In Public Domain. Digitization by eGangotri

यो रचना आज गुण सम्पन्न उत्साह वर्धक भएकोले यसलाई वीर रस भन्न सकिन्छ।

अगाडि बढ्नु वीरत्व हो पछि हट्नु कायरता हो। यो संसारमा अरूहरू त धेरै अघि पुगिसके जब कि वीर भएर नेपाली जाति पछि पर्नु अति नै लज्जाजनक कुरा हो। नेपाल भूमिलाई समृद्धिशाली बनाउन निरन्तर प्रयत्न हुनु पर्छ। यसैले मातृ ऋणबाट निर्मुक्त बनिने मात्र होइन आफ्नो नाम पनि अमर बन्दछ। यस पवित्र कार्यमा जतिसुकै आपत विपतको सामना गर्न पनि पछि हट्न हुँदैन। यहाँसम्म कि जीवन बलिदानलाई पनि तत्पर हुनु पर्दछ। जीवन भन्ने बस्तु डराउँदैमा बच्ने होइन यो क्षणिक हो र एक दिन नगई छोड्दैन। मातृभमिको निमित्त कोही मर्दछ भने वस्तुतः त्यो अमर बनेको हो। यदि क्षणिक जीवनको सट्टा अमर सुनाम पाइन्छ भने यस्तो इह पर दुबै लोकको निमित्त श्रेयष्कर हुने कार्यमा किन प्रबृत्ति नहुनु। हतियार नभएको पनि वीर जातिको पराजय हुन गाह्रो छ भने उस माथि यदि त्यो जाति शक्तिशाली सत्यता रूपी अस्त्रले सुसज्जित छ भने उसको विजय अवश्यंभावी छ। सत्यता भएको वीर सुनमा सुगन्ध जस्तो हुन जान्छ। ढालको काम हो परप्रेरित अस्त्रबाट बचाउनु। अतः वीर नेपाली जाति नेपालको ढाल स्वरूप हो। उसले देशद्रोही नरपिशाचहरूको जघन्य कामबाट देशलाई बचाउनु पर्दछ। यदि यस किसिमको कार्यले प्रश्रय पायो भने नेपाल कहिले पनि अघि बढ्न सक्दैन। नेपाल पछि पर्नुको माने हो नेपाली पछि पर्नु। यहाँ कुनै जाति विशेष वा वर्ग विशेष रूपी सङ्कीर्ण परिधी भित्र नबसी कवि हृदयले नेपालका समस्त जातिलाई एकै सन्ततिको रूपमा देखेको छ।

"गर्छिन् पुकार आमा रोई-कराई जोडले,
होईन् मेरो भन्छिन् सन्तान थरी थरीका–"
कोही धनी असाध्ये,
कोही गरीब माग्ने,

CC-0. In Public Domain. Digitization by eGangotri

सक्तीन देख्न भन्छिन् सन्तान थरी थरीका ।।
नाङ्गो छ आँग काहीं,
काही पोशाक मलमल,
सक्तीन हेर्न भन्छिन् सन्तान थरी थरीका ।।
सुनको छ थाल काहीं,
काहीं छ पात खाली,
सक्तीन सुन्न भन्छिन् सन्तान थरी थरीका ।।
भन्छन् "महल" कसैका,
काहीं छ झुत्रो झुप्रो,
सक्तीन सहन भन्छिन सन्तान थरी थरीका ।।

मातृ-हृदय भनेको यस्तो वस्तु हो जो निस्वार्थ भावले निरन्तर आफ्नो सन्ततिको सुखसमृद्धि कामना गर्दछ । यो भन्दा प्रिय वस्तु यस संसारमा उसको निमित्त अरू छैन ती सन्ततिहरू यदि समान भावले सुख समृद्धिशाली बनेका छन् भने मात्र हृदयमा आनन्दानुभव हुन्छ । कुनै सन्तान भने प्रशस्त पैसावाल र अर्को भने भिखारी, एक भने महलवासी र दोस्रो भने झुत्रो झुप्रो वासी छ भने मातृ हृदयमा यो भन्दा बढी चिन्ताको विषय अरू कुनै हुँदैन । आफ्नो सन्ततिहरूमा ठूलो विशमता मातृ-हृदयमा विषको काम गर्दछ, इत्यादि कुराहरूबाट यहाँ मातृ हृदयको करूणक्रन्दन पराकाष्ठामा प्रतिपादन गरिएको छ । यो रचना पढ्दा वा सुन्दा हृदयमा शोक सञ्चार हुने भएकोले यसलाई करूण रस भन्न सकिन्छ । वास्तवमा यहाँ मातृ हृदयको वेषमा कवि हृदयको करूणक्रन्दन हो । उ नेपालका नरनारीको यस्तो आर्थिक असमानता हेर्न सक्दैन ।

चाँदनी दिलको थियो, किन अन्धकार गरी गयौ,
यदि विश्वको भए तुच्छ त्यो, यस दिलको सर्वस्व थियो
सपना भनू भने पनि , यस दिलको बिपनै थियो,
बिपना भनू भने कठै प्रतिबिम्ब मात्र भई गयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झी सधैं ती बितका चैन जो थिए,
हुन्छु ब्याकुल एकलो, आई लुटी कस्ले लगे।
बग्छ आँशू भन्दिए, सक्तैन रोक्न कसै गरे,
प्रेमले सोही म गर्छु, अन्त्य तर्पण भन्दिए।

कहिले नफर्कने गरी गएकी प्रेयसीको बिरहमा शोक विकल हृदयको एक उद्धार हो। यस रचनामा प्रसाद र माधुर्य दुई गुण पाइन्छ। पूर्ण मनोवैज्ञानिक बिषय पनि भएकोले यो एक-चरमकोटिको करूण रसको नमूना बन्न गएको छ।

"चाँदनी" भन्ने शब्द नेपाली भाषामा पनि पूर्ण रूपले प्रसिद्ध भैसकेकोले सरकार हजुर इत्यादि जस्तै नेपालीकरण भैसकेको छ। चाँदनीको सट्टा संकृतमा चन्द्रिका, कौमुदि, ज्योस्मा भन्ने तीन शब्द-हरू पाईन्छ। चाँदनी जस्तो संस्कृतका यी तीन शब्दहरूको हाम्रो भाषामा प्रसिद्ध नभएको मात्र होईनन् कि उच्चारणमा कठोरता पनि छ। वीर रौद्र रसमा जस्तो श्रृगार करूणा रसमा कठोर शब्दको प्रयोग गर्नु हुंदैन। चाँदनीको सट्टा पूर्ण नेपाली शब्द "जून" को प्रयोग गरेमा "चाँदनी" ले बुझाउने जोभाव छ त्यो जून शंब्दले बुझाउन सक्दैन। चाँदनी स्त्रीलिङ्गी भएकोले प्रेयसीको आरोप चाँदनीमा हुन शक्दछ। चाँदनीबाट स्त्री भन्ने झल्किन्छ तर जून शब्दबाट पुलिङ्ग वा नपुंशक लिङ्गको भान हुने भएकोले "जून" शब्दको प्रयोग गरे स्त्री लिङ्गको भाननहुने हुँदा रचनामा अनुपयुक्तता मात्र होइन दोष पनि हुन जान्छ। अतः यहाँ चाँदनीको सट्टा अरू कुनै पनि शब्द प्रयोग गर्न सकिन्दैन। खास गरेर चाँदनीबाट शान्ति, प्रकाश र आमोद प्रमोद इत्यादिको प्रतीति हुन्छ। अब प्रेयसीलाई चाँदनीमा आरोप गरेकोले चाँदनीमा रहने समस्त गुण प्रेयसीमा आउँदा चाँदनी जस्तै प्रेयसी पनि शान्ति दिने जीवन ज्योति र आमोद प्रमोद प्रदान गर्ने इत्यादि व्यक्त हुन्छ। यस संसारमा अरू जतिसुकै साधन भए पनि यदि उपयुक्त तीन कुरा बाट बञ्चित हुनु पर्‍यो भने जीवन

CC-0. In Public Domain. Digitization by eGangotri

कस्तो विरक्तिकर हुने छ भन्ने सर्व बिदित छ। प्रेयसीलाई चुंडेर निठुरी दैबले लैजाँदा मेरो के कुरा लगेन मेरो शान्ति गयो जीवनको ज्योति निभ्यो, आमोद प्रमोद भन्ने चीज सदाका लागी बिलीन भए, तिमी बिना जीवन अन्धकार मय छ, अन्धकारमा केही पनि सुझदैन र हृदय संत्रस्त हुन्छ, मेरो जीवन पनि अन्धकारपूर्ण छ, चाहे तिमीलाई बिश्वले तुच्छ सम्झेको होस् तर मेरो निमित्त शान्ति दिने मार्ग प्रदर्शन गर्ने आमोद प्रमोद इत्यादिको भूमि हुंदा मेरो सर्वश्व थियौ भन्ने भाव नवनित हुन्छ।

बिश्वले ठूलो सम्झिएको चीजमा सबैको आस्था हुन स्वाभाविकै छ। बिश्वले तुच्छ सम्झिएकोमा पनि सर्वस्व सम्झिएको बर्णन हुंदा स्वार्थ रहित स्वाभाविक प्रेमातिशय पनि झल्किन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल दर्शन

—मुरारीकृष्ण शर्मा

पर्यटनको परम्परा हामी नेपालीहरूमा पनि इतिहासदेखि नै विद्यमान छ खास गरी पर्यटनको परम्परा धार्मिक पृष्ठभूमिमा आधारित भएकोले जनसंख्याको अनुपातमा देश हेर्ने भावनाले पर्यटन गर्ने कुनै पनि यूरोपीय देशका पर्यटकको संख्या भन्दा नेपाली पर्यटकको संख्या कम छ भन्न सकिन्न। तर नेपाली पर्यटकको पर्यटनको सीमा धेरै प्रतिशतमा भारतका विभिन्न इलाकामा मात्र सीमित छ। अझ यसमा पनि तीर्थ यात्राको भावनाले भारतका प्रमुख तीर्थहरूमा जानेहरूको संख्या नै ज्यादा हुन्छ। यसरी भारतका तीर्थ स्थान र त्यहाँका ठूल-ठूला शहरहरू हेर्ने परम्पराले गर्दा हामी यो कहिल्यै सोच्दैनौं कि स्वदेशको विभिन्न इलाकामा यात्रा गर्नु पनि पर्यटन हो, स्वदेशका विभिन्न तीर्थ स्थानमा जानु पनि तीर्थ यात्रा हो र यो अति महत्वको छ, अति रमाइलो छ र धेरै ज्ञानवर्धक छ।

यूरोप, अमेरिकाबाट कति पर्यटकहरू नेपालको प्राकृतिक सौन्दर्य, हिमालय, पहाडी जनजीवनको अनुभव गर्न भनेर आउँछन् र अतुलनीय प्राकृतिक सौन्दर्य, विशाल हिमालयको अवर्णनीय छटा, नेपाली जनताको आफ्नैपनको जनजीवन अध्ययन गरेर छक्क परेर जान्छन्। काठमाडौंका ठूल-ठूला होटेलमा ठाउँ खोजियो भने जहिले पनि कोठा पाउन मुस्किल पर्दछ विदेशी पर्यटकहरूको भीडले गर्दा। काठमाडौंमा

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र होइन, देशका अन्य मुलुक स्थानहरूमा समेत विदेशी पर्यटकहरू छ्यास्-छ्यास्ती देखा पर्दछन्। तर धेरै जसो नेपालीलाई भने आफू बसेको जिल्लाकै केही कोश टाढाको ठाउँ थाहा छैन। नगरकोटबाट, धुलिखेलबाट हिमालयको छटा कस्तो देखिन्छ, ककनीबाट हिमालयको दृश्य र पश्चिममा टाढा टाढासम्म पत्र-पत्र परेर फैलिएका पहाडी डाँडाको श्रृङ्खला कति रमणीय छ भन्ने कुरा काठमाडौंवासी धेरै नै थोरै व्यक्तिलाई मात्र थाहा छ। देशको विभिन्न भागमा बसेका जनता मध्ये कतिले आफ्नो देशको राजधानी देखेका छन् भन्ने कुरा अनुमान पनि गर्न सकिन्न, तर यो भन्दा धेरैले कलकत्ता, काशी, बम्बई दिल्ली देखेका छन्।

तर जे होस अब हामीले आफ्नो रूचीमा परिवर्तन गर्नु परेको छ र विदेश भ्रमण भन्दा स्वदेश भ्रमणलाई नै महत्व दिनु परेको छ। कलकत्ता, बम्बईको सौन्दर्य भन्दा सगरमाथाको सौन्दर्य, धवलागिरी, अन्नपूर्णा, माछापुछ्रेको सौन्दर्य, फेवातालको सौंन्दर्य कम छ भनेर कुनै पनि नेपालीले कुनै यूरोपीय पर्यटकलाई भन्यो भने त्यसले उसलाई मूर्ख मात्र भन्ने छैन आँसु काढेर जानेछ। तीर्थ यात्राको दृष्टिकोणबाट पनि गङ्गा किनाराका विभिन्न तीर्थ स्थानहरू भन्दा हाम्रा प्राकृतिक सौंन्दर्यले सुशोभित अग्ला डाँडा र कोशी गण्डकी, कर्णाली किनारका तीर्थ स्थानको यात्रा धेरै नै बढी मात्रामा आनन्ददायक छ र कसैले यो पनि भन्न सक्दैन कि पुण्य कम छ।

यही भावनाबाट श्री ५ महाराजाधिराजबाट गत १२ सालदेखिन ऐतिहासिक स्वदेश यात्रा प्रारम्भ गरिबक्सी सबै नेपालीहरूका निम्ति स्वदेश भ्रमणको महत्व दर्शाइबक्सेको छ। देशको प्रायः सबै नै इलाका-मा समाप्त भैसकेको मौसूफका यी स्वदेश यात्राहरू आनन्दको निम्ति थिएन, तीर्थको निमित्त पनि थिएन, आफ्ना प्रजाको सुख, दुःख बुझ्न, कहाँ के गरे सबैको भलाई होला भन्ने कुरा प्रत्यक्ष अनुभव गर्न, आफ्ना प्रजासंग प्रत्यक्ष भेट गर्नका लागिको थियो। तर मौसूफलाई

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो देशका विभिन्न भागका अवर्णनीय प्राकृतिक सौन्दर्यको पनि नजर गरिबक्सने मौका मिल्यो, विभिन्न इलाकाका आफ्नै भाषा बोल्ने जनताको जनजीवनको अध्ययन गरीबक्सने मौका पनि मिल्यो, विभिन्न तीर्थ स्थानको पनि नजर गरिबक्स्यो। यसरी मौसूफबाट देशको सम्पूर्ण भागमा भ्रमण गर्ने प्रथम राजा मात्र होइन प्रथम नेपालीको रूपमा पनि सबैलाई स्वदेश भ्रमणको प्रेरणा बक्सेको छ।

हामी नेपालीहरूमा स्वदेश भ्रमणको भावना नबढेको कारणहरूमा नेपालको प्राकृतिक स्थिति, इलाकाइ खण्डता र नेपालका विषयमा कम ज्ञान पनि छन्। प्राकृतिक स्थितिले गर्दा आवागमनमा कठिनाई पर्न जान्छ, त्यसकारण हामीमा पूर्व–पश्चिमको भ्रमण भन्दा दक्षिण तर्फ भ्रमणको बानी बस्यो तर अहिले धेरै ठाउँमा हवाई सर्भिस चलिसकेको हुनाले त्यो कठिनाई धेरै मात्रामा कम हुन गएको छ। तैपनि पर्यटनका लागि अरू विशेष व्यवस्था गर्नु अत्यावश्यक छ। जसका लागि श्री ५ को सरकारले पर्यटन विभाग खोलेको छ।

हामीमा स्वदेशको विभिन्न भागमा भ्रमण गर्ने प्रेरणा नभएको अर्को कारण स्वदेश सम्बन्धि कम ज्ञान पनि हो। हामीलाई जति अरू देशका शहरहरू र तीर्थ स्थानका बारेमा थाहा छ त्यति आफ्नो देशको थाहा छैन। कुन कुन ठाउँमा कुन कुन शहर छन्, ती शहरहरू कस्ता छन्, कुन कुन ठाउँमा कस्तो प्राकृतिक सौन्दर्य छ, कुन कुन तीर्थ छन्, ती ठाउँहरूमा पुग्न कुन कुन बाटो भै जानु पर्दछ भन्ने कुराको कम बोध छ तर श्री ५ महाराजाधिराजबाट स्वदेश भ्रमणको सिलसिला शुरू गरिबक्से पछि दिन दिनैको समाचार र लेखहरूद्वारा यस सम्बन्धमा सबैलाई बोधहुन गएको गएको छ तापनि यस सम्बन्धमा अझै राम्रो बोध गराउन स्थानीय लेखकहरूले लेख, पुस्तक पुस्तिका आदि द्वारा निकै प्रचार गर्न आवश्यक छ। सबै जिल्लाका नागरिकहरूले आफ्नो आफ्नो जिल्लामा पर्यटनको सुविधा तथा आकर्षणका लागि योजनाबद्ध तरीकाले काम र प्रचार गर्नु पर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामी सबैले अब यो सोच्नु परेको छ कि विदेशका ठूल-ठूला शहरको पर्यटन भन्दा स्वदेशको विभिन्न भागमा भ्रमण गर्नु आनन्द-दायक मात्र होइन धेरै लाभप्रद पनि छ। यसरी पर्यटनको आकांक्षा पूरा गर्न स्वदेशको विभिन्न भागमा भ्रमण गरेमा विभिन्न इलाकाका नेपालीहरूका बीच नजीकको सम्बन्ध स्थापना हुन्छ; एक दोस्रोको रहन सहन, काम धन्दा, बोलचाल सबै थाहा हुन्छ; राष्ट्रिय एकता तथा राष्ट्रिय संस्कृति झन्झन् मजबूत हुँदै जान्छ। यस प्रकारको भ्रमण-मा खर्च पनि कम हुन्छ र खर्च भए पनि स्वदेश भित्रै। यस प्रकारको भ्रमणबाट आफ्नो देशको भौगोलिक ज्ञान मिल्दछ जुन ज्ञान प्रत्येक देशवासीहरूमा हुनु अत्यावश्यक छ। यसबाट देशको उत्थान उन्नतिका लागि कहाँ के हुन लागेको छ र त्यो कति महत्वको छ भन्ने कुराको अनुभव र यस सम्बन्धमा आफ्नो सुझाव पनि दिन सकिने छ।

तीर्थ यात्राको दृष्टिबाट पनि भारतवर्षको उत्तरा खण्डका तीर्थ-हरूको महिमा प्रत्येक पुराणहरूमा प्रशस्त महत्व दिएर लेखिएको छ। श्री पशुपतिनाथ, मुक्तिनाथ, रुडी, लुम्बिनी, जनकपुरधाम, बराहक्षेत्र आदि प्रमुख तीर्थ स्थानहरूमा प्रत्येक वर्ष हजारौं विदेशी तीर्थ यात्री-हरू ठूलो कष्ट सहेर पनि आइपुग्दछन्। यसबाट पनि प्रत्यक्ष थाहा हुन्छ उपरोक्त तीर्थ स्थानको महिमा विदेशीहरूले पनि कम ठान्दैनन्। हरेक तीर्थ स्थानहरूमा प्रशस्त पाटी पौवा र बसोबासको अन्य सुविधा-हरू समेत भएबाट बाटोको श्रम बाहेक अरू कुनै कठिनाई पनि पर्दैन।

अर्को कुरा हामी विदेशी शहरका ठूल-ठूला घर, मोटरको तांती, पसलको झकिझकाउ र मानिसको भीड हेर्न जान्छौं; जहाँ ठगी, धूर्तता सिवाय मनुष्यहरूको आभासै पाईदैन; केवल हेर्ने रहर पूरा हुन्छ, क्षणिक आनन्द हुन्छ; अर्कोतिर आफ्नो देशमा संसारमा प्रख्यात भएको प्राचीन काष्ठ कला, मूर्ति कला, मन्दिर तथा भवन निर्माण कला, प्राचीन सांस्कृतिक नाचहरू, रथयात्राहरू छन् जसलाई हेर्दा आफ्नो देशको इतिहासको ज्ञान हुन्छ, ऐतिहासिक गौरव हुन्छ; राष्ट्रियता र

CC-0. In Public Domain. Digitization by eGangotri
सांस्कृतिक दृष्टिबाट हामी परिष्कृत हुन्छौं, ज्ञानी हुन्छौं।

स्वदेशको विभिन्न भागमा भ्रमणको अनुभवबाट हामीमा स्था भावना, संकुचित भावना पनि दूर हुन्छ; जुन देशको निम्ति, दे उत्थानको निम्ति ठूलो घातक छ र यसको बदला हामीमा उदारताको प्रादुर्भाव हुन्छ जसमा सबै इलाकाका बासिन्दाहरू उनीहरूको स्थानीय समस्याहरू समाधान गर्ने प्रयत्नमा स्वतः स भूति प्रकट गरिने छ। भन्नुको अर्थ एक इलाकाका जनताकोपीर, र त्यसको निराकरणका लागि उनीहरूले गर्ने मागलाई अर्को इला जनताले सहजै बुझ्ने छन् र यो भन्ने अवसर छैन कि मात्र यो कुराको बन्दोबस्त भयो यहाँ भएन।

□

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो राष्ट्रिय जीवनमा पूर्व-पश्चिम मूलबाटोको महत्व

—बालचन्द्र शर्मा

द्वितीय विश्वयुद्धपछि अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका अनेक नौला कुराहरूमध्ये समर्थ राष्ट्रहरूले विकास गर्न लागेका आफ्ना मित्रराष्ट्रहरूलाई विभिन्न आधारमा विभिन्न योजनाहरूका अन्तर्गत किसिम–किसिमले सहायता गर्ने परिपाटी पनि एक हो । संयुक्त राष्ट्र संघका आयोजनामा सुघठित अनेक यस्ता सहायक संस्थाहरूमार्फत संसारका अनेक देशहरूले यस प्रकारका सहायता पाएकै छन्, तिनका अतिरिक्त पनि अनेक मित्रराष्ट्रहरू प्रत्यक्ष रूपमा पनि आपसी सहायता गर्दैछन् वा गर्न इच्छुक छन् ।

निश्चय नै आजको सांगुरिएको विश्वमा पारस्परिक सहयोगबिना राष्ट्रहरूको विकास गाह्रो छ, तर यो पनि विचारणीय छ कि कुनै पनि राष्ट्र सर्वथा निःस्वार्थ रूपमा अरूको सहायता गर्न आफ्नू बजेटको ठूलो भाग उदारतापूर्वक खर्च गर्न त्यसै उत्सुक पनि हुन्न । हो, सहायता गर्न उत्सुक राष्ट्रहरूका अभिलाषा वा स्वार्थको उद्देश्यमा अन्तर हुन्छ— कसैको तात्कालिक महत्त्वको र प्रत्यक्ष पनि हुन सक्तछ, र कसैको दीर्घकालीन परिणाम हुने र परोक्ष पनि । आज सहायता दिने होडबाजीमा सहायता लिनेहरूले विचार गरी उपलब्ध सहायताहरूमध्येबाट रोज्नुपर्ने कुरो यही छ ।

२००७ साल र खासगरी वर्तमान श्री ५ महाराजाधिराजको शुभराज्याभिषेकपछि अन्तर्राष्ट्रिय जगत्मा नेपालको पनि मर्यादा

CC-0. In Public Domain. Digitization by eGangotri

र महत्त्व बढ्दै गइरहेको छ। एक त यस प्रकारको राजनीतिक कारणले र अर्कोतिर नेपालको भौगोलिक महत्त्वले पनि उसको विकास योजानमा अनेक मित्रराष्ट्रहरूको चासो देखिन्छ। हामीलाई अनेक किसिमका सहायता उपलब्ध छन् र हामी तीबाट लाभान्वित भएका पनि छौं। भविष्यमा पनि यस्ता सहायता र सहयोगको हामीलाई खांचो रहने नै छ। तर, के केवल पराइका सहायताले मात्र कसैको उन्नति भएको छ? यो स्मरणीय छ कि अरूका भरमा मात्र उभिन खोज्ने व्यक्ति वा राष्ट्रको पछि–परन्तु कल्याण हुन्न। सर्वथा परमुखापेक्षीले आफ्नू कर्तृत्व वा आत्म-शक्तिको लोप गर्दछ। आज आफ्ना मित्रराष्ट्रहरूका सहायता स्वीकार गर्ने प्रश्न उठ्ता यस ठूलो तथ्यतिर पनि हामीले पूरा विचार राख्नु पर्दछ। कुनै पनि राष्ट्रको विकासमा सबभन्दा बढी लाग्ने वस्तु आखिर त्यसै देशका उत्पादन र श्रम नै हुन। हो, तिनको व्यवस्था र सुगम एवं समुचित उपयोगको तारतम्य मिलाउने साधनका रूपमा प्रयोजनीय विशेषज्ञ र मशीन आदि उपकरणको भने हाम्रो जस्तो देशलाई प्रारम्भमा केही सहयोगको अपेक्षा हुन्छ। यी वस्तु पनि धेरै अंशमा हाम्रै साधनबाट उपलब्ध गरी हामीले सकभर आफ्नै आधारमा आफ्नू पुनर्निर्माणका योजना बनाउन् छ– पूर्व–पश्चिम मूल बाटोको योजनादेखि नै हामी यस दिशातिर सक्रिय किन नहुने?

मित्रराष्ट्रहरूका सहायताबाट उत्पन्न हुनसक्ने माथि उल्लिखित समस्याहरूप्रति ध्यान रहंदा रहंदै पनि देशनिर्माणको उत्साहमा हामी सहायता स्वीकार गर्ने दिशातिर हुत्तिंदै जानसक्ने थियौं। यसै अवसरमा राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट पूर्व–पश्चिम मूल बाटोको निर्माण स्वयं नेपाली कर्मण्यताबाट तैयार पार्ने एक ठूलो आह्वान बक्सियो। यस महान कार्यको पूर्णताले हाम्रो राष्ट्रको हुने बहुमुखी कल्याणको प्रसंगमा त पछि केही विचार हुने नै छ, यहां केवल यतिमात्र भनुं कि यस आह्वानको स्वयं आफैंमा पनि एक ठूलो महत्त्व छ–कारण राष्ट्रनायकबाट तमाम देशवासीलाई यस प्रकारको कुनै प्रत्यक्ष, व्यापक र सर्वोपयोगी योजनामा

CC-0. In Public Domain. Digitization by eGangotri

सक्रिय सहयोग दिन आउने आह्वान भएको छ। यसले जहां राष्ट्रनिर्माणको जिम्मेदारीलाई एक–एक व्यक्तिका कांधमा राखेर प्रत्येक देशवासीको कर्तृत्व–शक्तिलाई निर्माणको पथमा सक्रिय हुने अवसर दिएको छ, त्यहीं प्रत्यक्ष रूपमा उपस्थित कुनै एउटै स्थूल विषयमा सबैलाई संलग्न भएर हाम्रो राष्ट्रियताको भावनालाई दृढतर हुने अवसर पनि प्रदान गरेको छ। आफ्ना नेताको आह्वानमा कम्मर कसेको जनता आज आफ्ना र आफ्ना नेताका बीच ज्यादै नै सामीप्यको अनुभव गर्दैछ– यो पनि यस महान् आह्वानको महत्त्व हो। राजादेखि रंकसम्मको उपयोगमा समान रूपले आउने यस्तो कार्यमा देशका आबालवृद्धको यस्तो समन्वयको अवसरले हामीलाई पछिसम्म पनि अन्य विविध क्षेत्रमा ठूलो हित गर्नेछ।

नेपाली जनजीवनका अनेक विशेषताहरूमध्ये त्यसको कर्तृत्व शक्ति पनि एक हो। त्यसको समुचित उपयोग आजसम्म हुन पाएको थिएन। 'आफूले हिंड्ने बाटोको निर्माण हामीले आफैं गर्नु पर्दछ' भन्ने भावनाले यस कर्तृत्वको भावनालाई प्रत्यक्ष र ठोस रूप दिएको छ। माथि नै प्रसंगमा भनिएझैं– आखिर यस्तो कुनै निर्माणमा आवश्यक श्रम र अधिकांश साधन त देशबाटै उपलब्ध हुन्छ। अनि त्यसको निमित्त हामीले अरूको मुख किन हेर्ने? आजसम्म हामीले सक्रिय हुने कुनै स्थल वा संयोग भेट्टाएका थिएनौं-आज धेरै दिनपछि आपसी कचिगल, कलह र निष्क्रियताको आत्मघाती परिस्थितिलाई पन्छाएर हामीले आफ्नू भाग्य सपार्ने अवसर पाएका छौं। र, देशले यसलाई बुझेको पनि छ, अ उमंगकासाथ कम्मर कसेर अगाडि पनि बढेको छ। पूर्व-पश्चिम मूल बाटोको निर्माणको आह्वाना हुनासाथ जन–धनको जसरी संकलन हुंदैछ, त्यो यस तथ्यको प्रत्यक्ष प्रमाण हो।

मनुष्य सामाजिक प्राणी हो। सामाजिकता वा आपसी सम्पर्कको सुविधा राष्ट्रिय जीवनको निमित्त सर्वप्रमुख आवश्यकता हुन्छ। तर, दुर्भाग्यको कुरो हो कि आपसी सम्पर्कको सर्वप्रमुख साधन–सुविधाजनक बाटो–घाटोको अभाव हाम्रो देशमा यत्रो ठूलो छ। बाटोको अभावमा आज स्वयं आफ्नै देशका धेरैजसो क्षेत्र हाम्रा निमित्त सात

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रपारिका देशभन्दा पनि टाढाइँ छन् । यस्तो अद्भुत परिस्थितिमा पनि हामी आजसम्म जातीयताको एकै सूत्रमा आबद्ध रहन सक्यौं– यो हाम्रो ठूलो सौभाग्य हो । तर, जसरी आज युगको परिवर्तन भइरहेको छ– त्यसमा हाम्रा बीच रहेको यो असुविधाजनक पार्थक्य कदापि हितकर छैन । अतएव हाम्रो सम्पूर्ण जन जीवनलाई एक सूत्रमा गांस्ने यो बाटो हाम्रो निमित्त सर्वप्रथमुख विषय बनेको छ । यसको बिना हाम्रो संस्कृति, हाम्रो आर्थिक अभ्युदय, हाम्रो राजनीतिक दृढता आदिका कुरा धेरैजसो सिद्धान्तगत कुरा मात्र हुंदै जानेछन् ।

देशका विभिन्न भागलाई जोर्ने एउटा राजमार्गको अभावमा देशमै उपलब्ध हुने अधिकांश सामग्रीको उपयोग गरी विभिन्न औद्योगिक अनुष्ठानको परिकल्पना नै हुन सम्भव छैन । उदाहरण स्पष्ट छ– त्रिशूलीको विद्युतशक्तिको उपयोग गर्न त्यहां जुन मशीनहरूको आवश्यकता पर्‍यो यसलाई ठाउंसम्म पुऱ्याउन सबभन्दा पहिले बाटोकै आवश्यकता पर्‍यो । साथै, कथंकदाचित् कुनै अर्को उपायले कुनै किसिमको उत्पादन कुनै ठाउंमा गर्न सकिहाले पनि त्यसको वितरण व्यवस्थाको निमित्त सुविधाजनक बाटोको खांचो परिनै हाल्छ । त्यसको पनि प्रत्यक्ष अनुभव हामीलाई नभएको होइन । हाम्रो धनधान्यपूर्ण कृषिप्रधान देशका अनेक क्षेत्रमा वर्षेनि हाम्रै उत्पादनका वस्तुहरूको घोर अभाव भइनै रहन्छ । अर्कोतिर तिनकै आधारमा चल्ने छिमेकी देशका सीमावर्ती बजार फैलिदैछन् । अभावग्रस्त आफ्ना क्षेत्रमा तिनै वस्तुको जोहो गर्न हामीले अनेक विषम समस्याको सामना गर्दै फेरि तिनै बजारमा पुग्न पर्दछ । हाम्रो आर्थिक व्यवस्था यस अवस्थामा कति दिनसम्म संतुलित रहन सक्ला ? यो असुविधा केवल बजारमा हुने क्रय–विक्रयमा मात्र सीमित छैन । स्वास्थ्य, शिक्षा आदि जस्ता सामान्य सामाजिक विषयमा पनि बाटोको अभावले पारेको असुविधा छर्लङ्ग छ । एकतिर देशका विभिन्न स्थानहरूमा यी विषयका सुविधाको निमित्त हामीले आफ्नु स्वल्प पूंजीबाट पर्याप्त व्यय गर्नु परिरहेको छ, अर्कोतिर ती स्थानीय सुविधाका विषयमात्र

CC-0. In Public Domain. Digitization by eGangotri

बनेर केही परका क्षेत्रका निवासीहरूले तिनैको निमित्त प्रवासको मुखापेक्षी हुनु परिरहेको छ। यो केवल परेका मानिसहरूको सुविधा—असुविधाको मात्र प्रश्न होइन, न यो मुद्रा विनिमय, मुद्राको अवमूल्यन तथा अन्य आर्थिक विषयमा मात्र टुंगिने विषय हो। यसले त राष्ट्रिय एकत्व—भावनामै दखल पुऱ्याउंछ। यदि काठमाण्डूमा कुनै योजना पूरा हुन्छ र त्यसको प्रत्यक्ष लाभ जुम्लाले पाउन्न भने जुम्ला—निवासीका मनमा त्यस राष्ट्रिय कार्यप्रति प्रत्यक्षत: कुनै आत्मीयता हुन्न, उल्टो उसका मनमा काठमाण्डूका निवासीप्रति स्पर्धा वा द्वेष—भावनाको उदय हुन्छ। यसको एकमात्र समाधानको उपाय यातायातको सुविधाहरू, जसले गर्दा संपर्कको सुविधा र एकताको भावनामा अभिवृद्धि गर्दछ।

नेपाल जस्तो पहाडी मुलुकमा यातायातका साधनको कुरा चल्दा हवाइ—यातायातमा विशेष ध्यान दिनुपर्ने सुझाउ पनि आउंछन्। हवाइ-यातायात अनेक दृष्टिले हाम्रो निमित्त सुविधाजनक पनि छ। तर, स्मरण राख्नुपर्ला कि हामी अन्ततोगत्वा धरतीकै निवासी हौं र बहूजनको विचार गर्दा जमीनमा बनेको बाटोबिना हाम्रो सामान्य यातायातको समस्या कदापि हल हुन सक्तैन। हवाइ—यातायात हामीमध्ये केहीको निमित्त र कुनै विशेष कार्यहरूकै निमित्त उपयोगी छ, तर राष्ट्रका विविध र व्यापक समस्याको समाधान त यस्तै राजमार्गहरूबाट सम्भव छ।

हाम्रो पूर्व—पश्चिम मूल बाटो पहाड र तराइको दोसांधबाट लैजाने योजना छ। हाम्रो देशको भौगोलिक बनावटका दृष्टिले यही बुद्धिमत्तापूर्ण पनि हुनेछ। कारण, यो देशका दुइ प्राकृतिक विभाजनका बीचमा रहेर दुवै क्षेत्रका निवासीका निमित्त समान उपयोग र दुवैलाई अझै समीप ल्याउने एक ठूलो साधन बन्न जानेछ। उत्तर र दक्षिणबाट आएर यसमा गांसिने अरू बाटा—घाटाहरूले देशका अन्य क्षेत्रहरूलाई पनि यसको माध्यमले आपसमा गांस्नेछन्। अतएव यस मूल बाटोको उपमा प्राणीका शरीरमा रहेको मेरु—दण्डसित दिनु उक्तिसंगत नै हो। पूर्व—पश्चिम मूल बाटो आकृति र हाम्रो राष्ट्रिय हितको दृष्टि-ले मेरु—दण्ड नै हुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रियता र नेपाल

— बालकृष्ण सम

राष्ट्रिय चेतनाले मानिसलाई मूर्दा हुनुबाट बचाउंछ। जो राष्ट्रियतालाई संकोच सम्झन्छ कि त्यो परमयोगी भइसकेको हुन्छ, कि उसले मृतप्राय: दासतालाई पचाइसकेको हुन्छ। परन्तु साम्राज्यवाद र राष्ट्रवादमा यही अन्तर छ— साम्राज्यवाद सुरसाले जस्तै खाएर चपाउन मुख बाइरहेको हुन्छ भने राष्ट्रवाद हनुमान् जस्तै उम्कन छिटो छरितो बन्ने दाउमा रहेको हुन्छ।

हाम्रो देशको विषयमा फलाना साहेबले यसो भने वा ढिकाना साहेबले त्यसो भने भन्ने प्रथा हामीले बृटिश—भारतबाट उधारो लिएका हौं, पछि हिन्दुस्थानमा जागृति आउन थालेपछि अनि हिन्दुस्थानले स्वराज प्राप्त गरेपछि फेरि हामी फलाना महामहोपाध्यायले यसो भने वा ढिकाना भारतीय विशेषज्ञले त्यसो भने भन्नपट्टि लागेका हौं। यी सब स्वयं अध्ययन मनन र चिन्तन गर्न अलसी मानेबाट आफ्नो मौलिकता बैलाउन जांदा उत्पन्न भएको परिणाम हो। परदेशीको आंखाले आफूलाई कस्तो देखेको छ भन्ने कुरा जान्न खोज्नु बेग्लै हो, तर टर्नरलाई गुरू र पर्सिभल ल्याण्डनलाई पुरोहित त त्यही अवस्थालाई मान्य हुन्छ जसमा आफ्नो साहित्यिक सृजनामाथि कारणवश स्वार्थवश र विवश प्रतिबन्ध लागेको हुन्छ। त्यही अन्धकार अर्द्ध शताब्दीको निष्क्रियताले गर्दा आज

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले प्रगतिलाई प्रेरणा उपार्जन गर्न राष्ट्रियताको मनन गर्नु परेको छ। त्यस वेलालाई धिक्कार छ जब हामीले आपनो हजारौं वर्षसम्म स्वतन्त्र भई उभिएको राष्ट्र नेपाललाई बृटिश इण्डियाको एक 'इण्डिपेण्डेण्ट स्टेट' भनेर लेखिएको दूषित नक्सासहितको अंग्रेजी भूगोल मरी मरी पढ्नु परेको थियो।

हामीले पाठशालाको नाम स्कूल राखेर चिकित्सालयको नाम हस्पिटल राखेर, सैनिक शिक्षालाई कवायद वा परेड भनेर अध्यापकलाई प्रोफेसर, वैद्यलाई डाक्टर कालीगडलाई इन्जीनियर, इत्यादि नामकरण गरेर विदेशीकलाले भवन खडा गर्दै आफ्ना चित्र र मूर्तिकलालाई सड्न दिई विदेशी चित्रहरूले भित्ता सजाउंदै जुन शिक्षा दीक्षा र व्यवहार लियौं त्यसबाट आज हामीलाई पश्चात्तापले जलाएको छ। तर शताब्दी शताब्दीले गाडेको जरा एकैचोटि फू गर्दैमा उखेलिन्न, धैर्यसित चल्दै गयौं भने हामी अब दस वर्ष यताउतिमा नै आश्चर्य गर्न सक्नेछौं– अवश्य हामीले प्रारम्भ गरिसकेका छौं,– केवल द्रुतगति चाहिएको छ।

विदेशीहरूले यसो भने भन्नुअगाडि हामीले आफ्नै अन्तस्करणले विचार गर्नुपर्दछ, रोगीलाई हुने व्यथाको वास्तविक अनुभव जत्रोसुकै ठूलो वैद्यलाई पनि परीक्षाद्वारा हुनसक्तैन। हामीले स्वयं घोरिनु परेको छ– हामी को हौं, हामी के हौं, कति हौं, हाम्रो राष्ट्र कुन हो, राष्ट्रियता के हो।

मलाई अत्यन्त दुःख लाग्ने कुरा यो छः हाम्रा विद्वान इतिहासकारहरूले स्वदेशकै प्रसिद्ध कस्तूरी मृगले जस्तै आफ्नै नाभीको त्यत्रो संपत्ति वेदको अध्ययनपट्टि ध्यानै नदिई वेदकै आधारमा परम्परागत बनेका जनकको उपनिषद्कालभन्दा वा बुद्धहरूको समयभन्दा पनि धेरै पछिको वैदिक हिमवत्खण्ड नै पछि नेपाल महात्म्यमा केन्द्रीत भइसकेपछिको पौराणिक कालमा बनेका वृहत्स्वयंभूपुराण स्कन्दपुराण वाराहपुराणहरूदेखि लिएर मानूं मूललाई छोडी बीच शाखाबाट पातपातमा नाची थालनी गरे झैं हाम्रो यस वैदिक भूमिको इतिहास प्रारम्भ

CC-0. In Public Domain. Digitization by eGangotri

गरेकाछ्‌। मेरो यो कटु आलोचनाले झन् प्रतिक्रियापट्टि विद्वानहरूको बल खर्च नहोस्, वरु वैदिक चासो बढोस् भन्ने मेरो चर्को निवेदन छ।

अवश्यमेव वेद पहिले श्रुतिरूपमा थियो, उस समयमा लेखनकला थिएन। पछि वैदिक संहिता संग्रह र संपादन गरेर लेख्ने अथवा सो व्यासकार्य गर्ने भारतीय वेदव्यास हुन्, सो पौराणिक कालमा भएको हो। तर मध्य एशियाबाट ऊंट सिंह मरुभूमि देख्तै पामिरदेखि हिमालयसम्म अग्निपूजा गर्दै आगो ताप्तै आई दुल्लु दैलेखमा वैश्वानरको स्थापना गरी गण्डकी कोशी र कर्णालीको बीच क्षेत्रमा बसी साधनसहित गाउने आर्य महर्षिहरूका सूक्त नै नेपालको न्वारान हुनुभन्दा अगिको प्रागैतिहासिक इतिहास झल्काउन पर्याप्त छन्। भूगोलवेत्ता तथा इतिहासकारहरूले विचार गहिर्‍याएमा हामी नेपालीलाई वैदिकभूमि खोज्न कुनै भारतीय विद्वान-हरूले जस्तै हिउं खोज्ने उत्तरी ध्रुव पुग्नु पर्दैन, तीन सप्तनदी खोज्न छामछाम छुमछुम गर्दै पञ्जाबको पञ्चनदमा अरू कुनै दुइ नदी जोडिदिने वा सत्र नदी भन्ने गरिरहनु पर्दैन– 'हिमवन्त' पर्वत हाम्रो तालुमा फुक्तै नित्यप्रति संझाइरहेछ; जस्तो–

हिरण्यगर्भऋषि भन्दछन्– 'यस्येमे हिमवन्तो महित्वा'–

'जसको महिमाले यो हिमवान् पर्वत खडा छ'

पूर्वी हिमालयमा कूट औषधि प्राप्त भएको विषयमा भृग्वङ्गिरा ऋषि भन्दछन्–

'उदङ् जातो हिमवतः स प्राच्यां नीयसे जनम् ।
तत्र कुष्ठस्य नामान्युत्तमानि वि भेजिरे ॥'

हिमालयबाट नदीहरू बहेको विषयमा शान्तति ऋषि भन्दछन्–

हिमवतः प्र स्रवन्ति सिन्धौ समह संगमः ।

प्रजापति र गौतम ऋषि पनि सोही कुरा दोहर्‍याउंछन्–

'जसको महिमा यो हिमालय पर्वत वर्णन गरिरहेछन्'

यसरी हिमालय पर्वतले एक किल्ला बांधेपछि चौकिल्लाको निंति अरू तीन किल्लालाई तीन सात नदी खोज्न पनि हामीलाई अन्त जानु पर्दैन

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तकोशी सप्तकर्णाली र सप्तगण्डकीबाटै यो ध्वनि निक्लेको छ;–
ऋग्वेदमा गयःप्लातः ऋषि गाउंछन्ः–

'त्रिः सप्त सस्रा नद्यो महीरपो
वनस्पतिन्पर्वतां अग्निमूतये ।
कृशानुमस्तृन्तिष्यं सधस्थ आ
रुद्रं रुद्रेषु रुद्रियं हवामहे ।।" अर्थ छ–

'हामी तीन सात अथवा एक्काइस नदी, वनस्पति, पर्वत,
धनुःकाण लिई सोमलताको पालन गर्ने गन्धर्वहरू,
रुद्रहरूमा प्रमुख रुद्रलाई रुद्र (रक्षा)– को निति यज्ञमा हवन गर्दछौं ।'

कैयौं नाम बदलिदा बदलिदै पनि वेदमा हाम्रा यी नदीहरूका नाम छन्: श्वेत्या (सेती), सदानीरा (काली), रसा (रोसी), तृष्टाम (तिष्टा), वरणावती (वरुण), अंशुमती (अरुण वा रुद्रमती ?), कुलिशी (कोशी), पछि कौशिक मुनिको नामले कौशिकी, सिन्धुनदी (सिद्धनदी), परुष्णी (पोषुवामाइ), कुभा (कावेरी), वितस्ता (वेत्रावती), सरस्वती (सरस्वती), गंगा (वाणगंगा), खार्प् गंगा इत्यादि वेदमा धेरै ठाउंमा सप्तनदीको वर्णन छ । अझ वैदिक वर्णनको एक सार झिकौं भने–हजारौं सूक्तबाट यही भेटिन्छः (जसमा चोभार र कटुवाल दहको वर्णन छ) –'पानी बाटो नपाएर जमिरहेको छ, वृत्तले त्यसको गति रोकिराखेको हुन्छ, इन्द्र वज्रले वृत्रलाई मार्दछन्, पर्वतको बीच चिरिएबाट नदीहरू बग्न पाउंछन्, अनि उर्वरा खेतमा अन्न उब्जन्छ।'

यिनै मन्त्रहरूबाट पछि नागहृदको कल्पना भएको हो । वाराह पुराणमा वराहले पृथ्वीको उद्धार गरेको कथा पनि त्यही पर्वतवासी इन्द्र, गतिअवरोधक वृत्र र नदीको प्रगति आदि कथामै आधारित रहेको छ ।

अब यसपछि अथर्वा ऋषिको 'भूमि' सूक्तमा एक 'नेपाल' नामको अरिक्त यस देशप्रति राष्ट्रिय भावना यसरी अभिव्यक्त गरिएको छः–

'गिरयस्ते पर्वता हिमवन्तोऽरण्यं ते पृथिवी स्योनमस्तु ।

CC-0. In Public Domain. Digitization by eGangotri

बभ्रु कृष्णां रोहिणींविश्वरूपां ध्रुवां भूमिं पृथिवीमिन्द्रगुप्ताम्'।
अजीतोऽहतो अक्षतोऽध्यष्ठां पृथिवीमहम् ।।

अर्थ छ– 'हे पृथ्वी, तिम्रा ठूला साना पर्वत हिमालय र वनहरू हामीलाई सुखी राखून् ! यी अनेकानेक रङ्गविरङ्ग भएकी इन्द्रले गोप्य प्रिया बनाइएकी, भूमिमा म पराजयरहित र क्षयरहित भएर रहूं !'

भूकम्प गइरहने यो हाम्रो देशको अवस्था पनि यसैमा झल्केको छ:

'महत् सधस्थं महती बभूविथ
महान् वेग एजथुर्वेपथुष्टे ।'

'हे ठूली पृथ्वी, तिमी निवासको निति जति ठूली छौ उति ठूलो तिम्रो वेग छ । उति ठूलो भूकम्प छ ।'

वराहको सूत्रपात यहीं छ– 'वराहेण पृथिवी संविदाना।'

अब सो राष्ट्रियता प्रकृतिबाट मनुष्य समाजको निति प्रयोग हुन्छ; ऋग्वेदीय संवनन ऋषि भन्दछन्:

'सङ्गच्छध्वं सं वदध्वं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते ।।
समानो मन्त्र: समिति: समानी
समानं मन: सह चित्तमेषाम् ।
समानं मन्त्रमभि मन्त्रये व:
समानेन वो हविषा जुहोमि ।।
समानी व आकूति: समाना हृदयानि व: ।
समानमस्तु वो मनो यथा व सुसहासति ।।

अर्थ छ– भूमिको ममता यस वराहक्षेत्र नाम रहनु भन्दा अघि यसरी समाजको– सुसंगठनमा ध्यान रहन जानु महत्वपूर्ण कुरा छ । पञ्चायतको सूत्रपात यहीं छ: 'तमेवे पृथिवी पञ्च मानवा।'

'हे पृथिवी, यी पञ्चजन तिम्रै हुन् ।'

अनि इन्द्रको स्थानमा राजा खडा गरिन्छन्, उनको राज्याभिषेक हुन्छ:

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्वाङ्गिरा भन्छन्– 'सबजना सिहासनारूढ राजाको सेवा गरून्, राजा पनि प्रजाको पालनमा तत्पर होऊन् । अभिषेकबाट उत्पन्न भएको राज्यतेज सबै दिशामा व्याप्त होस ,अनि शत्रु भयले भागून्, राजा साम दान भेद दण्ड गर्ने होऊन् । अनि ऋषि राजालाई कसरी आशीर्वाद दिन्छन्–

ध्रुवा द्योर्धुवा पृथिवी ध्रुवं विश्वमिदं जगत् ।
ध्रुवास: पर्वता इमे ध्रुवोराजा विशामयम् ।।

स्थिर आकाश स्थिर पृथ्वी यो विश्वजगत् तिनको मध्यमा स्थिर छन् जस्तो यो पर्वत स्थिर छ, त्यस्तै यी राजा पनि स्थिर होऊन्–।

फेरि अर्को ठाउंमा छ–

'इहैवैधि माप च्योष्ठा: पर्वतश्व विचाचलत् ।
इन्द्रेहैव ध्रुवस्तिष्ठेह राष्ट्रमु धारय ।।'

हे राजा , तिमी यो राजसिंहासनमा आरूढ भएर पर्वत जस्तै दृढ रही यस राष्ट्रलाई सँभाल ।

अनेकौं भूकम्पले गर्दा नेपाल भूगोलको बान्की कति चोटि कसरी बदलियो होला त्यो अहिले केवल अनुमान मात्र गर्न सकिन्छ – त्यसैले उसबेला स्थिरताको त्यत्रो महत्व भएको हो ।

वेद बुद्धभन्दा धेरै अगिको कुरो हो, वेदमा धेरै राजाका ऋषिका र अरूहरूका नाम छन्, पछि पौराणिक युगमा वेदमा नाम टिप्तै भए नभएका कथा कथुंग्री जोडदै स्वार्थवश दन्त्यकथा वा लोककथा (फोकटेल्स) लाई इतिहास भनेर जनतामा भ्रम फैलाउन खोजेको कुरा स्पष्ट छ। धेरै अगाडिको कुरा अनुमान गर्न सकिन्छ तर त्यसलाई कल्पनाले बनाउनु ऐतिहासिक दृष्टिले सत्यता अथवा राम्रो कुरा होइन। आफूले जाने जत्ति कुरा भनिसकेर थाहा नपाएको कुरालाई थाहा छैन नभनी सर्वज्ञ छु भन्ने भान पारेर अगिका विद्वान्हरूले स्वर्ग पृथ्वी नरक जोडेकोले हामीलाई सत्य कुरो पत्ता लगाउन अपठ्यारो भएको छ– झूठो र सत्यलाई एकै ठाउंमा घोलिदिंदा झूठो कहिल्यै सांचो बन्ने होइन, बरु सत्य कै अनुहार पनि संदिग्ध बन्न जाने हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा कपिलमुनिले वेदको अध्ययन गरी सांख्य बनाए– नारायण ऋषिको ऋग्वेद तथा अथर्व वेदको उत्तर नारायणको यजुर्वेदको पुरुषसूक्तले कपिल विशेष प्रभावित भएका छन्। हाम्रा बुद्धको दर्शन पनि सांख्यमै आधारित छ। बुद्ध वेदभूमिबाट परम्परागत निस्केका स्वाभाविक विचारक हुन्। बुद्धको वेदमा श्रद्धा छ उनले केवल वेद ऋषिहरूले बनाएको भने, परन्तु तलका वेदविरुद्ध कार्य उनले गरेनन्।

(१) हजारौं आँखा भएका सर्वश्रेष्ठ शक्ति वज्री इन्द्रलाई गौतम ऋषि पत्नीको बात लाएको कथा जोडनु

(२) शुनःशेप ऋषिको विषयमा अनेक कपोलकल्पित कथा ऐतरेय ब्राह्मणमा विष्णुपुराणमा वाल्मीकिय रामायणमा महाभारतमा भागवत आदिमा छन्, ती हरिश्चन्द्र राजाको कथा जोडनु–

(३) इन्द्रादि देवताको विषयमा कथा जोडनु

(४) रुद्रको विषयमा अनेक कथा रच्नु

यसरी वैदिक नाम टिपी टिपी वेद–प्रमाण भन्दै आफ्ना मनगढन्ते कथाहरू रचिएका हामी हजारौं ठाउँमा पाउँछौं।

जुन बुद्धले सत्यताको खोजीमा समस्त जीवन बिताए, उनैको नाममात्रको आधारमा पनि अनेक असंभव कथाहरू रचिएका छन्। वैज्ञानिक इतिहासकारहरूले प्रचलनअनुसार पौराणिक आधारबाट इतिहास आरम्भ गर्नुभन्दा वेदको वैज्ञानिक अध्ययन सोहीअनुसार प्रारम्भ गर्नु उत्तम हुनेछ। गौतम बुद्ध नेपालकै भौगोलिक तथा दार्शनिक वातावरणमा जन्मन सक्थे– जन्मे। ती, सर्वश्रेष्ठ मानिसमा मानिस मात्रले आफू पनि मानिस भएकोमा गौरव मान्दछन्, परन्तु हामी नेपालीका राष्ट्रिय चेतनाजन्य विशेष गौरवको अनुभूति हुनु स्वाभाविकै छ, किनभने स्वयं बुद्धले मगधका राजा बिन्दुसारले 'तपाईंको जन्मभूमि कहाँ हो?' भनेर सोध्दा भनेका छन:

'उजुं जनपदो राजा हिमवन्तस्स पस्सतो'

CC-0. In Public Domain. Digitization by eGangotri

'राजा, मेरो देश हिमालयको काखमा छ'

यस उक्तिले नेपाल राष्ट्र गौरवान्वित भएको छ।

धम्मपदका केवल यी दुइ श्लोकले पनि बुद्धलाई वैदिक परम्परावादी देखाउँछन्:

'दूरे सन्तो पकासेन्ति हिमवन्तोव पव्वता।'

सन्तहरू हिमालय पर्वत जस्तै टाढाबाट प्रकाशित हुन्छन्।

'अप्पमादेन मघवा देवानीं सेट्ठुतं गतो।'

अप्रमादले नै इन्द्र देवतामा श्रेष्ठ हुन गए।

यो त स्पष्ट छ कि नेपालको राष्ट्रियता सबभन्दा प्रोज्ज्वलित भएको प्राचीन ग्रन्थ त हिमवत्खण्ड– नेपाल माहात्म्य नै हो। त्यो पुराण हो। जुन परम्पराले नेपालका अरू पुराण चण्डी आदि तथा भारतका कैयौं पुराण रामायण महाभारत भागवत हरिवंश भविष्य पुराणहरू लेखिएका छन् उसरी नै त्यो पनि लेखिएको छ, त्यसको तर आधार छ वेद। वैदिक नदीहरू वैदिक ऋषिहरू वैदिक पर्वतहरू, मुख्यत: वैदिक रुद्रको त्यहाँ कवितात्मक विकास छ।

कौशिक मुनि भन्दछन– 'स न इन्द्रः शिवः'

'ती इन्द्र हामीलाई कल्याण दिने होऊन'

वेद कल्याणकारी प्राकृतिक वस्तुलाई देवता मान्दछ– जस्तो अग्निदेवता, यो आधुनिक अभिव्यञ्जनावाद, वा प्रतीकवाद, वा सांकेतिकवाद वा लाक्षणिकवाद वा परावस्तुवाद; अनि जब कल्याण गर्ने मात्र होइन कल्याण नै देवता हुन्छ अनि हामी त्यसलाई आधुनिक अमूर्तकला (Abstract Art) सित दांज्न सक्तछौं। अनि उनै रुद्र पशुपति महादेव बनेर हिमवत्खण्डमा आउँछन्। यसका सामग्री सब वेदबाटै जम्मा गरिएका हुन्:–

विश्वामित्रपुत्र प्रजापति ऋषि भन्दछन:–

'हे रुद्र, तिमी पर्वतमा बस्तछौ'

'हे गिरीश, तिमी सर्पहरूलाई नष्ट गर'

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वी नारायण शाहको राष्ट्रियता
सिंहप्रताप शाहको विद्वत्ता
राजेन्द्र लक्ष्मीको नीतिकुशलता
रणबहादुर शाहको विशालता
गीर्वाण युद्ध विक्रम शाहको देशप्रेम
राजेन्द्र विक्रम शाहको देशभक्ति
सुरेन्द्र विक्रम शाहको उदारता
पृथ्वी वीर विक्रम शाहको कोमलता
तथा त्रिभुवन वीर विक्रम शाहको वीरता

एकै स्थानमा पाएका छौं– हामी धन्य छौं। मौसूफको यो महान् वाणीले हामी ब्यूंझेका छौं–

'नेपालको अस्तित्व मेटियो भने
नेपालीको अस्तित्व पनि मेटिने छ।'

यस अपूर्व वाक्य लिई राष्ट्रियताको पालन गरेर नै हामीलाई मूर्दा हुनुबाट सदैव बचाइराख्ने छ। जीव नेपाल, जय नेपाल!

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श प्रेम

जनार्दन सम ।

श्रव्य रूपक

स्वर्लोकको मन्दाकिनी गङ्गातटमा बसेर
गन्धर्व वैदिक मन्त्र गाइरहेछन–

गन्धर्व– "नासदासीन्नोसदासीत्तदानीम्
नासीद् रजो नो व्योम परोयत्
किमांबरीवः कुहकस्य शर्मन्–
अम्भः किमासीत् गहरं गभीरम्
न मृत्युरासीदमृतं नतर्ही–

(दौडेर देवदूतको प्रवेश)

देवदूत– गन्धर्व, क्षमा रहोस अहिले यो नाद बन्द होस्, पितामह ब्रह्माको आज्ञा छ मेरोसाथ छिटो पाल्नुहोस्

गन्धर्व कारण के होला ?

देवदूत– कृष्णबाट यस्तो कुरा उठेछ :– म पछि आज पृथ्वीमा आदर्शप्रेमको बत्ती बाल्ने पितामहले सृष्टि नै गर्न सक्नुभएन, यो सुनेर हिरण्यगर्भको चित्त बुझेन । उहांले सबै प्रेमी हुं भन्ने जतिलाई जम्मा पारी आदर्शप्रेमको कसीमा जांच्ने विचार गर्नुभयो । सभामा तपाईंले ब्रह्माको परिभाषा मिल्दो उः त्यो पृथ्वीवासी प्रेमीको

CC-0. In Public Domain. Digitization by eGangotri

गाथा गाउनुपर्ला, बीणा पनि साथै बोक्नुहोस् ।

गन्धर्व– ए – बुझें । कृष्णले जिस्क्याएछन स्वयम्भूलाई ? अहिले को को जम्मा भइसके त देवदूत ?

देवदूत– छन सबै भूमण्डलका जोडी प्रेमीहरू । राम र सीता छन । कृष्णका साथ रुक्मिणी छन अनि तीन ओटी, अरू नखरमाउली गोपिनी पनि छन । अं– अर्जुन चाहिं द्रौपदी र सुभद्राको बीचमा जम्दै आइपुगेका छन । सावित्री सत्यवान पनि छन । गान्धारी पनि आइ-पुगिसकिन । अनि एण्टोनी क्लिओपेट्रा, पृथ्वीराज-संयुक्ता, शाहजहां र मुमताजहरू पनि म यता आउंदा भर्खर पुगेका थिए । रणबहादुर शाह र कान्तवती बाटोमा फूल टिप्तै टहलिंदै जांदैथिए । अरू रुन्चे प्रेमीहरूमा लैला मजनू, सिरिन फरहाद, हीर र रांझा, रोमियो जुलियटहरू त बिहानै झिसमिसेमै पिता-महका पाउमा पुगिसकेकाछन । फेरि ब्रह्माजीको के विचार, आएछ कुन्नि गौतम बुद्धलाई, क्राइष्टलाई, कांफूससलाई र मोहनदास गान्धीलाई पनि निम्तो गएको छ ।

गन्धर्व– जाऔं त अब म पनि सुसज्जित भएं ।

(निस्कन्छन)

दृश्य २

देवदारुवृक्षको घना जङ्गलको बीच एउटा कमल पोखरी छ । ब्रह्मा कमलको पात ओछयाई बसेकाछन, अरू भूमण्डलबाट गएका धेरै जोडीप्रेमीहरू वरिपरि बसिरहेछन ।

कृष्ण– ब्रह्मन, हामी सब जम्मा भयौं । परन्तु परमेष्ठि, कमला-सन ! म यो प्रश्न गरूं ? यो परमप्रेमीहरूको सभामा

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नी प्रेयसी पत्नी यशोधरालाई मूर्छा पारेर घरबाट भाग्ने बुद्ध, अनि अलिकति पैसा संगालेकोमा विचरी कस्तूरीलाई उपवास गराउने ब्रह्मचारी गान्धीहरू जस्ता पनि कसरी वोलाइए ?

रणबहादुर– चुपलाग्नोस् कृष्ण, हाम्रो पितामहको प्रेमको परिभाषा स्त्रीप्रेममा मात्रै सीमित छैन। प्राणीमात्रका प्रेमी, मानवप्रेमी, दलितपतितका प्रेमीहरू नै झन महाप्रेमी हुन। उः उहां क्राइष्टको हतकेलामा हेर्नोस कत्रो प्वाल छ, उता गान्धीको छाती हेर्नोस कत्रो खाडल छ, यो पनि त मनुष्यमात्रमा प्रेम गर्दाको परिणाम हो। अनि यी : मेरो कोखामा हेर्नोस यहां घाउको यति लामो खत यीः समाजप्रेमी बनेर सुधार गर्न लाग्दा परेको चिनो हो यो। के तपाईं उः त्यो पर झोक्राएर वसीरहने मजनूको जिङ्ग्रिङ्ग कपाल भित्र मात्रै प्रेमको गूंड देख्नु हुन्छ ?

कृष्ण– होइन; रणवहादुरजी, मेरो सिद्धान्त गीतामा पढनु भएको छैन ? म त झन भावुक प्रेमलाई त महत्त्वै दिन्न। कर्मयोग हो मेरो प्रेमको दर्शन कसो ? रामचन्द्र बोल्नोस् न, किन यो मौनधारण ?

राम– अहिले पर्खनोस ! तपाईंसित मेरो केही भन्नु नै छ। पहिले अब ब्रह्माजीलाई नै वोल्न दिनोस्।

ब्रह्मा– मेरा प्रेष्ठ प्राणी हो। मलाई सबै पितामह भन्दछन– यसमा मेरो सेतो दाह्री गौरवले झन झल्कन्छ हो, किन्तु अवश्य मनुष्य यन्त्र होइन। अनि कल्पना मात्र होइन। उ विपना हो र मेरो सृष्टिको स्वतन्त्र विकास हो। यो संज्ञ। म केवल ब्रह्मा हुं, ज्ञान हुं, चैतन्य हुं, आशा हुं,सपना हुं, तर तिमी–तिमी सबै एउटै रूपमा-

CC-0. In Public Domain. Digitization by eGangotri

कर्त्ता र क्रिया हौ, कर्म र कामना हौ, पुरुष र प्रकृति हौ, सिद्धान्त र प्रयोग हौ, संझ्यौ ? अब मेरा यी आठै आंखा नियाल । यहां आशा अधूरै छन । मेरो आकांक्षा महाहन्तकाली छ, अनन्त छ; त्यसैले सृष्टिको कहिल्यै अन्त्य हुंदैन, रचना कहिल्यै बन्द हुंदैन–

फरहाद– (कराएर) ब्रह्मन ! उसोभए सिरिनको लागि संगमर्मरमा बजार्दा चर्केको मेरो निधारका दाग मेटियून ।

कृष्ण– को त्यो फरहदा ? बस्नोस्, बस्नोस्, न कराउनोस् अहिले ।

ब्रह्मा– त्यसैले मेरा प्रेमी हो ! यो जेठो चित्त दुख्छ कि धरतीबाट यहां आएर सबै तिमीहरू भन्छौ कि, यस्तो दुःख भो, उस्तो दुःख भो ! अनि धरतीलाई खूब गिज्याउंछौ । पृथ्वीको माटो पचाई आएर यहां पृथ्वीकै उछित्तो गर्छौ, धाराको उन्नतिमा चासो लिंदैनौ, आफूलाई नै पूर्ण संझेर आफू यता आएपछि मेरी भूलाई अकेली सम्झन्छौ ? सुन, मेरो सृष्टिको भोक पूर्ण भएको छैन । त्यो भूमण्डल र मेरो आशापिण्ड हो । त्यहां प्रेमको घाम र जून अस्ताएको छैन । प्रणय रचनाको रीत रोकिएको छैन । कृष्णले आफ्नो वृन्दावनको रास–लीला बन्द भयो भन्दैमा मेरो भूगोललाई नै आदर्शप्रेमको रत्न र रत्नाकरबिना खोक्रो भएको किन सम्झे ? म सोध्छु यो ।

कृष्ण– रामचन्द्र ! लौ यहांले पितामहलाई संझाइदिनुपर्‍यो। मैले कसरी पृथ्वीमा प्रेमको पराग छरें र प्रेमलाई वासनाबाट अलग्ग पार्न सकें । पवित्रप्रेमको निमित्त नै त्यसरी रणक्षेत्रमा कर्मयोगको गीता गाएं । सांच्चि भनूं भने मेरो प्रेमको शरीर थिएन आत्मामात्र थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

किन उठ्यौ ? रोमियो, केही भन्नु छ ?

रोमियो– कृष्ण ! मैले त तपाईंको प्रेमलाई शुष्कदर्शनको यान्त्रिक क्रियामात्र संझेको छु। त्यसको मासु थिएन त्यसैले नै त्यसको वास्तविकता थिएन, त्यहां आंसु थिएन, त्यसैले जीवन थिएन। कर्मयोगको लौहदर्शनले मनुष्यमनको प्राकृतिक भावुकता र अकोमलताको प्रेमलाई मिचेर कृत्रिम जीवनी रचेको थियो। मेरी जुलियटले मबाट कति प्रेम पाइन्; तपाईंका सोह्रसय गोपिनीले कति पाए जोख्नोस न। हो, तपाईं दार्शनिक हो, प्रेमी हैन। वरू राम, तपाईंलाई म प्रेमी मान्छु।

राम– अं, रोमियो, म पनि सीता हराउंदा रुंदैरुंदै जंगलमा भौंतारिएं रे, सीतालाई त्यागेपछि पनि उनीकै सुनको मूर्ति बनाएर वसें रे भनेर कृष्ण मलाई जोइटिंग्रे भन्छन। म भन्छु– उनको प्रेममा विचार मात्र छ, मन छैन; हिसाब छ, तर कविता छैन चेतना छ, वेदना छैन। सीता, तिमी पनि बोल न, हाम्रो गवाही देऊ।

सीता– नमस्कार ! आज यहां पितामहवाट बोलाइएको सभा प्रेमीहरूको सभा हो, कुनै दार्शनिकको, राजनैतिकको, पंडितको र स्त्रीहरण गर्ने वीरहरूको सम्मेलन त यो होइन जस्तो लाग्छ। अब जहांसम्म प्रेमको वास्तविक अर्थ छ, म त कपिलमुनिको प्रकृति र पुरुषकै तात्पर्य संझन्छु। प्राणीसेवा, समाजसेवा, राष्ट्रसेवा आदिलाई त्यै त्यै शब्दले पुकारे भइहाल्छ नि। हो, तर आदर्शप्रेम त्यही हो जुन प्रेमले जीवनको लागि प्रेरणा दिन्छ अनि रुन होइन, सबको आंसु पुछ्न सिकाउंछ। संसारबाट भाग्न होइन, संघर्ष गरेर बांच्न सिकाउंछ। म मेरो माइतीको मान्छे भनेर मात्रै होइन, महात्मा

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर बुद्धलाई त सह्राउंछु र साथै उहांका भावना मिल्दा क्राइष्ट, कांफूसस र गान्धीहरूलाई पनि । तर उहांहरूको प्रेममा ममताको माधुर्य्य छैन, मनुष्यको प्राकृतिकमनलाई बेस्सरी बांधिदिएको छ, कुन्नि बुद्धलाई यो कुरा मन परेन कि ?

बुद्ध– सीता, हो म प्रेमसित डराएरै भागेको हुं । प्रेमबाटै सत्यको निंति प्रेरणा लिन नसकेर मैले अटेरी वालकलाई सास्ती दिएर पढाए झैं मन र शरीरलाई मारीमारीकन मात्रै सत्यको वर गएको हुं । मैले मज्झिमनिकायमा वोलिदिएकै छु– कसरी भोको बस्ता वरता युवावस्थामै म असी वर्षको बूढो सरी धर्मराएर हिंडथें, मेरो शरीरको गोरोवर्ण कल्कलाउंदो त्वचा करु रो-चायांले कालो भएको घामले डढेर झु रिसकेको थियो । दावा लागेको पेट, अस्थिपिञ्जरले मात्रै सत्यको स्पर्श पाउंछ भन्ने मेरो धारणा थियो ।

सीता– त– म यही प्रार्थना गर्दछु सबैसित कि प्रेमको अर्थको उभिण्डो अर्थ नपारियोस । म सम्झन्छु– प्रकृतिको प्रेमबाट प्रेरणा जगाई पुरुषले जीवन संघर्षमा र सेवामा तत्पर हुनु नै आदर्शप्रेम हो; जुन प्रेम मेरा रामले देखाए– त्यसमा प्रीति पनि थियो अनि शक्ति पनि । हिंसा, विवाह, स्त्रीहरण र हथियारी वीरतालाई नै म पुरुषत्व मान्दिन । यस सभामा म धेरै किसि का व्यक्तित्व देख्छु, तर प्रेमीलाई थोरै, ज्याद थोरै । उः अर्जुनलाई रिस उठयो क्यार, उः शाह जहांलाई पनि । के दौलतले प्रेम गरिन्छ शाह जहां ? ताजमहल त तपाईंको दौलतको तुजुक हो । अनि सुभद्राको हरण हुनु, क्लिओपेट्राको लागि संग्राम मच्चिनु, प्रेम

CC-0. In Public Domain. Digitization by eGangotri

होइन, हिंसा र लालसा हो । ब्रह्मा मैले बढ्ता वोलें की ।

ब्रह्मा– होइन सीता, बोल्दै जाऊ, मेरै कुरा छर्लङ्ग्याइदेऊ । अवश्य, नारी प्रकृति नै प्रेमलाई निलेको हुन्छ । पुरूष त प्रेमको अभिनेता मात्र हो । परन्तु नारी नै प्रेमका निर्देशिका, संञ्चालिका, सूत्रधारयित्री कवयित्री र रचयित्री र नारी नै प्रेमको नायिका हो, सन्देह छैन, अरू भन्दै जाऊ सीता ।

सीता– स्वर्गको लोभ र नरकको भयले, अन्धविश्वासको पराम्पराले, करबलले हठयोगले जो जो आजसम्म सती वने, प्रेमी वने, भक्त वने तिनलाई पनि मेरो श्रद्धालु दिलमा ठाउं दिन सक्तिन । पति अन्धा हुनाले गान्धारीले आंखामा पट्टि बांधिन, आंखा खोलेरै पति सेवा गरेको भएपनि त हुन्थ्यो । फेरि लाखौं लाखौं स्त्रीहरूं स्वामीको चितामा जलेर मरे , यो सब प्रेमको पराकाष्ठा होइन, आंखा चिम्लेर उँडेको भक्तिको पखेटा हो । विचरा मजनू,– उः लैलासितै बसेर पनि अझै निन्याउँरा छन, के प्रेम हो त्यस्तो...

मजनू– मजनू यता आऊ ।– भन, के तिमी लैला-लाई प्रेम गर्छौं ?

मजनू– खै के भनूं, के नभनूं, के हो, के–के हो, मलाई त थाहा छैन, भित्र छातिभित्र के हुन्छ के हुन्छ । त्यो मीठो जस्तो पनि छ, दुःख जस्तो पनि छ । फेरि गह्रुङ्गो हुन्छ, उसको मुख देख्यो कि रुन मात्र मनलाग्छ अरू केही जान्दिन ।

सीता– लैला, तिमी उसलाई माया गर्छौं ? कति ?

लैला– तपाईंले रामलाई गर्नु भएको भन्दा धेरै बढी । नत्र मरुभूमिमा रगत छादेर कसैको लागि कसरी मर्न

CC-0. In Public Domain. Digitization by eGangotri
सक्थें !

सीता– सिरीं, भन, फरहाद सित तिम्रो प्रीति कति थियो ?

सिरीं– म कौशीबाट हामफालेर मरेकी तपाईंलाई थाहा छैन र ? फरहाद त शिर फोडेर मरिसकेका थिए, तर कौशीबाट हामफाल्दा मलाई फरहादकै अंगालोभित्र पुगेको जस्तो लाग्यो ।

सीता– उफ, जुलियट, तिमीलाई रोमियोले गरेको माया ज्यादा कि तिमीले रोमियोलाई दिएको ज्यादा ?

जुलियट– हाम्रो अझै यस कुरामा झगडा भइरहन्छ । तर मलाई त मेरै बढता जस्तो लाग्छ । रोमियोको ओंठमा विख बांकी रहनेछ, मैले छुरी रोपेर मर्नुपर्‍यो । विख घुटुक्क पिएर मर्नुभन्दा छुरी रोपेर मर्नु गारो होइन त ?

सीता– ऐंदा ! रदामसमाथि तिम्रो प्रेम सच्चा थियो ?

ऐंदा– यो संसारलाई थाहा भइसकेको कुरा सबैले ठहराइसकेको कुरा ब्यर्थै उप्काएर फेरि किन सोध्नु हुन्छ ? यो हामीलाई जिस्क्याएको ?

सीता– हीर, विषपान गर्दा तिमीलाई कत्ति पनि दुःख लागेन ?

हीर– लागेन, किनभने राझांलाई म मुटुको अत्तर छालाले छोपेर कलेजाको जरादेखि नै प्रेम गर्दथें ।

सीता– उफ, राम, यो कस्तो प्रेम, जुन प्रेमले प्रेमीहरूलाई विक्षिप्त बनायो, धमिलो आंसु मात्र दियो । प्रेरणा दिनुको साटो भ्रान्ति मात्र दियो । संघर्षको साहस दिनोको साटो संसारैबाट भगाइदियो । किन ? किन उठनुभो कृष्ण, केही भन्नु छ ?

कृष्ण– सीतासित आखिरमा म एउटा कुरा सोध्छु त उसो भए– शिवले सतीदेवीको लास बोकेर हिंडेको, त्यो

CC-0. In Public Domain. Digitization by eGangotri

फत्फति कुहिएयर नझरुञ्जेल कांधमा हाल्दै काखी च्याप्तै रन्थनिएंको त्यो प्रेम कि के त ?

सीता– हो, मेरै पुण्यभूमि माइती देश नेपालको र हिमालको प्रतीक शिव हुन । सतीदेवी माथि उनको अदभूत प्रेम थियो । सत्यं शिवं सुन्दरंको प्रतीक रूपकको जे जति कल्पना गर्न चाहे पनि त्यो त्यहींबाट मिलाउन सकिन्छ ।

ब्रह्मा– सीताका कुरा प्रामाणिक छन । अब म यहां जम्मा भएका सबैलाई मेरो आशापिण्ड भूमण्डलमा आज कस्ता प्रेमी छन, त्यसको श्रव्यचित्र गन्धर्वबाट देखाइ-दिन्छु । गन्धर्व !

गन्धर्व– ब्रह्मन !

ब्रह्मा– यता आई सुनाऊ, तिमीले भूमण्डलको यात्राबाट संग्रह गरी ल्याएको ती दुइ प्रेमीको गाथा "महेन्द्र-रत्नाको" जाऊ त्यहां बीचमा उभिएर गाऊ ।

(बीणा बज्दछ)

गन्धर्व– यो गाथा गाउनको निंति युगल कण्ठध्वनिको आव-श्यकता छ । महिला स्वरको लागि उर्वशी मेनका वा मञ्जू घोषालाई उपस्थित गराउनोस देवदूत !

देवदूत– गन्धर्व, अस्ति अमरावतीको समारोहमा देवराज इन्द्रको सामु रातभरभर नृत्य र संगीत गर्दागर्दा ती सब अस्वस्थ भएकाछन ।

ब्रह्मा– भैहाल्यो, ब्राह्मी, तिमीले साथदेऊ, जाऊ यो संगीतमा । गन्धर्वलाई विशेष प्रेरणा मिलोस ।

वाद्यवृन्द बज्दछ)

गन्धर्व र ब्राह्मी– (गाउंछन) "सुदूर सूर्यलोकको चारकोटि योजन
समीप चन्द्रलोकको सयहजार योजन

CC-0. In Public Domain. Digitization by eGangotri

धरा घुमिरहेकिछन कि छातिमा छ नौनिधि
दुइ अरब असीकरोड बांकी मर्त्यसन्तति ॥
पञ्चमहासिन्धुमा उर्मि उर्ली आउंछन
सात महाद्वीप त्यहां आभिषेक पाउंछन
महाविशाल एशिया पुगें म सास गाउंदै
चुमेर व्योम चंकियो हिमाल मुस्कुराउंदै ॥

मनमन हर्षैं भरेर ओर्लिएं काखमै हिमालको
मोहनी सांच्चै लाग्यो नि मुहार हेरी नेपालको ।
नदी र पर्वत हरियावन देखें पहाडीं घरबार
बोलूं म कसरी झूठो एः बिर्से स्वर्गको दरबार ॥

रामचन्द्र– मेरो ससुराली मेरी सीताको माइत पनि त्यहीं त हो नि गन्धर्व !

गन्धर्व– हो, राम त्यो आर्यावर्त्तको
केन्द्रस्थल हो जहां उकालो ओरालो छ,
कमलासनको कमलपोखरी छ त्यहां,
जङ्गल छ, सम्म छ, निर्झर र उतुङ्ग शिखर छ,
स्रष्टाको कल्पना परीपूर्ण छ,
वरिपरि परिवेष्टित पहाडले काठमाडौं छ–
सत् सपनाको त्यहीं–
'नारायण छन नरनारायणका
त्यहीं प्रासाद र मन्दिर प्रीति परायणका ।
सुन्दर भावुक सुकुमार त्यहां एक युवक युवराज थियो
एक करोड नेपालीको भविष्यको दृढ आधार थियो ॥
सुखी दम्पति युवराजारानी अनि राजकुमार कुमारी थिए
हृदय भरीभरी स्नेह प्रजाको नवसंसार ती कल्पिरहन्थे ॥
हाय, कठै ती रानी एकदिन क्रूर विधिको हात परिन
प्यार स्नेहको भार बिसाई अन्तिम आंखा चिम्लिदिइन ॥

CC-0. In Public Domain. Digitization by eGangotri

परे अकेला युवराज हरे, विरहानलमा भरयाम जले
मेंची गण्डकी कोशी सारा आंसु भैकन उर्ली बहे ।।
सगरमाथा पग्ल्यो पर्वत पानी पानी भएर गले
भावुक कोमल कविहृदयले कसरी असीम संताप सहे ।।
परन्तु नेपालीको राम्रो भविष्य प्रभात खुल्नै पर्थ्यो
नेपालीको आशाकेन्द्र कर्मभूमिमा उत्रिनुपर्थ्यो ।।
नवीन कामना ज्योति बाली उनको मनभित्र उदाइन
समस्त जनको यौटै आधारलाई उनीले आधार दिइन ।।
घाम र जूनमा छाया भैकन नव आशाको संचार गरिन
विरहसागर त्यागी आज कर्मक्षेत्रमा "आऊ" भनिन ।।
"राजा, तिमीले उठनैपर्छ निर्माण स्वदेशको गर्नैपर्छ
नेपालीको भाग्य सितारा विश्वभरिमा बाल्नैपर्छ ।।"
"विरहीलाई आंसुमानै जीवनभर तिमी डुब्नैदेऊ
भो भो यसरी प्रीति नगांस भवमा एक्लै छोडिदेऊ ।।"
"राजा विन्ती छ नेपालीको मलीन मुख तिमी हेर
राष्ट्रलाई नै ऊच्च शिखरमा लाने आफ्नो अभिभारा हेर ।।
एककोटिको तिमी छौ आधार तापले यसरी जल्न् हुन्न
आमा-नेपाल आज पुकार्छिन तिमीले यसरी हट्न् हुन्न ।।
तिम्रै पछि पछि छाया भैकन प्रेरणाको शक्ति दिन्छु
तिमीले आंटे मात्रै नेपाल फुल्दछ "आऊ", हात म दिन्छु।।"
—जब यसरी कामनालें त्यस महापुरुषमा प्रेरणा भरिन :
उ जुरुक्क उठयो, शपथ लिएर नवनेपाल निर्माणको ।
अनि गाउन थाल्यो यसरी नयां आशाको संगीत; —

"जगमग घर भो पूर्ण मुरादै
झिलीमिली जीवन नयां भरोसा
नवीन चन्दा कलि नयां भो
नवीन हावा नयां जमाना

CC-0. In Public Domain. Digitization by eGangotri

थात्री आंसु फाल्दै अब तिमी
हांसी हांसी आऊ ।
छटपटिको दिन बिर्सेर
आऊ संगसंगै गाऊं ।''

आज त्यही नेपालमा प्रकृति पुरुष र सत्यं शिवं सुन्दरंको संयोगले आदर्शप्रेमले आशा उन्नति समृद्धि निर्माण र उत्थानको पर्व लागिरहेछ, समारोह भइरहेछ ।''

ब्रह्मा– हो, त्यसैले आज प्रेमीहरूको यो सभा बोलाएं मैले । मेरो अशापिण्ड भूमण्डलमा आज नयां प्रभाती आशाको मञ्जुलकल्लोल उचाली बहिरहेको आदर्शप्रेमको श्रुति सबैलाई सुनाइदिएकोमा ब्राह्मी र गन्धर्वलाई आशीष ! अब सभा पनि विसर्जन !

(मीठो खलबलको साथै समाप्तिको धून)

□

CC-0. In Public Domain. Digitization by eGangotri

शंकरको गर्जना

–श्यामदास वैष्णव ।

सांस्कृतिक रूपक

दृश्य–१

स्थान– कैलास ।

(शंकर कुटीमा ध्यानमग्न भैं धुनी जगाई बसिरहेका । एका-एक घण्टाको कोलाहल सुनिन्छ । शंकरको ध्यान टुट्छ, र सतर्क बनेर उनी यताउता हेर्दछन्)

शंकर– (गमेर)– किन असमयमै यो घण्टाको आवाज ?
ल्यायो नन्दीले के समाचार आज ?
(नन्दी दौडदैं भित्र पस्दछ)

नन्दी– (आत्तिदै) अनिष्ट घटना घट्न गएछ गौरी–शंकर !
सीताको धरतीमा कोही घुसेछ पामर !
उसले राजा महेन्द्रको पथमा विस्फोटक पडकाएछ !
तर प्रयास सफल भएनछ, आखिर ऊ पक्राउ खाएछ !

शंकर– (तर्सिदै) के रे ? नेपालीका रक्षकमाथि प्रहार भो ?
लाछी नामर्दहरूको हिम्मत सीमा पार भो ?
को रहेछ त्यो कुकृत्य गर्ने पत्ता पायौ ?
कारण यसको के के हो, सबै बुझी आयौ ? (उठ्दछन)

नन्दी– के हुन्थ्यो, देशद्रोहीहरुको कुकृत्य रहेछ !

CC-0. In Public Domain. Digitization by eGangotri

तिनकै दानामा बिक्ने, भृत्यहरुको नृत्य रहेछ !
शान्ति सुरक्षा भंग गर्न, सोझालाई तंग गर्न
नेपालीको उन्नतिमाथि खोजेको रहेछ व्यंग गर्न !

शंकर– (कुंडिएर) नगरी कसैको अर्घेल्याइं, आफ्नो हितको राह समाई,
स्वतन्त्रमा रहनेलाई, को त्यो रहने जिस्क्याई ?
(यताउता गर्दै) लौ ठोक सबैतिर घण्टा, दिग्दिगंत ब्युंझाओ !
वीरात्माहरूलाई डाक, पहाडपर्वत थर्काओ !
(सुरिंदै) अनिष्ट आइपर्‍यो के, सांच्चै हाम्रो धरतीमा ?
कलंक देखिन लाग्यो सांच्चै, के हाम्रो किरतीमा ?

(नगरा र तुरही बज्न थाल्छ)

(कराउंदै) गौरी कहां छिन् चांडै डाक, अन्याय त्यसै सहनु हुन्न ?
दुर्ग्रहलाई नहटाई, मौन उसै रहनु हुन्न !

(यताउता गरेर, अड्छन र सोच्छन्)

विचरा, राजा महेन्द्रले, तिनको के अपराध गरे ?
आफ्नो पनमा, आफ्नो गुनमा देश बढाउन स्वयं सरे !
के यसबाटै पोल्यो पेट कसैको ?
के बिग्रयो स्वार्थी रेट कसैको ?

दशौं वर्ष हाहामा राखी, भांड र भैलो मच्चाई
कहिले तंग्रिन नदिने चाला चल्नेलाई लत्याई !
सुधार गर्न नपाउनु रे, उल्टो अझ पत्याउनु रे ?

(रंथनाई) हुन्न हुन्न कहिले हुन्न, यो शिर त्यस्सै लत्रन्न !
छलछाम स्वयं पनि गर्दैन, अर्काको पनि छलछाम सहन्न !
(फेरि उम्लेर) ए गौरी कहां छिन् चांडै डाक !

नचाहिंदो को गर्ने हांक ?

नन्दी– गौरी स्वस्थानीलाई पुग्न
बागमती हुनुहुन्छ नुहाउन । (टाढा घण्ट शंख बजेको सुनिन्छ)

शंकर– (आदेश दिंदै) चांडै उनलाई डाक ! सरसल्लाह गरौं

CC-0. In Public Domain. Digitization by eGangotri

आपत आएकै हो त एउटा राह गरौं।
(नंदीको नजीक पुगेर, कम्मरमा हात राखी डट्छन्)
कसो तंसिनै परचो त नन्दी हामीले ?
कसो जंगिनै परचो त नन्दी हामीले ?
लाग्छ मलाई त तिनले, पडका पडकाएका होलान
पहिलेको खेलांची संझी, झडका देखाएका होलान !
दो – (कांमेर) खेलाबाड कसरी ठान्ने यो शंकर ?
जब कि उपद्र बराबर गर्दैछन् वनकर !
जूटमिलमा आगो लाग्यो, कतिको आशा सपना भाग्यो !
हुंदा हुंदा युग नायकमै पनि, हमलाको हिम्मत जाग्यो !
शंकर– (बंकिंदै) उप्रद्र गर्नु, र परी अगाडि डटी भिडनुमा फरक छ धेरै ?
हल्ला गर्नु र हल्लाउनमा कारण फरक छ धेरै !
राजनीति आदर्शवानको हो हितको व्यवहार !
धूर्त्याईले आखिरसम्म, चल्न छ मुश्किल यो सन्सार !
सोध्छु त्यसैले कडा बनी म, के कुकृत्य तम्सेकै हो ?
बनी खरानी होम्मिनलाई आगोसित जिस्केकै हो ?
(कडकेर) हामी हिमालबासी सफा हृदयले बर्तन्छौं व्यवहार
यदि कालो कपटी कोही बन्छ त, नगरी छोडदैनौं संहार !
राजा महेन्द्र को हुन, उनले किन यो बोझा बोक्न परचो ?
भविष्यको चिन्तालाई किन ली उनले घुम्नु परचो !
हुन उनी हाम्रा नै अंश, साकार बनी लख पूरा गर्ने !
नेपालीका सुखदुःखका अवतार बनी संकट हर्ने !
यस समष्टिको चाहालाई, कोही भत्काउन खोज्छ त आई
विनाश उसको हुन्छ अवश्यै, पछुताउंछ त्यो गोता खाई !
नन्दी– स्वार्थीहरूको स्वार्थमा जब सुधारले लाग्यो धक्का
तब तिनको कुविचारलें, चाल रचेको हो पक्का !
शंकर– (झम्टिएर) खबरदार, कुदृष्टि कसैको पर्न दिन्न म–

CC-0. In Public Domain. Digitization by eGangotri

यो वीरहरूको स्थानमा।
कर्मक्षेत्र यो संधै पवित्र छ–
आफ्नो गौरव शानमा!
आदिम युगदेखिन् पराधीन नबनी
अटल रहेको ध्वजा छ हाम्रो, शान्ति फिंज। उनलाई भनी
यदि कोही आई खलबल गर्छ त, सातो लिन्छु म उसको!
कोही आई अल्मल गर्छ त, विनाश गर्छु म उसको।
कत्रा कत्रा आपत आए डटी सामना गरियो
इतिहास बताउंछ, हामीबाट कुन उच्च कामना धरियो!
शुभचिन्तकको लागि ज्यान दिने, अर्वेलोको प्राण लिने
सहज भावका हामी छौं, निर्धालाई त्राण दिने।
हाम्रो यस सोझो पनमा कोही टेढो रच्छ त चाल!
प्रलय मचाई गर्जने छु म, बनेर त्यस्ताहरूको काल!
होशियार छौं हामी आफ्नो अस्तित्व बचाउनलाई!
संधै तयार छौं हामी
अधम कुकर्मीलाई स्वाद चखाउनलाई!
जब राजा महेन्द्र डटी, सबको हितमा आफू लागे
स्वदेशको उत्थान गर्न, भोक नींद त्यागे!
यो जीत सबै नेपालीको हो, यो हार सबै नेपालीको हो!
सम्झन पर्छ सबैले– 'संहार' कुचालोको हो!
वैयक्तिक स्वार्थ पूर्ति गर्नतिर यदि लाग्दा हुन ता यी राजा!
असंख्य धन मिल्थ्यो यिनलाई, तर बने यिनी किन सबका राजा?
यस कारण, सत्य, विवेक, न्यायको– त्रिनेत्र खोली
पर्दछ हेर्न सबैले रहस्य यसको तोली!
नन्दी– आफ्नो खुट्टामा उभिने,
आफ्नो मिहिनेत पसीनामा समर्थ बन्दै जिउने!
स्वावलम्बको पाठ पढाई, सब जनतालाई जगाई

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नति गर्ने उनको ध्येय छ, सुख्ख सुविस्ता ल्याउनलाई
यस्तो पवित्र जपनालाई द्रोहीहरूले धमिल्याई
दास बनाउन खोजिरहेछन्– भलो व्यवस्था भत्काई !
सय्यौं वर्षको शासनमा स्वदेशमा स्थान नपाइ
नेपालीहरू परदेशमा हिंड्थे प्राण वचाउनलाई
अब त स्वयं नै देशमा पार्न कमारा खोजिरहेछन्
पराधीनता स्वीकारी बिगार्न सहारा खोजिरहेछन !

शंकर– (कडकेर रिङदै)
दुष्प्रयास यो कहिले पनि तिनको सफल हुनेछैन !
न्याय र हकमा रहने जाती खाई घांस जिउने छैन !
कत्रा कत्रा साम्राज्यहरूसित टक्कर ली बांची आएका हौं
संसारभरी आपनो गुनले, कीर्ति सांची आएका छौं।
यस्तो परम्परालाई, कोही खोज्छ त तोड्नालाई
निश्चय ठाने हुन्छ सबैले, उसको छैन भलाइ !
खै, गौरी अझ पनि आइपुगिनन् ?– होशियार बन्ने बेला आयो !
कर्मक्षेत्रमा सबले वर्ली तैय्यार हुने बेला आयो !
हो निश्चय नै निर्माणमा आपत अल्झो आइपर्छन् !
तर धीर र वीरहरूले पार लगाई नै छोडछन् !
यदि यस्तो मौकामा पनि कोही आफ्नो देश बिगार्न खोज्छ ता
अर्काको हैकम मानी, आफूलाई सुधार्न खोज्छ ता
(दाह्रा किटेर) वीरभद्र, महाकाली, रूप यहां जाग्नेछन्
तिनको हुर्मत लिनलाई, ती झम्टी जाइलाग्नेछन् !
अनि दक्ष प्रजापतिको हालत भैं, तिनमा हाहाकार हुनेछ !
हिमवत्खण्डी घटना उल्टी, पापीको संहार हुनेछ !

नन्दी– ऊ, गौरी पनि अब आइपुग्नु भो !
निवृत्त पूजाबाट भई धाइपुग्नु भो !
(छमछम गर्दै गौरी पस्दछिन्)

CC-0. In Public Domain. Digitization by eGangotri

शंकर– गौरी, यो हाम्रो हिमखण्डमा खतरा आइपर्‍यो रे !
अनिष्टको आशंकाले यताउता घेर्‍यो रे ।
यस्तो बेलामा हामीले देखी देखान रहनू हुन्न
अधर्म हुनलागेमा याहां, त्यस्सै सहनू हुन्न !
सब देवी, द्यौता डाक, रक्षा गर्नु पर्‍यो सबले
अधमहरूलाई पन्छाई, शिक्षा भर्नु पर्‍यो सबले !

गौरी– (निकै बेर घोरिएर)
के नेपाली सन्तानले नै, यो कृत्य रचेको हो ?
दूध, अन्न आमाकै खाई, उ यहीं बचेको हो ?
पत्त्याउन्न, म कुबुद्धि यस्तो कसरी तिनमा जाग्यो होला !
स्वतन्त्रताकै सत्ता हर्न कोही, कसरी लाग्यो होला !
(एकाएक क्रुद्ध बन्दै)–
यदि यो चाला सांचो हो ता, म बन्नेछु सती म फेरि
आगो बाली दहन हुनेछु ! अनुहार कसैको यहां नहेरी !

शंकर– (त्रिशूल थुतेर डमरू बजाउन थाल्छन)
जाग दिशा हो, जाग जाग ! स्वर्ग मर्त्य, पाताल !
रोक सबैले कुकृत्यलाई, पन्छाऊ झेल र जाल !
सुन्दर, शान्त, विशाल रहोस् हाम्रो यो नेपाल !
संधै घाममा हांसिरहोस्, उंच्चो अटल हिमाल !

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीक–रूपक

इतिहासको संस्मरण

श्यामदास "वैष्णव"।

स्थान– पुरातात्विक वस्तुले सज्जित कोठा
(इतिहास गुन्गुनाइरहेको छ)

हेर उदाइरहेछन भास्कर
पन्छाई धूमिल वातावरण !
सबै चराचर ब्यूंझिन लागे !
सचेत भो, धरतीको कण कण !

(टाढा कतै मन्दिरको घण्टा बज्दछ)

कार्यक्षेत्रमा बनेर तत्पर
सपना 'विपना' बन्दै आयो !
आलस्य र निन्द्रा पन्छाई–
रात, 'प्रभात' हुंदै रमायो

(यस्तैमा कसैले बोलाउंछ)

दिन– (ढोका ढकढकाउंदै)
ओ इतिहास बुढाबा, इतिहास बुढाबा !
ढोका खोल्नोस्
भित्र बसी गुन्गुन गर्ने को हो ?

CC-0. In Public Domain. Digitization by eGangotri

—चांडै बोल्नोस !

इतिहास– (भित्रबाट) एकाबिहानै आई, को डाक्छ मलाई ?
दिन– (कराएर) म "दिन" आएको हुं "दिन" !
मसंगै "स्मृति" पनि आएकी छिन

इतिहास– ए ! पख एक्कैछिन, म आइहालें ढोका खोल्न !
सिद्धिन लाग्यो ध्यान र पूजा, आएं त्यसपछि बोल्न !
(एकछिनको नगरा वादनपछि ढोका खुल्दछ)
इतिहास– ओहो: दिन ? घुमीफिरी, आइपुगिस् फेरि ?
यतिका बेलापछि तैंले, आँज मलाई संझिस् फेरि !
भन स्मृति, के ल्याइदिएकीछौ सौगात मलाई ?
दिन– महत्वपूर्ण दिन हो आज ! यादै होला बा'लाई,
यस कारण नै हामी यहां, भेला हुनुको अर्थ छ आई।
स्मृति– के के भयो जांदो वर्षभर गरियो के के कार्य ?
सब संझाउन आएका हौं, जो लेख्न छ अनिबार्य।
स्वदेशको अस्तित्व बचाई,
उन्नतिमा लम्काउनलाई
—राजाबाट भयो के के ?
यो सब हेर्नु छ, दर्शाई !

दिन– हो टिपाउन आएका हौं, इतिहास बा'लाई।
महत्वपूर्ण वेलामा आज, सब गतिविधिको याद दिलाई !
लेख्नोस पानामा सब घटना, स्वदेश हितको होश गरी
स्वर्णाक्षरमा अंकित गर्नोस, गौरवमय–सन्देश भरी !
इतिहास– मौकैमा संझाउन आयौ, धन्य छ तिमी दुवैलाई !
दिई प्रेरणा लेखाऊ अब, महत्व सब संझाई !
सहयोगबिना "दिन" अनि "स्मृति" को, कसरी लेख्न म सक्थें ?
बूढो आंखाले मात्रै कसरी, चारैतिर देख्न म सक्थें !
स्मरण सुनौला छातीमा, भर्दछु– दृश्य र श्रवण–ज्ञानले।

CC-0. In Public Domain. Digitization by eGangotri

कोर्दछु मनको पानामा, जागृति सूचक सूक्ष्म ध्यानले ।
लौ त बताओ, एकेक गरी जांदो वर्ष–भरीको घटना
विकास–पथमा लम्की देश, के के भयो नव सृजना ?
(यस्तैमा कसैको पदचाप सुनिन्छ)
उत्सवको धुन गुञ्जन्छ ।

गतिविधि– नमस्कार इतिहास बावा ! (हांस्तै बढछ)

इतिहास– ओहो आइपुग्यौ गतिविधि पनि !
सुनमाथि सुगन्ध बनी ?

दिन– झन पो बेस भयो, गतिविधि पनि ता आएछन !
हाम्रो काम सगाउनलाई प्रमाण खूदै धाएछन !

गतिविधि– तिमीहरू यहां गएका छौ, भन्ने सुन्दा म पनि आएं ।
इतिहास बा'लाई संझाउन, तब मैले पनि पयर चलाएं !
(सबै हांस्छन ।)

इतिहास– (हेर्दै) ओहो गतिविधि तिमी त वडो, ठांट्टिई पो आयौ !
राष्ट्रियध्वजाको ब्याज जडेर, प्रसन्न बन्दै निकै सुहायौ !

गतिविधि– उत्सवमा छैन र जानु आज ? त्यसकै तैयारी हो यो !
विचित्रता जो देख्नुभयो, मौकाकै भारी हो यो !

स्मृति– हामी ता काम सकेपछि मात्रै, जाने अठोट गरी आयौं
त्यस कारण सृङ्गार नगर्दै बूढा–बा' कां नै धायौं !
लेखाई वर्षभरीको घटना, महत्व यसको दर्शाई ।
तब मात्र सरीक बनौंला हामी, सजेर आफूलाई ।

गतिविधि– के गर्ने, म त गतिविधि ठहरें, पहिलेबाटै नपुगी हुन्न !
सबै प्रबन्ध मिलाउनलाई मैले नखटी हुन्न !
बरु चांडै लेखाऊं हामी, इतिहास बा'–लाई,
म साक्षी बन्दै जान्छु अगावै– ली आए पछि याहांलाई !

दिन– हुन्छ, त्यसै गरौंला हामी
उत्सवलाई पछिबाटै, सानन्द भरौंला हामी !

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास– (बस्दैं) लौ त बताओ एकेक गरी, घटना लेख्न म बसें।
अक्षको आंखाले पूर्वस्मृति सारा देख्न म तम्सें।
(बाजाको ढंग बदलिन्छ।)

दिन– सर्वप्रथम लेख्नोस, आजैको क्षणको महत्व बारे!
कसरी राजाले छलछाम हटाई, बदलीलाई उघारे!
अस्तित्व बचाई स्वदेशको, नेपालीको ध्यान गरे
स्वतन्त्रतालाई कसरी, ज्यान दिई सन्मान गरे!

स्मृति– गंजागोल थियो कस्तो चारैतिर?
अमल्ल थिए सारा जनता!
खिन्न सबै देखिन्थे, आधार खोज्दथे यताउता!
यस्तै मौकामा राजाले सबको ध्येय बनी
उद्धार गरे स्वदेशीको, जो बस्थे हेय बनी!

गतिविधि– क्रमशः हट्यो असन्तोष, आफ्नो पनको आयो होश!
बने कार्यमा जन तत्पर, सृजना हुनलाग्यो सत्वर!

दिन– मुख्य त यस घटनाले सबमा, आफ्नै भरको चेत दियो
"देश बन्छ आफ्नै कुद्रतमा" भन्ने सूझ–समेत दियो!

स्मृति– त्यसपछि देखिहाल्यौं सबले, रातारात गरी कसरी?
संकुचित पथ सुधार भै, सुन्दर बन्न गयो नगरी!
गरे नसकिने रहेछ के, तम्से नहुने रहेछ के!–
उदाहरण आंखामा आयो, यसैले सारालाई जगायो!

दिन– आत्महीनता भाव जगाई, केही गर्नै नदिनेलाई
यस मौकाले हांक दियो, विकृति भागी दूर गयो।

इतिहास– ऊं, यो त भयो प्रत्यक्ष घटना, त्यसपछि के भो याद जगाऊ!
गतिविधि अर्को कुन देखिनगो त्यसको वाद, बताऊ?

गतिविधि– यसपछि फाल्गुन मैनामा वेलायतकी रानी आइन!
उनले नेपालीको गौरव झल्काई संमान जताइन!

स्मृति– शुद्धिकरण पनि ता भो गंजागोल प्रशासनमा

CC-0. In Public Domain. Digitization by eGangotri

छिटो छरितो चालले काम थाल्न शुभचिन्तनमा ।
इतिहास– अं, यी सब ता याद गरें मैंले !
बन्यो धारणा सुन्दर मेरो, लेखाभित्र भरें मैंले ।
यसपछिको वातावरण भयो के, संझाऊ होश उघारी ?
गतिमा लम्कनलाई , के के गरियो तैय्यारी ?
दिन– शान्ति सुरक्षा दृढ पारी, अल्झोलाई बढारी
कर्मयोगमा प्रोत्साहन, मिल्न गयो भारी !
गतिविधि– यसपछि राजाको जन्मोत्सव पनि आयो !
जनताले हर्षोल्लासमा लिंदै प्रेरणा पयर बढायो ।
स्मृति– यसभन्दा बेग्लै पनि निर्माणका कार्य भए हितकारी
विकासको लागि राजाको, यताउता भयो सवारी !
दिन– बाधा, बन्धन, अडचन, कठिनाईसित संघर्ष गरी
झूठ फरेब हटाई, जनता थाले लम्कन नडरी
गतिविधि– प्रजातन्त्रको जग पञ्चायतमा रहन गयो,
विभिन्न वर्गीय संगठन्न गठन भो ।
सुधार बिर्तामा हुनगो, राज्य रजौटा उन्मूलन भो ।
स्मृति– समयानुकूल बने धेरै नयां योजना
जो जनताको थियो कामना ।
दिन– यसपछि अन्तर्राष्ट्रिय जगतमा, यो देशलाई चंकाउन,
बेलग्रेडको सम्मेलनमा, उडान भयो राजाको दांजिन ।
गतिविधि– यो भयो भदौंको गतिविधि,
[illegible]वौं मासमा पुगेर अवधि ।
दिन– श[illegible]क्तयुद्धमा नफसी, तटस्थता कायम राखी
शान्ति मित्रता सबैसित गर्ने स्वतन्त्रता कायम राखी ।
फिर्‍यो सवारी राजाको सम्मेलनमा, समदम राखी ।
गतिविधि– यसपछि अभियान भयो राजाको पाकिस्तानतिर ।
आकर्षित भो ध्यान त्यहां पनि नेपालीको मानतिर ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृति– यसको कहीं समयवाद महत्वपूर्ण घटना घट्छ ।
चीन र मंगोलिया सवारी हुन राजाको गति बढछ ।
दिन– अभतपूर्व स्वागत भो, सह्नी भों नेपालको ।
महिमा गुंजन थाल्यो, उच्च विशाल हिमालको !
गतिविधि– मजबूत गरी संझौता चीनदेशसंग उत्तरतर्फ
भयो सवारी राजाको खूब बेससंग घरतर्फ !
स्मृति– स्वदेशलाई , गरी भलाई,
नेपालीको शानउठाई
–राजा रानी आए !
चौडा पथको ध्येय खुलाए ।
तब जनताले हर्षित भै जयजयकार मनाए ।
इतिहास– महत्वपूर्ण घटनामध्ये, यसको स्थान निकै छ ।
भविष्यमा यसले गर्दा हुनजाने संमान निकै छ ।
तब पछिको गतिविधि के हो ? लौ लौ संझाओ ।
कहां हुंदैछ के के, त्यो पनि अहिल्यै देखाओ ।
गतिविधि– यसपछि पार्थीबांधको भयो पोखरामा उदघाटन।
निर्माण कार्यतिर राजाको पुनः भयो पदार्पण ।
दिन– वस यस मौकामा राजाको अर्को एक भयो आह्वान
गरौं सबै मिली भन्ने 'पूर्व र पश्चिम पथ निर्माण। '
स्मृति– उद्धार देशको गर्ने शताब्दीदेखिको दूरी कठिनाइ, हर्ने
आपस आपसमा मिल्दै, सबले सबको हित गर्ने
पूर्व र पश्चिम बाटो नै हो, स्वदेश एकै गर्ने !
गतिविधि– यसपछि संस्कृतिविकासतिर पनि
राजाले चाख बढाए !
आफ्नो पनको गुन फैलाउन सबमा उत्साह जगाए ।
(यसै बखत कोही आइपुग्छ)
ढोका ढकढकाउंछ)

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास– (कडकेर) को त्यो ढोका ढकढक गर्ने !

विग्रह– म हुं विग्रह, अनिष्टको रह ?

इतिहास– किन आइस तं, कह ?

विग्रह– (हीं हीं गर्दै) सुनें कि तपाईं देशको गतिविधि विषयमा लेख्दै हुनुहुन्छ रे ! त्यसमा मेरो नाम पनि रहन्छ कि, भन्ठानेर आएको ।

इतिहास– तेरो रहने नाम ? के गरिस तैंले काम ?

विग्रह– हेर्नोस, काम त मैले पनि धेरै गरेको छु । कसैले केही गर्न लागे पनि भांजी हाल्ने, अलमल पैदा गर्ने, नचाहिंदो अफवाह फैलाउने, कामचोर र खुशामदखोरको पक्षमा लागेर प्रगतिमा बाधक बन्ने गरेको छु । मैले यसो गर्दा काम गर्नेहरूमा बेग आउंछ, र तिनको तागत जांचिन्छ । भनौं त काम गर्ने नगर्ने को परीक्षा म लिन्छु । यसैले मेरो पनि त महत्व छ ।

इतिहास– रोते महत्व कार्यमा ? (हांस्छ)

विग्रह– नहांस्नोस न । मलाई त्यसै नउडाउनोस । हेर्नोस– अझै पनि कति विकृत बुद्धिका यहां छन । स्वदेशको हित यसो गरे हुन्छ, भन्ने जान्दाजान्दै पनि ती अन्तै लाग्छन, र अन्तैको सुरक्षा मन पराउंछन । अन्तैबाट केही होला र शासन जमाउंला भनेर ढुकेर बस्दछन । त्यस्तालाई चिनाउन म बाहेक अरू कसले सक्छ ! त्यसैले पनि मेरो ठूलो महत्व छ । फेरि, हरेक कार्यमा कठिनाइंको पनि त योगदान छ, नत्र सफलताको मूल्यांकन कसरी हुन्छ ? जस्तो रावण नहुंदो हो त रामको के महत्व ? रात नहुंदो हो त दिनको महत्व के ? यस्तै द्रोही नहुंदा हुन त देशसेवीको के महत्व ? बुझ्नु भएन के त , हर गतिविधिमा मेरो अस्तित्व पनि रहेकै हुन्छ । म यस्ताहरू सबलाई चिनाउंछु । यसैले, विकासको साथसाथ मलाई पनि संझन तपाईंलाई करै लाग्दछ ।

इतिहास– मैले बुझें, तं धूर्त्याईंमा निकै प्रवीण रहेछस । यस्तै भएर १० वर्षसम्म केही काम हुननसकेको ।

CC-0. In Public Domain. Digitization by eGangotri

विग्रह– बस बस, यस्तै सिलसिलामा नै मेरो नाम संझन करै परेर आउंछ।
मैले खोजकै यही। तब मेरो नाम रहन्छ न, इतिहासमा ?

इतिहास– रहन्छ। जरूर रहन्छ ! तं जस्ताको नाम किन रहंदैन। तर
उज्यालोंमा हैन, अंध्यारोमा। सफलतामा हैन, पराजयमा।
निर्माणमा हैन, बिगारमा।

विग्रह– लौ त म गएं। यत्ति कुरा संझाउन मन लाग्यो र आएको।
नमस्ते ! (सुलुसुलु जान्छ)

इतिहास– जा, तेरो कृत्य हामी बिर्सेर पनि बिर्सनौं।

(यत्तिकैमा कतै गीत गुंजन्छ)

"आइरहेछन ती गाउंले, लौ है नयां बाटो खन्दै"

इतिहास– कताबाट आयो गीत नजीकिंदै ?– यतै ?
वातावरण जगाई, सबमा उत्साह जगाउंदै– यतै।

स्मृति– (सम्झेर) एः पाएं पत्तो मैले– यो गीत, बाटो बनाउनेको हो।
पूर्व र पश्चिम स्वरूप धारी, बनेर आउनेको हो।

इतिहास– एः पूर्व र पश्चिम बाटोका रूप पनि आइ रहेछन ?
सौगात गीतको ल्याइरहेछन ?

दिन– भन्थे ती पनि यहीं आउंछु।

गतिविधि आफ्नो दर्शाई, सृजना साकार गराउछु।

गतिविधि– अब त म जान्छु, अबेर भो। (फटाफट जान्छ)

इतिहास– (उठंदै) हामी पनि ता जाऔं, अब नवयुगको सबेर भो !
देखेपछि नै लेखौंला सब के के हुन्छन कुरा अरू !
उत्सवलाई हेरेपछि नै थपुंला पाना खुरूखुरू !

(सबै उठेर जान्छन)

CC-0. In Public Domain. Digitization by eGangotri

रेडियो नेपालद्वारा प्रसारित केहि नयाँ तथा पुरानाको कमीय गीतहरू

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

जबसम्म यी दुइ हात छन् , किन अर्काको भर पर्दछौं ।
मेहनत गरी, हिम्मत राखी, शृङ्गारी आमा छाड्छौं ।।

जबसम्म

हाम्रो देशमा, हाम्रो साथमा, दुर्लभ धन् जान्दछौं
मातृभूमिको सन्तान हामी, हिम्मत सम्पत्ति पार्दछौं ।

जबसम्म

सकेनन् यदि पुर्खाले,के भयो,सुन चाँदी थुपार्न,बुझ्दछौं ।
चन्द्र सूर्यको ध्वजामुन्तिर, दुइ हात सम्पति मान्दछौं ।।

जबसम्म

चाहँन्नौ अरू, अर्काको, धन, माल, ढांचा, चिन्दछौं ।
बिर्सन्नौं कदापि आमाको, दूधको भारा तिर्दछौं ।।

जबसम्म

स्वदेशको फल तीतै पनि, मीठै ठानेर चाख्दछौं ।
परदेशको सुखभन्दा ता, स्वदेशकै दुःख सहने छौं ।।

जबसम्म

संगीतः– नाति काजी

रचनाः– एम. वी. वी. शाह.

CC-0. In Public Domain. Digitization by eGangotri

सुखमा मेरो हांसोमा हांसो तिम्रै छ लुकेको
दुःखमा पनि आँसुका थोपा तिम्रै छ खसेको
संझना मेरो कल्पना तिम्रो त्यो दिन भेटेको
सरमले मेरो परेली तिम्रो मायाले झुकेको ॥

छातिमा मेरो मुटुले धडकन तिम्रै छ हानेको
रातमा जसै सपनी देख्छु तिमी छौ सुतेको
दिलको मेरो जति छ धोखो तिमीले भरेको
दांतले ओठ आफैले टोकी लाजले मरेको ॥

आंखाको मेरो नानीमा छाया तिम्रैछ ढुकेको
ईंटमा मेरो सुनिन्छ तिम्रै सुसेली बजेको
झस्कन्छु अरू हिर्दय तिम्रो जोडले चलेको
संझेर मेरो हातमा तिम्रो हात है परेको ॥

संगीतः—उ. गोविन्दलाल
कलाकारः— जनार्दनसम
रचनाः— एम. वी. वी. शाह

CC-0. In Public Domain. Digitization by eGangotri

कस्ले झार्‍यो तिमीलाई, प्रिया ! स्वर्गबाट यो मृत्यु लोकमा,
कसरी, ओरल्यौ, ईन्द्र धनुषको, खुडकिलोले मृत्युलोकमा ?

बाटोमा त्यो तातो रापले, पग्लेन तिम्रो सौन्दर्य छटा
के ? पखालिएन वादलको, वर्षातले तिम्रो सुन्दरता ?

आकाशको खुला तुफानले ,हल्लायन तिम्रो कोमलता,
पृथ्वीको उच्च शिखरले, छोएन तिम्रो निर्मलता ?

ल्याँएर वसन्तले संग संगै,तिमीलाई छोडन सकेनकी,
शरदको पुर्णिमा के, चांदनी पो तिमी हौ कि ?

कि ठान्यो डल्लो पृथ्वीलाई, स्वर्गकै एक टुकडा ।
कि बताउ, कान्तिपुर कि हौ तिमी चांदकै टुकडा

संगीतः– एम. वी. वी. शाह
रचना गोविन्दलाल

CC-0. In Public Domain. Digitization by eGangotri

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

जय जन्म भूमि जय पूण्य भूमि जय वीर भूमि नेपाल
हामी अगाडि बढछौं बढछौं लिई शान्तिको मशाल ॥

जहां पायौं बुद्धी सीता लाखौं यी वीर जनता
राजा स्वयम बने लौ जुन देश प्यारो नेता
उस देशकै निम्ति लडछौं लडछौं, लिई साथमा हिमाल
।
यी चन्द्र सूर्य भन्छन यहाँ होस संधै उज्यालो
यै देशको इतिहास बन्दै रहोस दियालो
यही स्वर्ग पुग्ने पथ छ यही देशनै विशाल ।

संगीतः शिव शंकर
कलाकारः तारादेवी, शिवशंकर
र साथीहरू
रचनाः राममान "तृषित"

CC-0. In Public Domain. Digitization by eGangotri

होस्टेमा हैंसे गरेर नेपाललाई उचालौँ
कुटो र हलो लिएर जीवन मूल फुटाऔँ ।।

हरियो वन धन छ उज्यालो हिमाल चूली छ
तराई पर्वत घनन प्रगति मीठो बोली छ
नगरे काम कसरी विकास गर्ला देशले
चालूं न पाउ पथमा लम्केर हिडौं होशले
आँखामा आशा उधारी जीवन ज्योति जगाऔं

साँझको वास लिन्दैन जूनको धिप्प ज्योतिले
व्यथित प्यास हुंदैन टलक्क हुने मोतिले
फूलले हाँसी भन्दैन बगेको हावा रोकेर
आमाको छाती फुक्दैन अगती छोरा देखेर
नेपाललाई सजाऔं नेपालैलाई उचालौं

CC-0. In Public Domain. Digitization by eGangotri

दिनको पला घडीमा विकास गर्दै बढौं लौ
सांझको आकाश दियोमा प्रकाश भर्दै बढौं लौ
राजाको मन उज्यालो आमाको मुहार हांसेमा
आमाको मन उज्यालो गरेर काम बाँचेमा
विवेकी भै लौ बढाऔं, नेपाललाई उठाऔं ॥

संगीतः– शिवशंकर
कलाकारः– तारादेवी
शिवशंकर, नातिकाजी
रचनाः– भावुक

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल गौरब हाम्रो यो राम्रो पंचैको सरकार
क्रान्ति गरी नेपालीले प्रजातन्त्र ल्यायो
गरीबको रामराज्य तर कहाँ पायो
सत्यरूप प्रजातन्त्र बल्ल अब आयो
नेपालीले आफ्नो राजा प्रजातन्त्र पायो ।

यस्तो राम्रो प्रजातन्त्र दिने हामीलाई
चीरञ्जिवी भए राजा हाम्रो सेवा पाई
तिम्रो लागि हामी मर्छौं पञ्चायत पायौं
नेपाली हो साहसीला दरो नेता पायौं ।

बाटो घाटो शिक्षालय अस्पताल बनि
हेर्नु पर्ने पञ्चले नै हाम्रो लागि पनि
गाउंलेले गाउंलेको कुरा झट्ट बुझ्छ
पञ्चायत पञ्च राज हाम्रो आंसु पुच्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भाइ छोरा हाम्रै मिली राज अब गर्वैं
हामी सब एकै अब संगै बाँच्ने मर्वैं
सानो ठूलो भेदभाव छैन अब केही
पञ्च हाम्रो परमेश्वर मिली भनु यही

संगीतः– पुष्प नेपाली
कलाकारः पुष्प नेपाली
रचनाः– विश्वबन्धु थापा

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चै हो यो देश बनाई देउ।
नेपाली इच्छा पुर्‍याइ देउ

चाहना हाम्रो बुझेर आयो सूनौलो किरण
हामीलाई फाप्ने तन्त्रले टेक्यो पहिलो चरण ।

मायालु भाका छोपी देउ
रातको जुन बनि देउ

हामीले टेकने धरतीले आज के भन्छ सुनिदेउ ।।
डांडा र कांडा पाखा र पर्वत झिलमिल पारीदे

आजको दिन हेर्न लाई
बांच को हामी भनिदेउ

नझरी तिम्रो स्नेहको थोपो यो देश फुल्दै
गर्दछु भनि नतम्से सम्म यो देश बन्दैन

CC-0. In Public Domain. Digitization by eGangotri

पसिना चोखो झारी देउ
पौरखी बाहुं सारी देउ

आजको दिन गाएको गीतले नौंडांडा छुन्छ रे
आजको दिन विरूवा रोपे विशाल वन्छ रे।

दाज्यै हो यो देशलाई
धरती को स्वर्ग वनाइ देउ

संगीतः– नातिकाजी
रचनाः– लक्ष्मण लोहनी

CC-0. In Public Domain. Digitization by eGangotri

तन्नरी हुं देशको गीत फूर्तिको
रूद्र शक्तिको हुं बुंद सान धरतीको
ज्योतिको मुहानी हुं भोलोको बिहानी हुं
ढुक ढुकी हुं देशको कन्ठको म बाणी हुं
धरतीको गौरव हुं उच्च हिमाल ।
धरती जस्तै छाती मेरो हेर बिशाल
सक्छु मैले गीत गाउन कसले नभुल्ने
सक्छु मैले बत्ति बाल्न कहिले ननिभ्ने
सक्छु मैले रगतले धर्ती भिजाउन
सक्छु मैले छाती भित्र स्नेह जगाउन ।
शंकरको त्रिशुल हुं खोप्छु पहरा
हिंउको श्रात गाली नयां झिक्छु छहरा
ज्ञान र धनले पूर्ण धरती स्वर्ग बनाउछु
मानिसको मनको धोको पूरा गराउछु ।

संगीत लक्ष्मण लोहनी
रचनाः– शिव शंकर

CC-0. In Public Domain. Digitization by eGangotri

सुन हे मेरी बहिनी सुन हे मेरा दाज्यै हो
भोली र भोली नभनी काम गर्ने बेला आजै हो ॥

राम्रो गुंड बनायो चैंतमा दमाइचरीले
अलका पुरी बनाऔं नेपाली कारीगरीले
कुबेरका सन्तान भएर भिखमाग्न छोज्नुलाजैहो ।

चमरी खर्क लेकैमा काम धेनु गाई आइछन्
दुधे र कोशी गंगामा दुधैका चारा ल्याइ छन्
समय भन्ने रसलाई पिउनु पर्ने ताजै हो

मान्छेले आंटे के हुन्न चन्द्रमा पनि भेटिंछ
अभागी रेखा निधारको पसीना पुछी मेटिंछ
साहसी जहां उभिंछ संसारको त्यही माझै हो

संगीतः— नाति काजी
रचनाः— माधवप्रसाद घिमिरे

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे
उचाइ हाम्रो चुलिंछ कहां हिमालै नरहे

तराई हाम्रो सुनका टुक्रा हिमाल हीराको
माटो र पानी पहिलो धन धरतीका छोराको
ए कहांबाट संसार हेर्छौं संझ्यालै नरहे

दशैं र तिहार रमाइलो हाम्रो चुडका र ख्यालीले
हृदय हाम्रो जुर्मुराउंछ जीतको झ्यालीले
बैंसको तालमा नाचौंला कहां मादलै नरहे

ए कति राम्रो बिहानी पख घामको रेखी हो
सभ्यता पहिले संसारमा फैल्यो हिमाल देखि हो
व्यूंझौंला कहां पूर्वको पहिलो उज्यालै नरहे

संगीत:–नातिकाजी
रचना:– माधव प्रसाद

CC-0. In Public Domain. Digitization by eGangotri

मढीबाट शंख फुक्यो प्रभातको राग
उठ उठ नेपाली हो ! कर्मतिर लाग।

मन्दिरका ढोका खुले पाहाड गाउन लागे,
सेरो फेरो बनको घेरा ज्योति आउन थाले।
सिर्मिरेको घुम्टो ओढी झऱ्यो कालो रात
उठ उठ नेपाली हो ! कर्मतिर लाग।

झुल्क्यो यैटा नयां ज्योति लाल रंग झार्दै,
बृक्ष लता कुञ्ज वन नवकली मुसार्दै
धप्प धप्प बलिसक्यो शैल शीखर माथ,
उठ उठ नेपाली हो ! कर्मतिर लाग ।

मुहुर्तलाई छोपिहाल यो अमृत बेला,
जागरण भो निर्माणको चल्यो महामेला।
कांधमाथि कांध जोडी उठ समाई हात,
उठ उठ नेपाली हो ! कर्मतिर लाग।

संगीतः शिवशंकर
रचनाः धर्मराज थापा

CC-0. In Public Domain. Digitization by eGangotri

नौ लाख तारा ओइरिए हिमाल पग्ल्यो रोएर
आज यो कसको गुंज्यो गीत हिर्दय हाम्रो छोएर
नेपालीका आत्मामा छापा तिम्रै लागेको
मधुर ममता पाएर भाव सुनौला जागेको
के छ र वर परमा दिलमै प्रीति जम्दछ
फुल्दछ विख धरती भै चन्द्रमा अमृत बर्साउँछ
आंसुले टलबल साथीको आँखालाई बिर्स्यौं नि
श्वासले भित्री मनतातो मर्मको गीत गायौ नि ।।
बोलन बोल छर्लङ्ग पीरको बह कस्तो छ ?
संसार झस्कोस् देखाऊ मायाको चोट कस्तो छ ?
मायालु मन जसका छन् उसकै चीसा परेला
आउ भन्दै अंगाल्छौ कसले निर्धा संझेला
पहाडी फूल चुंडदछ को कांढा भैकन उम्रन्छौं
वीरता हाम्रो चम्कन्छ मुटुका रगत अर्पन्छौं
सयलाख हामी जीउँदै छौं तिम्रै खातिर धाम्रौंला
दु:ख र सुख बाँडेर आमाको काखमै बांचौंला ।।

संगीत: जनार्दन सम
रचना :,, ,,

CC-0. In Public Domain. Digitization by eGangotri

उकालीमा कल्ले गायो गीत सुनरे
एकै स्वर, एकै लहर बाटो हिंडरे ।
डाँडाँ माथि गोरेटो छ वनको किनारामा
त्यो गीतले जरा हाल्यो मेरो हियारामा।
भावनाका फूल तिम्रा उन-उन रे
एकै स्वर एकै लहर बाटो हिंड रे ।
तर-तर खसेका छन् पसिनाका धारा,
जेकमाथि झुल्केका छन् नेपालका तारा ।
'नयाँ नेपाल' बनाउने तिनै हुन रे
एकै स्वर, एकै लहर बाटो हिंड रे ।
पसिनाको दाना भित्र लुकेको छ शान्ति,
एकताको उकालीमा निर्माणको कान्ति
लौ लौ मेरा बटुवा हो ! गीत सुनेर
एकै स्वर एकै लहर बाटो हिंड रे ।

सगीत: बच्चु कैलास, पुष्प नेपाली
रचना: धर्मराज थापा

CC-0. In Public Domain. Digitization by eGangotri

हिमाल चूली गाउँछ खुली मंगल बिहान,
एक्कै र कोटि प्रजाका प्यारा महेन्द्र महान ।
मेची र काली आंगनी माथि उज्यालो ओर्लन्छ,
तेत्तिस कोटि देउताको आज चिरायु बर्षन्छ ।
मनमा हर्ष, ओठमा हाँसो नेपाली जहान,
हिमालचूली गाउंछ खुली मंगल बिहान ।

उज्यालो आयो अंध्यारो रात धपक्कै बालेर,
महल झुप्रा, लेक र वेसी अंगालो हालेर ।
राष्ट्रको थोत्रो काँचुली फेर्ने यो शुभ-लगन,
हिमालचूली गाउँछ खुली मंगल बिहान ।

ढुंगा र ढुंगा ईंट र ईंट उठाई हातमा,
नेपाल स्वर्ग देखिन्छ आज सुनौला प्रातःमा ।
करोडौं फुल्छन् करोडौं उठ्छन् तन्देरी जवान,
हिमालचूली गाउँछ खुली मंगल बिहान ।

CC-0. In Public Domain. Digitization by eGangotri
हे हिउँ शैल शीखर ! हावा बहाऊ शीतल,
चौतारी देशका राजा र रानी बर र पीपल ।
यी दुबै छाया गर्दछन् माया नेपाली जहान,
हिमालचूली गाउँछ खुली मंगल बिहान ।

५

संगीतः नातीकाजी
रचनाः धर्मराज थापा

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन रच्दै जाऔंला हरेक हाम्रा काजमा
ज्योतिको खम्बा गाडौंला विश्वको यही माझमा ।
स्वदेश मात्रै हाम्रो हो, यो पनि हामी भन्दैनौं
विदेश मात्रै राम्रो हो–यो पनि हामी मान्दैनौं
हामीलाई लाग्छ पियारो सुन्दर हाम्रो नेपाल
तैपनि हाम्रो हृदय धरती जत्रै विशाल ।।

जिन्दगी भुलै भुल हो–यो पनि हामी भन्दैनौं
जिन्दगी फुलै फुल हो-यो पनि हामी मान्दैनौ
हार यो बाँया पाउ होस् जीत यो दांया पाउ होस्
हार जीत दुबैले लैजाने यौटै ठाउँ होस ।।

संसार मात्र सुखी होस्-यो पनि हामी भन्दैनौ
म यौटा मात्र दु:खी छु-यो पनि हामी मान्दैनौ
अरूको जहाँ हीत छ-त्यही नै हाम्रो हीत होस्
कर्मको कोलाहलमा फैलेको हाम्रो गीत होस् ।।

संगीत: नातिकाजी
रचना: माधव प्रसाद घिमिरे

CC-0. In Public Domain. Digitization by eGangotri

राजा नै लागे नेपाली जागे यो देश बन्छ बन्छ।
नेपाल, व्हैंन एशिया जोड्ने यो बाटो बन्छ बन्छ ॥१॥

स्वदेश छोडी बिदेशी बाटो नेपाली जान्न जान्न।
दुःख र सुख गरेको खान्छु मागेर खान्न खान्न ॥२

हिमाल देखि तराई सम्म नेपाली जुट्छ जुट्छ।
पूर्वको मेचि त्यो महाकाली यो बाटो हुन्छ हुन्छ ॥३॥

महेन्द्र पथ निर्माण गर्न लाहुरे फर्क फर्क ।
अगाडि सर विकास गर यो दुःख टर्छ टर्छ ॥४॥

एशिया तारा शान्तिको दूत नेपाल उठ्छ उठ्छ ।
नेपाली सारा देशका लागि उकालो चढ्छ चढ्छ ॥५॥

देश हो हाम्रो रगत दिन्छौं पसिना बग्छ बग्छ।
राजाले मागे सर्वस्व दिन्छौं यो बाटो बन्छ बन्छ ॥६॥

संगीतः– शिव शंकर
रचनाः–विश्वबन्धु थापा

CC-0. In Public Domain. Digitization by eGangotri

बनमा बसी कोइली गायो मनमा पिरती
सुसेली खेली भावना उठ्यो बसाई मुरति

ताराको ज्योति खुलेर निभ्यो चन्द्रको चांदनी
घरको माया आंपको छाया लाउँछ मोहनी
बनकि रानी एकली नारी सम्झेर नयन
मुसुक्क हांसो दिलको पासो बिर्सन्ने जीवन

छमछम नाच्छ हृदय बीच हृदय नचाई
मादल लिई बस्दछु अब गमक्क बजाई
डांडा चुली खोजेर हिंडने भेटन भनेर
पाइनँ तर दर्शन कठै तर्कियो छलेर।

संगीतः नाति काजी
रचनाः भावुक

CC-0. In Public Domain. Digitization by eGangotri

स्वराष्ट्रका हे बीर महेन्द्र
नेपालीका आशा केन्द्र
तिम्रो जय जय होस् ।।
अन्धकारमा गुम्सी रहेथ्ये
जनता जब लुक्दै सड्दै
तिमीले स्वार्थ र ममता छोडी
साथ दियौ युग बदलन बढ्दै ।।
जब भो खलबल आपत आयो
जब स्वार्थ फुटले खतरा ल्यायो
तब साहस गर्दै देश बचाउन
भार लियौ सब पार लगाउन ।।
संरक्षक हे नेपालीका
हे पथ प्रदर्शक तारा
भविष्यको सुन्दर सपनाले
तिम्रै मागी रहेछ सहारा

संगीत: नातिकाजी
रचना: श्यामदाश बैष्णव

CC-0. In Public Domain. Digitization by eGangotri

उच्च रहोस् हाम्रो आवाज
मधुर होस् हाम्रो आवाज
व्याप्त होस् हाम्रो आवाज ।
हामी सबको हृदय उघारी
सुन्दर भाव फिजारी
भन्न सकौं सब दुनियालाई
आफ्नो मिठो गीत गुंजाई ।।
हामी नव निर्माण गरी
शान्ति र सुखमय देश गरी
उच्च कामना लिएर जगमा
भर्न सकौं स्वरमा सन्देश ।।
लिई प्रेरणा जागृतिको
सुसभ्य पार्न सकौं जनता
कला र कौशल गरी प्रशार
राखौं गौरब ममता

संगीतः नातिकाजी
रचनाः श्यामदाश वैष्णव

CC-0. In Public Domain. Digitization by eGangotri

रातो र चन्द्र सूर्य जंगी निशान हाम्रो
जिउंदो रगत सरि यो बल्दो यो शान हाम्रो ॥

यो जन्मँदै जगतमा कैयौँ प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो ॥

हिमाल झैं अटल यो लत्रैन यो कहिल्यै
झुकेन यो कहिल्यै जंगी निशान हाम्रो ॥

जब सम्म चन्द्र सूर्य आकाश रहन्छन्
तब सम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो ॥

संगीतः नातिकाजी
रचनाः गोपाल प्रसाद रिमाल

CC-0. In Public Domain. Digitization by eGangotri

२०१८ सालको राष्ट्रिय प्रजातन्त्र दिवसको
उपलक्षमा रेडियो नेपालद्वारा आयोजित
सङ्गीत सम्मेलनमा स्वर, संगीत र
रचनामा प्रथम ठहरिएका तीन गीत

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

(आवाजमा प्रथम ठहरिएको गीत)

कति पीडा कति रुदन कति शोषित हरे यो मन !
उही गाना मन पोल्ने, उही वीणा अनि कम्पन ।

नव आशा सपना त्यो, नव बोली जपना त्यो
छल माया दुःख सारा बढी आई विपना भो
लुकी सारा शशी तारा, झम झम झम नीर सिञ्चन ।

सरीताको सुर धारा, मन हर्ने घुन प्यारा
उठी भौतिक अभिलाषा बगी आयो विष सारा
प्रति कंपित मुटु लुग लुग अति शंकित उर कम्पन

जग चेतन मनमा नै डर आगो तनमा नै
बली कण कण, प्रति क्षण क्षण फुकी ल्यायो प्रणमा नै
हटी हाँसो, फुटी आंसु छल छल छल नवचेतन ।

गायिका– दिलमाया
संगीत– शिवशंकर
रचना– भावुक

CC-0. In Public Domain. Digitization by eGangotri

(लयमा प्रथम ठहरिएको गीत)

सुन हे साथी, ध्यान दिएर रामराज्य उदायो ।
श्री ५ महेन्द्र अध्यक्षतामा पञ्चले मान पायो ॥
पञ्चायतको चारै तह जनताले पाउने ।
देशभरी सुव्यवस्था सबै मिली ल्याउने ।
हाम्रो यो देशमा पञ्चैको शिर श्री ५ सरकार ॥१॥
आफ्नो देश-जनताको भविष्य बनाउने ।
एकताको महान् गुण विश्वमा फिंजाउने ॥
प्रजाका प्यारा नेपालका तारा महेन्द्र सरकार ॥२॥
स्वदेशको सुधार निम्ति सबै सुख छोड्ने ।
प्रजा पालन गरी सदा दुष्ट दमन गर्ने ॥
राष्ट्रनेताको इच्छा पुराउने पञ्चैको सरकार ॥३॥

–रचयिता तथा संगीत गायिका कोइलीदेवी

CC-0. In Public Domain. Digitization by eGangotri

(रचनामा प्रथम ठहरिएको गीत)

हामी हिमाली- जनता शीतल छ दिल हाम्रो
संसारभर छरेको सद्भाव–ज्योति राम्रो-
गुन सम्झी सम्झी सबको स्नेही बनी नुहुन्छौ
तर देशमाथि बैगुन भयो भने सहन्नौ
सय लाख हामी ज्वाला-मुखी बनेर फुट्छौ ।।

छौं विश्वप्रेमी हामी बानी छ प्रेम गर्ने
नेपाली जाति यै हो मित्रैको निति मर्ने
हितका कुरा र वस्तु सबको सँधै सकाछौं
आपनो रीति गुमाउन ज्याने गए दिदैनौं
देशको स्वतन्त्रतामा धक्का लगाउदैनौ ।।

हौं शान्तिका पुजारी, छन् बुद्ध छातीमा छिपेका
इमानले झुकेका सच्चाइले उठेका
स्वराष्ट्रमाथि खतरा किन्तु कवै सहन्नौ
ली रौद्र मूर्ति मुठिमा खुकुरी कसेर छुट्छौ
ढल्नै परे त दुश्मनको लासमाथि ढल्छौ ।।

मस्को, न्युयार्क र लण्डन पेरिश र रोम पेकिङ्ग
सुन्दर सुखी सहर छन् नयनाभिराम ती छन्
सबले मिलेर त्यस्तै नेपाल यो सगाछौं

CC-0. In Public Domain. Digitization by eGangotri

जन्तु भएर किन्तु बिक्री कहीं हुदैनौ ।
यो मातृभूमिको रीन खाई पचाउदैनौ ।।

मन्जील सुदूर रहँदा यो मन भरङ्ग हुन्छ
ती दीनहीन भई देखेर चित्त दुख्छ
तर हार खाई हामी यसरी कुना रहन्नौं
राजा महेन्द्रबाटै बत्ती र शक्ति पाउछौ
विश्वास आश राखी यी पाइला बढाउछौं ।।

आँखा दिने छँदैछन् नेता महेन्द्र राजा
ज्योति दिने छँदैछन् राजा महेन्द्र प्यारा
निर्माण मार्गमा नै जीवन बलि चढाउछौँ
प्राणको तरेली पारी, यो राष्ट्र उचाल्छौँ ।।

रचनाः जनार्दन सम

CC-0. In Public Domain. Digitization by eGangotri

माननीय मन्त्रीगण तथा सहायक मन्त्रीको रेडियो अन्तर्वार्ता

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

माननीय परराष्ट्र मन्त्री
डा. तुलसीगिरीसित

मितिः २०१८ साल आश्विन ८ गते

प्रश्नः

मन्त्रीज्यूको विचारमा बेलग्रेड सम्मेलनको मुख्य मुख्य उपलब्धि के के हुन् ?

उत्तरः

श्री ५ महाराजाधिराजबाट बेलग्रेड सम्मेलनमा बक्सेको भाषणमा नेपालको दृष्टिबाट मौसूफले मुख्य ३ कुरामा जोड दिइबक्सेको छ । एक, निरस्त्रीकरण र अरू यस्तै उपायद्वारा विश्व शान्तिको दृढिकरण, दुइ; उपनिवेशवादी तत्वहरूको विरोधमा संगठन, तीन; असंलग्न राष्ट्र-हरूको बीच पनि हुनसकेसम्मको आर्थिक सहयोगको लागि प्रयत्न ।

विश्वशान्तिको अवस्था अकस्मात् बिग्रेको देखेर यसलाई सपार्ने प्रयत्न गर्ने उद्देश्यले नै तटस्थ शिखर सम्मेलनको आयोजना गरिएको हो । यो सम्मेलनको सुझाव भएदेखिन् सम्मेलन सुसम्पन्न नहुञ्जेलसम्म विश्वमा तानातानी बढ्ने किसिमको जुन घटना घटे त्यसबाट यस किसिमको सम्मेलनको उपयोगिता झन् झन् देखिन थाल्यो । सारा राष्ट्र-हरूको ध्यान विश्वशान्तिमा एकत्रित गर्ने विचारले महायुद्धको वर्तमान खतडा र शान्ति कायम राख्ने विषयलाई लिएर सम्मेलनकोतर्फबाट एक विशेष प्रस्ताव पास भएको छ । यो प्रस्ताव सामान्य रूपले दुबै सैनिक गुटलाई र खासगरेर संयुक्त राष्ट्र अमेरिका र सोभियत संघलाई सोझै वार्तालाप गर्न अपील गरिएको छ । यो बाहेक तटस्थ शिखर सम्मेलनको

CC-0. In Public Domain. Digitization by eGangotri

तर्फबाट संयुक्त राष्ट्र अमेरिकाको राष्ट्रपति श्री केनेडी र सोभियत संघका प्रधानमन्त्री श्री ख्रुश्चेवलाई उपरोक्त आशयका पत्रहरू पठाइएकाछन्। यसरी यो सम्मेलनद्वारा असंलग्न राष्ट्रहरूको सम्मिलित आवाज शान्तिको पक्षमा संगठित भएको छ। युद्ध वा शान्तिको अन्तिम निर्णय मुख्यतया दुइ गुटको बीचमा रहेको छ तापनि तटस्थ राष्ट्रबाट गरिएको उपरोक्त शान्तिको अपील नैतिक दृष्टिबाट ठूलो शक्ति हो।

यसको अलावा यो सम्मेलनको तर्फबाट एक संयुक्त घोषणा पनि निस्केको छ, जसलाई बेलग्रेड भावना भनेहुन्छ। यो संयुक्त घोषणामा पनि विश्वशान्तिमा र विश्वशान्तिलाई समर्थन गर्ने कुराहरूमा जोड दिइएको छ।

मेरो विचारमा बेलग्रेड सम्मेलनको यो एक मुख्य उपलब्धि हो। अर्को कुरा, बेलग्रेड सम्मेलनबाट उपनिवेशवाद विरोधी शक्तिको समर्थन र संगठन भएको छ भन्ने श्री ५ को सरकारको विचार छ। धेरै जसो तटस्थ राष्ट्रहरूको पूर्व इतिहासमा उपनिवेशवादको कटु अनुभव छ। यसकारण उपनिवेशवाद जुनसुकै रूपमा होस्– पुरानो रूपमा या नयां रूपमा– अहिलेको विश्वमा अग्राह्य वस्तु हो भन्ने कुरामा असंलग्न राष्ट्रहरूको बीच पूर्णतया सहमति छ। उपनिवेशवाद विरोधी क्रान्तिको लागि तटस्थ राष्ट्रहरूको यो सामुहिक आवाज एक महत्वपूर्ण कुरा हो। यो सम्मेलनबाट उपनिवेशवाद विरोधी शक्तिलाई बिजर्टाको कुरामा ट्यूनिशियालाई होस् वा अल्जेरियाको स्वतन्त्रता संग्रामलाई होस् वा अरू यस्तै कुरालाई होस्– ठूलो प्रेरणा मिलेको छ। उपनिवेशवादको विषयमा तटस्थ सम्मेलनबाट संयुक्त राष्ट्र संघको उपनिवेशवादको अन्त गर्ने प्रस्तावलाई ठूलो समर्थन मिलेको छ। बेलग्रेड सम्मेलनको तेश्रो उपलब्धि तटस्थ राष्ट्रहरूको बीचको सम्भव आर्थिक सहयोगको चर्चा गर्नु भयो। यस्ता राष्ट्रहरूमा अहिले पनि सीमित रूपमा आर्थिक सहायताको आदान–प्रदान भएको छ तर यसभन्दा बढी मात्रामा यो आदान-प्रदान हुनसक्दछ भन्ने नेपालको भनाइ छ। आर्थिक सहयोगलाई कार्या-

CC-0. In Public Domain. Digitization by eGangotri

न्वित गर्नसक्ने कुनै विशेष संगठनको कुनै प्रवन्ध हुन्नसके पनि श्री ५ महाराजाधिराजबाट मात्र होइन अरू २ राष्ट्राध्यक्षबाट पनि बढ्दो आर्थिक सहयोगको आवश्यकताको विषयमा निकै चर्चा भयो। यो पनि हाम्रो वान्छनीय लक्षप्रति प्रगति नै हो र बेलग्रेड सम्मेलन पछि राष्ट्रहरूको बीच द्विराष्ट्रिय आर्थिक आदान–प्रदानले ठूलो बढावा पाउनेछ भन्ने मेरो आशा छ।

यसको अलावा नेपालले यो अन्तर्राष्ट्रिय सम्मेलनमा राष्ट्रको बीच मित्रता बढाउन के के कुरा सहायक बन्दछ, त्यसमा पनि आफ्नो राय स्पष्टतया व्यक्त गरेको छ। यस किसिमको सम्मेलनबाट राष्ट्राध्यक्षहरूमा व्यक्तिगत सम्पर्क राख्ने जो मौका मिल्दछ त्यसलाई लिएर श्री ५ बाट हुकूम भएको छ– हामीलाई यसमा पनि सन्तोष लागेको छ कि यस सम्मेलनले अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त केही व्यक्तिहरूसंग निजी सम्पर्क विकास गर्ने मौका हामीलाई दिएको छ। फेरि राष्ट्र राष्ट्रको बीच कुन किसिमको सम्बन्ध हुनपर्दछ त्यसलाई संकेत गर्दै श्री ५ बाट हुकूम भयो– शान्ति त्यसबेला मात्र सम्भव छ जब एक राष्ट्रले अर्को राष्ट्रमाथि हस्तक्षेप नगर्ने सिद्धान्तलाई शब्दले स्वीकार गर्न मात्र होइन कि व्यवहारमा पनि पूर्णतया प्रयोग गर्दछ।

मेरो विचारमा बेलग्रेड सम्मेलनका मुख्य मुख्य उपलब्धि यिनै हुन्।

प्रश्न :

बेलग्रेड भेला भएका तटस्थ राष्ट्राध्यक्षहरूसंग नेपालीको ती देशहरूका बीच सम्बन्ध र बढी सहयोग विकास गर्ने विषयमा पनि अनौपचारिक कुराकानी भएको थियो कि ?

उत्तर०

आर्थिक सहयोगको परिधि बढाउन सकिने विषयलाई लिएर नेपालले जुन दृष्टिकोण लियो त्यो पहिलो प्रश्नको उत्तरमा नै मैले झल्काएको छु। राष्ट्रपति टिटोको भाषणमा यस विषयको निकै विस्तृत चर्चाभयो।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल र युगोस्लाभियाको बीच ठोस रूपमा कुन किसिमको आर्थिक सहयोग र सहायता हुनसक्छ त्यस विषयमा अनौपचारिक प्रारंभिक छलफल भएको छ । यो छलफललाई केही ठोस रूप दिने हेतुले युगोस्लाभियाको लागि नेपालको मिनिष्टर श्रीसुवर्ण शम्शेरलाई बेलग्रेडमा अरू केही दिन बस्न लगाइएको छ । तर यो छलफल अहिलेसम्म बिलकूल प्रारम्भिक अवस्थामा छ ।

प्रश्न :

असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमाभाग लिइबक्सेर फर्कनेबित्तिकै संलग्न अर्थात् Committed देशहरूको औपचारिक यात्रा श्री ५ बाट गरिबक्सनु नेपालको तटस्थ परराष्ट्र नीतिको अस्थिरता हो कि भन्ने कसै कसैको आशंकाप्रति मन्त्रीज्यूको के विचार छ ?

उत्तर :

असंलग्न परराष्ट्र नीतिको आधार शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमा विश्वास हो। असंलग्न परराष्ट्र नीतिको मतलब संलग्न राष्ट्रहरूसंग अलग रहनु होइन । असंलग्न परराष्ट्र नीतिको तात्पर्य संलग्न राष्ट्रहरूको बीच मात्र होइन कि दुइ प्रतिद्वन्द्वी सैनिक गुटहरूको बीच पनि बढ्दो मात्रामा आर्थिक र सांस्कृतिक स्तरमा आदान–प्रदान हुनुपर्दछ भन्नु हो । यसकारण शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्ने असंलग्न राष्ट्रहरूले विभिन्न असंलग्न राष्ट्रहरूको बीच विभिन्न संलग्न राष्ट्रहरूको बीच तथा विभिन्न प्रतिपक्षी संलग्न राष्ट्रहरूको बीच विचारको आदान-प्रदान गराई सहयोगको भावना बढाउन सहायता गर्नुपर्दछ । असंलग्न परराष्ट्र नीतिको मुख्य लक्ष सैनिक गुटबन्दीमा नपस्नु हो । यो नीतिको पालन गर्दा हामी जसरी सैनिक गुटबन्दीदेखि अलग रहन कोशिस गरिरहेछौं त्यस्तै सबै राष्ट्रहरूसंग अरू किसिमको सम्बन्ध बढाउन प्रयत्न पनि गर्दछौं । यी सबै कुरालाई ध्यानमा राख्न तटस्थ शिखर सम्मेलनपछि श्री ५ बाट पाकिस्तानको जो राजकीय यात्रा गरिबक्स्यो,

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसले नेपालको असंलग्न परराष्ट्र नीतिमा अस्थिरता जनाउने सट्टामा झन् दृढता जनाएको छ ।

प्रश्न :

श्री ५ महाराजाधिराज सरकारको पाकिस्तान यात्राका अवसरमा नेपालप्रति पाकिस्तानी जनताको कस्तो भावना पाउन् भयो ? मौसूफको यो यात्राले वर्तमान परिस्थितिमा कस्तो महत्व राख्दछ ?

उत्तर :

नेपाल र पाकिस्तानको बीचमा केही भेद छन्– जस्तै, नेपालको परराष्ट्र नीति असंलग्नछ, पाकिस्तानको संलग्न । नेपालको बहुसंख्यक जनताको धर्म पनि पाकिस्तानको भन्दा फरक छ । तर यस्ता केही भेद भए पनि पाकिस्तानी जनताको नेपालप्रति ठूलो सद्भावना र मित्रताको भाव पायौं । छिमेकी राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्ध राख्ने जो नेपालको परराष्ट्र नीति छ पाकिस्तानको राजकीय यात्रा त्यसको महत्वपूर्ण अंग हो भन्ने मेरो विचार छ । नेपाल आफूलाई सुहाउंदो प्रगतिशील समाजको र राजनैतिक व्यवस्थाको विकास गर्न लागेको छ । यो प्रयतनको सिलसिलामा अरू देशका अनुभवको साथसाथै पाकिस्तानको अनुभवबाट पनि नेपालले फायदा उठाउन सक्छ ।

प्रश्न :

श्री ५ महाराजाधिराज सरकारको भारतीय प्रधानमन्त्री नेहरूसित दिल्लीमा भएको कुराकानीबाट हामी नेपालीले भारतप्रति कस्तो भावना राख्नु उचित होला ?

उत्तर :

श्री ५ महाराजाधिराजबाट समय २ मा नेपाल र भारतको बीच कस्तो सम्बन्ध राख्नुपर्दछ त्यस विषयमा हुकूम भएको छ । नेपाल र भारतको सम्बन्ध घनिष्ठ छ । नेपाल सानो छ, भारत ठूलो छ । नेपाल यो चाहन्छ कि नेपाल र भारतको बीच यस्तो सम्मानपूर्ण सम्बन्ध कायम रहोस् जो जुनसुकै पनि ठूलो र सानो मुलुकको बीच एक नमूना बनोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सानो मुलुकले थिचोमिचो भएको अनुभव नगरोस् । ठूलो मुलुकले आफूमाथि अनावश्यक आशंका गरेको अनुभव नगरोस् । परस्परमा विश्वास होस्, परस्परमा सम्मान होस् । श्री ५ र भारतीय प्रधानमन्त्रीको बीच भएको कुराकानीबाट नेपालीले भारतप्रति यस्तै किसिमको सम्मान योग्य भावना राख्नु उचित होला ।

प्रश्न :

श्री ५ महाराजाधिराज सरकारको आगामी चीन यात्राको अवसरमा चीन सरकारका नेताहरूसित कुनै खास विषयमाथि कुराकानी गर्ने विचार गरिएको छ ?

उत्तर :

श्री ५ महाराजाधिराजको चीन बाहेक प्रायसः सबै छिमेकी राष्ट्रहरूमा राजकीय यात्रा सम्पन्न भइसकेको छ । यसैले चीन यात्रा पनि गरिबक्सेको छ ।

श्री ५ को आगामी चीन यात्राको अवसरमा श्री ५ र चीनी नेताहरूको बीच विभिन्न विषयमा कुराकानी हुने सम्भावना छ । तर यो राजकीय यात्रा कुनै विशेष कुराकानी गर्ने उद्देश्यले भएको होइन । नेपाल र चीनको बीचमा सीमा समझौताको प्रश्न छ, आर्थिक सहयोगको पनि छ । यी सबै प्रश्नमा छलफल हुन सक्तछ ।

प्रश्न :

नेपालको परराष्ट्र नीति जसरी सबल हुंदै गइरहेको छ र जुन गतिले परराष्ट्र मामलाको क्षेत्र चौडा हुंदै गइरहेछ त्यसको सुसंचालनको लागि परराष्ट्र सेवाको गठन के पर्याप्त भैसकेको छ ?

उत्तर :

नेपालको वर्तमान परराष्ट्र नीति थोरै सालको बच्चा हो । विश्वदेखि अलग रहने पहिलेको नीति छोडी विश्व प्रवाहसंग पूर्णतया संमिलित हुने परराष्ट्र नीति अपनाउंदा हाम्रो विचार, भावना र साधनहरूमा ठूलो परिवर्तन ल्याउनु परेको छ । यही मांग अनुकूल यही साल पेकिंग, मास्को,

CC-0. In Public Domain. Digitization by eGangotri

रोम र रंगून गरी जम्मा चारवटा शाही दूतावासहरूको बृद्धि गरिएको छ । विशेष शिक्षा, विशेष तालिम र विशेष योग्यताभएका कर्मचारीहरूको आवश्यकता परेको छ । यसैकारण श्री ५ को सरकारले परराष्ट्र सेवालाई एक पृथक सेवाको रूपमा गठन गरेको छ । जब हाम्रो अनुभव बढ्दै जान्छ र जब हाम्रो भौतिक साधन पनि बढ्दै जान्छ त्यसबेला हाम्रो परराष्ट्र सेवा पर्याप्त रूपमा गठन हुनसक्छ । अहिले हाम्रो परराष्ट्र सेवामा यस्ता कुशल व्यक्तिहरूको जरूरत परेको छ जो मितव्ययिता भित्र देशको इज्जत राख्न सक्तछन्, थोरै कर्मचारीहरूद्वारा धेरै काम सम्पन्न गर्न सक्तछन्, जसको कूटनैतिक चालचलन आदर्शको होस् तथा जसमा अनुकरणीय कार्यकुशलता होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

मानननीय अर्थ आर्थिक कार्य विषय मन्त्री श्री ऋषिकेशशाहसित

मितिः २०१८ साल भाद्र २५ गते

प्रश्न .

जनतामा कर तिर्ने रहरको लहर चलाउने सरकारको ठहर अनुसार सरकारबाट लगाइएका र बढाइएका करहरू र बिर्ता उन्मूलनबाट श्रीमान् लाई आएको रिपोर्ट मुताबिक जनतामा के कस्तो असर परेको रहेछ ?

उत्तर :

वास्तवमा जनतामा कर तिर्ने रहरको लहर चलाउने उद्देश्यले सरकारले करहरू लगाएको होइन । देशविकास सम्बन्धी काममा आफ्नो कर्तव्य पूरा गर्न र अरू आवश्यक साधारण सेवाहरू जनतामा पुऱ्याउनको निमित्त सरकारको आम्दानी बढाउंदै लैजानुपर्छ भन्ने सबैमा विदित छ। सरकारको आम्दानीमा करको प्रशस्त भाग रहन्छ । तसर्थ, आफ्नो कर्तव्य पूरा गर्नको निमित्त आवश्यक खर्चहरू जुटाउने उद्देश्यले मात्र सरकारले करहरूको संख्या र यिनीहरूको दर समेत बढाएको हो । यसको साथै करहरू तिर्ने बानी जनतामा बसाल्दै लैजाने दृष्टि पनि सरकारले अवश्य लिएकोछ।

नयां कर व्यवस्थाबाट मध्यम तथा निम्न मध्यमवर्गका मानिसहरूलाई करको बोझ बिलकूलै परेको छैन । कर तिर्नसक्ने क्षमता भएका धनी मानिस, जसले अहिलेसम्म देशको प्रगतिको निमित्त उचित हिस्सा बहन गरेका थिएनन्, अब बढी कर तिर्नुपर्ने भएको छ ।यसरी श्री ५ को सरकारले नेपालको वास्तविक परिस्थिति सुहाउंदो न्यायोचित कर व्यवस्था अपनाई जनतामा बढीसेबढी मात्रामा सरकारी सेवाहरू पुऱ्याउने लक्ष राखेको

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले नयां कर व्यवस्थालाई सबैले स्वागत गरेकाछन् । धनी मानिसहरू, जसले अहिलेसम्म एक पैसासम्म पनि कर तिरेका थिएनन् र सरकारी सेवा भने सबैभन्दा बढी पाउंदै आएका थिए, नयां कर व्यवस्थालाई रुचाएका होवैनन् । तर नेपालमा यस्ता मानिसहरूको संख्या नगण्य बराबर छ । धेरै बिर्ता हुने र साथै कुनै किसिमको काम नगरी बिर्ताको आम्दानीबाट विलासी जीवन व्यतित गर्दै आएका केही व्यक्तिहरूले अवश्य नै बिर्ताको उन्मूलनलाई रुचाएका होवैनन् । तर यसमा सामन्ती व्यवस्थालाई प्रोत्साहन दिई व्यक्तिगत लाभ उठाउन खोज्ने मानिसको संख्या नेपालमा बिलकूलै कम छ । तसर्थ बिर्ता उन्मूलन र नयां कर व्यवस्थालाई सबै साधारण जनताले दिलैदेखि स्वागत गरेका छन् भन्ने हाम्रो धारणा छ ।

प्रश्न :

जनताले सरकारलाई तिरेको करबाट आपनो सुन्दर भविष्यको कल्पना गर्ने कुनै गतिलो र घतिलो रूपरेखा सरकारले तयार गरेको छ ?

उत्तर :

कुनै पनि जनकल्याणकारी राज्यको मुख्य उद्देश्य नै जनताको रहन-सहनको स्तर माथि उचाल्नु तथा एक सुन्दर भविष्यको कल्पना मात्र गर्ने नभई सो भविष्यको निर्माणको लागि जग बसाउनु समेत हुन्छ, यसमा कसैको दुइमत हुन सक्तैन । यसरी मात्र नै जनताबाट सरकारले उठाएको कर वा अरू साधनको सदुपयोग हुन सक्दछ । तर हाम्रो आय जुन यस वर्ष ८३८ लाख जति पुग्ने अनुमान गरिएको छ, त्यसले साधारण बजेटको ७२ प्रतिशत मात्र बेहोर्न पुग्दछ । साधारण बजेटमा हाम्रो देशको शान्ति-सुरक्षा स्थापना गर्ने तथा भइरहेको कामको संभार गर्ने खर्च मात्र परेको हुन्छ । यही खर्च पनि आम्दानीबाट बेहोर्न सकिएको छैन । यस बाहेक मैले बजेट भाषणमा भनेझैं कति साधारण बजेटमा पर्ने कुराहरू विकास बजेटमा परेका छन । जसको लागि हामी विदेशी सहायता माथि निर्भर छौं । यस अवस्थामा विकास कार्यको लागि हामीले आन्तरिक साधन उपलब्ध

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न सकेका छैनौं। यसैले सरकारले लगाएको करबाट कुनै स्थायी विकास कार्य हामी गर्न सक्तछौं भन्ने भ्रममा म कसैलाई पार्न चाहन्न। आन्तरिक साधनद्वारा विकासको काम गराउन हामीले अरू बढी साधन उपलब्ध गराउन परेको छ।

प्रश्न :

श्री ५ को सरकारले शोषण व्यवस्थाको अन्त गर्ने बाटोमा के के उपाय अपनाएको छ ?

उत्तर :

सम्पत्ति र आम्दानीको असमान वितरणबाटै नै शोषणको सृजना हुन आउंछ। तसर्थ श्री ५ को सरकारले नेपालमा भैरहेको आम्दानी र सम्पत्तिको असमान वितरणलाई कम गरी गरीब माथि हुने शोषण समेत कम गर्ने उद्देश्यले केही प्रगतिशील करहरू लगाएको छ साथै विर्तावालहरूले बिर्ताका मोहीहरूमाथि गर्दै आएको शोषणको मात्रा घटाउने उद्देश्यले अब्वल बिर्ता कमाउने मोहीले १ रोपनीमा २३ पाथिभन्दा बढी कुत बुझाउन नपर्ने व्यवस्था सरकारले गरिदिएको छ, जबकी अव्वल जग्गाका मोहीहरूले रोपनीको ५० पाथिसम्म पनि कुत बुझाउंदै आएका थिए।

प्रश्न :

सरकारले आफ्नो सुधार कार्यमा भूमिसुधारमा नै विशेष जोड दिएको छ कि उद्योगधन्धामा पनि ?

उत्तर :

९५ प्रतिशत नेपालीहरूको जीविकाको मुख्य आधार नै कृषि हुंदै आएकोले बहुसंख्यक नेपालीहरूको आम्दानीमा बृद्धि गरी यिनीहरूको रहन-सहनको स्तर बढाउने हो भने भूमिसुधार गरी भूमिको उत्पादन तुरून्तै बढाउनु परेको छ। तसर्थ सरकारले आफ्नो सुधार कार्यमा भूमिसुधारलाई विशेष जोड दिंदै जानु आवश्यक भएको छ। खालि कृषिको आन्तरिक विकासबाट मात्रै हामीले नेपाललाई आजका विकसित देशहरूको दांजोमा पुऱ्याउन सक्तैनौं। नेपालीहरूको प्रतिव्यक्ति आम्दानी

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशस्त बढाई अहिलेका विकसित देशहरूको दांजोमा नेपालीहरूको रहन-सहनको स्तर पुऱ्याउने हो भने औद्योगिक विकासलाई पनि विशेष जोड दिनैपर्छ। विकसित देशहरूमा पनि कृषिक्षेत्रका मानिसहरूको प्रतिव्यक्ति आम्दानीभन्दा बढी पाइन्छ। तसर्थ उद्योग विकास कार्यमा पाइने श्री ५ को सरकारले आवश्यक कदमहरू चाल्दै जानेछ। कृषि र उद्योगको सन्तुलित विकास गर्नु नै श्री ५ को सरकारको उद्देश्य हुन आएको छ ।

प्रश्न :

१९५६ देखि चलेको पञ्चवर्षीय योजना कहां पुगेर टुंगियो, आजसम्म जनताले यसबाट कति लाभ उठाउन सके, केही भनिदिनु हुन्छ कि ?

उत्तर :

प्रथम पञ्चवर्षीय योजना २०१३ साल आश्विन महिनादेखि प्रारम्भ भएको थियो। यस अनुसार २०१८ भाद्र महीनाको अन्तमा मात्र सो योजनाको अवधि पूरा हुन्छ। तर विगत सरकारले आर्थिक वर्षमा मिलान हुनेगरी २०१८ आषाढको अन्तसम्ममा नै पञ्चवर्षीय योजनाको अवधि पूरा हुने निर्णय गरेको थियो। यसरी सो अवधि औपचारिक किसिमबाट २०१७।१८ को आर्थिक वर्ष साथै समाप्त भयो।

प्रथम पञ्चवर्षीय योजनामा धेरै त्रुटिहरू थिए, जसले गर्दा सो योजना राम्ररी सफल हुनसकेन। हुनत, उपरोक्त योजना बनाउंदा जुन बाधाहरू थिए, त्यसको विचार गरी म त्यो योजनाको आलोचना गर्न चाहन्न। साथै सो योजना कार्यान्वित गरी हामीलाई धेरै कुराको अनुभव भयो, धेरै व्यक्तिहरूले योजना सम्बन्धी काममा तालिम पाए। तर त्यस योजनाबाट जनतालाई भएको वास्तविक लाभको चहकिलो चित्रण गरी म जनतालाई भ्रममा पार्न चाहन्न। पञ्चवर्षीय योजनाको प्रगतिबारे हाल एक रिपोर्ट हुंदैछ, जुन तयार भएपछि जनताको समक्ष आउने छ। हाल प्राप्त भएका तथ्यांक अनुसार गत ५ वर्षमा करीब २० करोड जति खर्च भएको छ। यसमा रु. १९१ लाख शिक्षातर्फ, १३६ लाख

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्यतर्फ, १३३ लाख बिजुलीतर्फ, १४९ लाख उद्योग, खानी, वन आदि तर्फ, ८०१ लाख यातायाततर्फ, ४४५ लाख कृषि, सिंचाइ र ग्रामविकास तर्फ खर्च भएको छ। यसबाट भएको काम मध्ये शिक्षातर्फ १८०० जति नयां प्राथमिक स्कूल र १४७६ प्रौढशिक्षा केन्द्रको स्थापना, स्वास्थ्यतर्फ १०० बेडको अस्पताल बृद्धि र ७४ स्वास्थ्य केन्द्र र ३५ औषधालयको स्थापना, ऊद्योगतर्फ करीब २० जति घरेलु उद्योग केन्द्रको देशका विभिन्न भागमा स्थापना तथा गैर सरकारी पूंजीलाई प्रोत्साहन गर्न औद्योगिक विकास कर्पोरेशनको स्थापना, पर्यटन विकासको लागि एक समितिको स्थापना, करीब ५५,००० एकडमा सिंचाइ सुबिधाको वृद्धि यातायाततर्फ ४५० मील जति सडकको निर्माण, घण्टाको २५ टन ओसार्ने रोप्वे तथा काठमाण्डूमा १५०० लाइनको अटोमेटिक टेलिफोन एक्सचेंज समाप्त प्रायः निर्माण, ७ कच्ची हवाइग्राउण्डको निर्माण र ५७ हुलाक अफिसको स्थापना, ५२ ग्रामविकास केन्द्रको स्थापना साथै कृषितर्फ उन्नत बीज, औजार, पशुधन आदि निकाल्न २२ विकास केन्द्रको स्थापना र ५ दूग्धसार उत्पादन ३८१ सहकारी समितिहरूको केन्द्रहरू को स्थापना विशेष उल्लेखनीय छन्। यस बाहेक बिजुली, उद्योग, सडक, आकाशवाणी आदिमा केही आयोजनाहरूमा काम हुंदैछ। राप्तीदूनमा पुनर्वासको योजना धेरै मात्रामा सफल भएको छ।

उपरोक्त विवरणबाट धेरै क्षेत्रमा विकास कार्यको भर्खर जग मात्र बस्न लागेको ज्ञान हुन्छ। धेरै क्षेत्रमा संख्या ज्यादै देखिएतापनि वास्तविक लाभ धेरै हुनसकेको छैन। यी सबै कुरालाई ध्यानमा राखी श्री ५ को सरकारले योजनातर्फ नयां दृष्टिकोण अपनाएको छ। दोश्रो योजनाको सम्बन्धमा चांडै नै म आफ्नो विचार जनता समक्ष राख्नेछु। हाल विभिन्न कारणहरूले गर्दा सरकारले अर्को वर्षदेखि मात्र दोस्रो योजना कार्यान्वित गर्न लागेको छ। यसबारे आवश्यक तथ्यांक संकलन गर्ने, चालू आयोजनाहरूको आर्थिक विश्लेषण गर्ने तथा नयां आयोजनाहरू समावेश गरी एक यथार्थवादी वा सुसम्बद्ध योजना बनाउने काम यस

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष हुंदैछ। अवश्य नै यो योजनामा बेकारी समस्याको हल गर्ने समस्यालाई ध्यानमा राखिनेछ।

प्रश्न :

विदेशी मुद्रा बढीसेबढी देशमा सुलभ गराउने सरकारको के व्यवस्था छ र कस्तो योजना तयार भएको छ ?

उत्तर :

विदेशी मुद्राको आस्दानी बढ़ाई त्यसको सदुपयोग होस् भन्ने विचारले श्री ५ को सरकारले विदेशी विनिमय नियन्त्रण ऐन, २०१७ काठमाडौं उपत्यकामा लागू गरेको छ। साथै यस ऐनलाई अरू विस्तृत गरी जारी गर्ने पट्टि पनि कारवाइ भइरहेको छ। यसबाट विदेशी मुद्राहरूको विनिमय राष्ट्र बैंक अथवा राष्ट्र बैंकले लाइसेन्स दिएको व्यक्ति अथवा संस्थाहरूले मात्र गर्नसक्ने व्यवस्था भएको छ। यसले गर्दा सरकारको विदेशी मुद्राको आम्दानी बढेको छ र साथै यसको उपयोग राम्रो हुंदै गएको छ। यस आर्थिक वर्षदेखि श्री ५ को सरकारले विदेशी मुद्राको वजेटको व्यवस्था पनि गरेको छ। यसबाट विदेशी मुद्राको खर्चमा किफायत हुनाको साथै यसको उपयोग पनि राम्रो हुन जानेछ।

प्रश्न :

भन्सारको नयां व्यवस्थाबाट सरकारलाई के कति फाइदा हुंछ, त्यस विषयमा केही भनिदिनु हुन्छ कि ?

उत्तर :

सरकारले भन्सारको दरबन्दी माथि पुनः विचार गर्दा नेपालको अन्तर्राष्ट्रिय ब्यापारमा नेपाली ब्यापारी वर्गहरूले सामाना गर्नुपर्ने समस्याहरू र उपभोक्ताहरूलाई दिनुपर्ने सुविधाहरूलाई ध्यानमा राखेको थियो। साथै देश विकास कार्यलाई प्रोत्साहन दिने उद्देश्यले मेसेनरी र अरू औद्योगिक उत्पादनको आवश्यक पदार्थहरूको भन्सार महसूल कम गरिएको छ। राजस्व महसूल (Revenue Tariff) भन्दा संरक्षण महसूल (Protective Tariff) मा विशेष ध्यान दिइएको

CC-0. In Public Domain. Digitization by eGangotri

छ ।

सर्वसाधारणको फजूल खर्च घटोस् र उनीहरूले गर्ने बचत बढोस् भन्ने हेतुले विकासका सामानहरूको पैठारीमा बढी भन्सार महसूल लगाइएको छ । यसरी नयां कायम गरिएको भन्सार दरबन्दी र प्रशासकीय पुनर्गठनबाट बढ्न आएको प्रशासकीय दक्षताको फलस्वरूप ने.रु. १५ लाख जति बढी आम्दानी भन्सारबाट हुने अनुमान गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

न बढोस्
महसूल
ासकीय
.रु. १५

माननीय राष्ट्रिय निर्देशन, शिक्षा तथा विकासमन्त्री श्री विश्वबन्धु थापासित

मितिः– २०१८ साल भाद्र १९ गते ।

प्रश्न :

राष्ट्रिय निर्देशन र लक्षमाथि केही प्रकाश दिनुहुन्छ कि ? कस्तो पृष्ठभूमिमा राष्ट्रिय निर्देशनको आवश्यकता पर्न गयो ?

उत्तर :

राष्ट्रिय सम्वन्धमा बेलाबेलामा केहि लेखको रूपमा र केहि वार्ताको रूपमा काफि प्रकाश दिइ सकिएको छ तैपनि यौटा सानो समयमा यतिमात्र भन्न सकिन्छ कि हाम्रो मुलुक गत २००७ साल पछि स्वतन्त्र भयो, स्वतन्त्रको मतलव यौटा खास राजनितिक ब्यवस्थाबाट आर्को व्यवस्थामा हामी पुग्यौं तव मानिसमा राजनितिक ज्ञानको केहि खास कमीले गर्दा एक क्षणको उच्छृखलता आउन थाल्यो र प्रजातन्त्रमा आवश्यक कर्तब्य अधिकारको ज्ञान नहुंदा हामीले गएको दश वर्ष सम्म अल्मलिएर हिड्नु परेको थियो । त्यसकारण आजको व्यवस्था चाहन्छ कि हामी आफ्नो उद्देश्यलाई राम्ररी चिन्हौं र यौटा खास बाटोमा सके-सम्म चांडो त्यस उद्देश्यमा पुग्ने कोशिश गरौं किनकि हामी अरू देशको दांजोमा धेरै पछि परिसकेका छौं र अब हामीले समय खेरफाल्न थाल्यौं भने झन् पछि पर्नेछौं त्यसकारण यो आपसको वादविवादमा

CC-0. In Public Domain. Digitization by eGangotri
नपरी हामी सबैको आपसको सद्भावना र आपसको ममता रहे मात्र नेपाल र नेपालीको कल्याण हुने कुरामा रा. नि. मन्त्रालय विश्वास गर्दछ । र त्यही दृष्टिमा यसको उद्देश्य अथवा यसको लक्ष पनि आधारित छ । रा. नि. जब हामीहरू भन्दछौं त मैले तपाईंलाई अघि बताए जस्तो यो नेपाल र नेपालीको विकास हुन्छ र के गर्दा हामी बीचको खाडलमा नपर्ने व्यवस्था हुन्छ त्यो काम हामी गर्न चाहन्छौं किनकि आजको व्यवस्था कुनै व्यक्ति विशेष या कुनै पार्टी विशेषको लाइनमा आएको हैन, यो त व्यवस्था हो र त्यो चिन्ता हटाउने उपाय केवल हाम्रो विकास भने मात्र सक्छ यसकारण रा.नि. यही नेपालीको विकासको लागि सकेसम्म नेपालीको काम गर्ने क्षमतालाई संगालेर अगाडि बढाउन सकियोस् भन्ने कुरामा विश्वास गर्दछ र अब यसभन्दा बाहेक त मैले अरू कुरो भन्ने पनि केही छैन र जस्तो मैले तपाईंहरूलाई भने लामो लामो कुरा त लेखहरूमा या घण्टौंको छलफलमा मात्र भन्न सकिन्छ, अरू कुरो केही भए सोध्नुस्।

प्रश्न :

यो राष्ट्रिय निर्देशनको उद्देश्य र आवश्यकताको विषयमा यहाँले केही भन्नुभयो, अब विभिन्न माध्यमद्वारा अहिलेसम्म दिइएका निर्देशनहरूको जनताले कस्तो स्वागत गरेका छन् ? यस सम्बन्धमा केही बताइदिन हुन्छकि ?

उत्तर :

जहांसम्म रा.नि. को माध्यमको कुरा छ, त्यो त मैले नभन्नु पर्ला, यी विभिन्न संगठन जसको नाम तपाईंहरूले सुन्नु नै भएको होला कि बालक र महिला त्यस्तै विद्यार्थीहरू, युवकहरू र किसान र मजदूरहरू यिनै ६ वटा मुख्यतः यसभन्दा बाहेक पनि अरू विभिन्न दिशामा काम गर्ने र विभिन्न सांस्कृतिक संगठनमा लागेका व्यक्तिहरूको संगठन नै हुनेछ यही संगठन नै रा.नि. का वाहक वा माध्यम हुन् । सरकारको विश्वास छ नेपाल जनतालाई अलिकति पनि बाटो देखाइदिए पुग्छ, र अरू ज्ञानको कुरा काम गर्ने ताकत त उनीहरूसंगै आफैं पनि छ, केवल यसमा बाह्य बाधाहरू

CC-0. In Public Domain. Digitization by eGangotri

आउन् हुँदैन। त्यसकारण यी संगठनहरू आफ्नो आफ्नो ठाउँमा पूरा स्वतन्त्र भएर आफ्नो आफ्नो वर्गको लागि फायदा हुने काम हामीले गर्न सक्छौं अहिले तुरुन्तै यी वर्गीय संगठनहरूको काम हुन थालिसकिएको छैन। तर यस बाटोतर्फ हामी काफी अगाडि पुगिसकेका छौं। तपाईंहरूले सुन्नु भएकै होला विधान यसको निस्क्यो र अब विधान बमोजिम विभिन्न संगठनहरू हुनेछन्। र यी संगठनहरू भन्दा बाहेक पनि डाक्टर, इन्जीनियर, शिक्षक, व्यापारी या पत्रकार यस्तै अरू संगठनहरू हुनेछन्। र सबैले आफ्नो आफ्नो ठाउँमा बसेर देशको विकासमा र उन्नतिमा सरकारलाई र जनतालाई संधै सम्झाउने कोशिश गर्नेछन्। त्यसकारण जहांसम्म यसको कति स्वागत भएको छ भन्ने कुरा छ त्यो त अब यो खासगरेर हामी अब जडो शुरू हुनेभन्छौं, जाडो शुरू भएपछि हामीले काम थाल्नु पर्छ किनकि हाम्रो देशमा बाटो–घाटो यसताका पनि अलि खुल्न थाल्दछन्। त्यसकारणले यसको स्वागतको सम्बन्धमा त ०१८ सालको समयमा तपाईंहरूले थाहै पाउनु हुन्छ, कति स्वागत भएछ भन्ने र मलाई विश्वास छ, यो संगठनले नेपाली जनतामा एउटा महान क्रान्ति ल्याउनेछ र यो संगठनको साथै साथै तपाईंहरूले राष्ट्रिय पञ्चायत सम्बन्धी कुरा पनि सुन्नु भएको होला वास्तवमा संगठन संगठनको लागि मात्र हैन कि यो नेपाली जनताको सर्वाङ्गीण विकासको लागि विभिन्न वर्गीय संगठन र अनि विभिन्न जनताको संगठनले जो कि पेशाको रूपमा अथवा वर्गको रूपमा आएको हुन्छ, राष्ट्रिय पञ्चायतका प्रतिनिधित्व गरिकन उनीहरूले देख्या उपाय अगाडि जाने सोच्न सक्छन् र श्री ५ महाराजाधिराज पनि राष्ट्रिय पञ्चायतको अध्यक्षको रूपमा राज होइबक्सिने भएकोले यो चारै तर्फबाट नेपाली जनतालाई जस्तो मैले तपाईंलाई पहिलो प्रश्नमा बताएको थिए कि आपसको सद्भावना आपसको मेलले हामीले राष्ट्र बनाउनु परेको छ त्यस्तो कुरोमा जनताले स्वागत नगर्ने तर्क नै उठ्दैन, यसमा यत्ति नैं हो।

प्रश्न:

यसमा मेरो भनाइको मतलब यही हो कि जनताको पुरानो संकुचित

CC-0. In Public Domain. Digitization by eGangotri

मनोवृत्ति र दलगत भावनालाई बदल्न र नयां दिशातिर अग्रसर गराउन रा.नि. का माध्यमहरू कतिका सफल भएकाछन् ?

उत्तर:

जनताको पुरानो संकुचित मनोवृत्ति र दलगत भावना भन्ने शब्द नै बडो चाहिं भ्रमपूर्ण किसिमको शब्द छ । ७ सालदेखि लिएर १६ सालसम्मको मेरो राजनीति गतिविधिमा आम जनताले केही काम गर्न नदिएको हो जस्तो मलाई लाग्दैन, यो त माथि आएका मानिसको महत्वकांक्षा यति असीमित भयो कि उनीहरूले आ–आफ्नो व्यक्तिगत महत्वाकांक्षाको पूर्तिको लागि काम नगरिदिएको र उनीहरू मिलेर बसेको भए जनतालाई शायद बाधाको रूपमा आउने थिएन त त्यसमा तपाईंले भन्नु भएको कुर यदि यो हो जनताको वर्तमान भौतिक ज्ञान अथवा भन्नुस् वर्तमान वैज्ञानिक ज्ञानको कसोको दृष्टितर्फ तपाईंले ध्यान दिनु भएको हो भने त्यो त मलाई विश्वास छ नेपाली जनता जे पनि कुरो चांडै सिक्छन् र यसरी विचार गरेर ल्याउने हो भनेदेखि कुनै पनि नयां कुरा सिक्नको लागि नेपाली जनताले कहिले पनि बिरोध गरेको छैन र यो राष्ट्रिय पञ्चायत र अहिले ... संगठन उनीहरूको भलो गर्दछ भने उनीहरूलाई विश्वास लाग्यो भने देखिन् यसको स्वागत उनीहरूले गर्नेछन् र मलाई विश्वास छ आम जनताले यसलाई मनपराएका पनि छन् र मनपराउने पनि छन् । जसलाई हुनेसंमन् यो संसदीय प्रणालीले फाइदा थियो यी शहरमा बसेर अनेक पार्टी खोल्ने मौका पाइएको थियो, गाउंहरूमा नगरेर चाहिं देशको प्रगति गर्छु भन्ने घमण्ड थियो उहांहरूलाई त यसले बाधा पर्ला तर गाउंहरूमा बसेर बडो कल्याण होस् भन्ने आम नेपाली जनतालाई यसले बाधा गर्दैन ।

प्रश्न:

अब एउटा अर्को प्रश्न पनि गरौं– रा.नि. लाई अरू बढी व्यापक र प्रभावशाली तुल्याउन सरकारले अरू के के काम गर्न सोच्दैछ ? यसबारे केही भन्नु हुन्छ कि ?

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरः

यो त विभिन्न संगठन खोल्नुको उद्देश्य नै सरकारले यसलाई व्यापक पार्नुपर्दछ भन्ने कुरो हो । केवल यो मन्त्रालयका सेक्रेटरी या डाइरेक्टर अथवा मैले मात्रै पनि राष्ट्रिय निर्देशन गर्ने कुरो होइन र यो त एक सामुहिक नेपालीको प्रयासको रूपमा यो कुरा गर्नुपर्दछ र यसमा हामी सोचि-राखेका छौं कि जब विभिन्न संगठनहरू आफ्नो आफ्नो रूपमा खडा भएको छ तब त्यस्तै संगठनका खास गरेर चाखलिने मानिसहरू र अगाडि सर्ने मानिसहरूलाई हामीहरूले उनको बेस भनाइ लिनुपर्छ । पूर्वका नेपाली पश्चिम जाऔं, पश्चिमका पूर्व आउन् त्यस्तै मध्येशका पहाड जानेछन् र पहाडका पनि मध्येश आएर बस्नेछन् र यसरी उनीहरूले हामी नेपाली र नेपाल सानो देश अथवा राष्ट्र भएतापनि हाम्रो विशाल भाषा र जातिको समुह डांडा र कांडाले हाम्रो घेरेको देश र पूर्व र पश्चिम, उत्तर--दक्षिणमा अनेक सुन्दर र मनोहर दृष्यलाई देखेर एक किसिमको राष्ट्रिय ममता हर नेपालीको मनमा जाग्नेछ भन्ने मेरो विश्वास छ, यस काममा सरकार र खोलिने वर्गीय संगठन र सांस्कृतिक संस्थाहरू सबैले मिलीजुली काम गर्नेछन्, यसकारणले यसका त कार्यक्रम तपाईलाई थाहै छ– जति बढाए पनि बढ्न सक्छन् तर अहिले भर्खरै हाम्रो सीमित आयको तपाईंले ज्ञान प्राप्त गर्नु भएको छ । यसकारण त्यो पनि मैले ध्यान राख्नु परेको छ कि [illegible]रकारी ढुकुटी पनि खर्च नगरिदिऔ किनकि त्यो अरू पनि बढी र उत्पादन र उद्योगको काममा राष्ट्रले लगाउनु पर्दछ । ती आफ्नो सीमित आयको भरमा नबसेर सकेसम्म बढी राष्ट्रिय भावना जगाउन पनि रा.नि. को कर्तव्य हो । त्यो हामीले गर्नु नै पर्छ ।

प्रश्नः

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट पनि रा.नि. कै आधारमा तैयार भएको छ कि ? अब हाम्रो शिक्षा–नीति पनि त्यसै रिपोर्टको आधारमै त हुने होला नि ? उक्त समितिले प्रस्तुत गरेको रिपोर्टको उल्लेखनीय कुराहरू वताउन सक्नु हुन्छ कि ?

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरः

सर्वांगीण.रा.शि.स. को बारेमा काफी कोशिस यहांका शिक्षाप्रेमीहरूले गर्नुभयो र एउटा बडो महत्वपूर्ण रिपोर्ट हामीहरूले प्राप्त गरेका छौं । यो रिपोर्ट पाउनको लागि श्री ५ महाराजाधिराजबाट काफी चाख लिइबक्सेको थियो र त्यही कारण हो कि एउटा समिति चांडै नै बन्नसक्यो र अहिले हामीले एउटा वृहत् रिपोर्ट प्राप्त गरेका छौं । यो रिपोर्ट बनाउनाका लागि यहां जसले २ सहयोग गर्‍यो सबैलाई सरकारले पनि धन्यवाद बक्सेको छ र म त व्यक्तिगत रूपले पनि खुशी नै छु कि मेरो मन्त्रीत्व समयमा यो काम भयो । त्यसकारण यो स.रा.शि.स. को रिपोर्ट अहिले कस्तो किसिमको शिक्षा व्यवस्था होस् कस्तो किसिमको मुलुकमा शिक्षा दिएको खण्डमा हामी नेपालीलाई फायदा छ र त्यस्तै प्राइमरी माध्यमिक र उच्चशिक्षाको बारेमा पनि यसले बेग्लाबेग्लै आफ्नो रिपोर्ट तैयार गरेको छ जो चांडै नै प्रकाशित भएपछि तपाईंहरूले पनि पाउनु हुनेनैछ । यसमा जहांसम्म शिक्षा नीतिको सवाल छ, विस्तृत ब्याख्या गरिएको छ र यो नीतिको ब्याख्याले गर्दाखेरि शिक्षा विभागलाई पनि काम गर्न सजिलो भएको छ र शिक्षा विभाग भन्दा बाहेक पनि देशमा फैलेका शिक्षाप्रेमीहरूले एउटा खास बाटोमा हाम्रो शिक्षण प्रणालीलाई लानको लागि हामीलाई सहयोग गर्न हुनेछ। त्यसकारणले बाह्य जनताको सहयोग र भित्रबाट सरकारले पनि यो नीति लिएको खण्डमा हामीलाई यसले फाइदा हुनेछ । जहांसम्म समितिले रिपोर्टमा बताएका उल्लेखनीय कुराहरूको सवाल छ त्यो त मसंग सोध्नुहुन्छ भने समितिको सबै कुरा नै उल्लेखनीय छन् र काफी महत्वपूर्ण ती सुझावहरू छन् । जसमा ध्यानदिनु पर्ने अत्यन्त आवश्यक छ । त्यसकारण यो उल्लेखनीय र त्यो उल्लेखनीय भन्नुभन्दा पनि म त्यसमा भएका केही २।४ कुरा तपाईंलाई बताइदिन्छु । जस्तो हामीले तय गरेका छौं कि ६ वर्षको बालकले स्कूल जान पाउनु पर्दछ । त्यसकारण सकेसम्म शिक्षाको त्यो प्रणाली जसलाई कि हामीहरू शुरूको शिक्षा भन्नु र्–प्राथमिक शिक्षा भन्नोस्,लाई पैसा नतिर्नु परेहुन्थ्यो भन्ने सिद्धान्तलाई

CC-0. In Public Domain. Digitization by eGangotri

स्वीकृत गर्दछौं र सक्केको बेलामा सरकारले प्राथमिक शिक्षालाई निःशुल्क पार्ने कोशिस गर्नेछौं र यसपछि माध्यमिक शिक्षा शुरू हुन्छ जो कि क्लास ६ देखि शुरू गर्ने हाम्रो विचार छ र यो ११ क्लाससम्म र ११ क्लासपछि १६ उद्योगी दिशातर्फ हामीले बढ्नुपर्छ। त्यसकारण जो मान्छे उच्च शिक्षाका काबिल छन् तिनीहरूले ३ वर्षको डिग्री कोर्स जो कि अहिले ४ वर्षको छ प्राप्त गर्नेछन्। जो मानिसहरू अलिकति अगाडि बढ्ने विचार गर्दैनन् तिनीहरू विभिन्न टेक्निकल साइडमा प्रवेश गर्नेछन् र यसरी देशको लागि एउटा योग्य र होनाहार नागरिकको रूपमा तालीम प्राप्त गरेर बाहिर आउनेछन्। जहांसम्म यो माध्यममा शिक्षाको प्रश्न छ यसमा हामीले कोशिस गरेका छौं।

यो पनि स्कूलकै अवस्थामा बहुउद्योगी किसिमले खोल्न सकियोस्। हुन त यो कि खर्च जरूर हुन्छ र शायद हामी जस्तो गरीब मुलुकमा गाह्रो पनि पर्ला तैपनि हामी यस दिशातर्फ जानु छ। उच्च शिक्षाको सम्बन्ध शिक्षा विभागको सबल नीतिको रूपमा मात्र भैकन यसको प्रशासकीय व्यवस्था र यसका अरू नीतिहरूमा भन्दा पनि त्रिभुवन विश्व-विद्यालयसंग सम्बन्ध भएका मानिसहरूको बर्ता नजिकको सम्बन्ध भएको विषय हुनाले त्यसमा म तपाईंलाई यति मात्र भन्न चाहन्छु कि योग्य र होनाहार जसले पढेर देशलाई ठूलो फाइदा छ, त्यस्ता मानिसलाई हामीहरूले उच्च शिक्षाको लागि पठाउन पर्दछ र त्यसको पनि हामी कोशिस गर्दछौं। त्रिभुवन विश्वविद्यालयको जुन एउटा बिस्तारै बढ्ने तरीका तपाईंहरूले देख्नु भएको थियो, त्यसमा यसपालि कोशिस गरिएको छ कि अलि तेज बढोस् किनभनेदेखि त्यो बडो महत्वपूर्ण छ। त्रि.वि.विद्यालय चांडै अगाडि बढिकन हाम्रो उच्च शिक्षामा त्यसले हामीलाई सहयोग गरोस्। यसकारण यस सम्बन्धमा पनि त्यसमा केही उल्लेख पाउनु हुनेछ। यस बाहेक खेलकूद पनि अत्यन्त आवश्यक विषय हो। विद्यार्थी-हरूको लागि भनेर खेलकूद अनिवार्य हुनुपर्दछ र त्यसलाई सकेसम्म सब विद्यार्थीले प्राप्त गर्न कोशिस गरून् भन्ने पनि समितिको रिपोर्टमा उल्लेख

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ । साथै यसको पनि व्यवस्था भएको छ कि विद्यार्थीहरूलाई आफ्नो देशको पूरा ज्ञान होस् र यस सम्बन्धमा त विद्यार्थी संगठनहरू खोलिनेछ उसले पनि काफी मद्दत हामीलाई गर्नेछ । त्यस्तै हेर्नोस् यो रिपोर्ट त धेरै ठूलो भएको हुनाले मैले तपाइलाई अब सबै कुरा त भन्न सक्दिन र बरू तपाईं अथवा अरू सबैसंग यो अनुरोध गरुंला कि यो रिपोर्ट प्रकाशित भएपछि चाख लगाएर बुझिदिनुहोला र त्यसमा हामी-हरूले सकेसम्म त्यही बर्नो हिड्यौं भने कमसेकम शिक्षाको पद्धति चांडै नै विकसित हुनेथियो र हामी नेपालीलाई यसले काफी फायदा हुने थियो।

प्रश्न:

कहिलेसम्म यो रिपोर्ट प्रकाशित हुन्छ ?

उत्तर:

रिपोर्ट त करीब प्रकाशित भैसके जस्तै ठान्नोस् तर यो केवल प्रेसको डिफिकल्टीले त्यसलाई हामीले अहिले जनताको अगाडि ल्याउन सकेका छैनौं । जहांसम्म विभागको कुरा छ, त्यो त अब गुप्त ह्वैन । रिपोर्ट त जसले गएर हेर्न पनि सक्छ, जनता मै त्यसलाई प्रकाशित गररे हामीहरूले भन्दाखेरि चाहिं त्यो त तपाईंहरूलाई थाहैं छ हाम्रो प्रेसमा अलि आजकल बढ्ता काम गर्नु परिराखेको छ । त्यो बिस्तारै छापिएला यो त अब मैले भन्नुभन्दा पनि प्रेसमा काम गर्नेहरूले भन्न सक्छन् । तर म सकेसम्म चांडो यसलाई जनताको अगाडि किताबको रूपमा देखाउन चाहन्छु ।

प्रश्न:

विकासको क्षेत्रमा द्रुतगतिले प्रगति भएन भन्ने मानिसहरूको भनाइ प्रति माननीय मन्त्रीज्यूको के विचार छ ?

उत्तर

यो एउटा यस्तो कुरो हो हेर्नुस् कि विकासमा प्रगति भयो भएन केलाई भन्ने किनभने जहांसम्म विकास मन्त्रालय अथवा ग्राम विकासको उल्लेख छ, उसंग सीमित साधन छ र उसले गर्ने क्षेत्र चाहिं काफी ठूलो छ । 'हामी नेपाली जनताका अनेक समस्या छन् जो कि ज्यादा समस्या गांउमै छन् । त्यसकारणले जनताको त्यो अतृप्त

विकास गर्ने इच्छा त हतपति पूरा गर्न सकिदैन । तैपनि केही त्रुटी अवश्यै होला र त्रुटीलाई हटाइकन आफ्नो सीमित साधनले पनि विकास गर्नु हाम्रो लक्ष हुनुपर्छ र त्यस बमोजिम काम भैराखेको छ भनेदेखि विकासमन्त्रीको हैसियतले मैले त सन्तोषै प्रकट गर्नुपर्छ । पौष १ गते-देखिन् यता जति कुरो मलाई थाहा छ त्यस आधारमा म त यही भन्न सक्छु कि विकासतर्फ हामीहरू काफी गैराखेका छौं र जुन पैसा पनि अहिले बिभिन्न मानिसले काम गर्न लागिरहेकाछन्, इमान्दारीपूर्वक नै काम गर्दछ । आजकाल हाम्रा विकासका चाहे ती ग्रामसेवक हुन् या बी.डी.ओ.हरू हुन् या अथवा कुनै पार्टीको अथवा दलको कुनै त्यस्तो एउटा जस्तो पर्दैन कि उनीहरूले चाहिं कसैको मुनि आएर दवावमा आएर [illegible] गर्न नपरोस् र उनीहरूले पनि एउटा इमान्दारीपूर्वक नै काम गरेको जस्तो मलाई लाग्दछ । हालैमा तपाईले सुन्नु नै भयो होला कि पोखरामा हामीहरू देशभरिका बी.डी.ओ. हरूलाई बोलाइकन एउटा सम्मेलन गरेका थियौं । जसको उद्घाटन श्री ५ सरकारबाट नै गरिबक्सेको थियो । त्यहां पनि हामीहरूले यसबारे छलफल गर्‍यौं र त्यसको कुनै शिकायत या गुञ्जायश मैले पायेको छैन । तर विकास भए भन्नु भन्दा पहिले एउटा कुरो तपाईं सबैले बुझ्ने आवश्यकता म महसूस गर्दछ् । त्यो के भने ग्राम विकासले वास्तवमा कतिवटा कुखुरा बांड्यो र कतिवटा ठाममा इनार या पोखरी खन्यो र कति ठाममा बाटो बनायो या कुलो पानीको बन्दोबस्त गरिदियो भन्नुभन्दा पनि ग्राम विकासको माध्यमद्वारा ग्रामीण जनताको मनोवृत्तिमा परिवर्तन कति आयो त्यो कुरो महसूस गर्नुपर्दछ किनकि ग्राम विकासको मुख्य लक्ष भन्नुस् या उद्देश्य भन्नुस् हाम्रो ग्रामीण जनतालाई यी कुरोको बोध गराउनु हो कि हाम्रो पूर्खाहरूको पालोमा जुन खेति गर्ने तरीका थियो, पूर्खाहरूको पालोमा जुन बस्ने तरीका थियो या पूर्खाहरूको पालोमा जुन रहनसहनको ढांचाहरू थिए त्यसमा अलि परिवर्तन गर्ने आवश्यकता छ र आजकालका अनेक भौतिक अथवा वैज्ञानिक ज्ञान छ भन्नोस् त्यसलाई हामीले आफ्नो दैनिक जीवनमा ल्याएर

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस परिवर्तनबाट आउने फायदालाई प्राप्त गर्नु परेको छ । त्यही कारण हो ग्राम विकास कुखुरा पनि बांड्छ, ग्राम विकासले गएर ठाउं ठाउंमा सफाइ सुघर गर्नोस् पनि भन्छ । यसरी विकास केवल देखिने यो भौतिक विकास मात्र हुँन कि विकाससंग हाम्रो बौद्धिक विकासको पनि सम्पर्क छ । र यदि हामीहरूले आफ्ना केही वर्षको कामको समयमा नेपाली जनताको ध्यान वैज्ञानिक प्रगतितर्फ लैजान सक्यौं, यो बताउन सक्यौं कि हामीले आजको दुनियांमा बांच्नको लागि हामीले आजको दुनियांमा अरूसंग हिंड्नका लागि आफूलाई पनि आजको दुनियांको मानिस जस्तो पाउन आवश्यकता छ भनेदेखिन् यो ठूलो विकास भएको भन्ठान्न पर्दछ र वस्तुतः मुलुकको विकास हुने बाटो यी मात्रै हुनेछ । यसकारणले विकासको बारेमा म त्यस्तो आत्तिएको छैन । जहांसम्म आर्थिक परिवर्तनको कुरा छ त्यो त बिस्तार बिस्तारै हुन्छ । यसमा केवल हाम्रा काम गर्ने मानिसहरूको इमान्दारी रहिदियो र सरकारले दिएको सीमित साधनलाई उनीहरूले सकेसम्म राम्ररी उपयोगमा ल्याइदिए जनताले पनि उन्नति पाउन सक्छन्, धेरै धेरै फायदा त्यति पाइदिएदेखि त म सन्तुष्ट हुंछु । र शायद जनताले पनि बिस्तारै बिस्तारै कुरा बुझ्नेछन् र विकासमा पूरा सहयोग पनि दिइरहनेछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

माननीय उद्योग वाणिज्य, खाद्य, कृषि तथा बन मन्त्री श्रीसूर्य बहादुर थापासित

मिति: २०१८ साल आश्विन १ गते ।

प्रश्न:

हाम्रो पहिलो प्रश्न छ कि अब आउंदो ४ वर्षभित्रमा हाम्रो देशमा कतिवटा औद्योगिक कारखानाहरू खोल्न सकिनेछन, केही बताइदिनु हुन्छ कि ?

उत्तर:

हाम्रा मित्रराष्ट्र चीनसंग नेपालमा कारखाना खोल्ने सम्बन्धी सम्झौताहरूमा हस्ताक्षर भएको कुरा तपाईंहरूले सुनिसक्नु भएको छ। यस अनुसार हेटौंडामा सिमेण्ट कारखाना, नेपालगञ्जमा कागतको कारखाना र छालाको कारखाना बनाइने भएको छ। साथै चीनको सहायता अन्तर्गत छालाको कारखाना पनि जहां उपयुक्त ठानिन्छ त्यस ठाउंमा खोलिने भएको छ। त्यस्तै किसिमले रूस सरकारसंग पनि अब चांडै नै नेपालमा कारखाना खडा गर्ने सम्बन्धमा एउटा सम्झौता हुनेछ र त्यस अनुसार कामपनि शुरू गरिनेछ। रूसी सहायता अन्तर्गत सिगरेट कारखाना जनकपुरमा र चिनी कारखाना वीरगञ्जमा स्थापित गर्ने निश्चय भएको छ। साथै हिन्दुस्थानका ठूला उद्योगपति बिडलाले कपडा बुन्ने कारखाना हेटौंडामा खोल्ने भएका छन्। यसको निर्माण करीब १५ महीनाभित्र खत्तम हुने अनुमान गरिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

आजसम्म [illegible] प्रथालाई बन्द गरी बनलाई औद्योगिकरण गर्ने हाम्रो नीतिलाई कार्यान्वित गर्न यस वर्ष ३ ठाउंमा स–मिलहरू खोल्ने बन्दोबस्त गरिएको छ । साथै पश्चिममा कैलाली कञ्चनपुरमा एक करोडको लगानी लगाएर प्लाई उड् फ्याक्टरी खोल्ने सम्बन्धमा एउटा अंग्रेजी उद्योगपतिसंग हामीहरूले कुराकानी गरिरहेका छौं । एक डेढ महीनाभित्रै यो काम टुङ्गिनेछ र हेटौंडाको स-मिललाई अरू बढ्ता मेशीनरीहरू थपेर हार्डबोर्ड, प्लाई उड्, पेपर बनाउने बन्दोबस्त छ। यसरी अब आउंदो ३।४ सालमा हामीहरूले धेरै नै जिल्लाहरूमा अ दसन बन्द गरी यी जिल्लाहरूमा आवश्यक स–मिलहरू राख्ने योजना गरिएको छ । ५० हजार मन क्यापासिटीको रोजिटर्पेन्टाइन र खैर फ्याक्टरी कैलाली कञ्चनपुरमा एक वर्षभित्रै खुल्नेपट्टि पनि कारवाही भइ रहेको छ ।

हाम्रो देशलाई चियाको ज्यादै आवश्यक भएको र विदेशबाट हामीले आज मगाउने चिया उत्पादन गर्ने सबभन्दा उपयुक्त जिल्ला झापा भएको हुनाले यस जिल्लामा केही चिया बगान खडा गर्नाको लागि श्री ५ को सरकारले स्वीकृति दिइसकेको छ र त्यहां अरू चिया बगान खडा गर्नेपट्टि पनि छानबिन हुंदैछ र यसको आधारमा अरू बगानहरूले पनि यसै साल भित्रै स्वीकृत पाइसक्नेछन् । यसरी स्वीकृति पाएका बगानहरूले पनि यसै वर्षभित्र काम शुरू गर्नेछन् ।

२ हजार मन ऊखु पेल्ने शक्तिभएको (Centrifugal) सेन्ट्रीफ्यूगल सुगर मिल सप्तरीमा वर्षदिनभित्र खोल्ने निधो भएको छ। आइरन आएण्ड स्टील रीरोलिङ मिल विराटनगरमा एउटा र वीरगञ्जमा एउटा खोल्ने निश्चय भएको छ र वीरगञ्जको मिल लाईजम्मा ३ फेजमा बांडीएको छ, पहिलो फेजमा आइरन आएण्ड स्टील रीरोलिङ मिल बस्नेछ रदोस्रो तेस्रो फेजमा यस मिलले ब्लास्ट फरन्यान्त र स्टील, आइरन कन्वर्टिङ्गको रूप लिने भएको छ । त्यस अवस्थामा यो फ्याक्टरी

CC-0. In Public Domain. Digitization by eGangotri

हेटौंडामा सारिने छ। ब्रिक टाइल पाइप बनाउने कारखानाका मिशीनहरू आइसकेका छन्। निकट भविष्यमा नै यिनीहरूको उत्पादन शुरू हुनेछ।

अहिले मैले भनेका उद्योगधन्दाहरू खोल्ने कुरा प्रायः स्वीकृत भै सकेका छन् र कुनै स्वीकृति हुने टुङ्गोमा पुँगिसकेका छन्। यी मध्ये केहीको काम पनि शुरू भैसकेका छन्। अब निकट भविष्यमा नेपालमा खुल्ने ज्यादै सम्भावना भएका उद्योगहरूको विषयमा केही कुरा भन्दैछु। यस विषयमा पनि प्रारम्भिक कुरा हुंदैछ र हाम्रो नेपालको प्राप्त हुने कच्चा पदार्थहरूको उपयोग गरी नेपालको विकास हुनसक्ने निम्न-लिखित उद्योगहरू तपाईंहरूले सोच्नु भएको अवधिभित्र खुल्नेछ। यी उद्योगहरू यस प्रकार छन्:– जडीबुटी उद्योग, इंट, टायल र सेरा-मिक्सको उद्योग, फलफूल सम्बन्धी उद्योग, दुग्धशाला उद्योग, धान कुट्ने, तेल पेल्ने उद्योग, स्टेशनरी, कन्फ्यक्सनरी इत्यादि। जूटमिलको पनि सम्भावना छ।

अहिले मोरङ्गमा दुइटा जूटमिल छन्। यी मीलहरूलाई चाहिन भन्दा बढ्ता कच्चा जूट उत्पादन भैरहेको छ। साथै सबैभन्दा राम्रो असल जाति (Quality) को जूट झापा जिल्लामा उत्पादन हुन्छ र बेग्लै एउटा जूटमिल चल्न सक्ने कच्चा जूटको उत्पादन झापामा हुने भएकोले बेग्लै जूटमिल त्यहां खोल्नेतर्फ पनि हामीहरू विचार गर्दैछौं। चार वर्षको अवधिभित्र त्यहां पनि एक जूटमिल खोल्न सकिनेछ।

कोल्ड स्टोरेजहरू खोल्नेतर्फ पनि काम भैरहेको छ। यसको नेपालमा अत्यन्त आवश्यक परेको छ। हाम्रो देशबाट धेरै किसिमका फलफूलहरू, आलू इत्यादि चांडै नै सड्ने खाद्य पदार्थहरू निर्यात हुन्छ। कोल स्टोरेज नभै दिनाले यहांको उत्पादकहरूले यी पदार्थहरूको उचित मूल्य प्राप्त गर्न सकेका छैनन्। साथै यिनीहरूको निर्यात पनि सस्तो मोलमा गरि-इन्छ। यिनीहरूको उत्पादनबाट जति हाम्रो देशलाई फाइदा हुनु पर्ने हो

CC-0. In Public Domain. Digitization by eGangotri

त्यति हुनसकेको छैन। कोल्ड स्टोरेज ठाउं ठाउंमा भै दिएमा कृषकहरूले आफूले उत्पादन गर्ने वस्तुहरूको पूरा मोल भेट्नेछन्। साथै हाम्रो देशमा उत्पादन गरिएका चांडै नै सड्ने खाद्य पदार्थको निर्यात गर्दा उचित मूल्य प्राप्त गर्न सकिनेछ।

पुराना नेपालमा भैरहेका मिलहरू तथा उद्योगहरूलाई सुचारुरूपले चलाउनु पनि श्री ५ को सरकारको नीति छ। उद्योगहरूमा जनताको विश्वास नभैकन र अब उद्योगहरूमा लगानी गर्न डर हुंदैन भन्ने कुरा जनतामा नपारिकन उद्योग धन्दाको राम्रो विकास हुन सक्दैन। नेपालका उद्योगहरूमा योभन्दा अगाडि अनेक झगडा भएको र यिनीहरूको संचालन राम्रो नभै दिएकोले शेयर होल्डरहरूलाई यी उद्योगहरू सुचारुरूपले चल्ला भन्ने कुरामा विश्वास थिएन र नेपालीहरू आफ्नो पूंजी उद्योग-धन्दामा लगाउनलाई डर मान्दथे। यी सबै कुराको विचार गरेर नै हामीले सर्वप्रथम नेपालमा भइरहेका उद्योगहरूलाई नै ठीक गर्नु राम्रो ठानेर त्यतापट्टि कदम चालेका हौं। यसको फलस्वरूप रघुपति जूटमिलको धेरै दिनदेखिको अव्यवस्था टुङ्गिएर अब औद्योगिक विकास करपोरेशन (N. I. D. C.) ले ऋण दिएर त्यसलाई सुचारुरूपले चलाउने भएको छ। त्यो अब राम्रोसंग चल्दछ। त्यस्तै विराटनगर जूटमिल अन्तर्गत एउटा वर्कसप (Work–Shop) थियो। त्यो सानो भएपनि राम्रो भएको हुनाले त्यसलाई अरू ठूलो विस्तृत गरिने भएको छ। यसको निम्ति औद्योगिक विकास कर्पोरेशन (N. I. D. C.) ले ऋण दिने भएको छ। एक दुइ दिनमा नै यहां विराटनगर जूटमिलका शेयर होल्डरहरूको मिटिंग हुंदैछ। यसमा यो कुरा तय गरिइनेछ। र, चांडै नै तयार गरी त्यस वर्क सपलाई ठूलो रूप दिन एक योजना तयार गरिइनेछ। यस वर्क सपमा धेरै मानिसहरूले काम पाउने छन्। त्यस्तै विराटनगरमा पावर, विद्युत शक्तिको समस्या थियो। नेपाल औद्योगिक कर्पोरेशनको सहायताद्वारा यसको पनि समाधान गरिने भएको छ। सुगरमिल, कटन्समिलको पनि त्यही -हालत भएको हुनाले तिनीहरूलाई

CC-0. In Public Domain. Digitization by eGangotri

राम्ररी चलाउने सम्बन्धमा कुराकानी भैरहेको छ। जूटमिलको संबन्धमा केही अगाडिदेखि नै यहां कुराकानी भैरहेको तपाईंहरूलाई थाहा छंदैछ। त्यो प्रायः सरकारले जारी नै गरेको छंदैछ। केही समयभित्र नै जम्मै झगडा टुङ्ग्याएर यसलाई सुचारुरूपले चलाउने छौं। मलाई अन्त्यमा उद्योग सम्बन्धमा यही भन्नु छ कि केही समय यतादेखि हाम्रो देशमा देशी तथा विदेशी उद्योगपतिहरूले नेपालको उद्योग विकासपट्टि धेरैनै उत्सुक लिएका छन् र यस विषयमा सरकारसंग उत्साहसाथ कुराकानी चलिरहेको छ। उद्योग चलाउने सम्बन्धमा हामीलाई राम्रो अनुभव छैन। औद्योगिक विकास कर्पोरेशनले उद्योगप्रति दिलचस्पी भएका व्यक्तिहरूलाई यस विषयमा राम्रो ज्ञान दिलाउन पैसाको पनि मद्दत गर्नेपट्टि काफी प्रयास गरिरहेको छ र आई.डी.सी. मा जुन नियमहरू व्यवहारिक थिएनन् तिनीहरूलाई हटाएर व्यवहारिकता ल्याउने तर्फपनि काम भएको छ। यसले हाम्रो उद्योगपतिहरूलाई काफी मद्दत दिनेछ।

प्रश्नः

एउटा हाम्रो मनमा लागेको अर्को प्रश्न पनि छ। मन्त्रीज्यूको अनुमति भए त्यो पनि सोध्न चाहन्छौं। प्रथम पञ्चवर्षीय योजनाभित्र उद्योग क्षेत्रमा ५ करोड १३ लाख रकम निर्धारित गरिएकोमा केवल डेढ करोड मात्र खर्च हुनसकेको कुरा विगत हप्ता राष्ट्रिय योजना परिषदका उपाध्यक्ष श्री ऋषिकेश शाहज्यूले दिनु भएको रेडियो भाषणबाट थाहा भएको छ। यस्तै गरी अरू अरू क्षेत्रमा पनि केवल २० प्रतिशत मात्र खर्चको क्षमता देखिएको छ। के यो हाम्रो निस्क्रियताको द्योतक होइन, यस्तै अनुवृत्ति कायमै रहन गयो भने हामीले आंटेका लक्ष कहिले हासिल गर्न सकिएला ?

उत्तरः

यसमा के कारणले खर्च हुन सकेन भन्ने कुरा त मेरा सहयोगीले यो भन्दा अघिको अन्तर्वार्तामा नै भनिसक्नु भएको छ। त्यो भन्दा अगाडि

CC-0. In Public Domain. Digitization by eGangotri

बराबर सरकारले भनिनै रहेको कुरा हो कि योभन्दा अगाडि जति योजनाहरू गरिए योजनाबद्ध तरीकाले गरिएनन्। आर्थिक विकासको निम्ति आवश्यक प्राथमिक र आधारभूत कुराहरूको विकासको निम्ति पहिले पञ्चवर्षीय योजनामा विशेष ध्यान दिइएन। साथै औद्योगिक विकासको निम्ति आवश्यक पर्ने आधारभूत कुराहरूको बन्दोबस्त गरिएन। आवश्यक आधारभूत कुराहरू योजनामा समावेश गर्न नसक्दा योजनाको लक्ष प्राप्ति हुन सकेन। अब बनाइने योजनाहरूमा हामीहरूले आधारभूत कुराहरू के के हुन् त्यो कुराहरूको पहिले नै राम्ररी विचार गरिकन योजनाबद्ध तरीकाले यिनीहरूको पूर्ति गर्ने भएको हुनाले अब यस्तो कुरा दोहरिंदैन र तपाईंहरूले उल्लेख गर्नु भएको निस्क्रियतालाई दोहरिन दिइनेछैन। त्यसलाई उदाहरणको रूपमा अगाडि राखेर हामीहरूले अब त्यस्तो हुन नदिनको लागि प्रयास गर्नेछौं। त्यस्तो हुनेछैन।

प्रश्न:

यस क्रममा अर्को एउटा प्रश्न माननीय मन्त्रीज्यूसंग गर्न चाहन्छौं। त्यो के हो भने श्री ५ को सरकारले हाल अपनाएको वाणिज्य नीतिबाट नेपालमा बनेका र उत्पादन हुने मालसामानका साथै नेपाली उत्पादकहरूलाई कति प्रोत्साहन मिलेको छ ?

उत्तर:–

यसमा त नेपालका उत्पादकहरूलाई विदेश बजारबाट संरक्षण दिने नीति सरकारले (Protective tariff) अपनाएको कुरा सुनिसक्नु नै भएको कुरा हो। नेपालमा तयार भएका मालहरू जति छन् तिनीहरूलाई नेपालभित्र खपत गर्नको लागि सरकारले प्रयास गर्दछ, जस्तो– विराटनगर सुगर मिलमा पैदा भएको चिनी नेपालको विभिन्न जिल्लाहरूमा खपत गराउनको लागि सरकारले कारवाइ गर्दछ। त्यस्तै घरेलुमा जति उत्पादन हुन्छन् त्यो सरकारतर्फबाट नै बिक्री गर्ने बन्दोबस्त भइरहेको छ। पहिले हाम्रो देशमा रहेको आन्तरिक भन्सार

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थाबाट ब्यापारीहरूलाई ज्यादा सर्का परेको थियो । अब यस्ता भन्सारहरू जम्मै खारीज गरिदिएको हुनाले त्यसबाट पनि जनतालाई धेर सुविधा भएको छ । यही सालदेखि नै बढी मात्रामा हामीहरूले निर्यात गर्नु परेको छ । तोरी, आलस, जूट इत्यादि हामीहरूले निर्यात गर्न आंटेका छौं । यी वस्तुहरूका उत्पादकहरू तथा यी वस्तुहरू निर्यात गर्ने ब्यापारीहरूलाई संरक्षण तथा सहुलियत दिने विषयमा हामीहरूले एक विस्तृत योजना तयार गरिराखेका छौं र थोर दिनभित्र यो योजना बाहिर निस्कनेछ । यस योजनामा निर्यात गर्ने ब्यापारीहरूलाई सहुलियत दिने पूरा व्यवस्था गरिएको छ । अब यस विषयमा मलाई एउटा सानो कुरा भन्नुछ । नेपालका ब्यापारीवर्गहरूले एउटा सानो परिधिभित्र र सानो क्षेत्रभित्र ब्यापार गर्ने विचार गरिराखेका छन् । तर हाम्रो ब्यापारको क्षेत्र दिनपरदिन व्यापक हुंदैछ । यो साल हाम्रो चीनसंग एउटा समझौता भएको छ । त्यस्तै हाम्रो मित्रराष्ट्र रूससंग पनि समझौता हुन लागिराखेको छ । धेरै देशहरूसंग हाम्रो वाणिज्य सम्बन्ध भएकोले अब हाम्रो देशको आयात निर्यातको क्षेत्र ज्यादै ठूलो हुने भएको छ । हामीहरू एउटा अन्तर्राष्ट्रिय ब्यापार क्षेत्रमा उत्रिन लागिरहेका छौं । त्यो नेपालका ब्यापारीहरूले राम्ररी विचार गर्नु पर्दछ । यो जम्मै कुराको विचार सरकारले मात्र व्हैन झन ब्यापारी वर्गले पनि गर्नु परेको छ । आजसम्म ब्यापारीवर्ग माथि जनताका जुन भावना छ त्यो उस्तो राम्रो छैन । हामीलाई यो भन्न कर लागेको छ । तर ब्यापारीवर्ग भनेको राष्ट्रको एउटा स्तम्भ हो र आर्थिक उन्नतिको लागि, देश उन्नतिको लागि यो वर्गबाट पनि ठूलो देन हुन्छ भन्ने सरकारको भावना छ । त्यस कारणले यो वर्गको संरक्षण तथा विकास गर्न सरकार कटिबद्ध छ । सरकार ब्यापारीवर्गलाई आवश्यक सहुलियत दिन तयार छ र दिने पनि छ । यसको बदलामा ब्यापारीवर्गहरूले संकुचित भावना छोडी, जति सकेको बढी नाफा गर्ने विचार त्यागी देशविकासको अनुरूप ब्यापार गर्ने बानी अपनाउनु परेको छ र साथै अन्तर्राष्ट्रिय ब्यापार क्षेत्रमा उत्रेर आफ्नो देशको उन्नति कसरी

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने, आर्थिक स्तर कसरी बढाउने, हाम्रो व्यापार क्षेत्र कसरी ज्यादै विस्तृत गर्दै लैजाने भन्ने कुरापट्टि नेपालको व्यापारीहरूको ध्यान जानु परेको छ। नेपालका व्यापारीहरूलाई फेरि एक पटक सल्लाह दिन्छु कि जनताको उनीहरूप्रतिको मनोभावना हटाउनलाई पूरा कोशिश गरून् र अन्तर्राष्ट्रिय क्षेत्रमा ल्याउन सरकार उनीहरूलाई संरक्षण गर्न र उनीहरूलाई सहुलियत दिन तैयार छ। त्यसको लागि योजना गरिरहेको छ।

प्रश्न:

माननीय मन्त्रीज्यूमा अर्को प्रश्न छ। भारत–नेपाल वाणिज्य तथा परिवहन समझौता १९६० मा कति र कुन कुन कुरामा हेरफेर भयो, के मन्त्रीज्यू प्रष्ट गरिदिन सक्नु हुन्छ कि ?

उत्तर:

यसमा परिवाहनमा रहेको सामानमा गरिएको बण्डको धरौटी रकममा भारतमा ती मालहरूको पैठारी गरिएको भए त्यस्ता मालमा लिइने भारतीय भन्सार महसूल रकम भन्दा बढी राख्न नपर्ने भएको छ।

भारतको बाटो गरी नेपालभित्र पैठारी हुने मालसामान भारतबाट नेपालमा ल्याउने भारतीय भन्सार महसूललाई पूर्ति गर्न १ माथवर बैंकको जमानसाथ सालको रु. ५० हजारको १ साधारण अविछिन्न बण्ड श्री ५ को सरकारले नियुक्त गरेको एजेण्टले गरिदिए पुग्ने भएको छ।

कलकत्ता बाहेक अरू भारतीय बन्दरगाहहरूको बाटो गरी आएमा पनि स्वीकृत साधारण प्रणाली अनुसार परिवहन सुविधा पाइने भएको छ। तर कलकत्तामा बाहेक अन्त भिन्नै गोदामको सुविधा नेपालमा पैठारी हुने माललाई प्राप्त छैन।

रेल्वे वाइगनहरूको आवश्यकीय संख्याको कमीले गर्दा कलकत्तामा सामानहरू जम्मा भयो भने उचित सुरक्षाको साथ तोकिएको बाटोहरूबाट मोटरद्वारा परिवहन गर्न पाइने भएको छ। फेरि रेल्वेबाट पठाउन वाइगन नपाइएकामा कलकत्तास्थित कण्टम्स लियाजो अफिसरले

CC-0. In Public Domain. Digitization by eGangotri

कलकत्तामा इष्टर्न रेल्वेजका चीफ अपरेटिंग सुपरिटेंडेण्टसंग सम्पर्क राखी व्यवस्था मिलाउन सक्नेछन्।

रेल्वेबाट परिवहन गरिने सामान आवश्यक रूपले वाडगन भरिनै पठाउनु पर्नेमा अब तोकिएको प्रणाली अन्तर्गत रेल्वे पार्शल सेवाबाट सानातिना सामानहरू ल्याउन सुविधा प्राप्त भएको छ।

व्यक्तिगत उपभोगका किसिमका सामानहरू भारतीय झिटीगुण्टा नियम अन्तर्गत भएसम्म सोझै र सोभन्दा बढी सामान भएमा उचित व्यवस्था गरी ल्याउन पाइने भएको छ। हवाई जहाजद्वारा नेपाल जाने यात्री छ भने त्यस्ताले ल्याएको बढी माल जतिको पुलिन्दाहरूमा लाहा-छाप लगाई बण्ड नलिई नेपाल आउने हवाई जहाजको जिम्माबाट आउन सक्ने भएको छ।

नेपालको निमित्त हवाई मार्गबाट पैठारी भएका सामानहरूको भारतको हवाई बन्दरगाह भै आउन सक्ने भएको छ।

बढी लाइनबाट छोटी लाइनमा माल सार्ने वरौनी जक्सन मात्र थियो अब भागलपुरबाट वा वारावंकीबाट पनि मालहरू सार्न सकिने व्यवस्था गरिंदैछ।

कलकत्ता बन्दरगाहको केन्द्रीय गोदाम घरमा नेपालको लागि परिवहनको निमित्त रहेको सामानहरूको बिलम्व शुल्क (डिमरेज) लिइने भैरहेकोमा अब न्यायोचित भाडा मात्र लिइने व्यवस्था भैरहेको छ।

यस्तै ठूला ठूला कन्साइन्मेंटहरूलाई खण्ड खण्ड गराई ल्याउन पाइने सुविधा प्राप्त भएको छ। हवाई जहाजद्वारा भारतको हवाई बन्दरगाह भै काठमाडौं बाहेक नेपालका अन्य भन्सार अड्डाहरूमा सामानहरू ल्याउन सकिने सुविधा भएको छ र अरू यस्तै पनि छन् जो भन्दा अगाडि प्रचारमा आइसकेको छन् र एउटा पुस्तिका पनि वाणिज्य विभागबाट निस्किसकेको छ। तपाईंहरूले थाहा पाएकै कुरा हो।

प्रश्न:

हाम्रो देशमा कति जग्गा वे प्रयोग भएर खेर गइरहेको छ। त्यसको

CC-0. In Public Domain. Digitization by eGangotri

आंकडा के मन्त्रीज्यू दिनसक्नु हुन्छ ? यसैसंग सम्बन्धित एक अर्को प्रश्न पनि गरौं कि– त्यो हो के पहाड र तराईमा पर्ति परिरहेको जमीन आवाद गराउने आवश्यकतातर्फ पनि सरकारले ध्यान दिएको छ ?

उत्तरः

एकातिर जग्गा नहुने मानिसहरू जग्गा पाऊं भनेर कराउने अर्को तर्फ तमाम जग्गा बेप्रयोग भएर खेरजाने यस्तो अवस्थालाई हटाउन सरकारले आवादी बढी र जग्गा कम भएको ठाउंहरूबाट मानिसहरूलाई पर्ति र खेर गै रहेको ठाउंमा सारी बडो सतर्कताकासाथ यसरी सारिएको मानिसहरूले नै जग्गा पाउने व्यवस्था गरिराखेका छौं। यस विषयमा अहिलेसम्म जनतामा गलत धारणा छ र मानिसहरूमा खालि जग्गा बटुल्ने बानी छ। म तिनीहरूलाई ठाडै दोष दिन चाहान्न किनभने यो भन्दा अगाडिको व्यवस्था त्यस्तै थियो। जसरी भए पनि आफ्ना छोरा नाति सबैको लागि जग्गा जोडिदिनु पर्दछ भन्ने मानिसहरूको धारणा थियो। आम्दानीको साधन खालि जग्गामा मात्रै सिमीत थियो। नेपालको एकमात्रै व्यवसाय खेति सम्झेका थिए। यसलाई बुझ्नको निम्ति हामीहरूलें सर्वप्रथम नेपालको भौगोलिक स्थिति हेर्नु पर्दछ। नेपालमा जुन किसिमले आवादी बढ्दै गएको छ र जुन मानिसहरूमा एउटा भावना छ आवादी यस किसिमले बढाउन पर्दछ भन्ने कुरा त्यसलाई हामीले बडो राम्रोसंग विचार गर्नु पर्दछ। किनभने हाम्रो देशको बनावट लें गर्दा खेरि कैयौं क्षेत्र त हामीहरूले जंगलै कायम नगरिकन हुनै सक्दैन र कयौं जमीन हामीहरूले पर्ति नै नराखी हुंदैन। कुनै भाग आवाद गर्नु पर्दछ। हाम्रो भौगोलिक स्थिति र आफ्नो देशको स्थितिले गर्दा यसो गर्नु अनिवार्य हुन आउंछ। यहांको जलवायु संरक्षण गर्न हामीहरू जीवित रहन हामीहरूले जति सक्को बढी आवाद गर्ने मनोभावनालाई हटाउनु परेको छ। र अहिलेसम्म आवादी विषयमा धारणा जो भै रहेको छ मलाई यो गलत लाग्दछ। किनभने जतिले आवाद गर्नको लागि जग्गाको माग गरेका छन् त्यो त ज्यादा गरिकन जग्गा नहुनेको भन्दा पनि जग्गा

CC-0. In Public Domain. Digitization by eGangotri

भएकै मानिसहरूले माग गरेको देखिन्छ। अहिलेसम्मको हाम्रो देशमा अरू व्यवसायपट्टि विचार नगरिकन खालि जग्गा आवाद गर्ने र जग्गाबाट नै अन्न उब्जाउने र जग्गामा बस्ने भनी जग्गा जम्मा गर्ने मात्रै मनोवृति भएको थियो। तर त्यसलाई हामीहरू ज्यादा प्रोत्साहन दिन सक्तैनौं र आवाद गर्ने सम्बन्धमा हामीहरूले दुइ-तीन वटा कुरा ख्याल गरेका छौं। जुन सुकुमवासीहरूको नाममा जग्गा लिइन्थ्यो, वास्तवमा त्यो जग्गा सुकुमवासीले पाउँदैनथे। त्यस्तो हुन अब दिइने छैन। मेरो विचारमा त जग्गा विहीन सुकुमवासी नेपाल राजमा बहुतै कम पाइएला। यो हुन सक्दछ कि उनीहरूको साथमा थोर-बहुत जग्गा छ जुन जीविकाको निम्ति पर्याप्त छैन। तर जग्गा विहीन मानिसहरू बहुत मात्रामा कम छन्। यस्तै जीविकाको निम्ति पर्याप्त जग्गा नभएकालाई अथवा जग्गै नभएकालाई जग्गा दिने व्यवस्था गर्न हामीहरू तत्पर छौं। यसको निम्ति आवश्यक व्यवस्था मिलाउने छौं। यस्ता व्यक्तिहरूले मात्रै जग्गा पाउने व्यवस्था गर्न लागिएको छ। यो भन्दा अगाडि जसरी सुकुमवासीका नाममा जग्गा भएकैहरूले जग्गा जम्मा गर्ने एउटा प्रवृत्ति थियो त्यसलाई रोक्न पूरा बन्दोबस्त गरिसकेको छ। अर्को कुरा सहकारी उद्योग व्यवस्थाको निम्ति आँकडाले भ्याएसम्म आवश्यक जग्गा आवाद गर्न मात्र दिइने छ। अरू कसैलाई जग्गा दिने सरकारको नीति छैन।

प्रश्न:

जो सुकुमवासी छ त्यस्तो ठाउंहरूमा लगी बसोवास गराउन सके भूमिसुधारको दिशामा पनि महत्वपूर्ण कदम हुंदैन त ? मन्त्रीज्यूलाई यो विचार कस्तो लाग्छ ?

हाम्रो देशमा यस विषयको सर्भे भएको पनि छैन र ठीक आंकडा पनि छैन अन्दाजी ९६ लाख २२ हजार १ सय एकड मध्ये आवाद भएको जग्गा २५ लाख ३७ हजार ९ सय एकड छ। यो अन्दाजी मात्र हो। यो साल देशव्यापी कृषि गणना हुँदैछ त्यसपछि यस सम्बन्धमा ठीक आंकडाहरू पत्ता लाग्ने छ। जुन

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को प्रश्न सोधिएको छ। जमानाले कोल्टो फेरि सकेको छ। अब हामीहरूले त्यसमा मात्रै निर्भर गर्न परेको छैन। यो मनोभावनालाई बदल्नु परेको छ। यसमा आजसम्म जस्को तपाइँहरूले मलाई प्रश्न गर्नु हुन्छ कैयौं सुकुमवासीहरू छन् तिनीहरूलाई जग्गा दिए देखि के राम्रो हुँदैन? यस प्रश्नको उत्तरमा मलाई यही भन्नु छ कि जति जग्गाहरू अहिले तराईमा छन् तिनको राम्ररी उपयोग गर्न सकिएको छैन। पश्चिममा भनौं, त्यहाँ किसान वर्ग कम भएकोले त्यहाँका जिमिदारहरूलाई किसानहरूको कमी नै समस्या हुन गएको छ। कहाँबाट किसान खोजेर ल्याउँ भन्ने समस्या त्यहाँ छँदैछ। त्यस्तै मोरङमा केही वर्ष अगाडि यस्तै समस्या थियो। मोरङको पूर्वपट्टि र झापामा अहिलेसम्म पनि यो समस्या छँदैछ। मोरङमा पनि केही हदसम्म छंदैछ। किसानहरू पाइने ठाउँमा पनि एक जनाले धेर जग्गा ओगटेर आफै कमाउने गरेको छ। अहिले देशको आर्थिक स्तर उठाउनको लागि गर्न आंटेको विकास कार्य र कृषि सुधार कार्यसंग यो कुरा मेल खांदैन तसर्थ यस व्यवस्थालाई हामीहरूले बदल्नु परेको छ। कम-से-कम जग्गाबाट बढी से बढी उत्पादन गराउने हाम्रो विकास नीति छ। अहिले धेरै जग्गामा थोरै उत्पादन हुँदै आएको छ। (Cash Crop) जसले तुरुन्तै पैसा ल्याउँछ र उद्योगको लागि आवश्यक छ जस्तो ऊखु, तिलहन, सेलामहक, जूटहरू इत्यादिको उत्पादनमा हामीले विशेष जोड दिनु परेको छ। आजसम्म नेपालमा धेरै जसो जग्गामा एक बाली मात्र लगाइन्छ। काठमाडौंमा वर्ष भरितै बाली लगाइने भएकोले थोरै जग्गाबाट बढी-से-बढी फाइदा किसानहरूले उठाइ रहेका छन्। यसलाई सबै जिल्लाका किसानहरूले सिक्न परेको छ। जग्गा बांडेर मात्र न त सुकुमवासीहरूको समस्या हल हुन्छ न त भूमि सुधार समस्या नै समाधान हुन्छ। यो त आधुनिक ढांचाबाट खेती गरी हाम्रो आवादी जग्गाबाट सकेसम्म बढी उत्पादन गराएर मात्र सुल्झन सक्छ। उद्योग धन्दाहरूको विकासबाट पनि

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै मानिसहरूले काम पाउने छन्। हाम्रो नेपालको गोठ व्यवसाय भेंडा पाल्ने व्यवसायको विकासबाट पनि धेरै मात्रामा बेकारी समस्या हल हुन सक्छ।

प्रश्न:

अर्को प्रश्न छ के जंगलहरू पूर्णतया सरकारी सम्पत्ति भएसकेका छन ?

जङ्गलहरू पूर्णतया सरकारी सम्पत्ति भैसकेका छन्। पहाडमा २५ रोपनी र तराईमा ५ बिगाहा जग्गा सकसैले वन जङ्गल बनाएमा त्यसलाई वन–वाटिकाको नाम दिएर उनीहरूको निजी जङ्गल हुने व्यवस्था ऐनमा गरिएको छ। पञ्चायत जङ्गलहरू राख्ने व्यवस्था पनि छ। अब गाउँ-गाउँमा पञ्चायत खडा भएपछि सीमा निर्धारित गरिकन एउटा नियम अनुसार पञ्चायतलाई पञ्चायत जङ्गल जिम्मा लगाइन्छ। पञ्चायतले नै त्यो जङ्गलको संरक्षण गर्ने र त्यसमा नयाँ बिरूवा लगाउने काम गर्नेछन् र आफ्नो उपभोगलाई प्रयोग पनि उनीहरूले नै गर्नेछन्। यो कुरा अहिले बनिरहेको ऐनमा परेको छ। र यो मार्ग देखि लागू हुनेछ।

प्रश्न:–

के काटिंदै गइरहेका जंगलहरूको ठाउं ठाउंमा रूख लाइने नीति सरकारले लिने होइन ? जस्तो कि अन्य देशहरूमा गरिन्छ। किनभने अहिले नै यस्तो गरिएन भने हाम्रो देशमा पछि गएर यसले ठूलो समस्याको रूप लिन जाला जस्तो लाग्छ। के मन्त्रीज्यू मेरो विचारसंग सहमत हुनुहुन्छ ? खास गरी काठमाडौं उपत्यकाको वढदो इन्धन समस्याको लागि सरकारले के उपाय निकाल्ने भएको छ ?

उत्तर:

यस विषयमा मलाई यहाँ यही भन्नु छ कि जङ्गल काट्दै गए पछि नयाँ जङ्गल लगाउने कुरामा सरकार बडो सक्रीय छ। खास गरेर दुइ किसिमले रूखहरू काटिन्छन्–एउटा छानिएका (Selection) रूखहरू टिपोट कटानी र यस्मा बुढा भएका काम नलागेका इत्यादि

CC-0. In Public Domain. Digitization by eGangotri

रूख काटिइन्छन्। यस्ता ठाउँमा जुन जातका रूखहरू लाउन उपयुक्त हुन्छ त्यसलाई लगाई राम्रो संरक्षण गरेर छनौट कटानी हुन्छ। साथै त्यस ठाउँको जलवायु समेत विचार गरी बिरूवाहरू लगाइने व्यवस्था आजसम्म भैरहेको पनि छ। तर त्यस्को संरक्षण हुन सकेको छैन। त्यसै कारणले यो अहिले सरकारले जोडतोडसंग वन सीमा निर्धारण गरिराखेको छ। साथै डंडेलो लागेर पनि ती साना-साना बिरूवाहरू मारिने भएकोले अग्नि संरक्षण रेखाहरू बनाइदैछ। वन पथहरू बनाइदैछ र एक–दुइ वर्षभित्र यो जम्मै पूरा हुन्छ। यसबाट हाम्रो वन जङ्गलको धेरै बचावट हुन्छ। अब अर्को आयो पाहाड खण्डको समस्या र पाहाड खण्डमा आफै रूखहरू उम्रने भन्ने छैन। पहाडमा वन जङ्गलको ठूलो समस्या छ। जलवायुमा पनि वन जङ्गल कम भएकोले ठूलो असर गर्न लागिरहेको छ। पहाडमा हामीहरूले जङ्गल नबढाई नहुने भएको छ। त्यस्तै यो उपत्यकामा पनि यसले समस्याको रूप लिंदै छ। अब आउने साल ७०० एकडमा हामीहरूले बिरूवा लगाउने प्रबन्ध गरिरहेका छौं। अरू पहाडी जिल्लामा नर्सरीहरू खोलिने छ। बीजहरू पनि वितरण गर्ने व्यवस्था गरिएको छ। पहाडमा हाम्रो ज्यादा जोड उहाँका मानिसहरूलाई बीज बांडेर उनी-हरूलाई यस विषयको जानकारी दिलाएर उनीहरूबाटै रूख लगाउनमा हुनेछ। नर्सरीहरू खडा गरेर अर्को सालदेखि ठाउँ-ठाउँमा नांगो डांडा हरूमा रूखहरू लगाउने काम गरिने छ। काठमाडौंको इन्धन समस्याको कुरा तपाईंले गर्नु भयो, यो बडो जटिल समस्या छ। शहरवासी र उपत्यकावासीहरूले पनि बडो विचार गर्ने कुरो छ। वरिपरिको जङ्गल सखाप पनि भैसकेको छ। अब यस विषयमा सरकारले दुइ-तीन वटा कुराहरूको विचार गर्दैछ। जस्तो गोबरबाट ग्यास निकालीकन बाल्ने एउटा चुलो निकाल्न लागिरहेको छ। कृषि विभागको इञ्जिनियरिङ्ग सेक्सनले केही दिनमै यो जनताको सामुन्ने ल्याइकन देखाउने छ। हिन्दुस्थानका ठाउँ-ठाउँमा यो शुरू भएको छ। यो

CC-0. In Public Domain. Digitization by eGangotri

बडो सजिलो कुरो भएको हुनाले धेरै मात्रामा चल्ला जस्तो लाग्छ। हामीले कोइला पनि केही मात्रामा ल्याउने व्यवस्था गरी राखेका छौं। यो नयाँ रोप्वे ठूलो क्यापासिटीको छ। यो रोप्वेको काम शुरू भएपछि हामी तराईपट्टिबाट दाउराहरू ल्याइकन पनि यस समस्यालाई सुल्झाउने विचार गरिराखेका छौं। यी २।३ किसिमले यहाँको समस्या सुल्झिन्छ जस्तो लाग्छ।

प्रश्न:

मन्त्रीज्यूसंग अर्को प्रश्न छ– दशैं नजिक आएको छ, सस्तो मोलमा खाद्यान्नको कुनै व्यवस्थाको आवश्यक प्रबन्ध सरकारले गरेको छ ?

उत्तर:

ठाउं नसोध्नु भएको हुनाले शायद मलाई उपत्यकाको जस्तो लाग्छ। यहां यसपालिको फसल ज्यादै राम्रो र छ र अन्नहरू धेरै मात्रामा खास गरेर धान दशैं अघिनै केही मात्रामा काटिसक्दछन्। दशैंको निम्ति अन्नको मांग त्यसैबाट पनि पूर्ति हुन सक्दछ। साथै अन्न दशैंको लागि मात्र बांड्ने भन्ने कुरा केही छैन। श्रावण १ गतेदेखिन् यहां चामल वितरण भैरहेको छ। त्यो जारी नै रहनेछ। यहां त यसपालिको फसल राम्रो भएको हुनाले कुनै त्यस्तो विशेष परिस्थिति अथवा त्यसको कमी हुन्छ भन्ने त मलाई लाग्दैन।

प्रश्न:

कुनै पनि आकस्मिक प्राकृतिक प्रकोपको सामनाको लागि ठाउं ठाउंमा खाद्यान्नको आधुनिक ढंगको भण्डारहरू स्थापना गर्ने क्षेत्रमा केही काम भैराखेको छ कि अथवा हुने भएको छ कि ?

उत्तर:

यस विषयमा हामीहरूले काम धेरै मात्रामा गरिसकेका छौं। यो साल हामीहरू हेटौंडा, अमलेखगञ्ज, भरतपुर, बांके बर्दिया र विराटनगरमा गोदामहरू बनाउन लागिराखेका छौं। हेटौंडा, अमलेखगञ्ज, बांके बर्दियामा १३,००० मन अटाउने (Capacity) र भरतपुरमा ३,००० मनको र पहाडको लागि हामीले धनकुटा, भोजपुर, डोटीमा

CC-0. In Public Domain. Digitization by eGangotri

२।२ हजार मन अटाउने (Capacity) गोदामहरू बनाउन व्यवस्था मिलाएका छौं । यसको निम्ति इष्टिमेट जम्मै तैयार भएको छ र १। १।। महीनामा अर्थात् वर्षात अन्त हुनासाथै कामहरू तत्तत् स्थानमा शुरू हुनेछ।

प्रश्नः

अर्को प्रश्न छ– बालाजू र ललितपुरमा औद्योगिक क्षेत्र खोल्ने बारे के कति प्रगति भएको छ र त्यस्तै अरू क्षेत्रहरू खोल्ने सरकारले कुनै योजना बनाएको छ कि ?

उत्तरः

वास्तवमा बालाजूमा दुइटा (Buildings) घरहरू बनेका छन्। त्यसमा एउटामा स्वीस टेक्निकल सहायता अन्तर्गत एक वर्कसप खुलिसकेको छ । अर्कोमा चाहिं (N. I D C) र घरेलुको संयुक्त बन्दोबस्तमा एउटा काष्ठ कार्यालय सम्बन्धी मेशीनहरू ल्याई त्यहां जडान हुने व्यवस्था भएको छ। आउंदो १, १।। महीनाभित्रै काम पनि शुरू हुनेछ। पाटनमा यसपालि हामीले जग्गा प्राप्त गरेर घेरा लाउने काम प्रायः समाप्त हुन लागेको छ। अहिले बाली नाली पनि लागिरहेको र वर्षात काफी भएकोले त्यहां अरू काम केही गर्न सकिएको छैन। त्यहां टहरा घर इत्यादि जे बनाउनु पर्नेछ त्यसको इष्टिमेट तैयार भैसकेको छ। यो वर्षात खतम भई त्यहां बाली नाली काट्नासाथै हामीले त्यो काम शुरू गर्न थालिहाल्नेछौं । कुन कुन किसिमको काम त्यहां गरे देखि फाइदा हुन्छ, यसको लागि २ विशेषज्ञहरू हिन्दुस्थानबाट आउनु भएको थियो। उहांहरूले यहांका ब्यापारीहरूसंग भेटघाट गरी यहांका माटा, भांडा, मूर्ति इत्यादिको काम गर्नेहरूसंग भेटघाट गरिकन तिनका उत्पदानका हरेक सम्भावनाहरू विचार गरेर रिपोर्ट दिनु भएको छ त्यसैको आधारमा हामीले त्यहां काम गर्ने व्यवस्था मिलाउंदै छौं र यी दुइ ठाउंको काम राम्ररी चालू भएपछि मात्र अर्को ठाउंमा खोल्नेपट्टि विचार गर्दछौं। अहिले हामीले यसैमा ज्यादा जोड दिइराखेका छौं।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्न:

साना घरेलु उद्योग तालिम केन्द्र देशभरमा कतिवटा छन र ती केन्द्रहरूबाट कति मानिसले तालिम पाएका छन र तालिम पाएका उत्पादन हुने सामानहरू जनतामा सस्तो सुलभ तुल्याई बिक्री गर्ने अरू पनि विशेष प्रवन्ध हुंदैछ कि ?

उत्तर:

तालिम केन्द्र २० वटा छन् र प्रत्येक केन्द्रमा २० जनाले तालिम पाउंदछन् । गत वर्ष ३४१ व्यक्तिले तालिम पाएका छन् र अर्को तपाईंले सोध्नु भएको उत्पादन गरिएको बिक्री वितरण जनतामा सस्तो सुलभ गर्ने विषयमा गर्नु भएको प्रश्नको जवाफमा मलाई यही भन्नु छ कि जुन जुन केन्द्रमा (Emporium) छैन त्यो ठाउंमा केन्द्रबाट नै माल खरीद गरिकन नै बाहिर बिक्री सुलभ मोलमा गर्ने गरिएको छ । जुन जुन ठाउंमा इम्पोरियमहरू छन् त्यो ठाउंमा इम्पोरियमबाट बिक्री गर्ने व्यवस्था गराइएको छ। यस साल हामीहरूले घुम्ती दलद्वारा गाउं गाउंमा गएर त्यहांका मानिसहरूलाई घरेलु उद्योग चलाउन प्रोत्साहन दिने र गाउंमै काम सिकाउने व्यवस्था पनि गरेका छौं । ठाउं ठाउंमा फेरि नयां (Emporium) पनि खुल्दैछ, साना कुटिर उद्योगको लागि ऋणको व्यवस्था पनि गरिएको छ । तिनै केन्द्रहरूद्वारा सञ्चालित ठाउं ठाउंमा ऋण दिइनेछ । एउटा सीमित रकमभित्र रही गाउंका मानिसहरूलाई ऋण स्वरूप आर्थिक सहायता दिएर प्रोतसहान दिने व्यवस्था पनि गरिंदैछ।

CC-0. In Public Domain. Digitization by eGangotri

माननीय स्वास्थ्य, कानून तथा नहर मन्त्री श्रीअनिरुद्धप्रसाद सिंहसित

मिति : २०१८ साल आश्विन १५ गते

प्रश्न:

अब आउने ४ वर्ष भित्रमा देशवासीहरूको सामान्य स्वास्थ्यको संरक्षण र विकासको निमित्त के नयाँ योजनाहरू वनाइएका छन्? के मन्त्रीज्यू यस प्रश्नमाथि केही प्रकाश गर्न सक्नु हुन्छ?

उत्तर:

अब आउने ४ वर्षभित्र देशवासीहरूको सामान्य स्वास्थ्यको संरक्षण र विकास कार्यको निमित्त नयाँ स्वास्थ्य संस्थाहरू बढाउनु भन्दा भैरहेको संस्थाको राम्रो बन्दोबस्त गर्ने श्री ५ को सरकारको पहिलो उद्देश्य हुनेछ। मुलुकमा भएका स्वास्थ्य संस्थाहरूको सुधार, उन्नति र त्यसबाट जनताले पाउने सेवाको स्तर बढाउने उद्देश्यले स्वास्थ्य सम्बन्धी काम शुरू गरिने छ। यो कार्यक्रमकै सिलसिलामा विभिन्न ठाउँहरूमा अस्पतालहरूको सुधार गर्ने काम शुरू भैसकेको छ। राजधानीमा रहेको वीर अस्पतालको अवस्थामा सुधार गरिएको छ। वीर अस्पतालको भवन र कलेरा अस्पतालको भवनमा गर्नुपर्ने सुधार र अदल बदल गरी रेनोभेशन गर्ने काम यसै वर्ष समाप्त हुनेछ। स्थानीय जनताको सहयोग समेत लिई बीरगञ्जमा ५० बेड-अस्पतालको नयाँ भवन तयार भैसकेको छ। जलेश्वरमा प्रसूति

CC-0. In Public Domain. Digitization by eGangotri

गृह बनाउने काम पनि सम्पन्न हुने भएको छ र नेपालगञ्जमा ५० बेड भएको अस्पतालको नयाँ भवन बनाउने काम धमाधम हुँदैछ। भरतपुरमा पनि १५ बेडको अस्पताल बनेको छ। सो सुचारू रूपले चलाउन आवश्यक पर्ने अरू भवनहरू पनि यसै साल बनी तयार हुनेछ। आयुर्वेद तर्फ पनि यस्को स्तर बढाउने उद्देश्यले हरएक जिल्लामा उच्च शिक्षा प्राप्त कविराजको जिम्मामा एक एक प्रमुख औषधालय कायम गर्ने निर्णय गरिएको छ र देशका सबै औषधालयरूहमा राम्रो स्तरको औषधि उपलब्ध गर्न विधिपूर्वक तयार गरिएको औषधिहरूको निमित्त जिल्लामा पाइने तयार हुनसक्ने औषधिको निमित्त आवश्यक खर्चको प्रवन्ध पनि गरिएको छ। यसको अतिरिक्त स्वास्थ्य संस्था नै नभएका ठाउंमा कमसेकम स्वास्थ्य केन्द्रहरू राखेर स्वास्थ्य उपचार तथा रोगको रोकथाम गराउने प्रयास हुनेछ। देशलाई ७५ ब्लक डिष्ट्रिक्टमा विभाजित गर्दा १० ब्लकहरूमा कुनै किसिमको स्वास्थ्य सेवा नभएको हुन आउने हुंदा सो १० ब्लकहरूमा एक २ वटा नयां हेल्थ सेण्टरहरू स्थापना गरिनेछ– (यी ब्लकहरू दार्चुला, बाजुरा, कालिकोट, मुगुकर्णाली, छार्का, सुरतांग मंसुली, सालु, सखवासभा र चैनपुर हुन्)।

आउने ४ वर्षभित्र गरिने नयां योजनाहरू एक १) बिफरको रोकथाम गर्न पाइलेट प्रोजेक्ट, २) अनिवार्य तथ्यांक संकलन, ३) पब्लिक हेल्थ लेबोरेटरीको स्थापना हुनेछन्।

हाम्रो मुलुकमा बराबर आउने बिफरको प्रकोपले धेरै जनाको अकाल मृत्यु भैरहेको छ। र अझ धेरैलाई कुरूप पारिदिएको छ। यसकारण यो बिफरको रोगलाई देशबाट पूर्णरूपले हटाउने उद्देश्यले यस साल देखि काठमाडौं उपत्यकामा बिफरको रोकथामको लागि स्मलपक्स कण्ट्रोल पाइलट प्रोजेक्टको काम शुरू गरिनेछ। यसको निमित्त चाहिने प्रारम्भिक काम पनि हुंदैछ। यो प्रोग्राम अनुसार उपत्यकाका जनतालाई खोपाउन २ वर्षसम्म समय लाग्नेछ। यो कामको निमित्त श्री ५ को सरकारले यस साललाई चाहिने खर्चको निकासा पनि दिइएको छ र

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व स्वास्थ्य संघबाट फ्रिजडाइड भ्याक्सिन एक लाख मात्रा पनि प्राप्त भैसकेको छ। २ वर्षपछि यो प्रोग्रामलाई देशको अरू भागमा पनि विस्तृत रूपले चलाउने प्रवन्ध हुनेछ। यी २ वर्षमा मुलुकको अरू भागमा साबिक बमोजिम खोपाउने कार्यक्रम चालू नै रहनेछ। हाम्रो मुलुकमा अहिलेसम्म भाइटल स्टाटिक्स (तथ्यांक) संकलन गर्ने कुनै प्रवन्ध नभएको हुंदा स्वास्थ्य कार्यक्रमको योजना गर्ने काममा बाधा भैरहेको छ र देशवासीहरूको औसत आयु इन्फान्टाइल मार्टालिटिरेट र म्याटर्नल मार्टालिटिरेट आदि जनताको कुन उमेरमा कुन किसिमको रोग लाग्दो रहेछ भन्ने तथ्यांकको अभाव भएकोले रोगको रोकथामको कार्यक्रम बनाउन मुश्किल हुने महसूस भएकोले यस सालदेखि भाइटल स्टाटिक्स संकलन गर्ने काम शुरू गरिने भएको छ। नेपाल अधिराज्यभर एकैपल्ट यो काम चालू गर्न नसक्ने हुंदा यस साल परीक्षणार्थ उपत्यकाका तीन शहरहरू र पूर्वतिर इलाम र विराटनगर तथा पश्चिमतिर पोखरा, नेपालगञ्ज गरी सात म्युनिसिपल्टी भएको इलाकाबाट मात्र भाटइटल स्टाटिटिक्स लिने काम हुनेछ। यसको सफलता हेरी अर्को साल अरू इलाकाहरूमा पनि लिने काम हुनेछ।

आजको जमानामा रोगको रोकथामको निमित्त नभै नहुने स्वास्थ्य कार्यक्रमको एउटा अंग पब्लिक हेल्थ लेबोरेटरी भएकोले आउने ४ वर्षभित्र काठमाडौंमा एउटा पब्लिक हेल्थ लेबोरेटरी स्थापना हुनेछ। जसले रोगको पहिचान तथा अनुसन्धानमा ठूलो मद्दत हुनेछ। यो लेबोरेटरी राम्रोसंग चालू भएपछि देशको अरू भागमा पनि यसको शाखा तथा प्रशाखा रहनेछन्। नयां योजनाहरूको अलावा हाल भैरहेको स्वास्थ्य संस्थाहरूमा समानता ल्याउनाको लागि चाहिने सरसामानहरू उपलब्ध गराउने काम हुनेछ।

खोकना कुष्ट रोगी खानाका बिरामीहरूलाई बास दिइकन सिदा सम्म भैरहेकोमा उनीहरूको इलाजको बन्दोबस्त हुने भएको छ र साथै उनीहरूबाट हुनसक्ने कामहरू गराई उनीहरूलाई सकेसम्म स्वावलम्बी

CC-0. In Public Domain. Digitization by eGangotri

तुल्याउने प्रयास गरिनेछ। औलो उन्मूलनको काम हालसम्म मिडिल सेक्टरमा सफलता पूर्वक चलिरहेकोमा यस सालदेखि पूर्वीक्षेत्र विराटनगर, धनकुटा तथा उदयपुर जिल्लाहरूमा उन्मूलनको काम शुरू हुनेछ। हाल सो ठाउंमा सर्भेको काम भैरहेको छ। २०२० सालतिर पश्चिम क्षेत्रमा पनि उन्मूलनको काम शुरू हुने भएको छ।

प्रश्न:

नेपालमा कानूनको शासन (रूल अफ् ल) स्थापनामा के के कानूनी आधार छन् यसको केही व्याख्या गर्नु हुन्छ कि?

उत्तर:

देशभर शान्ति सुरक्षा कायम गरी ऐन कानूनको आधारमा राज्य व्यवस्थाको सञ्चालन गर्नु र अनियन्त्रित स्वेच्छाचारिताबाट उत्पन्न हुने अराजकताको स्थितिलाई हटाई आपसी व्यवहार र सम्पर्कलाई ऐन कानूनको निश्चित आधारबाट नियन्त्रित गराई देशभर शान्ति र व्यवस्था कायम गराउनु र मत्स्य न्यायको स्थिति हटाई धनी र ठूला बाट थिचोमिचो हुनु नपरी गरीब र निर्धाले पनि कानूनको समान संरक्षण पाउने गर्नु नै रुल अफ ल अर्थात् कानूनी राज्यको स्थापना गर्नु हो। प्रत्येक व्यक्तिले कानूनी बन्देजमा रही काम कारवाइ गर्नुपर्ने र कसैले कानूनको उल्लंघन गरेमा त्यसबाट मर्का परेका व्यक्तिले निष्पक्ष न्यायकर्ता समक्ष गई त्यसको यथोचित उपचार गराई पाउने व्यवस्था हुनु नै कानूनी राज्यको सबैभन्दा महत्वपूर्ण कुरा हो।

उपरोक्त कुरालाई ध्यानमा राखी हाम्रो कानूनी व्यवस्था र कानूनी व्यवहारको विचार गर्दा हाम्रो देशमा पनि कानूनी राज्यको सिद्धान्तलाई पूर्णरूपेण अपनाइएको पाइन्छ। प्रचलित नेपाल कानून बमोजिम जनताले पाएको अधिकारको कसैले हनन गरेमा त्यसको यथोचित उपचारका लागि सामान्य कानून बमोजिम अदालतमा गई आफनो हक दाबी गर्ने वा त्यस्को हनन गर्ने व्यक्तिलाई प्रचलित सजायं गराउन नालिस गर्ने अधिकार देशका प्रत्येक नागरिकले पाएकै छ। त्यति

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र होइन प्रचलित नेपाल कानून बमोजिम पर्याप्त उपचार नपाउन सक्ने असाधारण स्थितिमा यथोचित उपचार दिलाउनका लागि विशेष प्रकारको आज्ञा (रिट) जारी गराई पाउन सर्वोच्च अदालतमा निवेदन पत्र दिने र अदालतले पनि त्यसको आज्ञा (रिट) जारी गरी मर्का परेको व्यक्तिलाई यथोचित उपचार गराई दिने व्यवस्था सर्वोच्च अदालत ऐन, २०१३ को दफा ११ मा भएको छ।

यति मात्र होइन कानूनी राज्यको संरक्षणको लागि न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भन्ने कुरालाई ध्यानमा राखी हाम्रो कानूनी व्यवस्थाले यस दिशामा पनि पर्याप्त व्यवस्था गरेको पाइन्छ। नेपाल अधिराज्यको संविधानको धारा ५७ सर्वोच्च अदालत ऐन, २०१३ को दफा ३ र ४ ले र न्याय प्रशासन ऐन, २०१६ को दफा १३ ले न्यायाधीश आफ्नो पदमा रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि वा पारिश्रमिक सम्बन्धी शर्तहरू बदलिन नसकिने व्यवस्था गरी न्यायाधीशहरूमा पद र सेवाको सुरक्षाको भावना उत्पन्न गराई न्याय निष्पक्ष हुने स्थिति सृजना गरेकै छ। ती अदालतहरूले गरेको फैसला वा निर्णय बमोजिम गर्ने सबैलाई कर लाग्ने र कसैले सो बमोजिम नगरेमा अरू कारवाइका अतिरिक्त अवहेलना सम्बन्धी कारवाइ गर्ने पनि अदालतलाई अधिकारको व्यवस्था भएकै छ।

उपरोक्त कुराहरूबाट हामी यो निष्कर्षमा पुग्दछौं कि हाम्रो कानूनी व्यवस्था र व्यवहारमा कानूनी राज्यको सिद्धान्तलाई पूर्णरूपेण अपनाएको र पालन गरिएको छ। श्री ५ बाट राष्ट्रको नाममा पटक पटक बक्सेको सन्देशहरूबाट पनि हाम्रो देशमा कानूनी राज्यको स्थापना भएको र त्यसलाई अझै दृढ पार्ने प्रयास भइरहेको कुरा स्पष्ट हुन्छ। मौसूफबाट कानूनको सम्मानमा नै देशमा शान्ति सुव्यवस्था र स्थिरता आधारित भएकोले कानूनी वा कानूनको राज्यको स्थिति बलियो पार्न भरमग्दूर प्रयास गर्ने हुकूम बक्संदै कानूनले दिएको हकहरूको हरहालतमा अदालतहरूद्वारा रक्षा हुनुपर्छ भन्ने अभिलाषा प्रकट गरिबक्सेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्न:

नयाँ ३ वर्षे योजनामा देशको कति भागमा नयाँ नहरहरू निर्माण हुने भएका छन् – ती कुन कुन ठाउँमा हुन् र ती नहरहरूबाट कति खेतको पटनी गर्न सकिने लक्ष छ ?

उत्तर:

प्रस्तावित ३ वर्षीय योजना अवधिमा निर्माण हुने र भैरहेका नहर सिचाइ योजनाहरू निम्नप्रकारका छन्:–

१) तिनाउ नहर योजना:– यस योजना अन्तर्गत पाल्ही माझखण्ड जिल्लाको तिनाउ नदीमा बांध बांधी २१ मिल लामो नहर बनाई ४,००,००० रोपनी जग्गा पटनी हुन सक्ने लक्ष छ। नहर खुदाई-को काम प्रायः समाप्त भैसक्यो। बांधको हकमा आउंदो हिउंदमा काम शुरू हुनेछ ।

२) खुट्टी नहर योजना:– जिल्ला सप्तरी अन्तर्गत यस योजनाकोलागि निर्माण मालसामानहरू जोगार भैसक्यो । नहरको खुदाई धमाधम चल्दैछ। यस योजनाबाट ६०,००० रोपनी खेत पटनी गर्न सकिने लक्ष छ। ०१८–०१९ सालभित्रमा समाप्त हुनेछ।

३) हर्दीनाथ नहर योजना:– महोत्तरी जिल्लामा रहेको यस योजनामा अफिस र स्टाफ घरहरू बनिसकेका छन्। हालसम्म दायां र बायां पट्टि गरी जम्मा ६ माइलको मूल नहरको खुदाईको काम सकियो। बांधको निमित्त सामानहरू जम्मा गरिंदैछ । यस योजनाबाट ७२,००० रोपनी खेत पटनी हुने लक्ष छ।

४) डुन्डुवा नहर योजना:– नेपालगञ्जमा भएको यस योजनाले ७२,००० रोपनी खेत सिंचाई गरिनेछ र अफिस स्टाफ घर, १० माइल नहर निर्माण भैसकेको छ। बांधको काम शुरू भैसकेको छ।

५) कमला नहर:– यस योजना अन्तर्गत सप्तरी महोत्तरी जिल्लामा करीब ६०,००० एकड खेतमा पटनी हुनेछ। ६० मीइल लामो नहरको चिन्ह लगाउने काम पूरा भैसक्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

६) राप्तीदून सिंचाई योजनाः— खर्पको काम समाप्त भइसक्यो, डिजाइन इष्टमेट हुंदैछ। यस योजनाबाट ७,२०,००० रोपनी जमीनमा सिंचाई गर्ने लक्ष छ।

७) बागमती नहर योजनाः— यस योजना अन्तर्गत रौतहट र सर्लाही जिल्लामा जम्मा २४,००,००० रोपनी सिंचाई हुन सक्नेछ। सर्भे काम धमाधम हुंदैछद्ध।

८) बबै नहर योजनाः— बांके जिल्लामा यस योजना कार्यान्वित भएपछि ८००,००० रोपनी खेत सिंचाई गर्ने उद्देश्यले प्रारम्भिक सर्भे काम शुरू गरिएको छ।

९) कञ्चन नहर योजनाः— यस योजना अन्तर्गत ४०,००० रोपनी जमीन पटनी गर्ने लक्ष राखिएको छ। यसमा हाल सर्भेक्षण हुंदैछ र योजना तौलिहवा जिल्लामा छ।

१०) बाण गंगा नहर योजनाः— तौलिहवा जिल्लामा रहेको यस योजनाले त्यस जिल्लाको ४,००,००० रोपनी जमीन पटनी गर्ने लक्ष छ। हाल सर्भेक्षणको प्रवन्ध हुंदैछ।

११) कोटखु नहर योजनाः—काठमाडौंमा यस योजनामा डिजाइन इष्टमेट सकी अब चांडै नै निर्माण काम शुरू हुने भएको छ। यस योजना अन्तर्गत १८,००० रोपनी खेत पटनी गर्ने लक्ष छ।

१२) गोदावरी नहर योजनाः— काठमाडौं उपत्यकाको यस योजनाबाट १८,००० रोपनी खेत सिंचाई हुने भएको छ र निकट भविष्यमा काम शुरू हुने भएको छ।

१३) पांचखाल सिंचाई योजनाः— पूर्व १ नं. को यस योजनाको सर्भेक्षण गर्ने कामको प्रवन्ध हुंदैछ। यसबाट ३६,००० रोपनी खेत पटनी गर्न सकिने लक्ष छ।

१४) बनेपा सिंचाई योजनाः— पूर्व १ नं. को यस योजनाको सर्भेक्षण गर्ने कामको प्रवन्ध हुंदैछ। यसबाट १८,००० रोपनी खेत पटनी गर्ने लक्ष छ।

CC-0. In Public Domain. Digitization by eGangotri

१५) बागमती (काठमाडौं):— यस योजनाबाट काठमाडौं उपत्यकाको २०,००० रोपनी जमीन पटनी गर्ने लक्ष छ । यस योजनाको प्रथम चरण, गोकर्ण बांध र चाबेलसम्मको नहरको निर्माण काम पूरा भैसक्यो । दोस्रो चरणमा २॥ माइल लाम्रो नहर खुदाईको काम समाप्त भैसकेको छ । बांधको काम चांडो नै शुरू हुनेछ र यो देवपाटन राजराजेश्वरीघाटनिर बन्ने भएको छ ।

१६) पोखरा जल विद्युत योजना:— यस योजना अन्तर्गत पोखरामा पार्दी खोला (फेवाताल) मा बांध बांधी सिंचाईको साथसाथै १०००० किलोवाट विद्युत समेत उत्पादन गर्ने व्यवस्था भै १०,-००० रोपनी सिंचाई गर्ने काम सकियो । विद्युतको हकमा माल सामानको अडर भैसकेको छ । घरहरू बन्ने काम चांडै नै समाप्त हुनेछ ।

१७) नेपाल अधिराज्यको विभिन्न स्थानहरूमा सानासाना अन्य योजना-हरू पनि छन् । जसबाट १,२५,००० रोपनी पटनी गर्ने लक्ष छ ।

१८) पश्चिम २ नं. गोरखाको चेपेनदीबाट पालुंगटार, राइनास टार र च्यागली टारमा सिंचाई गर्ने उद्देश्यले सर्भेक्षण गरिने भएको छ ।

प्रश्न :

नेपालमा बिजुलीको सामान्य आवश्यकताको पूर्ति निम्ति चालू योजनाहरू कुन कुन हुन् र यसका अतिरिक्त नयाँ के के योजनाहरू विचाराधिन छन् । यस बारे केही बताई दिनु हुन्छ कि ?

उत्तर:

नेपाल अधिराज्यभर प्रचूर मात्रामा जल स्रोतको भण्डार भएको र प्राकृतिक भौगोलिक विवरण पनि विद्युत शक्ति उत्पादनलाई सुहाउंदो छ भन्ने कुरो सर्वमान्य नै छ । तथ्यांक यातायात तथा अन्य सुविधा साधनहरू उपलब्ध गराउनु प्रथम कार्य हुन आएको छ । तर यी साधन कम भएपनि जनताको सामान्य विद्युतको आवश्यकता पूर्ति गर्न निति विद्युत योजनाहरू सामान्य तवरले हाललाई श्री ५ को सरकारले चालू

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छ।

१) काठमाडौं पावर इम्प्रूभमेंट:– धेरै समयदेखि काठमाडौं उपत्यकामा भैरहेको विद्युतको निम्नतम अवस्थाको सुधार गर्नलाई लैनचौर पार्कमा ५०० किलोवाट र नक्साल गौचरमा ५० किलोवाटको दुइ डिजल पावर प्लाण्ट यही आउने माघ महीनाभित्रै चालु भै सक्नेछ। यसबाट विद्युतको वस्तुस्थिति नर्मल (Normal) अवस्थामा हुनजाने आशा गरिएको छ। बढी आवश्यकताको पूर्तिको हकलाई त्रिशूली पनौती वा अन्य जल विद्युत योजनालाई अपेक्षा गरिराख्नु पर्नेछ।

२) फ्रीक्वेन्सी कन्भर्सन:– यो योजना अन्तर्गत हाल काठमाडौं उपत्यकामा भैरहेको पावर हाउसहरूको पुनरुत्थान गरी विद्युतको प्रवाह ६० साइकल बाट ५० साइकलमा परिणित गर्नेछ। यसो गर्नाको कारण जनतामा विद्युत सम्बन्धी उपभोगका वस्तुहरू सरलसाथ उपलब्ध गर्ने र सबै छिमेकी राष्ट्रहरूसंग विद्युतशक्तिको आदान प्रदान गर्नामा कठिनाइ दूर गर्ने हेतु पनि छ।

३) काठमाडौं उपत्यकामा ट्रान्समिशन तथा डिष्ट्रिब्यूशन सुधार:– यस योजना अन्तर्गत काठमाडौं उपत्यकाको विद्युत वितरण साधनहरूको क्षमता बढाउने र भएका साधनको पनि पुनरुत्थान गर्नेछ। यस कार्यक्रमलाई ब्रिटिश सरकारबाट सहायता प्रदान भएको छ। विद्युत उत्पादन गर्ने योजनाहरू जस्तो त्रिशूली पनौती र अन्य प्रोग्राममा मिल्ने गरी योजना चरण चरणमा विभाजित गरिएको छ र २२।२३ सालसम्म खतम गर्ने लक्ष राखिएको छ।

४) हेटौंडा पावर प्लाण्ट:– यो योजना काठमाडौं रक्सौल डेभलपमेण्ट बेल्टको औद्योगिक तथा विद्युत मागको पूर्ति गर्ने उद्देश्यमा आधारित छ। काठमाडौं उपत्यकामा बढ्दो उत्पादन माग भैरहेको साथै आयोजित उद्योगहरू पनि विद्युत बिना शुरू गर्न नसकिएकाले

CC-0. In Public Domain. Digitization by eGangotri

यस योजना अन्तर्गत २०।२१ आर्थिक सालसम्म १००००० किलोवाटको पावर बनाई सञ्चालन गर्नुपर्ने अवस्था परेको छ। कुनै श्रोतबाट भए पनि तत्कालै सहायता उपलब्ध गरी यो योजना कार्यान्वित गर्नु परेको छ।

५) काठमाडौं, वीरगञ्ज पावर लाइनः– यो योजना संयुक्त राज्य अमेरिका सरकारको सहायता अन्तर्गत चालू हुने भएको छ र यस अन्तर्गत बन्ने करीब ७० मीलको ६६००० भोल्ट लाइन तथा सब स्टेशनहरूले काठमाडौं, रक्सौल बेल्टमा विद्युत उपभोक्ता-हरूको पावर मांग पूर्ति गर्नामा मद्दत गर्नेछ। यो योजना आर्थिक वर्ष २०।२१ मा समाप्त हुन सक्नेछ।

६) हाइड्रोलजी तथा हाइड्रोसाफिक सर्भेः– यो योजना अन्तर्गत नदी नाला पाटी सर्भे गर्न तथ्यांक उपलब्ध गर्न साधनहरूको बन्दोबस्त गर्ने र पावर उत्पादनको कार्यक्रम बनाउने काम शुरू हुनेछ। यो योजना विस्तृत रूपले चालू भएपछि नेपाल अधिराज्यभर सर्भेको काम शुरू गरिनेछ।

७) सर्भे भैरहेका योजनाहरूः– (क)– यो योजना गत साल जापानी हाइड्रोइलेक्ट्रीक सर्भे मिशनद्वारा सर्भे भै हाल प्रोजेक्ट रिपोर्ट समेत प्राप्त भएको छ। सो रिपोर्ट अनुसार ३०,००० किलोवाटसम्म विद्युत उत्पादन हुन सक्नेछ। विस्तृत हाइड्रोलजी र जुओलजी सर्भे कामको लागि कोलम्बो प्लान अन्तर्गत जापान सरकार छेउ विशेषज्ञको लागि अनुरोध गरिएको छ। (ख) ठाडो खोलाः– यस योजनामा ४०० किलोवाट विद्युत उत्पादन गरिने इन्तजाम छ र यस आर्थिक सालमा विस्तृत सर्भे गरी प्रोजेक्ट रिपोर्ट तयार गरिनेछ। यो योजनाको लागि केही मालसामानहरू ब्रिटिश सहायता अन्तर्गत आउने भएको छ। (ग) कर्णालीः– यू.एन. स्पेशल फण्डबाट प्राप्त सहायता अन्तर्गत यसै सालदेखि योजनाको विस्तृत सर्भे चालू हुने भएको छ। ३।४ सालसम्ममै

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य चालू रहन्छ र प्रोजेक्ट रिपोर्ट समेत तयार गर्ने कार्यक्रम छ।

८) माइक्रोप्लाण्ट:- नेपाल अधिराज्यको सुहाउंदो कुनै एक स्थानमा पाइलट प्रोजेक्टको रूपमा १०० किलोवाटसम्मको प्लाण्ट यसै साल तयार पारी आयोजना पूरा गरिने उम्मेद गरिएको छ।

९) वीरगञ्ज डिजल:- वीरगञ्ज सप्लाई कारपोरेशन राष्ट्रियकरण गर्ने र सो मेशीनलाई सुव्यवस्थित गरी केही क्षमता समेत बढाई वीरगञ्ज शहरको इलेक्ट्रिफिकेशनको समस्या समाधान गरिने आयोजना छ।

प्रश्न:

पनौती र खास गरी धेरै वर्षदेखि नेपालीहरूले निकै पर्खी राखेको त्रिशुली योजनाबाट कैलेसम्म बिजुली उत्पादन शुरू हुन्छ, यसबारे पनि केही भनी दिनु हुन्छ कि ?

उत्तर:

पनौती योजना:- यो योजना सोभियत सरकारको सहायता अन्तर्गत चालू गरिएको र योजनाको क्षमता २४०० किलोवाट छ। वर्षाले गर्दा र रसियन सरकारसित हुने समझौतामा हेरफेर गर्ने भएकोले सो निधो लागेपछि योजना द्रुतगतिले चालू हुनेछ र २ सालभित्र समाप्त हुनेछ।

त्रिशूली योजना:- यो योजनाबाट पहिलो चरणमा ९००० विद्युत उत्पादन गर्ने भै अन्तिम क्षमता १८,००० किलोवाटसम्मको हुनेछ। भारत सरकारको सहायता अन्तर्गत सेण्ट्रल वाटर एण्ड पावर कमिसन न्यू दिल्लीको प्रशासन मार्फत कार्यान्वित हुंदैछ। यसको निमित्त भारत सरकारसंग ०१५ सालमा समझौता भएको र हालसम्म डिजाइन, इष्टमेट, सरजमीनका साधनहरू ठेक्का पट्टाहरू कार्यहरू प्रायः समाप्त भैसकेको छ। ठूलो हुंदा विस्तृत विचार गर्दा २०२१ सालको अन्तसम्ममा यस योजनाबाट ३००० किलोवाट पावर उपलब्ध हुनसक्दछ।

प्रश्न :

अन्त्यमा स्वास्थ्य सम्बन्धमा एक अर्को प्रश्न गरौं कि ? यो रूसी

CC-0. In Public Domain. Digitization by eGangotri

सहायताबाट बन्ने अस्पताल निर्माणमा कति प्रगति भएको छ र यो कहिलेसम्ममा तयार हुनेछ? फेरि यो अस्पतालका अरू उल्लेखनीय विशेषताहरू बताई दिनु हुन्छ कि?

उत्तर:

रूस सरकारको सहायताबाट बन्ने अस्पताल निर्माण विषयमा पूर्व योजना अनुसार उक्त अस्पतालमा २ ब्लक रहने भएकोमा पूर्व तर्फको निर्माणको काम समाप्त भएको छ र पश्चिम तर्फको ब्लक पनि तिहारसम्ममा पूरा हुने आशा छ रूसबाट आएको १०४ (एकसयचार) प्याकेज मेडिकल इक्विपमेंट कलकत्तामा डिलेभरी लिई रक्सौल आइपुगिसकेको छ र काठमाडौं तर्फ चलान हुंदैछ। र बांकी सामानहरू पनि यस सालभित्रै आइपुग्ने आशा छ। यी सामानहरू जडान गरिसकेपछि रूसबाट २ वर्षको निमित्त विशेषज्ञहरू आउने बन्दोबस्त पनि भैसकेको छ। यो अस्पताल अर्को सालदेखि चालू हुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

माननीय गृह सहायक मन्त्री श्री काजीमान कंदंगवासित

मिति:– २०१८ साल, आश्विन २२ गते

प्रश्न:

प्रशासकीय पुनर्गठन अझै सकिएको छैन भनी चलेको चर्चालाई हामीले कुन रूपमा लिने, मन्त्रीज्यू यसको स्पष्टिकरण दिनुहुन्छ कि ?

उत्तर:

प्रशासकीय पुनरगठन भन्नाले प्रशासकीय अधिकारीहरूको पुनरगठन, प्रशासकीय अड्डाहरूको पुनरगठन बुझिन्छ । यदि तपाईंको तात्पर्य पनि त्यै नै हो भने कर्मचारीहरूको सामुहिक रूपको पुनरगठन समाप्त भैसकेको छ । मेरो विचारमा प्रसाशकीय पुनरगठनको माने कर्मचारीको पुनरगठनमात्र होईन, प्रशासन सुचारू रूपले चलाउन जे जति कुराको पुनरगठन गर्नु पर्छ ती सबैको बिचार गर्नु पर्छ।

जहांसम्म मलाई लाग्छ यस प्रकारको प्रशासकीय पुनरगठनको क्रम जाहांसुकै जहिले पनि जारीनै रहन्छ। साथै समय अनुसार पुरानो अड्डाहरू खारेज गर्ने र नयां अड्डाहरू स्थापना गर्ने काम पनि श्री ५ को सरकारले समय समयमा गर्दै आएको छ । उदाहरणस्वरूप सदर मुलुकी खाना अड्डा खारेज भएको तथा कर अफिसहरू खडा भएको तपाईंलाई थाहैहोला ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्न:

श्री ५ महाराजाधिराजबाट गत पौष २२ गतेको शाही सन्देशमा भ्रष्टाचारी निर्मूल पार्ने समेत यस मन्त्री परिषद्को मुख्य काम हुनेछ भन्ने हुकूम भएको आधारमा भ्रष्टाचार निर्मूल पार्ने विषयमा गत १० महीनाभित्र श्री ५ को सरकारले कति सफलता प्राप्त गरेको छ र यस दिशामा के के असाधारण कदमहरू उठाइएका छन् ?

उत्तर:

जनहितको लागि भ्रष्टाचार पूर्णरूपले निवारण हुने ठोस व्यवस्थाको लागि भ्रष्टाचार निवारण ऐन, २०१७ जारी भएको तपाईंलाई थाहै होला। जिल्ला बडाहाकिमहरूलाई समेत भ्रष्टाचार सम्वन्धी केश तहकिकात गर्ने अधिकार दिनाको साथै विषेश पुलिस विभागलाई व्यापक र संगठित पनि गरेको छ र सो विभाग साविकको अनुपातमा बढीमात्रामा भ्रष्टाचार निवारण गर्न सफल भएको छ। उदाहरणको निमित्त २०१७ साल पौष१ गते देखि अहिले सम्म विशेष पुलिस बिभागबाट गरिएको कारवाहीको परिणाम स्वरूप :—

क) जम्मा ९२ जवान कर्मचारीउपर बिभागीय कारवाही गरिएकोमा भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि वर्खास्त भएका ४८

भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरि बर्खास्त गरिएका ८

डिमोशन गरिएका ४

प्रमोशन रोक्का गरिएका ५

तैलव वृद्धि रोक्का गरिएका २

नशिहद दिइएका २५

ख) अदालतबाट सजायँ पाएका जवान ३२

ग) 'कैद' ठेकिएको जम्मा

२५ वर्ष ३ महीना

CC-0. In Public Domain. Digitization by eGangotri

घ) अदालतबाट दण्ड जरिवाना भएका जम्मा भा. रू. ३६०। मो. रु. ६०६१। जाली फोलो शोषक भ्रष्ठचारको निर्मुल गरेर इमान्दारीको अभ्युत्थान गर्ने हेतुले विशेष अधिकार सम्पन्न जिल्ला दौडाहाको व्यवस्था पनि गरिएको छ।

प्रश्नः

जिल्लाहरूमा चोरी, डकैती, राहजनी आदि दुःखद घटनाहरू कति घट्छन्, कति केन्द्रको सरकारसम्म ती कुराहरू पुग्दैपुग्दैनन् भन्ने मानिसहरूका गुनासोमा कहांसम्म सत्यता छ ?

उत्तर

अधिराज्यका प्रत्येक जिल्लामा घटेका फौजदारी अपराधहरू पुलिसको प्रचलित नियम सवाल बमोजिम पुलिसको प्रत्येक युनिटले आफ्नो तालुक अफिसमा पेश गर्ने सोही बमोजिम प्रत्येक जिल्ला केन्द्रमा सप्ताह पिच्छे घटित अपराधहरूको विवरण पठाउनु पर्छ। सोही अनुसार पु०हे०क्वा० बाट राज्य भरको अपराध तथ्याङ्क संकलित गरी साप्ताहिक जाहेरीको रूपमा श्री ५ को सरकार गृहमन्त्रालयमा जाहेर हुन्छ। साथै साथ नेपाल राज्यभरमा घटेको फौजदारी अपराधको तथ्यांक पनि समय समयमा प्रचार तथा प्रकाशन समेत गरिएको छ। यसैले यस कुरामा चाख राख्ने व्यक्तिले थाहा पाउनु पर्ने कुरा हो। केन्द्रीय सरकारमा रिपोर्ट पुग्दै पुग्दैन भन्नु गुनासो उचित भन्न सकिदैन। २०१८।६।१३ देखि २०१८।६।१९ सम्मको अधिराज्य भरका अपराध सम्बन्धी साप्ताहिक रिपोर्ट- (१) डाँका- ३। (२) चोरी-३०। (३) खुन-७। (४) आत्महत्या-१। (५) चोयायाँ चोरी-३। (६) सवारी गल्ती-६। (७) निगरानी-३ (८) फुटकर-२७। पुलिस प्रकाशन प्रहरीमा साल सालको अपराध तथ्यांक प्रकाशित गरी तुलनात्मक विवेचना समेत प्रस्तुत गरिएको सर्व विदितै छ।

प्रश्न :

अन्य देशहरूको तुलनामा हामीकहांको जेल व्यवस्था आजको युग सुहाउंदो छैन भनी भनेको सुनिन्छ, जेललाई सुधार केन्द्र र तालिमशाला बनाउनु पर्ने आवश्यकताको दिशातिर सरकारले के गदछ ?

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर:

संसारका कतिपय उन्नत तथा प्रगतिशिल देशहरूमा भए जस्तै राम्रो व्यवस्था हाम्रो देशका सबै जेलहरूमा भै सकेको छैन। तापनि श्री ५ को सरकार त्यस तर्फ विशेष प्रयन्तशील छ। प्रगतिशील देशको दांजोमा हाम्रो जेलहरूलाई पुऱ्याउन प्रयास भैरहेछ। त्यस मध्ये केही मुख्य २ कुराहरू निम्नलिखित हुन्:–

(क) जेलका कैदीहरूको समुचित व्यवस्था गर्ने उद्देश्यले जेल अस्पताल, लुगादिने, सबै जेलमा सामुहिक भान्साको व्यवस्था गर्ने श्री ५ को सरकारले न ो गरेको छ र हाल नख्खुजेलमा यो व्यवस्था चालु भैपनि स ...छ। चाँडै नै सदर जेलमा र त्यस पछी क्रमशः अरू जेलहरूमा चालु गरिने छ।

(ख) अपराधीहरूको नैतिकता सुधार गर्ने उद्देश्यले श्री ५ को सरकारले कैदीहरूलाई जेलभित्रै शिक्षा दिने निधो गरिसकेको छ र शिक्षाका पाठचक्रम एकिन गरी सरकारमा पेश गर्न शिक्षा विशेषज्ञहरूको कमिटी पनि गठन भैसकेको छ।

(ग) कैदीहरू जेलबाट निस्के पछि स्वावलम्बी बन्न सकुन भन्ने हेतुले सदर जेलभित्र घरेलू इलम सम्बन्धित कारखाना चालु गरिएको छ र सो कारखानामा घरेलु विभागका शिक्षकहरूले तालीम दिने गर्दछन्।

प्रश्न:

विकासको दृष्टिबाट समस्त अधिराज्यलाई १४ अञ्चल र ७५ विकास क्षेत्रमा विभाजित गरिएकोमा अब यी क्षेत्रहरूको प्रशासनको निम्ति छुट्टै कुनै व्यवस्था भएको छ कि ?

उत्तर:

नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास क्षेत्रमा विभाजित गरिएकोमा सो हाल विकास कार्यमा मात्रै लागू छ। साधारण जिल्ला प्रशासन अहिले साविक व्यवस्था अनुसारै चलिरहेको छ। तर तपाईंलाई यो सम्झना होला कि ३ वर्षदेखि ५ वर्षभित्रमा आजको प्रशासकीय

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाको बदलामा विकास जिल्ला र अञ्चलको प्रशासकीय रूप कायम गर्ने श्री ५ को सरकारले निधो गरी सकेको छ ।

प्रश्न:

सरकारी कर्मचारीहरूमा अनुशासन र नैतिकताको भावनाको विकासको निम्ति सरकारले केही ठोस र नयां नियमहरू पनि कार्यान्वित गर्न लागेको छ कि ?

उत्तर:

सरकारी कर्मचारीहरूको योग्यताको कदर, नोकरीको सुरक्षा सिनियोरिटी तथा योग्यताकै आधारमा तरक्कीको ग्यारेण्टीको सिलसिला बस्नाले तथा अयोग्य घूसखोर निमक हराम कर्मचारीलाई कसुर अनुसारको दण्ड दिनाले नै कर्मचारीमा अनुशासन र नैतिकताको भावना विकास हुन सक्छ भन्ने कुरा श्री ५ को सरकारले बुझेको छ र त्यसतर्फ आवश्यक कदम उठाई सकेको छ । नेपाल निजामती सेवा ऐन तथा नियमावली पुलीस फोर्स निजामति सेवा नियमावली तथा भ्रष्टाचार निवारण ऐन जारी भै सकेका छन् । विभिन्न सेवा भर्ना प्रमोशन सम्बन्धी नियमहरूको मसौदा हुँदैछ । र चाँडै जारी पनि हुनेछन् ।

प्रश्न:

निजामती सेवा नियमावलीमा संशोधन हुन लागेको भन्ने सुनिएको कहांसम्म सत्य हो, बताइदिनु हुन्छ कि ? हो भने संशोधन कुन उद्देश्लाई ध्यानमा राखेर गरिंदैछ ?

उत्तर:

निजामती कर्मचारीहरूलाई पेन्सन उपदानमा साविकभन्दा वढी सहुलियत दिने तथा असक्त पेन्सन र असाधारण पारिवारिक पेन्सन दिने गरी निजामती सेवा नियमावली संसोधन भै नेपाल गजेटमा समेत प्रकाशित भैसकेको तपाईंलाई थाहै होला ।

प्रश्न:

छिटो, छरितो र दरिलो प्रशासकीय संगठनको दृष्टिबाट पहाड

CC-0. In Public Domain. Digitization by eGangotri

तराईका विभिन्न भागलाई केन्द्रसित निकटतम सम्बन्धले जोड्नुपर्ने आवश्यकतामाथि सरकारले के के गर्दैछ ?

उत्तर:

भौगोलिक कारणले गर्दा अधिराज्यका विभिन्न जिल्लाहरूसम्म केन्द्रको निकटम सम्बन्ध सरकारका विकसित देशहरूको जस्तो राम्रो हुन सकेको छैन भन्ने कुरा श्री ५ को सरकारले महसुस गरेको छ । त्यसको लागि आवश्यक बाटोहरू बनाउन योजना जस्तो आर. टी. ओ. को योजना जस्तो टेलिफोन व्यवस्थाहरू र आकाशवाणी व्यवस्थामा थप टेलिकम्यूनिकेशनको व्यवस्था गर्ने योजना शुरू भैसकेको छ ।

यातायात र सञ्चार व्यवस्था सम्पन्न हुने कुराको प्रतीक्षा मात्र नगरी टाढा र रहेका जिल्लाहरूसंग नजिकका जिल्लाहरूको माध्यम-द्वारा सम्पर्क स्थापित गरिएको छ र एक जिल्ला बडाहाकिमले अर्को जिल्ला बडाहाकिमसंग सम्पर्क राखी केन्द्रसंग कसरी निकटतम सम्बन्ध राख्ने भन्ने समेत कुरामा बडाहाकिमहरूलाई समय समयमा निर्देशन पनि सरकारले दिने गरेको छ ।

प्रश्न:

तराई र पहाडका विभिन्न भागहरूमा शान्ति व्यवस्था कायम राख्न पर्याप्त पुलिस व्यवस्था छैन भन्ने मानिसहरूको शिकायतप्रति मन्त्री-ज्यूको के प्रतिक्रिया छ ?

उत्तर:

अधिराज्यको कुना कुनासम्म पनि शान्ति सुरक्षा कायम राख्न पुलिस व्यवस्थाको व्यापक जाल बिछाइएको छ । समयको परिवर्तन साथ साथै आवश्यकता हेरी पुलीस दरबन्दीमा थप घट समेत गरिएको सर्वविदितै छ । कुनै पनि भागमा पुलिसको कमी महसुस गरिएको छैन । र समाज विरोधी तत्वहरूलाई नियन्त्रण गर्ने पुलीसको व्यवस्थामा पर्याप्तता मात्र होइन क्षमता पनि छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्नः

हामी कहाँ अधिकांस सी.आई.डी. हरु आउने भएकोले अर्थको अनर्थ रिपोर्ट सरकारमा दिन सक्छन्, के यस्तो भयो भने न्यायी र अन्यायी चिन्न सरकारलाई गाह्रो परेर अन्यायी सज्जन र सज्जन चोर ठहर्ने जाँदैनन् ? मन्त्रीज्यू यस्तो गडबडी हुन नपावस र दोषी निर्दोषी छुट्टियुन भने के सरकारले केहि न्यायसंगत उपायको खोज गर्नु पर्दैन ?

उत्तरः

हाम्रो सी. आई. डी. मा विशेषतः राम्ररी पढ्न र लेख्न सक्ने व्यक्ति -हरूको नियुक्ति सरकारले गर्ने गरेको छन् । सी. आई. डी . को कुनै एक व्यक्तिले दिएको रिपोर्ट सी. आई. डि विभागमा जो छ विभागले राम्ररी छानविन गरेर मात्र सरकारमा प्रस्तुत गर्ने गर्दछ । सज्जन तथा निर्दोषी व्यक्तिहरू अन्यायमा पर्न नजाउन भन्ने हेतुले सी. आई. डि को रिपोर्टहरू पनि पूरा छानविन गरेर मात्र कारवाही हुने गरेको छ । यस व्यवस्थाले निर्दोष व्यक्तिहरू अन्यायमा पर्न जादैनन् भन्ने विश्वास लिन सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श ज्योति

दो श्रो कि र ण

आदर्श संकलन

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्नः

हामी कहाँ अधिकांस सी.आई.डी. हरू आउने भएकोले अर्थको अनर्थ रिपोर्ट सरकारमा दिन सक्छन्, के यस्तो भयो भने न्यायी र अन्यायी चिन्न सरकारलाई गाह्रो परेर अन्यायी सज्जन र सज्जन चोर ठहर्ने जाँदैनन् ? मन्त्रीज्यू यस्तो गडबडी हुन नपावस र दोषी निर्दोषी छुट्टियुन भने के सरकारले केहि न्यायसंगत उपायको खोज गर्नु पर्दैन ?

उत्तरः

हाम्रो सी. आई. डी. मा विशेषतः राम्ररी पढ्न र लेख्न सक्ने व्यक्ति-हरूको नियुक्ति सरकारले गर्ने गरेको छन् । सी. आई. डी . को कुनै एक व्यक्तिले दिएको रिपोर्ट सी. आई. डि विभागमा जो छ विभागले राम्ररी छानविन गरेर मात्र सरकारमा प्रस्तुत गर्ने गर्दछ । सज्जन तथा निर्दोषी व्यक्तिहरू अन्यायमा पर्न नजाउन भन्ने हेतुले सी. आई. डि को रिपोर्टहरू पनि पूरा छानविन गरेर मात्र कारवाही हुने गरेको छ । यस व्यवस्थाले निर्दोष व्यक्तिहरू अन्यायमा पर्न जादैनन् भन्ने विश्वास लिन सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श ज्योति

दोश्रो किरण

आदर्श संकलन

CC-0. In Public Domain. Digitization by eGangotri

महावाणीहरू:-

विदेशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिया कंगाल गरी छाड्छन ।

-श्री ५ पृथ्वीनारायण शाह

अराष्ट्रिय काम कार्वाईबाट कसैको भलाई हुदैन

-स्व० श्री ५ महेन्द्र

१. राष्ट्रवादको आधार विना निर्दलीय पंचायती व्यवस्था बांच्न सक्छ भन्ने सम्झनु सपना जस्तै हुनेछ ।

२. राजनीतिक एवं सामाजिक कार्यकर्ताको परिचालन तथा मूल्यांकन नभै कुनैपनि व्यवस्था दिघो र दरिलो हुन नसक्ने कुरा स्वतः सिद्ध छ ।

राष्ट्रवादी आदर्श मण्डल

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श ज्योति

(दोश्रो किरण)

राष्ट्रवादी आदर्श मण्डलद्वारा
प्रकाशित

लेखक
प्रेमकृष्ण काफ्ले
तथा
भरतमणि जङ्गम

प्रथमवार ५०० प्रति मूल्य १।– मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न राजभक्त एवं राजनीतिज्ञहरूबाट पाएको प्रेरणा:--

राष्ट्रवादी आदर्श मण्डलले आफ्नो प्रकाशनद्वारा पञ्चायत व्यवस्थाको सैद्धान्तिक पक्षलाई बलियो पार्ने जुन प्रयत्न गरिरहेको छ त्यो सन्हाहनीय छ । यो मण्डलको प्रयास जारी रहोस र यसबाट व्यवस्थालाई सबल गर्नमा ठूलो योगदान प्रदान गर्न सकोस भन्ने कामना गर्दछु ।

डा० तुलसी गिरी
राजनीतिक सल्लाहकार

卐 राष्ट्रवादी आदर्श मंडलको विभिन्न कार्यक्रममा भाग लिन पाएको आधारमा यस मण्डलले गरेको प्रगति एवं सक्रियतामा मलाई खुशीलाग्नु स्वभाविकै हो ।

पञ्चायत व्यवस्था तथा राजमुकुटलाई अंगालेर राष्ट्रवादी आदर्श समाज सिर्जना गर्न यो मण्डल सफल होस भन्ने कामना गर्दछु ।

नगेन्द्रप्रसाद रिजाल
अध्यक्ष राष्ट्रिय पञ्चायत

○ यो सानो पुस्तिका "आदर्श ज्योति" प्रकाशनार्थ आर्थिक सहयोग प्रदान गरी हामीलाई प्रोत्साहित पारिदिनु भएकोमा संमाननीय अध्यक्ष श्री. नगेन्द्रप्रसाद रिजालज्यूलाई धन्यवाद नदिई रहन सकिदैन ।

प्रकाशक

CC-0. In Public Domain. Digitization by eGangotri

– यो व्यवस्था (पञ्चायती व्यवस्था) नेपाली जनजीवनको नैसर्गिक वास्तविकता र जन–आकांक्षामा आधारित भएकोले क्रियाशील मात्र नभई यसका क्रमिक रूपमा विकास र विस्तार हुने प्रशस्त ठाउँ छ ।

श्री ५ वीरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

२०३० साल नयाँ वर्षको महान
शुभ उपलक्षमा देश,
नरेश तथा नेपाली
जनतामा एक
भेटी स्वरूप
समर्पित

राष्ट्रवादी आदर्श मण्डल

CC-0. In Public Domain. Digitization by eGangotri

सेवा ! पूजा !!

विचारको वास्तविक एवं पंक्ति गाऱ्हो (प्रत्येक मनुष्यमा) आफ्नै किसिमको हुन्छ । त्यही गाऱ्हो भित्र राष्ट्रियता पनि फष्टाउन सक्दछ । प्रत्येक मानिसको मस्तिष्कमा राष्ट्रियता सलबलाई रहेको हुन्छ । कहिं कतै विचारमा परिवर्तन तथा विचलित हुंदा 'अ' को सिर्जना हुन सक्दछ । त्यसैले बिचार संधै पबित्र, स्वच्छ र एकरूपतामा आधारित, आदर्शले ओतप्रोत भएको हुनुपर्दछ । यसैमा राष्ट्रीयता छिपेको हुन्छ ।

मानिस मात्रको सेवा गर्ने दृढ प्रतिज्ञा गरी स्वच्छ र आदर्श बिचारको संगालो "आदर्श ज्योति" पुस्तिका मानव सेवामा प्रस्तुत गरिएको छ । मानव सेवाले हामीलाई यो लोक र ईश्वरको पूजाले परलोक सुधार्ने प्रेरणा दिन्छ । यसले क्षणिक जीवनको पवित्र मार्गमा उत्रिन समर्थवान तुल्याउंछ ।

यो दोश्रो किरण राष्ट्रियताको अभिनन्दन लिएर उभिएको छ । देश भक्तिको परीक्षामा आफूलाई अर्पेकोछ । त्यो दिन यो सफल हुनेछ, जुनदिन यसले मानव सेवा पूरा गर्नेछ ।

लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

यस ज्योतिमा

१ कार्यकर्ता परिचालन बारे एक सुझाव १
२ पञ्चायती व्यवस्थामा कार्यकर्ताको आवश्यकता ५
३ कार्यकर्ता मूल्याङ्कन प्रणाली एक झलक १०
४ पञ्चायती व्यवस्था वास्तविक प्रजातन्त्रको रूपमा १५
५ विभिन्न वर्गहरू बीच पारस्परिक सहयोग आवश्यक २०
६ जनता तथा सामञ्जस्य आवश्यक २४
७ नेपाली जनजीवनको आर्थिक पक्ष २८
८ ग्रामीण तहको समस्या र त्यसको समाधान ३४

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यकर्ता परिचालनबारे एक सुझाव

पंचायती व्यवस्थालाई अझ दिगो, दरिलो एवं स्थिर बनाउनका लागि व्यवस्थामा काम गर्ने राजनीतिक एवं सामाजिक समाज सेवी कार्यकर्ताहरु-लाई अझ बढी मात्रामा सक्रिय तथा सक्षम बनाउनु पर्दछ । यस्ता कार्यकर्ताहरुले व्यवस्थाका सच्चा उपयोगि खम्बाहुन, जसले व्यवस्थामा आई परेका विभिन्न समस्याहरुलाई आफ्नो सक्रियता, कार्यकुशलता, तथा प्रभावशाली गुण अनुरुप विभिन्न वर्ग र समाजमा गई बाटो देखाउने काम गर्दछन । यस्ता समाजसेवीहरुलाई सक्रिय बनाउनु देशको प्रमुख कर्तब्य हो ।

नेपालको वर्तमान संविधान पंचायती व्यवस्थालाई स्वीकार गरी लोक कल्याणकारी राज्य स्थापना गर्दै देशको चौतर्फी विकासगर्न अग्रशर भएको छ । तर कतिपय सर्वसाधारण एवं अशिक्षित जनतालाई यो मूल मन्त्र थाहाछैन । यो जटिल समस्या तबै समाधान हुन सक्दछ जब व्यवस्थाका तमाम राजभक्त कार्यकर्ताहरु लगनशील र कर्मठताका साथ सक्रिए रुपमा एक जुटभै आफ्नो कर्तव्य निभाउन थाल्दछन ।

आज हाम्रो अगाडि जतिसुकै समस्याहरु देखापरेता पनि यदि हामी-ले निष्पक्ष तथा सच्चाईताका साथ प्रत्येक कार्यकर्ताहरुलाई विभिन्न क्षेत्रमा विभाजित गरी काम गराउंदै लगेका खण्डमा यी समस्याहरु सजिलै सित हलगर्न सकिन्छ । केही व्यक्तिहरु, जसले पंचायती व्यवस्था बुझ्दै बुझेका छैनन, कोही बुझेर पनि बुझ पचाउने खालका छन तथा कतिपय व्यक्तिहरु

CC-0. In Public Domain. Digitization by eGangotri

बुझेर पनि बुझ्न चाहने छन् । यस्ता तीन थरीका समाज हाम्रो अगाडि देखा परेका छन । जसले यस व्यवस्थालाई बुझ्दै बुझेका छैनन तिनीहरूलाई राम्ररी बुझाउन सक्ने खालका कार्यकर्ताहरू चाहियो । बुझेर पनि अबुझ हुनेहरूका लागि साम, दान, दण्ड, भेदको अनुरूप कार्यकर्ता एवं प्रशासन समेतले सही बाटोमा हिडाउने खालका कार्यक्रम गरेर देखाउनु आवश्यक छ । जो बुझेर झन बुझ्न चाहन्छन तिनीहरूका निम्ति अध्ययन, मनन, र चिन्तको अझ बढी आवश्यकता देखिन्छ । नेपालको संविधानमा उल्लिखित पंचायत प्रणालीका निर्देशक सिद्धान्त अनुरूप सो प्रणालीका लक्षलाई सामाज्जस्यपूर्ण एवं नैतिकवान समाजको स्थापना गर्ने दिशातिर हामी सबैले लाग्नु परेको छ भन्ने कुरा आजको समाजमा मार्ग दर्शनको रूपमा देखाउनु पर्दछ ।

उपर्युक्त सत्य भनाईलाई पूर्ति गर्न तथा राजभक्त, देशभक्त एवं व्यवस्था भक्त समाज सिर्जनाका लागि, प्रत्येक समाजसेवी, राजनीतिक तथा सामाजिक कार्यकर्ताहरूलाई क्षेत्र र आवश्यक सहयोग गरी राज्यले काम गराउनु पर्दछ ।

कार्यक्रमहरू:–

१. पंचायत व्यवस्था गाउँमा जन जागृति ल्याउन सक्षम भएको कुरा सबै वर्ग तथा समाजमा देखाउने र सर्वसाधारणहरूलाई प्रभाव पार्ने ।
२. प्रत्येक समाजसेवी राजनीतिक एवं सामाजिक कार्यकर्ताहरूलाई घुम्ति टोलीको रूपमा गठन गरी विभिन्न ठाउंमा पठाई कार्य गराउने ।
३. यसमा विभिन्न किसिमका कार्यकर्ताहरूलाई आवश्यकीय सामाग्रीहरू उपलब्ध गराई उनीहरूको प्रतिभा अनुसार काम गराउनु पर्दछ ।
४. कार्यकर्ताहरूको रूचि अथवा नशा अनुसारको पेशा हुनु अत्यावश्यक छ

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यथा कार्यमा कुशलता र सक्रियता आउन सक्दैन ।

५. प्रत्येक बुद्धिजीवी, समाजसेवी, विद्यार्थी एवं सर्वसाधारण समाजमा गई असल नागरिकका गुण विकास गर्नुपर्छ भन्ने कुराको जानकारी दिनु ।

६. राष्ट्रियता, राष्ट्रियहित र आदर्श समाजको स्थापना गर्नाले तमाम देशवासीहरूको भलाइ एवं कल्याण हुनेछ भन्ने मूलमन्त्र सबैमा जगाउने ।

७. प्रत्येक नेपालीको चरित्र निर्माण गरेर आज्ञाकारीता तथा आत्मनिर्भरताको आदतबारे प्रभाव पार्नु ।

८. सम्पूर्ण कार्यकर्ताहरूले सामाजिक स्वार्थको भावनाले प्रेरित भई काम गरून, व्यक्तिगत स्वार्थ कसैमा पनि नरहोस ।

९. कार्यकर्तामा हुनु पर्ने आवश्यकीय गुणहरू:– विवेकशील, दयावान, धीर, निपुर्णता, कर्मठता, दृढता, सहयोगी, देशसेवाको बाटो देखाउन सक्ने ।

१०. कार्यकर्ताहरूको जिम्मेवारी व्यवस्था अनुरूप राष्ट्रिय विकासको निमित्त स्वस्थ तथा रचनात्मक भावनाको सिर्जना गर्ने गराउने ।

११. पञ्चायती व्यवस्थाको राजनीतिक पक्षबारे विभिन्न विद्वत मण्डलीमा छलफल गरी वास्तविक एवं सच्चा निष्कर्ष निकाल्ने ।

१२. कानूनको मर्यादा पालना गर्नाले मात्र कर्तव्य परायण समाजको सिर्जना गर्न सकिन्छ भन्ने कुरा दर्शाउने ।

१३. तमाम देशका नागरिकहरूलाई व्यवस्था प्रति आस्था जगाई राजमुकुटको नेतृत्वबारे बोध गराउने ।

१४. यसका लागि प्रत्येक समाजसेवी कार्यकर्ताहरूलाई कार्य क्षेत्र र बढी से बढी समाजलाई सम्लग्न गराई काम गराउने ।

CC-0. In Public Domain. Digitization by eGangotri

१५. प्रत्येक कार्यकर्ता निम्न लिखित हैसियतबाट काम गर्न अग्रसर हुनु आवश्यक छ ।

१. समाज सुधारको हैसियतले । २. कानूनको मर्यादा अनुरूप । ३. सरकारी स्तरबाट । ४. गैर सरकारी स्तरबाट । ५. कानूनद्वारा । ६. सामाजिक संस्थानहरूबाट । ७. राजनीतिज्ञहरूद्वारा । यसका लागि निम्न प्रकृयाको अनुशरण गर्नु आवश्यक छ ।

१. प्रचार प्रकृया । २. संगठन प्रकृया । ३. संचालन प्रकृया । ४. परिसोधन प्रकृया । ५. अवाञ्छनीय तत्वका विरूद्ध संघर्ष गर्ने प्रकृया ।

जुन राज्यले आफ्ना नागरिकहरूलाई जस्तो किसिमको अधिकार प्रदान गरेकोछ, सोही अधिकार हेरर त्यो राज्य असल वा खराब छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

हेरोल्ड लास्की

CC-0. In Public Domain. Digitization by eGangotri

पंचायती व्यवस्थामा कार्यकर्ताको आवश्यक

संसारका सबै देशहरूले विभिन्न वाद या व्यवस्था अपनाई आफ्नो देशको राज्य व्यवस्था संचालन गरी रहेका छन् । कुनैपनि वाद अथवा व्यवस्थाको उद्देश्य राज्यको संप्रभूताको रक्षा गर्दै जनकल्याणकारी राज्यको स्थापना गर्नु हो । यस देशमा पनि २०१७ साल देखि दलविहीन पञ्चायती व्यवस्थाको शुरुआत भयो । व्यवस्थाको मूलभूत लक्ष्य दलविहीन राजनैतिक पद्धतिको माध्यमद्वारा वर्ग समन्वयलाई सुदृढ गरी शोषण रहित समाजको सिर्जना गराउनु हो ।

नेपालले कुन परिस्थितिमा पञ्चायती व्यवस्थाको प्रतिपादन गर्नु पर्‍यो त्यो कसैबाट छिपेको छैन । १०४ वर्षको निरंकुश राणा शासनबाट मुक्तभएका नेपाली समाजले २००७ साल पछि दलीय व्यवस्थालाई अपनायो । अधिकांश जनता अशिक्षित हुनाको कारणले गर्दा सामान्य जनतामा राजनैतिक चेतना वृद्धि गराई जनजीवनको वहुपक्षीय विकास गर्नुको साटो लुटपिट, संघर्ष र शोषणले स्थान ओगट्न पुग्यो । जनताले आफुले चुनेर पठाएको सरकार पाएर पनि आफु शासन व्यवस्थामा सरिक भएको महशुस गरेनन् । विभिन्न दल अथवा पार्टीहरू देखा पर्दै गए । सामान्य जनता दलहरूको खिचवातानी-

CC-0. In Public Domain. Digitization by eGangotri

मा रूमल्लिदै गए । त्यस शासन व्यवस्था त्यस समय र नेपालको माटो सुहाउँदो हुन नसकेको कारणबाट एक दशक भित्रै आफ्नो काँचुलि फेर्न बाध्य भयो ।

पञ्चायत व्यवस्था देशकाल, परिस्थिती सुहाउँदो व्यवस्था भएको हुँदा, यो व्यवस्था यस देशको लागि निरविकल्प सिद्ध भईसकेको छ ।

नेपाल र नेपालीको अस्तित्व कायम राख्ने यो व्यवस्था निर्दलियतामा आधारित छ । यही व्यवस्थाको माध्यामद्वारा नेपाली आफ्नो लक्ष्यमा पुग्न सक्ने छन भन्ने पञ्चायतका दार्शनिकहरुको अडकल छ । हुनत यो व्यवस्था लाई अराजनैतिक व्यवस्था भन्ने कुरा पनि यस व्यवस्थाका विरोधिहरुले कताकता कुना काप्चाबाट चिचचायको हामीले सुनेका छौ । तर यो पूर्वाग्रही हरूको एकोहोरेपन हो । किन कि कुनै पनि समाज राजनीति विना सुसंगठित र स्वचालित हुन सक्दैन । साथै यो व्यवस्थाको १२ वर्षको अनुभवले पनि अराजनैतिक लक्षण देखाएको हामीले पाएका छैनौ । त्यसैले पूर्वाग्रही-हरूले फलाक्दैमा यो व्यवस्थालाई अराजनैतिक भन्न सक्दैनौ ।

निर्दलीयतामा आधारित यो व्यवस्था भएको हुँदा यसमा राजनैतिक दल वा गुटमा संवैधानिक प्रतिबन्ध लगाइएको छ । तर यसको अर्थ यो होइन हामीलाई कार्यकर्ता र नेतृत्व नै चाहिँदैन । कुनै पनि सिद्धान्त वा व्यवस्था-को प्रभावकारिता, स्वावलम्बीपन र सम्पूर्णता उसका लक्ष्य र उद्देश्यहरुमा आस्था र विश्वास राख्ने लगनशील, अनुशासित र सुसंगठित स्वयम सेवक कार्यकर्ताहरूमा नै निर्भर हुन्छ । कार्यकर्ता र नेतृत्वको छनौंट र मूल्याङ्कन गर्ने विशेष माध्यम प्रजातान्त्रिक मान्यताहरुमा आधारित अन्य राजनैतिक व्यवस्था झैं यसले पनि चुनाव प्रणालीलाई स्विकार गरेको छ ।

वास्तवमा भनौं भने पञ्चायत व्यवस्थाका औपचारिक कार्यकर्ता वा नेतृत्व दिन सक्ने एकाई विभिन्न तहका पञ्चायतहरू र तिनमा निर्वाचित

CC-0. In Public Domain. Digitization by eGangotri

भएका सदस्यहरूनै हुन । तर यी कार्यकर्ताहरूले मात्र व्यवस्थाको मूलभूत लक्ष्य प्राप्ति गर्न बढी समय लाग्ने हुदा अब यस व्यवस्थामा 'विकास कार्य-कर्ता' को आवश्यकता महशुस गरेको छ । विकास कार्यकर्ता भन्नाले सरकार र साधारण जनताको विचमा सार्थक र प्रभावकारी समन्वय कायम गरी देशको विभिन्न क्षेत्रको बहुपक्षिय विकास गर्नमा योगदान दिने छ । यस्ता कार्यकर्ताहरूले स्थानीय विकास कार्य गर्न प्रशासन र जनताको बीच कडिको रूपमा रहि साधारण जनताको आर्थिक तथा सामाजिक स्थितिलाई सुधार गर्न बढी से बढी सेवा दिने छन् ।

यी कार्यकर्ताहरूले सामाजिक हित र उन्नति गर्न एवं तिनीहरूको शक्तिलाई सुसंगठित पारी राष्ट्र निर्माणको दिशामा लगाउन बढी से बढी सेवा दिदै पञ्च, वर्गीय तथा व्यावसायिक संगठनका सदस्यहरूमा समन्वय कायम गरी आपसी समझदारी बढाउने छन् । समन्वय, आपसी समझदारीबाट कायम हुन्छ र समझदारीको अभावमा मात्र संघर्ष हुन्छ । यसरी आफ्नो कार्य सम्पादन र समस्या समाधान गर्दा पनि यिनीहरूले पारस्परिक हितको ध्यान राख्दै सरकार समक्ष आ–आफ्ना समस्या प्रस्तुत गरेर समाधानका लागि उचित सहयोग प्राप्त गर्दछन् र सरकार पनि समाजका प्रत्येक व्यक्तिको उत्थानगर्न सकेसम्म बढी अवसर दिन चाहन्छन । साथै यी कार्यकर्ता वर्गीय संगठन तथा पञ्चायतका हिम्सेदार भएकाले पञ्चायतको उदेश्य प्राप्तिको लागि आवश्यक जनचेतनाको सिर्जना गराउने काममा आफुलाई सहभागी सम्झन्छन । यसरी सामुहिक रूपमा देश को कल्याणका लागि मिलेर काम गर्ने यस तरिकालाइ नै हामी समन्वयात्मक प्रक्रिया भन्न सक्दछौं ।

कुनै पनि वाद या व्यवस्थाको प्रभावकारीता तथा सम्पूर्णता त्यसका लक्ष्य र उद्देश्यमा विश्वास राख्ने इमान्दार, कर्मठ, अनुशासित र सुसंगठित स्वयम सेवक कार्यकर्ताहरूमा नै निर्भर हुन्छ । नेतृत्व कर्तबाट दिएर वा

CC-0. In Public Domain. Digitization by eGangotri

माथिबाट लादिएर दिगो र गतिशील हुन सक्दैन । कार्यकर्ताहरूबाट नै नेतृत्वको प्रादुर्भाव हुनु पर्दछ । सदैव जन सम्पर्कमा रहेर जन चेतना जागृति गर्नु पर्ने भूमिका लिएका यस्ता कार्यकर्तालाई स्वतन्त्ररूपले विचार व्यक्त गर्नु तथा कार्य सम्पादन गर्ने या गर्न लगाउने सहुलियत प्रदान गरिएको हुनु पर्दछ । तब मात्र तिनीहरूले समाजमा प्रभावकारी नेतृत्व कायम गर्न सक्छन ।

कार्यकर्ताको योग्यता:-

१. साधारण जनतामा धुलमिल गर्न सक्ने तथा जनताको समस्यालाई आफ्नो समस्या सम्झने ।

२. कार्यमा इमान्दार, निस्वार्थी लगनशील, अनुशासित, गम्भीर तथा परिश्रमी हुनु पर्ने छ ।

३. उसमा आत्माविश्वास तथा निष्कर्षमा पुग्ने क्षमता भएको हुनु पर्दछ ।

४. आफ्नो लक्ष्य प्राप्तिको लागि दृढता र नयाँ बस्तुको खोजको साथै निरन्तर कार्यमा ब्यस्त भै रहने ।

५. शीघ्र काम निप्टाउने खुवि हुनु र त्यसबाट सामान्य जनतामा प्रभाव पार्नु ।

६. स्थानीय विकासको भविष्यत् कार्यक्रम र योजना बनाउने उसमा दूर दृष्टि होस ।

७. कठिन परिस्थितिको सामना गर्नको लागि उसमा सहासीपन, परिश्रमी, सहकारी भावना, नम्रता, मिलनसार र शान्त स्वभाब हुनु पर्नेछ ।

८. साधारण जनता र सरकारको बिचमा समन्वय कायम गर्न एक अर्काको नगीचको समझदारी बढाउन सक्ने हुनु पर्दछ ।

९. 'सादा जीवन, उच्च विचार' को आदर्श होस साथै उसको स्वभाव सहायतापूर्ण तथा सेवाभावी होस ।

१०. उसमा कुशल नेतृत्वको क्षमता रहनु पर्नेछ ।

उक्त उल्लेखित योग्यता भएका कार्यकर्ताहरू अञ्चल, जिल्ला र ग्राम स्तरमा

CC-0. In Public Domain. Digitization by eGangotri

रहि सेवा गर्नेछन । यस्ता कार्यकर्ताहरूको छनौट पञ्च, वर्गीय तथा व्यवसायिक संगठनका सदस्य, बुद्धिजीवि, विद्यार्थी र समाजसेवीहरूबाट छानिनु पर्दछ ।

पञ्चायत व्यवस्थाको मूलभूत लक्ष्य दलविहीन राजनैतिक पद्धतिको माध्यमद्वारा वर्गीय समन्वयलाइ सुदृढ गरी शोषण रहित समाज सिर्जना गर्ने भएकोले सामान्य जनतामा रहिरहेको उदासीनताको अन्त गरी गतिशील र चेतन समाज सिर्जनाको लागि यहाँ कार्यक्रम आउन पर्ने देखिन्छ । यस्तो कार्यकर्ताहरू परिचालन गर्ने कार्यक्रम "गाउँ फर्क" राष्ट्रिय अभियान अन्तर्गत हुनु पर्ने छ । २०२४ सालदेखि आजसम्मको मूल्याङ्कनको आधारमा 'गाउँ फर्क' राष्ट्रिय अभियानले व्यवस्थामा एउटा ठूलो उपलब्धि हासिल गरेको पाउँदछौं । तर यतिले मात्र नपुगी समयोचित सुधार र व्यवस्थाको माग अनुशार कार्यकर्ताहरू परिचालन गर्ने विशेष कार्यक्रमको खाँचो यस पञ्चायती व्यवस्थाले महसुस गरेको छ ।

मानिसको जीवन साधारण आवश्यकताहरूको पूर्ति गर्न र सच्चा आदर्श जीवन कायम राखन राज्यको निर्माण भएको हो ।

—अरस्तु

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यकर्ता मूल्यांकन प्रणाली एक झलक

संसारमा आजसम्म देखा परेका जुनसुकै व्यवस्था (चाहे संसदीय होस चाहे साम्यवाद, अथवा पञ्चायती) मा पनि त्यहाँका सामाजिक एवं राजनीतिक कार्यकर्ताहरूको सही मूल्यांकन हुनु नितान्त आवश्यक देखिन्छ। व्यवस्थामा सक्रिय भाग लिई काम गर्ने प्रत्येक क्षेत्रका कार्यकर्ताहरूमा मूल्यांकन प्रणाली प्रयोग गर्नाले जुनसुकै कार्यकर्तालाई पनि सफलताको मार्गमा उचित प्रेरणा मिल्दछ। शैक्षिक क्षेत्रमा पनि मूल्यांकन विधि व्यापक रूपमा लागु गर्नाले एकेडेमिक सफलता मात्र प्राप्त नभई मनोवृत्ति, रुचि, कामको अभ्यास, शारीरिक विकास, एवं व्यक्तिगत तथा सामाजिक परिपूर्तिको राम्रो बोध हुन जान्छ। त्यसैगरी राजनीतिक क्षेत्रमा काम गर्ने समाजसेवी कार्य कार्यकर्ताहरूको वास्तविक तथा मनोवैज्ञानिक आधारमा मानवीय तरिकाले उचित मूल्यांकन गरिनु पर्दछ। यसो गर्नाले सम्पूर्ण कार्यकर्ताहरूलाई परिमाणात्मक तथा गुणात्मक दुवै क्षेत्रमा लाभप्रद हुनेछ।

मूल्यांकन विधि विषय वस्तुमा मात्र समावेश हुंदैन बल्कि मनोवृत्ति, सोचाईको तरिका, व्यक्तिगत र सामाजिक रूपमा मिलनशीलता इत्यादी विषय बताउछ। यसबाट व्यक्तिगत र उसको कार्य–सफलता समाज र व्य·

CC-0. In Public Domain. Digitization by eGangotri

क्तिको बीचको सम्बन्ध सम्पूर्ण वातावरण (जसमा समाजसेवीहरू रहन्छन्) लाई बताउँछ। यसैकारण मूल्यांकन व्यावहारिक परिवर्तनको मूल्य लगाउने एक मात्र साधन हो। यस प्रणालीले सफलता र लक्षको बीच वातावरणको अवस्था र सम्बन्ध निश्चित गर्ने कुरामा ध्यान दिन्छ।

०

पञ्चायती व्यवस्थाका आधारभूत लक्ष अनुरूप काम गर्नेमा सम्पूर्ण समाजसेवीहरूलाई प्रेरणा दायक स्वीकृत मूल्यांकन मिल्नु पर्दछ। यसको फल सबैमा काम गर्ने उत्सुकता पैदा होस। यसो नगर्नाले यी समाजसेवीहरू विरोधी तत्वमा दरिन पुग्ने संभावना रहन्छ। प्रत्येक व्यक्तिको आ–आफ्नै भिन्दाभिन्दै व्यक्तित्व हुन्छ। यसैगरी उत्तरदायित्वको बारेमा पनि कसैमा गहिरो भावना हुन्छ र कसैमा नहुन पनि सक्दछ। मानिसहरू बुद्धि र सम-वेदनात्मक परिपक्वतामा आफ्नै रूपले काम गर्दछन्। यसलाई वास्तविक कामको लक्षण अनुरूप मूल्यांकन कार्य बिधि अपनाउनु पर्दछ। यसप्रकार हामी देखछौं कि मूल्यांकन माप भन्दा पनि अधिक लाभप्रद छ। मूल्यांकन क्रमशः चलिरहने एउटा वास्तविक प्रणाली हो। यो उपज होइन, किनभने मनुष्यको उन्नतिको सीमा हुंदैन। जीवनको सबै क्षेत्रमा पाइने यो एक किसिमको पारख हो। यसले जीवनको प्रत्येक क्षेत्रमा काम गर्ने राजनीतिक तथा सामाजिक, कार्यकर्ताहरू बुद्धिजीवी, शिक्षक, किसान, डाक्टर, मजदूर, लेखक कवि र अन्य क्षेत्रका कामदारहरूको क्षमता, योग्यता, सफलता र वातावरणको पृष्ठभूमिको भिन्नता देखाउँछ। त्यसैकारणले मूल्यांकन प्रणाली एक सामुहिक प्रयत्न हो। मूल्यांकन सम्पूर्ण परिस्थितिसंग सम्बन्धित हुनु पर्दछ। मूल्यांकन भन्ने शब्दले मानिसको एउटा कामको लेखा जोखा गर्ने साधनमात्र नभई सबै परिस्थितिको सम्बन्ध र लक्षण बुझाउंछ। सबै कार्यकर्ताहरूको व्यवहारमा मनोवैज्ञानिक इच्छा अनुकुल परिवर्तन ल्याई काम कर्तब्य र र अधिकारको प्रयोगका लागि विशेष पृष्ठभूमिलाई लिएर आफ्नो कार्य प्रारम्भ गर्नु पर्दछ। किनभने समाजमा बाहिरी र भित्री सबै कुराले व्यक्ति

CC-0. In Public Domain. Digitization by eGangotri

माथि प्रभाव पारिराखेको हुन्छ ।

मूल्यांकन संयुक्त प्रणाली हो:-

मानिसहरूको आचरण, कृयाकलाप, तथा कार्यबाहीमा परिवर्तन ल्या- उने सूची संकलन गर्ने प्राय: सबै साधनको प्रयोग मूल्यांकन कार्यमा हुनु पर्दछ । यसका लागि क. सफलताको परीक्षा ख. बुद्धि परीक्षा ग. अन्तरवार्ता घ कार्य कलापको रेकडिङ्ग ङ. समाजशास्त्र सम्बन्धि उपायहरू, च. डायरी, छ. सम्पूर्ण जीवन चरित्रको रेकार्ड आदिको जरूरत छ । यसकारण मूल्यांकनलाई बराबर पुनरावृत्ति गरी सामाजिक प्रयोगमा ल्याउनु पर्दछ । यसो गर्नाले समाजको प्रोग्रामसंग यसको सम्बन्ध रहन जान्छ ।

मूल्यांकन प्रणाली व्यक्तिगत मात्र नभई सामाजिक पनि हुन्छ र त्यसैले समाजको बढदो कार्य प्रणालीलाई सफलीभूत पार्न व्यक्ति व्यक्तिको मूल्यांकन गरी सामाजिक आवस्यकता अनुसार सुधार ल्याउन एक प्रकारको नाप जांच हुनु पर्दछ । यसबाट सफलता तवँहासिल गर्न सकिन्छ जब स्थायी रूपको कृमबद्ध निरीक्षण तथा अन्तरवार्ता हुन्छ । यसका लागि निम्नलिखित कुराहरूको आवस्यक देखिन्छ । १. समाजको उद्देश्य र सिद्धान्त अनुसार सम्पूर्ण कार्यक्रम सम्बन्धी जाँचबुझ गर्नु । २. मानिसको इच्छा आकांक्षा अनुरूप कार्य विभाजन स्तरको जग बसाल्नु । ३. प्रत्येक समाजका मानिसले सफलता पाइ सकेको उद्देश्यको वर्णन गर्नु । ४. हरेक उद्देश्यको लागि निश्चित गरिएको स्तर र प्राप्त सफलताको बीच भिन्नता निश्चित गर्नु । ५. परिणामको बोध र व्याख्या गर्नु । ६. गुणात्मक तथा परिमाणात्मक वृद्धिमा सन्तुलन ल्याउनु ।

उपर्युक्त विषय राम्ररी थाहा पाउनका निमित्त तीन चिजको आवस्यकता पर्दछ । जस्तो: १. कार्यविधि: २. मानसिक योग्यता: ३. कार्य

CC-0. In Public Domain. Digitization by eGangotri

प्रविणता ।

१. कार्यविधि:– यो मौका र अवलोकनद्वारा गरिएको परिष्कृत उन्नति र अवन्नतिलाई हेरिने एक माध्यमहो । यसद्वारा मानिसको मनोवृद्धि र निश्चित संगठन दुवैको राम्रो निरीक्षण गरिन्छ ।

२. मानसिक योग्यता:– मानिसको योग्यतासंग सम्वन्धित व्यक्तिगत र सामाजिक मूल्य प्राप्त गर्ने दिशातिर प्रत्येक व्यक्तिको उचित विकास हुन सकोस ।

३. कार्य प्रविणता:– समाजमा व्यक्तिगत र सामाजिक आवस्यकता जसरी अभिवृद्धि भैरहेकोछ त्यसैगरी मूल्यांकन प्रणालीको आवस्यकता पनि वढी रहेको छ । पुरानु प्रवृतिले मूल्याकन प्रणालीमाथि कमजोड दिन्थ्यो तर नयां सामाजिक प्रणाली अनुशार यसको महत्व झन झन वढदै गैरहेकोछ । त्यसैले विभिन्न समस्याको समाधान गर्नलाई जाने-को चतुर्याई र तथ्यहरूको व्यावहारिक प्रयोग राम्ररी गर्नु पर्दछ । यसका लागि तलका प्रणालीहरूको व्यावहार गर्नु राम्रो देखिन्छ ।

१. सामाजिक सुधारका लागि आर्थिक तथा प्राविधिक कमिको समस्या–लाई सुधार गर्ने खालको बाटो खोज्नु पर्दछ । २. प्रत्येक मानिसको मानसिक, शारीरिक तथा बौद्धिक शक्तिको क्रमवद्ध निरीक्षण गर्नु । ३: समाज वा ब्यक्ति कुन तत्व वा पेशातिर प्रेरित हुन लागेकोछ त्यस गडवडीको पत्ता लगाई आवस्यक सुधार ल्याउनु पर्दछ नत्र सामाजिक मर्म बुझ्न सकिदैन । ४. मानिसको गराई भनाई र सोचाईमा फरक छ वा छैन भन्ने कुरा तर्फ ध्यान दिई, यदि यस्तो रहेछ भने त्यस्ता अन्तरद्वन्दलाई स्वच्छन्दता, पवित्रता एवं समान–

CC-0. In Public Domain. Digitization by eGangotri

ताको सच्चा मार्गमा ल्याउने प्रयास गर्नु पर्दछ अन्यथा समाजमा नराम्रो वातावरण पैदा हुन जानेछ ।

माथिका तथ्यहरू नमूनाको रूपमा प्रयोग गरी मूल्यांकनको नया सुधार एवं प्रयोगद्वारा समाजको निपुणतामा समावेश गराइनु पर्दछ, जसले गर्दा नयाँ वातावरण देखापरोस । यसो भएमा आधुनिक युगको हांकलाई सामाजिक परिचालनको दौडले बाजीजित्न सकिन्छ ।

जसले मलाइ असल ठान्दछ, म उसलाइ असल ठान्दछु । जसले मलाइ खराब ठान्दछ उसप्रति पनि म असलै हुन्छु ।

जो मप्रति सच्चा छ, म उसका लागि सच्चा छु, र जो म प्रति सच्चा छैन, उसप्रति पनि म सच्चा नै हुन्छु ।

—लाउड्से

CC-0. In Public Domain. Digitization by eGangotri

पंचायती व्यवस्था, वास्तविक प्रजातन्त्रको रूपमा

प्रजातन्त्र भन्ने वस्तु केहो तथा वास्तविक प्रजातन्त्र कुनहो भन्ने कुरा-को विवेचना गर्नु भन्दा अगाडि इतिहासको परिभाषा दिनु उपयुक्त सम्झन्छु। इतिहास भन्नाले विभिन्न मानिसहरूको सहासिक काम काज, पारस्परिक झगडा राजा महाराजाहरूको वहादुरी र त्यस बारेमा हारजित–को वर्णन गरिएको एक वा अनेक लेखहो भन्ने बुझिन्छ। कतिपय विद्वान–हरूले इतिहासलाई एक तार्किक प्रगतिको क्रमवद्ध नियमको रूपहो पनि भनेका छन्। अन्य विद्वानहरूको भनाई अनुसार–सामाजिक, र राजनीतिक अवस्थाको व्याख्यानै इतिहासहो। तर मेरो सानो सोचाई अनुसार इतिहा–सको छोटकरी परिभाषा-भूतकालको ज्ञान वर्तमान कालसंग दांजी भविष्यमा एक उज्ज्वल प्रगतिशील समाजको सिर्जना गर्नु नै इतिहास हो। यसको मुख्य आधारलाई अंगालेर प्रजातन्त्रको स्थान, महिमा, र उपयोगिता बारे प्रकास पार्न सजिलोपर्ला।

इतिहासका लामो तथा गहिरो अध्ययनबाट, संसारमा आज सम्म देखापरेको जतिपनि व्यवस्था एवं वादहरू छन, तिनीहरूबाट कुनै पनि

CC-0. In Public Domain. Digitization by eGangotri

जनता सन्तुष्ट हुन सकेका छैनन । किनभने कसैलाई पनि पूर्णतया समानता र स्वतन्त्रता उपलब्ध हुन सकेको छैन, आज काल कुनै पनि देशको राज्य व्यवस्था प्रति त्यहाँका वहुसंख्यक जनता सन्तुष्ट भएको पाइन्न । कसैलाई पनि सुख र शान्ति छैन । वहुसंख्यक जनता दुःखै दुखले पीडित र ग्रस्तछन । संसारबाट अन्याय, अत्याचार, भ्रष्टाचार एवं चाकडी प्रथाको प्रचलन सधैंको लागि समाप्त हुन सकेको छैन । यस्तो महान दुःखादायी प्रचलनलाई समाप्त गरी सच्छा लोक तन्त्रको स्थापनाद्वारा जनतालाई अधिकाधिक मात्रामा सुख सुविधा दिना निम्ति विभिन्न देशहरुले विभिन्न प्रकारका शासनव्यवस्था अपनाएको पाइन्छ ।

संसदीय व्यवस्था (जो पूर्ण तया प्रजातन्त्रमा आधारित छ भनि मानिएको छ) लाई पनि सम्पूर्ण संसारका जनता मान्न तयार छैनन र प्रत्येक देशले आफ्नै माटो सुहाउँदो व्यवस्था अंगाल्न थालिसकेका छन । किनभने यसमा पनि धेरै दोषहरू विद्धमान छन । यो सैद्धान्तिक रूपमा जति सुकै राम्रो देखिएतापनि व्यवहारिक रूपमा स्वार्थपूर्ण एवं अस्थिरताले भरिएको छ । जसमा दलगत स्वार्थ सार्वजनिक प्रशासनमा निपुर्णता र दखलताको कमिछ भन्ने कुरा यस व्यवस्थाले नै औंल्याएकोछ । यसले शक्तिको पृथक करणको सिद्धान्तको उल्लंघन पनि गरेकोछ । त्यसैले अध्यक्षात्मक शासन प्रणाली अपनाउने देशले यसलाई मान्न तयार नभै आफ्नै विशेषता अनुरुपको व्यवस्था लागु गर्न सफल भएका छन । संसदीय व्यवस्था वास्तविक प्रजातन्त्रको रूपमा देखा पर्न सकेको छैन । किनभने यो दलगय स्वार्थमा आधारितछ ।

अध्यक्षात्मक शासन प्रणाली, यो व्यवस्था कुन यति खतरनाक र डरलाग्दो छकि- देशको कार्यकारिणी र व्यवस्थापिकाका बीचमा सामञ्जस्य ल्याउन निकै गाह्रो पर्दछ । यसले राज्यको शक्तिलाई टुक्रा टुक्रा पारी

CC-0. In Public Domain. Digitization by eGangotri

विभाजित गरेकोछ । त्यसैले यसव्यवस्थालाई तानाशाही व्यवस्थाको स्थान प्राप्तगर्न खोज्ने व्यवस्था हो भनिएकोछ । यसमा प्रजातन्त्रको गुणको अपेक्षा दोषैदोषले परिपूर्णछ । कसै कसैले यसलाई अनुत्तरदायी शासन प्रणाली पनि भनेक छन् । आफ्ना देशका प्रत्येक नागरिकलाई जुनव्यवस्थाले बढीसे बढी हित गर्छ त्यहीनै व्यवस्था वास्तविकएवं सच्चा प्रजातन्त्र हो भनि मान्न सकिन्छ । अध्यक्षात्मक तथा संसदीय शासन प्रणालीले जनतालाई कतिमात्रामा सुख सुविधा प्रदान गर्न सफल भएको छ भन्ने कुरा वर्तमान अन्तर्राष्ट्रिय तनाव-बाट प्रस्ष्ट रूपमा ज्ञान गर्न सकिन्छ । यो व्यवस्थालाई शासक र शोषि-तमा आधारित सामन्ती व्यवस्थाको संज्ञा दिन सजिलै सकिन्छ । किनभने यिनीहरुमा केही व्यक्तिहरुको हातमा मात्र शासन व्यवस्था प्राप्त भएको हुन्छ ।

कतिपय देशले आफूलाई गणतन्त्रात्मक व्यवस्थामा घोषित गरेर बहुसंख्यक जनतालाई हित गर्न अग्रसर भएका छन तापनि सफल हुन नसकि बाटो अलमलिएको बटुवा जस्तो भएर घुमिरहेछन । किनभने बहुसंख्यक मानिसहरू भोक र प्यासले सताईएका छन या आकुल व्याकुल भएका छन, जुन समस्याको समाधान गर्न नसकि अन्योल पूर्ण वातावरणमा रूमलिनु परिरहेछ । यसको परिणाम शान्तिको बदला क्रान्तिलाई आव्हान गरिएको जस्तो बुझिन्छ । चाहे जोसुकैले प्रजातन्त्रलाई जनताको, जनताका लागि, जनताद्वारा संचालित व्यवस्था हो भने तापनि त्यसको ठिक विपरित मुर्खहरूको, मुर्खहरू द्वारा, मुर्खहरूका लागि संचालित गरिएको तन्त्र हो भनि धेरैले लान्छना लगाएका छुन । हुन पनि यो व्यवस्था अन्यायी, विवेकहीन, निर्दयी र नष्ट भ्रष्ट तन्त्रमा गणना हुन लागिरहेछ । किनभने सार्वजनिक कल्याणको बदला यो व्यक्तिगत हित र स्वार्थमा परिणत हुन लागिरहेछ । यसले जन कल्याणकारी इच्छाको यथार्थ रूपमा प्रतिनिधित्व गर्न सकेको छैन । यस सम्बन्धमा 'लेकी' भन्ने विद्वानले भनेका छन-'प्रजातन्त्र सबभन्दा गरीब, सबभन्दा

CC-0. In Public Domain. Digitization by eGangotri
अज्ञानी, तथा असाध्य योग्यता रहित शासन प्रणाली हो" । त्यसैले यसमा कुनै समानता र स्वतन्त्रताको गुण हुदै हुदैन भने पनि सुहाउंछ ।

त्यस्तै प्रकारले यहां विभिन्न वादहरूको विवेचना गरौं, जस्तो समष्टी वाद, समाजवाद, साम्यवाद आदिको व्याख्या गरी हेरेमा कुनै पनि वादमा वास्तविक एवं व्यवहारिक प्रशासनको रूप देखा पर्न सक्दैन । समष्टीवादले सम्पूर्ण जनताको स्थानीय वा राष्ट्रिय उद्योगको राष्ट्रियकरण गरेर मानव प्रकृतिको विरूद्ध कार्य गर्छ भने समाजवादले व्यक्तिगत हितको अपेक्षा यसको कार्यमा हस्तक्षेप गरेको छ । यो पनि अव्यवहारिकता र अप्रजातान्त्रिक वाद हो भन्न सकिन्छ । त्यसैगरी मार्क्सवाद अर्थात साम्यवादले पनि द्वन्दात्मक भौतिकवाद, वर्ग संघर्ष र मूल्यको श्रम सिद्धान्तलाई मात्र प्रश्रय दिएकोछ । यसले पूंजीपतिको विनाश गरेर क्रान्तिकारी सर्वहारा वर्गको स्थापना गर्ने निधो गरेको छ । यस्तो दमन मूलक उपायद्वारा आदर्श समाज स्थापना गर्न ज्यादै गाह्रो छ ।

माथि लेखिएका विभिन्न वाद एवं तन्त्रको व्याख्याबाट यही निष्कर्ष निकाल्न सकिन्छ कि– कुनै वाद वा व्यवस्था एक सर्वोच्च तथा वास्तविक प्रजातन्त्र स्थापना गरी सम्पूर्ण जनतालाई सुख सुविधा प्रदान गर्न सफल भएको छैन । अब हामीले हाम्रो देशमा वर्तमान, प्रचलित पंचायत व्यवस्थालाई राम्ररी केलाएर हेरौं । पवित्र दृष्टिकोणले यसको मूलभूत सिद्धान्तलाई अध्ययन गरेमा यो एक नौलो वादको रूपमा वास्तविक तथा व्यवहारिक प्रजातन्त्रको स्थान ओगटेर रहेकोछ । यो व्यवस्थाले राष्ट्रका सम्पूर्ण जनतालाई सुखसुविधा प्रदान गर्न सफल भएकोछ । यो व्यवस्था राष्ट्रवादमा आधारित समानताको दृष्टिकोणले अतिउत्तम व्यवस्था मानिएकोछ । यसमा विभिन्न वाद तथा तन्त्रको गुण विध्यमान भएको हुनाले पनि यो व्यवस्था सफल भएकोछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पंचायती व्यवस्थाले सम्पूर्ण जनताको भलाई र विकासमा आस्था तथा विश्वास राखेकोछ । राजनीतिक स्थिरता कायम भैसके पछि राष्ट्रिय आर्थिक स्थिति दरिलो पार्नु यसको मूल कार्य हो ताकि सम्पूर्ण व्यक्तिले उचित काम र माम पाउन । यो व्यवस्था आदर्शवादमा. आधारित भएको हुंनाले स्वस्थ समाजको सृष्टि गर्न समर्थ होला भन्ने आशा गर्न सकिन्छ । यसमा प्रजातन्त्रमा पाईने मौलिक गुणहरू प्रसस्त मात्रामा भएको हुंनाले यो व्यवस्था पूर्णतया प्रजातान्त्रिक छ । प्रजातन्त्रको मूलभूत सिद्धान्त हिंसाको अपेक्षा अहिंसा तथा दमन मूलक उपायको अपेक्षा शान्पूर्ण उपाय-द्वारा आदर्श लक्ष्य प्राप्त गर्नु हो । पंचायत प्रणालीको खास सिद्धान्त पनि त्यसैमा आधारित छ । सार्वजनिक जनकल्याणको भावनाको शासनलाई नै प्रजातन्त्र भनिन्छ । यो व्यवस्था व्यवहारिक एवं सामयिक इच्छामा निर्भर गर्छ साथैं राष्ट्रवाद र राजमुकुटमा आधारित भएको हुनाले यसमा अरु बढीमात्रामा प्रजातन्त्रको गुण लुकेकोछ । त्यसैले अन्तर्राष्ट्रिय क्षितिजमा नेपालको स्थान ज्यादै उच्च छ । यो पंचायती प्रजातन्त्रकै फलहो भन्नमा अत्युक्ति परोइन ।

असत्यलाई सत्यद्वारा, अन्यायलाइ न्यायद्वारा, अत्याचारलाइ सदाचारद्वारा अभद्र व्यवहारलाइ भद्र व्यवहारद्वारा जित्न सक्ने भावना सबैमा हुनुपर्दछ ।

—महात्मा गान्धी

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न वर्गहरूका बीच पारस्परिक सहयोग आवश्यक

पञ्चायती व्यवस्थामा वर्गीय एवं व्यवसायिक संगठनहरूको आफ्नै विशेषता छ। यसले मार्क्सको जस्तो वर्ग संघर्ष तथा द्वन्दात्मक भौतिक वादमा आस्था राखेको छैन। नत प्लेटोद्वारा विभाजत दुई राज्य, धनी र गरीबमा नै यसले विश्वास राखेको छ। विशेषाधिकार युक्त मानिसहरूको वर्ग र अधिकाधिक श्रमजीवीहरूको वर्गलाई पनि यसले अङ्गालेको छैन। वास्तवमा यसले मानवीय तरिकाद्वारा शान्तिपूर्ण उपायले आफ्नो व्यवशायको आधारलाई लिएर गठन गरिएको वर्गलाई उचित स्थान दिएको छ। वर्गीय संगठनको माध्यमद्वारा विरोधाभाष एवं विनाशको बाटो खडा नहोस अपितु समन्वय तथा शान्तिपूर्ण उपायद्वारा कुनैपनि समस्याको समाधान गर्न सकियोस भन्ने यसको मूल लक्ष्य हो। विभिन्न वर्गीय संगठनहरूले आ–आफ्नो वर्ग हितमा सम्पूर्ण भूमि तथा पूँजीमा सबैको साझा स्वामित्व कायम गर्छ तापनि संघर्षद्वारा होइन समन्वयद्वारा मात्र। आफ्नो आवस्यकता अनुसारको काम र मामको सुव्यवस्था कायम यसले पनि गरेकोछ, तर धनी र गरीबको भेदभाव नगरी। प्रत्येक वर्ग आफ्नो भलाईका लागि संघर्ष गर्न अग्रसर भएको भएतापनि त्यसबाट सम्पूर्ण समाजको कल्याण होस भन्ने भावनाले गरेको

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । विशेष गरेर वर्ग–संघर्षमा जुनसुकै समयमा पनि पूँजीपति वर्ग र सर्व-हरा वर्गका बीच युद्धको सम्भावना रहिरहेको हुन्छ । तर वर्ग समन्वयमा यसको कुनै स्थान छैन । नत युद्धको अंशनै यसमा लुकेको हुन्छ नत विरोध नै । सफलताको सच्चा मार्ग क्रान्ति होइन शान्ति हो. तथा आदर्श लक्ष प्राप्त गर्ने एक सच्चा साधन हो । एकले अर्का माथि विजय प्राप्त गर्न प्रेम, दया, माया, र सहानुभूतिको मार्ग अपनाउनु पर्दछ । विजय प्राप्त गर्नुको अर्थ शासक र शासितको दृष्टिले होइन तर सहयोगको दृष्टिकोणले मात्र । प्रत्येक मानिसलाई स्वच्छनदता एवं अधिकतम समानता उपलब्ध गराई समाजको कल्याण गर्नु पर्छ । शोषण, अत्याचार, आन्यायनीति तथा वर्गीय सम्प्रदायिक भावना हटाई जन कल्याणकारी भावनाको ज्योति जगाउनु परेको छ । यस बाट मात्र सभ्य तथा आदर्श समाजको सिर्जना हुन सक्दछ । अन्यथा लोक कल्याणकारी समाजको स्थापना हुन असम्भव छ भन्ने यसको बास्तविक लक्ष्य हो । यस्तो उचित र सच्चा मार्ग प्राप्त गर्नका लागि प्रेम, सहयोग सदभावना तथा श्रद्धाद्वारा सबै मानिसलाई एकताको शुत्रमा बाधन सक्नु परेकोछ । यसबाट मात्र एकले अर्कामाथि विजय प्राप्त गर्न सक्ने छ ।

पञ्चायती व्यवस्थामा प्रजातन्त्रको भाग त्यति नै लुकेर रहेको छ जति वर्ग वर्गका बीच समन्वय स्थापित भएको छ भन्नुको अर्थ एकातिर पञ्चायती व्यवस्था बास्तविक प्रजातन्त्रको रूपमा देखापरेको छ भने अर्कातिर यी वर्गीय संगठनहरू सच्चा सहयोगी र समन्वयको मार्गलाई अङ्गालेर रहेका छन् । मैले यहाँ अझ प्रष्ट गर्न खोजेको के भने पञ्चायती व्यवस्था अत्यन्त प्रगतिशील एवं प्रजातान्त्रिक छ, जब कि सम्पूर्ण नागरिकहरूलाई पूर्णतया मौलिक हक दिई शोषणबाट मुक्त गर्न सकिन्छ । त्यसै गरी वर्गीय संगठनहरूमा वर्ग समन्वय त्यसै बेला सफलता प्राप्त गर्न समर्थबान हुन्छ, जब एक वर्गले आफ्नो मात्र भलाई नहेरी अर्को वर्गको भलाईमा पनि सह-

CC-0. In Public Domain. Digitization by eGangotri

योग गर्न अग्रशर हुन्छ । यसो भएमा वर्ग संघर्षको बाटो असत्य र वर्ग समन्वयको बाटो सत्य साबित हुनेछ । समन्वय शब्दलाई अझ राम्ररी व्याख्या गरी हेर्यौं भने कुनैपनि वर्गका बीच भेदभाव असामञ्जस्य तथा आर्थिक दबाव नहोस र सबैमा सुमधुर सहयोगात्मक भावना रहोस भन्ने बुझिन्छ। त्यसैले साम्यवादी बिचारधाराको जस्तो वर्ग संघर्षलाई मानेको छैन, साथै सामन्ती प्रथाको वर्गीय भेदभावलाई पनि यसले अंगालेको छैन । यस बाट के निष्कर्ष निकाल्न सकिन्छ भने पञ्चायती व्यवस्थाले भौतिकवाद र आध्यात्मिक वादमा सामञ्जस्य स्थापित गर्न खोजेको छ । यसले धर्म र सत्यमा आधारित राम राज्यको परिकल्पना गरेकोछ भन्नमा त्यति अत्युक्ति नपर्ला ।

पंचायत प्रणालीको मूलमन्त्र, "शोषणरहित समाजको सिर्जना" बाट पनि हामीले प्रत्यक्ष प्रमाण पाएकाछौं, कि-कुनै पनि उच्च वर्गले कुनैपनि निम्न वर्गलाई आर्थिक, सामाजिक, नैतिक आदि शोषण गर्न नपावोस । यसका लागि विभिन्न लक्ष्य एवं कार्यक्रमहरू हाम्रो सामु प्रष्टरुपमा देखापरेका छन । आजको युग धम्कि, दवाव र अन्याय द्वारा मानिसलाई थिचोमिचो गर्ने युग होइन अवत खालि प्रेम सद्भावना र दया मायाले मात्र मनुष्य आत्मालाई जित्न सकिन्छ । किनभने हाम्रो युग समन्वयवादी एवं वैज्ञानिक युगहो भन्ने कुरा सबैले स्वीकारी सकेका छन । वर्गीय शक्तिलाई अझ बढी मात्रामा सक्रिय तुल्याई विभिन्न जनतामा विभाजित जन शक्तिलाई एकत्रित गराई देश विकासको महान कार्यमा एक जुट भै आफ्नो सम्पूर्ण शक्तिलाई काम गर्नु आजको माग हो ।

वर्तमान हाम्रो देशमा संचालित सम्पूर्ण वर्गीय संगठनहरूले एक अर्काको पुरक को रूपमा कामगर्दै आएको खण्डमा देशको सर्वाङ्गीण विकास

हुन केही बेर लाग्ने थिएन । एक संगठनले अन्यचार संगठनहरूलाई उचित सहयोग र सघाउ पुऱ्याएर सम्पूर्ण संगठनमा घनिष्ट सम्बन्ध स्थापित गरी काम गर्नु पर्ने देखिन्छ । यसो भएमा अझ बढी मात्रामा हामी सफल-ताको मार्गमा उन्नित समर्थवान हुने थियौं । यसबाट महिला संगठन, किसान संगठन, युवक संगठन, मजदूर संगठन र भूतपूर्व सैनिक संगठन आदिको एक अर्कामा त्यतिनै कल्याणछ जति कल्याण सम्पूर्ण जनता तथा देशलाईछ । भनाईको मतलब संम्पूर्ण संगठनहरू पारस्परिक सहयोगमा दत्तचित्त भएर लागौं । आफनो वर्गीय तथा व्यक्तिगत स्वार्थमात्र नहेरी सामुहिक स्वार्थ राखौं त्यसैमा हाम्रो कल्याणछ ।

यस्ता सबै संगठनको लगनशील र सक्रियतामा देशको विकास लुकेको हुन्छ । यिनीहरूको निस्क्रियता र उदासीनतामा देशपछि पर्ने सम्भा-वना हुन्छ । उपर्युक्त तथ्यलाई अगाली सक्रियता साथ कार्य गर्न सक्यौं भने देश नरेश र जनताको भविष्य उज्ज्वल हुनेछ । यसमा बुद्धद्वारा कल्पना गरिएका सत्यताका आदर्श लक्ष्य हासिल गरी मर्यादा पुरुषोत्तम रामद्वारा विकसित भएका धार्मिक लक्ष्यको पूर्ति महात्मा गान्धीद्वारा प्रतिपादित सत्य र अहिंसाको बाटो प्राप्त गर्न केही बेर लाग्ने थिएन । अन्यथा नेपाली समाज अन्धकारमय, धुवैं धुवा भएको बाटोमा पुग्ला भन्ने डर छ । यसका लागि हामीसबैले आफ्नो कर्तव्यलाई सर्वोपरी राखि विभिन्न ठाउँबाट काम गर्दै अगाडि लम्कन सकौं यही मेरो प्रार्थनाहो ।

"म मरे पनि मेरो देश नमरोस"

—स्वर्गीय श्री ५ महेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

जनता तथा प्रशासनका बीच सामञ्जस्य आवश्यक

कुनैपनि मुलुकका जनता त्यस मुलुकका राज्यरूपी रूखका पात हुन भने प्रशासन जरा हो। जुनसुकै दक्षता पूर्ण प्रशासन व्यवस्थाको सबभन्दा पहिलो कर्तव्य हो आफ्नो क्षेत्राधिकार भित्रका सम्पूर्ण जनतालाई बढी से बढी प्रभावकारी अङ्गमा परिणत गर्नु। यसका लागि मुख्य प्रशासकले सदैव आफ्ना जनता प्रति उचित एवं बढी सम्पर्कको लक्ष्य राखि काम गर्नु पर्दछ। देशको प्रशासनमा अलिकती पनि धांधली पर्न आयो भने सम्पूर्ण राज्य व्यवस्था प्रति नै त्यसको असर पर्न जान्छ, जसको फलस्वरूप सम्पूर्ण जनतामा अनास्था एवं असामञ्जस्य वातावरण पैदा हुन्छ। वास्तवमा प्रशासन व्यवस्थारूपी कल्पबृक्षको मूल जरा हो त्यो बृक्षका हांगा बिगा पात र फलफूल फन्टाउने कार्य जरो माथि निर्भर गर्दछ। त्यसैले त्यो जरो ज्यादै प्रभावकारी एवं मजबुत भएन भने निश्चयनै बृक्ष पतन हुने सम्भव हुन्छ। प्रशासन ज्यादै ठूलो जिम्मेदारी तथा दायित्व वहन गर्नु पर्ने एक यस्तो संस्था हो जसले राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक आदि कार्यहरूमा जनताका बीच सामञ्जस्य स्थापित गर्नु पर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशासनले राष्ट्रिय विकासका निमित्त आफ्नो व्यवस्थालाई उचित कार्यक्रमद्वारा प्रभावशाली बनाई आफ्नो लक्ष पूर्ति गर्नु पर्छ। यसका लागि स्थानीय एवं राष्ट्रिय कार्यकर्ता समाजसेवी तथा सर्व साधारण जनताका बीच समन्वयको भावना फैलाई शान्तिपूर्ण तरिकाले विकासका कार्यहरू सम्पन्न गर्न सक्नु पर्दछ। राष्ट्रिय विकास कार्यक्रम एउटा ज्यादै महत्वपूर्ण एवं जटिल भएको हुंनाले यसमा अलिकति पनि संघर्षको बाटो उत्पन्न हुन गएमा एउटा अन्योलपूर्ण वातावरण पैदा हुन जानेछ। सिद्धान्त र प्रयोग का बीच फरक पर्नु पनि असफलताको ज्यादै ठूलो चिन्ह हो। पञ्चायती व्यवस्थामा प्रशासकीय अधिकारमा जनताको के भूमिका भन्ने कुरा अन्धकार मै भएकोले त्यसको अनुकुल वातावरण निर्माण भएको देखिदैन। यसले गर्दा जनता प्रशासकीय भुमरीमा पर्न गई लथालिङ्ग भैरहेको पाइन्छ। यो कार्य ज्यादै अव्यवहारिक पूर्ण छ। यसबाट सामञ्जस्य कसरी आउन सक्ला भन्ने शंका उप–शंका उठन पनि सक्दछ।

राष्ट्रिय नेतृत्वको विकास गराउनमा पनि स्थानीय प्रशासन र जनताका प्रतिनिधि एवं कार्यकर्ताका बीच हिमचिम र गाढा सम्बन्धको त्यति नै आवश्यकता देखिन्छ जति आवयश्कत प्राणी मात्रलाई हावाको पर्दछ। पञ्चायती व्यवस्था आफ्नै ढङ्गको प्रजातान्त्रिक व्यवस्था भएको हुनाले यसको आफ्नै पन, आफ्नै विशेषता एवं आफ्नै सीमा छ। जुनसुकै प्रजातान्त्रिक सरकार पनि बहूसंख्यक जनताको भलाईमा आस्था राख्दछ। तर त्यसलाई प्रशासनले जन प्रतिनिधिहरू माथि प्रभावकारी नियन्त्रण र उत्साहपूर्ण जनमतको कदर गर्न सकेन भने त्यो असफलै रहन्छ। प्रशासनले सम्पूर्ण जनताको जीवनस्तरको अभिवृद्धि गराई एक, पवित्र तथा स्वच्छ सम्बन्धको स्थापना गर्नु पर्दछ। देशको विकासमा उचित धन राशीको लक्ष्य निर्धारित, जनताको आर्थिक स्तर दृढ बनाउने काम पनि प्रशासन माथि नै लादिएको हुनाले प्रशासनले अझ बढी मात्रामा सक्रिय

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका खेल्न सक्नु परेको छ । कुनै पनि प्रशासनले कानूनी र नैतिक उत्तरदायित्वमा गतिरोध उत्पन्न हुन दिनु हुदैन । यसबाट अलिकति पनि निराशावादी भई आँखा चिम्लिएका खण्डमा एक ज्यादै ठूलो विष्फोट वाद विवादको ह्रास हुन जानेछ, जसको समाधान गर्न स्वस्थ मस्तिष्कको आवश्यकता हुन जान्छ ।

प्रशासनको जनतासंग सोझै सम्पर्क भएको हुनाले जनताको वास्तविक गतिविधि प्रशासनलाई मात्र थाहा हुन्छ । वर्तमान हाम्रा अगाडि देखा परेका समस्याहरू मध्ये सबै भन्दा महत्वपूर्ण समस्या भीषण आर्थिक समस्या नै हो । यसको अभावले सम्पूर्ण सामाजिक एवं व्यक्तिगत जीवनमा उत्पीडन बढी रहेकोछ । यस्तो जटिल समस्याको समाधान गर्न प्रशासनलाई पनि ज्यादै कठिन परिरहेछ । त्यस्तै विकासका कार्यहरूमा उचित सामञ्जस्य स्थापित छ, वा, छैन, भन्ने कुरा पनि शंका लाग्दो छ । यदि विकासका कार्यहरू जनताले आफ्नै (उनीहरूकै) लागि संचालित भएका हुन भन्ने कुरा जान्दैन भने त्यसमा प्रशासनले कस्तो भूमिका खेल्नु पर्ला । त्यसमा पनि दवाउन थाल्यो भने जनतालाई कस्तो प्रतिक्रिया पर्न जाला । यसवारेमा गहिरो अध्ययन तथा मननको आवश्यकता छ । अतः प्रशासन तथा जनताका बीचको अन्योलपूर्ण अवस्थावाट राष्ट्रलाई मुक्त गर्न सकिएला वा नसकिएला, यो सोचनीय विषय छ । प्रशासन सरकारको एउटा वास्तविक तथा आवश्यकीय अङ्ग हो । कुनै पनि सरकार र व्यवस्थाको सफलता वा असफलताको परिणाम प्रशासन माथि नै लुकेको हुन्छ । जनताको प्रशासन माथि कति सम्म आस्था छ वा छैन भन्ने कुरा पनि त्यहाको प्रशासनिक व्यावहार माथि नै निर्भर गर्दछ । जनताको कल्याणार्थ प्रशासनले जे पनि गर्न सक्नु उसको सफलताको सच्चा मार्ग हो । राम्रो प्रशासनको लक्ष्य अपव्यय दूर गरी मानवीय निकटता सम्पर्क गर्नु हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य एउटा निर्जीव शरीरहो प्रशासन त्यस शरीरमा प्राणभरी गतिशील पैदा गर्ने वास्तविक साधनहो । हाम्रो राज्य व्यवस्था (पञ्चायत) जनसामान्यको उन्नति समृद्धिएवं सुरक्षाको प्रजातन्त्रिक आदर्श निष्पक्ष इमान्दार र कुशल प्रशासनको कारणबाट मात्र प्राप्त हुन्छ । त्यसैले यसले सही नीति लागु गर्नमा गलत कदम उठायो भने राजनीतिज्ञहरूको अधिकार समाप्त प्राय: हुन जानेछ र शान्तिको अपेक्षा क्रान्ति हुनेसम्भावना हुनेछ । प्रशासन राष्ट्रिय जीवनको एक महत्वपूर्ण एवं शक्तिशाली तत्व हो यसकारण कुनै पनि महत्वपूर्ण राजनीतिक सामाजिक तथा आर्थिक समस्यालाई पूरा गर्न प्रशासनको दक्षता र जन साधारणमा उचित ज्ञानको बृद्धि गर्नु अति नै आवश्यक देखिन्छ । यसो भएमा त्यहाँको सम्पूर्ण समाजको कल्याण हुन्छ ।

आजको प्रशासन नयाँ समाज सिर्जना गर्न सक्ने एक मुख्य स्रोत हुनु परेको छ । त्यसबाट जनताले अधिक लाभ उठाइ काम गर्न सकुन । प्रशासन र जनताका बीच परामर्श, प्रोत्साहन र चेतवानीको भावना एवं गाढा संबन्ध रहनु पर्दछ । मनुष्य समाज आज ज्यादै अगाडि बढी सकेको हुनाले र विज्ञानको महत्वपूर्ण एवं अलक्षित भूमिका देखा परेकोले प्रशासनको क्षेत्र अझ व्यापक तथा विशाल भएको छ । संसारको परिस्थिति दिन प्रतिदिन जटिल हुंदै जादैछ । मनमानी शासनको अपेक्षा सामाजिकरणको प्रक्रिया हुन अनिवार्य छ । यसैबाट मात्र सारा देश, जनता र प्रशासनलाई कल्याण छ । यसो भएमा मात्र मानिस अधिकाधिक संख्यामा आफ्नो कर्तव्य गर्न अग्रसर साथै उत्सुक हुनेछ अन्यथा समाज अन्धकारमय वातावरणमा रूमलिन पुग्ने सम्भाना छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली जनजीवनको आर्थिक पक्ष

देशको सम्पूर्ण भाग गाउँले नै भरिएको र वहूसंख्यक नागरिकहरु गाउँमानै वस्ने हुनाले गाउँको विकासनै राष्ट्रिय विकाश हो । साथैं ग्रामीण जन जीवनको आर्थिक पक्ष विचार गर्ने हो भने ज्यादै नै दयनीय अवस्थामा रहेको पाउँछौं । हाम्रो ग्रामीण समाज संसारको अरु देशको दाँजोमा ज्यादै पिछडिएको छ । गाउँ उत्पतिदेखि नै रहि आएको हाम्रो ग्रामीण समाजको कुनै खास काँचुली फेरेको हामी पाउँदैनौं । हजारौं वर्ष अगाडि जुन स्थिति- मा थियो त्यसमा हामिले खासगरि केही गर्न सकेका छैनौ भने पनि हुन्छ। नेपाली जनजीवनको आर्थिक पक्षलाई केलाउने हो भने संसारको अरु देश को आर्थिक स्तर भन्दा ज्यादै तल भएको हामी पाउँछौ ।

अशिक्षा, रोग र गरीबीले सताइएको ग्रामीण समाजको विशिष्ट कारणको खोजी गर्ने हो भने हामी समाजमा रहिरहेको निर्धनतालाई नै पाउँछौ । देशको प्रतिव्यक्ति राष्ट्रिय आय र त्यसको असमान वितरणबाट हामी देशको गरीवीको मूल्याकन गर्न सक्छौं । हाम्रो देशको अधिकांश जनसंख्याले भोजन, कपडा र वसोबासको प्राथमिक आवश्यकहरु पूरा गर्न सकेको छैन । यस हेतु जबसम्म ग्रामीण तहमा आर्थिक समृद्धि आउँदैन

CC-0. In Public Domain. Digitization by eGangotri

तबसम्म देशको स्थिति दरिलो हुदैन भन्ने कुरामा दुई मत हुन सक्दैन ।

कुनैपनि देशको आर्थिक स्थिति जान्नको लागि त्यो देशको राष्ट्रिय आय जान्नु जरूरी छ । राष्ट्रिय आय कुनै देशमा वर्ष भरमा हुने उत्पादन र सेवाहरूको मूल्य हो । कुल राष्ट्रिय आयबाट हामी त्यस देशको बासिन्दाहरू-को प्रतिव्यक्ति राष्ट्रिय आय निकाल्न सक्छौं र यसबाट नागरिकहरूको निर्धनता र समृद्धिको अन्दाज लगाउन सक्छौं । यसबाट हामी प्रमाणित गर्न सक्छौं राष्ट्रिय आय नै देशको आर्थिक स्थितिको मापन हो ।

देशको बहुसंख्यक जनता कृषिकार्यमा संलग्न रहेको र कृषि उत्पादन नै यो देशको राष्ट्रिय आयको प्रधान श्रोत हो भन्नु अत्युक्ति नहोला । राष्ट्रिय आयको प्रमुख श्रोत नै कृषि उत्पादन भई रहनु, कृषि माथि अत्य-धिक जनसंख्याको भार रहि रहनु, कृषि कार्यमा सुधार नहुनु नै नेपाली जनजीवनको निर्धनताको कारण हो ।

गरीबी नै यो देशको सबै भन्दा ठूलो सामयिक समस्या हो । यो समाजको समाधानमा सामाजिक सुख, सुरक्षार कल्याण निर्भर छ । अतः यसलाई समाधान गर्न शीघ्रताशीघ्र बाटो र योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

जबसम्म ग्रामीण तहमा आर्थिक समृद्धि आउँदैन तबसम्म देशको आर्थिक स्थिति दरिलो हुँदैन भन्ने कुरा हृदयंगम गरी ग्रामीण जनजीवनको निर्धनताका कारणहरू केलाउन बाध्य हुन्छौं । ग्रामीण जीवनको गरीबीको कुनै एउटै मात्र कारण छैन । अनेक र विविध कारणहरूले गर्दा नेपाली ग्रामीण जनजीवन गुज्रिरहेछ, दुःख र निर्धनताको गोरेटोमा । यी अनेक कारणहरूलाई हामी ६ भागमा बाँडन सक्छौं– (१) कृषि माथि अत्याधिक

CC-0. In Public Domain. Digitization by eGangotri

निर्भरता (२) पिछडिएको कृषि प्रणाली (३) सहायक अथवा कुटिर उद्योगको अभाव (४) वेकारी समस्या (५) ऋणग्रस्तता (६) बढ्दो जनसंख्या ।

कृषि माथि निर्भर रहनु ग्रामीण जीवनको प्रमुख विशेषता हो । तर पनि अत्याधिक कृषि माथि भार रहिरहनु यो युगको माग होइन । हामी-लाई यो थाहा छ कि देशको प्राथमिक उद्योगहरूमा कृषि नै मुख्य हो तर त्यसमा ज्यादा भार निर्धनताको कारण हो । गाउँको गरीवी कम गर्नको लागि पेशेवार पुनर्वितरण गर्नु पर्नें देखिन्छ । यसको लागी कृषिमा निर्भर व्यक्तिहरुको संख्याको अनुपातमा कमि ल्याउनु आवश्यक छ ।

कृषि माथि अत्यधिक निर्भर रहेर पनि कुनै कुनै देशले ज्यादै उन्नति गर्न सकेका छन् । अस्ट्रेलिया, न्यूजिलैण्ड र क्यानाडा यस्को ज्वलन्त उदा-हरण हो । यस्को लागि आवश्यक छ कि कृषि उत्पादक होस, उन्नत खेती होस । तर हाम्रो देशमा यो हुन सकेको छैन । कृषि प्रधान देश भएर पनि कृषि कार्य पिछडिएको हुनु यो हाम्रो दुर्भाग्य हो । फेरि दिनपर दिन भूमि-को उपजाउ शक्तिको ह्रास हुँदै गई राखेको छ । जमीनको उर्वरा शक्तिको ह्रासलाई रोक्ने एकै उपाय छ त्यो हो जमीनको शक्ति संरक्षण र सम्वर्धन ।

नेपालीहरू प्राय: आत्मनिर्भर थिए । आफ्नो आवस्यकताको सबै जसो वस्तु तयार गर्दथे । आवश्यकता ज्यादै सिमित थियो साथै सादा जी-वन यापन गर्दथे । आफूलाई चाहिने कपडा, माटाका भाडा, डाला नाङ्लो डोका जस्ता आवस्यकीय वस्तुहरू फलामे औजार र हतियारहरू छाला काठका सामानहरू इत्यादी आफै तयार गर्दथे, अहिले सम्म पनि यहि प्रचलन चल्दैछ । ग्रामीण आर्थिक सम्पन्नताको लागि यति ले मात्र नहुने हुँदा यसको पुनरुद्धार र पुर्ननिर्माणको लागि यो आवस्यक छ कि गाउँ गाउँमा

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस गाउँको संस्कृति र व्यवसायलाई ध्यान दिई कुटिर उद्योगहरूलाई स्थापना गर्नु पर्ने जरूरी छ । यस्ता ग्रामणी उद्योगहरूलाई आधुनिक आविष्कारहरू र सुधारहरूबाट लाभान्वित गराउन आवश्यकीय आर्थिक सहायता, तालीमको सुविधार प्राविधिक मार्ग दर्शन गराउँदैं लैजानु पर्दछ । यस्तै प्रकारले गाउँ गाउँमा कुटीर उद्योगको विस्तार गरिने लक्ष्य राखिनु पर्दछ ।

ग्रामीण समाजमा वेकारीको संख्या अधिक पाईन्छ । श्रम जीवी भन्नाले १५ वर्ष माथि र ६० वर्ष मुनिकालाई लिन सकिन्छ । एक गाउँमा यस्ता कति व्यक्तिहरू छन् र कतिले, कति घण्टा दिनको उत्पादन कार्यमा भाग लिएका छन् ? ग्रामिण जीबनका सबै यस्ता श्रमजीवीहरूले उत्पादन कार्यमा भाग लिएको पाईदैंन । गाउँमा ५० प्रतिशत भन्दा बढीले कार्य गरेको हुदैंन कार्यमा संलग्न हुन पनि याममा हुन्छन् । यदि वर्ष भरिमा सबै दिन यस्ता कार्य गरेको खण्डमा गरीवी भन्ने कुरा नै रहँदैन भनी हामी ठोकुवा गरी भन्न सक्छौं । तर यस्तो हुन नसकेको कारणबाट वेकारीको समस्याले हाम्रो समाजमा भुखमरी र गरीवी छाएको छ । यो समस्याले हाम्रो राष्ट्रिय आएको झण्डै आधा पूंजीलाई नै नष्ट गरिरहेको छ । यो भयानक स्थितिलाई शीघ्र अन्त गर्नु आवश्यक छ । कुटिर सहायक उद्योगको विकासद्वारा नै ग्रामीण जनजीवनको वेकारी समस्या समाधान गर्न सकिन्छ । यसै प्रकारले ग्रामीण जनताहरूलाई सबै महीनाहरूमा काममा तल्लिन गराउने योजना तर्जुमा गरिनु पर्दछ ।

ग्रामीण किसानहरूको गरीवी बढाउनेमा "ऋणग्रस्तता" को पनि कम हात छैन । एकातिर ऋणग्रस्तता उसको गरीवीको कारण हो भने अर्कोतिर उ आफै आफ्नो गरीवीको एक परिणाम हो । ग्रामीण किसानहरूको सामान्य आय यति कम छ कि खेतमा केहि लगानी गर्नु पर्‍यो, चाड पर्व आयो,

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै कार्य पर्‍यो भने आफूसंग लगानी गर्ने रकम हुदैन अनि उधारोको आश्रय लिनु पर्दछ । देशमा भूमि सुधार योजना लाग्नु भन्दा पहिले शोषक, जाली फटाहाले १०० प्रतिशत सम्म व्याज किसानबाट असुल गर्दथे । त्यस बखत देखि ऋण ग्रस्त परिवार आज सम्म उठन सकेको छैन । जबसम्म पूर्णतः किसानहरूलाई आवश्यक ऋण उपलब्ध गराइन्न तबसम्म उनीहरूका समस्या समाधान हुदैनन् । गाउँ गाउँमा अनुत्पादक र ऋण ग्रस्तता अन्त गर्न प्रत्येक गाउँको बीचमा सहकारी संस्थाहरूको गठन हुनु आवश्य छ । कृषकहरूको लागि चाहिदो ऋणको दायित्व त्यस संस्थाले लिन सकोस अनि मात्र कृषकहरूको अवस्थामा सुधार सम्भव होला ।

बढ्दो जनसंख्या पनि ग्रमीण जीवनको गरीवीको कारण हो । आवादी जमीनको क्षेत्रफल भने लगभग स्थिर रहिरहेने र त्यसमाथि जनसंख्याको चाप भने बढी रहेछ । पेशेवार कृषकको संख्या चाहिने भन्दा ज्यादा छन्, तर पनि उत्पादन कार्यमा संलग्न भएका कम छन् । यदि गाउँ गाउँमा वढ्दो जनसंख्याको खपतको लागि आवश्यक उद्योग एवं सहायक धन्धा हुन्थ्यो भने जनसंख्या बृद्धिको त्यति भयावह हुदैन थियो ।

यसका साथै ग्रामीण जीवनको तल्लो आर्थिकस्तर राखी राख्नेमा त्यहाँ प्रचलित रीति रिवाज, रूढिवादी तथा कुण्ठित मनोवृति एवं अशिक्षा जस्ता मानवीय शत्रुहरू हुन् । ग्रामीण समाजमा रहिरहेको गरीवीको अन्त गर्ने उपायहरू खोजनको लागि त्यसको विशिष्ट कारणहरूको जानकारी प्राप्त गर्नुको साथै समाधानको दिशा तर्फ लाग्नु ज्यादै जरूरी छ ।

जनजीवनको आर्थिक स्तर बढाउने केही हदसम्म चालु "भूमिसुधार कार्यक्रमले सघाउ पुर्‍याएको थियो । यतिले मात्र आर्थिक स्तर नबढ्ने देखि श्री ५ को सरकारले जमिनको पुन वितरण गर्ने लक्ष राखेको छ । साथै जन–जीवनको वहु पक्षिय विकास गर्ने स्थानिय विकास योजनाहरू शुरु

CC-0. In Public Domain. Digitization by eGangotri

गरेकोछ । ग्रामिण योजनाहरूमा स्थानीय जन, सहयोग र साधनको महत्व-लाई स्थान दिई योजना संचालन गर्ने लक्ष राखेको छ । जनसाधारणको जीवन स्तर उठाउन स्थानीय जनबल र साधनको समक्ष परिचालन गरी गाउँ विकास कार्यमा स्थानिय पन्चायतलाई बढी सक्रीय भागर जिम्मेदारी लिन लाउने छ । गाउँमा आफ्नो स्थानीय संस्कृति भौगोलिकर व्यवसायको आधारमा योजना तर्जुमा हुनेछ । यस्तो किसिमबाट कार्यान्वयन हुने योजनाले गाउँमा आर्थिक स्थितिमा ज्यादै सघाउ पुऱ्याउने छ भन्ने दृढ विश्वास राख्नु स्वाभाविकै हो ।

नेपाली ग्रामीण जनजीवनको आर्थिक स्थिति सबल र स्थिर राख्नको लागि माथि उल्लेखित ग्राम्य जीवनको मुख्य लक्ष्यहरूलाई ध्यान दिई योजना कार्यन्वयन गरिनु पर्दछ र ग्रामीण समाजले पनि आफ्नो क्षेत्र र समुदायको उन्नतिमा विशेष अभिरूचि राखेर सहकारी र गैर सहकारी क्षेत्रबाट सहयोग लिएर विकासको मार्गमा अगाडी लम्कने सक्रियता सिर्जना गर्नु पर्दछ । यस्तै प्रयासहरूबाट नेपालीको कल्याण हुन सक्ने छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रामीण तहको समस्या र त्यसको समाधान

नेपालीहरू ९० प्रतिशत कृषि कार्यमा संलग्न रहेर पनि आवश्यकीय खाद्य सामाग्री उपलब्ध गराउन असमर्थ छन् । जनताको सामान्य जीवनस्तर संसारको सबै देशहरूको दाँजोमा निम्नस्तर छ भन्नुमा अत्युक्ति नहोला। तसर्थ नेपालीलाई यस स्थितिबाट विश्वको विकशित राष्ट्रहरूको दाँजोमा पुऱ्याँउन लगन, धैर्य र श्रमको वास्तविक परिचालन गर्नु प्रत्येक नेपालीको कर्तव्य हुन आएको छ ।

मानिसहरू सरदर नेपालीको जीवन सदियौं अगाडी जुन थियो जीवन स्तरमा त्यस भन्दा केही अगाडि बढेको मात्र हामी पाउँछौं । यस स्थितिबाट नेपाली जनजीवनलाई कसरी उभो लगाउने ? भन्ने तर्फ लाग्दा, निश्चयनै जनजीवनको बहुपक्षिय विकास हुनु जरूरी छ भन्ने निष्कर्षमा पुग्छौं । एउटा गतिशील, वैज्ञानिक, कल्याणकारी आधुनिकतम समाजको निर्माणको लागि रूढिवादी परम्परा, कुण्ठित मनोवृत्ति सामाजिक आर्थिक विषमतालाई मूलच्छेदन गरी राष्ट्रिय नवजागरण ल्याउनु छ । देशको लागि केही ठोस कार्य

CC-0. In Public Domain. Digitization by eGangotri

गरी आफ्नो जीवन सार्थक पार्ौं भन्ने धारणाको विकास प्रत्येक नेपालीमा हुनुनै देशको चौतर्फी विकासको प्रतीक हो ।

नेपाली जनजीवनका खास गरेर ग्रामीण तहमा देखा परेका समस्या-हरूलाई चार प्रकारमा विभाजन गर्न सकिन्छ (१) सामाजिक (२) आर्थिक (३) स्वास्थ्य र (४) शिक्षा सम्वन्धी समस्या ।

नेपाली समाज अन्ध विश्वासी, रूढिवादी मनोबृतिले अनावश्यकीय कार्यमा धेरै दिलचस्पी दिदैंनन् । ग्रामीण तहमा अझैं उच निचको भावना, जातिपातीको प्रभाव आदि छन् । यस्ले गर्दा स्थानीय रचनात्मक कार्यमा वाधा दिई राखेको छ ।

ग्रमीण तहको आर्थिक समस्या सम्बन्धमा कृषि सम्बन्धी, पशु सम्बन्धी, यातायात र ऋण सम्वन्धी समस्याहरू आउँछन । पूर्ण रूपेण कृषिमा निर्भर रहनु, कृषि कार्य पिछडिएको हुनु, उब्जाउ शक्तिमा उल्लेखनिय बृद्धि हुन नसक्नु आदि कारणले गर्दा आर्थिक संकटमा झेलिनु परेको छ ।

ग्रामीण समाजमा शिक्षितहरूको संख्या कम छैन तव पनि तिनीहरू गाउँमै नवस्नुको कारणले गर्दा ग्रामीण शिक्षाको महत्व त्यत्ति सम्झन सकेन । आफ्नो बाल बच्चाहरू स्कूलमा पठाउनु भन्दा काममा पठाउनु ज्यादै आवश्यक ठानिन्छ र विषय आर्थिक स्थिति यसको मुख्य कारण हो । नारी शिक्षा र प्रौढ शिक्षा त परै जावस गाउँ स्तरमा प्राइमरी स्कूलको स्थापना भए पनि धेरै कम व्यक्तिहरूले त्यसवाट फाइदा उठाएका छन् । अतः जुन गतिवाट शिक्षा फैलनु पर्दथ्यो त्यो गति शिक्षामा आउन सकेको छैन ।

देशको अधिकांश जनमत गाउँमा वस्ने हुनाले वहूसंख्यक ग्रामीण निवा

CC-0. In Public Domain. Digitization by eGangotri
सीहरूको उत्थान विना देशको उन्नति असंभव छ । यसै तथ्यलाई मनन गरी श्री ५ को सरकारले देशमा विभिन्न कार्यक्रम एवं योजनाहरूको सुरुवात गरेको छ साथै कतिपय योजनाहरू कार्यन्वयन गर्ने लक्ष्य पनि राखेको छ।

स्थानीय तथा ग्रामीण तहमा देखिएका रूपरेखा नै राष्ट्रिय स्वरुप हुन् । जवसम्म ग्रामीण तहको जन जीवनको विकास हुदैन तवसम्म राष्ट्रिय विकास सम्भव छैन भन्ने तथ्यलाई मनन गरी श्री ५ को सरकारले स्थानीय विकास योजना सञ्चालन गर्ने लक्ष्य राखी स्थानीय विकास विभाग समेत खडा गरेको छ ।

स्थानीय नेतृत्वको माध्यमद्वारा देशमा निहित जनशक्तिको उचित परिचालन गरी आर्थिक र सामाजिक पक्षहरूलाई एक अर्काको पूरक बनाई राष्ट्रिय विकासमा सघाउ पुऱ्याउने विशुद्ध लक्ष्य लिएर आएको स्थानीय बिकास योजनाले प्रत्येक नेपालीलाई आत्मविश्वास र विकासशील मनोवृत्ति उत्पन्न गराउदै ग्रामीण समाजमा सयकडौं वर्षदेखि रहेको उदासीनताको अन्त्य गर्न समर्थ हुनेछ । कृषिमाथि अत्याधिक जनसंख्याको भार घटाई स्थानीय श्रम तथा साधनको उपयोग गरी स्थानीय दृष्टिकोणको आधारमा जनजीवन सुहाउदो सा–साना उद्योग धन्दाहरूको संचालन एवं स्थानीय भौगोलिक स्थिति अनुकुल बाटोघाटो पुल, पँनी, स्कूल भवन इत्यादिको निर्माण साथै अन्य रचनात्मक कार्यहरू गर्ने स्थानीय विकासको उद्देश्य रहेको छ । स्थानीय श्रम तथा श्रोतले भ्याउने विभिन्न निर्माण कार्यहरू प्रारम्भ गर्न तथा पूरा गर्न स्थानीय जनतामा नयाँ उमङ्ग तथा जोशको संचार गराउन स्थानीय विकास योजना समर्थ हुनु पर्दछ । सकेसम्म छोटो अवधि भित्र ग्रामीण तहको आर्थिक स्थिति सपार्ने तथा देशलाई अरु उन्नतिशील देशको दाँजोमा पुऱ्याउने हो भने स्थानीय विकास योजनाले आफ्नो उद्देश्य र लक्ष्य अनुकूल योजना तर्जुमा गर्दा अल्पकालीन तथा दीर्घकालीन गरी योजनालाई

CC-0. In Public Domain. Digitization by eGangotri

दुई भागमा बाँडनु पन जरूरी देखिन्छ । खाद्य एवं कृषि उत्पादनमा शीघ्र वृद्धि शिक्षाको प्रचार स्वास्थ्य सुधार तथा नवीन कार्यक्षमता तथा व्यवसाय-लाई समावेश गर्नु पर्दछ । जसबाट ग्रामीण जनजीवनको आर्थिक स्तर बढा-उने तथा नविन ज्ञान जनजागरणद्वारा जीवन निर्वाह गर्न उत्साह उत्पन्न हुन सकोस । यसबाट देशका मुख्य तीन समस्याहरू अशिक्षा, रोग र गरीबीको अन्त्य भइ शोषण रहित आधुनिक समाजको स्थापना हुन सक्ने छ ।

अज्ञानता, अन्धविश्वास एवं अशिक्षाले व्याप्त समाजमा एकैचोटि चेतना एवं कार्यशील समाज सिर्जना होला भनि हामी भन्न सक्दैनौ । ग्रामी-ण तहको नेपाली जनजीवनमा समाजिक चेतना तथा सक्रियता उत्पन्न गर्नको लागि भौतिक उपलब्धिको प्रक्रियालाई बढी महत्व दिएर योजनावद्धरूपमा ग्रामीण श्रम, शक्ति र क्षमतालाई खेर जान नदिने गरी कार्य कार्यान्वयन गर्नु पर्ने देखिन्छ । साथै क्षेत्रीय असन्तुलनलाई घटाई जनजीवनको वहुपक्षीय विकास गर्नको लागि समेत दीर्घकालीन योजना तर्जुमा गर्नु उपयुक्त देखिन्छ । ग्रामीण तहमा रहेको आर्थिक संकट हटाउन अल्पकालीन योजनाले केही हद सम्म सघाउ पुऱ्याउछ तापनि वास्तविक लक्ष्य प्राप्ति गर्न नसक्ने हुदा अल्प-कालीन योजनामा अपनाइएका नीति र कार्यक्रमलाई बढी प्रभावकारी र विकसित गराउदै लैजानु पर्ने देखिन्छ ।

कृषि विकास कार्यक्रमलाई दरिलो तुल्याउन प्रति वर्ष कृषि प्रदर्शनी, कृषि औजारहरू उपलब्ध गराईदिनु, उन्नत विउ र खादका वितरण, कम ब्याजमा ऋण उपलब्ध गराइनु पर्दछ । यो कार्य स्थानीय सहकारी संस्थाबाट सम्भव हुन सक्दछ ।

कुटिर उद्योग धन्दाबाट उत्पादित वस्तुहरूको खपत हुने व्यवस्था, प्रति वर्ष उद्योग प्रदर्शनीको व्यवस्था साथै सम्बन्धित व्यक्तिहरूलाई उचित तालीमको व्यवस्था हुनु जरूरी छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय जनशक्ति र साधनको सक्षम परिचालन गरी क्रियाशील समाजको स्थापनाको लागि सामाजिक समस्याहरूलाई हटाउन उनीहरूमा भावात्मक परिवर्तन आउनु जरूरी छ । त्यस्को लागि भौतिक उपलब्धिको प्रक्रियालाई बढी महत्व दिन र योजनाबद्ध तरिकाले गरेका कार्यक्रममा जनश्रमलाई खेर जान नदिने गरी कार्यान्वयन गरिएमा त्यस्को सफलताबाट प्रभावित भएर विकासका लागि साधारण जनतामा अनुकूल प्रभाव पर्न जानेछ, र त्यस्को प्रभावबाट साधारण जनतामा उपलब्धिको महत्व बोध भइ सामाजिक चेतनाको साथै सक्रियता उत्पन्न हुन गई आधुनिक एवं क्रियाशील समाज स्थापना हुन सक्नेछ ।

जुनसुकै राज्य, त्यो जतिसुकै सानो किन नहोओस त्यो, दुई राज्यमा विभाजित भएको हुन्छ, एउटा धनीको राज्य र अर्को गरीबको राज्य

—प्लेटो

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी आदर्श मण्डलको उद्देश्य

नेपाली समाजलाई अझ गतिशील बनाउने लक्ष राखी, पञ्चायती व्यवस्था, राष्ट्रिय एकता, कला, संस्कृति साहित्य एवं लोक सम्मति आदिलाई प्रमुखतम् दिई देश, नरेश र जनताको सेवा भाव लिई स्वयंसेवकको हैसियत ले व्यवस्था राजमुकुट र समाज सेवा गर्ने दृढ प्रतिज्ञा गरी राष्ट्र निर्माणमा भाग लिने पुनीत उद्देश्यले यो केन्द्र अभिप्रेरित हुनेछ ।

१. यस संस्थाको उद्देश्यः मुख्यतया देश, नरेश र जनताको भलाई र कर्तव्य-परायणको भावना फैलाउने हो ।

२. पञ्चायती व्यवस्थामा राष्ट्रिय हित र राजमुकुटबारे मनन, चिन्तन र त्यसप्रति आस्थावान व्यक्ति सिर्जिने ।

३. देशको सामाजिक, आर्थिक, राजनीतिक परिस्थितिको अध्ययन गरी पञ्चायती भावना र सोचाइ अनुरूप सहयोग गर्ने गराउने ।

४. नेपाली समाजलाई सुदृढीकरण गर्नको निमित्त विभिन्न कार्यक्रम आदि गर्ने गराउने ।

CC-0. In Public Domain. Digitization by eGangotri

५. यसमा विभिन्न राष्ट्रवादी कार्यकर्ताहरूलाई समावेश गराई देशको विभिन्न ठाउँमा गई सफाई–आन्दोलन, गोष्ठी आदि गर्ने गराउने र भ्रष्टाचार, अन्याय, अत्याचार तथा झगडा नगरौं भन्ने आयोजना गर्ने गराउने ।

६. हाम्रो सामु आएको कुनै पनि योजनामा सक्दो सहयोग र मद्दत पुऱ्याइ काम गर्ने ।

७. विभिन्न संघ संस्था एवं प्रशासनको वास्तविक जाँचबुझ र मूल्यांकन गरियोस र ठीक राष्ट्रवादी विचारधारालाइ मात्र प्रश्रय दिइयोस भनि अपील गर्ने ।

८. यस संस्थाले चौधै अञ्चलमा अञ्चल व्यापी शाखाहरू खोल्ने र खोल्न लगाउने ।

९. राजनितिक कार्यक्रममा उल्लेखित धाराअनुरूप कार्यक्रम र आचरण गर्ने ।

१०. पञ्चायत प्रणालीका निर्देशक सिद्धान्त अनुसार नैतिकतालाइ अंगालेर काम गर्न यो संस्था अग्रशर हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी आदर्श मण्डललाई परामर्श, प्रोत्साहन तथा सल्लाह दिनको लागि नवगठित सल्लाहकार मण्डल

१. माननीय, दामोदर शम्सेर ज.ब.रा. (मुख्यसल्लाहकार)

२. संमाननीय, पूर्ण वहादुर मानव (सल्लाहकार)

३. माननीय, सूर्य प्रसाद उपाध्याय (सल्लाहकार)

४. माननीय, हिरालाल विश्वकर्मा (सल्लाहकार)

५. यज्ञप्रसाद आचार्य केन्द्रीय सभापति, ने. यू. सं. (सल्लाहकार)

उपर्युक्त सल्लाहकार मण्डलद्वारा पाएको प्रेरणाले यो कार्यकारिणी समिति क्रियाशील एवं सक्रिय हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी आदर्श मण्डलको कार्यकारिणी समिति

१	प्रेमकृष्ण काफले	सभापति
२	रामराजा राणा	उप-सभापति
३	भरतमणि जंगम्.	सचिव
४	दिपक अर्याल	उप-सचिव
५	रत्नबहादुर शाक्य	कोषाध्यक्ष
६	फलक चन्द्र विष्ट	सदस्य
७	भरत शम्सेर ज. व. रा.	"
८	देविप्रसाद भट्टराइ	"
९	कालिका प्रसाद घिमिरे	"
१०	विस्नुहरि देवकोटा	"
११	विच्छेब्रम्ह कपाली	"
१२	शुरेसराज कालिका	"
१३	श्रीमती अनिता काफले	"
१४	सुश्री नानीहिरा शाक्य	"
१५	सुश्री पुष्पालक्ष्मी नकर्मी	"

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रवादी आदर्श मण्डलको मञ्चमा भागलिई आफ्ना दुई-शब्द व्यक्त गरि दिनु हुने व्यवस्थावादी कार्यकर्ता महानुभाव हरू मध्ये मुख्य व्यक्तिको नामावली ।

१ नगेन्द्रप्रसाद रिजाल, संमाननीय अध्यक्ष राष्ट्रिय पञ्चायत
२ रूद्रप्रसाद गिरी, संमाननीय तत्कालिन मंत्री
३ होमवहादुर श्रेष्ठ माननीय तत्कालिन राज्य मंत्री
४ प्रकाशचन्द्र मुखिया माननीय रा. प. स.
५ भानवहादुर चन्द " "
६ खेलेन्द्र प्रसाद पाण्डे " "
७ युवराज जंग शाह " "
८ नरेन्द्र कुमार प्रधान " तत्कालिन रा.प.स.
९ चन्द्रवहादुर पालुङवा " रा.प.स.
१० लक्ष्मण जुंगवहादुरसिंह संमाननीय सदस्य राजसभा
११ एस. एल. शर्मा उ. स. ने. म. सं.
१२ शेर वहादुर गुरूङ स. ने. मू. पु. सै. सं.
१३ जोनदेन उक्याव
१४ वशैराम सदस्य विरगंज नगर पञ्चायत

CC-0. In Public Domain. Digitization by eGangotri

१५ दण्डपाणी नेपाल	सदस्य	धनकुटा जिल्ला पञ्चायत
१६ गोविन्द तिमल्सीना	सदस्य	रा०स्व०वि०मं०
१७ परमेश्वर शाक्य	सम्पादक	हिमाली हुलाक
१८ श्याम भण्डारी		विद्यार्थी

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमकृष्ण काफ्ले

पंचायत व्यवस्थाका केन्द्रीय स्तरका सामाजिक कार्यकर्ता

CC-0. In Public Domain. Digitization by eGangotri

विकासको मूल फुटाउने राष्ट्रनायकको
अभिलाषा पूरा गर्न

स्वदेशी उद्योगको प्रगति अनुसार
हाम्रो उद्योगले पनि

डुप्लीकेटिङ जगतमा उत्तोरोत्तर
प्रगति गर्दै

धेरै राम्रा ! धेरै सस्ता !! र धेरै बलिया !! बिभिन्न प्रकारका मेशिनहरू धमाधम उत्पादन हुदैछन

स्वदेशी मेशीन प्रयोग गरी, स्वदेशी उद्योगलाई प्रोत्साहन दिई श्री ५ को अभिलाषा पूरा गर्नु होस ।

कालिका उद्योग
वा. औ. क्षे.
काठमाडौं

मुद्रकः– मातृभूमि प्रेस घण्टाघर, फो. नं. १३५२०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

'यती' परिवार डाइजेष्टको भेंट

स्वस्थ परिवार
सुखी परिवार

लेखकहरू:-

डा. प्रसन्न चन्द्र गौतम
डा. मणीन्द्र रञ्जन बराल
डा. ज्वाला राज पाण्डे
डा. हेमाङ्ग दीक्षित

★

सहायक पुस्तक–पुस्तिका

१. यती परिवार डाइजेष्ट
२. शिशु स्याहार
३. शिशु विचार
४. सफल दाम्पत्य जीवन र परिवार नियोजन

यती जेवी पुस्तक (प्रा.) लि.

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
यती जेवी पुस्तक (प्रा.) लि.
२१/५०४ डिल्लीबजार

●

सर्वाधिकार प्रकाशकको अधीन
मोल १/५०

●

यती समुदाय
परिवार डाइजेष्ट–७
र यसको संयुक्त ... मोल ३/– रूपैंयाँ

●

यस पुस्तिकालाई 'यती' समुदाय
संग अलग गरी बेच्न पाइने छैन

●

प्रकाशकको अनुमति बिना कुनै अंश
कहीं उद्धृत गर्न पाइने छैन

●

यती समुदाय (परिवार डाइजेष्ट–७
सँग संयुक्त गराई कार्तिक २०२८ मा प्रकाशित

●

मुद्रक :
चांमुन्द्रा प्रेस
यटखा, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो नाम

आफ्नो डाक्टरको नाम फोन नं.

अस्पतालको फोन नं.

१.
२.
३.
४.

एम्बुलेन्स

आफ्नो रक्त ग्रूप–

अरू केही–

परिवारका सदस्यको जन्मतिथि

नाम	जन्मेको ठाउं	जन्म तिथि

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूचि

मानव शरीर एक परिचय	१
खण्ड–१	
मांस अस्थि प्रणाली	५
पाचन प्रणाली	८
रगत	१३
रक्त सञ्चार प्रणाली	१६
स्वास प्रणाली	२०
उत्सर्जन प्रणाली	२२
स्नायु प्रणाली	२५
ज्ञानेन्द्रियहरू	२८
प्रजनन प्रणाली	३२
खण्ड–२	
गर्भ भित्रको बच्चा	३६
गर्भावस्थाको हेरचाह	३९
शिशु तालिका	
केही सरुवा रोगहरू	४१
बानी बेहोराको समस्या	४५
खण्ड–३	
उपकारी चक्कू	
सामान्य सर्जिकल रोगहरू	४९
खण्ड–४	
केही प्रचलित रोगहरू–	
अधिप्रोजानु	५८
रक्तअल्पता	५९
दम	५९
वात	६०
खकारमा रगत आउनु	६१
रगत बान्ता गर्नु	६२
क्यान्सर	६२
मोती बिन्दु	६४
बेहोस अवस्था	५४
मधुमेह	६५
आउँ पर्नु	६६
झाडाबान्ता लाग्नु	६७
भोजन विष	६७
पित्तको थैलीका रोगहरू	६७
पित्तको पत्थरी	६८
टाउको दुख्नु	६८
इन्फ्यूएन्जा	६९
निन्द्रा नपर्नु	६९
कलेजोका रोगहरू	६९
कम्मर दुख्नु	६०
हाडका रोगहरू	७१
पक्षघात	७१
प्लिउरिसी	७२
बेर्नु निस्कनु	७२
प्रोस्टेट बृद्धि	७३
अम्लपित्त	७३
पिल्स	७४
लुतो पर्नु	७५
औसनी लाग्नु	७५

सानो परिवार–सुखी परिवार–८२

CC-0. In Public Domain. Digitization by eGangotri

मानव शरीर

एक परिचय

यो पृथ्वीमा पहिलोपटक देखापरेको जन्तु अति मामुली किसिमको थियो । आज पनि यो 'एमीवा' को रूपमा पाइन्छ । दुइ अरब वर्ष अगाडी उत्पन्न भएको यो जन्तु केवल 'प्रोटो-प्लाज्म भन्ने जिवीत पदार्थले वनेको छ । यो आँखाले त्यसै देख्न सकिँदैन तर माइक्रोस्कोप भन्ने यन्त्रले हेर्दा यो छेउको चित्रमा देखाए झैं देखिन्छ । यस भित्र देखिएको एउटा वाटुलो थोप्लो नै यसको जीवनको मुख्य सन्चालक हो । यो जन्तुले शरीरको सबै काम गर्दछ , जस्तो आहार, विहार, मलमूत्र विसर्जन, प्रजनन, मरण इत्यादि ।



१+२ केन्द्र विन्दु (nucleus)
३ जीवकोष परिधि (Cell wall)
४ जीवतत्व (Protoplasm)

जीवन केन्द्रीभूत भएको यो एउटा वनोटलाई 'जीवकोष' भनिन्छ । एमीवा केवल एउटै जीवकोषले वनेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

संसारका सबै जिवीत प्राणीहरू जीवकोषले बनेका हुन्छन्। एउटा जीवकोषको चौडाइ १।३००० देखी लिएर १।३०० इन्च सम्म हुन्छ। शरीरको इकाइ एउटा जीवकोष हो। मानव शरीर पनि यस्तै जीवकोषहरूको समुदायले बनेको छ र यसको निंती कैयौं अरब जीवकोषहरू चाहिन्छन्।

हामीलाइ आफ्नो शरीरको सबै बनोट थाहा नभए पनि यति त थाहै छ कि हाम्रो शरीर छाला, रौं, बोसो, मासु, हाड, गिदी, कलेजो, फोक्सो, मुटु; हात, खुट्टा इत्यादिले बनेको छ। शरीर कसरी बनेको छ भन्ने अध्ययनको क्रमलाई 'शरीरविज्ञान' भनिन्छ र यी विभिन्न अङ्गहरूले कसरी काम गर्दछन् भन्ने अध्ययनको क्रमलाई 'शरीर क्रिया बिज्ञान' भनिन्छ।

शरीरका विभिन्न अङ्गहरू बेग्लाबेग्लै प्रकारका जीव-कोषहरूले बनेका छन्। यस्ता बिभिन्न प्रकारका जीवकोषहरू मिलेर एउटा समूह बन्दछ र यी 'जीबकोष समूह' हरू मिलेर अङ्गहरू बन्दछन्। विभिन्न अङ्गहरू मिलेर विशेष काम गर्ने तरीकालाई प्रणाली भनिन्छ। जस्तै रक्त संचालन प्रणाली, पाचन प्रणाली, अर्थात रगतको संचालनको निंति चाहिने विभिन्न अङ्गहरू र तिनीहरूको काम गर्ने तरीका, भोजनको निंति चाहिने बिभिन्न अङ्गहरूको काम गर्ने तरीका इत्यादि। हाम्रो शरीरको कामहरू यस्तै अनेकौं प्रकारका प्रणालीहरूबाट हुन्छन् र तिनीहरूको वेग्लावेग्लै अध्ययन गर्नु पर्दछ।

यसै सिलसिलामा यो पनि जान्नु आवश्यक छ कि यी बिभिन्न प्रणालीहरू स्वतः काम गर्दछन्। यिनीहरूको स्वचालनको निंती शरीरका केही 'जीवकोष समूहहरू' विशेष ढंगबाट जम्मा भै ग्रन्थीहरू बनाउदछन् र यी ग्रन्थीहरूबाट एक प्रकार

CC-0. In Public Domain. Digitization by eGangotri

को तरल रासायनिक पदार्थ निस्किन्छ यिनीहरूलाई 'श्राव' भन्दछन् । नाकबाट आएको सिंगान, छालाबाट आएको पसीना आंखाबाट आएको आंशु इत्यादि सबै यस्तै ग्रन्थीहरूबाट निस्केका स्राव हुन् । यो स्रावहरू शरीर बाहीर आउँछन् र यस्ता ग्रन्थीहरू जसको स्राव शरीरबाट बाहिर निस्कन्छ लाइ 'बहिरा-सर्गी ग्रन्थी' हरू भनिन्छ । यस्तै प्रकारले अन्य ग्रन्थीहरू पनि काम गर्दछन्, तिनीहरूको स्राव भने सोझै रगतमा मिसिन्छ र शरीरबाट बाहिर आउदैन । यस्ता ग्रन्थीहरूलाई 'अन्तरा सर्गी ग्रन्थी' भनिन्छ र यिनको स्रावलाई 'अन्तः श्राव' भनिन्छ । शरीर-को मुख्य कार्य सन्चालक नै यिनै अन्तःश्रावहरू हुन् ।

उदाहरणको निंति तपाइ अहिले यो किताव पढीरहनु भएको छ । यसको निंति हात लम्क्याएर दराजबाट किताव झिक्नु भो । यो हात लम्क्याइ र खुम्च्याइमा तपाइको पाखुरा र हातको मांशपेशीहरूले काम गर्नुपऱ्यो जसको निंति यी मांशपेशीमा भएका अन्तरासर्गी ग्रन्थीहरूले एउटा विशेष प्रकार को रासायनिक पदार्थ पैदा गरे । अब किताब पल्टाइ पढन लाग्नुभयो पढेको कुरा आंखाले देख्यो र त्यसको अर्थ गिदीले लगाउन थाल्यो तर यतिन्जेलमा कमसेकम पनि ६ वटा रासाय-निक पदार्थहरू पैदा भै सके र तुरुन्तै हराई पनि सके। यसरी स्पष्ट छ- विचार गर्दा, काम गर्दा, अथवा सुतेके बेलामा पनि शरीरका केही बिशेष जीवकोष समूहहरूले खास प्रकारको रासायनिक पदार्थहरू पैदा गरीरहेछन् । यी सबै प्रकारका विशेष जीवकोष समूहहरूको वर्णन गरीरहनु यहां साध्य छैन- तर के भने यो सबैले थाहा पाउनै पर्दछ कि हाम्रो शरीरको सबै कामहरू यस्तै विशेष अन्तः श्रावहरू द्वारा हुन्छ । कुनै पनि प्रणालीको कार्य सन्चालन मुख्यतः अन्तः श्रावहरू द्वारा हुन्छ । खप्पर भित्र

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको गिदी, ढाड भित्र रहेको शुषुम्ना र यिनीहरूबाट निस्केका नसाहरूनै शरीरको मुख्य मालिक हुन तर यिनीहरूको काम पनि यस्तै अन्तः श्राव द्वारा मात्र संभव हुन्छ ।

अब हामी शरीरमा मुख्य मुख्य प्रणालीहरूको केही परिचय लिउँ ।–

★

सुत्केरीका लागि

भाइब्रोना

टनिक

बलदायक तथा स्वादिष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

मांस–अस्थि प्रणाली

(Musculo skeletal System)



मानव अस्थिपंजर

शरीरको छाला र मासुहरूलाई हटाएमा हाड देखा पर्दछ । मानिसमा करीब २०६ वोटा हाडहरू हुन्छन् । यी हाडहरू आपसमा जोरीएर रहेका हुन्छन् र यसरी हाडहरू जोरीएर बनेको आकृतिलाई अस्थिपन्जर भनिन्छ । अस्थिपन्जरले हाम्रो शरीरको आकृति बनांउदछ, शरीर भित्रका नरम अंगहरूको रक्षा गर्दछ, शरीरमा गति उत्पन्न गराउंदछ र शरीरलाई सोझो र उभिनसक्ने बनाउदछ । हाडहरू बेग्ला बेग्लै किसिमका हुन्छन्, जस्तो लामो हाड–पाखुरा, तिघ्रा,

CC-0. In Public Domain. Digitization by eGangotri

नली खुट्टा इत्यादिमा पाइने; खपटे हाड, खप्परमा, पिठ्यूँको दायाँ बायाँ तिर पाइने; विरूप हाड, डंडाल्नीका हाडहरू; र साना हाड– औंला, हत्केला, पैताला इत्यादिमा पाइने। काम र बनोट अनुसार यी हाडहरू शरीरका बिभिन्न भागहरूमा पाइन्छन्।

मांशपेशीहरूले शरीरलाई बल दिन्छन्, गति दिन्छन् र रक्त सन्चालनमा मद्दत गर्दछन्। यी पनि दुइ प्रकारका हुन्छन्– स्वाधीन र इच्छाधीन। इच्छाधीन मांशपेशीहरू हाडमा टाँसीएका हुन्छन् र यिनीहरूले शरीरलाई गति प्रदान गर्दछन्। यिनीहरुलाई आफुले चाहेको बेलामा खुम्च्याउन र तन्काउन सकिन्छ– तर स्वाधीन मांशपेशीहरूलाई भने आफुले चाहेको बेलामा तन्काउन र खुम्च्याउन सकिन्न। यी स्वाधीन मांशपेशीहरू आफैं काम गर्दछन्। यिनीहरू रगतका नसाहरूमा, मुटुमा, आन्द्रा भुँडीहरूमा पाइन्छन्। मांशपेशीहरू अत्यन्त मसीनो आन्द्राहरूले बनेका हुन्छन्। यिनीहरूमा ३ खन्ड पानी र एक खण्ड प्रोटीन हुन्छ। मस्तिस्कबाट निस्केको स्नायुहरू र रगतका नसाहरू पनि यिनीहरू भित्र प्रशरत फैलिएका हुन्छन् जसबाट यिनीहरूको भरणपोषण हुन्छ, कामगर्ने शक्ति मिल्दछ। एउटा हाडसंग अर्को हाड जोरीएर रहेको छ भने त्यसलाई जोर्नी भनिन्छ। जोर्नीहरू पनि हाडहरू जस्तै बिभिन्न प्रकारका हुन्छन्। जस्तै कुइना, घुँडा, इत्यादि जोर्नीहरूमा गति हुन्छ र यिनीहरूलाई 'चल जोर्नी' भनिन्छ तर खप्परका हाडहरूमा गति हुदैन– त्यसैले यिनलाई 'अचल जोर्नी' भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

हाडहरूलाई जोडनको लागि विशेष प्रकारका आन्द्राहरू चाहिन्छन् जसलाइ सन्धि वन्धन (Ligaments) भनिन्छ। यिनीहरू खुब वलीया, सेता, गरौ र तन्किने हुन्छन्। जोर्नीहरूका वरीपरी भएका मांशपेशीहरू तन्किदा वा खुम्चिदा चंल-जोर्नीहरू पनि खुम्चिने वा तन्किने गर्दछन्।

हाड भाँचिनु (Fracture):—

लडदा, दुर्घटनामा पर्दा, चोटपटक लाग्नगई दखल पर्नाले हाड भाँचिनु (Fracture) को रूप लिन्छ। हाँड भांचिएको लक्षण हो— भाँचिएको ठाउँमा चिच्दा खास थरिको शव्द औंलाले अनुभव गर्नु। हाड भाँचिनुका थरि- साधारण (Simple) यौगिक (Compound), ग्रीनस्टिक (Green Stick), कम्लिपकेटेड (Complicated) इम्प्याक्टेड (Impacted) र कम्यूनिकेटेड (Communicated)।

प्लास्टर र अरू थरिको उपचार (खुस्केको र ठाउँ छोडेको- लाई पूर्वावस्थामा ल्याउने) समयमै गरेमा भांचिएको हाड जोडिइ पूरा काम दिने हुन्छ नत्रभने पछि झन्झट आइपर्ने हुन्छ।

Bournvita

for Strength & Vigour

CC-0. In Public Domain. Digitization by eGangotri

पाचन प्रणाली

(Digestive System)

मानिसको खुराक कति किसिमको हुन्छ भन्ने कुरामा कुनै व्यक्तिले पनि अहिले सम्म अनुसन्धान गरेको छैन। हुन पनि संसार भरीका मानिसहरूले खाने सबै पदार्थहरूको सूची तैयार गर्ने हो भने महाभारत जत्तिकै ठूलो ग्रन्थ बन्दछ होला तर यी सबै कुराहरू केवल जिब्रोमा रहेका केही स्वाद कोपीला (Taste huds) हरूको सन्तुष्टिको निति मात्रै हो – मानव शरीरको निमित्त केवल ६ पदार्थहरूमात्र चाहिन्छन्– ती हुन् :-



CC-0. In Public Domain. Digitization by eGangotri

कार्वोहाइड्रेट(घ), प्रोटीन(ख), वोसो (क), खनिज पदार्थ-हरू, भिटामिन (ग) र पानी ।

मानिसले खाएको, पिएको कुरा भुंडी र आन्द्रामा गएर पच्दछ भन्ने त सबैले थाहा पाएकै कुरो हो । नगल्ने र धेरै थोक मिसीएको खाद्यपदार्थलाई गल्ने र सहजैसित पच्ने गराउने कामलाई पाचन (Digestion) भनिन्छ । पाचन प्रणालीका अङ्गहरू हुन् – मुख, आमाशय, आन्द्राहरू, कलेजो र क्लोम ।



मुख भित्रका वत्तीस दांतले चपाउंदा खाएको कुरो टुक्रिन्छ र मसीनो हुन्छ र त्यहां भित्रको र्‍याल (Salivary Juice or Saliva) संग मिल्दा चिप्लो र निल्नहुने हुन्छ । र्‍याल वनाउने ३ जोर ग्रन्थीहरू हुन्छन् । जिब्रोको सतहमा रहेका स्वाद कोपीला हरूले स्वादको चाल पाउंछन्, जिब्रो हल्लीनाले चपाउन र निल्न सजिलो हुन्छ । र्‍यालमा रहेको टयालिन (Ptyalin) भन्ने पदार्थले स्वेतसार (Starch) लाई शर्करा (Sugar) मा वदल्दछ । चपाइएको कुरा डल्लोहुदै खानेनली (Oesophagus) वाट आमाशयमा पुग्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आमाशय थैलोको आकारको हुन्छ र खाएको कुरा ३ घंटा सम्म यही जम्मा रहन्छ। यो थैलोमा आमाशय रस(gastric juice) बन्दछ। यो रसमा ३ प्रकारका पदार्थहरू पाइन्छन्, पेप्सीन, रेनिन र हाइड्रोक्लोरिक एसीड। पेप्सीनले प्रोटीनलाई पेप्टोन बनाउदछ रेनिनले दूधलाइ दही बनाउदछ र एसीडले चांही यी दुबै क्रयाहरूलाइ मदत दिन्छ केही मात्रामा किटाणुहरू लाई पनि मार्दछ र साथै चिनीलाई फ्रक्टोज र ग्लुकोजमा बदल्दछ। आमाशयको दाहीनेपट्टीको छेउबाट सानो आन्द्रा शुरू हुन्छ। सानो आन्द्राको ३ वटा भागहरू हुन्छन् ती हुन्:- पक्वाशय (Duodenum डयूडेनम) जेजुनम र इलीयम।

पक्वाशय १०।१२ इन्च लामो र घुमाउरो C आकारको हुन्छ। यसैमा कलेजो र क्लोमबाट आएका नलीहरू खुल्दछन्।

कलेजो:–

यो महत्वपूर्ण अङ्ग पेटको माथिल्लो भागमा दाहीने पट्टी रहेको हुन्छ र तल्लो करङ्गहरूले यसलाई अगाडीपट्टीबाट रक्षा गरेका हुन्छन्। यस भित्र रक्तनलीहरु र ग्रन्थीहरूको जालो जस्तो रहेको हुन्छ। यसले दिनहुं करीब २ माना जति पित्त बनाउदछ जुनकि पित्ताशय (Gall bladder) मा गएर जम्मा हुन्छ। पित्ताशयबाट पित्तनली हुंदै पित्त पक्वाशयमा आइ पुग्दछ कलेजोमा रोग लागेको अवस्थामा अथवा पित्तनली



CC-0. In Public Domain. Digitization by eGangotri

भा रोकावट भएको खण्डमा पित्त रगतमा पुगी जिउलाइ पहेंलो पार्दछ, जसलाई कमलपित्त (Jaundice) भनिन्छ ।

क्लोम ग्रन्थी:–

पक्वाशयको घुमाउरोमा रहेको हुन्छ र यसले क्लोम रस बनाउदछ । क्लोम रस चांही क्लोमनली द्वारा पक्वाशयमा आइपुग्दछ । पित्तको काम हो- बोसोलाइ गाल्नु, सोस्नु र क्लोम रसको लाइपेजलाई क्रुयाशील बनाउनु । क्लोमरसमा ३ प्रकारको रासायनिक पदार्थहरू (Engymes) पाइन्छन् ती हुन् ट्रिप्सीन, एमीलोप्सीन, र स्टीपसीन । क्लोमरस बाहेक क्लोमग्रन्थीले एउटा बहुतै महत्वपूर्ण अन्तःश्राव पैदा गर्दछ जसलाई इन्सुलिन भनिन्छ । यो सोझै रगतमा मिसोन्छ र यो कम पैदा भएमा मधुमेह (Diabetes mellitus) भन्ने पिसापमा चिनी भयङ्कर रोग लाग्दछ ।

आमाशयबाट आंशिक पाचन भएपछि भोजन पक्वाशय मां झर्दछ । यहां भोजन क्लोम रस र पित्त संग मिसीन्छ । यहां ट्रिप्सीनले प्रोटीनलाई एमिनोएसीडमा, एमीलोप्सीनले कार्बोहाइड्रेटलाई माल्टोजमा, र स्टीपसीनले बोसोलाई ग्लिसरोल र फ्याटीएसीडमा बदल्दछन् । पक्वाशयबाट भोजन जेजुनममा आइपुग्दछ । सानो आन्द्रामा पनि ग्रन्थीहरूबाट आंत्ररस निस्कीन्छ जसले क्लोम रस र पित्त र आमाशयबाट निस्केका रसहरूले पचाउन बांकीरहेका सबै पदार्थहरूलाई पूर्णतः पचाउदछन् । यसरी भोजन अन्त्यरूपमा सानो आन्द्रामा प्रोटीनबाट एमीनो एसीड, कार्बोहाइड्रोटबाट ग्लुकोज र बोसोबाट फ्याटीएसीड र ग्लीसरोलमा परिणित भै पच्तछ,

CC-0. In Public Domain. Digitization by eGangotri

अनि सोसिन्छ र कलेजोमा पुग्दछ । शरीरले पचाउन नसक्ने पदार्थहरू, जस्तो कि सेल्यूलोज (Cellulose) पचेर बांकी रहेका छोक्राहरू भत्केका बिग्रेका जीवकोषहरू इत्यादि चांही ठूलो आन्द्रामा जम्मा भएर रहन्छन् र मलद्वारद्वारा दिसाको रूपमा वाहीर फालिन्छन् ।

सानो आन्द्रासकिएर ठूलो आन्द्रा शुरू भएको ठाउँमा एउटा पुच्छर जस्तो निस्केको हुन्छ जस्लाई आन्त्र पुच्छ (Appendix) भन्दछन् । दाहिने पट्टि तल्लो पेटमा एकाएक दुःख



शुरूहुनु माथमा वान्ताज्वरो हुनु, यसमा सूज भएर हुन्छ जस्लाई एपेन्डासाइटीस (Appendicitis) भन्दछन् । यसो भएमा डाक्टरलाई देखाइ हाल्नु पर्दछ किनभने यस अवस्थामा अप्रेशन गर्नु पर्ने हुन्छ ।


शिशुहरूको स्वास्थका निमित्त
चाहिने सबै भिटामीन र
खनिजले भरपूर,
VIDAYLIN
DROPS
अवट उत्पादन

CC-0. In Public Domain. Digitization by eGangotri

रगत

(Blood)

चोटपटक लाग्दा, घाउ हुंदा निस्कीने रातो तरल पदार्थलाई रगत भनेर सबैले चिनेकै कुरो हो। तर यो ५५./· मात्र तरल भै ४५./ चांही रक्त-कणहरूले वनेको हुन्छ भन्ने थाहा पाउदा आश्चर्य लाग्ला। ५५./ तरल भागमा चांही करीव ४५./ केवल पानी र १०% चांही विभिन्न गुणका प्रोटीनहरू (Plasma Proteins) हुन्छन्।



रगतको रचना

रगतमा हुने रक्तकणहरू ३ थरीका हुन्छन्। ती हुन् रातो रक्तकण,RBC सेतो रक्तकण WBC र प्लेटेलेट (Platelets) एक क्युविक मिलीलिटर रगतमा करीव ४० लाख देखी ५५ लाख राता रक्तकण हुन्छन्, ६ हजार देखि १०,००० सेता रक्तकणहरू हुन्छन् र करीव २० लाख प्लेटेलेटहरू हुन्छन्। ओसत वालिगको शरीरमा करीव ५ लीटर रगत हुन्छ। रक्तकणले फोक्सोवाट प्राणवायुलाई सोसेर लिइ शरीरको प्रत्येक जीवकोषमा पुर्याउदछन्। यदि राता रक्तकण साना,

CC-0. In Public Domain. Digitization by eGangotri

सेतो रक्तकणका थरि



आकार बिग्रेका, वा कम पैदा भएमा शरीरमा 'रक्त अल्पता' भन्ने रोग लाग्दछ। त्यस्तै सेता रक्तकण चांही शरीरका अङ्ग रक्षकका कार्य गर्दछन् किटाणुहरूलाई मार्नु रगतलाइ सफा राख्नु इत्यादि यिनीहरूको काम हो। यी साना साना एमीवा जस्तै हुन्छन्। प्लेटलेट केवल थोप्लोको आकारको हुन्छ, जसले रगत जम्नमा मद्दत गर्दछ। रगतमा रहेको प्रोटीन कलेजोमा बन्दछ, राता रक्तकण, सेता रक्तकण र प्लेटेलेट चांही हाडको रातो मासी (Red bonemarrow) मा बन्दछन्।

प्राणवायु (Oxygen) लाई जीवकोषहरूमा पुऱ्याई जीवकोषबाट भरेका कार्वन डाइअक्साइडलाई फोक्सोबाट विसर्जन गर्ने काम, शरीरको रक्षक भै रोगलाग्न हतपत नदिने काम, पौष्टिक पदार्थ तथा अन्तरासर्गी ग्रन्थीहरूको अन्त श्राव लाई जीवकोषहरूमा पुऱ्याउने इत्यादि रगतको मुख्य कर्तव्य हो। कतै चोटपटक लाग्यो र छाला काटियो भने रगत

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछ तर एकैछिन पछि रगत जमी दिनाले बढी रगत बग्न पाउँदैन । त्यसैले रगत जम्न अत्यावश्यक छ तर रगत चांहीं शरीर भित्र जम्न गयो भने त्यसलाई थ्रोम्बोसिस र इम्बोलिज्म भनिन्छ जुनकि असाध्यै खतरनाक रोग हुन सक्तछ । रगत जम्दा बिभिन्न जटील रासायनिक कृया प्रकृयाहरू हुन्छन जसको निति प्लेटलेट, क्याल्सीयम इत्यादि नभै हुँदैन । रगत हमेशा बगीरहन्छ, शरीर भित्र स्वस्थ अवस्थामा रगत जम्दैन । रगत बग्ने नलीहरू लाई धमनी, शिरा, केशिका भनिन्छ । ★

विकसित देशहरूमा साधारण पाउरोटी
होइन दुधबाट बनेको पाउरोटी पाइन्छ ।

उनीहरूको देखासिकी गरी हामीले पनि दुधहालेको
पाउरोटी सबैको निम्ती बनायेका छौं ।

ASHOKA MILK LOAF
अशोका पाउरोटी
एकमात्र दुध हालेको पाउरोटी
स्वस्थ परिवारका लागि

CC-0. In Public Domain. Digitization by eGangotri

रक्त सन्चार प्रणाली :

(Circulatory System)

रगत हमेशा बगीरहन्छ। पानीको पम्प चलाएपछि पानी बग्न थाल्दछ त्यस्तै छाती भित्र रहेको मुटु चल्दा रगतमा गति पैदा हुन्छ। मांशपेशीहरू खुम्चिदा र तन्किदा पनि त्यहा भित्र का रक्तनलीहरूमा दवाब पर्न गै रक्त सन्चालनमा सहयोग मिल्दछ।



मुटुका बिभिन्न अंगहरू

CC-0. In Public Domain. Digitization by eGangotri

मुटु विशेष प्रकारको स्वचालित मांशपेशीले बनेको अङ्ग हो जुन कि एक मिनेटमा ७२ पटक खुम्चिन्छ र फुक्छ । यसको ढुक ढुक (Heart beat) जीवन हो किनकि मुटु नचलेमा मृत्यु हुन्छ । यसमा ४ वटा कोष्ठहरू हुन्छन् । हरेकमा एउटा प्रवेश-द्वार र निस्कने द्वार हुन्छ । सजिलोको निंति भनौं दायां पट्टी दुई कोठा र बायाँ पट्टी दुईकोठा हुन्छन् । प्रवेश-द्वार र



रक्त संचार

निस्काशनद्वार दुवैमा पातलो त्यान्द्राहरूले भाल्भ बनाएका हुन्छन् जसबाट केवल एकतर्फी काम मात्र हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

जीवकोषहरूमा पौष्टिक आहार, प्राणवायु इत्यादि पुऱ्याएर, त्यहां जम्माभएका कार्बनडाईअक्साइड र अन्य विसर्जन गर्नु पर्ने पदार्थहरू लिएर रगत केशीकाद्वारा शिरामा आइपुग्दछन्। साना साना शिराहरू जोडिदै गएर ठुलठुला शिराहरू बन्दछन् र रगत यी ठुलाठुला शिराहरूमा आईपुग्दछ। त्यस पछि शिराहरू माथिल्लो महाशिरा (Superior vena cava) र तल्लो महाशिरा (Inferior vena cava) बनाउँछन्। यी दुवै महाशिराहरू मुटुको दाहीने पट्टीको माथिल्लो कोठामा खुल्दछन्। यो कोठालाई ग्राहक कोष्ठ (Right atrium) भनिन्छ। ग्राहक कोष्ठबाट मुटु खुम्चिदा रगत दायां पट्टिकै तल्लो कोठा, क्षेपक कोष्ठ (Right ventricle) मा पुग्दछ। अनि यो पनि खुम्चिन्छ जसले गर्दा रगतलाई फोक्सोमा पठाइन्छ। रगतलाई मुटुबाट फोक्सोमा लैजाने रक्तनलीलाई पल्मोनरी धमनी (Pulnonary Artery) भनिन्छ। मुटुको दुवैपट्टी फुटवलको ब्ल्याडर जस्तै दुई फोक्सो हुन्छन्। यहां पुगेर पल्मोनरी धमनी साना साना धमनीमा, त्यसपछि केशीकाहरूमा परिणित हुन्छ र त्यहां कार्बनडाइअक्साइडलाई फालेर राता रक्तकणहरूले प्राणबायु लिन्छन्। यसरी प्राणबायुले युक्त रगत केशीकाहरूवाट शुरू हुने साना साना धमनी, अनि ठुला धमनी हुँदै मुटुको वायां पट्टीको ग्राहक कोष्ठ (left atrium) मा आइपुग्दछ। त्यहांवाट बायां क्षेपक कोष्ठमा पुग्दछ। बायां क्षेपक कोष्ठ खुम्चिदा त्यहां भएको रगत महाधमनी (Aorta) मा पुग्दछ र त्यहांवाट साना साना धमनी हुँदै शरीरको विभिन्न भागमा पुग्दछ।

मुटु चांही त्यंहीबाट दुई ओटा साना धमनीहरूवाट आफ्ना जीवकोषहरूलाई रगत पुऱ्याउदछ। यी दुइ धमनी–

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई कोरोनरी धमनी (Coronary artery) भनिन्छ। मुटुको रगत मुटुमै फिर्ता गर्ने बेग्लै शिराहरू पनि हुन्छन्। यिनै कोरोनरी धमनीमा रगत जम्न गएमा हृदयवेदना (Heart attack) हुन्छ ।

★

विपद्‌मा मित्र काम लाग्छ भने
पीडा, बेदनामा 'ऐस्प्रो'

'ऐस्प्रो' मात्र माइक्रोफाइन्ड हो
जस्ले पींडा बेदना र टाउको
दुखाईलाई तुरून्त
हटाउँछ

Give your 'FLU'
the warm send-off it deserves–

Take CINARYL

Cinaryl Tablets & Syrup by Themis

CC-0. In Public Domain. Digitization by eGangotri

सास–प्रणाली

(Respiratory System)

मुटुको दुबै तिर, छाती भित्र, पातलो जाली जस्तो मासुले बनेको, फुटबलको ब्ल्याडर झैं हावा भरीए फुक्ने र नभए खुम्चिने दुइ ओटा फोक्सोहरू हुन्छन्। यी फोक्सो भित्र हावा छिर्ने बेग्लै नलीहरू (Bronchii) हुन्छन् र यी नलीहरू हाँगिएर जांदा मसिनो हुंदै फोक्सोको वायु प्रकोष्ठहरू बनाउदछन्। यो तन्किने जीवकोषसमूहले बनेको हुन्छ र यी जीवकोष समूहहरू संगै शिरा, धमनी र केशीकामा जालो हुन्छन्। नाकबाट हावा छिर्दा नाक भित्रका रौंहरूले हावामा धूलो, इत्यादि लाई छान्दछन् र नाक भित्र गएर त्यहांका केशीकाहरू बाट केही बाफ सोसेर लिई हावा अलि नरम हुन्छ। नाकका वरिपरी रहेका खप्पर भित्र बनेका साना साना कोठाहरू (Paranasal Sinusis) भित्र छिर्दै हावा कंठबाट श्वरयन्त्र (Larynx) भित्र पुग्दछ। त्यहांबाट श्वास नली हुंदै तल गएर दुइ ओटा ठुलाठुला हाङ्गाहरूमा बिभाजित हुन्छ जो फोक्सो तिर जान्छन्।

सासक्रिया दुइक्रियाहरूको संयुक्त रूप हो – सास फेर्नु (Inspiration) जसमा फोक्सो भित्र हावा आउंछ र सास छाडनु (Expiration) जसमा फोक्सोबाट सास बाहिर आउदछ। साधारणतया मानिस एकपटकमा १७ चोटी सास

CC-0. In Public Domain. Digitization by eGangotri

फेर्दछ । सास लिंदा रगतले, अक्सीजन, अर्थात प्राणवायु सोसेर लिन्छ र सास छोडदा रगतबाट निस्केको कार्बनडाइ अक्साइड र सास लिंदाका काम नलागेका वायुहरू निस्कन्छन् ।

सासक्रिया पूरा गर्नमा माथि वर्णन गरीएका अङ्गहरू बाहेक अरू अङ्गहरू जस्तोकि करङ, करङ्ग बीचका मांशपेशी हरू (Intercostal muscles), डायफ्राम इत्यादिले पनि भाग लिन्छन् ।

फेरीएको हावा र छाडीएको हावामा फरक हुन्छ जुनकि तल देखाइएको छ ।:—

	फेरीएको हावा	छाडिएको हावा
अक्सीजन	२०.९६%	१६.४%
नाइट्रोजन	७९%	७९.५%
कार्वनडाइअक्साइड	०.४%	४.१%
पानीको वाफ	अनिश्चित	बढी
तापमान	”	”
अरू पदार्थ	केही	केही

LYSINDON–'B' Drops

for your "Poor eater" child

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सर्जन प्रणाली

(Excretory System)

दिसा पिसाब गर्नु, पसिना आउनु र सास फेर्नु सबै क्रिया शरीरमा पैदा भएका नचाहिने फोहोर पदार्थहरूलाई वाहिर फ्यांक्नु हो। यसका अंगहरू हुन् छाला, फोक्सो, मृगौला र आन्द्राहरू।

छाला तन्कने जीवकोष समूहले (Elastic tissues) ले वनेको वाहिरी आवरण हो।



यो दुइ पत्रले वनेको हुन्छ- वाहिरी तहलाई (Epidermis) (क) भन्दछन् र भित्री वाक्लो तहलाई (Dermis) (घ) भन्दछन्। यसमा रहेका पसिना ग्रन्थीहरू पनि दुइ प्रकारका हुन्छन्। पसिना निकाल्ने, (Sweat glands) र तेल जस्तै चिल्लो पदार्थ निकाल्ने (Sebaceous gland)। छाला वाट रौं पनि निस्कन्छन्। पसिना ग्रन्थीहरू आंखाले त्यसै नदेखिने सानासाना प्वालहरू द्वारा वाहिर सतहमा खुल्दछन् र

CC-0. In Public Domain. Digitization by eGangotri



यो असंख्य हुन्छन् । शरीरको ताप नियन्त्रण गर्नु र शरीरमा घुलनशील नचाहिंदा पदार्थहरू फ्याक्नु पसिनाको मुख्य काम हो ।

मृगौला भन्नेको सीमीको आकारको, करीव २०५" लामो १।२" चौडा र १" जति मोटो ग्रन्थी हो । यो शरीरको डडाल्नीको दुई पट्टि रहन्छ । यसमा महाधमानी बाट निस्केको रक्तनलीले रगत पुऱ्याउदछ र मृगौला बाट निस्केको धमनी चाहिं तल्लो महा धमानीमा मिल्दछ । यौटा मृगौला करीब १० लाख जति मसिना सर्पका आकारका नलीहरू हुन्छन् । जस लाई नेफ्रोन भनिन्छ । टाउको पट्टि धमनी र शिराका केशीका-को जुगुल्टो रहेको हुन्छ र यही रगत छानिन्छ । छानिएको रगत चाही कामलाग्ने जति जम्मै नेफ्रोनको विभिन्न भागहरू बाट फेरि सोसिएर रगतमै मिल्दछ । काम नलाग्ने भागहरु चाही

CC-0. In Public Domain. Digitization by eGangotri

पिसाबको रुपमा बांकी रहन्छ । नेफ्रोनको पुच्छरहरू जोरीदै गएर अति ठूला नलीहरु बन्दछन् र आखीरमा ६ वटा नलीहरु एउटा कोठामा खुल्दछन् । त्यहां जम्मा भएको पिसाब मूत्र नली द्वारा पिसाबको थैलीमा जम्मा हुन्छ जहाँबाट समय समय मा मूत्र मार्ग द्वारा पिसाब फेर्दा बाहीर निस्कन्छ ।

पिसाब अति फिका पहेंलो रंगको झोल पदार्थ हो । यो ९५./. पानीमा ५./. ठोस पदार्थ घुलेर बनेको हुन्छ । पिसाव को गन्ध यूरीया नामक लवणले गर्दा पैदा हुन्छ । पिसाबमा खास गरेर यूरीया, यूरीक एसीड, नून, र अन्य अकार्वनिक लवणहरु (Inorganic salts) घुलेर रहेको हुन्छ । एक दिन मा करीव १५०० सीसी देखि २५०० सम्म पिसाव बन्दछ ।

पिसाब फेर्दा पोल्ने, दुख्ने, पेटको दुबै छेउ तिर दुख्ने, पिसाब कम हुने, मृगौलामा सूज वा पत्थर भएर हुन सक्छ । पिसाब जांच गराई शंका समाधान गराई हाल्नु पर्दछ ।

३ मैन्हामा २ रूपियाँ

यती परिवार डाइजेष्टका लागि

छुट्याउनोस्

पैसाले किन्न नसकिने कुरा तपाईंले यसमा पाउनु हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ADICAL - 12

LIQUID

Colloidal Calcium with Vitamin A, D_2 & B_{12} in palatable Liquid form

Therapeutic Applications

- ★ RICKETS
- ★ MALNUTRITION
- ★ OSTEOMALACIA
- ★ INFECTIOUS DISEASES
- ★ PREGNANCY
- ★ LACTATION
- ★ IMPROPER GROWTH IN CHILDREN

Presentation

110 ml. bottles

THEMIS PHARMACEUTICALS

38, SUREN ROAD, BOMBAY - 69:

CC-0. In Public Domain. Digitization by eGangotri

NORMVIT

MULTIVITAMIN SYRUP

- ★ Well balanced formulation.
- ★ Crystal clear syrup with delicious taste
- ★ Honey like appearance
- ★ Desired economy

A PAEDIATRIC POLY-VITAMIN THERAPY

available as

120 ml. and 450 ml. bottles

THEMIS PHARMACEUTICALS

38, SUREN ROAD, BOMBAY - 69.

CC-0. In Public Domain. Digitization by eGangotri

स्नायु प्रणाली

(Nervous System)

'शरीरका क्रियाहरु गराउने मुख्य अंङ्ग स्नायू प्रणाली हो । यस लाई दुई भागमा बांड्न सकिन्छ ।'

पहिलो हो केन्द्रिय स्नायू प्रणाली । हाम्रो चैतन्यता, मनोभावना, बुद्धि र इच्छाधीन कार्यहरु गर्ने गराउने नै केन्द्रिय स्नायु प्रणाली हो । यी प्रणालीका अंगहरू हुन् -गिदी, शुषुम्ना बाट निस्केका स्नायू हरु ।

अर्को भाग हो स्वचालित स्नायू प्रणाली । चाहे यस बारे केही थाहा पाउँ वा नपाउँ, शरीरको सबै कामहरु गर्ने यसको जिम्मेवारी हो । उदाहरणको निंति, सास फेर्न, मुटु ढुक्ढुक गर्नु, खाएको पचाउनु इत्यादि सब काम यो प्रणालीले गर्दछ । यसको निंति मस्तिष्कका उच्च केन्द्रहरुमा जानै पर्दैन । स्नायु केन्द्रहरु शरीर भरी छरीएका हुन्छन् र त्यहां बाट निस्कने स्नायुहरूले यी सबै कामहरु गरी रहेका हुन्छन् । यी सबै कार्य हरू जीवनको अत्यावश्यक गुणहरु हुन् र हामीले प्रयत्न नै गर्नु नपरी यी सबै स्वतः भै रहेका हुन्छन् ।

मस्तिष्कको सतहमा खैरो पदार्थ हुन्छ । यो केवल स्नायु जीवकोषहरु मात्र गुजुल्टीहरु रहेको भाग हो । स्नायु जीवकोष हरुबाट मसीनो लामो त्यान्द्रो निस्कन्छ जसलाई स्नायू त्यान्द्रो भनिन्छ । यस्ता त्यान्द्राहरु आपसमा मि र मुठा परेका हुन्छन्

CC-0. In Public Domain. Digitization by eGangotri

स्नायु भनेको यै हो । स्नायुहरुको गुजुल्टो गिदीको भित्री भाग मा हुन्छ र यसलाई सेतो पदार्थ भनिन्छ । मन भनेको मस्तिष्क मा हुन्छ तर कहां निर हुन्छ अझ थाहा भएको छैन । मस्तिष्क, शरीरकोसबै भागहरू बाट यसले हमेशा सूचनाहरु पाइरहन्छ । यी सूचनाहरु मध्ये कुनै उच्च चैतन्य केन्द्रहरुमा पुग्दछन् र कुनै त्यहाँ सम्म नपुगी तल्ला केन्द्रहरु बाटै निर्देशन लिन्छन् । मस्तिष्कले दिने निर्देशन लाई प्रेरणा भनिन्छ । प्रेरणा खैरो पदार्थका जीवकोषहरुमा पैदा हुन्छ । यी प्रेरणाहरु स्नायूका त्यान्द्राहरु हुंदै सुषुम्नामा रहेका रिले स्टेशनहरुमा आईपुग्दछन् यहां अरु स्नायू जीवकोषहरुले यी प्रेरणालाई सुषुम्ना बाट निस्केका स्नायूहरुमा पठाउदछन् । मस्तिष्कको निर्देशन अनुसार कुनै मांश पेशीमा गै त्यो मांशपेशीलाई खुम्च्याउनु अथवा तन्काउनु गरी त्यहां गति उत्पन्न गराउने स्नायुहरुलाई चालक स्नायु भनिन्छ । त्यस्तै छाला अथवा अन्य ज्ञानेन्द्रीयहरु बाट निस्केर मस्तिष्कमा सूचना पठाउने स्नायुहरुलाई संबेदन स्नायु भनिन्छ ।

मस्तिष्क र सुषुम्नालाई धक्का तथा चोट पटक नलागोस भन्नाको निम्ति यिनीहरुलाई तीन प्रकारका आवरणहरुले छोपेका हुन्छन्- वाहिरी, वीचको र भित्री । वीचको र भित्री आवरणको वीचमा पानी जस्तो तरल पदार्थ हुन्छ, जसलाई मस्तिष्क-सुषुम्ना - द्रव्य पदार्थ

IBEROL
(Liqid)
BEROL
Iron Tonic
For Strength.
अवट

भनिन्छ। यसले पनि यिनीहरूलाई धक्का धुक्कीबाट बचाउँछ। यिनै आवरणहरूलाई किटाणुले आक्रमण गरेमा मेनिन्जाइटिस भन्ने रोग लाग्दछ।

प्रेरणाहरु विजुली झैं छिटो हुन्छन्। यदि तपाईलाई करेन्ट लाग्यो भने तपाईले आफ्नो हात त्यहां वाट हटाई सक्नु हुन्छ। तर यो कामको निंति तपाईको हातको छालावाट संवेदन स्नायूहरुले सूचना मस्तिष्कमा पठाइ त्यहां-निस्केको निर्देशन बमोजिम चालक स्नायुहरुले तपाईको हातको मांशपेशीहरुलाई चलाई दिए र त्यहांवाट तपाईको हात हट्यो।

डेटोल

अब नयाँ रूपमा

डाक्टरहरूको विश्वासपात्र कीटाणुनाशक औषधि

कुनै कुनै कामको निंति संवेदन स्नायूहरु सुषुम्नामा पुगी त्यहां वाट सोझै चालकस्नायुहरुलाई प्रेरणा दिन्छन्। यस्तो कामलाई प्रतिक्षेप (reflex) भनिन्छ। यसो गर्दा साधारण कामको निंति मस्तिष्कको चैतन्य केन्द्रहरुमा पुग्न पर्दैन र समय कम लाग्दछ।

Supplement infant foods with

Fairdeal's

VITAMIN 'C' drops

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानेन्द्रियहरू

(Sense Organs)

हाम्रो शरीरमा पांच थरीका ज्ञानेन्द्रियहरू छन्। ती हुन्- आंखा, कान, नाक, जिब्रो र छाला। छाला बाहेक अरू सबैको सम्बन्ध सोझै मस्तिष्क संग हुन्छ।

आँखागेडी



आंखा :–

खप्परमा निधारको हाड मुनी नाकको दायाँ बायाँमा रहेका सोलीको आकारको दुइ हाडे खोपिल्टामा आंखी गेडी

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छन्। आंखा क्यामेरा जस्तो हुन्छ। आंखाको नानीको प्वालबाट प्रकाशका किरणहरू छिर्दछन्। त्यहां भित्र पारदर्शक लेन्स हुन्छ जसले प्रकाशका किरणलाई केन्द्रीभूत गरी आंखाको पछाडी पट्टीको दृष्टिपट (Retina) मा खसाल्दछ। दृष्टिपटले प्रकाशका किरणहरूलाई दृष्ट प्रेरणा (Visual impulse) मा बदल्दछ। यो प्रेरणा सोझै मस्तिष्कको खैरो पदार्थमा पुग्दछ र मस्तिष्कले बस्तु यो आकारको रहेछ भन्ने चाल पाउँदछ।

आंखाको अगाडी पट्टीको खुला भागलाई तल र माथीका नेत्र ढकनी (Eye lids) ले छोप्दछन् र यसरी यसको सुरक्षा गर्दछन्। नेत्र ढकनीमा भएका परेलाले आंखामा धुलो पर्न-लाई केही मात्रामा रोक्दछ। आंखी गेडीको माथी पट्टी आंसुको ग्रन्थी हुन्छ जसबाट हमेसा आंशु आइरहन्छ। यो आंशुको ग्रन्थीले आंखाको अगाडी पट्टीका कलिलो भागलाई नरम राख्दछ र यसमा हुने एक प्रकारको इन्जाइम (Lysozyme) ले आंखामा किटाणुहरूको आक्रमणलाई केही मात्रामा रोक्दछ। यसरी आंखामा काम सकेपछि आंखाको नाक निरको छेउको तल्लो नेत्र ढकनीमा भएको प्वालबाट आंसु छिरेर नाकमा जान्छ। चाहिने भन्दा बढी आंशु निस्केमा अथवा आंसु नाकमा जाने बाटो बन्द भएमा आंसु गालमा झर्दछ।

कान :–

तपाईमा दुइ वोटा हैन, छ वोटा कान हुन्छ। बाहिर देखिएको कान ता खास काम लाग्ने कान नै होइन–यसले ता केवल ध्वनिका तरङ्गलाई केही मात्रामा कान भित्र छिराउदछ।

कान एक पट्टी ३ वोटा हुन्छ। बाहिरी कान, मध्यकान र भित्री कान।

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरी कानले आवाजलाई केन्द्रिभूत गरी S आकार को कर्णनलीबाट मध्य कानको बाहिरी जालोमा पुऱ्यांउद छ। मध्यकान हावाले भरीएको हुन्छ। यसमा ३ ओटा साना हाडहरू हुन्छन्। कन्ठबाट आएको नली, कर्ण कन्ठनली पनि यसमा खुल्दछ र यसरी छ्यूँ गर्दा वा 'हाइ' गर्दा कन्ठबाट मध्यकानमा हावा छिर्दछ। मध्यकान भित्र हाडहरू हल्लीनाले आवाज प्रेरणाको रूपमा बदलिन्छ र भित्री कानमा पुग्दछ। भित्री कानले यी प्रेरणाहरूलाई सोझै कर्णकेन्द्र (Hearing centre) मा पुऱ्याँउदछ। भित्रीकानबाट निस्केको अर्को स्नायुले शरीरको अवस्था जस्तोको उभिएको, हल्लिएको, इत्यादी पनि ठीक राखी शरीरको सन्तुलन गर्न मद्दत गर्दछ।

कर्ण नलीमा कानेगुजी पैदा हुन्छ। यो एक प्रकारको पसीना हो। कैल्हेकाही यो नली भरी जमी दिन्छ र कानले सुन्न नसक्ने हुन्छ।



नाक :-

सास फेर्ने कामको निम्ती मात्र हैन नाकले गन्धको पनि चाल पाउछ। सोझै मस्तिष्क बाट आएको एउटा संवेदन स्नायु नाकको भिताभा मसीनो हांगाहरूमा बिभक्त भै फैलिएको हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

जिब्रो :-

जिब्रोले चपाउन र निल्न लाई मात्र हैन स्वाद थाहा पाउन पनि मद्दत गर्दछ । जिब्रोको अगाडी पट्टीको भाग



मा गुलाफी रंगका थोप्लाहरू हुन्छन् जुनकी स्वाद कोपीला हुन । यीनै कोपीलाहरू द्वारा भोजनको स्वाद यस्तो छ भन्ने कुरा थाहा पाइन्छ । यी स्वाद कोपीलाहरू ४ थरीका हुन्छन् जुनकि नाम बमोजिम काम गर्दछन् -

१. नूनीलो
२. अमीलो
३. मीठो वा गुलीयो
४. तीतो, टर्रो

छाला :-

यस बारे पैल्हेनै बताइ सकिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजनन् प्रणाली

(Reproductive System)

स्त्रीको प्रजनन् प्रणाली र पुरूषको प्रजनन् प्रणाली बेग्लै हुन्छ ।

पुरूषको प्रजनन् प्रणाली :–

यसका अंगहरू हुन–लिङ्ग, अण्ड, अण्डकोष, बीर्यकोष बीर्यबाहीनीनली, प्रोस्टेट ग्रन्थी. र मूत्रमार्ग ।

अण्डकोष भन्ने थैलोमा दुइ ओटा अण्डहरू हुन्छन् जहां शुक्रकीटहरू बन्दछन् । यी शुक्रकीटहरू अण्डबाट एपीडी· डाइमिस भन्ने, नलीहरूको गुजुल्टोमा जम्मा भै बढछन् । त्यहा बाट बीर्य बाहीनी नली हुंदै बीर्यकोषमा जम्मा हुन्छन् । संभोगको समयमा लिंग खुम्चिदा, फुक्दा मूत्रमार्ग हुदै लिङ्गको अग्रभागमा रहेको प्वालबाट बाहिर निस्कन्छन् ।

वीर्यमा शुक्रकीटहरू र अन्य द्रव पदार्थहरू हुन्छन । यी द्रव पदार्थहरू वीर्यकोष, प्रोष्टेट र मूत्रमार्गमा भएका ग्रन्थीहरू बाट खास गरी बन्दछन् ।

१३।१४ वर्षको उमेर देखि पुरूष लैङ्गिक परिपक्वता आउंदछ । त्यस समय देखि बुढो भै मर्ने बेलाको अनिश्चित काल सम्म शुक्रकीटहरू बनिनै रहन्छन् । एक पटक वीर्य स्खलन हुदा ६ करोड देखि १२ करोड सम्म शुक्रकीटहरू निस्कन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

शुक्रकीट अत्यन्त साना हुन्छन् जसलाई माइक्रोस्कोपको सहायताले मात्र देख्न सकिन्छ । यसको एउटा टाउको हुन्छ, घांटी हुन्छ र पुच्छर हुन्छ जुन हल्लिनाले यसमा गति आइ यो अगाडी बढद्छ ।

स्त्रीको प्रजनन प्रणाली :-

यसका अंगहरू हुन्- योनि, पाठेघर, डिम्ववाहिनी नली १ जोर, र डिम्वाशय १ जोर ।



स्त्री जननेन्द्रियको वाहिरी भाग

योनिका दुइ भाग हुन्छन्- भित्री र वाहिरी । वाहिरी भागमा वाह्यओष्ठ, योनि अंकुर, योनिद्वार र मूत्रद्वार हुन्छन् । भित्री भागमा- अन्तः ओष्ठ र योनिद्वार । यौन सम्पर्क नभएमा कुमारीहरूमा प्रायशः योनिद्वार एउटा पातलो पर्दाले ढाकिएको हुन्छ ।

१२ । १३ वर्षको उमेर सम्म स्त्रीहरूमा रजोधर्म शुरू भएको हुंदैन । रजोधर्म शुरू हुनाको अर्थ उनीहरूमा प्रजननको

CC-0. In Public Domain. Digitization by eGangotri

योग्यता शुरू हुनु हो । तल्लो पेटमा पाठेघरको दुवै पट्टी ओखर को आकृति भएको डिम्वाशेय हुन्छ । यस भित्र डिम्व बन्न थाल्द छ । प्राय: १ महिनामा एउटा डिम्व निस्कन्छ । डिम्वाशय भित्र पाकेर ठीक भएपछि डिम्वाशयको पातलो बाहिरी आवरण-लाई फोरेर यो डिम्व पेटमा खस्दछ । यसलाई डिम्व निष्काशन भनिन्छ । यो डिम्वलाई पाठेघरबाट आएको डिम्वबाहिनी नलीको औंला जस्ता छेउहरूले टिप्तछन् र यै नली भित्र, यदि संभोग भएको छ भने शुक्रीकट पनि हुन्छ । शुक्रकीट र डिम्वको मिलाप यै नली भित्र हुन्छ र एउटा निषेचित डिम्व बन्दछ । यो डिम्व पाठेघरमा आई बढन थाल्दछ र गर्भ रहन जान्छ ।

यदि गर्भ रहेको छैन भने डिम्व निष्काशन भएको १४ दिन जति पछि रजोधर्म शुरू हुन्छ । रजोधर्म सुरू भएको १४ दिन जति पछि फेरी अर्को डिम्व निष्काशन हुन्छ । पाठेघर त्रिकोण आकारको हुन्छ । यसको ३ वटा भागहरू छन् । माथीको भाग, बीचको भाग र घांटी । माथील्लो भाग र बीच-को भाग जोडिने ठांउमा दाया बायाँ पट्टी एक एक ओटा नली निस्केर डिम्वाशय भएको ठांउ सम्भ पुग्दछन् । पाठेघर भित्रपट्टी खोक्रो हुन्छ र यसको घांटीमा २ ओटा प्वालहरू हुन्छन् । बाहिरी प्वाल चाही योनिद्वार (Vagina) मा खुल्दछ । भित्री प्वाल पाठेघरको बीचको भागमा खुल्दछ । पाठेघर स्वचालित मांशपेशीहरूले बनेको हुन्छ ।

यसको भित्रपट्टीको भित्तामा रक्तनलीहरू र अन्य ग्रन्थि-हरूको जालो हुन्छ जसलाई अत्यन्त पातलो पर्दाले ढाकेको हुन्छ । डिम्व निष्काशन हुने समयमा यी ग्रन्थीहरू बढदछन्, रक्तनली र केशिकाहरू पनि बढदछन् यो भाग बाक्लो हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यदि गर्भाधान भएको छ भने यी केशिका र ग्रन्थीहरूले निशे-चित डिम्बलाई पाठेघरमा रहन सजिलो पार्दछन र योनि–षेचित डिम्बलाई आहार पनि पुऱ्याउदछन् । यदि डिम्ब निषेचित भएन भने यसरी बढेर आएका केशिकाहरू र ग्रन्थीहरू भत्कन्छन् र पाठे–घरको स्वाधीन मांशपेशीहरू खुम्चिदा रगत जस्तो झोलको रूपमा यी योनी मार्गबाट बाहिर फ्यालिन्छन् । यो काम ३।४ दिन सम्म हुन्छ । यसैलाई मासिक रजोधर्म भनिन्छ ।

● ४५।५० को उमेर भएपछि त्रीहरूमा डिम्ब निष्काशन बन्दहुन्छ र रजोधर्म पनि बन्द हुन्छ । यस अवस्थामा उनीहरूको प्रजननको योग्यता सकिन्छ ।

★

फेरेक्स

शिशुको चौतर्फी वृद्धिका

लागि

प्रथम ठोस आहार

by GLAXO

NOW
hit directly at your
cough and sore throat
germs

DEQUADIN

Throat Lozenges by
GLAXO

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड २

गर्भ भित्रको वच्चा

गर्भ कसरी रहन्छ भन्ने कुरा अगाडी वताई सकियो। गर्भमा वच्चा [illegible] २८० दिन रहन्छ। २८ हप्ता अथवा साढे ६ मैन्हा भित्र नै यदि गर्भ तुहियो भने यसलाई अधिग्रो जानु भनिन्छ। यस समयमा त्यो वच्चा वाच्न सक्दैन। २८ हप्ता पछि समय नपुग्दैमा जन्मिएको छ भने कठीनाईका साथ त्यो वच्चा वाच्न सक्तछ। यस्तो हुनु लाई प्रिम्याचुरिटी (Prematurity) अथवा गर्भ अपरिपक्वता भनिन्छ।

पेट भित्रको वच्चा छोरा या छोरी हुन्छ भन्ने जान्नको लागि केही उपायहरु छन्। तर छोरा या छोरी किन हुन्छ भन्ने कुरा तल स्पष्ट गरिन्छ।

प्रत्येक प्राणीको जीवकोषमा एक विशेष प्रकारको रासायनिक पदार्थ रहन्छ। यसलाई क्रोमोजोम (Chromosome) भनिन्छ। मानिसमा ४६ जोर क्रोमोजोम हुन्छ जस मध्ये दुई जोरले चाहिं मानिसको लिङ्ग वताउदछ। पुरुषमा ४४ जोर साधारण क्रोमोजोम हुन्छ र एक जोर x र एक जोर y क्रोमोजोम हुन्छन्। xy भएमा पुरुष हुन्छ। तर x र x नै भएमा

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्री हुन्छ । डिम्बमा पहिले पनि २३ जोर साधारण क्रोमोजोम र एक जोर x क्रोमोजोम हुन्छ । शुक्रकीटमा भने २२ जोर साधारण क्रोमोजोम र एक जोर y अथवा x क्रोमोजोम हुन्छ । x जोर भएको शुक्रकीट यदि डिम्ब संग मिल्दछ भने जम्मा ४४ जोर साधारण क्रोमोजोम हुने हुंदा त्यो निषेचित डिम्ब छोरी भएर जन्मन्छ । त्यस्तै २२ जोर साधारण क्रोमोजोम र एक जोर प्रक्रोमोजोम भएको शुक्रकीट डिम्ब संग मिलेको छ भने त्यो निषेचित डिम्ब छोरा भएर जन्मन्छ ।

निषेचित डिम्ब पाठेघरको माथिल्लो भागमा पछाडी पट्टि टांसिइ बढन थाल्दछ । पाठेघरमा आईपुग्दा सम्मभा त्यो डिम्ब १ वाट २, २ बाट ४, ४ वाट ८, ८ बाट १६ गरी विभक्त भै सकेको हुन्छ । विस्तारै गएर डिम्बको वाहिरी भागमा रहेका केही जीवकोषहरु वढ्न थाल्दछन् र साल (Placenta) बनाउँदछन् । भित्री भागमा रहेका जीवकोषहरू चाहिं विभाजन हुंदै बढ्दै गै मानव शरीरको रचना गर्दछन् ।

साल पाठेघरमा अनेकौं झांगाव्दारा गाडिएको हुन्छ र त्यहां वाट यसले आमाको रगत लिन्छ । यो रगत दुईवटा रक्तनली हुंदै बच्चाको नाइटोमा जोडिन्छ जहांवाट फेरि अझ रक्तनलीहरु हुंदै यो वच्चाको प्रत्येक अंगमा पुग्दछ । र त्यसै गरी अशुद्ध रगत फेरि पाठेघरमै फर्कन्छ ।

पहिलो मैन्हामा डिम्ब विभाजित हुंदै भित्री र वाहिरी भागहरु बनाउंदछ । दोश्रो मैन्हामा यो करीव १, १/२ इञ्च हुन्छ र शरीरले वाटुलो आकार लिन्छ । टाउको र अनुहार मानिसको हो भने भैं हुन्छ । हात खुट्टामा कोपीलाहरु निस्कन्छन् अस्थिरपंजर र मांशपेशीहरु बन्न थाल्दछन् । यो मैन्हाको आखीर सम्ममा छोरा या छोरी छुट्टिइ जननेन्द्रीयहरु प्रष्ट वनि

CC-0. In Public Domain. Digitization by eGangotri

सकेको हुन्छन् । मैन्हाको आखिरीमा वच्चा करीव १ औंश जति तौलको हुन्छ र करीव ३ इञ्च लामो हुन्छ । ३महिनामा रक्त संचालन शुरु हुन्छ । मृगौला बन्दछ र पिसाव बन्न शुरु गर्दछ । यस समयमा वच्चा मानिस जस्तै देखिन्छ । ४ मैन्हाको आखिरी सम्ममा बच्चा पूरै वनिसकेको हुन्छ । टाउको ठाडो पार्न सक्तछ र यसले पाठेघर भित्र हात गोडा टाउको चलाउन थाल्दछ । ५ मैन्हाको अन्त्यमा यो करीव १ पौंड वजनको हुन्छ र १०-१२ इञ्च लामो हुन्छ । ६ मैन्हाको अन्त्य सम्ममा यो करीव २ पौंड वजनको हुन्छ र करीव १४ इञ्च लामो हुन्छ । आंखा पूरै बनिसकेको हुन्छ । तर एउटा पर्दाले ढाकेको हुन्छ । यस समयमा यदि अधिभ्रो गएमा वच्चा केही घंटा वाच्न पनि सक्तछ । ७ मैन्हाको अन्तमा वच्चा करीव, ३ पौंडको हुन्छ करीव १६ इञ्च लामो हुन्छ र यस समयमा जन्मेमा बाच्न सक्तछ । यसको स्नायु प्रणाली राम्ररी वन्न थाल्दछ । आठ र नौ मैन्हामा वच्चा केवल राम्ररी बढ्दछ । ९ मैन्हा पुगेपछि जन्मन्छ ।

Key To Your Recovery

Fairdeal's

Maltvitol

Malt extract with Vitamins & Iron

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भावस्थाको हेरचाह

(Pregnancy Care)

प्रत्येक महिना नियमितरुपले भईरहेको महिनावारी टक्क रोकिनु गर्भावस्थाको सूचक हो। भित्री जांच गरेर गर्भ रहे न रहेको थाहापाउन यसवेला गाऱ्हो भएता पनि 'मूत्रजांच' गरेर डाक्टरहरूले ठोकेर भन्न सक्छन्।

साधारणतया गर्भावस्थाको अवधि २८० दिन हुन्छ। 'यस बेला दुईका लागि खानु पर्छ' भन्ने पुरानो विचार र धारणा गलत मात्र न भै खराब पनि हो। हो यसबेला अतिरिक्त खुराक भने चाहिन्छ जसको पूर्ति पोषक (NUTRITIVE) खुराक द्वारा गर्नुपर्छ। आहाराबाट प्रशस्त प्रोटिन पाउन दूध, फूल, माछा, मासु खानु पर्दछ। फलफूल हरियो, सागपातबाट प्रशस्त बिटामिन पाईन्छ। तारेको र बोसो भएको खाने कुराले वजन मात्र बढाउँछ। बोसो बढी र कोचीकोची खानाले मोटोपन मात्र नल्याई गर्भावस्थालाई जटिल पार्न सक्दछ। यसबेला डाक्टरको खय सल्लाह लिएर रगत बनाउने चक्का (आईरन) भिटामीन र क्याल्सियम पनि सेवन गर्नु पर्दछ। यी औषधिले आमाका साथै गर्भ भित्र रहेको शिशुको पनि लालन गर्दछ।

गर्भावस्थामा कुनै रोग नभई साधारण मनाव शरीर क्रिया हो तर यो बेला अवश्यनै मानसिक तनावको हो तसर्थ

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भवती आमाले केही बढी आराम गर्नु पर्दछ । घरको नगलाउने काम गरेमा केही आपत्ति छैन । दिउँसो एकछिन र राती पूर्ण आराम र निद्रा हुनु आवश्यक छ । शुरूका ३ महिना र अन्तिम १ महिना छाडी बाँकी अवधि दम्पतिले एक अर्काको सुख सुविधाको विचार गरेर खास तरीका अपनाई यदाकदा रतिक्रिया गरेमा केही आपत्ति छैन ।

गुप्तांगको सफाई मन्तातो साबुन पानीले गरे हुन्छ । सफाई गर्दा मल द्वार तर्फ बाट योनितिर गर्नु, मल द्वारमा रहेका जीवाणु योनि र मूत्र मार्गमा आउने डर हुन्छ । गर्भावस्थामा स्तनको स्याहार सुसार पनि उत्तिकै जरुरी हुन आउँछ । गर्भावस्थाको ३ मैन्हा पछि प्रत्येक दिन हलुका हातले स्तनको मालिस गर्नु पर्दछ र स्तनको चुच्चोलाई अघातिर तानि बूढी औंला र माझिलो औंलाका बीचमा राखी हलुका गरी मिच्नु पर्दछ ।

गर्भावस्थामा ब्लड ग्रुप, रगत र मूत्रको जांच रक्त चापको जाच समय समयमा हुनु पर्दछ । शुरुका ६ मैन्हामा संभव छ भने मैन्हाको एक पटक र त्यसपछि हरेक १५/१५ दिनमा डाक्टर द्वारा गर्भावस्थाको जांच गराई राख्नु पर्छ ।

पहिलो बच्चा अस्पताल मै पाउनु बेश हुनेछ । दोश्रो, तेश्रो पटक आमा हुनेहरुले पनि संभव छ भने अस्पताल मै पाउनु बेश हुनेछ ।

Cuts ! Burns !!
Quick, get Burnol
BURNOL
the cooling soothing healer

CC-0. In Public Domain. Digitization by eGangotri

केटाकेटीहरूमा हुने केही खास सरुवा रोगहरू

दादुरा:-

(Measles)- दादुराको शुरुवात रुघा, खोकी, ज्वरोबाट हुन्छ। शिशुलाई हाच्छिउँ आउँछ र आंखा रातो देखिन्छ। ३-४ दिनपछि सारा शरीरमा ससाना गुलाबी रंगका बिमिरा जस्ता दाना देखापर्दछन्। दाना निस्कनु अघि मुखमा 'कप्लिक स्पट' (Koplik Spot) भन्ने दाना पनि देखा पर्छ। दाना निस्कनासाथ ज्वरो ओर्लन्छ तर दादुरा बिग्रेमा न्युमोनिया र र झाडालाग्ने हुन्छ। केटाकेटीहरुलाई १० दिन जति ओछ्यानमा राख्नुपर्छ, चिसोबाट जोगाउनु पर्छ, आंखा, कान, मुखको सफाईमा विचार गरि दिनु पर्छ र परिवारको अरु केटाकेटीहरुलाई संसर्गमा आउन दिनु हुदैन। दादुरामा 'न्यूमोनिया' झाडा लाग्ने र आंखा पाक्ने डर भएको हुनाले औषधी गर्नुहुन्न भनी चुप लागेर बस्नु हुन्न। आफ्नो डाक्टरको सल्लाह तुरुन्त लिनुपर्छ।

ठेउला :-

(Chickenpox) ठेउला रोग दादुरा जस्तो ज्यादै सरुवा र बिफर जस्तो घातक नभएता पनि कदाकदा यस

CC-0. In Public Domain. Digitization by eGangotri
रोगको शुरुवात साधारण जरो र रुघाखोकीबाट शुरु भई पहिलै दिनमा मुख एवं शरीरको अन्य भागमा ससाना राता दाना देखापर्छन् । विस्तारै यी दानाहरुमा पानी भरिन्छ र पछि सुक्छ । पाप्रा उप्किइ सकेपछि जीउ चिलाउने भई नङको घाउ ठाउँ-ठाउँमा लाग्न सक्छ । रोगपीडित केटाकेटीलाई अरु केटा केटीहरुको संसर्गमा आउन नदिई छुट्टै हावादार कोठामा राख्नु पर्छ । जरो छँदा झोल कुरा प्रशस्त खुवाउनु पर्छ । मुखभित्र घाउ खटिरा आएमा र जीउ चिलाउने भई नङको घाउ लाग्न गएमा आफ्नो डाक्टरसँग सल्लाह लिनुपर्छ ।

बिफर :-

(Smallpox) – बिफर अत्यन्त सरुवा, घातक र रुपविहीन पार्ने रोग हो जो सबैलाई थाहा नै छ । राजधानी-मा यस रोगका विरुद्ध समय समयमा ठूला सानालाई खोपा-ईने हुँदा विस्तार बिस्तार यो रोग लोप हुँदै जांदो छ तथापि मधेश, पहाडतिर यो प्रशस्त मात्रामा देखिन्छ । तीन दिनको जरो, टाउको दुख्ने भएपछि शरीरभरि ससाना दाना देखापर्छन् विस्तारै यी दाना भित्र पानी र पछि पिप भरिई खाटो बस्छ । तेस्रो साताको अन्ततिर खाटो उप्किई सदाका लागि खत बसी छ्याकटे तुल्याईदिन्छ । यस अवधिताका कति शिशु-हरु न्यूमोनिया आदि भई सिकिस्त हुन्छन् , कतिको आंखामा फूलो परी अन्धा हुन्छन् र कति यस रोगको कडा रुप सहन नसकी कालगतिमा पर्छन् दुर्भाग्यवश यो रोग हुन गएका हकमा डाक्टरको सेवा उपलब्ध गराई सल्लाह लिई हाल्नुपर्छ ।

लहरेखोकी :-

(Whooping Cough)– लहरेखोकीको शुरुवात सर्दी, रुघाखोकीबाट हुन्छ । पछि खोकीले लामो र लहरे रुप

CC-0. In Public Domain. Digitization by eGangotri

लिन्छ र ज्यादागरी राति आउँछ। खोकी सकेपछि शिशुले प्रायशः बान्ता गर्छ। आंखाको सेतोभित्र ससाना रक्तनली चुंडिन गई रक्त जमी आंखा रातो र पछि नीलो देखिन्छ। यो रोग धेर दिनसम्म लम्बिने हुनाले केटाकेटीहरुलाई निकै सास्ती दिन्छ। आमाबाबुहरुले रोग भएका केटाकेटीहरुलाई सान्त्वना दिनु पर्छ। खोकीको लहर सकिएपछि मात्र खाने कुरा दिनुपर्छ। भरखरै जन्मेका शिशुहरुलाई पनि यो रोग सर्न सक्ने हुनाले उनीहरुलाई र अरु केटाकेटीहरुलाई अलग्गै राख्नुपर्छ। रोग बाट बचाउनका लागि माथि लेखे अनुसार डी० पी० टी० अथवा 'ट्रीपल एन्टीजन' रोग निरोधक सुई चिकित्सकको सल्लाह अनुसार दिनुपर्छ। लहरेखोकीमा छाती कमजोर भई 'ब्रोंकिएक्टेसिस' टी० बी० र अरु रोग समेत थपिनइ सक्ने भई जिन्दगी भरिका लागि तकलीफ हुने हुनाले होशियारी गर्नुपर्छ।

हाँडे :-

(Mumps)– हाँडे रोगमा एक दुई दिन जरो आई विसंचो भई शिशुले कानको जरोमा दुख्छ भन्न थाल्छ। तत्पश्चात् ¯यालको ग्रन्थ सुन्निनाले गर्दा पहिले एकपट्टि र पछि दोश्रोपट्टि कानको जरो नेर र गालामा सुन्निएको देखापर्छ। ज्यादा सुन्निनाले केटाकेटीलाई मुख बाउँदा पनि पीडा हुन्छ। यसताकाञ्चपाउनु नपर्ने गीलो आहारा र झोल कुरा शिशुलाई दिनुपर्छ - प्रत्येक पटक केही खाई सकेपछि मनतातो पानीमा नून हाली कुल्ला गराउनु पर्छ। यसको उत्पातमा सुनिएको ग्रन्थी पाक्ने डर र केटाहरुमा अण्डकोशमा पीडा हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

बिरामी परेका बेलामा

तपाईको साथी

फ्यूरिटी बार्ली

भ्यागुतेरोग :-

(Diphtheria)- यो रोगमा जरो आउँछ, वान्ता हुन्छ अनुहार सेतो देखिन्छ र शिशुले यदाकदा घांटी दुखेको शिकायत गर्छ। घांटी हेर्‍यो भने टान्सीलमाथि सेतो खैरो जालोजस्तो देखापर्छ। यो रोग कडा र घातक हुने हुनाले शिशुलाई अस्पताल भर्ना गराई तुरुन्त उपचार शुरु गरी हाल्नु पर्ने भएकोले चिकित्सकको सेवा तुरुन्त उपलब्ध गराई हाल्नु पर्छ। यस रोगबाट बचाउनका लागि माथि लेखे अनुसार डी. पी. टी. वा 'ट्रिपलएन्टीजन' रोग निरोधक सुई र तुरुन्त रोकथामका लागि 'ए. डी. एस. ' भन्ने सीरम दिनुपर्छ।

क्षयरोग :-

(Tuberculosis)–केटाकेटीहरुलाई क्षयरोग प्रायः ठूला बाट सर्छ। क्षयरोग माथि भने झैं फोक्सोको, पेटको, हाडको ग्रन्थी (ग्लयान्डस) को र गिदीलाई ढाक्ने आवरण (मेनिन्जेज) को हुन्छ जस मध्ये अन्तिम बढी घातक हुन्छ। अघि भने झैं केटाकेटीहरुलाई यो रोगबाट बचाउन बी० सी० जी० को सुई दिनुपर्छ। परिवारमा कुनै सदस्यलाई टी० बी० भएको हकमा ठूला र सानाको जाँच र चिकित्सा उर चिकित्सालय (चेष्टक्लिनीक) मा वा आफ्नो डाक्टरको सल्लाहले गर्नु पर्छ।

★

फोरहन्स

दाँतको डाक्टरले बनाएको

टूथपेस्ट र ब्रुस

CC-0. In Public Domain. Digitization by eGangotri

केटाकेटीहरूमा केही बानी बेहोराका समस्याहरू :

नखाइदिने शिशु : भोकको समस्या (Appetite Problem)

यो धेरै घरमा प्रायशः देखिने र धेरैजसो एक्लो शिशुमा पाइने समस्या हो। शिशुलाई भोक नलाग्नु आमाबाबुको बढी चिन्ता र आहार जबर्जस्ती कोचाउनाले हुन्छ। शिशुले के चाल पाउँछ भने न खाईदिनाले आमाबाबुहरुले उसको बढी हेर विचार गर्न थाल्छन् र उ पनि दंग्याउनमा बढी आनन्द लिन थाल्छ र यसो गरी आमाबाबुलाई दुःख दिन्छ।

यहाँ यो विचार गर्नुपर्छ कि सबै शिशुहरुको आहार एक नासको हुँदैन र कोही कम र कोही बढी खाने हुन्छन्। नखाई दिने समस्या समाधान गर्न सजिलो छ। शिशुले खान्छ वा खाँदैन यसमा उति वास्ता गर्न हुन्न र मुख्य खानेकुराको बीचमा कुचुकुचु उसलाई खान दिई रहनु हुन्न। भोकायो भने उसले आफै खानलाई झगडा गर्छ।

सुत्ने समस्या Sleep Problem

यस अन्तर्गत शिशुले सुत्न नमान्न, ओछयानमा जबर्जस्ती सुताउँदा रुनु, झगडा गर्नु, एक पटक सुतिसकेपछि फेरि

CC-0. In Public Domain. Digitization by eGangotri

उठेर रूनु थाल्नु, सुतेको अवस्थामा कुरा गर्नु, सुतेको बेला उठेर हिंडनु, निन्द्राको बीच तर्सिएर आत्तिएर रुन थाल्नु आदि आउँछ। यी सबको मुख्य कारण खराव बानी बेहोरा पनि हो। सुत्नु पनि खानु, मल मूत्र त्याग गर्नु जस्तै प्राकृतिक क्रिया हो। जहाँ आमाबाबुले यी मध्ये कुनैमा आफ्नो चिन्ता व्यक्त गर्न थाले कि जब शुरु भई हाल्छ। कुनै शिशुलाई सुत्न जाउ भनी अन्हाउनु पर्ने खण्ड नै आउँदैन उसलाई एक्लं छाडिदियो भने उ सुत्छ, सुत्छ।

ओछ्यान मुत्नु (Enuresis, Bed wetting)

यसको अर्थ हो नियन्त्रण गर्न सक्ने अवस्था पुगेपछि पनि निद्रामा पिसाब रोक्न न सकी ओछयानमा पिसाब फेरिदिनु। साधारण अवस्थामा शिशुहरू २–३ बर्षको पुगे पछि दिउँसो बेला र ४–५ बर्षको उमेरसम्म रातमा पिसाबमा नियन्त्रण पाइ सक्छन्। ओछयान मुत्ने समस्या केटीहरू भन्दा बढी केटाहरूमा र कहिलेकांही त तन्नेरी र छिपिसकेपछि पनि देखा पर्छ। समय भन्दा अगावै शिशुमा दिमा पिसाब गराउने प्रशिक्षण (Training) ले, घरको तनाउपूर्ण वातावरणले र हप्काईले पनि यो अवस्था ल्याइदिन्छ। आफू भन्दा साना भाइ बहिनीहरु प्रतिको इर्ष्या पनि ओछयान मुत्नुको रुपमा देखा पर्छ।

यस अवस्थाको निदानमा सबभन्दा जरुरी कुरा हो शिशु स्वयं यो आदतबाट मुक्ति पाउन चाहन्छ वा चाहँदैन। यदि शिशुले दिउँसोको बेला पिसाबमा नियन्त्रण गर्न सक्छ भने शायदै कुनै रोग भएको हुनसक्छ। तल लेखिएका साधारण उपायद्वारा यो अवस्थाको रोकथाम गर्न सकिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

१. सुत्ने बेलाको केही घण्टा अघिदेखि नै (अर्थात ६ बजे साँझ देखि) झोल कुरा नदिने । चिया, कफी, अमीलो पीरो पनि नदिने ।

२. राती बीच बीचमा पिसाव फेराउन शिशुलाई उठाउने व्यवस्था गराउने ।

३. शिशुलाई दिउँसोको बेला धेरै बेरसम्म पिसाब रोक्न लाउने । त्यसो गर्दा मूत्राशयको पिसाब जम्मा गर्न सक्ने क्षमतामा वृद्धि हुन्छ ।

४. विभिन्न औषधिको प्रयोग– चिकित्सकको रेखदेखमा गर्ने ।

५. शिशुलाई न हप्काई आफ्नो सहानुभूति देखाउने ।

दिसा फुस्काउने (Encopresis)

यस अवस्थामा दिसा रोक्न सक्नुपर्ने उमेर पुगेता पनि शिशुले कट्टुमा अनजानमा दिसा फुस्काउछ र लुगा फोहोर गर्दछ । यसको कारण ओछयान मुत्नुमा जस्तै आमाबाबुको समय भन्दा अगावै चर्पी वा प्यानमा दिसा पिसाव फेराउने प्रशिक्षण (ट्रेनिङ्ग) दिने व्यवस्था गर्नाले र घरमा गहौरो भावनात्मक कारण (Emotional factor) ले हुन सक्छ । मुख्य कारण कब्जियत हुन्छ जसमा मलको थैलीमा मल सम्मा भई ठोस हुँदै जान्छ , गीलो र तरल मलको हिस्सा भने तहरिएर बाहिर निस्कन्छ र यसले झाडा लागेको भान गराउँछ । समयभन्दा अगावै चर्पीको प्रशिक्षण (Toilet Training) र मलद्वारमा चिरिनाले दुख्ने भई शिशुले दिसा रोक्छ र यसले पनि कब्जियतको रूप लिन्छ र दिसा तहरिएर चुहुने हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्तांग चलाउनु गुप्तांगसंग खेल्नु
(Masturbation and Sex Play)

सबै आमाबाबुले बिचार गर्नु पर्ने कुरा के छ भने यो सर्वत्र र दोषरहित देखिन्छ। गुप्तांगलाई चलाउने कारण असुरक्षित (Insecurity) हो र यसबाट मुक्ति पाउन शिशुले यसको आड लिनु पर्ने हुन्छ। यदि आमाबाबुले यो बानी रोक्न शिशुलाई पिटने, हकार्ने गरेमा यो अवस्था झन् बढेर जान्छ। धेरै आमा आबुहरू "तुरीसंग खेल्यो भने तुरी काटिदिन्छु" भन्ने त्रास दिन्छन् यो राम्रो होइन यस बाक्यले पछि नराम्रो विचार ल्याउने हुन्छ। यी रोक्ने उपाय हुन्–

(क) यसप्रति वास्ता नगर्ने।

(ख) शिशुको ध्यान यसपट्टिबाट हटाउन अरू उपायको शरण लिने।

Even a massive feast is no problem for

Gipizyme

Digestive Tablets

For
Good eye sight
healthy blood
sturdy bones

SYRUP
MINADEX

The spoon-a-day-triple tonic
by GLAXO

CC-0. In Public Domain. Digitization by eGangotri

औंला चुस्नु, नङ टोक्नु:-
(Thumb Sucking and Nail Biting)

शिशुहरुमा यी साधारण देखिने बानी हुन् र यिनले गिजा (Jaw) विरुप गर्ने अथवा दांत उछिट्याँउँदैनन् । तर यसले गर्दा शिशुले प्रशस्त वायु पेटमा निल्ने हुन्छ । औंला चुस्नेक्रिया दिउँसो शिशु सुतिरहेका बेलामा अथवा रातमा पनि सुतेको बेला देखिन्छ । औंला ज्यादा चुस्नाले औंलामा ठेला पर्न सक्छ । प्रायशः यो आदत शिशु दुइ बर्षको पुगेपछि हराएर जान्छ । कारण उ अरु कुरामा चाख लिन थाल्छ । शुरुदेखि नै यो आदत छोडाउन औंला चुसिरहेका बखत बेला बेलामा मुखबाट अलग गरिदिनु पर्दछ ।

नङ टोक्नु पनि नराम्रो बानी हो तर यसले केही नोक्सान पुऱ्याउँदैन । यो केटाहरुभन्दा केटीहरुमा बढता देखिन्छ । दिमागमा तनाउ, असन्तुलन आउनु र घबडाहटसंग नङ टोक्नुको सम्बन्ध छ किनभने घबराएका र तनाउ आएका शिशुहरुमा यो क्रिया प्रायशः देखिन्छ ।

टाउको ठटाउनु, टाउको हल्लाउनु:-
(Head Banging and Head Rolling)

टाउको हल्लाउने क्रिया शिशुहरुमा दोश्रो वर्ष तिर प्रायशः देखिन्छ । धेरै अवस्थामा शिशुको ध्यान अरु कुरामा आकृष्ट गराउँदा यो बानी हराउँछ । शिशुले आफ्नो मुडकीले टाउको ठटाउँछ अथवा कुनै वस्तुमा टाउको ठोक्ने गर्छ । टाउको ठटाउनु र हल्लाउनुको कारण कुनै वेदना जस्तो कि दाँत निस्कनाले अथवा कान दुख्नाले हुनसक्छ । पछि पछि बाल्यावस्थामा

CC-0. In Public Domain. Digitization by eGangotri
यो प्रायशः कम चलाख र अविकसित मस्तिष्क (Brain Damaged) भएका शिशुहरुमा देखा पर्छ ।

चकचके शिशु (Overactivity):-

सवै शिशुहरु चकचके हुन्छन्, किनभने उनीहरु चुप लागेर एक ठाउँमा वस्न सक्दैनन् । उनीहरु कहिले थाक्दैनन् जस्तो छ । कहिले काहीं यो अति पनि हुन सक्छ । तर साधारण चकचकेपनलाई शिशुको विकासको क्रम ठान्नु पर्छ ।

आँखा झिम्क्याउने, मुख बंग्याउने बानी:- (Tics, Habit Spasm)

यो पूर्णतः मांसपेशीको क्रिया हुन्छ र यो बानी मुखमा ज्यादा जस्तो देखिन्छ - जस्तो आँखा झिम्काउनु, कुम माथितल गर्नु, अकारण बेला बेला मुख आँ गरी बाइ रहनु, घाँटी सफा गर्नु मुख बंग्याउनु, जिब्रो नाकबाट आवाज निकाल्नु आदि । उत्तेजित अवस्थामा वा आफूलाई थाहा नभएको बेला यो बढ्छ तर कुनै काममा लागेका बेला हराएर जान्छ । परिवारका सदस्यहरुमा अथवा साथीहरुमा यी बानी भए त्यता बाट शिशुले सिक्न अथवा पहिले आँखा, घाँटी दुखेको भए त्यसबेलादेखि आँखा झिम्काउने वा घाँटी सफागर्ने बानी शुरु हुन्छ । यसप्रति आमाबाबुले वास्ता गर्न छाडिदिनु पर्छ र शिशुलाई यी कुराहरु नगर्न स्नेहपूर्वक भन्नुपर्छ ।

टाउको हल्लिरहने अवस्था:- (Nodding Spasms, Sposmus Nutans)

यो अवस्था ससाना शिशुहरुमा मात्र देखा पर्छ र विस्तार विस्तार आफसेआफ हराएर जान्छ । यो हुने कारण

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा हुनसकेको छैन । यस अवस्थामा टाउको माथितर्फ वा छेउछाउ हल्लिरहन्छ, आँखाको पुतली चल्दछ र केही वस्तुतर्फ हेर्दा टाउको पनि बाङ्गो हुन जान्छ । यसका लागि केही उपचार गर्नु पर्दैन ।

इर्ष्या (Jealousy):-

सबै शिशुहरु इर्ष्या गर्ने हुन्छन् तर यसको रुप हरेकमा फरक फरक हुन्छ । यो शिशुको आफ्नो अर्जित व्यक्तित्व र घरमा उसको गरिने हेरचाहमा निर्भर गर्छ । शिशुले उसले पहिले जस्तो स्नेह पाइ नरहेको अनुभव गर्दछ । घरमा र स्कूलमा राम्रो हेरविचारको कमी, वेवास्ता, हरदमेशा हप्काई, अति, कडाई, स्नेहको अभाव आदिले शिशुमा इर्ष्याको भावना उत्पन्न गराउँछ ।

क्रोध, रिस (Temper) :-

सबै साधारण शिशुहरु झडंग रिसाउँछन् । शिशुको झडंगै स्वभाव प्रयाशः आमाबाबुको ध्यान आफूप्रति आकृष्ट गराउने हतियार हो । मातापिताहरुले यसमा बेवास्ता गर्नु पर्छ र शिशुले झगडा गर्नासाथ वा क्रोध प्रकट गर्नासाथ उसले भनेको कुरा पुऱ्याई हाल्नु भन्ने छैन ।

वाक्‌दोष (Speech Defect):-

साधारणतया ससाना केटाकेटीहरुमा बोलिको दोष देखिन्छ त्यो हो तोतेबोली, अपूर्ण एवं सानो बोली र व्यञ्जन (Consonant) रहित वाक्यको उच्चारण (जस्तो 'चिया' भन्नु पऱ्यो भने 'इया' भन्नु) यसको कारण शिशुले बोल्नथाल्दा घरमा

राम्ररी विचार न पुऱ्याइनाले हुन्छ । शिशु स्कूल जान थाले पछि आफै शुद्ध उच्चारण गर्नथाल्छ ।

केही शिशुहरुमा वाक्दोषको कारण कुनै विकारले गर्दा हुनसक्छ जस्तै चिरिएको तालु (Cleft Palate)।

भकभके बोली शुरु शुरुका वर्षमा देखिने साधारण अवस्था हो । यसको निवारणका लागि शिशु स्वय चेतनशील लहोस भन्ने ध्येयले आमाबाबुहरुले केही वास्ता गर्नु हुन्न । छिटो छिटो बोल्न नदिइ बिस्तार बिस्तार बोल्न लाउनु पर्छ । यदि यो विकार बढ्दै गयो भने चिकित्सकको सल्लाह लिनुपर्ने हुन्छ ।

झूठो बोल्नु, चोर्नु (Lying and Stealing) :-

सबै शिशुहरु खास उमेर र तहसम्म झूठो बोल्छन् । यसले अरुलाई नोक्सान नपुऱ्याएसम्म ठीक छ । शिशुहरुलाई सम्झाउनुपर्छ कि झूठो र छेउ न टुप्पोको कुरा गर्नु ठीक होइन।

त्यस्तै सबै शिशुहरु कहिले काही चोर बुद्धि गर्छन् । अर्काको रमो खेलाउने कुरा र आफूलाई मन परेको कुरा सुटुक्क उडाउनु ससाना शिशुहरुमा पाईने सामान्य अवस्था हो। यसलाई चोरबुद्धि भनी अविभावकहरूले सोच्नुहुन्न । यो लक्षण बिस्तार बिस्तार हराउँदै जान्छ । उनीहरुले आफ्नो धन संपत्तिको कदर गर्न सक्नु पर्छ । उनीहरुलाइ पाकेट खर्च दिनुपर्छ तर धेरै होईन र उनीहरुलाई थाहा हुनुपर्छ उनीहरुले जे चाहयो त्यो सबै उनीहरुलाइ पूरा हुन सक्दैन । ★

The comming of winter calls for an effective expectorant

TAKE

GUJERAT'S HISTONA

CC-0. In Public Domain. Digitization by eGangotri

IRON-STARVED BLOOD MAKES YOU SUFFER "FATIGUE SICKNESS"

Potent new Tonos-7 helps recharge thin, tired blood, build new strength, new health 7 different ways!

Undernourished, iron-starved blood can drain your strength, leave you too weak and tired to work your best or feel your best.

But now you can pump new life back into iron-poor, tired blood in as little as seven days with new Tonos-7. Tonos-7 combines seven special ingredients into one potent iron tonic and supplement.

Taken as directed, Tonos-7 supplies the vital iron every man, woman and child needs for better health and strength *plus* six other active ingredients to help you feel energetic and alive again, keep you feeling that way.

You may be eating well, have a high protein diet, yet still not have enough iron in your blood. But look at what just two tablespoonfuls of Tonos-7 adds to your diet.

IRON as much as in 1/2 kg. of spinach
Vitamin B_1 as much as in 2 kg. of shelled almonds
Vitamin B_2 as much as in 2 1/2 kg. of cashewnuts
Vitamin B_6 as much as in 1/2 kg. of cabbage
Vitamin B_{12} as much as in 1 litre of milk
Niacinamide as much as in 4 kg. of dates
Panthenol as much as in 120 grams of soybeans

You should start to feel healthier, stronger, after only seven days of taking Tonos-7. Imagine how much better you'll feel after a whole month of Tonos-7! In only a month Tonos-7 will help you have rich, strong, healthy blood once again.

After the full recommended course, weigh your new self, examine your new self...you'll see and feel the difference.

HERE ARE 7 WAYS TONOS-7 HELPS BUILD YOUR HEALTH AND STRENGTH

1. Helps build healthy blood cells.
2. Restores lost appetite due to iron/vitamin deficiency.
3. Supplies necessary vitamins to aid normal growth.
4. Fights tiredness due to iron deficiency.
5. Helps speed return of normal health during convalescence.
6. Aids body in metabolizing protein and food elements essential to good health.
7. Helps overcome irritability of fatigue due to iron-starved blood.

New **TONOS-7** IRON TONIC and SUPPLEMENT

A Quality Product of RICHARDSON HINDUSTAN

5704ARR

CC-0. In Public Domain. Digitization by eGangotri

बर्षदिन सम्मका शिशुका लागि तालिका

महिना	दूधको पटक, थप आहार	तौल	खोपाई र सुई	स्वास्थ्य परिक्षा र अरु सल्लाह	वृद्धि विकास क्रम
१	आमाको दूध सब भन्दा उत्तम ★; ३/३ घण्टामा	३किलो	बी सी. जी. विफर विरुद्ध	डाक्टरद्वारा जाँच, आहार र खोपाई बारे सल्लाह	
२	३/३ घण्टा; फेरेक्स, आधा उसिनेको फुलको पहेँलो, फलको रस				चिउँडो उठाउँछ
३	४/४ घण्टा				
४		६किलो दोबर	डी.पी टी वा ट्रीपल १	मिश्रित र थप आहार बारे सल्लाह	टाउको सोझो राख्न सक्छ
५				तौल	
६			पोलियो १ डी पी.टी २	रगत जाँच, स्वास्थ्य परीक्षा सल्लाह	सहारा लिई बस्न सक्छ
७	७ महिनापछि आमाको दूध छोडाउँदं लगी ९ महिनामा बन्द !!!!!!!!			ठोस आहार बारे सल्लाह	बिना मद्दत बस्छ
८	गाईको, बट्टाको डेयरीको दूध र मिश्रित आहार		पोलियो २		
९	बिस्कुट फुल, बीज कर्नफ्लेक्स, टोस्ट, मक्खन, खीर, पुडिंग, आलु, तरकारी, नरम मासु, सूप, मिठाई, सागपात आदि				बामे सर्छ
१०	भिटामीन, क्याल्सियम, आइरन । ◆				
११		९किलो तेब्बर		तौल	सहारालिई उभिन सक्छ
१२			डी.पी.टी. वा ट्रिपल–३	रगत जाँच स्वास्थ्य परीक्षा डाक्टरी सल्लाह	बिना मदत उभिन्छ

★ आमाको दूध नपुगेमा त्यसको सट्टा बट्टाको, गाईको दूध

◆ डाक्टरी सल्लाह लिई थप भिटामिन, क्यालिसयम, आईरन

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड ३



परोपकारी चक्कू

यी सामान्य शल्यक्रिया गर्नु पर्ने रोगहरू

अपरेशनको नाम मात्र सुनेर तर्सिने त परैं जावोस मूर्छा पर्ने मानिस पनि मैले देखेको छु। यो स्वाभाविक हो कि सकेसम्म कोही आफ्नो शरीरमा 'चक्कु चलाउन' दिन चांहदैंन। मानिसको जीवनकाल-मा कुनै न कुनै वेला यस्तो रोग लाग्न सक्छ, जसलाई ठीक पार्न त्यस परोपकारी चक्कुको सहारा नलिई पनि हुंदैन। मूर्छक औषधी (एनोस्थि-सिया) र जीवाणुघातक औषधी (एन्टिवायटिक) को आविष्कार भन्दा पहिले शल्य क्रिया अवश्य पनि कष्टदायी र खतरनाक थियो, तर आज हामी औषधीको प्रयोगवाट मस्त निद्रामा सुतेर विना कुनै कष्टको पेट, छाती, टाउको र कुनै पनि अङ्गको अपरेशन गराउन सक्छौं। विभिन्न जीवाणुघातक औषधीले गर्दा घाउ पाक्ने, बिग्रिने, जरो आउने डर पनि हुंदैन। चाहिएको अवस्थामा रगत पनि चढाउन सकिन्छ। यसरी शल्य-क्रिया एक भरपर्दो र वैज्ञानिक चिकित्साविधि भैसकेको छ। राम्रो अस्पतालमा कुशल डाक्टरद्वारा अप्रेशन गराउन केही डराउनु पर्दैन। अब आउनोस हामी केही यस्ता रोगहरूवारे जानकारी प्राप्त गरौं, जस्को उपचार अप्रेशनबाट मात्र संभव छ। घाउ खटिरा देखि लिएर

CC-0. In Public Domain. Digitization by eGangotri

जटिल 'ब्रेन ट्यूमर' सम्म हजारौं अप्रेशन गर्नु पर्ने व्यथा छन्, तर यहां अत्यन्त सामान्य रोगहरूको मात्र उल्लेख गरिएको छ ।

१. जन्म जात विकारहरू :– गर्भमा शिशुको निर्माण हुंदा विभिन्न कारणहरूले गर्दा केही शारीरिक खोटहरू रहनजान्छन् जस्तै ओंठ खुंडे हुने, हात खुट्टाका औंला बढी, घटी वा जोडिएका हुने, दिशाको द्वार नहुने वा दिशा, पिसाबको एउटै हुने, खुट्टा बांगो हुने, मुटुको विकार हुने, अण्डकोष तल नझर्ने इत्यादि । यी रोग मध्ये केहीले जीवनलाई नै खतरा पार्ने हुनाले अप्रेशन छिटै गरी हाल्नु पर्ने हुन्छ । नवजात शिशुहरूको शल्यक्रियाको आफ्नै विशेषता हुन्छ र यो खास केन्द्रमा विशेष तालीम प्राप्त सर्जनले गर्न सक्छ ।

२. चोट पटक र घाउ–खटिरा:– कुनै प्रकारको चोटपटक नलागेको ब्यक्ति शायद कोही नहोला । घाउलाग्ने, जोर्नी मर्किने, हाड भांचिने साधारण प्रकारका चोटपटक हुन् । ठूलो दुर्घटनामा पर्नेहरूलाई टाउको, छाती वा पेटभित्रको चोट लाग्न सक्छ । चोटपटकबाट ज्यानलाई खतरा त छंदैछ साथै बांच्नेको पनि अङ्गभङ्ग भै रोजगार मेटिने सम्भावना हुन्छ । चोट पटकको उपचार तुरन्त समयमै राम्रो संग हुन सक्यो भने पछिको झंझटबाट बच्न सकिन्छ । ठूलो चोटमा बिरामी रगतगएर असक्त भएको हुंदा उस्लाई अस्पतालमा भर्ना गराई रगत चढाउने, कडा जीवाणुघातक औषधी दिने तथा अप्रेशन गर्ने प्रबन्ध मिलाउनु पर्छ । सानो घाउ वा हाड भांचिएको मर्किएकोमा तत्कालिन उपचार, घाउको सफाइ, औषधीको प्रयोग, टांका लगाउने गरिन्छ । सवारीको बढदो प्रयोगले सडक दुर्घटना पनि अन्धाधुन्ध बढदोछ । बेलायत र अन्य पाश्चात्य देशहरूमा मृत्युको कारणहरूमा सडक दुर्घटनाको प्रमुख स्थान आउंछ । यस्ता बिरामीहरूलाई असल उपचार गर्न एक विशेष दुर्घटना सेवाको सृजनाहुनु अत्यावश्यक देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. अपर्भ्टमा लाग्ने व्यथाहरु :– आन्द्रा बटारिएर दिसा वायु बन्द हुने, एकासी पिसाब बन्द हुने (विशेषतः अर्धवयस्क र बृद्धमा), आमाशयको खटिरा फुट्ने इत्यादि अति सामान्य अपर्झट्मा लाग्ने व्यथाहुन जस्को उपचार तत्काल अप्रेशनबाट गरिन्छ । तुरुन्त अप्रेशनगर्न सकिएन भने विरामी मर्न सक्छ । नेपालमा पनि यस्ता रोगहरु प्रशस्त-मात्रामा देखिन्छन् । अप्रेशन यी अवस्थाहरुमा जीवनदान हो ।

४. गाँड :– हाम्रो देशमा, विशेषतः पहाडि क्षेत्रमा गाँड अति सामान्य रुपमा पाईन्छ । पानी र आहारमा 'आयोडिन' नामक एक तत्वको कमी बाट गाँड शुरु हुन्छ । सानो उमेरमा औषधीको सेवनले पनि निको हुन्छ, तर धेरै जसो अवस्थामा गाँडको अचूक औषधी अप्रेशन गरेपछि कुरुप व्यक्ति तुरुन्त सुन्दर हुन्छ, गांडले विहे हुन नसकेका केटी हरुको विहे हुन्छ । यो मझौलो खालको अप्रेशन हो र प्रमुख अस्पताल-हरुमा यो संभवछ । श्री ५ को सरकारले गाँडको अप्रेशन गर्ने टोली विभिन्न क्षेत्रमा पठाएर जनतालाई यो कुरुप रोगबाट मुक्तगर्न सक्छ ।

५. एपेन्डीसाइटीस :– मसिनो आन्द्रा र बोसे आन्द्राको साथमा करिव २ इन्ची लामो एक गडेउलाको आकारको आँन्द्रा हुन्छ जस्लाइ 'एपे-न्डिक्स' भनिन्छ । मनुष्यमा यो अंगको कुनै काम भएको पत्तो लागेको छैन । अर्धेलो रहेको यो अंग सुनिएर आएमा एपेन्डिसाटिस हुन्छ र अति पीडा दिन्छ । सानाठूला सबैलाई यो हुन सक्छ । 'एपेन्डिक्स' दाहिनेतिर हुने हुनाले दर्द पनि नाभि मनी दाहिनेतिर हुन्छ । पछि जरो, वान्ता र पेट हुँदा पनि दुख्ने हुन्छ । औषधीमा लागेर ढीला गर्नु खतरा हुन्छ । जति सक्यो चांडो अप्रेशन गराउनु उचित हुन्छ । सर्जनले अप्रेशन गरेर सुनिएको एपेन्डिक्सलाई झिकिदिन्छन् ।

६ अमलपित्तको खटिरा (अल्सर):– साधारणतः अल्सरको उपचार औषधीको प्रयोग, शारीरिक र मानसिक आरामबाट गरिन्छ; तर यदि

CC-0. In Public Domain. Digitization by eGangotri
औषधीले निको नभएमा वा मुखबाट वा दिसामा रगत आई अथवा फुटेर अल्सर बिग्रेमा अप्रेशन गर्नै पर्ने हुन्छ। राम्रो प्रकारले गरेको अप्रेशन पछि अल्सर निर्मूल हुन्छ। हडबडीमा अल्सरको अप्रेशन गराई हाल्नु हुँदैन, यस्मा राम्रो सर-सल्लाह र सोच विचारको आवश्यकता हुन्छ।

७ *पत्थरीः*– पित्तको थैलीमा पत्थरी (गल् स्टोन) र पिसाबको पत्थरी निकै मात्रामा देखिन्छन्। अधबैंसे, धेरै छोरा छोरी पाएकी, स्थूल शरीरकी स्त्रीमा दाहिने कोखा दुख्यो, खाना (विशेषतः चिल्लो) पचेन र शूल भयो भने पित्तको पत्थरी शंका गर्नु पर्छ। शूल भएका अवस्थामा पत्थरले पित्तनलीलाई बन्द गरीदियो भने कमल पित्त भएर शरीर पहेंलो हुन्छ र रोग जटिल र डरलाग्दो हुन्छ। एक्स-रे बाट पत्थरी देख्न सकिन्छ। मिर्गौलामा रहुन्जेल पिशाबको पत्थरीले खास दुःख दिदैन तर मूत्रनलीमा आयो भने वा झर्‍यो भने शूल गराउँछ। साना केटाकेटीहरुमा पत्थरी (ब्लयाडर स्टोन) निकै देखिन्छ। यस्ता केटाकेटीहरु पिसाब गर्दा चिहिरेर रूने, फन्फनी घुम्ने र जननेन्द्रीयलाई तान्ने, कराउने गर्छन्। पत्थरीको एक मात्र औषधी अप्रेशन हो। पत्थर गलाउने औषधी छैन, छ भनेर कोही भन्छ भने उ तपाईको खल्तीको पैसा गलाउन तम्सेको छ भनी ठान्नुहोला।

८ *हर्नियाः*– काछमा, तिघ्रोको जोर्नीमा र नाभिको वरिपरी गोल खालको मासुको पोका निस्कन्छ। सुतेर थिच्यो भने 'क्वाल्ल' गरेर भित्र पसेर बिलाउँछ, खोक्दा र कन्दा फुकेर ठूलो हुन्छ।

हर्नियाको औषधी छैन, अप्रेशनले यस्लाई सहजै ठीकपार्न सक्छ। यो ठूलो अप्रेशन हैन, तैपनि मैले बीसौं वर्ष बडो प्रेमसाथ हर्निया पालेर बसेका मानिस देखेको छु यो अत्यन्त आश्चर्यको कुरो हो। त्यसै छाडी राखेमा बटारिएर बिग्रन सक्छ। पेटी बाँधेर हर्निया निको हुन्छ भन्नु गलत हो।

CC-0. In Public Domain. Digitization by eGangotri

९ *हाइड्रोसिल*:- अण्डकोषमा पानी भरिएर फुलेर आउँछ। औषधीले यो बस्दैन। सेकेर, मालिश गरेर यो सुक्दैन। सबभन्दा सजिलो उपाय नै अप्रेशन हो। कुनै पनि अस्पतालमा प्रत्येक डाक्टरले यो अप्रेशन गर्न सक्छ।

१० *अल्काई*:- दिसामा रगत आउने अल्काईको मुख्य लक्षण हो। आरंभमा पेट ठीक राखेर औषधी सेवन गरी, वा इन्जेक्शन हालेर ठीक पार्न सकिन्छ तर पछि अप्रेशन गरेर मात्रै यस्को उपचार हुन्छ। अप्रेशनमा सबै अल्काईका डल्लालाई राम्ररी बाँधेर काटिन्छ। १०-१२ दिनमा विरामी तगडा हुन्छ र कुनै तकलीफ रहँदैन।

११ *क्यांसर*:- क्यांसर रोगमा मासु अनियन्त्रित रूपले बढ्दै जान्छ। र रगतको माध्यमबाट शरीरमा फैलिन्छ। शरीरको कुनै पनि अंग बाट क्यान्सर पैदा हुन सक्छ र यो बालक वृद्ध सबमा देखा पर्छ। औषधी नगरेमा क्यान्सर अवश्यमेव मारक हुन सक्छ। केटाकेटीमा मिर्गौलाको हाडको र गिदीको क्यांसर बढी देखिन्छ। स्त्रीहरूमा स्तनको र पाठेघरको, वयस्क पुरुषमा आन्द्राको, पेटको, फोक्सोको, अण्डकोषको र जिभ्रो बढी देखिन्छ। आजकाल एक्स-रे र विभिन्न औषधीको प्रयोगबाट पनि क्यांसरको उपचार गरिन्छ, तर शल्य-क्रिया नै क्यांसर उपचारको मूल आधार रहेको छ। क्यांसरको शंका मात्र भएमा समय मै कुशल सर्जनको सल्लाह लिनु अनिवार्य हुन्छ।

१२. *अरु केही सामान्य रोगहरु*:- सबै रोगको बयान गर्नु यहाँ संभव छैन। नेपालमा पाईने अरु अप्रेशन गर्नु पर्ने रोगहरू हुन्- हाडको टी.बी. फियो बढ्ने रोगको लेजो पाक्ने रोग (एमिबिक हेपटाइटिस्) इत्यादि, तर यी त्यति सामान्य छैनन्।

To relieve pain in
a flash
Take
CODOMOLINDON

★

CC-0. In Public Domain. Digitization by eGangotri

केही प्रचलित रोगहरू

अधिग्रो जानु (Abortion) :-

गर्भको बच्चा बाच्न सक्ने समय भन्दा पहिलेनै निस्कन्छ भने त्यसलाई अधिग्रो जानु भन्दछन्। ३ प्रकारको अधिग्रो हुन्छ। एउटा केवल अधिग्रो जाला जस्तो मात्र हुनु। यसमा योनीबाट अलिकति रगत जान्छ, अलि अलि दुखेको वा दुख्ने पनि भएको हुन्छ। यो उपचार र पूर्ण आराम लिएमा बच्न सक्तछ। अर्को थरी हुन्छ अवश्यम्भावी। यसमा तल्लो पेट खूब दुख्छ, रगत बग्दछ र कल्लाहरू निस्किन्छन्। यो बचाउन सकिंदैन। अन्तिम प्रकारको हो हराएको अधिग्रो जानु। यसमा पनि पहिले ता अधिग्रो जाला जस्तो हुन्छ, तर पछि त्यसै हराएर जान्छ। तर यस्तोमा पेटको बच्चा मरी सकेको हुन्छ। त्यसैले पेट ठूलो हुँदैन।

गर्भावस्थामा योनिबाट अलिकति पनि रगत गएको छ भने सर्वप्रथम ओछ्यानमा सुतेर आराम गरी हाल्नु पर्दछ। त्यसपछि तब-सम्म त्यहाँबाट उठन हुंदैन जबसम्म डाक्टरले उठे हुन्छ भन्दैनन्। पहिलो प्रकारको संकटबाट बच्चालाई बचाउने प्रयत्न गरिन्छ। यसको निति प्रशस्त आराम, निद्रा लाग्ने औषधीहरू खानु पर्दछ। दोश्रो र तेश्रो प्रकारको संकटबाट बच्चा बच्न सक्तैन। त्यसैले गर्भ निकालेर फ्याल्नु पर्दछ। आफै पूर्णरुपले खसेको छ भने केही बेर पछि रगत जान बन्द हुन्छ। यदि पाठेघरमा अलिकति पनि भ्रूणको टुक्रा बाकी नै रहेको

CC-0. In Public Domain. Digitization by eGangotri

छ भने रगत वगी नै रहन्छ । यस्तो अवस्थामा अस्पतालमा जानै पर्दछ । त्यहां पाठेघरलाइ खुर्केर अधिग्रोको वाकीरहेको भागलाई निकालिन्छ।

रक्त अल्पता (Anaemia) :-

रगतमा हुने राता जीवकोषहरूलाई स्वस्थ रहन विभिन्न विटामिन, खनिज पदार्थहरू र प्रोटीन चाहिन्छ। यी ३ कुराहरू मध्ये कुनै एकको पनि निकै कमी भएमा रक्त अल्पता भन्ने रोग लाग्दछ । रक्त अल्पता-का अन्य कारणहरू पनि छन् जस्तो रगत वग्नु, ठूलो रोगहरू लाग्नु, गर्भावस्था, इत्यादि । प्रायः गरेर पाइने रक्त अल्पता खुराकमा लौहको कमी र प्रोटीनको कमीले हुन्छ । पेटमा पर्ने अंकुशे कृमी पनि यसको मुख्य कारण हो । गर्भावस्थामा हुने रक्त अल्पताका कारणहरूमा लौहको कमी, प्रोटीनको कमी र विटामिन 'वी' समुदायको एउटा सदस्य फोलिक एसीडको कमी मुख्य हुन् ।

यसका लक्षण हुन शरीरमा कमजोरी, एक प्रकारको पहेंलोपन र विभिन्न प्रकारका सिकायतहरू जस्तो जीउ दुख्ने, खान मन नलाग्ने, नछुने नहुने इत्यादि । रक्त अल्पता, यदि कुनै चोट पटक लागेर रगत बाहिर गएको रहेनछ भने. खुराकमा खास गरी प्रशस्त लौहको कमीले हुने हुंदा सन्तुलित भोजन खाएमा त्यसै पनि हुन पाउंदैन । खाली खुट्टाले खेतमा काम गर्नेहरूलाई अंकुशे कृमीले पेटमा डेरा वनाउदछ । रगत चुस्न थाल्दछ । त्यसैले सफा सुघर रहन पट्टी वढी ध्यान दिनु पर्दछ । बिसा जता पायो उतै पर्याक्ने गर्न हुंदैन । रक्त अल्पता स्त्रीहरू मा वढी हुन्छ । किनकि उनीहरूको आहार पनि कम हुन्छ र प्रत्येक महिनामा रगत पनि फालिई रहन्छ । हरियो साग पात मासु वढी खाने गरे शरीरलाई चाहिने जति लौह त्यसै पनि प्राप्त हुन्छ ।

दम (Asthma) :-

संसारको ३.।' जनसंख्यालाई यो रोग ले कुनै न कुनै अवस्था मा सताएको हुन्छ । यो एक प्रकारको एलर्जी (Allergy) हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा सास लिन गाऱ्हो हुन्छ । यसो हुनाको कारण श्वास नलीहरू-लाई बनाउने स्वाधीन मांशपेशीहरू खुम्चिदा नलीहरू सांगुरो हुन्छन् । त्यसमा पनि ती नलीहरूको भित्र पर्ट्टाको मासुको पातलो पत्र पनि सुनिन्छ । यसो हुंदा सास तान्न गाऱ्हो हुन्छ । हावा कम पसेपछि मानिस निःसासिन्छ । अनि शास छोडदा सांगुरिएको नलीबाट हावा लाई बाहिर पठाउन पर्दा छातीका अन्य मांश पेशीहरूले पनि कामगर्नु पर्दछ । सिटी बजाएको जस्तो आवाज निस्कन्छ । बिरामीलाई सान्हैनं कष्ट हुन्छ । दम धेरै जसो गरी सानो उमेरमा सुरू हुन्छ र जीवनभर रहन्छ । दमका रोगीहरूको मानसिक तनाव कम गराएमा पनि दम कम हुन्छ । कुनै अवस्थामा दमको कारण मनोबैज्ञानिक पनि हुन सक्तछ । त्यसैले मानसिक रोग विशेषज्ञहरूको सहायताको पनि जरूरत पर्न सक्तछ ।

दम भएका मानिसहरूले खास प्रकारले श्वास फेर्ने तरीका (प्राणायाम जस्तै ढंगको) सिक्नु पर्दछ । यसले धेरै फायदा गर्दछ। दमको अवस्था भएमा श्वास नलीहरूलाई फुकाउने औषधीहरू, जस्तो एमीनोफाइलिइन इत्यादि लिनु पर्दछ । फोक्सोमा किटाणुहरूले आक्रमण गर्न दिनु हुन्न र भएमा तुरून्त उपचार गराइहाल्नु पर्दछ ।

वात (Arthritis) :-

जोर्नीहरू दुख्नु, सुन्निनु, जरो आउनु इत्यादि वातका लक्षणहरू हुन । अलि अलि चलाउंदा पनि दुख्छ । यस्तो लक्षणहरू एकाएक पैदा हुन सक्तछन् । यस्तो भएमा बिलकुल आराम, औषधीहरूको सेवन र कहिले काही त सुन्निएको जोर्नीको अपरेशन समेत गरेर त्यहां भित्र-को पानी झिक्नु पर्दछ ।

वात अन्य प्रकारका पनि हुन्छ । एक प्रकारको वात हुन्छ जसमा हात र खुट्टाका औंलाहरूको जोर्नीहरू सुन्निन्छन् र बिस्तारै

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तारै तिनीहरूको आकारनै वदलिन्छ र कुरूप हुन्छेन् । यस्तो प्रकारको वातलाई निको पार्न वडो गाऱ्हो हुन्छ । बुदेशकालमा हुने वात अर्कै प्रकारको हुन्छ । यो चांही जोर्नीहरू वनाउने हाडको सतहलाई छोपी राख्ने टल्कने कुरकुरे हाडले वनेको पत्रहरू घिसिइ सकेका हुन्छन् र जोर्नीहरूमा दुख्न थाल्दछ । यस्तो चांही धेरै जसो ठूला ठूला जोर्नीहरूमा हुन्छ । हिड डूल गर्दा दुख्छ, तर हिडनु अवश्य पनि पर्छ । किनभने यदि नहिडेर वसेमा जोर्नी विलकुलै विग्रन्छ र पछि गएर हिडन सकि-दैन. एकै ठाउंमा गुडुल्केर राख्नु पर्दछ ।

अर्को वडो खतरनाक वात हुन्छ जसमा जोर्नीहरू ता दुख्छन्, मुटुमा समेत धक्का पर्दछ । खास गरेर, सानो उमेरमा केटाकेटीको घांटी दुख्छ, अनि त्यसपछि आफै निको हुन्छ । ३।४ हप्ता पछि गएर उनी-हरूमा कहिले एउटा घूँडामा, कहिले अर्को, कहिले एउटा कुइना त कहिले अर्को कुइनामा दुख्न थाल्दछ । त्यसपछि एउटा भन्दा वढी जोर्नीहरू दुख्छ, सुनिन्छ, र जरो पनि आउंदछ । यस अवस्थामा यदि पूरा उपचार, विछ्यौनामा आराम, एस्पीरीन इत्यादि दिएको छैन भने त्यो वच्चालाई हुर्काउन वडो गाऱ्हो हुन्छ । यस अवस्थामा डाक्टरले दिएको सल्लाह अक्षरशः पालन गर्नु पर्दछ । तैपनि धेरैलाई ता मुटु-को व्यथा पनि भै हाल्द छ । यसमा मुटु भित्रको भाल्भहरू विग्रन्छन् । र पछि गएर मुटु नै असफल हुंदै जान्छ ।

वातको सूक्ष्म चिकित्सा भौतिक चिकित्सा हो (Physiotherapy) । औषधीहरू, खास गरेर नयां निस्केका औषधीहरूले पनि आजकल ता धेरैनै मद्दत गर्दछन् ।

खकारमा रगत जानु (Haemoptysis) :-

रगत खोक्नु अथवा थुक्नुका कारणहरू धेरै छन् । मुख भित्रका भागहरूबाट जस्तै दाँत अथवा घाँटीबाट अलिकति रगत देखिन सक्तछ

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा बढी खोकी लागेको छ भने श्वास नलिहरूबाट निस्कन सक्छ। यस्तो छ भने केही हुँदैन। यी मामुली कुरा हुन। तर प्रायः गरेर खकारमा रगत आउने कारणहरूमा फोक्सोको टि. बी. फोक्सोको क्यान्सर, फोक्सोमा खाल्डा खुल्डी पर्नु (being slescumes) इत्यादि खतरानाक रोगहरू हुन्छन्। त्यसैले यस्तो हुनासाथ डाक्टर कहाँ गएर तुरुन्तै जंचाई हाल्नु पर्दछ।

रगत वान्ता गर्नु (Haemetemesis) :-

वान्ता गरेको रगत कफीको रंगको हुन्छ। कमलपित्तका रोगीहरूको सानो आन्द्रामा तथा पेटमा भएको घाउबाट निस्केर आएको रगत वान्ता हुन्छ। पेटको क्यान्सरले पनि रगत वान्ता गराउछ कहिले काही खाली पेटमा एस्प्रो, ए.पी.सी जस्ता औषधी खाएको छ भने पनि पेट भित्र घाउमै नसाहरू फुटेर रगत बमन हुन सक्छ। त्यसैले यस्ता औषधीहरू कहिले पनि खाली पेटमा खान हुँदैन।

रगत वान्ता भएको खण्डमा पेटमा बरफको थैली राखि दिनु पर्दछ र त्यस्तो बिरामीलाई तुरुन्तं अस्पताल लगि हाल्नु पर्दछ।

नाथ्री फुट्नु भनेको नाकबाट रगत आउनु हो। बक्सिङ खेल्दा नाक कोट्याउंदा नाकबाट रगत निस्कन्छ। खास गरेर नाक कोट्याउने बानीले गर्दा नाकबाट रगत आउँछ। यसो भएमा रगत आउने नाकको प्वाल भित्र सफा अथवा गजको टुक्रा कोची दिनु पर्दछ। तैपनि आउन नछोडेमा अस्पताल गै हाल्नु पर्दछ।

क्यान्सर (Cancer) :-

शरीरको कुनै पनि अङ्गको जीवकोषहरू त्यसै वढन थाल्दछन्। यसरी वढेर गएपछि एक किसिमको गांठो जस्तो जीवकोष समूह बन्दछ यसलाई टयूमर भनिन्छ। यदि यो टयूमर जहाँको त्यहीं मात्र बसी

CC-0. In Public Domain. Digitization by eGangotri

रहयो र अन्त तिर फैलिएन भने यो मामुली 'ट्यूमर' मात्र हो जस लाई अपरेशन गरेर काटेर फाली दिएमा निको हुन्छ । यो मामूली ट्यूमर वढी विस्तारै, वर्षौं लगाएर ठूलो हुन्छ, प्राय दुख्दैन र शरीरलाई यसले केही खास बेफायदा गरेको हुदैन । क्यान्सर भनेको चांही यस्तै एक प्रकारको टयूमर हो र यसको बिलकुलै विपरीत गुण भएको हुन्छ।

क्यान्सर पनि शरीरमा जतासुकै हुन सक्तछ । प्रायः हुने ठाउं- हरू कोठी, श्वासनली र उपनलीहरू, स्तन, आमाशय, पाठेघर, इत्यादि हुन् । उक्त ठाउंमा क्यन्सर भएपछि त्यहांका क्यान्सर भएका जीवकोषहरू विभिन्न उपायद्वारा शरीरमा अन्य भागहरूमा पनि फैलिन थाल्दछन् । क्यान्सर भएको ठाउंमा घाउ हुन्छ, अलि अलि रगत र पीप निस्कन्छ ।। यसरी एक ठाउंमा क्यान्सर भएमा शरीरको अन्य भागमा पनि फैलिइ यस्ता नचांहिदा जीवकोषहरू धमाधम वढन थाल्दछन् । खाएका पौष्टिक पदार्थहरू दुब्लाउदै र दुर्बल हुंदै जान्छ । पछि गएर अत्यन्त दुख्न थाल्दछ, र मरण वडो दुःखदायी ढंगले हुन्छ ।

क्यान्सरको खास औषधी हो क्यान्सर भएको सकेसम्म चांडो पत्ता लगाउनु । एक ठाउंमा क्यान्सर हुनै लागेको छ, र अन्त फैलीन पाएको छैन भने त्यो ब्यक्तिलाईअपरेशनद्वारा निको तुल्याउन सकिन्छ । यदि ढिलो भै सकेको छ र अन्यत्र पनि फैलिइ सकेको छ भने शल्यक्रियाले मात्र पुग्दैन, अन्य उपचारहरू पनि, जस्तो कि औषधी, रेडीयम, एक्सरे ले डाम्नु इत्यादि गर्नु पर्दछ । तै पनि यो निको हुन सक्तैन । जीवन लाई २।४ वर्ष वढाउन सकिन्छ । त्यसैले क्यान्सर हुनै लागेको समयमा डाक्टरकहां गएर पूरा परीक्षा र उपचार गराइहाल्नु पर्दछ ।

कैन्सरका सम्भाव्य आठ लक्षण

१. स्तनमा दिर्गा अथवा डल्लो देखा पर्नु
२. साधारण उपचारद्वारा निको नहुने खटीरा

CC-0. In Public Domain. Digitization by eGangotri

३. शरीरका वाह्य द्वारबाट रक्तपात वा न राम्रो झोल बग्नु
४. कोठीको रूपमा परिवर्त्तन आउनु
५. ४० बर्ष नाघेकाको पाचन क्रियामा परिर्त्तन आउनु
६. बरोवर खोकी रहनु र खोक्रो बोली हुनु
७. शरीरको कुनै भागमा कुनै प्रकारको डल्लो देखिनु
८. बिना केही कारणले शरीरको वजन घट्दै जानु

मोती विन्दु (Cataract) :-

आंखाको नानीको ठीक पछाडी पट्टी एउटा पारदर्शक, डल्लो आकारको, 'लेन्स' हुन्छ । यही लेन्सवाट प्रकाशका किरणहरू आंखा भित्रको पर्दामा केन्द्रीभूत हुन्छन् र आंखाले देख्न सक्तछ । यदि यो लेन्स धमिलो हुंदै गएको छ भने दृष्टी कमजोर हुंदै जान्छ र अन्त्यमा केही पनि नदेखिने हुन्छ यस अवस्थामा आंखाको नानीमा सेतो पदार्थ देखीन्छ।

मोती बिन्दु खास गरेर बुढेसकालमा हुन्छ । तरूण अवस्थामा पनि मधुमेहले पीडित रोगीहरूलाई यो अवस्था आउन सक्तछ । गर्भावस्थामा ठेउला (German measles) आएकी आमाका वच्चाहरूलाई पनि जन्मदेखिनै यस्तो भएको हुन सक्तछ ।

यो अवस्थाको एउटै उपचार हो– अपरेशन । अपरेशन पछि शक्तीशाली लेन्स भएको चस्मा लगाउनु पर्दछ । दृष्टि पूर्णतसा फर्किन्छ।

बेहोस अवस्था (Coma) :-

बेहोसीका धेरै कारणहरु छन् । कहिले ... कमजोरी र रिङ्गटाले मानिस मूर्छा पर्दछन् । यो सबभन्दा साधारण मूर्छा हो। केही समय पछि मस्तिष्कमा फेरी पूर्णरुपले रक्त सन्चालन हुन थाल्दछ र मूर्छावाट व्यूतिन्छ । मस्तिष्क भित्रका रक्तनलीहरु फुट्न

CC-0. In Public Domain. Digitization by eGangotri

गएमा पनि मूर्छा हुन्छ । खप्परमा चोटलागेर गिदीमा धक्का लाग्नु, अथवा खप्परका हाडहरु भाँचिनु, फुटबल, क्रिकेट, हकी खेल्दा बल टाउकोमा बेसरी लाग्नु, धेरै बढी मात्रामा औषधीहरु जस्तो कि निद्रा लगाउने औषधी रक्सी इत्यादि विभिन्न कारणहरुले पनि बेहोस गराउँछन् । मधुमेहमा चाहिं रगतमा ग्लुकोज र अम्ल पदार्थहरुको परिमाण धेरै भएमा पनि र इन्सुलिनको मात्रा बढी भएमा पनि मूर्छा हुन्छ ।

मूर्छा परेको व्यक्तिलाई लमतन्न पारेर कोल्टे सुताउनु पर्दछ । घाँटीलाई तन्काउनको निंति टाउकोलाई पछाडी पट्टि तान्नु पर्दछ । यसो गरेमा जीब्रो कण्ठमा खस्न पाउँदैन र सास फेर्न सजिलो हुन्छ । यदि उत्तानो पारेर सुताएको छ भने जिब्रोले कण्ठको प्वाललाई बन्द गरी दिन्छ र सास फेर्न नपाई त्यो व्यक्तिको त्यसै पनि मृत्यु हुन सक्तछ । यसो गरी सकेपछि मूर्छित व्यक्तिको नाक र मुखमा जम्मा भएको सिंगान र थुकलाई समय समयमा सफा गरी दिनु पर्दछ र तुरुन्त अस्पताल पनि लगिहाल्नु पर्छ ।

मधुमेह (Diabetis mellitus) :-

पिसावमा चिनी देखा पर्ने रोगलाई मधुमेह भनिन्छ । चिनीको पचनलाई ईन्सुलिन भन्ने अन्तःश्रावको जरुरत पर्दछ । यदि इन्सुलिनको मात्रा कम भयो वा इन्सुलिन नै भएन भने मधुमेह भन्ने रोग लाग्दछ । धेरै प्यास, धेरै पिसाव, र धेरै भोकलाग्नु यस्का खास लक्षण मानिन्छन् । तर बढी खाए पनि कमजोरी रहन्छ र शरीर पनि दुब्लाउदै जान्छ ।

मधुमेह रोग [illegible]को पार्न नसकिएपनि नियन्त्रित गरेर राख्न सकिन्छ । तर यो रोगले पैदा गराउने अन्य विकारहरू भने वडो खतरनाक हुन्छन् । यी विकारहरु हुन मूर्छा पर्नु, रक्तचाप वढनु, हात खुट्टा कुइनु (gaugers) रक्तनलीहरुमा घाउ भै प्वाल सानु हुनु, athso-

CC-0. In Public Domain. Digitization by eGangotri

sclveosls) मामुली चोट पटक लागेमा पनि गंभीर खतरा पैदा हुनु, घाउ खटिरा निको न हुनु, अन्य रोग लाग्ने संभावना पैदा हुनु इत्यादि।

मधुमेहलाई जति सक्यो चांडो चिन्न सक्नु पर्दछ, आहार, व्यायाम इन्सुलिन तथा अन्य औषधीहरुले यसलाई नियन्त्रणमा राख्न सक्नु पर्दछ। यसो गर्न सकेमा मधुमेहका रोगीहरु पनि स्वस्थ व्यक्ति सरह सबै काम गर्न सक्छन्।★

आउँ पर्नु (Dysentery):-

ज्वरो आउनु, पातलो दिसामा रगत र आउँ मिसिएको हुनु, पेट दुख्नु र धेरै पटक झाडा हुनु आउँका लक्षण हुन्। यसमा ठूलो आन्द्राको भित्रपट्टी घाउ भएको हुन्छ। विभिन्न प्रकारका कीटाणुहरुले आक्रमण गरेमा यस्तो हुन्छ। खास गरेर यो पानीद्वारा सर्दछ। एक समल्ले 'एमीवा' ले पनि यो रोग पैदा गर्दछ।

यस्ता रोगीहरुलाई पहिले प्रशस्त पानी र फलफूलको रसमात्र दिनु छ। औषधीहरू पनि छन्। दिसा अलि कडा हुँदै आएपछि सजिलासंग पच्ने खुराक दिन सकिन्छ।

झाडा वान्ता लाग्नु [Gastro cnleritis] :-

माश र आन्द्राहरुको भित्र पट्टि हुने मासुको पातलो पत्रहरुमा विभिन्न प्रकारका कीटाणुले आक्रमण गर्दा झाडा र वान्ता लाग्दछ। असाध्यै पेट दुख्ने र धेरै पटक झाडा हुने र कहिले वान्ता पनि हुने यसका मुख्य लक्षणहरु हुन।

केटाकेटीहरूलाई यस्तो भएमा वडो होशियार हुनु पर्दछ। शरीरको पानी झाडा र वान्ता भै रहनाले कम हुन जान्छ र सो को

★ यस विषयमा 'मधुमेह' पढ्नुस। यती जेबी पुस्तकद्वारा विश्व स्वास्थ्य संग दिवसमा प्रकाशित। लेखक डा. प्रसन्न चन्द्र गौतम

CC-0. In Public Domain. Digitization by eGangotri

साथै अन्य जरूरी लक्षणहरू पनि कम हुन्छन् । त्यसैले यसको निति पहिले नै प्रवन्ध गरिएको छैन भने यो मामुली रोगले मृत्यु समेत चाँडैनै हुन सक्तछ । त्यसले यस्ता रोगीहरूलाई प्रशस्त उमालेको पानी र कागतीको रस र नून पानी खवाई राख्नु पर्दछ । यसको साथै डाक्टरको अथवा अस्पतालको सेवा उपलव्ध गराई हाल्नु पर्दछ ।

भोजन बिष [Food poisoning] :-

झिङ्गा वसेको खानेकुराहरु, टिनमा वन्द गरेका खाद्य पदार्थहरु, पटक पटक पकाएको वासी मासु, इत्यादि खाएमा यो अवस्था उत्पन्न हुन सक्तछ । धेरै पटक दिसा लाग्नु, वान्ता हुनु र पेट बुख्नु यो अवस्था-का खास लक्षणहरु हुन । यदि चांडैनै उपचार नगराएमा यस्मा रोगीहरु-लाई वचाउन गाह्रो पर्दछ ।

यसको कारण कीटाणुहरु, विष र खानाले गर्दा भएको एलर्जी हुन सक्तछन् । डाक्टर अथवा अस्पतालको सेवा तुरुन्तै उपलव्ध गराउन पर्दछ । यस्ता प्रकारका खानेकुराहरु खाएमा सबैलाई एकैचोटी यस्तो अवस्था पर्न सक्तछ र परिवारका सवै सदस्यहरू विरामी पर्न सक्तछन् ।

पित्तको थैलीका रोगहरू(Diseases of gall bladder):-

पित्तका थैलीका रोगहरु पनि धेरै प्रकारका हुन्छन् । धेरै जसो पाइने रोग दुइ प्रकारका हुन्छन् १) Acute chocecystitis र २) Gall stones (पित्तको पत्थरी)

Acute cholecystitis:– यसमा जरो आउँदछ, पेटको दाहिने पट्टी माथिल्लो भागमा अत्यन्त पीडादायक शूल हुन्छ, दिसा कब्जीयत हुन्छ र वान्ता पनि हुन सक्तछ । आन्द्रामा भएका किटाणुहरू विस्तारै विस्तारै माथि सर्दै जान्छन् र पित्तको थैलीमा आक्रमण गर्दछन्। यसको फल स्वरूप पित्त आन्द्रामा आउन पाउदैन र त्यही जमीदिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पछि गएर जौउ ने पहेंलो अर्थात कमल पित्त पनि हुन सक्तछ । यसको औषधी हो किटाणुनाशक औषधी (aulisionies) र शूल हुन नदिने औषधी (aulispasmodies and analgesics) यस्ता रोगीहरू लाई विछयौनामा बिलकुलै आराम गर्न लगाउनु पर्दछ । खानलाई सुरुमा केवल झोल पदार्थ (जसमा मसला र चिल्लो परेको हुनु हुंदैन) मात्र दिनु पर्दछ ।

पित्तको पत्थरी

पटक पटक माथि वर्णन गरिएको रोग लागेको छ भने पनि पित्तमा पत्थरी जम्न सक्तछ । अधवैंशे, मोटी, धेरै पटक सुत्केरी भएकी आइमाईहरूलाई प्राय: यो रोग लाग्दछ । तर पुरुषहरूलाई पनि यो रोग हुन सक्तछ । पत्थरीले गर्दा वीच वीचमा असाध्य शूल हुन्छ र सिकिस्तै पारी दिन्छ । यसको उपचार अपरेशन नै हो ।

पित्तको थैलीका रोगीहरूले भुटेको, तारेको, मसला भएको चिल्लो पदार्थहरू खान हुदैन । सजिलै संग पच्ने, हल्का प्रकारको खाना खानु पर्दछ । कब्जियत भै रहने हुनाले केरा, प्रशस्त पानी र शारीरिक परिश्रम गर्नु पर्दछ । वीच वीचमा दिसा खुलाउने र वायु कम गराउने औषधीहरू खाए हुन्छ ।

टाउको दुख्नु (HEADACHE) :-

वीसौं शताब्दीको मानिसको प्रायश: पाइने शिकायत टाउको दुख्नु हो । यो कुनै रोग नभएर लक्षण मात्र हो । टाउको दुख्नु-वढी रक्त-चाप माइग्रेन (आधा कपाल दुख्ने), आँखाको कमजोरी, मानसिक तनाव आदिले हुन सक्छ । यी मध्ये धेरैको औषधोपचार सजिलो छ । असहय गरी बेला बेलामा टाउको दुखी राख्ने, रिंगटालाग्ने, बान्ता पनि साथमा हुने भए डाक्टरलाई देखाई हाल्नु पर्दछ । एस्प्रो, एनासिन,

CC-0. In Public Domain. Digitization by eGangotri

कोडोपाइरिनद्वारा धेरै दिन सम्म टाउको दुख्नेको स्वयं उपचार गर्नु राम्रो कुरो होइन ।

इन्फ्युएन्जा (Iuflunga) :-

यो रोग संग ता धेरै जना परिचित छन् । यो रोगले अचानक आक्रमण गर्दछ । महामारीको रूपमा यो देखा पर्दछ । जीउ दुख्ने, १०२°–१०४° ज्वरो पुग्ने, घांटी दुख्ने, खोकी, रूघा लाग्ने इत्यादि हुन्छ । २।३ दिन जति पछि फेरी आफै ठीक भएर जान्छ तर असाध्यै कमजोरी गराउँदछ । यसको औषधी हो २ चक्की एस्पीरीन, तातो पेय संग खाने र साथै प्रशस्त विटामिन सी. पनि यो रोगले टन्सील बढने, पिनास हुने, व्रन्काइटिस अथवा न्यूमोनिया इत्यादि विकारहरू पैदा गर्न सक्तछ ।

निद्रा नपर्नु (Insomnia) :-

विरामी अवस्थामा दुखेको हुनाले, अथवा सुत्न असजिलो हुने हुनाले निद्रा न पर्नु वेग्लै कुरो हो । तर कसैलाई सुत्ने समयमा धेरै बेर सम्म निद्रा नपर्ने अथवा एक दुइ घंटा सुतेपछि विउंझिएर फेरी-निद्रा नपर्ने हुन्छ । बुढेस कालमा ६ घंटा भन्दा बडी सुत्नु पर्दैन ।

निद्रा न पर्ने अवस्था छ भने शारीरिक परिश्रम गरेर सुत्ने समय सम्ममा प्रशस्त थकाइ लगाउनु पर्दछ । अनि सुत्नु भन्दा अगाडी तातो पानीले नुहाएर तातो केही पिउने गरेमा निद्रा राम्ररी पर्दछ । निद्रा नपरे पनि विछ्यौनामा आराम गरेर निदाएकै सरह फायदा हुने संझिन थाले पनि स्वतः आफै निद्रा पर्दछ । निद्रा लगाउने औषधीहरूको सकेसम्म सेवन नगर्नु नै राम्रो हुन्छ ।

कलेजोका रोगहरू (Liver Diseases) :-

कलेजोका धेरै कर्तव्यहरू छन् । यसमा रोग लागेमा यसको कार्य क्षमता कम हुन्छ र अनेक प्रकारका विकारहरू पैदा हुन्छन्– जस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

कि पेटमा पानी भरिनु, जीउ, आंखा पहेंलो हुनु, पेट दुख्नु, पिसाव पहेंलो हुनु, दिसा सेतो हुनु इत्यादि। औषधीहरूको धेरै सेवन गरेमा, बढी रक्सी खाएमा, अन्य विषहरू खाएमा, एमीवा भन्ने जन्तुले आक्रमण गरेमा, पेटका अन्य भागहरूमा भएको क्यान्सर कलेजो सम्म पुगेमा कलेजोमा रोग लाग्दछ। बढी मात्रामा रक्सी खाएमा एक प्रकारको निको नहुने रोग लाग्दछ जसलाई Cirhosis of Liver भनिन्छ। कामज्वरो (Malaria) इत्यादि मा पनि कलेजोलाई धक्का पर्दछ। रोग बढ्दै गएमा पछि गएर कलेजोले काम गर्न बिलकुलै बन्द गर्दछ। यस्तो अवस्थामा मानिस मूर्छा सम्म परेर बचाउनलाई अत्यन्त गाह्रो र असंभव पनि हुन्छ। यस अवस्थालाई Hepatic comr भनिन्छ।

कलेजोको रोग लागेको अवस्थामा चिल्लो, तारेको, भुटेको, केही खान हुंदैन। प्रोटीन भएका पदार्थहरू र भिटामिन बी कम्प्लेक्स खूबखानु पर्दछ बिछयौनामा डाक्टरले अर्को सल्लाह नदिए सम्म आराम गर्नु पर्दछ।

कम्मर दुख्नु (Lumbago) :-

ढाडका हाडहरूलाई जोर्ने रिकापीको आकारका अङ्गहरू आफ्नो ठाउंबाट यताउता निस्केमा, वात भएमा, जाडो लागेर ढाडका सा[illegible] साना मांसपेशीहरू खुम्चिन गएमा कम्मर दुख्ने हुन्छ। यो अवस्थामा अगाडी निहुरिन केही गाह्रो पर्दैन तर सोझो हुन दुख्छ।

यसको उपचारको निंति एस्पीरिन जस्ता औषधीहरूको सेवन र भौतिक चिकित्सा (Physiotherapy) इत्यादि उपायहरू गर्नु पर्दछ। तातोपानीको बोतलले २०।२५ मिनेट सेकेर त्यसपछि पछाडी कुनै मलम लगाएमा पनि यो दुख्ने धेरै कम हुन्छ। यस्तो दुख्ने धेरै दिन सम्म भै रह्यो भने पूरा तवरले जंचाएर उपचार गराउनु पर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

हाडका रोगहरू (Disesis of Bons) :-

विभिन्न प्रकारका रोगहरू मध्ये प्रायः हुने एउटा रोग छ जसलाई Osteomyelitis भनिन्छ। पाकेको टन्सील, किरा लागेको दांत इत्यादिवाट अथवा कुनै चोट लागेमा हाडभित्र पनि घाउ हुन थाल्दछ। यस अवस्थामा त्यो हाडमा (प्रायः गरेर पाखुरा, हात र नली खुट्टाको) असाध्य दुख्न थाल्दछ, ज्वरो निकै बढदछ र कम्पन सुरु हुन्छ। यस्तो भएमा तुरुन्त डाक्टरलाई वोलीएर जंचाइहाल्नु पर्दछ। धेरै जस्तो औषधीहरूवाटनै निको हुन्छ तर कहिले कांही अपरेशन पनि गर्नु पर्दछ। यस्तो अवस्था धेरै जसो केटाकेटीहरूलाई हुन्छ उमेर भै सकेका व्यक्तिहरूलाई पनि यस्तो हुन सक्तछ।

पक्षाघात (Paralysis) :-

मस्तिष्कमा, शुशुम्नामा, अथवा कुनै स्नायुमा केही भएमा पक्षघात हुन सक्तछ। मस्तिष्कमा नसाहरू फुटन गएमा अथवा कुनै टयूमर भएमा शरीरको एक हर चल्नै नसक्ने हुन सक्तछ। शुशुम्नामा कुनै रोग लागेमा अथवा कतैवाट खसेर ढाड भांच्चिएमा, चोट लागेको ठाउं भन्दा तलका सबै भागहरू नचल्ने हुन सक्तछन्। केटाकेटीहरूमा एक प्रकारको रोग लाग्दछ। यसलाई Poliomrelitis भन्दछन्। यो रोग अत्यन्त साना कीटाणुहरू (Virus) द्वारा लाग्दछ र यो किटाणुहरूले स्नायुहरू वनाउने जीवकोषलाई नै नष्ट पारी दिन्छन्। एउटा हात, खुट्टा वा दुबै खुट्टाहरू नचल्ने हुन सक्तछन्। यो रोगवाट वचावटको निंति केटाकेटीमै यसको विरुध्द खोपाउने अथवा औषधी ख्वाउने गर्नु पर्दछ।

पक्षघातको उपचार वडो लामो र गान्हो हुन्छ तापनि यदि सुरू देखिनै भौतिक चिकित्सा र विटामिन वी को प्रयोग गरेको छ भने अपाहिज वन्न धेरै मात्रामा कम हुन सक्तछ र आपनो दैनिक कामकाज

CC-0. In Public Domain. Digitization by eGangotri
गर्न सकिन्छ । यदि व्यायाम र भौतिक चिकित्सा गरेको छैन भने काम नगर्दा नगर्दै मांश पेशीहरू त्यसैं निष्कृय भएर साना साना र लूला हुंदै जान्छन् ।

प्लिउरिसी (Pleurisy) :-

फोक्सोलाई ढाक्ने पातलो मासुका पत्रहरु (Pleura) मा कीटाणुले आक्रमण गरेमा प्लिउरिसी भन्ने रोग हुन्छ । यो रोगमा लामो सास लिंदा छाती अत्यन्त दुख्ने र चस्कने हुन्छ । प्रायः दुवै काखी मुनी दुख्ने गर्दछ । यो रोगमा फोक्सो बाहिर पानी जम्दछ । प्लिउरिसी धेरै जसो क्षयरोगको लक्षण हो । त्यसैले यदि कसैलाई प्लिउरिसीको लक्षण देखा परेको छ भने चाडैं नै पूरा तवरले सबै परीक्षा गराई क्षय हो वा होइन भन्ने छुट्याई तदनुसार उपचार गराउनु पर्दछ ।

बेर्नु निस्कनु (Prolapse of Rectum) [Prolapse of uterus] :-

मलद्वारलाई ठीक ठाउंमा राख्ने मांशपेशीहरू कमजोर भै दिएमा यो गुदद्वारबाट बाहिर निस्कन्छ । प्रायः गरेर कब्जीयत भएमा वा दिसा गर्दा बल गर्नु परेमा यस्तो बेर्नु निस्कन्छ । सुरूसुरूमा हातले थिचेर यसलाई भित्र धकेल्न सकिन्छ, तर पछि गएर यसो गर्न पनि नसकिने हुन्छ । पहिले दुख्दैन– तर पछि गएर यदि त्यसमा घाउ हुन गएको छ भने दुख्न पनि थाल्दछ । धेरै पटक सुत्केरी भएकी आइमाई-हरूमा, अथवा ब्रन्काइटिस भएमा साऱ्है नै कमजोरी भई दुख्लाउदै गएमा पाठेघर पनि योनीमार्गबाट बाहिर आउन सक्दछ

सुरूसुरूमा खास प्रकारको व्यायाम गरेर यसको रोकथाम गर्न सकिन्छ, तर धेरैको निति अपरेशन नै मुख्य उपाय हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रोष्टेट बृद्धि [Prostete Enlars] :-

कपाल फुल्दै गएपछि, मुखमा चाउरी बढन थालेपछि, रक्तनलि कडा र सांगुरो हुन थालेपछि, अर्थात बुढेशकाल भएपछि करीव ९९./· पुरुषहरूको प्रोष्टेट ग्रन्थी बढन थाल्दछ। यो ग्रन्थी ठूलो हुन थालेपछि यसं भित्रबाट निस्केर जाने मूत्रनलीमा रोकावट पर्न थाल्दछ। पिसाव गर्न तकलीफ हुन्छ। विस्तारै गएर पिसाब नै बन्द हुन सक्तछ। कसैलाई ता एकै पटक अकस्मात पिसाव बन्द हुन्छ। यस्तो हूंदा प्रोष्टेटमा अथवा मूत्राशयमा कुनै किटाणुहरूको आक्रमण भएको छ अथवा अघिल्लो दिन रक्सी खाएको मात्रा बढी भएको छ भने पनि यस्तो हुन सक्तछ।

सुरूसुरूमा पिसाब गर्दा बसेर भन्दा उभिएर गर्न सजिलो हुन्छ। पिसाब गर्दा पिसाब टाढा नगै नजिकै सोझो भएर खस्तछ र यसको वेग कम हुन्छ। जोर लगायो भने पिसाव बन्द हुन्छ तर विलकुलै जोर नलगाइकन आरामका साथ उभिएमा पिसाव हुन्छ। तर पिसाव धेरै पटक भै रहन्छ र बीचबीचमा चुइन सक्तछ।

पिसाब गर्दा सबै पिसाव मूत्राशयबाट ननिस्किने हुंदा केही पिसाव सधैंभरी मूत्राशयमै रहन्छ। यो थेग्रिएको पिसाबले गर्दा मूत्र-प्रणालीमा किटाणुहरूले आक्रमण गर्न सक्तछन् र त्यसबाट अनेकौं कठीनाईहरू आइ लाग्दछन्।

प्रोस्टेट ग्रन्थिको क्यान्सर पनि धेरै पाइन्छ। प्रोस्टेट बढेमा अप्रेशन गर्नु नै कल्याणकारी हुन्छ। नगरेमा उपरोक्त कठीनाइहरू आइपर्न सक्तछन। फेरी यस्ता बुढाहरूमा मानसिक परिवर्तन पनि आउन सक्तछ र यिनीहरूले यौन सम्वन्धहरूमा खुलेआम उत्पात मचाउन सक्तछन्।

अम्ल पित्त (Paptic ulcer) :-

आमाशयमा तथा पाकस्थली [Duodenum] मा भित्र पट्टी सानो घाउ हुने अवस्थालाई अम्लपित्त भन्दछन्। यसो हुने खास कारण-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको पत्ता लागेको छैन । तर मन चन्चल हुने, आत्तिने व्यक्तिहरूलाई यो रोग लाग्दछ । आमाशयमा अम्ल पैदा गर्ने ग्रन्थिहरूले वढी अम्ल [hydroclorio acid] पैदा गर्न थाल्दछन् । त्यसँले यस्ता व्यक्ति-हरूलाई पेट दुख्ने अमिलो पानी आउने र वान्ता आउने हुन्छ । वान्तामा कहिलेकंही रगत पनि आउदछ । आमाशयमा भन्दा पाकस्थलीमा करीव १२ गुना वढी व्यक्तिहरूमा घाउ हुन्छ ।

अमल पित्त औषधीहरू र संयमित भोजनले नै धेरैं निको हुन्छ । भोजन खल्लो [अर्थात Blaud] हुनु पर्दछ– जस्तो कि अमीलो पीरो नभएको, मसला नभएको इत्यादि । दूध र दही वडो राम्रो खाना हो । फलफूलको सेवन पनि वडो फायदाजनक हुन्छ । रक्सी चुरोटले हानी गर्दछ । यसको साथै अम्ललाई निष्क्रय गराउने औषधीहरूको सेवन गर्नु पर्दछ । यसरी ६ मैन्हा सम्म आराम र उपचार गराएमा अम्लपित्त निको हुन्छ । परहेज र संयम नगरेमा यो रोग वढदै जान्छ । आन्द्रामा प्वाल परेर भयानक अवस्था उत्पन्न हुन सक्तछ, रगत वढी वमन भएर अर्को आपत आइपर्न सक्तछ । औषधीवाट निको नभएमा अपरेशन गर्नु पर्दछ ।

(Piles)

गुदद्वारको ठीक माथी पट्टी मलाशय (Rectum) का केही रक्त-नली (veins) हरू खुकुलो भै तन्कीएर गुजुल्टीन्छन् र गांठो जस्तो पर्दछन् । पछि गएर गुदद्वारको वरीपरी पनि यस्तै गांठाहरू निस्कन सक्त छन् । यसरी भित्र पट्टी हुने अवस्थालाई Internal piles र वाहिर पट्टि हुने लाई External piles भनिन्छ । External piles दुख्दछ र चिलाएर दिक्क गर्ने हुन्छ । कब्जियत भएमा वढी दुःख हुन्छ साइकल चढदा, गर्मी मौसममा धेरै समय सम्म एकै ठाउंमा वस्नु पर्दा, गर्भावस्था मा यी वढी दुःख दिने हुन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता गांठा परेका रक्तनलीहरूमा घाउ हुन्छ र त्यहांवाट छुरो रगत आउंदछ । घाउमा कीटाणुले आक्रमण गरेमा झन बढी दुख्ने हुन्छ । कब्जियत हुनवाट वचाउनु र कुनै शीतल गर्ने मल्हम लगाउने यी दुबै औषधीहरूले यसवाट हुने कठीनाइ हटाउन मद्दत सम्म गर्दछन् । अवस्था हेरेर त्यहीं इन्जेक्सन दिने अथवा अपरेशन गरेर निकाल्ने तरीका नै यो रोगको औषधी हो ।

लुतो पर्नु [Scabies] :-

यो छालाको रोग हो । यो उत्पन्न गराउने एउटा सान्है सानो कीरो हुन्छ जसलाई Sarcoptes Scabii भन्दछन् । छालालाई प्वाल पारेर छाला भित्र छिरेर यो रहन्छ । यो असाध्यै सरूवा रोग हो । विछ्यौना, तन्ना, लुगा वाट यो सर्दछ । फोहोरी भएर वस्नेलाइ यो रोग वढी लाग्दछ । यो रोग मा छाला चिलाउन थाल्दछ, साना साना फोकाहरू निस्कन्छन् र पछि यी पाक्छन् । यस्ता फोकाहरू हात पाखुरा, खुट्टा, तिघ्राको भित्री र पछिल्लो भाग, चाकको वरिपरी आउंदछन् । चिलाए पछि कन्याउदा नङ मा यी कीराहरू थुप्रिन सक्छन् र अर्को ठाउंमा सर्दछन् । एउटा घरमा एक जनालाई भएको छ भने सबैलाई सर्न सक्छ ।

यसलाई निको पार्ने उपाय सजिजो छ । नङ एकदमै छोटो गरेर काटनु पर्दछ । रोगीको लुगाहरूलाई उमालेर मात्र फेरी लगाउन दिनु पर्दछ । तातो पानी र साबुनले सफा संग नुहाउन लगाइ रोगीको जीउ भरी बेन्जाइल वेन्जोएटको मल्हम दल्नु पर्दछ । २।३ रात यसो गरेमा यो हराएर जान्छ ।

औसानी लाग्नु (Sickness of Pregnancy) :-

गर्भवति महिलालाई गर्भको सुरूका केही महीना सम्म औसानी लाग्दछ । यो स्वाभाविक हो र कुनै रोग होइन । वाकवाक लाग्नु र

CC-0. In Public Domain. Digitization by eGangotri

वान्ता हुनु पनि स्वाभाविक हो । असजिलो अलि अलि हुन्जेल सम्म ता सहनु पर्दछ औषधी नखानु नै असल हुन्छ । तर वान्ता असाध्यै हुन थाल्यो, खाएको कुरा पेटमा अड्दै नअड्ने हुन थाल्यो पनि आत्तिनु पर्दैन । मामुली औषधीहरूले यसलाई ठीक गर्दछ ।

कहिले काही वाक वाक लाग्नु र वान्ता गर्नु ले शरीरलाई अत्यन्त कृषकाय वनाउन सक्छ । वान्ता रोकिंदैनन् । यस्तो अवस्थामा अस्पतालमा भर्ना गर्नु पर्दछ । उपचारवाट तैपनि भएन भने वच्चा निकालेर फालीदिनु नै अन्तिम उपाय हुन्छ ।

पिनास हुनु (Sinusitis)–

नाकवाट प्रवेशद्वार भएका वायु प्रकोष्ठहरू[Nosal sinuses] मा कीटाणुहरूले आक्रमण गर्दछन् । यसको फलस्वरूप टाउको दुख्ने, नाक वन्द भै सास फेर्न गाह्रो हुने र जरो आउने हुन्छ । सिगान पहेंलो

With Best Compliments

From

CIPLA

289, Bellasis Road, Bombay-8

CC-0. In Public Domain. Digitization by eGangotri

र (लस्सादार) हुन्छ । यी वायु प्रकोष्टहरूद्वारा पैदा गरिने पातलो झोल पदार्थहरू नाकद्वारा बाहिर आउनु पर्दछ । तर भित्र पट्टीको मासुका तहहरू सुन्नीने हुंदा यी प्रकोष्ठहरूका प्रवेश द्वार बन्द हुन्छन् । त्यसको फलस्वरूप यी प्रकोष्ठहरू भित्र पीप भरिन्छ ।

यसको उपचार कीटाणुनाशक औषधीहरू [Antisioties] र नाक खुलाउने अन्य औषधीहरू [Deconjestants] को जरूरत पर्दछ राम्रो संग पूर्णत: निको नभएँमा पिनास भएका व्यक्तिहरूले हाछ्यूं गर्दा वा म्वाई खांदा अरूलाई पनि यो रोग सर्दछ ।

गांड आउनु (Goitre) :-

घांटीको रूद्रघंटीको ठीक मुनी एक प्रकारको अन्तरा सर्गी ग्रन्थी हुन्छ । यसलाइ Thyroid gland भन्दछन् । यसको अन्त: श्राव शरीरको लागि अत्यन्त जरूरी हुन्छ । शरीरमा भै रहने बन्ने र बिग्रने [Metabolism] क्रयाहरूको सन्तुलनको निति यो ग्रन्थीको अन्त श्राव अत्यन्त जरूरी हुन्छ ।

यो ग्रन्थी बढेर ठूलो हुनाको धेरै कारणहरू हुन्छन्– जस्तै क्यान्सँर, आयोडीनको कमी, अन्य रोगहरू इत्यादि । नेपालमा पाइने गांड चांही प्राय: गरेर पानीमा आयोडिनको कमीले हो । यो देख्दामा नराम्रो र असजीलो पार्ने मात्र हुन्छ । आयोडिनका लक्षणहरूको सेवन ले यो धेरै कम हुन सक्तछ र पानीमा पनि आयोडिनको अनुपात राम्ररी मिलाउन सकेको छ भने यो रोगको बचावट पनि हुन सक्तछ ।

थाइराइड ग्रन्थीका अन्य विकारहरू मध्ये एक प्रकारका बुद्धि-हीन, पुडकी, [illegible]हरू जन्मदै देखी थाइराइड ग्रन्थीका जीवकोशसमूह को कमीले गर्दा यस्ता हुन्छन् । यिनलाई थाइराइड ग्रन्थीको अन्त: श्राव को औषधीको रूपमा सेवन गराइ दिएमा बिस्तारै ठीक भएर आउदछन्

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै नै ठूलो भएमा थाइराइडको अपरेशन समेत गर्नु पर्दछ ।

टन्सील पाक्नु (Tonsillitis) :—

कण्ठको प्रबेश द्वारमा दुइ तिर प्रहरी झैं रहेका टन्सीलहरू वारम्वार किटाणुहरूको आक्रमणमा परेर सुनिन्छन् । ज्वरो आउदछ घांटी दुख्छ, निल्न गाऱ्हो हुन्छ । यस्तो अवस्थामा किटाणुनाशक औषधीहरू लिनु पर्दछ र तातो नून पानीले कुल्ला गर्नु पर्दछ ।

वारम्वार यस्तै भएर ज्यादै दुःख दिएमा अपरेशन गरेर यी टन्सीललाई झिकी दिनु पर्दछ ।

म्यादि ज्वरो (Typhoid) :—

पानी, दूध र अन्य खाद्य पदार्थहरूवाट यो रोग सर्दछ । एक प्रकारको किटाणुले गर्दा यो रोग लाग्दछ । केही औषधी नगरेमा, पहिले धेरै ज्वरो आउन थाल्दछ, केही कब्जीयत वा पातलो दिसा हुन्छ, कपाल दुख्छ, अलि अलि खोकी लाग्दछ, जीब्रोमा सेतो, खैरो, काइ जम्दछ, आठमा कलेटी पर्दछ न अत्यन्त कमजोरी हुन्छ । भोक लाग्दैन ।

STERADENT

STERADENT

The Artifical Teeth Cleaner

Children's stomachs may be bottomless pits but should their appetite be sluggisa

Give them

Lysin-12

Drops

CC-0. In Public Domain. Digitization by eGangotri

ज्वरो कुहिल्यै पनि नर्मलमा आउ दैन तर विहान अलि कम र दिउसो २।३ बजे पछि धेरै बढन थाल्दछ । तेश्रो हप्ता तिर गएर ज्वरो कम हुन सक्तछ र आफै ठीक पनि हुन सक्तछ । तर अन्य विकारहरू पैदा हुने संभावना वढी हुन्छ –जस्तो पेट फुल्ने, शरीरमा पानी कम हुने, आन्द्रामा प्वाल पर्ने गिदीलाई ढाक्ने आवरणमा खरावी पैदा हुने इत्यादि । यस्तै विकारहरूले गर्दा मृत्युको बढी संभावना हुन्छ । टायफायड रोग बाट बचावट गर्न सकिन्छ । यसका लागी प्रत्येक वर्ष यसको बिरूद्ध खोपाउनु पर्दछ । यो इन्जेक्शनको रूपमा हुन्छ र यसलाई T.A.B.C. भन्दछन् ।

रोग लागी हालेको छ भने अस्पतालमा भर्ना गर्नु उत्तम हुन्छ । पहिलो हप्तामा अलि अलि ठोस खाना दिएर केही नोक्सान हुंदैन । दोश्रो र तेश्रो हप्तामा केवल झोल पदार्थहरू मात्र खान दिनु पर्दछ । क्लोराम्फेनिकल भन्ने औषधी यो रोगको निति निमवाण हो । शरीरमा पानी कम नहोस भन्ने हेतुले प्रशस्त पानी खुवाउनु पर्दछ । ज्वरो वढी भएमा पानी पट्टी दिएर कम गराउनु पर्दछ । टायफायड को पूर्णत: उपचार नगराएमा यस्ता रोगीहरू आफू ता ठीक हुन्छन् तर यिनीहरू बाट अरूलाई सर्दछ । यस्तालाई Calries भन्दछन् । पटक पटक रगत जांचेर टायफायड निको भयो वा भएन भन्ने पत्ता लगाउनु पर्दछ।

त्यौहार, उत्सवमा

हामी काहांको ताजा गुणकारी मिठाइहरू संझनुहोस्

आधुनिक मिठाई भण्डार

१२।५५१ क्षेत्रपाटी

फोन १२८८७

CC-0. In Public Domain. Digitization by eGangotri

आन्द्रामा घाउ हुने र आन्द्रा फुटने यो रोगको मुख्य लक्षण हुन । त्यसैले औषधीको सेवन पछि ज्वरो ता कम हुन्छ । त्यतिकैमा ठीक भयो भन्ठानु हुंदैन । ज्वरो ठीक भएपछि पनि कमसेकम अर्को एक हप्ता औषधी खाइ राख्नु पर्दछ । बिलकुलै आराम गर्नु पर्दछ । बिछयौना छोड्न हुंदैन । रक्सी बिलकुलै बन्द गर्नु पर्दछ । यस्ता सावधानी हरू न अपनाएका रोग फेरी उल्टिने डर हुन्छ । उल्टिएमा बडो खतरनाक हुन सक्तछ ।

क्षय रोग (Tuberculosis) :-

आदिकाल देखि चलिआएको यो रोग अझै प्रशस्त पाइन्छ । मोटा मोटी ढंगले भन्ने हो भने प्रत्येक तन्नेरी नेपालीलाइ एकन एक पटक क्षय रोग भैसकेको हुन्छ । तर धेरैलाइ थाहा हुंदैन ।

एक प्रकारको कीटाणु जसलाई Tuberculous bacillus भन्दछन्, नै यो रोगको कारण हो । यो किटाणुले शरीरको कुनै पनि भागलाइ आक्रमण गर्न सक्तछ – गिदी, फोक्सो, लिम्फनोड, आन्द्रा, मृगोला, छाला, हाड, इत्यादि । तर फोक्सोको चांही बाहिरको वातावरण संग सोझै सम्पर्क हुने हुंदा फोक्सोको क्षय सबभन्दा धेरै पाइन्छ ।

सुरू सुरूमा राती राती सुक्खा खोकीलाग्नु, वजन घटदै गएर दुब्लाउंदै जानु, राती राती ज्वरो आउनु यसका मुख्य लक्षण हुन । त्यसपछि पहेंलो र हरीयो रङ्गको खकार आउने, र तीव्र बीचमा खकारमा रगत पनि देखा पर्ने हुन थाल्दछ । शरीर झन झन दुब्लाउदै जान्छ । पछि गएर खोकी मा रगत नै आउदछ ।

To ensure quick recovery
Take
Vitamindon
The Tonic full of Vitamins

CC-0. In Public Domain. Digitization by eGangotri

फोक्सोको क्षय दुइ प्रकारको हुन्छ – खुला र वन्द । खुला अवस्थामा यो संक्रामक हुन्छ । वन्द भएमा यो सँक्रामक हुदैन । औषधी को नियमित सेवन र खुला स्वच्छ हावामा घुम्दा खुला अवस्थाबाट यो वन्द अवस्थामा आइ पुग्दछ । खुला अवस्थामा रोगीहरूलाई अलग्गै राख्नु पर्दछ । उनीहरूको थुक, खकार, दिसा पिसाव छोपेर झिंगा वस्न नदिने गरी जम्मा गरेर नष्ट गरी दिनु पर्दछ । यस अवस्थामा अस्पताल अथवा सेनेटोरीयममा भर्ना हुनु राम्रो हुन्छ । वन्द अवस्थाया आइपुगे पछि आफ्नो साधारण दैनिक चर्चा गर्न थाले हुन्छ । तर कमसेकम १८ मैन्हा सम्म आफ्नो चिकित्सकको सल्लाह अनुसार औषधी अटूट खाइनै रहनु पर्दछ । अनि पूर्णतया निको हुन्छ । यस्तो भयङ्कर रोग भएकोले यसको वचावट अत्यन्त जरूरी छ । जन्मेको केही दिन भित्र नै B.C.G. भन्ने खोप खोपाइ हाल्नु पर्दछ । ५।५ वर्षमा यसलाई फेरी दोहो-याउनु पर्दछ । १५।२० दिन सम्म लगातार खोकी लागेको छ, घांटीमा छाम्दा प्रशस्त गिर्खाहरू छामीन्छन् भने तुरून्तै डाक्टर कहां गएर पूरापूर परिक्षा र औषधी उपचार गराइ हाल्नु पर्दछ । यो रोग भएको जति चांडो पत्ता लगाउन सक्यो, कीराकरण पनि उत्तिकै सजिलो हुन्छ ।

★

Gujaret's

ONE-A-DAY

just as good to keep

Doctor away

CC-0. In Public Domain. Digitization by eGangotri

सानो परिवार–सुखी परिवार

परिवार नियोजन विषयलाई यस पुस्तकको अन्तिम परिच्छेदमा गाभ्नु लेखकहरूको एउटै उद्देश्य–घरमा सुखी वातावरण सिर्जना गराउन, शिशुहरूको उचित लालन–पालन, शिक्षा–दीक्षा दिलाउन, आमाको सुस्वास्थ्य कायम राख्न छोटो–छरितो परिवारको सिर्जना हुनैपर्छ भन्ने कुरा प्रत्येक आमाबाबुमाथि जोड दिने अभिप्रायले हो। परिवार नियोजनको अर्थ गर्भ निरोध भन्दा बढी हुन्छ। यसको अर्थ सन्तानवृद्धि रोक्नु मात्र नभई दुई सन्तानका बीचमा उचित फरक ल्याई प्रत्येक सन्तानको चाहिंदो भरण–पोषण गराउनु हो। बर्षेनी भकाभक सन्तानहरू निकाल्नुको साटो ३।४ बर्षको फरक पारी सन्तान जन्माउनु ज्यादा कल्याणकारी हो र चाहिए जति सन्तान प्राप्ति भएपछि सदाकालागि परिवार नियोजनको उपायको शरण पर्नु अवश्य नै बुद्धिमानी हो। कति सन्तान हुनुपर्ने कुरामा प्रत्येक आमा–बाबुको आ–आफ्नो धारणा हुन्छ र यो कुरा प्रत्येकको आर्थिक अवस्था पनि निर्भर गर्छ तापनि दुइ देखि बढीमा तीन सन्तान सम्मको परिवारलाई ठीकको परिवार भन्न सकिन्छ। यस उपायले प्रत्येक शिशुको लालन–पालनमा उचित दृष्टि पुग्नसक्छ। ३।४ वर्षको फरक नभई भएका सन्तानहरूमा आमाबाबुको उचित देखरेख पुग्न सक्दैन र

CC-0. In Public Domain. Digitization by eGangotri

बीचकाहरू आफूलाई वास्ता नगरिएको अनुभव गर्छन् । त्यसैले पनि होला पहिलो र अन्तिम सन्तानको दाँजो बीचका सन्तानहरू प्रायशः कमजोर र कम चलाख नै देखिन्छन् । शिशुहरू राष्ट्रका भावी कर्णधार हुन्, उनीहरूको सुस्वास्थ्य नै राष्ट्रको सम्पत्ति हो । उचित शिक्षा दीक्षाकासाथ स्वस्थ्य रुपमा आफ्नो खुट्टामा उसलाई उभिन सक्ने गराउने प्रत्येक आमा बाबुको ध्याउन्न हुनुपर्दछ र यस लक्ष्यप्राप्तिको निम्ति जरुरी छ परिवार नियोजनको शरणपरी दुइ सन्तानका बीच उचित फरक पारी छोटो छरितो परिवारको सिर्जना गर्नु । यसैमा कल्याण छ शिशुको, मातापिताको र राष्ट्रको ।

परिवार नियोजनवारे अरु कुरा जान्न

पढ्नुस–

सफल दाम्पत्य जीवन

र

परिवार नियोजन

लेखक– डा. बराल

पकेट जेबी पुस्तक द्वारा प्रकाशित

CC-0. In Public Domain. Digitization by eGangotri

FRIENDS,

We care about your good health— over 125 times a day.

The over 125 times is the more than 125 pharmaceutical drugs, injections, chemicals and specialities we make.

To look after your health. Add to this, a wide spectrum of drugs from basic chemicals to cure common tropical diseases. And for over 35 years, we've been discovering the best possible way to keep more and more people healthy.

We do this through our Research Department which tirelessly develops new ways to treat old diseases.

We know you care about your good health. So do we over 125 times a day.

EAST INDIA

PHARMACEUTICAL WORKS LTD.

CALCUTTA-16

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

यती जेबी पुस्तक

सबैका लागि

प्राविधिक, जासूसी, हास्य र विविध

★

'यती' परिवार डाइजेष्ट

उपयोगिता र मनोरञ्जनप्रधान

★

यी पढ्ने बानी बसाल्नुस्
तपाईंले धेरै कुरा थाहा पाउनुहुनेछ ।

मुखपृष्ठ मुद्रक: जोरगणेश प्रेस प्रा. लि., बालाजु, काठमाडौं ।

जेठाबाबुको माइली छोरी

CC-0. In Public Domain. Digitization by eGangotri

श्री चिरञ्जीवी दत्त साई
विजया दशमी को शुभकामना
सहित!



द्वय सम्पादक तथा प्रकाशकः

ज्योति केशर

CC-0. In Public Domain. Digitization by eGangotri

आजको युग कलिको युग हो !

त्यसैले

कलियुगको बारे जान्न

कली युग

(हास्य व्यङ्ग सामयीक सङ्कलन)

दृष्टिगोचर हुनासाथ पढ्ने गर्नु पर्छ । यसले कलीको बारे मात्र नबताई तपाईको बनबास समेत गरी सधैं पठ्ता बग्नमा मद्दत समेत गर्छ ।

रामकुमार पाण्डे द्वारा सम्पादित

हाम्रा समस्त ग्राहक वर्गहरूमा

विजया दशमीको हार्दिक मङ्गलमय

शुभ कामना

तपाईको सेवाको लागि सदा तत्पर रहने

हाम्रो परीक्षा प्रार्थनीय छ !

नेपाल उल हाउस — मोटाहिटी — फोन नं: ११८१९.

क्याप्रिकर्नर — न्यूरोड ([illegible]) — फोन नं: १३७७६.

CC-0. In Public Domain. Digitization by eGangotri

मूल मन्त्रको भाउ: ४ सुका

नकच्चरो

(सामयीक हास्य ब्यंग सङ्कलन)

आयुः जेठा बाबु , (२०२९ आश्विन) सन्तान नं: माइली

द्वय सम्पादक प्रकाशक — ज्योति केशर

कार्टोनिष्टोश्वर — ज्योति मानन्धर

विजया विशेषांक

सहयोगीहरू

- इन्टरनेशनल एडभर्टाइजिङ्ग एजेन्सी
- महेन्द्र विक्रम राणा
- अशोक साय्मी
- माधव खत्री

कार्यालय

सम्पादक "नकच्चरो" मार्फत इन्टरनेशनल एडभर्टाईजिङ्ग एजेन्सी
बाटाको जुत्ता पसल पछाडी
पोष्ट बक्स नं १११ न्यूरोड, काठमाडौं ।

मुद्रकः

महालक्ष्मी प्रेस, क्षेत्रपाटी, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

खोज-तलास

के	कसको	कहाँ
नकच्चरोको शासन नपाकने भाषण	?	?
[redacted]	[redacted]	[redacted]
एडोल्फ हिटलर	राज नारायण प्रधान	३
गुरु शिष्य वार्ता	छुच्चामान	१७
नकच्चराय् नमः	राडेक रहडनानम	१८
मसानको साँढे	केशर	२३
यमराजसंग नकच्चरो अन्तर्वार्ता	मदनमोहन मिश्र	२५
खटपटे काजीको च्याम्पो	?	३५
पत्यार नलाग्ने तर साँचो कुरा	?	३९

अस्थाय कर नलाग्ने फुटकर गरमागरम बारेमज्जाहरूसमेत

CC-0. In Public Domain. Digitization by eGangotri



बिना सम्पादकीयको नकच्चरो को स्वतन्त्र दिवस गाइजात्रा कै दिनमा यहाँहरूले स्वाद चाखी सक्नु भएकै हुनु पर्छ । एक हजार बुढो हिरोइन मैयाहरूलाई दश आनाको दरले गाइजात्रे बजार मा देखाई मात्र दिदा सबले रमाई रमाई समाई हिडी दिनु भएकोमा अहिले सम्म नकच्चरोको नाक घिरौला जत्रै भई रहेको छ।
अस्तु !

स्वतन्त्र दिवसको स्वतन्त्रतामा जन्मीएको हुँदा हामीलाई के बिश्वास लागेको छ भने यस नकच्चरोले नकच्चरो नै बनी नकच्चरोहरूको आन्द्रा भुँडी निकाल्न बेर गर्ने छैन । बिश्वासलाई सत्यमा परिणत गर्ने मूल तत्व यहाँ जस्ता हितैषीहरूको सुझाव सहयोग तथा आशिर्वाद नै हुन भनी हामो पान्दछौं ।

CC-0. In Public Domain. Digitization by eGangotri
पाईजात्रे नकच्चरोमा सम्पादक प्रकाशक पनि नकच्चरो बनेर सबैको ज्याँई नारायण बन्न खोजेकोमा सर्व प्रथम क्षमा प्रार्थी छौं।

हाम्रो नेपाली साहित्य नेपाली भाषा र नेपालीपनाको केहि उत्थान गर्न सकिएला कि भन्ने उदेश्यले प्रेरित भएर नै यस पत्रिकामा स्थाई स्तम्भ अन्तर्गत नेपाली गीत, नेपाली साहित्यीक पुस्तक, प्रश्न वाक्य आदी राम्रो बढी रोचक र आकर्षक बनाउन खोजेकाछौं।

अहिले हामी आपनो माइली नानीको पेट भीत्र सबै कुराहरु बोकाई शुभबिजया दशमीको उपलक्षमा तपाई जस्ता मगजदार पाठकहरुको अघिल्तीर तेर्स्याई दिएकाछौं। तेर्स्याउने काम नकच्चरोको, खोतल्ने काम तपाईहरुको। खोतल्नुस, भेटाउनोस, हेर्नोस, गुन्नोस, मगज लडाउनोस अनि तपाईहरुले के के पाउनु हुन्छ, आफै जान्न सक्नु हुन्छ। ऐना छँदा छंदै किन कुवा खन्नेतर्फ लाग्ने हैनत ?

बुद्धिमान पाठकहरुलाई एकै ईशारा काफी' योत तपाईहरु पनिमान्नु नै हुन्छ होला। अब त नकच्चरोले तपाई जस्ता हितैषिहरु सानु साहिंलो, काँइली ⋯लाई पनि सिंगार पटार गर्दै पठाउदै गर्ने प्रयास गर्नेछ। राम्रो नराम्रो छान्ने कामचाही तपाईहरु लाई नै सुम्पन्छौं॥ किनभने' पाठकहरुको रूचो नै नकच्चरोको सफलता हो' बस नकच्चरोको मन्त्र यत्ति !

पाठक बन्धु जिन्दाबाद !

सहयोग पाएँ धन्यबाद !

CC-0. In Public Domain. Digitization by eGangotri

एडोल्फ हिटलर

ले. राम नारायण प्रधान, दार्जीलिंग ।

'तँलाई थाहा छ इतिहासले नबानेको सबभन्दा ठूलो बर्मनको अघि तं घस् ?'– हिटलर एकपल्ट यसरी पड्के ।

हो, इतिहासले नबानेको तो राक्षस हुन् ।

मगर्नी बूढी जस्तो ती फत्फताउंथे, तपाईंसित कुरा गर्दा ती यसरी बोल्थे मानो तपाई जनसभा हुनुहुन्छ । ठ्यावक बुटजुत्ताको एडी पड्काएर 'हेल हिटलर' भनेर सलाम ठोक्दा, आफैं हेल हिटलर' भनेर ती सलाम पाथ्र्ये ।

'जर्मन': शब्द उनको ओठमा टाँसिएको–भाषण गर्दा' मेरा जर्मनहरू ' भनेर सम्बोधन गर्थें अब वेला ए जर्मन केटा, केटी, मानी' भन्थे । 'जर्मन' शब्द वारम्वार उच्चारण गर्ने हिटलर स्वयं जर्मन होइनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि खियाउ ! हात लगाउ !

पच्चीस रूपैं ठ्याम्मै !

तल हेर्नोस ! तपाँईहरूका गायक गायीकाहरूले गाएको गीतको अघिल्लो बोली हामीले छापी दिएकाछौं । गायक गायीका चिन्ने काम तपाँईहरूको २५ रूपैंयाको पोकोबाट घौबजी बाँड्ने काम चाहीं हाम्रो । तपाँईहरूले चोख्खै २५ रूपैंया कुम्ल्याउन पाउनु हुन्छ भने २५ पैसाको अछापे हुलाक टिकट संगै नाम भित्र सुट्पक्क लुकाई यो तलको कागजमा खुसुक्क नाम भरी पठाउन के को अलमल हैन त ? एक भन्दा बढी मणजटार मैदानमा मेला हुन आएमा २५ रूप्पेमा घौबजी बाँडी दिाने छ । भाग्यमा परे जति सन्तोषं परमं सुखम्, भन्दै हातमा पार्नु पर्नेछ । तथास्तु !

नक्कल उतार्ने चाहीं सक्कल नगर्नू भए वेस !

यहाँ छुटाउनु होस्

गीत	गायक – गायीका
१. घुम्टोमा नआउ है ? आँखा तिमी जुधाउन—	
२. हिमालको काखमा छ सानो मेरो गाउँ—	
३. कुखुरा काटी भोग दिउँला, मोहर राखी ढोग दिउँला	
४. आज म धेरै दिन पछि, लिएर उपहार आएकोछु	
५. मुहारलाई घुम्टोभित्र लुकाई नराख आँखा लाग्ला है	

नामः

ठेगानाः

मितीः

सहीः

यहाँ छुटाउनु होस्

यहाँ छुटाउनु होस्

यहाँ छुटाउनु होस्

CC-0. In Public Domain. Digitization by eGangotri

ती फत्फतें पिए– प्रश्नको जवाब ती हत्तपत्त दिदंनथें । ती यसरी बोल्थे मानो वर्षामा मूल फुटेको हो । बोल्दा टेबल ठटाएर बोल्थे । हातमा फाउन्टेन छ भने टेबलमै कुच्च्याउंथे । एकपल्ट उनको सेक्रेटरी हातमा एक मुठा फाउन्टेन लिएर बस्थे –टेबल ठटाउने वेलामा हिटलरको हातमा एउटा फाउन्टेन दिन्थे । के उदेक ! ती कुच्च्याउंथे ।

भाषणमा तिनको अचम्मै विश्वास– बोलेर नै ती चूलीमा पुगे । भन्थे –'संसारमा जति ठूला काम भएका छन्, लेखेको शब्दभन्दा बोलेको शब्दले भएका हुन् ।' साच्चै बोलेपछि तिनले अवश्य त्यहां आगो बाल्थे । बाफ् रे बाफ् ! मान्छेको बोलीमा विश्व ध्वस्त पार्ने ताकत रहेछ ।

हिटलर संधैं होशियार बस्थे । तिनले रक्सी कहिल्यै छोएनन्, सिगरेट कहिल्यै पिएनन् । उनको छेउमा सिगरेट पिउन पनि निषेध । बानी बिनाका मानिस उनी । मासु नछुने ती कट्टर शाकाहारी । साग–सब्जी मात्र खान्थे, तर सिपालु भान्सेले पकाएको ।

मोटाएको तिनलाई पटक्कै मन नपर्ने । ती छिटो–छरिटो हुन चाहन्थे । चर्बी लाग्छ भन्ने डरले ती कडा जुलाफ खान्थे अनि त्यसपछि अफीम प्रयोग गर्थे ।

राती ती अबेला सुत्थे–निद्रा नलाग्ने रोग । अगेनाको वरिपरी सेक्रेटरीहरु भेला गर्थे अनि भएभरको विषयबारे ती बोल्थे–बिहान दुइ तीन बजेसम्म । उनको छेउमा हाइ काढ्न

CC-0. In Public Domain. Digitization by eGangotri

र खासखुसु गर्न निषेध होइन तर डर । सुतेपछि तो विहान एघार बजे उठ्थे ।

दोश्रो विश्व-युद्धको वेला तो ज्यादै व्यस्त र चिन्ताग्रस्त देखिन्थे । पेटको पीडा र निद्रा नलाग्ने रोगले गर्दा तो औषी ओखती खान्थे । बाह्र किसिमका निद्रा लाग्ने गोलीहरु ती राख्थे, खान्थे पालैपिच्छे । पेटको वेथाले गर्दा दुइवटा सुई लगाएर ती भाषण गर्थे । पछि हाइ ब्लड प्रेसर हुँदा पाखुरामा जूका लगाएर रगत चुसाउंथे ।

संगीत ती रुचाउंथे–त्यत्ति हो तिनको मनोरञ्जन । वागनर भनेपछि ती हुरुक्क हुन्थे । राती कोही वेला साथीलाई बोलाएर विथुवन र वाग्नर बजाउन लाउंथे अनि संगीतको तालमा ती निदाउंथे ।

दुइ दिन र दुइ रात लगाएर ती कुनै मुख्य भाषण लेख्थे। भाषण तयार भएपछि ती यसरी चिच्च्याएर अभ्यास गर्थे मानो उनको घोक्रो पट्ट फुट्ने हो ऐनाको अघि उभिएर ती भावभंगी हेर्थे, खट्थे मानो यही भाषणमा उनको भविष्य अड्केको छ। जनताको अघि ती बोलदा सर्वत्र शान्ति । जता जता उनको हात हल्लन्थ्यो, उतैउतै मानिसहरूका आंखा पुग्थे । मानिसहरूका आंखा यता र उता दगुर्थे मानो उनीहरूले ब्याडमिन्टनको म्याच हेरिरहेका छन् ।

अफिसमा चश्मा लाएर पढ्थे–साधारण अक्षर पनि ती चश्मा नलाई पढ्न नसक्ने । तर बाहिर चश्मा लाएको देखिनु

CC-0. In Public Domain. Digitization by eGangotri

हाजिरी जवाफ ! रू. २५ को कवाफ !

नकच्चरो पाठक हो ! हामी प्रश्न हाजिर गर्छौं, जवाफ दिने काम तपाँईको । तल दिइएका ५ वटा प्रश्नहरू सबैको जवाफ तपाँईले पठाउनु भएको यहाँ हामीले शिलबन्दी गरी राखेको शब्द संग भिडाई हेर्दा भिल्यो भने हामी उहाँलाई कवाफ खुवाउँछौं । कवाफ खान १५ पैसाको चोखो हुलाक टिकट लाइसेन्स दस्तुर बापत अलग्गै पठाउनु पर्नेछ । एक भन्दा बढीले ठिक जवाफ पठायो कि कवाफ पनि भाग लगाइने छ ।

— यहाँ कैंची लगाउनु होस्— यहाँ कैंची लगाउनु होस् —

के भन्छ

१. पितृहरूलाई तृप्त गर्नाको निम्ती पानी आदिको अञ्जली दिने कामलाई
२. मानिसले बोक्ने सवारी विशेषलाई
३. खुशी राजीसंग हक छाडी दिएको बारे लेखि दिने कागज पत्रलाई
४. स्वास्नीको अघिल्ला पोइ पट्टीको छोरोलाई
५. लाज पचाई कुरा गर्नेलाई

सावधान: नकच्चरो सम्पादकको करकमलमा यो जवाफ पडकाउने पूजि २०२९ साल कार्तिक १५ गते रोज ३ शुभंका दिन सम्ममा दर्ता भई सक्नु पर्नेछ । अन्यथा पछि हकदाबी गर्न पाइने छैन ।

नाम:

ठेगाना:

मिति:

सही:

—यहाँ कैंची लगाउनु होस्— —यहाँ कैंची लगाउनु होस्—

--यहाँ कैंची लगाउनु होस्--

CC-0. In Public Domain. Digitization by eGangotri

तो पटक्कै नमान्ने । यहांसम्म कि चश्मा लाएको फोटो समेत कसैलाई खिच्न दिएनन् । भन्थे–' फ्यूररले चश्मा लाउँदैन ।

एउटा बिशेष टाइपराइटरमा उनका भाषण ठूलठूला अक्षरमा टाइप गरिएका हुन्थे भाषण गर्दा चश्मा नलाई हेर्न सक्थे । तर बानी हत्तपत्त मर्दैन–पढ्दा पढ्दै जेबबाट तो चश्मा निकालेर हातमा राख्थे । बोल्दा बोल्दै उत्तेजित भएर मुट्ठी दन्हो पार्थे र चश्मा फोर्थे । यो बानीलाई तिनले जित्न सकेनन् । हेन्ज लिन्ज भन्थे प्राय: तिसपल्ट उनले यसरी चश्मा फोरे ।

हिटलरको टेबलमा तीन किसिमका पेन्सिल हुन्थे–रातो, हरियो, नीलो । रातोले शत्रुलाई लेख्थे, हरियोले साथीलाई र नीलो तो प्रयोग गर्थे जब आफै सतर्क हुन चाहन्थे । तर रीसको झोकमा तो यही पेन्सिलको झटारो हान्थे ।

के हिटलर बहुला हुन्, हावा खुस्केका ? भनिन्छ रीस उठेपछि तो अन्धा हुन्थे, कार्पेट टोक्थे, पर्दाहरू धुजं धुजा पार्थे । तर दश वर्षसम्म उनको साथ नछोड्ने हेन्जलिन्ज भन्थे यो सब उडेका कुरा हुन् ।

हिटलरका बाबु बतास हुन्, भ्रष्ट लम्पट । तिनले तीनपल्ट बिहे गरे, कान्छीपट्टिको छोरा हिटलर । तो उद्यम रहित पिउंथे, हिटलरको हाड छामी छामी कुट्थे । छोरासित उनको एकदमै मतभेद । हिटलर बाउंडो थिए– बाबुको निम्ति तो लम्फु लठूवा हुन् ।

हिटलर आफ्नो लक्ष्यमा एकोहोरो भूत । स्कुलमा तो पाटे अल्छी थिए । गाउंको परतिर एउटा सानो ढिस्कनामा चढेर

CC-0. In Public Domain. Digitization by eGangotri

२५ रूप्पेको पुलाउ ! दिमाग यसमा लडाउ !

दिमागदार पाठकहरूको दिमाग नकच्चरोले जांचने निर्णयमा पुगेको छ । हेरूँ तपाँईको कतिको गिदी रहेछ ? मुन्तिर आँखालाई पुऱ्याउनोस्, ५ वटा नेपाली पुस्तकहरूको नाम झुण्डीएका छन् । मगज घुमाउनोस्, लेखक वा लेखिकाको नाम पत्ता लगाउनोस् । खूसुक्क लेखक वा लेखिकाको नाम लेख्नु होस्, खुसुक्क हाम्रो कहाँ पठाउनु होस् । जुन प्रेषकले ५ वटा सबै ठीक मिलाउछ हामी उहाँलाई मात्रै २५ रूप्पेको पुलाउ खुवाउँछौं । २५ रूप्पेको पुलाउ खान १५ पैसाको चोखो टिकट हाम्रो कहाँ तपाँईले पठाउनु हुने कागजको भित्र पट्टी लुकाई सुटुक्क पठाउनु पर्नेछ । बिना पत्र- पट [टिकट] पुलाउ खाने दोबाट मा तपाँईलाई उभ्याइने छैन । एक भन्दा बढी दिमागदार निस्केमा भने २५ रूप्पेलाई बराबर अंश बण्डा गरीने छ ।

— यहाँ काट्नु होस् —

पुस्तकको नाम	लेखक वा लेखिका
१. एका देशको महारानी	—
२. अनुराधा	—
३. कर्तव्य	
४. अधुरो माया	—
५. महत्ताहीन	

नाम:
ठेगाना:
मिति:
सही:

होसियार:– कातिक १५ २०२५ भित्र सम्ममा 'नकच्चरो' सम्पादकको हातमा परी सक्नु पर्नेछ । नत्र भने रद्दीको टोकरीमा आराम गर्न पुग्ने छ।

— यहाँ काट्नु होस् —

— यहाँ काट्नु होस् —

— यहाँ काट्नु होस् —

CC-0. In Public Domain. Digitization by eGangotri

ती भाषण गर्थे तिनका जनता—एकजोर आइफलको झुखलाई । पछि नौ करोड जनताका फ्यूरर हुने यिनै हुन् ।

सानै देखि ती चित्र कोर्थे, चित्रकार बन्ने उनको सूर, —यसैमा हो उनको बाबुसित मत नमिलेको । बाबु मरेपछि ती भीना हिंडे, त्यहां असाध्य दुःख पाए । ती थिए एक बिचित्र प्राणी, एक तालमा हिंड्ने । थ्याङलाङगे ओबरकोट, मैलाले टिलिक टल्कने टोप, जिङ्गरिङ्ग केश, खयाउटो अनुहारमा आँखा मात्रै पिलिक पिलिक देखिने—हिटलर गति न गरासका भईसकेका थिए । काम जे जे पाउंथे, ती गर्थे । बाकस बोके, कार्पेट कुटे, भीख मागे के गरेनन्, पेटको निम्ति ? भन्थे—'मेरो दर्शन मोड्ने भीनाका यिनै पांच वर्ष हुन् ।'

भीनामा एकपल्ट तिनले एकजना मान्छे देखे, लामो बाहुला भएको, कालो लुगा लगाएको राम्ररी हेरे, फेरि, हेरे, सोधे आफैलाई —'यही हो यहुदी ? नियालेर हेरे, बिचित्र मान्छे प्रत्येक अंग प्रत्यंग हेरे' प्रश्न आफै हुत्तिएर आयो ताउकोमा—'के यो जर्मन हो ? जर्मन हुनसक्छ ?' पछि हिटलर बिरालो भए, मुसा यहुदी—यहुदी, मार्न तिनले यति बिघ्न तरिका निकाले इतिहासले जानेको थिएन । यहाँ हिटलरले मानवताको भित्ता नाघे—ती दैत्य, पिशाच बने ।

आइमाईमा हिटलरको पटक्क चासो थिएन शुरुमा । नारी ती सम्झन्थे आमा हुन्—आमा जसले रणभूमिको निम्ति छोरा पैदा गर्छन् । परिचित नारीको हातमात्र म्वाई खान्थे । बस् ! रात्री बिदेशी नारीहरु भेटन आएका बेला ती घोको घुकुन्जेल

CC-0. In Public Domain. Digitization by eGangotri

राजनैतिक बकवाद गर्थे। हिटलरको सेक्स सम्बन्धमा हजार जनाका हजार कुरो छन्।

चौध सालको विश्व-युद्ध जसले लाखौंलाई निल्छ पच्चीस वर्षमा हिटलरको यो भाग्योदय काम न काजको लम्फू हिटलरले त्यो स्वर्गबाट खसेको मौका देखे-सिपाहीमा भर्ती भएर देश सेवा गरे। ती एक आँटो सिपाही-दुइपल्ट घाइते भए, दुवैपल्ट पुरस्कार पाए। ती एक अजीब सिपाही-मैला, जुम्रा, हिलो माटो ती केही जस्तो नमान्ने। ती एकलासमा गएर घोरिबस्थे, के सोच्थे ? जर्मनी हार्दा ती रोए, रुँदै बिलाप गरे- यो सब व्यर्थ भो-व्यर्थैमा यो सब त्याग र दुःख। व्यर्थै भो हामीले काम गरेको, व्यर्थैमा बीस लाख जर्मन मरे-के यो यत्तिको लागि हो ?' यो हार' उनले देखे, जर्मनीको मुखमा कालोमोसो हो, भर्सेलीको सन्धी जर्मनीको लाजको पसारो।

नाजी पार्टी जन्म्यो-हिटलर सरदार भए। जर्मनको रंगमंचमा' फ्यूरर' आइपुगे। नाजी नेताहरु अचम्मका आत्माहरु हुन्। गारिङ नपक्ले' खलिपा नाइके हुन्, असाध्य भुँडे र भयङ्कर। गोवल्स' अर्को नाजी नेता पंगु थिए--होचा' क्रूर र विद्वान्। हेस् हिमलर अरु उस्तै डरलाग्दा व्यक्तित्वहरु। जुलियस स्ट्रेचर अचम्मै दुष्ट थिए-एकपल्ट अढाइ सय यहुदीहरुलाई तिनले एउटा चहुरको घाँस दाँतले उखेल्न लगाएका थिए।

'मेन क्याम्प' हिटलरको संघर्षको इतिहास हो' नाजीको बाइबल। यसमा उनको दर्शन छ, विचार, सिद्धान्त। हारेको

CC-0. In Public Domain. Digitization by eGangotri

के तपाईं हास्य व्यङ्ग्य लेख लेख्नु हुन्छ ?
धन्दा नमान्नुस् ! तपाईंको लेख त्यसै धुलो परी
राखेको छ भने आजै पठाउनोस् !

तपाईंलाई प्रोत्साहनको दक्षिण बाहु तथा झुण्डयाई
जन समक्ष चिनारी गराई दिने अविभारा

'नकच्चरो'

को

नकच्चरोलाई आफ्नै सम्झनु होस् ।
नकच्चरो ले हास्य व्यङ्ग्यात्मक कहानी, प्यारोडी,
कविता र गीतहरु छापी दिनेछ ।

मौका छोपी हाल्नोस ! फिक्री नलिनोस ।
नकच्चरोलाई लेखको झटारोले हान्नेस ।
एकप्रति नकच्चरो सितै मोज मार्नोस ।

CC-0. In Public Domain. Digitization by eGangotri

र लपालिङग भएको जर्मनीको स्थान बेग्लै हुन्छ, ठूलोमात्र होइन, नयाँ राष्ट्र पनि। उनी आफैं तानाशाह, अरू ससाना हिटलरहरू हुन्छन्, हुकुम माथिबाट खस्छ। यस पुस्तकमा दुइ मुख्य पोक छन्-- (क) भविष्य जर्मनीको रूपरेखा र साधनहरू जसद्वारा जर्मनी विश्वको मालीक हुन्छ, (ख) जीवनको दृष्टिकोण भविष्य जर्मनी एकदमै अर्को हुन्छ, नयाँ र विशाल, जसमा' प्रजातांत्रिक बेवकुफी हुँदैन-नेतृत्वको सिद्धान्तद्वारा यो शासन गरिन्छ। व्यक्तिमा हिटलरको विश्वास छ, बहुसंख्यामा होइन। दोस्रो, हिटलरले देखे जीवन एउटा निरन्तर संघर्ष हो, संसार जङ्गल जहाँ योग्य बाँच्छ, बलियोले राज गर्छ, दुर्बलको मृत्यु र प्रबलको जीवन हुन्छ!

'मेन क्याम्पं' को सार चर्चिलले यसरी झिकेका छन्-मानिस लड्ने जानवर हुन्, त्यसैले राष्ट्र पनि लडाकुको जमात भएको हुनाले लड्ने दल हो। कुनै जीवित प्राणी लड्न बन्द गर्ने बित्तिकै नाश अवश्यम्भावी हुन्छ। राष्ट्र जुन लड्दैन मर्छ। कुनै पनि जातिको लड्ने शक्ति यसको चोखोपनमा निर्भर गर्छ, यसैले विदेशी तत्वको वहिष्कार अनिवार्य छ। यहुदी जाति शान्तिवादी हुन् शान्तिवाद डरलाग्दो पाप हो-कारण यसो हुनु नै राष्ट्रको हार स्वीकार हो।

गेली र इभा दुई नारी हुन् जसले हिटलरलाई प्रभाव पारे। हिटलर आफ्नै भन्दै गेलीलाई प्रेम गर्थे। गेली राम्री उज्याली भिर्ई-बीसबर्षकी। भनिन्छ हिटलरले ज्यादै आँखा लाउंथे पछि गेलीले आत्महत्या गरी-आत्महत्या किन गरी ? जे होस्, हिटलरको

CC-0. In Public Domain. Digitization by eGangotri

एकमात्र प्रेमी गेली हो। ती ज्यादै दुःखी भए, महिनौं रोइबसे। ती गेलीको चिहानमा जान्थे, रुन्थे। हिटलरको पनि यस्तो हृदय हुन सक्छ रहस्य भनेको यही हो।

पछि ईभा ब्राउन हिटलरको मायालु भई--बाह्र वर्षसम्म ईभा थिई छमकट्ट, सुन्दरी। उसको छेउमा हिटलर 'मानव' हुन्थे हाँस्थे-रमाईलो थिई उ, नपढेकी। तर उ देखि हिटलर टाढो बस्थे, काममा व्यस्त, युद्धको वंबाड। ईभा रुन्थी, उपन्यास पढ्थी संधैं प्रेमी देखि बिछोड उसलाई असह्य हुन्थ्यो-दुइ पल्ट आत्महत्या गर्ने प्रचेष्टा पनि गरी।

१९३३। हिटलर जर्मनीको डिक्टेटर भए। ती हद दर्जाका सईदुवा हुन्, सृष्टिको एक विचित्र प्राणी। डिक्टेटर भएकै ६ वर्षमा तिनले जर्मनीलाई युद्धको भुवरीमा हाले, अर्को ६ वर्षमा जर्मनी र आफैलाई स्वाहा पारे।

विश्व ध्वस्त पारे पछि हिटलरले अब आफैलाई गोली ठोक्ने निधो गरे। अप्रेलको आईतबार - हिटलरले इभा ब्राउन-लाई बिहे गरे - इभाको अटूट माया र मुरादको यही हो अन्तिम अमूल्य उपहार। तर कस्तो विचित्र - दुवैको लाश, विश्वलाई थाहा छैन कोलिपंण्ट आगोले भस्म पार्ने छ।

अघिल्लो दिनमा हिटलरले आफ्नो प्यारो कुकुर ब्लोन्डो र अरु दुइवटा कुकुरलाई गोली ठोकेर मार्न लगाए। हिटलरले कुकुर ज्यादै मन पराउंथे। त्यसपछि तिनले आफ्ना दुइवटी सेक्रेटरीलाई विषको गोली दिएर भने–' मलाई खेद छ, बिदाको बेला यो

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा राम्रो कोसेली अरू मैले दिन सकिन ।

१९४५ को ३० अप्रेल, सोमवार । हिटलरले दुइ बजे खाना गरे-जीवनको अन्तिम खाना । बाहिर गोवल्स, बोरमान र अरू पर्खिरहेका थिए-फ्यूररलाई बिदा गर्न बसेका । सबैसित हात मिलाएपछि हिटलर र इभा आफ्नो कोठामा पसे । एकछिन सकमक्क । दिउंसो साढे तीन बजे भित्र गोली पड्कयो ।

हिटलर सोफामा लडिरहेका थिए-मुखको तालुमा गोली हानेर मरेछन् तीं रगत भल्भल् बगिरहेको थियो मानो धरतीमा उनको पापको छाप लागेको हो । अर्कोतिर इभा लडिरहेकी थिई-विष खाएर मरी उ । इभाको नाडीमा एउटा घडी थियो, रत्नमणिले जडेको. हिटलरको उसलाई उपहार, उपहास पनि !

हिटलर यसरी स्वाहा भए-सृष्टिको एक अजीव प्राणी, इतिहासको एक अनौठो कहानी !

(साभार: नौ नासी नेता)

महिला:- हुन यहाँ लकर कत्रो सम्म पाइन्छ ? हेर्न सकिन्छ कि ?

बैंक कर्मचारी:- आउनोस भित्र ! तपाईलाई कत्रो चाहियो म खोलेर देखाइ दिन्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

के तपाईले 'केशर रचित निम्न सनसनीपूर्ण जासूसी उपन्यासहरू पढ्नु भयो ?

नर कङ्काल

खतरनाक पाइला

रातो बिरालो

उल्टो चाल

सभ्य शैतान

सिक्रेट एजेन्ट 'X X X'

ब्लाक स्टार

पढ्नु भएको छैन भने आजै किन नपढ्ने ?

सबै पुस्तक पसलमा पाइन्छ ।

प्रकाशकः

मिस्टर के.

न्यूरोड, पो. ब. नं. १११, काठमाडौं, नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

"छुच्चामान"

शिष्य: (भाखा मिलाएर गाउदै माफी उवलन्छ) ज्यानलाई, पर्नु पिर पऱ्यो ! हो ! ज्यानलाई

गुरु: तँलाई के को पिर पऱ्यो शिष्य ?

शिष्य: (गुरुको दर्शन गर्दै) हो गुरु : ज्यानलाई पर्नु पिर पऱ्यो! यता गुरु जिउ बनाउनु पर्छ भनेर, गुह्येश्वरीको जलसंग शालिग्राम सखाप गर्न तिर लाग्नु भो उता त्रि. यो. ले विद्यार्थी सखाप पार्न तिर लाग्यो गुरु ! पर्नु पीर पऱ्यो।

गुरु: हन ! मैले त जीउ बनाउन पो सालीग्रामको सेवन गरें। त्रिनेद के बनाउन बिद्यार्थी सखाप पार्न तिर लागे ? सूनमा पनि आउँछ कि तिरी चन्द्र कलेजो पनि बन्द भो रे अनि के...... (सम्झदै) हो... तिरीभुवन विश्व-बिद्यालयो पनि बन्द भो रे।

शिष्य: त्यै त गुरु (रुन्चे मुख पार्दै) ज्यानलाई (भाखा...मिला-

CC-0. In Public Domain. Digitization by eGangotri

एर) पर्नु पिर पऱ्यो ।

गुरु: अलि जंगीएर, के पिर पऱ्यो......पिर पऱ्यो भनिरा।

शिष्य: के भन्ने त गुरु......पर्ने......

गुरु: अम्म...... [आंखा तरेर हेर्दै]

शिष्य: हि.........हि...बत्तीसै दांत देखाउदै हात मल्दै)

गुरु: अँ तैले सियो जाबोले विद्यार्थी सवाव पार्दैछ भने कसरी था' पाइस।

शिष्य: सियो हैन गुरु शिक्षा योजना शि. यो.। अँ अस्ति भाद्र ७ गतेको गोर्खा पत्र हेरे मैं गुरु ! त्यसै

गुरु: (अचम्मिदै) ओ हो...... तँ कहिले देखि पत्रिका पढ्ने भइस ?

शिष्य: (ओठ च्यात्दै) हि... ...हि......गुरु......यसो...एक दुइ चोटी हेर्ने गर्न लाग्या।

गुरु: निधार खुम्च्याउँदै किनेर पढ्या कि......

शिष्य: कां......गुरु......पिपलको बोटैं गयो कि सितैं पढ्न पाइन्छ। त्यसै...... म जस्तो त्यां बुप्रो पढन आउंछन

गुरु: ए ! ठिक छ के भयो त ?

शिष्य: भाद्र ७ गतेको गोर्खा पत्र संगै देको रा. शि. स का.ले दिएको पर्चा पढेर गुरु......ज्यानलाई पर्नु पिर......माफ पाउं गुरु !

गुरु: आयुष्मान भन्दै जाउ शिष्य !

शिष्य: पर्चाको दोस्रो हरफमा यसरी लेखेको छ, हेर्नुस (देखाउंदै) पर्चा कसैलाई नभन्नुस यो पर्चा चैं चोरेर ल्याएको

CC-0. In Public Domain. Digitization by eGangotri

चाइके हनुमानम

ओम नमो नकच्चराय नमः सर्वे भवन्तु सुखिनः
प्रत्यक्षं धन समक्षम्, पादुकात्रे रूप धारणम् ।
कलियुगे पितु यवं, धमलोकमा तारणम् ॥
ओम नमो नकच्चराय नमः
मंत्रि मण्डलम् बम विस्फोटम्, च्यास्वो सहित मान अपमानम्
कुली हिरोइन प्रचारनम्, सकलस्य ओठ मुस्कानम् ॥
ओम नमो नकच्चराय नमः
चल्तीका द्रुत खुलासम्, दश आना दक्षिणा धिक्कारम् ।
मांगेम् बक्य लम्फु वासम्, मन्त्री पदमा आविनम ॥
ओम नमो नकच्चराय नमः
सदूर्ख रहस्यम् धन समक्ष भण्डाफोरनम् ।
कवाफ सर्वं प्रधानम्, सम्पादक हुय ज्वाई नारायणम् ॥
ओम नमो नकच्चराय नमः

CC-0. In Public Domain. Digitization by eGangotri

"नयाँ शिक्षा योजनाले पाँच वर्ष सम्ममा हरेक तहमा यति यति विद्यार्थीले पढन पाउन भनेर जुन उद्देश्य राखेको त्यो पहिलो प्रतिशत भन्दा बढी छ। उदाहरण को लागि अहिले सम्ममा प्राथमिक शिक्षा पाउन लायक उमेरका ३२ प्रतिशत बालकहरूले मात्र विद्यालयमा भर्ना भएको देखिन्छन। तर नयां शिक्षा योजनाले त्यसको दोब्बर ६४ प्रतिशत त्यसता बालखलाई शिक्षा दिने लक्ष राखेको छ। त्यस्तै माध्यमिक तहमा आज सम्म ४० प्रतिशत विद्यार्थीहरूमात्र पढि राखेका छन त नयां शिक्षा योजना अनुसार ५० प्रतिशत तिनको संख्या पुर्याइने छ। र फेरि उच्च शिक्षामा १६ प्रतिशत मात्र विद्यार्थीहरूले प्रवेश पाइ राखेका ठाउँमा तिनको संख्या १९ प्रतिशत पुर्याउने उद्देश्य राखिएको छ।"

गुरु: राम्रो ....अति राम्रो......तँ यस्मा के खराबी देख्छस शिष्य। हाम्रा थुप्रै बालखहरूले बढी पढन पाउने भए। बढी शिक्षित हुने भए। देश उभो लाग्ने भए। यसबाट तँलाई के को पिर पर्‍यो? शालिग्रामले मुखमा बुजो लगाउँछ।

शिष्य: (कन्चे मुख लाउँदै) गुरु! ज्यानलाई यो कारणले पिर पर्‍या होइन!

गुरु: (झस्कदै) अरू के ले त?

शिष्य: तल फेरी अर्को उदाहरणमा दिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु: कहाँ...... कसले ? [आँखा घुमाउदै खोज्दै]

शिष्य: त्यैपर्चामा··· रा. शि. स. का. मा ।

गुरु: के भनेर ? खै ले त ?

शिष्य: यसो भनेर गुरु (हातको औंलाले देखाउदै) यस सम्बन्धमा गत ०२७ सालको र ०२८ सालको एस. एल. सी परिक्षाफल भिडाएर हेर्नु आवश्यक छ ! ०२७ सालमा १७१९२ विद्यार्थीहरुले एस. एल. सी. परिक्षा दिए र तिनका ५१५७ जना उतिर्ण भए । ०२८ सालमा १५७७२ विद्यार्थिहरुले एस. एल. सी. दिए र ५२६७ जना पास भए ।'

गुरु: यो पनि राम्रो··· राम्रो... अति राम्रो सताइससालमा १७१९२ जना विद्यार्थीले जाँच दिएकोमा ५१५७ जना मात्रै पास भए जबकि ०२८ सालमा ०२७ सालमा भन्दा कम विद्यार्थी १५७७२ जनाले जांच दिएकोमा पहिले भन्दा बढी ५२६७ जनापास भए। जहाँ शिक्षा योजना तैंले यो खुशी खबर ल्याएकोमा समस्त विद्यार्थीको नाममा यो सोम रस एक खोल्चा र एउटा शालिग्राम समर्पणम् । (गुरु सिसी मुखमा झोस्दै सुकाउन थाल्दछ र एउटा लिंगे सेतो शालीग्राम स्वाप्प मुखमा कोच्छ)

शिष्य: (मनमनै) घतेरीका गुरु···(प्रकटमा) ज्यानलाई पर्नु पीर पर्‍यो ।

गुरु: अझै पिर ! कहाँ पर्‍यो ? किन पर्‍यो ? के पर्‍यो ?

शिष्य: हो गुरु पिर पर्‍यो ? यही पर्चाले पिर पर्‍यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु: के को फिर अब ? लौ भन त ?

शिष्य: शिक्षा योजनाको । गुरु टुपी तान्दै विचार गर्दै सोध्नुस अगाडि भने बढी विद्यार्थीले पढ्न पाउन बढीले जाँचदिन पाउन भनेर उदाहरण समेत दिएको छ तर··· गुरु ... शिक्षा योजनाले झन कम विद्यार्थीलाई जाँच दिन लगाए । गुरु··· शिक्षा योजना ··झुटो हो गुरु । (कन्चेमुख लाउँछ)

गुरु: हाँ (विचारै गर्दै पर्चा पढ्दै) साँच्चै हो नि ४०% प्रतिशतबाट ५०% प्रतिशत विद्यार्थीको संख्या पुर्‍याउने भंदाखेरी त ०२७ सालमा भंदा ०२८ सालमा बढी विद्यार्थीले पढ्नु पर्ने हो ! बढीले पढे पछि बढीले नै जाँच दिनु पर्ने हो । तर ··· जाँच दिने विद्यार्थीको संख्या त ठिक उल्टा ०२७ भन्दा ०२८ मा कम ·· हो वा ज्यानलाई लाई पर्नु फिर पर्‍यो [प्रकट हुन्छ] ज्यानलाई पर्नु फिर पर्‍यो (पर्चा सुरुदेखि पढ्छ)

शिष्य: [रमाउँदै] ह··· ज्यानलाई पर्नु फिर पर्‍यो । शाविपात्र दिवेर मुखमा राख्दै रातो झोलको सहायताले निकाल्छ पठाउँछ]

गुरु: [विचार गर्दै उदाहरण पनि खाली एस. एल. सी को मात्रै दिएका छन एस. एल. सी. मा बढी पास भयो भनेर देखायो राम्रै हो । तर त्यै अनुपातमा उच्च शिक्षाको पनि प्रतिफल देखाउनु पर्ने थियो । देखाउन सकेन ! त्यसताका··को नतीजा····· राम्रो थिएन होला ! भन त

CC-0. In Public Domain. Digitization by eGangotri

असनको साँढे

ले. केशर

हुँ म साँढे असनको
पुकार्छन सबै यही नामले
गर्न सक्छु म जे पनि
म हिड्छु महसुर बनी
छैन मेरो जोडी कोही यहाँ
न म डराउँछु
पसलेको डण्डा देखेर
न त ज्यापूको नोल देखेर
तर्साउँदै लुट्छु म तिनीहरूको–
हात मुख जोर्ने अन्तिम साधन
गाली गर्छन् सके एक दुई डण्डा पिट्छन्
मेरो लागि यो नगण्य छन्
डराएर भाग्छन् ग्राहक, बटुवाहरू
मेरो अजङ्गको जीउ देखि तर्सेर
मेरो भयानक गर्जना सुनेर
म हाँस्छु !
हो म हाँस्छु सबैको त्रास देखेर
शान्ति पुजारीको शान्तता देखेर
म तर्साउँदै जान्छु सबैलाई
मेरा दुई तलवार र भागोको सफाले
सताउँदै जान्छु
एकताको पुनर्जन्म नभए सम्म

CC-0. In Public Domain. Digitization by eGangotri

शानदारले एस. एल. सी. को देखाए जस्तै देखाउनु पर्ने थियो। हुन सबछ ज्यानलाई ठाउँनै पुगेन होला। (मुखबाट अन्तिम शब्द फुत्कन्छ) हो त्यसै होला [टाउको हल्लाउँदै]

शिष्यः (भाँडोकोसम्पै शालिग्रामहरु रित्याउँदै)! त्यसैले त होनि गुरु! ज्यानलाई पनुं पिर पऱ्यो।

जाँचमा सबै फेल गऱ्यो।

मलाई पनुं मार्का पऱ्यो।

जासूसी

उपन्यासहरू

प्रकाशित गर्न

सम्पर्क

राख्नोसः

मिस्टर के.

फोन

१३-२२२

(बाटाको जुत्ता पसल पछाडि) न्यूरोड

CC-0. In Public Domain. Digitization by eGangotri

यमराजसंग नकच्चरोको अन्तरवार्ता

मदन मोहन मिश्र

गाइजात्रा सके पछि यमराज आफ्नो लोक तर्फ फर्कनुभन्दा २ घण्टा अगाडि टुकुचाको निरीक्षण गर्दै रहेको बेला अचानक मैले भेटी हालें, उहाँको चौरांगे बग्गीलाई रोकेर मैले अन्तर्वार्ताको लागि एकै छिन फुर्सद निकाल्न अनुरोध गरें। अन्तर्वार्ता लिन आफ्नो झोलामा बही खाता निकाल्न हात हुलें। बही खाता त घरमै पो छुटेछ, ल्याउंन बिर्सें। हत्त न पत्त कोटको भित्रको बगलीबाट नोट बुक र सानो टुक्रो सिसा कलम निकालें अनी अन्तर्वार्ता लिने सुरसार गरें।

मैले प्रश्न गरें-- "के तपाई आजै फर्कनु हुन्छ? अथवा २. ४ दिन बस्नु हुन्छ?" यमराजले मुसुक्क हाँस्दै जवाफ दियो- "भ्रमणको काम सकेको हुनाले जाने तरखर गर्नु परि हाल्यो के गर्नु र बिदा पनि सकियो अर्को तोक लगाउन वैकुण्ठ जाँदैछु।"

मैले प्याट्ट सोधें- "हंन तपाईलाई यसपालीको निरीक्षण भ्रमण कस्तो लाग्यो?" यमराजले टाउको कन्याउंदै जवाफ दियो- खै के भन्नु! रास्त्रै लाग्यो। यहाँ त बहुत बहुत चलते

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्यो । यमराजलाई मैले कुटकुटयाँएँ र सोधें– "तपाईलाई यहाँ बनेका घरहरू मध्ये कुन चाहींले अचम्म पाऱ्यो क्यारे ?" मेरो सोधाईमा यमराज अलि गम्भीर हुँदै भन्छन्– "सन्यासीले बनाएको उड्ने घर र गृहस्थीले बनाएको गुड्ने घरले आश्चर्य पाऱ्यो । नेपाल देव भूमि भने पनि देवताको भन्दा आविष्कार गर्ने शक्ति नेपालीमा प्रचुर मात्रामा भेटाएँ ।"

मैले अर्को प्रश्न सोधें– "त्यत्रा त्यत्रा भव्य महलमा बसे जङ्ग बहादुर देखिन लिएर पद्म शम्शेर तथा अन्य राणा र कीर्तमा परेका साहु महाजनहरू नेपालमा स्वर्गीय घोषित भएता पनि कुनै कुनै चित्रगुप्तको शिफारिसमा स्वर्ग र कुनै कुनै पृथ्वीमै पशुपंछी किट योनीमा डिमोसन् भए भन्ने कुरा सुन्छु के साँचो हो ?"

यमराज– "अधिकार पाए पछि समयानुसार कदम चाल्नु पर्ने हुन्छ, जसमा कोही स्वर्ग जान्छ भने कोही नर्क जान्छ आश्चर्य मान्नु पर्ने कुरा छैन जसको जिम्मेदार चित्रगुप्तनै छ'

म– "धेरै दान धम गर्ने तीर्थमा नुहाउने चारधाम गर्ने राम नामी ओढ्नेहरू पनि नर्कबास भएको कुरा सुन्छु । जसले गर्दा यहाँ चित्र गुप्तलाई घुस खाएको अथवा भ्रष्टाचार गरेको नाताबाद, कृपाबादमा लागेको आरोप लगाउँदै छन् ! तपाईंको यसमा के भन्नु छ ?"

यमराज– "१५ रूपैयाँ दाममा आसामीलाई बेसरी चित्र

CC-0. In Public Domain. Digitization by eGangotri

छिडीमा थुनेर घरखेत लिन पल्केका साहु महाजन, २५ रुपैंयाँको बापतमा ५०० रुपैंया पर्ने गहना खवाप पार्ने साहुले मन्दिरमा हलुवा पुरी बाँड्यो भन्देमा, रवसी पिलाएर १०००००|– को तमसुक बनाई १००००|– रुपैंया भिडाउने साहुले ससल बनायो भन्देमा त्यसले कीर्ति राख्यो भन्न सकिन्न । त्यसता कोर्ते धर्मात्माहरु कति आए कति गए । त्यसलाई वैकुण्ठको पासपोर्ट म बाट इस्यू नहुने कुरा बुझ्नोस्. चित्रगुप्तले घुस खाएको म मान्न सक्दिन किनभने अलि अलि कमिशन कहिले काँही त्यसले मलाई पनि भिडाउने गरेको छ । हाम्रो वैकुण्ठमा यो नातावाद, कृपावाद, भ्रष्टाचार गऱ्यो भन्नेहरुको मुखमा बुझो लगाइन्छ र नालिस भलाग्ने सबेत तपाईलाई त थाहा नै रहेनछ ।"

मलाई यो उत्तर सुने पछि अर्को कुरा जान्ने ईच्छा मनमा उब्जीयो र यमराजलाई आशा चुरोट १ खिल्ली मुखमा राखी दिवै जत्ति कोरे पनि नबल्ने जुद्ध म्याच फ्याक्टरीको सलाई कोर्दै अर्को प्रश्न गरिहालें यमराजसित– 'आईमाईहरुको दिल कोमल हुन्छ जसको ईश्वर प्रति ठूलो आस्था हुन्छ: लोग्ने मान्छेहरुको कल्याण गर्न तीजको व्रत ऋषी पञ्चमीको व्रत त्यस्तै अरु धेरं धेरं व्रत बस्छीन्, स्वयम्भू घुम्न जान्छीन् भने त्यस्तो आइमाई पनि नर्कमा बास । जसले धर्मकर्म गरेकै छैन, आफ्ना श्रीमानले नदेखने गरी अरु पट्ठोहरुलाई आँखा सन्काएर हिड्ने गरेकी, गोकर्ण, बालाजुमा भोजमार्न पल्केकी आइमाईहरुलाई चाहीं स्वर्गमा

CC-0. In Public Domain. Digitization by eGangotri

बाल । यसरी पक्षपात पूर्ण तरिकाले तपाईंले किन शिफारिस गर्नु भएको । के यो काम तपाईंले ठिक गर्नु भो भन्न सकिन्छ ?"

यमराज– "तपाईं कस्तो लाटोबुंगे ? कुरै बुझ्नु हुन्न ! बिना पैसाले पियनलाई निजी नोकर बनाउने हाकिमले आफ्नो कर्मचारी-हरूलाई सत्यनारायणको पुजाको भोज खुवाउँदैमा, अरू पुरुषको सुन्दर रूपमा लोभीने आइमाईले सौभाग्यदान गर्दैमा बैकुन्ठको लागि सेलेक्सन हुन पाउँछ भन्नु भएको ? तपाईंको यो बिचार गलत ! बुझ्नोस् उम्मेदवारहरूको कोही नाता, ठूला बडा अफिसर भए जापान, अमेरिका, रूस, भारत, चाइना घुम्ने चान्स पाउंला, कोलम्बो प्लानमा जाने चान्स आउँला रछि भेट्टाए कृत्रिम इन्द्र-लोक घुम्ला, तर गाइको मूर्ति भएको १० पैसाले गोदान गरी बैतरणी तर्न आजको जहाजी युगमा मुस्कील पर्ला । यदि दिनहुँ प्योर घाँस काट्ने बगरेवै किन नहोस् रूल अनुसार चल्छ भने बैकुण्ठको ढोका त्यसको लागि नखुल्ने सवालै उठ्दैन, मैले शिफारिस गर्ने कुरै छैन । अब त बुझ्नु भो ?"

फेरी यमराजलाई सोध्छु– "विशेष प्रहरी विभागलाई समेत आँखामा छारो हाल्न सक्ने व्यक्तिहरू प्रशस्तै अदालतीहरू घर जसको अन्तकाल पछिलाई स्पेशल सीटको व्यवस्था मिलाउनु भएको छ ?"

CC-0. In Public Domain. Digitization by eGangotri

यमराज– "त्यसतालाई हाम्रो रुटिन अनुसार ६।६ महिनाको लागि रौरव अथवा कुम्भीपाकमा चौकीदारमा खटाइने व्यवस्था छ। कामैमा खटिए पनि हरेक मास ग्रेड बढाउने व्यवस्था छ।"

म– "के चौकीदार बन्न स्नातकको डिग्री नचाहिने ? के कुनै कन्भोकेशनमा भाग लिन नपर्ने ?"

यमराज– 'विशेषज्ञको रूप मा अथवा पर्यवेक्षकको रूपमा जुनसुकै बेला पनि ती व्यक्तिहरूले चाहेमा जुनसुकै नरकमा पनि बिना शर्त प्रवेश गर्न पाउने व्यवस्था मिलाइएको छ। स्नातक डिग्री भए विशेष प्राह्यता दिइने सो नभए सोर्सफोर्स मात्र भए पनि पुग्छ।"

यमराजको रूपतिर नियाल्दै मैले एउटा प्रश्न गरि हालें "तपाईंले आज किन यस्तो नकच्चरो रूप धारण गर्नु भो ?"

यमराज– नकच्चरो युगमा प्रवेश पाउनुका साथै टुकुचाको निरीक्षण भ्रमण गरी फर्केकोले लुज अण्डर वेयर मात्र लगाई वेश अनुसारको भेष बनाएको मात्र पो।

म– के तपाईंले सबैलाई पापी र पुन्यात्माहरूको बारेमा जानकारी दिलाउन सक्नु हुन्छ ? अदालत, शिक्षा, वन, कृषि उद्योग तथा निर्माण सम्बन्धी काम गर्ने ठेकेदारले बेइमान गर्ने उपर कारवाही हुने कुरोको गरुड पुराणले व्याख्या गरेको राम्रो देखिएन। यसमा तपाईंको विचार ?"

CC-0. In Public Domain. Digitization by eGangotri

यमराज केहीबेर घोरिएर भन्नुहुन्छ "प्रत्यक्ष रूपमा व्याख्यान गर्दा धनी महाजनहरूको मुद्दा कमजोर हुने देखिन आएकोले त्यस्तरी व्याख्यान गरेको छैन । तर दण्ड व्यवस्था भने मास्टर, प्रोफेसर, इन्जीनीयर, ओभरसियर, वर्तमान, भूतपूर्व लेडिज, जेन्टलम्यान र भविष्यका पठ्ठा पठ्ठी, हिरो हिरोइन् र अन्य सिनेमाका जनप्रिय कलाकार भएर सबैले पूजिएकै किन नहोस् आखिर म सबैको लागि यमराजै हुं । म ब्रम्हाण्डको सर्वोच्च लेखापाल हुँ ।"

म– "तपाईंको साला साली सासुले भ्रष्टाचार गरेमा तपाईं के गर्नु हुन्छ ? यसबारे तपाईंले के सोच्नु भएको छ ? अर्को प्रश्न गरीब विद्यार्थी र धनी विद्यार्थीहरूलाई पक्षपात गर्ने धेरै मास्टरहरू पनि मरी सके उनीहरू स्वर्गीय घोषित भएको भन्ने सुन्छु के यो कुरा सांचो हो ?"

यमराजः "सासुभनेको साखै स्वास्नीकै आमा । स्वास्नी र सामुन्ने सासूको बेइज्जतीतम ज्यान गएपनि गर्दिन । सासूलाई कथंकदाचीत नर्कमा थुन्न ल्याउनु परे स्वास्नीलाई थाहानै दिन्न र थुनेको ठाउँको सांचो पनि म श्रीमतीलाई दिन्न । कर्तव्य निभाउने काममा म दत्त चित्त छु भन्ने त तपाईंलाई थाहा नै छ । तपाईंको अर्को प्रश्नको उत्तरमा मलाई यही भन्नु छ, "मास्टर, ओभरसियर, इन्जीनीयरहरूको बारेमा नर्क र स्वर्गको पुनर्गठन

CC-0. In Public Domain. Digitization by eGangotri

समिति गठन गर्दैछु । गरुड पुराणमा उल्लेख हुन छुट भएको नर्कमा राख्ने व्यवस्था मिलाउँदैछु । जसलाई नर्क भोग पनि हिमवत खण्ड नेपालको चिडिया घरमा राख्ने व्यवस्था मिलाइने छ र वर्षा तथा हिउँद, हुरी आदिको कष्ट चाहीं सहनु पर्नें छैन ।"

म– "साहित्यकारहरूमा भानुभक्त, लक्ष्मी प्रसाद, लेखनाथ, चक्रपाणी, हृदय चन्द्र, बा. हेमलाल, पुष्कर शम्शेर जस्ता अन्य लेखकहरू पनि मरिसके, उनीहरूले मनपराएका ठाउँहरू जस्तै— बालाजु, हेलम्बु, पशुपति, न्यूरोड, गुहेश्वरी, आदि स्थानहरूमा करणी गर्नें युवक वा कुनै लेखकहरूको पूनर्जन्म बारे तपाईंलाई केही थाहा छ ?"

यमराज–"नाटककारले करणी गरेमा वनकालीमा मुजुर मुजुरी भएर ईतिहासकारले गरेमा चिडियाघरको पुरानो मर्ना साथ नयाँ वन मान्छे भएर लेखकमारा प्रकाशकहरूले चाहीं अजिङ्गर इत्यादी भएर पूनर्जन्म लिनु पर्नें हाम्रो वैकुण्ठ नियमावलीमा उल्लेख. छ ।"

म– 'तपाईंको पक्षपात नगर्नें नीति तपाईंकै स्पेशल नीति हो ?'

यमराज– "मेरो बाबु सूर्यको प्रकाश ठूलो घर स्यानो घर दुर्गन्ध सबैमा परेकै छ । तर धान फल्ने बेलामा एकान्त खेतमा जुनसुकै बेला पनि प्रकाश दिएकैछ त्यस्तै मेरो बहिनी यमुनाले पनि राम्रो नराम्रो सबचीज बगाएकै देख्छु, त्यसकारण हाम्रो

CC-0. In Public Domain. Digitization by eGangotri

बंशमा पक्षपात हुने छैन । यो हाम्रो बंशको स्पेशल नीतिनै सम्झनुस्' ।

म: 'गरुड पुराणको कुनै अध्यायमा पनि मूर्तिचोरको कुरा उल्लेखभएको सुनिन्न । मूर्ति चोरहरूलाई तपाईले छुट दिनु भएको छ भन्ने यहाँ व्यापक चर्चा छ । यिनीहरूलाई डण्ड र पुरस्कार मध्ये कुन चाही दिने व्यवस्था मिलाउनु भएकोछ । मैले यसबारे केही थाहा पाउन सक्छु कि ?'

यमराज: क्यूरियोले घर सिंगारिन्छ, मान्छे सिंगारिन्छ, क्यूरियो पसलले टोलै सिंगारिन्छ भने मन्दिरबाट गायब भएको मूर्तिले अन्तरराष्ट्रियनै सिंगारिन्छ । यस कारण आज भोलीको पेशामा आकर्षक मूर्ति व्यापार ठहरिएको तपाईलाई थाहानैछ । रोगमा डाक्टर इज्जतदार मानिन्छ भने चोरी पेशामा मूर्ति चोरी लाई इज्जतदार मान्न सकिन्छ । त्यसकारण मूर्ति चोरलाई नर्कमा राखेपनि स्पेसल सीटको व्यवस्था मिलाई दिएकोछु । जहाँ किचिङ्ग रुम मिटिङ्ग रुम, बाठ रुम, डिनर रुम, लन्च रुम, स्लीपीङ्ग रुमको लागि अटोमेटिक पलङ्ग, झूल तथा तकिया, सुन्दरी र बिलासिताका अरु धेरै साधनहरूको प्रबन्ध पनि छ । ति व्यक्ति अर्को जनममा ४ थाङ्ग्रा समेत भएको ६ खुट्टे मान्छे भै जन्मनेछन् ।'

म: कुनै देवस्थलमा ऐपर्कातिक अथवा बनभोज गर्दा कसैले

CC-0. In Public Domain. Digitization by eGangotri

छोरीले कसैको छोरालाई उडाएर लग्यो भने नर्क भोग पछि यिनीहरुले कुन योनीमा जन्म लिन पुग्छन? केहि थाहा पाउन सकिएला की ?'

यमराजः 'चोर सिट सहितको होण्डा भै जन्मनु पर्नेछ, दोश्रो जनममा साइकल तेश्रो जन्ममा घोडा र घोडी एकै चपथा जन्मी चौथो जन्ममा टोयोटा कार भै जन्मे पछि पाँचौमा जस्को लागि पनि खाँचो टार्ने साँढे भै जन्मनु पर्नेछ।'

यमराज सित धेरै बेर गफ्फन गरीसकेकोले मैले त्यसलाई चाँडै बिदा गर्ने सुरले अन्तिम प्रश्न सोधें, "टुकुचा तपाईलाई कस्तो लाग्यो ? यमराज जी ! अनि चुहुनेमा थुक्ने देखिन मुतने सम्मको भाँडो बेच्ने साहुले मास्टरको जुनीमा प्रवेश गरी आफ्ना पार्टनर स्टाफहरुको दाना लुटेर खायो भने त्यसको जन्म कुन योनिमा हुन्छ ?'

यमराज पनि यमलोक तर्फ जाने हतारमा भएकोले मेरो यो प्रश्नको उत्तर यसरी दिनु भयो- "खै टुकुचा त पारको कसिङ्गर बच्चा पर्याँसने; डिजेलको झोल बग्ने वैतरणी जस्तो लाग्छो । अनि अर्काको दाना लुटेर मोजमार्न खाउने चोराहरु चाहीं अर्को जन्ममा त्यहीं स्कूलमा बस्ने पालेको लगौटीमा बस्ने जुम्रा भई जन्मिनु पर्नेछ " लौ त मलाई यमलोकतिर सुईकौं हाल्नु परि सक्यो फल बेल बजिसक्यो, तसर्थ बाँकी अन्तर्वार्ता पछि दिन्छु

CC-0. In Public Domain. Digitization by eGangotri

गर्‍ँला र अर्को अन्तर्वार्ता ईन्द्र जात्रामा ईन्द्र महाराजासँग लिंदै गर्नु म जान्छु…है…गुड बाई…ही…आ…आ…' (रांगोको लगाम कस्यो अनि त्रिपुरेश्वर तर्फ प्रस्थान गर्‍यो । ईति …..)

स्वस्ति श्री ईन्टरभ्यू पुराणे यमराज टुकुचा भ्रमण सिल–सिलायाम् नकच्चरा खण्डे अन्तर्वार्ताम् समाप्तम्……

आफ्ना समस्त ग्राहक वर्गहरूमा

हाम्रो विजया शुभ कामना

दि नेपाल स्टेशनरी वर्क्स

कोबहाल, ललितपुर

सन्तोषप्रद छपाई एवं अन्य

स्टेशनरी सामानको लागि

विश्व बन्धु प्रेस

फोन नं. २१–५१५

कोबहाल, ललितपुर

झ्याटे-को कसौटी ठ्यास्पो

卐 नानी राम कार्की– गोरखा

प्रश्नः यो नानीको शीरैमा इन्द्र कमल फूल फुल्यो···?

उत्तरः अब बाबुको थाप्लोमा भंवराले घर बनाउने भयो ।

卐 पन्नाकाजी– चिर्कं अट

प्रश्नः मलाई हाँस्न मन लाग्यो ?

उत्तरः ऐना अगाडि बसेर रुनोस ।

卐 द्वारिका मती–इन्द्रचोक

प्रश्नः केटीहरू देखेर केटाहरू किन लोभिन्छन् ?

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर: तपाईं नलोभिए भैगो नी ! अर्काको किन त्रासो ?

बद्री मान– आगनचोक

प्रश्न: खाए रुच्दैन, रुचे पच्दैन । दिनमा चैन छैन रातमा निद छैन । के भएको यो मलाई ?

उत्तर: कहीं हात उजाइरहेकी हाडी बुढी मैजुले आँखा त सन्काई दिइन !

उत्तम प्रश्न

केदार जोशी– हेलौडा

प्रश्न: आधुनिक केटीहरू फूल हुन् भने तिनीहरूको आमाबाबु ?

उत्तर: आफ्नो सन्तान भाँडिएर गएको देखेर केही गर्न खोज्दा पनि गर्न नसक्ने बिबश जरा ।

+ पुडके दास– वटू टोल

प्रश्न: नकचचरोका द्वय सम्पादकले अस्ति न्यूरोडमा केटीहरूलाई आँखा सन्काएको देखें ?

उत्तर: तपाईं त नेपाली ००७ जेम्स बाण्ड पो रै छ नि गाँठे । तिनीहरूले त कसैले नदेख्ने गरी सन्काएको पो भन्छन् त ।

+ द्वारिका बिलाश– बागबजार

प्रश्न: अम्बर गुरुङले 'मलाई माँचो देउ ! मलाई मरी देउ ! मलाई काटी देउ ! मलाई फाली देउ' भनेर किन गाउनु भएको हैं ?

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर: परिवार नियोजनको दोस्रो पक्षको प्रचार गर्नु भएको होला शायद ।

+ पारस– विराटनगर

प्रश्न: प्रेम अन्धो छ किन भनेको ?

उत्तर: कसले भन्यो प्रेम अन्धो छ भनेर ? प्रेम गर्नेहरू पो अन्धो ।

+ छीरीङ गोपर्मा दार्जिलिङ्ग

प्रश्न: समाजको सञ्चालकलाई नकच्चरो उपाधीले कहिले विभूषित पार्नु पर्ला काजी ?

उत्तर: जब गधा भएर पनि बाघको छाला ओढेर हिंड्न थाल्छ ।

+ सुनिल बज्राचार्य– बङ्गाल

प्रश्न: गाईजात्रा कै दिनमा नकच्चरोको जन्म हुनुको तात्पर्य ?

उत्तर: नकच्चरोहरूको भूँडी नकच्चरो नै बनी खोतलन ।

+ चन्द्रकान्त– पोखरा

प्रश्न: कानोको देशमा के अन्धो बन्नु पर्छ ?

उत्तर: जरूर पर्छ । त्यसैले त हामीले "नकच्चरो रूप धारणम्" गर्नु परेको ।

卐 भक्तै राम– म्हयोखा

प्रश्न: नेपालमा विकासको मूल कतिसम्म फुट्यो ?

उत्तर: कुन किसिमको विकासको ?

CC-0. In Public Domain. Digitization by eGangotri

卐卐 राजेन्द्र दास— ठहिटी

प्रश्न: तपाईंहरूको पहिलो अङ्क गाइजात्रे नकच्चरो खुबै मन पर्‍यो यो पत्रिका पनि अरू जस्तै छिट्टै अन्तर्ध्यान भएर जाने पो हो कि ?

उत्तर: सर्व प्रथम, मन पराउनु भएकोमा मुठ्ठी मुठ्ठी धन्यवाद । यहाँको सुझाव र सहयोग पाएसम्म अन्तर्ध्यान हुने प्रश्नै उठ्दैन ।

卐卐 कुन्दन प्रसाद– लैनचौर

प्रश्न: ऐतिहासिक स्थानहरूको वरिपरी अक्सर गरेर फोहर भएको हुन्छ । कारण तपाईंलाई थाहा छ कि ?

उत्तर: पर्यटकहरूको आँखा नलागुन् भनेरै त होला । ए, हों ! तपाईं पनि अलि बुझक्कडै रहेछ । न···गर भन्ने पञ्चायतको काँधमा सफा गर्ने अभिभारा परेको थाहा हुँदा हुँदै···? के नाम अनुसार काम गर्नु पर्दैन र ?

卐卐 राम प्रसाद– गुच्चा टोल

प्रश्न: राष्ट्रिय पञ्चायतका सदस्यहरू कुस्ती पो खेल्दो रैं' छ ?

उत्तर: जनताको विश्वास पनि त जित्नु पर्‍यो ।

卐卐 भिमसेन जङ्ग– बानेश्वर

प्रश्न: मन्त्री हुन के के गर्नु पर्ला ?

उत्तर: ल्याप्चे देखि धोबी दाउ सम्मको पाठ कण्ठ गर्नु पर्छ !

CC-0. In Public Domain. Digitization by eGangotri

पत्यार नलाग्ने तर साँचो कुरा !

सबभन्दा लामो प्रेम पत्र

विश्वको ईतिहासमा सबभन्दा लामो प्रेमपत्र १८७५ मा लीकुर नामक एक चित्रकारले आफ्नो धनाढ्य प्रेमिका बिलेटोर लाई लेखेका थिए । त्यस पत्रमा शब्द त खाली' Je vous aine' (मलाई तिमी सित प्रम छ भन्ने ३ शब्दलाई मात्र ५६,२५,००० पटक दोहऱ्याई लेखिएको थियो । तर अनौठो कुरात यो छकी यो प्रेमपत्र स्वयं चित्रकारले लेखेनन् । यो प्रेमपत्र लेख्नको लागि एक जना नोकर राखेका थिए। तर जति चोटी यो शब्द लेखिएको थियो । त्यतिनै पटक उनले यो शब्द भन्दै गएका थिए ।

बिहेको भोको

बेल्जीयमँको एडनँबपूत नामक महिलाले तरुनी भए पछिको २३ वर्ष भीत्रमा ६५२ पटक आफ्नो बिहेको कुरा छिन्ने काम र ५३ पटक बिवाह गरिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

लामो नाम

कुनै सम्मानित व्यक्तिको नाम लेख्दा नाम अगाडी १०८ लेख्ने पुरानो चलन छ। तर गुजरातको महाकंथ राज्यको राजा राणाजी श्री पृथु सिंह (१७३२) आफ्नो नाम अगाडी १०८ लेखाएर मात्र सन्तोष मानेन। हरेक सरकारी कागजपत्रमा नाम १०८ वटानैं लेखाउने गर्थ्यो साथै दरबारीहरूले उनको आगाडी आफ्नो बोल्नु पर्दा सबैं भन्दा पहिले उनको नाम १०८ पटक नै दोहऱ्याउंदै लिनु पर्थ्यो।

लामो नङ्ग्र जुंगा

संघाई निबासी एक जना चिनीया पुजारीले २७ बर्ष सम्म आफ्नो हातकोनङ्ग पालेर २३ इन्ची सम्म लामो पारेका थिए।

यस्त मलाया का ए. मलयाङ्गीरले आफ्नो जागीरलाई लात मारेको कारण के थियो भने उनको ६४ इन्च लामो जुंगा उनको अफिसमा कि त जुंगा खौर हैन भने जागीर नै छोड भन्ने आदेश हुंदा आफ्नो प्यारो जुंगा को ईज्जत थाम्न जागीर छाड्ने त्याग पत्र दिए।

यसरी नैं १०४ ईन्चको जुंगा हुने काठीयाबाडि प्रदेश भारतका देवुर अर्जन डाँगरले अमेरिकामा आफ्नो जुंगाको प्रदर्शन गरी प्रसस्त धन कमाएका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

१ सेकेण्डको हिसाब

'४२१०५२६३१५७८९४७३६८'

यो मायीको हिसाबलाई दोब्बर गर्न तपाईलाई कति बेर लाग्ला? धन्दा नमान्नोस १ सेकेण्डमा तपाईले यसलाई दोब्बरबनाउन सक्नु हुन्छ। अचम्मको बुद्धि म सिकाउछु, खुसुक्क कानमा भन्छु, सुन्नोस सब भन्दा पछिल्तीरको अंक ८ लाई सबभन्दा अघिल्तीर लगेर राखी दिनोस' ठ्याकै दोब्बर भई हाल्छ नपत्याए मजाक खियाउनु होस ।

एक गिलास पानीको मोल

नेरोको समयमा साधारण एक गिलास पानीको ६००० डलर लिन्थ्यो ।

सूचना

यस अङ्कमा प्रकाशित सबै प्रतियोगिताहरूको कुपन कार्तिक १५ गतेसम्ममा 'नकचरो" सम्पादकको हातमा परी सक्नु पर्नेछ। पुरस्कार परिणाम चाहीं साहीलो नानीले बोकी आउने छीन्। प्रतिक्षा गर्दै बस्नु होला। हाम्रो गाइजात्रे अङ्कको स्थायी स्तम्भ-हरुको म्याद पनि ऐ मिति सम्मनै बढाईएको छ । —सम्पादक

CC-0. In Public Domain. Digitization by eGangotri

मतलब सोच्नुस, बुझेर दंग पर्नोस् !

बुवा– (छोरालाई हप्काउँदै) तेरो उमेरमा त केनेडीले कतिका पढिसकेका थिए बुझिस् । तर तँ……

छोरा– (बीचैंमा) बुवाको उमेरमा उनी गोली खाएर चिहानमा लेटिसकेका पनि थिएनन्‌ नी । हैन बुवा ?

卐 卐 卐

मास्टर– (विद्यार्थीहरूलाई सम्झाउँदै) बुझ्यौ बाबु हो ! चाइनेजो हाम्रो पालो रात रातभर चाइनेजो जाग्राम बसेर भगवानको चाइनेजो भस्तुती गरेर बस्दथ्यौं । तर चाइनेजो आजकालका ठिटा ठिटीहरू चाइनेजो …… आठ नौ बजम पाएको हुन्‌… चाइने बो……

एक विद्यार्थी–(बीचैंमा) धन्दा नमान्नुस गुरु ! रेडियो नेपालले राती दश बजने बेलामा 'ब्युझ हे' 'जाग हे' अनि के के 'नेपालीहरू हो' भन्दै ढ्वाङ्ग फुक्न थालेको छ । अब त सबै जाग्राम बसी हाल्लान नी ।

卐 卐 卐

बिदेशमा व्यापार गर्न हिंडेको व्यापारीले हप्ता हप्ता दिनमा आफ्नो श्रीमतीलाई तार पठाउँदो रहेछ, यसरी 'माल किन मेल

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछु । केही दिन पछि फर्कने छु ।' धेरै दिन बिति सक्दा पनि श्रीमान् नफर्केको हुँदा श्रीमतीले पनि तार पठाई दिएछ, यसरी 'छिट्टै फर्कने भए फर्क, नत्र तिमीले त्यहाँ किन मेल गरी राखेको माल मैले बेची दिन लागें ।' यो तार पाउना साथ व्यापारी हान्नीएर घर आइपुगे छन् ।

卐 卐 卐

एकजना साहु जो पैसा भने पछि हुरुक्कै हुन्थे, पत्रिका हेर्दै थियो । पत्रिकामा बजार भाउ खसेको कुरा पढ्दै आफ्नो स्टक धेरै भएकोले बेच्ने विचार गर्दै थियो, त्यही बेला नोकर दौडदै आई भन्यो–

नोकर– मालिक ! मालिक ! मालिकको भरेङबाट लड्यो ।

मालिक– [झस्कदैं] लौ राख्नु भएन त्यसो भए ! झट्टै बेची देउ ! गई हाल ।

धत्त.........नकच्चरो

पति– हैन प्रिय तिमी झन झन मोटाएकी कसरी ?

पत्नी– हजुरको माया पाएर नी !

पति– साँच्ची तिमीलाई ख्वाप्पै ख्वाई खाई दिउँ दिउँ लाग्यो ।

पत्नी– धत्त कस्तो नकच्चरो हजुर त ? धो !

केटीहरू नकच्चरी कहिले बन्छन ?

बिबाह नगरे सम्म लज्जावती, बिबाह गरेको केही महिना सम्म अझ लज्जावती । एउटा बच्चा जन्म्यो कि लज्जावतीमा केही मात्रामा कमी, अनि दुई तीन बच्चा बच्ची भएपछि नकच्चरी ।

काम कुरो एकातिर ! कुम्लो बोकी साँखु तिर !!

एकजना गाउँले प्रतिष्ठीत व्यक्तिले 'सम्झौता हुन सके स्थिति मिलाउँला, नसके छोडी दिउँला' भन्न खोज्दा आफ्नो गाउँले स्वभावको कारणले गर्दा यसो भन्न पुगेछ 'सम्झौटा हुन सके ठटी मिलाउँला, नसके छोरी दिउँला' ।

साप्ताहिक

जन्मभूमि

निस्कनासाथ पढि हाल्नु पर्छ

पत्रिका जगतमा अर्को

कम्मर कसाइ......

रश्मि

[साप्ताहिक संकलन] शिघ्र प्रकाशित हुँदैछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

समस्त ग्राहक वर्ग'मा

हाम्रो

विजया शुभ कामना

भगवति मोटर वर्कस

(पुरानो, बिग्रेको नपाईको बुढो गाडीलाई रेडिमेड औषधोपचारले तन्नेरी बनाउने एक मात्र मोटर मरम्मत कारखाना)

परीक्षा प्रार्थनीय !

क्षेत्रपाटी – इखा पोखरी निर

फोन नं० ११-९२८, काठमाडौं

बिजया दशमीको हार्दिक

मङ्गलमय शुभकामना

नेशनल पानासोनिक रेडियो, टेपरिकर्डरको

लागि सम्झनु होस

सोल एजेण्ट

श्रीमती टे्डिङ्ग कम्पनी प्रा. लिमिटेड

धाख्वा बिल्डीङ्ग, दोश्रो तल्ला

६/६५, धर्मपथ, काठमाडौं

फोन नं० ११६१०

समस्त पाठकवर्ग सहयोगी

तथा

शुभ चिन्तकहरूमा

विजया दशमीको शुभ उपलक्षमा

"नकच्चरो"को

हार्दिक मंगलमय शुभकामना

[illegible] नकच्चरोहरूलाई नचाइकन राख्नु भन्दा [illegible]
तपाईंहरूलाई मनोरञ्जन दिलाउने

'नकच्चरो'

[हास्य व्यंग्य सामयीक संकलन]

लाई

व्यङ्ग्यात्मक लेख, कविता कार्टुन र विज्ञापन समेत
लिइ ठेलो लगाउने महत्वपूर्ण जिम्मा
तपाईंहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

विजया अंक

२०२६

CC-0. In Public Domain. Digitization by eGangotri

२०२९ साल

बिजया दशमीको

महान उपलक्ष्यमा

सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कृषि खरीद बिक्री संस्थान परिवार

फोन नं. १३४९७

CC-0. In Public Domain. Digitization by eGangotri

रश्मि

(साहित्यिक सामयिक संकलन)

प्रथम वर्ष कार्तिक ०२९ प्रथम किरण

सम्पादक मण्डल

असोक सायमी भोला बिक्रम अधिकारी
तीर्थराम श्रेष्ठ राम प्रसाद हाडा

प्रकाशक,
'रश्मि' प्रकाशन

सहयोगीहरू
नारायण दास मानन्धर
सुदर्शन राज वन्त
कन्हैया कुमार 'घायल'

कार्यालय,
'रश्मि'
(साहित्यिक सामयिक संकलन)
२४-मखन
(होटल के. टी. मित्र)
काठमाडौं

मूल्य रू. -१।५०

शुभ विजया अंक

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ उपलक्षमा

समस्त ग्राहकवर्गहरूमा

सुख शान्ति एवं समृद्धिको

कामना गर्दै

YAMAHA YAMAHA

YAMAHA

१९७२ मोडेलको १२५ सि. सि.

१०० सि. सि. र ८० सि. सि. को

मोटरसाईकल

चाँडै आउदैछ

प्रतिक्षा गर्नुहोस

भाजुरत्न एजेन्सी प्रा. लि.

फो. नं. १४६०८

बिक्री केन्द्र

बागवजार

काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादक मण्डलको आवाज

नेपाली साहित्यिक पत्रिका जगतको बाढीमा यो "रश्मि" को पहिलो किरण तपाईंहरूको सामु देखा परेको छ तर बाढी संगसंगै अस्तित्वहीन भएर जाने छैन — हाम्रो विश्वास छ। हामीलाई खुशी लागेको छ — विजया-दशमीको शुभोपलक्षमा "रश्मि" को प्रथम अंक यहाँहरू समक्ष प्रस्तुत गर्न सकेकोमा, गौरव पनि गर्दछौं। यहाँहरूको [illegible] जन-पीडा प्रस्तुत गर्नु सिवाय यस संकलनको अर्को उद्देश्य हुने छैन। नेपालका प्रत्येक पहरा, कन्दरा एवं छांगाहरूका व्यथित प्रतिध्वनि प्रस्तुत गर्न पाउनु यस संकलनको अहोभाग्य हो। वंश परम्परागतानुसार उच्च मूर्तिलाई पूज्नै पर्दछ भन्ने पक्षमा हामी छैनौं — वरू निम्न जनका विवशता एवं बाधाहरू अनि लाचारी तथा व्यथाहरू साहित्यिक रूपमा फैलाउने चेष्टा गर्दछौं चित्त नबुझ्दो सामाजिक अन्धविश्वासी धारणा-हरू तथा सामन्ती प्रथाको विरोधमा प्रस्तुत संकलनलाई हामी सकेसम्म अघि बढाउने छौं। विभिन्न प्रकारका सामाजिक अपराध एवं कुकृत्यहरूको मनोवैज्ञानिक अध्ययन एव विश्लेषणलाई हामी दिनेछौं। साहित्यिक पक्षमा भने, [illegible]कृष्ट रचनाहरूलाई "रश्मि" कुनै हालतमा पनि मान्यता दिने छैन तथा जन बोली बोल्ने नवोदित साहित्यकार साथीहरूलाई उचित प्रोत्साहन दिन हामी कदापी भुल्ने छैनौं। प्रस्तुत संकलनलाई अझ कति सिगार्न चाहेका थियौं तर विभिन्न बाधाहरू संगको संघर्ष पछि मात्र यस्तो रूपमा प्रस्तुत गर्न सक्यौं — हामीलाई यसैमा सन्तोष छ।

हाम्रा सहयोगी मित्रवरहरू तथा विज्ञापन दाताहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। भविष्यमा अन्य साथीहरूबाट पनि यस्तै सहयोग पाए "रश्मि" झन् तेजिलो प्रकाशवान भएर अनन्त गगनमा देदीप्यमान भइ रहनेछ — हामी विश्वाश दिलाउन चाहन्छौं।

अन्तमा, ०२९, विजया दशमीले मानव मात्रमा सत्य एवं यथार्थको निमित्त विजयाको शंख फुक्ने शक्ति प्रदान गरोस्! यही नै हाम्रो हार्दिक शुभ-कामना छ।

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

कविता

कर्म	बालकृष्ण सम	१
म मेरं वरिपरि	प्यासी	६
भोलिको अनिश्चित जिन्दगी	सुश्री सरस्वती तिमिल्सीना	११
शेलीको एक कविता	अनु० बिक्रम	१६

कथा

विजय यो पराजयको	विश्वम्भर प्याकुर्याल	३
टिठ लाग्दो अनुहार	सूर्य सुवेदी	१३
एक प्रश्न – आफैंसंग	केशर	२६

लेख निवन्ध

नमस्कार	इमिज	७
विश्व ओलम्पिक–एक परिचय	रघुराज वन्त	२१

समालोचना

नेपालमा अंग्रेजी अध्यारन	जनकनाथ प्याकुर्याल	३२

हास्य बयंङ्ग

न्यूरोडको हिरो	राडेक रहडनानम	१०

○

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म

—वालकृष्ण सम

कहिले मनमा आशा उदाउँछ ;
धेरै उत्साहित साधन पाइन्छन् ;
उस्तै साथी भेटिन्छन् ,
उज्यालोको सफेदा लाउन न सकिने
कुनै अध्यारो पट देखिन्न ,
हार्दिक बगैंचा प्रफुल्लित हुन्न ।
कहिले मनमा बादल उठ्तछ ,
दशै दिशामा कोला राक्षस
मुख बनाइरहेका देखिन्छन्
जतातते निराशाका बन्दढोका गर्जन्छन् ,
कतै केही मिल्दैन,
कतै कोही मिल्दैनन् ।
यस्तै घाम छाँयाको बीचमा
वतास को बती जस्तै
लफपकाउंदै मरोधु हुंदै उवसदै तटपटाउंदै

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन खर्च हुंदै जान्छ,
अनि एक दिन सिद्धिन्छ ।
यस्तो छोटो अवधिमा पनि
के हुन सक्छ र के गर्नु
भन्ने पनि सुख दु:ख, भोग्दै
निभ्दै निभ्दै जांदैछन्,
अवधि सारै छोटो हुनाले
मरी मेटी केही गरौं
भन्ने पनि दु:ख सुख भोग्दै उस्तै गतिले मर्दैछन् ।
तर यस संसारमा आज हामीले जति पाउंछौं
गरेर मर्नेहरुको प्रेम
कृतकार्यभई बांचको हो ।

२०११ वैशाख

त्यो अभागी हो जो जीवनमा एक पल्ट पनि कचि बनेको छैन।

'लभर टार्डन्'

CC-0. In Public Domain. Digitization by eGangotri

विजय यो पराजयको

— विश्वम्भर प्याकुर्‍याल

उ आज आफ्ना अधिकतम बल प्रयोगगरी महल भत्काउँदैछ । पिकका प्रत्येक ठोकाईमा उ त्यहाँ आफ्ना विद्रोहहरू खोपेको अनुभवगर्छ । एक घंटा, दुई घंटा, तीन घंटा, चार घंटा, पाँच घंटा ...... एकनाशसंग उ पिक चलाउँदैछ । ज्यामी नाईकेका आरामका निम्तिका कयौं अनुरोध उ सुन्दै सुन्दैन । टंटलापूर घाम, चर्कंदो गर्मी । निथ्रुक्क भिजेका उसका शरीर हेर्दा पानी बर्सेको प्रतीत हुन्छ । उसको परीश्रमको यही क्रमले जब सीमा उछिन्छ, सारै कमजोर भएर पछारिन पुग्छ । दुःख, आश्चय र उत्सुकता लिएर सारा कामदारहरू उ वरिपरि झुम्मन्छन् । धरै वेरपछि आँखा खोल्छ । उसलाई अत्यास लाग्छ । त्यहाँ रहनु उचित नसम्झेर उ कोहीसंगपनि नवोली विस्ता–विस्तार अघि बढ्छ ।

उसले जीवनको आधा भन्दापनि बढी समय संघर्ष गरीसकेको छ । बेलावेलामा असन्तुष्टीहरूले जब उसलाई 'हाउ' गरेर तर्साउँछन् त्यसपछि उ अझ संवेदनशील हुन्छ । आफ्ना स्वतन्त्र परियोजनानुसार कामगर्दा उ

CC-0. In Public Domain. Digitization by eGangotri
असफल हुन्छ । अनुभवीका अर्तीनुसार कामगर्दापनि उ असफल हुन्छ। यिनै असफलताका मारले उसलाई प्रत्येकदिन विहान र रातको उल्ल्याई सहनुपर्छ । उसलाई प्रायश्चित्त हुन्छउ ज्यामीहुन जान नहुनेभनि । छाप्रो वनाउन नसक्ने मान्छेलाई महल भत्काउने के अधिकार ? उसलाई आफ्नो हातदेखि लाजलाग्नथाल्छ जो आफ्नानिम्ति एक कुन्यौ राम्रो जोड्न सक्तैनन् । गोडादेखि अठ्यारो लाग्छ जो आफ्ना अस्तित्वको जगलगाउन उचित ठाउँमा पुग्न सक्तैनन् । आंखादेखि धक लाग्छ जो वास्तविकता चिन्न सक्तैनन् ।

केही समयपछि उ खेत जोत्ने काम पाउँछ । उसलाई लाग्छ–उजस्ता व्यक्तिलाई यो उपयुक्त काम हो । उ रमाउँछ । विहान कुटो, कोदालो लिएर निस्केपछि आधीरातमा फर्कने गर्छ । आफ्नो पेशादेखि ज्यादैनै सन्तुष्ट भएकोले उ चाँडैनै खेतालाका सही जीवनको धेरैनै नगीचपुगेको महसूस गर्छ । विस्तार–विस्तार आफूले स्याहार गरेका खेत संग उसलाई मान्छे संग भन्दा वढी विश्वास लाग्छ ।

रहर लाग्दा धानका पोटीलाहरूलाई नरमहातले सुमसुम्याएर उ धेरै पटक म्वाई खान्छ । कलीला वुटाहरूका स्पर्शगरेपछि उसलाई मीठो अनुभूतिले समात्छ । तिनका अँगालोमा आफूलाई त्यसरी हराए-पछि उ विर्सीसकेको कान्छीको गन्ध त्यहांका हरेक कुना-कुनावाट आएको अनुभव गर्छ ।

धान काट्नेवेला हुन्छ । धान काट्दा गाएका गीतहरू हावाका झोंक्कासंगै टाढा–ढाटावाट आएको सुनिन्छ ! उसलाई खुशी लाग्छ–

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गीत गाएर त उसले कान्छीसंग प्रेम गरेकोथियो । उ झल्झल्ति अतीत कोट्याउन थाल्छ । आंखा आंशुले भरीन थाल्छ । उ दृढहुन्छ–उ अब हिम्मत गरेर कान्छीलाई भित्र्याउनेछ । धान छिट्छिटो काट्छ यसरी विस्तार-विस्तार गरेर आफ्नू भागको सारा धान उ काटीसक्छ । धान भाग लाउने वेला हुन्छ । त्यसप्रतिको वढी स्नेह र कान्छी भित्र्याउने लालचले उ त्यसोगर्न चाहन्न । अस्वाभाविक सोंचाई भएकोले उसले भाग लाउनैपर्छ । उसको मुटु काटिन्छ । वेला हुन्छ । हकवाला आउँछन् । भाग लगाउने तरीकामा ठूलो मह भिन्नता आउँछ । पहिले नगरेको अनुवन्धको पश्चाताप दुवै थरीलाई हुन्छ । उ अधियारी नचाहने । हकवाला त्यसै चाहने । यसरी जव समाप्त नहुने वहस वेसरी चर्कनथाल्छ उ धैर्यतालाई लत्याएर आफ्ना अधिकारलाई वलिदानगरी त्यहांवाट उछिटिन्छ ।

उ यसरी लम्कँदैछ–मानो उ एउटा महत्वपूर्ण लक्ष्यको आजुखाने प्रतिस्पर्धाको एक प्रतियोगी हो । उसको अहिलेको लम्काई र महल फोडाई-मा केही अन्तर देखिदैन । उ सारैनै स्वाभीमानि छ त्यसैले उसका क्रियाकलाप सतहवाट अध्ययनगर्दा केही भद्दा देखिनसक्छन् । उ हिड्दा हिड्दा थलेर एकान्तमा एउटा चउरमापुगेर निदाउनपुग्छ । उ सपना देख्छ– उ फेरी महल फोड्दैछ तर पैलेको जस्तोगरि हैन । केही क्षण-विश्रामगरी, केही क्षण काम गरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

म मेरै वरिपरि

— प्यासी

आजै तिम्रो मुसेलीमा रोकिएकी छु म
हृदयको मूल फुटी पोखिएकी छु म

जानूँ म के कुन सट्को तिमी ममा पस्यौ
मबाट म निकालेर आफू ममा बस्यौ
चारैतिर मलाई म देख्छु जताततै
तिमी चाहिँ भित्रभित्रै पुग्यौ कताकता

मेरो मात्रै भन्नु दिल मसँग जो छुट्यो
धरतीको साथ लागी आकाशले लुट्यो
अब ममै कैले पनि नसाँचिने गरी
भरिएकी रहेछु म मेरै वरिपरि

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको सुखद उपलक्ष्यमा
समस्त ग्राहकवर्गहरू प्रति
हार्दिक शुभ-कामना चढाउदै

पुष्पांजली

प्रस्तुत गर्दछ

क्याली जेम, क्याली सिन्थ, क्यालो निट, क्याली
कट, भ्वायल, प्रिन्टेड कपडा भुवादारो तथा
अन्य विश्व प्रसिद्ध क्यालीको मिलसका
उच्चकोटीका कपडाहरू को
लागी एक चोटी अवश्य
पाल्नु होस् ।

पुष्पांजली
अधिकृत बिक्रेता क्यालीलक्रथ
जुद्धसडक
काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ विजया दशमीको सुखद उपलक्षमा
समस्त ग्राहकवर्ग एवं शुभेच्छुकहरूमा

कागज कोठी

सुख, शान्ति एवं समृद्धिको लागि
शुभ-कामना व्यक्त गर्दछ ।

कागज कोठी
न्यूरोड

यहांहरूको ढुवानी समस्याको लागि
सम्झनु होस

नेपाल क्यारियर्स प्रा. लि.

फोन. नं. ११९०१, १४१०९ इन्द्रचोक
काठमाडौं

शाखाहरू–कलकत्ता, वम्बै, डिल्ली,
परसा, जालन्धर, मुजफरपुर, कानपुर,
विराटनगर, धरान, वीरगंज, हेटौंडा,
भैंरहवा, पोखरा, नौतनवा ।

CC-0. In Public Domain. Digitization by eGangotri

नमस्कार

—इभिज

केटोहरूका नमस्कार पाउँदा पाउँदा वाक्क भइसकें। विहान ६ बजेदेखि साढे नौ बजेसम्म करीब एकसय नमस्कार फर्काउँदा हातसम्म थाक्छन्। यसैले अध्यापन पेशा पनि लूतो झैं भइरहेछ। कहिले कहीं राम्री केटीले मुसुक्क हांसी नमस्कार गर्दा त मेरो थेप्चो नाक घिरौला झैं घोर्लिन्छ। तर सधैं नमस्कार गरिरहेको विद्यार्थीले एक दिन नमस्कार गरिनन् भने वेलुकासम्म पनि कहां कहां. बिझ्दछ, मनमा अनेक तर्क चल्छ– "न मैले उनलाई वेन्चमाथि उठाएकोले हो कि नमस्कार नगरेको।"

विहान "माष्टरसाप" दिउँसो "सम्पादकसाप", वेलुकी पनि 'माष्टरसाप" फेरी मौका परेमा लेखकसमेत बनिटोपलेको त के चाहियो र? नमस्कार मात्र जम्मा गर्न सकेको भए नेपाल बैंकको "सेफ डिपोजिट भल्ट" भरिंदो हो।

दिनमा "जागिरे सम्पादक" भएकोले टाईफुइकासाथ हिंडिन्छ। कहिले दायाँ हात उठाइन्छ भने कहिले बायां, केही ठेगान हुदैन। आफूलाई नमस्कार गर्नेको जतिको तांती छन्, त्यति नै आफूले नमस्कार

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नेको तांती छन् । तर एक जना उच्चस्तरका व्यक्तिले मेरो नमस्कार-लाई नमस्कार नगरेको देख्दा म त छक्क परें । त्यस व्यक्तिले देखेनन् कि भनि पुनः नमस्कार गर्दा पनि अह वास्ता नै गरेको होइन। अनि मेरो मनमा के लाग्यो भने ती व्यक्तिले यूरोपको सेरोफेरो निलेकाले नमस्कार नफर्काएका हुन् कि भने झैं लाग्यो। आफ्नो सामो हात लम्काउं कि झैं लागेको थियो तर वीचमा नै रोकियो । कुनै कुनै व्यक्ति भने नमस्कार लिन तृषित नजरले हेर्दछन् । नमस्कार गर्ने बित्तिकै मुसुक्क हांसी "भर्खर तपाईंको बारे माथि कुरा भएकी थियो", "मैंले पनि हाकिमलाई भनि दिएको छु" भनी शान्त्वना दिन्छन । मवाट स्थीररुपले नमस्कार पाउने प्रतीक्षा गर्दछन् । नमस्कारको चमत्कार पनि गजवको छ । अपरिचित व्यक्तिसंग काम लिदा पनि नमस्कार नै चाहिन्छ । नमस्कार गर्ने वित्तिकै नून खाएको कुखुरा झैं निहुरन्छन्

नमस्कार पनि विभिन्न किसिका छन् । कुनै सलाम गरे झैं गर्दछन्, कुनै धारे हात लगाउंदछन् भने कुनै दुबै हात जोड्दछन् । आधुनिक लेखकका भाषा, शैली तथा बिचारहरू फरक भए झैं नमस्कारमा पनि फरक फरक भएका छन् । "गूड मर्निग" र गूड एफ्टरनुन" को जमानामा "नमस्कार भन्नुको साथसाथै हातसमेत जोड्दा दोहरो खर्च भएको महसूस हुनु पनि स्वाभाविक हो ।

म एक ठाउंमा ट्यूसन गर्थें । मेरी शिष्य दिउंसो कलेजमा पढ्थइन् । उनले मलाई कहिले पनि नमस्कार गर्थिनन्, यसैले एक दिन "नमस्कार" निबन्धको बूंदाहरू टिपाउंदा उनले आफ्नो कलेजको

CC-0. In Public Domain. Digitization by eGangotri

प्राध्यापकको बानी बताइन् "यस सर" नभनी "यस" भन्नु पर्ने, प्राध्यापक कक्षाभित्र पस्दा उठ्न नपर्ने, नमस्कार गर्न नपर्ने आदी नियम रहेछन् । मं त छक्क परें । आफु त नमस्कारको भोगी नै छु । यसैले परोक्षरूपले विद्यीर्थीलाई सल्ला, दिएं "नमस्कार नेपालीहरूलाई धेरै महत्वपूर्ण छ, यसैले आफ्ना आदरणीयहरूलाई नमस्कार गर्नु वान्छनीय छ ।" तर तिनले मुसुक्क हांस्दा भने मलाई कता कता बिझ्यो ।

वेलुका पनि ट्यूशन पेशा भएकोले नमस्कार साथसाथै कहिले कहीं मेहरबान्द खानासमेत आइपुग्थ्यो आफ्नु त जीउ पातलो, के गर्नू ? खाने कुरां देख्ने वित्तिकै बुकर टी वासिंगटनको चिन्नो रसाएझें भईहाल्छ । खाना खाने पाउने र वक्सिस सपात पाउने ठाउंमा त नमस्कारको पनि वास्ता हुदो रहेनछ । मेरा एक दुइ जना शम्शेर र शाह बाबूसाहेब मित्रहरू छन्, तिनीहरूलाई कहिलेकहीं नमस्कार नगर्दा ठुस्केका पनि छन् ।

नमस्कार वर्षा ऋतुको बर्षा झैं वर्साउन सकेमा काम तमाम हुन केही बेर लाग्दैन । तर आजकालका केटा र केटीद्वारा नमस्कार पाऊनु त अहो भाग्य हो । काम छउन्जेल दश पटक पनि "हो सर" भन्दछन्, काम सकिएको भोलिपल्टदेखि टाउको बटारेर हिंड्छन् । त्यसवेलाको चित्तदुख्दो कुरा संझने हो भने, के र...... ?

नमस्कारको महत्व स्कूल र कलेजमा भन्दा पनि विश्वविद्यालय र कार्यालयहरूमा हुंदोरहेछ । विश्वविद्यालयमा प्राध्यापकका गोडा मिच्न सकेमा "आफूले चिताएको काम पट्दछ" भने कार्यालयमा

CC-0. In Public Domain. Digitization by eGangotri

हाकीमहरूलाई नमस्कार गर्न सकेमा र सम्मान गर्न सकेमा नियमले जेसुकै होस् नमस्कारकर्ता बढुवा भइहाल्छ । नमस्कारको अगाडि नियम रद्दीको टोकरीमा उत्तानो परेर पल्टन्छ । "फलाना कसरी बढुवा भयो ?" भनि प्रश्न गऱ्यो भने स्वतः उत्तर आउँछ– "ऊ त विहान आउनासाथ पर्दाभित्रको हाकिम साहेवलाई अभिवादन गर्छ, थाहा छैन ?" आजकलका हाकिमहरू पनि राणा सरकारका हाकिमहरू भन्दा कमका छैनन् । नेपालमा स्वस्तीको चलन हटे पनि अझ एक शताब्दीसम्म पनि नमस्कारले चमत्कारको काम गर्दछ । "नमस्तुते नमस्तुते नमस्तुते नमोनमः ।"

अतः जसले हाकिमलाई नमस्कार गऱ्यो, त्यसले प्रमोशन पायो, जसले सम्पादकलाई नमस्कार गऱ्यो, त्यसको लेख छापियो, जसले माष्टरसाहेवलाई नमस्कार गऱ्यो, त्यसले वढी अंक पायो, जसले सिनेमा हलका मालिकलाई नमस्कार गऱ्यो, त्यसले भने जति टिकट पायो। धन्य नमस्कार, धन्य नमस्कार, धन्य नमस्कार । तेरो नमस्कारको चमत्कारले नेपालका विज्ञहरूलाई समेत झुक्क्याएकोमा मेरो पनि तँलाई नमस्कार छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिको अनिश्चित जिन्दगी

–सुश्री सरस्वती तिमिल्सीना

भोलिका दिनहरूमा - ......
न निश्चय नै छ जिन्दगीको
किनकी,
छोप्ला बादलले किरणलाई,
निलिदेला अंधकारले मानवका आशहरूलाई,
रोकिदेला कालले हृदय गतिलाई,
अनि,
हाम्रा क्षणिक जीवन
कता कता बिलाएर गुम भै दिन्छ ।
त्यसैले यो स्वच्छ दिवामा
आदर्शमा लुट्पुटिएका आकांक्षाहरूलाई
साकार गर्नु पर्छ ।
'भोलि गरौं' भन्ने भावनालाई

CC-0. In Public Domain. Digitization by eGangotri

त्यागिदिन सक्नु पर्छ ।
झुठो सान्त्वनालाई
अस्तित्वहीन मुर्दा ठानी
चुपचापसित लत्याइदिनुपर्छ ।
काटमारलाई पन्छाइ
आधारित भावनाहरूलाई
नदीको शान्त बेगले झैं
क्रन्दन, चित्कार, आँसुलाई वहाइदिनुपर्छ ।
किनकी,
भोलिको सूर्योदय सँगै
हाम्रा स्वर्णिम कल्पनाहरू सेलाउन सक्छन् ।

शंका–उपसंका मात्र गर्ने बानीलाई छाडि देश निर्माणको काममा पसिना बगाउन सिकौं । यहीनै समयको माग पनि हो"

–श्री ५ बीरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

For all kinds of

Presentation Articles

&

SPORTS GOODS

Please Remembes

Moti Man Ratna Man

17 Judha Sadak
Kathmandu
Nepal

Phone No. 11470

CC-0. In Public Domain. Digitization by eGangotri

बिजया दशमीको सुखद उपलक्षमा
विशेष सम्झनु होस्

श्री ५ सरकारको स्विकृत प्राप्त

बिष्णु सर्ट हैंण्ड एण्ड टाईपिङ्ग ईन्ष्टिच्यूट
भोटाहिटी काठमाडौंमा

अंग्रेजी, नेपाली आधुनिक तवरले सरकारी कार्यालयहरुमा समेत गर्नु पर्ने विशेष काम सम्बन्धी पनि ट्रेनिङ्ग लिई सर्ट हैंण्ड टाईपिङ्ग सिक्न सम्झनु होस् ।

बडा दशैंको उपलक्षमा शुभ-कामना सहित राम्रो तथा आधुनिक सिलाईको लागि सधैं सम्पर्क राख्नु होस् ।

फ्रेण्डस टेलर्स
न्यूरोड (इन्दिरा रेष्टुरा अगाडि)

बडा दशैंको शुभ-उपलक्षमा तपाईहरूको सुबिधाको लागी हिन्दी, जासूसी उपन्यास र फिल्मी पत्रिकाको लागी याद राख्नु होला ।

एस. पी. बुक सेलर
रञ्जना हल अगाडि ८/३१३ न्यूरोड

CC-0. In Public Domain. Digitization by eGangotri

टिठ लाग्दो अनुहार

–सूर्य सुबेदी

ठूलो स्वरमा ह्वां ह्वां आवाज आइपुग्छ मेरो आधा निदाइ राखेको कानमा । म झसङ्ग भए त्यस तीखो रूवाईमा । कस्तो सुरिलो आवाज थियो त्यो । सायद त्यो हर्ष गीत भए त्यति तीखोत अवश्य नै पनि हुने थिएन होला । त्यो हाँसो भए हावासंगै लहर भएर पनि केही त हराउने थियो होला । अपशोस ! त्यो शोकगीत थियो त्यसैले त्यो आवाज त्यति बिघ्न तीक्तता बोकेर आयो मेरो कानमा ।

हिजो म च्यान्टीको घरमा गएको थिएँ, च्यान्टीलाई हेर्न । च्यान्टी आफ्नी मृतसैयामा परेकी आमाका दाहिने पट्टि छेउमा बसिराखेकी थियो । च्यान्टीका आंखाबाट केही नुनिला थोपाहरू खसिरहेका थिए मानो तिनीहरूमा दर्दको गहिराई अभिव्यक्त भै रहेको थियो । आमालाइ केही माडका थोपाहरू चम्चाले खुवाई रहेकी थियी च्यान्टी । च्यान्टीका आमाका आंखा तनन्ततिर भाग्न चाहन्थे जहां कसैको हेर बिचार नहोस । जहां मर्न लागेका, मरेका र बांच्न चाहेका कसैलाई पनि खानाको जरूरत नहोस ।

...ता च्यान्टी भनें उहीनै दाउमा बसि राखेकी थियी, केवल आमा-लाई एक, दुई चम्ची माड पियाउने सुरमा । च्यान्टीको आंखाबाट आंसुका

CC-0. In Public Domain. Digitization by eGangotri
घुडकाहरू थाहैं नपाइ चम्चोमा खसे थर्मामिटर फुटेर पातमा गुडुल्कन थालेको पाराझैं। च्यान्टीका यी आँसुहरू उस्का आफ्नै थिएनन् वास्तवमा च्यान्टीकी आमाका रगतवाट बनेका आंसु थिए। उस्की आमा सुक्न थाहान्थी, अब यो पृथ्वीबाट कहिल्यै नपग्लने दर्शन ढुङ्गा झैं भएर। उस्का आंखा च्यान्टीलाई खुब नियालेर हेरिराखेका थिए मानो उ अब उस्का आंखाको तेज पनि च्यान्टीमानै सारिदिन चाहान्छे। त्यसैले च्यान्टीको आंखाका दुवै नानीहरू रसाईरहेको थिए।

च्यान्टीले मलाई हिजो मात्रैं बताएकी थियी उस्की आमा "विरामी भएको एकबीसैं पाँच दिन भएको थियो। झांक्री माइलाले सगुन बिग्रिएर सान्ही पारेको एकजोर कुखुराका चल्ला मुन्साउनु पछ भनेको थियो। डाग्डर वाबुलाई भन्दा हेर्नलाई पचास चाहिन्छ भनेर हेर्नने आएनन्। पल्लाघरे गोरे दाइले सुकेको लक्षण भएको कुरा बताएको थियो। च्यान्टीकी आमा खुबै मासु खाने मनछ भनेर ४ दिन अगाडिसम्म खुब कचकच गरी राखेको थियी। घरमा एक अधियां बाख्री पनि पालेको थियो च्यान्टीले साहुका घरबाट ल्याएर। त्यही बाख्रीको दूध दुएर पनि केही दिन त ख्वाई आमालाई च्यान्टीले। 'पाठासपार्न भनेर वाख्री अधिया दिएको त खुब त्यसकी आमालाई पो ख्वाइदि रहिछे भए बजिनीत' भनेर साहुकी छोरीले बाख्री लगेका दिनदेखि च्यान्टीकी आमा सिकिस्त भएकी थियी।

कति मुटु छुने थिए च्यान्टीका बिलौनाहरू। बिचरी च्यान्टी जस्ले आफ्नी मर्म लागेकी आमालाई एक गांस मीठो र केही आवश्यक दबाइहरू दिन सकिन आफ्नी पूय आमालाई।

आज बिहान देखिनै उमर्को लागेर च्यान्टीको आमालाई का

CC-0. In Public Domain. Digitization by eGangotri

निम्ता ठाएको कुरा च्यान्टीलाई प्रष्ट भै सकेको थियो। च्यान्टी आमाको मर्नु भन्दा पांच मिनेट अगाडि त बोलि पनि आएको थियो। उसले च्यान्टीलाई सासले बोलाउँदै भनेकी थियी, "च्यान्टी मेरो बा।" यी कस्ता मिठासले भरिएका शब्द थिए। च्यान्टीका लागि। यी जीवनका घुटका थिए, च्यान्टीका लागि कहिल्यै पनि नबिर्सने खालका।

भर्खरमात्रै च्यान्टीका आमाले एक पटक ठूला आंखाले च्यान्टीलाई हेरेर स्वर्गबास भै। उ एक पटक ठूलो मुखबाई अनि सधैंलाई चिम्ली।

त्यो तीखो आबाज च्यान्टीको थियो। त्यो शून्य वातावरणलाई कोलाहलमय बनाउने च्यान्टीको तीखो विरहले भरिएको रोदन थियो। म हतार हतार च्यान्टीका घरतिर दगुर्छु च्यान्टीकी ठण्डा भै सकेकी आमालाई हेर्ने उत्सुकता मनभरि लिएर। च्यान्टीका आंसुमा श्राप थियो, उस्का दुःख पुकाराईमा क्रान्ति थियो। म च्यान्टीकी आमाको खुस्कि सकेको अनुहार नियाल्छु अनि च्यान्टीलाई झ्वाम्म अंगालो हाल्न पुग्छु आंखमा भरि आंसु र मुटुमा गांठो ठूलो लिएर। त्यति खेर मेरा वरिपरि अरू निकै मानिस आइ सकेका हुन्छन्।

> **हामी संसारमा शान्ति तथा सबै राष्ट्रहरूको निमित्त न्याय र समानताको आकांक्षा पनि राखदछौं।**
>
> —श्री ५ बीरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

शेलीको
एक कविता

अनु.-बिक्रम ।

एउटा कविको एकजोडा ओठमा म सुतें
उसको सास फेराइको आवाजमा,
एक प्रेम-खप्पीस झैं सपना देख्तैं,
क्षणिक सुखका लहरहरू
उ न खोज्दछ न पांउदछ नै,
तर विचारका जंगलीपनाहरू मात्र देखने
बाह्य आकृतिका हवाइ चुम्बनहरू
उ संगाल्दछ ।
पाताल देखि अनन्त गगन सम्म पर्खन्छ उ
विशाल तालमा प्रतिविम्बीत सूर्यले फ्यांकेको प्रकाश
शिरपेचको लहराको यौवनमा अल्झेका पहेला मौरीहरू,
उ न हेर्छ न ध्यान दिन्छ;
तर यी सिर्जनाहरूबाट उ
एउटा जिउदो मानिस भन्दा पनि
बढी यथार्थ प्रतिपादन गर्न सक्छ,
अमरत्वका उपदेशहरू !
यिनीहरू मध्ये एकले मलाई ब्युंझायो,
र म वेलैमा मद्दत गर्न हतारिए ।

-०-

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको

शुभ उपलक्षमा

सबै सहयोगी तथा हितैषीहरूमा

नेपाल यातायात संस्थान

शुभ कामना व्यक्त गर्दछ ।

टेलिफोन —
१२९७२, १४७०७,
११७२७ (५ लाईन)
१११५६ (३ लाईन)

बुकिङ्ग अफिसहरू
काठमाडौं, हिटौंडा, वीरगंज
रक्सौल, जयनगर,
जनकपुर, विजलापुर
कलकत्ता

क्रम ।

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईहरूको मनमोहक तस्वीरहरू
खिचन, फोटोग्राफी सम्बन्धी सब
किसिमको सुविधाको लागि
सम्झनु होस ।

फोटो सर्भिस

पाको, न्यूरोड ।

घरको दैनिक उपभोगको प्रत्येक सामानहरू
तथा मनोरञ्जनको लागि कोल्ड वियर
हामी कहाँ पाईन्छ । सम्पर्क राख्नु होस ।

आर० आर० कोल्ड एण्ड फुड्स् स्टोर

कम्पुकोत अगाडि, प्याफल काठमाडौं

बिजुलीको विभिन्न सामानहरूको लागि
सम्पर्क राख्नु होस ।

न्यू इलेक्ट्रिक स्टोर्स

खिचापोखरी

हास्य व्यंग्य

न्यूरोडको हिरो

चाइकेच हड्बालस

ठमेल

म कर्म फुटेको स्वास्नी नजुटेको आधुनिक हिरो हुं। मेरो खास नाम त "फन्टुस मायन् टपटुं इंय्या" हो तर न्यूरोडको आकर्षण विन्दु भएकोले मलाई सबले "न्यूरोडको हिरो" भनी चिन्दछन्। शायद मेरो नाम नसुन्ने मलाई नचिन्ने कर्म मानिस मात्र होलान् न्यूरोडमा। न्यूरोड पिपलबोटको आकर्षण विन्दु नै हुं म। म एक दिन मात्र त्यहाँ नगई दिए न्यूरोड नै सुनसान भए जस्तो लाग्छ रे सबलाई। चट्ट जनकपुर चुरोट कारखानाको आधा सुर्ती झरेको, ढुसी परेको खासा चुरोट मुखमा ट्याप लगाएर म बसे पछि मलाई नहेर्ने को होला ? मैले बोले पछि दर्शकको लागि त्यहाँको सबै च्याङ्ग्राहरूले एकै चोटी कराएको स्वर भन्दा कम होओइन बुझ्नु भो।

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईहरूको मनमोहक तस्वीरहरू
खिचन, फोटोग्राफी सम्बन्धी सब
किसिमको सुविधाको लागि
सम्झनु होस ।

फोटो सर्भिस

पाको, न्यूरोड ।

घरको दैनिक उपभोगको प्रत्येक सामानहरू
तथा मनोरञ्जनको लागि कोल्ड बियर
हामी कहाँ पाईन्छ । सम्पर्क राख्नु होस ।

आर० आर० कोल्ड एण्ड फुड्स् स्टोर

कम्पुकोत अगाडि, प्याफल काठमाडौं

बिजुलीको विभिन्न सामानहरूको लागि
सम्पर्क राख्नु होस ।

न्यू इलेक्ट्रिक स्टोर्स

खिचापोखरी

CC-0. In Public Domain. Digitization by eGangotri

हास्य व्यंग्य

न्यूरोडको हिरो

ठमेल

म कर्म फुटेको स्वास्नी नजुटेको आधुनिक हिरो हुं। मेरो खास नाम त "फन्टुस मायन् टपटुं इंय्या" हो तर न्यूरोडको आकर्षण विन्दु भएकोले मलाई सबले "न्यूरोडको हिरो" भनी चिन्दछन्। शायद मेरो नाम नसुन्ने मलाई नचिन्ने कर्म मानिस मात्र होलान् न्यूरोडमा। न्यूरोड पिपलबोटको आकर्षण विन्दु नै हुं म। म एक दिन मात्र त्यहां नगई दिए न्यूरोड नै सुनसान भए जस्तो लाग्छ रे सबलाई। चट्ट जनकपुर चुरोट कारखानाको आधा सुर्ती झरेको, ढुसी परेको खासा चुरोट मुखमा ट्याप लगाएर म बसे पछि मलाई नहेर्ने को होला ? मैले बोले पछि दशैंको लागि न्यारको सबै च्याङ्ग्राहरुले एकै चोटी कराएको स्वर भन्दा कम होओइन बुझ्नु भो।

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो मन दिक्क छ त यसैले कि म स्वास्नीको पोइ बन्न पाएको छैन। तर ठिक्कै पनि छ, न्यूरोडमा घुम्न पल्केकी एक एक तरुनी केटीहरू म सित सल्केका छन्। न्यूरोड पिपल बोटमा कुरूवा बस्न पल्केका नेताजी भनाउँदाहरू देखि लिएर टवाक हल्लाई हिंड्ने मखन्ते-हरूले सम्म पनि मलाई राम्ररी चिनेका छन्। मेरो फेसन देख्नु भए तपाई शायद छक्क पर्ने मात्रै होइन मलाई देखि पक्क पनि पर्नु हुनेछ चारैतिर कतै ठूलो त कतै सानो पान बुट्टा काटिएको सिल्कन हवाई सर्ट, स्काफ, ३९ इन्ची मोटाईको बेलबटम पाइन्ट त्यो पनि जुत्ता समेत छोपिइने लगाउँदछु।

तपाई शायद विचार गर्दै अचम्म हुनु होला यो मेरो लवाईमा। मैले ठूलो सानो पान बुट्टे काटिएको हवाई सर्ट किन लगाए हुँला ? आकर्षण विन्दु बन्नको लागि भन्नु होला तपाई ! होइन सुन्नोस् ! तपाईको कानमा मात्र खुसुक्क भन्छु। अस्ती मात्रै...... मेरो बुढी आमाको सन्दुस विस्तारै खोली हेरेको .. पुरानो जमानामा मेरो बाबुले मेरो बाज्ये बज्यै कसैले थाहा नपाउने गरी सुटुक्क किनी दिएको सिल्कन साडी रहेछ। मुसाले चारैतिर हवाङ्ग हवाङ्ग पारी सकेको। पयावन मलाई चित्त दुख्यो। अनी आफैले सानो प्वाल जतीलाई सानो पान बुट्टा र ठूलो प्वाल जतीलाई ठूलो पान बुट्टा बनाएँ। पान बुट्टा त प्रेमको चिन्ह हुँदो हो। त्यसपछि काखी मुन्तीर लुकाई काठमाडौंको सबभन्दा प्रख्यात टेलरीङ्ग जुजुभाई कहां पुगें। त्यसको केही दिन पछि त सूचिकार दाईले नयां फेसन अनुसार शानदारको हावादारी हवाई सर्ट सिइदियो। ज्याला भने ढाड नै सेकिने गरी गुटमुट्यायो। अहिले म त्यहि हवाई सर्ट लगाउंछु। मलाई कत्ति सुहाउंछ, सबै मेरो लुगा देखि चुक चुकाउँछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अनि यो कपडा हंगकंगवाट झिकाएको हो की भनी सवले सोध्न थाउ छन् । यो त भयो नयां फेसनको अमुल्य लेसन । अव तपाईहरूले पनि फिर नमान्नु भएं हुन्छ । मेरं थ्योरी अपनाई पुरानो झुत्रो कपडालाई काममा ल्याउनोस् ल .... ?

म जुत्ता सम्म नदेखिने ३० ईन्ची गोलाईको वेलवटम यसकारण लगाउ छु... की मलाई त वेलवटम लगाउने काइदाले गजबको फाइदा भएको छ । मेरो हात्तिपाइले खुट्टाले अन्तर्ध्यान हुने गोल्डेन चान्स भेट्टाएको छ । अव मलाई कुन मोरोले भन्न सक्छ फाइलेरियावाज भनेर । अव त यो नयां फेसनको ड्रिम लायण्डमा म त हिरो हुं बुझ्नु भो न्यूरोडको !

अं त ! न्यूरोडको हिरो भनी सवले मलाई चिनी सकेकं छ । सबंको आकर्षणको केन्द्र विन्दु हुनाको कारणले गर्दा मलाई लभ गर्नें केटीहरूमा पनि हानथाप हुन थाली सकेछ । अस्ती मात्रं पिपल वोट पछिल्तीरको फोटो खिच्ने पसलमा वसेकी पुड्की तरूनीले मलाई आँखा सन्काई । सन्काईको चूम्वकिय प्रभावले मलाई तानेछ क्यारे म विस्तारं त्यस पसलमा पुगी सकेछु । विस्तारं पुडकी नानीले आफ्ना नरम हातले मेरो पाखुरामा गरम हुने गरी समाई दिदा मात्रं झसंग भएं । विस्तारै त्यहि पसल भित्र लमी झकी झकाउ वत्तिहरूले मेरो वरिपरी घेरी एउटा फोटो किटीक्क गरी फोकटमा खिंची दिइन् । म त मख्ख परि फर्कें फेरी दिन दिनै रोमांस लडाउने वाचा वांधेर ।

त्यति मात्रं कहां हो र ? घरमा भटमासको गेडा सम्म टोक्न घौ-घौ भएकी तरूनीहरू सांझ तिर न्यूरोडको झिलमिलमा झकि झकाउ भई बेलवटम पाइन्ट र कुर्तामा कस्सीएर हांस र कुखुराको चालमा लस्कीएर,

CC-0. In Public Domain. Digitization by eGangotri

केटाहरू सित जिस्कीएर, मस्कीएर, दांयां वायां आंखा फकाईई, फर्म्मर छाति मर्काई, मलाई समेत आंखा सन्काई हिंडेकीहरू कत्तिलाई मैले चिनेको छु । अरू तरूनीहरू मलाई जति सुकै इशारा किन नगरोस् अवं त तपाईहरूलाई के ढांट्नु हिजो आज म त त्यहि मलाई पत्याएकी पुडकी हिरोइन सित पो पल्केको छुँ ।

"न्यूरोडको हिरो..." भनि मलाई चिनेपछि म सित परिचय बढाउन सब तम्सीन्छन् । सिंहदरवारको चुंई चुंईदार मेच ओगट्ने भुडेवाल माननीयहरू देखि लिएर भुगोल पार्कको चिसो सिमेन्टको वेन्चमा आराम फर्माई वस्ने सम्म सबै सित मेरो घनिष्ठ सम्वन्ध वनी सकेको छ । तपाई-हरूलाई राष्ट्रिय देखि लिएर अन्तरराष्ट्रिय गोप्य समाचारहरू सम्म म सुनाई दिन सक्छु । अस्ती मात्रै ऐक जना माननीयले राष्ट्रिय पंचायत भित्र भएको फ्रीस्टाइलको वर्णन यत्ति मज्जाले गर्नु भएको थियो । त्यो वेला म सित टेप रेकर्डर मात्र भई दिएको भए सब कुराहरू टेप गरी रेडियो नेपालले मंत्रीहरूज्यूको त्यहि एउटा रासन नपाकने भाषणलाई दिनको ४ पल्ट दोहऱ्याई तेहोऱ्याई वजाई दिए जस्तै मैले पनि त्यस वर्णनलाई दिनको ८ पल्ट वजाई तपाईहरू सवलाई सुनाई दिन्थे । तर के गर्नु र "न्यूरोडको हिरो" को पकेटमा ढुसी परेको मौका भएर मात्रै!

लौ त मेरो पुडकी हिरोइन कहां जिस्कीन जाने टाइम पनि भई सक्यो त्यसैले मनलाई नमज्जा वनाई तपाई सित गुड वाई .. भन्नु पर्ने वेला पनि आई पुग्यो । यदि तपाईले म सित परिचय पाउनु नभएको भए भोली सांझ पिपलवोटमा अवश्य पाल्नु होला । "न्यूरोडको हिरो" को नयां रूप र नयां फेशन दर्शन पाउनु हुनेछ । टा ! टा ! ..

CC-0. In Public Domain. Digitization by eGangotri

बिश्व ओलम्पिक–एक परिचय

– रघुराज वन्त

२० सौं ओलम्पिक खेल सिद्धियो । म्यूनिखमा जून हर्ष र उल्लासको बिच यो सुरू भएको थियो, यसको अन्त त्यति भव्य हुन सकेन । प्रेलेस्टाइनी गुरील्ला ब्लाक सेप्टेम्वरको आतंकले गर्दा म्यूनिखको त्यो शान्त वातावरणमा मसानको भयंकरताले ठाउँ ओगटन पुग्यो । इजरायली खेलाडीहरूको हत्याले गर्दा ओलम्पिक खेल एक दिन रोकियो, जो ओलम्पिकको इतिहासमा कहिले भएको थिएन । हिंसा, मारकाट, विद्रोह, अवरोध, तनाव र शोकको बिच यनकेन प्रकारले ओलम्पिक खेल सम्पन्न भयो ।

आधुनिक ओलम्पिक खेल सोमवार अप्रिल ५,१८९६ मा ग्रिसको एथेन्समा सुरू गरिएको थियो, यसका जन्मदाता कुर्वतिन (Baron Pierre de Coubertin) हुन । एसो त ओलम्पिक खेलको इति–हास धेरै पुरानो छ, यो खेलको जन्म प्राचीन सभ्य राष्ट्र यूनानबाट

CC-0. In Public Domain. Digitization by eGangotri

भएको हो । भनिन्छ यो खेल इसा पूर्व ७७६ वर्षमा यूनानको ओलम्पिया भन्ने ठाउँमा खेलिएको थियो, र त्यसैबाट यस खेललाई ओलम्पिक खेल भनिन थालियो । उस बेला ओलम्पिक खेल एक धार्मिक समारोह मानिन्थ्यो र ओलम्पियाको देवता जिससको पुजाबाट यो खेल सुरु गरिन्थ्यो ।

प्राचीन ओलम्पिक खेल आजभन्दा करिबन २७४८ वर्ष पहिले सुरु गरिएको अनुमान गरिएको छ । यो खेल चार–चार वर्षको अन्तरमा ११०२ वर्ष अर्थात सन ३२६ सम्म हुँदै गर्‍यो । सुरुका ओलम्पिकमा २०० गजको एक दौड प्रतियोगिता मात्र हुने गर्थ्यो तर पछि विभिन्न दौडको साथै उफ्रनु, हामफाल्नु, चक्का र भाला फेक्नु अनि कुस्ती र मुक्काबाजी आदि समावेश गरिए । आधुनिक ओलम्पिकको सबभन्दा महत्वपूर्ण दौंड "मेराथन" ३०० वर्ष पछि मात्र प्राचीन ओलम्पिक खेलमा समावेश गराइएको थियो ।

प्राचीन ओलम्पिक खेलको अन्त हुनुका धेरै कारणहरू छन, ती मध्ये खेलमा राजनीतिको प्रवेश हुनु, पेशेवर खेलाडीहरुको आगमन अनि औषधिहरूको प्रयोग, खेलबाट प्रेरणा लिनुको बदला किमती पुरस्कारको माग र आपसमा लडाई भइरहनु, इत्यादि मुख्य हुन । दुःखको कुरो आधुनिक ओलम्पिकमा पनि यी दुषित कुराहरूले आफ्नो दारा गाढदैछन ।

रोमका सम्राट थिओडोसिस (Theodosius) ले बन्द गरेको ओलम्पिक खेल करिब १५६६ वर्ष पछि फ्रान्सका एक शिक्षक कुर्वातिनले सन १८९६ मा बिश्व शान्ति, विश्व बन्धुत्व र सात्विक प्रतिस्पर्धाको रुपमा सुरु गरे । कुर्वातिनले ओलम्पिक खेलको माध्यमबाट भेदभाव

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णभेद, राष्ट्रभेद, जाति भेद र स्थिति भेद हताउने महान संकल्प गरेका थिए। तसर्थ आधुनिक ओलम्पिक खेलको ध्येय वाक्यमा पनि यीनै कुराहरू उल्लेख गरिएका छन, "विश्व शान्ति र राष्ट्रहरूको बीच बन्धुत्व स्थापना गर्न सब राष्ट्रको खेलाडीहरूले नियमित रूपमा विश्व खेल प्रतियोगितामा जित्नु भन्दा भाग लिनु नै बढी महत्वपूर्ण मान्दै, भाग लिनेछन।"

The most important thing in the Olympic Games is not to win but to take part, just as the most important thing in life is not the–triumph but the struggle. The essential thing is .. .. to have fought well.

ओलम्पिक खेलको माध्यमबाट विश्व शान्ति र बन्धुत्वको लागि अखण्ड प्रयास गरेको खातिर कुवर्तिनलाई सन १६२८ मा शान्तिको लागि नोवल पुरस्कार दिइयो। यी महान व्यक्तिको मृत्यु सन १६३७ मा भयो।

ओलम्पिक खेलको गठन लोकतन्त्रीय आधारमा गरिएको छ। यसको निसान पाँच रंगीन घेराहरू, जो आपसमा जोडिएका छन, विश्वका पाच महाद्वीप–एसिया, यूरोप, अफ्रिका, अमेरिका र अष्ट्रेलियाको संगठनको द्योतक हो। ओलम्पिक खेलको मुलमन्त्र सिरियस, ऐल्टियस र फोर्टियस हो जसको अर्थ जोडसग (दौडनु) माथिसम्म (उफ्रनु) र वलका साथ (फेंकनु) हो।

सन १६१२ को खेल देखि सांस्कृतिक कार्यक्रम पनि ओलम्पिक खेलमा समावेश गरिएका थिए तर सन १९४८ पछि यो अकस्मात वन्द गरिया।

CC-0. In Public Domain. Digitization by eGangotri

सन १९३६ को बर्लिन ओलम्पिक देखि खेलको सुरुआत ओलम्पिक ज्योतिको "Olympic Tourch" प्रज्ज्वोलनबाट गरिन थाल्यो जुन एथेन्सको प्राचीन ओलम्पिक रंगशालाबाट ओलम्पिक नगरसम्म दौडाइदैं ल्याइन्छ । एथेन्समा यो ज्योति सूर्य किरणको सहायताबाट बालिन्छ । यस ज्योतिलाई बितेका बर्षहरु माथि अमर ओलम्पिक आदर्शको विजयको प्रतीक मानिन्छ ।

सन १९६० देखी पाराप्लिजिक ओलम्पिक खेल (Paraplegic Olympic Games) पनि हुन थाल्यो । जसमा अपंग (कमर देखी तल) खेलाडीहरुले विभिन्न खेल प्रतियोगितामा भाग लिन्छन । यो बाहेक आजकाल 'विन्टर ओलम्पिक (Winter Olympic) भनेर बरफमा खेल्ने खेलहरुको ओलम्पिक पनि हुने गर्दछ । भौगोलिक तथा मोसम सम्बन्धी कारणहरुले गर्दा यो खेल ओलम्पिक खेल हुनु भन्दा पहिले नै र साथै छुट्टै ठाउंमा गरिन्छ । १९७२ को ओलम्पिक म्यूनिखमा भयो त विन्टर ओलम्पिक ज़ापान (सापारो) मा गरिएको थियो ।

ओलम्पिकमा प्रतियोगिहरुले सव नियमको पालन गर्दै, सांचो खेल भावनाको साथ खेल्नेछु र आफ्नो देशको इज्जत राख्नेछु भनी सपथ लिनु पर्दछ तैपनि ओलम्पिकमा बिजयी बन्नु उसको देशको वा उसको आफ्नो व्यक्तिगत विजय नभई पुरा मानब जातिको अथक प्रयासको विजय मानिन्छ ।

कृ.उ.प.

रोटि नपाएर जसले मर्नु परेको छ, उसले त रोटिमै ईश्वर हेर्दछ ।

— गान्धी

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ–उपलक्षमा

समस्त देशवासीमा

हाम्रो हार्दिक

शुभ-कामना

भूमिसुधार बचत संस्थान

केन्द्रीय कार्यालय

नेपाल बैंक भवन नं. २

धर्मपथ, काठमाडौं

फोन नं. – १२३४८

१३८१९

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ-उपलक्षमा

समस्त ग्राहक वर्गहरू प्रति

सुख शान्ति तथा समृद्धिको

कामना गर्दछ ।

फोन नं.– १४३१६

रूङ्टा ब्रदर्श

भेडासिं

बिभिन्न प्रकारका मिठाईहरूको लागि सम्झनु होस

एच, के. स्वीट भ्यालो

ठमेल

साथै जलपानको पनि प्रबन्ध छ ।

तुरून्त भर्ना हुनु होस्

नेपाली र अंग्रेजी टाईप सिक्नको लागी दाज्यू भाई दिदी बहिनीहरू कार्तिक १ गते देखि १५ गते सम्म भर्ना लिइदैछ । सिट थोरै मात्र बाकी छ ।

नेपाल टाइप राइटिंग कर्पोरेशन

का. जो. असन

CC-0. In Public Domain. Digitization by eGangotri

Olympic खेल कहाँ र कुन सालमा भएको

साल		स्थान		भाग लिने देशको संख्या
१८९६	—	एथेन्स	—	१३
१९००	—	पेरिस	—	२०
१९०४	—	सेंटलुई	—	११
१९०८	—	लण्डन	—	२२
१९१२	—	स्टकहोम	—	२८
१९१८	—	(प्रथम महायुद्धले गर्दा खेल भएन)		
१९२०	—	एन्टवर्प	—	२९
१९२४	—	पेरिस	—	४४
१९२८	—	अमष्टर्डम	—	४६
१९३२	--	लस एन्जलस	--	३७
१९३६	--	बर्लिन	—	४९
१९४० } १९४४ }	--	(द्वितीय महायुद्धले गर्दा खेल भएन		
१९४८	--	लण्डन	--	५९
१९५२	--	हेलसिंकी	--	६९
१९५६	--	मेलवोर्न	--	६७
१९६०	—	रोम	—	८४
१९६४	--	टोकियो	—	९४
१९६८	--	मेक्सिको	—	११३
१९७२	—	म्यूनिख	—	१२२

१९७६ सालमा मोन्ट्रेलमा सम्पन्न हुंदैछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ-उपलक्षमा
समस्त ग्राहक वर्गहरू प्रति
सुख शान्ति तथा समृद्धिको
कामना गर्दछ ।

फोन नं. – १४३६६

रूङ्गटा ब्रदर्स
भेडासिंह

बिभिन्न प्रकारका मिठाईहरूको लागि सम्झनु होस
एच, के. स्वीट म्याली
ठमेल
साथै जलपानको पनि प्रबन्ध छ ।

तुरून्त भर्ना हुनु होस्
नेपाली र अंग्रेजी टाईप सिकनको लागी दाज्यू भाई दिदी बहिनीहरु कार्तिक १ गते देखि १५ गते सम्म भर्ना लिइदैछ । सिट थोरै मात्र बाक्री छ ।

नेपाल टाइप राइटिंग कर्पोरेशन
का. जी. असन

Olympic खेल कहाँ र कुन सालमा भयो

CC-0. In Public Domain. Digitization by eGangotri

साल		स्थान		भाग लिने देशको संख्या
१८९६	—	एथेन्स	—	१३
१९००	—	पेरिस	—	२०
१९०४	—	सेंटलुई	—	११
१९०८	—	लण्डन	—	२२
१९१२	—	स्टकहोम	—	२८
१९१६	—	(प्रथम महायुद्धले गर्दा खेल भएन)		
१९२०	—	एन्टवर्प	—	२९
१९२४	—	पेरिस	—	४४
१९२८	—	अमष्टर्डम	—	४६
१९३२	--	लस एन्जलस	--	३७
१९३६	--	बर्लिन	—	४९
१९४० } १९४४ }	--	(द्वितीय महायुद्धले गर्दा खेल भएन		
१९४८	--	लण्डन	--	५९
१९५२	--	हेलसिंकी	--	६९
१९५६	--	मेलवोर्न	--	६७
[illegible]६०	—	रोम	—	८४
१९६४	--	टोकियो	—	९४
१९६८	--	मेक्सिको	—	११२
१९७२	—	म्यूनिख	—	१२२

१९७६ सालमा मोन्ट्रेलमा सम्पन्न हुंदैछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

एक प्रश्न–आफैंसंग

– केशर

औंसीको सुनसान र अन्धकारमय रात .... आकाश भरी टम्म कालो बादल लागेकोले अलि अलि उज्यालो दिने ताराहरू पनि लुप्त थिए । भ्यागुताको ट्यार्र .... ट्यार्र आवाजले सुनसान रातलाई भयंकर बनाउंदै थियो ।

साथीको जन्म दिनको पार्टीमा सामेल भै म घर फर्कि रहेथें । वातावरण निस्तब्ध... सुनसान र डरलाग्दो भएकोले र साथै पानी पर्ने छांटकांट देखेर म छिटछिटो पाइला चाल्दै अगाडि वढें ।

एकै छिनमा नभन्दै छिटपुट पानी पर्न थाल्यो । म झन [illegible] भन्दा तेजले हिंडें । जिस्के झैं वर्षा पनि, मेरो पाइला कै गतिमा तेजले वर्सन थाल्यो ।

एकै छिनमा म निथुक्क भिजें । मेरो लुगा अनि [illegible] अनुहारवाट टप......टप . ...पानी झर्न थाल्यो ।

"उफ् .." तेज हावाको झोंकाले मेरो मुटु नै कम्पाई दियो । अनायसै मेरो गलावाट निस्क्यो .. ... उफ् ...

किरस् बेको बाटो .... ओत लाग्ने ठाउं कतै [illegible] थिएन [illegible] हुदै काम्दै म नाचघरको छेउमा पुगें ।

CC-0. In Public Domain. Digitization by eGangotri

ठिक यही बेला घण्टा घरले टाङ् टाङ् टाङ् बाह्र हान्यो ।

"बाह्र बजी सकेछ ..." म बुदबुदाएं ।

गडग्राङ .... ड्याङ डयाङ....

डरलाग्दो किसिमले मेघ गर्ज्यो र चम्क्यो तेजीलो बिजुली पनि ।

मेरो मुखबाट अनायसै निस्क्यो, "हरे शिव कुन सा... "

तर म आफ्नो वाक्य पुरा गर्न सकिन । बिजुलीको तेज प्रकाशमा मैले एउटा छांया .... सेतो साडी लगाएकी केटी देखेर ।

कस्तो निडर... यत्रो राती बाहिर निस्की हिंडेछ ...मनमनै विचार गरें त्यस छांयाको निडरतामा ।

म अगाडि बढें ।

एक छिन पछि फेरी बिजुली चम्क्यो ।

मैले देखे त्यो केटी रानी पोखरीको बार चढ्दै गरेको ।

"के गर्न लागी त्यस केटीले ?" मेरो दिल तेजले धडकिन्छ एउटा त्रासले......"कहिं त्यस केटीले आत्म हत्या त .

म दगुरेर बाटो काटें ।

त्यो केटी बार चढेर पनि तल ओर्ली सकेकी थिई ।

... पनि छिटछिटो बार चढी तल ओर्लें ।

पुनः बिजुली चम्काईको तेज प्रकाशमा मैले देखे, त्यो केटी पोखरीको बारमा चढी त्यसै उभीरहेकी ।

मनं ...एकछिन निडर भन्दा निडर व्यक्ति पनि हिचकिचाउंछ ।

म दौडेर गई त्यसलाई टप्प समाती तल तानी दिएं ।

CC-0. In Public Domain. Digitization by eGangotri

उनको गलावाट अनायसै एउटा आवाज निस्क्यो. "छोडी देउ मलाई..."

"के मर्न लागेकी तिमी ?"

शायद उनको तिखो बोलीले होला, मेरो यो सोधाई पनि तिखो थियो।

"मर्न आएको . .. "

केटीको स्पष्ट बोलीले म छक्क परें।

"किन ?"

"धोखा सहन नसकेकोले। छोडी देउ मलाई" उनीले झटपटिएर हात छुडाउने कोशीस गरिन्।

तर मैले छोडीनं। झन् जोडले पक्डें।

"कसले धोखा दियो तिमीलाई ?"

"तिमी जस्ता मर्द मनाउंदा समाजका किटाणुले......"

केटीको कटु वचन सुनेर मलाई झनक्क रिस उठ्यो। तर केही सोची म चूम लागें।

विजुली फेरी चम्क्यो।

यस पल्ट मैले केटीको अनुहार प्रष्टै सित देखें र देखें उनको ठाउ ठाउंमा च्यातिएको साडी अनि छरपष्टिएको केश जुन वर्षाको कारण सोत्राम्मै भिजी सकेथ्यो। केटी राम्री थिई। तर म एउटा कुरा देखेर आश्चर्यमा परें।

केटीको सारीमा र हातमा रगतको टाटो थियो, जुन वर्षाले कारण केही पखालिई सकेको थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

एक छिनपछि मैले अलि अलि गर्दै उनी आत्महत्या गर्न आएको कारण र साथै .. "मर्न आएकी .. धोखा सहन नसकेर.. ... तिमी जस्ता मर्द मनाउँदा समाजका किटाणुले .. " भनाइको मतलव बुझें ।

अलिक वेरपछि केटी मानो आफैं संग वोली, "रत्न मैले जे गरें ठीक गरें । तिम्रो धोखाको सजायं मैले जे दिन, त्यो न्यायोचित छ । तिमी पनि रहेनौ .. म पनि रहन्न ।

"रत्न .... को ?.. उसले के सजांय दियो, तिमी पनि रहेनौ... ...यी सवको मतलव . म उनको वारे केही सोच्नै लागेको थिए, जोडले मेघ गर्जेको र विजुली चम्केकोले मेरो सोचाइ र तन्द्रा खलवलियो । म झस्के र साथं एक झट्का खाएर हिलोमा लडें ।

"झ्वा ....म्म ....."

पोखरीवाट एउटा दर्दीलो आवाज निस्क्यो ।

म हत्तपत्त उठें । केटी थिइन । उनी हामफाली हालिछन् ।

म पनि तुरुन्तं पोखरीमा फाल हालें । तर .....

एकं सेकेण्डमा उनी कता विलाईन् कता .... म उनीलाई खोजी रहें .. तर उनीलाई मैले भेट्टाउन सकिन ।

विवश ....मैले उनीलाई खोज्न सकिन... भेट्टाउन सक्तिन .. ...भट्टाएर उनीलाई वचाउन सकिन ।

म पोखरीवाट माथी उक्ले ।

टाङ.....टिङ् .... टङ् .....

पन्ध्र मिनेटको घण्टी घण्टाघरले वजायो ।

CC-0. In Public Domain. Digitization by eGangotri

पुन: विजुली चम्कनुका साथै चिसो हावा वह्यो। ...ो लागेर आयो। तर .... वर्षा अलि अलि गर्दै थामियो।

गन्हुंगरे पाइलाले म घर फर्कें! तर वाटो भरी, मेरो मनमा एउटै प्रश्न ...ठी रहेथ्यो, "उनीले यो के गरीन्?"

भोलि पल्ट विहान ....

विहान साढे सात वजे तिर मेरो आंखा खुल्यो। "अचेलको ...र कागजमा हत्या आत्महत्याको खवर सिवाय अरू पढ्न पाइँ...न" भन्ने दाज्यूको वाक्य सुनीं।

दाज्यूको हातवाट समाचार पत्र खोसी हेरें। छापीइएको थियो,

रहस्यमय हत्या ....

काठमाडौं। स्थानीय एक टोलको एउटा घरमा २५ वर्षिय रत्न सुन्दर भन्ने ..... रत्न सुन्दर नाम देखनासाथ मलाई हिजो त्यो केटीले भनेको याद आयो, "रत्न .... मैले जे गरें ठिक गरें ... तिमी पनि रहेनौ .... "

म छिट छिटो समाचार पत्र हेर्न थाले, रत्न सुन्दर भन्ने व्यक्ति नांगो तर मृतावस्थामा निज डेरा गरी वसेको उक्त घरमा ... फेला पारेको छ। प्रहरीको भनाई अनुसार निजलाई कैंचीले ...ा मारेको हो र निजको जीउ भरी नङ्ले चिथोरेको घाउ थियो। प्रहरी यस विषयमा छानविन गर्दैछ।

निज मृतकको घरपट्टीको छोरी रम्भा वेपत्ता भएकी छिन् भन्ने कुरा पनि प्रहरीवाट ज्ञात हुन आएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

समाचार पढी सिध्याई मैले एउटा लामो सास फेरें । मैले बल्ल बुझें उनको "मर्न आएको .. धोखा सहन नसकेर.. ...मर्द मनाउंदा समाजका किराले .... तिमी पनि रहेनौ .. " भनाइको पुरा मतलब, अनि रहस्य बल्ल बुझें उनको हात अनि साडीमा लागेको टाटो भएको .... ।

समाचार पत्र पढी यकायक ममा आएको परिवर्तन देखि मलाई एकक पर्दै हेर्दै थिए मेरो दाज्यू ।

म जुरुक्क उठी झ्यालमा उभीन गएं । केही सोची मैले आफ्नो लुगा फेरें र प्रहरी कार्यालय तिर लागें । तर बाटो भरी मेरो मनमा एउटै प्रश्न आई रहेथ्यो, "के उनीले ठिक गरीन् ?"

'कुसुम'

बिजया दशमी अंक निस्कियो ! पढन नभुलनुस ।

निस्कियो । निस्कियो ।।

नेपालको सबैभन्दा पहिलो 'रहस्य' संकलन

जासूसी चक्कर

CC-0. In Public Domain. Digitization by eGangotri

न ालमा अंग्रेजी अध्यापन

– जनक नाथ प्याकुर्‍याल

अनुवादक – एस. एन. मानन्धर

 हा साता देखि हामीहरू महाविद्यालयहरूमा अंग्रेजी प्राध्यापनका बिवा स्पद स्थितितिर अल्झेका छौ। छोटकरीमा भन्ने हो भने अंचल विश्व विद्यालयमा आई. ए. र वि. ए. को साधारण अंग्रेजीको पाठ्यक्रम हामी तिर धेरै र अध्यापन तिर थोरै मात्र यो निहित भएको हुनाले अध्यापन भन्नु उचित हुन्न होला कि ?

हामी एक पटक साधारण अंग्रेजी यस भन्दा भिन्नै भनेर विशेष अंग्रेजी भनेर पटना विश्व बिद्यालयको निर्देकनबाट छुट्टियौं । वास्तवमा यो बैषम्य भाषा र साहित्यलाई लिएर गरीएको थियो । यसरी पाठ्यक्रम वदलिनु भन्दा अगाडी हामीले नेपालमा अंग्रेजीमा प्राध्यापनमा विहित मूल प्रश्नहरूलाई लिएर छलफल गरेका थियौं । सबै भन्दा अगाडी हामीले अंग्रेजो किन पढाउँदै थियौं भन्ने कुरा थाहा पाउनु पर्ने थियो । हामीले पढाउनु थियो भने पनि यो हाम्रो ४ कक्षा र सो भन्दा माथि विद्यार्थीहरूलाई किन अत्यावश्यक छ ? यी प्रश्नहरूको र प्राप्त भई सके पछि हामीले हाम्रा विद्यार्थीहरूको आवश्यकताहरू थाहा पाउने संदर्भमा के हाम्रा विद्यार्थीहरूलाई अर्को जीवन यापन र्न अंग्रेजी आवश्यक छ ? भन्ने कुराको साथै कस्तो किसिमका अंग्रेजी तीहरूलाई पढाइए सो पठाइएको अंग्रेजी कार्यमूलक भई खाली शोभाका लो...

CC-0. In Public Domain. Digitization by eGangotri

नहोस भन्ने कुरा थाहा पाउनु पर्दछ । धेरै दिनको छलफल पछि भाषाको अध्या..म..हामी सहमत भएका थियौं । भाषाको मूल कुराहरू मा.. राम्रो दखल भएका हरूको लागि साहित्य विकल्पको रूपमा रिइयो ।

साधारण अंग्रेजीको पाठ्यक्रम धेरै राम्रो उद्देश्यहरू लिई शुरू गरीएको भएता पनि दोष पूर्ण पाठ्य पुस्तहरू चभनले गर्दा सो उद्देश्यहरू पूर्ति गर्न असमंथ भयो । यसका सामाग्रीहरू स्तरीकृत नगरिएका हुनाले कक्षाहरूमा प्रभावशाली ढंगवाट पढाउनको लागि पूर्णतया नमिल्ने थियो । यी कारणहरूले गर्दा अंग्रेजीका विभागाध्यक्ष डा. एलेन डभीसले पाठ्यक्रममा परिवर्तनका विचारहरू ल्याउनु भयो र यस्को स्वागत पनि गरियो । हामीमा भएको शंकाहरूको छलफल द्वारा समाधान गरी सके पछि यस पाठ्यक्रममा हाम्रो सहमति भयो । श्री टि. सन. शर्मांका लेखहरू र हालका अंग्रेजी विभागका विभागाध्यक्ष डा. पुर्सलको यसमा सहमति पढ्दा हाल फेरि पाठ्यक्रममा परिवर्तन ल्याइने विचारको झ झलको पाइन्छ । यदि त्रिभुवन विश्व विद्यालयका हरेक विदेशी अंग्रेजी विभागाध्यक्ष पाठ्यक्रममा परिवर्तन ल्याउने जस्ता नराम्रो परम्परा हामीलाई सह्य हुन धेरै गाह्रो पर्न जाला कि ? डा. पुर्सलको विचारमा पाठ्यक्रममा परिवर्तन ल्याउनु आवश्यक छ भन्ने लागेको भए वहांले ..महा – विद्यालयमा अंग्रेजी पढाउने शिककहरूलाई वोलाई यस विषयमा छलफल गरी अरूलाई बुझाई वा आफुले वुझी काम पर्नु पर्छ । यहां काम गर्ने हरेक व्यक्तिले आफुले देखे जतिको आफू मालिक ठाने जस्तै ड. पुर्सलले पनि यस्त ठान्नु भएको छ तर हामी महा–विद्यालयमा पढाउने हामी नेपाली प्राध्यापकहरूले अरू कोही विदेशी (अंग्रेज वा

CC-0. In Public Domain. Digitization by eGangotri

अमेरीकाली) हाम्रो उद्धारको लागि नआए सम्म पुर्सेल पाठ्यक्रमको लाई वोक्नु पर्ने कुरा स्मरण गराउनु चाहन्छु ।

आफ्ना ... न कलममा वसेका यी महानुभावहरूले आफुले ठानेका विचारहरू ठीक सम्झी काम गर्न दक्ष र विश्वस्त हुने कुरा देखी मलाई दुःख लाग्छ । यो कुरा पाठ्यक्रम समितिमा रहेका केही महानुभावहरूलाई पनि प्रत्यक्ष रूपले लागु हुन्छ । यी महानुभावहरूले आफ्ना विचार अनुभूति ... अरू कोही सग आदान प्रदान गर्ने आवश्यकता महसुस नगरी ... मुने सामुने छलफल गर्न किन मन पराउँदैनन् ? विश्व: विद्यालय मं वा अन्यत्र कहीं छलफल गरी मैंले पहिले नै उठाएका मूल भूत प्रश्नहरूमा छलफल किन नगर्ने ?

विवादमा साहित्यलाई पुन: मिसाउने ज्यादै नराम्रो होला । कसरी भन्ने थाहा पाउन चाहेमा (डा. पुर्सेल र श्री शर्मा सहित) म संग छलफल गर्न सक्छन् । हामी सजिलै अगाडी बढ्न सक्ने वेलामा २५ वर्ष पछि जान चाहन्नौ । डा. डेमीस आउनु भन्दा अगाडीका अंग्रेजी विभागका विभागाध्यक्ष हालका को शिक्षाध्यक्ष श्री सूर्य वहादुर शाक्य जो भाषाका ठूला प्रपादक र परिवर्तन ल्याउने कार्यमा ठूलो देन भएमा अहिले चुप छन् । डा. पुर्सेल र उसका सहमतिहरू अहिले के गर्दै छन् के उनलाई थाहा छ ? के वहां यो कुरा मान्न तयार हुनु हुन्छ ? के हामी नेपाली प्राध्यापकहरूलाई यस परिवर्तनले हामीलाई कता लान्छ र यसको लागि कत्रो मोल पर्छ भन्ने कुरा थाहा छ ?

म अंग्रेजी पढाउने केही नेपाली प्राध्यापकहरू संग केही प्रश्नहरू गर्न चाहन्छ र आशा छ वहांहरूले मनमा राम्ररी गुनेर यसको उत्तर थाहा पाउनु हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामी ... किन पढाई राखेका छौं ? अवश्य नै यो श्री शर्माले लेख्नु भएको भव्यता ... को लागि होइन होला ।

हामीले विद्यार्थीहरूलाई कसरी मद्दत गरी राखेका छौं ... र हामीले विद्यार्थीहरूको अनुष्ठान तर्फ विचार गरी हाम्रो कमजोरी क... छ भन्ने कुरा थाहा पाउन पर्छ ।

(विद्यार्थीहरू माथि दोषारोपण गरी सत्यतालाई टाढा राख्न ...यादै सजिलो भएको हुनाले यस्तो नगर्नु उचित होला कि ?)

सधैं भरी पाठ्यक्रममा परिपर्त्तत नल्याई हाम्रो कमजोरी हटा... सक्छौं ?

हामीले यी प्रश्नहरूको उत्तर खोज्न सक्यौं भन्ने हाम्रो समस्याहरू समाधान हुन्छ । डा. पुर्सेलको लागि म संग केही सुझावहरू छन् । वहांले पाठ्यक्रममा परिवर्तन ल्याउनको सट्टा समस्यामा मूलभत कुराहरू माथि आफ्नो विचार केन्द्रित गर्न सक्नु हुन्छ र आफ्ना स्नातककोतर उपाधि पाउने छात्रहरूलाई भाषाको अध्यापन कार्य तिर शोध पत्र लेखाउन सक्नु हुन्छ । वहांलाई यस तर्फ चाख छ भने म संग केही विशेष विषयहरू छन् । यस्को विकल्पको रूपमा हामीले अध्यापन कार्य गर्दा ...नुभवि प्राध्यापकहरू मार्फत भाषा अध्यापनका पेचीला पक्षहरू माथि सोधका... गराई (यसको लागि केही वर्ष लाग्ने पनि) त्रिभुवन विश्व विद्यालयमा ... एच. डी. को उपाधि प्रदान गर्नु पर्छ ।

यस तर्फ वहांले काम गर्नु भएका खण्डमा वहांले हाम्रो व्यवस्थालाई केही दिन सक्नु हुन्छ नत्र भने वहां पनि अरू विदेशीहरू जस्तै नेपाल छोड्ने तिर्तिकै बिर्सिनु हुन्छ । शायद अरू कसैले मुक्तिका सांसहरू फेर्ला ।

***

CC-0. In Public Domain. Digitization by eGangotri

For Your Travel & Tours

PLEASE

CONTACT

Himalayan Travels & Tours
Pvt. Ltd.

Phone No. 11682
13045

Ratna Park
Kathmandu

जासूसी तथा मनोरन्जनको लागि

माधव राज पन्तद्वारा सम्पादित

नौलो किरण

झुक्केर पनि पढ्न नभुल्नु होला ।

“नकच्चरो”

(हास्य ब्यङ्ग सामयिक संकलन)

बोका गुमाउनु भएका भोका पाठकहरूले सस्तो पोका हात लाउने मौका नचुकाउनु होला ।

आज बजार तिरगै ‘नकच्चरो’ समाई हाल्नोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ विजया दशमी

२०२९ को

उपलक्षमा सबैमा

हार्दिक मंगलमय कामना

गर्दछौं ।

कृषि विकास बैंक

मुख्य कार्यालय,

धर्मपथ, काठमाडौं ।

फोन नं. ११७४४, १४५७५, १४५७६

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ-उपलक्षमा

सुख, शान्ति तथा समृद्धिको लागी

शुभ-कामना

व्यक्त गर्दछ ।

नेपाल कमर्सियल इन्टरप्राइजेज प्रा. लि.

रञ्जना हल बिल्डिंग

फोन नं. ११-६६१ जुद्ध सडक
११-४०९ काठमाडौं, नेपाल

मुद्रक:- विकाश प्रेस ५/८७ धर्मपथ, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मोत्सवांक २०२१

मूल्य –१५० मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

विजया दशमीको शुभ-उपलक्षमा

सुख, शान्ति तथा समृद्धिको लागी

शुभ-कामना

व्यक्त गर्दछ ।

नेपाल कमर्सियल

इन्टरप्राइजेज प्रा. लि.

रञ्जना हल बिल्डिङ

फोन नं. ११-६६१ जुद्ध सडक
११-४०९ काठमाडौं, नेपाल

मुद्रक:- विकाश प्रेस ५/८७ धर्मपथ, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मोत्सवांक २०२१

मूल्य -१५० मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

राजा श्री ५ वीरेन्द्रको
२ सौं शुभ-जन्मोत्सवको
उपलक्षमा
विश्व विजय मोटर साइकल

YAMAHA YAMAHA

बलियो सस्तो र तपाईको मनपरेको
YAMAHA स्टक थोरै मात्र
बाँकी छ चाँडै सम्पर्क राख्नु होला ।

भाजुरत्न एजेन्सी
प्रा० लि०

विक्री केन्द्र
वागवजार
काठमाडौं

फोन: - १४६०८

CC-0. In Public Domain. Digitization by eGangotri

वा राजा श्री ५ बीरेन्द्र वीर विक्रम शाहदेवको

औं शुभ–जन्मोत्सवको शुभ उपलक्षमा

चिरायु सुस्वास्थ्य तथा दीर्घ

सुशासनको कामना गर्दछ.

"रश्मि" परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

"जसरी मलाइ मेरो देश र जनताको ममता छ उसै गरी भोक र रोगले पीडित मेरो जनता प्रति मे[illegible] जिम्मेवारी छ"

—श्री ५ वीरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

रश्मि

(साहित्यिक सामयिक संकलन)

प्रथम वर्ष पौष ०२९ [illegible]ओ किरण

सम्पादक मण्डल

अशोक सायमी

तीर्थराम श्रेष्ठ

भोला बिक्रम अधिकारी

राम प्रसाद हाडा

प्रकाशक तथा कार्यालय

रश्मि प्रकाशन

२४ मखन टोल, काठमाडौं

(होटल केटी भित्र)

सहयोगीहरु

नारायणदास मानन्धर
कन्हैया कुमार "घायल"
चिरंजीवि दत्त
कुण्डल जङ्ग कुवर
सूर्य सुबेदि
ज्योति मानन्धर

मुद्रक– विकाश प्रेस धर्मपथ, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो आव्हान

[illegible]लाई एउटा न एउटा व्यथाले कहिल्यै छोड्दैन !

एउटा न एउटा उत्साहले कहिल्यै छोड्दैन !!

किनकि

मा[illegible]स आशावादी दुई खुट्टे जन्तु हो !

के तपाई व्यथित हुनुहुन्छ ?

के तपाई उत्साहित हुनुहुन्छ ?

अवश्य पनि तपाई भित्र एउटा गहिरो वेदना अल्झेको छ !

अवश्य पनि तपाई भित्र साहित्यिक लगनशीलता लुकेको छ !

त्यो व्यथा, त्यो उत्साहलाई साहित्यिक रूपमा पोख्नु होस् र हामीलाई पठाउहोस्, हामी प्रकाशित गरीदिन्छौं ।

आफ्नो रचना नछापिएला भनेर पीर नलिनोस्, हामी छांटकाट गरेर चिटिक्क पारीदिन्छौं ।

"रश्मि" तपाई जस्तै व्यथित नवोदित साहित्यकारनहरूको निम्ति मात्र हो

"रश्मि" लाई नभुल्नुहोस् !

"रश्मि" पढेर आफू भित्र लुकेको साहित्यिक प्रतिभालाई मौलाउन दिनोस् !

यो तपाईंको हृदयको धुकधुकी हो !

CC-0. In Public Domain. Digitization by eGangotri

(प्रतिभासम्पन्न सुवेदीजो तेह्रथुम साङलामा जन्मेर क[illegible]द पन्ध्र ठब्डी पचाइ सक्नु भएको छ। बाल्यावस्था देखि नै क[illegible]ता तर्फ उहाँको विशेष झुकाव भएकोले नवोदीत साहित्यिक जगतले उहाँबाट धेरै धेरै अपेक्षा राखेको छ — सं.)

दुइ टुक्रा

१) मेरो अनिदो तिर्खा–

विमल सुवेदी

एउटा चिहान
एउटा तरूणीहरूको हाँसो
एउटा बूढाको लौरो
एउटा डुकातवेला
एउटा ज्यापुको भार
फागे दमिनीको एउटा थाङ्नातुल्ने सियो
एउटा राजदंड।
[illegible]ी माथि फुल्नो के के साउति-
मार्दै रहेछ
मैले निन्द्रा विगा[illegible] झोकमा हप्काएको त
गलल हाँसेर कुता गए थाहा छैन,
तर मलाई भने यो साँझ पटक्कै निन्द्रा लागेन

२) ए फूल म तिमीसंग गर्भादानको वरदान माग्छु–

कवि त वेश्या हो वेश्या
[illegible]ण क्षणको तरंगमा आफ्नो आकार लुकाइ सकेको।

CC-0. In Public Domain. Digitization by eGangotri

ण क्षणको मौनतामा गर्भको बच्चालाई बढाइ राखेको
[illegible]न, आस्था, अनास्था, चरित्र, एउटा लामो आकारलाई
[illegible]पोस्टेको [illegible]उटा तिर्खालु वेश्या हो वेश्या ।

× × ×

यो प्रत्येक [illegible]बनाको अन्त्यमा
उ चोली [illegible]ल्पालेर खुइय सुस्केरा लिन्छ ।
एक [illegible]को झिमक्याइमा
हजार [illegible] हजार प्रेरणालाई गर्भधानको निम्तो दिन्छ ।
यो [illegible]त संग रुने, रात संगै मर्ने,
बिहान संग जन्मने, फूल संगै हाँस्ने, हावा
संगै बहने, एउटा बाट अर्कोमा पोइल गैराउने,
कोच त वेश्या हो वेश्या ।

❀

नेपाली एकताका प्रतीक
श्री ५ वीरेन्द्रको

२८ औं शुभ–जन्मोत्सवको उपलक्षमा
चिरायुको हार्दिक कामना गर्दछौं

अशोक टेक्सटाइल इन्डष्ट्रिज
(प्रा०) लि०, विराटनगर

उत्पादक : शत प्रतिशत टेरेन सर्टिंस् तथा सुटिङ्ग्स

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ वीरेन्द्र सरकारको

२८ सौं

शुभ–जन्मोत्सवको उपलक्षमा

हाम्रो हार्दिक

शुभ-कामना

भूमिसुधार बचत संस्थान

केन्द्रीय कार्यालय

नेपाल बैंक भवन नं. २

धर्मपथ, काठमाडौं

फोन: १२३४८

१३८१६

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल र ...पालीको समुन्नतिका लागि दृढ प्रतिज्ञ

राष्ट्रनाय... श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको

...सौं शुभ जन्मोत्सवको सुखद उपलक्षमा

मौसुफ सरकारको

चिरायु, सुस्वास्थ्य तथा दीर्घ सुशासनको लागि

प्रार्थना गर्दछौं।

नेपाल विद्युत कर्पोरेशन

CC-0. In Public Domain. Digitization by eGangotri

(........ मानिसको जीवनमा एक पटक त्यो समय आउँछ जसले जीवनको अन्त्य सम्म यस्तै तरहले बित्ला भन्ने ठान्दछ .... जीवन यस्तै त हो नि, कहिले दिन हुन्छ कहिले रात ...... भविष्य दिनहरूलाई अगाडि नै संझन सकिएन भने भर जन्म पछुतामा पर्नु पर्नेछ — के तपाईं विश्वाश गर्नु हुन्छ ?–सं.)

भावनामा रंगिएका दिन

– रघुनन्दन
सिनामङ्गल

सीता, आज तिम्रो कोमल दिलले भरिपूर्ण भएको हालमा यो पत्र परेको छ । सायद यस पत्रले तिमीमा ठूलो भूकम्प नहोला भन्न सक्तिन तर पनि विवश साथ कलम चोपेको छु । किनकि भविष्यको दिनहरूलाई अगाडिनै संझन सकिएन भने भर जन्म पछुतोमा पर्नु पर्नेछ जीवन नदीको किनारमा रहेको घरझैं हुनेछ, कुहिरोमा अल्झिएको कागझैं, जालमा फसेको सिंहझैं हुनेछ ।

आज चन्द्रमाको बहार लुट्न बगैंचामा अनिगिन्ति फूलहरू फुलिरहेका छन् । के ती फूलहरूले एउटा चन्द्रमालाई आफ्नो सौन्दर्य प्रदर्शन गर्न नफुल्लान र नफक्रलान् र ? चन्द्रमाको किरण पाएपछि झन आफ्नो ...तो पौरख देखाउन, खुशी तुल्याउन उसका पूर्ण किरणहरू पाउन कति उत्सुक ...हुन्, तिनीहरूको लुछाचूडीमा रहनु पर्दा कति आमन्द लाग्दो होला । कहिल्यै पूर्णिमाको दिन नसिध्याउँ जस्तै । सधैं पूर्ण चन्द्र भइरहे हुने थियो जस्तो.... , दुवैमा ।

तिमीले पनि मलाई एकदिन भनेकी थियौ "के हामी दुवैले यस्तै जीवन बिताउन सकौंला" "सीता ! जबसम्म तिमी र म यस संसारमा रहन्छौं यस्ता कुरा तिम्रो मुखबाट निस्कनु ठीक जस्तो लाग्दैन मलाई ।" गहभरी आंसु लिएर तिमीले मेरो सेतो टेरेलिन कमीजको कुम

CC-0. In Public Domain. Digitization by eGangotri

निथ्रुक्क भिजाएकी थियौ म कसरी बिर्सन सक्थें र । आफू पानीमा रूझेर पनि मलाई आफ्नो पछ्यौरी ओढाएर सर्दी लाग्नुबाट बचाएकी थियौं, आफ्नो पुरीया पर... केको सुन्तलाको एउटा गेडालाई समेत आधा गरेर मलाई खुवाएकी थियौं, पाइला पाइलामा बितेका दिनहरूलाई आफ्नो जीवनको ख्याल नगरेर पनि उठाएकी थियौं तर आज मुटुभित्र ठूलो फलामको कीला ठोकेर ती सबैलाई डोरीले कसेर त्यही फलामको किलोमा बाँधेर राख्न ह...गेको छु कहिल्यै नफुस्कने गरेर ।

...क दिन तिमीले भनेकी थियौं "मलाई आफ्नो घरमा किन डाक्नु हुन्न ?" "घरमा डाक्छु त जीवन भरकै लागि" मैले भन्दा तिमी लाजले भुतुक्क भइ गाला लाल पारी मेरो कुममा अडेस लागेर पिठ्यूमा चोर औंलाले कोट्याइरहेकी थियौं । सायद त्यस बखत तिमीले म उपर कस्ता कस्ता कल्पना गरेकी थियौं होला, मेरो जीवन तिम्रो कल्पनामा कति ढकमक्क फूल फूलेको थियो होला मीठा मीठा कुराहरू तिम्रो हृदयले भन्दथ्यो होला । कति नारीहरू त विवाह हुनुभन्दा अगाडीनै आफ्ना भावि जीवन कल्पना संसारमै दगुराउँछन, आफू आमा भएको, । सानो बालक काखमा लुटुपुटु खेलिरहेको, आफ्नो खसम सग बसेर बच्चाको तारीफ गरिरहेको, बच्चाले आमा ! भन्दा कति मीठो आनन्द हृदयले लिएको । ओ हो ! यस्ता कुराले तिमीलाई झर्को लाग्दो । होला तर प... स्मृतिहरू तिम्रो कल्पना ससारमा दगुरेको थियो होला एक... अवश्य पनि ।

म भन्छु सीता, तिम्रा यस्ता कलुषित कल्पनालाई मेरो तर्फबाट बाग्मतीमा बहाइदेउ र ती कल्पना देखि टाढै रह्यौं भने म मान्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो हृदय खुशीले गद् गद् हुनेछ अनि म तिमीलाई प्रेम गर्न सक्छु गहिरो अति गहिरो प्रेम .... ।

नभएको समय खेर फालेर यस्ता थोत्रा गन्थनहरू कति लेखिरहेको होला भन्ने तिम्रो हृदयले भन्ला तर जुन कुरा मैले लेख्न चाहेको थिएँ त्यो त बाँकि नै छ। तिमीले मलाई जीवन साथी बनाउन चाहेकी छ्यौं म जान्दछु तर कसैरी म एउटा रक्ष्यानको डीलमा उम्रेको काँढाको रूखमा हुर्केको तर तिमी शोभायमान प्राकृतिक छटाले युक्त उपवनमा हुर्केकी । एउटी छोरी भन्दी लाडप्यारमै हुर्केकी, दुःख भनेको कुन चरोको नाउं हो, जीवनमा कति किसिमका दुःखहरू आउंछन् त्यसलाई कसरी हल गर्नु पर्दछ तिमीमा ज्ञान छैन । हो मेरो दिनहरूमा तिमीले आफ्नै दुःख संझेर सहयोग गर्‍यौ तर त्यो तिम्रो सहयोग थिएन कि पैसाको सहयोग थियो । ती दिनहरू मेरो जीवनमा किन परे र कसरी परे तिमीलाई थाहा छैन । मैले कसरी जीवन निर्वाह गरीरहेको छु तिमीमा थाहा भएर पनि गहिरिएर हेर्ने र बुझ्ने चेष्टा गरेकी छैनौं । तिमीलाई जरुरत पनि छैन किनकि महलमा हुर्ककी, छ्यौं बढेकी छ्यौं आमा बाबुको मीठो ममता पाएकी छ्यौं दाज्यूहरूको स्नेह पाएकी छ्यौं जसले गर्दा तिमीमा ती जीवन रूपी रथको दुइ पांग्रा गुड्ने कसरी हो देख्न सकेकी छैनौं बुझ्न सकेकी छैनौ । सिर्फ तिमीलाई थाहा छ त्यही पांग्रा जडेको रथमा आनन्दीत भएर खुशीयाली लुट्न, घुम्न फिर्न ।

मानिसको जीवनमा एक पटक त्यो समय आउंछ जस्ले जीवनको अन्त्य सम्म यस्तै तरहले बित्ला भन्ने ठान्दछ, हरेक पाइलाहरू झन्कारले बजाउंदछ ती झन्कारहरु आफ से आफ उसका रोम-रोममा घुस्दछन् । जीवनको सांघुरो

CC-0. In Public Domain. Digitization by eGangotri

छाया भित्र पनि संसार देख्न थाल्दछ हासीरहेको, खाइरहेको, नाचीरहेको भर उसका ती पाइलाहरू कतिसम्म अगाडी बढ्नु पर्दछ उसलाई होश हुंदैन, ... बढेको याद हुंदैन स्वयं मदहोस भित्र रंगीरहन्छ मात्र ।

जब ... दुई पाइला अगाडी बढेका अनुभव गर्न थाल्छ आफू आफैंलाई भन्न थाल्छ "जीवन यस्तै रहोनि—कहिले दिन हुन्छ त कहिले रात, कहिले वर्षा हुन्छ त कहिले टण्टलापुर घाम जसभित्र रहेर मानव जीवन भर कल्कलाउंदो कलीहरू संग मुस्कान छोडिरहेको हुन्छ, महलको बैठकमा सजिएको पलंङ्गमा उनोसंग खेलीरहेको हुन्छ एकातिर अर्को धुलोमा लडीबुडी खेली-रहेको हुन्छ रत्यान ढुकी रहेको हुन्छ बस यस भन्दा बढी अरू के होला र?

सुन्छु, प्रोफेसर दिव्येश्वर संग तिम्रो वैवाहिक सम्बन्ध जोड्ने बिचार तिम्रो पिताजीले प्रकट गर्नु भएको छ रे । तिमीले इन्कार गरेकी छ्यौ । मेरो बिषयमा यस भन्दा बढी लेखीरहनु नपर्ला । दिव्येश्वर मेरो जीवन भन्दा कति उच्च ओहदाको, मेरो जीवनको कांढे काढांले जेलिएको सांघुरो बाटो भन्दा दिव्येश्वरको जीवन फराकिलो सुशोभित बाटो तिमी-लाई हिंड्न अवश्य पनि सजिलो हुनेछ । कांढा भनि थाहा पाएपछि छोएर हेर्नु सट्टा बरू फूलको थुंगालाई टिप । कांढालाई नछोउ । तब म ज्यादै खुशी हुन्छु दिलै देखि, अनि तिमीमा यति गहिरो प्यार दिन्छु अनि यति गहिरो प्यार लिन्छु आजसम्म मैले पाएको छैन............ बहिनीको अनि भाइ टीकाको दिन मेरो प्रफुल्लीत ललाट पंचरंगो टीका ... भरी देउ बस् ...... ।

तिम्रो दाज्यू,

CC-0. In Public Domain. Digitization by eGangotri

परिभाषा

रजनी
नागिरपाट

यो पसारिएका सडक देखि, जीवनको बाटो सम्झन्छु,
कहिल्यै नटुंगिने पथ, म बीचमै हराउंदछु ।
यो माथिका आकाशभरी
तेरो परिभाषा कोरूँ भन्छु,
ती तारा निस्किहाल्दछन
म टोलाएर हेरी रहन्छु ।
प्रभात उसकै मुस्कान बोकी आउन खोज्दछ
म [illegible]ँ भन्छु, कुहिरो बीचमै हराउंदछु ।
सपनाको मीठो मिलन
कहिल्यै नतोडूँ भन्छु,
भालेको डाक सुनिन्छ
म रिसैले पनि हाँस्दछु ।
अधुरो म, सबै अधुरै रहेको पाउंदछु,
पूर्णताको सीमा खोज्दा, आंधी बिचमै हराउंदछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

तरूनी

— इभिज

"तरूनी" र "तरूणी" शब्दहरूलाई केलायौं भने "तरूनी" शब्द प्रयोग गर्दा जति आनन्द हुन्छ, त्यति "तरूणी" शब्द प्रयोग गर्दा रोमान्च हुँदेन। "तरूनी" को कुरा गऱ्यो भने बालक देखि बूढा सम्मको आंखा र कान ठाडो हुन्छ। तरूणावस्थामा के छ्याकटी, के डल्ली के चोथाले, के काली सम्पूर्ण केटीहरू घोर्लिन्छन् र बंसले मात्तिन्छन्। तरूनीहरूका उश्रृंखल अभिनय घरमा भन्दा बाहिर तीव्ररूपले प्रदर्शन हुन्छ।

तरूनीहरूले अफिसहरूमा उश्रृंखलताको वृहत भूमिका खेल्दछन्। छड्के आंखा तर्काएर, पुरूषहरूलाई लोभ्याउंछन् र आफ्नो कार्य पठाउंछन्। पुरूष हाकीमहरू पनि तरूनीमा नै सीमित हुन्छन् "हेर्नुस् त, यो एउटा टाइप गर्दिनु पऱ्यो" भन्दै मख्ख ... दाउ खोज्छन्। तरूनीहरू पनि त्यस अवस्थामा मुग्ध हुन्छन् र केही बोल्दैनन्। किनभने प्रत्येक तरूनीहरूका बिहान देखि बेलुका सम्मको इतिहास लेख्दा लेख्दा चित्रगुप्त समेत कहिले काहीं त फिसिक्क हास्छन्। तरूनींहरु घरमा रहदा सोझा हुन्छन्, सडकमा हिड्दा बाङ्गिन्छन् र कार्यालयमा काम गर्दा मसलदार हुन्छन्। तरूनीहरूका

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तिसे चाला देख्दा केटाहरूका हृदयमा भइंचालो जान्छ ।"

तरुनीसंग गफ गर्न थाल्यो भने दिन वितेको त के, रात नै बितेको अत्तो पत्तो हुंदैन तरूनीहरू भङ्गेरी प्रेम गर्न अति सिपालु हुन्छन् । ओठ टोकेर, आंखा झिम्काएर, नाक खुम्च्याएर, स्पर्श गरेर आफ्नो कार्य सिद्ध गर्दछन् । तरूनीलाई देख्दा हाकीमहरू पनि एकोहरिन्छन् र न्यायको मापदण्डलाई समेत बिर्सन्छन् । केटाहरूलाई गोरूलाई जोते झैं जोताउंछन् र तरूनीहरूलाई आफ्नो कोठामा डाकी चिया खुवाएर गाला चिमटेर र ढाडमा धाप दिएर काम गराउंछन् । मेरो हाकिमले पनि एकदिन त्यसै......... गरिरहेको वेलामा उसकहाँ म पुग्दा झण्डै मेरो ग्रेड रोकिदिएका थिए । तै देखे–न–देखे झैं गरें र पो नत्र जागिर समेत हिड्ने थियो । त्यसबेला देखि हाकिमको कोठामा तरूनी छें भने भित्र नपस्ने निधो गरेको छु । हाकिमका कोठाबाट फुमको बाहिर निस्केको ब्रेसिएरको डोरी मिलाउंदै स्फूर्ति साथ निस्केका तरूनीहरूलाई "दिदी" भनी चाकडि गर्दा जागिर खाएको एक वर्षमानै डबल ग्रेड थप समेत भएको छ । त्यसवेला देखि तरूनी देख्यो कि "दिदी" भन्न थालें । एकदिन मलाई बडो आपत्ति आइ पऱ्यो । एक जना तरूनीलाई "दिदी" भन्दै जुत्ता नहानेकी, अहो ! त्यो कुरा संझ्यो भने अहिले पनि लाज लाग्छ । मैले "दिदी" भनेको तरूनीले त हाकिम र म दुबै जनासंग प्रेम गर्न थालेकी रहिछन् । मैले बुझुं पनि कसरी ? आषाढको महीना थियो, हावा–हुरी चलिरहेथ्यो । हाकिमको कोठाको पर्दा पनि हावाले कहिले कहीं ह्वाङ्ग पार्दिन्थ्यो । हावाले पर्दा ह्वांग पार्दा हाकिमको घुम्ने

CC-0. In Public Domain. Digitization by eGangotri

मेचमा पुलुक्क हेर्दा त हाकिमले तरुनीको नितम्ब समाउँदै "चिठ्ठी लेखेको अलि मिलेन....." भनेको देखें र झटपट आफ्नो आंखा घुमाइ हालें। अनि त के चाहियो र दिनभर त्यही कुरा मनमा खेलिनै रह्यो। हाकिम-को कोठाबाट बाहिर निस्कंदा मसग पनि बात मारी आंखा झिम्क्यांएर जान्थी। त्यो मोरीले त एक्कासी मलाई झम्टेको देख्दा, म त छक्क परें। पछि पो पत्ता पाएं, मेरी तरुनीले त भुंडी ढुस्साइसकिछ र मेरो टाउको पानं खोजेकी रहिछ। जे होस, तर बच्यियो नभ्र हाकिमको लाथ पनि म माथि, काम पनि म माथि र हुंदा हुंदा उसले ढुस्साएको भुंडी पनि म माथि पर्ने थियो। के गर्नु, कर्म खोटो, जन्मदा नै हाकिम भएर जन्मेको भए, म पनि धेरै तरुनीहरूका भुंडी ढुस्साउने थिएं।

तरुनी भनेको जात नहुने, जोसंग पायो उसैसंग हिड्यो, जोसंग पायो उसैसग सुत्यो, जोसग पायो उसैसग इशारा गऱ्यो। तरुनीहरू जात, धर्म पाप आदि केही कुरामा पनि ख्याल गर्दैनन्। यसकारण तरुनीहरू-लाई हेर्न र स्पर्श गर्न नै छोडिदिए, किसमिसको त कुरै छैन।

नयां रूप, नयां रङ्ग, नयां ढङ्ग लिई
हास्य तथा ब्यङ्गले तपांईलाई हसाउंदै दङ्ग पार्ने
"नकच्चरो"
(हास्य ब्यङ्ग सामयिक संकलन)
को
साइली नानी बजारमा आई सकेकी छिन्!
आजै बजार बाट उडाई हाल्नोस्

CC-0. In Public Domain. Digitization by eGangotri

जोवन–कला

– केशर

धेरै धेरै दिन वाद आज मैले उनीलाइ देखें। धेरै दिन वाद के भनु अझ धेरै महिना अनि वर्ष वाद !

पहिलो पल्ट करीव दश वर्ष अघि उनीलाई भेट्दा, उनीसंग रहंदा उनी गाउं कि एउटी अवोध, चन्चल केटी थिइ। तत्पश्चात तीन वर्ष अगाडि भेट्दा उनी......विधवा......भर्खर मात्र पति स्वर्गवास भएर वंनेकी विधवा.........!

उनी मलाई देखेर अन्यमनस्क भावले टक्क रुकिन। म नचाहेर पनि उनि तर्फ वढें।

[illegible]द उनीले मलाई आफूतिर आएको देखे'र होला, कस्तो कस्तो अनुहार व[illegible] ! म भन्न सक्दिन उनको अनुहारको वनावटमा न खुशीको भाव थियो न त विषाद कै ! तर केही थियो अवश्यं !

उनमा अनि उनको चेहरामा पहिलेको भन्दा चमक छ, तर प्राकृतिक भन्दा वढी कृतिम ! लवाईमा पनि आधुनिक पना छ। मैले वुझ्ने सकिन, उनीमा यकायक यस्तो परिवर्तन कसरी आए ? सवभन्दा पहिलाको संसर्गमा उनी अवोध वालिका थिइ...दोश्रो पल्ट उनी पिल्सीएकी विधवा थिइ...... पतिको देहान्त हुनासाथै सांसारीक सुख भोगवाट वन्चित

CC-0. In Public Domain. Digitization by eGangotri

गरीएकी...... विधवा...... र अहिले......? अहिलेको त्यो शान...
...कृतिम चमक...... फेशन......?

"नमस्ते ! जीवन जी"

"नमस्ते !" उनले हात जोडेको देखेर मेरो हातहरू पनि अनायसै जोडिए ।

"संचै छ ?" बानी अनुसार मेरो मुखबाट प्रश्न फुट्यो ।

"कुन किसिमको संचो ?"

नबुझीने खालको प्रश्न गरिन् उनीले !

म छक्क परें उन्को प्रश्नमा ।

उनी यस्तो कुरा गर्न पहिलें त जान्दैनथी ! साधारणमा हदको साधारण कुरा गरे पनि नबुझ्ने उनी आज .....संचोको पनि प्रकार सोध्दैछे ।

"शायद.........मेरो प्रश्न बुझ्नु भएन क्यारे तपाईले ।" नबुझीने क्षिण मुस्कान ओंठमा ल्याई उनी बोलीन् । "मानसिक सचो या...... शारीरिक.........?"

मैले उनको मुहारको भावबाट जाने कि शारीरिक सुख उनले पाएतापनि मानसिक सुखबाट वन्चित छे ।

तर उनी......एउटी अबला विधवा......कसरी ...ले शारिरिक सुख.........?

म अझ बढी आश्चर्यमा परें ।

"मैले कुरा बुझें कला !" तरै पनि अनायसै मेरो मुखबाट निस्कयो
"के बुझ्नु भो तपाईले । शायद अहिले सम्म पनि तपाईको जन...

CC-0. In Public Domain. Digitization by eGangotri

यो कुराको कुत्कुती लागि रहेकै छ होला कि दश वर्ष अघि देख्दा खेरीको कला, फरी तीन वर्ष अघि देख्दा खेरीको कला र अहिले कला कति अन्तर छ। क्षिण मुस्कान छ उनको मुहारमा।

उनको अदभूत प्रश्न सुनी म अचम्भीत भएं।

सांच्चै दश वर्ष आनि तीन वष अघिको कला र अहिलेको कलामा कति अन्तर छ!

सेतो र कालो सरह।

"दश वर्ष अघि म गाउँकी एउटी भोली भाली, चचल, संसारको रित्ती रिवाज देखि पर वसेकी भनु न जानेको म ....." उनी वाल्दा वोल्दै टक्क रूकिन्।

उनले यता उता हेरि।

कति नै मानिसहरू हामीलाई हेर्दै थिए।

"म जान्छु कला।" म हडवडाएं।

"त्यतिका वर्ष पछि आज वल्ल भेट्दैछु। मनको वह नै मेटिएको ......" उनी खिस्रिक्क हांसीन्, अनि मानो आफैले आफैलाई भनीन्, "मेटीन त अव मुस्कील छ .." मलाई हेरेर फेरी भनीन् ' संचै छ भनेर सोधी संचो विसंचोको जवाफै नसुनी जानु हुन्छ ?"

केहि वोल्न सकिन।

उनले टेक्सीलाई आवाज दिइन्।

टेक्सी नगिचै आएर रूके।

मलाई उनले करैले मोटरमा राखीन्।

"गोदावरी लैजाने ड्राईभर दाजु" उनले भनीन्।

CC-0. In Public Domain. Digitization by eGangotri

वाटो भरी कुनै कुरा भएन । तर मेरो मनमा लाखौं कुराहरू मायि..
..ऐ..

"मनुष्य जीवन बारम्बार पाइंदैन । भाग्यले पाएको यो मनु जुनी-मा हामी अबोध भएर रहनु हुन्न । सकभर यसको उपयोग र उपभोग गर्नु पर्छ" "..शवर्ष अघि म उनीलाई सिकाउ थे ।" हरेक कुराको यहां दुई पक्ष छ । कुन राम्रो, कुन नराम्रो, कुन असल, कुन खराव आफ्नै विवेकले छुट्याउ..ु पर्छ ।"

"जीवन ! मैले जीवनको उपयोग गरें । उपभोग गरें । सांच्चै हो रहेछ ! जीवन उपयोग र उपभोगमा छ ।" गोदावरीमा पुगेर उनले क्षिण भावमा भनीन् ।

"व्यङ्ग नहान कला ? म सहन सक्तिन ।" त तडपिएं ।

मेरो तडप देखेर कलाले भावहिन मुस्कान ओंठमा ल्याइन ।

"आजकाल वस्छौं ?"

"कुनै ठेगान छैन ? आज यहां भोली कहां । संसारको रित पनि यही न हो । उसो म लम्पट पैसावालहरूको मनोरन्जन गृहमा रातको पाहुना वन्दै हिडेकी छु । जीवन उपयोगमा छ उपभोगमा छ हैन त ?"

"उफ ।" म छक्क परें । सोचेथें उनी आफ्नो विधवाको क..ना फेरेर अर्को जीवन साथी वनाई र त्यहिं उनी यस्तो शान पाई ..र...?

"जीवन जी ? मेरो कुरा सुनेर तपाईलाई आश्चर्य लाग्यो होला । तपाईले सिकाउनु भएको बाटोबाट म हिड्न खोजें तर......। म बुढ. बाले लिएको ऋणको सांवा व्याज र ब्यु खानी स्वरूप पैसट्ठी वर्षको वरुनोको धर्मपत्नी वने । यौवनको खुडकिलोमा पदार्पण गर्दा नगर्दै मैले

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो पतिलाई गुमाएं। विधवा भएं म...पोई टोक्ने ..कुलक्षिणा... समाज चिनेका व्यक्तिहरूले मलाई विधवा बनाएर पनि जिउन दिएन। तिम्रो उपदेश, गुण्डाहरूको खेदोले जीवनलाई मैले उपयोगमा ल्याएं। जीवनको उपभोग गरें। आज म राम्रो छु। स्वतन्त्र छु, समाजको नियम बुझेकी छु। र सबैको साथी......" यो उनको वेदनामय व्यङ्ग थियो म माथि।

"कला ?" लगभग म "चिच्याएं तिमीले मेरो उपदेशलाई गलत- ढंगले अपनायो कला! मैले तिमीलाई त्यस किसिमको जीवन विताउन त भनेको थिइन्। हो! म अझ पनि भन्छु कि जीवन उपभोग र उपभोगको लागि हो। तर कुन ढंगले यसको उपयोग गर्नु पर्छ कुन ढंगले उपभोग गर्नु पर्छ? तिमीले सोच्नु पर्थ्यो। सोचेनौं। मैले तिमीलाई भनेके थिएं पनि कि यहां हरेक कुराको दुई पक्ष छ। दुवै पक्षको राम्ररी विचार गर्नु पर्छ। तिमीले यसको एक पक्षमात्र सोच्यौ। यही जीवनलाई सामाजिक सुधार कार्यमा लगाएर उपयोग गर्न सक्थ्यौ, तिमीले उपभोग गर्न सक्थ्यौ। तर तिमी ..... के भनुं म तिमीलाई ?... नजाने म यस्तै के के फतफताउंदै गएं।

उनी मलाई वाल्ल परेर हेर्दै थिईं!

★

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो जेठो छोरो

—बिक्रम
पकनाजोल

[illegible]को अन्तिम प्रक्रियामा
विश्व दिग्विजय गर्न सक्षम पदार्थद्वारा निर्मित
एक मानव मुर्तिको करुण रोदन
च्या .... हां   च्या..... हां
टुकुचाको हिलोमा,
हत्या: मेरो जेठो छोरोको,
मेरो प्रथम प्रतिबिम्बको !
प्रमाण खोज्ने बिचरा समाजको आंखा
टुकुचाको दुर्गन्धले पोलिदिन्छ,
मेरो मानसिक उद्वेग त केवल
एकदिन गतिशील भइ दिन्छ !
सूर्यको लालिमाबाट विश्व न्यानो हुन सक्छ,
जुनेली रातकी चांदनी शीतल भइदिन सक्छे,
सीमित परीधि भित्र टुक्रिएको
आदर्श चौतर्फी मगज मेरो
यो सोच्न असमर्थ हुन्छ !
म खुशी छु, एक फोटो ग्राफरको ग्राहक,
नांगो एवं स्पष्ट समाजको तालुमा
मलमलको एक टुक्रा पयाक्न सफल भएकोमा,
समाजमा हाम्रो अस्तित्वको पुनर्स्थापनामा,
अनि उसको काल आएकोमा !
तर विस्तृत उदार क्षेत्रमा
बोक्रे सह — अस्तित्वको असीमित कामनामा
मेरो सोचाइ सांघुरो छ !
सूर्यको तुलनामा,
मेरो जेठो छोरो : टुकुचाको हिलोमा ! ! !

CC-0. In Public Domain. Digitization by eGangotri

प्यारा राजा श्री ५ वीरेन्द्रको

२८ सौं शुभ-जन्मोत्सवको

हर्षोल्लासमा सरकारको

आरोग्यता तथा चिरायुको

हार्दिक मंगलकामना

प्रकट गर्दछौं

काठमाडौ मोटर कं.

नागस्थान हरिभवन

काठमाडौं

फोन न-१२४१६

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रनायक श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको
२८ सौं शुभ जन्मोत्सवको सुखद उपलक्षमा
मौसुफ सरकारको
चिरायु, तथा सुस्वास्थ्यको कामना गर्दछ
गृह सामग्री भण्डार
गृह निर्माणका सामग्रीहरू तथा विश्व प्रसिद्ध
एसिएन पेन्टसको लागि सम्झनु होस)

गृह सामग्री भण्डार टेकू

फो नं. १३६२२
पो ब. नं. ५७१

कवि श्री घटराज भट्टराई द्वारा रचित

अमर ज्योति (शोक काव्य)

आजै किनी पढ्नु होस ।

चित्रण

पत्रिका निस्कंदैछ अवश्य पढ्नु होला

CC-0. In Public Domain. Digitization by eGangotri

यो दुष्ट समाज प्रेमीको हत्या गर्न चाहन्थ्यो तर दुई प्रेमी प्रेमको रक्षाको खातिर छटपटाईरहेका थिए ... ... मानवले त उनीहरूको प्रेम सहेनन् भने क्रूर मृत्युले के दया गर्थ्यो ? ... ... लताको तृप्तता उसको अनुहारमा प्रतिबिम्बित भएको थियो ... ... एक जीवन भत्किरहेको थियो ... ... एक गीत बिलीन भइरहेको थियो ... ...

व्यथित आंसुको व्यथा — एक प्रस्तुतीकरण

हरि सिमखडा "आंसु" पकनाजोल

लताको लाश चितामा धू .. धू गरेर जलीरहेको थियो । हरिश शून्य दृष्टिले त्यो हृदयविदारक दृष्य हेरीरहेको थियो । ऊ रोइरहेको थियो तर आंखामा आंसु थिएन । आज उसका चाहना, आकांक्षाहरूको हत्या भएको थियो । उसको ती सब स्वर्णीम सपनाहरु आज लताको लाश सगसंगै जलिरहेको थियो । आज उ आफूलाई एकदम एक्लो महसूस गरीरहेको थियो ।

जलेको सपना

कहां गए ती दिनहरू ...... कहां गए ती क्षणहरू । आज आफ्नो घर देखि टाढा .. ... आफन्तहरू देखि पर आएर आफ्नो जीवन प्रेरणाको लाशलाई चिताको प्रचन्ड ज्वालाले पोलेको उ विवश र मौन

CC-0. In Public Domain. Digitization by eGangotri

भएर हेरीरहेको थियो। ती बितेका मधुर क्षणहरू आज हरिशलाई सपना झैं लागीरहेको थियो। दुवैले भविष्यको निम्ति कति योजनाहरू बनाएका थिए– कति मीठा मीठा कल्पनाहरू गरेका थिए। तर अफशोच, उसको जीवनको सहयात्री यात्रापूर्ण नहुँदै बीचमा उसलाई एक्लै छोडेर गई ..... जीवन भर एक्लै भट्कन। हरिश भावनाको धारमा बगेर अतीतलाई अङ्गालो हाल्न पुग्यो विकल भएर ... ...

उसको निराशाले भरिएको जीवनमा आशाको किरण बनेर चम्कन आएकी थिई लता ! उसको अर्थहीन जीवनमा महत्व बनेर आएकी थिइ ऊ ! उसको आंसुले भरीएको बाटोहरूमा सहाराको लागि मुस्कान बनेर आएका थिइ ! मानो लता हरिशको जीवनमा बरदान बनेर आएको थिई ! जब लताले हरिशको जीवनमा प्रवेश गरेकी थिई, उसले आफूलाई संसारको सबभन्दा भाग्यमानी ठानेको थियो। उसको हृदयमा नयां आशा, नयां जोश, नयां हौसलाहरूले जन्म लिएका थिए। उसको उजाड जीवनमा फेरि बसन्त छाएको थियो। उसका युगल ओठले अनेकन प्रेमका गीतहरू गाएका थिए।

दुबै एकै कलेज, एकै क्लासका छात्र थिए। दुबैको परिचय अचानक भयो। परिचय घनिष्टतामा परिणत भयो र घनिष्टता पनि अलि अलि गर्दै प्रेमको रूप लियो। दुबै एकै सूत्रमा बांधिए दुबैको प्रेम बढ्दै गयो। कलेज भर हल्लो फैलियो। चारैतिर हावा भएर पुग्यो। तर उनीहरूलाई कसैको परवाह थिएन। उनीहरू आफ्नै दुनियांमा मग्न थिए। सच्चा प्रेमीहरू, चाहे जति ठूलो आपद आओस् निराश हुदैनन्। हताश हुँदैनन्। आखिर एक दिन दुबैको परिवारले

CC-0. In Public Domain. Digitization by eGangotri

यो कुरा चाल पाए । लताको घर कैदखाना भयो । कलेज जान बन्द गरीयो । हरिशले पनि बाबुबाट अन्तिम चेतावनी पायो । दुवैको भेट बन्द भयो । दुवै दुईतिर छटपटाउन थाले । कुनै उपाय थिएन । यो दुष्ट समाज प्रेमको हत्या गर्न चाहन्थ्यो तर दुई प्रेमी प्रेमको रक्षाको खातिर छटपटाई रहेका थिए । एक दिन राती हरिश झ्याल चढेर लताको कोठामा पुग्यो, लताको अनुहार एक महिनाको बिरामीको जस्तो देखिन्थ्यो । दुवै बिह्वल भएर एक दोश्रोको अंगालोमा बाँधिए । निकै बेरसम्म दुवैलाई होश भएन । त्यस पछि हरिशले आफूलाई समाल्यो र आउनुको कारण बतायो ।

भोलिपल्ट बिहान मात्र मानिसले थाहापाए—हरिश र लता आ–आफ्नो घर त्यागेर भागे । धेरै दिनसम्म खूब हल्ला भयो । दुवैको परिवारले खूब दौडधुप गरे आखिर केही नलागेर दुवै परिवारले आश मारेर चुप भए । उता दुवै अर्को शहरमा पुगे जहाँ उनीहरुको आफ्नो भन्ने कोही थिएनन् । त्यो टाढाको परदेशी शहरमा लताको लागि आफ्नो भन्नु हरिश थियो र हरिशको लागि केवल लता । नयाँ ठाउँ, नयाँ बातावरण र नयाँ अनुहारहरूको बीच दुवैले कस्तो—कस्तो ... गरे । तर दुवैलाई एक दोश्रोको प्रेम माथि बिश्वाश थियो । त्यसैले हत... भएनन्—निराश भएनन् ।

लताको शरीर भित्र रोगले जरा गाडिसकेको थियो । उ दिन पर दिन कमजोर हुदैं गई । दुवैले आ–आफ्नो साथमा ल्याएको पैसा अलि अलि गर्दै लताको उपचारमा खर्च हुनथाल्यो । तर लताको रोगमा कमि आएन । दिन दिनै रोगले आफ्नो असर देखाउन थाल्यो । लता शिथिल

CC-0. In Public Domain. Digitization by eGangotri

हुदै गई । लता संग भएको सब गर—गहना बिक्यो । दुवैको साथ पैसा खतम भयो । तर लताको रोगमा कुनै कमि आएन । हरिश हतो... गो । उ गरोस पनि के यो नौलो शहरमा ? कसैलाई चिनेको पनि त छैन । घर जाओस त छोडेर आइसकेको घरमा के मुख लिएर जा...
हरिश यता उता भौंतारिरहथ्यो । रात दिन केही नभनी उ लताको सेवा गरीरहेको थियो । लता केवल शून्य दृष्टिले हरिशलाई हेरीरहन्थी । पैसाको कमिले गर्दा उनीहरूले पुरानो घरको एउटा सानो कोठा भाडामा लिएका थिए । हरिशलाई त्यो कोठामा एकदम उकुसमुकुस लाग्थ्यो । उसको जीवन नाउ डगमगाई रहेको थियो । कत्रो लामो संघर्ष पछि पाएको सुख, शान्ति, प्रेम, सहारा उ देखि टाढा टाढा हुन चाहिरहेको थियो । उ लतालाई गुमाउन चाहँदैनथ्यो । उ लताको-लागि आकाश पाताल एक गर्न चाहन्थ्यो । तर मृत्युको क्रुर पन्जाले लतालाई छोड्दै छोडेन । मानवले त उनीहरूको प्रेम सहेनन् भने निर्दयी मृत्युको के दया गथ्र्यो ।

एक विहान लता सदा भन्दा स्वस्थ थिई । हरिश त्यो दिन असाध्य खुशी भएको थियो । दुवै मग्न भएर कुरा गरिरहेका थिए — अचानक लताको मुखबाट रगत बग्न थाल्यो । हरिश आत्तियो र विहवल... लतालाई अंगालो हालि रुन थाल्यो । लताले अन्तिम क्षणमा ... ज भनी त्यो उसलाई अझसम्म याद छ । अढी, अढी लताले भनकी थिई ... .. "मेरो देवता ... ... मलाई माफ गर ... ... मैं ... ले तिम्रो ... ... साथ ... ... दि .. न सकिन । मैले ... ... गर्दा ... ... तिम्रो ... ... जी .. वन बर्बाद ... भ ... यो ! यो जन ... ... म ... मा

CC-0. In Public Domain. Digitization by eGangotri

... तिम्रो ... ... हुँ ... म ... मलाई ... पनि ... थकों ... जन ... म ... मा ... अवश्य ... हुनेछु ... विश्वाश ... गर ... म ... मरेर ... गए पनि ... सधैं ... ति ... म्रो ... न ... जि ... क ... हुनेछु। मलाई ... अ ... न्ति ... म ... पटक ... ति ... म्रो ... ... अंग ... लो ... मा ... बांध !'' हरिशले लतालाई बेसरी अंगालो मान्यो, लताको तृप्तता उसको अनुहारमा प्रतिबिम्बित भएको थियो— अनि हरिशलाई छोडेर यो स्वार्थी संसार देखि टाढा भई।

हरिशले लामो सुस्केरा हाल्यो। चिताले उसकी लताको शरीरलाई भष्म पारीरहेको थियो। मुटु चिरिन खोजिरहेथ्यो। उसलाई चिच्याई चिच्याई रून मन लागिरहेथ्यो। तर चाहेर पनि रून सकेन। आंखा भरी आंसु लिएर यो हृदय विदारक दृश्य हेरी रहेको थियो हरिश!

एक सपना जलिरहेको थियो। एक प्रेम रोईरहेको थियो। एक जीवन भत्कोरहेको थियो। एक वसन्तमा खडेरी लागि — रहेको थियो। एक गीत विलीन भईरहेको थियो। विहान मात्रै हांसेर उसंग कुरा गरीरहेकी थिई — अहिले त्यो सुन्दर शरीर खरानी भएर सारा विश्व-लाई गिज्याईरहेकी छे। उसले अब आफूलाई थाम्न सकेन, चारै दिशा थर्कने गरी चिच्यायो। ''ल ... ... ता ... ... !'' अनि चितानिर लड्द पुग्यो।

"पाप डरलाग्दो मात्र होईन
रहर लाग्दो पनि हुन्छ।"

—गोबिन्द मल्ल

CC-0. In Public Domain. Digitization by eGangotri

प्रारम्भमा कबिता तथा एकाङ्की नाटकका लेखक, हाल समालोचनाको क्षेत्रमा स्पर्श । प्रकाशित कृति "समालोचना" । विभिन्न पत्र-पत्रिकाहरूका सम्पादन गरेको, हाल पनि केही पत्रिकाहरूका सल्लाहकार भइरहेको । १७।३५ टङ्गाल गैरीधारा काठमाण्डू निवास स्थान । "केही नेपाली काव्यहरूका समीक्षा" प्रेसमा गइसकेको ।

अच्युतका कथाहरू सिंहावलोकन गर्दा

–चिरञ्जीबी दत्त

नेपाली कथाका क्षेत्र ज्यादै दयनीय अवस्थामा हुँदा भवानी भिक्षु, गुरु प्रसाद मैनाली, पुष्कर शम्शेर, बिश्वेश्वर प्रसाद कोइराला हरूले कथाका बीज नरोपेका भए दौलत विक्रम बिष्ट, देवकुमारी, तारिणीप्रसाद कोइराला, रमेश विकल, शंकर कोइराला, पोषण पाण्ड, पुष्कर लोहनी, बिश्वम्भर चन्चल, प्रमा शाह, परशु प्रधान,

CC-0. In Public Domain. Digitization by eGangotri

अच्युत दत्तहरूका कथाहरू ह्यांगिन मुश्किल पर्थ्यो । भिक्षु, मैनाली, कोइरालाका कथाहरूका तुलनामा नवीन कथाकारहरूका कथाहरूले नवीन छटा लिएका नै छन् ।

कथा कथामा मात्र सीमित नभएर देश, काल र परिस्थिति अनुसार कथाहरू लेखिनु पर्छ । कथाकारले समाजको नेतृत्व गरिरहनु आवश्यक छ । लोक-कथामा झैं "सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ... ..." इत्यादि चलन सामाजिक कथामा नभए पनि कल्पनाको घोडाले पंयां ठोक्नु पर्दछ । लोक — कथामा जादू र कल्पना दुबैको मिश्रणले पाठकहरू मुग्ध हुन्छन् भने सामाजिक कथामा जीवनका यथार्थ घटनाहरू प्रस्तुत गर्न सकेमा पाठकहरू लोभिन्छन्, मोहित हुन्छन् र शिक्षितसमेत हुन्छन् ।

भर्खर भर्खर बामे सर्न लागेका अच्युत दत्तका कथाहरू "रत्नश्री" "रूपरेखा" तथा अन्य पत्र—पत्रिकाहरूमा साउनको भेल आएझैं प्रकाशित भइरहेछन् । तर कथाकारले छिटो छिटो कलम चलाएझैं वस्तुस्थिति, घटना, पात्र–पात्री, संवाद अझ राम्ररी प्रस्तुत गर्न सकेका छैनन् । किनभने "संगालिएका व्यथाहरू" कथामा कथाकार दत्त आफैं नै केन्द्रित भएका छन् । उनी कथा संगसंगै सललल बग्न सकेका छैनन् । अत एलेक्जेण्डर पोपका कथाहरू अच्युतले सेवन गरेका छैनन् कि । किनभने शब्द—प्रयोजनमा दत्त जति अगाडि बढेका छन्, त्यति भावमा गहोरिन सकेका छैनन् । यस कथामा एउटी तरुनीको जीवनी प्रस्तुत गर्दैमा कथा टुंगिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अमेरिकाली, रस्सियाली, चिनियाली कथाहरूमा जे जति परिवर्तन आइरहेछन्, त्यसका केहि टेकनिकलाई मात्र नेपाली कथाकारहरूले ग्रहणगरी लेखेमा अन्तरराष्ट्रिय क्षेत्रमा नेपाली कथाले पनि स्थान पाउने थियो कि। तर नेपाली कथा प्राय: प्रेममा नै सीमित भएको देखिन्छ। प्रेमको कथा लेखिनु हुन्न भन्ने मेरो धारणा त होइन, तर प्रेमको कथा लेख्दा तर्कयुक्त तथा संयतपूर्वक लेखिनु पर्दछ भन्ने मेरो मनसाय हो। कथामा मनोविज्ञान हुनु पर्दछ। पाठकमा कौतुहलता जाग्रत गराउनु पर्दछ। अच्युत दत्तको "स्ट्रायक" कथा वास्तवमा कथाकारको हृदयको स्ट्रायक हो। एउटा भाइको विचार एक्कासी परिवर्तन हुनुमा केही तार्कीक कुराहरू त छन् तर अभिव्यक्त काँचै नै भएकोले स्पष्ट हुन सकेको छैन। त्यस्तै "विवशतासंग भाचिदा" कथामा कथाकार दत्तले मनो विश्लेषण प्रस्तुत गरेका छन्। "प्रस्ताव" कथामा कार्यालयका कार्यहरू तिर ध्यान दिनुको अपेक्षा एउटी बंशालु तरूनी केटीतिर मात्र आकर्षित भएको देखाइएको छ भने "विवशतासंग भाचिदा" कथामा कार्यालयको प्रशासनप्रति असन्तोष प्रकट गरिरहेको छ।

अच्युत दत्त पनि भवानी भिक्षु भैं प्राय: प्रेमको कथा लेखनमा नै अग्रसर भएका देखिन्छन्। तर भिक्षुको प्रेमको कथाको ..... अच्युतदत्तको प्रेम कथा लुरे, लंगडो तथा लुते छ। दृढ विचार लिएका कुनै पात्र-पात्रीहरू छैनन्। "स्मृतिको रेखांकन" "भारिएको स्वरको जवाफ", "विजेको काँडा" इत्यादि कथाहरूमा अच्युत दत्तका प्रस्तुती

CC-0. In Public Domain. Digitization by eGangotri

करण ज्यादै सांगुरिएको छ। अतः शोषण नीतिलाई उत्तानो पारेर फाल्न नसकेसम्म नेपाली कथाको फांटमा कहिले लहलह हुने छैन। हालसम्म प्रकाशित कथाहरूबाट यो स्पष्ट हुन्छ कि अच्युत दत्त संस्कार पीडित कथाकार हुन्।

जे होस्, नवीन कथाकारहरूका फांटमा देखा परेका अच्युत दत्तका कथाहरू पठनीय नै छन्। उनले आफ्नो एकलकांटे विचारहरू परिवर्तन गर्नु आवश्यक छ। एडगर एलन पो, विलियम हडसन, जे डब्लु लीनका कथाहरू संग दत्त सन्निकट हुन सकेमा उनका आउने कथाहरु अवश्य समाजोपयोगी बन्ने छ भन्ने कुरा प्रकाशित कथाहरूका भाषा, शैली तथा प्रस्तुतीकरणबाट स्पष्ट हुन्छ।

O

चिरञ्जीवी दत्त लिखित विद्यार्थीहरूलाई

उपयोगी पुस्तक

"समालोचना"

(समालोचना संग्रह)

प्रकाशित भइसक्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई थाहा थिएन

सुश्री चन्द्र कला राई, दार्जिलिङ

मलाई थाहा थिएन—
मैले बाँच्न चाहेको संसार, यस्तै उराठलाग्दो छ भनेर,
र जीउन चाहेको जोवनी, यति सघर्षमय छ भनेर,
आशा र इच्छाको परिधिभित्र थुनिएर,
यतिका दीवसहरू कोमल र पाषाण हृदय लिएर,
बिताईएका छन् ।
मलाई थाहा थिएन—
जुनेली रातको शीतलतामा, व्यथाले मुटु चर्किन्छ भनेर,
र घमाइला दीवसहरु, निशाको व्यथाले तड्पिन्छ भनेर,
जीवन र मोहका सीमा भित्र अल्झिएर,
आजका दिनहरू प्यासी र व्यथित हृदय लिएर,
च्युताइएका रहेछन ।
मलाई थाहा थिएन—
मैले पिउन चाहेको अमृत, मदपान नै हुन्छ भनेर,
र भव्य कलामय कोठा नग्न नृत्य भवन हुन्छ भनेर,
यौवन र मदका आलिंगन भित्र रहेर
रंग मञ्चमा रोइरहेको यौवन, अतृप्त नयनले हेर्दै भ्रमरहरु
झमिएका रहेछन् ।
मलाई थाहा थिएन—
मैले हेर्न चाहेको फूल, यस्तै काँडामय हुन्छ भनेर,
र सुन्दरतम संसार, यस्तै भारामय छ भनेर,
व्यंग र उमंगका पर्खाल भित्र उभिएर,
स्वच्छ हिमालय हेर्दै, सामुन्ने कलंकित हृदय लिएर उभिएका रहेछ

CC-0. In Public Domain. Digitization by eGangotri

(उफ् ! कस्ता वहुलट्ठी दिनहरुको प्रवेश थियो त्यो .. .. मेरो मुटु जोड्ले धड्कन थाल्यो.. ..... मेरा आंखामा झिल्काहरू देखा पर्न थाले.........उनको स्वीकार पाए पछि म कहिले हिमाल भन्दा उच्च भावनामा पुग्थें भने छिनमै कल्पना सागरको गहिराईमा डुबुल्की मार्न थालें.. .. .. आसैं आसमा बांच्ने प्रण गर्न थाले शायद जीवन आशावादी भएर होला.... .. .. क्षमाबाट शुरू भएको एउटा इतिहास क्षमा के विन्दु सम्म पुगेर पनि असीमित भइदिन्छ —बहुलट्ठीलाई पढ्नुहोस)

वर्तमानसंग अल्झिएको अतीत

– "वहुलट्ठी" नारायणी

"अं रामदाई, टाइम एकघण्टा सिर्फ बांकि छ । अघिको कुरा मैले बुझ्न सकिन । नबुझि सन्तोष पनि लाग्दैन ....?"

"त्यस्तो खास कुरा केही छैन ।"

CC-0. In Public Domain. Digitization by eGangotri

हुन त तपाई दाजू जस्तो मान्छेलाई केही कुरा भन्नु सूर्यलाई बत्ती देखाउनु बराबर हुन जानेछ, तैपनि भन्न मन लाग्छ– सत्य कुरा सत्य नै रहन्छ, तपाईं आफ्नो मनको कुरा कसैलाई पनि थाहा छैन भने जति ढाकछोप गर्न थाल्नु हुन्छ उति झन स्पष्टिन्छ।

"लौ रिता, तिमी अति जिद्धीवाल छ्यौ सुन्छ्यौं भने भनि दिन्छु तर एउटा शर्तमा कसैलाई पनि भन्दिनौ भने मात्र।"

अब, म सबैलाई राम दाईले यसो भन्नु भएको थियो भन्दै फुक्दै हिड्नु मेरो अरु केही काम छैन। कस्तो विश्वास नगर्नु भएको होला छितो:

"ल गयो विश्वास गरें, भो अब? सुन, म जब काठमाडौं उत्रें पालपाबाट अध्ययनको लागि - मेरो उमेर केवल अठार वर्षको थियो। मैले आफ्नो जीवनमा अध्ययन समय चार वर्ष आनन्द साथ व्यतीत गरे। मेरा ती चार वर्षको समय कति सजिलोसंग पत्तै नपाईंविते .. त्यसपछि आफ्नै खुट्टामा आफै उभिने अभिलाषा पूर्ति गर्न भनौं या कर्तव्य पालन गर्न टिचरको रुपमा रहन थालें। अं म आठ वजे आफ्नो डेराछोडि सकथें। एक दुई दिन त यादै भएन–त्यो बाटोमा ठीक त्यसै समय को को हिड्छन भन्ने कुरा। तर केही दिनमा नै थाहा पाएं– एउटी अग्ली, उस्म जीउ परेकी लामो कपाल भएकी केटी बाटोमा पर्ने एउटा मोडमा सधैं देखें म त्यस मोड्मा पुग्न लागे पछि अनायास त्यस केटी... हो, त्यही केटीको झ्वास्स् संझना आउन थाल्यो। किन किन मेरो हृदयमा उनीप्रति मायाका आंकुराहरू टुसाउन थालिसकेका थिए। उनीसंग बोलु बालु लाग्थ्यो तर बोल्ने साहस आउदैनथ्यो म आफ्नो मनमा आफैलाई धिक्कार्दथें, उप

CC-0. In Public Domain. Digitization by eGangotri

सोच्दथें, सोच्दा सोच्दै सोचहरू बिलाईदिन्थे । उफ् कस्ता बहुलठ्टी दिन-हरूको प्रवेश थियो–.........त्यो !

पानी घनघोर संग पर्छ । म मेरो साथी नरेन्द्रको साईकलमा सुरतरी जांदै गर्दा ठीक दैनिक रुटिन झैं भेट हुन्छ तर — — तर आज भेट बेग्लैतवरबाट भैदिन्छ, आकाशमा बिजुली चम्कनु पश्चात गडगडगड ड — ड गड्यांड० । आवाज निस्कन्छ ...... "यो ... मा" अनि ठक्कर खान्छिन मेरो साइकलमा । म साइकलबाट ओर्लन नपाउंदै उसका गोरा नारीमा समाउन पुग्छु, "किन यसरी डराउनु भएको ? " यत्तिकैमा म ओंलि सक्छु ।

"माफ् गर्नुस् है" उ लजाउंछे ।

मेरो मुटु जोड्ले धड्कन थाल्यो । सारा शरीरमा करेन्टको सन्चार भए झैं मेरा आंखामा झिलकाहरू देखा पर्न थाले । आफू सम्हालिने तर्फ पनि लागे ।

"माफ म के को लागि दिउं ? बरू तपाईलाई चोट पो लाग्यो कि ? "लागेको छैन "उसले उत्तरमा भनी । मुसुक्क मृदु हांसो हांसी दिइ अनि मैले पनि जवाफमा हांसो नै दिएं । र आ–आफ्नो बाटो तताऔं । उसको [illegible]ईमा त्यत्ति अनौठो लाग्दो कुरा केही पाइन तर मेरो हेराईले भने पक्कै असर पारेको जस्तो लाग्यो । दिनभर कै कति कसरी पढाएं भन्ने कुरा उत्तो याद आउदैन त्यस दिनको । म कल्पनै कल्पनाको गगनमा नाना रंगका सपनाहरू बोकी सैर गर्न थाले । त्यसपछि, एकपछिका अर्को दिनहरू मुस्कानै मुस्कानमा बित्न थाले । एक डेढ महिनाका समय ।

CC-0. In Public Domain. Digitization by eGangotri

मैले एक दिन मेरो "नमस्कार "मा उसले पनि नमस्कार फर्काईदिन्छे।

"अं होस्रो चिनाजानी भएकोत धेरै भै सक्यो तर एक अर्काको नाम थाहा पाएका छैनौं।"

"हो नि त, सांच्चै यहांको शुभनाम्......?

"मेरो राम कुमार।"

"तपाइको नि ?"

"सन्ध्या।"

"कस्तो राम्रो नाम रहेछ, सन्ध्या !"

"खिसी नगर्नोस् के, आफ्नो राम्रो भनेर।"

"मेरो खिसी गर्ने बानी छैन– आफ्नो त मर्ने बेला लिने नाम छ, के राम्रो हुन्थ्यो !"

राम्रो त छ नि, बिहान उठ्ने वित्तिकै सबैको मुखबाट निस्किन्छ "राम"।

त यसको मतलव उनले पनि मलाई मन नपराएकी त होइन रहेछ। हामी दुवैका चाहनाएकै रहेछन् भन्ने अठोट गरे। अब हामी बीच राम्रो हेलमेल भै सकेको थियो। मैलेएक दिन सिनेमाको प्रस्ताव राखे तर उनीले अपठ्यारो मान्नु स्वभाविकै थियो। त्यसमाथि मैले नै अति जिद्दी गरे, मेरो हठलाई नाघ्न सकिनन्। उनको स्वीकार पाएर्छि म कहिले हिमाल भन्दा उच्च भावनामा पुगे भने छिनमै कल्पनाको सागरको गहिराईमा डुबुल्की मार्न थाले। हामी दुवै सिनेमा हेर्न गयौं। त्यसै सिनेमाले हाम्रो मनको चित्र उतारी दिए झैं लाग्दथ्यो। त्यसैले हामी

CC-0. In Public Domain. Digitization by eGangotri

दुवैं आपसमा हेराहेर गर्दै हास्थ्यौं मात्र । सिनेमा हलबाट निस्केर उसको डेरामा रातको खाना खाएँ । अनि अनगिन्ती प्रस्तावहरू सजिलै संग पास हुन थाले हामी बोचको यो सब व्यवहारले आपसमा घनिष्ठता बढाउन थाल्यो । एवं रितले दुई वर्ष वितिसकेछ सुन्दर अनि अनेकन कल्पनाका लहरहरूमा शुभका क्षणहरू — — एक दिन यस्तो दिन पनि आयो मेरो घरमा मेरा पिता विरामी भनेर समाचार बोकी पत्रले प्रवेश गऱ्यो साथै उसलाई पनि जतिसक्यो चांडो आउनु भनी घरबाट पत्र पठाए । हामी दुवै छुट्टीनु भन्दा अघिल्लो रात एकर्काको घरबाट पठाएको पत्र पढीसकेर नाना प्रकारका गफ गरी एउटै ओछ्यानमा बसी वितायौं .... उफ्.........! .. संझदा साह्रै गाह्रो हुन्छ । बिहान भयो । आ— आफ्नो मालसामान सहित बाटो ततायौं पन्ध्र दिन पछि फर्कने निधो गर्दै ।

जीवनमा सोच्दै नसोचेको घटना घटनु, आफूले बनाएको कल्पनाको घर भत्कनु सामान्य कुरा हुन जांदो रहेछ । उ आइन— मैले घरबाट फर्केर पत्र लेखें । पत्र उसको बाबुले पाएछ भनी पत्र लेखेकी थिई— फर्कने वादा भने परेकै थियो । आसै आसमा पनि बांचने प्रण गर्न थाले, शायद जीवन आशावादी भएर होला— प्रतिक्षण सम्झन्थें ।

अचानक एकदिन भेट हुन्छ बाटोमा । म भ्रममा परे कि भन्ने उपभ्रममा परें, तर सत्य नै रहेछ- उसले बेलुका डेरामा बोलाउंछे । म जान्छु अनि........ अनि थाहा छ रिता ?"

"अनि के भयो त ?"

CC-0. In Public Domain. Digitization by eGangotri

"अनि उसले मैले आजसम्म गरेको भूलमा क्षमा गर्नु होला भनी।

मैले हतासिदै सोधें "केको क्षमा चाहन्छ्यौ तिमीले के भूल गरेकीछ्यौ र ?"

"मैले जीवनमा कहिले" बिर्सन नसक्ने भूल गरेको छु। म. वहाँबाट गएपछि बाबुले तपाईको चिठ्ठी पाउनु भयो। सो पत्र पाउनासाथ आफ्नै जातमा बिहे गरि दिने बाबुको इच्छाको शिकार बनें। गाउँकै एक केटो संग पर्सि पल्ट नै स्वयम्वर गराई दिनु भयो। मेरो इच्छाको हत्या भयो। तर पनि रामु, माटोमा मिल्ने यो शरीर, आगोले खाने शरीरले टाढा रहनु परेता पनि तपाई संगको प्रेम तपाइकै प्यारको प्यासी बनी रहने छ। यस जन्मभर अनि म त्यस प्यासलाइ बोकेर उहि निष्पक्ष, साझा अनि अनिवार्य बाटोमा [illegible] रहने छु। यस स्वार्थी संसारबाट टाढा भए पछि मात्र हाम्रो प्यास मेटिनेछ। अवश्य पनि हाम्रो प्रेम मर्ने छैन। तपाई जहाँ रहनु भएपनि यस पृथ्वीमा रश्मि चाँदनीसंगै "रहनु हुनेछ, म पनि त्यहीं हुनेछु– मलाई टाढा नसम्झीनु। मेरो आत्मा तपाईकै आत्मासंग टाँसिएकोछ। अर्को जूनीमा प्रेमिकाकै रूपमा भेटौंला ....। मलाई बिर्साउन सक्ने केटीसंग बिहे गर्नोस्।"

उनका दर्दनाक अनि कातरपत्र देखि दया र घृणाले एकै चोटी मोथि आक्रमण गर्न थाले मेरो मस्तिस्कमा भूकम्प जान थाल्यो। "मैले चिच्याएर भने" "यसमा म क्षमा दिन असमर्थ छु। सन्ध्या, तिमीले स्वयम्वर गर्‍यौ त केवल करकापमा परेर मात्र, दिल चोखै न-

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसले तिमो फर्कने कुरा नगर–म केवल तिम्रै लागि जिएकोछु। "

"त्यसो नभन्नुस् राम, मलाई लाचार नवनाउनोस म समाजको मुख थुन्न सक्तिन। मेरो जिउंदो लाश अर्कैको भै सक्यो। "

"छि तिमी कस्ती लाछी, भै गयो त्यसो भए तिम्रो र मेरो अन्तिम भेट यही नै रहेछ, पहिलो भेट माफिबाट शुरू भएथ्यो ……… ..छुट्टियौं ग्याफोबाट … …। संन्ध्या, तिम्रो लोग्नेले तिमीलाई सच्चा प्यार देओस, तिम्रो भविष्य उज्वल होस, हरक्षण हाँसोमा वितोस्— यही छ मेरो शुभकामना। लौत। जाने बेलामा एक पल्ट त हाँसिदेऊ।"

"रा…म "उसले छांद हाली दिन्छे, छातीमा टाँसिन्छे, मेरो छाती उसको आँसुले भिज्छ–उसको शिर मुसाछु मेरो आंसुले भिजेको पाउंछु। एक पटक बेसरी अंगालोमा कसी दिन्छु र उसका मायालु गालामा अन्तिम चुम्बन गर्छु, अनि विदा हुन्छु। त्यसैले टम्न भएर त्यस क्षणहरू विर्सने प्रयास गर्छु तर पनि आघा हृदय त्यसैको सम्झनामा तड्पी रहन्छ सेतो पहिरनले ती घाउहरू आलो बनाईदिन्छ।

किन रोएकी ? देख्यौ त मेरो अतीतले तिमीलाई समेत दुःखी तुल्यायो, माफ गर ल ! अब म केवल भाकमा बांचेको छु। हर स्वास्नी मानिसलाई कमजोर देख्न जानेको छु। तिम्रो यो सेतो पहिरनले आज उही अतीतको सम्झना दिलायो। ओहो, एकघण्टा पनि वितिसकेछ, तर यस्ता घण्टाहरू मैले कति बिताउनु पर्नेछ……… कसलाई के थाहा ?

रितालाई आफ्ना युगल नयन रसिलो भएको आभास हुन्छ। ◯

अस्तित्वहीन जीवन

– सरस्वती तिमिल्सीना

जीवन – एक फूटबल
आफूलाई नसुकाउञ्जेल
कहिले यता कहिले उता
सुख निम्त्याउन
प्रत्येकको लातलाई स्वीकार्दै
गगन विचरण गर्न खोज्छ ।
आफ्नो वेगलाई
खेलाडीको हनाईसंग समेट्तै,
अरूको इच्छामा दास भै,
केवल सहिदिन्छ ।
अस्तित्व हीन वस्तु झैं
आक्रोशी मानवहरू बीच
विद्रोहलाई दबाई दिन्छ ।
थिल थिलो नहुञ्जेल
सुखको दुःखको जालमा
बुटको ठक्करसितै
हावामा विलिन भैदिन्छ ।
लक्ष्यहीन – घडीको लंगुर झैं
आफूलाई क्षणिक रमझममा
हराईदिन खोज्छ ।
तर एकै प्रहारमा
समस्त चाहनाहरूलाई
छताछुल्ल पारिदिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(......... शक्तिशाली रात !......... मनोजलाई जबर्जस्ती घिसारेर अतीतको समुद्रमा डुबाइदिन्छ......... यस्ती सौन्दर्यमयीलाई पत्नीको रूपमा पाउने कुनचाहिं भाग्यमानी केटा होला ?......... हेर्नु होस् न यो असाध्यं लाज मान्छे .... मेरो ......राजु .. र .. रानूको.........जीवन......यो उपादेयता तपाईंको त्राणको अपेक्षा राख्दछ — आशावादीका यादहरू अनि आंसुहरूको कुनै मूल्य हुन्छ कि.........? अल्झनु होस् ।

सांकल्पिक आयाम

— सुश्री रिसाल 'आशावादी'

राजु र रानू दुइ सुकुमार कोपिलाहरू, कोमल दिलहरू घरका बथ्यालाहरू अनि.........अनि रूपा र आफ्नो प्यारको निशानहरू यिनै त छन् मनोजको जीवनधनहरू। शायद मनोज यस संसारमा रहने थिएन होला यदि उसले यी दुइ कलिला कोपिलाहरूको कोमल स्पर्श, निर्दोष हाँसो, स्नेही शब्द नपाउने भए, रूपाको यादलाई

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन नवनाएको भए। राजु र रानूको समक्ष उ अतीतलाई भुलिदिन्छ। यिनीहरूको हाँसोमा सम्मिलित हुन्छ—जीवन सार्थक ठान्छ। उनीहरूको सुखको लागि आफ्नो प्राणपनि त्यागिदिन सक्छ अनि……… भोलिका दुइ फूलहरूको सपना देख्छ— सुन्दर, सुखमय। तर……… जब जब रात ढल्दै आउँछ मनोज विचलित ज्ञान शुन्य भइदिन्छ, ओफ ! कस्तो भयानक शक्तिशाली छ यो रात! मनोजलाई जबर्जस्ति घिसारेर अतीतको समुद्रमा डुबाइदिन्छ। बिर्सनलागेको एकएक दृष्यमा अल मल्याइ दिन्छ।

× × ×

त्यो दिन……………त्यही दिन त थियो दुइ —— हृदयमा प्रेमको बिजारोपण भएको दिन। प्रथम मिलनको दिन! एक विवाहोत्सवको मौका—विनोदको शुभ विबाहमा मनोज उपस्थित थियो विनोदको साथीको रूपमा अनि रूपा विनोदकी बहिनी सरलाको साथीको रूपमा। एक झल्कोमानै मनोज रूपाको सौन्दर्यमा मुग्ध भएको थियो। तत्क्षणनै उसको चुलबुले मनले सोचिसकेको थियो "ओहो! कति राम्री केटी। यस्तो सौन्दर्यमयीलाई पत्नीको रूपमा पाउने कुन चाँही भाग्यमानी केटा होला!" हुन पनि रूपा साधारण श्रृंगारमा पनि निकै राम्री देखिएकी थिइ। उसको देहमा लपेटिएको हरियो साडी मानौं पृथ्वीकी सौन्दर्यमयी छोरी प्रकृतिले आफ्नो गोरो र सुन्दर मुहार रुपी हिमाललाई छोडेर शरीर भरी हरियो साडी रुपी जङ्गलले ढाकेर उभिएकी जस्तै देखिएथ्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

हल भरि भराउ थियो। कोही खानमा व्यस्त थिए, कोही नाच्नमा, कोही गाउनमा त कोही गफमा त्यहीं व्यस्त थियो विनोद पनि। टेप रेकर्ड खोलेर नाचिरहेका ग्रुपबाट विनोद करायो, "मनोज! जा त, माथिबाट अरू रेकर्डहरू लिएर आ!" मनोज विनोदको सहृदयी मित्र भएकोले घरको हरेक कोठा संग पनि परिचित थियो। उ सरासर कमन रूममा गयो तर कोठा भित्र पसेको मात्र थियो, अडियो। उसको मन खुशीले भरिएको थियो र साथै के के जस्तो अनुभव गरिरहेथ्यो। सरला र उही रूपवती बसेर खाइरहेका। उ फर्कन लागेको थियो तर सरला कराइ "ए! मनोज दाइ के लिन आउनु भएको?"

"यहां रेकर्ड छ भनेर विनोदले लिन पठाएको तर ...." मनोज अन्कनायो।

"ए! उ त्यहां टेबिलमा छ। मनोज दाइ, मेरो मिल्ने साथी रूपा! हेर्नु होस् न यो असाध्य लाज मान्छे–हलमा नगएर यहीं खान लागेकी। रूपा, उहां विनोद दाइको मिल्ने साथी मनोज दाइ।" मनोज र रूपा दुवैले हात जोडेर नमस्कार गर्छन्। मनोजले रूपाको मनोभावना बुझ्ने इच्छाले टेप लिएर बाहिर आउंदै भन्यो "ओ! त्यसैले पो मैले आँखा थाक्ने गरेर हेर्दा पनि नदेखेको तिम्री लजिली अनि रूपवती रूपालाई।" मनोजले फर्केर हेर्दा देखेको थियो रूपा लाजले रातै भएकी थिइ र सरला भन्द थिइ "हेर रूपा, यो मनोज दाइको कुरामा माइन्ड नगर है असाध्य जिस्कने बानी छ।"

CC-0. In Public Domain. Digitization by eGangotri

दिनहरू क्रमशः वित्दै गए । त्यसै विवाहको दिनको परिचयद्वारा रुपा र मनोजको मित्रता पनि वढ्दै गयो । अव त यो मित्रताले प्रेमको रूप लिइ सकेको थियो । दुइ आत्माको एउटै विचार र दुइ दिलको एकै धडकन भइसकेको थियो । अव समाजको अगाडी पति पत्नीको पवित्र वन्धनमा बांधिने प्रतिक्षा गर्दै थिए अन्धविश्वासी ढोंगी समाजको त्रासलाई मनमा लिएर र प्रेमको शक्तिलाई हृदय भरी सांचेर ।

कुरा कति दिन लुक्न सक्छ र ! एक दिन मनोजको आमा वावुले यथार्थ थाहा पाए । मनोजको आमा वावु दुवै आधुनिक विचार-लाई मान्यता दिन्थे र आफ्नो एक मात्र छोरा मनोजको इच्छालाई पूर्ण गर्न चाहन्थे । रुपा राम्री, पढेकी शीलस्वभाव भएकी र आदर्श परिवारकी छोरी थिइन् । उनीहरूको दृष्टिले रुपालाई परख गरिसकेको थियो । मनोजको चुनावलाई स्यावाशी दिदै मनोजको लागि रुपाको माग गर्न रुपाको घर गए र विवाहको तय गरेर आए । यता रुपाको आमावावु झन् बढी हर्षित थिए छोरी भाग्य देखेर ।

तीन वर्ष विती सक्यो रूपा र मनोज जन्म जन्मको जीवन साथीको पवित्र वन्धनमा बांधिएका । मनोज आफ्नो वावुले खोलेको इन्स्योरेन्स कम्पनीमा मैनेजर थियो र वावुलाई सघाउंथ्यो । रुपाले पनि बि. ए. पास गरेर आफ्नो जीवनको धोको पूर्ण गरेकी थिइन् र साथै घरलाई पूर्ण उज्यालो गराइ दिएकी थिइ एकै पल्ट राजु र रानूको जन्म दिएर । खुशी, उमंग र उल्लासको वीच राजु र रानू पूर्णिमाको

CC-0. In Public Domain. Digitization by eGangotri
चन्द्र झैं बढ्दै गए र तीन वर्षका भए ! यसै बीच एउटा भयंकर, मार्मिक घटना घटना गयो त्यस सुखी परिवारमा–ती कोमल कोपिला-हरूलाई मातृविहीन बनायो — जीवनको ठूलो अभाव दिएर हृदयलाई चिरी दियो-मजोजको सहारा, जीवन साथीलाई छिनी दियो–अकस्मात रूपाको मृत्यु भयो एक मोटर एक्सीडेन्टमा पुन मनोज स्वयंले ड्राइव गरेको थियो । रूपाको अन्तिम वचन उ कहिले विर्सने छैन विर्सेर पनि विर्सन सक्दैन "मनोज ··· ··· मे ····· रो·· ··· राजु र ······· रानूको ·· ·····जीवन ·· ····· " भन्दा भन्दै उसले प्राण त्याग गरेकी थिइ । मनोज कति तडपेको थियो, रोएको थियो, रूपाको वियोगमा, उसले आफूलाई जिउँदै मरेको अनुभव गरेको थियो । तर हृदय भरीको जलन र पीडालाई जबंनस्ती दवाएर मुखमा हाँसो लिएर जीवन विताइरहेछ, रूपाको भिक्षा पूर्ण गरिरहेछ राजु र रानूमा भुलेर — उनीहरूलाई जीवनको खुड्किलामा पाइला राख्न सिकाउँदै । मनोजको आमाबाबु छोराको दोस्रो विवाह गर्न जोड गरिरहेछन् तर मनोजले सकल्प गरिसकेको छ– राजु र रानूको भविष्यलाई रूपा प्रतिको, आफ्नो स्नेहको आयाम बनाउने छ । ◇

हाडका थुप्रा बीच देखिएको
मासुको एक टुका.........
यही मासुको टुक्रामा
कुकुरहरूको लुछाचूंड छ...... !

– क्षितिज कुमार
ठमेल ।

अब! फेरि पनि... भागेर जान पाउदैनछस!

– राजेश 'क्षितिज'
ठमेल

ए मृत्युको घन्टा बजाएर
शंख फुक्ने व्यक्ती थाहा छ
यो घन्टा र शंख
तेरै निम्ती नै बजेको छ
किनकि
आजका मान्छे, ति मान्छे होईनन्
अनि आजका जनता ति जनता होईनन्
जस्लाई बङ्गेले लाटो बनाएकोमा
अनि 'सुरेन्द्र' ले बाध्य गराएकोमा
चुप लागी सहि हेरीरहेका थिए
हामि त विशौं शताब्दीका
नेपालि हौं
हामि त देशको निम्ती
ज्यान अर्पण गर्ने
तन्नेरी युवक जनता हौं
जस्लाई ज्यानको भन्दा देशको माया छ
त्यसैले
तिमिलाई धिक्कार छ आमा
यस शताब्दीमा आएर पनि
तिमीले, यस्तो छोरो जन्मायौ

CC-0. In Public Domain. Digitization by eGangotri
वरु यो नजन्मेर

तिम्रो कोख बाँझो भई दिएको भए

यस भूमिले

दुई थोपा..........

सुखको आँशु

झार्दै थिन ......

त्यसैले

टाउको मात्र लुकाई ज्यान छुटाउन खोजे

ए चराहरु हो

शिकारी त पछी पछि लगेके हुन्छ

धरतिको छातिमाथि बहिरहने

नदीले

आफ्नो किनारालाई चिनेके हुन्छ

त्यसैले

होस गर

ए दास्रो जङ्गे

तंले यहाँ अर्को कोश पनं मनाउन पाउँदैनछस

अनि । .. ..

भन्डारखाल बाट

भागेर जान पनि

पाउँदैनछस्

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाण्डौं सहर रहरको खहर

सीताराम (खो[illegible])

गोरखा

कुरा त गन्थनै हो, आधा ख्याल– ख्याल आधा साँचै पनि । वेसीको मेला र हातका ठेलाले आत्तिएर काठमाडौं सहरमा पढ्ने रहरले आएको पेलो पटक, सडकका तडक–भडक देख्दा नै स्वर्गमा पो आइयोकी जस्तो लाग्यो । बोटमा सहर देख्न नपाउंदै कुरा हो, घर गाउमा यौटा पर्वत मार्का चुरोठ पाउदा, बरियातै बसेर जन्ति सर्कौले धित मार्नै चलन थियो, यहां त जनहो पिच्छे सर्काउने पो गर्दा रहेछन् बांडो खान जान्दै नजान्ने छुच्चाहरू । बसमा चढाएर, धोक्रैमामा फर्किहाले, खल्तिमा हात हालेर नछाम्नु बसमा पनि खल्तिकटुवा हुन्छन् फेरी पाकेट पंचट भएर कंचट समात्नु पर्ला भनेर गएका, हात चलाउने कुरै भएन । गाउमा लाठो देशको गांडो तन्नेरी बनेर ठुटो मार्नेलाई सिङ्गै दिएको

CC-0. In Public Domain. Digitization by eGangotri

धाप लागेको झोको लाग्यो । तल-तल लागेर दिमागै खलबल हुन थाल्यो, र उही गाउमा चोर औंला र माझी औंलाको बिचमा कर्कश्याएर तानेको, झल-झल सम्झेर रियालले ओठै छ्याल ब्याल भयो ।

समस्या पऱ्यो मामाको अगाडी डरले अवश्यं तान्नै भएन, बस चढेपछि खस्तीकटुवा रहस्य जान्नेकै थिए, तर आफू संगै बसेको कालो टुरिष्ट कि सुरीष्ट कुन्नी केहो ! ऊ भने पाँच बोटा एकै पटक ताने पनि नअघाउला जस्तो रहेछ । खल्तिबाट बिरालो मार्का रातो बट्टा झिक्दा त पिपला मेठको भांडो हो भनेको त हसियाको बिडमा कांजो बांधेजस्तो, रातो फेटा बाधेंको चुरोठ झिकेर सकाँउन थाल्या जे होस ठूटो भएपछि ननैलानी त: भनेको किन दिने, झण्डै अगुलै जति बांकी छदा हुत्त फालिदियो । आफू त जिल्ला राम भएं यस्त क्रमले आठ दश बोटा ऊ तान्दै गयो. म हेर्दै लोलाउदैं गएं, बस आफ्नै चालले दौड्दै गयो ।

उसलाई पनि के दोष सोधेको थियो उल्ले आप पिते हैं या नहो भनेर बढी जान्ने बनेर हैं भने हैं नहं भन नहं भनेर टाउको हल्लाई दिएछु, बुद्धिमा धमिरो लागेको कुरा बुझ्नु न सुन्नु यसै बोले छु ।

एकातिर चुरोटको तल-तल अर्को तिर भोक लागेर आन्द्रा भुंडीमा परेको खल बल दिशा र पिसाब निस्कन्छ कि सल सल बस्तो भयो । बस चढ्दा खायो भने लाग्छ भनेर सिता चप्न पाईएन, दिन भरको भोक-भोकै काठमाण्डौं सहर नंत भन्नु पऱ्यो तार खुट्टे पाटीको टाटोमा बसले अड्डो लियों । सबै ओर्लिए, अझै बस चढ्ने रहर त मेटिएको थिएन, मन लागि नलागि ओर्लिएं । लौ बिश्वास पऱ्यो अघाएको भुंडीमा भन्दा भोको भुंडोमा झन बढो लाग्ने रहेछ, यता हेरे पनि

CC-0. In Public Domain. Digitization by eGangotri

तरिमिर, उताहेरे पनि तिरमिर, मन भन रिंगाउन थाल्यो। ठएकालो टेके भनेको अर्कै ठाउमा टेक्न पुगेछु अगाडी हिडेकी वज्येको फरियाउमा बसेको धुलो बडार्दै हिडेको रहेछ, पत्तै पाइएन। बस लागेकोले उनका सारीको सप्कोमा टेक्न पुगेछु उनी गुट मुठिहालीन, लौ समातछु भन्दा त आफू पनि उनै माथि हट्हट् हुन पुगेछु। आंटो खाने खाने मुखले माटो खाएर रन्थनिदै थिए मैयाको झटपट खांदा त उछट्टीएका दांत झण्डै नमिलेको होसं भएन। दम्तारे मामाको छोरो अरिंगाठें भन्थे गाउमा, यहां त आफ्नो आफैंले न्वारान गरेर दिपक नाम राखेको रहेछ, ऊ लिन आई पुगेछ। अरू भलादमी पल्टेका वज्यं पक्ष लागेर दुई चार दनक दग्याउरा र मुड्कि च्यूरा खवाउनै तरखर गर्दै थिए, दिपकले आएर इज्यत बचाई दियो। नत्र रहरेको खहरं पुगि हाल्न थियो।...... आफुलाई वस लागेकोले होसं भएन। गाउमा भूत विचास, मसानहरू लाग्दा रिङ्केकान्छोले ढ्याङ्ग्रो ठढाउदै, घामी वसेको, वोक्सो लाग्दा, बलामी रानाले, कुचो ठटाउदै झारेको थाहा थियो। नदेखिने जन्तु लाग्दा त त्यत्रो सामखान पुऱ्याउन पर्ने फेरी तन्तरमन्तर उस्तै गर्नु पर्ने भने यहात घर जत्रै देखिने जन्तु लागेको, धामी झाक्री नगरे त ढवलवक सिमुर्की हालिने पोहोकी भन्ने डर लाग्यो। चिन्नु जान्नु कोही नै, दीपक बाहेक, अनी खुसुक्क उसको कानमा भनें, मलाइत वस लाग्यो बाबै, विसा पिसाब खुस्कोएला जस्तो भंसक्यो। रिंगाएर [illegible]नै भएन– धामी झाक्री बोलाउन पऱ्यो झट्टै। मेरो कुरामा हकार्दै भन्यो घत उल्लु के भनेको तेस्तो भनेर अलिकति इज्यत यता पनि बचायो भनुम्न। लौं! जे त होला भनेर उही अरिंगाठे माइलोको साथ रिकसा चढेर डेरातिर

CC-0. In Public Domain. Digitization by eGangotri

सवारी चले मेरो। सामान थन्क्याइ वरी, अलिअलि चिया चमेना बनाएर धित्त मारेपछी अल्ली सन्चो भएको जस्तो लाग्यो, बल्लपो चालते पाए पेटभरी हुसारेपछी बस लागेको सन्चो हुदोरहेछ।

अबे खाई वरी सकेर बहिर सहर हेर्ने रहरले तरखर गर्दा लाउने साउने लुगाको गडवड परेछ। लरबरे चालाले हडवडमा ठूटे कमिज कट्टुलाई दिनाले दिपकेको धोक्रे सुरूवाल र नाक्टइको इज्यतै जाने, गडवडले झटपट अर्को लुगा उने। आफ्ना सबै भन्दा राम्रो हाट बजार, मात्र नभै मावाली र ससुरालीको दरवार, सम्म घरवार जोर्न जांदा लाउने र चिउ र भात ठोक्ने इज्यत दार लुगा दिपकेलाई मनपरेन। जो फूलले परोस भनेर लगाएको चँ फुकालेर, पोकामा टुमुक्याएको, अस्ति भरेछर बाउले ट्वाके दसंको फलमा २ माना चावल ज्याला दिएर सिइदिएको कमिज सुराल, झाडा बान्ताले पैतिस वर्षे तरूनीको चाउरेको गाला जस्तै मुजै मुजो परेको झिकेर लगाउन थालेको त यस्तो पनि लाउने हो? भनेर पो हुकार्न थाल्यो। रिसले आंखा पनि देखिन, घरमा रांडाको बाउठूटे भोटो र कछाड् बाधेर हवल्दारी गर्छन्, छोरो मुलाको यस्तो ढसा? प्याचचै मुख फोरी दिएं। अब राणाको छोराको गन्धन् लमतन्नीन थाल्यो, भो! कस्ले सुन्न सक्ने! लौत भनेर उसैको प्यान्टु र कमिज उने, मागेको जहोरीन जस्तो भयो फेरी घांटीमा सुनीने बाध भनेर कंठ लगौटी पो दिन्छ। रुद्र घण्टीमा सुर्कने कस्दा चिलिम फर्किएर सहर हेर्ने रहर बांकिने पो रहने हो कि? भनेर गम खादै थिए, बावूले भनेको ट्वाक्कै सम्झे- कृस्चियनहरूको देउतालाई झुण्ड्याएर मारेका रे? त्यसैले उनीहरू देउता खुशी पार्न

CC-0. In Public Domain. Digitization by eGangotri

घांटीमा पासो कसेर विजोक देखाएका, अनितः वाहुनको छोरो त्यस्तो अधर्मि किन बन्थे ? वाछधं बांनिन मेरो लिडे ढिपीमा उसको पनि जोर चलेन । हेर्नु स्न, आपनो भर्दोरे वेल जन्त्रं रुद्र घंटी, सास फेंर्दा तक र माथि चली रहने–पासो कस्दा सास फेंर्न विर्स्यो भने .. .. ?

जव वाहिर निस्के घरमा रेल मोटर, भ्याटभ्याटे सवं पेट्रोल, कोइला के के खाएर मात्र दौडल्छन् भनेको सुनेका थिए, तर साइकलको नाम घरोधर्म सुनेको थिइन । ढोकावाट निस्कन लाग्दा दिपकेको साथी त्यहि माथी चढेर आइ पुग्यो, यसो हेर्छु दुइटा नाङ्ला जस्तं पांग्रा, अनि विचमा गिर खेल्ने लौरो तेर्सिएको अनि टेको झुण्ड्याउने काठ जस्तैं समाउने भएको, मुख पनि देखिन पेट्रोल खानलाई, सन्तुलन जस्तं लाग्यो, नखाई हिड्ने केचाहियो र त ? यसो विचार गरें पढि सकेर घरमा गएपछि त, म पनि लिखे टारमा दुइटा नाग्ला बांधेर यसरी नं सान्दार चालाले दुगुराउछु, अनि नाम त जान्नं पर्‍यो भनेर के हो सोध्न लागेको दिपकेले घुच्याई हाल्यो, मंले बुझी हाले, शायद तपाईहरूले पनि त बुझ्नु भयो होला मेरो नाम चखे यस्सं राखेका हुन् र ? दिपकको साथीले सोध्यो के भन्नु भो भनेर दिपकले ध्वाक्कं भन्यो र ठ्याक्कं मिलायो, लेखकको वारेमा दिसाकस हो कि दिशाकस गरेको हो भनेर अर्को इज्यत पता पनि वचाई दियो ।

मेरो नाम सोध्यो उसले के भन्ने ? आपनो नाम विष्णुका सहस्र नाम जस्तै, धोक्रे साइलो, संखे चंखे, रिफेले लामपुरे आदि इत्यादी गनिनसक्नु, कुन चैं भने सभ्य पर्ने कुन चैं नभने त भने असभ्य पर्ने गर्दै थिएं । दिपकले भन्यो शंकरवावु लामिछाने अनि त तीनै जना

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिर निस्कयौं र हुटेल भित्र पस्यौं काउलीको थुप्रो देखेर दंग परें, हुन यसको ठाँउ खान होको, पात खाने होला भनेर गमेको, के खाने के खाने घट्टोमा घाम नलाग्दा जस्तो भयो, र दीपकेसंग सोधे, के खाने होला भनेर उसले भन्यो फूल खाने जो के ? थाहा छैन, विचमा दिपकको साथीले भन्यो, डेढ अकली वन्दै छौ यहाँ त मिठाई मात्र पाइछ फूल मासु त कहाँ छ र ? ठीकै हो आफ्नो पति त इज्यत रह्यो ? उसको अगाडि चौथो पटकेमा ।

अब खान थाल्यौं रस गुल्ला हो कि लाल गुल्ला के हो ? यत्रो वडामा डल्लो ल्याई दियो, रिकापिमा काट्ने न हंसिया छ नखुर्पा ? सुन्तलाको वोक्रा छोडाए झैं खाने हो कि ? नास्पतिको वोक्रा ताछे र खाए झैं खाने हो ? थाहा नभएकोले फसादै पर्यो। दिपके भने साथि संग पुंगनपांगका गफ धर्दैमा व्यस्त थियो । आफ्नो भने देखने विस्तिकै मुखभरी पानी भरियो। जे भए पनि रातो वोक्रा त खाने हैन–हैन भने र ठोकुवा गरें, र डल्लो हातमा लिंदै चम्चाले वोक्रा खुकिएको त जताततै रस चुहिएर च्यापच्याप लाग्यो, अनि लत्तरपत्तर डल्लो ह्वात्तै मुखमा हाले र हातमा लागेको रस चाट्न थाले । अझ अर्को भांडोमा उस्ले उसल्याई समातेको ? उसलाई उसले समातेको, कराङ्ग र कुरुङ्ग परेको मुखमा हालेर चपाउंदा झोराम २ जाने, मुखभोरी मह्रै मह आउने खान पो दियो । विचार गरें, हवाईजहाज रेल, मोटर त दगुरायो उडायो वनायो केही ठूलो कुरा भएन, तर यस्तो रोटीमा मह कसरी घुसायो योपनि आश्चर्य लाग्यो, जो होस होटेलवाट वाहिर निस्कयौं खवाई सकेर । दीपक अगाडि, अगाडि थियो म आफू पछि, पछि यताउति वलेका लाम

CC-0. In Public Domain. Digitization by eGangotri

र्ती बांगा र टिंगा लौरो जस्ता देख्दा सांचै नै स्वर्गमा आइपुगियो पो जस्तो लाग्यो। हेर्दा, हेर्दा अलमलोएंछु अगाडि हिडेको दीपक हुँछु त उ त पारी पुगीसकेछ लौ छुलिन्छ कि भन्ने डरले पारी फड्कोन लाग्दा त दुईटा आंखा वलेको जन्तु पछाडीबाट हुईट । हुइकेर कुन सडको आइपुगेछ पत्तै भएन, नजिकैबाट ट्वाइंक्क कराउँदा पो थाहा भो, लौ ! टोकन आटेछ भनेर दुगुरेको अगाडि पट्टिबाट ल अर्को पनि त्यस्तै आएर कुईत्त कराएर पो भाडियो। लौ सक्ने भो आज भनेर दुगुरेको, जडोरी चुच्चे जुत्ता लाम्म ठेस लागेर दंगै थेचारिएं, तै छिट्टै थएर र पो नत्र खाई हाल्थ्यो उठेर नभागेको भए जस्तो लाग्यो। मागेको जडौरी सांगुरो पेन्टु दुवै पट्टिको तिघ्रामा तोरात्तै च्यातिई हालेछ. दुवै हातले छोपेर हिंड्दै थिएं, पछिबाट सबै हास्न थाले, क भो भनेर यसो पछाडि मन्ठो फर्काएर हेरेंको त चारैमा यत्रोबढा भ्वाङ परी सकेछ, दुईटा हात छन् कतिठाउंमा छोप्ने अब त दीपकेको वाबुको पनि केही लाग्दैन मेरो इज्जत ढाक्न जस्तो लाग्यो। त्यसपछि रिक्सा चढेंर डेरातिर लुईक्यौं। यसरी . ...

यसरी मेरो पहिलो शहर हेर्न रहरेको खहरे पुग्यो जें होस तपाईहरूलाई आफ्नै ठानेर भनेको हो पार्खे भनेर गिल्ला नगर्नु स् नि ? आजकल त लट्टा र जट्टा पालेर वहुरंगी थैलो जस्तो सुर्वाल उनेर नेपाली हिप्पी वन्न थाली सके सायद लाग्छ तपाईहरू भन्दा पनि वढी सहरिया भै सके होला भए हैन त ? वाकी अस्तु: ।

■

CC-0. In Public Domain. Digitization by eGangotri

सवा करोड नेपाली हृदयका धुकधुकी

नेपाली मात्रका आशा केन्द्र

श्री ५ वीरेन्द्रको २८ सौं

शुभ-जन्मोत्सवको

उपलक्षमा

हार्दिक शुभ-कामना !

हेम्नी ट्रान्सपोर्ट कं.

परिवार

स-मिल रोड,
हेटौंडा
र
वीरगञ्ज ।

४४-रामशाहपथ
काठमाडौं-१६
फो. नं. १२०६१

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर

विक्रम शाहदेवको २८ औं

शुभ-जन्मोत्सवको

सुखद उपलक्षमा

मौसुफ सरकारको दिर्घायु, सुस्वास्थ तथा समृद्धिको
मंगलमय कामना व्यक्त गर्ने

नेपाल यातायात संस्थान

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरबाट

जोन मिल्टन

अनुः–विक्रम

उ से को अ न्ध ता मा

यो अन्धकार र चौडा विश्वमा मेरो आधा जीवन बित्नु भन्दा पहिले जब मैले विचार गरे– मेरो जीवन कसरी बित्यो,

र मृत्युदेखि लुक्ने एउटा लगन,
मेरो आत्मा त्यसप्रति निकै नै झुके पनि
मसंग वेप्रयोजन रहयो

मलाई बनाउनेको सुश्रुषा गर्न मैले
मेरो यथार्थ कहानी भन्नु पर्नेछ, नत्र उसले रिसाएर गाली पर्नेछ,

"के ईश्वरले दिउसोको श्रम सत्य, प्रकाश झूठ भन्लान् त ?"

म इच्छा विभोर भएर सोध्छु,: तर अधैर्य हुन्छु

त्यो मन्दध्वनि तुरुन्तै जवाफ दिन्छ—

CC-0. In Public Domain. Digitization by eGangotri

"ईश्वरलाई मान्छेको सिर्जना चाहिदैन—
न त आपनो वरदान पनि ।
जसले उसको दासत्वको चिन्हलाई कोमलतापूर्वक
संभाल्छ
तिनीहरूले उसको राम्रो सेवा गर्छन ।
उसको शाही राज्य छ—
जहाँ उसको हुकुम पूरा गर्न
विश्रामबिना नै धरती र समुद्र हिंदेर पनि
बिजुली समान पूरा गर्ने हजारौं प्रजा छन्:
केवल उठिरहने र पर्खिरहनेहरूले पनि
उसको राम्रो सेवा गर्छन् ।

●

(पहिलो किरणमा हामीले शेलीको कविता छापेका थियौं– अहिले मिल्टनको । यसरी नै 'हरेक किरणमा तपाईहरूले अन्तराष्ट्रिय कवि तथा लेखकहरूको एउटा न एउटा कृति यो 'बाहिरबाट' स्तम्भ अन्तर्गत पढ्न पाउनु हुनेछ । –सं.)

CC-0. In Public Domain. Digitization by eGangotri

के तपाई यी महिलाहरूलाई चिन्नु हुन्छ ?

१. झांसीकी रानी लक्ष्मीबाई महान लडाकू थिइन् । भारतको स्वतन्त्रताको लागि भएको प्रथम संघर्षमा तिनीले महत्वपूर्ण योगदान दिएकी थिइन् ।

२. सिरिमाओ बन्दरनाइके श्रीलंकाकी प्रधान मन्त्री हुन् । विश्वको प्रथम महिला प्रधान मन्त्री हुनुमा नै उनको विशिष्ठता छ ।

३. वेरा कस्लावस्का चेकोस्लोभाकियाकी व्यायामी महिला हुन् । मेक्सिकोको ओलम्पिक खेलमा आयोजित व्यायाममा चार पटा सुवर्ण पदक जिते पछि तिनीलाई विश्व व्यायामकी रानी भनिन्छ ।

२० वर्षिय युवती सुश्री ब्यारीसेल मेगारेट कन्ट्रिरास सन् १९७० को लागि विश्व सुन्दरी चुनिएकी थिइन् । उनको नगडा तथ्यांक ३५–२३–३५ थियो ।

५. अष्ट्रेलियाकी महान टेनिस खेलाडी सुश्री मारग्रेट कोर्टले सन् १९७० मा भएको विम्बलेडन उइमेन्स् सिंगल प्रतियोगिता जितिन् । यो समेत उनको तेश्रो विजय हो ।

६. सुश्री अन्जेला डेभिस अमेरीकी निग्रो स्कूलको शिक्षिका हुन् । उनले त्यो स्कूलमा राम्रो काम गरेकी थिइन् । भनिन्छ, उनी साम्यवादी विचारधाराकी थिइन् र निग्रो जाति प्रति सहानुभूति दर्शाउदथिन् । तिनीलाई म्यारीन काउण्टी अदालतले हत्याको अभियोग लगायो । अचम्मको कुरो के छ भने तिनी अमेरीकी गोरा मतावी समुदायद्वारा छुटाइएकी थिइन् ।

७. पेनिसिलिनका प्रपादक सर अलेक्जेण्डर फ्लेमिङको विधवा पत्नी अमेलिया फ्लेमिङ ग्रीकमा जन्मेकी थिइन् । एउटा ग्रीक कैदीलाई भगाउने चेष्टा गरीएको अभियोगमा तिनलाई नवेम्बर सन् १९७१ मा गिरफ्तार गरेर देश निकाला गरीयो । अहिले तिनी ब्रिटेनमा छिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

रू. ५०,०० जित्नोस् !

आफ्नो साहित्यिक बौद्धिकताको परीक्षा गर्नुहोस् !

हामीले निम्न साहित्यिक प्रश्नहरू छापेका छौं। ... उत्तर तलको कूपनमा भरेर रू. ५०,०० पनि जित्नोस्-आफ्नो साहित्यिक ज्ञानको अभिवृद्धि पनि गर्नुहोस् !

१. नेपाली साहित्यलाई अन्तरराष्ट्रिय रूप दिने साहित्यकार को थिए ? नेपाली साहित्य-इतिहासमा तीनको कुन स्थान छ ?

२. जनताको वेदना पोखिएको तर तत्कालिन राणा सरकारबाट पुरस्कृत कुन कविता हो ? लेखकको नाम पनि लेखनोस्।

३. नेपाली साहित्यले पहिलो नेपाली सामाजिक कथा भनेर कुन कथालाई मानेको छ ? त्यसका लेखक अहिले कुन देशमा छन।

४. पछिल्लो मदन पुरस्कार विजेता पुस्तक कुन हो ? त्यसका लेखकको नाम के हो ?

५. त्रिभुवन विश्व विद्यालयले कुन साहित्यिक महापुरुषलाई विशेष उपाधीद्वारा विभूषित गरेको थियो ? उनको साहित्य-सेवाको अवधिको उल्लेख गर्नुहोस्।

६. प्रस्तावना सहितको विश्वको पहिलो पुस्तक कुन हो ? त्यसका लेखक को थिए ?

प्रतियोगिता सम्बन्धि नियमहरू :-

१. विना कूपन प्राप्त कुनै पनि उत्तरलाई मान्यता दिइने छैन।
२. कूपनको साथ रू. २५ पैसाको हुलाक टिकट अनिवार्य छ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. हामी संग भएको उत्तर नै सही मानिने छ । एक भन्दा बढीले मिलाएमा रू. ५०, दामासाहीले बाँडिने छ । एउटा । उत्तर पठाउनेहरूलाई 'रश्मि' एक प्रति पठाइने छ । त्यसैले ठेगाना स्पष्ट उल्लेख गर्नु होला ।

४. उत्तर ३० माघ ०२६ भित्र 'रश्मि' (साहित्यिक सामायिक संकलन), २४ मखन, होटल के. टी. भित्र, काठमाडौंमा आइपुग्नु पर्नेछ ।

५. "रश्मि" संग सम्बन्धित कुनै व्यक्तिलाई पनि यो सुवर्ण मौका प्रदान गरीने छैन ।

६. **उत्तर स्पष्ट बुझ्ने गरी साधा कागजमा पठाउनु होला ।**

यहाँ काट्नोस्

'रश्मि'

कूपन १

यस प्रतियोगिता सम्बन्धि सबै नियमहरू म पूर्ण रूपले पालन गर्दछु ।

नाम ... ...
ठेगाना ... ...
मिति ... ...
दस्तखत... ... ...

यो मौका नगुमाउनु होस् ! मौका बारम्बार आउँदैन ! माथिको कूपन भरेर आजै पठाई हाल्नोस् तर पच्चीस पैसाको टिकट खाम भित्र राख्न नबिर्सनुहोस् !

यो मौका तपाईंको निमित्त मात्र हो !

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादक मण्डलको आवाज–

हाम्रा नवपींढीहरू

'रश्मि' को प्रथम प्रयास 'विजया अङ्क'– कैयौं बाधा, त्रुटीहरूको संघर्ष पछि, अब तपाईंहरूको सामु 'रश्मि' को दोस्रो प्रयास 'जन्मोत्सवांक'– को रूपमा नव युवा राजा श्री ५ वीरेन्द्रको २८ सौं शुभ–जन्मोत्सवको उपलक्षमा प्रस्तुत गरेका छौं।

हामीले 'रश्मि' लाई ख्यातिप्राप्त तथा नवोदित साहित्यकार साथी-हरूको समानमञ्चको रूप दिएतापनि विशेषत: पछिल्लोलाई नै बढी प्राथमिकता दिने प्रण गरेका छौं। हामी यो भन्न चाहन्छौं— परिपक्वताको परिधिभित्र प्रवेश गर्नु भन्दा पहिले कसैको बाटो देखाइको आवश्यकता पर्दछ— मध्य जवान युवा दम्पति भन्दा निर्बोध, निर्दोष र आफ्नै चालमा मस्त भइरहने एउटा शिशु नै हाम्रो लागि अधिक प्रिय छ। साहित्यिक जगतमा बरबरै बामे सर्ने सत्प्रयास गरेका— हाम्रा परिचित यस्ता शिशुहरू हामीलाई प्यारा लाग्छन्। तर बिचरा ती शिशुहरू वातावरणको विषाक्तताले गर्दा यस्ता भएका छन् मानो साहित्यको मूल जग नै प्रेमको अनेकौं रूप हो। प्रेम सम्बन्धी साहित्य नै साहित्यको प्रथम चरण हो– साहित्यमा सफल हुने एउटा प्राथमिक उपाय हो। उहाँहरूलाई हाम्रो गुनासो छ, सल्लाह छ— प्रेमनै जीवनको पूर्णता हैन। प्रेमको जगमा नै जीवनको सिर्जना उभिएको छैन। अनि प्रेमको घडीमा नै जीवनको सुर्

CC-0. In Public Domain. Digitization by eGangotri

चलेको छैन । मानिसलाई प्रेम अवश्य चाहिन्छ तर अनेकौं रुपमा जस्तै— माया, ममता, स्नेह इत्यादि प्रेम जीवनको लागि हो तर जीवन केवल प्रेमको लागि हुँन । त्यसो भनेर हामीले प्रेम साहित्यको घोर विरोध गरेको हुँन । हाम्रो चाहन्छौं— हाम्रा नव पीँढीहरु केवल निरर्थक प्रेम साहित्यमा लागेर आफ्नो प्रतिभाको दुरुपयोग नगरुन् । प्रेम सम्बन्धी भन्दा पनि समाजको कुरीति, उचित परम्पराको विरोधी कानून, राष्ट्रिय भावनामा तरंगित जनसाधारणका अन्य दु:ख, पीडा, आर्तनाद, क्रन्दन इत्यादि सम्बन्धी साहित्य चाखलाग्दो र समयको वास्तविक प्रतिनिधित्व गर्छन् जस्तो हामीलाई लाग्छ ।

साहित्य व्यापक छ— महाकविको भनाइमा दाल, भात, डुकूको विषयमा पनि साहित्यको सिर्जना गर्न सकिन्छ । यसैले, साहित्यलाई केवल प्रेममै सीमित राख्ने प्रयास गर्नु कहाँसम्मको बुद्धिमानी होला ? विचार–णीय कुरा छ । त्यसो भनेर हामीले प्रेम सम्बन्धी साहित्य लेख्दै नलेखियून भनेका हुँनौं— तर प्रेम साहित्य लेख्दा लेख्दै कतै त्यो यौनवादको चरम सीमामा पुगेर विकृत नभइदेओस् अनि पाठकवर्गमा विकृत भावना पैदा नहोस्— बस् साहित्यमा पाव लिने नवोदित साहित्यकार साथीहरुलाई हाम्रो यही सुझाव छ ।

अन्तमा हाम्रा सहयोगी मित्रवरहरु तथा विज्ञापन दाताहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । आशा छ भविष्यमा अरु साथीहरुबाट पनि सहयोग पाएर 'रश्मि' झन तेजिलो प्रकाशवान भएर अनन्त गगनमा सदा देदीप्यमान भइरहने छ भन्ने आशा लिदै ।

CC-0. In Public Domain. Digitization by eGangotri

सम विशेषांक

नेपाली साहित्यका बहुमुखी प्रतिभा प्रसिद्ध नाटककार, काव्यकार, कलाकार, दार्शनिक र नेपाली साहित्यका सबै विधामा बिर्सी नसक्ने महान व्यक्तित्वको रूपमा सुपरिचित श्री बालकृष्ण समका कृति भेटघाटमा पाएका स्मरण, उहाँका बिविध पक्षसंग सम्बन्धित तुलनात्मक र विवेचनात्मक रचनाहरूको सबै समहृदयी बिद्वान्, कवि र साहित्यकारहरूसंग प्रकाश-पिण्ड आव्हान गर्दछ। आदरणीय समज्यूमा ससम्मान आफ्ना दृष्टिकोण उपहारको रूपमा राख्ने प्रकाश–पिण्डको प्रयासलाई सफलीभूत तुल्याउन प्रकाश–पिण्ड सबैसंग जोडदार आग्रह गर्दछ।

रचना पठाउने स्थान

प्रकाश–पिण्ड कार्यालय

विकाश प्रेस, धर्मपथ, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारको

२८ सौं शुभ-जन्मोत्सवको उपलक्ष्यमा

मौसुफ सरकारका जूनाफमा

आयु, आरोग्य तथा यशको लागि

श्री परमेश्वरमा प्रार्थना गर्दछौं

राष्ट्रिय ब्यापार निगम

टेकू ।

फोन नम्बरहरू

११- ६२, १२-६७४,

१२-६२५, १२-६६३,

१४-३६५।

CC-0. In Public Domain. Digitization by eGangotri

On The Auspicious Occasion

of

The 28th Birthday

of

HIS MAJESTY

The KING BIRENDRA

Scooteaway System

Extends Its Humble Greetings

and

Pray for long & happy life

Scooteaway System

Tangal, Kathmandu.

Phone. 11616

मुद्रक – विकास प्रेस धमपथ, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सु ना ख री

वर्ष २) २०२८ (अङ्क १

सम्पादक तथा प्रकाशक
नरेश श्रेष्ठ

प्रतिनिधि सम्पादक
धर्मानन्द शर्मा

प्रधान कार्यालय
साँघुटार बजार (रामेछाप)
जनकपुर अञ्चल

मूल्य रू. १।–

सम्पर्कः– ६०२, इन्द्रचोक,
चोकाछेंगल्ली, काठमाण्डू ९
फोन – ११९३३

मुद्रकः– नेपाल सहकारी प्रेस लि०
५।६२२ ओम् बहाल, काठमाडौं ।

कथाः–
बिश्वम्भर प्याकुर्याल ७
गणेश रसिक २४
भुवनेश्वर प थेय ४४

कविताः–
पुष्कर लोहनी १
अन्जीर प्रधान २८

वैदेशिक साहित्यः–
ज्याकि अर्ली ११
सुमित्रानन्दन पन्त २३

एकांकीः–
विजय मल्ल ३१

प्रवास स्तम्भः–
किशोर चाम्लिङ १२
मोहन 'दुखुन' ३७

विशेष लेखः–
हरिभक्त कटुवाल १९
भैरव अर्याल २१
भरत आचार्य १३
घटराज भट्टराई ३९

विचार मन्थन

प्रकाशित रचनाको उत्तरदायी लेखक स्वयं हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

विचार मन्थन

– प्रकाश प्रेमी

'सुनाखरी' – को यस अङ्कमा प्रतिष्ठित लेखक–कविहरूका साथै नयाँ-नयाँ लेखक कविहरूलाई विशेष स्थान दिइएको छ। यसो गर्नुको मूल कारण हो – संभावित भोलिका लेखक कविहरूको खोजी !

विज्ञानको बढ्दै गएको विकाशले विश्वलाई सांघुरो पारेको कुरामा दुई मत हुन सक्दैन। तसर्थ कुनै पनि देशका लेखकहरू कुनै पनि देशमा घटेका घटना वा दुर्घटनाबाट अप्रभावित रहन सक्दैनन्। यसै सन्दर्भमा हाले पू. पाकिस्तान (बंगला देश) मा भइरहेको नर संहार, क्रुर सैनिक शासन र अमानुषिक कार्य रोक्न तथा स्वतन्त्र 'बंगला देश' लाई नैतिक समर्थन दिन तमाम नेपाली लेखकहरू, बुद्धि-जीवी र छात्रछात्राहरूलाई सुनाखरी' आव्हान गर्छ। साथै हज्जारौं विस्थापितहरूलाई 'वगला देश सहयोग समिति' मार्फत आर्थिक सहायता गर्न पनि विनम्र अनुरोध गर्दछौं।

साहित्य, कला र संस्कृतिको विकाशको लागि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना भएको आज करीव १३–१४ वर्ष भइसक्यो। तर राजकीय प्रज्ञा प्रतिष्ठानले आजसम्म पनि साहित्य, कला र संस्कृति विकाश गर्ने कुरो त परै छाडौं यस दिशा भइरहेको स्वतन्त्र प्रयासहरूको लागि समेत कुनै किसिमको सहयोग पनि दिन खोजेको छैन, दिएको छैन।

(शेष अन्तिम पृष्ठमा)

CC-0. In Public Domain. Digitization by eGangotri

ठिङ्गो छाया

— पुष्कर लोहनी

म मेरै अगाडि उभिन्छु आफैलाई ठिङ्गो राखेर
छायाँलाई काँधमा बिसाएर
यौटा त्रासले ल्याएको आवाज बटुलेर
शंका पनि तर्किंदै जान्छ
पुराना आवाजको परिवर्तित अनुहार टुक्रिंदै
वरिपरि घेरा तानेर छोप्न खोज्छ ।
वाक्क लागि सक्यो आफै देखि पनि
भाग्य खोज्न जान्छु सम्पूर्ण आफूलाई ताछेर
कोरिएका हातका रेखा के के हो के के
यौटा जवान केटो आफै भित्र पनि अटाउन नसकेको ।
अबेर निन्द्रा
धमिलो वत्ती
क्याक्टसले पहरा दिई रहेछ शून्यतामा
छटपटि बढ्छ-संभोग गर्ने इच्छा

सुनाखरी

CC-0. In Public Domain. Digitization by eGangotri

आफू भित्रको हार

आफैं भित्र गहिरिएर पर्तालिंदै जांदा
अरूसित च्याप्पिन जानु पर्दोरहेछ ।
मलाई सर्वस्व ठानेर सुम्पेका बलिष्ठ पाखुराहरू
विस्तार बिस्तार नांङ्गिदै सफा तिघ्रा खम्बा भएर अघि सर्छ
पाइलो चाल्न पनि मुस्किल
अनि बिस्तारै चुस्छु
चुसुन्ज्याल सम्मको क्षणिक समयलाई पर सार्न
अनि सम्झन्छु चुसेको मलाई आफ्नै टुक्रा ठानेर
अनि बिलाउदै जान्छु खम्बा र बलिष्ठ पाखुराका बीचमा आफूलाई
राखेर ।

अबेर भयो,
छर्लङ्ग बितेको हँसिलो रात
छोरो पाउन चाहना
थकित भएको लिङ्गको एक छिनको जोश
सिथिल पार्दै जान्छ समयलाई केही खलबल्याएर
थकित जाङ्ग
पसिना गनाउँछ
मयल बोकेर हिंडेको सम्झनाले घचघचाउंछ
फोहरी मानिस

CC-0. In Public Domain. Digitization by eGangotri

सभ्यसंगै पराजित भएर कुण्ठित भएका इच्छा
इतिहासको पानाले गाड्न खोजेको अवस्थाबाट उछिट्टिन खोज्दा
बोकेर लैजान्छ कसैले गहिरो खाडलको अन्तर कुन्तर भित्र
हरिया दूबोमा टाँस्सएका कणहरू
सर्दछन् पाइलालाई माथि माथि उचालेर ।

आवाजहरू आउदैछन् परिचित स्वर लिएर
बिउँझन्छु, लामो रातलाई एक बाजी झड्कालेर
स्वनप्हरू पनि घुमिरहेछन्
यी आँखाहरूलाई अध्यारो भित्र राखेर बिहानीको प्रतीक्षा गर्छु
प्रतीक्षामा कुरेर हराएको अनुहार
अझ बेसरी आलिङ्गनमा बांधिएका क्षणहरू
मान्यताले थिचेर लच्केको पाइताला
लंगडो भएर खोजी नीति गर्दै हिड्ने परम्पराको गति
कलङ्कित अनुहारहरू दुस्साहस गर्छन् अर्काको जीवनमा हस्तक्षप गरेर ।

प्रत्येक रात जन्मिने सूर्पणखाहरू देखा पर्छन्
आफूलाई उन्म पारेर लिसो झैं टाँस्सिन अर्काको जीवनमा
बिरालोको पाइला सापट लिएर मूल ढोका सानो पार्न
किन बुम्छन् स्वतन्त्र संसारको वरिपरि विचलित पार्न?

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ म आफैं आफ्नो ईश्वर
सम्पूर्ण मलाई सुम्पिने व्यक्ति मबाट टाढा
कत्रो ठूलो खाडल देखा परेको
रात पनि खुकुलो हुँदै जान्छ
टांस्सिने क्षण असजिलो वत्ती निभाउंदा पनि
आवाज आउंछ कता कताबाट
कोठाभित्र छिरेका चन्द्रमाको किरणले पोल्न थाल्छ
कापमा च्याप्पिएर अलग्गिएको संसार स्वतन्त्र हुन नपाउंदै
थिच्छ मान्यताले म भित्रको मेरो वंशको कातर रगतलाई ।
म आफ्नै छाया प्रष्ट रूपमा देख्न नसक्ने हुन्छु
यसै कोठामा रिङ्दा
कसैले देख्ला कि भन्ने डरलाग्छ
मेरो रगतै कलङ्कित
म एक्कै आफैंभित्र पराजित
सलबलाइरहेको मेरो जिन्नो
अत्तालिन्छु रित्तो बाहुपास सहन नसक्ने आवाजमा
कस्सिएको आलिङ्गन भित्र थाह नै नपाएर निदाउने आकांक्षा
रात पनि किन लामो
लघारिरहेछ नअघाइने गरेर हेरिरहन्छु आफैंलाई
लामो बाटो आफूबाट धेरै टाढा गएर अलमलिएको
मलाई नाप्ने दुषित आंखा मसंगै टांस्सिएको छ कि जस्तो लाग्छ
शंका लाग्छ आफैंबाट अलग पार्न पनि झंझट मलाई ।

CC-0. In Public Domain. Digitization by eGangotri

रित्तो कोठा

घर्मिलिदै एकै रूपमा सोहरिएको वातावरण
ओछ्यान नै असजिलो हुन्छ
अभावमा ।
स्वास्नीमान्छेको गन्ध टांस्सिएको कोठा
अनायास सुमसुमाउन पुग्छु
भरिएर फुलेका नशाहरूको दशा
थाम्न नसकिने मन,
चंचल लरखरिएका प्रवाहहरू
यौटा सिंगो नांङ्गोपनमा गएर पग्लिन्छ ।
अभाव–मानिसको लागि
आफै शंकालु बन्छ आफैदेखि डराएर
वारवार क्रियामा पाएका खुम्चिएका क्षणिक आनन्द
विस्तारै पलाउँदै यौटा अजङ्गको रूख भएर देखा पर्छ
मानिसलाई सातो लिन ।
शायद नजन्मेको भए
जन्मेर प[illegible] नहुर्केको भए
यौटा स्थी[illegible]जीवन कति ठोस् पूर्ण हुने थियो ।
उही शुन्य स्पर्श
वाहिरबाट आएको आवाज सुन्दा पनि रिस उठ्ने
असजिलोपन

CC-0. In Public Domain. Digitization by eGangotri

तकियाको खोल निस्किसकेको रहिछ
मरिसकेको जांगरमा रहेको केवल आफ्नो एक्लो स्वास
यौटा गति
शून्य भएर पनि शून्यमा हिंडिरहेको
एकोहोरो तन्द्रा ।
झ्याल खोल्छु
बिहानको सूर्यलाई भित्र छिराउन
भाग्छ मबाट यौटा तातो स्वास फालेर ।

हेरिरहन्छु
धाराको टुटीबाट निस्केको लामो प्रवाह
बिस्तारै बग्छ जमीन भित्र भित्र रसाउंदै
चिसोपनका केही क्षण जोगाउन खोज्दा ।
हामी उज्यालोमा बांच्न खोज्ने
उज्यालोलाई आफूले छेकेर ।
मौन आफ्ना स्वासका मांझमा बिस्तारै हराउंदै
उही रूप
उही गतिलाई हेर्दा हेर्दै
शायद भावीले लेखेका भाग्यहरू
मबाट सरेर मेरो छोरोमा हुर्कने पो हो कि !
हलका हुंदै फुङ्ग उडेको कोठाको रङ्
आफै पनि नचिनिएर फुस्रो भएको छाया

CC-0. In Public Domain. Digitization by eGangotri

बिर्सनु पनि त्यत्तिको गाह्रो
सब उही रूप यौटा ठाडो भएर उब्जेको
ठिङ्गो यौटा म
हाँगाको आशामा कुप्रिएको ।
ए बल्छी थाप्नेहरू हो
के मलाई बल्छी भित्रै छटपटाएर राख्न चाहन्छौ ?
तिम्रै ढकमै मैले तौलिनु पर्ने होत ?
सढेका स्वासहरू गनाउँछन् मेरो वरिपरि
कटकटिएको अनुहारलाई छोपेर मेरो अगाडि आएको देख्दा
मलाई हांसो उठ्छ–र हेरिरहन्छु ।
ए तिमी लिंगको पूजा गर्न जाऊ
आफ्ना बितेका दिनहरूको संज्ञनालाई साकार पार्न
तिम्रा पवित्र योनीलाई छोपेर राख
अझ छोपी राख
तिमी पछि आउने युगलाई विद्रोह गर्नबाट रोक्न ।
वरु कुण्डमा गएर आफूलाई चोखो पार
जाऊ विरूपाक्षलाई गएर एक अञ्जुली जल चढाऊ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सोँचाई

– विश्वम्भर प्याकुर्याल

वेलुकी ६ बजेदेखि ८ बजेसम्म त सासफेर्ने पनि फुर्सद हुँदैन यो होटेलमा-आउने-जाने मान्छेका हूलले गर्दा । यो होटेल हो, यहाँ भद्र तथा अभद्र व्यक्तिहरूका निश्चित सीमाना कोरिएका हुँदैनन् । त्यसैले यहाँ प्रत्येक ग्राहकले आ-आफ्नो ढङ्गले आ-आफ्ना स्वभाव प्रदर्शन गरिदिन्छन् कहिलेकाँहि त काउण्टर क्लर्कलाई सहन नसकिने अभद्र प्रदर्शनी पनि नचाहिकन सहिदिनु पर्ने हुन्छ । उसको पेशा यस्तो छ जसले गर्दा कानूनी विरोध दर्शाउन पनि उसलाई जोखिम उठाइदिनुपर्ने हुन्छ ।

सँधै झैं हूल । उत्तिकै व्यस्ता । अनौठा ग्राहकहरूका आगमनमा उ आश्चर्य हुन्छ । एउटा भलाद्मीले केही मगन्ते ठिटाह साथ लेराएका हुन्छन् । होटेलको सजावटसग आफ्ना खुशिहरूको सा-व गरेर ती ठिटा-हरू निकै रमाउन लाग्छन् । उफ्रन्छन् । आ-आफू हात हालेर चल्छन् । शायद उनीहरू भन्ठान्दै थिए – यो अवसर अब दोहरिदैन भनेर ।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य ग्राहकको मनोभावनाको गहिरो अध्ययन गरी काउण्टर क्लर्कले भद्र ग्राहकसंग मगन्तेहरूका कार्यकलापको बिरोध गर्छ । उसको विरोधलाई भलाद्मीले बेवास्ताको पर्दाले छोपिदिन्छन् । काउण्टर क्लर्क तीव्र रूपमा चर्कन्छ । केही बेरपछि यस्तो देखियो मानो उ चर्कनको निम्ति चर्किरहेको थियो । मगन्ते ठिटाहरू एक पटक आफ्ना नेता तथा काउण्टर क्लर्कका अनुहार पढ्छन् । उनीहरूलाई लाग्छ – काउँण्टर क्लर्कका भनाइलाई कुल्चिदिए हुन्छ । उनीहरूका अभद्रता बढ्छन् पनि (जो उनीहरू स्वाभाविक ठान्थे) ।

मगन्तेहरूका अशोभनीय उछल कुदमा बिस्तार-बिस्तार सबैको दृष्टि पर्छ । एक भद्र ग्राहकलाई यो स्थिति एकदमै मनपर्दैन । उनी उठेर आफ्नो असहमती जनाउँछन् । ठिटाहरूका नेतामा यसले पनि केही असर देखाउँदैन । यस्तो देखिन्छ – मानो उनी आफ्नै संसारमा आफ्ना बेहोशीका क्रमहरू हिडाउँदैछन् । बिस्तार – बिस्तार अब आफ्ना काम छोडेर बेराहरू पनि त्यहाँ जम्मा हुन्छन् । उनीहरूको पनि यसमा पूर्ण बिरोध थियो । हुन सक्छ, उनीहरू भन्ठान्दै थिए माग्नेहरूको ओहदा भन्दा गरेर खाने उनीहरूको स्थान उच्च थियो र अझै हुन सक्छ उनी-हरू ठान्दै थिए त्यस्ता पतित केटाहरूको सेवामा उनीहरूको पनि इज्जत धमिलिन सक्छ । बिग्रेको स्थितिले एक वृद्ध ग्राहकको मनस्थितिमा आक्रमण गर्‍यो । धैर्यताको पेच फुस्कियो । उनको विचार धारा अन्य व्यक्तिका भन्दा फरक थिए । उनले ठिटाहरूमा आफ्ना सहमती देखाए । यसले त एउटा उपद्रव जन्माइदियो । एक अन्य ग्राहक चिच्याउन लागे ।

CC-0. In Public Domain. Digitization by eGangotri

उनी अन्य व्यक्तिहरू (जो मगन्तेहरूका कार्यकलापका विरोधी थिए) का समर्थन गर्न लागे। बहस चर्क्यो। स्थिति गम्भीर भयो। सबैको आफ्नो दर्शन थियो:

(क) काउण्टर वलर्कको भनाइ थियो: यस्ता केटाहरूलाई यहाँ उफ्रन दिनु पूर्णतया होटेलको **नियम बिरूद्ध** हो।

(ख) दोश्रा व्यक्तिको **भनाइ** थियो: यिनीहरूमा सहानुभूति देखाएमा गरेर खाने प्रवृत्ति हटेर जान्छ र देशमा वेकारी तथा अनैतिक व्यक्तिहरूको संख्यामा अभिवृद्धि हुन्छ।

(ग) तेश्रा व्यक्तिको **भनाइ** थियो: (जो मगन्तेमा सहानुभूति दर्शाउँथे) यिनीहरूलाई पूर्ण सहानुभूति दिनुपर्छ। यसले यिनीहरूभित्र गाडिएको हीनताको भावनालाई हटेलिदिन्छ र देशले यस्ता व्यक्तिद्वारा पनि केही काम लिन सक्छ। प्रेमले व्यक्ति नैतिक हुन्छ भने, घृणाले अनैतिक।

(घ) चौथा व्यक्तिको **भनाइ** थियो: यिनीहरू फोहरी छन्। यस्ता व्यक्तिका वेशभूषाले जीवन बिगार्ने किटाणु छर्कन्छन्।
यसरी हरेक व्यक्तिको आ-आफ्नो सोंचाई थियो। धेरै बेरपछिको बहस-पछि जब स्थिति सामान्य भयो अनि बुझियो;

(ख) बालसंगठनका अधिकृत रहेछन्

(ग) समाज सुधारका संघका अध्यक्ष रहेछन्

(घ) वीर अस्पतालका चिकित्सक रहेछन्

CC-0. In Public Domain. Digitization by eGangotri

एक हजार नौ सय अठसठी शीत ऋतु

ज्याकी अर्ली
(अमेरिकी निग्रो कवयित्री)

आज विहान
म प्रफुल्ल मनले काली छु भन्ने भावनाले व्यूंझे
काला विचारहरू सोच्दै
काला कामहरू गर्दै
सम्पूर्ण मेरो काला रेकर्डहरू वजाएँ
अनि मेरो आफ्नै कामहरूको चासो राखें
मेरो सर्वोत्तम काला लुगाहरू लगाएँ
मेरो कालो डेरा बाट सुट्ट बाहिर निस्कें
अनि, हे भगवान दया गर; श्वेत हीम ।

CC-0. In Public Domain. Digitization by eGangotri

बलिदान

किशोर चामलिंग
दार्जिलिङ्ग

यसरी–

सलेदो आफू खरानी बनिदिन्छ
उज्यालो छरिदिनलाई;
बादल आफू रोइदिन्छ
धरती हरिया बनाइदिनलाई;
रात आफू अँधेरी दिन्छ
दिनहरू जन्माइदिनलाई !

उसरी–

भित्र भित्रै म सल्किन्दैछु
तिम्रो जीवनभरि प्रकाश छरिदिनलाई,
म भित्रको 'मान्छे'को गला निमोठ्दैछु,
तिम्रो दुनियाँ हसाउनलाई
मैले त 'आँशु' रोजी सकेको छु
तिम्रो ओंठ भरि 'मुस्कान' सजोस् भनेर
अनि, मैले मेरो मुटुलाई पनि-
काँडै काँडाहरूको बार लगाइसकेको छु
ताकि, तिम्रो प्रत्येक पाइलो--
फूलै फूलमा टेकिएको होस्;
म, पतझडलाई जिन्दगीभरि आफ्नो बनाइ राख्छु,
'बसन्त' केवल तिम्रो होस्.....!

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झनाको लहर

-भरत आचार्य

"यहाँ हुनुहुन्छ तिम्रो नयाँ गुरु जसले अब तिमीलाई पढाउन हुनेछ । नमस्कार गर !" एउटा नौलो व्यक्तिको अगाडि लगेर मेरो परिचय गराइयो । मेरो दुई हात जोडिएपछि प्रत्युत्तरमा उहाँले पनि नमिल्दो किसिमले नमस्कार गर्दै भने, "तिमीलाई आफ्नो शिष्य बनाउन पाएकोमा मलाई अति खुशी लागिरहेछ ।"

नौलो अनुहार । क्वार्क्वार्ती हेरिरहेका ठूलठूला आँखा । धोत्रो स्वर तथा बोलि आदिको संयुक्त देखावटले अब यिनको निर्देश बमोजिम कसरी दिन बित्लान् भनेर मलाई अलि–अलि त्रास लागेर आयो ।

यो अलि केटाकेटी नै छ. विशेष आफ्नो संझिदिनु होला' भनेर अभिभावक फर्किए । उहाँले पनि दया माया भन्ने वस्तु सुनेको होला जस्तो मलाई पत्यार भएन । तापनि उहाँको भयानक व्यक्तित्वले मेरो अन्तर्विरोधलाई मिच्यामिर्च्य गरेर लग्यो.......म उहाँको विद्यार्थी भएँ ।

उहाँको कठोर व्यवहार, कडा निर्देशन र खस्रो वोलि आदिको संयुक्त वातावरणमा बितेको एक दिन पनि एक महिना झैं भान पर्दथ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि कहिलेकाहीं उहाँ भन्नुहुन्थ्यो, "म तलाई मान्छे बनाउँदै छु, तेरो भलाईको लागि; समाजको लागि !"

एक दिन काँचको फुटेको टुक्राले खुट्टा काटिएपछि रगत चुहाउँदै उहाँको सामु जाँदा बडो निर्दयताका साथ घाउ निचोरेर फुल्याउँदै भनेका थिए – "सोच, यदि तँ लडाईको मैदानमा भएको भए यति सानो घाउको लागि यसरी कराउने अवसर पाउँथिस् ......?"

उहाँ कहिलेकाहीं भन्नु हुन्थ्यो, "दोस्रो महायुद्धले पाँच वर्षको उमेर टुहुरो बनाइएको मलाई कुनै दिन पेटभरी खाने रहर थियो । र आज उही म यहाँ .... यो विषयलाई लिएर सोध्छस् भने मेहनत ... मेहनत ... कडा मेहनत !"

"तालिम नपाएको गोरूले खेत जोत्दैन । यदि गोरू नै हो भने या त तालिम लिनु पर्छ या मासुको लागि काटिनु पर्छ ।"

जब म कहिलेकाहीं भन्थे, "औधि नै गाह्रो छ, सर !' उहाँको गर्जन यसरी गुन्जिन्थ्यो–' चुप् ! गाह्रो छ भन्ने हक यत्ति सजिलोसंग पाइदैन, जसरी तँ भनिरहेछस् । गाह्रो छ भन्नेशव्दलाई नै मेट्नु छ शव्द–कोषबाट आजका मान्छेहरूले !"

यो यमराजको दोस्रो स्वरूप, यस्ता पनि गुरू ! यस्ताले के सिकाउला र आफूले के सिकिएला भन्ने विचार थियो । तर पछि यो विचारलाई उल्टाई दिएँ ।

एक दिन अनायासै उहाँ बाहिर जानु हुने भयो । जाने बेलामा जहाजको खुड्किलोमा उभिएर उहाँले भन्नुभयो, "यो रमाइलो मुलुक

CC-0. In Public Domain. Digitization by eGangotri

छोडेर जान मेरो अन्तरात्माले विरोध गर्दछ · · · · तिमीहरूका अवोध आँखाहरू मलाई 'न जा' भनेर रोक्दैछन् । तर, अपशोच ! परिस्थितिले वाध्य छु । आशा तथा विश्वासका साथ फेरि म तिमीहरूलाई भन्छु, जीवन कठोर छ भन्ने कुरा तिमीहरूले विर्सने छैनौ ।"

उहाँलाई लिएर गएको हवाई जहाज आँखावाट ओझल भएपछि आँखाबाट स्वत: आँसुका दुई थोपा झरे । शायद श्रद्धाको आँसु होला ।

डायरीको एक परिच्छेद यहीं टुंगिन्छ ।

डायरीको दोस्रो परिच्छेद निम्न प्रकारको छः–

धेरै दिनपछि उसको एउटा चिट्ठी आयो, साथै एउटा फोटो पनि । फोटोमा उ एउटी सुन्दरी केटीसंग बसेको रहेछ–आफ्नो पौरुषताले भरिएको अँगालोभित्र च्यापेर । साँच्चै, उसको तस्वीर एउटा नौलो विचारधारा लिएर आएको रहेछ । विलास भन्दा तीन कोस पर बस्नु भनेर सिकाउने त्यही व्यक्तिलाई यसरी आफ्नो वशमा राख्न सक्ने ती युवतीको सौन्दर्यता र कसैको अँगालोभित्र भएपछि आउने मादक लज्जालुपनको प्रशंसा गर्न करै लाग्थ्यो । चिठ्ठीको सारांश यस प्रकार थियो:– 'बाबु, माया विनाको एक अधमरो जीवन जुन विगत वर्ष विताएँ, त्यसबाट अनुभव यही नै पाएँ, कि माया विनाको जीवन आधा भन्दा बढी पशुत्वले भरिएको हुँदोरै'छ । एकलो जीवनमा जुन दृष्टि-कोणले जीवनलाई हेरेको थिएँ ,त्यो हेराइबाट बूटी फेला पारेको छु ।··· यो चिठ्ठी पाएपछि मेरो परिवर्तित धारणा देखेर चकित पर्लास् । तर सुन, जस्तो सुकै पाषाण हृदयलाई पनि पगाल्ने शक्ति पाएको हुँदोरहेछ

CC-0. In Public Domain. Digitization by eGangotri

एउटी आइमाईले । शायद यो नारी-वर्गलाई इश्वरले दिएको जन्मसिद्ध अधिकार हो । र त्यस शक्तिबाट एउटा मान्छे कदापि मुक्त हुन सक्दैन ।

धेरै महिनापछि उसको अर्को एउटा चिट्ठी र फोटो आयो । यो चिट्ठी र फोटोले पनि आफ्नै विशेषता बोकेर आएको थियो । सैनिक पोशाकमा सजिएर खिचिएको फोटो मुन्तिर 'क्याप्टेन' लेखिएको थियो । चिट्ठीको सारांश यस प्रकार थियो:—'युद्ध र योद्धाको आपसी सम्बन्ध जुन मैले तँलाई भनेको थिएँ संझिएकै होलास् । .... सांसारीक माया-मोहको बन्धनभित्र बसेर आफ्नो कर्तब्य बिर्सन चाहन्न .... मृत मेरो पिताको तस्वीर ऐले पनि मेरो कोठामा झुण्डिराखेकोछ । लाग्छ, यो तस्वीर बोल्दै छ, लाछी छोरा 'जीवन कठोर छ' भनेर तँ अरूलाई के सिकाउँछन् । स्वयं आफैंले सामना गर्नु जीवनको अनि अरूलाई सिकाउनु न कि तेस्रो ब्यक्तिको अनुभवलाई आफूले पाण्डित्याई छाँट्नु.....म भावुक भएको होइन वास्तविक विचारको सारांश लेख्दैछु...एक पेट पाल्नु भन्दा पनि अर्को एक इच्छाले तीब्र रूप लिएको छ । त्यो हो, एक चोटि त्यो लडाईंको मैदानमा सामेल हुन मन लागिरहेछ, जहां मेरो पिताले मलाई सधैं-सधैंको लागि छोडेर गएका थिए ।'

उसको बिचार, चिट्ठी, फोटोहरू-छिटो-छिटो परिवर्तन भइरन्छन् ।

× × ×

धेरै महिना भइसकेपछि पनि उसको चिट्ठी आएन । तर एक दिन एउटा चिट्ठी आयो । चिट्ठी उसको थिएन, उसको स्वास्नीको थियो । चिट्ठी खोलें । भित्रको तस्वीर देख्नासाथै आँखा तिर्मिराउन थाले ।

CC-0. In Public Domain. Digitization by eGangotri

सैनिक पोशाकमा थियो उ । —र उसको वरीपरी संगिन लिएका क्रुर दृष्टिले हेरिरहेका सैनिकहरू । उसको टाउको निहुरेको थियो । उसको झुकेको अनुहार यही झस्क्याउँथ्यो, कि उ मृत्युको स्वागतगर्न तयार छ । शायद पश्चातापको आँधीमा हेलिनु भन्दा चिर निद्रामा सुत्ने विचार गरेका होलान् । चिठ्ठीमा धेरै कुरा थिएन 'तिम्रो मान्छे मऱ्यो !' बस, यत्ति । कहाँ मऱ्यो ? . . .किन मरियो–लडाई गरेर । कहाँ मऱ्यो ? . . लडाईको मैदानमा । किन मरियो लडाई गरेर । किन लडाई गऱ्यो ? धेरै जान्ने भएर . . . . ? उसको मृत आत्माले शान्ति पाओस् हामी यही कामना गरौं ।

उ मरिसक्यो । यी उसंग सम्बन्धित सबै वस्तुहरू उ जस्तै इतिहासवद्ध भइसके । लौत, यी उसका वस्तुहरूलाई कतै लगेर दाह-संस्कार गरिदिउँ । किनभने एउटा कथा सक्नु छ । एउटा गोरेटो टुंग्याउनु छ ।

बत्तीस पुतली, काठमाण्डौं

(एक दिन अनायासै एउटा डायरी मेरो हात पऱ्यो । त्यही डायरीका दुई परिच्छेद यहाँ प्रस्तुत गरिएको छ–लेखक)

CC-0. In Public Domain. Digitization by eGangotri

२०२८ विजया दशमीको
शुभ उपलक्षमा

समस्त नेपाली परिवारमा

सुख समृद्धिको लागि

शुभकामना

चढाउँछौं

आर० के० राज स्थापित

मखन टोल, काठमाडौं

फोन:– १४२७०

बडा दशैंको महान उपलक्षमा

समस्त हिन्दू परिवारमा

सुख, समृद्धिका लागि

हार्दिक शुभकामना

आशारत्न पुष्परत्न

स्टेशनरी तथा कागज विक्रेता

कमलाक्षी टोल – काठमाडौं

फोन ११९३५

CC-0. In Public Domain. Digitization by eGangotri

आफैलाई खोज्नै क्रममा

– हरिभक्त कटुवाल

केही दिन अघिको कुरो हो । बिदाको दिन परेको थियो ।

बिहान ओछ्यान छोड्दा प्राय: आठ बजिसकेको थियो, टाउको एक तमासले गहुँगो लागिरहेको थियो । शायद ह्याङ्ग ओभर हुन सक्छ। चूपचाप आएर एउटा कुर्सीमा बस्छु । मन कता कता उडिरहन्छ शरीर शिथिल छ । कुर्सीमै लाचार छोडिदिन्छु आफैलाई र एकपल्ट बितेको जिन्दगीसित लहसिन पुग्छु । मेरा सामु पन्ध्र-बीस जना हरिभक्त कटुवालहरू आएर उभिन्छन् । एउटा नाटक खेलिरहेको कटुवाल, अर्को नेता भई भाषण छाँटिरहेको कटुवाल, त्यसरी नै स्कूल माष्टर कटुवाल, फुटबल खेलाडी कटुवाल, क्रिकेट, ब्यामिण्टन, बिलियर्डमा जमिरहेका कटुवालहरू, एउटी स्वास्नीको लोग्ने कटुवाल । चार बेटा-बेटीको बाबु कटुवाल, भाई--बहीनीहरूको ठूलदाई कटुवाल बा-आमाको जेठो छोरो कटुवाल कवि कटुवाल एक्लै पत्रिका छापेर साहित्यको प्रचार गर्दिने कटुवाल सत्र लख आसामका नेपालीका लागि मरि-मेट्ने कटुवाल म कति के के.......... ।

म छट्पटाउँछु र आफैलाई खोज्न थाल्छु–अहिले म के?

CC-0. In Public Domain. Digitization by eGangotri

ती कुनै कटुवाल म आफूभित्र पाउँदिन । ती जम्मै मिलेर मलाई उपहास गरिरहेको भन्दा पर अरु केही फेला पर्दैन । आफैंलाई बेस्सरी चिमोट्छु – दुख्छ । आफ्नो अनुहार आफ्नै हातले लुछेर – चिमोटेर कुरुप पारिदिउँ झैं लाग्छ । भित्रबाट एउटा चिच्याहट उम्लेर आउँछ, तर म घाँटीबाट बाहिर त्यसलाई आउन दिन पनि सक्दिन । बलजफ्ती रोक्छु । तर रोकिदैन । हिक्का बनेर बाहिर निस्किन्छ । एक्लै एउटा निस्तब्ध कोठामा त्यसरी नै बसेर धेरै वेरसम्म रोइरहन्छु । रोइरहन्छु ती धेरै धेरै कटुवालहरुको बिलुप्तिमा – रोइरहन्छु ती कुनै पनि कटुवाल आफूभित्र नभेटेको पीरमा ।

जब म त्यस कुर्सीबाट उठेर तल धारामा पुग्छु – धारा सुकिसकेको हुन्छ । चूपचाप फेरि माथि उक्लिन्छु र कोठामा पस्छु । टेबुलमाथि राती प्रेसबाट ल्याएको ग्याली प्रूफले मलाई पर्खिरहेको हुन्छ । एउटा भैंवाला जान्छ मेरो मस्तिष्कमा – म अत्तालिन्छु एकपल्ट तर दोस्रो क्षणमै मलाई 'यूरेका ! यूरेका !!' भनेर चिच्याउन मन लाग्छ । मन लाग्छ आफूलाई नयाँ रूपमा भेट्न सकेकोमा । मलाई गर्व लाग्छ एउटा प्रूफ रिडरको जिन्दगीमा ।

राती जम्मै खाइनसकेर बातलमै केही बाँकी रहेको हुन्छ । हर्षोल्लासले उन्मत भएर बोतल रित्याइदिन्छु र ल्टन्छु फेरि ओछ्यानमा ।

आजको साहित्यकार र भोलिको नेपाल

– भैरव अर्याल

आजको साहित्यकारलाई सीमाबद्ध भएर बाँच्न अत्यन्त गाह्रो छ। विज्ञान र प्राविधिको चमत्कारिक उन्नतिले संभावनाका नयां नयां क्षितिजहरू उघारिदिएको आजको विश्वमा समस्याहरू पनि नयां नयां रुप लिएर मडारिइरहेका छन्। तर उपलब्धि र उपभोगमा देखिएका वैषम्य र विरोधाभाषहरूले पनि आजको साहित्यकारलाई न चिमटेको छैन। ग्रहग्रहान्तरको यात्रा र मुटुको साटफेर आदिबाट मानवीय भविष्यप्रति जेतिसुकै आस्था बटुल्न खोजे पनि प्रलयङ्कारी शस्त्रास्त्रको होड, आर्थिक विषमता र नैतिक क्षीणताहरूले मानवीय अस्तित्वलाई नै आशङ्कित पारिरहेको यो वखत कुनै पनि देशको सचेत साहित्यकार प्रकृतिका पत्र केलाएर वा स्तुतिपद्यमा मगज घोटेर मख्ख पर्न सक्तैन। युगीन यथार्थमा आँखा चिम्लेर दायित्वदेखि पन्छन उ पाउंदैन। त्यसैले आजको साहित्यमा देखिने असन्तोषका रेखाहरू भोलिको विश्व सन्तोषप्रद होस भन्ने कुराका प्रतीक हुन्।

यी, संभावना र समस्याहरूको विरोधभाषसंगै प्रत्येक देश र देशवासीका केही आफ्नै विवशता र विशेषताहरू छन्। एकातिर यान्त्रिकताले [illegible]वक पारेको मानव-समुदाय यसबाट कसरी छुट्टी पाउने भनी प्रकृतितिर फर्कने बाटो खोज्दै छ भने अर्कातिर प्राकृतिक जीवनका कठोरताहरूसित जुद्धाजुद्धै थाकेका हाम्रा हात पाखुराहरू यन्त्र

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्दैछन् । बजारको महंगी कायम राख्न टनका टन खाद्यान्न समुद्रमा फ्यांक्ने देश र २ माना बढी फलाउन पाए २ गाँस धान्न पाइन्थ्यो भन्ने देशका सपना र समस्यामा अन्तर देखिनु स्वाभाविक हो । त्यसैले आजको नेपाली साहित्यकारको अगाडि स्थिति केलाइनसक्नु जटिलता लिएर उपस्थित छ । उन्नति प्रगतिको आराधनाको साथै यसको सदुपयोग र समान उपभोगको अपेक्षा राख्नु नेपाली साहित्यकारहरूको दायित्व भएको छ । देशको गरीबी, अज्ञान, अन्धविश्वास र बिभिन्न विवशताहरू-देखि लिएर विश्वका अहंमन्यताजन्य युद्ध, वैषम्य र बिज्ञानको दुरुपयोग सम्म आँखा चहार्दा आजको नेपाली साहित्यमा पनि ग्लानि, असन्तुष्टि र बिद्रोहका स्वरहरू प्रस्फुटित भएका छन् ।

भोलिको नेपाल आजका विवशताहरूबाट, आजका विवशताहरूबाट र सबभन्दा बढी आजको नैराश्यबाट मुक्त भएको देख्न आजको सचेत साहित्यकार चाहन्छ । भोलि हामीले पनि बढीसे बढी प्रगतिको उपभोग गर्न पाउनु पर्छ र त्यो त्यस्तो प्रगति हुनुपर्छ, जसमा आजका बिकसित हरूले भोग्नुपरेका बिकारहरू नरहुन्, पलायनका विवशताहरू नरहुन्, मानवीय अस्तित्वका खतराहरू नरहुन् । बैषम्यले थल्याउन नसक्ने औद्योगिक प्रगति; विकासले औंलो ठड्याउन नपाउने विकास र आत्मग्लानिले निस्क्रिय नपार्ने शान्ति हाम्रा भावी आकांक्षाभित्र पर्छन् । यिनै आकांक्षाहरू पूरा गर्ने सचेतता साहित्यकारहरूले नछोडिडिए भोलिको नेपाल आजभन्दा सुन्दरतर हुनेछ । किनभने आजको साहित्यकार नै भोलिको निर्माता हो ।

प्रज्ञा

सुमित्रानन्द पन्त

वनका फूलहरूमा
मैले नयाँ स्वप्न रंगाइदिएको छु,
भोलि देख्नेछौ !
कोकिल कंठमा
नयाँ झङ्कार भरिदिएको छु,
भोलि सुन्नेछौ !
यी पुतलीहरूका पखेटा
वन परीहरूलाई देऊ,
चेतनाहरू,
तिम्रा शोभा
विदेह जुनेली हुन्, आफ्नै परिधान !

पृथिवी अब
घुर्रोझैं घुम्छिन्
त के भो ?
हामी ठुला भइसक्यौं !
पर्वतहरूका ठूलाठूला उमङ्ग
बूढी औंलाको भरमा उभिएर
शांत चुपचाप, स्थिर छन् !
समतल दृष्टिले
सम्पूर्ण पृथिवी देख्न पाएका थिएनन्,-
माथिको उज्यालोले
[illegible]ाधान भयो !
अ[illegible]सीमतिरै गयौं भनेपनि
माथिको दृष्टिले
डुब्न दिने छैन ।

अनु - ठारसुदी

CC-0. In Public Domain. Digitization by eGangotri

सुरुङ्ग

— गणेश रसिक

ऐले हामो पहाडको यो सुरुङ भित्रको बीच बाटोमा आइपुगेर यसरी अलमलिरहेका छौं कि जहाँबाट बाहिर फर्किनु पनि बिल्कुलै असम्भव छ । हामीसित ल्याएका सीमित उज्यालाहरू यहाँसम्म आइपुग्दा सकिए अथवा खोसिए भनौं । यस्तो हुँदै गइरहेछ कि हामीले अब एक अर्कालाई खुला आँखाले पनि देख्न छोड्यौं । हामीले आफ्नो र पराई छुट्याउन आफू हो कि अरू नै हो भनेर चिन्न हातले छामेर मासुलाई चिम्टनु पर्ने भो । कस्तो मध्यान्तरमा आइपुगेर हामीबाट हाम्रा सीमित उज्यालाहरू पनि खोसिए । यस्तो नहुनु पर्ने हो कसरी भयो । हामीलाई पछि लगाएर अघि अघि राँको (उज्यालो) बोकेर हिंड्ने त्यो लाउके कहाँ कुन कुनामा छ त्यो पनि हामीलाई थाहा छैन ।

यो सुरुङको मूल ढोकासम्म आई पुग्न हामीले कति कति ठूल-ठूला नदीहरू भेट्यौं, ढुङ्गा लगाएर नदी तर्दा भल (बाढी) आएर कति ढुङ्गा पल्टिए र कति हामीमध्ये छुटे । खोलाहरूमा तर्नलाई जाँगर थिएन पुल हाल्यौं । हिंड्न बाटो थिएन, जङ्गल, [illegible]र, पहरा र पहिरो फोर्‍यौं । कतै पानी थिएन, ताता घाम र उजाड मरूभूमिका बालुवाहरू थिए र पनि हामीले पीर दुःख र कष्टहरू सबै पार गरेर

CC-0. In Public Domain. Digitization by eGangotri

बाँच्ने जति बाँच्यौं । ओहो ! जङ्गलमा बाघ भालु, अजिङ्गर र अरू हिंसात्मक जन्तुहरूले आक्रमण गरेको कुरा सम्झंदा आङ नै सिरिङ्ग हुन्छ । मरूभूमि बीचमा पानी खान नपाएर हामीमध्ये कति प्याक प्याक मुख बाएर मरेको कुरा सम्झँदा रून मन लाग्छ । हामीलाई ती मरिरहेकालाई हेर्ने, पछाडि छोडिएकालाई पर्खने र हराएकालाई खोज्ने फुर्सदको समय नै थिएन । हामी त्यति बेला कसरी ढुङ्गाको मन लिएर त्यो देशको खोजीमा हिँडिरहेका थियौं । उफ् ! बाटामा हिँड्दा हिँड्दै कति रोगका शिकार भए कति पहाडका उच्चाईले गर्दा लेख लाग्यो, थकाइ लाग्यो, थकाइ मार्दा मार्दै कक्रिएर पछाडि नै छोडिए । गिद्धहरू-ले हेर्दा हेर्दै उनीहरूका हेर्ने आँखाहरू, बाँच्न खोज्ने मुटुहरू झिकेर लुछ्दै खाए । ती गिद्धहरूलाई उनीहरूले चाहेर पनि धपाउन सकेनन् । चिच्याउन सकेनन् ।

अहो ! साँच्चै नै हामी यो सुरूङ्गको मूल ढोकासम्म आइपुग्दा बाटामा हाम्रा कति जेनेरेशन जन्मे कति जेनेरेशन सखाप भए । यसको कुनै लेखा जोखा छैन । हामीलाई त्योभन्दा बढी यो चाहिं कुरा थाहा छ कि हामी शताब्दीतौंदेखि यो सुरूङ्गको खोजीमा थियौं । हामीमध्ये धरै जसो त बाटोमा नै जन्मिएका हुन् । प्रायशः अघिको जेनेरेशन त खतम नै भइसक्यो अब उनीहरूको 'सुरूङ्ग' भित्रको संसार खोज्नु पर्छ र एक दिन त्यहाँ पुग्नुपर्छ भन्ने विश्वास मात्र हामीसित बाँचिरहेका छन् । यसैकारण हामीले 'सुरूङ्ग' खोज्ने र यसभित्र बस्ने कार्यक्रम जारी राख्यौं कि – यो सुरूङभित्र कमसे कम ९।१० कोस भित्र गएपछि

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा बेग्लै संसार आउँछ, जहाँ नीलो आकाश हुन्छ, नीलो तलाव, लहर बिहीन सागर हुन्छ । सागर, तलावका नीला नीला पानीमा ठूलका ठूल सेता हाँसहरू पौडिखेलिरहेका हुन्छन् । कुहिरो नभएको नीलो आकाशमा सेता परेवाहरू स्वतन्त्र उडिरहेका हुन्छन् । अनि हाम्रा पुर्खाहरूलाई यो पनि विश्वाश थियो कि – त्यहाँ पुगेपछि मान्छेको जीवनमा रात कहिले पर्दैन । घाम कहिले अस्ताउँदैन । दुःख भन्ने मान्छेले जति बाटोमा भोग्नु पर्‍यो, बस त्यसपछि भोग्नु पर्दैन । बरु उनीहरू नयाँ जीवनको सुरुवात गर्ने छन् । त्यहाँ मान्छे सिर्फ मान्छे मात्र रहने छ, जात-पात रङ्ग, भेद, युद्ध, त्रास, अन्याय, अत्याचार सहनु पर्ने छैन । त्यहाँ मान्छे बाहेक मान्छेको अर्को रूप हुने छैन । हामी त्यस्तै देश खोज्नलाई यो सुरूङ्गभित्र पस्यौं । हामी त्यस्तै सुखै सुखको अर्को नयाँ संसार खोज्न यो सुरूङ्गभित्र पस्यौं । अहो ! यो सुरुङ्गको मूलढोका पहिलो पटक देख्दा हामी कति खुसीले नाचेका थियौं । मादल, ढोल, झ्याम्टा लिएर उफ्रा उफ्री नाच्दै गाएका थियौं । हामीलाई एकदमै खुसी थियो कि अब हाम्रो दुःखहरू हामीबाट भाग्ने छन् । अब हाम्रो जीवनमा घाम लाग्ने छ । हामीले आफू बाँचुन्जेल कसैलाई रिझाएर मागेर खानु पर्ने छैन । अब हाम्रो आफ्नै ऋण मुक्त घर र जग्गा जमीन हुनेछ । जहाँ सालै पिच्छे अन्न लुटिने छैन । नालिस हाले आफू भोकै बसेर पनि मुद्दा जित्न घुस खुवाउनु पर्ने छैन । यो सुरूङ्गभित्र त्यस्तो देश छ रे . . । यो झूठ होइन सत्य हो अवश्य त्यस्तो सुखै सुखको देश छ र त्यहाँ हामी पुग्ने पनि थियौं तर अपशोच हामी पुग्न सकेनौं हामी-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई दुःख छ । बाटो हेर्ने उज्यालाहरू हामीबाट खोसिए । हामी बाँच्ने खानाहरू भएका जति लुटिए । किन हाम्रा सुखहरू हामीबाट खोसिए हामीलाई थाहा छैन । अब त हामीलाई दिशाको ज्ञान पनि हुन छोड्यो । आएको बाटो पनि सम्झना हुन छोड्यो । हामी अन्धा जस्ता भयौं । यो अंध्यारो सुरूङ्ग भरि केवल मान्छेको कोलाहल मात्र गुन्जन लाग्यो । यो कोलाहलले हाम्रा कानहरू एकदमै बहिरा जस्ता भइदिए । फर्किने कुरा सम्झदा हाम्रो आफ्नै गोडा र मनस्थिति शिथिल हुँदै गयो । हाम्रो अगाडि बत्ति बोकेर हिंड्ने लाउके भनाउँदो कुन कुनामा बसेर अझ मिठा मिठा शब्दहरूमा भाषण छाँट्दै छ या कुन कुनामा मुसा जस्तो लुकिरहेको छ त्यो पनि थाहा छैन । जे होस् अब हाम्रो मृत्यु त निश्चित नै छ । यस्तैमा सुरूङ्गभित्र नै एउटा डरलाग्दो तोप र बम पड्किए जस्तो आवाजसँगै ठूलठूला ढुङ्गा लड्दै हामी भए तिर आयो । हामी स्वतन्त्रताका निम्ति लडिरहेका निर्दोष गुरिल्लाहरू जस्तै विजोग साथ मारियौं । तर मर्नु भन्दा अगाडि नै हामीले यो सोचिसकेका थियौं कि हामी त अब मारियौं, मारियौं तर हामी भन्दा पछाडि आउने जेनेरेशान हामी भन्दा धेरै नै अगाडि बढेर जानेछ, भरसक त्यो नयाँ सपनाको सुन्दर देशमा पुग्ने छ, र एउटा नयाँ सुन्दर देश र नयाँ सुखी समाज (जनता) को सृजना गर्ने छ । ★

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म दिवस

— अञ्जीर प्रधान 'पीडित'

असंख्य शुभकामनाहरू सहित
यो वर्ष आयो र बित्यो आज मेरो जन्म दिवस
असंख्य सदिच्छाहरूसित
धेरै रमाइलो संग
यो वर्ष आयो र बित्यो मेरो जन्म दिवस
सगुनहरू छोएको
घाँटीको माला
आफै पनि झरिसक्यो
फुल्दै थिएं,
यो वर्ष आयो र गयो मेरो जन्म दिवस
हज्जारौं घाम डुबेको
तलाउमा,

CC-0. In Public Domain. Digitization by eGangotri

बल्छी हाल्ने
क्रमबाट थाक्नुको अनुभव
एकनास एक सुर अभियानमा
यति सम्म सम्झना सक्नि
कि तरङ्गले पखाल्दै गाढा भएको
घामको रङ्गमा
एकछिन नुहाएर निस्कनु थियो
संझिन्छु आज कतै जानु थियो . . .
एउटा नदी तर्नु पर्थ्यो र रोकिएँ ।
ऐना हेरिरहेछु,
ओहो यस्तो फोहरी र घृणास्पद
भइसकेको रहेछु . . .
नङ काटनु थियो
आजलाई बन्देश छ
काँडा फूल जस्तै
दाह्री–गालाको
खाल्डो भरि फैलिरहेछ
आज फाल्नु हुँदैन बन्देश छ,
आज कुरूप र भद्दा अनुहार हेरेर
कालो आफ्नो विचारमा शुरू एउटा
नयाँ दिन !

CC-0. In Public Domain. Digitization by eGangotri

शगुन र शुभकामना
फूल लास
टाउकोमा तारको
शुरू हो, अन्त्य भए आफै . . .
पाइतालामा झरेर . . . .
शंका र संत्रास सित
यसै यसै,
शून्य बोकेर आफैं भरि
सुरू हुन्छ एउटा नयाँ दिन
उत्तेजनामा यी ऐनाहरू
फोडिरहेको छु . . . . .
सम्पूर्ण आफ्नो लुगाबाट
पसिना आइरहेको छ . . .
मैलको गन्ध सुंघेर
आफ्नो कट्टुको
म विस्तारै वौलाउँदै गइरहेछु,
तमाम लुगा फुकाल्दै गइरहेछु
नाङ्गो उभिरहेछु . . .

CC-0. In Public Domain. Digitization by eGangotri

(बाल बालिकाहरूको निमित्त लेखिएको एकांकी नाटक)

राक्षस र मानिस

– विजय मल्ल

जङ्गलको दृश्य

(घनघोर डरलाग्दो जंगल । ठूला ठूला रूख, झाडी, लतादि आदिले भरिएको भीषण वन; वन जन्तुहरू कराएको आवाज आइ-रहन्छ । एक हूल केटाकेटीहरू त्यस ठाउँमा आइपुग्दछन्, जसमा सात आठ वर्ष देखिन् १२।१३ वर्ष सम्मन्का ठिटाठिटीहरू छन् ।)

गीता – तिमीलाई नआउ भन्या' हैन मुना । अब आयौ खुट्टा दुख्यो भनेर कराउन पाउँछौ अब !

मुना – खुट्टा दुखेको के गर्ने त, म त हिंड्न सक्तिन ।

गीता – हिंड्न नसके बस । हामी त खोज्न आएका, रविलाई खोज्न जान्छौं ।

सीता – न आउ भन्दा आउने !

भुवन – आ, उल्लाई छोडेर त जानु हुन्न । बरु आऊ हात समाएर लान्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

मुना – म हिड्न सक्तिन । (रुन्छन्)

सरला – अब रोएर सुख पाउँछौ, केटाकेटी नआउ भन्दा नमान्ने ।

भुवन – आउ भन्या मुना, हात समाऊ ।

गगन – भो, म उल्लाई बोक्छु । (बाघ कराएको आवाज आउँछ)
सुन्यौ बाघ कराएको । नजीक छ जस्तो छ ।

गीता – अब बाघ आए के गर्ने त । न आउ, हामी मात्र जान्छौं खोज्न भन्दा आउने यी बच्चाहरू अब के गर्ने ? बाघले खाए खान्छ ।

सरला – हैन फर्कने हो कि ? अब यहाँ सम्मन् आइसक्यौं, रवि दाइ नभेटेपछि के गर्ने । फर्कौं क्यारे ।

गीता – उल्लाई नखोजी नभेट्टाई म त जान्न । फर्कन मन भएकाहरूफर्क

भुवन – साँझ पख सम्मन खोजौं, नभेट्टाए फर्कनु पर्ला कसो गीता दिदी ।

गीता – रवि दाइ यतै गएको छ भनेपछि कसरी नभेटिएला ए !

सरला – खोइ त अहिले सम्मन् भेट्टिएन ।

गीता – हैन जाने भए जाओ सबजना, म चाहीं खोजेर भेट्टाई फर्कन्छु । नत्र कुन अनुहार देखाउन जाने, रविको बा-आमालाई । एउटा साथी हराउँछ हामी नखोजी फर्कने । म त खोज्न जान्छु ।

मुना – कस्तो डरलाग्दो जंगल ! म त फर्कन्छु ।

गगन – अब एक्लै फर्केर तिमी घर पुग्न सक्छौ र ? फेरि हराउने नाई तिमी पनि । पर्दैन । हेर त उ को आयो जस्तो छ ।

गीता – ए रवि दाइ त हो नि ।

CC-0. In Public Domain. Digitization by eGangotri

सरला – हो, हो रवि त हो नि . . . ।

(दौडन्छन् र कराउँछन् – '**रवि** दाइ !' रवि आउँछ, सब जना उसलाई घेर्दछन्)

मुना – रवि दाइ तपाईलाई खोज्न आएको हामी । घरमा तपाईको बा-आमा रुनु भएर कस्तो छ ।

गीता – हैन यतिका दिन सम्मन् कहां वेपत्ता हुनु भएको तपाई, रवि दाइ ।

गगन – रविदाइ, यो जंगलमा कसरी वस्नु भयो तपाई ?

सरला – डर लागेन रवि दाइ तपाईलाई ।

रवि – जोडसंग नकराओ तिमीहरू बरू हेर तिमीहरू घर फर्क ।

गीता – हामी त फर्कन्छौं; तपाई ?

रवि – मुना-यिनीहरू सबलाई लिएर फर्क गीता । नत्र सर्वनाश हुन्छ, सब जाओ ढिलो नगर, फर्कने बेला भयो त्यसको ।

गीता – कसको ?

सरला – कसको रवि दाइ !

रवि – त्यसको ! तिमीहरूलाई देख्यो भने त्यसले खाइदिन्छ । तिमी-हरूलाई मारिदिन्छ । जाओ भनेको तिमीहरू ।

गीता – हैन, को त्यो रवि दाइ । तपाईलाई चाहिं खाँदैन, त्यसले, भनेन ? फेरि हामीलाई मात्र किन खान्छ ? किन मार्छ ? तपाईलाई नलगी हामी फर्कन्नौ । कसरी मुख देखाउन जानु तपाईको बा-आमा अगाडि, उहाँहरू रुनु भएर कस्तो छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

रवि – तिमी बुझ्दिनौ गीता । त्यो, त्यो, त्यो राक्षस हो ! मलाई समाएर पक्रेर राखेको छ ।

सरला
मुना
गगन – राक्षस रविदाइ !

गीता – राक्षस ! त्यसले तपाईलाई त्यसो भए . . . ।

रवि – म यहाँबाट उम्केर भागेर गएँ भने, हाम्रो गाउं भरिका सब जनालाई त्यसले खाइदिन्छ । यसैले म यहाँबाट भाग्न पनि सक्तिन । यहाँबाट कतै जान पनि सक्तिन ।

सरला - हामी सबलाई खाइदिन्छ त्यसले . . . ! अहो कस्तो राक्षस !

मुना – राक्षस त्यस्तो हुन्छ !

भुवन – तपाईलाई मारेर खायो भने रवि दाइ !

रवि – त्यसैले त म त्यसको आज्ञा पालन गरेर बसिरहेछु नि । नत्र यहाँबाट म भाग्न सक्थें । भागेर के गर्नू ! भाग्ने बित्तिकै हाम्रो गाउँका सबजनालाई खाइदिन्छु भनेर मलाई तर्साएको छ ।

गीता – तपाईलाई चाहिं किन खाएन त्यसले ?

रवि – गीता ! यही त आश्चर्य छ । त्यसले मलाई मारेन । बरू उल्टो मलाई छोरो जस्तो पालेको छ । मलाई छोरा बनाउने रे । उसको कोही छैन । मलाई छोरो बनाएर राक्षस बनाउने ।

सरला – तपाईलाई राक्षस बनाउने !

भुवन – तपाईले मान्नु भयो त ?

CC-0. In Public Domain. Digitization by eGangotri

गीता – तपाईले के माग्नु भो त ?

रवि - म के भन्न सक्थें ! मैले राक्षस बन्न मञ्जूर गरिन भने, तिमीहरू सबलाई उसले एक एक गरेर मारिदिन्छ । मैले राक्षस बन्न मञ्जूर गरें, गीता । म राक्षस हुन्छु भनें । मैले घर छोडिदिन्छु भनें, जंगलमा उसँकहाँ बसें । तर गीता, म कसरी राक्षस बनूँ ? कसरी राक्षस बनूँ ? राक्षस बन्न सब दया मांया छाड्नु पर्छ रे, सबलाई काट्न मान तयार हुनु पर्छ रे । कसैलाई आफ्नो सम्झनु हुन्न रे, स्वार्थी हुनु पर्छ, महास्वार्थी । मैले सब मञ्जूर गरें । तर एउटा कुरा गर्न सकिन गीता । गर्न सक्तिन पनि । म कसरी मानिसको मासु खाउँ । म मानिसको मासु खान सक्तिन, गीता म मानिसको मासु खान सक्तिन । तर त्यो राक्षस मलाई मानिसको मासु नखाई हुन्न भनिरहेछ । राक्षस बन्नलाई मानिसकै मासु खानु पर्छ रे . . . नत्र त्यसले मलाई मार्न सक्छ । बरु म मर्छु गीता, मानिसको मासु खान सक्तिन । म मानिसको मासु खान्न गीता, खान्न ।

गीता – त्यो राक्षसलाई मार्न सकिन्न र, रवि दाइ ?

रवि – कसरी मार्ने, त्यस्तो डरलाग्दो राक्षसलाई !

सरला - कोही यता आए जस्तो छ ।

रवि - हो हो राक्षस आइपुग्यो । भाग तिमीहरू । मसंग देख्ने बित्तिकै तिमीहरूलाई मार्ने छ त्यसले । गीता भाग, भाग !

(अरू केटाकेटीहरू भाग्न यता उति दौडन्छन्)

गीता - म भाग्दिन, रवि दाइ । म मरुँली, तर त्यस राक्षसलाई . . !

CC-0. In Public Domain. Digitization by eGangotri

(एउटा ठूलो शरीर भएको राक्षस त्यहाँ आएर पछारिन्छ। त्यसको छातीमा वाण लागेको हुन्छ)

सरला
गगन
मुना } - राक्षस !

राक्षस - हो, म राक्षस हुँ। ए रवि ! यता आऊ। हेर मलाई मानिसले धोका दिएर वाणले हान्यो। अब म मर्न लागें। मर्न लागें। तिमीले मलाई वचन दिएका छौ मेरो छोरो बन्ने। यस संसारमा राक्षस नभई बाँच्न सकिन्न। वरू राक्षस भएर, मानिसको मकुण्डो लगाउने वेइमानहरूसंग लड्न सिक। त्यस्ताहरू भन्दा त राक्षस सबैभन्दा वेस। उ लड्छ, धोका दिंदैन। उ शक्तिलाई पूजा गर्छ, ईमान वेच्दैन। धोकाले म मर्न आँटें अहिले। रवि वाण झिकिदेऊ। मलाई कष्ट भइरहेछ।

(रवि उसको छातीको वाण झिकिदिन्छ। राक्षस मर्छ)

गीता - राक्षस मन्यो रविदाइ !

रवि - हो राक्षस मन्यो। तर वेइमान राक्षसहरू अझ जिउँदा छन्।

(सब जना निस्कन्छन्)

CC-0. In Public Domain. Digitization by eGangotri

किनार

— मोहन दुखुन
कालिम्पोङ्ग

प्रतीक्षाभित्र बाँचेको त्यो किनार
ती छालहरू उर्लिरहेछन्
ताकि, त्यी अचल किनारलाई
ती छालहरू चुम्न पुग्नै परेको छ
जस्तो गरी
लम्पसार धरतीको बाहुलीमा
'झरी' बनेर झरिदिनु छ
मूक्त· व्योम ढाकेर अल्झने त्यो बादल !
अनि
ती छालहरूबाट सृजन्छन् नव-छालहरू
किनार स्थिर छ, अमेट छ प्रतियुग

CC-0. In Public Domain. Digitization by eGangotri

अँ, नबुझेर त होला ? . . . .
ती उर्लने चञ्चल छालहरू भने
इर्ष्या, प्रलोभममा लट्ठ छन्
यो निःस्वार्थको विरोध हो
जस्तो गरी
कराल-जलधिको तृषित मीनहरू
हरेकमा निराकार प्यास छ
त्यो प्यासभित्र विचित्र आवाजको चित्र
त्यो आवाज, त्यो असीम–तृष्णा
मात्र मृगतृष्णा होइन
त्यसैले झुकाब छ
ती छल्केका छालहरूको असत्यतिर ।
त्यो किनारको स्थिर-प्रतीक्षा
त्यो किनारको स्थायी-प्रतीक्षा
नबुझेर त होला ?
हित-चिन्तनको झलक छैन
आफ्नै लय छ ती छालहरूमा
त्यो लय झूले प्यास होइन !
ए छल्केका छालहरू !
ए प्यासी-छालहरू !!
त्यो किनार अस्थिर होइन, अस्थायी छैन !!

CC-0. In Public Domain. Digitization by eGangotri

एक तपस्वीसंग भेटघाट
केही तथ्य केही कथ्य

— घटराज भट्टराई

भाद्र महिनाको २८ गते विहान पानी झिम झिम परेको छ, दैलोका लागि केही समय लिने पूर्व निर्धारित कार्यक्रम अनुसार हामी (प्रेमी, ऋषभ, बाल गोविन्द, कोमल र म) अगाडि बढ्छौं, बाबुराम आचार्यज्यूको निवासस्थान बत्तिसपुतलीतिर। इतिहास शिरोमणि आचार्यज्यूका इतिहास सम्भन्धी अनुसन्धान र नामबाट परिचित हुंदा शायद अर्कै व्यक्तित्व मेरो अगाडि उपस्थित हुन्थ्यो। आज प्रत्यक्ष पहिलो भेटघाट हुने आशाले अर्कै उत्साह र जागरण थियो मेरो अन्तस्करणमा। बिस्तारै हामी त्यहाँ पुग्छौं जहाँ बयास्सी हिउँद बिताइसकेका एक वृद्ध तपस्वी रहनु हुन्छ अनेकौं सांसारिक सुख दुःख र परिस्थितिलाई चिनेर।

आचार्यज्यू इतिहास शिरोमणि दर्जाले विभूषित हुनुहुन्छ कसरी हुनुभयो ? विवाद भए पनि उहाँको काम र विद्वताको सही मुल्यांकनले नै हुनुभयो शंका लिनु आवश्यक छैन। अंग्रेजी, संस्कृत, हिन्दी, नेवारी

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो बुझ्नु हुन्छ, परीक्षा दिने र पास हुने काम उहाँबाट भएन, जाँच र डिग्रीले मात्र विद्वान् बनिँदैन, विद्वान् बन्न केही गरेर देखाउनु पर्छ, यो शिक्षा आचार्यज्यूबाट मिल्दछ।

हामी बिस्तारै भऱ्याङ्ग चढेर एक कोठाको सम्मुख पुग्छौं सबै सेता केशहरू, चाउरी परेको अनुहार, तेजहीन पानी टपटप आँखा, सेतो पारीवाल धोती र भोटो लगाएको डल्लो चेहरा, वरिपरि साधारण सजावटले असम्पन्नताको एक दृश्य मेरो सम्मुख उपस्थित हुन्छ, मैले सोचेको व्यक्तित्व र अगाडि उपस्थित व्यक्तित्वमा आकाश जमीनको अन्तर हुन्छ, हृदयमा अर्कै किसिमको द्वन्द मच्चिन्छ, अर्कै भावना प्रस्फुरित हुन्छ, संसार विचित्रको छ, आफूलाई सम्पन्न बनाउन र समाजको लागि तथ्य इतिहास राख्न जीवन भर जस्तो परिश्रम, गरी अझै त्यस्तो रूपमा एक तपस्वी बाँचिराखेको छ इतिहास सम्बन्धी अनेकौं ज्ञानको भारि आफैंले बोकेर अनि प्रमाणहरू साना साना बोरामा र कुनामा थुपारेर। त्यो तपस्वीको तथ्य स्वरूप हो आचार्यज्यूको।

अगाडि गएर आचार्यज्यूलाई बोलीले नमस्कार गर्छौं, नमस्कार, को को आउनु भएको छ ? उहाँको जवाफ र प्रश्न एकै साथ आउँछ। परिचय भट्टराईलाई नै संकेत गर्दै भन्नु हुन्छ, प्राय सबै थर कसरी भए भन्ने कुरा पत्ता लगाएको छु, – भट्टराई थरको ऐतिहासिक कारण आजसम्म फेला पार्न सकेको छैन। इतिहास सम्बन्धी अनेकौं प्रश्न गर्छौं उहाँ स्पष्ट रूपमा यस्तै हो भनेर जवाफ दिनु हुन्छ, उहाँ कुनै कुरा शंकास्पद रूपमा गर्नु हुन्न, हो, होइन, छ, छैन बस उहाँको जवाफ

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै छ. मैले भनेको कुराको लागि प्रमाण चाहनु हुन्छ भने समय लाग्छ, बस्नु होस्, हेर्नु होस् उहाँको भनाइ थियो – उहाँको भनाइ अनुसार नेपालको इतिहासमा धेरै जसो भाग अपूर्ण र अशुद्ध छ, जस्तै भृकुटी सम्बन्धी कथा कल्पित हो भानुभक्तको रामायण अर्कै छ, जङ्ग वहादुर कसैबाट मारिएका छन् आदि, यसको विस्तृत विवेचन यस प्रसंगमा नगरेर मलाई लागेका एक दुई कुरा मात्र उल्लेख गर्न लागेको छु।

करीब ५ घण्टाको कुरानीमा उहाँ थाक्नु हुन्न, झन झन उत्तेजित भएर स्पष्ट रूपमा भन्दै जानु हुन्छ. गफ गर्ने मानिस पाए दिन भर दिन भर एकनास कुरा गर्न सक्नु हुन्छ, र मन पराउनु हुन्छ, अज भरखरै अस्पतालबाट निस्कनु भएको छ। त्यो उमेर त्यो अवस्था र त्यो शक्ति मेरो लागि मननको विषय भएको छ। स्मरण शक्ति सशक्त छ, आफूले देखेको सुनेको र पढेको कुरा बिर्सनु भएको छैन। राखेको ठाउँ भुल्नु हुन्न, यहाँ यस ठाउँमा र यस किसिमले राखेको छ भन्न सक्ने शक्ति कसरी भयो ? हुन त त्यो शक्ति नभए इतिहास शिरोमणि पनि कसरी ? म आफू इतिहासक नभएर नै त्यो अनौठो लागेको पनि हुन सक्छ, यो पनि एक तपस्वीको गुणमध्ये एक जस्तो लाग्यो।

उहाँ निरास हुनु हुन्छ वर्तमानका युवक युवती देखी। इतिहास सही रूपमा तयार गर्न जाग्न सिक्न र बुझ्न कुनै थाहा छैन। त्यस्तो मानिस मैले पाएको छैन जो लगनशील भएर त्यस क्षेत्रमा लागोस्, सबै पिटुइँया मात्र छ, उहाँ कुराको शिलशिलामा भन्नुहुन्छ। त्यस्तो लगनशील मानिस पाए आफ्नो अन्तिम चरणमा सही इतिहास दिएर जाने थिएँ भन्दै उहाँको अनुसारमा

CC-0. In Public Domain. Digitization by eGangotri

निराशाको झल्को देखिन्छ । आचार्यज्यूको आर्थिक स्थिति सन्तोषजनक छैन राजपरिवारबाट पाएको प्रोत्साहनले उहाँ बाँच्नु भएको छ । उहाँले पृथ्वी नारायण शाह सम्बन्धी इतिहास लेखुन्जेल राजदरबारबाट मासिक रु. ५००।– पारिश्रमिक पाउनु हुन्थ्यो, हाल १५०।- मात्र पाउनु हुन्छ, भरखरै बिरामी हुँदा श्री ५ युवराजाधिराज सरकारबाट उपचारको लागि सहायता पाउनु भएको थियो ।

आफ्नो जीवनको अन्तिम चरणमा पदार्पण गरिराख्नु भएका आचार्यज्यूमा आफूले सकलन गरेका इतिहास सम्बन्धी सामग्री ज्यादै प्रिय छन्, एक एक गरेर बोरामा राख्नु हुन्छ, सम्मान साथ आफै चलाउनु हुन्छ, अरूमा विश्वास छैन । करीव करीव संसारदाट विदा हुन लाग्नु भएका आचार्यज्यूको यो कार्यकलाप देखेर म अचम्भ मान्छु, अनेकौं शिक्षा लिन्छु र अनेक प्रेरणा पाउँछु । साथीहरूले के पाउनु भयो त्यो दैलोमा प्रकाशित भएकै हो ।

हुन त एक बिहान (७ बजेदेखि १२ बजेसम्म) स्फुरेको भावना हो, यसै प्रसंगमा एक सुझाव राख्ने विचार छ, त्यो के भने हाम्रो इतिहासमा विभिन्न तर्क वितर्क चलिरहेको छ, इतिहास संशोधन मण्डल छ, अरू कतिपय विद्वानहरू इतिहासको खोजमा छन् । हुन त इतिहासको सबै जिम्मेवारी र सही रूप आचार्यज्यूमै छ भन्ने मेरो धारणा होइन, तर यति भन्न सकिन्छ, आचार्यज्यूकै जति अनुसन्धान र अनुभव हासिल गर्न निकै समय जो सुकैका लागि जरूर लाग्छ, त्यस कारण श्री ५ महाराजाधिराज सरकार, राजपरिवार, श्री ५ को सरकार

CC-0. In Public Domain. Digitization by eGangotri

र अन्य इतिहास प्रेमी समेतमा विनम्र अनुरोध के भने कुनै योग्यतम कर्मचारी अथवा कसैलाई खटाएर आचार्यज्यूका नेपालको आदिम कालदेखि आजसम्मका प्रमाणित र तार्किक विचारहरू टिपेर लेखेर इतिहासको वृहदाकारको पुस्तक निकाल्नु, लेख्नु, लेखाउनु तात्कालिक हामी सबैको कर्तव्य जस्तो लाग्दछ, भोलि अर्कै सूर्य उदाउँछन्, समय बित्छ, अर्कै युग आउँछ. ती विचार त्यो ज्ञान तपस्वी साथै जान्छ. अनि पश्चाताप मानेर के गर्ने ? यदि आचार्यज्यूका आँखा सद्दे र आफू सम्म न हुनुभएको भए यो सुझावको आवश्यक थिएन । यो सबै परिस्थितिले यो विचार पोखन लगायो । दिनको १२ बजे पौराणिक कथाका च्यवन ऋषि जस्तै वृद्ध तपस्वी अझै कुरा गर्न चाहनु हुन्थ्यो, तर विदा भएर फर्कौं अनेकौं अविस्मरणीय प्रेरणाको कुटुरो बोकेर । ★

काठमाडौं (२०२५)

शुभ-बिजयाको सुखद अवसरले

राष्ट्रको सर्वतोमुखी प्रगतिकोलागि,

संपूर्ण देशवासीहरूको आर्थिक सम्पन्नताकोलागि

सुदृढ, संतुलित तथा शक्ति-शालि राष्ट्रिय अर्थ व्यवस्थाकोलागि

तथा

आर्थिक दशकको गौरवपूर्ण सफलताकोलागि

द्रुत गतिले औद्योगिक विकास गर्न

समस्त देशवाशीलाई प्रेरणा प्रदान गरून ।

नेपाल औद्योगिक विकास कर्पोरेशन

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को आकाश मुनि ....

— भुवनेश्वर पाथेय

शहरी जिन्दगीले कराएर उ कतै भाग्न चाहन्छ ।

यो जिन्दगी उसको नसामा रूझेको छैन । उसको फोक्सो भित्र पसेको छैन । त्यसैले यहाँ बस्दा-बस्दा पटचाइ लाग्न थालेको छ। उसको नसाहरू सितांग हुन खोज्छन् र, उसलाई यस्तो लाग्छ कि धुक-धुकी बन्द भइदिने छ किनकि उसको सास चार वर्षदेखि गन्हाएको हावा तान्दै आइरहेको छ । उ 'टावर' लाई देख्दै बाँचिरहेको छ । यहाँ उ रमाएको छैन न त उसका नसाहरूमा खुसीलो आएको छ, तर जब उ टावर' लाई देख्न लाग्छ, उसको मन खुसी भइदिन्छ किनकि उसको कानमा काठमाडौंको घण्टाघरको आवाज गुञ्जित हुन लाग्छ। उ घण्टाघर सम्झन लाग्छ । घुइँचो सम्झन लाग्छ तर त्यहाँका सबै चीज-हरू एकै छिनपछि विलाउँछन् । आँखा फर्केर आउँछन् र टेबिलहरूसित टाँसिन्छन् । अनि उसको मन उकुस मुकुस हुन लाग्छ, मनमा काउछो लाग्छ, भित्रै भित्र उ छट्पटिन लाग्छ, कराउन चाहन्छ – तर कराउन पनि सक्दैन । बरू उ टाउके बोझलाई मोटेश्वरको पानामा राखेर आफ्नो देश आउन चाहन्छ । त्यसैले उ दुःखी छ, चङ्गा झैं उसको मन अर्को आकाशमा भौतारिन्छ । उसको मगजमा खिन्नता छ . . . चार बीसको ! चार बास रूपियाँ (अस्सी) उसको टाउको माथि बसेको छ र त्यहाँबाट फराइराखेको छ ।

राती उ सुत्छ । तर आँखामा निद्रा आउँदैन । टाउके बोझले

CC-0. In Public Domain. Digitization by eGangotri

कोल्टे यता उता फेरिरहन्छ । मन पोलिरहन्छ तर उ सुत्न सक्दैन । झ्वाट्ट–सपनाले उसलाई छोडदिन्छ । उ सोच्न लाग्छः म भागेर जान्छु । हैन मन मान्दैन । यसमा नेपालीको नाक काटिने छ । . . . यसैले उ काम गरेर टाउके बोझ बिसाउन चाहन्छ ।

यहां उ मलौटो छ ।

उसका सबै अङ्गहरू मलौटा छन् । ज्वरोमा पनि उ एक्लै छ किनकि मायां गर्ने कोही छैन । मायां त उसले कसैबाट पाउन सकेकै छैन । त्यसैले निस्सासिंदै छ । उसको मगजमा आफ्नो गाउँ पस्छ । अनि उ सम्झन्छ – गाउँलाई । आफ्नो झुपडीलाई, चाउरी परेको अनुहार लाई (बा लाई) र, मन उसलाई डोराएर त्यहीं लान चाहन्छ जहाँबाट मनले उसका हात र खुट्टालाई भगाएर ल्याएको थियो र गन्हाउने वातावरणमा बाँसको लिङ्गो झैं ठडाइदिएको छ । एउटा होटलमा ।

तीन वर्षात उसले सिध्याइसकेको छ ।

जब पानी दर्केर पर्न लाग्छ, उसको मन छटपटिन लाग्छ आफ्नो गाउँकोलागि । त्यहाँको खेतमा रोपाई गर्नको लागि । खर्पन र डोको लिएर जङ्गलमा जाने मन गर्छ । स-साना आलीहरूमाथि हिंड्न मन गर्छ । उ झल्यास्स हुन्छ अनि बुन्दीलाई सम्झन्छ (जोसंग बिहे गर्दैछु) र उसलाई यस्तो लाग्छ कि उसले बुन्दीलाई च्यप्प समातेको छ । खेतमा गीत गाउँदै रोपाईं गरिरहेको छ, तर बुन्दी मुसुक्क हाँसेर जान्छे . . . उसलाई सम्झना छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञनाको घेराभित्र मनलाई थुनेर राख्न सकिँदैन ।

अब उ नजीकबाट बुन्दीलाई देख्न चाहन्छ, गफ गर्न चाहन्छ। यहाँको दु:ख सुनाउन चाहन्छ र बाहिर नजाने किरिया खान चाहन्छ। पसीना बगाएर काम गर्न चाहन्छ आफ्नो धरतीलाई नै कोड्न चाहन्छ तर एकाएक उसको गतिमा ट्याक-ट्याकको ब्रेक लाग्छ र उसको ध्यान टेबिलहरूसित चेप्टिन्छ । रित्ता गिलासहरू हाँसिरहेका हुन्छन् । उसलाई गिज्याइरहेका हुन्छन् . . . जाऊ . . . नबस यहाँ . . . उसलाई यस्तो लाग्छ । खिन्नतालाइ मगजमा राखेर उसले सबै रित्ता गिलासमा पानी भरदिन्छ तर उसको मन भुमरीमा फसेको पात झैं छ । यति समयमा उसले एक पैसा पनि जोगाउन पाएको छैन । यसले उसका मन दु:खी छ।

कमाएको पैसा सितैमा बिस्तारै खिइ छ मन सन्केपछि पैसा पानी बन्छ । मुट्ठीको पैसा राती-राती खिइँदै जान्छ, हत्केला माथि सुन्नै सुन्ना हुन्छ । रित्तो गोजी, रित्तो मन र थाकेको जिउ लिएर उ राती राती फर्कन्छ। केही नसा पनि उसको शरीरमा रूझेको हुन्छ रक्सीको । सात दिनमा एक दिन मात्र उसको जिउ मात्छ । स्वर लड्-बराएको हुन्छ र त्यस समय उ कल्पनालाई डाराउन लाग्छ । अतीत-लाई खोतल्न लाग्छ । . . . पैसा बचाएको भए . . . सबै बुन्दीलाई दिन पाएको भए . . . उ कति रमाउँथी . . . । तर . . .

शहरलाई उसले चिनेको छ ।

नजीकबाट छुन पाएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसको सास उसको जिउमा भिजेको छ। त्यसैले उसलाई होटेलको मोटेश्वरको सांससंग घिन लाग्न थालेको छ। मोटेस्वर त उसलाई पटकै मन परेको छैन तर बोझ नबिसाएसम्म मान्नु परेको छ। नरूचाए पनि रूचाउनु परेको छ।

कहिले अचम्मले उसलाई बिस्तारै छुन आउँछ।

परिचित हाँसो न सुनेर। परिचित अनुहार न देखेर। र अचम्मको गाँठो उसको मुटुमा पर्दै जान्छ, उसलाई मस्काउँदै जान्छ। घुइँचो बिस्तार बिस्तार खिइँदै जान्छ, रिक्साहरू शान्त हुँदै जान्छन् तर उसको मन चंगा झैं हावा खाइरहेको हुन्छ। बुन्दी . . . छेउ जानलाई छटपटाइरहेको हुन्छ कि उसका कान 'कान्छा कान्छा . . .' फ्याट टिप्छन्। अनि उ झल्यास हुन्छ र आफ्नो काममा डुब्न लाग्छ। दिउँस भरि एउटै कोठामा चक्कर काटिरहन्छ तर उसको मन गाउँमा घुमिरहन्छ। उ सोचिरहन्छः– यस पाली गाउँ जानु छ। दशैंमा त यस पाली जानै पर्छ – बालाई हेर्न, बुन्दीसंग गफ गर्न। त्यसैले उसको मन नेर्वैन हुन लाग्छ। केही सामानहरू किन्ने मन गर्छ तर उसले निश्चय गरेको छैन।

एक्कासी उसको ध्यान सडकको भीडसित चेप्टिन्छ र एउटी सिमलकाढे माथि आँखा ठोकिन्छन्। उ हेर्न लाग्छ उनलाई। उनको अनुहार बुन्दी जस्तै छ र शंकाले उसलाई बिस्तारै उचाल्न थाल्छ। उसको हृदयमा शंकै–शंका हुन्छ। त्यसैले दुइटैलाई तराजुमा जोख्न लाग्छ तर उ र बुन्दीमा धेरै फरक देखिन्छ। फेरि उनको गालामा कोठी छैन

CC-0. In Public Domain. Digitization by eGangotri

बुँदीको जस्तै ।

उ आधुनिक फेशनले मात्तिएकी छ । उनको चुल्ठोले नै उसलाई डर लाग्न लाग्छ । चुल्ठे डर उसभित्र पस्छ र ग न पहिलेको ठाउँमा आउँछ ।

फेरि गिलासहरू रित्ता हुन्छन् ।

उसले पानी भरिदिन्छ । जुठा प्लेटहरूलाई सफा गर्न लाग्छ । कतै टयाक . . . टयाक . . . को आवाज सुनिन्छ जो उसको मुटुमा झ्वास्स पस्छ । कोठमा कति फन्का लगाउनु पर्छ यो उसलाई गोडा दुःखेर नै थाहा हुन्छ ।

उ थकाइ मार्न चाहन्छ ।

एक छिन सुस्ताउन चाहन्छ ।

सांसलाई आराम दिन चाहन्छ ।

केही सोच्न चाहन्छ तर . . . मोटेश्वरको आवाज कान्छा . . . कान्छा उसको मगजमा पसेर उसलाई जगाइदिन्छ अनि उसको मन बटारिन लाग्छ । मुटुमा गाँठो पर्न लाग्छ र सोच्न लाग्छ ! बिदेश– अर्को आकाश । यो आकाश मुनि बसेर केही फाइदा छैन । आफ्नो आकाश मुनि बसेर धरतीको सेवा गर्न पाउँछु । देशको सेवा गर्न पाउँछु तर चार बीस (अस्सी) जिउँदै छ ! कहिले मर्ने छ ! कहिले बोझ हलुको हुनेछ !!

यो उसलाई थाहा छैन तर अर्को आकाश मुनिको जिन्दगी छाडेर उ पहिलेकै ठाउँमा आउन चाहन्छ । उसको मनले लक्ष्मण रेखा

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छ . . . र देख्न लाग्छ (रेल्वे स्टेशन नजीकै उ काम गर्छ) यहीं रेलगाडीमा चढेर जानुपर्छ । फेरि बसमा चढेर पहाड काट्नु पर्छ तर अस्सी रुपियाँको लागि केही महिना पर्खनु पर्छ । अर्को आकाश मुनि . . . बाँच्नु पर्छ । =

(ब्रह्मपुरी, जनकपुरधाम)

दशैं बजार

सुपथ मूल्यको पसल सुपथ मूल्यको चुरोट

नेपाल टोबाको कम्पनीको उत्पादनहरू

नेपाल गोल्ड फ्ल्याक	३ बट्टा	रू. ११।१०
नेपाल	४ बट्टा	रू. ११।१०
सगरमाथा	३ बट्टा	रू. ११।००

साथै नयाँ डिलरशीप योजना अन्तर्गत

थोरै पूँजीबाट हाम्रो विभिन्न उत्पादनको डिलरशीप लिन सकिने छ । पूँजी थोरै हुँदा कम सहुलियत र पूँजी बढी हुँदैमा बढी सहुलियतको भेदभाव छैन ।

कुनै किसिमको धरौटि राख्नु पर्दैन ।

हाम्रा उत्पादनहरू बढिसे बढि बिक्री गराउनेलाई बढि सहुलियत दिने हाम्रो लक्ष छ ।

नयाँ डिलरशीप योजना अनुरूप सबै किसिमको व्यापारी वर्गलाई उचित स्थान दिएको छ ।

स्वदेशको अरू उत्पादित चुरोटहरू भन्दा हाम्रा उत्पादित चुरोटले पनि अवश्यै तपाईंहरूलाई संतुष्टि दिने हुँदा अवश्य व्यवहारमा ल्याउनुहोस् ।

प्रार्थी— नेपाल टोबाको कम्पनी (प्रा.) लि.

घण्टाघर

CC-0. In Public Domain. Digitization by eGangotri

राजकीय प्रज्ञा प्रतिष्ठानले साहित्य सेवाको नाममा पत्र-पत्रिकालाई दिँदै आएको विज्ञापन (सहयोग) अहिले बन्द गर्दा हाम्रो भनाइ अझ झन् पुष्टिमा आएको छ। अब त राजकीय प्रज्ञा प्रतिष्ठानको काम यति मात्र हो – वर्षमा एकचोटी कवि-सम्मेलन गरेर पुरस्कार बाँड्नु, बस !

विजया दशमीको शुभ-कामना सबै दिन्छन् । तर हामी 'शुभ-विजया' भन्न असमर्थ छौं। किनभने देशका पन्चानब्बे प्रतिशत रोग, भोक र शोकले पीडित भइरहेका जनताहरूलाई औषधि र काम-माम दिनुको साटो 'शुभ–विजया !' दिनु उपहास सिवाय अरू के हुन्छ र ?

समस्त देशवासीमा विजया दशमीको
हार्दिक शुभकामना
साल्ट ट्रेडिङ्ग करपोरेशन लि०
परिवार

शुभ विजया दशमीको उपलक्षमा नेपाल राष्ट्र बैंक समस्त नेपाली वर्गमा हार्दिक अभिवादन ज्ञापन गर्दै यस आर्थिक विकास दशकको महान् लक्ष्यहरू प्राप्त गर्ने सम्पूर्ण नेपाली समर्थ होउन् भन्ने हार्दिक कामना व्यक्त गर्दछ।

नेपाल राष्ट्र बैंक

CC-0. In Public Domain. Digitization by eGangotri

जनकपुरब ट प्रकाशित   लिला सिंह कर्माद्वारा सम्पादित

उषा

पढन र पढाउन नभुल्नु होला ।

सिन्धु

साहित्यिक संगालो

चाँडै प्रकाशित हुदैछ ।

पढन नभुल्नु होला ।

आभा

नेपाली साहित्यमा नयाँ रुप लिएर प्रकाशित हुदैछ ।

नेपाल भाषाको अनुदीत कविता विशेषाँक

दोश्रो अङ्क

कथा

विजया दशमीको उपलक्षमा

—सम्पादिका:- झिम्वू

CC-0. In Public Domain. Digitization by eGangotri

हिमगंगा हाई स्कूल

साँघुटार बजारमा

आफ्ना केटाकेटीहरुलाई

चाँडै भर्ना गराउनु होस

हिमगंगा पुस्तकालय

साँघुटार बजारलाई

आर्थिक तथा पुस्तक-पत्रिकाहरुको मद्दत गर्नको लागि

हार्दिक अनुरोध गर्दछौं ।

पहाडी गीत, संगीत र संस्कृति

बचाउन र विस्तृत गर्न

हिम नाटक मण्डल

साँघुटार बजार

लाई

नभुल्नु होस ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राची

९९

CC-0. In Public Domain. Digitization by eGangotri

रचना पठाउँदा तलको
ठेगानामा पठाउनु होला

प्राची कार्यालय

के आनन्द प्रिन्टिङ्ग प्रेस
जनकपुरधाम

शाखा कार्यालय

20/181 नक्साल
काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ माहाराजाधिराजको २८ औं शुभ

जन्मोत्सवको उपलक्षमा हार्दिक

शुभ कामना व्यक्त गर्दछौं

—आराधुन (कं) नेपाल

आरामदायी वस द्वारा जनकपुर हुँदै इटहरी, विराटनगर, धरान, भद्रपुरको यात्रा गर्नु होस !)

के तपाईंलाई थाहा छ ?

जनकपुर नगर पंचायतको चुनाव नजिकै छ ।

४ नं वार्डका योग्य उम्मेदवार

श्री राम सुन्दर प्रसाद साहलाई

विजयी गराउनोस

उहाँलाई विजयी गराउने अमूल्य वोट

तपाईं संगै छ ।

मूल्य १६०

CC-0. In Public Domain. Digitization by eGangotri

प्राची अङ्क – ५ वर्ष १—२०२६

सम्पादक	
प्रकाश राज काफ्ले	यस अंकमा
प्रकाशक	डी० पी० अधिकारी, तोया
सुशील बन्धु	गुरुङ्ग सन्तोषी गिरी,
सहयोगीहरू	पी० पी० छलिया, प्रकाशराज
सुबोध राज प्याकुर्याल	काफ्ले र लक्ष्मण खरेल
गंगा प्रसाद गौतम	
शंकर गजुरेल	

पेज नं० २३ मा	हुदैलो—ढदैलो
वेठीक ठीक	लाग्ने—लाइने
त्वया—तोया	
गोरी—गौरी	जुन्यू—मुन्यू
व्यसौटा—घसौटा	आङ्गिने—नाङ्गिने

CC-0. In Public Domain. Digitization by eGangotri

विदेशी मालसामानहरु सुपथ
मुल्यमा लिन चाहानु हुन्छ भने संझनुहोस

गौरी शंकर स्टोर

जनकपुरधाम

वैवाहिक विज्ञापन:—

विराटनगर:—उमेर २१, योग्यता दश कक्षा पास, सम्पन्न केटो, उचाई पाँच फुट ५ इन्चको केटोको निम्ति योग्य केटी चाहिएको छ।

काठमाण्डौं—वी० ए० सम्म पढेको सम्पन्न घरको केटोको निम्ति गृहकार्यमा दक्ष एस० एल० सी० पास गरेको केटी चाहिएको छ।

सम्पर्क राख्नुहोस पत्र द्वारा प्राची कार्यालय $\frac{20}{1.81}$ नाटेश्वरी गल्ली नक्साल

(वैवाहिक विज्ञापनको निम्ति रु. १५ अगाडि जम्मा गर्नु पर्ने छ।)

योग्य जीवन साथी पाउन प्राचीको वैवाहिक विज्ञापन स्तंभमा भाग लिनुहोस।

CC-0. In Public Domain. Digitization by eGangotri

जनकपुरधामबाट निस्कने

लक्ष्मण खरेलको सम्पादनमा

आँखा

हो त आँखा

फाल्गुण ७ गतेको उपलक्षमा निस्कदै छ।

प्रतिक्षा गर्नु होस

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको चिरायुको
मंगलमय प्रार्थना गर्दछौं ।

र हाउस

राजविराज

राम्रो बलियो असल फर्निचरहरूको

निर्माता

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजधिराज वीरेन्द वीर विक्रम शाहदेवको

२८ सौं शुभ जन्मोत्सवको शुभो उपलक्ष्यमा



सम्पूर्ण जनकपुर अञ्चलवासीका तर्फबाट

मौसुफको आरोग्यमय स्वास्थ

उज्जवल र समृद्धिशाली जीवन तथा दीर्घायुको

कामना चढाउँछौं ।

अंचलाधीश बद्री विक्रम थापा तथा

जनकपुर अंचल समिति

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ माहाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

२८ सौं शुभ जन्मोत्सवमा मौसुफ



सरकारको गाँथमा

सुख समृद्धि र आरोग्यता कायम रहोस

भन्ने कामनागर्नौं

—राष्ट्रिय वाणिज्य बैंक

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको २८ औं शुभ जन्मोत्सवको औसरमा मौसूफको सुस्वास्थ, सुख र दीर्घायुको कामना गर्दछौं

मकवानपुर जिल्ला
पञ्चायत परिवार
मकवानपुर

CC-0. In Public Domain. Digitization by eGangotri

प्राची किरण

तीन आत्महत्या–तीन युवतीको

हालसाल केही दिन देखि आत्महत्याका खबरहरू प्रसस्त सुन्नमा आइरहेछ। विशेष गरेर आत्महत्या केटीले गरेका त्यो पनि तरूनी केटी।

देशको युवा पीढीमा नैराश्य आउनु साह्रै नै खेदको कुरा हो। आत्महत्या किन गरे ? कारण के ? खोस्टाउनु नितान्त आवश्यक छ।

मुख्य तीन आत्महत्याका कुरा गरौं जसको समष्टि रूपमा भन्ने हो भन्ने कारण एउटै छ। तीन आत्महत्या भए जनकपुर, धनकुटा र झापा जिल्लामा ! यी तीनै ठांउका केटीको उमेर क्रमशः १८ २४ र २२ तीनै केटीले आत्महत्या गर्नु पर्ने कारण खोतल्दा प्रेम सफल नभएबाट गरेको बुझिन्छ। प्रेम घरमै डेरा गरी वसेको युवकहरूसंग भयो त्यस पछि युवक कोही विवाहित थिए र कसैले घर गएको वेलामा अर्को विवाह गरे; केटाको असल रुप देखे पछि केटीहरूले आत्महत्या गरे ! यसलाई हास्यास्पद कुरा भन्ने या मर्मस्पद। तीनै केटी शिक्षित थिए। मानौ प्रेम (नाटकीय प्रेम) नै आज युवा पीढीको मुल समस्या हो र प्रेम वाहेक अरु गर्नु पर्ने काम केही पनि छैन झैं भइसक्यो। यसको उत्तरदायित्व (१) वावु आमा

CC-0. In Public Domain. Digitization by eGangotri

(जो सधैं छोरा छोरीको विवाहको कुरामा उदासिन रहन्छ (२) हिन्दी अश्लिल फिल्महरू [जुन सधैं प्रेम (नाटकीय) कै सम्वन्धमा यथार्थ भन्दा टाढाका कुराहरु प्रदर्शित गर्दछ। जसको निम्ति सरकार सचेष्ट हुनु पर्दछ। (३) अश्लिल साहित्य (जुन सँधै साहित्यलाई मनोरंजनको साधन मात्र बनाएर यौन सम्वन्धी साहित्य मात्र दिन्छ र सधैं जन पक्षीय साहित्यलाई गाली गर्दछ)

त्यसकारण युवा पीढीमा यस्तो हुन नदिन सबैले आ-आफ्नो क्षेत्रवाट सहयोग पु-याउनु पर्दछ।

—रासस

वडो आश्चर्य कुरा हो रा स स ! आज सम्म उदासीन छ एउटा कुरामा ! रा स स प्रतिनिधि एकजना साहित्यिक पत्रिको सम्पादक पनि छन, उनी दुइटै काम गर्छन सम्पादक र प्रतिनिधिको। काठमाण्डौबाट निस्कने "जुनेली" झैं उक्त पत्रिकामा पनि रचनाहरू भन्दा विज्ञापन धेरै हुने गर्छन। जुनेली पत्रिकाले फोन हल्लाएर (हल्लाउन लाएर) र साहित्यकारहरूलाई गाली गरेर विज्ञापन वटुले झैं रासस प्रतिनिधी पनि राससको प्रतिनिधि भएको नाजायाज फायदा उठाएर विज्ञापन असुल गर्दछन र उनको पत्रिकाको विज्ञापन स्तर ज्यादा नै गहन हुन्छ। यो कुरा यहाँका बहुसंख्यक जनतालाई थाह छ।

CC-0. In Public Domain. Digitization by eGangotri

छ तै पनि रासस मौन छ ।

भियतनाम—

अमेरकी सरकारले उत्तर भियतनाममा दिन प्रतिदिन गोला-वारी वर्षाउने कार्यमा तिव्रता ल्याउदै छ, संसारका प्रत्येक कुना काप्चाका देशहरुले विरोध गर्दा गर्दै पनि अमेरिका झन गोला वर्षा उदै छ । उत्तर भियतनामका निर्दोष जनताहरू माथि हजारौं टनका बम गिराएर अमेरिका आफ्नो शक्ति देखाउने र आफ्नो कुनीतिको प्रदर्शन गरी रहेछ । उ भियतनामीकरण र शान्तिको फोश्रो नारा मात्र दिई रहेछ । अक्टोबरको शान्ति प्रयास पछि अमेरिकाले झन वढी हात हतियार दिइरहेछ थ्यु कठपुतली सरकारलाई । अमेरिकी नीति कस्तो छ भन्ने कुरा स्पष्ट भइसकेको छ । प्रत्येक जनताले आज त्यस नीतिबाट सतर्क रहनु पर्ने आवश्यक छ । नेपाली जनताले भियतनाम विरोघी अमेरिकाको विरोध गर्दै आइ रहेको छ ।

नेपाली जनता उत्तर भियतनामको नीति प्रति हार्दिक स्वागत गर्दछन ।

नेपाली भाषा

भारतमा वसोवास गरेका नेपालीहरु (प्रवासी, नेपाली र भार-तीय नेपाली) को धेरै वर्ष अगाडि देखि सामुहिक आवाज गर्जिरहेछ नेपाली भाषाले संविधानको आठौ अनुसूचिमा प्रवेश पाउनु पर्दछ भनेर । वारम्वार नेपालीहरूको आवाज गुन्जी रहंदा पनि भारत मौन छ । भारतका प्रधान मन्त्रीले २५ अक्टुवर १९७२ का दिन राजभवन दार्जिलिङ्गमा अ. भा. ने. भा. समितिका प्रतिनिधिहरू

CC-0. In Public Domain. Digitization by eGangotri

(जो सधै छोरा छोरीको विवाहको कुरामा उदासिन रहन्छ (२) हिन्दी अश्लिल फिल्महरू [जुन सधै प्रेम (नाटकीय) कै सम्वन्धमा यथार्थ भन्दा टाढाका कुराहरु प्रदर्शित गर्दछ। जसको निम्ति सरकार सचेष्ट हुनु पर्दछ। (३) अश्लिल साहित्य (जुन सँधै साहित्यलाई मनोरंजनको साधन मात्र वनाएर यौन सम्वन्धी साहित्य मात्र दिन्छ र सधै जन पक्षीय साहित्यलाई गाली गर्दछ)

त्यसकारण युवा पीढीमा यस्तो हुन नदिन सबैले आ-आफ्नो क्षेत्रवाट सहयोग पु-याउनु पर्दछ।

— रासस

वडो आश्चर्य कुरा हो रा स प आज सम्म उदासीन छ एउटा कुरामा ! रा स स प्रतिनिधि एकजना साहित्यिक पत्रिको सम्पादक पनि छन, उनी दुइटै काम गर्छन सम्पादक र प्रतिनिधिको। काठमाण्डौबाट निस्कने "जुनेली" झै उक्त पत्रिकामा पनि रचनाहरू भन्दा विज्ञापन धेरै हुने गर्छन। जुनेली पत्रिकाले फोन हल्लाएर (हल्लाउन लाएर) र साहित्यकारहरूलाई गाली गरेर विज्ञापन वटुले झै रासस प्रतिनिधी पनि राससको प्रतिनिधि भएको नाजायाज फायदा उठाएर विज्ञापन असुल गर्दछन र उनको पत्रिकाको विज्ञापन स्तर ज्यादा नै गहन हुन्छ। यो कुरा यहाँका वहुसंख्यक जनतालाई थाह छ।

CC-0. In Public Domain. Digitization by eGangotri

छ तै पनि रासस मौन छ ।

भियतनाम—

अमेरकी सरकारले उत्तर भियतनाममा दिन प्रतिदिन गोला-वारी वर्षाउने कार्यमा तिव्रता ल्याउदै छ, संसारका प्रत्येक कुना काप्चाका देशहरूले विरोध गर्दा गर्दै पनि अमेरिका झन गोला वर्षा उदै छ । उत्तर भियतनामका निर्दोष जनताहरू माथि हजारौं टनका बम गिराएर अमेरिका आफ्नो शक्ति देखाउने र आफ्नो कुनीतिको प्रदर्शन गरी रहेछ । उ भियतनामीकरण र शान्तिको फोश्रो नारा मात्र दिई रहेछ । अक्टोबरको शान्ति प्रयास पछि अमेरिकाले झन बढी हात हतियार दिइरहेछ थ्यु कठपुतली सरकारलाई । अमेरिकी नीति कस्तो छ भन्ने कुरा स्पष्ट भइसकेको छ । प्रत्येक जनताले आज त्यस नीतिबाट सतर्क रहनु पर्ने आवश्यक छ । नेपाली जनताले भियतनाम विरोधी अमेरिकाको विरोध गर्दै आइ रहेको छ ।

नेपाली जनता उत्तर भियतनामको नीति प्रति हार्दिक स्वागत गर्दछन ।

नेपाली भाषा

भारतमा वसोवास गरेका नेपालीहरु (प्रवासी, नेपाली र भारतीय नेपाली) को धेरै वर्ष अगाडि देखि सामुहिक आवाज गुंजिरहेछ नेपाली भाषाले संविधानको आठौं अनुसूचिमा प्रवेश पाउनु पर्दछ भनेर । वारम्वार नेपालीहरूको आवाज गुन्जी रहँदा पनि भारत मौन छ । भारतका प्रधान मन्त्रीले २५ अक्टुवर १९७२ का दिन राजभवन दार्जिलिङ्गमा अ. भा. ने. भा. समितिका प्रतिनिधिहरू

CC-0. In Public Domain. Digitization by eGangotri

सितको वैठकमा नेपाली भाषाले मान्यता पाउने छ भन्ने आश्वासन दिएको हो, तर आजसम्म काय रूपमा केही पनि भएको छैन। नेपालीहरू कति शान्ति प्रिय छन भन्ने कुराको निम्ति विश्वको इतिहास साक्षी छ तैंपनि नेपालीको म गलाई ठूकराउनु, उग्ररूपको संज्ञा दिनु कहाँ सम्म ठीक कुरा हो ? जवकि सातलाख जनताले वोल्ने सिन्धी भाषालाई भारतीय सम्विधानको आठौं अनुसूचीमा गःभिएको छ, नेपाली भाषा बोल्ने भा रतमा करिव पचास लाखको जनसंख्या छ। आफुलाई प्रजातन्त्रात्मक देश भन्नले प्रजातन्त्रको रक्षा पनि गन सक्नु पर्दछ। पचास लाख नेपालोको नारा कहिले पनि वेजायज हुदैन।

·—जनकपुरः

पौष १४ श्री ५ महापाजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेदका शुभ जन्मोत्सव यहाँ विभिन्न कार्यक्रमका साथ मनाइयो।

श्री ५ माहाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको
२८ औ जन्मोत्सवको उपलक्षमा

शुभ कामना टक्राउने

होटल एभरेष्ट

(स्वादपूर्ण भोजनको निम्ति संझनुहोस)

CC-0. In Public Domain. Digitization by eGangotri

लंगडो मान्छे

डी. पी. अधिकारी

मास्टर तारा एक पल्ट निरीक्षणको आँखाले चारैतिर विद्यार्थीहरूलाई हेर्दै उनीहरूलाई बस्ने आज्ञा दिन्छन् । त्यस पछि अलमलिए जस्तो भएर छेउमै बसेका स्कूलका हेडमास्टर तिर हेर्न लाग्छन् । आँखाको इशाराले हेडमास्टर केही भन्छन् ‥ – – तारा स्फूर्ति संग अगाडिको टेबुलमा राखिएको पुस्तक हातमा लिन्छन् । उनका एउटा हात लठी टेक्ने काम गरिरहेकोले अर्को फूर्तिलो बनेको हुन्छ । पुस्तकलाई दोहोराएर टेबुलमाथि राखी उनी एउटा हातले यसका पाता यता उता ओल्टाउने पल्टाउने गर्दै छिन् छिनमा टाउको उठाएर विद्यार्थीहरू तिर पनि हेर्छन् । एकै छिनमा मास्टरजी विद्यार्थीहरूलाई सम्बोधन गर्दै भन्न लाग्छन्—'तिमीहरूलाई थाहा होला साहित्य भनेको समाजलाई हेर्ने उसको ऐना हो ‥‥‥ – – ।

यति बेला त्यहाँ विद्यार्थीको होइन तर मास्टजीकै जाँच भइ रहेकोले उनी एक्लो नै बोल्दै जान्थे । विद्यार्थीहरु मौनसंग आफ्नो आफ्नो ठाउमा बसेका छन् । मास्टरजी प्रत्येकक्षण स्फूर्तिलो देखिने र अरु अरू ठूलो बोली गरेर बोल्न लाग्छन् । बिस्तारै-बिस्तारै आफ्नो व्याख्यानमा उनी यसरी एकाग्रह बनेर बोल्न लाग्छन् मानौ उनी कुनै सभ सदमा नै भाषण गर्दैछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

मास्टरजीको व्याखान गर्ने सुन्दर कला र शैलीदेखी यता विद्यार्थीहरू मुग्ध बनेर मुखमा खुशीको हाँसो देखाउन लाग्छन्। यति वेला मास्टरजीका आँखा एक पल्ट छेउँमै बसेका हेडमास्टर र सेक्रेटरीलाई पनि टटोल्न पुग्छन्...–दुवैजना आपसमा हेराहेर गरिरहेका हुन्छन्। मास्टरजी भित्रै अनुभव गर्छन् यो उनको सफलताको परिचय हो। तर आफ्नो भित्रको खुशी बाहिर ननिस्कियोस्, उनी आफूलाई सकेसम्म गम्भीर देखाउन लाग्छन्। गोजीबाट सानो रूमाल झिकेर घाँटी वरिपरिको पसिना पुछ्ने गर्छन्। उनको हातमा समातिएको लठीलाई वायाँ तिघ्रोको अडेसमा उभ्याएर रूमालले कैले हात र कैले मुख पुछ्न लाग्छन। तर यतिकैमा अचानकै उनको तिघ्रोमा अढाइएको लठी फुस्किएर भुइमा तेर्सिन पुग्छ– यसले गर्दा मास्टरजीको शरीर एकपल नराम्रो संग लरबरिन्छ। तर उनी छिटै लठी भईबाट उठाएर केही भएकै होइन जस्तो देखाउन लाग्छन्। तर यस दृश्यले क्लास भित्रका विद्यार्थीहरू आपसमा खासखुस गर्ने र कोही हाँस्न पनि लाग्छन्। तर मास्टरजी तुरून्तै विद्यार्थीहरुलाई शान्त गराउँछन्। त्यस पछि अलिक संकोचको साथ हेडमास्टर र सेक्रेटरी वसे तिर हेर्छन्– – –तर त्यहाँ दुवैजनाको रित्तो कुर्सी मात्र उनलाई देखाइदिन्छ। उनी ती रित्ता कुर्सी तिर हेरेको हेरेकै हुन्छन्– – –यतिकैमा स्कूलको घंटीको आबाज सुनाई दिन्छ।

एउटा हातले लठी टेक्दै मास्टर तारा क्लास रुमबाट बाहिर निस्कन्छन्। उनको वायाँ खुट्टो अर्को भन्दा शेष छोटो थियो। तर गौर गरेर हेर्दा मात्र उनको हिडाईमा खोट देखाईदिन्थ्यो। लठ्ठाको

CC-0. In Public Domain. Digitization by eGangotri

आढमा उनी अरू सरह नै राम्ररी हिड़न सक्ने हुन्थे । क्लास रूमबाट निस्केर उनी सिधै हेडमास्टरको आफिशतिर लाग्छन् । यति बेला उनको दिमागमा एउटै कुरो खेल्दैथ्यो त्यो केहि पहिले लिइएको आफ्नो परीक्षाको रिजल्ट सुन्नमा । यद्यपि उनको जीवनमा यो नै पैलो परीक्षा थिएन तथापि यसको सफलतासंग उनको अरू धेरै कुरा पनि जोडिएको थियो ।

हेडमास्टको आफिसभित्र प्रवेश गर्न लाग्दा ऊनी आफूमा भयको अनुभव गर्दछन् । आफूले पाउने सफलतामा उनलाई शंका त थिएन तर यो रिजल्ट सुन्ने ऊत्सुकतामा मिश्रित भय हो भन्ने कुरा उनी आफैलाई संझाउँछन । जे होस अब उनी स्कूल आफिसमा दाखिल भैसकेका छन् - - - स्कूलका सेक्रेटरी र हेडमास्टर कागजको मूठो हातमा च्यायेर ऊनैलाई त्यहाँ कुरिरहेका हुन्छन । हेडमास्टर साहेब तारालाई आफू अगाडिको कुर्सीमा वस्ने इशारा गर्छन् । तारा कुर्सीमा वसेका मात्र थिए सेक्रेटरी महोदय विनम्र बोलीमा तारालाई सुनाउन लाग्छन – "दुःख साथ भन्नु पर्दछ हामी तपाईँलाई स्कूलमा नियुक्त गर्न असमर्थ छौ - - - ।"

नसोचिएको यो रिजल्ट ताराको लागि वज्रघात वन्यो । ऊनी त्यहाँ य[illegible] देख्न लागे ऊनले आजसम्म बोकदै हिडेको सवै आशा ऐले उनकै अगाडि चूरचूर भएर फुटन लागेकोछ । तर उनले आफ्ना आँखा सेक्रेटरीको बोलिरहेको मुख पटि यसरी टाँसेको थियो मानो ऐले ऊनले सुनेको कुरा सवै भूट थियो - - - साचो रिजल्ट सुन्न बाकी नै छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सेक्रेटरी महोदय ऊस्तै विनम्र बोलीमा अरु अगाडि सुनाउँद जान्छन—"तपाई जस्तो सुयोग्य शिक्षकलाई स्कूलमा नियुक्त गर्न नसक्दा हामीलाइ पनि घेरै घेरै दुःख लागेकोछ - - ।"

तारा आफ्नो मित्र ऊम्लन लागेको असहय आवेशमा हातको लठीलाई भूईमा जोरले उठाऊँदै कराऊँछन्—"फेरि कुन कुराले मेरो नियुक्ति रोकियो ?"

सेक्रेटरी महोदयलाई ताराको यस्तो व्यवहार राम्रो लागेन। ऊनलाई लाग्यो स्कूलभित्र पालन गर्नु पर्ने अनुशासनको विपरीतको ऊनको यो व्यवहार छ। सेक्रेटरी महोदय बसेको कुर्सीबाट ऊठ्दै क्रोधमिश्रित बोलीमा बोले—"लंगडालाई हामी आफ्नो स्कूलमा राख्न चाहदैनौं।"

यसपल्ट तारा अक्मकिए - - - उनको मुख एकाएक रोकियो छिनभरपँलेको। आफूभित्रको आवेश र ऊत्तेजना पनि बिस्तारै हट्न लागेको ऊनी अनुभव गर्दछन् । ऊनलाई यस्तो लाग्छ अरु अगाडि त्यहाँ भन्ने ऊनी संग अब कुनै कुरा छैन ।

तिरस्कृत व्यक्तिको समान स्कूल आफिश बाट ऊनी निस्कन्छन् । यति वेला अरु कुरा भन्दा पनि त्यो स्कूल, त्यहाँका सबैको नजरबाट नै आफूलाई लुकाऊने एउटै व्याकुलतामा ऊनी स्कूल मैदानलाई छिटो छिटो पार गर्न लाग्छन् । उनलाइ यस्तो लाग्छ ऊनी त्यो स्कूलबाट मात्र होइन सबै मान्छेको नजरबाट नै भाग्दै टाढा गएर कही लुक्न चाहन्छन । ऊनी त्यो स्कूल र त्यसको वरिपरि फैलिएर बसेको त्यो सानो बजारबाट निस्किएर वेसुग्ले अगाडि

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि भाग्न लाग्छन। तर ऊनलाई साहारा दिदै ऊनीं संग-संगै भागिरहेको ऊनको हातमा समातिएको लठी एऊटा ढुङ्गोमा ठोकिए र ऊनलाई भाग्नबाट रोक्छ। ऊनको हातको त्यो लठी ऊनको जीवनको अभिन्न मित्र जस्तै छ .... कैले कुनै विरोधको बिना ऊनलाई डो-याऊने एऊटा यस्तै साथी समान। तर यतिवेला एकाएक ऊनको बाटो छेकेर मानो ऊनलाई होशियार गराऊँदै-छ –....– ।

आफू हिंडिरहेको बाटोमा टक्क रोकिएर तारा एकपल्ट आफैलाई सोद्धछन ऊ यसरी कहाँ गइरहेको छ ? –... तर धेरै पछि पनि उनी कुनै ढुङ्गोमा पुग्दैनन। अलमलिएको जस्तो बनेर एकपल्ट चारैतिर हेर्छन।

निकै बेर पछि आफूले समाति राखेको लठीलाई नै भूईमा एकपल्ट जोरले ठटाउँदै ऊनी भन्दछन –म स्कूलमा पाऊदिन भने मेरो अगाडि अरू पनि ऊपाय छन।

अरू पनि ...... त्यो के ? आँखा उघारेर ऊनले संसार छाम्न खोजे। पर्वत मालाको शिखरमा फैलिएर बसेको त्यो सानो शहरमा जहाँ ऊनी जन्मिए, हुर्किए शिक्षा प्राप्त पनि गरे यसको वरिपरीलाई नै ऊनले आफ्नो संसारमा देखे जहाँ बसेर नै ऊनले तमाम उपाय सोच्नु ... । त्यो सानो सहरलाई नाघेर पर पर लम्म आफ्नो सारा वेगलाई नै लिएर ऊनले एकपल्ट हेर्न खोजे, तर त्यहाँ ऊनले आफ्नो त्यो शहर र त्यसको वरि परीको जगत्‌मन्दा अरू कु-

CC-0. In Public Domain. Digitization by eGangotri

नै कुराले भिन्दै रहेको देखेनन् । फेरी उनी यी पनि देखने गर्थे उनको वरि परिको त्यो सानो संसार संग उनी नजुट्ने गरेर बाँधिएका छन् । यही सानो संसारभित्र बसेर उनले एकपल्ट कसैलाई प्रेमको अंकमालमा कसे ... ... मिलेर प्रेमको गीत गाए ... ... एकदिन आग्नीको समक्ष बसेर थुप्रै मान्छेलाई साछी राख्दै एउटाले अर्कोलाई कैले नछोडने भन्ने दुर्बल प्रतिज्ञा गरे । अब त उनी साना साना बच्चा बच्चीका पनि धनी छन । यी सबै सब त्याहाँ त्यसै छोडेर ऐले उनी परेको कुरो सोच्न सक्ने पनि छैनन् ।

यस्तै अनेकौं तर्क वितर्क गर्दै तारा अगाडि अगाडि आफ्नो घर तिरको बाटोमा हिड़न लागे । उनी यो पनि अटोट गर्दै जान्थे स्कूलमा भएका कुनै पनि कुरा आफ्नी स्वास्नीलाई सुनाउने छैनन् । अरू नै कुनै कुराले स्कूलमा उनको नियुक्ति हुन सकेन यस्तै कुनै कुरा उनले स्वास्नीलाई सुनाउने छन् । एकदिन स्कूलको [illegible] बनेर आफ्नो परिवारलाई सुखी गराउने उनले आफ्नी स्वास्नी [illegible] बूढी आमालाई संधै दिदै आएका त्यो [illegible] आफ- नो आजको यो विफलताले उनको [illegible] त उनले अनुमान गरेका थिए । फेरि उनी [illegible] गर्छन र जसबाट उनले अगाध पाउँदै आए [illegible] र उनी आफै आज एकाएक [illegible] गरेर आफ्नी स्वास्नीको अगाडि पनि आफूलाई संधैको [illegible] व्यक्तिमा देखाउने हिम्मत उनमा आएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

"अरुले गर्न सक्ने काम म पनि गर्न सक्छु – – म कोहि भन्दा कुनै कुराले कम छुइन"—

तारा आफुलाई फेरि साहासले भर्दछन । उनका खुट्टा छिटो छिटो हिड्न लाग्छन । उनी भन्छन्—"म यसरी हिड्न सक्छु - - दौडन पनि सक्छु ।"— त्यलिकति दौडन्छन् ।

हातमा समातिएका लट्ठी उनी मके सम्म कसेर अठयाउँछन् "म निराशा सुनाउन घर जान्न"—उनी अर्को अठोटमा कस्सिएर बोल्छन्—"म नोकरी गर्छु—कुनै पनि—" उनी यो अठोट गरेर आफून जिनेको गाउँका मुखियाको घरतिरको बाटो पक्रन्छन् ।

एकनाटको निराशा पछि जुन विस्वासले उनी त्यहाँ गएका थिए गाउँल मुखियालाई भेटनासाथ यताउती केही नपर्खी ऊनी आफू आएको मकसद ऊनलाई सरासर सुनाऊँदे गए—'म तपाई संग नोकरी माग्न आएको म तपाइको मौजाको तहसिल ऊठाउन र अरू यस्तै जे काम छ त्यसको लागि तपाइ—कहाँ आएको यो तपाइके हातकोछ ‥ तपाई मलाइ यो नोकरी दिनोस् ‥

ताराको यस प्रकारको कुरा कानिमा पैल त गाँउले मुखियालाई विस्वास हुन सकेन । उनी अग्रेजी स्कूल कालेजमा पढ़ेकाले यस्तो काम गर्छन् भन्ने उसलाई विस्वास हुन सकेन । गाउँले मुखियाले हँसी मजाक गरेर ताराको कुरामा जबाफ दियो—"तपाई पढे लेखेकाहरू

CC-0. In Public Domain. Digitization by eGangotri

को लागि त स्कूलको मास्टरी ठाउँ छदैछ नि .. – भर्सग किन उस्सँ मजाक गर्नु हुन्छ ।"

तारा कुरालाइ धेरै लामो पार्न चाहदैं थिए स्कूलमा जे कुरा घटेका थिए यिनले सिधा किसिमले राखिदिए—"मलाई खुट्टाको कमजोर भनेर स्कूलमा राख्न मानेनन् ।"

आजका पढे लेखेका सबै कुरामा बाठा हुन्छन् – उनीहरूबाट टाढै बस्नु पर्छ भन्ने कुरा गाउँले मुखियाले जानेको थियो । उसले अब पंछीने उपाय गरेर तारालाई भन्यो—"मेरामा कुनै ठाउ खाली पनि छैन – – फेरि स्कूलमा तपाइ लाई भएन भने दौडेर तहसिल उठाउने काम तपाईबाट कसरी होला ? – – तपाईको एउटा खुट्टा – – ।"

यसको अगाडि कुरा दोहोराएर उनले फेरि केही भन्न सकेनन् —यहा पनि उनी अवाक् बन्दछन् । तारा आफ्नो हातको लट्ठीलाई अघि सार्दै त्यहाँ बाट विदा हुंन्छन् ।

"निराशाको मुख लिएर म घर फर्कन्न—" तारा आफ्नो अठोटलाई एकपल्ट फेरि दोहोर्याउने छन् । त्यहाँबाट उनी सिधै शहर तिर लाग्छन् । बजार भित्रको एउटा ठुलो पसलको चाम्ने गएर उभिन्छन् । युद्धको मोर्चामा उभिएको सिपाहीको समान पसलको साम्नै गएर उनी यसरी ऊभीन्छन् मानो त्यहाँ आफ्नो जीवनको आन्तिम फैसालाको लागि उनी खडा छन् ।

दोकानको पट्टीमा बसेको बूढो पशले साहू त्यहाँ आउने प्रत्येक

CC-0. In Public Domain. Digitization by eGangotri

लाई भन्ने वाक्य उनको अगाडि पनि दोहोराउँछ—"भन्नुस तपाई लाई के टक्रयाउँ-टक्रयाउँ!"

"म तपाई सग नोकरी माग्न आएको"— ऊनी यति सजिलो संग भन्दै गए मानो उनी पनि यसमा अभ्यासी भैसकेका छन्।

बूढो पशले तारालाइ एकपल्ट माथि देखि तल ऊनको जुत्ता सम्म हेर्छ ... आधुनिक पोशाक ..... पेन्ट कोट ......खुट्ठामा छांलाको जुत्ता लगाएको सफा सुग्घरको युवक ... ... फेरि हातमा समातिएको लट्ठीलाई पनि गौंर हेर्दछ। कुरा केहो......ऊसले बुझ्न नसकेको जस्तो गरेर सोध्छ—"तपाइलाइ कस्तो नोकरी चाहिएको हो ... ?".

"कुनै काम .. तपाइको दोकान चलाऊले .. बही लेख्ने र अरू पनि जे आइपर्छ'—तारा यो पनि भन्दै गए—"म वि. ए. पास छु .. तपाइलाइ व्यापार सम्बन्धि राम्रो सल्लाह पनि दिन सक्छु।"

बूढो पशले एकपल्ट घोरिन्छ र फेरी तारापट्टि हेरेर भन्छ:— मेरामा तपाइले मागेको कुनै काम खाली छैन।, उ फेरि ताराले लट्ठी समाति राखेको हाततिर र कैले ऊसको दुबै खुट्टोलाइ तलैसम्म गौर गरेर हेर्दछ। ऊसले सोध्यो—'तपाइको एऊटा खुट्टो नचल्ने छ के ?'

ताराले कुनै जबाफ दिएनन् ... न त फेरि अरू कुरा गरिर-

CC-0. In Public Domain. Digitization by eGangotri

हनु उनले आवश्यक देखे। उनको लागि कुनै काम छैन जहाँ कहीं उनी एउटा यही जबाफ मात्र सुन्छन्। उनी त्यो दोकान र बजार बाट भाग्दै फेरि अघिकै एकान्त ठाँउमा पुग्छन्। यति वेला उनी एउटा यही कुरा अनुभब गर्न लाग्छन् उनी एउटा खुट्टाका कमजोर भएकाले नै जही तही तिरस्कार पाउदैछन्।

एउटा सुस्ती झिकेर उनी आफैंमा कुरागर्न लाग्छन्—यदि यो जगत्मा मेरो कुनै ऊपयोगिता नभए जन्मनासाथ मलाइ किन न मारेको ? .. सबैको सरह हुर्कने शिक्षा प्राप्त गर्ने र अरू सबै मौका किन—दिइयो ? म बी. ए. पास ..तारा यसलाइ बारम्बार दोहोराउँछन् कही यो पनि उनले आफै बनाएको एउटा भ्रम मात्र नहोस् ... शिक्षाको यति ठूलो डिग्री लिने मौका पनि किन दिइयो ? ..... ऊनी ऊभिएको ऊभिएकै अरू पनि सबै ती कुरालाइ पनि हेर्न लाग्छन अरुको सरह ऊनले पनि आफू बसेको समाज र आफ्नो वरिपारिको जगत सग मोह गर्दै आएका हुन् जतिबेला ऊनलाइ कैले यस्तो कुनै सोचाइसम्म आएन। एउटा यही समाजमा उनले आफ्नो धेरै कुरा गुमाएर स्कूल कालेजको खर्चमा लगाउदै आएका हुन्।

'यहाँ म कुनै कामको लायक छुइन' — उनी कपेको हृदयबाट बोल्छन् —"म व्यर्थको मान्छे —"उनी देख्दथे एउटा ज्यूँदो मान्छेको लागी यो कति असह्य कुरा छ। एकरष्ट टाउको उठाएर

CC-0. In Public Domain. Digitization by eGangotri

पर पर सम्म हेर्छन् ..... उनलाई सबै चीज व्यर्थको देखाइ दिन्छ – प्राणहीन समान । उनलाई लाग्छ यो संसारको कुनै कुरा सग उनको कुनै मतलव छैन .. सबै व्यर्थका छन् .. यन्त्रको समान यताउती गरिरहेका कुनै यस्तै कुरा – – ।

उनलाई त्यहाँ एकपल्ट कराउने मन हुन्छ .. उनी साच्चै के कुनै कुराको लायक छैनन् ? – के स्वास्नीको लागि पनि ? – .... स्वास्नीको एकाएक संझनाले ऊनी भित्रैबाट अरू बेसरी काम्न लाग्छन् । उनलाई लाग्छ उनको स्वास्नी पनि उनलाई नालाएक देख्छिन् उनी पनि ऐलेसम्म प्रेनका निरटमात्र ऊनलाई देखाउदै आएकी छन्

अरू अगाडि ऊनी अब कुनै कुरा सोच्न नसक्ने हुन्छन् .... उनलाई चारैतिर अध्यारोमात्र देखाईदिन लाग्छ कोही उनको घाँटी निमाठदैछ .....उनको सास रोकिन लागेकोछ ।

"आत्म हत्या यही एकमात्र अब मेरो अगाडि को बाटोछ' –ऊनी दृढ सकल्प गर्न लाग्छन् । पहरोबाट हामफालेर आत्महत्या गर्ने ऊनी एकिन गरेर अगाडि अगाडि बढ्न लाग्छन् ऊनी छिटो छिटो हिडन लाग्छन् ऊनलाई बाच्ने मोह फेरि नजागोस् ऊनी छिट छिट आफ्नो अन्न गराऊन दौडन खोज्छन

तर उनले चाहे मुताबिक ऊनी दौडन सक्तैनन् वनको हातमा समातिएको लठ्ठीको साहारामा हिड्ने एउटा बुढो उनले चा

CC-0. In Public Domain. Digitization by eGangotri

हे जति दौडेर जान सक्तैनन् ... – उनको कति जुक्तिले पनि त्यो खुट्टोलाई बेसरीं दौंडाऊन सक्तैनन् ।

वारम्वार जति जुक्ति गर्दा पनि जब उनी विफल मात्रै हुन्छन् उनी त्यहाँ भन्न लाग्छन् - 'तँ साँच्चै नै अरुले देखे झैं यों जगतमा नालायक नै छस् ।' यसको साथै ऊनी क्रोधित हुन्छन् – आफ्नो त्यो खुट्टोसंग । हातको लट्ठीलाई दुबै हातले च्यापदै माथि ऊटाएर भन्छन् – 'तं नै मलाई जहाँ पनि नालायक देखाउँदै छस् .. तं मेरो शत्रु होश् .... जिन्दगी भरको शत्रु .. ।' यसको सगसंगै घडाघड त्यो पिडुलामा लट्टीका प्रहार गर्न लाग्छन । क्रोधको आवेशमा उनी लट्ठीमाथि लठ्ठी थप्दै जान्छन .... उनको पिडुला रगताम्य हुन्छ – नली हाडमाथिको चोटले असीम वेदनामा तारा कराउन लाग्छन् .. उत्तासम लठ्ठो हुत्याएर दुवै हातले पिडुलो थिच्न लाग्छन् ।

तर तुरुन्तै आफुलाई होशीयार गराउँदैं बोल्दछन् – 'म फेरि त्यसैको मोह गर्न लागे जसले सधैं मलाई नालायक मात्र देखाउदै ल्याएकोछ ।' पिडुलो समाति राखेको दुबै हात त्यहाँबाट थुत्तछन् –.. तर चोटको वेदना छिन—छिनमा बढ्दै गएको थियो । उनो असह्य वेदनाले गर्दा त्यँही लोटिन्छन् ।

तर उनो विहोशमा थिएनन् - - उनलाई थाहा हुन्थ्यो उनी लोटिए पछि त्यहाँ कोही उनको टाउको ऊठाएर उनलाइ बोलाउँथ्यो ... - ठूलो ठूलो स्वरमा बोलाउदै जान्थ्यो –.. उनको मुखमा

CC-0. In Public Domain. Digitization by eGangotri

पानी हालियो ।

एकै छिनमा त्यहाँ धेरै मान्छे बोलेको उनी सुन्छन् ... फेरि त्यहाँ कोही रोएको । रूदै क्सैले ऊनलाई अंकमाल गर्न र कैले ऊनको रगताम्य पिडुलोलाई सामात्ने गरेको ऊनी थाहा पाऊनछन् । ऊनलाई थाहा भयो त्यो रुने ऊनकी स्वास्नी थिईन् । ऊनी रूनको सग सगै भन्ने गर्थिन्—"मेरो प्राण ? मलाई एक्लै बाच्न छोडेर तपाई कहाँ जानु भयो .. तपाई बिना म एक्लै बाच्न सक्तिन ... .. तपाईलाई पाएर नै म खूशी थिए ... र सुखी पनि... ।' तारा देख्दथे उनकी स्वास्नी रगताम्य भएको ऊनको पिडुलोलाइ काखमा राखेर नरम चिजले हलुको संग पुछ्ने पनि गर्थिन् ।

त्यहाँ भेला हुने सबै तारालाइ घत्र-घत्राऊने र आँखा खोल्न भनिरहेका हुन्छन : तारा यता अनुभव गर्दछन पिडुलोको अघिको दाहा घटदै गैरहेकोछ : ऊनी आँखा ऊघारेर हेर्दछन –...– ....– त्यहाँ भेला भएका सबैलाइ एकपल्ट सरसरी संग हेर्छन् । उनलाई होशमा देखेर सबै मुखमा हाँसो लिएर उनलाई अनेकौ कुरा सोध्न लाग्छन् । उनी यो पनि देख्थे उनको पिडुलो काखमा राखेर छेउमै बसेकी उनकी स्वास्नी मुखमा मुस्कान र आँखामा आँसुका ढिका लिएर उनी पट्टि हर्षले हेर्दछन् ।

तारा होशमा आए सबैले यो देखे ... – ...तर यता तारालाई यस्तो लाग्न लाग्यो उनको यहाँ पूनर्जन्म हुदैछ ! एकपल्ट आँखा उठाएर उनी फेरि आफ्नी स्वास्नीलाई हेर्छन् – ... उनकी स्वास्नी

CC-0. In Public Domain. Digitization by eGangotri

उनको रगताम्य भएको पिडुलो काखमा राखेर चारैतिर लागेको रगत् पुछ्दै गरेकी हुन्छिन् ।

यति बेला तारालाई एकपल्ट कराएर भन्न मन लाग्यो उ पनि कोही भन्दा कुनै कुराले कम छैन ··– उ पनि कसैलाई प्यार गर्न सक्छ र प्यार पाउन पनि सक्छ । उनी अरू अरू पनि धेरै कुराहरू बुझ्न लागेको देख्छन् । उनी देख्थे उनलाई नालायक देखाएर मर्न बाध्य गराउने कोही छन् भने तिनीहरू छन् जो समाजमा अरूलाई काम र माम दिने ठेकेदार बनेका छन । उनी यो पनि देख्न लागे यहाँ काम र माम नपाउने उनी एक्लो छैनन् ··– उनी जस्तै अरू पनि सहश्र छन् जसलाई एउटा एउटा कुराको खोट र दोष लगाएर टाडा राखिएकोछ । ऊनी देख्छन् ती सबै सबै काम र माम नपाउने जति आजका समाजमा लगडा बराबर नै छन् !

उनी यसरी सोच्दा सोच्दै यति उत्तेजित हुन्छन् लठी हातले टेक्दै ज याक जुरूक उठेर कराउन लाग्छन्—अब म मर्दिन ···· म बाच्न चाहन्छु ·– अरूको सरह सधै बाच्न चाहान्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

"पर्खिरहेछु"

—सुश्री त्वया गुरुङ्ग

म पर्खिरहेछु गौरौघांटमा
लाटोको सेरोले तान बुनेको हेर्न
धेरै दिनको थकाई पछि
म सल्काइरहेछु बारीका व्यस्यौटाहरू बटुलेर
दनदनती—आगो—हुढेलो लाउने क्रम समेटेर
मझिमी दिदीको जुन्यू चेपेर
म घांट वारीबाट चिच्याई रहेछु
मलाई विना डुंगा पार गरी दिए
मेरा सामुहिक मुक्तिका लहरहरू
विस्तार—विस्तार सल्बलिने छन
अग प्रत्यंग मानो रक्त संचार हुन्छ, मध्यस्थ मैं
विश्वका टुप्पीहरू आङ्गिने गरेर
म पर्खिरहेछु । फेरि पनि त्यही किनारा मै
ये: विप्लवको कसौटी च्यापेर ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज बिरेन्द्र बिर बिक्रम शाहदेवको

२८ सौं शुभ–जन्मोत्सवको उपलक्षमा

मौसुफको सुस्वास्थको मंगलमय कामना

गर्दछौ ।

बिभिन्न प्रकारका स्टिल स्ट्क्चर, ट्स, स्टिलका झ्याल ढोका झोलुंगेपूल तथा बृहदरुपमा स्टिलका दराज, फाइलिङ० क्याविनेट पानी टंकी, हाइटेन्सन ट्रान्समिसन लाइन ट्रान्सफरमर स्टेसन, ठुलठुला भवन तथा सडक आदिमा विजुलि जडान, संभार सेनेटरी फिटिङ०स, प्लमविङ० वर्क्स, तथा रेडियो टेपरिकार्डर, रेकर्ड प्लेयर आदि मर्मत गर्नको लागि सम्पर्क राख्नु होस ।

वालाजू यन्त्रशाला (प्रा.) लि.

वालाजू औधोगिक क्षेत्र

फो नं० १३२९४, १४८३५, १४८०७ र १३३७९)

CC-0. In Public Domain. Digitization by eGangotri

वाट		श्रीविष्णु भगवान
पि० पि० छलिया		भार्फत—शेषनग
जनकपुर		क्षिर सागर
		पतालपूरी

पूज्यनीय भगवान विष्णु,

शाष्टाङ्ग दन्डवत प्रणाम,

पत्र तिमी सायद त्यस वेला पुग्नु पर्नैहो जब तिमीं रात्री को डिनर समाप्त गरी आफ्नो वेड(शेष सैया) मा आराम गरी रहेका हुने छौं। तिम्रो नाभी वाट निस्केको कमल को फूल रुपि चेयर मा बसेर ब्रम्हा तिमी लाई कुनै भारतीय फिल्मको कथा सुनाइ रहेका हुने छन। समुद्र को चिसो हावा मा तिमि एयर कन्डिसन को वखत मेरो यो पत्र तिम्रो समक्ष पुगदा तिम्रो सिर को टेम्प्रेचर ले आफ्नो ठाँउ छोडने छ। तर तिमी आफू लाई करुणावतार प्रुफ गर्न पनि आफ्नो रिस को पोको लाइ नार्मल कन्डिसन मा ल्याउने छौ र यो पत्र आफ्नो दुभाषिया (नारद) द्वारा पढाउन लाउने छौं।

अँत भन्नु के भने आज वेहान कै कुराहो मुख धोयेर भरवंर मात्र तिम्री पुजा गर्न वसेको थिए श्रीमती को व्यध्र गर्जन ले कान को जाली नै फ डन थालयो। उनी प्रचन्ड रुप मा म निर आई मला-

CC-0. In Public Domain. Digitization by eGangotri

इ भन्दै थिन, होइन ति पुजा पाठ हरू छोडनुस र जानुस काम को खोजीमा होइन भने भरे देखि मुख मा माद जाने कुनै उपाय छैन। खाना दिदैनन ति भगवान ले तपाँइ लाइ जुन वेला हेर, भगवान कै ध्यान उनकै पुजा पाठ। आखिर के दिन्छन ति भगवान ले तपाँइ लाई ?। म जस्तो आस्तिक लाइ आफ्नो नास्तिक पत्नि को मुखबाट भगवान (तिमी) प्राति यस्ता कटोर सद्द सुनेर झनक्क रीस चठेर आयो तरके गर्ने घुमिफिरी आफ्नो एरियल (टुप्पा) त फेरि श्रीमती कै हाथ माछ त्यसैले आफ्नो वोली लाइ सकभर हलुवा जस्तै नरम पारेर मैले भने, हरे ? हरे ? भगवान लाइ पनि त्यसो भन्ने हो ? पाप लाग्छ। जहा सम्म काम र माम कुरो छ मेलै ना. सु. पद को लागि जाँच (लोक सेबा आयोग को) दिएको तिमी लाँई थाहा नै छ प्रभू को मरजी भये मा चाँडै नै नोकरी मा पनि लागीं हाल्ने छु अनि त माय को दुख रहने छैन। अवत श्रीमती सक्षात भगवती कै रूप मा गर्जिन थालिन। जाँच ? जाँच ? जाँच आठ महिना भै सक्यो जाँच दिएको कहिले नोकरी हुनु हो र मात्र को दुख हटने हो छुसी जाँच।

अव तिमी नै भन म आफ्नो श्रीमती लाइ कसरी सम्झाउ कि यो मैट्रिक र इन्टर को जाँच होइन यो त लोक सेबा आयोग को जाँच हो जसको रिजल्ट जाँच भयेको पन्द्रह महिना पछि र सिफारीस रिजल्ट निस्केको नउ महिना पछि हुन्छ। खैर मैले उनलाई संझाउन

CC-0. In Public Domain. Digitization by eGangotri

सकिना भरे खाना छैन भन्न अल्टि मेटम ले केनै डेली वेजेज काम खोज्न जान मलाई वाध्य गरायो र लागे बाटो काम को खोजी मा तर अहिले बारह बजी सक्यो काम पाउने कुनै लक्षण छैन। निरास भयेर तिम्रै मन्दिर को ढ़ोका अगाडि बसेर सिमी लाइ यो पत्र लेखि रहे को छु।

तिमी त साक्षात लक्ष्मि पति। आफ्नो भक्त को यस्तो दुर्दशा देखेर के तिम्रो घुँडा वाट अलिकति पनि आँशु चुहुदैन ? लक्ष्मी(धन) को अभाव मा सधै श्रीमती को गन गन सुन्दा सुन्दा म जस्तो तिम्रो भक्त लाइ पनि तिमी सग विद्रोह गरौं हौंलु कि, जस्तो लागीं रहेछ। यो तिम्रो कस्तो कानुन होकि, जो तिम्रो भक्त छ, जो तिम्रो पुजा पाठ गर्छ उसलाइ दुइ साँझ खाने पनि व्यवस्था न होस र जो तिम्रो अस्तित्व लाई जिरो भनि गन्दछन तिनका घरका कुकुरले पनि पेलाव कै डिनर पाओस। आश्चर्य छ तिम्रो श्रीमती को प्रतिक रूपिया पनि तिनकै घरमा वढन कुहिन्छ जो तिम्रो अस्तित्व लाई मान्दैनन। छवेटै डोर छिनियेको जनइ छोयेर किरिया खान्छु, अवत किनहो किन म जस्तो तिम्रो समर्थक लाई पनि तिम्रो विश्वबास गर्न मन लाग्दैन। आफ्ना परम भक्त को लेखनी वाट यस्तो कुरा लेखिएको देखेर तिमी अवश्य पनि सरप्राइज्ड हुनै छौ तर के गर्नु जहाँ पनि वहुमत भयेको ले किन हो जगदिशहरे..। शान्ता कारं भुजगसयनम... कर्पुर गौर करुणाब्तारं जस्ता

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर ध्वनि लाई दमादरो दमा—पैसाफेको तमासा देखो—चल चल मेरे हाथी जस्ता फिल्म इलोक ले घाँटी निमोठी सकेका छन आज वद्रीनाथ गये मोक्ष पाईनछ भन्ने धारणा लाई जापान गये स्वर्ग पाईन्छ भन्ने विश्वास ले दवाये को छ । तिम्रा पुजन समारोहमा पनि लाउड स्पिकर वाट" परदेमे·रहने दो पग्दा ना उठाओ जस्ता गीत हरू ले कान फाडे को हुन्छ । अवत यहाँ सम्म पनि भइ सक्यो। कि मानिस ले तिमी लाई क्रय विक्रय पनि गर्न थालि सकेका छन । तिमी आज लाख लाख मा विकी अहेका छौ । तिमी जती प्राचीन हुन्छौ तिम्रो मुल्य मा उति नै वृद्धि हुन्छ । तिमी स्मगलिङ्ग का साघन भइसकेका छौ

यति मात्र होइन आज तिम्रो मन्दिर को वरिपरि रक्सी का वोतल हरूले शोभा वढाई रहेका छन । तिम्रा पुजारी हरू भ्रष्ट भई रहेका छन । तिम्रा चन्दन र चरणाँमृत को पनि मेल तिनु पर्छ। तिमी कमजोर भई सकेका छौं त्यसैले होला मनुष्य ले यै चोला लियेर तिम्रो लोक सम्म पुग्न मा सफलता प्राप्त गर्दछ । शृष्टि र संहार आज तिम्रो हाथ मा छ । रूस र अमिरका आज तिमी वसेको लोक लाइ पनि दुई मिनट मा ध्वस्त पार्ने अल्टिमेटम दिन सक्छन । तिम्रो कुनै पनि अस्त्र सस्त्र भन्दा आज अणुभव सक्तिसालि छ । आज को यूग लाई कलियूग भन्दैनन। योत एपोले यूग हो,

CC-0. In Public Domain. Digitization by eGangotri

लुना यूग हो। मलाई थाहा छ मैले तिमो उपर लागायेको आरोप हरू सुनेर तिम्रो मुख मुद्रा यसादेला कठोर भइ रहेको होला। तर रिसाउने काम न गर्नु, वरू एक पटक विदा दिन्छिन भने आफै आयेर यहाँ का गतिविधि हरू हेर्नु ' अनि सायद मेरा कुरा मा तिमीलाई विश्वास हुनेछ। साथै आयौ भने एकपटक आफ्नो परम भक्त (म) कहाँ आउन न विर्सनु ! चिया ले त आतिथ्य सत्कार गर्न सक्ने छैन किन कि चीनी को ब्लेक चलिरहेकोछ ता पनि अरू कुरा ले नै यथा सक्य सत्कार गर्ँला। आशा छ आफ्नो भक्त को यस तुच्छा इच्छा लाई पुरा गरौला ! अच्छा धेरै समय लियें तिम्रो दया लागे भेली देखी कुनै डेलीवेजेज कामको व्यवस्था मिलाइ दिनु अथवा ना० सु० को लागी मैले दियेको लोकसेवा जँचको रिजल्ट नै चाँडै निकाल्न लगाइदिनु। तिमीले गरे नहुने त होइन। अन्यथा श्रीमतीको कचकच त ब्रम्हाले मेरो पुरपुरोमा लेखेकै छन्। अच्छा साँझ—परि सकेछ विदा लिन्छु

—वाई वाई—

तिम्रो एकमात्र परमभक्त

"छलिया"

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले गाऊने गीत

शतोसी गिरी
"गौरादह"

हामीले गाऊने गीत
पहाडको होइन,
होइन २ लेखै फुल्ने लाली गुरासको
हामीले गाउने गीत
भोक भोकै, नाङ्गा नाङ्गै
स्कूलमा पढन आउने साना नानीहरुको
हामीले गाऊने गीत
हिमालको होइन
होइन २ ठुला २ जंगलहरूको
हामीले गाउने गीत
न्याय नपाएको वलात्कार गरीएको
न्याय खोसीएका हरूको
हुन पनि त होनी
हिमाल, पहाड़, जंगल, र गुरासहरुको
प्रसस्ती गाउने समए
हामी सँग काहा छ र

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलेत त्यो व्यताहरूको
विषयलाई, लीएर, गीत लेख्नु पर्छ
जहां वर्ष भरो कूटोको दालो गरी
उब्जाएको अन्नहरू खान पाउदैन,
जो कति राम्रा लुगाहरु सिउछन
तर उस्कै छोरा छोरी रितो आङहरू लिएर वाच्छन
अनि हाम्रा सार्की दाज्यूहरु
जो राम्रा २जुत्ता मर्मत गर्दछ
तर उस्कै छोरा छोरीहरू
जुत्ता नभएर हिउमा कठयाग्रीएका छन
त्यस्ताको पोत गीत गाउनु पर्छ, कवीता लेख्नु पर्छ,
त्यसैले हामीले गाउने गीत
पहाडको होइन लाली गुरासको होइन, हिमालको
होइन, वन, जंगलको होइन
विस्वको अग्लो टाकूरा नेपालमा छभसनेर वैलाइ थाहा छ दैछ
नेपालको पहाड, जंगल, र फूलहरू राम्रा छन भनेर
सवैले प्रसंसा गरेकै छननि
किन दोहोहियाइ रहनु पर्दछ,
त्यसैले हामीले गाउने गीत
न्याय नपाको वलात्कार गरीएको
लुटीएको खोसीएकोहरूको।
हामीले गाउने गीत

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचना

"एक चिहान" हेर्न पुग्दा

प्रकाश राज काफ्ले
सिन्धुली

वाढीले वगाएर ल्याएको चारलास देखें, एउटा अधवैंसे लाग्ने मानिस एउटा उसैको समकालिन अथवा केही घटी उमेरको जस्तो हँसिलो अनुहारको स्वास्नी मानिस र दुई अवोध वालक वालिकाको लास थियो। र चारै लास वेवारिसे थिए, तर अरु साधरणलास भन्दा फरक थिए, लाग्ने मानिसको लास अरुलास मानौ केही भन्न खोजी रहेका जस्ता देखिन्थे, लासहरु देख्ना साथ सघर्षशीलहरुको लास भनेर चिन्न सकिन्थ्यो। भाग्यको खेल भन्दै म हिडदै थिए अलि पर पुगे पछि घरले थिचेर मरेका पाँच लास देखें। यी लासहरू पनि पहिलेका झैं थिए, केही आश्चर्य मानेर हेर्न थाले र सोचन थाले …। एक्कासी झस्का लाग्यो, दुबै तिरका लास त एउटै परिवारको पो रहे छ। यो भाग्यको खेल न भएर

CC-0. In Public Domain. Digitization by eGangotri

पुजीवादले थिचेर मारेको किसान वर्ग मजदुरवर्ग र सर्वहारा वर्गका परिवार पो रहेछन्, त्यसकारणले पो रहेछ लास भइकन पनि लासवाट रगत चुहिइरहेको र रक्तवाट रक्त विज झैं विशेप धातुका मानव जस्ता आकृति निस्कि रहेका।

"एक विहान" हृदय चन्द्र सिंह द्वारा लेखिएको सामाजिक उपन्यास हो। हृदय चन्द सिंह नेपाली साहित्यका चिरपरिचित साहित्यकार हुन। "जुघां" निवन्ध लेखेर पुरास्कृत भएका हृदयचन्द्र सिंह सधैं निम्न वर्गको निम्ति साहित्य लेख्ने र प्रगतिशील साहित्यलाई वढाउने पक्षमा देखिन्छन। हृदयचन्द्र सिंहले आफ्नो धेरै जसो कृतिमा स्वास्नी मानिसलाई अवला मात्र नभइ सवला पनि बनाएका छन। हृदयचन्द सिंह नै पहिलो नेपाली साहित्कार हुन जसले एउटा युवती को मर्मस्पद कहानी प्रस्तुत गर्दै युवतीलेआर्थि अभावले सन्तानको पालनपोषण हुन नदेखेर सन्तान नहुने औषधि (कुनै पनि सन्तान हुन अगावै) खाएको चित्रण गरेका छन।

"एक विहान" उपन्यासको शिर्षकमा विभिन्न मत नभएको होइन, कोही ठीक छ भन्छन त कोही वे ठीक भन्छन कुनै पनि उपन्यासमा मुख्य ग्राह्यता नायक नायिकालाई नै दिईन्छ। यस उपन्यासमा पनि त्यस्तै गरिएको छ, यस उपन्यासको नायक शिव नारां र उसका स्वास्नी छोरा छोरी वाढीले बगाएर एक विहान भएर नै मर्दछन। पछि घर लडे र पुन नारां, हर्ष नारां, लतमाया,

CC-0. In Public Domain. Digitization by eGangotri

सिन्तली र पुतली एक चिहान भएर मर्दछन । त्यसै कारण पात्र लाई नै ग्राह्यता दिइने भएकोले शिव नारां र उसका स्वास्नी छोरा छोरीको एक चिहानलाई लक्ष गरी शिर्षक राखिएको भन्न सकिन्छ ।

सरसरती उपन्यास पढदा कही कही झर्को लाग्दछ किन भने सबै जसो पात्र र पात्रहरू यस उपन्यासका आफु नवोलेर कर्तैवाट साँचो खोलेर वोलाइएको जस्तो लाग्दछ । किनभनै यस उपन्यासका पात्र पात्राहरू यथार्थमा मात्र सिबित नभएर आदर्शोन्मुख छन। नानी थकुको कार्यहरू यथार्थ देखिन्छ । तर शिवनारांमा अशिक्षित भएर पनि शिक्षितले जाने सुनेको भन्दा धेरै जाने सुनेको झैं र प्रतेक लवजमा आदर्शको लवज पाइन्छ । शिवनाश हर्स नारां र पुन नायंका बाबु अष्टनारा पनि एउटा आदर्शोन्मुख पात्रको रूपमा खडा भएको छन ।

उपन्यासको वारेमा विभिन्न विद्वानको विभिन्न मत छ। हिन्दी उपन्यास सम्राट मुंसी प्रेम चन्दले उपन्यासलाई "मानव चरित्रमा प्रकासमा पार्नु र त्यसको रहश्य खोल्नु नै उपन्यासको मूल तत्व हो भनेका छन "त भीमनिधिले" उपन्यासकार चित्रकार पनि हो उ मसींको केवल एक रंगबाट सामाजको व्यापक चित्र उत्तारी दिन्छ ."भनेका छन । हृदयचन्द्र सिंहले यी दुवै उपन्यासको परिभाषालाई समन्बय गराएका छन यस उपन्यासमा उनोले यस

CC-0. In Public Domain. Digitization by eGangotri

उपन्यासमा नेपाली किसान वर्गको स्थिति के कस्तो छ भन्ने कुराको पर्दाफास गरेका छन ? आफ्नो परिश्रमको कमाइ आफैले उपभोग गर्न नपाउने किसान वर्ग ज्यामी वर्गको कति सम्म आदर्श हुन्छ भन्ने कुरा यस उपन्यासमा स्पष्ट गरेका छन ।

गोदत्त प्रसाद झा कु भावना लिएरआउने कस्तो उदार भावना देखाउं छन र मीठा मीठा गफले नानी थकु जस्तो सिधा साधा केटी लाई कसरी आकर्षित गर्न सक्षम हुन्छन भन्ने कुरा स्पष्ट रुपले देखाएका छन । नारी मा चेतना ल्याउनको निम्ति गोदत्त प्रसादको श्रीमती रञ्जना देवी जस्तो ससक्त पात्रा खडा गरी नारीलाई एक विसिष्ठ ठाउमा राखेरा छन । रञ्जनादेवीले नै नानी थंकुलाई यस प्रकार सझाउछिन नारी लोग्ने मानिसको भोगको निम्ति जन्मेको वा सिर्जेको जीव होइन । भनेरा तर नानीथकुको अन्धो प्रेमको भुत अगाडि नानीथंकु केही कुरा सुन्नमा पनि झर्को मान्द छे बुझ्न नसकेर । निकै समस्यहरुको जालमा झेलिएका पात्रा पात्र हुदा हुदै पनि आफ्नो आदर्शको विपरित कोही पनि जादैनन्

नेपालबाट साम्प्रदायिक भावना हटाउको निम्ति शिवनारांले पर्वते र नेवार तराइबासी र नेवारको समन्वय गराएका छन जुन आजको नेपालको निम्ति पनि त्यति नै आवश्यकता छ । उपन्यासमा चरित्र प्रधान र घटना प्रधान दुवैको समिश्रित छ ! उपन्यास-

CC-0. In Public Domain. Digitization by eGangotri

कारले दाइजो रूपमा वडो अनौठो र राष्ट्रिय प्रेमले प्रेरित भए विवाहको दाइजोको रूपमा एक जोडा चर्खा दरिय हतौडा, कुटो कोदाली, कोदालो, डल्लेको प्रयोग गरेका छन र वेहुलालाई उपहार भनि एक जोर खर्पन, एउटा डोको एउटा डालो नेपाली कुटो कोदालो एउटा खुकरी एउटा भाद गाँउले टोपी र एउटा नेपालको नक्साको पनि उपयोग गरेका छन।

यसरी प्रधान ज्यूले अस्वभाविक किसिमबाट दाइजो र उपहार दिएको जस्तो भान हुनू मखमली सपनावालहरूलाइ स्वभाविकै हो, तर त्यसबाट आजको नेपालीले पूर्ण रूपेण फाइदा उठाउन सक्दछन। एउटा गरीवको इच्छाले गरीवलाई कतिसम्म पीडा दिन सक्छ भन्ने कुरा वडो मार्मिक ढंगले लतमायाले "धनीको जीवनमा इच्छाले सुखलाई निम्तो दिन्छ तर गरीबको जिन्दगीमा त्यही इच्छाले आँखामा आँसु ढोलाउछ' भनेर स्पष्ट गरेकि छन। यति सफल किसिमबाट प्रधानज्यूले गरिवीको चित्रण गर्नु भएको जसको निम्ति सामाजिक ज्ञान प्रयाप्त मात्रामा हुनू पर्दछ।

प्रधान ज्यूले नारी जातिको उत्थानको निम्ति रञ्जनादेवी लाई खडा गरी "तिभी मेरो आफ्नो जातिको मेरोस नातार हौं नारी भएर नारीको मूल्य पहिचान्न सक नारीको महत्व वढाउन कोसीस गर" यस किसिमवाट वोलाएका छन। प्रधानज्यूले हरेक ठाँउमा

CC-0. In Public Domain. Digitization by eGangotri

जवसम्म नारीको ऊत्थान पुरुष मरह हुदैन र नारीले आफ्नो मूल्य सझंदैनन् तवसम्म समाजमा चेतनाको लहर सफल रूपमा फहराउन सक्दैन भनेर समाजलाई वाटो देखाउनु भएको छ।

उपन्यासको अन्तिममा प्रधानज्यूले "लाश भईसके पनि तिनीहरुको आङ वाट अहिले सम्म रगत चुहिई रहेको छ भनेर उपन्यास टुङग्याउनु भएको छ। "अहिलेसम्म रगत चुहिरहेकै।" भनुको अर्थ नया परिवर्तन नआईकन आर्थिक समानता नआइकन यो रगत चुहन वन्द हुने छैन भनी निर्देशन भएको छ। पूजिवादी साम्राज्य वादी, को विरोधमा कलम चलाउने प्रधान ज्यू सँधै नै सोषण रहित समाजको सिर्जना चाहनु हुन्छ। सोषण कुन किसिमवाट हुन्छ, सोषण व्यक्तिले गर्छ कि परिवेश र पूँजीले गर्दछ भन्ने कुरा वहाँ छर्लङ्ग पार्नु हुन्छ। यसरी एक चिहानले आजको समाजको पनि प्रतिनिधित्व गरी रहे छ।

CC-0. In Public Domain. Digitization by eGangotri

युवा गोष्ठी

(यस स्तंभको निम्ति सामाग्रीहरूको आव्हानछ)

तीन उदगार ।

उद्धव प्रसाद चोइटा

माटैमा पाइदछ सारा, स्वदेशको महिमा गरी
धर्तिमै पाइदछ सारा, वात्सल्य प्रेम औं सहनता
पुस्पनै खोजे पाइन्छ,

म वाल विवाहीत मध्येको हुं । हामी पति—पत्निको उमेर खास नमिल्दो छैन । हामी दुबै रेखा हौ तर एक सरल—एक वक्र । त्यसैले—

मलाई अर्कै एउटी केटिले आकर्षण गराई, जसको लागि म मर्न पनि तयार भए तर उसवाट नफरत सिवाय केही पाईन ।

केही दिनमा उसको विवाह अर्कै संग भयो, तैपनि म उसलाई हेर्दछु तर आदरको भावमा ।

श्वरथाने—जनकपुर

एउटा चरीत्रहिन व्यक्तिले रातभरो अनैतीक कार्य गर्दै दिन भरी नैतिकताको भाषण दिनु जस्तै मानीस सायद कोही यस्ता पनि ता हुदा हुन जो दिनभरी चरीत्रहिनता र अनैतिकताको अभिनय गर्दा हुन (कारण ता) तर यथार्थमा तीनीहरू भित्रका चोखा हुंदा हुन । —माधव के. सी.

CC-0. In Public Domain. Digitization by eGangotri

बेहुलम को मान्छे

— लक्ष्मण खरेल

हुस्नु आज जन बाक्लिएको झैं देखिन्छ। चिसो हावा झम्टी-झम्टी आएर शरीर लुछन खोज्दछ। मन पनि आज अलि विसन्चो भए झैं कस्तो कस्तो बोझिलो अनुभव हुन्छ। प्रायः दिनहरू आज-कल मेरो निम्ति यस्तै दिसन्चो बोकेर आउछन। हुस्सु अझै बढदै-छ। चिसो अझै बढदैछ। हात कठांग्रीएर लाटो भएकोले हत्तपत्त खल्ती भित्र घुसाछु। चियाको पसल पनि अ.जै बन्द भएको देख्ता कता कता झोक चलेर आउँछ। मन मन मुरमुरिदै अगाडि बढछु।

विसो थपिदै छ। एकहोरो संग। चिया खाने इच्छा तीव्र खीर लिदैछ। काम छुटला जस्तो शरीर घिसार्दै हुन्छु।

हिजो भन्दा आज विशेष जाडो छ। अनि विशेष हुस्सु लागेको छ। दुइ एक मान्छे फाट्ट फुट्ट लम्कि रहेका हुन्छन। हस्तारीदै। चिसो स्याट बकल्दै। "एका विहानै कता जादै होलान यिनीहरु"?

CC-0. In Public Domain. Digitization by eGangotri

मन मनै प्रश्न गर्छु । 'सायद म जस्तै ता होइनन'। अनि मामनै उत्तर दिन्छु । एउटा मोटर चिच्याउदै आउछ । अनि जान्छ । कता हो कता । मोटर हुस्सु पन्छाउदै अगाडि जान्छ बेपत्ता हुन्छ। उसको चिच्याउने आवाज पनि सुनिदैन । नजिक वरिपरिका घरहरु धमिलो अनुहारमा देखिन्छन । जाड ले मलिन भए झैं।

उसको पढन जाने वेला पनि हुन आँट्या होला सायद । एत्ता विहानै यस्ती जाडोमा । कति जाडो हुँदो होला । हिजो भेटदा "व्याहान म अर्कै बाटौ भएर जान्छु" भन्थी ; न वाटो नै अर्कै पो छ की ? विश्वास हुदा हुदै पनि शंकाहरुले जन्म लिन्छन । कोनी किन हो ? अचानक माधव आई पुग्छ । हुस्सुहरु पन्छयाउदै कता कतावाट आएको हो । सोध्न पनि मन लाग्दैन । होला कुनै फसो काम । म जस्तै वेइलमी नै छ उ पनि । जाडो छ, चिया खाउं उ भन्छ ।

ख्वै याँहा चिया राम्रो बनाउदैन होला ? मेरो शङ्कालुइच्छा को प्रत्यक्ष रुपले उल्लघा वा अपहेलना गर्दै उ आफ्नो आग्रह दोह-याँउछ । अनि मायालु स्वरमा भन्छ— हिनन भाई । खाउं

आफन्तको उदाहरण प्रस्तुत गर्दछ उ 'भाई' भनेर । अथवा माया गरे रै उ मलाई भाई भन्ने गर्छ । तातो तातो चिया पेट भित्र छचल्कीन्छन । चुरोटको लामो सर्कोले पनि धित मर्दैन । खरो

CC-0. In Public Domain. Digitization by eGangotri

चुरोटले पनि घित मर्दैन। कस्तो ज.डां। पातलो स्वेटरले नभ्याउने कोटले पनि नभ्याउने।

."चिया अझै खाउन? एक एक कप" म प्रस्ताव राख्दछु। माधव निसकोच स्विकार्छ। चिया पसले हाम्रो कुराकानी चाख लिएर सुनेर दिन्छ। अनकुत ज्ञातपूवक नियालेर हेर्दछ। चियाको गिलास रित्तिदै जान्छ। क्रमशः चिया खाइ रहेका अरु दुई एक मानिसहरू पनि हामिलाई गहिरियर हेरी राखेका हुन्छन। मानौं हामि संग चिनार्पत्रि गर्न चाहान्छन। मलाई पनि खै कुन रस लागेर हो चिनार्पत्रि गर्न मन लाग्छ। अनि शिष्टता पूर्वक सोध्छु—

"तपाईलाई चिन्न पाए वेश होला कि?" अपठेरो माने झै उत्तर दिन्छ

राम वहादुर, पू. ३ नं. ओखलढुगा, गैरीगाउँ यतैउँधी जागीर खोज्न आको पूर्णविराम हुन्छ। उपूर्णविराम भैदिन्छ। तै उपनि म जस्तै वेइलमी रहेछ। चियाको पैसा तीर्न अगीवढछु। माधवले तीरीसकेको हुन्छ। अनी हुस्सु पातलीए झैं देखिन्छ। चिसो उतिकै छ। घडी हेर्दछु नौ वजीसकेको हुन्छ। अफीस जानेहरु फाट्ट फुट्ट देखिन थालि सकेका हुन्छन। इलम वालाहरू सग वच्दै अधि वढछु। मनमन सोचिरहेकोहुन्छु। हिजो वेलुका अबेर घरपुग्दा आमाले नराम्रो गाली गर्नु भयको थियो। दाइ पनि हिजो—वेइल-

CC-0. In Public Domain. Digitization by eGangotri

मीपना को मेरो दुर्दसीप्रति कोट्याउनु हुन्थ्यो। सझन्छु-साच्चै वेइलयको मान्छे रहेंछु, अवदेखि यो चाला छोडनु प-यो क्यार। आफैमित्र नै हराइ रहेकै हुन्छु कि माधवले झस्काइदन्छ। उ भनिरहेको हुन्छ—

"भोली पिकनीक जांने हैन ? जाउन साथीहरु थुप्रै जादैछन"

'कहा जनु, पैसा एउटा पनि छैन—अर्थ अभावको स्थिति वुझाउने कोशिस गर्छु। उवुझिदिन्छ। जाडो कम भएझै लाग्छ। पहिले झै घर आइपुग्दा छुट्टिने चौबाटो सम्मआइ माधव छुटिन्छ। म घरतीर लाग्छु। नजिकै कुनै अफिसमा एघार वजेको सुचना दिइन्छ। हतार हतार घर जान्छु। जाडो कम भएको छ। हुस्सु तापनी एक छ।

निरंन्तरको फोसो सोचाई र बेमतलवको धुमाइ देखि निरन्तर धिन लागे झै कसो कसो आज पनि उस्तै भएछ—फोसो सोचाइ र वेमतलवको धुमाइ। वेइलमको मान्छे झै घर भित्र पस्न लाग्दा लाग्दथ्यो म असाध्यै नै व्यस्त जिन्दगी विताएर आउदैछु। घरमा मेरो स्वाग मुस्कुराहट पूर्वक हुनेछ।

तर भएन। विनाकामको मेरो घुमाइदेखि वाक्क भएकी मेरो आमा अर्थको वाँजो पाँजो मिलाउन व्यस्ता मेरा दाजु, सधैको जोगी झै घुम्ने आफ्नो दाजु देखि पिरोलीएका भाइवैनीहरुको अनुहारहरु देख्दा मलाइ लाग्यो – मिवेइलभको मान्छे रहेछु वाहिर हुस्सु पाँडि सकेका थियो। घामको तातोले मन अभि रुचयो हुदै आएको अनुभव हन्छ। र यसै अनुभवलाई ज्यूदै राख्ने प्रण साथ मं अफूलाई नियन्त्रण गर्ने विचार पछि ढल्कने विश्वास लिन्छु।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

साहित्य साश्वत्व सत्य हो भन्ने पक्षमा हामी पनि छौ साहित्य इश्वरीय ऐश्वर्य हो भन्ने कुराना हामी सहमत छैनौ यथार्थ भन्दा ज-यकै टाढाका साहित्य वह जनजीवनको पक्षमा नहुने साहित्य साहित्यनैहेइन ! साहित्न नारावादो हुनु हुदैन भन्ने कुरामा प्राची ले सधै जोड दिदै आएकोछ तर कसैले दु खी, सर्वहाराको वर्गको हित पक्षको साहित्य लाईनै नारावादी साहित्य भन्छन भने उसको मुखमा परालको बुझो लाउन हामी उसको अगाडि उपस्थित त हुन सक्दैनौ तर महत्व चैपट्टकै दिदैनौ ? कति मानिसहरू बुझनु नसुन्नु जनजीवनको पक्षमा लेखिएको साहित्यमा कलापक्ष नै हुदैन भन्द-छन त्यस्ता लाई त के भन्नु ।

जुन त्यसमा साहित्य देश काल परिस्थति संग सम्वध छैन भने त्यो साहित्यलाई वडा के को साहित्न भन्नु ? होइन त हाम्रा साथी हरू ●ौ त पाँचौ अंक निक्लि हाल्यो त तपांईहरुको सुमेक्षा र सहयोग पाएमा दोश्रो वर्षमा पनि भेट हुन्छ होला

जय नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

श्री ५ माहाराजा धिराज विरेन्द्र वीर विक्रम शादेवको २८. सौं शुभ जन्मोत्सवको उपलक्षमा सर्व प्रथम म महाराजाधिराजमा हार्दीक अभिवादन टक्राउछु ।

प्राची को पाँचौ अंक निकाल्नमा हामी सफल भयौ ? यसलाई रजिष्टर्ड गर्नको निम्ति हाम्रो प्रयास जारीछ सम्पादक ज्यू फागुणको अंक भव्य रूपले निकाल्न तम्सिदैछन क्या र, र मलाई पनि वेला मौकामा सचेत गराउदै छन; तसर्थ रचनाहरूको निम्ति म पनि यन्हाँहरू संग केही भनि हालु की ।

प्रेशको व्यस्तताले गर्दा कहि कहि त्रुटीं हुन गएका छन जसको निम्ति याहाँ हरुले मर्म वुझि दिनु होला ।

कुरा त बुझि हाल्नु भों ? लौ त तपाईहरुले सझनु भो भने म पनि फेरि

स्टेसनरी र स्पोर्टस को सामान
निम्ति
स्पोर्टस सेन्टर
जनक पुरधाम

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकार

वीरेन्द्र वीर विक्रम शाहदेवको

२८ सौं

शुभ-जन्मोत्सवको शुभोपलक्षमा

मौसूफ सरकार प्रति

सुस्वास्थ्य औ दीर्घायुको कामना

गर्दै

जनकपुर चुरोट कारखाना (प्रा.) लि.

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

प्राची प्रकाशनको अनुपम उपहार

आकाश

(सामाजिक उपन्यास)

निस्किदैछ ।

आनन्द प्रिन्टिङ्ग प्रेस, जनकपुरधाम

CC-0. In Public Domain. Digitization by eGangotri

गुञ्जन

92

CC-0. In Public Domain. Digitization by eGangotri

गुञ्जनको स्वर

नेपाली भाषाले भारतको अष्टम अनुसूचीमा मान्य नपाएसम्म हाम्रो छातीको भार हट्नेछैन, हाम्रो बाँच्नु जीवन रहनेछैन—हामी मुर्दा हुनेछौं ।

नेपाली साहित्यिक पत्रिका र हाम्रो अस्तित्व

नेपाली भाषालाई संविधानको अष्टम अनुसूचीमा अन्तर्भुक्त गरा संघर्ष गर्न सक्नुहुन्न भने नेपाली साहित्यका पत्रिकाहरू पढ्नो किन्नोस् ! प्रत्येक नेपालीको हात हातमा रहोस् !! दार्जीलिङका दियो दीयो, अस्तित्व, खोजी, पछ्यौरी, पुल्ठो, सुनदहको अभियान र जूनको कालिम्पोङको चोबन्दी, आसामको बिन्दु, मादल, युगरेखा, कलकत्ता चौतारा । वाराणसी, बंबई, दिल्ली, शिमल, देहरादून, पटना पत्र-पत्रिकाहरू झिकाउनोस् !

—गुञ्जनको आह्वा

सम्पर्क-सूत्र

गुञ्जन-प्रकाशन

तीनधारे

'गुञ्जन' को निति

सम्पादन—हर्क योञ्जन र असीत राईद्वारा, प्रकाशन जे. बी. गुरुङ र मुद्रण—सागरमणि आ. दी. सगरमाथा छापाखाना, वाराणसी द्वारा ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पारसमणि प्रधान (त्रिभुवन र मदन पुरस्कार विजेता)

गुञ्जन

वर्ष—१ अंक—१

सम्पादक-द्वय

अमीत राई

हर्क योन्जन

प्रकाशक :

जे० बी० गुरुङ

सल्लाहकार :

शिवकुमार राई

व्यवस्थापक-मण्डल

मदन राई

हरभवन वस्नेत

लक्ष्मण छेत्री

विनय सुब्बा

सदस्यगण :

पी. बी. प्रधान

पी. आर. प्रधान

पेम्बा मोक्तान

एच बी. नेपाल

सी. एल. प्रसाद

सी. बी. भुजेल

फूर्वा लामा

के. के. छेत्री

दिलु छेत्री

किशोर लामा

लोकु छेत्री

सदस्यगण :

पद्मा राई

मोना योन्जन

लीला योन्जन

डी. पी. राई

सी के. मोते

एस. बी. सेवा

पी. वाइवा

जी. भण्डारी

टीकाराम गिरी

बी. बी गुरुङ

गोपाल छेत्री

प्रतिनिधि

श्री हरि प्रसाद पन्थी (काठमाडौं)

,, बुद्धदेव देवान (कलकत्ता)

,, सागरमणि आ. दी. (वाराणसी)

प्रा. लोलबहादुर छेत्री (गौहाटी)

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष—१ अंक—१

कविता-स्वर

तीनधारेबाट श्री चन्द्रलाल दुलाल
काठमाडौंबाट श्री नीर विक्रम, 'प्यासी'
" " वासु 'शशी'
" " बोगटी
" " हरिप्रसाद 'पन्थी'
खरसाङबाट " आइ. के सिंह
आसामबाट " श्यामबहादुर सुब्बा
मिरिकबाट श्रीमती कमला राई
महानदीबाट श्री गोविन्दे

कथा-स्वर

दार्जीलिङबाट श्री प्रकाश 'कोविद'
मिरिकबाट " धनवीर पुरी
तीनधारेबाट " हस्त नेपाली
दार्जीलिङबाट " सूर्यकुमार सुब्बा

मुद्रक
श्री सागरमणि आ. दी.
सगरमाथा छापाखाना
वाराणसी ।

आवरण-शिल्पी
श्री भोटु प्रधान 'डि१ इन फाइन...
गुड्डी रोड–२,
दार्जीलिङ ।

लेख-स्वर

कालिम्पोङबाट श्री पारसमणि प्र...
शिलगड़ोबाट " समीरण 'प्रियद...
" " अमर लामा 'मार्मिक...
सुनदहबाट " गणेशकुमार प्रधान
तीनधारेबाट " नरवीर लक्सम...

आलोचना-स्वर

काठमाडौंबाट श्री शिव रेग्मी

स्वतंत्र-स्वर

काठमाडौंबाट श्री प्रकाश प्रेमी

नयाँ स्वर

तीनधारेबाट श्री तुलसी शर्मा
" " दुर्गा लामा

अन्तरवार्ता-स्वर

गुञ्जनको निति असीत राईद्वारा

पत्र-स्वर

सर्वश्री पारसमणि प्र... जगत छेत्री, मोहन दुखुन, ... बस्नेत, श्रीमती लक्खी देवी सुन्...

सम्पादक-स्वर :

प्रकाशक-स्वर :

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय :—

दुइ वर्षदेखि पत्रिका निकाल्ने सल्लाह गर्दै आयौं। तर यो सल्लाह गर्फभित्र नै सीमित रह्यो—हिजोसम्म बल्ल दुइ वर्षको गर्भधारणपछि प्रसूतिबाट तंग्रेर देखा परेको छ—आज। कत्तिको तगड़ा भएको छ—त्यो त पाठकहरूले नै विचारून्। जतिसक्दो मीठा-मीठा र पुष्टिदायक भोजन त दिएका नै छौं—तथापि दुब्लो र खिनाउटे निस्के हामी स्वयंलाई हतभागी सम्झन्छौं।

यत्तिकै अनुभवले नै सत्य प्रभावित गराइरहेछ पत्रिका निकाल्न घिउ भात खाए जत्तिकै सजिलो नहुँदोरहेछ—आजको युगमा। नेपाली साहित्य संसारमा (विशेषतः दार्जीलिंगे साहित्य क्षेत्रमा) जतिकै बलियो पत्रिका भए तापनि यो अल्पायु नै हुन्छ (एकादुवेक बाहेक)—यो रोग सबैलाई नै हुन्छ अनि हुँदै पनि छ। एकातिर अर्थको चेपारोमा परे अर्कोतिर स्तरीय पत्रिकाको निम्ति उचित लेखादि पाउन नै गाह्रो पर्छ। यी दुइ कुराले हामीलाई पनि कम सताएनन्। बल्ल दुवैको समाधानपश्चात् पत्रिका तपाईंहरूमाझ आइपुगेको छ।

'गुञ्जन'—प्रकाशनार्थ तीनधारेको प्रत्येक गाउँका महानुभावबाट यथाशक्ति आर्थिक सहयोग हामीलाई मिलेको छ। आर्थिक सहयोगको निम्ति ती महानुभावलाई गुञ्जन परिवारले भविष्यमा पनि यस्तै सहयोगको आशा राख्दै धेरै धेरै धन्यवाद ज्ञापन गर्दछ।

हामीलाई रचनादि बटुल्नमा जुन अपार सहयोगको गुण हाम्रा काठमाड़ौं प्रतिनिधि श्री हरिप्रसाद पंथीले लाउनुभो वहाँप्रति 'गुञ्जन परिवार' पत्रिकामार्फत कृतज्ञता प्रकट गर्दछ।

पत्रिकालाई सुहाउँदो लेख, कविता र कथा आदि पठाएर हाम्रा लेखकहरूले जुन सहयोग दिनुभयो, त्यसको निम्ति म आभार प्रकट गर्दछु।

जतिसक्दो गुञ्जनलाई युग-सुहाउँदो पारी स्तरीय निकाल्ने चाँजो मिलाइएकोले यसलाई हामीले त्रैमासिकको रूपमा राखेका छौं। अतः हामीले सिकारू कलमलाई पनि प्रत्येक अंकमा स्थान दिने विचार राखेका छौं। अप्रकाशित रचनाहरू योग्य ठहरिए आगामी अंकमा राख्दै जानेछौं।

अन्तमा हाम्रा श्रद्धेय दाज्यु श्री भोटु प्रधानले सित्तैंमा पत्रिकाको आवरण चित्र बनाइदिएर जुन गुण हामीलाई लाउनुभो—त्यो गुञ्जन परिवारले कहिल्यै भुल्नेछैन।

जे-बी-राकड

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत अंकमा

- **अन्तरवार्ता**

चित्रकार भोटू प्रधानसंग एक भेट

- **कविता**

गुञ्जन	चन्द्रलाल गुलाल
अस्तित्वको खोज	श्रीमती कमलाराई
चार प्यासिला उद्वेग	नीर विक्रम 'प्यासी'
संधै भरि रित्तो-रित्तो	श्याम बहादुर सुब्बा
केही झीलकाहरू	आइ० के० सिंह
दन्त्यकथा भित्रको जीवनसँग	बोगटी
विधवा	हरिप्रसाद 'पन्थी'
यहाँ के के हुन्छ	तुलसी शर्मा
एक टुक्रा	गोविन्दे
हामी नेपाली	दुर्गा लामा

- **विविध**

शहर—७	पशुपति, देवपत्तन
स्व० लक्ष्मीप्रसाद देवकोटा	पारसमणि प्रधान
फूललाई चुनौती	श्रीप्रकाश 'जावेद'
यथार्थवादी नाटक	शिव रेग्मी
गुराँस फुल्ने पाखाहरू	धनवीर पुरी
हाम्रो समाज र यसको महत्व	गणेशकुमार प्रधान
साहित्य एक दृष्टिकोण	अमरलामा 'मानिक'
नेपाली भाषा र संविधानको भाषा नीति	कुमार विसिङ्ग
काकाकुलको तिर्खा	हस्तबहादुर नेपाली
'विरही' र प्रसीतको नाम	समीरण 'प्रियदर्शी'
'पराधीन'	सुर्य्यकुमार सुब्बा
यहाँको पत्र गुञ्जनको नाम	
सम्पादकीय	असीत राई

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

साहित्यमा युग-बोध

'सागर' (•त्रय मासिक पत्रिका) सम्पादनको पाँच वर्षपछि पुनः अर्को पत्रिका गुञ्जन' को सम्पादकीय लेख्नुपर्दा अन्योलएको छु। पत्रिका सम्पादन र प्रकाशन दुवैको उत्तरदायित्व गंभीर समस्यापूर्ण बन्दै गइरहेको छ। गुलशन नन्दा र सस्तो हिन्दी सिनेमा साहित्यमा चुर्लुम्म डुबेर क्षणिक मनोरञ्जनलाई जीवनको सत्व संझने युगबोधहीन पाठकवर्ग छ—एकातिर। अर्कोतिर छन्-एक मुट्ठी बुद्धिजीवी अपवादस्वरूप भएर साहित्यको अस्तित्व सुरक्षामा धर्म-संकष्ट भोगिरहेका छन्। यी सबभन्दा पर अझ अर्को समाज छ—जसको जीवन दुइ साँझ-बिहानको गाँस र बासकै संघर्षमा सीमित छ। यस विकट स्थितिमा पत्र-पत्रिकाको उत्तरदायित्व के हुनुपर्छ-विचारणीय छ। 'गुञ्जन' लाई आधुनिक युगबोधक साहित्यिक प्रकाशन तुल्याउने हाम्रो अभियानले यसै पक्षलाई प्रश्रय दिएर अघि बढ्न खोजेको छ। साहित्य र साहित्य सृजना पाठकको निति कहिले नभएर साहित्य निमित्त भएर पाठक बनेका छन्। साहित्यको अस्तित्वमा पाठक बाँचेका छन्।

हामी बाँचेर जीवनलाई भोग्छौं, हाम्रा अनुभूतिको सम्पूर्णतालाई भाषामा अभिव्यक्त गर्छौं-गर्ने प्रयास गर्छौं। जीवनको सम्पूर्णता र विस्तृत अनुभूति आफ्ना अभिव्यक्तिमा दिने प्रयासमा साहित्यको धारा बहिरहेको छ। साहित्यको स्रोत र मुहान हो—जीवन। तर आजको सभ्यतालाई भोग्ने मानिसको जीवनगत आस्था, विश्वास, प्रेम चुँडिदै गइरहेका छन्, यद्यपि मान्छेले जीवनलाई पिछा छाड्न सक्दैनन्। आजको यो अणु-परमाणुको युग, जुन जटिल, भयावह र समस्यापूर्ण छ—यसैलाई केन्द्र बनाएर विश्लेषण गरेर, प्रश्न खोजेर, गाली गरेर, आक्रोश र विद्रोह व्यक्त गरेर संत्रस्त, भयभीत बन्दै, असंतुष्टि, विरक्तिमा साहित्य सृजना भइरहेको छ। यसर्थ नै इन्द्र राई लेख्नुहुन्छ— "साहित्य जीवनको निति हो। जीवन पूजनीय छ।"

युग परिवर्तन, जीवन अनुरूप युगबोधअनुसार साहित्य लेखनको 'टेक्निक' शैली, प्रतीक र प्रयोगमा परिवर्तन देखा पर्दै जान्छ। आजको चन्द्रअभियानको

CC-0. In Public Domain. Digitization by eGangotri

युगमा चन्द्रमालाई सुन्दरीको प्रतीक मान्दैन। साहित्य लेखन ईमान्दारी अभिव्यक्ति र सत्यलाई कुल्चन सक्तिन्न। वर्तमान जीवन-दृष्टि, जीवनबोध, विचार, कल्पना र चिन्तन नै शायद वर्तमान साहित्यको दृष्टि हुन सक्छ। मान्छेले भोगेका जीवनगत, मानसिक, शारीरिक, भौतिक, वैज्ञानिक, नैतिक र सामाजिक अनुभव नै साहित्य बन्छन्। यसर्थ हडसन भन्छन्— "What a man writes will be modified by what he believes and having got so far...."

यही युगबोधको सत्यलाई नीत्सेले स्वीकार गर्छन्—"ईश्वरको मृत्यु भइसक्यो। मान्छे एकलो छ अब।" यता इलियट धरतीलाई "बाँझी भूमि" देख्छन् र खोक्रो मान्छे पाउँछन्। भन्छन्—"क्लिष्ट हुन अनिवार्य छ। हाम्रो सभ्यताले एउटा वैचित्र्य र जटिलता बुझेको छ अनि यो वैचित्र्यले र जटिलताले परिष्कृत संवेदनालाई प्रभाव पार्दा त्यसको प्रतिफल जटिल हुन पुग्छ।"

"भविता र शून्यता" (Being and nothingness) लिएर सार्त्र जन्मन्छन्। कामू जीवनमा 'विसंगति' भोग्छन्।

अब अभिव्यक्तिमा प्रतीकले प्राधान्यता पाउँछ। आधुनिकताका अर्का अग्रज एज्रा पाउण्ड भन्छन्—"It is better to present one image in a life time than to produce voluminous works." नेपाली साहित्यका प्रतिनिधि आधुनिक कवि मोहन कोइराला—"छन्दले उन्नाईसौं शताब्दीमा आफ्नो युग बिताइसके। अनि····बीसौं शताब्दीको प्रतीकमा गद्य कविता काँचको भित्ताको दुइतिर यथार्थ भावनाको प्रतिरूपमा साक्षात्कार भएको छ। यसविना कविता अधूरो रहन्छ"। को पक्षमा हुनुहुन्छ।

यसरी युगबोध सचेत साहित्यकार आक्रोश, विरोध, विद्रोह बोकेर देखा पर्न थाल्छन्। Houl and other Poems (गिन्सवर्ग), On the road (ज्याक केरोक) भएर १९५६-५७ मा बिटनीक साहित्य उग्र रूपमा उठ्छ। केरोक भन्छ—"बिटको अर्थ स्वर्गिक रूप हो। तिमीलाई जे लेख्न मन छ लेख भित्री मनबाट।" बुरोंज लेख्छ—"लेखकलाई पुरा : शब्द पंक्तिले पुरानै बाटामा प्रविष्ट गराउँछन्। आफ्नो बाटो आफै बनाउनुपर्छ।"

"भाइ, वर्तमान लेखक जम्मैलाई रिजेक्ट गर्नुहोस् र आफ्नै पद्धति निर्माण गर्ने घठोट गर्नुहोस्। अरूभन्दा बेग्लै लेख्न नसके के लेख्नु ?····भित्ता फोरेर अभिव्यक्तिको बाटो खोल्ने युक्ति गर्नुपर्छ।" साहित्यमा 'तेस्रो आयाम' खोज्ने अभियानका अगुवा इन्द्र राईले १९६२ सालतिर एक व्यक्तिगत पत्रमा लेख्नुहुन्छ-मन [दु···]

CC-0. In Public Domain. Digitization by eGangotri

आयामिकताको उद्‌घोषण गर्नुहुन्छ—"......"युगबोध प्रशस्त मान्दैनौं, सम्पूर्णको अन्वेषण छ। विचारहरू आभासमा पुगेर अनुभूति नै बन्छन्। यो अनुभूति मिथ, इमेज र एम्बिगिटीजले लेखिन्छ।"

"हंग्रियलिज्मको अर्थ हो-सत्यवाद! ट्रुइज्म छाड़ेर अब अरू कुनै इज्म छैन।...."हंग्री कविता "स्ट्रेट फरवर्ड" एकदम सोझो कविता हो।" सुबिमल बसाक बंगला साहित्यको गंभीरतामाथि विस्फोटन गर्छ—यसरी।

"दिगम्बर-कवुलु" (कविता संकलन) लिएर ६ जना दिगम्बर कविहरू विद्रोह गरेर उठ्छन्—"बाँच भएको प्रत्येक व्यक्तिको अस्तित्वलाई अक्षुण्ण बनाएर राख्नको निति, उसको भित्र लुकेको छटपटी, असंतुष्टि, अभिव्यक्त गरेर नयाँ उत्साह उमार्नु हाम्रो लक्ष्य हो—मान्छेलाई अश्लीलता, कुण्ठा र अपराध विकृतिबाट पर पन्छाउनु हाम्रो ध्येय हो।"

अकथा, अकविताले स्वीकृति पाइसकेको छ। साहित्य-सृजनमा कुनै नियम, अनुशासन र फार्मुला पालन गर्नुपर्ने छैन। पूर्वाग्रह पैलाउनुपर्छ—छैन। हामी स्वतंत्र छौं। आधुनिकताको ठूलो वरदान यो छ। तर जीवनको सुख छैन। विचार मात्र भए साहित्यको स्रोत सुक्दैन।

चित्रकार, साहित्यकारहरू 'अमूर्त' बन्दै गइरहेका छन् तर सिनेमाका पर्दा रुङ्ने दर्शक, दन्त्यकथाका श्रोता र लाल-होराका पाठकवर्गको 'मूर्त' रूप दिने प्रयास कसैको भएको छैन।

—असीत राई

CC-0. In Public Domain. Digitization by eGangotri

गुञ्जन

चन्द्रलाल गुलाल

पल्लव दलमा धरणी तलमा
विश्व चराचर कुना-कुनामा
शून्य आकाशको अनन्त सतहमा
पुष्पलताको मुना-मुनामा,
व्यथित हृदयको शोणित विन्दुमा
विन्दु-विन्दुको अथाह सिन्धुमा
गुञ्जन भरपूर आफ्नै लयको
आफ्नै व्यथा र आफ्नै क्रन्दन
गुञ्जायमान जगती भिन्न-भिन्न
यस्तै प्रत्येकको आफ्नै गुञ्जन
भावुक हृदयको सुमधुर गाना
ध्रुपद रागमा सुरिलो गुञ्जन,
भग्न-हृदयको दर्द कहानी
नारा हैन दु:खको गुञ्जन,
मधुमय रसको लोलुपताले
मधुकरहरूको बेग्लै गुञ्जन
शब्द-शब्दले वाक्य, भाषाभित्र अर्को गुञ्जन
गुञ्जायमान जगती भिन्न-भिन्न
यस्तै प्रत्येकको आफ्नै गुञ्जन।

कवि र दुःख

"कविको साथमा पैसा रहँदैन-दु:खको दु:खै हुन्छ।"

—लेखनाथ

CC-0. In Public Domain. Digitization by eGangotri

शहर—७

[टिप्पणी : 'स्वतंत्र-स्वर' स्तम्भअन्तर्गत यस प्रकारका प्रयोगहरूलाई छापेर लेखकका स्वतन्त्र विचारको सुरक्षा गर्ने व्यवस्था गरेका छौं। 'शहर–७' झैं अरू रचना पठाउने लेखकहरूसंग अनुरोध गर्दछौं।—सं०]

—प्रकाश प्रेमी

(कुनै पनि रचनालाई कुनै विधा वा नाम दिनु सामाभित्र थुन्नु हो। तसर्थ रचना यस्तै हुनुपर्छ भनी ठोकुवा गर्नु मूर्खता सिवाय अरू केही ठहर्दैन।

प्रस्तुत रचनालाई पनि मैले कुनै विधामा बाँधेको छैन। तपाईं यो रचनाहरूलाई कथा, कविता, उपन्यास आदि जे पनि भन्न सक्नुहुन्छ, नभन्न पनि।

शहर—१

शहर आफ्नो अनैतिक, कुरूप, भद्दा अनुहार लिएर मरेर बाँचिरहेछ र बाँचेर मरिरहेछ। थाहा छ, शहर तिम्राका नाता मात्रमा अधिसजन पाउँछ।

शहर—२

शहर विज्ञापनहरूबीच आफ्नो अनुहार हराएर मुर्कट्टा रूप धारण गरी अनुहार खोजेर हिंड़िरहेकी थिई। मैले एउटा वेश्याको अनुहार किनेर शहरलाई दिइदिएँ।

शहर—३

....

...........उ,...........मर्छ।

शहर—४

रुपियाँ गोजीमा पस्छ, निस्कन्छ। अर्को १ गतेको सपना तैरिन्छ। जागीर कस्तो-कस्तो, रण्डीको लिपस्टिक जस्तो या यो जिन्दगी नै गधाको पिठ्यूँ जस्तो!

शहर—५

एउटा नफुटाएको भाँडो, एउटा नचुहिएको भाँडो अर्थात् कुमारी!

शहर—६

बसमा पनि राजनीति चल्न थालेछ। कहिलेकहीं उदेक लाग्छ, यति सानो देशमा यति विघ्न राजनीति। अस्ति बस चढ़ेको थिएँ। कुन्नि कुनचाहिँको खुट्टाले हो मलाई पछाडि ढकेलदियो अनि त्यही अपरिचित बसबाट ओर्लंदा प्यान्टको गोजीमा हात घुसार्न थाल्यो।

शहर—७

......१......१......१......

........खोज्दैछु।

(पशुपति, देवपत्तन, काठमाडौं, नेपाल)

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तित्वको खोज-जियाइको सन्दर्भमा

श्रीमती कमला

हराइसकेको मान्छे म
समस्त हारहरूले जितिसकेको म,
(बहाना र अभिनय त गर्छु-नहराएको, नहारेको र जोउँदो
जित्दै आएको थिएँ-मुलुक-पाखा-भित्ताहरू,
चोइटाउँदै आफ्नै अस्तित्व—अहिले लाग्छ ।
सम्झन्थें—जितेको मुलुक राजालाई—घरेड़ी मेरो,
एउटा मीठो सपना—आफ्नो घरबारीको !
तर हेर, म भन्न पाउँदिनँ—
एक मुठी माटो उठाएर—'यो मेरो हो' !
पाखा-भित्तातिर मेरा सन्तानका चिहानहरू पुरें—
लाग्थ्यो—यो धरती मेरो, मेरा सन्तान शहीद भई बाँच्छन्
तर हेर,—ती सब त लावारिस लाश रहेछन्—भएछन् ।
चिहानमाथि मौलाएको गाछ पनि अब त
बिरानो नजरले अविश्वास फुल्छन् ।
हो, म मर्दै आएको छु र मारिंदै नै (मार्दै पनि)
तैपनि एउटा रमाइलो सपना थियो—
'मरेर पनि बाँच्छ' को आस्था थियो,
'केही त मेरो होला'—को मीठो स्त्वार्थं पनि थियो,—
मेरो घर, मेरो मन, मेरो बोली, मेरो आत्मा र जीवन ।
तर सब सब मसितै नै मर्दै र मारिंदै आएछ—
मेरो आस्थासितै हरेकपल्ट चोइटिंदै आएछ—
'मरेर बाँच्छ'—को विश्वासले धोका दिएछ ।
मेरो रगत—क्षयरोगीको उल्टी भएछ !
मेरो आँसु—नालीको गन्धे पानी बनेछ ।
मेरो पसीना—केवल गन्हाउने काखी भएछ ।
मेरो जीवन—एउटा लावारिस लाश भएछ ।

—मिरि

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरवार्ता—

चित्रकार भोटु प्रधानसंग एक भेट—

साझा पुस्तक प्रकाशनमा धर्म बस्नेतजो, भाइ मनबहादुर मुखिया र अर्जुनप्रसादसंग छुट्टिएर बजारको भीड़ हुँदै आर. एन. सिंह पथमा ओह्लालिएपछि गुड्डा रोड पुग्छु। यहाँ दश—बाह्र कदम हिँड़ेपछि हलका पहेंलो बिल्डिङ्गको मूल ढोका ढकढकाउन पुग्छु।

. ढोका खोलिएपछि आमा-बालाई नमस्ते गर्दै आमाको अनुसरण गर्न लाग्छु।

'नमस्कार दाजु!'

साधारण उचाइ, छरितो शरीर, गोरो अनुहार, आँखामा चश्मा र केही छड्के पारेर पछिल्तिर सर्लक्क कपाल फर्काएको काठको काममा व्यस्त व्यक्तिलाई म नमस्ते गर्छु।

"अहो भाइ! आउनोस्न! बस्नोस्!" झस्काइसंगै पछि फर्केर उहाँ बोल्नुहुन्छ।

दार्जीलिङका प्रमुख आधुनिक कलाकार श्री भोटु प्रधानको कलात्मक परिचय नपाउने कमै होलान्। दार्जीलिङबाट प्रकाशित हुने ७५ प्रतिशत पुस्तक र पत्रिकामा यहाँकै कला मुखरित भएर आवरण-पृष्ठ सजेका हुन्छन्। काठमाडौंका रायल नेपाल एकाडेमीद्वारा प्रकाशित पुस्तक र 'रूपरेखा' (विशिष्ट साहित्यिक पत्रिका) सम्मले पनि यहाँको कलालाई सम्मान गरेका छन्। वहाँका कथा र लेख स्थानीय पत्र-पत्रिकातिर छापिएका छन्। 'स्कूल मास्टर' कथा हिन्दीमा अनुवाद भई "दैनिक विश्वमित्र"मा छापिएको पनि छ।

पलङ्छेउ टेबलको एकापट्टि चौकीमा म बस्छु।

झर्लतै छरिएका काठहरु संगाल्दै उहाँ भन्नुहुन्छ—"भाइको आउने कुरा त भोलि होइन?"

CC-0. In Public Domain. Digitization by eGangotri

('गुञ्जन'को आवरण-चित्र र परिचयात्मक अन्तरवार्ताको निमि... दुइ—तीन पत्र लेखिसकेको थिएँ।)

म स्पष्टीकरण दिन्छु—"शिलगड़ी जाने विचार स्थगित राखेर यता... आज। भोलि फर्कन्छु।"

पलङमा बसेपछि कभर-डिजाइनहरूको राशभित्र खोतल्दै भोटु दाजुले... हुन्छ—"भाइको 'गुञ्जन' को डिजाइन तयार गर्दै थिएँ।"

तयार भइसकेका र तयार हुन लागेका एक-एक डिजाइन म हेर्दै जान्छु... श्री प्रकाश 'कोविद'को देवता, टिस्टा र रंगीत, मनबहादुर मु... "पछ्यौरीमा लागेको दाग" वीरबहादुर लकान्द्रीको "जार-एक सम्झौता"... आलेको "प्रतिबिम्ब।"

परिचयात्मक अन्तरवार्ताको निंति दाजुको स्वीकृति लिएपछि म... तयार पारेका विशेष प्रश्नहरूबाट पहिलो प्रश्न प्रस्तुत गर्छु—"दाजुको... जन्मको नाउँ र विवाह ?"

"मेरो जन्मको नाउँ हो रामनारायण प्रधान। १९२५ हो जन्म... र तारीख नराखे पनि हुन्छ होला। विवाह त हालैमा भएको हो। भा... नाउँ हो निर्मला प्रधान, सुके पोखरीकी हो।" दाजुले केही अप्ठ्यारो... बोल्नुहुन्छ। म प्रश्नोत्तर मस्तिष्कमै 'टेप' गरेर महत्वपूर्ण कुराहरू नोट ग...

नेपाली साहित्यका विशिष्ट साहित्यकार श्री राजनारायण प्रधान... भाइ हुनाले पारिवारिक परिचयको निंति जिज्ञासा प्रकट गर्छु।

"भाई" परिवारको परिचय र नाउँहरू नराखुँ होला। अरूले अह... लगाउलान्। हगि!....." भन्नुभएपछि म अरू कर नगरी अर्को प्रश्न उभ्याउँ... महत्वपूर्ण प्रश्न—"तपाईंमा चित्रकलाको क्षेत्रमा झुकाव कसरी भयो?"

"अँ, भाइ, यो चित्रकलामा त मेरो सानैदेखि रुचि थियो। ... कोथें। स्कूल पढ़दा यो रुचि अझ बढ़ेर गयो। त्यस वेला इस्टर्न हिमाल... एक्जीबिशन कमिटीले समय-समयमा आयोजना गरेका आर्ट एक्जीबिशन... पनि भाग लिन्थें। एम. सेन, डो. डगलसहरूले यस... व्यवस्था गर्... यसबाट झन् प्रोत्साहन पाएँ। अहिलेका प्रकाश 'कोविद', घन... मेरा सहपाठीहरू हुन्। हामी सेन्ट रोबर्ट्स्मा पढ्थ्यौं। श्री बी. आर. गु... गुरु हुनुहुन्छ, उहाँसंग म सिक्थें। उहाँले नै मलाई 'गाइड' गरेर ... गुरु मणिकुमार राई, लैनसिंह बांगदेलले मलाई धेरै सल्लाह र सुझाव... हुन्थ्यो। फाइन आर्टपट्टि जाने बांगदेलकै सल्लाह हो। आमा-बाससंग... परिचय हुनाले उहाँसंग घनिष्ठता थियो। उहाँबाट धेरै लिन सकिनँ...

CC-0. In Public Domain. Digitization by eGangotri

मैले कलकत्तामा आर्ट कलेज ज्वाइन गर्दा उहाँ विदेश हिँडिहाल्नुभयो। कलकत्तामा १९५१ देखि १९५६ सम्म मैले पाँच वर्ष अध्ययन गरें ''

"कला अध्ययन र साधनामा कतिसम्म सुयोग र सुविधा पाउनुभयो ?" मेरो प्रश्नसंगै दाजु राजनारायण प्रधान कोठामा पस्नुहुन्छ। हामी केही क्षण यता-उताका अरू कुरामा भुलिन्छौं। पत्र-पत्रिका, साहित्य। 'मालिंगो' पुनः प्रकाशन गर्ने कुरा गर्नुहुन्छ। म उत्साह र उत्सुकता प्रकट गर्छु। नेपाली कथाहरू कथाकारको परिचयसहित भाग-भाग गर्दै र उपन्यासहरू 'सिरीज'मा प्रकाशन-योजना सुनाउनुहुन्छ। राजनारायण दाइ झैं परिश्रमी र योग्य व्यक्तिबाट यो काम संभव हुनसक्ला भन्ने आशा लाग्छ।

"अध्ययनमा सुयोग र सुविधा त खोइ के पाएँ भनुँ र? भीम छात्र वृत्तिको मासिक रु० २० ले धेरै सहायता गर्‍यो। अरू यता-उता पनि लेखेको हो, भएन।" दाजु राजनारायणको प्रस्थानपछि आफ्नो प्रश्नको उत्तर पाउँछु।

"तपाईंले पाउनुभएको प्रमाणपत्र र पुरस्कारहरू नि ?"

प्रमाण-पत्र ? कस्तो डिप्लोमा ? त्यो त त्यही—डिप इन फाइन आर्ट त हो। खोइ, त्यस्ता पुरस्कारहरू केही पाइएन। कलकत्तामा एउटा चित्रकला प्रदर्शनीमा "गोल्ड मेडल" पाएथें।

"कलाप्रतिको धारणा ?"

"कला जीवनको निम्त हो।'

"विशेष दक्षता र रुचि ?" म प्रश्न राख्दै जाँदैछु।

वुड वर्क, कार्भिङ (एचिङ्ग र ग्राफिक आर्ट मा पनि केही ज्ञान छ। पोर्ट्रेट त सिकेकै हो, तर गर्दिनँ। विशेष जल रंग तेल रंग प्रयोग गर्छु।

पहिलो पुस्तक वा पत्रिकाको आवरण कसको बनाउनुभएथ्यो, थाहा होला ?"

"खोइ भाइ, बिर्सें। स्कूल पढ्दा नै पारसमणि सरले भारतीको निति काम अह्राउनुहुन्थ्यो। भाइस चान्सलर बालचन्द्र शर्माको समय नेपाल रायल एकाडमीको पुस्तकको आवरण पनि बनाएका छु—" भन्दै 'पन्टोगनी' ताकबाट झिकेर देखाउनुहुन्छ। मलाई लाग्छ—"डाक बंगला" पो हो कि उहाँको पहिलो आवरण चित्र ?

प्रदर्शनी कहाँ-कहाँ कति गर्नुभयो ?

कलकत्तामा त भइरहन्थे। त्यस वेला 'हिन्दुस्थान स्टचाण्डर्ड', 'स्टेट्स्म्यान', 'अमृत बजार', 'देश', 'वसुमती'मा 'एक्जीबिशनका मेरा चित्रकलाका फोटोहरू छापिन्थे। हामी पाँच जना मिलेर प्रोग्रेसिभ आर्टिस्ट ग्रुप खोलेका थियौं। तीन

CC-0. In Public Domain. Digitization by eGangotri
चारपल्ट हामीले एक्जीबिशन गऱ्यौं। हाम्रा डिपार्टमेण्टल हेड सत्येन घोष साथीहरूले मेरो पेन्टिङ मन पराउँथे, प्रशंसा गर्थे। यता दार्जीलिङमा आएर म्युनिसिपल च्याम्बरको समय-समयको चित्रकला प्रदर्शनीमा त मैले भाग लिँदै आइरहेको छु। दार्जिलिङका चिया कमानका धेरै म्यानेजरहरू र प्रदर्शनीको समयमा आउने टूरिस्टहरूले मेरो पेन्टिङ्स् किनेका छन्। श्रीमती पद्मजा नायडुले आठवटा लिनुभएको छ, शायद कलकत्ता राजभवनमा होलान्। त्यति मात्र होइन—यताका धेरै मित्रहरूमा मेरा पेन्टिङ्स् छरिएका छन्।

पेन्टिङ गर्दा जनरुचिलाई कत्तिको पालन गर्नुहुन्छ ?

जनताकै रुचिमा मात्र कलालाई कहाँ सीमित राख्न सकिन्छ? पिक्टोरियल आर्ट रुचाउने जनता छन्। जनतामा कलाप्रतिको अभिरुचि स्तर बढ़ाउन सक्नुपर्छ। कुनै वस्तुको हूबहू आकृति खिच्ने काम त फोटोग्राफले गरिहाल्छ नि ? पेन्टिङ त्यो होइन।

तपाईंको अहिलेसम्मका कृतिमध्ये महत्वपूर्ण (मास्टरपीस) कुन होला ?

त्यस्तो महत्वपूर्ण त कुनै छैन—'द रेस्ट' (The Rest) केही मन पर्छ। यसैमा 'गोल्ड मेडल' पाएको हो।

फरफर छिटोछिटो बोल्ने स्वभावका भोटु दाजु बोल्दै जानुहुन्छ। बीच-बीचमा उहाँको भाइ (दाजु राजनारायण), आमा-बा आउनुहुन्छ। आफ्नो विषयमा बोल्न (उहाँहरूको सम्मुख) दाजुलाई अप्ठ्यारो परेको देख्छु र म पनि विषय-अनुकूल प्रसंगबाहिर कुरा गर्न रुचाउँछु। चिया-खाजा खाइसकेको छु। दाजु राजनारायणले थाप्नुभएको चिया प्यालामा अझ छ। आमा-बाका स्नेहपूर्ण व्यवहारमा म श्रद्धाले झुकेको हुन्छु। मलाई ब्लाक बनाउन दिने फोटो खोजेर ल्याइ थाप्नुहुन्छ। अन्त्यमा कलेज म्यागजिनको फोटो लिएर आमा त्यहीं रोज कर गर्नुहुन्छ—"राम्रो छ हगि नानो ! योदेखि राम्रो आफ्नो अनुहार पनि हुनुपर्छ !"

"चीनियाँ जस्तो छ यो डल्लो अनुहार।" दाजु भन्नुहुन्छ। म हाँस्छु। त्यही फोटो काटेर दिनुभएपछि म नोट बुकमा च्याप्छु। 'गुञ्जन'को ब्लाक भोलि लिन आउँदा अर्को फोटो पाए दिने वचन दिनुहुन्छ। (अर्को दिन घर हुनुहुन्न—दाजु राजनारायण। आमा-बाले एल्बम, फ्रेम, दराज चारैतिर खोज्नुहुन्छ, तर पाइँदैन।)

मेरा प्रश्नहरूले मलाई अत्तलाइरहन्छ।

तपाईंले आवरण चित्रहरू आकर्षणको निति मात्र कोर्नुहुन्छ कि अर्थ बोकाउनुहुन्छ ?

CC-0. In Public Domain. Digitization by eGangotri

"त्यसो त धेरैमा अर्थ नै हुन्छ । कोही अर्थहीन पनि । तर पेन्टिङमा अर्थ त खोज्न सक्नुपर्छ । कोही यस्ता रूप र आकार हुन्छन् जसको अर्थ हुँदैन तर त्यसो भन्नु भूल हो—त्यस्तो रूप-आकार हाम्रो दृष्टिदेखि पर केही हुन पनि त सक्छ । कहीं-कहीं त पिक्टोरियल आर्ट पनि गर्नुपर्छ ।

अमूर्त कलासम्बन्धी तपाईंको विचार ?

आधुनिकताप्रति सचेत हुनाले यसैको पूजारी हुनाले मलाई अमूर्त कला मन पर्छ । तर यो पनि धेरै प्रकारको छ ।

तपाईंको चित्रकला सृजन समय ?

मूड भएको वेला जहिले पनि गर्छु । कहिले एकै दिनमा दुइ तीनवटा तयार गर्छु ।

"आफ्नो कला र कलाकार जीवनसंग कत्तिको संतुष्ट हुनुहुन्छ ?" गंभीर प्रश्न गर्छु—यो ।

प्रश्न जस्तै एक क्षण उहाँ गंभीर बन्नुहुन्छ अनि आफूलाई फुस्काउनुहुन्छ—"खोइ, संतुष्ट त के छु र ? शिक्षण क्षेत्रमा बसेको छु—थकित भएर घर आइपुग्छु । फेरि सेन्ट ट्रिजामा पार्ट टाइम गर्छु । मैले चाहेको र सोचेको जस्तो जीवन भएन । स्वतंत्र भएर केही गर्न सकिदैन । कलालाई व्यवसाय बनाएर बाँच्ने स्थिति यहाँ छैन । कलाकै क्षेत्रमा पस्न सकेको भए केही गर्न सकिने थियो । जस्तो नेपालमा राजकीय प्रज्ञा प्रतिष्ठान छ । कलाको उच्चतर अध्ययनको निंति विदेश बाहिर पनि जान सकिनँ । नेपाल सरकारद्वारा एकपल्ट चीन जाने अवसर पाएँथें—त्यस्तै स्थितिले जान सकिनँ । कलकत्तामा झैं चित्रकारहरूको रमाइलो वातावरण छैन । एक्लो छु । कहिलेकहीं गुरु मणिकुमार राई र प्रभात गांगुलीकहाँ पुग्छु । दार्जीलिङका आधुनिकताका प्रतिनिधि उहाँहरू हो । उहाँलाई हेरेर उत्साह बटुल्छु, प्रेरणा पाउँछु । केही गर्न सकेको छैन । नेपालमा झैं सुयोग, सुविधा र सरकारी सहुलियत छैन ।

• 'भविष्यको योजना' सम्बन्धी सुन्ने मेरो उत्सुकता यसरी पूरा हुन्छ—

काठमाडौंमा एकपल्ट प्रदर्शनी गर्ने विचार छ । दार्जीलिङमा एउटा आर्ट ग्यालरी हुन सके—स्थानीयसहित धेरै प्रसिद्ध कलाकारहरूको कलाले सम्मान र सुरक्षा पाउने थियो । टूरिस्टहरूको आकर्षणको केन्द्र मात्र नभएर दार्जीलिङको गौरव बन्ने थियो । यसको निंति सरकारसंग लेखापढ़ी गर्नुपर्छ । यहाँका चित्रकारहरूमा एकता र संगठन छैन । कोही आफ्नै लगनी र धुनमा छन्; कोहीमा अहं र अभिमान छ । एका-अर्कामा सम्पर्क र सम्बन्ध भए, विचारको आदान-प्रदान हुन सके राम्रो हो । संगठन वा संघ हुनै पर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

दार्जीलिङका चित्रकारहरूको संसारमा दाजु साँच्चै खिन्न र दुःखी बन्नुहुन्छ। आफ्नो कलाको एकलो, एकान्त संसारमा बाँचने साधनारत भोटु प्रधानको कोठाको चारैतिर हेर्छु। छेउमा काठ काट्ने मशीन छ, यता-उता काटिएका र सिंगा काठहरू छन्। फ्रेमहरू छन्। पलङपट्टि भित्तामा ठूलो क्यान्भसमा पेन्टिङ छ, दराज छ—दराजमा उहाँका आवश्यक सामग्रीहरू छन्। टेबलमा दुइ-तीन पुस्तक-पत्रिका, कलकत्तामा खिचेको रंगीन हाफ फोटो र दम्पतीका फोटो फ्रेममा छन्। एक कलाकारको व्यस्त जीवनको परिचायक छ—उहाँको कोठा।

उहाँका पेन्टिङहरू हेर्ने अवसर गुमाउन नचाहने म उहाँसंगै उकालो सिंढी चढेर माथिल्लो तलामा पुग्छु। टचूबलाइट र बल्बको प्रकाशमा ड्रइङ्ग रूम, कोठा-कोठामा, बाहिर उहाँको सुन्दर कलाकृतिले शोभा बढाइराखेको पाएर अवाक् बन्छु। जल रंग र तेल रंगका एक से एक सेमी एब्स्ट्र्याक्ट, एब्स्ट्र्याक्ट सम्म छन्। उहाँका पेन्टिङ्स्को आधार ल्याण्डस्केप हो कि ठान्छु। दराजभित्र-माथिका नयाँ-पुराना चित्रहरू उत्साहसाथ उहाँले देखाउनुहुन्छ। कति राख्न नभ्याएर पानीले पखालिएको कुरा सुनाउनुहुन्छ। म चुकचुकाउँछु।

यसरी एक कलाकारको जीवन र कलाभित्र साढे तीन घण्टा बाँचेर निस्कँदा मेरो विचार र कल्पना कलामै केन्द्रित हुन पुगेको पाउँछु। आफ्नो आन्तरिक उद्गार धन्यवादमा प्रकट गरेर म निस्कन्छु। माथि सड़कसम्म दाजुले साथ दिएर आउनुहुन्छ।

स्ट्रीट लाइट धपक्क बल्छ। म सोच्छु—दार्जीलिङे कलाकारहरूको संसार भोटु प्रधानले यसरी नै प्रकाशमान पारिराख्नुभएको—प्रतीक हो यो!

[गुञ्जनको निति असीत राईद्वारा]

CC-0. In Public Domain. Digitization by eGangotri

चार प्यासिला उद्वेग

—नीर विक्रम "प्यासी"—

कसरी सकूँ

जन्मन्छन् कोही मरेका कोही बूढा भैसकेका
जन्मनु अघि छन् कोही भूत बन्न गैसकेका
छर्लङ्ग सृष्टि देखेर पनि आँखाले यसरी
बालक यहाँ जन्मन्छ भन्न सकूँ म कसरी ?

मेरो निमित्त बाँकी

रित्फाए मेरो मृत्यु ता बाबु-बाजेले मरेर
ज्यूँदिनँ मेरो छ भन्ने मृत्यु भर म परेर
ती मर्दाखेरि साथको आफ्नो सिध्याई सिनित्त
जीवनै अब जीवन बाँकी छ मेरो निमित्त ।

ज्याँ जेने उसको पुरुषवेश्या प्रवृत्तिमा

म गर्छु गर्व रोगमा मेरो पुरुषवेश्याको
पुरुषवेश्या रोग हो मेरो अनन्त इच्छाको
भन् विश्व ज्यूँदा युगको सिगै धराको भागमा
बनिनँ म के पुरुषवेश्या मै मेरो रोगमा !

मेरा आँखामा

खसालिसके विश्वमा आँसु कविले पैलेका
भैसके आँसु धरामा अब विषय कैलेका
यसैले युग गाउन बाँढ्दा आजकै भाकामा
होइन आँसु आगोका झिल्का छन् मेरा आँखामा ।

—काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्व० लक्ष्मीप्रसाद देवकोटा

—पारसमणि प्रधान

स्वर्गीय लक्ष्मीप्रसाद देवकोटाका बारेमा, एक वाक्यमा भन्नु हो भने उहाँ नेपाली संसारको पाइनसक्नुका प्रतिभाशाली काव्यकार हुनुहुन्थ्यो। तर अभाग्यवश हामीले उहाँलाई समयमा चिन्न सकेनौं। यो हाम्रो दुर्भाग्य हो, यो हाम्रो अक्षम्य असावधानता र लापरवाही हो। प्रतिभा पनि देवकोटाज्यूको बहुमुखी थियो औ उहाँको बहुमुखी प्रतिभा यत्र-तत्र-सर्वत्र फिजिएको थियो। देवकोटाज्यू बहुमुखी प्रतिभाको एउटा ज्वलन्त उदाहरण हुनुहुन्थ्यो।

महाकवि लक्ष्मीप्रसाद सजिलोभन्दा सजिलो कविता कोर्न सक्नुहुन्थ्यो अनि गाह्रोमा गाह्रो। सजिलो कविता कोर्ने काम जति सजिलो हामी ठान्छौं उति छैन तर देवकोटाज्यूमा यो थियो। मुना-मदन, कुञ्जिनी र लूनी यस कुराका प्रत्यक्ष प्रमाण हुन्। 'पाप लाग्छ' भन्ने बाल-कवितामा कविजी लेख्नुहुन्छ—

नटिप्नु हेर कोपिला,
नचुँड्नु पाप लाग्दछ।
नच्यात्नु फूल नानिहो,
दया र धर्म भाग्दछ।
नछोप्नु है चरी बरी
सराप आँसु लाग्दछ।
नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ।

प्राकृतिक सौन्दर्यलाई कदापि नबिगार्ने कविको ध्येय स्तुत्य छ। कविजी कसरी केटाकेटीका मनमा उनीहरूले सजिलै बुझ्ने भाषामा प्रकृति प्रेमका भावना पसाल्न खोज्नुहुन्छ आफ्नो प्रेमपूर्ण वचनले। प्रकृतिका पूजारी हुनुहुन्थ्यो महाकवि लक्ष्मीप्रसाद देवकोटा।

गौंथलीसित आफूलाई तुलना गर्दै उहाँ स्पष्ट भाषामा भन्नुहुन्छ—

गौंथली र देवकोटाको
एउटै गुँड छ,
एउटै गुण छ।

यस सिलसिलामा करफोकमा शिक्षा-सम्मेलन हुँदा महाकविले आगेनराज श्रेष्ठको डायरीका पानामा लेखिदिनुभएका हरफहरू एउटा ऐतिहासिक तथ्य

CC-0. In Public Domain. Digitization by eGangotri

हुन गएको छ। सो पत्रिका भारतीको चौथो वर्षको पाँचौं संख्याबाट म यहाँ उद्धृत गर्छु—

श्री लक्ष्मीप्रसाद देवकोटा लेख्नुहुन्छ—

"मलाई पहाड़हरू सारै प्यारा भाई जस्ता लाग्दछन्। यिनैसँग म सासका ताल र मुटुको लय मिलाउन चाहन्छु। यहाँ केही छ जो जहाँकहीं पाइँदैन। जल सबभन्दा पहिलो कवि। पहाड़हरू सबभन्दा आदिम समाज। यिनमा उडानको भावना छ, उपयोगिताको स्वरूप। प्रकृतिका मोहनीहरू हामी पिइरहेछौं। यही मातृभूमिको दूध हो। यो दिव्य सौन्दर्य जब आफूभित्रबाट हामी बाहिर निकालेर विश्वलाई बुझाउन सकूँला, तब हामीलाई संसारले चिन्नेछ—एक दिव्य, उच्च जातिको रूपमा। हाम्रो शिक्षितावस्था शायद त्यही हो-आफू बुझ्नु राम्ररी र अर्कालाई बुझाउन सक्नु, राम्ररी। आफू बुझ्न संसारको ऐनामा हेर्नु पनि पर्दछ, तर त्यो ऐनामा आखिर देखिने या हेरिने वस्तु आफ्नै अपरिचित मुहार हो। यो संसारको बाटो हामीले घर जानुपर्दछ। घर चिन्न घर छोडूँ। तर घर नबिर्सूं। पूर्णता आफ्नै मुटुको चूलमा हुन्छ, उज्यालो यिनै पहाडी टाकुरामा पाइन्छ।"

श्री लक्ष्मीप्रसाद देवकोटाले लेख्नुभएका यो स्व-हस्तलिखित वाक्यका साथसाथै यही वाक्यलाई अंग्रेजीमा त्यही पातामा अनुवाद गरी लेख्नुभएको छ—

"To me these mountains appeal, as my brethren, the dearest. I want to breathe and beat in harmony with them. Here is something which you cannot find every where. Water is the first of poets. Mountains form the first society on earth. In them we discover the desire for flight. They are utility incarnate. We drink the beauties of Nature. They are the milk of our Mother-country. When we are in a position to communicate it to the world at large, then and then only can we claim recognition as an exalted nation, divine in ourselves. That is probably our fully educated state. When we can fully understand ourselves and make others fully understand us. To understand ourselves we must also look in the world's mirror for ourselves; but what we see there ultimately is our own face, not yet understood. Through the world, taken as a path, we reach

CC-0. In Public Domain. Digitization by eGangotri

our home. To find our homes let us leave the threshold; but let us not forget the home in our journey. Perfection is in our deepest core. The light we seek is on these very mountain peaks."

यी कुराहरू लेख्न लाग्दा उहाँलाई तीन मिनटभन्दा बढ्ता लागेन। साथै जति पनि आजभोलि उहाँ रचनाहरू लेख्नुहुन्छ, तुरन्त तिनको अंग्रेजीमा अनुवाद भएका रचनाहरू उहाँसँग पाइन्छन्।

यसैको सिलसिलामा मैले कविजीसँग प्रश्न गरें—"कविजी तपाईंले कति पुस्तकका रूपमा रचना लेख्नुभयो ?"

"असी पुस्तक।"

"के जम्मै प्रकाशित भए ?"

"त्यसमध्ये आठ मात्र।"

"अरू बाँकी तपाईंसँगै छन् ?"

"कता, कता पुगे कता।"

यस्तै प्रतिभा उहाँसँग छ।

अब काव्यकारका रूपमा लक्ष्मीप्रसाद कस्तो हुनुहुन्थ्यो सो बारे केही भनौं। काव्यकारका बारेमा केही जान्नु हो भने पहिले काव्य के हो—का बारेमा केही जान्नु आवश्यक छ। कुनै कविबाट सम्पन्न भएको कार्यको नाम हो काव्य। यसर्थ काव्यको व्याख्या बुझ्नुलाई कविको अर्थ बुझ्नपर्दछ। 'कविर्मनीषी परिभूः स्वयम्भूः भनी श्रुतिमा लेखिएको छ। 'परिभूः' अर्थात् आफ्नो अनुभूतिका क्षेत्रमा सबथोक समेट्न सक्ने औ 'स्वयम्भूः' अर्थात् आफ्नो अनुभूतिका निम्ति कसैको ऋणी नहुने। 'कविर्मनीषी परिभूः स्वयम्भूः' अर्थात् काव्य उही मनीषीको सृष्टि हो जो स्वयं सम्पूर्ण छ औ सर्वज्ञ छ। लौकिक साहित्यमा 'कवि' शब्दको अर्थ केही संकीर्ण भएको छ। विशिष्ट रमणीय शैलीमा कविता रच्ने व्यक्तिलाई 'कवि' भन्ने चलन चलेको छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविता शैली विशिष्ट छ। शैलीमा सुहाउँदा पद, वाक्य औ भाव समावेश भएको हुनुपर्दछ औ देवकोटाज्यूका शैलीमा यी कुरा प्रशस्त मात्रामा पाइन्छन्। उहाँको शब्द शक्तिको ज्ञान सागर तुल्य छ, आवमा डुबुल्की खेल्न सक्ने शक्ति अवर्णनीय छ। महाकविको नवरस-लाई कलमका चुच्चामा नचाउन सक्ने शक्ति चमत्कारपूर्ण छ। उहाँ दस घण्टा अध्ययन गरेर एक घण्टा लेख्नुहुन्थ्यो तर हामी भने शब्द थुपारेर हो-हल्ला

CC-0. In Public Domain. Digitization by eGangotri

मच्चाउनँ चाहन्छौं । दश घण्टा अध्ययन गरेको कुरा एक घण्टामा सार झिकेर लेख्न सक्नुमा महत्व छ किनभने यस्ता लेखमा चामल हुन्छ भूस होइन । काव्यकार आशुकवि स्व० लक्ष्मीप्रसाद देवकोटाज्यूका काव्यमा हामी चामल पाउँछौं, भूस होइन । यस्ता महान् काव्यकार हुनुहुन्थ्यो हाम्रा लक्ष्मीप्रसाद देवकोटा तर हामीले उहाँको गुण समयमा चिनेनौं यही छ खेद यही छ विषाद ।

—कालेबुङ

सिद्धिचरणको रचना—आफ्नो दृष्टिमा

जहिले पनि केही नयाँ कुरा दिन खोजेको छु भन्ने कुरामा सजग छु । हो; मेरा प्रारम्भिक रचनाहरूलाई नेपालीले विशेष मन पराएका छन्—र अहिले त्यसो भएन भन्ने कुरामा म पनि सहमत छु । तर यस अर्थमा मेरो साहित्यिक प्रगति नै भएको छैन भन्ने कुराचाहिँ म मान्दिनँ ।"

—सिद्धिचरण श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

सधैंभरि रित्तो-रित्तो......

—श्याम बहादुर सुब्बा (लिवाङ)

एउटा ढुंगा माळ पहरामा अल्झेको छ
पहाड़ी खोलाका शब्द-ध्वनि—पैह्लोको,
आज अस्तित्वमा गाभिएको छ ।

एउटा आकाशमा धेरै-धेरै ग्रहहरू अटाएका छन्
त्यो पैह्लोले सोहोर्नं नसकी अल्झेको ढुंगा
उसको अस्तित्वको आकाश सधैंलाई रित्तो-रित्तो छ
उसलाई भूईंचालोको डर छ ।

ढुंगा फुलेको पाखामा भाइ हिंड़दैछ
खहरेका नगरहरूमा साबल ठोकिएको छ
साबलसंगै मृत्युको मुखमा पसेको छ
छोरा ढुंगा बनाएको छ; छोरीलाई माटो तुल्याएको
यो बिहान पनि आगो सल्किएको
यो साँझ पनि आगैमा पिल्सिएको
यस रातसँग धेरै महलहरू चहारेको
जुन अझै झुण्डिरहेको ढुंगामा केन्द्रीभूत छ
उसले मारेर सोहोरेर प्रतिशोध लिन सक्छ ।

बिछ्याएर मुस्कान वेदनाभरिको छाती छ
सुताएर जातित्व उठाइएको देश छ
आमाको हत्यामा कलंकित हात छ
रोपेको जीवनमा बाँच्ने संत्रास छ
भ्रमको पोखरीमा गुराँस-चाँपको प्रतिबिम्ब छ
य........सै.......ले—
सधैंभरि रित्तो-रित्तो गह्रुंगो दिन छ
सधैं यस रेखीलाई बेटुंगे सपना भनिएको छ ।

अझै—झर्ला, थिच्ला र मिच्ला यसको हाल छ
एउटा ढुंगा माळ आकाशमा अल्झेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(लिवाङ)

छ

पुर्खाको कथा थुपारेर नपुगेको—संस्कृति
पुर्खा लाम लागेको गोरेटो गल्ली
जीवनलाई चोरबाटोबाट नचाएर पनि
ननाचेको उसको अस्तित्व
बाटो लागेका मादल घन्काउँदै
तर लक्ष्य क्षितिजमा अलमलिएको—चुँडिएर
छुरी चलेको, बिजुली चम्केको
चट्याङले हानेको दाग छ

—सायद उसको यो अभिशाप हो।

—उसैको नाथ्रीमा यो सीमाबाट आएको गंध
खुकुरीसितै इतिहास सुतेका दिनहरू
तुहाउनु हुँदैन वीरता; 'आमा ! तिमो ढुंगाकै अस्तित्व बोक'
प्रतीक लिएर चियाएको केही रित्तो क्षण
तर ——; उफ् !!!
यो पुरानो घाउको वेदना
गुप्त सुप्त सुताएर बाँचेको छ।
परार्थको निम्ति कथा भरेर स्वार्थसिद्धि
अंधकार उचालेर अंधा बनेको छ
जसले यस्तै कथा-कुराहरू बोकेको छ

—सायद समयको भूईंचालो पर्खेको छ।
एउटा चट्टानको विराट ढुंगा केही त्यान्द्रामा अल्झेको छ
जसका निश्चित निर्धारित पर्खाइ छैन—पैह्रोको;
जसको वरिपरि सधैंभरि रित्तो श्मशान खंडहर छ
त्यसै त:—

सधैंभरि यहाँ रित्तो-रित्तो गह्रुंगो दिन छ।

—पावै (आसाम)

CC-0. In Public Domain. Digitization by eGangotri

फूललाई चुनौती

—श्री प्रकाश 'कोविद'

सधैं बेलुकी चार बजे उकालो लाग्थें और राति दश बजे फर्कन्थें-होम-गार्ड ड्यूटी सकेर।

अनि,

गाउँदेखि माथि माने डाँडाको भित्तामा रातो फूल लटरम्मै फुलेको देखेको थिएँ। त्यहाँ पुग्दा मन-मनै सम्झन्थें—भरै फर्कंदा एक गुच्छा फूल टिपेर लानुपर्‍यो, मेरो बाहिरको ड्राइङ्गरूममा मज्जाले सजाउनुपर्‍यो!

तर,

फर्कंदा रात परिहाल्थ्यो, अँध्यारोमा फूल देखिँदैन थियो, त्यसैले टिपेर लाने मेरो इच्छा मर्थ्यो।

भोलि पनि,

फेरि ती फूलहरू ढकमक्क फुलिरहेकै छन्।

'आज त भरै लान्छु,' 'टिपेर मज्जाले।'

फर्कंदा परिदिन्थ्यो पानी-हुंग्रोबाट खन्याए जस्तो। फेरि रात त्यस्तै, चुक घोप्टेको जस्तो। 'आः होस्, भोलि लानुपर्‍यो' भनेर घर लाग्थें।

यसरी नै कुनै न कुनै असुल्झनीय परिस्थितिले गर्दा त्यस फूललाई टिप्न पाएको थिइनँ''समय बित्दै छ, नपर्खो''''फिन पो पर्खन्थ्यो मलाई बित्थैं, त्यसले पनि!

एक दिन, हो यो दिन बिहिवार परेको थियो।

आज घर-गाउँका बच्चाहरूले मिलेर मेरो घरमा साइ बाबाको पूजा गर्ने भरे धूमधामसितले''''आमाचाहिँले ल्याइदिइछन्—एक किलो भारुवा!

मैले बच्चाहरूलाई भनें, 'तिमीहरूलाई फूलचाहिँ म ल्याइदिउँला, खोज्नु पर्दैन तिमीहरूले।'

बच्चाहरू उफ्रे, खुशीले!

दिउँसोको दुइ मात्र बजेको थियो—अहिले।

CC-0. In Public Domain. Digitization by eGangotri

म त्यो फूल टिप्न उकालो लागें, सम्झें, "आज त मिल्यो फूल टिप्ने जोग !" फूलको बोटवेर पुगें………

……आह ! ती फूलहरूका पत्रदल जम्मै झरेर फेदमा थुप्रेका रहेछन्, ती फूलका सट्टामा त्यहाँ त मसिना मसिना बीउ दानाहरूले पो जन्म लिइसकेछन् ।

अनायासै मेरा आँखा आँसुले रसिए ।

मैले ती झरेका फूलहरूका पत्रदल टिपेर यसो हेरें …मन-मनै भनें—"फूल-हरूहो ! मलाई तिमीहरूले पर्खेनौ हो कि ? ठीकै छ, अब म भविष्यका तिमीहरू-लाई पनि पर्खिनेछैनँ, मेरा यी आँखाहरूले तिमीहरूलाई खोजेर निकालेका थिए तर अब तिमीहरूले उल्टो मलाई पो खोजेर निकाल्नुपर्ला ……सत्ते !

—दार्जीलिङ्ग ।

नयाँ स्वाद र भविष्य

आधुनिक क्षेत्रमा शैलीको उठानसम्म गर्न सकें, पुरानो कविताको धारामा एउटा नयाँ स्वादको परिवर्तन गर्नचाहिं मैले कोशिश गरेको हुँ—यसमा सफल या असफल भएँ भन्ने कुरा त भविष्यले नै बताउनेछ ।

—मोहन कोइराला ।

CC-0. In Public Domain. Digitization by eGangotri

केही झिल्काहरू

—आई० के० सिंह

(बाठो)

ए""ठूला ठूला कुरा हाँकेर
आफूलाई मात्र बाठा सम्झनेहरूहो !
एकछिन चूप लागेर त सुन
यो दुनिया—
तिमीभन्दा कति बाठो छ !!

(बेशरम)

ए....रातभरी अफिसरलाई
लाम्टा चुसाएर
बिहान चाकरी हत्याउनेहरूहो !
आफ्नो 'सर्टिफिकेट' त हेर
त्यो कति खोरण्डो छ !!

(सुन्दरी)

ए""सस्तो 'मेक-अप'मा लतपतिएर
आफैलाई सुन्दरी सम्झनेहरूहो !
आफ्नो मुख ऐनामा टँसाई त हेर
त्यो कत्ति हाँसोउठ्दो छ !!

(ख्याति)

ए""आफ्नै पंक्तिमा नअटाएर
अर्को हूलमा ख्याति खोज्नेहरूहो !
आफ्नो वरिपरि घुमेर त हेर
तिम्रो उपस्थिति कति नमिल्दो छ !!

(साधु)

ए""मुखमा राम-बगलीमा छुरा च्यापेका
साधु भनाउँदाहरूहो !
आफ्नो 'डिक्शनेरी' पल्टाएर त हेर
त्यो कति कलुषित छ !!

—रेडियो स्टेशन, खरसा

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थवादी नाटक 'यो प्रेम !' एक सिंहावलोकन

शिव रेग्मी

पश्चिमी नाट्य साहित्यमा उन्नाईसौं शताब्दीको निचोडतिर नर्वेका प्रसिद्ध यथार्थवादी नाटककार हेनरिक इब्सेनले सामाजिक यथार्थवादी नाटकमा प्रशस्त सफलता हासिल् गरे जस्तै हाम्रो नेपाली नाट्यसाहित्यको इतिहासमा पनि विक्रम सम्वत् २००२ सालमा सर्वप्रथम सामाजिक यथार्थवादी नाटकै 'मसान' लिएर देखापर्नुहुने श्री गोपालप्रसाद रिमालले यस क्षेत्रमा प्रशस्त सफलता प्राप्त गर्नुभएको छ भन्ने कुरा नेपाली साहित्यका पाठकहरूलाई अवगत नभएको कुरा होइन। हुनत, पाश्चात्य साहित्यमा हेनरिक इब्सेन बाहेक चेखव, गल्सवर्दी तथा जर्ज वर्नार्ड शा जस्ता यथार्थवादी नाटककारहरूका देनहरू भए जस्तै हाम्रो नेपाली साहित्यमा पनि श्री गोपालप्रसाद रिमाल बाहेक गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल तथा बाँसु शशी जस्ता यथार्थवादी नाटककारहरूको पनि प्रशस्त देन छ तापनि प्रस्तुत लेखको घेरा यथाथवादी नाटक 'यो प्रेम' ! सम्म मात्र सीमित भएकोले त्यसैको वरिपरिको स्थिति निहारिनेछ।

हेनरिक इब्सेनले शेक्सपियरेली स्वच्छन्दवादी नाटकभन्दा २।४ पाइला अगाडि बढेर सामाजिक समस्यालाई टिपेर यथार्थरूपमा नाटकमा जसरी पेश गरेर सफलता प्राप्त गर्न सके त्यस्तै गरी श्री गोपालप्रसाद रिमालले पनि श्री बालकृष्ण समको स्वच्छन्दवादी तथा आदर्शवादी नाटकभन्दा २।४ कदम अगाडि सरी नेपाली नाट्य साहित्यमा नयाँ देन दिनुभएको छ र आफूलाई एक उत्कृष्ट यथार्थवादी सामाजिक नाटककारको रूपमा उभ्याउनुभएको छ भन्न सजिलै सकिन्छ। इब्सेनले आफना प्रसिद्ध नाटकहरू 'पुतलीघर' र 'भूतहरू'मा जस्तै रिमालले 'मसान' र 'यो प्रेम !' नाटकहरूमा सामाजिक समस्याहरूलाई हाम्रो सामु प्रस्टयाइदिनुभएको छ तथा तिनले पूर्ण तवरले नयाँ चेतना र प्रेरणा प्रदान गर्न पनि आफूलाई पछि पारेका छैनन्। त्यसैले भन्न सकिन्छ कि रिमालजीलाई आफना नाटकमा सामजिक समस्याहरूलाई खोसेर यथार्थवादी पात्रहरूको सहायताद्वारा दर्शकहरूलाई चेतना र प्रेरणा दिएर सफलता प्राप्त गर्न उकालो परेन जति उहाँभन्दा पूर्वका नाटककारहरूलाई यसले सताएको थियो। रिमालजी नै एक यस्तो व्यक्ति हुनुहुन्छ जसले नेपाली नाट्यसाहित्यमा अझ भनूँ नेपाली साहित्यमा नै सर्वप्रथम नारी स्वतन्त्रताको समर्थकको रूपमा तथा नेपाली नारीलाई विद्रोहिनीको र संघर्षशीलाको रूपमा 'मसान मा उभ्याउन समर्थ हुनुभयो। विक्रम सम्वत् २००२ साल

CC-0. In Public Domain. Digitization by eGangotri
मा यो समाज 'मसान' जस्तो भइसक्यो त्यसैले म यो मसानमा एकछिन पनि टिक्न सक्तिनँ। यो घरमा स्वास्नीमान्छेहरूको जीउँदै दागबत्ती हुँदो रहेछ भन्ने 'मसान' की युवती जस्ता नारी पात्रहरू सिर्जना गर्न सक्नु उहाँको ठूलो महसूस्याइँ हो, ठूलो आँट हो र साथै हो ठूलो संघर्ष पनि। अनि तिनै स्त्रीपात्रहरूलाई विक्रम सम्वत् २०१५ सालमा 'यो प्रेम'। मा आएर रिमालजी गंगा र शशीको रूपमा 'प्रेम अन्धो हुन्छ' भनेर आफ्नो यौवनको नशामा राल चुहाई मौज लुट्न आउने नकच्चरा कामुक पुरुषहरूलाई मूल ढोका नै थुनेर घरमा भित्रिन नदिन सफलता प्राप्त गराउनुहुन्छ। यसैले पनि 'यो प्रेम!' नाटकलाई 'मसान'को पूर्णांकको रूपमा मान्न सकिन्छ। दुवै नाटकको अध्ययनपछि हामीले यो स्वीकार्न हिचकिचाउनुपर्नेछैन कि हरेक सामाजिक समस्यालाई वैज्ञानिक विश्लेषणद्वारा छानबीन गरी त्यसको कारण पत्ता लगाएर पाठक या दर्शकहरूलाई मार्मिक असर पार्न नाटककार रिमाल बहुतै होनहार खप्पिस हुनुहुन्छ। उहाँका पात्रहरू थोरै हुनुका साथै प्रत्येक स्त्री पात्रले स्वतन्त्र अस्तित्व बोध तथा स्वबोधको अनुभूत गर्न थाल्नु नै प्रमुख विशेषताहरूमध्ये एकमा गन्न नसकिने हुन्न। यस कुरालाई प्रमाणित गर्नको लागि हामी 'मसान' की युवती हेलेनले आफ्नु पतिको मसान जस्तो घर छोडेर गएको एवं 'यो प्रेम!' का गंगा र शशीले शेखर र सानुबाबुलाई मूल ढोकाबाट फर्काएको तथ्यलाई अघिसार्न सजिलै सक्नेछौं।

हिजोका नाटककारहरूको मुख्य विषय मानिसहरूका बाह्य क्रिया कलापको अनुकरण नाटकमा प्रस्तुत गर्नु हुन्थ्यो भने आजका नाटककारहरूको दायित्व भने यसमा सीमित नरहेर तिनै मानिसका आन्तरिक क्रियाकलाप मानसिक प्रतिक्रिया तथा उनीहरूका अचेतन मनमा रहेका व्यथाका ग्रन्थिहरूलाई विश्लेषणात्मक पाराले फोइदिएर दर्शकका सामु सफलताका साथ उतार्न सजग हुनुपरेको छ। आधुनिक नाटककारले निषिद्ध कुना-काप्चीमा रहेका अतिशय साधारण सामाजिक समस्या या कुराहरूलाई टपक्क टिपेर आफ्नो नाटकमा स्थान दिन थाले र तिनै समस्याहरूबाट यथार्थ जीवनका सशक्त चित्रहरू उतार्न उनीहरूलाई गाहारो पनि परेन तथा यस्तै प्रकारका नाटकहरूलाई नै आजको जन-जीवनले खुला दिलले प्रशस्त मात्रामा स्वागत गर्न थालेको कुरामा कसैले असहमति जनाउने प्रश्न नै उठ्दैन भन्न सकिन्छ। पहिले पहिलेका नाटकहरूमा पाइने शान्ति सन्देश, सत्यको जित, सुधारको कोरा व्याख्या, सुखा उपदेश एवं फोस्रा नाराले विरक्तिएका दर्शक या पाठकहरूकमा आधुनिक नाटकहरूमा देखाइने पात्रहरूका मानसिक स्थिति र उनीहरूले भोगेका जटिल समस्याहरूको नाटकीय

CC-0. In Public Domain. Digitization by eGangotri

दृश्यले उनीहरूलाई सम्मोहित पार्नु, नयाँ चेतना दिनुमा कुनै आश्चर्यको कुरा पनि त मान्न सकिदैन ।

प्रस्तुत आलोच्य नाटक 'यो प्रेम !' साधारण नाटक मात्र नभई प्रेमको राम्रो व्याख्या पनि हो भन्ने कुरा यसको शीर्षकबाट अवगत हुने कुरो हो । नकच्चरो सानुबाबु भन्दछ 'प्रेम अन्धो हुन्छ जसलाई तर्कले व्याख्या गर्न सकिन्न', त्यस्तै शेखरको 'प्रेम ! हँ कति सस्तो ! यस्सो राम्रो लागेर मुसुक्क हाँसेर कसैको तस्वीर हेरिदियो—प्रेम !, जात्रा हेर्न गयो, यस्सो स्वास्नीमान्छे बसेको झ्यालतिर हेरिदियो —प्रेम !, बाटो हिड्दा हिड्दै कसैसित आँखा जुध्यो—प्रेम !, कसैसित एकै छिन हाँसेर कुरा गऱ्यो-प्रेम !, चाउरी विधवी बज्यैले राम्रो भात खाएर पुराण भन्ने पण्डित बाजेको मुख दंग परेर हेरिन्—प्रेम ! यसो गऱ्यो प्रेम उसो गऱ्यो प्रेम ! वाह, क्या सस्तो ! क्या सजिलो ! बुझ्नुभो आमा, तपाईं आमाको म छोरामाथिको प्रेम भने खास प्रेम, जाँच न बुझ । अरू सबै भ्रम हो भने वाक्यहरूले पुष्टि गर्दछन् । साथै 'यो प्रेम !' को पछाडिको '!' विस्मय चिन्हले यस कुरालाई अझ पुष्टि गर्दछ ।

आफ्नु जालमा नपरेसम्म पूजा र जालमा परेपछि जुत्ता दिने हाम्रा समाजका विषयी लम्पट पुरुषहरूका विरुद्ध संघर्ष तथा द्वन्द गर्न सक्ने स्त्री पात्रहरूको सिर्जनामा दत्तचित्त हुने श्री गोपालप्रसाद रिमालका नाटकहरूले अवश्य नेपाली नारी जातिलाई प्रेरणा प्रदान गरेको छ र गर्दछ पनि । 'यो प्रेम !' र 'मसान' मा देखाइएको विद्रोहको हुरहुराउँदो रापको द्वन्दको तीव्रता, नाटकीय कथावस्तुमा आएको सशक्त हुंकार जस्ता कुराले अरू नाटककारहरूका नाटकलाई यस क्षेत्रमा सहजै पछि पारेको कुरामा दुई मत नहोला । 'यो प्रेम !' नाटकले मनोवैज्ञानिक दृष्टिले पनि सफलता हासिल गरेको छ भन्ने कुरामा प्रमाणस्वरूप घरको स्वास्नीबाट अतृप्त भएर अर्काकी स्वास्नी, बुहारी तथा छोरी बेटी राम्रो लाग्नु, उनीहरूलाई आफ्नु यौन वासना तृप्तिको लागि पासोमा फसाउन असंभव प्रयत्न हुनु एवं गंगाको लोग्ने आफ्नो स्त्रीको चाल-चलन र व्यवहारबाट भित्रभित्रै सल्किएर पिल्सिएर मर्नु अनि शेखरको पत्नीले आफ्नो लोग्नेको व्यवहारबेखि विरक्तिएर मर्नु जस्ता कुराले सिद्ध गरेका छन् ।

'यो प्रेम !' विश्लेषणात्मक शैलीमा लेखिएको नाटकको राम्रो नमूना हो भन्न जो कोहीले पनि हिचकिचाउनुपर्ला जस्तो लाग्दैन । यसमा प्रयोग गरिएको विश्लेषणात्मक शैलीले गर्दा नै प्रस्तुत नाटकको सम्पूर्ण कथावस्तु, पात्र, चरित्र

CC-0. In Public Domain. Digitization by eGangotri
चित्रण एवं अन्य नाटकीय परिस्थितिमा सजीवता आएको छ र नाटकले उठन पाएको छ, तिखारिन पाएको छ। मानिसका स्वाभाविक प्रवृत्तिहरूलाई मनोवैज्ञानिक विश्लेषणद्वारा सिंगार पटार गरी दर्शकहरूको मन खिच्न नाटककार रिमाल सिद्धहस्त हुनुहुन्छ। उहाँका यथार्थवादी पात्रहरूले भोगेका सुख-दुःख, तीता-मीठा अनुभूतिहरू हामीमा अनुभूत गराउन सफल छन्। दर्शकहरू, उनीहरू बेरिएका जटिलतामा आफू बेरिएका अनुभूत गर्न थाल्दछन्। आफूलाई बिर्सेर सुखमा हाँस्न र दुःखमा रुने गर्दछन्। नाटकमा प्रतिपादन गरिएको नाटकीय छन्दको विकास क्रमैसँग हुँदै गएर चरम सीमामा पुगी झ्वाट्ट दन्किनु तथा द्वन्दले तीव्र र सशक्त रूप धारण गर्नु रिमालको विशेषता नै मान्नेमा असत्य बोलेको ठहरिनेछैन। यथार्थवादी नाटकमा बौद्धिकताको प्रयोक्ताको रूपमा हामी उहाँलाई नै अगुवा मान्न सक्छौं। तर उहाँबाट शुरू भएको यो बौद्धिकताको प्रयोग आजसम्मको अन्तिम प्रयोगको रूपमा हाम्रो अगाडि खड़ा छ—श्री विजय मल्लको 'जीउँदो लाश', जुन नाटकलाई नेपाली नाट्य साहित्यको इतिहासमा नै 'पछिल्लो प्रयोगको रूपमा' बहुचर्चा गरिसकिएको छ।

'यो प्रेम !' मा नाटकीय कथावस्तु, भाषा, शैली, चरित्रचित्रण आदिको सम्यक् समन्वय तथा सामञ्जस्यताले एवं समुचित र सन्तुलित प्रयोगले गर्दा साथै अभिनय अनि संवादले पनि यथार्थ रूप लिएकोले यसको महत्व अझ बढ्न गएको छ। प्रेमको नाममा जाल हालेर स्वस्नीमान्छेको यौवन लुट्न पल्केका विषयी लम्पट तथा कामुक पुरुषवर्गप्रति सिंगौरी खेलेर जुध्न र भिड्न सक्नुपर्दछ नकि अबलाको रूपमा रोएर बस्नु हो भन्ने सन्देश प्रस्तुत आलोच्य नाटकको गुदी हो। नाटकको मुख्य घटना अरू सहायक घटनाहरूको सहायताले गर्दा अझ उज्यालिएको छ र यसले गर्दा नाटकले तीव्र गतिशील तथा सशक्त रूप लिएको छ भन्न सकिन्छ।

नाटकीय आत्मा द्वन्द या संघर्षमा अड़ेसिएको भन्ने कुरा ठूला-ठूला साहित्यिक विद्वानहरूले मानी आएकै छन्। त्यसैले यस सम्बन्धमा अरू बढ़ी नाली बेली लगाउनु यहाँ युक्तिसंगत नपर्ला। छन्दमा पनि बाह्यभन्दा आन्तरिक या मानसिक छन्दले नाटकलाई बढ़ो अकासिदिन्छ र साधारण दर्शक र पाठकहरूले पनि यसलाई नै बढ़ता रुचाउँछन्। यी सबै तत्वहरूलाई राम्ररी हृदयंगम गर्नुभएका 'धुरन्धर खपिस नाटककार श्री गोपालप्रसाद रिमालबाट 'यो प्रेम !' सफलताका साथ प्रतिपादन भएको छ। शैलीगत तथा वैचारिक दृष्टिले पनि 'यो प्रेम !' नाटकको प्रयोगलाई क्रान्तिकारी तथा ऐतिहासिक भन्न सकिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र-भित्रै सल्किरहेको पिल्सिरहेको नेपाली नारी समाजको पुनरुत्थान-को लागि कम्मर कसी लेखिएका रिमालजीका 'मसान' र 'यो प्रेम !' नाटक अवश्य पनि नेपाली नाटक साहित्यको इतिहासमा ज्वलन्त उदाहरणका रूपमा रहनेछन् भन्न सकिन्छ । देशको अधिकांशभन्दा बढ्ता जनसंख्या भएको नेपाली नारी समाजलाई केही पुरुषवर्गद्वारा शोषण हुनु र उनीहरूको अस्तित्वउपर बेवास्ता गरिनु हाम्रो समाजको लागि कलंकको विषय थियो । हुन त आज पनि यस प्रकारका शोषणहरू हाम्रो समाजमा नदेखिएका होइनन् तर पनि यसतर्फ नारीवर्गलाई विशेष जागरूक र चेतनशील बनाउनमा रिमालजीको ठूलो हात रहेको छ र यो कुरा नेपाली नाट्य साहित्यको इतिहासमा पनि महत्वको अध्याय भएर रहनेछ भन्ने विश्वास यहाँ लिइन्छ । नारीवर्गमा रहेका अन्तर-विरोध तथा अप्ठ्यारा स्थितिलाई केलाएर तिनलाई स्वबोधको अनुभूत गराउनु जस्ता कुरामा रिमालको योगदानलाई बिर्सनु पनि कसरी नेपाली नाट्य साहित्यको इतिहासले ?

साधारण बोलचालको भाषाले सिंगारिएको प्रस्तुत नाटक छोटो छोटो ३ अंकमा विभाजित छ र अन्तिम अंकमा भने ३ दृश्यसमेतको व्यवस्था गरी नाटकीय कथावस्तुलाई चरम स्थितिमा उकालिदिएको छ । घटनालाई छोटो समयावधिको मालामा उनेर नाटकीय शिल्पद्वारा कुँदिएको छ । प्रस्तुत आलोच्य नाटकमा संकलन त्रयको सिद्धान्त पूरा तवरले उत्रेको भेटिन्छ तथा थोरै पात्र-हरूको साधारण वेश भूषा, साधारण कोठे दृश्यबाट नै नाटकको अन्त्य भएकोले यसलाई रंगमञ्चमा बोलाउन पनि त्यति झञ्झट पर्दैन । त्यसैले रिमालजी नाटक लेख्न बस्दा पूरा पूरा ध्यान रंगमंचतिर लगाउनुहुन्थ्यो भन्ने कुरा हामीले यहाँ ज्ञात गर्नुपरेको छ । जुन नाटकलाई जबसम्म रंगमंचमा बोलाउन सकिँदैन तबसम्म त्यस नाटकलाई हामी सफल वा असफल भनी भन्न सक्दैनौं, कारण नाटकको कसी नै रंगमंच हो र यसलाई कसीमा घोट्नेचाहिं हुन् साधारण दर्शकहरू । तर रिमालका दुवै 'मसान' र 'यो प्रेम !' नाटकलाई सफलताका साथ विना झञ्झट रंगमंचसम्म बोलाउन सकिन्छ ।

प्रस्तुत नाटकको कथोपकथनमा स्वाभाविकता, सरलता छाएको छ र संवाद द्वारा कथानकमा गति, चरित्र चित्रणमा प्रकाश तथा नाटकीय घटनाको उद्घाटन राम्रोसंग भएको छ । यथार्थवादी नाटक 'यो प्रेम !' मा गुंगा र शशीले गरेको संघर्ष या द्वन्दको मूल उद्देश्य हो उनीहरूले आफूलाई समाजमा समानता र स्वतन्त्रता तथा आफ्नू अस्तित्व रक्षा र स्वबोध अनुभूत गराउनको खातिर हो भन्ने कुरो प्रस्टिन्छ । प्रस्तुत नाटकमा प्रतिपादन गरिएको संघर्ष बाह्य रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri
नै नभै आन्तरिक छ, त्यो पनि बढी सशक्त र तीव्र रूपमा। संघर्ष या द्वन्दमा मुख्य पाठ गंगाको भएको कुरा नाटकले बताउँछ। गंगाको आन्तरिक संघर्ष या द्वन्द त्यति वेला शुरू हुन्छ जब उसको लोग्नेले उसको (गंगा) र अर्को परपुरुषसंग सबै गोप्य सम्बन्ध सुन्दा पनि कुनै प्रतिक्रिया देखाएर उसमाथि प्राइलाग्न सक्दैन या आउँदैन। गंगा आफ्नो अपराधको दण्ड पाउन सधैं लोग्नेको लातको पर्खाइमा छ, यदि उसको लोग्नेले उसलाई त्यति नै वेला लातले भकुरेको भए आन्तरिक संघर्ष या द्वन्द साम्य हुने थियो। तर लोग्ने भने पिट्नु त कता हो कता निरीह भएर सुनेको थियो भन्ने भावसम्म पनि देखाउने प्रयत्न गर्दैन। यसले गर्दा गंगाको मानसिक सन्तुलन बिग्रिदै जान्छ र ऊ भित्रभित्रै संघर्षको लागि तयार हुँदै जान्छे। यसरी बिस्तार बिस्तार उसको मनमा संघर्षको ज्वालाले पोल्न थाल्दछ, ऊ हान्ने राँगो भएर संघर्षसंग जुध्न भिड्न सींग थापेर बस्छे तापनि लोग्नेले कुनै प्रतिक्रिया दिदैन। यसैको फलस्वरूप उसको मनमा रहेका तुषहरूले शेखर र सानु बाबुलाई ढोकैबाट फर्काउन चाहन्छे। गंगा मात्र होइन यता शेखर पनि आफ्ना कुकर्महरूबाट संघर्ष गरेर उम्कने प्रयास गर्दछ, कहिलेकहीं। उ आफूले अतीतमा गरेका कर्महरूमा पछुताउ गर्दछ र आफूलाई—'पिजडामा हालेर भोकभोकै बुझ्यौ? छाला टाँगेर नून चूक, सुइरोले, भुत्ते खुकुरीले, जीउँदै नरकमा हाल्नुपर्छ' भनी बबन थाल्दछ। उसको यो पश्चात्ताप स्वयम् आफूले आफ्नै मनप्रति गरेको संघर्ष हो भन्न सकिन्छ। उसका अतीतका कुत्सित कर्महरूले दिल भतभती पोले पनि ऊ आफै अझै सोझो बाटोमा आउन सकेको छैन, जसको लागि ऊ बीचबीचमा यस्ता पश्चात्तापका फलाकाहरू फलाक्न पछि परेको छैन।

प्रेम पवित्र र पावन हुनुपर्दछ, यो बजारमा किन्न पाइने व्यापारिक चीज जस्तो होइन तथा मानिस यौनतृष्णा मेटाउनको लागि कति छल कपट, जाल झेल र निन्दनीय कार्य गर्न पनि तत्पर हुँदो रहेछ भन्ने कुरा प्रस्तुत आलोच्य नाटकको सार हो। स्त्रीको शरीरलाई केवल वासनाको मूर्तिको रूपमा मात्र हेर्नु उनीहरूमाथि ठूलो अन्याय गर्नु हो भन्ने सन्देश नाटकको ध्वनित विषय हो। नाटकमा शशीको भन्दा पनि मुख्य रूपमा गंगाको चारित्रिक विशेषताहरू प्रष्ट्याउन रिमालजीले बहुत कोशिश गर्नुभएको छ र कोशिश-अनुसार बडो सफलता पनि हासिल भएको छ। उहाँको यो कदम नेपाली नाट्य साहित्यको इतिहासमा अवश्यमेव स्तुत्य र अनुकरणीय छ भन्न सकिन्छ।

रिमालको 'यो प्रेम!' मा बौद्धिक प्रयोग पनि बडो सफलताको साथ प्रतिपादित छ। यी सबै बुझ्नको लागि हामीले नाटकमा गंगाका क्रियाकलापहरू

CC-0. In Public Domain. Digitization by eGangotri

र चरित्रलाई बड़ी होशियारीसाथ निहार्नुपर्दछ। गंगा शेखरलाई मनमा हरदम राखेर नै उसको लोग्नेको मृत्यु भएको हो भन्ने शान्त धारणा लिन्छ र बिरामी छोरीकहाँ जाँदा पनि शेखरको प्रेमपत्र र फोटो जलाएर मात्र जानु बौद्धिक प्रयोगको ज्वलन्त उदाहरणमध्ये एक हो भन्न सकिन्छ। नाटकमा रूढ़ीवादी-प्रति पनि एउटा तीखो व्यंग्य कसिएको छ—गंगाको घरमा छोराहरू स्वयम्वर-पछि नहाँस्वे रूपमा। बीच बीचमा टाँसिएका यस्ता प्रकारका उपकथाहरूले नाटकको कुतूहलता र सरसतामा कुनै कमी आएको छैन।

नाटकमा शशीको अभिनय पनि कम महत्वको छैन, जो गंगा र शेखरको प्रेमलाई पवित्र प्रेम र यथार्थ प्रेम ठान्दछे र 'शेखर र गंगाको जस्तो प्रेम भए त सीता होस नहोस्' भनि आफू पनि त्यस्तै प्रेममा हामिने विचार गर्छे। शशी जति शेखरसंग प्रभावित र लालायित छ त्यति सानुबाबुसंग नभएकी कुरामा संदेह गर्न सकिन्न तर यता सानुबाबु भने शशीलाई पछ्याइरहेछ। यसरी विभिन्न कोणबाट प्रेमको परिभाषा अभिव्यक्त गर्न खोज्ने रिमालजीको 'यो प्रेम!' सफल नाटक हो।

—काठमाडौं

असीत राईका अन्य कृतिहरूको प्रतीक्षा गर्नोस्–!

उपन्यास—पहिरो जाने पहाड़—यो; यन्त्रणा, विसंगति, समाधि र विश्वास।

कथा-संग्रह—कारखानाले जन्माएको मान्छे, प्रलय।

कविता-संग्रह "गाली र श्राप"।

खण्डकाव्य—मान्छे मात्रका कथा र गीतहरू।

CC-0. In Public Domain. Digitization by eGangotri

दन्त्यकथा मित्रको जीवनसँग

—बोगटी

असंभवको घृणा सुन्दा
मलाई संभवको पनि घृणा लाग्छ
मृतलाशसँग संभोग गर्ने दन्त्यकथा सुन्दा
जीवनसँग संभोग गर्न पनि
त्यत्ति नै मलाई घृणा लाग्छ
त्यसैले
म आजसम्म दुइ खुट्टाले
कतै उभिएको छैन
एक नदीको लहरसँग
दुइ किनारा टेकेर दौडदैछु
बग्ने मेरो रहर होइन
दौडिरहने
जिज्ञासा पनि होइन
मलाई त्यो पनि घृणा लाग्छ
मैले केवल बाँच्न खोजेको छु
त्यो पनि जीवन र मृत्युको
परिभाषा ज्युन होइन
मलाई भोग्नु छ
पलमा म जत्ति भोग्छु
पलमै दोब्बर चाहिन्छ मलाई
अनि त छलँगै
आगै आगोको संसार चाहिन्छ मलाई
जो म भोग गर्छुं
आगै सृष्टि भइहाल्छ।

—काठमाडौं

सर्वश्रेष्ठ कृति

"आगो र पानो" तथा "म कहिल्यै मर्दिन" अनि नाटकमा "प्रह्लाद" नै हो।"

—बालकृष्ण सम।

CC-0. In Public Domain. Digitization by eGangotri

गुराँस फुल्ने पाखाहरू

धनवीर पुरी

छ्याङछ्याङ्ती आकाश देख्न पाएर केही खुशी भइदिएँ। आफ्नो जस्तो पेशालाई आकाश विना बादल भएर उघ्रिदिनु नै त म पनि खुशी भइदिनु हो। लाग्यो आज निकै रमाएर व्याख्या गरिदिन सक्दछु।

पहिले पुराना दिनहरूका के 'रेफरेन्स' बनाउनु थियो। त्यसरी 'रेफरेन्स'-हरूसित आफू पनि बग्दै जाँदा थाहा भएर आएथ्यो—'हाम्रो अतीत कति गर्वमय छ—त्यो सत्य थाहा पाएर सधैं कसरी मनले खुशी संगेटिराखेको हुन्छ।

"हाम्रो वर्तमानलाई, अतीतका ती गर्वमय दिनहरूमा ढाल्नुछ।"—हृदयको एक कुनामा सधैं उद्विग्न भएर रहिरहेको हुन्छ।

साथमा 'रेफरेन्स'-का निम्ति 'मानचित्र' र अगल-बगलमा विदेशी पर्यटक-हरू छन्। आज घेरै घुम्नु छ। र एक अर्थले आजको रोजगारी कमाउनु पनि छ।

जंगलै-जंगलले घेरेर राखेका पहाड़हरू एक लय लिएर बगिरहने नदीहरू-लाई औंलाउँदै पहिले सीमाना बताइदिन्छु। अहिले उनीहरू पनि 'मानचित्र' हेर्दै नोट गर्छन् क्यारे। मलाई भने सीमानाको साँघले एकक्षण अलमलाइदिन्छ। र अहिले म पहिले जत्तिकै प्रफुल्लित मुद्रामा हुन पाउँदिनँ।

हामी अब डाँड़ा पर्ने स्थानमा आइपुगेका हुन्छौं-जहाँबाट, गुराँस फुलेर देखिएको पहाड़ी इलाका एउटा अर्कै सौन्दर्यमा फैलिरहेको हुन्छ।

र अब इतिहासको एक पाता उघारेर उनीहरूको समक्ष राखिदिन्छु र भन्छु-'तिमीहरू अहिले' पर्यटक केन्द्र भनी कहाँ-कहाँबाट हेर्न आउने स्थान पहिले त्यस्तै थियो।' अहिले उनीहरू पनि आँखाभरि भरि गुँरास अटाएर मजा लिइरहेछन्। मबाट पनि एक क्षणका निम्ति विषाद मेटिएर खुशी सलबलाउन खोज्दछ। मानो म, पूर्वकालीन इतिहासको एक गौरवमय पातामा डुबिरहेछु। तर यथार्थ—बिहान ऐना हेर्दाको अनुहार छलंङ्गिन्छ—खपटे, पिलन्वरे, केवल एउटा बोझ जस्तो आकार। फेरि जतातत विषाद जन्मन खोज्दा, हाँसेर जबर्जस्तो उनीहरूसितै सिग्रेटको धूवाँमा रुमलिन खोजिरहन्छु।

CC-0. In Public Domain. Digitization by eGangotri

अब आजको रोजगारी पूरा हुन लागिरहेछ । त्यस फेर्दै अहिले उनीहरूलाई यहाँ ल्याइपुऱ्याएको छु अथवा भनूँ उनीहरूले यो पनि हेरिदिवे पालो आएको छ। अतीतमा हामीले जंगल फाँड्दा भेटाइएका चपाइएका ती जंगली जानवरहरू आज यहीं फेरि बन्दी छन् । तिनीहरू नै हेर्दै-हेराउँदै आफ्नो आजको रोजगारी पनि वसूल गरिरहेछु । तर अहिले उत्तेजना छैन, उन्माद छैन । केवल मनभित्र तरेली-तरेली हुँदै प्रश्नहरू ओइरिरहेछन् । लाग्छ कहिलेकहीं तँ, यो अतीत बल्झाएर विषाद जन्माउने पेशा आजै छाड़िदिउँ—तर फेरि शरीरभरि रगरगती, घरका नानीहरू नाङ्गो आँग, भोको पेट लिई कुदिहिड़्दा—आवेशमा पैल्हो गइसकेको हुन्छ । केवल एकपल्ट फेरि सत्यता उब्जाएर बताइदिन्छु उनीहरूलाई—'हेर, यी यहाँ बन्धनमा पालिएका जानवरहरूले धेरैपल्ट हाम्रो हाड़ र मासु चपाइसकेका छन् । कति हामीले यिनीहरूलाई चपायौं पनि । तर अहिले त यहाँ तिमीहरू जस्तैका निम्ति आँखाका पवित्र भइरहेछन्''—उनीहरूले मेरो कुरा बुझे या बुझेनन्, तर म भने अहिले धेरै हलुङ्गो भइसकेथें ।

धेरै जोगिएर फुल्न पाएको एक गुच्छा गुँरास लिएर उनीहरू त्यसको व्याख्या गरिमाग्छन् । 'कति जोगिएर फुले यी फूल, हामीले पनि त कति जोगिएर फुल्नुपरिरहेछ ।''—एकै अर्थमा सबै भनिदिउँ लाग्छ । तर म त सबैको सप्रसंग व्याख्या गरिहिड़्ने जीव हुँ नि । यसर्थ बिस्तारै बुझाइदिन्छु—''अँ, यस्ता फूलहरू यहाँ पर्याप्त फुल्दथे । यहाँ, जहाँ तिमीहरू उभिरहेका छौ, घुमिरहेका छौ नि, त्यहाँ पहिले रातै-रातै भएर गुँरास फुल्दथ्यो । यी वरिपरिका जम्मै स्थानहरू गुँरास फुल्ने पाखाहरू हुन् । हामीले नै जंगल फाँड्यौं, जानवरहरू पनि, आफूलाई पनि मार्दै तमान मास्यौं र तिमीहरूलाई घुम्न आउने बनाउनका निम्ति मान्छे बस्ने बस्ती बसायौं ।''—उनीहरूका आँखाहरू अहिले कृतज्ञताको भारले निहुरिसकेका हुन्छन् । तर मभित्र खुशी जन्मदैछ या दुःख म भन्न सक्दिनँ ।

हाम्रा पाइलाहरूले अर्कै मोड़ लिइसकेका छन् । अब शहरभित्रको पनि केही चिनारी दिनु छ । यसर्थ पहिलो मोड़मा नै भेटिने ठूलो क्लब घरलाई इंगित गर्दै भन्छु—'यो हो पारस क्लब, यहाँका नामी क्लबहरूमा एक । यसको मालिक उँधो कताबाट वर्षमा एकपल्ट आउँछ । क्लब घरबाट छुटिरहेका संगीतमा उनीहरू डुब्न सके पनि म भने आफैंभित्र फेरि खिन्न बन्दै गइरहेथें ।

"यो हो नामी देवीचन सिनेमा हल, यसका मालिक एउटा यतैका सेठ छन् र० यहीं नै मेरा भाईहरू पनि 'टिकट ब्ल्याक्' गरी जसोतसो आफ्नो गुजारा गरिरहेछन् नै । त्यहाँ वरिपरिका रंगी-चंगीले उनीहरूका आँखालाई

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनी लाइराखेका भए पनि मेरा आँखाहरूमा भने केवल नग्नता मात्र नाचिरहेथ्यो। र यी हुन् सोनाम बिल्डिङ्ग ओंकार बिल्डिङ्ग र यहाँ प्राय: ओंकार खलककै बिल्डिङ्गहरू मात्र नामी नामी छन्। तर सत्य कुरो यी क्लब, सिनेमा घर एवं यी ठूल-ठूला बिल्डिङ्गहरू बनाउँदा भने हामीहरू कति संख्यामा मर्‍यौं र यस्तो अवस्थामा ल्यायौं, त्यसको लेखा—जोखा, हर-हिसाब केवल हाम्रै स्मृति-भरि बाँचने भएको छ। तिमीहरूका देशमा जस्तो यहाँ हामीहरू जस्ता व्यक्ति-हरूका निम्ति सालिग बनाउने चलन छैन बुझ्यौ—हामी त जहिले-तहिले मर्छौं, मरिहाल्न सक्छौं-त्यसको केही मूल्य हुँदैन।

म, मेरा आजका पर्यटकहरूका साथ अहिले एउटा शानदार होटलभित्र पसिसकेको छु। होटल पूरै, मैले बुझ्न नसक्ने संगीतमा झुलिरहेको हुन्छ। बाहिर आउँदासम्म भित्रको धुनले दिमाग खलबलाइरहेको हुन्छ।

दिनभरिको रोजगारी कमाएर घर पुग्दा साँझले घरलाई रातको गहनता ओढाउन खोजिरहेथ्यो। घर आइपुग्दाको खुशी हुन पाउँदा नपाउँदै, अंध्यारा, पिलन्धरे, खपटे अनुहारहरूले मेरो स्वागत गरिसकेका हुन्छन्। संघार काटिसकेको हुन्न, श्रीमती भन्छे—'अहिलेलाई केही छैन, केही ल्याउनुभएन ?"—मानो संघार काटेर भित्र पस्नलाई प्रश्नको समाधान गरिनुपर्दछ।

दिनभरिको बेफुर्सदीले—घरमा आइपुगेर पनि विश्राम गर्न पाउँदिन। संघारबाटै उल्टो फर्किदिदा घरलाई साँच्चै अंधकारले ढाकिसकेथ्यो।

—मिरिक

सूचना

आगामी अंकदेखि 'गुञ्जन'मा पुस्तक-निरूपणको व्यवस्था पनि गरेका छौं। यसर्थ लेखक वा प्रकाशकले प्रत्येक पुस्तकको २ प्रति निरूपणार्थ लेखेर पठाउनुहोला।

—सम्पादक

CC-0. In Public Domain. Digitization by eGangotri

विधवा

—हरिप्रसाद 'पन्थी'

एउटी तरुनीको लोग्ने मरेछ
उसले सहन नसकेर
विह्वल भई खूब रोइछ ।
एउटी तरुनीको लोग्ने मरेछ,
थुप्रै कुमारी युवतीहरू आई
सान्त्वना दिएछन् ।

स्वास्नी मान्छे ?

घाप !

—वासु 'शशी'

एउटी तरुनीको लोग्ने मरेछ
पल्लो घरकी नयाँ बुहारी आइछ
'हेर्नुहुन्न' रे
फर्काइदिएछन् ।
एउटी तरुनीको लोग्ने मरेछ
उसकी बूढी सासूले उसको 'कर्म' लाई दोष दिइछ,
—विधवा खूब रोइछ
रुँदा—रुँदा उ ब्यूँझिछ
ब्यूँझेपछि थाहा पाई
—सबै सपना रहेछ ।

(ज्ञानेश्वर, काठमाडौं)

CC-0. In Public Domain. Digitization by eGangotri

लोक गीत :

हाम्रो समाज र यसको महत्व

—गणेशकुमार प्रधान

लोक गीतका स्रष्टाहरु कुनै धनी वा शिक्षित व्यक्तिहरु होइनन् । तर भारी बोक्ने भरिया, गोठाला, लाहुरे गरीब चेली माइतीकै निःस्वार्थ भावना र ईमान्दारीमा लोक गीतले जन्म लिएको हो भन्नमा दुई मुख हुन सक्तैन । यति मात्र होइन—नेपाली जातिमा लोक गीत गाएर नै जीवन निर्वाह गर्नेहरु पनि छन् । तिनीहरूलाई हामी गाइने भन्छौं । गाइनेहरूको गीतले नेपाली समाजमा धेरै नै प्रभाव पारेको छ । घरमा खाने अन्न नहुने गरीबहरु पनि गाइनेको गीतमा मस्त हुन्छन् । यसैले उखान बन्यो होला—"घरमा खाने चामल छैन, लाउँछौ सारंगीको तांतो ।"

नेपाली लोक गीतका ऋतु र समय भिन्दा भिन्दै हुन्छन् । समयानुसार यसको आफ्नै महत्त्व हुन्छ । नेपाली जीवन कष्टमय छ । यस्तै दुःखद जीवनमा पनि हामी नेपालीहरू गाउन छोड्दैनौं । सुखमा पनि हामीले जीवन नबिताएको होइन । यसैले लोक गीत समाज वा जातिको दर्पण हो जसले जीवनको दुःख सुख दुवैको चित्रण गर्दछ ।

× × × ×

विश्व युद्ध छेड़िन्छ । नेपाली युवकहरु भर्ती भएर जाँदा यसरी गीतमा खबर पठाउँछन् :—

आलु काटी रेलिमाई तरकारी तामालाई ।
भर्ती भएँ रेलिमाई भन्दिनु आमालाई ॥

अनि शत्रु खतम पार्ने लक्ष्यमा फेरि भन्छन् :—

आलु काटी रेलिमाई तरकारी तारेर ।
आउँछौं हामी रेलिमाई जापानलाई मारेर ॥

CC-0. In Public Domain. Digitization by eGangotri

सानोलाई ढुंगा म छेलो हान्छु, ठूलोलाई गलाउँछु ।
फालेलुङ्ग डाँड़ा नकाटेसम्म म रुमाल हल्लाउँछु ॥

× × × ×

निःस्वार्थ र परिश्रमी नेपालीहरू आफ्नै खुट्टामा उभिने कोशिश गर्छन्। असार साउनको अविराम झरीमा पनि यिनीहरू धान रोप्छन्, दमाईहरू पञ्चैबाजा बजाउँदै रसिया गाउँछन् :—

काँधैमा हलो काँधैमा जुवा कम्बरमा बसीला ।
ती पञ्चैबाजा राखिदेउ दरजी म गाउँछु रसिया ॥

यसरी धान रोप्दै गाउँदै जाँदा रोपाहार र बाउसे युवक युवतीहरू पिरतीको कसम खान्छन् :—

कठै.............. बाबा र ज्यूकि टाहारी खेत, ढुकुरै लुक्ने बीउ,
लहै, ढुकुरै लुक्ने बीउ।

कठै...........सात तोला चाँदी मायाले बाँधी छोड्दिनँ तिम्रो जीउ,
लहै, छोड्दिनँ तिम्रो जीउ।

रोपाहारहरूको गीत सुनेर बाउसेहरू हैरानी भएको देखेर भरूहरू यसो भन्छन् :—

कठै...........खोलाले लग्यो बेसी र घर पैरानी पैरानी,
लहै पैरानी पैरानी।

कठै..................रोपन रोप रोपाहार नानी बाउसे हैरानी,
लहै बाउसे हैरानी।

खेती गरी खाने मानिसहरू आफ्नो दुःख पनि गीतमा यसरी पोख्छन् :—

उमेर बिताएँ जोताइमा मैले, आएन सुखको दिन ।
जीउ मेरो बूढो मन मेरो बूढो, सुख छैन एके छिन ॥

फेरि यिनै खेतालाहरूले आफ्नो अन्न बाली देखेर निःस्वार्थ भावनाले धरती माताको गुण पनि नगाएको होइन,

धरती आमै ! धरती बाबै ! यसबाट पाउँछु अन्न ।
प्यारो म गर्छु, सम्मान गर्छु, धरती आमै धन्य ॥

धरती मातासित मात्र होइन, तर यिनीहरू आफ्ना गाई गोरूसित पनि खुशी हुन्छन् :—

CC-0. In Public Domain. Digitization by eGangotri

कति राम्रो मेरो यो पाङ्ग्रे गोरु कति राम्रो मेरो हल।
कति राम्रो मेरो उब्जनी बाली, राम्रो छ मिहिनेतको फल।

× × × ×

लोकगीतमा प्रेम र शृङ्गाररससाथै सौन्दर्यको पनि ठूलो स्थान छ। प्रेमीहरू आफ्नी प्रेमिकाको आँखालाई जूनकोरीसित यसरी तुलना गर्छन् :—

बगैंचाभरी फल र फूल
छेउछाउमा करेला।
आँखा छन् तिम्रा जूनकोरी जस्ता
झिम्काउने परेला॥

उता प्रेमिकाहरू आफ्नो प्रेमीको पगरीमा सुहाएको फूल देखेर उसको बैंस र यस्तो नकललाई सुनको मूल्यसित यसरी तुलना गर्छन् :—

तीनै र शहरमा नेपालै ज्यानमा
सुनको मकल।
पगरीमाथि दुई थुँगा फूल
सुनबैंस नकल।

मादले गीतमा पनि नाच, संगीत र कविताको समावेश भएको हुन्छ। यी तीनैवटा कलाविना यो संगीत गर्न सकिन्न। मादले गीतमा धेरै राग-हरू समयानुसार गाइन्छन्। यसको नृत्य पनि आफ्नै पाराको हुन्छ। मादल गीतका नर्त्तकलाई मारुनी भन्दछन्। मादलले गीत गाउँदा देवी देवताको पूजा, यसको सृष्टि, यसको बनावट साथै विभिन्न तथ्यहरूको सार लिएर यो गीत शुरु हुन्छ। मादले गीत ऋतुअनुसारको समय र रागमा आधारित हुन्छ। कतिपय मादले गीतमा हामी शृङ्गाररस पनि पाउन सक्छौं, :—

ढल्की मल्की डुँगिया मेरो, खियाउने बहना।
अल्लारे जोबन तिम्रो र मेरो छैन है लहना॥

यति मात्र होइन मादले गीतमा कल्पना र भावुकताको पनि कम महत्व छैन। कुटुम्ब लागेको चेली, माइतीको सम्झना मात्रले पनि यसरी कल्पना गर्दछिन् :—

छप छप रोपौंला सप सप काटौंला
पलम्पा रानीको खेत।
आइदेउन पानी, फाटिदेउन बादलु
म त हेर्छु, माइतीको देस॥

दुःख र सुख, जन्म र मृत्यु झैं स्वाभाविक छ। CC-0. In Public Domain. Digitization by eGangotri यस्तै योग वियोग र दुःख सुखको सुस्केरामा साधारण भाषा र साहित्यमा नै भावुक हृदयबाट लोक गीतको जन्म हुन्छ। यसको रचनामा कुनै समयको प्रयोजन पर्दैन। सो किन भने साधारण जनताले देखेको, सुनेको, गुनेको कुरो हृदयबाट कुनै पनि समयमा प्रस्फुटित, हुनसक्छ। उनीहरू आफ्नै लयमा सुस्केरामा गाउँछन्। हामीसित लोकगीत थोरै संख्यामा छैनन्। लोकगीतको थुप्रो यति धेरै छ जसको वर्णन पूरा गर्न परे धेरैवटा ग्रन्थहरू तयार गर्न सकिन्छ।

हाम्रो समाजमा लोकगीतको महत्व धेरै छ। यो हाम्रो संस्कृतिको महत्वपूर्ण भाग हो। यसलाई हामीले हराउन दिनु हुँदैन। यसको महत्व बुझेर हामीले यसको खोज गरेर प्रचार र प्रसार गर्नुपर्छ।

सुनदह

'दुइ थोपा आँसु'

(उपन्यास) मूल्य २.२५

जन-जीवनमा आधारित नयाँ उपन्यास पढनोस्।

लेखक—श्री दिलु छेत्री

उहाँका अन्य कृतिहरू प्रकाशन प्रतीक्षु छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ के के हुन्छ ।

—तुलसी शर्मा

आशा घेरैले देखाए—
मेघले भन्यो—
पानी बर्साउँछु,
हुरीले भन्यो—
परिवर्तन ल्याउनेछु
आशामा रहे—
पचास लाख नेपाली ।
सबले संझे—
हो अब—यहाँ
नयाँ सूर्य उदाउँछ—पूर्वबाट,
अर्कै—अर्कै हुनेछ—
यो संसार, यो जीवन
तर मेघले पानी बर्साएन
हुरीले परिवर्तन ल्याएन ।
अब हामी त्रसित छौं—
प्रलय शायद आउँछ !
हो—प्रलय आओस् !
(आउनै पर्छ ।)
अनि हेरौं—
यहाँ—के के हुन्छ !

—तीनधारे ।

शून्यवाद र लक्ष्यवाद

"शून्यवाद मेरो निमित्त अझ 'लक्ष्यवाद' नै बनेको छ र मेरो लक्ष्यमा शून्य आइदियो भने छाक अड्कला भन्ने डर हुन्छ । अहिले म शून्य र लक्ष्यको बीच रोप ट्रिक गरिरहेको छु । र मैले स्वयं पनि आफ्नो दर्शन पैल्याउन सकेको छैन ।"

—शंकर लामिछाने ।

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य-एक दृष्टिकोण

—अमर लामा 'मार्मिक'

आज विश्वको कुनै पनि जाति वा राष्ट्रको वास्तविक आफ्नो भाषा, साहित्य, कला-कौशल, संस्कृतिमाथि निर्भर पर्छ। आज इतिहासको प्रतिबिम्बमा साहित्यको विकास भइरहेछ।

साहित्य मानवीय अनुभवको वास्तविक भावनाको अभिव्यक्ति हो। साहित्यको सृष्टि आत्म-प्रकाशनमा निर्भर गर्छ एवं भावको गाम्भीर्य र हृदयस्पर्शितामा साहित्यको जन्म हुन्छ। मानव समाजलाई प्रगतिपथमा बढ़ाउने आँट र भरोसा दिने साहित्य नै हो।

साहित्य एवं भाषा दुई पाङ्ग्रा हुनु कारण दुवैको एकार्कासित गाढ़ा सम्बन्ध छ। भाषा जीउँदो मानवको मुटु हो; साहित्य जातिको स्तम्भ हो। यो युगानुकूल नेपाली भाषा साहित्य पूर्णरूपले मौलिन पालेको र यो नेपाली भाषाको उत्पत्ति र विकासको एउटा इतिहास छ।

राजा प्रताप मल्लले काठमाडौंमा वि० सं० १६९२ मा मोहनचोक र वि० सं० १७२७ मा रानीपोखरी बनाए। वि० सं० १७२८ मा पशुपतिमा १००८ वटा लिंगको स्थापना गरी सुवर्णतुला दान गरेका कृति पशुपतिका मंदिरदेखि दक्षिण ढुंगाका दुइ खाँबामा लेखिएको छ। दिनले ठाउँ ठाउँमा देवमंदिरमा देवताहरूको स्तुति र संस्कृतमा पूर्ववंशका कृतिहरूलाई कवितामा लेखी शिलापत्र राखेका छन्। यी शिला-प्रमाण रानीपोखरीका देब्रे कुनामा भण्डारी पंडितका घरका पर्खालमा रहेका शिलापत्रबाट थाहा हुन्छ। यिनको सभामा लम्बवर्ण भट्ट, नरसिंह ठाकुर आदि विद्वान्हरू रहन्थे। यिनै राजाले वि० सं० १७०० मन्दा अघि सर्वसाधारणका निम्ति नेपाली (खस) भाषामा प्रकाशित गरी नेपालको मुख्य भाषा मानेका थिए। यसरी नै वि० सं० १७९९ मा हाम्रा महान् कर्मपरायण राष्ट्र-निर्माता पृथ्वीनारायण शाहले नेपालका ससाना राज्यहरूलाई एकबद्ध गर्ने प्रयासको पूर्तिमा तिनताकका तेह्रवटा बोली बोल्ने रैथानेहरूको माझमा एकत्रीकरण ल्याए। युग प्रतिभाशाली जातीय कवि भानुभक्त आचार्यले अध्यात्म रामायण तथा अन्य शिक्षात्मक रचनाहरू लेखेर नेपाली भाषाको

CC-0. In Public Domain. Digitization by eGangotri
व्यापकरूपमा प्रचार गरी नेपाली आत्मालाई ब्यूझाइदिए। यो ब्यूझेको प्रतिफल नै आज नेपाली साहित्यको विकास भइरहेछ भन्नमा भूल नपर्ला। १४०० शताब्दीदेखि १९०० शताब्दीको मध्यकालसम्मका प्राचीन गद्य साहित्यहरू विशेष संस्कृत शब्दमा मिसिएका हुनाले केवल संस्कृतमा लेख-पढ गर्ने विद्वानहरू बाहेक अरू साधारण जनतामा साहित्य मौलिन सकेको थिएन।

मातृभूमिका पूजारी, जातीय भाषाका प्रेमी, साहित्यसेवक स्व० मोतीराम भट्टले कवि भानुभक्त आचार्यको जीवनलाई संग्रह गरी वि० सं० १९४४ मा 'भारत जीवन छापाखाना'—बाट प्रकाशित गरे।

यसरी नै "पंचक प्रपंच" ग्रन्थ "शकुन्तौ" ग्रन्थ, "नीति दर्पण", 'उखानको वखान" "उषा चरित्र", "कमल भ्रमर संवाद", "स्वप्नाध्याय संग्रह", र "भानुभक्तको जीवनी" लेखेर परम्पराको जन्म गराए। नेपाली गद्यको रूपमा आधुनिकता ल्याउने श्रेय कवि मोतीराम भट्टलाई नै छ। यिनले नेपाली गद्य साहित्यको रूपलाई परिमार्जन गरे। जननी जन्मभूमिप्रति श्रद्धालु हृदय भएका यी कविको मृत्यु वि० सं० १९५२ मा भयो। उनैको परिश्रमस्वरूप यो आधुनिक युगको खुड्किलोमा साहित्यले काँचुली फेर्दै परिवर्तन हुँदै आएको भन्नमा संदेह छैन।

आज नेपाली भाषा साहित्यको रूपरेखामा जटिल समस्याहरू उत्पन्न भएका छन्। यी समस्याहरूको समाधानसम्बन्धी परम्परा र वर्तमान युगको विचारार्थ प्रस्तुत गर्नु नै महत्वपूर्ण सृजनात्मक प्रयास हुन सक्दछ। युगसँग साहित्यको घनिष्ट सम्बन्ध रहन गएको छ। हामी, हाम्रो जातित्वको परिचय दिन अन्य जातीय सम्प्रदायको माझमा हाम्रो राजनैतिक, सामाजिक र सांस्कृतिक परिचयलाई उन्नत जातिको स्तरमा दँजाई हामीले हाम्रो अस्तित्व राख्नुपरेको छ।

यसरी नै पाश्चात्य जगत्‌का साहितियक जे० सी० हिलसले भन्नुभएको छ—"I shall not pass this way again. अर्थात् यो संसारमा फेरि जन्मन्छु भन्ने मलाई लाग्दैन। अर्को युगप्रतिभाशाली साहितियक शेक्सपियरले भन्नुभएको छ:—Let the end try the man" अर्थात् मानवताको निम्ति कर्त्तव्यपरायण हुने प्रचेष्टा गर। यी सबका अर्थ हुन् राष्ट्र, समाज, एवं मानव भाषालाई साहित्यको ज्ञान र सभ्यताले माझेर चम्काउनु। यी साहित्यले हाम्रा विभिन्न क्षेत्रमा दिनहुँ नयाँ नयाँ कृतिहरू प्रकाशन हुँदै आइरहेका छन्। यो अध्ययनात्मक युगका तरुण साहित्यिकहरूका लक्ष्यमा साहित्य सुझाको नयाँ स्रोत उलेको छ। आज भारतका अन्य भागहरू छाडेर विशेष दार्जीलिंगका धेरै साहित्यिकहरूप्रति आशालाग्दा, भरपर्दा साहित्यिकहरू प्रविष्ट गरिरहेका

पाउन लागेका छौं, हाम्रा निम्ति यो एउटा गर्वको कुरा हो। यही चलिरहेको दशकअन्तर्गत कवि र लेखकहरू साहित्य क्षेत्रको लक्ष्यमा बढिरहेका हामी पाइरहेका छौं। यस्ता साहित्यिकहरूमध्ये सर्वश्री समीरण क्षेत्री, नन्द हांगखम, विक्रम रूपाखा, प्रकाश राई 'कोविद', रामलाल अधिकारी, सुवास घिसिङ, प्रेम योनजन, दावा वमजन, नारद क्षेत्री, मदनकुमार ओझा, एडोन रोङगोङ, आर० मोक्तान, आई० के० सिंह, नीमा छिरिङ, असित गुरुङ, सुरेश राई, ज्ञान सुतार, काजी प्रधान, हर्क योनजन, लक्ष्मण श्रीभक्त र के० के० बरुवा, अझ यस्ता साहित्यिकहरू अनेक छन्।

पूर्वदशकदेखि नै साहित्यमा अवतरित भइरहेका उल्लेखयोग्य साहित्यिकहरू मध्ये सर्वश्री स्व० अगमसिंह गिरी, इन्द्रबहादुर राई, जगत क्षेत्री, कृष्णसिंह मोक्तान, गाब्रियल राणा, गुमानसिंह चामलिङ, जगत राई, वैरागी काइँला, कुमार प्रधान, वीरविक्रम गुरुङ, ईश्वरवल्लभ, राजनारायण प्रधान, हरीश बमजन आदि हुन्।

दार्जीलिङ क्षेत्रका कतिपय विशिष्ट साहित्यिकहरू केही वर्षअघिसम्म साहित्य सेवामा संलग्न थिए। तिनीहरूका साहित्यिक प्रतिभा होइन वरंच लेखनी निष्क्रिय भइरहेका आज हामी देख्न लागिरहेका छौं। यसमा खेद प्रकट गर्नु म अस्वाभाविकता ठान्दिनँ। यस्ता श्रेणीमा श्री एम० एम० गुरुङ, श्री मोहन थापा, श्री नीलम प्रधान, श्री शिवकुमार राई र अझ कति छन्।

साहित्य सृजनाले नै आज मानवलाई मानवताको निम्ति संघर्ष गर्न सिकाइरहेछ। साहित्यले नै जागरूकता ल्याउँछ अनि कर्त्तव्यपरायण कर्मठ बनाउँछ। यो अध्ययनात्मक युग चम्केको उज्यालोमा हाम्रोपनाको खाँचोलाई पूर्ति गर्न युगचित ब्यूँझेका साहित्यिक प्रतिनिधिहरूले जातीय संस्कृतिको अस्तित्व, राष्ट्र महत्व र आफ्नो मातृभाषाको जगेरा गर्न महत्वपूर्ण एवं प्रगतिशील कथा, कविता, उपन्यास, निबन्ध र अनुसन्धानात्मक लेखहरू लेखेर उन्नत नेपाली युगलाई आह्वान गर्नुपर्छ अनि मात्र हाम्रो भविष्य साकार हुनेछ। भावी सन्तानहरूले समाज र राष्ट्रलाई दरिलो बनाउनमा सहयोग पाउनेछन् एवं मातृभाषाको जगेरा हुनेछ।

(३-६-६९ मा प्रसारित आकाशवाणी खरसान्‌बाट)

CC-0. In Public Domain. Digitization by eGangotri

एक टुक्रा

—गोविन्दे

प्रीति गाँस्ने रहर लिएर
बैंसको शहरभित्र आएँ—तर
शहरभित्र मायाहरू निसास्सिएका पाएँ।
गीत गाउने सुर लिएर
मञ्चअघि उभिएँ—तर
मेरै अघि गीतहरू रोइरहेका पाएँ।
पूजा गर्ने फूल बोकेर
ईश्वर खोज्दै आएँ—तर
मान्छेभरि ईश्वर पनि बेचिएको पाएँ।

—महानदी।

नयाँ स्वर:

हामी नेपाली

—दुर्गा लामा

यहीं जन्मेर यहीं मर्ने हामी नेपाली
यहीं मरेर यहीं जन्मने हामी नेपाली।
पहाड़ फोरी यहाँ बस्ने हामी नेपाली
देशको निम्ति मर्ने सधैं हामी नेपाली।
पहाड़—मधेश फैली बस्ने हामी नेपाली
आफ्नै पसीनामा बाँच्ने हामी नेपाली।
सत्यभित्र सधैं बाँच्ने हामी नेपाली
पीर र व्यथा बोकी हाँस्ने हामी नेपाली।

तीनधारे।

काठमाडौं (नेपाल) बाट प्रकाशित हुने नेपाली साहित्यका प्रतिनिधि पत्रिकाहरू पढ्नोस्।

१. संचय (नेपाली डाइजेस्ट)—सम्पादक-वासु 'शशी'
२. रत्नश्री (द्वैमासिक)·········मदनदेव भट्टराई
३. खर्पन

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषा र संविधानको भाषानीति

—कुमार घिसिङ्ग

[सम्पादकको टिप्पणी :—नेपाली भाषालाई भारतीय संविधानको अष्टम अनुसूचीमा अन्तर्गत गराउन हाल अखिल भारतीय संघर्ष चलि रहेको कुरा सर्व विदित छ। यस अभियानमा अखिल भारतीय नेपाली भाषा समितिले प्रमुख भूमिका निभाएको छ। विभिन्न स्थानका संयुक्त प्रतिनिधि दल (जुन अ. भा. ने भा. समितिको तत्वावधान र नेतृत्वमा गएको थियो।)-लाई प्रधान मंत्री महोदयाले नेपाली साहित्यको समृद्धि, नेपालीको जनसंख्यामा समर्थन दिनुभएर पनि नेपाली भाषाको माग-लाई "राष्ट्रिय सुरक्षा" को अंकुशे (प्रश्न)-मा झुण्डयाएर फर्काउनु-भयो। तर यो राष्ट्रिय सुरक्षाको प्रश्न त देशका कर्णधारहरूबाट चाँडै समाधान होला र नेपाली भाषा पनि राष्ट्रिय भाषाको रूपमा संविधान-को अष्टम अनुसूचीमा अन्तर्भुक्त होला भन्ने आशा र विश्वासको जरा हामीमा फैलिसकेको समय कुमार घिसिङ्गजी "नेपाली भाषा र संविधान-को भाषा नीति" मा गंभीर प्रश्न बोकेर आउनुभएको छ। हाम्रो कर्तव्य हो वास्तविकलाई पैलाएर उचित कदम उठाउनु। जसरी होस्, हामी-हाम्रो अधिकारबाट वञ्चित हुन नसकौं।]

भारतीय भाषाका भाषाविद् सर जार्ज ग्रियर्सनले नेपाली भाषा पनि भारतको भाषा नै हुन् भनो ऐतिहासिक प्रमाण दिइसकेपछि सन् 1909 सालमा जब मर्ले-मिन्टो सुधार आयो, तब नेपाली भाषालाई सरकारी भाषाको रूपमा स्वीकृति दिनुपर्छ भनि मांग राखिएको थियो। त्यसपछि फेरि भारतका राष्ट्रिय अध्यापक, भाषाविद् डाक्टर सुनीति कुमार चटर्जीले भने-नेपाली भाषा भारतका राष्ट्रिय भाषाको रूपमा गनिनुपर्छ र यसमा लेखिएको साहित्य-को विकास हुनुपर्छ।

ग्रियर्सन र सुनीति कुमार चटर्जी लगायत नेपाली भाषालाई अनुसन्धान, प्रसार र प्रचार अनि यसको विकासमा जोड़ दिने खट्ने वकालती गर्ने असंख्य अनेपाली विद्वानहरू भए। यसै तथ्यलाई अघि राख्दै सन् 1956 सालमा नेपाली

CC-0. In Public Domain. Digitization by eGangotri

भाषालाई संविधानका आठौं अनुसूचिमा गाम्नु पर्छ, भनि सर्वप्रथम संसद्मा मांग राखियो। यस सन्दर्भमा त्यस वेलाका राजकीय भाषा समितिका केन्द्रीय अध्यक्ष बी० जी० खेरले एउटा अर्थहीन तर्क राखेर भने—'नेपाल एउटा स्वतन्त्र देश हो, यसकारण त्यस देशको भाषालाई संविधानको आठौं सूचीमा सामेल गर्न सकिदैन" अनि त्यस वेलाका गृहमंत्री बी०एन० दातारले अड्को थापे—सन् 1951 सालको जनगणना अनुसार भारतमा नेपाली भाषा-भाषीहरूको संख्या 4.21.688 मात्र छन्। र यो संख्या संविधानलाई मान्य छैन" र भने अब 1961 सालको जनगणना सम्म पर्खौं।" आठौं अनुसूचित नभए पनि पश्चिम बंगाल राज्यका सरकारी उपभाषाको रूपमा नेपाली भाषालाई मान्यता दिनु पर्छ, भनि फेरि सन् 1958 सालमा पश्चिम बंगाल विधान सभामा कुरा उठान भयो। यस भन्दा अघिसन् 1955 सालमा एस० आर० सी० (राज्य पुनर्गठन समिति) दार्जीलिङ्गमा आए, र त्यस समितिले नेपाली भाषा सम्बन्धी के सिफारिस गऱ्यो भने—कुनै जिल्लाका जनसंख्यामा भाषा विशेष बोल्नेहरूको संख्या यदि 70 प्रतिशत छ भने र साथै तिनीहरू राज्यका अल्पसंख्यक हुन् भने त्यस जिल्लामा राज्यको भाषा होइन, तर त्यस अल्पसंख्यकको भाषा त्यस जिल्लामा राजभाषा हुनेछ, यस हिसाबले दार्जीलिंग जिल्लाका वा तीनवटा पहाड़ी सब-डिभिजनको मात्र पनि नेपाली भाषा-भाषीहरूको जनसंख्या यो स्तर भन्दा धेरै नै तल छ।" राज्य पुनर्गठन समितिका यही सिफारिसलाई केन्द्रीय सरकारले खूबै हर्षसाथ माने। अब 1961 सालको जनगणनासम्ममा नेपाली भाषा दार्जीलिङ्ग जिल्लामा कहाँ-कहाँ कसरी प्रयोग हुनु पर्छ र (हुँदैछ) त्यस सम्बन्धमा उस वेला पश्चिम बंगालका मुख्य मंत्री डा. बी. सी. रायले एउटा वक्तव्य जारी गरे जुन यो थियो।

(क) दार्जीलिंग जिल्लामा प्राइमरी र माध्यमिक पाठशालाहरू छन्, जहाँ नेपाली मातृभाषा भएका छात्रहरूलाई नेपाली भाषामा शिक्षा दिइन्छ। तेस्रो श्रेणीका निम्ति 'किशलय' नेपाली भाषामा प्रकाशित भएको छ।

(ख) दार्जीलिङ्ग जिल्लाका पहाड़ी इलाकाहरूमा अदालती भाषा हिन्दी स्वीकृत भए तापनि वस्तुतः अदालतहरूमा हिन्दी नेपाली अनि बंगला, भाषाहरू प्रयोग हुन्छैन्।

(ग) राज्य सरकारका नोकरीहरूमा क्लर्कशिपका परीक्षामा जनसेवा आयोगले बंगला अनिवार्य विषय राखे तापनि कुनै उम्मेदवारले बंगलाको सट्टामा नेपाली भाषा लिन सक्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) सरकारी अफिसरहरूलाई भाषा सिक्न प्रोत्साहन दिन नेपाली भाषामा पनि जाँचहरू राख्ने अनि सफल उम्मेदवारहरूलाई पुरस्कारहरू दिने व्यवस्था छ।

(ङ) नेपाली सदस्यहरूलाई विवरण दिनु दार्जीलिङ्गका पहाड़ी विकास खण्ड अधिकारीहरूले नेपाली भाषामा कार्यवाही लेख्ने निर्देश दिने काम भएको छ।

(च) दार्जीलिङ्ग जिल्लामा मुख्य मुख्य सरकारी विज्ञप्तिहरू नेपाली भाषामा प्रकाशित गर्ने व्यवस्था छ।

(छ) संसद तथा राज्य विधान सभाका निर्वाचकहरूका सूची देवनागरी लिपिमा तैयार हुन्छन् जुन नेपाली भाषाको पनि लिपि हो।

(ज) नेपाली भाषहरूका जानकारीको निम्ति सरकारी पोस्टर पर्चा विधान सभाका कानूनहरू नेपाली भाषामा प्रकाशित हुन्छ।

(झ) नेपाली भाषामा एउटा साप्ताहिक पत्रिका सरकार द्वारा प्रकाशित हुन्छ।

(ञ) सरकारी सूचनाहरू विज्ञप्तिहरू इत्यादि नेपाली भाषामा प्रकाशित हुन्छ।

अन्त्यमा मुख्य मंत्रीले भनेका छन् कि 1961 सालका जनगणनाको विवरण प्राप्त हुने साथ म, आशा गर्छु, पहाड़ी इलाकाहरूमा नेपाली भाषा बोल्नेहरूको संख्यामा वृद्धि पाइने छन्, अनि त्यसैको आधारमा पश्चिम बंगलाका पहाड़ी इलाकाहरूको निम्ति नेपाली भाषा सरकारी [illegible]को भाषा स्वीकार गरियोस् भनि सरकारले राष्ट्रपतिसित अनुरोध गर्ने छ।

अब जनगणनामा आऊँ। जसमा सारा शासकहरू, नेताहरू, बुद्धिजीवीहरूको ध्यान केन्द्रित थियो। नेपाली भाषा पनि जनगणनामानै निर्भर थियो। यदि जनगणनानै भारतका नेपालीहरूको भाग्य निर्माणकर्ता हो भने, हाम्रो दुर्भाग्य हो। ५० लाखको संख्या सरकारलाई देखाउनु सक्नु 'फलामको चिउरा चपाउनु' जातिकै हो। सन् 1935 सालदेखिको नेपाली भाषीहरूको संख्या अब हेरौं :—

(१) सन् 1931 सालमा—92,970 (दार्जीलिङ्ग जिल्लामा,)
(२) सन् 1941 सालमा—92,170 (केही परिवर्तन छैन)
(३) सन् 1951 सालमा— 88,158 (संख्या अझ घटयो)
(४) सन् 1961 सालमा–5,24,797 (पश्चिम बंगालभरीको संख्या)
(५) सन् 1971 सालमा—7,65,677 (सबै जाती मिलाएर दा० जिल्लाको संख्या)

जनगणनामा कत्तिको हेला भएको छ भने 1931 देखि 1941 सम्ममा दार्जीलिग जिल्लामा एक जना सम्म पनि जनसंख्या नबढन कति आश्चर्यको करो

CC-0. In Public Domain. Digitization by eGangotri

छ। अझ तीन छक्क पर्ने कुरा के भने 1951 मा जनसंख्या बढ़ेर आउनुपर्ने सट्टामा अझ घटेर आयो। फेरि केन्द्रीय सरकारको रिपोर्ट छ 1951 सालको जनगणना अनुसार सम्पूर्ण भारतभरीमा नेपाली भाषीहरूको संख्या 4,21,628 हजार मात्र छन्। हरेक दश वर्षको जनगणनामा नेपालीहरूको संख्या हराउँछ कुन राक्षसले खान्छ त्यो ? एकातिर भन्छ भारतमा च्याउ उम्रेको जस्तै गरि जनसंख्या बढ्छ। तर पश्चिम बंगालमा भने नेपालीहरूको जनसंख्या घट्छन्। शायद 'परिवार नियोजन' को लगाम जबर्जस्ती लगाएर नेपाली भाषीहरूको जनसंख्या तानिदिएको हो कि ? यदि जनसंख्यानै हाम्रो मांग र अधिकारहरूको 'चाबी' हुन् भने यसमा हामीले ध्यान दिने समय आएको छ। हरेक दश वर्षमा प्रकाशित हुने जनसंख्यामा नेपाली भाषीहरूका संख्यामा केही न केही हेरफेर पाइन्छ। नेपाली भाषीहरूको संख्या कहिले संतोषजनक हुँदैन। सन् 1961 सालको जनगणना प्रकाशित हुँदानै जोड़दाररूपमा प्रतिवाद हुनु पर्ने थियो। तर त्यस वेला दार्जीलिङ्गमा एउटा आँधी चलिरहेका थिए। भाषा ! भाषा ! को यो आँधीमा सबै एकोहोरिएका थिए। हड़ताल, नारा, प्रदर्शनको लहर थियो। फलस्वरूप दार्जीलिङ्ग जिल्लाका तीनवटा पहाड़ी सबडिभिजन दार्जीलिङ्ग, खर-साङ, कालिम्पोंगमा नेपाली भाषाले सरकारी कामकाजी भाषाको रूपमा मान्यता पायो। भाषा कुन रूपमा पायो र यसको सरकारी नीति के छ ? यो मौखिक-रूपमा दियो कि ? वैधानिकरूपमा मान्यता दियो ? संविधानका धारा 347 अनु-सार नेपाली भाषालाई मान्यता दिएको हो कि ? यसमा राष्ट्रपतिको अध्यादेश जारी गरिएको थियो के ? यदि नेपाली भाषीलाई राज्यको उपभाषाको रूपमा स्वीकृति दिएर राष्ट्रपतिको अध्यादेशनै जारी गरिएको थियो भने, आज सम्म यहाँका सरकारी अधिकारीवर्गलाई नेपाली भाषामा अफिसको कामकाज गर्नु पर्छ भन्ने निर्देश किन दिइएन ? नेपाली भाषा उल्लेखित तीन सब डिभिजनका जिल्ला स्तरीय अफिसहरूमा किन अनिवार्य घोषित भएन ? कुनै जिला स्तरीय अधिकारीवर्गलाई नेपाली भाषा किन अवहार गरिदैन भनि प्रश्न गर्दा जवाब हुन्छ, मलाई सरकारबाट केही आदेश छैन।" जिल्लाको तीन सब डिभिजनमा नेपाली भाषा कुन रूपमा छ ? केवल अभ्यासको निम्ति कि व्यवहारको निम्ति ? यो बडो विचारनीय कुरो छ। यदि राज्यका उपभाषाको रूपमा राष्ट्रपतिले संविधानका धारा 347 अनुसार घोषित गरिएको हो भने यस भाषाको प्रसार प्रचार प्रगतिका निम्ति राज्य सरकारबाट के के सुविधाहरू उपलब्धी भयो ? तर आज सबैलाई थाहा भएको कुरा हो, दार्जीलिङ्ग जिल्लाका तीनवटा पहाड़ी सब-

CC-0. In Public Domain. Digitization by eGangotri

डिभिजनमा नेपाली भाषा कीलामा बाँधेर राखेको मोटे कुकुर जस्तो हाउँ हाउँ गर्दै भुक्छ मात्र तर त्यसले कसैलाई टोक्न भने सक्तैन।

नेपाली भाषाले यहाँ सास फेरिसक्दा नसक्दा, अब यता अर्को आँधी शुरू भयो। त्यो हो नेपाली भाषालाई संविधानको आठौं सूचीमा मान्यता दिनु पर्छ भन्ने। मांग मांग्न संस्था, समितिहरू विभिन्न ठाउँहरूमा खड़ा भए। अनि एउटा आधार लियो कि हामी नेपाली भाषाहरू भारतमा पचास लाख भन्दा बड़ो संख्यामा छौं। भाषालाई संविधानमा मान्यता दिनुलाई सरकारले जन-गणनालाई नै महत्व दिन्छ भने, हामीले अघिका आपत्तिजनक जनगणनामा किन ध्यान दिएनौं? 1931, 1941, 1951 यो अवधिको जनसंख्यामा किन सुधार भएन? पचास लाखको जनसंख्या जनगणनाकै पुस्तिकामा किन देखाउन सक्तैनौं? भारतमा नेपालीहरूको संख्या पचास लाख छन्, त्यो सबले भन्छ। जिल्लाका तीनवटा राजनैतिक दलहरूको नारा पनि त्यही छ, कि नेपालीहरू भारतमा पचास लाख छन्। सबै संस्था समितिहरू कराउँछन् हामी पचास लाखको संख्यामा छौं, पचास लाख जरूर छौं, हामी छौं। तर कुरा के छ, भने बिराला का घाँटीमा घन्टी कसले लाउने?' भनेको जस्तो, भारतमा पचास लाख नेपाली-हरूको प्रमाणित जनसंख्या निकालेर कसले सरकारलाई विश्वास दिलाउने? हामीलाई सरकारले देखाएको जनसंख्यामा विश्वास छैन त हामीले देखाएको जनसंख्यामा सरकारलाई विश्वास छैन। अब यसमा चाहिं जिल्लाका राजनैतिक संस्थाहरूले खुबै सतर्कता देखाउनु पर्ने हो। यस्ता कति कारणहरू छ, जसले गर्दा हामी आफैंने चाउरिनु पर्छ।

नेपाली भाषालाई जिल्लाका तीनवटा सब डिभिजनका सरकारी अफिस-हरूमा ठोसरूपले चलाउन नसक्नु हाम्रो कमजोरी हो। भाषा पाएर हामीले ताकमा राख्यौं। तर राख्नै पर्ने अवस्थामा हामी थिए छौं।

संविधानको भाषानीति

अब आउँ, संविधान निर्माण सभाले सेप्टेम्बर 1949 सालमा भाषा संबन्धित नीति पारित गर्‍यो। यो नीति 27 जनवरी 1950 सालमा देशका मौलिक विधानको रूपमा परिवर्तित भएर नवनिर्मित संविधान लागु भयो। संविधानमा भाषा नीतिका छवटा विशेष कड़ीहरू राखिए।

१. संघीय भाषा (धारा 343—46, 351)

२. प्रादेशिक भाषाहरू (धारा 345—47)

३. हाई कोर्ट र सुप्रीम कोर्टको भाषा (348—49)

CC-0. In Public Domain. Digitization by eGangotri

४. विशेष निर्देश (350—51)
५. आठौं अनुसूची,
६. संसद तथा विधान सभाहरूका भाषा (120—210)

संविधानले देशलाई सर्वप्रभुत्व सम्पन्न प्रजातन्त्रात्मक संघ राज्य घोषित गरे । भाषा नीतिमा पनि प्रजातन्त्रात्मक ढंग नै अपनाए । भाषाको विभिन्नताहरूमा पनि समस्त भारतीय नागरिकहरूलाई प्रजाको रूपमा मानेर सबै भाषाहरूका शैक्षणिक अनि सांस्कृतिक एकाई अभिवृद्धि गर्न अग्रसर भयो । र विभिन्न व्यवस्थाहरूलाई निर्देश गर्दै संस्कृत र शिक्षा सम्बन्धी मूल अधिकारहरूलाई (29, (1—2), 30 (1—2) अनुसार रक्षा गरिएको छ ।

अब धारा 29 को व्यवस्था हेरौं, यस अन्तर्गत कुनै भाषा राज्य सरकार द्वारा सूचित, अनुसूचित केही नभए पनि यस भाषाका संस्कृति, शिक्षा आदिमा व्यवहार गर्दा कसैबाट केही बाधा हुँदैन । अब नेपाली भाषाको सम्बन्धमा दार्जीलिङ्ग जिल्लाका तीनवटा पहाड़ी सब-डिभिजनमा राज्य सरकार द्वारा एउटा 'जनाउ' भाषाको रूपमा अर्थात् पहाड़ी भाषा छ, भन्ने सूचना मात्र हुन् । (Statute Book) कानुनी खातामा लेखियो कि पहाड़ी अंचलमा स्थानीय भाषा प्रयोग गर्दा "अपराध ठहरिदैन" बस यति नै सुविधा हो । यदि राष्ट्रपतिले (3 7) धारा अन्तर्गत आदेश जारी गरेको भए, नेपाली भाषाले (धारा 345) अनुसार राज्यमा उपभाषाको पद प्राप्त गर्ने अधिकार राख्ने थियो । अनिवार्यता घोषित नभएकाले तीनवटा पहाड़ी सब डिभिजनमा सरकारी अफिसतिर मनपरी प्रयोग हुन्छ, कसैले चलाउँछ, कसैले चलाउँदैन, केही 'बाध्यता' छैन ।

आठौं अनुसूची

'संघका भाषा हिन्दी भएकोले आठौं अनुसूचीमा उल्लेखित भाषाहरूका रूप शैली र पदावलिलाई आत्मसात् गर्दै जता आवश्यक र उचित ठहर्छ, त्यहाँ त्यसका शब्द भण्डारका निम्ति मुख्यतया संस्कृतबाट र अन्य भाषाहरूबाट शब्दहरू ग्रहण गरी त्यसको समृद्धि सुनिश्चित गर्नु संघको कर्तव्य हुनेछ । संक्षिप्त मा आठौं अनुसूचीको परिभाषा यो हो ।

भाषाहरू

संविधानका आठौं सूचीमा मान्यता प्राप्त सोल्हवटा भारतीय भाषाहरू :—

(1) हिन्दी, (2) असमिया, (3) उड़िया, (4) उर्दू, (5) कन्नड़, (6) कश्मीरी, (7) गुजराती, (8) तमिल, (9) तेलुगु, (10) पंजाबी,

CC-0. In Public Domain. Digitization by eGangotri

(11) बंगाली, (12) मराठी, (13) मलयालम, (14) संस्कृत, (15) अंग्रेजी, (16) सिन्धी ।

यस बाहिक प्रादेशिक भाषाहरूका रूपमा मानीलिएका भाषाहरू :—

(1) मैथिली, (2) भोजपुरी, (3) डोगरी, (4) मणिपुरी, (5) खासी, (6) अवधी, (7) राजस्थानी, (8) लद्दाखी, (9) कोंकणी (10) छत्तीसगढ़ी, (11) मालवी, (12) मगदी, इत्यादि छन्। तर अति नै खेदको विषय हो नेपाली भाषाको उल्लेख कतै छैन। अब प्रश्न आउँछ, नेपाली भाषाले कुन हैसियतमा अनि केको आधारमा संविधानको आठौं अनुसूचीमा मान्यता पाउनु पर्छ भनी मांग राख्ने साहस गर्छ ? जबकि नेपाली भाषा भारतीय शासकहरूका बुद्धि र विवेकमा भारतीय भाषा हुनु सकेको छैन। यसको लिस्टी न संसद्मा छ, न साहित्य एकेडेमीको भाषा सूचीमानै छ।

यदि जनसंख्याकै दुहाई दिएर भाषालाई मान्यता दिलाउने प्रयास भइरह्यो भने हाम्रो माँग क्षितिजमानै रहनेछ। बरु हामीले तथ्य राख्नु प्रयास गर्यौं भने शायद भविष्यमा कुनै मार्ग खुलिन्छ कि ? अंग्रेजी भाषा र सिन्धी भाषा-प्रति संविधानले के नीति अपनायो ? यदि जनसंख्यानै भाषा मान्यताको कड़ी हो भने, भारतमा अंग्रेजहरूको संख्या कति छ ? जुन अंग्रेजी भाषा संविधानका आठौं सूचीमा बिराजमान छन्। सिन्धीहरूको कुरा गरौं, सन् 1947 सालमा देश विभाजन हुँदा सिन्धीहरू पाकिस्तानबाट शरणार्थी भएर भारत आए। आज उही सिन्धीहरू भारतमा नेपालीहरू भन्दा पुराना नागरिक छन्। अनि सिन्धी भाषालाई संविधानले स-सम्मान मान्यता दिएको छ। तर नेपाली भाषालाई मान्यता दिने प्रश्नमा चाहिं नेपालीहरूको नागरिकताको प्रमाण र जनसंख्याको अड्को थापेर अल्झाएको छ। 'नदिने बजैले आइतबार बार्छिन्' भन्ने हाम्रो यो उखान यहाँ ठीक फिट भएको छ। राज्य विधान सभा र संसद्ले नेपाली भाषा प्रति जुन कूटनीति अपनायो त्यो सानीमाले अर्काको छोरा छोरीहरू माथि अत्यचार गरेको भन्दा पनि अझ क्रूर नीति भन्नु पर्छ। शासक र संविधान नै सर्वेसर्वा हो भने—भारतीय शासक र संविधानको भाषानीति बड़ो गजबको छ।

साहित्य एकेडेमीमा नेपाली भाषा ?

सन् 1954 सालमा केन्द्रीय सरकारका उस बेलामा शिक्षामंत्री मौलाना अबूल कलाम 'आजाद'ले एउटा नयाँ संस्था, साहित्य एकेडेमी नाम दिएर स्थापित गराए। यो अर्धसरकारी संस्थाको रूपमा थियो र यस संस्थाका

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम सभापति स्व० जवाहरलाल नेहरू थिए। साहित्य एकेडेमी स्थापना गर्नुको उद्देश्य थियो राजभाषा हिन्दोलाई विकसित गर्नुको सट्टा संविधानले मानेको चौधवटा भाषाहरूको विकास गर्नु र त्यसका साथ-साथै अन्य भाषाहरूलाई पनि आफ्नो कार्यसूचोमा राख्नु। एकेडेमी चौधवटा भाषाहरूमा मात्र सीमित नभएर अरू भारतीय भाषाहरूलाई पनि स्वीकृति प्रदान गर्न तत्परता देखाउनेछ, भनि प्रस्ताव पारित गरे। त्यसैका आधारमा अंग्रेजी भाषालाई भारतका भाषाको रूपमा स्वीकृति दियो। एकेडेमोका बुद्धिजीवीहरूले अंग्रेजी भाषा सम्बन्धी यस्तो तर्क राखे—'केही भारतीय लेखकहरूले अंग्रेजी भाषामा पनि लेख्छन्, यस कारण तुरुन्त यसलाई भारतीय भाषा मानेर प्रोत्साहन दिनु पर्छ।' अब फेरि सिन्धी भाषालाई मान्यता दिने प्रश्न आयो। देश विभाजनका कारणले लाखौंका संख्यामा सिन्धीहरू पाकिस्तान छाड़ेर भारतका शरणमा आए। तिनीहरूको आग्रहमा भारत सरकारले सिन्धी भाषालाई भारतीय भाषाहरूको सूचीमा सम्मिलित गरे। अनि यस पछि सन् 1957 सालमा साहित्य एकेडेमीले सिन्धी भाषालाई स्वीकृति दिए। यस सम्बन्धमा डाक्टर खुबचन्दानीले भनेका छन् कि साहित्य एकेडेमोले सिन्धी भाषालाई मान्यता दिएर सिन्धीहरूले भाषा संघर्ष जित्यो।" त्यस पछि अप्रेल 1967 सालमा संविधानको आठौं अनुसूचीमा विधिपूर्वक सिन्धीले मान्यता पायो। डा० खुबचन्दानीले भने—That it was a story of a homeless people, but people who had not lost sight of their culture and Language. They fought a long, persistent and determined fight therefore..." [H. O. June 1. 1968.]

सन् 1965 सालमा साहित्य एकेडेमीले एउटा नयाँ भाषानीति अपनायो। त्यस नीति अनुसार भारतका उपभाषाहरू र प्रधान प्रादेशिक भाषाहरूलाई नजिकका सम्पर्कमा ल्याउने प्रयास भयो। त्यसका निम्ति भाषाविद्हरूका उपसमिति पनि गठन गरे। अनि त्यस समितिका अध्यक्ष डा० सुनीति कुमार चटर्जी भए। त्यस उपसमितिले नयाँ भाषाहरूलाई एकेडेमो द्वारा मान्यता दिनु केही सिद्धान्तहरू राखे। त्यस सिद्धान्त अन्तर्गत राखिएको जांचमा ठीक उत्तीर्ण भए भाषालाई मान्यता दिने। त्यो छोटकरीमा यस्तो थियो :—

१—भाषा गठनको दृष्टिबाट के यो स्वतन्त्र भाषा मानिन्छ ? कि यो कुनै अरू भाषाको उपभाषाको रूप हो ?

२—के यो भाषाको साहित्यिक परम्परा अनि इतिहास अविच्छिन्न रूपमा कस्तोको पनि तीन शताब्दीदेखि चलिरहेको छ ?

CC-0. In Public Domain. Digitization by eGangotri

३—के बहुसंख्यामा जनताका कुनै वर्गले यस भाषालाई साहित्य पनि संस्कृतिको माध्यमका रूपमा अपनाएको छ ?

४—जुन प्रदेशमा यो भाषा बोलिन्छ, के त्यहाँका राज्यले त्यसलाई प्रादेशिक भाषाको रूपमा स्वीकृति दिएको छ ? अथवा कुनै विश्वविद्यालयले त्यसलाई शिक्षाका माध्यमको रूपमा अथवा स्वतन्त्र विषयको रूपमा मान्यता दिएको छ ।

५—के त्यस भाषा बोल्नेहरूको संख्या पर्याप्त छन् ? के त्यसमा वर्तमान साहित्य प्रचुर मात्रामा निस्किन्छ ? जस्तो पुस्तकहरू, पत्रिकाहरू ! साहित्य एकेडेमीका यी पाँचवटा प्रश्नहरूको जाँचमा नेपाली भाषा सहजै उत्तीर्ण हुन सक्छन् । अब एकेडेमीका भाषानीति अनुसार मैथिली भाषा र डोगरी भाषालाई मान्यता दिने प्रश्न खड़ा भयो । साहित्य एकेडेमीका भाषा उपसमितिले छलफल गरी मैथिली भाषा र डोगरी भाषालाई मान्यता दिए पछि फेरि मगधी भाषा बाहिक राजस्थानी भाषा र मणिपुरी भाषालाई मान्यता दिइयो । हाल साहित्य एकेडेमीका भाषा सूचीमा राजस्थानी भाषा बीस नम्बरमा छन् । अब ती भाषा-हरू संविधानका आठौं अनुसूचीमा सम्मानित हुनलाई समर्थ भएर लाइनमा उभेको छ ।

आठौं सूचीमा पुग्न मैथिली भाषा र डोगरी भाषा ... होड़ लागेको छ । संसदमा यो भाषाका प्रतिनिधिहरूले निकै आवाज उठाइसकेको छ । यसमा विशेष डोगरी भाषाको निम्ति निकै जोड़ छ । किनभने केन्द्रीय पर्यटन मंत्री डा० कर्णसिंहको मातृभाषा डोगरी हुन्, साथै तिनी डोगरी भाषाका प्रतिभाशाली लेखक र कवि पनि हुन् । डोगरी भाषालाई संविधानको आठौं अनुसूचीमा मान्यता दिलाउन डा० कर्णसिंह रातदिन प्रयासमा लागेका छन् ।

नेपाली भाषाका इतिहासमा विख्यात भाषाविशेषज्ञ डा० सुनीति कुमारको नाम कहीं न कहीं पढ्न पाइन्छ । नेपाली भाषा भारतका भाषा हुन् भनि ऐतिहासिक प्रमाण दिएर वहाँले यो नेपाली भाषालाई भारतका पन्ध्रौं भाषाको रूपमा मानिलिनु पर्छ भनि जुन आवाज उठाइदिएर गुण लगाउनु भएको छ, त्यो भारतका नेपाली भाषी जनताले कहिले पनि भुल्न सक्तैन । वहाँ जस्ता विद्वान शुभचिन्तक आज साहित्य एकेडेमीका उपभाषा समितिको अध्यक्ष पनि छन् । अब प्रश्न आउँछ, जब साहित्य एकेडेमीमा मैथिली, डोगरी, राजस्थानी, मणिपुरी, भोजपुरी, अवधी, लद्दाखी, मगधी, कोंकणी, मालवी, छत्तीसगढ़ी, खासी, इत्यादि भाषाहरूलाई मान्यता दिने प्रश्न उठ्दा, डा० चटर्जीले एकेडेमीमा नेपाली भाषालाई पनि मान्यता दिनु पर्छ भन्ने प्रश्न किन उठाउनु भएन ?

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा मान्छौं डा० सुनीति चटर्जी, नेपाली भाषाको प्रतिनिधिका रूपमा साहित्य एकेडेमीमा बस्नु भएको होइन। तर नेपाली भाषाको वर्तमान अवस्थाप्रति डा० चटर्जी खुबै अवगत हुनु हुन्छ। र साथै नेपाली भाषा प्रति सहानुभूति र सद्भावनाको दृष्टि सदा वहाँले राख्नु हुन्छ। तर वहाँ जस्ता सहानुभूतिशील व्यक्ति उपभाषा समितिका अध्यक्ष हुँदा-हुँदै पनि साहित्य एकेडेमीका भाषा-सूचीमा नेपाली भाषा नपर्नु आश्चर्यको कुरा हो। सम्भवतः यो कमजोरी पनि हाम्रै हुनु पर्छ।

साहित्य एकेडेमीले नयाँ भाषालाई मान्यता दिने बारे एउटा नीति निर्धारित गरेको छ जसमा नयाँ भाषालाई मान्यता दिने प्रस्ताव आयो भने भाषा शास्त्रीहरूको उपसमिति गठन गरी त्यसमा त्यो प्रस्ताव विचाराधीन राखिने छन्। त्यस नयाँ भाषाको प्रस्ताव भाषाशास्त्रीहरूको उपसमितिमा पठाउनु भन्दा अघि यसको सूचना एकेडेमीको साधारण सभा कि सम्बन्धित राज्य सरकारलाई दिनु पर्छ। अब यस्ता कामका निम्ति संस्था, समितिहरूले तत्परता देखाउनु पर्ने छ।

साहित्य एकेडेमीको भाषानीति र भारतीय संविधानको भाषा नीतिले उति मेल खाँदैन। एकेडेमी भन्छ—'भारतका अधिक भन्दा अधिक उपभाषाहरूलाई मान्यता दिएर प्रोत्साहन गरेर त्यसको विकास गर्ने हाम्रो नीति छ।' एकातिर संविधान भन्छ—"अब आठौं अनुसूचीमा भाषाको सिद्धान्त बढ़ाइँदैन।" त्यसो हो भने, अघि चौधवटा भाषाहरूलाई मात्र "भारतीय भाषा" मानेर संविधानमा मान्यता दिएको थियो। संविधान त्यो चौधवटा भाषामा नै किन अड़ेर बसेन? संविधानको त्यही सिद्धान्त र नीति थियो भने—अंग्रेजी र सिन्धी भाषाले कुन रूपमा अनि कुन आधारमा संविधानमा मान्यता पायो? भारतीय शासकहरू र संविधानको भाषानीति यहीनै मथिंगल घुमाउने छ।

यदि हाम्रा भाषाशास्त्रीहरू राजनैतिक दलहरू, अन्य बुद्धिजीवीहरू संगठित भएर विधिपूर्वक माग राखियो भने नेपाली भाषाले साहित्य एकेडेमीमा त खुट्टा टेक्छनै, साथै भविष्यमा आठौं अनुसूचीका निम्ति पनि समर्थ भएर उभिन्छ। यहाँ कता कसो कसो, के के भएको जस्तो लाग्छ, कि हाम्रो 'एप्रोच' अलिक विधिपूर्वक भएको छैन कि? निकै गहिरो विचार गर्नु पर्ने भएको छ। संस्था, समितिहरू द्वारानै भए पनि फिलहाल दार्जीलिङ्गमा भाषाशास्त्रीहरूको 'परामर्श समिति' गठन हुनु खुबै आवश्यक देखिन्छ। त्यस पछि एकेडेमीको पाँचवटा सिद्धान्तमा तत्काल ध्यान दिनु आवश्यक छ। हामीले 'भारतीय ज्ञान-

CC-0. In Public Domain. Digitization by eGangotri

पीठमा पनि ध्यान दिनु पर्छ। 'भारतीय ज्ञानपीठ' भारतका श्रेष्ठतम साहित्यिक संस्थानहरू मध्ये एक हुन्। त्यस संस्थानमा भारतका लगभग पचास जना जति मानिएका विद्वानहरूको 'परामर्श परिषद' छन्। सबै जातिका भाषाशास्त्रीहरूको 'परामर्श समितिहरू' छन्। नेपाली भाषाको पनि 'परामर्श समिति' गठन हुनु पर्छ। र अन्य भाषाका भाषाशास्त्रीहरूको मत सम्मत लिनुका साथ-साथ, साहित्यिक र भाषिक सम्पर्क पनि कायम हुनु पर्छ।

यो खुबै ध्यान दिनु पर्ने कुरो हो, भारतमा [भारतभित्रका] नेपाली भाषाको प्रचार छैन। संविधानका आठौं सूचीमा समावेश हुने मांगमा नेपाली भाषाले प्रशस्तै अमूल्य समयहरू खेरो फ्यांके। अब जाग्ने बेला आएको छ। हामीले संविधानको भाषानीतिलाई नपछ्याएर अब साहित्य एकेडेमीको भाषानीतिलाई पछ्याउँदा कतो होला ?

—सुनदह

पढ्नोस् !

काठमाडौंबाट गोपाल गुरुङको सम्पादन र प्रकाशनको हप्ते समाचार पत्र।

न्यूलाइट

CC-0. In Public Domain. Digitization by eGangotri

कथा—३

काकाकुलको तिर्खा

—हस्तबहादुर नेपाली,

रविबारको दिन थियो। टाइफाइडले गलेको म बिछ्यौनामा नै लड़िरहेको थिएँ। मेरो बिछ्यौनाको नजीकमा सानो टेबलमाथि औषधिका बोतलहरू हर्लिक्सको बोतल, केही फलहरू र बिस्किटका प्याकेटहरू थिए। मुमा अन्यत्र जानुभएको थियो, म एकलो थिएँ। साथी थियो त केवल टेबलमाथि बजिरहेको ट्रान्जीस्टर। कसो कसो गर्दा मेरो आँखा टेबलमाथिको नोलो खाममाथि पर्‍यो। बिस्तारै लम्केर सो खाम टिपें। खाममाथि कुनै परिचित हस्ताक्षर द्वारा मेरो नाम लेखिएको थियो। हस्ताक्षर चिन्ह निकै घोरिएपछि बल्ल थाहा लाग्यो पत्र प्रियाले लेखेकी थिई। प्रियालाई पत्र लेख्न किन आवश्यकता पर्‍यो म छक्क परें। प्रिया अर्काकी पत्नी, तीन वर्षको लामो अवधिसम्म मबाट अत्यन्त बिरानिएपछि पनि आज फेरि मलाई पत्र लेख्ने के चासो पर्‍यो? नाना तर्क-वितर्कसाथ पत्र खोलेर पढ्न थालें, पूर्ण स्वस्थ नभएका मेरा हातका निर्बल औंलाहरू उत्तेजनाले थर थर काँपिरहेका थिए।

'मेरो आराध्य प्रीतम, ३-५-१९……

विस्मृतिका गर्भमा विलुप्त भइसकेका स्मृतिहरूले क्षण प्रतिक्षण मलाई बाँच्न कठिन र असह्य बनाइरहँदा आज यो पत्र नलेखी सकिनँ। आशा गर्छु अवश्य नै अभागिनीलाई क्षमा प्रदान गर्नुहुनेछ।

प्रीतम, तीन वर्षको यो पट्यारलाग्दो अवधिमा के के ममा बिते र बितिरहेछन् अ‍ौ ती सबका प्रतिक्रिया ममा के कस्तो परिरहेको छ सो यस पत्रद्वारा जनाउन चाहन्छु। तपाईंले ता सोच्नुभएको होला कि प्रणयसित मेरो विवाह भएपछि मैले तपाईंलाई पूर्णतः भुलें अ‍ौ म खुशी रहें। तर होइन प्रीतम, म त्यति खुशी छैनँ किनकि मेरो आत्माले त तपाईंको आत्मालाई नै स्वीकार गरिसकेको हो। मेरो आत्मा र हृदयलाई तपाईं नै त ग्राह्य थियो, के यो पनि तपाईंलाई बताइरहनुपर्ला! तर……मेरो कुन विराममा तपाईंले मेरो-भावना र प्रेमलाई लत्याई भाग्नुभयो?

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो आँखाअघि तीन वर्षअघिका ती घटनाहरू दोहोरिन लागे। कति मधुमय थियो प्रिया र मेरो प्रणय जीवन, कति सुखी थियौं हामी एकाकलाई पाएर। कति स्वर्णिम कल्पनाहरू सजाएथ्यौं—प्रिया र मैले। तर पनि प्रिया र मेरो विवाह हुन सकेन किनकि मैले एकमात्र वृद्धा मुमाको इच्छा र अर्तीलाई उल्लंघन गर्न सकिनँ। मुमाको इच्छानुसार मैले अन्य कसैलाई विवाह गर्नुपर्ने भयो, यसैले मातृत्वको सामु प्रिया र मेरो प्रणय महल चकनाचूर भइ छाड्यो। अनि प्रियासितको प्रणय सम्बन्ध तोड़ेर म पनि पल्टनतिर सुटुक्कै भागेको थिएँ। बिचरी प्रियाको यसमा के दोष र? मुमाको प्रतिरोध र प्रियाको प्रणयाँनुनय बीच म मझधारमा पुगेको नाउ झैं बनेथें—यता कि उता? यस घटनाको केही समय पश्चात् नै प्रियाको विवाह प्रणयसित सम्पन्न भएथ्यो। मेरो सम्झनाको पर्खाललाई त्यसै समय खरसांग केन्द्रबाट प्रसारित आकाशवाणीको घोषणाले भंग गरिदियो। "अब इन्द्रजीत गान्धारीबाट गाइने गीत सुन्नुहोस्।' गाइने शब्द सुन्नासाथ मेरा कान ठाड़ा भए। प्रियाको पत्र पढ़ी सिध्याउन पनि भुलेछु। 'गाइने', हाम्रो लोक गीतको जगेरा गर्ने वंश। यो वंशलाई सारा नेपालीले बँचाउनु पर्छ आर्थिक सहयोग र सामाजिक मान्यता दिनुपर्छ। इन्द्रजीतको अन्तिम गीत थियो—"म तिम्रै हुँ निरमाया मलाई नभुलिदेऊ······।" यो गीतले मेरो ध्यान आकर्षित गर्‍यो। सम्झन लागें—"बिचरा इन्द्रजीतलाई पनि माया-पिर्तीका चोटले आघात पारेको रहेछ बयारे। उसको पनि निरमाया प्रेमिका थिई होली मेरै प्रेमिका प्रिया झैं। कुनै कारणवश निरमाया र इन्द्रजीतको पनि प्रेम-विवाह हुन सकेन होला र दुवै जना विछोड़िए होलान्—एक नदीको दुइ किनारी झैं—प्रिया र म जस्तै। ती दुइ पनि त बिछोड़िएपछि दुइ भिन्न भिन्न देश-देशान्तरमा भटके होलान्, कति तड़पे होलान्, रातको अँध्यारोमा चिसो हावासित कति रोए होलान्। अनि आज कति वर्षपछि इन्द्रजीत अर्कै केटीलाई विवाह गरी संसार बसाइसकेपछि छोरा छोरी भइसकेपछि पनि पूर्वप्रेमिका निरमायाको मायालाई आफ्नो प्यारो सारंगीमा गाई गाई संसारलाई सुनाइरहेको होला। आफ्नो प्रणय-गाथा अमर गराउने प्रयास गरिरहेछ—लैला र मजनू झैं। आफ्नो वेदना दर्दालु लयमा मायालु आवाजमा निरमायालाई सुनाउन इन्द्रजीत आतुर रहेको होला। निरमाया पनि आफ्ना मायालुको वियोगमा कता विरहिणी बनिरहेकी होली अथवा अन्य कसैसित विवाह भए पनि छोरा-छोरीका आमा बने तापनि आफ्ना पूर्व-प्रेमी इन्द्रजीतको सुमधुर सम्झनाले समय-समयमा मृत-प्रायः बन्दिहोली। बिचरी निरमाया! बिचरा इन्द्रजीत!' मेरा आँखाबाट आँसु चुहिसकेछ। हृदय तहमा प्रियाको माया असीमित रूपमा रूमलिन लागिसकेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

झट्टै त्यस वेला पो मेरो ध्यान प्रियाको आधा मात्र पढ़ेको पत्रप्रति खिचियो। आँसु पुछेर फेरि पत्र पढ्न थालें।

"हो प्रीतम ! म अबला थिएँ। तपाईं मेरो जीवनदेखि भाग्नुभए तापनि तपाईंको प्रीत मेरो हृदयबाट कहिले एकै क्षण मात्र पनि पृथक् हुन सकेन र सक्तैन पनि। मेरो जीउने प्रेरणा नै के छ र प्रीतम ? मलाई यही कुराको डर छ कि मृत्युपछि पनि अतृप्त चाहनाको भूतले मेरो आत्मालाई खाइरहवेछ।

त्यसर्थ, जीवनमा तपाईंलाई एक अन्तिम निवेदन चढाइरहेछु, यही आशा लिएर कि अभागिनीको यो निवेदन स्वीकार गरिदिनुहुनेछ—चाहे कति नै ठूलो बलिदान किन गर्नु नपरोस्। सो के भने तपाईंले मलाई मेरो आत्मातुष्टिको लागि एउटा छोरो दिनुपर्छ। आश्चर्य नमान्नुहोला। तपाईंबाटको छोरोलाई म सहर्ष स्वीकार गर्दछु किनकि यो मेरो चाहना काकाकुलको तिर्खा हो। प्रीतम म मान्दिनँ कि शारीरिक सम्बन्ध नै नर-नारीको जीवनको अन्तिम प्राप्ति हो भनेर। तर आत्मा आत्माले चाहेको र रुचाएको सम्बन्धबाट प्राप्त उपज नै आत्मतुष्टि गराउने उपलब्धि हो। मलाई त्यो उपज तपाईंबाट चाहिएको छ प्रीतम ! आत्मामा ग्राह्य नभएको शारीरिक सम्बन्ध केवल एक जीउँदो मृत्यु हो प्रीतम ! पत्र प्राप्त हुनासाथ यहाँ आउनोस् किनकि अब यही साताभित्र हामी सदा सदाको लागि विराटनगर जानेछौं। त्यसपछि सम्भवतः यस जन्ममा हामी एका अर्कालाई देख्न मात्र पनि नसकौंला अनि हाम्रा बिछोडिएका अतृप्त आत्माहरू के युग युगसम्म तडपेर नै रहने ? तीन दिनभित्रमा पनि यहाँ आउनुभएन भने म आत्महत्या गर्नेछु प्रीतम ! यो सत्य हो, मलाई असह्य भइसकेको छ म आत्महत्या गर्नेछु।

देह र आत्मालाई पृथक् दृष्टि र मान्यता दिई मेरो आस्थाको पर्खाल तोड़िदिनुहुन्न भने दृढ़ विश्वासमा बाँचिरहनेछु।

आजलाई बिदा।

युग युगसम्म तपाईंकै
प्रिया

पत्र पढिसक्नासाथ मुमा आत्तिदै आइपुग्नुभयो। मैले झस्केर सोधें—"के भयो मुमा ?"

मुमाले उल्टो मलाई प्रश्न गर्नुभयो—"प्रीतम, त्यो टेबलमाथि एउटा चिट्ठी थियो, देखिस् ? हातको चिट्ठो देखाउँदै मैले सोधें—"यो हो ? किन मुमा ?"

मुमाले भन्नुभयो—"हो। त्यो पत्र अस्ति तँ साह्रो भएको दिन प्रिया नानीले पठाएकी थिई। त्यस दिनदेखि त्यसै भुलिछु अहिले पो सम्झें। बिचरीले के

CC-0. In Public Domain. Digitization by eGangotri
लेखेकी थिई कुन्नि ? उसले त हिजो नै स्लीपिंग टयाब्लेट खाएर आत्महत्या गरिछ •• •••• •••।"

"आत्महत्या गरिछ ? ••••••" म झस्केर उठें।

"हो प्रीतम, स्लीपिंग टयाब्लेटहरू उसको बिछयौनाभरी अक्ष छरिएका थिए •••• •••• ••••।"

त्यसपछि मैले केही सुन्न सकिनँ। आँखाअघि गहन अन्धकार छायो। एक-पल्ट भएभरको शक्तिले चिच्याएँ—"प्रिया •••तिमीले यो के गऱ्यौ?"•••• •••• साँझमा होश फर्केपछि बिस्तारै आँखा खोलेँ—मुमा राधा-कृष्णको मन्दिरमा दीप र धूप जलाई प्रार्थना गरिरहनुभएको थियो। धरतीलाई रजनीले छोप्दै थिई, गगनमा ताराहरू टिलपिल टिलपिल रोइरहेका थिए।

—तीनधारे

मानिसको सीमा

मानिसको सीमा नै यत्ति हो, उसले जानेकै यत्ति हो जस्तो लाग्छ मलाई, अनि म जीवन 'यही हो' र 'यस्तैको' रूपमा स्वीकार गरी 'मान्छे, के हो र ?' म यसलाई किन 'हेरूँ ?' जस्तो भावमा मुछिएर ममा कुनै विपरीत प्रतिक्रिया आउन्न अनि त्यसैले म त्यसै मर्न चाहन्नँ।'

—पारिजात

CC-0. In Public Domain. Digitization by eGangotri

समीरणको पत्र—

'विरही' र असीतको नाम

समीरण 'प्रियदर्शी'

मित्रद्वय,

हाम्रो 'गुञ्जनले युवावर्गका लेखक वा कलाकारलाई नयाँ दिशाको संकेत दिनेछ, अलमलिएका प्रतिभाहरूलाई सच्याउनेछ भन्ने विश्वास प्रत्येक साहित्यिकले नसोची सक्तैन।

युवानुकूल सामाजिक परिस्थितिको सड़कमा 'गुञ्जन'ले टर्च लाइटको काम गरोस् औ आज चलेको सामाजिक विकृतिलाई मेटाइदेओस्-मेरो चाह छ।

साहित्य सृजन निरुद्देश्य वा निरर्थक प्रयास होइन। साहित्य सृजन अम्बल डम्बल खेला नभएर एउटा अत्यन्त गम्भीर दायित्व यसभित्र समन्वित भएको हुन्छ। सहित्यकारको अगाड़ि एउटा विशिष्ट मर्यादाको रचना-पथ उसलाई डाकिरहेको हुन्छ। उसले मर्यादाको निर्धारण एवं नियन्त्रण गर्छ औ आज उसको परिवेशमा पलेको समसामयिक मानवका मूल्यहरूको एवं सामाजिक चेतनाको सम्प्रेषण गर्नु नै आजको साहित्यकारको विशेष दायित्व भएर देखा पर्दछ। उसको रुचि, गति एवं मानवीय मूल्यहरूबाट अलग हुन सक्तैन। विश्वको इतिहास मानवले नै बनाएको छ। विना मानव, जीवन दर्शन वा साहित्यिक चिन्तन अपूर्ण र अधूरो नै रहन्छ। प्रत्येक रचनाको प्रेरक मानवीय आस्थामाथि नअड़ेको भए त्यो स्थायी र उपयुक्त रचनामा गणना हुन सक्तैन। मानव जातिको श्रेष्ठतम सृष्टि अरु छैन। मानवको मस्तिष्कबाट प्रदर्शित कला, विज्ञान, साहित्य वा अटल प्रयत्न जम्मै एउटै लक्ष्यमा केन्द्रित देखिन्छ मानव। साहित्यकारले आफ्नो रचनामा कुनै पनि विषय वर्णनमा जतिको व्यापकता वा विविधता किन नहालोस् त्यसको एउटा पनि छेस्का मानवमनःस्थित गाँसेको हुनै पर्छ।

आजको साहित्यकार आफ्नो रचनामा जुन मान्यताहरूको वा मूल्यहरूको प्रतिमानको रूपमा स्वीकार गर्दछ, त्यही मानवको विकासोन्मुखो संभावना-

CC-0. In Public Domain. Digitization by eGangotri
हरूको झ्याल हो । त्यस्ता रचनाहरू साहित्यकारको व्यक्तिगत विचारधाराहरूको पुष्टि भएर साधारणतः स्वीकार्न सकिन्न । साहित्यकारको मौलिक प्रतिभा समाजका नयाँ प्रतिमानहरूलाई विकसित तुल्याउँदै इतिहासलाई मनोवाञ्छित दिशातर्फ धकेल्दै लैजान्छ । विकासका संभावनाहरू असीम छन् मानवको । कुनै देश वा कुनै कालमा मानव आफ्नो पूर्णताको चरमसीमामा पुग्न सक्तैन-प्रयत्न लगातार उ गरिरहन्छ अो मानव-विकासक्रम कथा छोड़ी राख्छ । आजको वैज्ञानिक माखेसांग्लोमा परेको जटिल जिन्दगीलाई प्रतिचित्रित गराउन आज कठिन भइसकेको छ । उत्तरोत्तर अनुसन्धानात्मक धूवांभित्र सामाजिक विकास अपेक्षित भएर पछि छोडिदैछ । परम्परागत परिभाषिक साहित्यिक घेराहरू क्रमशः तोड़िदै आज साहित्यले यस्तो रूप लिन लागेको छ । दिन दिन मान्छेको मस्तिष्क केवल न्यूनतम वस्तुको खोजी गरिरहेछ । परम्परालाई तोड़नै पर्छ… आज हामी परम्परालाई अन्धानुसरण गरेरै यो स्थितिमा आइपुगेका छौं । भाव-विचार, शैली शिल्पमा पनि मशीनसँग सँगै आधुनिकीकरण आउन परेको छ । परम्परालाई समर्थन गर्नु प्रतियोगितामा हार्नु हो ।

मान्छे स्वतन्त्र जन्मन्छ…समाज, परम्परा, धर्म र अनुशासन नीतिले उसलाई उसको परिवेशभित्र जकड़ाएर राखिदिन्छ…उ उठ्न खोज्छ सक्तैन… उसका आर्तनाद पर्खालभित्र थुना पर्दछ । साहित्यकारहरू परिवर्तन र विकासबारे अवगत रहेका हुनुपर्छ । पुरातन र परित्यक्त विश्वासको घेराले साहित्यकारलाई छेकारो हान्न खोज्छ तर स्वतन्त्र र सजग साहित्यकार विकासशील मानवमनको परिवर्तित स्थितिको जानकारी पाउन तलाशीमा निस्कन्छ । स्वतन्त्रता मानवको प्रियतम स्पृहा मानिन्छ । लेखकहरू स्वाधीन चिन्तन र स्वाधीन सृजनमा सदैव प्रस्तुत हुन नपाए उसको कृति भ्रष्ट भइदिन सक्छ ।

सरकारी संस्थान, धर्ममण्डली वा कुनै विशेष व्यक्तिमाथि आश्रित लेखक अछूत हुन्…अकबरका टोडरमल, भीमसेन थापाका यदुनाथ पोखरेल हुन्, जसको साहित्य सृजन विकासोन्मुख मानवमनको द्रोही हुन्छ । यस्तो साहित्यले समाजलाई भ्रान्तिमा धकेल्दछ कारण त्यस्ता साहित्यकारको चिन्तन पद्धति समग्र मानव समुदायको धरातललाई छुन असमर्थ रहेको हुन्छ । कवि र लेखक आफ्ना समक्ष एउटा विशेष ध्येय राख्तछ अो आफ्नो सम्प्रेषित भाव वा विचारलाई समाजको निमित्त प्रस्तुत गर्दछ । आत्मसंतुष्टि लेखकको पारिश्रमिक हो भने प्रेरणाचाहिं समाज निर्माण हुन चाहिन्छ । मेरो क्षुद्र विचारमा सच्चा साहित्यकार उही हुन्छ जो हरियाली र पतझड़को अभिव्यक्ति समाजको ठान्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को विषय छ साहित्यकार लोकरुचितर्फ बग्नु कि लोकरुचिलाई आफूतिर खिच्नु ? लोकरुचिमा लम्पट भएर त्यसको अन्धानुकरण गर्नेहरू सफल साहित्यकार होइनन् । आजभोलिका शिथिल मैथुन मिसिएका वासनायुक्त सस्ता साहित्य अशुद्ध आनन्दोद्गारका प्यालाहरू हुन् । समाज त्यसपट्टि चाँडो पसारिन्छ तर त्यो भ्रष्टाचारको साँध हो । समाजलाई त्यसबाट बचाउने दायित्व लेखकहरूको छ ।

आजसम्म महान साहित्यकारहरू तिनैलाई मानिएको छ जसले व्यक्ति-विशेषको समस्याको उल्लंघन गरेर सहृदय समाजलाई अंगालेका थिए । साहित्यकारको वैयक्तिक उद्गार समाजले मानेको हुनुपर्छ । कार्लाइल भन्दछन्-अंग्रेजहरू भारत छोड्न सक्छन् तर शेक्सपियर त्याग्न सक्तैनन् । शास्त्रमा दिइएकै छ, कुनै पनि विचार साधारणीकृत र सामाजिक नभएसम्म समाजले मान्यता दिनै सक्तैन । वैयक्तिक कुण्ठाहरू औ आघातहरूको साहित्य जबसम्म समाजको विस्तृत धरातलमा आएर जनमानसको चितामा जली खरानी बनी धरतीको धूलोमा मिसिँदैन—स्थायी र अमर बन्न सक्तैन । मानव-प्रवृत्ति, मूल परम्परा र प्रवाहलाई समेट्तै ल्याउनुपर्छ साहित्यकारले तर आकाशको फल ताक्तै हिँड्ने साहित्यकार क्षणजीवी हुन्छन् । यहाँ लेखकका कृतिहरू कालजयी बन्नुपरेको छ ।

हामीलाई, हाम्रा नवोदित साहित्यकारहरूलाई चुनौती आएको छ''''क्रान्तिले डाकिरहेको छ'''समाजमा देखा परेका विषमता, असंगति र सामयिक रुढोले झकझकाउँदै छ । यहाँ सुनौला बिहानका सपना, सपना रहनेछन्'''बिपना हुन सक्नेछैनन् नयाँ आउने सन्तानको निम्ति हाम्रा साहित्यकारले बाँच्ने इशारा दिनुपरेको छ, मान्छे जस्तो भएर । हाम्रो संस्कृति, राष्ट्रियता, र इतिहास जम्मै बिथोल्लिनेछ''''यदि आउने सन्तानले भोकै बाँच्न संघर्ष गर्नुपर्ने हो भने ।

तपाईंहरूको अभिन्न मित्र,

समीरण 'प्रियदर्शी'

CC-0. In Public Domain. Digitization by eGangotri

'पराधीन'

—सूर्यकुमार सुब्बा

प्लास्टिक् स्विच् बिग्रेकोले अनवरत बलिरहने उज्यालोको उज्यालै राख्न भिकिएको ओसरामले गर्दा गर्मी बीचको अँध्यारो साँझमा आफू जस्तै स्टिलको चेयरमा मंगलसिंह लमतन्न परेको थियो। त्यसको कोशिश भावमग्नता भए पनि भावहरू पिल्सिने मुद्रा अँध्यारोमा अझ हड़तालको लेथ् जस्तो देखिन्थ्यो फलामे खस्रो स्ट्रक्चर। तर त्यसको मांसल मोटाइहरूको हलचलबाट त्यो गहीरो सन्देह, भय र यिनीहरूको स्वार्थ पक्षको समाधानबाट फाँगिरहेको जस्तो देखिन्थ्यो। ट्रान्सपोर्ट गोदाममा बेपरवाहसंग एउटा बस्ता डेलीभरी भए झैं गहुँग आवाजले त्यो उठ्यो। कोठा पहेंलो भयो। त्यसले डाइरेक्ट लाइनको टेबललेम्पमा योगराम चढ़ाएछ।

बिहान दशबजेपछि कोठाको भीड़ घटेर मंगलसिंह एकलो हुनासाथ स्वच्छन्द हुन्थ्यो। त्यसका शरीर, मन र मस्तिष्कमाथि परेको बजनी ततो ऐना जस्तै चूर भएर आफ्नै तस्वीर देख्ने चिनाका टुक्राहरू झैं छरिन्थे। प्रत्येक टुक्रामा त्यसले आफना साँचो प्रतिच्छायाहरू हेर्नसक्थ्यो, जुन प्रतिच्छायाहरूलाई हिजोको ओसराम बलेको साँझदेखि एउटा अजेय कालो छायाले मकुण्डो लगाइदिएको हुन्थ्यो। यी टुक्राहरू त्यसको मूल्यांकनका टुक्राहरू थिए—सत्यका टुक्राहरू। कोही टुक्रामा त्यसको अहंकार, कोहीमा दुष्टता, कोहीमा रहस्य, कोहीमा हाँसो, कोहीमा सरलता र थुप्रैमा त्यसको समस्यापूर्ण पीरका झाँकीहरू जीवित भएर सलबल गर्थे। यो अंशहरू सम्मिलित भएर एउटा सम्पूर्ण बन्छे। एउटा सत्य सम्पूर्ण, एउटा सिंगै मान्छे—छायाहरू नपरेको मान्छे। यो मान्छे अतीतको मंगलसिंह हुन्थ्यो जो यहाँ आएको थियो—जसले अर्काको वर्त्तमानमा मिसिएर आफना दुवै समयहरू गुमाएको छ; अतीत र वर्त्तमान। जसले आफ्नो अतीत र वर्त्तमान सृजना गर्न पनि संघर्ष गर्नुपर्छ त्यसको भविष्य—अतीत र वर्त्तमानको बुनियादमा उभिई लिएर परिकल्पना के गर्नु ?

दार्जीलिङ

क्रमशः

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँको पत्र-गुञ्जनको नाम

………'मलाई संरक्षक राखेर 'गुञ्जन'ले नेपाली संसारलाई गुञ्जायमान गर्न सक्छ भने मलाई केही आपत्ति छैन। मलाई काम मन पर्छ—नाम होइन। मलाई लीडरी पनि चाहिएको छैन, ठूलो आसन पनि चाहिएको छैन। म सानै थिएँ, सानै छु अनि सानै रहन चाहन्छु किनभने सानैले ठूलो काम गर्न सक्छन्। 'गुञ्जन' भीर-पखेरा, कुना-काप्चा जहाँ पनि नेपाली भाषाभाषी बसेका छन् त्यहाँ गुञ्जिरहोस्।

भाग्यमणि भवन,
कालिम्पोङ,

भलो चिताउने पारसमणि प्रधान
(त्रिभुवन र मदन पुरस्कार बिजेता)

[टिप्पणी : 'गुञ्जन' को संरक्षक बन्ने स्वीकृति दिनुभएको खण्डा यहाँलाई 'गुञ्जन' परिवारले हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। दार्जीलिङमा नेपाली भाषा र साहित्यको प्रचार र उत्थानमा यहाँको जुन देन छ—त्यो इतिहास भइसकेको कुरो हो। नेपालको त्रिभुवन र मदन पुरस्कारसम्मले यहाँ सम्मानित भइसक्दा पनि हामी भारतीय नेपालीको सरकारी त कता साहित्यिक संस्थाले यस क्षेत्रमा कदम नउठाएको पाएर 'गुञ्जन'ले यहाँलाई 'सम्मानित संरक्षक' बनाएर हाम्रो सम्मान दर्शाउने काम गरेको छ।

यहाँको सम्बन्धमा कतिपय कटु-आलोचना, निन्दा पत्र-पत्रिकामा देखा परेका छन्। यहाँको महानताको परिचयक यो पत्रलाई अघि सार्छौं। —सम्पादक]

× × ×

………'समालोचना लेख्नमा केही समय लाग्ने हुनाले र यस्तै उस्तै व्यस्तताले गर्दा झट्ट पठाउन नसके पनि यहाँहरूको यस महत्वपूर्ण कदममा मेरो सहयोग पुग्ने नै छ। शुभकामना सहित—

दार्जीलिङ

भवदीय
लक्खीदेवी सुन्दास

× × ×

……… तपाईंहरूको प्रयास सराहनीय छ—मैले सहयोग गर्नुपर्ने हो, तर अझ राम्रो केही तयार हुन सकेन। यहाँ वीरेन्द्र सुब्बाको एउटा कविता पनि पठाउँदैछु प्रकाशनार्थ। 'दियालो' मा आएका कति रचनाहरू पनि छन् तपाईंलाई पठाइ दिन सक्छु तर लेखकहरूबाट तपाईंले अनुमति झिकाउनुपर्छ। यसमा चाख दिन भयो भने म रचनाहरू पठाइदिन्छु। उपयोग नभएको जति पछि फर्काउनुभए हुन्छ। शुभेच्छासहित—

दार्जीलिङ,

तपाईंकै
जगत छेत्री

CC-0. In Public Domain. Digitization by eGangotri

[टिप्पणी : धन्यवाद छेत्रीजी। सहयोग र सल्लाह अक्षुण्ण रहोस्। वीरेन्द्रको कविता कारणवश यस अंकमा राख्न असमर्थ भयौं। परिणतिसहितका उहाँका दुइ बांग्ला कविता आगामी अंकमा प्रकाशित हुनेछन्। —सं०]

× × ×

..........एउटा लेख पठाइरहेको छु—समीक्षात्माक लेख भनुँ अथवा साधारण पुस्तक-निरूपण। योग्य ठहरिए मात्र 'गुञ्जन' भित्र गाभियोस् नत्र मुख हेर्ने नगर्नुहोला। हाम्रो समाजमा प्रायः सबै साहित्यिक पत्रिकामा पक्षपात र भाइबन्धी चल्छ, यो कति नराम्रो रोग हो हगि ? त्यस व्यथालाई निर्मिठयल नपारे हाम्रो साहित्य उँभो लाग्दैन।

शुभकामना।

कालिम्पोङ

—मोहन 'दुखुन'

+ × ×

टेवा

"मलाई 'डाइट' पुग्दैन, यो मलाई साह्रै बिझाउँछ। तर जो कुछ गर्दैछु र गर्न चाहन्छु त्यसका लागि टेवा कम भयो।"

—महानन्द सापकोटा

..........बालक-बालिकामा भानु-सम्बन्धी कविता प्रतियोगिता आयोजन गरेर गोलाइ पाखा, तीनधारेले जुन भानु-जयन्ती सम्पन्न गरे त्यो सराहनीय छ।..........

अधिकांश मानिसहरूको विचार धारानुसार भानु-जयन्ती एक पर्व (फ्रेस्टिभल) मानिन्छ। अब भानुभक्तलाई देवताको रूपमा पूजा गर्न बाँकी छ।...
...हाम्रो समाजमा अन्धविश्वासको पूजा त हुँदैन ?..........

रामायणले नै सम्पूर्ण जन-जागृति ल्यायो भन्ने कसैको मत भए म त्यसबाट अलग छु। छन्द, अलंकार र शैलीले सिंगारिएको वधुशिलाले नारीलाई आफ्नै कर्मको भरोसामा जीवन-यापन गर्ने बनायो, तर झाँसीका रानी झैं वीरांगना जन्माउन सकेन।..........

हाम्रो समाजले सत्यको खोजी गर्दैन फलतः रघुनाथ पछाड़िए, बसन्त ढिल्याए, गुमानी हराए।..........

गोलाइ

—हरिभक्त बस्नेत।

[टिप्पणी : बस्नेतज्यूको व्यक्तिगत विचारलाई जस्ताको तस्तै छापेका छौं। —सं०]

CC-0. In Public Domain. Digitization by eGangotri

खरसाङको सबभन्दा पुरानो पुस्तक-पसल ।

ओम ब्रदर्स

हिलकार्ट रोड

पाठ्य-पुस्तक र अन्य सामग्री-हरूले तपाईंको सेवा गर्न चाहन्छ ।

****

श्याम-ब्रदर्स

दार्जीलिङ-को नयाँ प्रकाशन

१. दुइ मुहान : एक स्रोत—उपन्यास (हर्क योञ्जन)
२. भोक र भोग : ,, (असीत राई)
३. डाक-बंगला : कथा-संग्रह (प्रकाश कोविद) ।

****

१. अँध्यारोमा बाँचनेहरू
२. त्यो रात फेरि आउँदैन-पछि

श्रीराज प्रकाशन

दार्जीलिङको,दुइ अहार

१. विशृंखलता, उपन्यास (असीत राई)
२. टिस्टा-रंगीत ,, (प्रकाश कोविद)

अशोक-ब्रदर्स

हिलकार्ट रोड, खरसाङ-लाई

पाठ्य-पुस्तकहरूको निति संझनुहोस् !

सम्पर्क राख्नोस् ।

****

यस वर्षका दुइ अन्य भेंट

१. मने, उपन्यास (सुवास)
२. प्रेमको अर्को रूप ,, (असीत राई)

प्रकाशक

साझा पुस्तक प्रकाशन

दार्जीलिङ

आधुनिक फेशनका लुगा र सूटहरू सिलाउनुपरे आउनोस् ।

प्रिन्स टेलर

राजबारी, तीनधारे ।

****

पाठ्य-पुस्तक र साहित्यिक कृतिहरूको पुरानो प्रकाशक ।

गोविन्द-ब्रदर्स

चौक बजार, दार्जीलिङ

विजया-दशमी र दीपावलीको पुनीत अवसरमा सबैलाई शुभेच्छा प्रकट गर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अपूर्व मौका

निम्नलिखित पुस्तकहरूबाट १० रु० भन्दा बेसी आर्डर गर्नेलाई अरू थप ५ रु० को पुस्तक सित्तैंमा दिइनेछ। त्यसरी नै अझ बेसी आर्डर भए आर्डरअनुसार आर्डरको आधा मूल्यबराबर थप पुस्तक सित्तैंमा दिइनेछ। यो मौका नचुकाउनुहोला। यसरी तपाईं आफ्नो घरेलु लाइब्रेरी बढ़ाउन सक्नुहुन्छ। अरू संस्था तथा लाइब्रेरीहरूले पनि यसबाट फायदा उठाउन सक्नेछन्। रु० १५ भन्दा बेसीको आर्डर भए मात्र डाकखर्च हामी बेहोर्नेछौं।

(आर्डरसाथ मनिआर्डर पठाउनुहोला अथवा भी० पी० पठाउने हो भने पक्का ठेगाना पठाउनुहोला।)

एजेन्ट हुन चाहनेले तलको ठेकानामा पत्र-व्यवहार गर्नुहोला। एजेण्टलाई ५०% छुट दिइनेछ।

१. सिग्रेट र धूवाँ (मोल २.५०) .... —असीत राई
२. लुङ्खुप् क्याम्प (मोल ३.००) .... —सुवास।
३. गाउन नसकेका गीतहरू (मोल २.००) .... —सुरेश राई।
४. बलिवेदी (मोल २.००) .... —समीरण "प्रियदर्शी"
५. फोइटा (मोल २.७५) .... —एडान रोंगोंग।
६. उन्मुक्ति (मोल ३.००) .... —नन्द हांगखिम।
७. रूप (मोल २.५०) .... —कुमार घिसिङ्।
८. मेरो हजूरलाई (मोल २.५०) .... —दशरथ सुब्बा।
९. प्रीतिका चिट्ठीहरू (मोल २.००) .... —नन्द हांगखिम।
१०. बूढो र समुद्र (मोल ३.५०) .... —अर्नेष्ट हेमिंग्वे।
११. हिम हंसिनी (मोल १.५०) .... —पल ग्यालिको।
१२. गीताञ्जलि (मोल ३.००) .... —रवीन्द्रनाथ ठाकुर।
१३. तटमा तरंगको गीत (मोल २.००) .... —खलील जिब्रान।
१४. साना-ठूला ताराहरू (मोल १.३०) .... —एडान रोंगोंग।
१५. तिम्रो भविष्य (मोल १.००) .... —पाजो।

ठेकाना—जीवन ज्योति प्रकाशन

वीणा कुमारी गोंगला रोड

CC-0. In Public Domain. Digitization by eGangotri



आखा

फाल्गुन ७

93

CC-0. In Public Domain. Digitization by eGangotri

नेपा एजेन्सी एण्ड कम्पनी प्राइभेट लिमिटेड

श्री ५ त्रिभुवन जयन्ती

तथा

प्रजातन्त्र दिवसको

महान उपलक्षमा

शुभ--कामना ब्यक्त गर्दछौं ।

कलकत्ता कस्टम र पोर्ट कमिश्नरबाट

जनरल लाइसेन्स प्राप्त

एक मात्र नेपाली कम्पनी

नेपा एजेन्सी एण्ड कम्पनी प्रा. लि.

नेपालबाट तथा नेपालमा निकासी पैठारी हुने सामानहरूको
क्लियरिंग, फर्वार्डिंग र सिपिंगको लागि सम्झनु होला

ब्रान्च अफिस
४१. चौरंगी रोड
कलकत्ता-१६
टेलिग्राम-"देशसेवा"
फोन-२४-५३४०

हेड अफिस
८।३२४, प्यूखाटोल काठमाडौं
फोन-१४९५०
टेलिग्राम-नेपा एजेन्सी
पोष्ट बक्स नं-१४७

CC-0. In Public Domain. Digitization by eGangotri

"आँखा"

सामयिक साहित्यिक संकलन

वर्ष ४ • २०२९ अङ्क ६

प्रधान संपादकः—

माधवमणी राजभण्डारी

संपादकः—

मदनदास श्रेष्ठ

सह—संपादकः—

द्वारिकामान सिंह

प्रबन्धकः—

नाराणय भक्त जोशी

वैकुण्ठ नारायण प्रधान

मूल्य रु. १।५०

CC-0. In Public Domain. Digitization by eGangotri

सहयोगी:–

श्री इन्द्रमणी राजभण्डारी
श्री अम्बर वहादुर प्रधान
श्री मुक्तिमान राजभण्डारी
श्री ऐश्वर्यलाल प्रधानाङ्ग
श्री हे. मा. पुष्पमान जोशी
श्री रामकृष्ण श्रेष्ठ
श्री आत्माकृष्ण श्रेष्ठ
श्री कृष्णवहादुर कसजु

सल्लाहकार:–

श्री सिद्धिचरण श्रेष्ठ
श्री श्यामदास "वैष्णव"
श्री विजय मल्ल
श्री जितेन्द्र महत "अभिलाषी"
श्री प्रचण्ड मल्ल

आवरण पृष्ठ
शशी विक्रम शाह

प्रकाशक:--

कालिन्चोक युवा क्लव

केन्द्रिय कार्यालय
८/३२४, द्वालखा छें, प्यूखाटोल
काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

बिषय सूची

कविता	लेखक	पृष्ठ
हुन्थ्यो	स्व. म. वी. वि. शाह	१
परेला भित्रको मृत्यु	हरिहर शास्त्री	८
लागेन निद्रा कसै	धर्मराज थाप	२०
नैराश्य	स्व. मुकुन्दनाथ "निराशा"	२१
जाँड ताण्डव	रमण नेपाल	२७
शार्थकता	बिष्णुहरि "निराकार"	३६
त्यहाँ सपना छ	पोषण पाण्डे	८१
विर्सेछौ	ममता प्रधान	९०
इतिहास कस्को ?	कणाद महर्षि	९२
एकाङ्की नाटक		
उद्घाटन	विजयमल्ल	६५
लेख		
ऐतिहासिक राजा मानदेव	खड्ग मान श्रेष्ठ	२
बविसङ्ग खेलको ...	लक्षमण समसेर थापा	२९
श्री ५ महेन्द्र र कला	प्रचण्ड मल्ल	५७
कथा		
कलंकित विश्वास	राम के. सि. "चौतारे"	११
शिल्पकार व्यथापूर्ण...	जीतेन्द्र बस्न्यात	२२

CC-0. In Public Domain. Digitization by eGangotri

नाग देवताको पूजा — होल डेवर्स (अ.सिमाङगौडा) ३१
निर्विरोध — श्याम जोशी "विछोड" ६
अधुरो कथा — जितेन्द्र महत "अभिलाषी" ८३

विविध

दोलखामा नेत्रदान — का. यु. क्लव ५२
सम्पादकीय (आँखाको हेराई) ९५
प्रकाशकीय

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

हुनत नेपालका विभिन्न जिल्ला वा अन्चलहरूमा भएका स्कूल वा त्यस्तै अरू कुराहरूको अवस्था निकै जटील अवस्थामा जकडिएकै होलान। तथापि दोलखास्थित श्री भीम पब्लिक हाई स्कूलको वारेमा कालिन्चोक युवा क्लवले कति सम्म के गर्न परिरहेको छ (सरकारी दृष्टी शिक्षामा कम गएकोले) त्यो दर्शाउन कैही युक्ति संगत पनि देखिएला, आँखाको प्रकाशनले पनि यसको लागि योगदान गरिरहेको छ।

मानव जीवनको उत्थानको लागी शिक्षाको ठूलो महत्व भएको कुरा यहाँ दोहराई रहन परोइन। त्यसकारण पहाडी क्षेत्र जो अतिनै पिछडिएको दोलखा जिल्लाको शैक्षिक विकासको निमित्त श्री भीम पब्लिक हाई स्कूल २००८ सालमा स्थापित भएको थियो। हाल सम्म पनि यस स्कूलमा ९ जना शिक्षकहरू छन् र उक्त स्कूललाई वार्षिक आर्थिक सहायताको रूपमा श्री ५ को सरकारवाट रू. ५४००।– मात्र उपलब्ध भएको छ। उक्त स्कूलको वार्षिक कुल खर्च भने करिव रू. ३०,०००।– पुग्दछ। त्यसकारण स्कूल माथि परेको आर्थिक भारलाई सघाउ पुऱ्याउने उद्देश्यले कालिन्चोक युवा क्लबका हामी युवा साथीहरूको तत्वावधानमा समय समयमा विभिन्न कार्यक्रमहरू प्रस्तुत गरी उठाएको रकमले यस स्कूललाई आर्थिक आड र सहयोग उपलब्ध गराउँदै आएका छौं। यसै सन्दर्भमा यहि २०२९ साल भाद्र ३० गते फिल्म 'च्यारिटी शो' र आश्विन २९ गते 'चिमाली नाईट' सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थियौं र उक्त दुई कार्यक्रमवाट उठेको कुल रकम रू. ५४७८।५३ श्री भीम पब्लिक हाई स्कूललाई हस्तान्तरण गरि सकिएको कुरा पाठक समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तमा जिल्लाका तमाम युवा साथीहरू मिलि यस्तै किसिमको विभिन्न काममा अग्रसरले आफ्नो जिल्लामा भइरहेको पिर मर्काहरू सुल्झाउन यस क्लब हार्दिक आह्वान गर्दछ ।

निमित्त–प्रकाशक
माधव मणि राजभण्डारी
अध्यक्ष
कालिञ्चोक युवा क्लब

CC-0. In Public Domain. Digitization by eGangotri

फागुन ७ गतेले

सबै साहित्यिक बन्धुहरूमा

नवीन प्रेरणा देउन्, जागरण देउन्।

'राष्ट्रिय स्वतन्त्र साहित्यिक पत्रकार संघ'

परिवार

विज्ञापन सम्वन्धी हरेक काम र
साइनबोर्ड, रबर स्टायम्प, ब्लक आदि बनाउन
ईन्टरनेशनल एडभर्टाइजिङ एजेन्सी
न्यूरोड (बाटाको पसल पछाडी)
पोष्ट वक्स १११, काठमाडौं, नेपाल।
फोन नं. अफिस : १३-२२२ निवास : १२-७५४

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसको

शुभ–उपलक्ष्यमा

स्वर्गीय श्री ५ त्रिभुवन प्रति स-भक्तिपूर्बक श्रध्दान्जली

अर्पण गर्दै

श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको

सबल तथा सक्षम नेतृत्वमा तमाम नेपाली

देशको द्रुततर आर्थिक विकासको महान लक्ष हासिल

गर्न सफल होउन भन्ने हार्दिक कामना गर्दछौं

नेपाल राष्ट्र बैंक

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

-स्व. म. वी. बि. शाह

हुन्थ्यो

आँखाको नानी फोडेर, मुटुको टुक्रा लुछेर
रुवाई ज्यूँदै मार्ने–निर्दयी निष्ठुरलाई,
मिल्दो मौका पाए, छाती चिरेर देखाउन हुन्थ्यो ।

विश्वमा आज, तेरो मेरो नभए,
प्रकृति पुरूषका, प्रत्येक मूर्तिलाई
मिल्दो मौकापाए, हात जोडेर पूजा गर्न हुन्थ्यो ।

देशको लागि इमान्दारी पूर्वक
मरि–मेटने-निस्वार्थ साथीलाई
मिल्दो मौकापाए, आज जीवनै दान दिन हुन्थ्यो ।

आजको आधुनिकतामा, वैज्ञानिक सभ्यतामा,
नैतिकता साथै भए, विश्वासले अँगालेर-
मिल्दो मौका पाए, आफैलाई चिनेर बाँच्न हुन्थ्यो ।

मनुष्यमा मानवता, छातीमा सच्चाई भए,
स्वार्थको पासो नभए- हिमालको पवित्रतालाई
मिल्दो मौका पाए, अझै उचालेर जीवन सपार्न हुन्थ्यो ।

कमलझैं हिलोमा फुले पनि–हीराझैं गोलमा हुर्के पनि,
चन्द्रमाझैं दागी भएपनि, धुकधुकी चोखो भए–
मिल्दो मौका पाए, सत्यं–शिवं-सुन्दरम् सर्वत्रकायम हुन्थ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

-खड्गमान श्रेष्ठ

ऐतिहासिक राजा–मानदेव

राइटको बंशावलीमा मानदेवको नाउँ यसरी दुई पटक उल्लेख भएको छ –वृषदेवका पनाति, शंकर देवका नाति, धर्मदेवका छोरा मानदेव र महादेव (?) का पनाति बसन्तदेव बर्मा का नाति उदयदेव बर्माका छोरालाई मानदेव बर्मा भन्दथिए।इतिहासकारहरू ले यसैको आधारमा मानदेव प्रथम र द्वितीय भनेका छन् । चाँगुको शिलालेख अनुसार वषदेवका पनाति शंकर देवका नाति धर्मदेवका छोरा मानदेव लिच्छवि बंशका राजा थिए । पशुपति को शिलालेख अनुसार मानदेब पछि महादेव र बसन्तदेव क्रमशः राजा भए । बसन्त देव पछि अंशुबर्माको उदय नहुन्जेल बीचमा लिच्छवि राजा को बंश तालिका जोड्न सकिएको छैन । शक सं ४५४+७८(५३२ ई.) मा बसन्तदेव श. सं. ४६७+[illegible] (५४५ ई.) मा रामदेव श[illegible] ४८७+७८ ५६५ ई. मा गण[illegible] लिच्छवि राजा थिए भन्ने प्र[illegible] पाइन्छ । ई. सं ५७८ मा श[illegible] चलाउने मानदेव बर्मा लिच्छवि [illegible] का राजा देखिन आउँदैनन्। उनी [illegible] सामन्त मानदेव थिए (नेपाल[illegible] प्राचीन इतिहासमा नयां प्रकाश-ज्ञान[illegible] मणि नेपाल पृ. ४९) थानकोट[illegible] शिला लेख (ले वी १६ सं) अनु[illegible] जिष्णु गुप्त कैलाशकूट भवनमा [illegible] शासन चलाएकै समयमा मानगृह[illegible] सिंहासनमा [illegible]रु मानदेव देखिन्छ[illegible] यिनलाई मानदेव तृतीय (ज्ञानम[illegible] पृ २२) भनेका छन् । अंशुबर्मा [illegible] देव पछि मानगृहको सिंहासनमा लि[illegible] छवि राज्य उदयदेव वसेको देखिन्छ[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

उदयदेव शिवदेवका छोरा थिए । त्यस पछि उदयदेवका छोरा नरेन्द्र देव लिच्छवी राजा भए भन्ने कुरा जय देवको शिलालेखबाट थाहा हुन्छ। अंशुबर्मा पछि मानगृहको सिंहासनमा ध्रुवदेव र कैलाशकूट भवनमा जिष्णु गुप्त थिए भन्ने कुरा सोही शिलालेख वाट थाहा हुन्छ । चीनको ऐतिहासिक प्रमाणवाट पनि नेपालको गध्दिको हकदार युवराज उदयदेव नेपालवाट घपिएर भोटको शरणमा पुगेका र पछि उनैका छोरा नरेन्द्र देवले भोटको सहायताले पुनः आफ्नो पैतृक सिंहासन प्राप्त गरेको कुरा बुझिएको छ । नरेन्द्र देवले राज्य प्राप्त गर्नु अघि जिष्णु गुप्त कैलाशकूट भवनमा बसी शासन चलाएकै बखत यसरी मानदेव तृतीय मानगृहको सिंहासनमा रहेकोले नेपालको इतिहासमा मानदेव प्रथम, मानदेव द्वितीय र मानदेव तृतीयको स्थिति देखाइएको छ । मानदेव तृतीय पछि भीमार्जुन देव र बिष्णु गुप्त (जिष्णु गुप्तका छोरा) को संयुक्त शासन चल्यो (ई. सं ६४१ मा सं ६५ मा) सं ६७ ५६६+६७= ६४३ शिला लेखमा राजा नरेन्द्रदेव देखा पर्छन् । ६४३ ई सं मा नरेन्द्र देवले राज्य प्राप्त गरेको थाहा हुन्छ । उनले भीमार्जुनदेव र जिष्ण गुप्तको संयुक्त शासन समाप्त गरे । मानदेव प्रथमको समय–मानदेवले चांगु नारायणको शिलालेख नेपालको इतिहास मा सब भन्दा प्राचीन मानिएको छ । अहिले सम्म प्राप्त शिलालेखहरु मा यो मानदेवको पहिलो शिला लेख हो । मानदेवको समयको पछिल्लो शिलालेख मानदेवको चाँगुको शिला–लेख र उनकी छोरी बिजयवतीको पशुपति शूर्यघाटको शिला लेख हो । चांगुको पहिलो शिलालेखमा ३८६ श. सं+७८—४६४ र दोश्रोमा श. सं ४२७-+७८-५०५ पशुपति सूर्यघाट को मानदेवकी छोरी विजयवतीले स्थापना गरेको शिवलिङ्गको अभिलेख मा पनि श. सं ४२७+१७८-५०५ ई अंकितछ । यसपछिको मानदेव को शिलालेख (अभिलेख) पाइएको छैन । अभिलेखको आधारमा मानदेव को समय ४६४–५०५ ई. सं. सम्मछ । मानदेवको ४६४. ई को अभिलेख उनको विजय अभियान पछि मात्र स्थापना गरिएकोले उनको राज्य काल ४६४ ई भन्दा अघिनै शुरू भए को अनुमान हुन्छ ।

जीवनी—धर्मदेवको अकस्मात मृत्यु हुँदा मानदेव सानै उमेरका थिए । त्यस बेला मानदेवकी आमा राज्यवतीले आफ्ना पतिका साथ सती

CC-0. In Public Domain. Digitization by eGangotri

जाने बिचार गरेकी थिइन् । छोरा मानदेवले ज्यादै आग्रह गरेका हुनाले राज्यवती सती गइनन् । छोराका साथ पतिको काजक्रियाहरू विधिपूर्वक गरिन् । धर्मदेवको मृत्यु भएपछि राजा मानदेवलाई सानै उमेरका देखेर वर-परका सामन्त राजाहरूले स्वतन्त्र हुने चेष्टा गर्न थाले । मानदेबले सानैमा आफ्नो बाबुसंग विधिपूर्वक अस्त्र विद्या पढेका थिए, उनी कमजोर प्रकृतिका पनि थिएनन् । यसैले उनले सामन्तहरूलाई कज्याउने निश्चय गरे । यस काममा उनका मामाले उनलाई पूरा सहायता दिए । मानदेव आफ्नी आमाको आज्ञालीई फौजसाथ पूर्वतिर गए । पूर्वका सामन्तहरूलाई कज्याउन मानदेवलाई गाह्रो भएन । कसैकोभ नाई अनुसार उनले पूर्वका बिद्रोही सम्भवतः किरातहरूलाई कज्याए । पूर्वका सामन्त राजाहरूले उनको आधिपत्य स्वीकार गरे ।

त्यसपछि मानदेव पश्चिम तर्फ लागे । पश्चिमतिरका सामन्तहरूमा गण्डकी पारिका मल्लपुरीका सामन्त राजाले मानदेवको आधिपत्य मान्न मन्जुर गरेनन् । पहिले त मानदेवको कुराकानीद्वारा स्थिति मिलाउन उनी हरूलाई बोलाई पठाए । तर उनीहरू ले मानदेवलाई नटेरेकोले लडाईंद्वारानै उनीहरूलाई अंठ्याउने निश्चय गरे त्यस बेला गण्डकीमा ठूलो बाढी आ… रहेको थियो, त्यस बेला खोला न… सजिलो थिएन तै पनि आंटगरी पहि… आफ्ना मामाका सातहतमा कें… फौजलाई गण्डकी तर्नलाई मल्लपु… घेर्न लगाए । पछि आफू पनि ठू… फौजसाथ गण्डकी तरी मल्लपुरी घे… पुगे मानदेवको सामु मल्ल सामन्त टिक्न सकेनन् । उनले विवस भए… मानदेवको प्रभुत्व स्वीकार गरे । यसरी मानदेवले पूर्व र पश्चिमका सामन्तहरूलाई कज्याई स्थानीय मा-मला उनीहरूलाईनै सुम्पी आफ्नो राज्यलाई मजबूत बनाए । यस विज… उत्सवमा मानदेव र उनकी आम राज्य-वतीले दान धर्महरू गरे, चांगु नाराय… को पूजा गरी त्यहीं विजय स्तम्भ राख्न लगाए । मानदेवकी वडा महा-रानी भोगिनी थिइन् । भोगिनी तर्फ… वाट मानदेवकी विजयवती भन्ने छोरी थिइन् । मानदेवले आफ्नी छोरीको विवाह वार्त देवलामसग गरिदिएका थिए । मानदेबकी क्षत्र सुन्दरी, गुणवती र विजय स्वामिनी नामकी अरू रानी हरूपनि थिए ।

मानदेवले पशुपति बाग्मती पारि त्रिगङ्गा नजिकै र लाजिम्पाटमा त्रिबिक्रमका मूर्ति स्थापना गरे । क्षेम… सुन्दरीले लाजिम्पाटमा सुन्दर मन्दिर बनाएर त्यहाँ शिवलिङ्ग स्थापना गरे

CC-0. In Public Domain. Digitization by eGangotri

को थिइन् । गुणवतीले पनि आफ्ना बाबु किन्नर बर्माको शुभगतिको निमित्त शिवलिङ्ग स्थापना गरेकी थिइन । विजय स्वामिनीले ५०३ ई मा पलान्चोक भगवतीको प्रतिस्थापना गरेकी थिइन । मानदेवको वैष्णव संप्रदायमा श्रद्धा थियो । उनको राज्यकालमा धार्मिक सहिष्णुता थियो । उनको एउटै परिवारमा पनि बिभिन्न देवदेवीहरूको उपासना गरेको हामी थाहा पाउँछौं यसैले उनको समयमा धार्मिक सहिष्णुता थियो ।

इतिहासमा मानदेवको ठाउँ– मानदेव प्रथमलाई नेपालको इतिहासको पहिला ऐतिहासिक राजा मानिएको छ । बाल चन्द्र शर्माले नेपालको ऐतिहासिक रूपरेखा पृ ८० मा पृ ८४ मा मानदेव भन्दा अघि लिच्छवीहरूको राज्य स्वतन्त्र, विशाल र सुसंगठित थियो भन्ने कुरामा सन्देहै छ र मानदेव भन्दा अघिका नेपाली राजाहरू सम्भवतः मगध राज्यका करद र जवाडा मात्र थिए । भनी लेख्नु भएको छ । ढुण्डिराज भण्डारीले नेपालको ऐतिहासिक विवेचनामा मानदेवका बाबु बाजे राजै थिएनन्, त्यस बेला नेपाल गुप्त साम्राज्यको अधीन थियो भन्ने कुरा लेख्नु भएको छ । यसको मुख्य प्रमाणका लागि उहाँले मानदेवका बाबु बाजे राजा उपाधि लिएका थिएनन् तर मानदेवले पनि गुप्त वंशको पतन हुनासाथ आफ्नो नाउँको अगाडि श्री मानदेवी नृप लेखाएका छन् भन्नु भएको छ ।

बिदेशी इतिहासकारहरुले मान–देव अघिका नेपालका राजाहरू भारतका बंशवर्ती सामन्त रूपमा थिए, मानदेवनै पहिला नेपालका स्वतन्त्र राजा भए भन्ने अनुमान गरेका छन् ।

ज्ञानमणि नेपालले लेख्न भएको नेपालको प्राचीन इतिहासमा नयां प्रकाश नामक पुस्तकमा मानदेवलाई मात्र नेपालको इतिहासमा पहिला स्वतन्त्र शासक मानिएको छैन । उनी भन्दा अघि उनका पूर्वजहरुले बिशाल नेपालका स्वतन्त्र राजाको रूपमा शासन गरेका थिए भन्ने प्रमाण उहांले पेश गर्नु भएको छ । यसका लागि उहांले निम्न लिखित प्रमाणहरू दिनु भएको छ ।

१) चांगुको स्तम्भलेखमा मान–देवले आफुलाई मात्र सर्व प्रथम राजा (नृप) भनेका थिएनन् आफ्ना पुर्खालाइ पनि सो पदले बिभुषित गरेका थिए ।

२) प्राचीन काल देखिनै नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

एक स्वाधीनराज्य रहेको स्पस्ट छ मानदेव भन्दा अघिका मुद्रालेख भेटिए का छैनन् तिनको अन्वेषण हुनु आवश्यक छ। तर मानदेव भन्दा अघि नेपालको स्वतन्त्र सत्तै थिएन भन्न सकिंदैन । नेपाल देशको प्राकृतिक वनावट पृथक रहन-सहन रीति स्थिति ले पनि प्राचीन कालदेखि यसको स्वतन्त्र सत्तालाइ सिद्धगरिरहेका छन्। भारतका सम्राट समुद्र गुप्तले (३३० ३७५ ई) आफ्नो प्रयोगको स्तम्भ लेखमा नेपाल राज्य आसाम र कुमाउ गढवालको वीचमा विस्तृत भएको कुरा देखाएका छन् साथै नेपालबाट कर लिएको कुराको पनि उल्लेख गरे का छन् । समुद्र गुप्तको समय मानदेव (४६४–५०५) भन्दा करीव सय वर्ष पहिलेको हो । यसकारण नेपालको बिस्तार मानदेबले विजय गर्नु भन्दा सय वर्ष पहिलेनै भएको थियो । मानदेवले त त्यसै नेपाल भित्रका स्वतन्त्र हुन लागेका सामन्तहरूलाई मात्र कज्याएका हुन । मानदेवका पिता धर्मदेबको अपर्झटमा मृत्यु हुँदा यही मौका पाएर पूर्व पश्चिमका सामन्त हरू स्वतन्त्र हुन लागेका थिए । राजा मानदेवले तिनैलाइ पहिले आफ्ना काबुमा ल्याए । यो चांगुको लेखले स्पस्ट गरेको छ । यदि नेपाल भारतकै अन्तरगत हुँदो हो त नेपालको पृथक स्वतन्त्र सत्ता थिएन भने समुद्र गुप्तले नेपाललाइ प्रत्यान्त देश भनी त्यसबाट कर असुल गरे भनी लेख्नुनै अनावश्यक थियो । सो लेखबाट समुद्र गुप्त भन्दा पहिले पनि आसाम देखि कुमाउंसम्म फैलिएको विशाल नेपाल राज्य स्वतंत्र थियो भन्ने व्यक्त हुन्छ । त्यसकारण मानदेव अघि नेपाल स्वतन्त्र बिस्तृत थिएन नेपाली राजा भारतको करद थिए भन्न सकिंदैन समुद्र गुप्तले नेपाल को स्वातन्त्रय छिने भन्नलाई कुन उनी पछि नेपालको इतिहास स्पष्ट हुँदै आएको र यसको स्वतन्त्र सत्ता स्पष्ट प्रमाणद्वारा सिद्ध भएको देखिन्छ। तर पनि उनको साम्राज्य विस्तार विजय यात्राको ख्याल राखदा सो कुरामा सार छैन भन्न सकिंदैन । समुद्र गुप्त सानो सामान्य प्रभुता केही कालका लागि स्वीकार गरे पनि उनको सेख पछि ई. सं ३७५ मा नेपालले समुद्र गुप्ता भन्दा पहिलेको जस्तो आफ्नो सार्वभौमिक स्वतन्त्रता कायम गरि हाल्यो । यसकारण मानदेवका पुर्खापनि मानदेव जस्तै प्रभुसत्ता संपन्न नेपालका स्वतन्त्र राजा भएका देखिन्छन् ।

३) मानदेवका वाबु बाजे वृषदेव शंकरदेव, धर्मदेवलाइ पनि राजाको उपाधिनै दिइएको छ । भिडाइ भिडाइ

क्रम गर्ने शत्रुले नजितिने देशको बढिबढाउ गर्ने, पृथ्वीको पालन गर्ने राजर्षिका चरित्र भएका आदि विशेषणले उनीहरूलाई स्वतन्त्र राजाको सम्मानमा पुऱ्याएको छ । जस्तो मानदेवको स्थापनमा श्री मानदेवा नृपः अङ्कित भएको छ त्यस्तै धर्मदेवको स्थानमा पनि श्री धर्मदेवी नृप स्पष्टै अङ्कित छ ।

उपरोक्त प्रमाणहरूबाट मानदेव प्रथमलाइ मात्र प्रथम स्वतन्त्र राजा भन्न मिल्दैन । तर नेपालको इतिहासमा मानदेवको अवश्य उच्च स्थान छ । उनले आफ्नो विजय स्तम्भहरू स्थापना गरी आफ्नो र आफ्ना पूर्खाको कीर्ति राखेका थिए । उनको समयको नेपालको इतिहास उज्यालो भई अगाडि आउँछ । उनी स्कन्द गुप्तका समकालीन थिए । (४५५-४६७) कुमार गुप्त पछि कमजोर हुँदै गएको गुप्त साम्राज्यको पतन कालमा विशाल नेपालको स्वतन्त्र राजाको रूपमा देखापरी उनले आफ्ना पूर्वजहरूको इतिहास समेत उजिल्याएकाले नेपालको इतिहासमा मानदेवलाइ ऐतिहासिक राजा मान्न सकिन्छ । उनको समयमा रत्न संघ जस्तो ब्यापार संस्थाको स्थापनाले गर्दा देशको आर्थिक अवस्था राम्रो । संस्कृत भाषाको व्यापक प्रचार भएको थियो । कलाको बिकास भएको थियो । समाजमा महिलाहरूको राम्रो स्थान थियो । धार्मिक सहिस्नुता थियो । यी सब कारणले देशको संमृद्धिको दृष्टिले पनि उनलाइ ऐतिहासिक राजा मान्न सकिन्छ ।

दोलखाका १५ देखी ३५ वर्ष सम्मको समस्त युवक युवतीहरूलाई कालिन्चोक युवा क्लबको सदस्य बन्नु हुन आव्हान गर्दछौं ।

कालिन्चोक युवा क्लब

दोलखा

CC-0. In Public Domain. Digitization by eGangotri

--हरिहर शास्त्री

परेला भित्रको मृत्यु

पुर्पुरोमा हात राखेका
हार खाएर आफैमा सीमित
हे मान्छे हो !
सत्का ओ यी मिथ्याहरूलाई ।
अनगिन्ती सांङलाई
आफूभित्र लुकाएर
रोगै रोग पोतेर
गालामा चाउरी पारेका
हे मान्छे हो !
आफैमा अपूर्णले मात्र
मान्यता सेलाएको देख्छ
उज्यालोलाई अँध्यारो ठान्छ ।
बुझ्यौ !
हुटिटचाउँले कहिले सागर थाम्दैन
आकाश त अनन्त छ
हामी पनि त्यस्तै
अनन्त आकाश झैं दिनु पर्छ
अनि थाहा हुन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

हुटिट्याउँका खुट्टा कहाँसम्म आएका छन् ।
मलाई त लाग्छ-
तिमीहरू बिलकुल मुर्दा
त्यसै त्यसै रित्तिएका अमूर्त भैंकन
परेला भित्र लुकेको
उसको मृत्यु बुझ्न नसक्ने
अनुभूतिपूर्ण अभिव्यक्ति नभएर
वरू बिलामको कार हुन सक्ने
अन्धो रफतार गरेर ।
हे बिलाउन लागेका अनुहार हो ।
त्यसै नपुंसक नहोओ
तेर्स्याएका उनका पाईला देखेर
चाहे संझ न संझ
मैले त त्यो, क्षितिजको उषामा
उसका आँखाका गुलुप
निभि सकेका देखेको छु
विवशताको हुरीमा परेर
आफ्ना रगतका टुक्रा अगाडि
किच्चिएका जिन्दगीका क्षणहरू बटुल्दै
आफ्नो आगोको मुस्लो-भित्रबाट ।

याक् टाई

एक अंग्रेज र एक धोतीवालको बीच कुरा भइरहेको थियो ।
धोतीवालले सोध्यो– 'यो तपाईंको के हो ?'
अंग्रेजले भन्यो– 'यो मेरो नेक टाई हो, यो तपाईंको के हो नि ?'
धोतीवालले जवाफ दियो– 'यो मेरो ब्याक् टाई हो ।'

CC-0. In Public Domain. Digitization by eGangotri

२२ औं प्रजातन्त्र दिवसको महान

उपलक्ष्यमा

समस्त नेपाली प्रति

हार्दिक शुभ-कामना

शाही नेपाल वायु सेवा निगम

CC-0. In Public Domain. Digitization by eGangotri

--राम के. सि. "चौतारे"

"कलंकित बिश्वास"

आजकाल मलाई सारै न्याश्रो लागेर आईरहेछ। मन भांडिए पछि जस्तो सुकै हरियाली दृश्यले पनि मेरो मनमा लेशमात्र पनि शान्ति चैन ल्याउन सक्दैन। बाताबरण उराठ र उदास लाग्दो--संसारै शून्य जस्तो, के भो के भो मलाई। शान्तिको लागि म कति प्रयत्न गर्छु, तैपनि त्यो औषधि पाउन सकेको छैन, जसले मलाई चैन प्रदान गर्छ। यस्तो वैज्ञानिक युगमा आएर पनि शान्ति प्रदान गर्ने औषधि बन्न नसकेको कारण के होला? मलाई खेद लागेर आउँछ।

मन लागे पनि नलागे पनि अफिसमा काम गर्नै पर्छ। अरूले बोलेको सुन्दा पनि मलाई झर्को लागेर आउँछ तर बाएको छु, मान्नै पर्‍यो। मन त केहीमा पनि लाग्दैन तैपनि मन बहलाउनको लागि हात खाली भएको बेलामा अखबार तिर आँखा लगाउँछु। झवाट्ट मेरो आंखा यौटा मोटो अक्षरको हरफमा पर्छ। म त्यसलाई निकै ध्यानपुर्वक हेर्छु अनि आफ्नो प्रतिक्रया केही जनाउने प्रयत्न गर्छु। सन १९६८ मा वर्ष भरमा अमेरिकामा जम्मा त्रिहत्तर हजार मान्छेको हत्या भएछ-आर्को तिर वायफ्रा र नाइजेरियाको युद्धमा बीस लाख मान्छेको मृत्यु-अनि यसैको अर्को छेउमा सिङ्गापुरमा जातीय दंगामा दश जनाको मृत्यु-यो आजको पत्रिकाको कुरो। कति भयङ्कर वातावरण... यौटै राज्यमा वर्षमा यति ठूलो संख्यामा खाली हत्या मात्रै हुन्छ र त विश्वमा जन-संख्या द्रुतगतिले बढ्दै छ भने, यदि कुनै लडाई अथवा दूर्घटनामा नपरि

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कालगतिले मात्र मन हो भने रूस र अमेरिकाले भरखर चन्द्रलोक मा अवतरण गर्नुको सट्टा यतिवेला सम्ममा मानिसको शहरै वसाई सक्नु पर्ने अवस्था आई सकेको थियो ।

हत्या अथवा कुनै नराम्रो शब्द मेरो कर्ण कोठारमा घुस्न जाने बितिक्कै मेरो मन एक अज्ञात भयले काम्न थाल्छ । त्यसकारण एकछिनको लागि म मेरी प्रेमिकालाई त्यस बिभत्स दृश्यमा परिरहेको देख्न थाल्छु । तर यो खाली मेरो मनको शंका मात्र हो । तैपनि उसलाई केही कष्ट भैरहेको महसूस गर्न थाल्छु । किनभने म यो शहरमा वसेर यहाँको झिलिमिलीमा समय बिताई रहेछु । तर विचरीलाई सधैँ गाउँ घरको गल्लीमा ओहोर दोहोर गरिरहनु पर्छ । झरी वादल केही नभनी बन पाखा चहारेर बिहान भरमा जसरी भएपनि एक भारी घाँस उतार्नै पर्छ गाई गोठालो जानै पर्छ । सचो बिसंचोको कुनै वास्ता गर्न पाइन्न–मेलो पात जानै पर्छ झरी पानी आउनु र कुहिरोले झम्म ढाक्नाले विचरीको शरीर जीर्ण भएर कति भक्किई सके को होला । एक तमासको मकैको क्यारम्प छेकाइ र हुस्सूले उसको मन कति निस्सासिएको होला । खोला नाला बढनाले शहर तिरको खबर पाउन एकदम गाह्रारो हुन्छ । हिउँद मा ढाक्रेहरू ओहोर दोहोर गर्दा निकै रमाइलो वातावरण श्रृजिन्छ । तर वर्खामा कामको चटारोले मलामी जाने मान्छे पाउन पनि मुस्किल पर्छ । यसबेलाको शून्यता देखि उसको मन कति निराश हुँदोहो ? कति आत्तिदो हो ?

हुन त उसंग छुटेर आएको केवल तीन चार महिना मात्र भएको छ । तैपनि मलाइ किन यति लामो अवधि जस्तो लागिरहेछ ? विचरी । म यता आउने बेलामा रोएर कति हत्ते गरेकी थिई ! जैले पनि 'पछि पछि' भनेर कति आश्वासन दिनु, मैले । अब त केही गरि भेट भएको वेलामा उ ज्यान गएपनि छाड्दै छाड्दिन, मलाइ विश्वास छ । त्यसबेलामा मैले के भनेर सम्झाउने ? अब त त्यसरी सम्झाउने बुझाउने शब्द पनि निखी सक्यो, मसंग । खाली मेरै प्रतिक्षामा वस्नाले उसको सोन्ह बर्षे यौवन त्यसै मुर्झाउन लागी सक्यो । मेरै निम्तिमा उस्ले सबैबाट लान्छना पाएकीछे । मेरै निम्तिमा उस्ले आफ्नो स्वच्छ दिलमा जलेको रांको सल्काइ रहेकीछे ।

तर यस्तो स्थिति देखा परेतापनि मन लागेको बेलामा ८ भएको ठाउँमा

CC-0. In Public Domain. Digitization by eGangotri

गएर उस्को चहऱ्याइ रहेको कलेजामा मलहम लगाएर शीतल र शान्त गराउने स्वतन्त्रता छैन, मलाइ । यदि मेरो पखेटा हुंदो हो त म आफ्नो स्वतन्त्रतामा बेग हानेर उस्को सामुन्ने पुगीसक्थें हुंला. तर मसंग आजसम्म त्यस्तो कुनै पखेटा छैन ।

उ त गाँउँले भोलाभाला केटीको रूपमा भएर अन्जानमा आफ्नो कलेजा टुक्र्याइ रहिछे । तर म केही शिक्षित भनाउँदो लोग्ने मान्छे भएर पनि आफ्नो कलेजालाइ उस्को भन्दा बढी दुख्ने गरि टुक्र्याइ रहेछु । आखिर किन ? यसरी कस्ले छेकी दिएको छ मेरो मूल बाटोमा ?

यस्को जवाफै छैन, मसंग । भए तापनि यौटा कुनाबाट सानो आवाज निस्कन्छ–समाज भन्ने । त यही समाज नै सबैको घातक रहेछ त, आखिर यो किन श्रृष्टि भयो त ? के यसलाई श्रृजना गर्ने पनि ईश्वरनै हुन त ? ... हैन । यसो भन्ने हो भने उल्टो मै दोषी ठहरिन्छु । मै उल्लु हुन जान्छु । यो समाजको भर्त्सना गर्ने केवल मं जस्ता प्रेम रागमा जल्ने प्रेम दिवानाहरू मात्र हुन् । हैन भने समाज त चाहिन्छ चाहिन्छ । फरक यति मात्र छ-शिक्षित वर्गको समाज अलि उच्च हुन्छ । अशिक्षित वर्गको समाज निम्न स्तरको हुन्छ । अशिक्षाको कारणले गर्दा अलि नौलो जस्तो कार्य गर्न उनीहरू चाहंदैनन् औ कुनै त्यस्तो व्यक्ति निस्केछ भने पनि उनीहरू त्यस्तालाई रोक्ने प्रयत्न गर्छन्, जो नौलो किसिमको काम गर्न खोज्छ (त्यसरी रोकेता पनि सफल भएन भने त्यस्ता व्यक्तिलाइ (जस्ले उनीहरुको छोटो मगजमा नालायक काम हुन जान्छ) समाजबाट निकाली दिन्छन् । मूल घातक चिजनै अशिक्षा हो । जस्ले गर्दा अन्धविश्वाश, अनुशासनहीन आदि कुप्रथाहरू लाइ अंगालीरहेका छन् । अैलेको युगमा यो प्रथा एकदम अनुचित छ ।

अशिक्षाको कारणले गर्दा मैले पनि घरदेखि कैयौं कोश दुरको फासला नागेर यौटा मामुली नोकरीमा अल्जी रहनु परेको छ । यदि यो नोकरीको लालच नगर्ने हो भने मैले यो समाजलाइ यसरी नानाभातीको शव्दले दोष दिने कुनै ठाउनै पाउदैनथें । अब के गरूं त, कं म यो नोकरीलाइनै छाडुं त ? त्यो पनि हुन्न । देशको स्थिति एकदम नाजुक छ । यसवेला सम्म बिकशित मुलुक भैसकनु पर्नेमा के को कमीले हो संधै अबिकशित भन्न लाज लागेर भरखर बिकाशोन्मुख देश हुन गैरहेछ । त्यसकारण नोकरी छाडेर गए पछि भोलिदेखि उही पुर्ख्यौली चलन

CC-0. In Public Domain. Digitization by eGangotri

कुटो कोदाली [illegible] सुख छैन यो [illegible] उखान छ–नेपालीहरू जन्मदा पनि काँधमा हलोजुवा बोकेर जन्मन्छन्, औ मर्दा पनि कांधमा हलोजुवा र कम्मर मा हल्लुडो बाँधेर मर्छन । त्यसकारण मैले पनि उही हलोजुवा काँधमा नभिरी सुख छैन । आखिर जति मरिमेटे पनि एक वर्ष कमाएको अन्न अर्को वर्षसम्म पुर्‍याउन सधैं धौ–धौ ।

यसबेला मध्ये बर्खाको याम छ । म जुनेलीलाई झन तिब्र गतिले सम्झन थाल्छु । अँलेनै उडेर उसको अगाडि गएर धेरै दिन देखि प्रेम नपाएर ओईलाईरहेको गालामा प्रेम जनाउँदै नजानीदो गरेर दुई औंलाले हानेर "तिमीलाई संचै त छ, जुना ?" भन्न मन लागेर आईदिन्छ । त्यसकारण म तुरून्त बिदाको रिपोर्ट पेश गरि-हाल्छु । भित्रबाट खवर आउँछ । म हाकिमकहाँ जान्छु । मैले आफ्नो नाजुक स्थिति जस्तो सुकै रूपमा व्याख्या गरेर सुनाए पनि बिदा पाउन सक्तिन । त्यो दिन नपाएतापनि म निराश हुन्न । दिनको एक पटक अनि-वार्य रूपमा हाकिमसंग कराउँदै जान्छु आज, भोलि, पर्सि । एवम् रितले दिन बिर्दै जान्छ–एक हप्ता, दुई हप्ता, तीन हप्ता । चार हप्ता बिती सकेपछि बल्ल बल्ल हप्ता दिनको छुट्टि पाउँछु म चराले झैं उडेर ऊसम्म पुग्न सक्तिन, अनि हत्तारिएर उड्न मात्र सक्तिन । अनि पछि चार दिन लाग्ने बाटो म यस पटक दुइ दिनमै खत्तम पारी दिन्छु ।

मेरो मनको धोको केही मात्रामा पूर्ति हुन्छ । किनभने मैले उसको माया लाग्दो अनुहार देख्न पाउछु । तर त्यो खुसी अस्थायी भएर निस्कि दिन्छ । केही समय बिते पछि झन विकट स्थिति देखापरि दिन्छ । उ त यसपाला जसरी भएपनि मसंग नगई नछाड्नेरे ? सोह्लबर्ष सम्म भोकप्यास निन्द्रा ईत्यादि कुरालाई सहेर गरेको तपस्यामा पनि प्रशन्न नभएर उसको बर मिल्दैन भने अब त झुण्डेर भए पनि मर्छेरे । कस्तो फसाद ? मलाई समेत पश्चातापको भूमरीमा धकेलेर तडपाई तडपाई मार्ने भई । उफ ! यो कस्तो स्थिति हो ? म त समाधानको कुनै बाटोनै पहिल्याउन सक्तिन । के प्रेम गर्ने सबैलाई यस्तै स्थिति आई पर्छ त? मैले सुरूमा कस्तीसंग आँखा जुधाउन पुगेछु । के उ भन्दा राम्री अरू थिदै थिइन र, गाउँमा ? प्रेमले दायाँ बायाँ केही हेर्दैन भनेको साँच्चै हो रहेछ । अँले आफ्नो अवस्थालाई देखेर म झवाट्ट लैला र मजनुको प्रेम लाइ सम्झन पुग्छु । लैला त्यस्ती काली भैकन पनि विचरो मजनु–लैला मायि

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

दिवीना वन्यो । आखिर उसैको लागि आत्महत्या पनि गऱ्यो ।

प्रेममा विह्वल भएर ऐले म उसलाई सम्हाल्न त सम्हालुला तर हामीले फेरि यसै जनममा त्यही गाउंमा पाईलो हाल्न पाऔंला त ? अंह, एकदम असम्भव ! हामी निस्केको भोलिपल्ट देखिनै गाउंलेहरूले नजाने के के आरोप र दोष लगाउने हुन्, म कल्पनै गर्न सक्तिन ।

ऐले मलाई असाध्य रिस उठेको छ । किनभने मान्छे भन्ने प्राणीमा कुनै विवेक छैन । भए, पनि एकदम थोरै मात्रामा छ । त्यसैले, यदि मेरो तागतले भ्याउंदो हो त मान्छे भन्ने जति सबैलाई स्वाम्म एकैचोटी निली दिने थिएं । किनभने मान्छेले संसारमा धेरैनै अन्याय गरेको छ । त्यसमध्येमा सबै भन्दा ठुलो अन्याय 'तं सानो र म ठूलो' अनि 'तेरो र मेरो' भन्ने भावना हो । अनि अर्को कुरा जान्ने भएर यो जातको विभाजनै किन गऱ्यो, मान्छेले यो जात छुट्याउने तात्पर्य नै के थियो? श्रृष्टिको सुरूआतमा केवल मान्छे भए निस्केको थियो । ब्रम्हाले त्यसबाट जन्मा चार बर्गमा बिभाजन गरे । यसरी चार बर्गको रूपमा धेरै काल सम्म रहचो । तर त्यसबाट पनि हज्जारौं हांगा र विंगा किन ? आखिर १४ औं सताब्दिमा आएर राजाको हैसियतले काठमाडौंका राजा जयस्थिति मल्लले त्यसरी बिभाजन गर्नु पर्ने के आवश्यकता थियो ? यसबाट मानिसलाई ठोस फाईदा के भयो त ? मानिसले के उन्नति गर्न सके ? यदि कसैले जातको वारेमा म संग सोध्छ भने म सजिलैसंग भनी दिन सक्छु कि आज सम्म संसारमा केवल दुई जातको श्रृष्टि भएकोछ । एक स्त्री र पुरूष अर्को धनी र गरीव ।

बदलिनो स्थिति छ । आज उपयुक्त ठहरिएको नियम केही बर्ष उता गएपछि त्यही एकदम अशोभित बन्न जान्छ । त्यसकारण उनले पनि त्यस बेलाको स्थितिलाइ मात्र हैन केही मात्रामा भविष्यको पृष्ठभूमिलाइ पनि निहचाल्नु पर्ने थियो । तर त्यस्तो प्रतिभा उनमा पनि कहाँ थियो र ।

यसमा जति तर्क वितर्क गरे पनि हुन्न, भन्या । जातिपातिको बिषयमा बर्तमान स्थितिलाइ सुहाउंवो मुलुकी ऐन लागु भएको छैन र ? तर अन्ध बिश्वास र अशिक्षाको लहराले बेन्ही राखेको दुनिया कसरी निस्केर स्वतन्त्र हुन सक्थे र ? त्यो त केवल कितापी रूपमा मात्र लागु भएको छ । प्रायोगिक रूपमा लागु हुन त जक्रै यस्ता कैयौं दशक वितेर जानु पर्छ ।

जेहोस मेरी जुनेली साकिनी म सही । म उस्लाइ कुनै हालतमा पनि छोड्न सक्तिन । उस्को रूप, लावण र व्यवहार दाँज्ने हो भने जुनसुकै ठूलो जातको जुनसुकै सुन्दरीसंग दांजे पनि कम हुन्न मलाई विश्वास छ । अझ खुलस्त भन्ने हो भने उस्को रूप मात्र हेर्न पाए पनि म एक हप्ता सम्म त भोकै बस् भने पनि सक्छु । म खास बाहुनको छोरो नियमले हो भने मै नै जातमा सबै भन्दा ठूलो गनिएको छु । तर जात अनुसार खै मसंग सुहाउँदो कितिमको रूप, शील, ज्ञान र गुण ? त्यसै मान्छे ले विभाजन गरेको ठूलो जातको उपाधिलाई मात्र ओगटेर पुग्ला त ? जातिपाति र ठूलो सानोको भेदभाव नगर्ने हो भने हाम्रो देश पनि विकशित देशको दांजोमा पुगीसक्थ्यो होला । मानबले मानवको रूपमा देख्न सक्नु पर्छ । अनि मात्र हाम्रो यस ससारमा श्रृष्टि भएर आएका हुन सक्छ । अनि मात्र मानवको लागि नभइ नहुने समाजको श्रृष्टि तात्पर्य आउन सक्छ ।

मेरी जुनेली र मेरो प्रणय सम्बन्धमा कुनै पनि भिन्नता आएको छैन । मैले के सोचें भने ऐले तत्कालै ग्रामीण समाजमा चेतना नआएतापनि केही दशक पछि अवश्य आउला । वह मैं पहिलो पटक गाउँमा पनि (अ भन्ने हो भने हाम्रो जस्तो पिछडिएको देशमा) यस्तो बन्धनलाइं तों समान दृष्टिको व्यवहार गर्ने साहसि कदम उठाएको खण्डमा म सरह अथवा म भन्दा तल्लो पीढि शिक्षित युवा युवतीहरूले पनि अनुसरण गरेर समाजमा एक रूप ल्याउनेछन् भन्ने आशाले मैले जुनेली लाइ अंगाल्ने साहस गरें । त्यसै लागि मैले गाउँ, घर, समाज सबैलाई त्यागी मैले बिश्वास गरें मेरो मन छाएको बेदनाका बादलहरू फाट्छ भने त्यी सब मलाई केको आवा कता ? संसारको जुनसुकै कुनामा पनि मेरो लागि अवश्य स्थान मि सक्छ । सबै मेरो घर, गाउले, दाजु भाइहरू बन्न सक्छन् । केवल मजबु पाखुराको आवश्यक छ ।

मेरो बिस्तृत सोचाइले गर्दा मैं जुनेलीलाइ काखी च्यापेर एक त्यहांका किट पतंग देखि लिएर संग बिदा भएर आएं । त्यसबेला जुनेलीले सर्वस्वको रूपमा म पाएकी थिइ । अनि मैले चाहीं को रूपमा केवल उसैलाइ पाए थिएं । वाह काल हाम्रो जीवन बसन्त छाउन थाल्थ्यो । वाहं

CC-0. In Public Domain. Digitization by eGangotri

हामी दुईको हृदयको बगैंचामा कोयली गाउन थाल्यो- 'हामीलाई यस्तो भान परेको थियो । मलाई गाउंघर तिरको कुनै मतलब नभएतापनि कहिले कहीं म सुन्थें-गाउंलेहरुले हाम्रो बदखोइ गरेकाछन् । जेसुकै गरुन्, भन्नेको मुख मा कस्ले बुजो लाउन सक्छ र ।

ओह सम्झेर ल्याउने हो भने त स्थिति एकदम भयंकर छ । घरमा बा आमा दाजुभाइहरूलाई कहाँ सम्म को चोट परिरहेको होला । जोरी पारीहरूले खूब मौका पाए होलान् । लाजले गर्दा आमा बालाइ बांच्नै मुस्किल परिरहेको होला । के गरूं त अब ? जो हुनु भइ हाल्यो । बरू सम्झनु भन्दा नसम्झनु मानै बेश छ ।

शहर आएपछि हाम्रो जिन्दगी राम्रो तरिक संग बित्दै गयो । हामी ले अरू केही सम्झेनौ । अरू केही चाहेनौं । यसैगरि एक दुई बर्षको अवधि पनि सजिलै पास भएर गयो । तर एकदिन एक वर्षको लागि तालीम लिन मैले बिशेष जानु पर्ने भयो । हाम्रो लागि सबै भन्दा घातक समय यही नै हुन आयो । [illegible]ो त्यसो गरेर जो सकेको प्रबन्ध मिलाएर म बिदेश तिर लागें । छुट्टिने वेलामा रोएर उस्ले मेरो लागि आंसुको विकट सागर [illegible] दिएकी थिइ । म नफकुन्जेल सम्म उस्को हेरचाहको लागि मैले मेरो एकदम बिश्वासिलो साथीको देखभालमा छाडेर गएं । त्यसो नगरूं पनि मेरो लागि अरू कुनै उपाय थिएन । मैले आफ्नो मुटु जुनेलीकै जिम्मामा छाडेर केवल खोक्रो शरीर मात्र लिएर बिदेशतिर लागेको थिएं । मलाई जुनेली माथि पुरा बिश्वास थियो । समय एकदम कठिनले बित्दै गयो । एक दुई महिना बितेपछि वल्ल बल्ल साथीको पत्र पाउथें । त्यस पत्र बाट मैले उस्को सबै खबर थाहा पाउन सक्थें । साथीकै चिठी त थियो नी, जुनेलीको खबर थाहा पाउने साधन । बल्ल बल्ल आधा बर्षको अवधि मात्र बित्यो । अझ आधा वर्षको अवधि सिगैं बांकी थियो ।

आज पनि साथीको चिठी आयो । म निकै खुसीका साथ पत्र खोल्न थालेको छु । अरूको भन्दा जुनेलीको खबर थाहा पाउनलाई मेरो मन एक-दम तुलबुली र बेचैनीले कम्पित भैरहेको थियो । माथि देखि पत्र हेर्दै गएं । मेरा हात अनायासै कुनै अज्ञात भयले कांप्दै गयो । मुटुमा पनि नजाने कस्तो कस्तो किसिमले चस्का दिन थाल्यो । पत्र हेरि सकें, तैपनि मलाई विश्वास भएन । मैले आंखा

CC-0. In Public Domain. Digitization by eGangotri

मिची मिची फेरि हेरें । तर जति हेरे पनि सत्य कुरा त्यसै कहां छिपिन सक्थ्यो र । पहिलो चोटी हेर्दैमा बिश्वास नलाग्नु त केवल मेरो भ्रम मात्र थियो । त्यस पछि म अड्न सकिन । मलाई रिंगटाले ढलमलाउन थाल्यो । मेरो हातबाट त्यो सन्देशको पोको बोकेर ल्याउने पत्र फुत्केर हवा मा उड्न थाल्यो । कोशिश गर्दा गर्दै पनि मैले आफुलाई सम्हाल्न सकिन- भूईंमा गिरी हाले । धेरैबेर पछि अचे- तावस्थाबाट ब्यूझेर म सकि नसकी दुबै हातले टाउको थामेर टुक्रुक्क भूइमा बसें । मेरो मगज सिनेमाको रिल जस्तै घुमिरहेको थियो ।

'उफ ! यो के भो ? म सकिएं, रित्तिएं, जीउदै जले ।' अनायासनै मेरो अन्तरात्माबाट एक बिचलित सुस्केराका साथ करूण आवाज निस्क्यो–'जस्लाई मैले आफ्नो सम्झेको थिएं । आज उसैले म माथि यत्रो धोका ? यो कुन जनमको ऋण चुकायौ, जुनेली, तिमीले ? 'मलाई डांको छोडेर रून मन लाग्छ–रोइ दिन्छु ।'जस्को भरोसामा मैले आफ्नो सर्वस्व त्यागें । मैले तोते बोली बोल्न सिकेको, बामेसर्न सिकेको आंगन त्यागें । मातृत्वको निर्मम हत्या गरें । पितृत्वको हत्या मेरं विवेकबाट हुन गयो । हे भगवान ! बरू म गर्भैमा तुहि एको भए आज यो बिधि घटनाको चक्रमा पर्नै पर्ने थिएन । बांच्नाले ऐले म यत्रो भंगालोमा परिरहेको छु । समाजको अर्घेइंलो मै भएको छु । सबै सबै मै भएको छु, म केही भइन । आखिर कस्को निमित्त ? असती । स्वास्नी मान्छेलाई म जस्तो बुझन सक्ने भैदिएको भए शिवजी जस्ता सर्वशक्तिमानले किन बहुलाउनु पर्थ्यो । रामचन्द्रले सिताजीलाई किन अग्नि परीक्षण गराई रहनु पर्थ्यो ।'

मेरी जुनेली अर्कै संग पोइल गइछ । साँच्चै यो पोइल भन्ने शब्द सुन्न र बोल्न पनि कस्तो बिकृत छ । जुनसुकै कुरा पनि मान्छेको आ-आफ्नो संस्कार बमोजिम हुदोरहेछ । सबै जातलाई एउटै बर्गमा गाभ्न मैले जुनेलीको विषयमा संघर्ष गर्न सकिन र आखिर आफैं समाजबाट मुन्टिएं । तैपनि म खुसीनै थिएं । तर ऐले म जताततैबाट निराश र हतोत्साही भएको छु । जुनेली पोइल गएर आफ्नो जातित्वको परिचय दिई हाली ।

'के यो कुरा असम्भव हो त ?' म भन्छु–' हैन । किनभने जुनेली नेपोलियन जन्मे त्यसबेला देखिनै उन

आंधा

CC-0. In Public Domain. Digitization by eGangotri

ले "यो 'असम्भव' शब्दलाई शब्द–कोषबाटै हटाइ सकेकाछन् । अब म अन्तमा आएर सल्लाह माग्छु- 'यदि यो सम्भव हो भने अब मैले कुनचाहीं उपाय सोचे ठीक पर्ला त? कुन बाटो अपनाए ठीक पर्न जाला ?'

त्रिभुवन जयन्तीको उपलक्षमा

स्वर्गीय श्री ५ त्रिभुवन प्रति श्रध्दान्जली

अर्पण गर्नु का साथै

प्रजातन्त्र दिवसको शुभ अवसरमा

समस्त नेपाली प्रति

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

"निर्जीवन बीमाको अतिरिक्त अब जीवन बीमा पनि"

राष्ट्रिय बीमा संस्थान

शाखाः—
बिराटनगर,
नेपाल ।

पत्र मन्जुषा ५२७
कान्तिपथ, काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

–धर्मराज थापा

लागेन निद्रा कसै

कस्तो जुन उदाउला प्रकृतिको यो चारू कैलासमा,
यस्तै तर्क वितर्कले दिन वित्या त्यै पूर्णको साँझमा ।
निस्के झल्ल उडाई बल्ल रसिलो पोखेर ज्योति सबै
सिङ्गै रात पनि भयो दिवस झैं "लागेन निद्रा कसै ।"

हिउंचुली चुलिका सफा वदनमा चुम्बन गरेझैं गरी,
मेरै गीत प्रवाहको कलमले झर्ना झरे झैंझरी,
एकदेखि जब त्यो अनेक हुन गयो ज्योति फुटाई जसै,
माया जाल अहो ! विचित्र छ भनी "लागेन निद्रा कसै ।"

त्यो कालो हरियो नीलो चहकिलो लालित्य रङ्ग बदलियो
यो मनको धमिलो सबै हिमचुली ओढारमा खुम्चियो
उनकै श्रृष्टि तलाउमा अब कमल झैं फुल्छु भन्दा जसै,
डुप्लुकै डुबि जन अस्त हुन गो "लागेन निद्रा कसै ।"

CC-0. In Public Domain. Digitization by eGangotri

–स्व. मुकुन्दनाथ "निराशा"

नैराश्य

म दोषी होईन, मेरो दोष म भन्दा जेठो छ,
घात प्रतिघात मेरो फन्दामा
छैनन, जीवित न त मृतक हो,
चिन्नेले चिन्यो प्रकृतिका रुपरङ्ग
र राख्यो नामाकरण आफ्नै वजनमा
आफ्नै वजन भित्रका जनहरूका मन
ज्ञानीको ज्ञानले जित्न सकेन,
केवल दूरीको दूरमा वाहिरी आवरण देख्यो
आन्तरिक बर्णनको वर्ण चिन्न सकेन,
भूभागको पिडमा लडेका सजीव जीवन
मृतक हुन खोज्छ, तर बन्न सकेन,
लडेर घात गर्दै खोज्दछ जीत्न
तर खालि पाउँदछ नैराश्यको जाल
अनि अल्झिरहन्छ,
माकुराको जाल झैं तर फोड्न तोडन नसकिने
जामा आशलाई छोट्याउंछ अन्धकारको पर्दाले
त्यसैले पारीको पहरा देख्न सकेन
भूमण्डलमा खुला रूपले मानिस उड्न सकेन ।

CC-0. In Public Domain. Digitization by eGangotri

—जीतेन्द्र बस्न्यात

शिल्पकारको व्यथापूर्ण जीवन

जनरल गेहेन्द्र शम्शेर राणाको समयमा बिशाल कारखानामा (अहिले को विश्वज्योति सिनेमा हल भएको स्थानमा) ५००० कालिगढहरू मध्ये एउटा कालिगढ थियो-अमिर मान् बो-लाइने नाउ थियो सानु भाइसानु भाईले असी बर्षको उमेरमा देहत्याग गऱ्यो। मेरो पिताजी अक्सर त्यस् कालिगढ कहाँ बसेर समय बिताउनु हुन्थ्यो। म पनि बाँकी हात पक्रदै बालककाल मा त्यस् कलाकार कहां गएर पुरानो कुरो चाखले सुनि रहन्थे। हिजो आज त पुरानो कुरो खुइलेर गयो भन्ने चलन छ तर मेरो अन्तर हृदय ले मान्दैन। हामी प्रधानमन्त्री बीर शम्शेरको सहोदर मामाली भएकोले त्यो कलाकार हामीलाई बडो श्रद्धाले हेर्दथ्यो। त्यो कालिगढ लौह शिल्पि थियो। त्यो कलाकारको दुबै हात थिएनन्। हातले गर्ने काम उ खुट्टाले नै गर्दथ्यो। सेतो भोटो सुरुवाल, खांडीको पटुका बानेर रातो बराठको चट्टी जुत्ता लगाएर सेताम्य कपाल र दाढी भर्भराउदो चेहरा लिएर हाम्रो स्वागत गर्न आउदथ्यो। आधुनिक शस्त्र-अस्त्र बिज्ञानका कतिपय कुरा उसलाई कण्ठ थियो। बिज्ञानको बारेमा रत्तिभर पुस्तकको ज्ञान प्राप्त नभएको त्यस व्यक्तिमा प्रत्येक कुरो कण्ठ आउंदा मलाइ आश्चर्य लाग्दथ्यो। एक दिन उसले एउटा रेखा–रेखा कोरिएको कागज गुप्तरूप मा मलाइ देखायो; त्यस कागजमा अनेक शस्त्र अस्त्रको नक्सा खिचिएको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । मैले त्य[illegible] हेरे । गेहेन्द्र शम्सेरको समयमा नेपाल मैं बनाएको तोप, गोला, गेहेन्द्र गन, बन्दूक शीलखानामा आजसम्म रहेकै छ । आजसम्म गेहेन्द्र शम्शेरले स्था– पना गरेको कारखाना रहि रहेको भए विदेशी शस्त्र अस्त्र नेपाललाइ आव– श्यकता पर्ने थिएन । एशियाको नक्सा मा नेपाल कति मजबुत हुन्थ्यो । होला तर त्यो हुन पाएन । गेहेन्द्र शम्शेरको असामयिक आकस्मिक मृत्यु पछि त्यो कारखाना नष्ट भ्रष्ट भयो । त्यहाँ काम गर्ने रूदै दस दिसातिर भागे । राणा कालमै सानु भाइको हात काटियो । कलाकारको हातमा अपरिमेय शक्ति हुन्छ भनेर होला कट्ट पट्ट हात काटेका । हात काटिए पछि सानु भाइ धेरै समयसम्म नजर- बन्द रह्यो । धेरै वर्ष पछि परिवार संगै आएर बस्न पायो तर त्यतिबेला उसका दुइ छोराले संसार छाडि सके का थिए । म जुन कागज हेर्दै थिए त्यो कागजलाइ पैसठ्ठी वर्षसम्म उसले जमिन मनि गाडेर लुकाई राखेको थिए भनि उनी बताउदथे । मैले त्यो नक्सा हेरेर आएको दिन घरमा एउटा नक्सा मैले पनि बनाएर बालाइ देखा- एको त बाले यसरी थप्पड हान्नु भयो गालामा, पन्द्र दिनसम्म सुनिएको [illegible] भएन । बाले भन्नु भयो- त्यस्तै रेखाहरू कोरेर उसले आफ्नो हात बलिदान दिनु पर्‍यो, तं पनि गएर हात फालेर आइज त्यस दिन देखि मैले कागजमा सिसाकलमले रेखा कोर्न छोडि दिए । पन्ध्र वर्ष पछि फेरि शुरू गरे तर त्यतिबेला त्यो कलाकार यस संसारमा थिएन । मुटु को खिलपत्रमा मुटुकै रंगले रग भर्न थाले र आजसम्म रङ्ग भर्ने काम जारी छ । मैले धेरै बाजी सोधे त्यस कलाकारले बुच्चो हातको मर्म, कसैले भनेन । मेरो पिताजले त्यस कलाकार लाइ केही कुरा भन्नु भएछ कि मैले कतिपल्ट जोड गरेर सोध्दा पनि त्यस कलाकारले ती रेखा खिचिएको पत्र हरू फेरि देखाएन । केवल लामो सास फालेर - भन्दथ्यो- काजी, समाजमा बाँच्न बडो गाह्रो छ । लेखक, कला- कार भएर स्वाभिमान बचाई बाच्न त कहाँ सकीदो रहेछ र । प्रत्येक लेखक, कलाकारको आफ्नै ढङ्गको स्वाभिमान हुन्छ र लेखक कलाकारलाइ आफ्नो स्वाभिमानको ज्ञान पनि हुन्छ । केटा केटीमा सुनेको त्यो कुरो आज पनि जब सम्झन्छु मलाई आजै अहिले सुने को कुरो लाग्दछ । त्यस कलाकारप्रति मेरो मस्तिष्क श्रद्धा र भक्तिले निहु- रिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राजीलको ओरो-प्रेटो नगरलाई असख्य दिव्य प्रतिमाहरुको रचना गरी सृङ्गार गर्ने एउटा अंपग शिल्पी थियो–अलेजादिन्हो। अठारौ शताब्दी को एउटा सानो नगर थियो ओरो प्रेटो । विश्वका कतिपय नगरमा ठूला–ठूला भूइचालो गयो, परिवर्तन भयो तर यो नगर जस्ताको त्यस्तै आजसम्म रहेको छ हिजोको वितेको युगमा निर्माण भएको त्यो नगर आज पनि अविचलित अपरिर्वातित दशामा बाँचिरहेको छ । नगरको हरेकको गल्लीमा हरेक दिशामा मन्दीरहरू रहेका छन् । सानो शहर सयौं प्रतिमाहरुले अलंकृत छ र त्यसको सृष्टा एउटा शिल्पि थियो--अलेजादिन्हो । वालकंकाल देखि नै उसलाइ दुइ विषय मा विशेष रूचि थियो—बाइबलको पाठ र चित्रांकन । उसको बाबु पनि एउटा शिल्पी नै थियो । अलेजादिन्हो बाबुको काममा मद्दत गर्दथियो । एक दिन गिरिजाहरू बनाउदो उसको बाबु को मृत्यु भयो । त्यतिबेला उ अपरिपक्क बुद्धिको युवक भए पनि संकल्प को धनी थियो । अलेजादिन्होले बाबु ले शुरु गरेको गिरजाघर मात्रै बनाएन बरू त्यहाँ उसले आफ्नो दक्षता तथा प्रतिभाको फण्डा फहराइ दियो उसले निकै धन कमायो र त्यो सारा धन प्रशस्त मोज मज्जामा खर्च गर्न थाल्यो । उन्नतीस वर्षको उमेरमा एउटा भयानक रोगले उसलाई आक्रमण गऱ्यो । संभवतः यो सुरा र सुन्दरीको असंयत सेवनको परिणाम थियो । उसको सुगठित शरीर ह्रास हुन थाल्यो । उसलाइ जुन रोग लाग्यो त्यसलाइ कसैले कुष्टरोग भने कसैले पक्षाघात । केही समयपछि उसको अंग-अंग सडेर झर्न थाल्यो । रोग यस्तो लाग्यो ज्यादै डर लाग्दो र यन्त्रणापूर्ण थियो । उसको खुट्टाको औंलाहरू गलन थाले, केही वर्ष सम्म गोडालाइ छालाको जुत्ताले ढाकेर राख्यो । तर रोग बढ्दै गयो । पवित्र करूणामयी प्रतिमाहरूलाइ सुन्दर रुप, दिन उ छिन्नो र घन चलाएर निर्माण मा तल्लिन भई रह्यो । रोग ज्यादै बढयो । उसका हातका औंलाहरूमा पनि रोगले छोएको चाल पाएर असैह्य बेदनाबाट मुक्ति पाउनको लागि एक दिन आबेगमा आएर बन्चरोले आफ्नी हातको औंला काट्यो। ओरोप्रेटोका मानिसहरूले सोचे-अलेजादिन्होको शिल्पको अन्त भयो। तर त्यो विचार गलत प्रमाणीत भयो । अलेजादिन्होले हातमा छालाको पंजा लगाएर धन, छिनो, चक्कु र हतियार डोरीले बाँधेर काम

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दथ्यो ।

शारिरिक यन्त्रणाको अतिरिक्त उसलाई मानसिक क्लेश पनि कम थिएन । रोगले उसका अङ्गहरूलाई यसरी ढालेको थियो–उ बिभत्सताको नमूना बनेको थियो । यसै कारणले उ प्रत्येक दिन सुर्योदय भन्दा पहिला पालकीमा बसेर आफ्नो कार्यशालामा जान्दथ्यो दिन भर त्यहाँ बन्द कोठामा बस्दथ्यो र काम गर्दथ्यो तथा राती अध्यारो भएपछि फर्केर आउदथ्यो । समय वित्दै गयो । त्यो ईश्वर प्रभुको प्रार्थना गर्दै रह्यो र अनवरत यन्त्रणाको क्षणहरूमा पनि सृजना गर्दै रह्यो। त्यो नारकीय यन्त्रणामा पनि शायद उसलाई अपूर्व आनन्दको अनुभूति हुन्थ्यो । अलेजादिन्होले साठी वर्षको उमेरमा आफ्नो जीवनमा सर्वोत्कृष्ट काम गर्‍यो ओरो–प्रेटोबाट चालीस मील टाडा काँ गोन्हासमा दुईटा गिरिजा घर दस वर्ष भित्रमा बनाएको थियो । यो गिरिजा घर उसको जीवनको महानतम कृति हो जहाँ अठहत्तर वटा प्रतिमाहरू रहेका छन् । गिर्जाको आठ फुट ठूलो पत्थरमाथि वाईवलको वारह पैगम्बरको चित्र चित्रित छन् । देश देशान्तरबाट श्रध्दालु इसाईहरू आएर ती प्रतिमाहरु मा शिर झुकाएर शान्ति पाउंछन् । ७६ वर्षको उमेरसम्म बाँचेर अन्तिम बेलासम्म पनि काठ र ढुङ्गामा कला सृजना गर्ने एउटा कलाकारले आफ्नो जीवन लीला समाप्त गर्‍यो ।

हाम्रो देशमा कति पुराना शिल्पी कलाकार थिए होलान, कतिले हामी लाई छोडेर गईसके र कति आज कुन रूपमा डाडामाथिको जुन बनेर बाँचि रहेका छन त्यसको लेखा जोखा भएको छैन । कतिपय शिल्पि, चित्रकारलाई आफुले बनाएको शिल्प कृतिमा संतोष प्राप्त भएको छैन । कति शिल्पकार चित्रकारहरू समाजको कुनै तहबाट मान्यता तथा प्रतिष्ठा नपाउनाले आफ्नो मौलिक प्रतिभालाई त्यागि राखेका छन् । कति कविहरू छन् जस ले कविता रच्न छोडिसके । कति राम्रा संगीतकारहरूछन् जसले संगीत दिन र गाउन नै छोडिसके । कति राम्रा चित्रकारहरू छन जसले चित्र कोर्न छोडिसके । आज कलाकारहरू बडो उपेक्षित एवं अपहेलित रहेका छन् बाँच्नको लागि कसैको झुटो तारिफ, गुमान गर्न वाध्य हुनु पर्ने स्थिति कवि लेखकलाई रहेकोछ । झुटो तारिफ, गुणगान गरेर भए पनि जागिरको सुरक्षा गर्नु पर्ने भएकोले तारीफ, गुणगान भन्ने गर्ने गरी जागिरको सुरक्षा गर्ने परिपाटी कायमै छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कलाकारहरू महत्वाकांक्षी हुन्छन् तर कलाकार विभिन्न रोग ब्याधिसंग कलाकार अलेजादिन्होले अन्तिम सास रहुन्जेलसम्म जसरी सँघर्ष गरेको थियो निर्माणमा तल्लिन भएको थियो त्यसरी नै आजका नेपाली कलाकार हरूले नेपाली कला साधनामा अनब-रत जीवनको अन्तिम बेलासम्म लागि रहनु पर्दछ । नेपाली कलाकारहरूले अगुवा नेता, मोती कलाकृतिका रच-यिता श्री ५ वीरेन्द्र पाएकोले कलाकारहरूको भविष्य उज्वल नहोला भन्न सकिन्न । कलाकारहरूले टकटकी दृष्टि लगाई रहेका छन्–श्री ५ वीरेन्द्र का उज्ज्वल मुहार तर्फ । नव युगका सृष्टिकर्ता जन नेता श्री ५ वीरेन्द्रको शासनकालमा कलाकार, लेखक कवि को बाँचने हक सुरक्षित हुनेछ भनेर आज चारैतिर बिश्वास मुखरित भई राखेको छ ।

चुनावको क्रममा भइरहेको एउटा सभामा एकजना सम्यवादी भाषण दिई रहेको थियो --सज्जनवृन्द, तपाइहरूलाइ थाह छ मजदूरहरूलाई विउँझाएर उठाउनुमा सबभन्दा ठूलो हात कसको छ ? साम्यवादी ले गर्व साथ प्रश्न ग-यो ।

--अलार्म घडी आविष्कारक को !

यौटा श्रोताको जवाफ थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

--रमण नेपाल

जाँड ताण्डव

म जाँड प्यूँछु, साथीलाई जाँडनै पिलाउंछु
म जाँडबाट उम्रिएर जाँडमै विलाउंछु !

म जाँडभित्र पौडिएर भै सकें ठुलो 'लिडर'
म हाँक्न सक्छु सबकुरो मलाई आज के छ डर ?

धरं करं र न्याय–नीति राजनीति जाँड हो
तं जाँड हो उ जाँड हो म वीस पाथी जाँड हो !

म हेर ऊँट झैं ठुलो कता कता पुगि सके
म गिद्ध हुँ लगा लगी कति जना ठुंगी सके

म एक मोटरै सही यो जाँडले चलाउंछ
म धुरं धुरं गुड्न सक्छु मलाई फूर्ति आउंछ !

सिधा सुधा गरीबलाई स्वाप्प नै चपाउंछु
सिपालु छु म दाउमा झिंगा पनि धपाउँछु !

म जाँड हुं समित्र बुध्दि सुध्दी जांड जाँड हो
यो फेरको यो ठाउंको फटाहा हो म भाँड हो !

CC-0. In Public Domain. Digitization by eGangotri

म सूर्यलाई दिनं दिनै यी जाँडमै डुबाउँछु
म ब्यक्ति हैन जाँड हिड्छु जाँड बोल्छु गाउँछु !

म जाँडको निगाहले भइ सके ठुलो लिडर,
भूँडी छ टाउको ठूलो कहाँ छ खै मलाई डर !

मिसाई जाँडमा सबै इजत सिजत पिई सके
हो जाँडकै निगाहले यो मान पद लिई सके !

म भ्यागुतो हुं उफ्रि दिन्छु हुँ विषालु साँप हुँ
मबाट उम्कियो र को खराप हुँ म धाप हुँ !

रगत पिएर यो जगत् म जाँडमै डुबाउँछु
सके भने म सृष्टि पूरै जाँडको बनाउँछु !

चेक

'तपाईले मेरो चेक पाउनु भयो ?'
'हजूर ! दुई पटक ।'
'दुई पटक ? कसरी ?'
'एक पटक तपाईबाट, अर्को पटक ब्याँकबाट ।'

खोल्नुसन

तपाईको मुख अलिकति अरू खोल्नुसन अलि बढी ··अलो अरु ·· दन्त चिकित्सक रोगीको परेशानी बढाइरहेको थियो ।
'तपाई मेरो मुख भित्र नै बसेर औषधि गर्नु हुन्छ कि क्या हो ?" रोगीले सोध्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

--लक्ष्मण समसेर थापा

बक्सिङ्ग खेलको संक्षिप्त इतिहास

एकै पटक धेरै व्यक्तिहरूको बीचमा नभई नियम अनुसार दुइव्यक्तिको बिच जुन मुष्टियूध्द हुन्छ त्यस किसिमको खेलको नाम हो Boxing (मुक्कावाजी), यस खेलको अध्ययन या जानकारीको लागि यस्को सुरूवात कुन देशवाट भएको हो सो कुराको ज्ञान हुन आवश्यक देखिन्छ।

बक्सिङ्ग खेल अरू खेलहरू भन्दा ज्यादैनै पुरानो र सवै भन्दा पहिलेको olympic मा खेलाइने खेलहरू भन्दा पनि पुरानो खेल हो। साचिनै भन्ने हो भने यस खेलको जन्म मानव इतिहास लेखिनु भन्दा पहिले भएको हुन सक्छ। पहिलेका असभ्य मानिसहरू ढुङ्गा फडका दिएर हिर्काउनेबाट पत्ता लाग्दछ कि यीनै जातीहरूको खेल मुक्कानै फडकाहरू (Swings) हुन। यो कुरा ७४००० बि. सं. पुरानो मिश्र देशको ढुङ्गाले कुदेको शिला लेखमा लेखिएका अक्षरहरू र त्यसमा समावेस भएका छालाको पुराना पंजा लगाएका सिपाहीहरूबाट पत्ता लाग्दछ। पहिलेका मिश्र जातीहरू जस्ले बक्सिङ्ग खेलदा लगाउने पंजा (Glove) हाल अहिलको पंजा (Glove) जस्तै नभै छालाको, रूखको या वा आदिम कालको कपडाले बनेको पंजा आफ्नो मुक्की देखि लिएर पाखुराको कुइनासम्म बेरेर बक्सिङ्ग खेलदथे। यसरी क्रमसः बक्सिङ्ग खेलको सुरूवात मिश्र देशबाट हुदै ग्रीस देशमा पुग्दछ जेहोस बक्सिङ्ग खेल आत्मरक्षा गर्ने क्षेत्रमा पहिला आविष्कार भएको खेल मानिन्छ त्यसैले बक्सिङ्ग खेललाई पहिले देखनै

olympics मा स्थान दिएको हो। अरू खेलकुदको सरह बक्सिङ्ग खेलले पनि olympics बाट प्रेरणापाई प्रतियोगितामा धेरै बक्सरहरूले गहिरो तालिम प्राप्त गर्दै संसारमा हुने विश्व बिख्यातको लागि हुन olympic मा हुने बक्सिङ्ग खेलमा भाग लिन थाले। बक्सिङ्ग खेल पहिले Greece olympic बाट फैलिंदै Greek साम्राज्यमा पुग्दै पछि Rome र Roman का सैन्यहरू बाट संसारभरी ब्याप्त हुन गयो। पहिले हुने olympics बाटनै अहिले खेलकुदको जन्म भएको हो भन्ने कुरा हरू यसप्रकार सावित हुन आउँछ– अहिले खेलिने नयाँ किसिमको– बक्सिङ्ग खेल त्यस बेला खेलिने बक्सिङ्ग खेलसंग खास कुनै कुनै आधारभूत कुराहरू मिल्दछ जस्तै त्यसबेला olympics मा भाग लिइ खेल्ने बक्सरहरूको बक्सिङ्ग गोलभहरू छाला कै हुन्थ्यो जुन Gloves मा उनीहरू पशुको बोसो दलि राख्दथे र बक्सिङ्ग (Practice) अभ्यासको लागि Striking bag र Punching bag मा पहिलेको अवस्थामा र अहिलेमा केहि फरक थिएन। पाँचौ शताब्दी बि. सं. मा. जो olympic मा भाग लिने बक्सरहरू व्यायामसाला (gymnasiums) मा गई ... निक बक्सरहरू सरह छाला या कपडाले बनेको जस्मा काठ र बालु को धुलोले भरेको थैलो (Ki... bag)मा हिर्काइ व्यायाम (Exercise) गरी प्रशिक्षकसंग तालिम लिन्थे। हाल तालिम लिने बक्सरहरू बक्सिङ्ग खेल्दा आखामा चोट पु... र दिमागमा चोट हुनबाट बच्न ला... इने Headguard भनेझैं पुरा... समयको बक्सरहरूले पनि यीनै हु... हरूबाट बचनको लागि छालाको टो... लगाउँथे जसलाई Amphotid... भनिन्छ र फेरी ओँठमा घाउ हुनबा... बचन Mouthpieces पनि ला... उँथे कुनै कुनै बक्सिङ्गको सामान्य... मा पहिलेमा समानता देखिन्छ ... पनि पहिलेको olympic मा खेलि... बक्सिङ्गमा र अहिलेको olympic... खेलिने बक्सिङ्ग खेलको मुख्य आधार... भूत नियमहरूमा फरक देखिन्छ ... हुन पहिलेको जमानामा खेलि... बक्सिङ्ग खेलमा समयको विभाजन (Round), आराम गर्ने समय (Rest periods) र वजन... विभाजन (Weight divisions) हालको जस्तो थिएन। बक्सिङ्ग खेल्ने दुबै मुक्केवाज (Boxer) ... सम्म लडिनै रहनु पर्दथ्यो जब...

औंला

CC-0. In Public Domain. Digitization by eGangotri

एक जना जमिनमा गिरी उठ्न असमर्थ हुन्थ्यो या वा दुवै बक्सर लड्न असमर्थभै उभिन सम्म पनि सक्दैनथ्यो । यी नीयमहरू भन्दा अरू बडि Greeks मा पहिले खेलिने बक्सिङ्ग खेलको नियमहरू अतिनै निर्दयी खाल का छन् जुन हो एक ब्रक्सरले अर्को प्रतिद्वन्दीलाई • basket ball हिर्काए जस्तै आपसमा हिर्काई घन्टो सम्म मूष्टियुध्द लड्नु पर्दथ्यो जस्को कारण एक न एकको मृत्यू अवश्य हुनै पर्दथ्यो ।

६८८ बि. सं. मा भएको olympic बक्सिङ्ग खेलमा Greek को Dnomastus नाम भएको पहिलो बक्सर हो जस्ले बक्सिङ्गमा पहिला भै बक्सिङ्ग सिरपेज लगाएको थियो । जुन समयमा बक्सिङ्ग खेल सम्बन्धी नियममा केहि हेरफेर पनि भयो । पहिले हुने olympic Boxing प्रतियोगितामा धेरै जसो भाग लिने बक्सरहरूमा Greek राज्यका नै थिए । Roman ले Greece को बिजय गरे पछि बक्सिङ्ग खेलको फेरी सुरुवात भयो र Greek को पालामा जस्तै Roman सम्राट Theodosius ले यस खेललाई ३९८ ई. सं. मा हटाइदिए यससमय को अन्तिम olympic बक्सिङ्ग बिख्यात हुन Varasdates जो पछि Armenia को राजा पनि भएका थिए । पहिले हुने olympic खेलमा बक्सिङ्गको साथ साथै मल्ल युध्द खेल्ने नियम पनि थियो । Greek मा बक्सिङ्ग खेल्ने बक्सरहरूले हात देखि कुइना सम्म छाला माथि फलामे पाताले जडाएको पंजा (Glove) लगाई खेल्दथे । पछि olympic मा आएर बक्सिङ्ग संबन्धी खेलमा केही नियमहरूको आविष्कार भयो जुन पहिले शरीरको जुन सुकै भागमा पनि हिर्काउन पाउँथ्यो । त्यो नियमको अन्त भै निदार देखि लिइ कमरमा बानेको बेल्ट सम्म मुक्का हान्न पाउने भयो र साथै ७७६ बि. सं देखि ३९४ इ. सं सम्मको olympic मा हुने बक्सिङ्ग खेलको नियमहरुमा आधुनिकरण भयो । अंग्रेज John Broughton जस्ले आधुनिक बक्सिङ्ग पंजा (Boxing Glove) को आविष्कार गरेका हुन जस्लाई यस खेलको निर्माता पनि भनिन्छ र साथै यस खेलको नियमहरूको धेरै हेरफेर गर्ने St. Borradian को पनि ठूलो हात थियो । Claucus त्यस्ता व्यक्ति हुन जस्ले त्यसवेला हुने Olympic बक्सिङ्ग खेलमा खेलेको

CC-0. In Public Domain. Digitization by eGangotri

तरिका (Style) लाइनै बक्सिङ्ग खेलको 'on Guard position' मान्न थाल्यो यसरी बिस्तारै बिस्तारै यस खेलको ज्ञानिकरण हुनाको साथ साथै यो खेल आज भोली संसारमा मनोरञ्जनात्मक खेल हुन आएको छ। साँच्चिनै भन्ने हो भने यस खेलमा पनि बढी अभिरुची राख्ने देशहरुमा अमेरिकालाईनै लिन सकिन्छ किनकी संसारमा पेसेवार ठूलो बजन भएका बक्सरहरू जो बिश्वबिख्यात हुनमा जति पनि छन् ती सबै अमेरिकी हब्सी जाती मानै छन् र थोरै मात्रामा अरू देशका पनि यी ख्याती प्राप्त मुक्केवाज हरू (Boxers) मा बिशेषस्थान ओगटी आ आफ्नो उपाधी (Title) ८.१० वर्ष सम्म अडाई राख्नमा Ali र joe Louis को ठूलो नाम छ, अरु संसारका मुक्केवाजहरुको दाँजो मा यी दुबैले आ-आफ्नो Record कायम गरेका छन् । Cassius Clay Ali जस्लाई अमेरिकी सरकारद्वारा दिइएको बिभिन्न किसिमका यातना र कठिनाई र साथै जेलको हावा खानु परेकोले १९७१ सालमा joe Frazier संग भएको Boxing खेलमा हार्नु पर्‍यो यसरि हाल संसारको ठूलो वजनको बिश्व-बिख्यात बक्सर joe Frazier हुन।

यी बिश्वबिख्यात मुक्केवाज उस्ताद हरूको नामावली निम्न प्रकार छन्-

Dempsey V. Carpentier	1921
Firpo V. Dempsey	1923
Sharkey V.Dempsey	1927
Dempsey V. Tunney	1927
joe Louis V Baer	1935
Schmeling V. joe Louis	1938
Conn V. joe Louis	1946
joe Louis V. Marciano	1951
Moor V. Marciano	1955
johansson V. Patterson	1960
Liston V. Potterson	1963
Ali V. Liston	1965
Patterson V. Ali	1966
Ali V. Coppper	1966
Joe Frazier V. Ali	1971

कुनै पनि खेल खेल्न त्यस खेलको नियम पालना गर्नु आवश्यक पर्दछ। तेस्तै नियमहरु Boxing खेलमा पनि हुन्छ जस्तै Boxing खेल्न कुनै पनि व्यक्तिले शरीरलाई तनदुरुस्त राख्न समयमा रही छायाँसंग Boxing खेल्ने Skipping गर्ने, दौडने, व्यायाम गर्ने यस खेल सम्बन्धी अटुट

आंखा

CC-0. In Public Domain. Digitization by eGangotri

तालिमिलाई एक दोश्रोमा Boxing लड्नु पर्दछ।

यो खेल १२ Sq. ft. देखि लिएर २० Squar ft सम्मको घेरा (Ring) को परिधी भित्र रहेर दुई बक्सरको विचमा मुक्काले हानाहान गरी खेलिन्छ। यो खेल खेलाउन Ring भित्र रेफ्रि र Ring बाहिर चिफ जज समेत गरी जम्मा चार जज हुन्छन। बक्सिङ्ग Round को विभाजन गर्दै खेलाईन्छ। सौखिन बक्सरहरुको बिच पहिलो Round ३ मिनेट खेलि १ मिनेट आराम (Rest) लिई क्रमशः फेरी दोश्रो र तेश्रो Round एक एक मिनेट आराम लिदै जम्मा तीन Round

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सिङ्ग खेल्दछन् भने पेशेवार (Professional, बक्सरहरू यस्तै प्रकार विच विचमा आराम लिंदै जम्मा १५ राउण्ड सम्म Boxing खेल्दछन् ।

यो खेल वजनको बिभाजन अनुसार खेल्ने नियम भएकोले ती वजनहरू (Weights) यहाँ दिनु आवश्यक हुँदा तल दिईन्छ–

बक्सिङ्ग बजनहरूको विभाजन–

1)	Pin	98
2)	Light fly	108
3)	Fly	112
4)	Bantam	119
5)	Feather	126
6)	Light walter	132
7)	walter	139
8)	walter weight	218
9)	Light Medium	156
10)	Middle	165
11)	Light Heavy	175
12)	Heavy – Over	175

यस प्रकार वजनको बिभाजन नियम अनुसार मात्र उत्तिकै वजन भएका दुई बक्सरहरू मात्र बक्सिङ्ग लड्न पाउंदछन् यदि वजनको बिभाजन अनुसार बक्सिङ्ग नखेलाइ पहिले को मिश्र र ग्रीस देशमा खेलाइने बक्सिङ्ग को नियम मुताविक जुनसुकै वजन भएको बक्सरले सानो ठूलो जुन सुकै बजन भएको बक्सरसंग भिडाउने हो भने त्यस समयको जस्तै ठूलो बक्सरको मुक्काको प्रहारले सानो बजन भएका बक्सरहरूले ठूलो यातना खप्नु पर्दछ र फेरी सानो बजन भएका बक्सरहरूको Punch ले ठूलो बजन भएका वक्सरहरूलाई त्यतिको मार्मिक चोट पुर्दैन । यसैकारणले गर्दा आधुनिक जमानामा आएर घटी बढी बजन भएका बक्सरहरूमा बक्सिङ्ग खेल्ने नियम हटाई उत्तिकै वजन भएका बक्सरहरूमा मात्र बक्सिङ्ग खेल्न हुने किसिमवाट जम्मा बक्सिङ्गको बाह्रवटा वजनमा विभाजन गरिएको हो । आजकल यसै नियम मुताबिक बक्सिङ्ग खेल्ने नियम वनेको छ ।

अरू खेलकै सरह संसारभर बक्सिङ्ग खेल्ने परंपरा बनिसकेको छ तर नेपालमा भने यस खेलले बल्ल तल्ल जन्म लिएको छ । यदी खेलकुद परिषदले अरू खेलकुदको सरह यस खेल प्रति ध्यान दिने हो भने अरू खेलकुदबाट भन्दा बढी यसै खेल बक्सिङ्गद्वारा नेपालीले Olympic मा हुने खेलमा देश नरेशको शिर उच्चा राख्न सक्दछ । आज जति पनि बिदेशमा रहेका नेपालीहरूले खेलकुद वाट नाम राखेका छन् भने बक्सिङ्ग र फुटबलबाटनै छ । यस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

शूर बीर नेपालीलाइ सुहाउने खेल बक्सिङ्गलाइ अरू खेलकुदको सरह नेपालमा राम्ररी प्रचलनमा आउन सुस्तिर हुनु खेद लाग्दो कुरा हो। जे होस अब यस खेलले पनि अरू खेलको सरहनै खेलकुद परिषदद्वारा सहुलियत प्राप्त गरी उन्नती गर्ने छ भने आशा राख्न सकिन्छ। यसै दृष्टिकोणलाइ ध्यानमा राखि आठ दश वर्ष अगावै "कमल पोखरी बक्सिङ्ग क्लब" खोलेको हो र हुन सक्छ राष्ट्रिय सेवा दल, प्रहरी र सेन्टजेबियर बोर्डिङ्गले पनि यही कुरालाइ अपनाएकोछ यदी समय समयमा बक्सिङ्ग खेलको प्रतियोगिता गराउंदै जाने हो भने यस खेल प्रति नव-युवकहरूको ठूलो चाख बढ्न गई नेपालबाट यस खेलले अन्तर्राष्ट्रिय बक्सिङ्ग प्रतियोगितामा भाग लिइ राम्रो स्थान प्राप्त गर्न सक्दछ।

हेड कन्सटेबुल रिक्रुटहरूलाई तालिम दिदै थियो। लाईनमा एकजनाले दायाँ खुट्टा उचाल्यो अर्कोले बायाँखुट्टा उचाल्यो। हेड कन्सटेबुलले लाईनमा हेरेर भन्यो "ऐ रामबहादुर दुइटै खुट्टा उचालेर किन उभिएको" ?

CC-0. In Public Domain. Digitization by eGangotri

बिष्णुहरि "निराकार"
शैलुङ्ग

सार्थकता

असह्य बेदना र छटपटी शायद कहिलेकाहीं उम्लिदिन्छन
हो, अनुराग र ममताहरु जीवन संगै उकुसमुकुसिन्छन् !
तर आलोचनलाई असीमित पारिदिने भए-यी यथार्थका
अवरोध सक्नु पर्ला,
अमूल्य लहरहरु छचल्क्याउन सक्ने भए-यिनलाई अड्चनको
संज्ञा दिनु पर्ला !
जीवन तरु सुरेलीको बाधक बंझिनेहरुलाइ एउटा नयनको
खाँचो छ,
मानसिक असन्तुलनको पाठ नचा-उनेहरुलाइ हो-एउटा 'सूर'
को नासो छ।
तर विवेकशील मानवताको उपाधिले मात्र बिष्फोटनको
ज्वाला निभ्दैन,
अनि ममज्ञ उदारताको नाराले मात्र अन्तःकरणको
मलाम पुग्दैन !
यहां त यथार्थता र मानवताको अवरूध्द: क्रन्दन र रोदनको
भाषा बुझिदिनु छ,

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ त मर्म र समर्मको परिभाषा सक्रेर पुनः दुबै कानले सुनिदिनुछ !

हिमाली पवन नील–गगनको माध्यमले शायद जन्मिएको माटों चुम्न जान्दछ,

त्यस्तै गौरवता र आत्मीयताको श्रेणीले पनि माटोमाथि केही देन राख्दछ !

हो, आशावादीहरूको उपवन कुटो ले यसैं गरी खोश्रिनु पर्छ क्यारे–

कलकलाउँदो पालुवाको बिकास र अन्त्य पनि यसैं अन्तर्गतको कुरो हो क्यारे !

राष्ट्रिय प्रजातन्त्र दिवस

एवं

श्री ५ त्रिभुवन जयन्तिको

पूनित पर्वमा

समस्त नेपाली जनतामा हार्दिक शुभ--कामना व्यक्त गर्ने

सुनिल कुमार एण्ड कम्पनी (प्रा.) लि.

६।६१५ ईन्द्रचोक (घिराइया भवन)

काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ त्रिभुवन जयन्ती

तथा

२३ औं प्रजातन्त्र दिवसको महान्

उपलक्ष्यमा

समस्त नेपालीहरूमा हार्दिक

शुभ-कामना

व्यक्त गर्दछ ।

नेशनल ट्रेडिङ लिमिटेड

(टेकू)

फोन नं.

११-९६२; १२-९२४, १२-९२५, १२-९८३, र १४-३९५

CC-0. In Public Domain. Digitization by eGangotri

–हील डेवर्स

नाग देवताको पूजा

ती दिनमा हामी वर्माको सुन्दर,तर अत्यन्त नै रहस्यपूर्ण देशबाट बढ्दै थियौं । यस अभियानमा म वाहेक चार अन्य व्यक्ति पनि थिए । डीला रूजवेल्ट, अरमण्ड डेन्स, रोय फिलिप्स (क्यामरामेन) अनी जेक कैनी जो अत्यन्त होशियार ड्राइबर तथा मोटर-मेकानिक्स थियो । अभियानको नेता, अरमण्ड डन्स थियो । उनले निःसन्देह सर्वोत्तम दृश्य रोजेको थियो । तिनीहरू मा प्रत्येक व्यक्ति आफ्नो आफ्नो कलामा विशेषज्ञ थिए ।

पाँच जना मानिसहरूको यो सानो जमात एक ट्रक र दुई कारहरू साथ एक रात ईराबती नदीको एक सहायक-नदी काई पेडवगको किनारमा रुक्यो । हाम्रो अगाडी को दुई अढाई मील टाढा पहाडीको खुब राम्रो डांडा सूर्यास्तको सुनौला किरण मा चम्किई रहेको थियो र हामीलाई अब त्यसै पहाडको फेदीमा बसेको एउटा सानो गाउंसम्म पुग्नु थियो । तर हामीहरूमा यो कसैलाइ पनि थाहा भएन कि नदी कसरी तर्ने । बन-निवासी हाम्रो सहायता गर्थो हो, तर त्यहां त कुनै मानिसको पत्तोनै थिएन । हामीले ट्रक र मोटरहरू त्यहीं छोड्यौं । एउटा मानिसलाइ रेखदेख गर्न छोड्यौं । र नदीको किनारै किनार यस आशामा अगाडी बढ्यौं कि शायद कही नदी तर्ने बाटो बनाइएको होस् ।

हामी चाहान्थ्यौं कि सूर्य अस्ताउनु अगाडीनै त्यस बस्तीमा पुग्यौं । नत्र भने रात बनमा नै काट्नु पर्ने छ । आखिरमा हामीले नदीको अर्को किनारमा अर्धनग्न काला बन निवासीहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

केही रूप देख्यौं । डेन्स घाटी फुटने गरी चिच्यायो । तिनीहरू तुरुन्तनै रूके र दौडदै किनारतिर आए । हामीले उनीहरूलाई इशारा गरी सम्झायौं कि हामी नदी तर्न चाहान्छौं । उनीहरू फेरी फर्कर गए र कुन्नी कहाँबाट रूख हरूको आडमा लुकाइएको साना साना डुंगाहरू घिसारेर ल्याए र तिनीहरूलाई नदीमा राखेर छिटो छिटो दवीला (चप्पु) चलाउंदै नदीको यतातिरको किनारमा आए ।

हामीले उनीहरूलाइ खुशि पार्नको लागि ठूला-ठूल सिगार दियौं किनकी हामीलाई थाहा थियो कि यिनीहरू सिगार बडो आनन्दका साथ पिउंछन् । उनीहरूबाट थाहा भयो कि ट्रक र मोटरलाइ नदी पारी लैजान कुनै प्रवन्ध छैन र हामीलाई अनिवार्यतः तिनीहरू लाई त्यही छोडन पर्नेछ । सारांश यो कि हामी सबै ती मानिसहरू साथ नदी तरेर उनीहरूको कवीलाका मुखिया (सरदार) संग भेट गर्न हिडयौं ।

मुखिया (सरदार) हाम्रो स्वागत बर्न गाउंका सबै निवासीहरूका साथ एउटा ठूलो झुप्रोको अगाडी बसे का थिए । उनको जीउ राम्रो शरीर बलियो थियो र उनीहरूको टाउकोमा विभिन्न पंछीहरूको प्वाखले वनेको एक अनौठो टोपीलाई राखेका थिए । म चकित थिएँकि अमेरिकाको रेड ईंडियन यहां कसरी आयो । वस्तुतः जव उ बोल्यो त हामी आश्चर्यमा पर्‍यौं ।

"तिमीहरू अमेरिकन हौ ?"

उसले सफा अंग्रेजी भाषामा सोध्यो र फेरी हाम्रो उत्तरको प्रतीक्षा नगरि कनै भन्न लाग्यो, मेरो नाम माइकेक जोजफ थण्डरफेर्स हो र म क्यालिफोर्नियांको मिसन कलेज संग सम्वन्ध राख्दछु । मलाई यी मानिस हरूसंग रहनलाई विवशतः उनीहरूको जस्तै भेष बदल्नु पर्दछ । फेरी उ आवाज निकाल्दै हाँस्यो र हामीलाइ आफ्नो झुप्रोमा लग्यो । जहाँ एक कुनामा ढुङ्गाले बनेको मकलमा आगो बलिरहेको थियो र भुईमा अन्य भैंसी तथा भालुको छाला बिछ्याईएके थियो। हामी सब विष्मयले कहिले उस तिर हेर्दथ्यौं त कहिले त्यस झुप्रोलाइ।

माइकल जोजफले हामीलाई बतायो कि उ दश बर्ष भन्दा पहिले भारतबाट बर्मा आएको थियो र पर्याप्त कष्ट सहे पछि यस गाउंमा आफ्नो अड्डा जमाउनमा सफल हुन सक्यो । अब उ यहाँको सरदार छ । प्रत्येक व्यक्ति उसलाई देवता जस्तो गरेर पुज्दछ र कसैलाई उसको हुकुमको अवहेल्लना गर्न सक्ने साहस छैन । उसले एकाएक हामीसंग सोध्यो

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दछ तपाईहरु कुनै खास उद्देश्यले यहाँ आउनु भएको हो ? 'हो, खास उद्देश्य' डिन्स आरमण्डले उत्तर दियो 'हामी, सर्पहरुको पहाडको खोजमा आएका हौं । किन कि हामीले सुनेको थियौं कि यहाँ कालो रंगको नागको पूजा गर्ने एउटा समुह पाईन्छ जसलाइ हामी हेर्न चाहन्छौं ।' 'उनीहरुको बारेमा सुनेको त छु तर हेर्ने कहिले संयोग परेन । र साँच्चै सोध्छौं भने मलाई यस कहानीको सत्यता माथी कुनै बिश्वास पनि छैन ।'

केहीक्षण त्यो मकलबाट उडीरहेको आगोको ज्वालालाई एकोहोरिएर फेरी बोल्यो 'यहां निस्संदेह सैंकडो वर्ष पूर्व कालो नागको पूजा हुन्थ्यो । अहिले पनि पैगन नगरको खण्डहरमा दुई प्राचीन मंदिर मौजुद छन् जस्लाई 'सर्पहरूका मंदिर, भनिन्छ । तो मन्दिरहरूमा एउटा पुजारी पनि बस्छ । सायद उ तपाइहरूलाइ नाग पुजाको बारेमा सही जानकारी दिन सक्नेछ ।,

जोजेफ थण्डरफेसले त्यही झोपडीमा हाम्रो बासको व्यवस्था गरि दियो । उसले आफ्नो मानिसहरुलाइ पठाएर ट्रकबाट हाम्रो ओछ्यान र आवश्यक सामान झिकाइ दियो । भैंसीको उसिनेका मासुले हाम्रो सेवा गऱ्यो र प्रात: भेटने बचन दिएर बिदा भयो । उ गए पछि धेरै बेरसम्म हामी उसको बारेमा कुरा गरिरह्यौं । डिन्स भन्दथ्यो कि यो मानिस आफूलाइ मिसनको मानिस प्रकट गर्दछ तर मलाइ यस्तो लाग्दछ कि उ कुनै हत्यारा हो र समातिने डरले यहाँ आई लुकिरहेछ ।

मैले चुप लाग्ने ईसारा गरें र बिस्तारै भने, मित्र तिमी पनि गजब गर्दछौं । पछि उसलाई थाहा भयो कि हामी उसको बारेमा यस्तो कुरा गरिरहेछौं भगवान जानोस कि उसले के हानी पुऱ्यायो । हामीलाई उसको अतीतलाई कोटचाउने आवश्यकता नै के छ ? हामीले त आफ्नो कामसंग मतलव राख्नु पर्दछ । सबेरै नै जोजफ हामीकहाँ आयो र हामी छिटो छिटो पेगन तर्फ जाने तैयारी गर्न लाग्यौं । जोजफले बतायो कि हाम्रो मोटरहरू र ट्रक नदीको पारी आई सकेको छ, त हामी सबै आश्चर्य ले उसतिर हेरी रह्यौं । मैले उससंग सोधें तिमीले यस्तो असंभव काम कसरी पूरा गरि दियौ ?

उ अर्थ पूर्ण हाँसो हाँस्यो अनी बोल्यो 'तपाइको लागि यो काम असम्भव होला', तर मेरो मानिसहरू यस

CC-0. In Public Domain. Digitization by eGangotri

लाइ त्यत्तिको कठिन ठान्दैनन् ।

हामी झोपडी बाट निस्कयौं त केही टाढा मोटरहरू र ट्रक सुरक्षित खडा थियो । जोजफ भन्न लाग्यो "तपाई हरू को ईरादा सम्भवतः पैदलनै जाने थियौं, तर तपाईहरू लाई थाहा नहोला पैगनको खण्डहर एकसय वर्गमील को क्षेत्रमा फैलिएको छ र त्यो नगर बासीहको जन्म भन्दा पहिले उजडिइ सकेको थियो ।

मोटरहरूमा बसेर हामी जोजफको नेतृत्वमा पेगन तर्फ हिड्यौं । बाटो यस्तो दुर्गम थियो कि भगवान नै रक्षा गरोस । वन र दलदली मैदानहरू तथा पर्वतीय डांडाहरू हुदै बडो कठिनताका साथ हामी सूर्यास्त हुदा नहुदै पैगन पुगि हाल्यौं । एक उपयुक्त, स्थानमा हामीले आफ्नामोटहरू रोकि दियौं किन कि तिमीहरूलाई अब यस भन्दा अगाडी लैजान सकिदैनथ्यो ।

हाम्रो चारै तर्फ धेरै मिलहरूसम्म खण्डहर नै खण्डहर फैलिएको थियो । मन्दिरहरू तथा पूजा गृहहरूका खण्डहर जस्को संख्या हजारौ भन्दा माथीं नै थियो । यो नगर कुनै जमानामा बर्मा को राजधानी थियो, तर आज यस्को खण्डहर नै शेष छ । एक भयानक नीरवता सम्पूर्ण वातावरणमा आच्छादित छ । तर कहिले कहिले चमेराहरू ले चिच्याएको आवाज यस नीरवता लाई चिर्दै हाम्रो कानसम्म आइ पुग्दथ्यो । हामी सबै चुपचाप धेरै बेरसम्म यी खण्डहरमा हिडदै रह्यौं ।

हाम्रो मुटु एक आतंक जस्तो छाएको थियो । अकस्मात पूर्वतिरबाट चन्द्रमाले रूखहरूबाट चियायो । यस निर्जनतामा पहेंला पहेंला प्रकाश फैलियो जस्ले वातावरणलाई अरू भयावह तथा रहस्यमय बनाई दियो ।

आकाशमा ठूला ठूला चमेराहरू उडदै कुन्नि कतातिर जादै थिए । मन्दिर हरूको भित्तामाथि एकदुइ स्थानहरूमा चाहिं केही गीध्दहरू पनि देखा परे जो निश्चल तथा निःस्पन्द आफ्नो टाउको हरू लुकाएर बसिरहेका थिए ।

एक घण्टासम्म यसै प्रकारले हिडें पछि हामी एक यस्तो स्थानमा पुग्यौं जहाँ जमिन अत्यन्त धापिलो नरम थियो। शीत समीरको तेज आंकाक्षाहरूले हाम्रो स्वागत गऱ्यो । हाम्रो पथ प्रदर्शकले वतायो कि ईरावती नदी नजिकै छ, तर हाम्रो दिशा नदी तर्फ थिएन । यस धापिलो मैदान पार गर्ने बितिकै हाम्रो दृष्टि केहि टाढामा वनेको मन्दिरको दुई भग्न घर हरुमा पऱ्यो । जस्को रंग कालो भै सकेको थियो । त्यसका टुटे फुटेको भित्तामा ठाउँ ठाउँमा असंख्य चील

CC-0. In Public Domain. Digitization by eGangotri

बसिरहेका दृष्टिगोचर भए । हामीलाई देख्ने वितिकै उनीहरू एक-एक गरेर त्यहांबाट उडे अनि पश्चिमतिर गए तिनीहरूको प्वांखहरू ठाउं ठाउंमा छरिएकाले थिए अनि दुर्गन्धले गर्दा हाम्रो दिमाग उडेर गइरहेको थियो ।

जेहोस, कुनै प्रकारले हामी एक मन्दिरको नजिक पुग्यौं थण्डरफरले अगाडि बडेर काठको एउटा अग्लो तथा बलियो ढोकामा बिस्तारै धाप दियो । केही छिन पछिनै ढोकाको पछिलतिर कसैको पाइतलाको ध्वनी सुनियो फेरि ढोका अलिकति खुल्यो त हामीले आफ्नो अगाडि एक पुजारीलाई उभिरहेको पायौं जस्को हातमा बलि रहेको बत्ती थियो । पूजारीको कपाल मुडेको थियो । उसको मुख चाउरी परेको थियो । अनि उसले गर्दनदेखि लिएर घुंडासम्म मोटो कपडा को एक रातो कपडा ओढी राखेको थियो । उसले आफ्नो दुर्वल हात अलि कतामाथी उठायो र बत्तीको मध्यम प्रकाशमा आफ्नो ज्योतीहीन आँखाहरू ले एक-एक गरेर हामी सबको निरीक्षण गर्‍यो । फेरी केश नभएको शिरमा आफ्नो वायां हात फेर्‍यो र हामीलाई भित्र आउने संकेत गर्‍यो । हामी सब मौनता साथ मन्दिरमा प्रवेश गर्‍यौं । पुजारीले बत्ती एक ठाउंमा राख्यो आफ्नो स्थानमा बस्यो र थण्डरफरतिर हेरेर वर्मी भाषामा केही भन्न लाग्यो । थण्डरफरले हामीलाई बतायो कि उ हाम्रो यहां आउनुको उद्देश्य सोधि रहेछ ।

अनि जब उस्लाइ भनियो की हामी कंसिया कांसी नामको एक गाउंको खोजमा यता आएकाहौं,जो एक पहाड मा बसेको छ र जहाँ प्राचिनकाल देखि नागपूजा हुन्छ त पूजारी विस्मित विमुढ भएर हामीलाई हेर्न थाल्यो । उस्को आँखामा विस्मय औ भय प्रकट भएको थियो । धेरै बेरसम्म उ यस असमन्जस मा रह्यो कि के बताओस, तर जब हाम्रो आग्रह धेरै बढ्यो तब भन्न लाग्यो, मलाई केवल यति थाहा छ कि नाग देवताको पूजा अझै पनि हुंदैछ तर कहाँ हुन्छ यो मलाई थाहा छैन । तपाईहरू यदि रातको घांटीमा जान सक्नु भए जो क्रियालाभमा विद्यमान छ तब त्यहाँ तपाइहरूले कोई न कोई यस्तो मानिस पाउनु हुनेछ जो कांसि गाउंको ठेगाना जानेको होस । पछि त्यो पथ प्रदर्शन गर्नलाई तयार भयौं भने तपाईहरू त्यहाँसम्म पुग्न सक्नु हुन्छ । रातको घांटी तथा कायालापको खोज को समस्या सजिलो थिएन । हप्तौंसम्म हामी ती दुई रहस्यमय स्थानहरूको खोजमा घुमिरहयौं । कति पटक हाम्रो

CC-0. In Public Domain. Digitization by eGangotri

साथी खिन्न हुन्थे अनि भन्थे कि या त नागको पुजाको कथा नै काल्पनिक हो, या 'त्यसको कुनै अस्तित्व थिएन, त्यस पुजारीले हामीलाई टाल्नको लागी झुठो बोलेको थियो।

तर एक दिन अचानकको संयोग भयो। मलाई एक वन निवासीले एक हस्तलिखित किताब ल्याएर दियो जुन अंग्रेजीमा लेखिएको थियो। यो बास्तवमा एक अंग्रेज पादरी हटसनको रोजनामचा थियो। एक शताब्दी पूर्व वर्मामा इसाइ प्रचारको लागि आएको थियो। यस रोजनामचामा उसले यस देशका निवासीहरू तिनका दिलचस्पी रीति रिवाजहरूको अनि प्राचीन सभ्यताको विस्तार पूर्वक वर्णन गरेको थियो। यसै रोजनामचामा उसले एक ठाउँमा लेखेको थिय।

केहि दिन भयो एक सदर पहाडी बस्तीमा गएको म यहांका निवासीहरूको भाषा अब केही बुझ्न लागेको छु। यस देशमा सय भन्दा बढी बोली बोलिन्छ।

मैदानी तथा पहाडी प्रदेशहरूमा बस्ने हरेक समुदायको भाषा अलग छ कोही एक अर्कोको बोली बुझ्दैनन्। मान, त्यों अनी वर्मी प्रशिध्द भाषाहरू हुन। कती भाषाहरू चीनी र कम्बोडियन भाषाहरू संग र कती तिब्बती भाषाहरू संग मेल खान्छ। भनुकी गाउँको सब भन्दा बृहत व्यक्ति जो पेगोडाको पुजारी पनि हो, म कहा आयो। उ हाम्रो धर्मको वारेमा केही बढि जान्न चाहन्छ। उ म संग धेरै बेर सम्म कुरागरी रहयो। यद्यपि उसको भाषा बुझ्नलाइ मलाई कठिन पर्दछ तर मलाई ज्ञात हुन्थ्यो। के नाग देवताको गाउमा एक हजार वर्ष देखि नागको पूजा भैरहेछ? यो गाउ वर्माको उत्तरमा एकेकाती पहाडको माथि स्थित छ जहा नाग देवताको कैयौं मन्दिर छन्। यस गाउमा जानेहरूलाई जानको लागि 'इजाजत छैन। चोरी-छुपि त्यहाँ प्रवेश गर्न चाहनेलाई नागो निबासी हरूले मारि दिन्छन। त्यस बुढोको कुरा सुनेर मलाई बडो आश्चर्य भयो र म सोची रहेछु कि त्यस गाउमा गएर आफ्नो आंखाले नागको पुजाको तमाशा हेरू। जीवन अनी मृत्यु त भगवानको हातमा छ ..

रोजनामचामा यो कतै अंकित थिएन कि पादरी हटशन त्यहां पुग्न सफल भयो या भएन। रोजनामचाको पन्नाहरू धेरै कुत्रो सकेका थिए ठाउ ठाउमा गलिसकेका थिए कति ठाउमा अक्षर मेटिएका थिए, अनी कती ठाउमा यति मध्दिम थिए कि त्यसलाई पढन

आँधी

CC-0. In Public Domain. Digitization by eGangotri

कठिन थियो । किन्तु यी सब कुराहरू भएर पनि पादरी हटशनको रचना बाट यो अवश्य सिध्द हुन्थ्यो कि कौसी नामको कुनै गाउ उत्तरी भाग मा विद्यमान छ र त्यहाँ १०० वर्ष पहिले सम्म नागको पुजा हुन्थ्यो । फर्को लागेर हामीले नेपाल जाने निश्चय गरि हाल्यौं, किनकी हाम्रो प्रोग्राम. अनुसार वर्मामा रहने समय समाप्त हुदै थियो । हाम्रो क्यामरा मैनलाई खेद थियो कि उस्ले नाग देवताको पुजा गर्नेहरूको फोटो हरू लिन पाएन ।

सांझको बेला थियो । हामीले बर्माको सबभन्दा ठूलो ताल इनलीको किनारमा डेरा जमाएका थियौं । उता बाट हात्तीमा सवार भएको एक पुजारी गयो । हामीले उसलाई यसरी चिन्यौं कि उसले पहेंलो रंगको लामो टोपी लगाई राखेको थियो, मैले यस्तै अरू कुरा गर्ने बिचारले उसलाई आवाज दिएँ,उस्ले तुरून्त महावतलाइ हाथी रोक्न आदेश दियो ।

उसको मुखमा वडो राम्रो चमक थियो । उ मौन पूर्वक हाम्रो अगाडी आएर उभियो ।

म छिटो अगाडी वढेर उसको अगाडी पुगें अनी वडो आदरका साथ आफ्नो कोठामा लिएर आएं । उस लाई सिगार प्रस्तुत गरियो जुन उसले मुस्कानका साथ स्वीकार गऱ्यो । वर्मामा कैयौं महिना घुम्दा हामीले त्यहाँको भाषाको केही शब्द रटिसकेका थियौं जसवाट हामीले ठुलो काम निकाल्यौं । अब पूजारी निश्चिंतता पूर्वक बस्यो तव टुटे फुटेको वर्मी स्वर मा मैले उ संग कुरा प्रारम्भ गरें । मेरो पहिले प्रश्न थियो तिमी लाई थाहा छ कि कौसी नामको गाउं कहां छ ?

यो सुन्ना साथ उ झस्कियो अनि बिष्मयको चिन्ह उसको मुखमा प्रकट भयो । केही छिन उ सोचिरहयो र,विस्तारै भन्यो । हो म जान्दछु... के तिमी त्यहा जान चाहान्छौ ?

अब हाम्रो बिस्मित हुने पालो थियो । लीला भन्नलागिन-के त्यहा नाग देवताको पुजा हुन्छ ? पुजारीको आंखाको रातो रातो घेराहरू गहिरी-नलाग्यो अनी उसमा सर्पको आखाको चमक देखियो । मैले हडवडाएर उसको मुख मण्डलबाट नजर हटायें । फेरी त्यो गऱ्हुंगो आवाजमा बोल्यो म, त्यहाँ पैगोडाको पुजारी छु म तिमीलाई त्यहाँ लैजान्छु । तिमी मलाई राम्रो मान्छे लाग्दछौ म बिहान आउछु । तपाइहरू तंयार रहनु होला । अनी सांच्चै ..उसले

CC-0. In Public Domain. Digitization by eGangotri

दिउँला ।" महावत र पुजारीले एकानी ।

आफ्नो दृष्टि क्रमशः हामीहरूमा प्रत्येक व्यक्तिको मुखमा गाडी दियो अनी चेतावनी जस्तो गरि बोल्यो यो कुरा याद राख्नु कि यदि तिमीहरूले त्यहाँको कुनै निवासी या हाम्रो देवताहरू (सर्पहरू) लाई नोक्सान पुर्‍याउने प्रयत्न गर्‍यौ भने तिमीहरू मध्येमा कोही जीबित रहने छैनौ ।

यस्तो भनेर उ उठ्यो अनी शिविरबाट बाहिर गयो । हामी सबै एक अर्को तिर भयभीत नजरले हेर्न थाल्यौं । कसैको बोल्ने साहस थिएन । आखिर मैले साथीहरूसंग सोधें भन साथीहरू हो के बिचार छ । नेपाल जान चाहन्छौ या कसो ? सबै गुमसुम थिए । सम्भवतः पुजारीले भनेको शब्द हरू उनीहरूका कानमा गुन्जिरहेको थियो । आखिर आरमण्ड भन्न लाग्यो, हामी त्यहा अवश्य जान्छौ । प्रकृती त स्वयं हाम्रो सहायता गरिरहन्छन । कौसिको पुजारी हामीहरूलाई आफ्नो साथ लैजान जब इच्छुक छन् तब आखिरमा हामीलाई डराउनु के आवश्यकता छ ? 'मेरो बिचार छ कि उ निशान आउने छैन' लिला भन्न लागि 'उ त्यस्तो मानिस थिएन लीला आरमण्ड बोल्यो, के हुन्छ देखी

रात भर हामीहरू कोही पूरा निद्रा सुत्न सकेनौं । यस्को सट्टामा मलाइ त एक पटक कांचो निंद्रामा पुजारीको मुख पनि देखापर्‍यो । जेहोस, हाम्रो प्रतिक्षा पछि पूर्व तिर सूर्यको आगमन भयो । हामीले छिटो छिटो चमेनाबाट छुट्टि लियौं अनी सामान बाँधेर मोटरहरूमा राख्यौं । थाहा छैन कति टाढाजानु पर्ने हो । यतिकैमा के देखिन्छ कि पुजारी साहेब आफ्नो हाथी र महावत साथ हामी तिर हेर्दैछ । उसले संकेतले हाम्रो अभिवादन गर्‍यो र हात्तीबाट ओर्ल्यो ।

"तपाईहरू मेरो साथ जान तैयार हुनुहुन्छ" ? "हामी तयार छौं," आरमण्डले उत्तर दियो तपाई अघि हिडनु होस् । हामी आफ्नो मोटरहरू र सामान साथ पछि पछि आउनेछौं ।"

यो सुनेर उ हाँस्यो अनि मोटरहरू तिर इशारा गरेर बोल्यो "यी सब वस्तुहरू त्यहाँ लान सकिंदैन । मीलौं वन पर्वत छन् । सम्म । तपाईंहरू मेरो हात्ती माथी वस्नु होस् । दुइ दिनको बाटो छ भने लाउने सामान आफ्नो साथ लिनु आवश्यक छ त्यहाँबाट फर्कदा म स्वयं तपाईंहरूलाई यहाँ छोडी

CC-0. In Public Domain. Digitization by eGangotri

हात्ती माथि सवार हुनेहरू सात जना थिए। यस प्रकार हात्ती माथि वस्नु अती कठिन हुनेछ। हामी पैदल हिड्छौ। यो सुनेर पूजारी बोल्यो "ठिक छ यदि तपाईंहरू पैदल जानु हुन्छ भने मलाई कुनै आपत्ती छैन, तर त्यस स्त्रीलाई हात्ती माथि बसाली दिनु होस्। उसले लीला तर्फ संकेत गऱ्यो अनि उनी भयभीत भै पछि हटिन।

"होइन, होइन म पनि आफ्ना साथीहरू साथ पैदल नै जान्छु। पुजारी केही छिनसम्म कुनै गहन शोचमा रहिरहयो। फेरी उ आफ्नो महावत छेउगयो र उसंग केही भन्यो महावतले आदरले गर्दन फुकायो र हात्ती लिएर गयो। पुजारी अव हाम्रो छेउ आयो।

मैले आफ्नो मानिस र हात्ती फर्काई दिएँ अनी म स्वय तपाईंहरू साथ पैदल हिडछु। के तपाईहरू जान तयार हुनु हुन्छ ?

हाम्रो दिशा उत्तर तर्फ थियो। जहा सबभन्दा पहिले सागवानको एक विशाल तथा अति सघन वाटोमा आयो। त्यस पछि एक धेरै ठूलो पर्वतीय श्रृंखलालाई पार गर्नु थियो। फेरी एक वन तथा धापिलो मैदान। पुजारी हामीलाइ कठिन से कठीन वाटो लिएर जादै थियो। दिन भरी हामी हिडथ्यौं र राती कुनै उपयुक्त स्थानमा विश्राम को लागि रोकिन्थ्यौं। दुई दिनको यस यादगारी सफरमा यो रहस्यमय मानिस पुरै मौन रहयो। उसले केवल केही पटक मुख खोल्यो र त्यो पनि यसकारणकि हामी मध्ये दुई जना बाटो भुलेर कुनै अन्य दिशामा गएका थियौं।

तेश्रो दिन प्रातः जव हामी निन्द्रा बाट जाग्यौं तव हामीले पुजारीलाई आफुसंग पाएनौ। दुइ मीलको टाढा मा मसि रंगको एउटा अग्लो पहाड हामीले देखियो। जस्को टुप्पा कुइरोले छोपिएको थियो। यस पहाड को उचाई ६-७ हजार फिट भन्दा बढता थियो। अनी जब कतै पसलाइ आफ्नो दुर्बिनले हेर्यौं तव त्यस माथि एक मन्दीर पीन बनेको देखियो जस्को अन्तिम तलामा एक बडो ठूलो सर्प बनेको थियो हामी सबै धडकेको मुटु को साथ पालै पालो यस पहाडको मन्दिरलाइ हेर्न लाग्यौं। कुइरो बिस्तारै–बिस्तारै हटयो तव हामीले देख्यौंकि पहाडको तराइमा एउटा गाउ बसेको छ। जहा सैकडौ साना झोपडीहरू बनेका थिए।

"आखिर हामी कौसी गाउं पुगी हाल्यौं," । कैमरामैन उल्लासले

CC-0. In Public Domain. Digitization by eGangotri

चिच्यायो ।, हो... यो त्यही गाउं हो जहाँ नागको पुजा हुन्छ,' आरमण्डले भन्यो" तर यो पुजारी कता गयो ? मलाई आशंका छ कि त्यस्ले हामीसंग कहीं धोका नगरोस र हामीलाई कुनै संकटमा फस्नु नपरोस ।

'चिन्ता नगर राईफलहरू हामी संग छन् । यदि यिनीहरूले वाहियात काम गरे भने हामी जमेर मुकावला गरौंला," लीलाले भनीन् ।

मलाई विश्वास छ कि पुजारी हामीले धोखा दिने छैन । 'तैपनि हामीलाइ असावधान रहनु हुंदैन ।"

"के यो सम्भव छैन कि त्यो गाउंका मानिसहरूलाई हाम्रो आगमनको सम्बन्धमा कुनै खास निर्देशन दिन गएको होस् जस्बाट कि हामीलाइ देखेर ती मानिसहरू एकदम उत्तेजित हुन नजाउन ?" क्यामरामैनले भन्यो ।

"हो, यस्तो पनि सम्भव छ," आरमण्डले स्वीकार गऱ्यो, ठिक छ, हामी मध्यान्ह सम्म उसको प्रतीक्षा गर्ने छौं । यदि उ आएन भने हामी भगवानको नाम लिएर स्वयं नै त्यस गाउं तिर हिड्ने छौं ।

तेश्रो पहर जव हामी गाउमा प्रवेश गर्ने उपायहरू सोच्दै थियौं, पुजारी एक तिरवाट प्रकट भयो । उसको घांटीमा हार जस्तो दुई ओटा सर्प बेरिएका थिए । पुजारीको पछाडी तीन भिमकाय अनी काले कदका नवयुवकहरू थिए जस्ले केवल एक एक लंगोटी बांधेका थिए । उनीहरूले आपनो मुखमा खरानी घसेका थिए अनी हातमा धनुष-वाण पैसाचिक ढंगले तानेका थिए । आरमण्ड, र लिलाले फुर्तीले राइफल उठाए र त्यसको मुख पुजारी तिर फर्काइ दियो । पुजारी र उसका संरक्षक त्यहां अडियो मैले आरमण्ड र लिलालाई भने ।

खवरदार, फायर नगर्नु ... तिनीहरू कुनै खराव नियतले आएका छैनन् । उनीहरूलाई अगाडी आउन देउ 'फेरी-मैले बर्मी भाषामा पुजारीलाई अगाडी बढन भने । बिस्तारै बिस्तारै हामी तिर आएको संरक्षक टाढा उभिएर हामीलाई हेरिरहेका थिए । उनिहरूले एक अर्कोलाई केही भन्यो । संभवत उनीहरूलाई सेतो छाला भएको मानिसहरूलाइ देख्ने संयोग भएको थियो । पुजारीले म संग भन्यो ।

'म तपाईहरूलाइ कुनै नोक्सान पुऱ्याउंदिन... यो मेरो बचन छ... म गाउंका मानिसहरूलाइ तपाइहरूको बारेमा सूचना गर्न गएको थिएं । तिनीहरू सबै तपाइहरू आएकोमा खुशीछन् । यद्यपि अन्जान मानिसहरू

CC-0. In Public Domain. Digitization by eGangotri

को हामी कहां प्रवेश निषिध्द छ । तर मैले उनीहरूलाई राजी गराए । सताब्दियौं बाद प्रथम पटक तपाईहरु यस क्षेत्रमा प्रवेश गर्न सक्नु भइरहेछ ।

पुजारीको रोवदार शब्दले हामी लाई वडो प्रभाव पाऱ्यो। यसरी कुरा गर्थ्यो कि हामी उसको दासहौं र उ हामीलाई स्वामीको जस्तो आदेश दिईरहेछ ।

पुजारीको पथ प्रदर्शनमा हामी दिन ढल्के पछि कौसी तर्फ हिड्यौं। जुन बाटो हामी जादै थियौं, त्यो पनि सर्प जस्तै घुम्ती पर्दै गाउं तिर जान्थ्यौं । बडो मौन अनी विस्तारै हामीले सर्पको त्यस बस्तीमा प्रवेश गऱ्यौं । सूर्य पश्चिमी पहाडिको पछाडी लुक्ने प्रयत्न गर्दै रहेथ्यो । रूखहरु को छायां लामो हुदै जादै थियो ।

हामीले देख्यौं कि गाउको ठीक बिचमा एक ठूलो बृक्ष छ जस्को मुनि पुजा गर्नेहरुको एक टोली वसेको छ फेरी हामीले एक प्रकारको ढोल पिटिएको आवाज सुन्यौं । क्षण प्रतिक्षण यो आवाज तेज हुदै जादै थियो । हामीहरूको पाईलाको आवाज सुनि छेउ छांउका झोपडीहरूबाट मानिसहरू बच्चाहरू तथा स्त्रीहरू निस्कन लागे । प्रत्येक झोपडीको माथि बांस र सिनकाले बनेको एकएक सर्प लटकी रहेको थियो। मानिसहरू अर्धनग्न तथा तिनीहरूको कपालका केशहरू लामो पहाडक जस्तो ठाडो थिए । कैयन स्त्रीहरू उनीहरू जस्तै अर्धनग्न थिए तथा उनीहरुले ठूल ठूला पातहरूले शरीर छोपेर राखेको थिए ।

कैयन स्त्रीहरुले रातो लव्हेदा लगाएका थिए जुन सर्पको तसबीर हरू तथा बेलबुट्टाले बनेका थिए । यी स्त्रीहरु आफ्ना आफ्ना झोपडीहरु का अगाडी बसी रोईरहेका थिए । अनी उनका बिलाप गरिएको मिली जुली आवाज यस्तो भयानक थियो कि हाम्रा हृदय कांप्यों ।

लीलाले पुजारी निर प्रश्नवाचक दृष्टिले हेरिन । उ भन्न लाग्यो नडराउ ...मेरो पछि पछि आउ...आजकै दिन हो... पूरै एक वर्ष देखि यस गाउमा कुनै केटो पैदा भएको छैन । प्रत्येक स्त्रीले केटी-जन्माएकी छिन... स्त्रीहरू यसैले रोइरहेका छन, अनि आज हसायोलाई नाग देवतालाई बलि दिनको लागि प्रस्तुत गरिने छ ।"

"हसायो को हुन?" मैले उ संग सोधें । 'यो तिमीलाइ पत्ता लाग्नेछ," पूजारीले सुस्तरी उत्तर दियो र हामी भन्दा केही पाइला अगाडी बढेर हिड्न लाग्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य अव अस्ताई सकेको थियो। कौसीका मानिसहरु स्थान स्थान मा कुनै जनावरको बोसोले बल्ने लामो लामो मशालहरु जलाई रहेका थिए। जस्को नाचिरहेका प्रकाशमा यिनीहरु दुरात्माको जस्तो हामी वरी-परि हिडडुल गरिरहेको देखिन्थ्यो।

जव हामी सगितज्ञहरुको टोलीको छेउ पुग्यौं ढोलको आवाज अरु तेज भयो। यी मानिसहरु आफ्ना बाद्ययन्त्र बजाउनमा यत्ति तन्मय थिए कि कसलै आंखा उठाएर हामीहरु तिर हेर्न पनि हेरेनन् तर उनीहरुको वरि-परि उभिरहेका धेरै जसो दर्शकहरुमा एक हलचल जस्तो मच्चियो अनि गाइ गुई हुन लाग्यो। कैयन नवयुवकहरुले खतरा सोचेर आफ्ना धनुष सिधा गरे तर पुजारीलाइ देख्तैमा उनीहरु सान्त भए।

'तपाईहरु यहां रूक्नु होस... अहिले यिनीहरू हसायो लाई साथमा लिएर नाग देवताको मन्दिरमा जान्छन। म पहिले देखिनै त्यहां हुनु आवश्यक छ। तपाइहरु डराउनु पर्दैन। कुनै व्यक्तिले पनि तपाइहरु लाइ नोक्सान पुऱ्याउन सक्तैन।'

पूजारीको बिशिष्द अतिथी सम्झेर मानिसहरु यता उता हटेर उभिए अनि हामीलाइ बढी सुबिधाले तमाशा हेर्ने अवसर दिन लागे। तब पहिलो पटक हामीले देख्यौंकि ढोल को कोलाहलपूर्ण आवाजको साथ एउटी काली हृष्टपुष्ट स्त्री नृत्य गरिरहेकी छिन। अति नै पैशाचिक नृत्य।

तिनले आफ्नो मुखमा माटो जस्तो सेतो पाउडर पोतेकी थिइन। गर्धन देखि लिएर घुंडा सम्म उनको शरीर सेता लवदामा छोपिएको थियो। कम्मरको वरिपरी छालाको पट्टी कसेर बाधिएको थियो र पाखुराहरु नांगा थिए। फुलेका मुखमा सबभन्दा बढी आकर्षक चीज उनको आँखा थिए जस्मा अत्याधिक चमक देखिन्थो। झुम्दै, लचकँदै औ फुंकार मार्दै गरेकि कुनै नागिनको जस्तो उ नृत्य गरिरहेकी थिइन।

उनलाइ देखेर यस्तो प्रतित हुन्थ्यो कि जस्तै उनको शरीर रबरले बने को छ। कुनै हाड तथा ग्रन्थी (जोर्नी) छैन। थाहा छैन उनी कति बेला देखि यस प्रकारका नृत्य गरिरहे की थिइन औ अझै उनको उत्साहमा बृद्धि भइ रहेको थियो।

ढुङ्गाको मूर्ति जस्तै हामी

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

यस बिचित्र नृत्य हेरिरहेयौं, तर हामीलाइ थाहा थिएन कि यी स्त्री को हुन। यत्तिकैमा दर्शकको समुह मा कसैले अर्कोलाई सम्बोधन गरेर केही शब्द भन्यो । पुरा वाक्य मैले बुझ्न सकिन तर एउटा शब्द यस्तो थियो जसलाइ सुनेरहामी सबै उफ्र्यौं । 'हसायो', यस नर्तकीको नाम हसायो थियो र यसैको बलिदान नाग देवताको अगाडि प्रस्तुत गरिने थियो । यो सोचेर हाम्रो हृदय एक अज्ञात भयले काँप्यो। भगवान नै राम्रो संग जान्ने हुन कि यो बलिदान कुन प्रकारले हुने हो ? के यस स्त्रीलाइ नागबाट डसाइने छ ? नफीरीहरू तथा ढोल बजाउनेहरू एकाएक आफ्नो स्थानबाट बृत्ताकारमा हसायो को वरिपरि उभिए । वाद्य यन्त्र हरूको आवाज बिस्तारै विस्तारै मद्धिम हुदै थियो । अब ढोलहरू ले एक शोक राग अलापन लागे । यस्तो प्रतित हुन्थ्यो कि जस्तो हसायो को बलिदानप्रति ती विलाप गरिरहे छन ।

नृत्य गरी रहेकी हसायोको उत्साह पनि कम हुदै थियो। फेरि उनी थर कँदै र हातहरूमा बलदिदै त्यस घेराबाट निस्केर एकातिर हिडि दिइन उनको पछि संगितकारहरूको टोली फेरि दर्शकहरूको समुह सहित रवाना भयो । दर्शकहरूमा हामी पनि सम्मिलत थियौं, किनकि पुजारीले हामीलाइ वचन दि सकेका थिए यस कारण हामीले डराउने आवश्यक थिएन ।

जुन बाटोबाट त्यस रहस्यमयी स्त्री नृत्य गर्दै गइ रहेकि थिइन, त्यस बाटोमा मानिसहरू दुवै तिर हातमा मशाल लिइ उभिएका थिए अनि जसै तिनी उनीहरूको अगाडिबाट जान्थिन, यी मानिसहरू गर्धन झुकाएर आदर पूर्वक अभिवादन गर्थे । हसायोको पछाडि एउटा मोटो युवक थियो जसले आफ्नो हातमा माटोले बने को थाल समातेका थियो र यस थालमा एउटा नरीवल र अलिकति भात थियो ।

गाउंबाट निस्केर यो जुलुस त्यस कालो पर्वततिर हिंड्यो जुन अंध्यारोमा भयंकर दैत्य जस्तो देखिन्थ्यो । यहाँ आउंदैमा ढोलहरूको आवाजएक पटक फेरि तेज भयो अनि हसायोको शरीर मा मानौं विद्युत-जस्तो भमोर आयो। तिनले फेरी पैशाचिक ढङ्गले नृत्य आरम्भ गरिदिइन । तर तिनी कुनै ठाउंमा रूकिनन अगाडि वढ्दै गइन । यहाँ सम्मकि यो जुलुस पर्वतको ठीक मुनी पुग्यो जहाँ एउटा अंध्यारो गुफा

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वतलाइ काटेर सिढी बनाइएको थियो । यो गुफा प्रशस्त विशाल तथा गहिरो थियो । हसायो र तिनको टोली का सबै एक एक गरेर मशालहरूको प्रकाशमा त्यसको गुफा भित्र प्रवेश गर्दै गए। धेरै जसो दर्शक यहाँबाट फर्केर गए तर कुनै यस्ता पनि थिए जो यस भयंकर नाटकको अन्तिम दृष्य पनि आफ्नो आँखाले हेर्न चाहन्थे । तिनी हरूमा हामी पाँच अन्जान मानिस हरूपनि सम्मिलित थियौं ।

गुफाको भित्र असहनीय दुर्गन्धले हाम्रो स्वागत गर्‍यो । हामीले रूमाल मुखमा राख्यौं र ती हब्सीहरूको पछि पछि जान लाग्यौं । हामीलाइ विश्वास थियो कि यहा पूजारी अवश्य उपस्थित हुने छ ।

तथा ढोलहरुको आवाजले गुफा अत्यन्त ठूलो कोलाहल मच्चियो । आवाज यहा यत्ति प्रतिध्वनित हुन्थ्यो कि कानको पर्दा फाट्ने आशंका हुन लाग्यो । तर भगवानलाई धन्यबाद कि केही मिनेट पछि नै एकाएक बाध्य-यन्त्रको आवाज बन्द हुन गयो अनी गुफामा भयानक निस्तब्धता फैलियो ।

हसायो पनि अब मौन भएर निश्चल, एक ठाउमै उभीएको थिइन । उसको गर्दन झुकेको औ दुबै हात अगाडी तर्फ यसरी फैलिएका थिए कि जस्तो उनी लडदा लडदै कुनै चीजलाइ समातेर सहारा लिन चाहन्थिन । फेरी हामीले त्यस पुजारीलाइ देख्यौं जो हसायोबाट केही पाइला पर तन्केर उभिएको थियो । उसको आंखाहरु ताराहरु जस्तो चम्कीरहेका थिए । पुजारी गुफामा उपस्थित प्रत्येक व्यक्तिको ध्यानले निरीक्षण गरिरहेथ्यो । शायद उसलाइ कुनै खास मानिसको खोजी थियो । हसायो सिधा उभिइन । हामीले देख्यौं डरले उन को सारा शरीर कांपी रहेको थियो ।

त्यसको साथै एक पटक ढोलहरुले त्यही शोकपूर्ण राग निकाल्न लागे र हसायोले नाच आरम्भ गरी दिइन । पुजारी बिस्तारै घुम्यो र गुफाको भित्र अंध्यारोमा बिलिन भयो । फेरी हामीले एक यस्तो आवाज सुन्यौं की जस्तै कुनै ठूलो ढुंगा आफ्नो ठाउबाट सारिएको होस । पूजारी एकक्षण पश्चात फर्कर आयो र संगितकारहरुलाइ राग बन्द गर्ने संकेत गर्‍यो अनी स्वयं एकातिर हटेरको थियो, जसमा भित्र जानको लागि

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

उभियो ।

नृत्य गरिरहेकी स्त्री अब बिस्तारै बिस्तारै अगाडि बढिन अनी त्यस ठाउमा पुगि उभिइन जहा केही क्षण पहिले पुजारी उभिएको थियो । गुफामा अब मसानको जस्तो निस्तब्धता थियो । फेरी त्यस निस्तब्धतालाइ भंग गर्दै हल्का सरसराउंदो एउटा आवाज हाम्रो कानमा आयो । हे भगवान ! त्यो समय म कहिले पनि बिर्सन सक्तिन । कालो रंगको एउटा जबर्जस्त र मोटो नाग बिस्तारै गुफाको एउटा कुनाबाट निस्केर हसायो तिर बढिरहेको थियो । सबै मानिसहरू यति निश्चिंतता तथा शान्तिले उभिएका थिए कि जस्तो यो तमाशा उनीहरूको लागि नयाँ थिएन तर हामी पाँच व्यक्तिहरू माथि के कस्तो भएको थियो यस अवस्थालाई शब्दहरूमा प्रकट गर्न सकिदैन ।

मैले जीवनमा सैकडौं सर्प देखे तर कौसीको गाउमा त्यस रात जुन कालो नाग देखें त्यस्तो फेरी कहिले देख्ने मौका पाईन । उसको फन एक फुट जति चौडा थियो होला । स्वयं सर्पको लम्बाई चौध फुट भन्दा कम थिएन । जमीनबाट चौध फुट माथि उठेर उसले आफ्ना फन हसायोको छातीको अगाडि फैलाएर राखेको थियो र आफ्नो चम्केको आँखा उनको सामुमा गाडेको थियो ।

कहिले काही त्यो मस्त भएर आफ्नो फन पछाडि हटाउँदथ्यो अनि ठुलो मुख खोलेर जोडले फुंकार मार्थ्यो । हसायोले आफ्नो पछाडि उभिएको नवयुवकको हातबाट माटोका थाल लिईन र नागको अगाडि राखी दिइन । सर्पले केहि भन्दा नगरै थाल खालि गरि दियो औ अब उसमा पहिले भन्दा धेरै फुर्ति आयो । उ पटक पटक आफ्नो पातलो जिब्रो बाहिर निकाल्थ्यो र हसायो तिर आफ्नो फन फैलाएर झुक्न लाग्दथ्यो ।

"उफ ! परमात्मा !! यसको दाँत कति ठूला ठुला छन" मैले आरमण्डको सहमेको आवाज आफ्नो पछाडि सुने ।

"चुपलाग ." मैले उसको हात दबाएँ औ मलाइ स्वयं नै अनुभव भयो कि मेरो आवाज पनि डरले काँमि रहेको थियो । लीलाको मुख पनि धोएको कपडा जस्तो सेतो थियो । फेरि हामीले बीनको आवाज सुन्यौं । यो बीन पुजारी स्वयंले बजाईरहेको थियो बिनको गम्भीर दर्दले भरिएको आवाज ले नाग देवता माथि यस्तो जादु गरिदियो उ हसायोको अरु अगाडि आयो र फेरि नाग देवता

CC-0. In Public Domain. Digitization by eGangotri

मस्तीले भुम्न लाग्यो ।

पुजारी पुरा शक्तिले वीन बजाइ रहेको थियो । अनि त्यसको आवाज क्षण प्रतिक्षण तेज हुदै जांदै थियो । हसायोको शरीरमा चलमलायो । पहिले उसको दुबै हात माथि उठाईन फेरि कम्मरलाई जुम्बस दिईन र एउटा नयाँ नाच शुरू गरि दिईन । उनी नाग देवताको चारैतिर नाचिरहे की थिईन। नाग उनको साथ हरकत गरिरहेथ्यो । स्त्रीको मुख जातातिर हुन्थ्यो सर्प तुरुन्त उतैतिर लाग्थ्यो ।

अरूको हाल म बताउन सक्तिन तर आफ्नो बारेमा मलाई यस्तो महसूस हुन लाग्यो जस्तो यस भयानक गुफामा नाच्ने स्त्री नाग देवता र मेरो अतिरिक्त कुनै अरू छैनन, जस्तो यो नाच सताब्दियौं देखि जारी छ र सताब्दियौं सम्म जारी रहने छ ।

हसायो अब नागको यति नजिक नाची रहेको थिईन कि उनको हात पटक-पटक उसको फनमा पर्दथ्यो । किन्तु सर्प उक्त अवस्थामा भुमीरह्यो। हसायोलाई डस्नुको सट्टा उनको हात लाग्दैमा अली पछाडि हट्थ्यो ।

नर्तकी अब नृत्यको अन्तिम बिन्दुमा पुगिसकेकी थिईन । अकस्मात उनी जमीनमा घुडाको बलमा यस प्रकार बसिन कि नागको फनले उनकी मुखलाई छुन खोज्यो । ठीक त्यस क्षण एउटा भयानक आवाज सुनियो । बाहिर ठूलो मुसलधार बर्षा भैरहेको थियो र बिजुली चम्कदा गुफाको भित्रि भाग पटक-पटक उज्यालो हुन्थ्यो । तर गुफा भित्र उपस्थिति सबै मानिसहरू त्यसबाट बेपरवाह र अनभिज्ञ थिए । यस आश्चर्यजनक तमाशामा मग्न थिए मैले देखें कि हसायोको ओठ हिलिरहेको थियो औं नाग गोलाकार भै बसेको थियो । बडो बिस्तारै स्त्रीले आफ्नो दायां हात सर्पको शिरमाथि राखी दिईन र बल गर्दै उठिन उनी उठदैमा सर्पले आफ्नो शरिर लहरायो र बिस्तारै फन माथि गयो ।

स्त्री दुई पाईला पछाडि हटिन नागपनि उसको हातको जम्बिशको साथ यसरी चाल गरिरहेथ्यो जस्तै अदृश्य शक्ति उसलाई अगाडि बढन लाई विवस गरिरहेथ्यो ।

अब मौन तथा निश्चिन्त उभिएका दर्शकहरूमा, पनि ब्याकुलता र बेचैनीको लहर प्रकट भयो । उनीहरु सब उल्टो पाईला पछि हटे । हसायो नागको आँखामा आँखा गाडेर लगातार पछाडि हटिरहेकी थिईन नाग उनको हातको तल बिस्तारै बिस्तारै घस्रिदै अगाडि बढिरहेको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

उनले देखेकि स्त्रीको निधार र मुख पसिनाले भिजि सकेको थियो र पोतिएको माटो ठाउ ठाउमा पखालिए का थिए नाग अब त्यस स्त्रीको औंला को ईसारामा गईरहेथ्यो जस्तो उसको आफ्नो शरीर जड भएको थियो।

गुफाको वाहिर प्रसस्त वर्ष भैरहेको थियो। वादलको गडके विजुलीको चमकले यस पर्वतिय प्रदेशमा कोलाहल मचेको थियो। हसायो गुफाबाट वाहिर निस्केर आईन। हामी सबै पहिले वर्षामा भिजीरहेका थियौं। यहां एक व्यक्तिले अगाडी वढेर जमीनमा छिटो सिन्काले बुनेको एक ठूलो चटाई विछाई दियो। नाग त्यस चटाईको किनारमा आएर अडियो हसायो चटाईमा नाच्नलागिन।

नागले विस्तारै-विस्तारै आफनो फन उठायो र हसायोको मुखको उचाई सम्म आएर रूक्यो। शायद यस भन्दा माथि हुनु उसको वसमा थिएन ।नाग अब हसायो भन्दा तीन फिट पर थियो। हसायोले एकाएक आफनो धुंडा जमीनमा टेकि दिइन अनी जोड जोडले गर्दन घुमाउन लागिन। उनको दुबै हातहरू पनि तेजीले दायाँ वायाँ चलिरहेको थियो नाग पनि तेजीले आफनो फन फैलाउदै झुम्न लाग्यो।

हसायोले वायाँ हातले नाग को घांटी समातिन त्यस समय विजुली जोडले चम्क्यो र वादल गर्ज्यो। हाम्रा घांटीवाट आफसे आफ चिच्याहट निस्क्यो। हसायोले तुरुन्त नै त्यसलाई जमिनमा पछारी दियो। नाग देबता क्रोधले फूं-फूं गर्दै तेजले पल्टर्दै थियो। वर्षा अरू तेज भयो र पुजारीले शक्तिले बीन वजाउन शुरू गरि दियो। हाम्रो हृदय धडकन लाग्यो। शायद वलिदानको समय नजिक आएको थियो। हसायो अव फेरी जमिनमाथी घुडाको वलमा वसिन। उनले सर्पको टाउकोमा हात राखिन। सर्प फुस्क्यो। अव उसको मुख हसायो को मुखको एकदम अगाडि थियो तव हसायो ले आफ्नो जिब्रो वाहिर निकालीन र सर्पको मुखको नजिक गरि दइन।

लीलाले भयले दुबै हातले आफ्नो मुख छोपिन हसायोको कालो नागले जिब्रो माडसि दियो। हसायोको घांटिबाट एक हृदय-विदारक चिख निस्क्यो र छेउ छाउ मा उभिएका दर्शकहरूले जोड जोडले हल्ला गर्न शुरू गरि दिए।

अर्को क्षणनै हसायोको निर्जिव लाश चटाई माथि थियो। उसको शरीर निलो भई गएको थियो र मुखबाट फिज निस्की रहेको थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

नागले उसको लासको चारैतिर दुइतीन चक्कर लगायो र बिस्तारै बिस्तारै घसि्रदै गुफामा फर्केर गयो ।

मलाइ याद छैनकि हामी सबै आधारातको त्यस दुरीमा कसरी पुजारीको झोंपडीमा पुग्यौं ।त्यो भयानक दृश्य अब पनि एउटा सपना जस्तै मेरो मस्तिकमा छाईरहेको छ र सदा छाईरहने छ ।

अर्को दिन प्रातः पुजारीले हामी लाइ बतायो कि राती गाउको एउटी गर्भवतीले केटा जन्माइ र यो वच्चा ठीक त्यस समय जन्म्यो जुन बेला नाग देवताले हसायोको बलिदान स्वीकार गरेको थियो ।

अनु–सिमाङगौडा

राष्टि्रय प्रजातन्त्र दिवस

एवं

श्री ५ त्रिभुवन जयन्तीको

पुनित पर्वमा

समस्त नेपाली जनतामा

हार्दिक शुभ–कामना

ब्यक्त गर्ने

सुनिल कुमार एण्ड कम्पनी (प्रा.) लि.

६।६१५ इन्द्रचोक (घिराइया भवन)

काठमाडौं

फो० १२१६३

CC-0. In Public Domain. Digitization by eGangotri

–श्री प्रचण्ड मल्ल

श्री ५ महेन्द्र र कलाको विकास

नेपालको अस्तित्व राजसतामा नीहित रहेको तथ्यलाई प्राचीनकाल देखि आजसम्मको ईतिहासले प्रष्टयाएको र यसैमा नेपालीको व्यवस्था अनि विकास क्रमिक रूपमा भई आएको छ।

देशमा बिभिन्न विकासको साथ साथै कला प्रेमी कबि राजा स्वर्गिय श्री ५ महेन्द्र वीर बिक्रम शाहदेवको शासनकालमा देशमा कला र संस्कृति लाई उच्च शिखरमा पुराउने हर संभव प्रयासहरू भएको हाम्रो सामुछ।

स्वर्गीय श्री ५ महेन्द्रको शुभराज्या भिशेषदेखि आजसम्म नाट्यकलाले गरेको उपलब्धिहरूमा ध्यान दिंदा नेपालको विगत इतिहासमा भएको नाट्यकला तथा मौसूफको राज्यकालमा भएको नाट्यकलाको विकासलाई उच्च स्थानमा राख्न सकिन्छ। लिच्छवीकाल, मल्लकालमा नाट्यकलाको विकाशका निमित्त प्रयासहरू भए, यद्यपि मल्लकाल कला र संस्कृतिको स्वर्णकाल मानिएतापनि यसकालमा नाच, गान, नाटक आदिले आफ्नो नाट्यकलाको परंपरालाई टेवा दिने वा टिंगो राख्ने प्रयास भएकोसम्म मात्र पर्दछ, नाट्यकलाले उही प्राचीन डबली तथा देव मन्दिर, मेला, जात्रामा, भेला भई गरिने खुला रंगमंचसम्म मात्र सिमित रहयो। नाट्यकला र नाट्यशालाको नवीन व्यवस्थातिर ध्यान गएको देखिएन।

यस पछि काठमाडौंको केही दरबारहरूमा वैज्ञानिक ढंगका नाट्यशाला

CC-0. In Public Domain. Digitization by eGangotri

हरू बनाइए, तर यो सर्वसाधारण जनताको लागि थिएन। नाच, गान, नाटक पनि उर्दू र हिन्दी भाषाको अधिन रही आएको हुनाले नेपाली मौलिक नाट्यकलाको विकास हुन सकेन।

यसरी एक शताब्दी पछि देशको विकासको लागि चालि आएका बिभिन्न पाईलोहरूमा कला र संस्कृति पनि एक हो। कला र संस्कृतिका मर्मज्ञ तथा प्रेमी राजा श्री ५ महेन्द्रको उदयमा कला र संस्कृतिको विकासको लागि हर सम्भव प्रयासहरू गरेर यस्को बलियो जग बसाली बक्स्यो।

तसर्थ स्वर्गीय श्री ५ महेन्द्रको हृदयदेखि कलाप्रेमी नेपाली जनताप्रति अमुल्य उद्‌गार यसरी प्रस्फुटीत भयो, 'कला संस्कृति र साहित्यको विकासमा राष्ट्रको उन्नतिको चिन्ह छर्लङ्ग दर्शिएको हुन्छ'। मौसूफ सरकारको कला संस्कृति र साहित्यको विकासको लागि भएको आन्तरिक पवित्र भावना उक्त महानवाणिबाट प्रष्टन्छ, कला र कौशल देशका गहना हुन, कला र कौशलविनाको देश तथा जनता मरूभूमि तथा ढुङ्गाको मूर्ति समान हुन्छ भन्ने कुरा कला प्रेमी राजाले बुझि बक्सेको थियो।

स्व. श्री ५ महेन्द्रको राज्यरोहण पछि क्रमशः देशमा चौतर्फी विकासले आँखा खोल्यो। यसरी देशको सर्व विकाशको साथसाथै साहित्य, संगीत, कला आदिमा पनि विशेष ध्यान दिईयो। २००९ सालमा देशको कला र संस्कृतिको संरक्षण गर्न स्थापित पुरातत्वमा २०१६ साल भाद्र ७ गते संस्कृति बिभाग गाभिए पछि यस्ले नौलो चहल पहल ल्यायो कला प्रेमीहरूमा नौलो उत्साह भरिदिंयो। देश भरी साँस्कृतिक गतिबिधिको बाढी आउनुको साथै, साँस्कृतिक कार्यक्रम राजधानी गाउंघर जताततै हुन थाल्यो। यस प्रकार साँस्कृतिक लहरको लागि एक मात्र सिंहदरवार नाच घरले पूर्ति गर्न सकेन अनि कतिपय असुबिधाहरूले गर्दा नयां नाचघर तयार गर्ने योजनानुसार २०१७ साल पौष ११ गते रा. ना. घरको जग हलियो र २०१८ साल कार्तिक २८ गते कलाप्रेमी स्व० राजा श्री ५ महेन्द्रको बाहुलीबाट उदघाटन सुसम्पन्न भयो। तर २०१९ साल चैत्र १ गतेका दिन एक भारतीय चटकीद्वारा प्रदर्शन हुंदा हुदैं अचानक जल्न गयो। कलाकार ज्यादै दुखित भए र कलाकारको उत्साह न मरोस भन्ने सदिच्छाले श्री ५ मुमा बडा महारानी सरकार रत्न राज्य लक्ष्मीबाट पुनः निर्माणको निमित्त निजी कोषबाट

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक अनुदान बक्स्यो र १९ साल कार्तिक ११ गते श्री ५ मुना बडा महारानी सरकारबाट उद्घाटन गरिबक्स्यो ।

अरु काठमाण्डौंका कलाकारहरुले जिल्लाका कलाकारहरुसंग चिनाजानी गर्ने सुअवसर २०१३ साल बैशाख २० गते स्वर्गीय श्री ५ महेन्द्रको शुभ राज्याभिशेषमा पाएका हुन । जस्को फलस्वरुप पिछडिएका कलाकारहरुले प्रतिभाशाली अनुभवी कलाकारहरू संग मिलिएर प्रगति गर्ने सुअवसर पाए । अनि बिदेशमा भारत, चीन, रूस, पाकिस्तान आदि देशहरुसंग साँस्कृतिक सन्धि भएअनुसार नेपाली कलाकारहरूले आफ्नो कला देखाउने र उक्ति देशहरुको कला देख्ने मौका पाए । यसरी देश बिदेशमा प्रदर्शन गर्ने अनि नेपालका कलाकारहरू राजधानीमा भेल हुने मौका स्व० श्री ५ महेन्द्रको उदय भन्दा अघि हुन सकेको थिएन ।

अनि देशको साहित्य संगीत, ज्ञान बिज्ञान आदि क्षेत्रमा बिशेष देन दिन सकोस भन्ने हेतुले नेपाली साहित्य एकेडेमीको स्थापना २०१४ साल आषाड ९ गते भयो । अरु यसै संस्थाको कुलपति पद-सम्हाली बक्सी संस्थाको ईज्जत बढाई बिद्वान, साहित्यिकहरुलाई प्रोत्साहन बक्स्यो । मौसूफ सरकारबाट आफ्नो कला संस्कृतिलाई बढाउन चाहिबक्सेको कुरा यस संस्थाको स्थापनाले प्रष्टयाउंछ ।

नाट्य कलाको राम्रो ब्यवस्था को लागि कोरा कलाकारहरुलाई प्रशिक्षण दिई, योग्य बनाउने उद्देश्य लिई त्री–वर्षिय योजना · अन्तर्गत २०२१ साल देखि २०२३ साल सम्म रायल नेपाल ऐकेडेमीमा नृत्य-नाटक, बाद्यवादन र गीतमा करिब ५० जना कोरा ब्यक्तिहरुलाई तालिम दिइयो ।

यो संस्था-जस्ले एउटा सानो कोठामा जन्म लियो त्यो आजको जस्तो बिस्तृत रूपमा खडा रहला भन्ने कल्पना गरिएको थिएन । तर मौसूफ सरकारको हृदयमा यस्को बिकासको लागि गुम्सीएको–भावना आज कमलादीको एक छेउमा खडा रहेको भव्य भवन जस्मा नाट्यशाला पनि समावेशछ र १४४८ दर्शकले एकै पटकमा नाट्क र संगीतको रसास्वादन गर्न सक्दछन । यस्तो बिशाल भवन मौसूफ सरकारबाट ने. रा. प्र. प्र. का कुलपति मार्फत प्रज्ञा-प्रतिष्ठानलाई बक्सी नेपाली साहित्यिक बिद्वान तथा कलाकारहरू को ईज्जत बढाई बक्स्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

कलाको बिकासको लागि सदैव उत्सुक भै बक्सने स्व. श्री ५ महेन्द्र वाट प्रज्ञा–प्रतिष्ठानमा पन्च वर्षिय योजना, कलाको विकासको लागि बक्स्यो। र यसै अन्तर्गत हाल वाद्य-वादन, शास्त्रीय नृत्य, लोकगीत, लोक नृत्य अनि नाट्कको क्षेत्रमा अनुसन्धान तथा प्रयोग गर्ने काम हुंदैछ। साथै प्रतिष्ठानका कलाकारहरुलाई आफ्नै पनको गीत, गीति बाद्यवादन तथा नाट्कको प्रशिक्षण गराउँदै नेपाली सांस्कृतिक उत्थानमा महत्वपूर्ण कदम चाल्ने प्रयास हुदैँछ। यसरी अरु विकसित देशहरुमा झैं देशको गौरव राख्न खडा रहेको श्री ५ महेन्द्रको यो जगले हजारौं वर्ष सम्म यूनानको खुला रगमंचको भग्नावशेषले दिएको नमुना मा रही मौसूफ सरकारको कला प्रति को अमर गाथा कलाप्रेमी नेपालीहरू ले चीरकाल सम्म गाउने छन।

कवि राजाएक जनप्रिय गीतकार को रूपमा नेपाली जन जीवनमा भिजि बक्सेको नेपाली कला प्रेमीहरु ले अनुभवरेकाछन्। यो कुरा मौसूफ सरकारको गीतहरुको लोक प्रियताले प्रष्टन्छ। आजको सिने गीतहरुको प्रवाहमा नेपालीहरूको मुख मा नेपाली गीतगुंजी रहनु मौसूफ सरकारको कला प्रतिको प्रेमको देन हो।

साथै नेपाली चहाड पर्वमा अनि स्कूल कलेज संघ संस्थाहरुको सांस्कृतिक प्रदर्शनमा मौसूफ सरकार सवारी भई बक्सी आफ्नो कलालाई जिबित राख्न उत्साहित गरी बक्सियो।

यता १० वर्ष भित्र बन्द नाचघर हरु खुला नाट्यशालाहरु तयार भए। जाल जस्तै गरी देशभरी सांस्कृतिक संघ संस्थाहरु खोलिए। यस प्रकार कबिराजा, कला प्रेमी राजा, कलाकार राजा, स्वर्गीय श्री ५ महेन्द्रको उदयमा नेपालले आफ्नो साहित्य, संगीत, र कलामा द्रुत गतिले विकास गरेकोले नै यसको फल स्वरूप हामी ले उत्तम नाट्यशालाहरु, निर्देशकहरु र योग्य कलाकारहरु पाउन थालेका छौं।

CC-0. In Public Domain. Digitization by eGangotri

–श्याम जोशी 'बिछोड'

निर्विरोध

शहरबाट काजीको मालसामान बोकेर फर्केको बीरेले दिर्घनिश्वास छोडदै भारि बिसाउने प्रयत्न गऱ्यो । उसले फर्केर भारिलाई टोल्हाई रह्यो । हो, अनवरतरुपमा उसले भारिलाइ निहाली रह्यो मानौ उसले त्यस भारिलाई कहिल्यै देखेको छैन । ओठमा चलाप्प मुस्कान घचेट्दै उसले पहाड घुनि बहिरहेको सुनकोशीलाई अवलोकन गर्दै गयो । भदौको भेलले सुनकोशीलाई भयावह बनाहरहेको थियो । उसले फेरि एक पटक भारि लाई हेऱ्यो । उसलाइ भारि सम्झदा एक पटक जीवन संगै पश्चाताप लागेर आयो । उसका पुर्खाहरुले यस्तो चहलपहलमा पनि उसलाई भारि बोक्ने कर्म दिएको थियो ।

'आफूले भारि बोकेर नपुगेका कंकाल हरु'–एक्लै गुनगुनाई रह्यो बीरे । तेस्तैमा उसलाइ पृथ्वी भासिंदै गइरहे को जस्तो लाग्यो । 'शहर तिर लानेको पनि पाँच दिन जति भइसकेको थियो । घरमा स्वास्नीले खान पाइ या पइन । काजीको परिवारनै निष्ठुर छ । आफ्नो पेट भरिए पुग्नेहरु । भोकाहरुलाई पनि काम अऱ्याउन नहिचकिचाउनेहरु ।' सुनकोशीको पानी हेरेर बीरेले आफ्नो नव विवाहित स्वास्नीलाई सम्झी रह्यो । भरखर विवाह गरेकी स्वास्नीसंग यसो दुई चार गफ गर्न नपाउँदै आफ्नो भाग्य बिधाता काजीको साथ उसले शहर लाग्नु परेको थियो ।

अर्काको मुख ताकेर बाँच्न परे

CC-0. In Public Domain. Digitization by eGangotri

को मानिस वास्तवमा बोलाहा कुकुर ले टोके भन्दा कम्ति हुँदैन रहेछ। अन्नाभावमा बाँच्न परेको वीरेलेआफ्नो आदर्शता न भुलिसकेको थियो। सँधै मालिकको नूनको सोझो गर्न पर्छ बन्ने भावना मात्र हुन्थ्यों उसलाई। मालिकले बौलट्टीपना निकालेर निरा– पराधीहरुलाइ टोकिरहे कैं उसले मालिक संग झुकन परिरहेको थियो। मालिकको खुशीको निम्ति उसले अप्रिय कार्यहरुलाइ साधारण ठान्नु परेको थियो। उसलाइ यो थाहा थिएन कि उसको स्वामि भक्तिभले उसलाई दिन पर दिन खोक्रो गर्दैछ। अथवा उ आफू भित्र जीवन पाइरहेको नामले कीराले आफैलाइ एक दिन भुमिसात गरि दिनेछ भन्ने कुरामा अनभिज्ञ थियो।

'एक जोर यसो चाडबाडमा लाउन हुने खालको फरीया चोलो लिएर आउनुस है'

'मेरो प्राणनै तिमी, तिमीलाई किन बिर्सन्छु र' अनायास वीरे तन्द्रा-भङ्ग भयो। उसलाई ठुलो छाङ्गोवाट खस्न लागेको अनुभव भयो। 'केही ल्याउन सकिन सानी। रित्तो हात फर्किरहेको छु'- यति मात्र दोहऱ्याई रह्यो उसको अन्तस्करणले। काजीले एक पैशा पनि दिएको थिएन उस लाई। उ सांच्चै गह्रौं हृदय लिएर रित्तो हात घर फर्किरहेको थियो। उसलाई त्यतिखेर सुनकोशीमा हाम-फालु जस्तै भएर आयो। तर एकासी उसले त्यसो गर्न सकेन। आफ्नो नव-विवाहित स्वास्नीको लहलहाउँदो हसिलो रूप सम्झयो उसले। त्यस दिन दिउसों भरिनै उसले आफ्नो स्वा– स्नी सम्झि रहयो। आफ्नो स्वास्नी बन्न आएकी एक विरानो केटी उस लाई आफ्नो जीवन भन्दा पनि प्यारो भएर आइरहेको थियो। अर्को साँझ आफ्नो गाउँलाई निस्तब्धताले ढाकि-सकेपछि वीरेले गाउँको अन्धकार वातावरणमा अवतरण गऱ्यो। आका-शका ताराहरूलाई हेर्दा उसलाई एक पटक आफ्नो जवान स्वास्नीको सेतो दाँतको सम्झना भयो, आफ्नो स्वास्नीको राता राता गालाको सम्झना भयो। कल्पनै कल्पनाको बाटोहरूमा उसले वेहद आनन्द अनु-भव गर्दै गयो। वीरे किन किन फेरि खिन्न हुँदै गयो–उसलाई के के गिर्दै कैं या के के हुन लागीरहे कैं भइरहे को थियो। उसलाई आफ्नो अनुहार वाहय सतहवाट गिरिन लागे कैं भइरहे को थियो।

'तिमी चङ्गा म लङ्गाको कुरा। तिमी बिना मेरो कुनै अस्तित्व छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो वेषभुषा कागत च्यातिना साथ म करङ एक्कासी सडकमा खसेर भाचिन्छु ।' विरेले अन्धकार रातमा आफ्नो स्वास्नीलाई सम्बोधन गरेर आफ्नो स्नेहपूर्ण वाकयहरू दोहऱ्यायो। प्यार पनि किन नगरोस वीरे? स्वास्नी कोआगमन देखि उसले आफ्नो दुःख पिडाहरूलाई बिर्सन साधन पाएको थियो । एक किसिमको मानशिक शान्ति भईरहेको थियो उसलाई ।

घर अघाडी पुगेर बीरेले एक पटक आफ्नो स्वास्नीलाई पुकाऱ्यो । वीरेले स्वास्नीलाइ निकै बोलाइं सक्दा पनि स्वास्नीले कुनै प्रतिक्रिया देखाएन । बीरे अन्यमनस्क एकलै उभिरह्यो । उसको सानो घर मसान जस्तै अन्धकारमा डुबिरहेको थियो । मसानको विभत्सपनामा पन्थभ्रष्ट भइरहेको जस्तो भ्रान्ति भयो एक पटक उसलाई । यस्तैमा पल्लो घरको सेती बजै सुक सुकाउंदो विस्फोट भइ -'वीरे, दुःख नमान । कर्ममै यस्तो लेखे को रहेछ । काजीको फोदो टिप्न एक लै दिनहुँ जांदा काजीको बारिमा रहेका अरिङ्गालहरूले टोकेर आजै खसिन तिम्रो [illegible]ान ।' वास्तवमा उसकी स्वास्नी यसरि जानाजानी मारिएकि थिई । धनीको निम्ति गरीबको ज्यानको मूल्यनै हुन्न । आफ्नो ज्यान प्यारो भएको कजीनीलाई भोको गरीब वीरेको स्वास्नीको ज्यान केही पनि लागेन । बिरेलाई आफ्नो घरको ढोका झ्यालहरू खस्दै गइरहे झै भयो; उसलाइ एक्कासी आफ्नो मुटु चुडिए झैं भयो ।

वीरेले एकपटक आफुलाइ अनाच्छादित गऱ्यो । 'हिजो मात्र विवाह गरेको मानिस आजै किन शहर जान पर्छ? म एकलै घरमा बस्न सक्तिन, डराउंछु ।' 'तिमीसंग जीन्दगी भर संगै बसिहाल्छु नी-एक रात मात्र हो र ? यो घर मसान हैन, डराउनु पर्दैन । यो घर मेरो बाजु बाजेको पसिनाले वनेको मन्दिर हो । पख न तिमीलाइ साथी म एउटा राम्रो छोरा दिन्छु ।'

वीरेको स्वामिभक्त आतमा अप्रत्याशित बोलाहा भएर कांप्यो । अरिङ्गाल माथिको रिसले उसलाई बिस्तार बिस्तारै मल सांप्रोमा परिबर्तन गर्न लाग्यो । मानिसले पाखुरा बलियो भए सम्म केही गर्न पनि डराउन हुन्न भन्ने आफ्नो मालिक काजीको उपदेश सम्झना भयो । वीरेलाई । बीरे सरासर काजीको घर तिर लाग्यो । उसले कजीनीलाइ देख्यो । काजीनीले आफ्नो स्वास्नीको घाँटी अठयाइ रहेकै लाग्यो । कजीनी

CC-0. In Public Domain. Digitization by eGangotri

हातमा माखा भएर पिसिइरहेको निरिह स्वास्नीले दुइटा आंखा निकालेर ट्वाल्ल टोलहाइ रहे झैं लाग्यो उसलाई। वीरे मृत्यु सवार गराएर पागल भएर उफ्र्यो। र उसले अप्रत्याशित कजीनीको गला घोटन थाल्यो। उसले आफ्नो सम्पूर्ण बल लगाएर रगत चुसेर मोटाइ राखेको कजीनीको गला घोट्दै गयो। वीरेले अन्तमा सन्तोषको उच्छ्वास छोडयो मानो उ निर्बिरोध विजयी घोषित भएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवस

तथा

त्रिभुवन जयन्तीको शुभ उपलक्षमा

समस्त देशवासीहरूमा हार्दिक

शुभ-कामना ज्ञापन गर्दछौं

नेपाल फिड इण्डष्ट्रिज

बालाजु औद्योगिक क्षेत्र

टेलिफोन नं. . . . . बालाजु

CC-0. In Public Domain. Digitization by eGangotri

उद्‌घाटन

—विजय मल्ल

(सजाइएको कोठा। साम्मुन्ने दाया-भित्र पस्ने ढोका, जसमा पर्दा छ। बाया झ्याल र त्यसैको मुनि डबल बेडको खाट। गोदरेजको दराज, ऐनावाला दराज आदि। मध्य भागमा सानो टेबिल र प्लास्टिकका मेचहरू र साधारण सोफा सेट। दायाँ सम्मुख सानो टेबिल र मेच। श्रृङ्गार गर्ने ऐनावाल सेट, डबलबेड संगै।

शान्ता खाटमा फोक्रिएर बसिरहेकी छ। उमेर २०।२१- राम्री। उनकी बहिनी ललिता १८।१९की राम्रै नै, तर रून्चे अनुहार लाएर छरिएका फरियाहरू मिलाउन लागिरहेकी हुन्छिन।

(पर्दा खुल्छ। केही बेर निस्तब्धता)

ललिता–(फरिया मिलाउंदै, तहलाएर फेरि फुकाएर एकनास सित फरियालाई नै हेरिरहेर आफुले लाउन खोज्दै, शान्ता दिदीतिर पुलुक्क हेर्छिन, केही भन्ने कोशिस गर्छिन, तर भन्दिनन र फेरि मिलाएर तह लाउन खोज्दै) ऐ शान्ता दिदी! हिजै जस्तो लाग्छ, प्रमिला दिदीले यो फरिया लाउनु भएर हामी संगसंगै नयाँ सडक गएको। उहाँले क्रिम र पाउडर किन्नु भयो। उहांले त्यो खोल्नु नै भएको छैन। दराजमा त्यसै छ। अब आज। (आवेगलाई सम्हाल्न फरियाले मुख छोपछिन र सुकसुकाउंछिन्)

CC-0. In Public Domain. Digitization by eGangotri

हातमा माखा भएर घिसिईरहेको निरिह स्वास्नीले दुइटा आंखा निकालेर ट्वाल्ल टोल्हाइ रहे झैं लाग्यो उसलाई। वीरे मृत्यु सवार गराएर पागल भएर उफ्रयो। र उसले अप्रत्याशित फजीनीको गला घोटन पुग्यो। उसले आफ्नो सम्पूर्ण बल लगाएर रगत चुसेर मोटाइ राखेको फजीनीको गला घोट्दै गयो। वीरेले अन्तमा सन्तोषको उच्छवास छोड्यो मानो उ निर्बिरोध विजयी घोषित भएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवस

तथा

त्रिभुवन जयन्तीको शुभ उपलक्षमा

समस्त देशवासीहरूमा हार्दिक

शुभ-कामना ज्ञापन गर्दछौं

नेपाल फिड इण्डष्ट्रिज

बालाजु औद्योगिक क्षेत्र

टेलिफोन नं. . . . .   बालाजु

CC-0. In Public Domain. Digitization by eGangotri

उद्घाटन

–विजय मल्ल

(सजाइएको कोठा । सामुन्ने दाया-भित्र पस्ने ढोका, जसमा पर्दा छ । बाया झ्याल र त्यसैको मुनि डबल वेडको खाट । गोदरेजको दराज, ऐनावाला दराज आदि । मध्य भागमा सानो टेबिल र प्लास्टिकका मेचहरू र साधारण सोफा सेट । दायाँ सम्मुख सानो टेबिल र मेच । श्रृङ्गार गर्ने ऐनावाल सेट, डबलबेड संगै ।

शान्ता खाटमा फोक्रिएर बसिरहेकी छ । उमेर २०।२१- राम्री । उनकी बहिनी ललिता १८।१९की राम्रै नै, तर रून्चे अनुहार लाएर छरिएका फरियाहरू मिलाउन लागिरहेकी हुन्छिन ।

(पर्दा खुल्छ । केही वेर निस्तब्धता)

ललिता–(फरिया मिलाउंदै, तहलाएर फेरि फुकाएर एकनास सित फरियालाई नै हेरिरहेर आफुले लाउन खोज्दै, शान्ता दिदीतिर पुलुक्क हेर्छिन, केही भन्ने कोशिस गर्छिन, तर भन्दिनन र फेरि मिलाएर तह लाउन खोज्दै) शान्ता दिदी! हिजै जस्तो लाग्छ, प्रमिला दिदीले यो फरिया लाउनु भएर हामी संगसंगै नयाँ सडक गएको । उहाँले क्रिम र पाउडर किन्नु भयो । उहांले त्यो खोल्नु नै भएको छैन । दराजमा त्यसै छ । अब आज । (आवेगलाई सम्हाल्न फरियाले मुख छोपछिन र सुकसुकाउंछिन्)

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ता– भो मलाइ केही नसंकाउ तिमी । नरोउ भन्या तिमी ! तिमी रुन्छ्यौ भने म यहां वस्दिन ।

ललिता–अब रुन मन लागेको म के गरूं त ?

शान्ता– नरोइ बस, सम्हालिएर वस । मैले सम्हालेर बसेकी देखिनौं ? कथं कदाचित ....

ललिता–म प्रमिला दिदीलाई मात्रै झल्झली सम्झन्छु त्यसै रुनु मन लाग्छ म के गरूँ । म के गरूँ । प्रमिला दिदीलाई केही भएको रहेछ भने ।

शान्ता–अब तिमी रोयौं भने म यो कोठाबाट उठेर हिंडि दिन्छु है । सांच्चि भनेको । के तिमी चुप लागेर वस्न सक्तिनौं ?
(उठेर ललिताको नजिकै आउंछिन)

ललिता–म रुन्न । भो म रुन्न ।

शान्ता– याद छ तिमीलाई, सबजना हवाईजहाज खोज्न हिंडेका छन । कहीं गएर फोर्स ल्याण्डिङ्ग गरेको रहेछ भने । तिमी बिनसित्ति त्यसै रोएर आफ्नो पनि मगज विगाछौं, अर्काको पनि । मलाई त यो कोठामा निसास्सिएर मरूंला जस्तो भइ सक्यो । खै तिमो मदन पनि फर्केको छैन । भिनाजु पनि । कसैले खबर सम्मन त गर्न आउनु पर्ने । कति चोटि झ्यालमा गएर हेर्नु केही भएको रहेछ भने, कम से कम खबर त गर्न आउनु पर्छ । मानो हामीलाइ कुनै प्रकारको बेचैनी नै हुन्न जस्तो । एः हाम्रो पनि दिदी हो दिदी–तिमी केरि के सुख लाएर रुन लागेकी । तिमी रोयौ कि म यहांबाट हिंडी दिन्छु ।

ललिता–(पटचाएको फरियालाइ दराज खोलेर भित्र हाल्दै) यो विजुली पनि दिदीको अनुहार टाँसिएको जस्तो लाग्छ । अनि रुनु मन लाग्छ । म के गरूं ?

शान्ता– त्यसैले त तिमीलाई पिन्चे भनेकोनी । तिमी कसरी मदनसंग मिलेर बस्न सक्छयौ, कुन्नि ।

ललिता–अव दिदीलाई त्यस्तो परेको होल । मलाई रुनु मन लाग्दैन त ?

शान्ता– कस्तो परेको छ दिदीलाई सुनु त ?

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

ललिता–अब कस्तो भन्ने, त्यस्तो । हवाइजहाज केहीं भएको रहेछ भने ।

शान्ता– हवाइजहाज केही भएको रहेछ भने ? तिमी अन्तरयामि हौ त्यसो भन्न लाई । हवाईजहाज केही भएकै छैन, थाहा पायौ । मलाइ पूरा बिश्वास छ, अब पुग्यो ? जे भए पनि मन दरो पार्नु पर्छ बुझ्यौ । मेरो जस्तो सबजना खोज्न गईरहेछन उ याहाँ रोईरहन्छे, मानो हवाइजहाज जलेर ध्वस्त भै सक्यो । मानो प्रमिला दिदी ... मानो .. मव्राई ... मन पर्दैन त्यस्तो । एयरहोस्टेस भएपछि, कहिले काहीं यस्तो पर्छ पर्छ । एयर-होस्टेस किन हुनु पऱ्या थियो उहांलाई कुन्नि । अब हुनु भयो, पर्छ .. बट्टा खस्यो भनेको ।

ललिता–(बट्टा उठाउदै, खोलेर हेरेर) दिदीको गहना रहेछ । सुनको चुरी, टप, एरिंग । बरू खै मोतीको माला त यसमा छैन ।

शान्ता– भो कतै होला । राखी देउ त्यही ।

ललिता–(बट्टा राखीदिदै) दिदीलाई केही नभइदेवस–हे परमेश्वर ।

शान्ता– हो, ईश्वरको पुकारा गर ।।

ललिता–ईश्वरको पुकारा नगरे के को गर्ने त ?

शान्ता– केहीको पनि नगर्ने । बुझ्यौ केहीको पनि नगर्ने । केही भएको रहेछ भने तिम्रो ईश्वरले बचाएर यहाँ ल्याउँदैन क्यारे । केही नभएको रहेछ भने त्यसै बाँचेर आइहाल्नु हुन्छ । याहां कहाँनेर ईश्वरलाई उभ्याउने ।

ललिता–मेरो त त्यसै मुखबाट "ईश्वर" निस्कन्छ ।

शान्ता– आंसु निस्के जस्तो । त्यसो भए ईश्वर, ईश्वर भनेर बेस्सरी कराई रहा। प्रमिला दिदी केही भएपनि बाँचेर आउनु हुन्छ । भो गन्थन नगर । कान्छी कता गई यत्तिका बेर सम्मन । हेर त उता कोठामा बसेर रोइत रहेकी छैन । हिजो रातभर रोएर सुत्न दिइन ।

ललिता–अब त्यतिका दिन देखिन प्रमिला दिदीको चाकरी गरेर बसेकी कान्छी, त्यस्तो सुने पछि नरोएर बस्न सक्ली त ?

शान्ता– मलाइ त ताज्जुब लाग्छ वा तिमीहरू देखेर । मानो प्रमिला दिदी

CC-0. In Public Domain. Digitization by eGangotri

एक्सीडेण्टमा परि सक्नु भो । यदि उहाँ आज टाक टाक गरेर हिंडेर आउनु भयो भने? के तिमीहरू यस्तो कल्पना गर्न सक्छौ ? उः को आयो ?

(नेपथ्यबाट भरयाङ्ग उक्लेको आवाज आइरहन्छ । दुबैजना कान थापेर सुनिरहन्छन र ढोकातिर हेरिरहन्छन । ढोका खुल्छ, पर्दा खोलेर मदन मान २५।२६ को भीत्र पस्छ । रेनकोट फुकाल्छ र टेबिल माथि फाल्छ र मेचमा बस्छ । ललिता उसको नजिकै गएर बस्छिन । शान्ता विछयौनामा नै बसिरहीन्छन ।)

ललिता-केही पत्ता लाग्यो ?

मदन- (शान्तातिर हेरेर) जीवनदाई त आउनुभा छैन ?

शान्ता- (टाउको हल्लाएर आएको छैन भन्ने संकेत गर्दै ।) अंह

ललिता-हवाइजहाजको पत्तो लाग्या छैन भनेको ?

मदन- हवाइजहाजको ? लाग्यो ।

ललिता-लाग्यो? त्यसो भए केहीभा त छैन ?

शान्ता-के... ...?

मदन- अफिसीयली केही भन्या त छैन । तर पत्तो लाग्यो ।

ललिता-त्यसैले त के भो भन्या !

शान्ता-पखन ललिता के कराएको ! मदनजीलाई भन्न त देऊ ।

ललिता-के भो सोध्नु पनि नहुने । भनन भनेको मदन के भो ?

मदन- तिमी यसरी कराउँछ्यौ । ललिता, भन्दैत छुनी ।

ललिता-अब भनन चांडै ।

मदन- अब त्यही भयो जेको हामीलाई शंका थियो ।

ललिता-हामीलाई शंका थियो, कस्तो ?

शान्ता-ललिता, कस्तो केटाकेटी तिमी । अं त...त्यसो भए...त्यसो भए एक्सीडेन्ट भयो ? कोही बांचेका छन् कि सब...

[illegible]- सब कुरा त थाहा पाउन सक्या छैन । तर भनाई अनुसार कोही

औंखा

CC-0. In Public Domain. Digitization by eGangotri

शायद बांचेका होलान् रे ।

ललिता– के... के त्यसो भए...

मदन– ठूलो पहाडमा ठक्कर खाएर प्लेन कचनाचूर भएको रहेछ । पहाडको कापमा गएर खसेको रहेछ, मानिसलाई त्यहां छिर्न सम्मन् पनि मुश्किल छ रे । त कसरी. . . .

शान्ता– लास भेटाउन पनि मुश्किल होला त्यसो भए ।

मदन– बास्तवमा सबजना डढेर भष्म भइसके होलान् ।

ललिता– त्यसो भए लास पनि पाइन्न प्रमिला दिदीको । अहो ? लास पनि पाइन्न । (रून थाल्छीन्) शान्ता दिदी ?

मदन– (शान्ता संग) अफिसियली घोषणा गर्न मात्र बाँकी थियो । म आइहालें ।

शान्ता– (आंखा चिम्लेर, मुश्किलले आफूलाई सँम्हाल्दैं) ललिता नरोउ भनेको । मदनजी संझाउनोस् उल्लाई ।

मदन– पैसेन्जरहरूको, लिस्टमा एक दुईजनाको नाम गलत छापिएको रहेछ । घरबालाहरू आएर कराउँदै थिए-सच्चाउनलाई ।

शान्ता– ललिता नरोउ भनेको ।

ललिता– शान्ता दिदी अब कसरी आँमालाई भन्न जाने यो कुरा ? आँमाले कसरी . . सहन सक्नु होला ?

मदन– एउटाको त लीस्टमा नामै रहेनछ । शायद बेग्लैको नामको टिकटमा गएको होला । जुन मानिसको नाउं लिस्टमाछ, त्यो बाँचेको छ, अर्को चाहिं मरि सक्यो । हुनलाई त अरू कुरा केही छैन,बिमा कम्पनीले अब कसलाइ रूपैयां दिने? बखेडा उठ्न सक्छ । लिस्टमा नाम मिलेन भने पनि. . . .

शान्ता– ए . . . त्यसो भए प्रमिला दिदीको पनि बिमा भएको होला ?

मदन– किन नहुनु । स्टाफहरूको त अनिवार्य रूपले भएको हुन्छ, पहिलेनै ।

ललिता– छ, दिदीको पनि भएको छ । (फरियाको फेरले आंखा पुछ्छीन)

मदन– त्यसो भए जसलाई दिनु भनेर उहांले हकदार बनाउनु भएको छ,

CC-0. In Public Domain. Digitization by eGangotri

अब त्यसैले त पाउला नी ।

शान्ता- हो, उसैले त पाउला नी ।

मदन- (ललिता तिर हेरेर) कसलाई हकदार बनाउनु भएको छ दिदीले !

ललिता-(टाउको हल्लाएर) अ हं थाहा छैन ।

शान्ता- भिनाजुलाईनै त बनाउन भएको होला दिदीले । अरू कसलाई बनाउनु भएको होला र ?

मदन- त्यसो त होला । जीवन दाइलाई नै बनाउनु भएको होला । तर.... तर... तर .... कसरी बनाउनु भो होला र ? उहांहरू दुबैले विहे गरिसक्यौं भनेर भन्न त भन्या थिएन । कानूनले उहाँहरुको विहे नै भा छैन । विहे भएत प्रमिला दिदी एयरहोस्टेस हुनुनै पाउनु हुन्थेन हैन र ?

ललिता-वाहीर प्रकट नगरेको मात्रै त होनी । त्यसो त सबैलाई थाहा थियो नी, उहांहरू लोग्ने स्वास्नी भनेर ।

शान्ता- तिमीले कुरा बुझिनौ ललिता, मदनजीको कुरा बेग्लै छ । चुप लाग तिमी । तपाईको कुरा तर्कपूर्ण छ । अबिवाहिता भनेर जागिर खाने दिदीले हकदारमा कसरी जीवन् दाईको नाम राख्नु होला र ।

मदन- कसैले शंका गर्लान भन्ने पनि त डर हुन्छ उहांलाई । त्यसैले जहां सम्मन् मलाइ लाग्छ, त्यसमा भिनाजुको नाम छैन होला । तिमीले देख्या थियौ कागज, ललिता ? (ललिता देख्या छैन भनेर टाउको हल्लाएर सूचित गर्छीन् ।) कागज हेर्न पाए हुन्थ्यो । नभए भोलि अफिसमा गएर पत्ता लगाउंला ।

शान्ता- बिमा कति हजारको हुन्छ, मदनजी ?

मदन- घटीसै 'पचास हजार'को भन्ने सुनेको छु ।

ललिता-पचास हजार....

मदन- यात्रीहरूकै पैंतीस-चालीस हजारको हुन्छ रे ।

ललिता-मलाई त थाहा थिएन पचास हजारको हुन्छ भन्ने । पचास हजार । धेरै पो हुंदो रहेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

मदन- के धेरै भन्छौ, पाइलट क्याप्टेनहरुको त लाख नाघ्छ रे ।

ललिता- लाख ?

शान्ता- लाख, पचास हजार के कराई रहेको ! जति सुकै होसन् । बिमा गराई राखे बेस हुंदोरहेछ । भबिष्यको सुरक्षा त हुंदोरहेछ, । तर.... हामीलाइ के चासो भएको कुरा हो र ? दिदी जस्तो नरहे पछि, रूपैयां जावोको के महत्व, बिमाको के महत्व । यतिका याहां उहांले जोरेर गएको चीजबीज छ, के महत्व यस्को ?

मदन- तर बांच्नेलाई त महत्व छ नी ।

ललिता–दिदीको कुनै बालवच्चा भएको छैन, अब कसले खान्छ, खावस् ।

मदन- तर मैले त भन्नु हुने कुरा हैन, एउटा तर्कको कुरा मात्र । प्रमिला दिदीले बिहे नगरेको कुरा पक्कै मानिन्छ । किनभने अबियाहिता भनेर उहांले नै अफिसमा, याने सरकारी अफिसमा आफैले हस्ताक्षर गरेर स्विकार गर्नु भएको . छ । कानूनको दृष्टिमा यो सत्य हो । त्यसो भएपछि स्वभावतः प्रश्न उठछ उहाको सम्पतिको हकदार को ? चाहे सम्पति जति सुकै वा जेसुकै हवस । मैले त्यसै तर्क मात्र गरयर ।

ललिता- त्यो कस पाइएला र ? संसारलाई थाहा भएको कुरा, उहाँ र जीवन-दाई लोग्ने–स्वास्नी भनेर

मदन- ललिता, संसारलाई त के के कुरा थाहा हुंदैन । लौ भन, तिम्रो कसै संग बिहेभा छैन....

शान्ता- यो सब दिदीकै अ स्वानीले जोरिएको हो मलाई थाहा छ । गहना उहांले फरेन जांदा जोरनु भएको हो.....

मदन- त्यसैले त भन्छु ।

शान्ता- यी दराजहरु, यो सौच सेट आफैले किनेर ल्याउनु भा' थियो ।

ललिता- मै साथ गएर किनेर ल्याएको ।

मदन- अब कसको सम्पति भयो त यो ? ।तिम्रो अबिवाहित भिनाको? जीवन-दाइको । उसले आर्को स्वास्नी ल्याउँछ, अनि यो सम्पति तिनको हुन्छ । जीवन बली दिएर सम्पति जोरने एउटी, खाने अर्कों । अनोठो

CC-0. In Public Domain. Digitization by eGangotri

छ, हाँसो उठ्दो कुरा छ ।

शान्ता-- अनि यो श्रृंगार टेबिल, मैले रीजेर-किनेर ल्याएं ।

ललिता–यी पर्दाहरू मैले आफैले सिएं ।

मदन-- तिमी दिदी वहिनी सब मिलेर यी सब जोरयौ । यस्मा तिमीहरूको के हक छ त खै ? भोग्न नपाइने सम्पति हो भने, बरू फोंड-फाड गरेर मिल्काई दिनु बेस । म भए त्यसै गर्थें, वा हकको दावी गर्थें । त्यो पनि सजिलो सित । गहनाहरु लगाई दिन्थे, लुगाहरू, फरियाहरू आफै लगाई दिन्थें । मेरो स्वास्नीको भनी लौ त दावी गर्न आओस । लोप्पा खुवाई दिन्थें । कसरी उसकै स्वास्नी ? तिम्रो दिदी-बिहे गरेको प्रमाण छ ? उल्टो उसैलाइ दोष लाउंथे !

शान्ता-- मदनजी ठीक भन्नुभो तपाइले । के हक उसको ? यो कोठा सम्मन दिदीले नै आफ्नो नाउंमा बहालमा लिनु भएको ।

मदन-- त्यसैले भन्छु । तिम्री दिदी, अफसोस यी सब नपाउंदै जवानीमा नै जानु भो । यसको जरूर दु:ख छ हामीलाई । तीन दिनको न कुरा हो । हवाइजहाजले नै हजम गरीदियो । तर उहांको मिहेनतको कमाइ किन खेर जावस ? किन त्यस्ता व्यक्ति-जसले तिम्रो दिदी लाइ भोलि नै बिर्सि दिएर अर्को स्वास्नी ल्याउन सक्छ । त्यस्ताले उडावस् । म भए त दराज खोल्थें मन परेको गहना झिक्थे, लाउंथे । यो त तपाईंको खुशी । वरु को आयो ? [नेपथबाट भरयांग उक्लेको आवाज आउंछ फेरि माथि उक्लेको आवाज आउंछ]

शान्ता-- घरपट्टि होला ।

मदन-- बरू ढिलो नगर्नोस । यदि मेरो तर्कमा बिश्वाश छ भने..... । बिश्वास छैन भने अर्कै कुरा

ललिता–दिदी जानु भएको बुइतीन दिनभा' छैन, यति चांडो, यसरी, मेरो त अन्तर आत्माले मान्दैन ।

शान्ता-- तिम्रो अन्तर आत्माले मान्दैन । खै ल्याउ सांचो । (सांचो लिन्छिन् र दराज खोल्छिन् बट्टाहरू झिक्छिन् लुगा फरियाहरू आदि ।)

मदन-- जुन जुन आफुलाइ मन पर्छ, लिनोस, लाउनोस् बांडनोस् । आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri
अविवाहित दिदीको बहिनीहरू के त होनि !

ललिता–साँच्चि लिने शान्ता दिदी ! अरूले के भन्ला ?

मदन– अरूले के भन्ला ? यही भन्लान कि दिदी बहिनीहरूले बाँडेर लिए, दिदीको सम्पति ।

ललिता–भिनाजुले के भन्नु होला ?

शान्ता– भिनाजु ! भिनाजु !! दिदीसंग बिहे गर्दै नगरेकोलाई हामी किन भिनाजु भन्ने मानौं अब ...।

मदन– ठीक भन्नुभो । ललिता बरू यसो गर । मूल्यबान चिजहरू पोका पार। यहाँबाट उतै घरमा लैजाऔं । जीवन दाई आउनु भो भने किन गन्थन गरिरहनु उहाँसँग । कसो शान्ता दिदी ?

शान्ता– हुन्छ ! लौ पोका पार ललिता ।

मदन– देखिने गरी ठूलो पोका नपार्नु ! बरू एक दुई पटक आएर ओसार्नु पर्ला, हुन्न र ?

शान्ता– के हेरिरहेको टुलुटुलु पोका पार भन्या । लौ राख यी गहनाहरू, यी सारीहरू । अज दराजमा पनि के के छ ? (अर्को दराज गएर खोल्छिन्, त्यसबाट पनि बट्टाहरू झिक्छिन्) ललिता हेरेको हेर्‍यै उभिईरहन्छिन के पोको पनि पार्न सक्तिनौ तिमी ?

मदन– भै हाल्यो, मैं पोका पारी दिउँला ।

ललिता–के साँच्चि यी सब लाने ? अरूले थाहा पाए के भन्लान ।

शान्ता– [झोक्किएर] अरूले थाहा पाए, मेरो भन्ने ! त्यति भन्न आँट छैन तिम्रो ?

[मदन झटपट पोका पारी सिध्याउँछ]

मदनजी ! ललिता र तपाईं पोका लिएर जानोस् म यहीं पर्खिरहन्छु । नभए यो झोलाभित्र हाल, त्यस पोकालाई बुझिनौं के ?

ललिता–लाने र दिदी ?

शान्ता– मन छैन भने फालि देऊ । कस्तो आँट नभएकी डर छेरुवी छ भने । नभए तिमी यहीं बस, म पुऱ्याएर आउँछु । भो !

CC-0. In Public Domain. Digitization by eGangotri

ललिता– [झोलामात्र पोकालाई हालिछन्,] मलाई दोष नलगोस । लौ हिंड मदन ।

शान्ता– दोष जति म आफ्नो थाप्लोमा लिउँला भएन कि ।

मदन– पु-याएर हामी फेरी आउँछौं । [दुवैजना निस्कन्छन्]

[शान्ता दराजबाट झिकेर, हीराको टप झिकेर आफ्नो कानमा लाउंछिन् । मोतीकी माला घाँटीमा लगाउँछिन् । ऐनमा हेर्दै मिलाउंछिन् । हातमा सूनको चूरा पनि लगाउंछिन् । राम्रो फरिया झिकेर आफ्नो जीउमा लाएं ऊँ मिलाई मिलाई हेरिरहन्छिन् ।

त्यसै बखत जीवन २८।३०को कोठा भित्र पस्तछ । उस्लाई देख्ने बित्तिकै शान्ता आपनो हातको फरिययालाइ पयात्त मिल्काउँछिन र लुगा लगाएर वस्छिन् ।

जीवन कतै नहेरिकन सरासर टेबिलतिर जान्छ र टेबिलमा गएर घोप्टिएर बस्छ ।

एकछिन पछि विस्तारै टाउको उठाउंछ र अगाडी हेरेर आफ्नो संवेत लाई दवाउने चेष्टा गर्दछ ।)

जीवन-- (रोएको स्वरले) शायद शान्ता तिमीले तर्सी तर्सी कन कल्पना गरिसकेको हुनु पर्छ, जुन कल्पना सत्य नहोस्, झूठो होस भन्ने कुरा अन्तरआत्मा देखिन चाहेको पनि हुनु पर्छ । तर तिम्रै कल्पना सांचो निस्कन्छ । तिमी के गर्छौ? त्यही हालत मेरो पनि छ । मेरो कल्पना सत्य निस्कन्छ । कुनै ठूलो पहाडमा गएर प्लेन जोतिन्छ, टुक्रा टुक्रा भएर झर्छ । त्यसमा तिम्री दिदीको कोमल सुकुमार शरीर टुक्रिएर खस्छ । त्यो नहोस भन्ने लाख चेष्टा गर्छु, दौडन्छु, कराउंछु, चिच्याउंछ, छेक्न खोज्छु-तर सांचो त्यहि निस्कन्छ । तिम्री दिदी छैन, अब शान्ता–छैन, यस्तो महाशून्यमा, यस्तो बिराटमा लोप भइ सकिन, हामी स्पर्श गर्न सक्तैनौं । बोलाउन सक्तैनौं, बोल्न सक्तैनौं । तिम्री दिदी छैन । कस्तो कठोर क्रुर सत्य । (शान्ताको नजिकै जांदै) तिमीलाई बिश्वास हुन्छ यो कुरामा । मलाई विश्वास पटक्क छैन, तै पनि किन बिश्वास गर्न बाध्य छु म । मलाई लाग्छ ।

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

उनको आउने बेला भो। म पर्खेर बसिरहेछु। तर छैन, यो निर्मम निष्ठूर सत्य हो, उनी छैनन्! छैनन्! मलाई मुडकीले हानेर त्यो सत्यलाई फोडन मन लाग्छ। म छटपटिएर के फाईदा छ अब।

शान्ता- त्यसो भए दिदी एक्सीडेन्टमा पर्नु भो?

जीवन-- जो आशा गर्‍या थिईन। त्यही भो। यो महासत्य कस्तो खोक्रो सत्य।

शान्ता-- जो चाहनु भएको थिएन, त्यो भएन। जो चाहनु भएको थियो, त्यो भयो।

जीवन-- के भन्यौ? मैले तिम्रो कुरा बुझ्न सकिन।

शान्ता- नबुझ्नोस् अब यही उचित छ। मेरी दिदी जानु भो। मलाई त्यसमा अफशोच छैन, प्लेनमा कहिले काहीं एक्सीडेन्ट हुन्छ भन्ने त थाहा भएकै कुरा हो। उहाँले बिरतापूर्वक यतिका वर्ष निर्धकसित त्यसलाई सामना गर्नु भो त्यसमा मलाई गर्ब छ। तर तपाई देखेर मलाई आँश्चर्य लागेको छ।

जीवन- शान्ता, आज तिमीलाइ के भो, मैले तिम्रो कुरा बुझ्न सकिन। शायद तिमीलाई लाग्यो होला मैले तिम्री दिदीलाई एयरशोस्टेस बन्न बाध्य गरीरहें यस्तो घट्ना घट्न गयो। शायद तिम्रो अर्थ यही हो कि?

शान्ता-- अर्थ तपाई आफै लगाउनु होस। मेरो दिदीको मृत्युमा के के को हात छ त्यो मलाई थाहा छ मेरी दिदी सितैमा गएको छैन।

जीवन-- शान्ता, तिमी आज यस प्रकारले कुरा गरिरहेछौं, मानो....मानो....भो छाड। मेरो मन स्थिति ठीक छैन। न तिम्रो ठीक होला। खालि यतिकैमा तिमी मलाई गलत नसंझ। मलाई कस्तो टेवा चाहिएको थियो। त्यो टेवा......

शान्ता- अव टेवा गईसकेपछि, फेरि तपाईलाई अर्को चाहियो। फेरि त्यो टेवा पनि जान्छ, फेरि आर्का टेवा चाहिन्छ। अनि आर्को पनि अनि आर्को ...अनि आर्को ...

जीवन- तिमी आज अनौठो कुरा गरिरहेछौं, के मेरो भनाईमा तिमीलाई अविश्वास छ, के म प्रति शंका छ? के मेरो दुःख सब बनावटी हो-

CC-0. In Public Domain. Digitization by eGangotri

स्वांग हो ? के तिमी यही भन्न चाहन्छौ ? के तिम्रो दिदीको मृत्युमा मेरो आत्मा रोएको छैन, के म मरेको छैन, तिमी त्यही भन्न चाहन्छौ ? शान्ता कमसेकम मलाई त्यस्तो दोष नलगाउ !

शान्ता– म कसैलाई दोष लगाउन बसेको होईन । मेरो दिदीको मृत्यु, त्यो सत्य हो । त्यसलाई ल्याउनुमा तपाईको हातमा छ, तपाईको ..

जीवन– शान्ता !!!

शान्ता– तपाई चिच्याउँनोस, तपाईजस्तो कमजोरीको हात छ ।

जीवन– आजको दिनमा तिमी मलाई यस्तो दोष लगाउँछ्यौ, मलाई पत्यारै हुँदैन। आज म त्यसै मरेको छु, झन त्यसमाथि निष्ठूरी भएर तिमी प्रहार गर्छ्यौं, म पत्याउनै सक्तिनं । (शान्ताले लगाएको गहनाहरूलाई नियालेर हेरेर) ए मैले बुझें !

शान्ता– के बुझ्नु भो तपाईले ?

जीवन– (कोठाको चारैतिर हेर्छ, खुल्ला दराजमा आंखा गाडेर) मैले जे बुझें छलंग छ । तिम्री बहिनी र मदन ब्याग बोकेर जांदै थिए, मैले देखें बोलाएं, उनीहरूले देखेनन्, सुनेनन् क्यारे, गल्लितिर लागि हाले । तिमीलाई संझदै यतातिर आएं । तिमीलाइ संझेर... मनको दुःख पोख्न, शान्ति पाउन टेवा खोज्दै ।

शान्ता– तपाइले के बुझ्नु भो भन्नोस ,मेरो कुरा ?

जीबन– तिमी सुन्न चाहन्छ्यौ ?

शान्ता– म सुन्न मात्र चाहन्न, भन्न पनि चाहन्छु तपाईलाई । तपाईले मेरो दिदीलाई एरहोष्टेस बन्न बाध्य गर्नु भो मलाई थाहा छ। अनि उहांले कमाएर ल्याएको सम्पतिमा मोज मज्जा गर्न थाल्नु भो तर विहे गर्नु भएन, यसैले कि उहांको जागीर हिंडला भनेर । रखौटी जस्तो राख्नु भो । मेरो दिदी रखौटी । लौ भन्नौस मेरो दिदीलाई शोषण गर्नु भएन तपाईले ? यो सम्पति कसले जोऱ्यो ? आज मेरो दिदीको मृत्युमा रोएर स्वांग, गर्नु हुन्छ । स्वांग, यो सब स्वांग हो। रखौटी, मेरो दिदी रखौटी ।

आंखा

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन– शान्ता, तिमी यसबाट के सावित गर्न चाहन्छौ ? किन बुझ पचाउंदैछौ तिमी ?

शान्ता– सत्य कुराको उदघाटन गर्दैछु तपाइको सामुन्ने । दिदीसंग विहे गर्न किन आंट गर्नु भएन तपाइले, यसैले कि उहाँको कमाइ हिंडयो भने तपाइ मोजमज्जा गर्न पाउनु हुन्न । तपाइले धकेल्दा धकेल्दै उहाँलाइ मृत्युसम्मन पुर्‍याइदिनु भो । तपाइ ... तपाईको त रुने पनि हक छैन । केही हक छैन् तपाइको मेरी दिदीमाथि । बुझनु भो ।

जीवन-- अब सांचो बोल्दैछौ तिमी, मैले बुझें तिमी के चाहन्छौ भन्ने कुरा । त्यो तिम्रो गलामा लाएको माला, टप, सबले त्यही बुझाइरहेछन् ।

शान्ता--हो । यो मेरो दिदीको हो, मैले लगाएं । तपाईको के हक यसमा ?

जीवन– ललिताले के बोकेर लगेको व्यागमा शायद सब मालताल थिए होलान् ! त्यो पनि तिम्रो दिदीको हो । अब मैले बुझें तिम्रो आशय ।

शान्ता-- बुझनु भो अब ?

जीवन-- बुझें । तिमीहरू दिदी बहिनी सबै एकै कांटका रहेछौ । एकै सांचोमा ढालिएका । सुन, तिम्रो दिदीले किन विवाह गरिन मसित थाहा छ ? उसलाइ पनि तिमीहरूलाइ जस्तै रूपैयाँको लोभ थियो । सम्पति जोर्ने लोभ थियो, गहना वनाउने लोभ थियो र मैले लाख चोटि विहे गर्न खोज्दा पनि मानिनं, सधैं टारिरही । अब उल्टो दोष लाउंछौ तिमी, मलाइ ।

शान्ता-- सब झूठ । तपाइको मेरो दिदीमाथि पत्यार थिएन । शंका थियो ।

जीवन-- यसैले मैले विहे गरिन तिमी यही साबित गर्नु चाहन्छौ । शान्ता, तिमी सांचो कुरालाइ किन ढाक छोप गर्ने कोशिस गर्छ्यौ । तिमीलाइ तिम्रो दिदीको सम्पति चाहिएको छ हैन । यो सम्पति तिम्रो दिदीले कमाएको सम्पति । यति साँचो कुरालाई तिमी किन लुकाउंछौ, किन भन्न सक्तिनौ !

शा[illegible] [illegible]लाई मैले भनिरहनु पर्ने दरकार छ ? देख्नु भएन लिएर यहाँ लगाएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वांग हो ? के तिमी यही भन्न चाहन्छौ ? के तिम्रो दिदीको मृत्युमा मेरो आत्मा रोएको छैन, के म मरेको छैन, तिमी त्यही भन्न चाहन्छौ ? शान्ता कमसेकम मलाई त्यस्तो दोष नलगाउ !

शान्ता– म कसैलाई दोष लगाउन बसेको होईन । मेरो दिदीको मृत्यु, त्यो सत्य हो । त्यसलाई ल्याउनुमा तपाईको हातमा छ, तपाईको ..

जीवन– शान्ता !!!

शान्ता– तपाई चिच्याउँनोस, तपाईजस्तो कमजोरीको हात छ ।

जीवन– आजको दिनमा तिमी मलाई यस्तो दोष लगाउँछ्यौ, मलाई पत्यारै हुंदैन। आज म त्यसै मरेको छु, ऊन त्यसमाथि निष्ठूरी भएर तिमी प्रहार गर्छ्यौं, म पत्याउनै सक्तिन । (शान्ताले लगाएको गहनाहरूलाई नियालेर हेरेर) ए मैले बुझें !

शान्ता– के बुझ्नु भो तपाईले ?

जीवन– (कोठाको चारैतिर हेर्छ, खुल्ला दराजमा आंखा गाडेर) मैले जे बुझें छलंग छ । तिम्री बहिनी र मदन ब्याग बोकेर जांदै थिए, मैले देखें बोलाएं, उनीहरूले देखेनन्, सुनेनन् क्यारे, गल्लितिर लागि हाले । तिमीलाई संझदै यतातिर आएं । तिमीलाइ संझेर... मनको दुःख पोख्न, शान्ति पाउन टेवा खोज्दै ।

शान्ता– तपाइले के बुझ्नुं भो भन्नोस मेरो कुरा ?

जीबन– तिमी सुन्न चाहन्छ्यौ ?

शान्ता– म सुन्न मात्र चाहन्न, भन्न पनि चाहन्छु तपाईलाई । तपाईले मेरो दिदीलाई एरहोष्टेस बन्न बाध्य गर्नु भो मलाई थाहा छ। अनि उहांले कमाएर ल्याएको सम्पतिमा मोज मज्जा गर्न थाल्नु भो तर विहे गर्नु भएन, यसैले कि उहांको जागीर हिंडला भनेर । रखौटी जस्तो राख्नु भो । मेरो दिदी रखौटी । लौ भन्नौस मेरो दिदीलाई शोषण गर्नु भएन तपाईले ? यो सम्पति कसले जोर्‍यो ? आज मेरो दिदीको मृत्युमा रोएर स्वांग, गर्नु हुन्छ । स्वांग, यो सब स्वांग हो। रखौटी, मेरो दिदी रखौटी ।

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन– शान्ता, तिमी यसबाट के साबित गर्न चाहन्छौ ? किन बुझ्झ पचाउँदैछौ तिमी ?

शान्ता– सत्य कुराको उदघाटन गर्दैछु तपाइको सामुन्ने । दिदीसंग विहे गर्न किन आंट गर्नु भएन तपाइले, यसैले कि उहाँको कमाइ हिंड्यो भने तपाइ मोजमज्जा गर्न पाउनु हुन्न । तपाइले धकेल्दा धकेल्दै उहाँलाइ मृत्युसम्मन पुऱ्याइदिनु भो । तपाइ ... तपाईको त रुने पनि हक छैन । केही हक छैन् तपाइको मेरी दिदीमाथि । बुझ्नु भो ।

जीवन-- अब सांचो बोल्दैछौ तिमी, मैले बुझें तिमी के चाहन्छौ भन्ने कुरा । त्यो तिम्रो गलामा लाएको माला, टप, सबले त्यही बुझाइरहेछन् ।

शान्ता--हो । यो मेरो दिदीको हो, मैले लगाएं । तपाईको के हक यसमा ?

जीवन– ललिताले के बोकेर लगेको ब्यागमा शायद सब मालताल थिए होलान् ! त्यो पनि तिम्रो दिदीको हो । अब मैले बुझें तिम्रो आशय ।

शान्ता-- बुझ्नु भो अब ?

जीवन-- बुझें । तिमीहरू दिदी बहिनी सबै एकै कांटका रहेछौ । एकै सांचोमा ढालिएका । सुन, तिम्रो दिदीले किन विवाह गरिन मसित थाहा छ ? उसलाइ पनि तिमीहरूलाइ जस्तै रुपैयाँको लोभ थियो । सम्पति जोर्ने लोभ थियो, गहना बनाउने लोभ थियो र मैले लाख चोटि विहे गर्न खोज्दा पनि मानिनं, सधैं टारिरही । अब झन उल्टो दोष लाउँछौ तिमी, मलाइ ।

शान्ता-- सब झूठ । तपाइको मेरो दिदीमाथि पत्यार थिएन । शंका थियो ।

जीवन-- यसैले मैले विहे गरिन तिमी यही साबित गर्नु चाहन्छौ । शान्ता, तिमी सांचो कुरालाइ किन ढाक छोप गर्ने कोशिस गर्छ्यौ । तिमीलाइ तिम्रो दिदीको सम्पति चाहिएको छ हैन । यो सम्पति तिम्रो दिदीले कमाएको सम्पति । यति साँचो कुरालाई तिमी किन लुकाउँछौ, किन भन्न सक्तिनौ !

शान्ता-- ... लाई मैले भनिरहनु पर्ने दरकार छ ? देख्नु भएन लिएर यहाँ लगाएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन-- ठीक गर्‍यौ, किनकि तिम्रो दिदीमाथि मेरो हक छैन । विहे नगरेकोले मेरो हक छैन्, मेरो अफशोस मान्ने पनि हक छैन । केही हक छैन । मैले प्रेम गरेको सब झूठा हो । तीन वर्ष देखिन यही कोठामा सुतेको, उठेको, बसेको,तिम्रो दिदीसग के यी सब झूठा हो । सब मिथ्या हो, सब असत्य हो ? प्रमिला तिम्रो को हो भन्दा खेरि मैले स्वास्नी भन्ने हक छैन ? ठीक हो शान्ता मेरो केही हक छैन। (नेपथ्यमा भन्यांग उक्लेको आवाज आउँछ) उ तिम्रो दिदी आइ अब तिम्रो दिदीले देख्ने छ मेरा बहिनीहरू कस्ता रहेछन् भनेर । दुई दिन भित्रै मरी भन्ने सम्झे र कसरी उनको सम्पति बाँडेर लिएछन्, लगाएछन् ।

कस्तो दुनियां हो यो । तिम्रो दिदी मरेकी छैन्, आउँदैछ, अघि त मैले ठट्टा गर्‍या । ठट्टा, बुझ्यौ शान्ता, ठट्टा गर्‍या । (हांस्छ) उ आइ । [एउटी आइमा भित्र पस्छिन्]

शान्ता-- [हडबडगर्छिन्] झूठ, झूठ ।

जीवन-- उ तिम्रो दिदी, [शान्तासंग] किन तर्स्यौनि ? हो तिम्रो दिदी मरि सकिन । म जिउँदो छु ।

शान्ता– कान्छी तँ किन याहाँ आएको, जा उतै गएर बस । जा भन्या ।

कान्छी– मालीकनी साहेवले बोलाउनु भएको जस्तो लाग्यो, अनि उठेर आएकी । के उहां आउनु भा छैन ?

शान्ता–जा उतै गएर बस [कान्छी निस्कन्छिन्]

जीवन--कान्छी, बरू कान्छीलाइ माया छ प्रमिलाको । तिनको हक छ गर्ने । मेरो चाहिं केही छैन । किनभने म उनको विवाहित लाग्ने हैन । मैले माया गरेको सब स्वाँग हो । सव स्वांग । शान्ता, मानिस लोभले कहाँ सम्मन् अंन्धो हुँदो रहेछ । तिमी अन्धी भयौ । म... शायद तिमीले त्यही दोष लगाउने चेष्टा गरेकी हो...मलाई । मलाइ केही चाहिन्न तिम्रो दिदीको । सबै, लैजाउ तिमीहरू, सब लैजाउ ! बटुल, लैजाउ ! यही मालतालको लोभले म वेइमान, स्वार्थी भएं भन्ने ठानेकी हैनौ । मलाइ लाख चोटि भिनाजु भनेर पनि तिम्रो दिदीको लाग्ने हुने हक दिएनौ तिमीहरूले । म के हुँ त ? म तिनको रखौटे लाग्ने ? रखौटे ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो कोही पनि हैन । पख यहाँ एउटा कागज छ, बीमा कम्पनीको, तिम्रो दिदीको बीमा । [दराजको घरराबाट कागज झिक्छ] यसमा तिम्रो दिदीले हकदार मलाई बनाएर दस्तखस्त गरेकी छ । के यो पनि मिथ्या हो ? बोल.,.!

शान्ता-- हकदार बनाएको छ भने गएर लिनुस् । कसले छेकेको छ तपाइलाइ ?

जीवन- शायद तिमी भन्लीउ, यही लोभले मैले उनीसंग विहे गरिन र एयर होष्टेस बनाइनै रहें । के यो आरोप लाउन सक्तिनौं तिमी अब ? पचास हजारको लोभ—पचास हजारको । यो कागज पचास हजारको छ । लगाउन, यो दोष लगाउ !

शान्ता- तपाई जस्तालाई त्यत्ति मात्र दोष लगाउंछु र म... ... मेरो दिदीको मुटु पनि खानु भा'छ तपाईले ।

जीवन- हो तिम्रो दिदीको मुटु खाएं मैले, तिम्रो दिदीको । यही पचास हजार को लोभले उनलाई एयर होष्टेस हुन वाध्य गरें, त्यो प्लेन एक्सीडेण्ट पनि मैले टुनामन्त्र गरेर लगाएं । र आज मेरो हातमा पचास हजारको मालिक यसै भनन्, किन भन्दिनौ ?

शान्ता- भन्नु पर्ने ठाउँमा भनिएला त्यो पनि । कुन मुखले त्यो पचास हजार लिन जानु हुन्छ तपाई, के सम्बन्ध देखाउनु हुन्छ तपाई मेरी दिदिसंग रखौटे लोग्ने । रखौटे !

जीवन-- शान्ता तिमीले भद्रताको पनि सीमा नाघ्यौ । तिमी यति क्षुद्र हुन्छौ मलाई थाहा थिएन ।

तिमी तिमी के चाहन्छ्यौ म संग, बदला' ! के को वदला ! मैले तिम्रो दिदीलाई मन पराएर तिमीलाई मन पराइन, त्यसैको वदला ?

शान्ता- माफ गर्नोस तपाई जस्तालाई मन पराउने म । तपाईलाई त म घृणा गर्छु बुझ्नु भो ? घृणा ! लोभी, स्वार्थी तपाई ।

जीवन- म स्वार्थी, लोभी! यही पचास हजारको लोभ गरें हैन मैले त्यसो भए । यही कागजको ! हो 'म बीमा कम्पनीमा उनको लोग्ने हुं' भन्न जान सक्तिन अभिभावक बाहेक । म उनको कोही होईन, प्रेमी हैन, लोग्ने हैन, दाजु हैन, भाई । तिमीले भने झैं 'रखौटे लोग्ने' । खाली पचास

CC-0. In Public Domain. Digitization by eGangotri

हजारको [illegible] मैले । खाली पचास हजारको ! यो कागजको । तिमी चाइन्छौ ! शान्ता, यो पचास हजार । चाहन्नौ ? म चाहीं छातीमा लगाएर मर्छु यसलाई । चाहिन्छ भने लेऊ, म तिम्रो नाममा पाउने गरी लेखि दिन्छु । यदि चाहिन्न भने हेर, हेर भनेको तिमी, मलाइ कति चाहिंदो रहेछ (रिसले कागज च्यार च्यारती च्यात्छ) देख्यौ म कतिको स्वार्थी रहेछु, कतिको लोभी रहेछु । (खल्तीबाट सलाई झिक्छर कोरेर कागजलाई सल्काई दिन्छ) तिम्रो दिदीको मुटु खाने म–रखौटे लोग्ने ! बोल, किन बोल्दिनौ ?

शान्ता– तपाई जस्तो बहुलासंग कोही बोल्छ ।

जीवन– बटुलेर लैजाउ यो सामान सबै, नत्र तिम्रो आंखाको सामुन्ने सबलाई जलाएर भस्म गरि दिन्छु । उठाउ भनेको सबै !

शान्ता– मेरो जीउमा नछुनोस भनिदिया छ ।

जीवन– तिम्रो जस्तो शरीर छुन पनि अब घिन लाग्छ । लैजाऊ तिम्रो दिदी को सब मालताल । म लोभी पापी बेइमान हैन ? लैजाऊ भनेको -

शान्ता– मेरो दिदीको हत्यारा, राख्नोस् तपाई सबै ।

जीवन– तिम्रो दिदीको रखौटे पोई भनन रखौटे रखौटे मिथ्या लोग्ने ।

पर्दा खस्छ

सूचना

एउटा रेष्टुरेण्टमा यो सूचना टाँसेको थियो-

"सज्जनहरू ! यहाँहरूले चुरोटको खरानी, ठुटा, सलाइका काँटी ग्लास, प्लेट र कपमा हाल्न सक्नु हुन्छ तर यसको सूचना कृपया अग्रिम बेरालाइ दिनु पर्दछ, यदि सूचना दिनु भयन भने तपाइलाई चिया कपको सट्टा ऐस्ट्रेमा बनाएर ल्याउने छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

–पोषण पाण्डे

यहां सपना छ

त्यहाँ सपना छ
यौटा नदी जस्तै
कल कल कल कल.........
त्यो बगिरहेछ
त्यो यस्तै खेरा गहिरहेछ

◆ ◆ ◆

त्यसले निद्राको मुख धुन सक्थ्यो
गौटा साइत निकाल्न सकिथ्यो
टाढा जति सबै नजीक ल्याउन सकिथ्यो
त्यो त बगिरहेछ
त्यो यसतै खेरा गैरहेछ

◆ ◆ ◆

लौन ए डाँडा
ए पर्वत
काहाँबाट तँलाई छोउँ

CC-0. In Public Domain. Digitization by eGangotri

सपना र आँखा बाहिरैछ,
काहाँबाट आँखा खोलु

◇ ◇ ◇

त्यहाँ सपना छ
यौटा नदी जस्तै
कक कल कल कल....
त्यो बगिरहेछ
त्यो यसै खेरा गैरहेछ

श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको

शुभ उपलक्ष्यमा

हाम्रा समस्त ग्राकहरू र शुभचिन्तकहरूमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक सेन्टर
न्यूरोड, काठमाडौं
फोन नं० १३६१३, १४६१४

CC-0. In Public Domain. Digitization by eGangotri

–जितेन्द्र महत 'अभिलाषी'

अधुरो कथा

म यहां यौटा अचम्मको मान्छेको वर्णन गर्न लागि रहेको छु। जसलाई म तेसैं वेलाको सिमित घटना मात्र भनेर वर्णन नसक्ने अवस्थामा छु। यो जुन घटना भन्दैछु त्यो काठमाडौं शहरको दृश्य थियो। वास्तबमा यो यौटा बौलाहाजस्तो र नबोल्ने लाटो को कथाहो। मलाई लाग्छ लाटाहरुमा पनि केही कथा अवश्यै हुन्छन्। यस कथाको नायकमा मात्र हैन अरुमा पनि। हुनत यहाँ मलाई कथाको खेती गरेर अभिशापको बाली लगाउने बिचार पनि छैन र असत्य कथालाई पाठक समक्ष पुराएर मान्छेको जीवन मा असफलताको गीत गवाउन खोजेको मैले छैन। तेसैं गरी सारा चिजलाई कथामा परिणत गर्ने हो भने मैले देखेको छु यहाँ कैयौं रुग्ण जीवनबाट भग्न प्रतिष्ठाहरु पनि चिहाई रहेका छन्होला र कैयौंका आँखामा करुणा का सागर टम्म जमेर थुनिएका होलान्। ती सबैलाई म कथामा बाँधेर प्रत्येक मान्छे भित्रको मरुभूमि मा आनन्दका वर्षाद गराउन लगाउने थिएँ र आफ्ना कठोर यातनामा (जीवन वृत्तिको लागि) बन्दी भएका स्वतन्त्र मानिसहरुलाई आशाको पाठ पढाउने कथाहरु पनि लेख्थें–तर मलाई लाग्छ मैले त्यस्ता कथाहरु लेख्न सके- को छैन। सायद अब लेख्नेछु।

त्यो समय तेसै साढेचार बजेको थियो (पुषको महिना भएकोले) साँझ परिसकेको थियो। नयाँ सडकको कोरा बाट हतारिंदै वसुदें आर,को चौडा...

CC-0. In Public Domain. Digitization by eGangotri

लाई देखें । उसको जीउमा एकघरो पनि लुगा थिएन । अनुहार भरि पसिना, फोहोर लथ पथ भएको । उ शाही सैनिक अस्पतालको ढोका अगाडी आएर टक्क रोकियो–स्वां स्वां लामो लामो सास फेरि रहेको थियो । महांकालस्थान अगाडी यौटा अन्धो हारमोनियम बजाएर (पैसा माग्न) गीत गाईरहेको थियो–'मर्न पनि आएन काल, बांचुन्जेल संधै छ यो हाल ।' यता ढोका नेर यौटा अन्धो र यौटी लाटी (शायद लोग्ने–स्वास्नीनै थिए) मादल बजाएर बेतालमै पनि नाचि रहेका थिए (पैसा माग्न) ।

ठीटो चट्ट आएर उनीहरूलाई (कानो र लाटीलाई) हेरीरह्यो । एकछिन पछि एक्कासि उ गुलुलु गुग् गुलुलु गरेर हांस्यो । अर्ध नग्न अवस्था का घरो लगाएका ती दुईजना आफ्नै तालमा व्यस्त थिए । दुबैलाई राम्ररी उसले हेर्‍यो र पहाडहरू, डांडा कांडा हरूलाई सर्वतिर फर्कर हेर्‍यो । तेस बेला मैले उसको बारेमा विचार गरें शायद उ त्यी गाउने र नाच्नेका अर्ध नग्न अवस्था अनि आफ्नो संपूर्ण शरीर को नग्न अवस्थालाई निहालेर आफ्नो अवस्थालाई मन बुझाउने बाटो हेर्दै थियो र तेसैबाट टेवा पाउन चाहन्थ्यो । उसको मन अदृश्य पखेटा फिजाएर टाढा टाढा गैरहेको थियो [पहाड पर्खे रातिर हावासंगै कावा खाएर गएको थियो होला] । तर उ हेर्दा गजधम्म परेर बसेकै देखिन्थ्यो–काजीको सालो बसेझैं ।

मुख्य यौटा कुरो त मैले भर्खरै देखें । उसले मुठिमा केही थिचिरहेको थियो । राम्ररी निहालेर हेरें त्यसमा कामुकता पैदा भएको रहेछ । नभन्दै उ त त्यो नाच्ने आइमाईलाइ हेरेर लिंग ठूलो बनाएर[फुलाएर] मुठीभित्र अक्कराई रहेको थियो । मैले बिचार गरें शायद रहन सहनको कक्षा अनुसार मान्छेमा कामुकता पैदा हुँदो रहेछ । नत्र तेसमा अरू सफा फेशनेवल अर्धनग्न युवतिहरूको मिलेको तीघ्रा पिंडौला देखेर पनि त तेसरीनै कामदेव जगाउनु पर्ने । पहिला-पहिला उसलाई केले पनि तेस हालतमा देखिन । वरिपरि तमासा हेर्ने नारी पुरूषहरू थिए । सबैलाई हेरेर उ अगि जस्तै गरी हाँसि रहेको थियो–"गुलुलु गुग् गुलुलु" । लाग्छ त्यो हाँसोमा पनि व्यंग मिसिएकै थियो । यस्तो व्यंग कि–कुनै मान्छेहरू को आत्मा बुझ्ने मान्छेले कुनै गरीब माग्नेको सहारा बिना मृत्यु हुँदा रमा जलाई ब्यंग मारेर हांसे जस्तो । त्यो हाँस्यो–तर स्वभाविकै हाँस्यो । पींजडा भित्रका चराहरू जस्ता अथवा भन्नु

CC-0. In Public Domain. Digitization by eGangotri

कत्रों कहां न पुगुला जस्तरी साना नदीहरूका छाल उठे जस्ता-यस्तै त थियो तिनीहरूका रमाईलो नाच पनि त्यही नाचेर, गाएर मागेको पैसामा पनि त उनीहरुले कत्रो कत्रो सपनाहरू देखेथें होला !

यस वेलासम्म मैले अरू सोच्ने मौका पाएं। मलाई लाग्यो-ए ! हाम्रो नेपालमा भोका र नांगा-हरूमध्ये कुन चाहिंको संख्या बढि होला ?' बिचार गरें-'शायद भोकाकै संख्या बढी होला-किनभने यहाँका प्रत्येक मान्छे अथवा भनुं प्रत्येक भोका हरू नांगो नदेखिन भोको बनेकाछन् । कतित आधापेट खाएर हिंडीरहेका छन्। आधापेट खाएर हिंडनेपनि त भोको होनि ।' ओहो.... मान्छे भोक लाई कपडाको अस्तित्वले छोपेर आफुमा रवाफ देखाउन चाहन्छ । तर मैले देखेको त्यो ठीटोमा त्यो देखिन । त्यसैले त मैले यस कथामा उसलाई नेशनल हिरो (National Hero) बनाएको छु । उ कमसे कम आफु नांगोको नांगै वसेर यहाँको अवस्था सबैलाई अवगत गराउन चाहन्छ । नांगिएको शरीरका भोकको ज्वाला सबैलाई देखाउन चाहन्छ । तेसोत उस लाई मैले यस अघि पनि देखेको थिएँ । उ कैले काठमाडौंका मन्दिरका सौंडि हरूमा, कैले हिप्पिहरूसंग बसन्तपुरमा, कैले ठेलगाडा तान्नेहरूसंग, कैले रिक्सावालहरूको नजीकमा-जुनबेला म पैला उसलाई देख्थें-तेसताक उ उ यत्ति सारो नाँगेको थिएन-थौटा लंगौटीको धर त बेरेकै हुन्थ्यो । मोटो डम्म परेको, कपाल कालो र बाक्लो, आंखा ठूला ठूला धपक्क वलेजस्ता । छालाको रोगन अलिकालो-अरूलाई कस्तो लाग्थ्यो कुन्नि मलाई उ राम्रो पनि लाग्थ्यो । तर जहांसम्म मैले बिश्वास गरें कि लाटो थियो-कसै सित पनि नबोल्ने, खालि 'गुलुलु गुगू गुलुलु' हाँसि मात्र रहन्थ्यो । म मेरा साथी हरूलाई यो पनि भन्दैछु कि त्यसको हाँसोको अवश्यै केही अर्थ होला भन्ने मैले सोचेको थिएं । त्यसैले त्यसको रहश्य जान्न उसलाई म खोजी गर्न थालें भोलीपल्टबाटै ।

यो घटनाको करीब १५ दिन पछिको कुरो हो-मैले उसलाइ राम्रै खुशी पनि पारिसकेको थिएं । गाहारोत निकै गाहारो परेको थियो उसलाइ खुशी पार्न । कुनै दिन म उस लाई कपडा दिन्थें । तर च्यात चुत पारेर मिल्काइदिन्थ्यो । कतिपटक सम्मत उसलाई पैसा दिंदा मानो हान्ने रांगोले भक्कुलाई हेरे जस्तै नमज्जासंग हेरेर पैसा पनि मिल्काई

CC-0. In Public Domain. Digitization by eGangotri

लाई देखें । उसको जीउमा एकघरो पनि लुगा थिएन । अनुहार भरि पसिना, फोहोर लथ पथ भएको । उ शाही सैनिक अस्पतालको ढोका अगाडी आएर टक्क रोकियो–स्वां स्वां लामो लामो सास फेरि रहेको थियो । महांकालस्थान अगाडी यौटा अन्धो हारमोनियम बजाएर (पैसा माग्न) गीत गाईरहेको थियो–'मर्न पनि आएन काल, बांचुन्जेल संधै छ यो हाल ।' यता ढोका नेर यौटा अन्धो र यौटी लाटी (शायद लोग्ने–स्वास्नीनै थिए) मादल बजाएर बेतालमै पनि नाचि रहेका थिए (पैसा माग्न) ।

ठीटो चट्ट आएर उनीहरूलाई (कानो र लाटीलाई) हेरीरह्यो । एकछिन पछि एक्कासि उ गुलुलु गुग् गुलुलु गरेर हांस्यो । अर्ध नग्न अवस्था का घरो लगाएका ती दुईजना आफ्नै तालमा व्यस्त थिए । दुबैलाई राम्ररी उसले हेऱ्यो र पहाडहरू, डांडा कांडा हरूलाई सर्वतिर फर्कर हेऱ्यो । तेस बेला मैले उसको वारेमा विचार गरें शायद उ त्यी गाउने र नाच्नेका अर्ध नग्न अवस्था अनि आफ्नो संपूर्ण शरीर को नग्न अवस्थालाई निहालेर आफ्नो अवस्थालाई मन बुझाउने बाटो हेर्दै थियो र तेसैबाट टेवा पाउन चाहन्थ्यो । उसको मन अदृश्य पखेटा फिंजाएर टाढा टाढा गैरहेको थियो [पहाड पखे रातिर हावासंगै कावा खाएर गएको थियो होला] । तर उ हेर्दा गजधम्म परेर बसेकै देखिन्थ्यो–काजीको सालो बसेव्है ।

मुख्य यौटा कुरो त मैले भर्खरै देखें । उसले मुठिमा केही थिचिरहेको थियों । राम्ररी निहालेर हेरें त्यसमा कामुकता पैदा भएको रहेछ । नभन्दै उ त त्यो नाच्ने आइमाईलाइ हेरेर लिंग ठूलो बनाएर [फुलाएर] मुठीभित्र अक्कराई रहेको थियो । मैले बिचार गरें शायद रहन सहनको कक्षा अनुसार मान्छेमा कामुकता पैदा हुंदो रहेछ । नत्र तेसमा अरू सफा फेशनेवल अर्धनग्न युवतिहरूको मिलेको तीघ्रा पिंडौला देखेर पनि त तेसरीनै कामदेव जगाउनु पर्ने । पहिला-पहिला उसलाई केले पनि तेस हालतमा देखिन । वरिपरि तमासा हेर्ने नारी पुरूषहरू थिए । सबैलाई हेरेर उ अगि जस्तै गरी हाँसि रहेको थियो–"गुलुलु गुग् गुलुलु" । लाग्छ त्यो हाँसोमा पनि व्यंग मिसिएकै थियो । यस्तो व्यंग कि–कुनै मान्छेहरू को आत्मा बुझ्ने मान्छेले कुनै गरीब माग्नेको सहारा बिना मृत्यु हुंदा समा जलाई ब्यंग मारेर हांसे जस्तो । त्यो हाँस्यो–तर स्वभाविकै हाँस्यो । पींजडा भित्रका चराहरू जस्ता अथवा भन्तु

CC-0. In Public Domain. Digitization by eGangotri

कत्रा कहां न पुगुंला जस्तरी साना नदीहरूका छाल उठे जस्ता-यस्तै त थियो तिनीहरूका रमाईलो नाच पनि त्यही नाचेर, गाएर मागेको पैसामा पनि त उनीहरूले कत्रो कत्रो सपनाहरू देखेथें होला !

यस वेलासम्म मैले अरू सोच्ने मौका पाएं। मलाई लाग्यो– ए ! हाम्रो नेपालमा भोका र नांगा-हरूमध्ये कुन चाहिंको संख्या बढि होला ?' बिचार गरें–'शायद भोकाकै संख्या बढी होला–किनभने यहाँका प्रत्येक मान्छे अथवा भनुं प्रत्येक भोका हरू नांगो नदेखिन भोको बनेकाछन् । कतित आधापेट खाएर हिंडीरहेका छन्। आधापेट खाएर हिंडनेपनि त भोको होनि ।' ओहो.... मान्छे भोक लाई कपडाको अस्तित्वले छोपेर आफुमा रवाफ देखाउन चाहन्छ । तर मैले देखेको त्यो ठीटोमा त्यो देखिन । त्यसैले त मैले यस कथामा उसलाई नेशनल हिरो (National Hero) बनाएको छु। उ कमसे कम आफु नांगोको नांगै वसेर यहाँको अवस्था सबैलाई अवगत गराउन चाहन्छ। नांगिएको शरीरका भोकको ज्वाला सबैलाई देखाउन चाहन्छ । तेसोत उस लाई मैले यस अघि पनि देखेको थिएँ। उ कैले काठमाडौंका मन्दिरका सींडिहरूमा, कैले हिप्पिहरूसंग बसन्तपुरमा, कैले ठेलगाडा तान्नेहरूसंग, कैले रिक्सावालहरूको नजीकमा–जुनबेला म पैला उसलाई देख्थें–तेसताक उ उ यत्ति सारो नाँगेको थिएन-यौटा लंगौटीको धर त बेरेकै हुन्थ्यो । मोटो डम्म परेको, कपाल कालो र बाक्लो, आंखा ठूला ठूला धपक्क वलेजस्ता । छालाको रोगन अलिकालो–अरूलाई कस्तो लाग्थ्यो कुन्नि मलाई उ राम्रो पनि लाग्थ्यो । तर जहांसम्म मैले बिश्वास गरें कि लाटो थियो–कसै सित पनि नबोल्ने, खालि 'गुलुलु गुगू गुलुलु' हाँसि मात्र रहन्थ्यो । म मेरा साथी हरूलाई यो पनि भन्दैछु कि त्यसको हाँसोको अवश्यै केही अर्थ होला भन्ने मैले सोचेको थिएं । त्यसैले त्यसको रहश्य जान्न उसलाई म खोजी गर्न थालें भोलीपल्टबाटै ।

यो घटनाको करीब १५ दिन पछिको कुरो हो–मैले उसलाइ राम्रै खुशी पनि पारिसकेको थिएं । गाहारोत निकै गाहारो परेको थियो उसलाइ खुशी पार्न । कुनै दिन म उस लाई कपडा दिन्थें । तर च्यात चुत पारेर मिल्काइदिन्थ्यो । कतिपटक सम्मत उसलाई पैसा दिंदा मानो हान्ने रांगोले भक्कुलाई हेरे जस्तै नमज्जासंग हेरेर पैसा पनि मिल्काई

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्थ्यो-कैलेभने लिन्थ्यो । अनि मजा ले उही तालबाट उ हाँस्थ्यो । त्यस्तो बेला अरूले उसलाई हप्काए पनि म माया गरि दिन्थें, थपथपाउँथें । तैपनि म मा उस भित्रको कथा जान्ने कुरो पुरा भैसकेको थिएन । म धेरै सम्म यही भावना भित्र डुलें-उसभित्र केछ, कुन व्यथा छ । केहीनकेही अवश्यै हुनु पर्छ–किन भने उसका हरेक चाल ढालले नै तेस्तो बताउँछ । त्यसैले त होनि मलाई उ प्रतिको भावना जान्ने उत्सुकता बढि जागरूक भएर आयो ।

एक दिन शनिवारको दिन थियो म र म संग बिशेष हिंडने केटीसाथी चिया पिउंदै थियौं– (यो कुरा इन्द्र-चोकके आशपासको हो) । त्यो अचम्म संग हाँस्ने ठीटो संयोगवश त्यहीं वाहिर पटि आइपुगेछ र च्याईं च्याईं हेरि रहेको रहेछ वाहिरबाट । मैले देख्ना साथ उसलाई बोलाएं तर वाहिरै बसेर उ त्यस्तै ब्यंगमिसाएर हाँसि रहेको थियो-'गुलुलु गुगू गुलुलु' । मलाई लाग्यो उसले मलाई पनि व्यंग मारिरहेको छ । उसले सम्झ्यो होला त्यसबेला बिलाशमय जीवन बिताइरहे को छु मैले । यहाँ म छोटै मेरो बिषयमा सफाई दिइ हाल्छु । मेरो त्यो भावना छंदै छैन । उसलाई नजीक डाकें र मेचमा बस्न भनें । उ अपठेरो मानेर बस्यो-मेचमा बस्दा पनि उ घरिघरि पसलेको मुखमा डराएर हेर्दै थियो (कत्रो मनोवैज्ञानिक असर) । 'चिया खान्सछ ?' ईशारा र शब्द दुबैमा मैले सोधें । उसले के के न पाए जस्तो गरी खुशी भएर स्विकृतिको मुण्टो हल्यो 'अरू के के खान्छस?' पसलेको सबै कुरो देखाएर मैले फेरी उस्तै प्रकारबाट सोधें ।

'पेंडा र जुल्वी' मेरो लागि यो सब भन्दा खुशीको घटना थियो । किनभने ऐले त उ राम्ररीनै वोल्यो । उ बोल्छ भन्ने कुरामा मलाई चार अंशमा एक अंशपनि बिश्वास थिएन । त्यति बेला मैले कुनै स्वर्गीय आनन्द को अनुभव गरिरहेको थिएं-उ बोलेको देखेर । यहींबाट त उसको बेदनाको सुरूआत हुन्छ–मैले उ संग केही जान्न पाउने भएको छु अब । छोटै मैले सोधें-ए तँ बोल्छस पनि ?'

बोल्थें, तर धेरै जसो मैले बाक्य बन्द गरेको छु । 'उसले जवाफ दियो । उत्सुकता जनाएर मैले सोधें-'किन ?' उसले भन्यो-बोल्दैमा के पाइने हो र, यस्तो नमज्जाको संसारमा । बरू नबोल्यो त्यसै आनन्द छ । पहिला पहिला बोल्थें–खैत कसैले मलाई दया देखाएनन् । नबोल्यो लाटो भन्छन्, मनपरि हिंड्यो–बौलाहा भन्छन् यसैमा

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्दछ बरु। आफ्नो लागि त आनन्द छ कि। दयाले कसैले दिए खाइदिन्छु पनि, नत्र हाँस्यो वस्यो।' हाँस्नुको अर्थमा पनि मेरो लागि घटनाको दोश्रो रहश्य फेला परेको थियो। नत्र उ कैले पनि मुस्कुराएर हाँसेको थिएन।

त्यस दिन म कथा लेख्ने धुनमा पनि थिएं-तर तर कथाको हिरो हुने खालको मेरो पात्रनै थिएन। वल्ल म हिरो पाउने भएं (मेरो कथाको लागि)। वास्तवमा म त्यस्तै हिरो मन पराउंछु मेरो कथालाई। बाहिर जस्तो देखियोस मेरो कथामा मन पवित्र भएको हिरो चाहिन्छ र त्यसमा केहि जोस वा केहि उकुसमुकुसिएको भावना होस। 'तिम्रो हाँसो बिचित्र लाग्छ मलाई। मैले भने।

'किन र' उसले नम्रता साथ सोध्यो।

'आज त तिमी मुस्कुरायौ, तर पहिला त संधैं गुलुलु गुगू गुलुलु गरेको मात्रै सुन्थें' यो सुनेर उसले लामो सास फेर्‍यो र मलाई बढी अनौठा पाराबाट गहीरो दृष्टिले हेर्‍यो। म जसरी पढदै थिएं उ पनि मलाई शायद त्यस्तै गरि पढदै थियो। तर जवाफ दिन बढो अक्करायो। मैले उसलाई बढो जोड दिइन थालें। ता कि उसले त्यस विषयमा भेद खोलोस। –त्यसमा अवश्यै केही भेदछ।

"यो हांसो यौटा साधारण लोक कथाको दानवको नामबाट सिकेको हुं, त्यस्तों अरू केही हैन।' परवाह केही पनि नराखेजस्तो गरी उसले भन्यो। तर मलाई झन लोक कथा भन्ना साथ सुन्न अझै मन लाग्यो, मैले झन कर गरें। अब उ रहश्य भन्न थाल्यो–

'म सानै केटा केटी थिएं। त्यस्तै १२/१३ वर्षको। मेरो सानो झुप्रो घर थियो। संधै पानी चुहुने। घरमा बाबु आमा, दाजु भाई, दिदी बहिनी कोही थिएनन्। छनत थिए सब एकौटा घटनामा परेर मरे। सानु छंदा स्कूलमा ५ क्लास सम्म पढथें त्यसबेला माष्टर हामीलाई लोककथाहरू सुनाउन हुन्थ्यो। त्यसैले घरमा एक जना ज्यामै मात्र हुनुहुन्थ्यो उहां पनि मलाई संधै राती राती राजकुमार राजकुमारी परीहरू र राक्षसहरूको कथा सुनाउनु हुन्थ्यो। एका देशमा भन्ने उहाँको पहिलो शब्द हुन्थ्यो। 'उसले लामो सास फेरेर फेरी भन्यो– 'एक दिन मलाई के के लाग्यो र ज्यामैलाई सोधें ज्यामै। देउताहरू कैले देखि अलपिए का?' ज्यामैले पनि त्यस बिषयमा कथा भन्न थाल्नु भो– 'उहिले पुरानो जमानामा (देवताको युगमा) यहां

CC-0. In Public Domain. Digitization by eGangotri

थुप्रै दानवहरू पनि थिए रे। सधैं देउता र दानवको झगडा पर्ने-कैले देवतालें कुनै पुरमा राज्य गर्थे, कैले कुनै पुरमा दानवहरूले राज्य गर्ने–अनि उसको देश जीत्न उसले लडाइं गर्ने, उसको देश जीत्न उसले लडाइ गर्ने- यस्तै रहेछ। 'बिचमै मैले कुरा काटेर सोधेको थिएं-'ज्यामै तिनीहरु मध्ये राम्रो को थिएनि? अनि ज्यामैले भन्नु भयो। 'खै राम्रो के भन्ने, दानव हरु चाहिं कतै सुनको शहर बनाउंथे, कतै ठूलो ठूलो नदीमा पुल हाल्थे– शहर झक मक्क उज्यालो पार्थे, तर देउताहरुआएर त्यहां उनीहरूलाई तर्सा- उंथे लडाई गर्थे अनि दानवहरू माथि छलकपट पनि गरेर लडाइं हराउंथेरे र उनीहरूलाई निकाल्ने मार्ने गर्थे रे। यसरी कैयो हजार वर्ष बितेर गए पछि यौटा दानव जन्मेछ। त्यसको नाउं रहेछ। 'गुलुलु गुगू गुलुलु'। त्यो दानव ठूलो भएपछि धेरै धेरै शक्तिवान, बलियो भएछ र सारा देउताहरुलाई तर्साएर हराउन थालेछ। देवताहरू चाहिं डरले भागा भाग गर्न थाले छन्।

एक दिन देवताहरू सबै र उसको बिचमा पनि लडाई परेछ। तर त्यो दानवले देवताहरूलाई जीत्दै ठूलो ठूलो सजाय दिने नीधो गरेछ। त्यो सजायं को डरले देवताहरु सब अलपिएछन्। बांकि रहेका देवताहरुपनि भागा भाग गरेर बेपत्ता भएछन्। कुन्नि कता पुगे थाहा भएन छ। त्यस बेला देखि देवताहरू अलपिएका अलपियै भएछन् ... सुन्नेलाई सुनको माला ...।' यति भनेर ज्यामैले कथा कथा टुंगाउनु भयो।

मलाई ऐले लाग्छ ती देवताहरुले बेकारमा दानवहरू माथि किन अत्या- चार गरेका होलान। ठूलो ठूलो सुन को शहर थियो रे त्यो ऐले छैन। उसले अलि ठूलो स्वर मारेर केही रिसाए जस्तो गरी भन्न थाल्यो-'ठीकै भयो, के गर्छन देवताहरूले। देवताले सब कुरो दिने भए खै त मैले कतै काम गरेर खान्छु भन्दा पनि नपाएको वेलामा यौटा मन्दिरमा गएर मजाले देवतासंग सब कुरो माग्थें। त्यस बेला का ऋषी मुनीहरुले पनि त केवल पानीको भरमा वस्नु पर्थ्योरेनि। दस नंग्री नखियाई कसले खान पाएको छ? के पशुपतिमा तपस्या गर्ने सित्तै पाएको छ त ? ... मलाई डर लाग्छ अवत। कतै देव[illegible]हरु फेरी आएर यी शहरहरू भत्काइदेलान....त्यसैले....मैले सुनेको छु हिजो आज देवता कुन्नि कहाँहो प्रतक्ष भएर भनेरे यहाँ तिरपनि

CC-0. In Public Domain. Digitization by eGangotri

कागजहरु आएको छरे। यहाँ पनि आउलान भन्ने डर लागिरहेको छ। फेरि मैले सुत्ने गरेको ठाउँ त्यो यौटा मन्दिरमा छ। कतै त्यहिं पनि देवता आउलान भन्ने डरले पनि म संधैं गुलुलु गुग् गुलुलु भनेर कराइरहन्छु– त्यही दानवको नाम लिइरहन्छु-कतै देवता फेरि अत्याचार गर्न यहां नआ-उन। यत्ति मात्रै के भनि रहेको थियो त्यो मान्छे त्यहाँबाट फुत्त निस्क्यो, म उसलाई हेर्न बाहिर निस्कें पत्तै भएन कता गयो कता। बेपत्ता......। सुन्छु यतै टोल तिर कतै घुम्दैछरे। गहिरोसंग बिचार गर्छु-यो कस्तो कथा हो उसको, जसको अर्थ गहीरो भन्दा पनि गहीरो छ। यहि सोचि रहेको छु तर मेरो कथा अझै अधुरो छ।

पढ्नु होस

साप्ताहिक

बिश्वदूत

श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको

महान उपलक्ष्यमा

हाम्रा सबैग्राहकहरुमा शुभकामना चढाउँछौं

सुपथ र सुरक्षित ढुवानी कामको लागी

हामीलाई सम्झनु होला

इन्टरनेशनल क्यारियर प्रा० लि०

शाखाहरू:-- ६/७८ धर्मपथ, काठमाण्डौ

वीरगंज, रक्सौल, कलकत्ता फोन नं० १४७०६

CC-0. In Public Domain. Digitization by eGangotri

–ममता प्रधान "दोलखा"

बिर्सेछौं

त्यो दिन किन आयो होला
जसले मिलन गरायो
त्यो क्षण किन आयो होला
जसले बिछोड गरायो

भेटको प्रथम परिचय नै
प्रण गरी सकेका थियौं
कहिल्यै नछुट्ने दुबै भनी
तर ती सब ... ...

भाँडा

CC-0. In Public Domain. Digitization by eGangotri

–कणाद महर्षि

इतिहास कस्को ?

उ त्यो खोला पारीको सानो गाउँमा
एउटा लामो इतिहास लुकेको छ ।
यहाँ ऐतिहासिक घरहरू बने
जग हाल्दा कति पुरी
त्यस्को साक्षी छ को ?
खोला पारी गाउंको इतिहासमा
त्यहाँ, सानी कान्छीको जीवन चरित्र
रामेको राष्ट्र माया अनि आत्म बलिदान
हो, इतिहास त छ फलानोको पालामा
... ...
त्यसैले, अब इतिहास कस्को त ?

CC-0. In Public Domain. Digitization by eGangotri

दोलखामा नेत्रदान यज्ञ

पूर्व २ नं. दोलखा सहरमा ०२८ साल फागुन ८ गते देखि १४ गतेसम्म नेत्रदान यज्ञ भएको थियो । स्थानिय श्री भीम पब्लिक हाई स्कूलको प्राङ्गण मा संचालित यस नेत्रदान यज्ञमा आँखा र अरू साधारण रोगहरूको पनि निःशुल्क उपचार र शल्य चिकित्सा कार्य सम्पन्न भएको थियो । यस यज्ञमा ८२ जनाको आँखाको अपरेशन, १५ जनाको साधारण अपरेशन, १ जनाको ट्यूमरको अपरेशन र करिव २५०० रोगीहरूलाई जाँची निःशुल्क औषधि वितरण गरिएको थियो । नेत्र दान यज्ञ गर्न चन्दा संकलन र आवश्यक व्यवस्था श्री इन्द्रमणि राजभण्डारी र श्री प्र. पं. खड्ग बहादुर श्रेष्ठको अथक प्रयासबाट भएको थियो । यज्ञ सफल पार्न जि.पं. सभापति श्री कृष्ण प्रसाद उप्रेती तथा अन्य सदस्यहरू, श्री कालिञ्चोक युवा क्लब, श्री भीम पब्लिक हाई स्कूल परिवार, नेपाल रेडक्रस दोलखा जिल्ला शाखा, परिवार नियोजन कार्यालय र अन्य महानुभावहरूबाट पूर्ण सहयोग प्राप्त भएको थियो । यस नेत्र दान यज्ञ संचालन गर्न श्री ५ को सरकारबाट ३ जना डाक्टर, २ जना नर्स, १ जना कम्पाउण्डर र करीब रु. ५०००।- को औषधि औजार प्राप्त भएको थियो ।

यस बाहेक काठमाडौं स्थित भारतीय सहयोग मिसन र विभिन्न सस्था, व्यापारी तथा गण्यमान्य व्यक्तिहरूबाट चन्दा र रोटरी क्लब, नेपाल रेडक्रसबाट दुध, भिटामिन टेब्लेट आदि सहयोगको रूपमा प्राप्त भएको थियो । नेत्र दान यज्ञको निम्ति चन्दा दिने चन्दादाताहरूको नाम तल दिइएको छ । यस नेत्र दान यज्ञको लागि प्राप्त भएको चन्दा रकम कुल रु.

आँखा

CC-0. In Public Domain. Digitization by eGangotri

२५,६१०।६० मध्येबाट औषधि तथा औजार खरीद, मालसामान ढुवानी, क्यापिङ्ग खर्च, खाना, सवारी तथा अन्य खर्च भएको समेत जम्मा रू. १८,८८५।४६ खर्च भै बाँकी रहेको जम्मा रू. ६८३५।१४ नेपाल रेडक्रस दोलखा जिल्ला शाखाको भवन निर्माण गर्न उक्त शाखाको अध्यक्ष श्री खड्ग बहादुर श्रेष्ठलाई हस्तान्तरण गरिएको छ। दोलखा जस्तो उत्तरी क्षेत्र पहाडी पिछडिएको दुर्गम जिल्लामा यस किसिमको पहिलो पल्ट नेत्र दान यज्ञ गर्न गत ०२७ सालदेखि अथक प्रयास गर्नु भै संचालन गर्नु भएकोमा श्री इन्द्रमणि राजभण्डारी र श्री खड्ग बहादुर श्रेष्ठप्रति दोलखा जिल्ला वासीहरू ज्यादै कृतज्ञ मात्र न भै भविष्यसम्म सम्झनाको रूपमा मनन गर्नेछन् र वहांहरूले भविष्यमा पनि यस जिल्लामा यस्तै किसिमको सामाजिक सेवा गरी रहनु हुनेछ भन्ने आशा एवं विश्वास राखदछन।

कालिन्चोक युवा क्लब
दोलखा

चन्दादाताहरूको नाम

१)	श्री इन्द्रमणि राजभण्डारी	—	३,०००।–
२)	नेपाल कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग कर्पोरेशन प्रा. लि		१,००१।–
३)	श्री हंसराज हुलास चन्द	—	१,००१।–
४)	भूमिसुधार बचत संस्थान	—	१,०००।–
५)	श्री कृषि विकास बैंक	—	१,०००।–
६)	श्री भारतीय सहयोग मिशन (औषधी, औजार)	—	८,०००।–
७)	डा० श्री योगेन्द्र झा	—	५०१।–
८)	श्री सरदार मल रतिराम	—	५०१।–
९)	श्री मर्कन्टाईल करपोरेशन	—	५०१।–
१०)	श्री दुर्गाप्रसाद चोखानी	—	५०१।–
११)	श्री निरन्जन जटिया	—	५०१।–
१२)	श्री देवकी नन्दन सुरेका	—	५०१।–
१३)	श्री सती ट्रेडिङ्ग कम्पनी	—	५०१।–
१४)	श्री नेपाल सिगरेट फैक्टरी	—	५०१।–
१५)	श्री मकालु प्रा. लि.	—	५०१।–

CC-0. In Public Domain. Digitization by eGangotri

१६)	श्री अशोक [illegible]	—	५०१।-
१७)	श्री हिमाल आयरन एण्ड ष्टिल प्रा. लि.	--	५०५।-
१८)	युनाइटेड ट्रान्सपोर्ट	--	५०१।-
१९)	श्री नेशनल ट्रेडिङ्ग लि०	--	५००।-
२०)	श्री राष्ट्रिय वीमा संस्थान	--	५००।-
२१)	श्री यातायात संस्थान	—	५००।-
२२)	श्री देवज्योति कंसाकार	--	३०१।-
२३)	श्री जलजला सिनेमा. विराटनगर	--	३००।-
२४)	श्री दुगड ब्रदर्श	----	२०१।-
२५)	श्री लुनकरण दाश चौधरी	----	२०१।-
२६)	श्री नेकोएन्को इण्डष्ट्रिज (प्रा) लि०	----	२००।-
२७)	श्री इन्द्र राइस एण्ड आईल मिल्स, बिराटनगर	----	२०१।-
२८)	श्री नेपा एजेन्सी एण्ड कम्पनी (प्रा.) लि.	----	१२५।-
२९)	श्री मुक्तिलाल चुके	----	१०१।-
३०)	श्री श्यामु कापु ट्रेडिङ्ग	----	१०१।-
३१)	श्री मुक्तिमान राजभण्डारी	----	१००।-
३२)	श्री इश्वरनाथ गोंगल	----	१००।-
३३)	श्री गोविन्द बहादुर मल्ल	----	१००।-
३४)	श्री श्रेष्ठ एण्ड कम्पनी	----	१००।-
३५)	फुटकर चन्दा उठेको	----	६०८।-
३६)	हेलिकोप्टर भाडामा कन्सेसन प्राप्त भएको	----	२५०।-
३७)	बाकी रहेको सामान विक्रिबाट	----	१०७।६०
			२५,६१०।६०

के तपाईंलाई थाहा छ ?

"नव-रन्जन"

अंक--११ बिभिन्न रोचक सामाग्रीहरूको साथै तपाई मनपर्दो आकर्षक रूप लिएर प्रकाशित भैसकेको छ ।

आँधी

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीयः—

आँखाको हेराई

राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्षमा आँखा आफ्ना साथमा केही कोसेलीहरू बोकेर पाठक समक्ष आउन पाउँदा खुशी प्रकट गर्दछ, र उ साहित्यको समागमबाट आफ्ना पाठकहरुलाई आफ्ना अभिव्यक्तिहरू पोख्न चाहन्छ ।

वास्तवमा, हाम्रो समाजको उत्थान साहित्यको सृजनाबाटनै सम्भवछ । देश, काल, परिस्थिति अनुसार नयाँ समस्याहरु देखा पर्दछन्, यसै क्रममा एक ठाउँको साहित्यले अर्को ठाउँमा जाँदै देशभरका साहित्यिकहरुसंग संपर्क कायम गर्दै साहित्य-सिर्जन कार्यमा केही देन दिंदै जान सकिएमा हामी आफूलाई धन्य संझने छौं ।

ऐलेको समयलाई आधुनिकताले ढाकेको छ । बास्तवमा वर्तमान समय हर आधुनिकता भित्र हुन्छ-साहित्यकारहरुमा यस्तै वर्तमानका जीवनहरुलाई सबल, सशक्त बनाउने र प्रतिष्ठा प्रदान गर्ने मूल्यको खोज र भावबोध हुँदै जाओस भन्ने हाम्रो शुभ कामना छ । भनाइको तात्पर्य के भने—हामीमा मानिसलाई ठीक दृष्टिले हेर्ने चिन्तनहरु अझै भइसकेको छैन । सबलाई आफ्ना आस्थाले कुण्डाएको छ र आफ्नै बिश्वासहरुले धोका दिएको छ आफ्नै श्रध्दाहरु ले अन्धो तुल्याएको छ र आफ्नै निष्ठाले बाँधेको छ । २००७ साललाई ल्याएको यतिका वर्ष बितेर जांदा पनि अझै हामीमा प्रतिस्पर्धाको बैयक्तिक कारोबारले नछोडदा चिन्ता लिन पर्ने बेला आएको छ । नत्र ००७साल पछिको

CC-0. In Public Domain. Digitization by eGangotri

जिन्दगीका अभिभा[illegible] लाग्छ आजको साहित्यमा यिनै अनुभूतिका आवेगहरु हुनु राम्रो हो ।

कवि, कथाकार नाटककार,लेखकहरु आफ्नै देश र परिधिमा मात्र सीमित भएर बाँच्न चाहंदैनन्-छटपटी असन्तुष्टी र बेचैनी आजको जटिल धरतीमा यसरी बढेको छ त्यसरीनै आजको युगमा पुनर्जागरणको भूमिका पनि बढेको कुरा साहित्यकारहरुले देखेका छन् । देश निर्माणको दृढ संकल्पमा र उज्यालो भबिष्यतिर संकेत गर्दै आजको समस्यालाई उत्तरदायित्व पूर्ण हिसावले अगाल्दै छन् । यसरी पहिलेका लेखक-कविहरुले आँटन नसकेका कुरालाई साहसपूर्ण अभिब्यक्ति उठाउने सबै कबि लेखकहरुलाई शुभकामना छ ।

सदैव आँखा प्रकाशित होस भन्ने भावना राखेर यस प्रति बढी आस्था राख्ने दोलखाका सबै जनता प्रति पनि हाम्रो शुभकामना छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

समाचार

दोलखा फाल्गुण ३० गते, नेपाल रेडक्रस सोसाइटी, दोलखा जिल्ला शाखाको भवन बनाउन दोलखा बजार स्थित पुरानु वतासे पाटी भत्काई बनाउन शुरु गरिएको छ । यो भवन आगामी जेष्ठ मसान्तसम्ममा तयार हुने आशा गरिएको छ । यो भवनमा रेडक्रस शाखाको अलावा, हुलाक र पुस्तकालय पनि राख्ने प्रयास गरिएको छ ।

यो रेडक्रस जिल्ला शाखाले दोलखा जिल्ला वासीको लागी प्राथमिक उपचार, औषधि वितरण गर्ने र आपदकालिन अवस्थामा सहयोग पुऱ्याउने गरी आएको छ । स्मरण रहोस उक्त भवन निर्माणको लागी गत साल नेत्रदाम यज्ञ व्यवस्था समितिबाट रू. ६८३५।१४ उपलब्ध भएको छ ।

श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसको

उपलक्ष्यमा

हाम्रा सबै ग्राहकहरूमा शुभकामना छ ।

हाउस अफ बटन

८/३२४ प्यूखाटोल,

काठमाडौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

जिन्दगीका अभि[illegible] हामीलाई लाग्छ आजको साहित्यमा यिनै अनुभूतिका आवेगहरु हुनु राम्रो हो ।

कवि, कथाकार नाटककार,लेखकहरु आफ्नै देश र परिधिमा मात्र सीमित भएर बाँच्न चाहंदैनन्-छटपटी असन्तुष्टी र बेचैनी आजको जटिल धरतीमा यसरी बढेको छ त्यसरीनै आजको युगमा पुनर्जागरणको भूमिका पनि बढेको कुरा साहित्यकारहरुले देखेका छन् । देश निर्माणको दृढ संकल्पमा र उज्यालो भविष्यतिर संकेत गर्दै आजको समस्यालाई उत्तरदायित्व पूर्ण हिसावले अगाल्दै छन् । यसरी पहिलेका लेखक-कविहरुले आँटन नसकेका कुरालाई साहसपूर्ण अभिव्यक्ति उठाउने सबै कबि लेखकहरुलाई शुभकामना छ ।

सदैव आँखा प्रकाशित होस भन्ने भावना राखेर यस प्रति बढी आस्था राख्ने दोलखाका सबै जनता प्रति पनि हाम्रो शुभकामना छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

समाचार

दोलखा फाल्गुण ३० गते, नेपाल रेडक्रस सोसाइटी, दोलखा जिल्ला शाखाको भवन बनाउन दोलखा बजार स्थित पुरानु वतासे पाटी भत्काई बनाउन सुरु गरिएको छ। यो भवन आगामी जेष्ठ मसान्तसम्ममा तयार हुने आशा गरिएको छ। यो भवनमा रेडक्रस शाखाको अलावा, हुलाक र पुस्तकालय पनि राख्ने प्रयास गरिएको छ।

यो रेडक्रस जिल्ला शाखाले दोलखा जिल्ला वासीको लागी प्राथमिक उपचार, औषधि वितरण गर्ने र आपदकालिन अवस्थामा सहयोग पुऱ्याउने गरी आएको छ। स्मरण रहोस उक्त भवन निर्माणको लागी गत साल नेत्रदाम यज्ञ व्यवस्था समितिबाट रू. ६८३५।१४ उपलब्ध भएको छ।

श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसको

उपलक्ष्यमा

हाम्रा सबै ग्राहकहरूमा शुभकामना छ।

हाउस अफ बटन

८/३२४ प्यूखाटोल,

काठमाडौं।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ त्रिभुवन जयन्ती

तथा

तेइसौं राष्ट्रिय प्रजातन्त्रको दिवसको

महान उपलक्षमा समस्त ग्राहकवर्ग तथा शुभचिन्तकहरूलाई
हार्दिक शुभ-कामना ब्यक्त गर्दछौं ।

आफ्नै देशको पुंजीका साथै स्वदेशी कालीगडहरूको श्रमबाट तयार गरिएका राम्रा, बलिया र खपत कब्जा, छिस्किनि, ह्विलब्यारो, स्टिल फर्निचर, ग्रील्स्, पुल, फलामे झ्याल र ढोका, पत्र मञ्जुषा, ब्राकेट, वल्याम्प र अरू फलामे माल सामानहरू उपयोग गरेर स्वदेशी उद्योगलाई प्रोत्साहित गर्नु होला ।

निर्माता:-

नेकोएन्को इण्डष्ट्रिज प्रा० लि०

पाटन औद्योगिक क्षेत्र

ललितपुर

टेलिफोन नं० २१-१७४

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय श्री ५ त्रिभुवन जयन्तीको अवसरमा

मौसूफप्रति भक्तिपूर्वक श्रद्धान्जली चढाउंदै

राष्ट्रिय प्रजातन्त्र दिवस २०२९ को सुखद उपलक्षमा

समस्त ग्राहकवर्ग र शुभचिन्तकहरूलाई

शुभ कामना व्यक्त गर्दछौं

नेपाल विद्युत करपोरेशन

राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा

समस्त ग्राहकहरूमा हार्दिक शुभ--कामना

चढाउँदछौं

कोल्याब्सियल गेट, ग्रिल, व्हिल ब्यारो, रेलिङ्ग, झ्याल ईत्यादि

फुलामे सामानहरू बनाउन कृपया हामीसंग सम्पर्क राख्नु होस् !

दि म्यानुफैक्चरिंङ एण्ड सप्लाई

कम्पनी प्रा० लि०

फोन नं. १४९१९

थापाथली, पञ्चायती

काठमाडौं, नेपाल।

पो. ब. नं. ८५४

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ त्रिभुवन जयन्ती तथा तेईसौं राष्ट्रिय प्रजातन्त्र

दिवसको उपलक्षमा

सम्पूर्ण देशवासीहरूमा हार्दिक शुभकामना

व्यक्त गर्दछौं ।

अरूण ईम्पोरियम

खिचापोखरी, काठमाडौं ।

श्री ५ त्रिभुवन जयन्ती तथा तेइसौं प्रजातन्त्र दिवसको

महान उपलक्ष्यमा

समस्त देशवासीहरूमा हार्दिक शुभकामना

राम कृष्ण श्रेष्ठ

कालिमाटि काटमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ त्रिभुवन जयन्ती तथा

तेईसौं

राष्ट्रिय प्रजातन्त्र दिबसको

महान उपलक्षमा

हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

आई. सि. एफ्. टेलिफोन सेट, टेलिफोन एक्सचेन्ज र स्पेयर
टेलिप्रिन्टर र अरू सञ्चारको सामाग्री मोरिसकार,
वि. एस. ए. मोटर साइकल, फर्निचर बनाउने
मेशीनरीहरू राईस मिल्स, फ्लोर मिल्स,
तथा साना ठूला औद्योगिक
मेशिनरीहरू विजुलो
तथा
टेलिफोनको तार र सडक बनाउने
ठूल--ठूला मेशीनरीहरू
साथै

तपाईंलाई आवश्यक परेका औद्योगिक सल्लाहको लागि सम्झनुस !

नेपाल कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिंग

करपोरेशन प्रा० लि०

८/३२४ प्यूखा टोल, पो. नं. १५६, काठमाडौं

फोन नं. ११११८८

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय प्रजातन्त्र दिवस २०२९ तथा त्रिभूवन जयन्तीको

सुखद उपलक्षमा

कृषि विकास बैंक

समस्त जनतामा हार्दिक शुभ--कामना व्यक्त गर्दछ ।

यस पुनित दिवसले देशको आर्थिक क्रान्तिमा प्रेरणा देओस् भन्ने

हाम्रो कामना छ ।

'कृषि' मा आधुनिकता एवं वैज्ञानिकता अपनाई देशको उत्पादन बढाउने हर

कार्यमा सहयोग गर्दछौं ।

कृषि विकास बैंक

मुख्य कार्यालय

फोन नं. ११–७४४, १४५७५, १४५७६

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन जयन्तीको उपलक्षमा

स्वर्गीय श्री ५ त्रिभुवनप्रति श्रद्धान्जलि
अर्पण गर्नुका साथै

प्रजातन्त्र दिवसको शुभ अवसरमा
समस्त नेपाली प्रति

हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।

मिहाल आयरन एण्ड स्टील प्रा. लि.

ज्योति भवन-कान्तीपथ
काठमाडौं
फोन न. ११-४९०

CC-0. In Public Domain. Digitization by eGangotri

आंखामा विज्ञापन दिई सहयोग गर्नेहरूको नाम (कम्पनी) :--

१. शाही नेपाल बायुसेवा निगम
२. राष्ट्रिय वीमा संस्थान
३. सुनील कुमार एण्ड कम्पनी प्रा. लि.
४. नेशनल ट्रेडिङ्ग लिमिटेड
५. नेपाल फिड इण्डष्ट्रिज
६. इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक सेन्टर
७. जनकपुर चुरोट कारखाना
८. नेपाल विद्युत करपोरेशन
९. दि म्यानुफेक्चरिङ्ग एण्ड सप्लाई कम्पनी प्रा. लि.
१०. कृषि विकास बैंक
११. नेकोएन्को इण्डष्ट्रिज प्रा. लि.
१२. हाउस अफ बटन
१३. अरूण इम्पोरियम
१४. हिमाल आयरन एण्ड स्टील प्रा. लि.
१५. इन्टरनेशनल क्यारियर प्रा. लि.
१६. रामकृष्ण श्रेष्ठ
१७. नेपा एजेन्सी एण्ड कम्पनी प्रा. लि.
१८. नेपाल कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग कर्पोरेशन (प्रा.) लि.

CC-0. In Public Domain. Digitization by eGangotri

के तपाईको छोरा, छोरी शिक्षित भएका देखन चाहनु हुन्छ ?

छात्रावास, बैज्ञानिक सरसामान

र

आधुनिक खेलकूदका सामानले सुसम्पन्न

एक मात्र दोलखा जिल्लाको

श्री भीम पब्लिक हाई स्कूलमा

आ--आफ्नो केटा केटीहरूलाई भर्ना गर्नोस् । केटा केटीको बौध्दिक, शारिरीक विकासका साथै आधुनिक ढंगबाट पढाई हुन्छ ।

श्री भीम पब्लिक हाई स्कूल

सुन्टोपर, दोलखा

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र

दिवसको

शुभ-उपलक्ष्यमा

समस्त नेपाली प्रति

हार्दिक शुभ-कामना

व्यक्त गर्दछौं

जनकपुर चुरोट कारखाना परिवार

जनकपुर

मुद्रकः- विजय चन्द्र प्रेस, डोर्जे, काठमाडौं, नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

25 May 1973
Vol. 2 No. 9

NEPAL DIGEST



King Birendra's Bid for Development and National Progressive Forces 21
Nepal, India and China 25
Religious Trends in Nepal 31
Art of Relaxation 37
Will Viet-Nam Be the Harbinger of World Peace 41
Nepal's Reaction to Khartoum Murder 49
Talking 53
A Prince Charming for a Starry-Eyed Debutante 59
Gotterdammerung 63
The Gurungs 71
The Children's World 77
Beware of Sugar 81
Advice for the Newly Married 83
The Trends in the World To-Day 9[illegible]
The Role of Abortion 99
Dr. Warns against Spread of VD 102

NEPAL DIGEST is the only periodical published from the Kingdom of Nepal dealing with all the aspects of the country.

CC-0. In Public Domain. Digitization by eGangotri

On the Happy Occasions of

The New Year 2030 B.S.

and the 2517th Anniversary of Birth, Enlightenment and Mahaparinirvana of

the Buddha

We extend our Heartiest

Good Wishes and Felicitations to All

NEPAL DIGEST PUBLICATION

Family

6/77, Puranobhansar, Pako, Kathmandu Phone: 13271

CC-0. In Public Domain. Digitization by eGangotri

The
NEPAL DIGEST
Vol. 2: No. 9 April–May, 1973
Editor:
Saroj Kumar Shakya
Managing Editor:
Rudra Kumar Shakya
Illustrations:
Bala Ram Thapa

Subscription:
Rates per year, including postage
Nepal:
Kathmandu Valley Rs 20/–
Outside Rs 30/–
Foreign Countries:
India Rs 30/–: Burma, Ceylon & Pakistan Rs 39/–: Other Asian Countries 39/–: Africa & Europe Rs 51/–: North & South Americas Rs 67/–
(U. S. Dollar 1 = Rs 10.56 N. C.)

WISE WORDS

Just as the flames of strongly burning fire never turns downward even though it is set upside down, so the man of patience never looses his heart, no matter how great are his adversities.

– Bhartrihari

The true leader is he who serves the people his best.

– Mahatma Gandhi

The family where man and wife are happy is always on the path towards progress.

– Manusmriti

If one keeps the company of low thinkers, one's thiking lowers too. If the company is of equal thinkers, one's thinking shall be just equal. If one keeps the company of high thinkers, one's thinking shall be high too.

– Hitopadesh

Copyright 1973. Nepal Digest Publication. Articles Published in Nepal Digest can be reproduced non-commercially in any language with premission of the publisher.

Published by S. K. Shakya for Nepal Digest Publication. Phone: 13271, 6/77 Puranobhansar, Poko, Kathmandu and Printed in Nepal, at Sharada Printing Press, Daftar Nnusal, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

From Khartoum to Beirut

This issue of Nepal Digest presents an article, among others, with the title–"Nepal's Reaction to Khartoum Murder", Since this article was written, a chain of serious events has followed up in the Middle East after Khartoum. The editor's commentary lines that this article carries drive their points home invariably well and perfect.

No body knows where the sequence of voilence in the Middle East will end and how. Things are taking to very dangerous proportions in the region threatening with another murderous war between the Arabs and Israelies which may also have the probality of triggering off the global conflict.

It can therefore well be suggested that the burning psychology of the region should be controlled and cooled down by all the parties concerned and the United Nations with the best of their efforts before it is too late for the peace and security of the region and that of the world.

Man is selfish and voilent. In this respect, not very much diff-eernt from the jungle brutes, sometimes worse than they are. Man is selfish, so he is voilent. Man is voilent because he is selfish. The central source of human problems, therefore, is 'man' himself--his biopsychologcal nature. Until and unless human beings could adjust with themselves in the fabric of their basic nature itself, the chances for survival of mankind and its civilisation against the odds of the unusually devastating global war are very fragile.

CC-0. In Public Domain. Digitization by eGangotri

PRESS WORLD

Nepal hopes for joint effort for peace in the sub-continent

By Mavin Kurve

The Nepalese Prime Minister, Mr. Kirtinidhi Bista, said (today) that his country would like its neighbours--India, Pakistan and Bangladesh--to work together for enduring peace, harmony and prosperity in the subcontinent.

Speaking at the Nepal Council of World Affairs, Mr. Bista hailed the Viet Nam peace accord as the most heartening development in international affairs, and said "the treaty paves the way for eliminating the causes of conflict in the entire Indochina region".

He hoped the accord would be implemented in the true spirit giving the people of Viet Nam complete say in determining their destiny.

Referring to China, he said: "We have always belived that the cause of world peace can be better served not by isolating China, but by creating conditions in the world for that country to play its full role. That is why Nepal has been following a policy of close relationship with China."

CC-0. In Public Domain. Digitization by eGangotri

He observed that the emergence of Bangladesh had changed the power balance in the sub-continent. Nepal looked forward to closer and more fruitful relations with Bangladesh in the years ahead. The prosperity of this region depended on the understanding, goodwill and co-operation among all countries of the area.

Developing countries should be allowed to strengthen their political and social institutions without hindrance from outside and in accordance with their own will. Richer nations should adhere to the principle of helping developing nations for strengthening their independent economy. They should not exploit or interfere with the internal affairs of developing nations.

UNI adds:

Mr. Bista described the visit of the Prime Minister Mrs. Indira Gandhi, to Nepal as a continuation of the efforts to promote goodwill and co-operation between the two countries.

While the European Common Market had become the world's biggest trading partner following the entry of Britain and a few other countries, the drastic fall of the U.S. dollar was a pointer towards economic multipolarisation of the world."

He said Nepal sympathised with efforts to reunify the North and South Koreas.

On West Asia, he reiterated that the Security Council's 1969 resolutions should be implemented.

From: 'The Times of India'
(Fubruary 19, 1973)

Nepal, Yugoslav plea for world disarmament

By Mavin Kurve

Nepal and Yugoslavia yesterday hoped that the forthcoming summit conference of non-aligned nations in Algiers would foster economic activity among developing nations while also serving the cause of world peace and security.

CC-0. In Public Domain. Digitization by eGangotri

In a joint communipue issued at the end of the three-day visit of the Yugoslavia Prime Minister, Dr. Dzemal, Bijedic the two governments affirmed their faith in'connuing tivalidity' of the old ideals of nonalignment and peaceful coexistence in the present context of world politics.

Since President Tito heads the special commission appointed by Yugoslavia to examine why the aims and declarations of the previous non-aligned summit at Lusaka had remained unfulfilled.the extensive tour of his Prime Minister is likely to help President Tito in assessing the situation before the proposed summit.

King May Head Team

Nepal attach great importance to the Algiers summit and King Birendra himself is expected to lead the Nepalese delegation.

In the joint communique, Nepal and Yugoslavia also agreed that a world conference on disarmament was desirable with the participation of all powers--nuclear or non-countries—in the interest of world peace and prosperity of the nations.

A plus point for Nepal in the communique was that Yugoslavia agreed with its view that landlocked countries needed facility of transittraffic for diversification and expansion of external trade as per the Lusaka declaration.

In the bilaterial sphere, the two governments agreed that representatives of the two countries should start talks on concrete proposals for mutual help.

From: the Times of India
(March 31, 1973)

More Contributions From Abroad For Lumbini Development

In a study of cancer patients, psychologist Lawrence Leshan of the Institute of Applied Biology in New York City found that about 3 out of 4 shared a feeling of 'bleak hopelessness about ever achieving any real feelings or meaning or enjoyment of life. The cancer victims he studied deeply believed that all their efforts in life would ultimately fail. Although these patients were interviewed after they had developed cancer, this feeling of despair did not first appear with the onset of the disease. Rather, the patient said 'This is how I've always felt'.

The cancer patients in Leshan's study generally followed the same life pattern. As a child, the topical cancer patient was isolated and lonely. He may have suffered a teaumatic loss, such as the death of a parent or a sibling. He learned to feel that emotional relationships brought pain and desertion.

CC-0. In Public Domain. Digitization by eGangotri

He may also have come to feel guilty and self-condemning, as if the loss were due to some fault of his own.

In the second part of his life, usually as a young adult, he developed a meaningful relationship and enjoyed a full life. this may have continued for many years.

Then the blow fell. Something brought an end to the good life--the death of a spouse, job retirement, children leaving home, suddenly, observes Leshan there was no more meaning and hope to their lives. It seemed to them as though the thing they had expected and feared all their lives--utter desolation and rejection--was now their eternal doom. The only way out was to cease existing'.

From six months to 8 years after this traumatic event, the victim developed further symptoms of cancer. Investigators emphasize that the experience of hopelessness in and of itself, does not predispose a person to cancer. Rather. another type of vulnerability, such as a biochemical effect or predisposition must be present.

Researchers have observed that cancer can be induced in laboratory animals by injecting hormones into susceptible tissues, thereby upsetting the animal's endocrine balance. Since psychological attitudes can affect the production of hormones investigators deem it likely that particular states of mind may set the stage for the growth of some kinds of cancer in human beings.

Dr. Arthur Schmale Jr. and Dr. Howard Iker of the University of Rochester Medical Center studied 51 women admitted to the hospital with suspected cancer of the cervix. The women were to undergo biopsie to determine if the cell changer were malignant or benign. Experience showed that there was a better than even chance that the women did not have cancer.

Without knowing the biopsy results Schmale and Iker set about trying to predict which of the 51 women actually had cervical cancer. The main determinant was a

CC-0. In Public Domain. Digitization by eGangotri

prior sustained period of feeling hopeless.

Some of the women had experienced profound feeling of doom. They felt responsible for their failings and belived that nothing could be done to reclaim any happiness they might have had. No one else could help them either.

Many of the women followed a particular personality pattern. They had left school early to help their father or to help support their families because their fathers had died. Typically they had married men who were older and either ill or immature. These women had worked most of their lives. In general they had an over-conscientious, religious self-sacrificing approach to life.

Schmale and Iker predicted that the women with these traits would have cancer. To an astonishing extent, they were right. In all they predicted correctly in 36 out of 51 cases, degree of accuracy that could be credited only to the linking of cancer and personality.

A middle-aged woman went to a diagnostic clinic. For the past 30 years she had lived in a quite country area free of air pollution. She had never smoked. But she had lung cancer.

In talking to her, Dr. David M. Kissen of Southern General Hospital in Glasgow. Scotland was struck with her apparent lack of anxiety and worries. But more searching discussions revealed conflicts in her relationship with her aged and ailing parents. It was only in talking with Kissen that she first realised she had these conflicts.

This woman's history, says Kissen first sparked his interest in the possibility that psychological factors might play a part in causing lung cancer. What he found significant about the woman was her inability to acknowledge emotional conflict and deal adequately with it. Over the years Kissen had observed that a large number of lung cancer patients seem to have the same problem. 'Poor outlet for emotional discharge', he terms it.

CC-0. In Public Domain. Digitization by eGangotri

Kissen has interviewed almost 1,000 patients. Most of those with cancer had a similar life pattern. Before his 15th birthday the typical lung cancer patient had some kind of separation from his parents.One parent died or was away from home for prolonged periods; or the parents were chronically unhappy or argumentative. As an adult, the lung cancer victim had marital difficulties for many years, and frustration in his professional life

The adverse life situations of lung cancer patients, however, are probably no greater than those of the general population. What Kissen feels significant is the way in which many cancer victims deal with these situations. Characteristically, they hold in emotional expressron and deny conflicts.

Dr. William Greene Jr. of the Univeraity of Rochester Medical Centre has come up with similar finding in his studies of patients with lukemia.

A large number of patients, he found, had suffered a significant loss, such as a job loss, or the death of a parent. Because a malignancy may develop slowly--or lie dormant for years before developing--he took into account all losses occurring within four years of the first symptoms. About half the losses occurred within a year of the onset.

Condensed from: Psychosomatic

Legalising The Illegal

About 80.000 couples living together for a number of years were legally married in Mexico City on December 1, 1972. It was the biggest ever mass wedding ceremony.

About 4 lakh children born to these couples out of wedlock would have their birth properly registered.

CC-0. In Public Domain. Digitization by eGangotri

A Cursory Look-back On the Cine-symposium Sponsored by Royal Nepal Film Corporation

THE Gine-symposium the first of its kind ever held in Nepal and sponsored by Royal Nepal Film Corporation may be taken as a mile-stone in the history of development of cinematic films in this country. There can be no denying of the significance and importance of such a get-together meant to thrash out the problems faced by the cinema-owners and distributors of this country. But the topic appears to be rather timid and narrow in view of the broad--based contexed of our problems and scope for solutions to meeting our national needs in this field.

Royal Nepal Film Corporation should be more potentially based so that it could afford to being more ambitious and more dynamic than it now appears to be to mobilizing the resources and potentials for this industry in the country. Its main target should be Development of Nepal's own Film Industry than merely creeping in the labyrinth of problems of cinema--owners and distributors.

CC-0. In Public Domain. Digitization by eGangotri

Cinematic films have, in modern times, very vital role to play in influencing a given society as a powerful and popular audio-visual media of communication for theatrical and other kinds of purpose. The efforts that are being made in this field by Royal Nepal Film Corporation, though in a humble way, is loudable ineed. In the first ever symposium of its kind sponsored by it, it has raunded up the people engaged in this field, their activities as well as their problems and held discussions to finding solutions to them. This is commendable too. But the problems of our present day cinema-owners and distributors, who deal in mostly foreign films, has little significance in view of our main problem and need of developing Nepal's own national film industry.

Urgency of National Film Industry

National Film Industry is one of our most urgent needs. Until and unless we will have our own national film industry developed, we will be an alround looser—economically, culturally, and most important of all, sociopsychologically. National Film industry can play a vigorous role in boosting our national conscience and morale, in bringing about a healthy growth and development of national character and personality for more stronger consolidation to our national solidarity

As we have come to know, there are altogether only 26 cinema halls in Nepal, while the population of the country is about ten million. 26 cinemas for ten million population is hopelessly poor. About fifteen million Nepalese population, including those living in India can, it may be assumed, easily absorved at least ten feature films a year. One may therefore safely conclude that a fairly large scale film industry can profitably be run apart from the socio- sychologicial and cultural benefits counted above.

The task naturally assumes colosal propertions financially, technically and otherwise to discourage any industrialists, or wealthy persons, in Nepal to undertake

CC-0. In Public Domain. Digitization by eGangotri

this enterprise at this stage. However, once the needed atmospher and infrastructure are developed, this industry will, no doubt, flourish before long to the benefits of all involved and concerned, and ultimately for the good of the nation. ★

Hearty Greetings and Good Wishes

To All Our Clients and Patrons

On the occasion of the

Happy New Year

2030 B.S.

For all kinds of quality Woolen articles and wear in latest design and style,

Please visit:

Nepal Wool House

Bhotahiti, Kathmandu

Phone: 11819, 13776

CC-0. In Public Domain. Digitization by eGangotri

With Best Wishes To All

On the occasion of

The Happy New Year

GOLCHHA ORGANISATION

Offers following items in its running our stocks

1. Electric lamps. Tube lights fittings, Gramophone, Transister Radios, and other kitchen and household appliances made by the world renowned company PHILIPS.
2. Milk (powder) imported from New Zealand
3. Vitamin 'C' tonic RIBENA imported from England
4. Contex—IO calculating machine
5. G. I. C. sheets and aluminium corrugated sheets
6. Ball—bearings, locks & other items.

A. R. B. A. Regd. No. 34/527-28
CC-0. In Public Domain. Digitization by eGangotri



NON STOP

BOEING 727 JET SERVICES

TO: BANGKOK : Mondays, Wednesdays, Fridays,
TO: CALCUTTA : Tuesdays, Sundays,
TO: DELHI : Tuesdays, Fridays, Saturdays, Sundays

EX - DELHI — Shortest evening connection to BOMBAY and all other International Carriers

RNAC

ROYAL NEPAL AIRLINES

Printed at Sharada Printing Press, Daftar, Dharmapath, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चपत्र

(सामयिक सङ्कलन)

९५

प्रवेशाङ्क

फाल्गुण २०२६

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

'हिमाली - सन्देश' के निमित्त
समीक्षा गर्न

श्री 'रत्न श्री' प्रति
स-सादर भेटं
तथा
सल्लाह व सहयोगको
अभिलाषि

'पञ्चम क्लब'
मुर्लि - श्रीपुर, वीरगंज

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रपिता श्री ५ त्रिभुवन

प्रति

हार्दिक श्रद्धान्जलि अर्पित गर्दै

आयुष्मान प्रजातन्त्र दिवसको प्रेरक

उपलक्षमा

समस्त देशबासीहरूमा

साभिनन्दन ब्यक्त गर्दछौं ।

'पञ्चपत्र' परिवार

मुर्लि, श्रीपुर, बीरगंज,

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ त्रिभुवन जयन्तीको पूनित अवसरमा

स्व० श्री ५ त्रिभुवन प्रति

श्रद्धान्जलि समर्पित गर्दै

एंव

राष्ट्रिय प्रतन्त्रता दिवसको महान् उपलक्षमा

देश नरेश तथा जनता प्रति

हार्दिक शुभकामना व्यक्त गर्दछौं

वीरगंज नगर पञ्चायत

(वीरगंज)

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चपत्र

सामायिक सङ्कलन

प्रवेशाङ्क वर्ष १

७ फल्गुण ०२९

सत्य अंगाल हरिश्चन्द्र झैं
अत्याचारको सामु डटी
जान छरेर सूर्य किरण झैं
पथमा हिड ए; कर्महठो !

मन घर गाउँ उज्यालि देखाउ
जन कण देश नरेश प्रति
आजको जुनी श्रृजन खोली
श्रमको महला भावि लेखी

सम्पादक

निशो सायमी
कृष्णश्रेष्ठ "रहीम"

★

सल्लाह, सहयोगी एवम संरक्षक

नागनाथ वैद्य
हरिहर प्रसाद प्रधान
महेश कुमार उपाध्याय
नवराज उपाध्याय
शलिम अन्सारी
दामोदर प्रसाद कशाल

प्रकाशक एवम व्यवस्थापक

पञ्चम क्लब परिवार
मुरली – श्रीपुर, वीरगंज

मुल्य:–
२ मोहर ५० पैसा

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चपत्र
सामयिक संकलन

बिषय प्रवेश

★ कबिता

बैसको मान्छे हेरेर — १६ विश्वनाथ अबोध
सुकेको खोला — ३१ अमृत नकर्मी
शुभकामना — ४१ अशोक प्रधान
कविता — ४२ श्रीलाल नेपाली
यथार्थ बोध — ४७ अदृष्य
अन्तःस्करण भन्छ — ५५ संवेद श्रेष्ठ
प्रण — ६२ कमला श्रेष्ठ
तिर्सना — ६३ सुशीला श्रेष्ठ
भारी बोक्ने को ? — ६४ विजया लक्ष्मी बैद्य

★ कथा

बिरानो — १७ काशिम अंसारी
हूँठो बोल्छ — २८ हरि मुरली
शरद मोती — ६६ निशा सायमी

★ हास्य व्यंग

मध्यान मग्न भएको बेला — ४३ श्रीप्रसाद उपाध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

★ लेख निबन्ध

बैदिकी संस्कृतिमा नारी र विवाह — ६ भैरवनाथ चालिसे
नेपालको आर्थिक विकाशमा — ३२ मोहन प्रसाद उपाध्याय
नेपालमा बुद्धिजिवी वर्गको भूमिका — ७१ महेश कुमार उपाध्याय
कविता–कथा+म=नेपाली साहित्य — ४८ भिम "विराग"
यथानामः तथा गुण — ५९ मोहन प्रधान
आकर्षण — २५ रीता बैद्य
समय माथि विजय (विज्ञान) ? — ८२ दीपक राज उपाध्याय

★ आलोचना समिक्षा

साथीको स्थान — २१ पर्यवेक्षकको दृष्टिमा
प्रायश्चित उपन्यास भित्रका — ५७ पिताम्बर शर्मा

★ चिन्तन–अभिव्यक्ति

एकान्त यात्रा — ६३ जगदीश "मधुकर"
हराएको "म" — ७८ आवेदीन "पञ्चम"
जीवनको अभिप्राय खोज्दा — ८६ कृष्ण श्रेष्ठ "रहीम"

★ विविध

बोली–बचन — हँस्यौलि टुक्का
हाम्रो भन्नु — के तपाईलाई थाहाछ
आफ्नो कुरा

CC-0. In Public Domain. Digitization by eGangotri

बोली - बिचार

कर्त्तव्य र उत्तरदायित्वको अभावमा स्वतन्त्रताको भावना रहन सक्दैन। उत्तर दायित्व रहित स्वतन्त्रता उच्छृङ्खलभन्नु पर्दछ।

श्री ५ त्रिभुवन

दलीय भावनाले राष्ट्रिय शक्तिलाई टुक्रा-उदछ र दलीय स्वार्थले राष्ट्रियतालाई बिर्साउँदछ।

— श्री ५ महेन्द्र

आजपनि देशलाई कपोल कल्पित ईच्छा भन्दा वास्तविकताको सामना गर्ने सृजना-त्मक प्रतिभा चाहिएकोछ।

— श्री ५ वीरेन्द्र

साहित्य जहिले पनि जीवन भन्दा अगाडी हुन्छ। यसले जीवनको नक्कल गर्दैन वरु आफ्नो अनुकूल हुने गरी ढाल्छ।

-- अस्कर वाईल्ड

चरित्र निश्चित रुपमा ग्वारिएको असल ईच्छा हो।

-- नोबेलिस

संस्कृतिको अन्तिम जग नैतिकता हो

— इमरसन

आफू र आफ्नो समयको बारेमा लेख्नेले नै सबै मानिस र सबै समयको निमित्त लेख्दछ।

-- बर्नार्ड शाँ

पहिलो पल्ट साहित्यलाई व्यवसायको रुपमा अपनाउदा मैले आफैंसंग के सम्झौता गरे गने साहित्य आफैबाट, आफैं मा, र आफ्नै निमित्त संपूर्ण हुनु पर्छ।

-- चा. डिकेन्स

प्रत्येक व्यक्ति आफ्नो परिवेशको प्रतीक हो।

— शेक्सपियर

बिवेक आत्माको आवाज हो, शरीरको आवाज उत्तेजना हो।

-- रुसो

लगन बिना कुनै महान प्रतिभाको सृजना हुन सक्दैन।

-- आस

साहित्य पूर्ण तपस्या हो।

-- प्रेमचन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिकी संस्कृतिमा नारी र बिवाह

★ भैरवनाथ चालिसे,
प्रो॰ श्री ठाकुर राम कलेज

मुस्लिम धर्मको कुरान, क्रिश्चियन धर्मको बाइबिल झैं हिन्दु धर्मको ग्रन्थ हो वेद। यसका दुइ भाग छन्। एउटा ज्ञानकाण्ड दोस्रो कर्मकाण्ड। कर्मकाण्ड अन्तर्गत नै संस्कार पद्धति निर्मित छ। संस्कारको अर्थ हो :- शारीरिक, मानसिक, बाचिक परिशुद्धि। अर्थात योग्य हुनु। धर्म र आचार संहितालाई मान्दै, समाजगत् ऐन कानूनको मर्यादालाई न नाघी जीवन चलाउनु। यसरी आर्यकालदेखि चलि आएका संस्कार ४८ वटा छन्। ती आजका युगमा सम्भव छैनन् तापनि हाम्री संस्कृति परम्परानुसार जीवनमा गर्नु पर्ने विशेष संस्कार छाडदैनौं।

जसको संस्कार हुदैन, त्यस व्यक्तिमा उचितमात्रामा हुनु पर्ने मानवीय गुण देखा पर्दैनन। अतः त्यस्तालाई देखेर हामी भन्दछौं संस्कार नै छैन योग्यता कसरी हासिल गर्न सकिन्छ।

आज वैज्ञानिक युगमा पशुपक्षी बनस्पति जगत्को नस्ल सुधार्ने प्रयत्न गरिन्छ। यो पनि एक किसिमको कृत्रिम संस्कार हो। यो कुनै सत्य छैन कि कुलीन वंशमा जन्मेको बालक कुलीन हुनै पर्छ। त्यो अकुलीन पनि हुन सक्छ। किनभने एउटै भूईमा श्रीखण्ड पनि उम्रन्छ, काडाँ पनि उम्रन्छ। अतः केही अंशमा वंशानुगत मात्र असर हुन सक्छ। तर पूर्णमात्रामा योग्य र अयोग्य गराउने संस्कार नै हो। त्यसै हुनाले वैदिक धर्म कर्मकाण्ड परम्परामा संस्कार क्रमशः राखिएका छन्। तिनमा विशेष विशेषमात्र यहां उल्लेख गर्दछु। निम्नलिखित सीमित संस्कारहरु प्रायः माथिल्लो वर्गदेखि लिएर मध्यमवर्गीय समाज भित्र आजसम्म पनि चलि आएका देखिन्छन्। ती क्रमशः यी हुन :-

(क) नामकरण (ख) अन्न प्राशन

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) कर्ण वेध (घ) जन्मोत्सव (ङ) चूडाकर्म (च) अक्षरारम्भ (छ) व्रतबन्ध (ज) विवाह (झ) अन्त्य कर्म ।

उपरिलिखित संस्कारहरु मध्ये बिशिष्ट संस्कार व्रतबन्ध (वर्तमान) हो । त्यो किन गरिन्छ ? त्यस भित्रका र पछिका कृत्यहरु के के छन् आदि कुराहरु वैदिक परम्परामा बडा गहकिला छन्—यस लेखमा उल्लेख गर्न गाह्रो छ र साथै अप्रस्तुत पनि छ । प्रस्तुत विषय हो विवाह । विवाह किन गरिन्छ, त्यसको उद्देश्य के हो ? अपरिचित कन्याका साथ पुरुष सम्बन्ध किन गर्न चाहन्छ ? त्यो कसरी गर्न चाहन्छ आदि कुराको विवेचना गर्नु भन्दा पहिले नारी के हो ? यस विषयमा वेद, उपनिषद् स्मृति, पुराण आदिमा नारी स्वरुपको वर्णन कसरी गरिएकोछ र नरलाई त्यस्ती नारीको आवश्यकता किन रह्यो भन्ने विषयमा चर्चा गरौं ।

नारीको स्वरुपः- नारी के हो ? त्यसको नरलाई आवश्यकता किन !

"यं एकोऽवर्णो बहुधा शक्ति योगाद्वर्णाननेकान्नि हितार्थो दधाति । बिचैति चान्ति विश्वमादौ सदेवः सनो बुद्धन्या शुभया संयुनक्तु ।"

यस श्वेताश्वेततरो पनिषद्को भनाई अनुसार एउटै अकारवर्ण ब्रह्म आफ्ना स्वाभाविक ज्ञान क्रिया इच्छा शक्ति अनन्त शक्तिहरुको योगले अनेक पदार्थले युक्त यस विश्वलाई पालन गर्दछ र अन्तमा अन्तलीन शक्ति द्वारा त्यसैमा लीन हुन्छ । यस्तो ब्रह्म हामी सबै नर नारीहरुमा बुद्धि शक्तिको संयोग गराऊन् ।'

यसबाट पनि नर नारी अन्योन्यापेक्षी छन् भन्ने साबित हुन्छ ।

र एकं ज्योतिभूर द्वेधा राधामा धव-नामकम् 'भन्ने संमोहनतन्त्रको उक्ति अनुसार र उपनिष्दीय वाक्यहरुका भनाइ अनुसार पनि सृष्टिको अघि केवल एउटै वस्तुथियो, त्योहो अ-ई-क । अर्थात "अ" ब्रह्म "ई" शक्ति "क" समस्त जोवतत्व । यी तीनै चीज एउटै थिए । अतः एकाकी भएकोले ब्रह्मलाई उराठ लाग्या । उसलाई बेग्लै साथी चाहियो । यसबारे बृहदारण्यको पनिषद् स्पष्ट गर्दछ 'सो ऽ कामयत द्वितीयोम आत्मा उ.ायते.तिस मनसा वाचं मिथुन समभवत् । सइममेवात्मनं द्वेधापा-तयत ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी नर ब्रह्मले नारी शक्तिको अभाव अनुभव गरे। ब्रह्मले आफ्नै शरीरका दुई भागमा नर र नारी विभक्त गरे। केवल शान्तिका निमित्त होइन अपितु सांसारिक अनेक चाँजोपाँजो मिलाउन को निमित्त हो। यसरी ब्रह्मको दुई भाग जल भयो, तब एक भाग पति र दोस्रो भाग पत्नी हुन गयो यसै कारण नर नारीको एकतत्व द्विनाम मानिएकोछ। अतः शक्ति र शक्ति मानको जोडी अनादिहो। शक्तिको बिना शक्ति मानको र शक्तिमानको विना शक्तिको अस्तित्व रहन गाह्रोछ।

यदि नर दिन बनेर तात्छ भने नारी रात्रि बनेर श्रमहर्छे। नर इन्द्र बनेर वर्षाउछ भने नारी पृथ्वी बनेर त्यस पानीले प्राणीहरुको पोषण गर्दछे। नर यदि भर्ता हो भने नारी भार्या हो। नर यदि कर्ता हो भने नारी क्रिया हो। यसै हुनाले समस्त बैदिक धार्मिक क्रियामा 'अग्नये' को पछि 'स्वाहा' जोडिन्छ र समस्त बैदिक क्रियामा 'पितृभ्य' को पछि स्वधा जोडिन्छ। यो हो नारी संयुक्त नरको महत्ता यसको ज्वलन्त प्रमाण राधाकृष्ण सीताराम गौरीशंकर छ। यदि नर नारी संयुक्त न रहोस अनन्त अल्प तथा असमर्थ देखिन्छ।

सबै प्राणीहरुका लागि पुरुषार्थ सञ्चय गर्न श्रुति- स्मृतिले आदेश दिन्छन्। पुरुषार्थ हो धर्म, अर्थ, काम, मोक्ष। यीचारै अनुष्ठानमा नारीकै प्रधानता हामी पाउदँछौ

(क) अर्थ धर्म–त्यो दैविक या पैतृकहोस नारी बिना ती विषयमा पुरुषलाई कर्म गर्न अधिकार नै छैन। अतः नारी शक्ति नै प्रथमतः धर्मसञ्चय गर्नमा प्रधानता लिन्छे उदाहरणार्थ रामको सुवर्णमयी सीता नै पर्याप्त देखिन्छिन्।

(ख) त्यसमा भनौं गृहस्थ जीवनको रक्षण र, योगक्षेमको तौर तरिका, देखभाल वर व्यवस्था यदि नारी नगरोस त पुरुषलाई अर्थोपार्जन गर्न समय नै भेटिने छैन। अतः अर्थ विषयमा पनि घुमाइ–फिराई नारीकै विशेष हात हुन्छ।

(ग) काम-यस बारे त नारीकै आधिपत्य छ। नारी नै यस विषयमा प्राणछन्। उनी बिना कामको सफलता कहाँ ? अतः रस शास्त्रीहरुले पुरुषहरुमा शोभादि ८ गुण मात्र बताएका छन्। तर नारीहरुमा भने लीलादि १८ गुण बताएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

कामशास्त्रका निर्माताका निमित्त त नारी नै मेरुदण्डहो, कर्णधार हो।

(घ) मोक्ष- यस विषयमा पनि नारीकै प्रधानता पाइन्छ। किनकि जब सम्म हामी विराग अवस्थामा पुग्दैनौं तब सम्म हामी मा रहेको तृष्णा भोगलिप्सा मेटिदैन। यो भोगलिप्सा बढाउने प्रधान कारण नारीनै हुन्छे। विषयहरु कटुता नारीका भोगबाट हटे पछि नै विस्तार-विस्तार पुरुषले आत्मज्ञान गर्दै जान्छ र मोक्षको गोरेटो पहिल्याउदै जान्छ। यसरी नारी शक्तिको प्रधानता प्राचीनकाल देखिनै रहेको छ र श्रुति-स्मृति उपनिषद्-पुराण आदिमा नारीको महत्ता तदभावमा पुरुषको हास्यास्पद गति आदिको उल्लेख सविस्तार गरेको हामी पाउँदछौं। वास्तवमा नर र नारी को सम्बन्ध दीपशिखा र प्रकाश झैं छ।

अतएव नारीलाई नर–परिणय स्वरुप यस कारण बाँध्न चाहन्छकि—

'एक चक्रो रथो यद्धदेक पक्षा यथा खग।

अभार्यो ऽपि नरस्तद्धदयोग्यः सर्व कर्मसु।

जसरी एउट पाङ्ग्रा भएको रथ अलिक-तिपनि अधि सर्केर खाल्डोतिर खस्न सक्तछ र एउट पखेटामात्र भएको चरो फयाट-फयाट गरेर रहन्छ उड्न सक्तैन, त्यसैगरी सारा काममाजमा नर नारी विना खोरण्डोझैं हुनजान्छ केहोकाम गर्न सक्तैन। उपर्युक्तवचन अनुसार नर नारी लाई नर अर्द्धाङ्गिनी बनाउन चाहन्छ। त्यस्ती अर्द्धाङ्गिनी जसलाई कबि कुल गुरू कालिदास ले

"गृहिणी सचिव सखी मित्रः प्रिया शीष्यार्ललिते कलाविधौ" भनेर गृहिणी प्रति मधुर उद्गार प्रकट गरेकाछन। नरकी नारी यदि आधा अङ्गहो भने नारीको पूर्णता पनि नर सम्पर्कलेनै उद्भूत हुन्छ। समष्टिको रूपबाट दुवै रिक्तछन। बिना समारोहको विश्ववाटिकाको सृजननै हुन सक्तैन। अतः आदि देव शङ्करमा अर्द्धनारीश्वरको धारण गरिएको हो। मतलब यो हो कि समष्टिरुपले नरनारीमा एकीभावछ। एउटामा मृदुलता, कोमलता, चारुता, मिष्ठता छ भने अर्कोमा कठोरता, कर्कशता, मर्दानगी, निर्भीकता छ। यी दुबैको मधुर सम्मिश्रणमा नै आदर्शता पाइनछ। प्रकृति र पुरुषमा पनि समन्वयात्मक भावनै देखिन्छ। अन्धकारको अभावमा प्रकाश कसले खोज्छ र। जसरी कुशल मालीले

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै वोटमा कमल बाँधेर दुवैलाई एउटै शरीर एउटै प्राण बनाइ दिन्छ र दुवै वोट मिलेर एकाकार हुन्छन् । ठीक त्यसैगरी हाम्रोवेदको कर्मकाण्डले पनि वैवाहिक सूत्रमा बाँधेर नर-नारीलाई एउटै बनाइ दिन्छ । ती दुवै एउटै हुन्छन् । हरक्रियाकलापमा सहधर्मत्व, सह अस्तित्व, सहसम्गात्व सम्मको भावना लिएर यस संसारमा रहिरहन्छन् । नरलाई केवल कामतृप्तिका लागि तथा कुतूहल र जिज्ञासा निवारणका लागि मात्र नारीको आवश्यकता छैन । यदि आवश्यकता छ भने त्यो हो नीरसता, अकर्मठता, उदासिनता आफ्नो जीवनमा अर्द्धाङ्गिनी द्वारा आउन न दिनु ।

यसै खातिर उमङ्गले भरिएर बन्धु-बान्धव इष्ट मित्रहरुका साथ मङ्गलवादन सुनेर जीवन सङ्गिनीको प्राप्तिमा पुगेको वरदानको समयमा कन्यापिताको सामु यसरी प्रथम प्रण गर्दछ ।

'वाचादत्ता त्वया कन्या पुत्रार्थं स्वीकृता मया वरावलोकन विधौ निश्चित स्त्वं सुखी भव ।'

अर्थात्—'हे भावी ससुराज्यू वचन द्वारा तपाईले यी कन्या पुत्रको निमित्त मलाई दिनु भयो, सो मैले स्वीकार गरें, यस प्रथम विधिको सिल-सिलामा हुन गएको मेरो भेटमा नै तपाई निश्चन्त हुनु होस् र साथै सुखी हुनुहोस् ।

विवाह क्रिया सकिए पछि अन्तमा पतिगृह जानलागेकी पुत्रीलाई उद्देश्य गरेर मान्यजन, बन्धुगण, पुरोहित वर्ग यसरी आर्शीवादको कामना गर्दै देवताहरु संग प्रार्थना गर्दै थिए ।

'इमां त्वमिन्द्रमीढ्वः सुपुत्रां सुभगां कुरु ।
दशास्यां पुत्राना धेहि पति मेकादशं कृधि ॥

'परमात्मन' यस बधूलाई सुयोग्य पुत्रवती सौभाग्यवती बनाऊ । यसका गर्भबाट दश पुत्र होऊन । तिनका साथ एघारौं रुपमा रहेका पति दीर्घायु रहून् ।

यसरी हार्दिक एकताको हेतु प्रार्थना र प्रतिज्ञागरि सकेपछि र भौतिक एकताको प्रतीक रुपमा पाणिग्रहणका यावत् कर्म पूर्ण गरेर नत्र बधूका साथ बर आफ्नो घर तिर फर्कन्थे, तब जातीय रस्म रिवाजका बाँकी रहेका कार्यहरु समाप्त गर्दै दुर्गाकवचका प्रसिद्ध यी पंक्तिहरुको —

'पत्नी मनोरमां देहि मनोवृत्तानुसारिणीम् ।
तारिणीं दुर्गसंसार सागरस्य कुलोद्भवाम् ।

अनुरुप अर्द्धाङ्गिनीका साथ आनन्द जीवन यापन गर्दै 'गृहिणी गृहमुच्यते' अर्थात्

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय प्रजातन्त्र दिवसको महान उपलक्षमा

समस्त देशवासीहरुमा हार्दिक

शुभ-कामना

व्यक्त गर्दछौं

नेपाल हाईवे ट्रान्सपोर्ट

श्रीपुर, वीरगंज

(छिटो-छरीतो र विश्वासनीय ढंगबाट माल सामान ढुवानीको लागि हामीलाई सम्झनुहास्)

नेपाली मात्रको महान् ऐतिहासिक पर्वको उपलक्षमा

समस्त देशबासीहरू प्रति

शुभ-कामना

व्यक्त गर्दै

प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवन प्रति

हार्दिक श्रद्धाञ्जलि अर्पित गर्दछौ

होटल सम्झना

श्रीपुर, वीरगंज

CC-0. In Public Domain. Digitization by eGangotri

गृहिणीले नै घर भनिन्छ भन्ने उद्गार प्रकट गर्दथिए। यो छ वैदिकविवाह पद्धतिमा आवद्ध भएको हर आर्य पुरुषको स्वरुप।

यस्ता कुलीनबधू-आर्यनारी वाल्मीकीय रामायणमा सीताले यो पंक्तिहरुमा—

'चरणेनाऽपि सत्येन न स्पृशेंय निशाचरम्।
रावणं किं पुर हं कामयेंय विगर्हितम्।'

'यस निशाचर रावणसित प्रेम गर्ने कुरात् परै रहोस्। खुट्टाले, त्यो पनि दाहिनेले? छिः देव्रले पनि छुन सक्तिन भन्ने 'सौभाग्य' गर्वत्वको आश्रयमा घृणाजन्य अभिव्यञ्जना गरे झैं हर आर्यनारी सहधर्मी पाएर गर्व गर्दथिए र सदा सहचारिणी हुन्थे। यो छ हर आर्यनारीको स्वरुप।

सांख्ययोगीय प्रकृति-पुरुषको ऐक्यको बन्धन झैं यस्तोछ नर र नारीको वैदिक परम्पराको वैवाहिक डोरीमा एकताको पुनीत दृढबन्धन। ★

"होनहार छात्र"

★ एक परीक्षामा नेपाली गद्यको प्रश्न पत्रमा सोधिएको थियो-" 'आमा' मा तपाईंले के देख्नु भयो, स्पष्ट लेख्नु होस।"

होनहार एक छात्रले एकैक्षण विचारे र कापी कोरेछ—" 'आमा' हाम्रो पहिलो नेपाली चलचित्र हो। जसमा नायक शिवशंकर र नायिका भुवन थापालाई देखें।

CC-0. In Public Domain. Digitization by eGangotri

"बैंसको मान्छे"-हेरेर

★ विश्वनाथ "अबोध"

प्रस्तुत रचना सुश्री पारिजातको उपन्यास 'बैंसको मान्छे' लाई हेरेर व्यक्त गरिएका रचनाकारको कवितात्मक योमौलिक विचार हो ।

म एउटा विस्थापित मान्छे
एउटा लावारिस तुहाएको बीर्य
च्यातिएर निस्केको एउटा अस्तित्व (?)
लत्यांउछ मलाई मेरो वरिपरिको वातावरण
हिडि रहन्छु म आफ्नै गतिमा
किनकि हिडनु पर्ने हुन्छ
यो स्थितिलाई जन्माएको मलाई भोग्नु पर्ने बाध्यता
मेरो परिवेश–म भित्रको अन्तर द्वन्दको भंगालो हो !
घस्रिन्दै छुँ अन्धकारको भूगर्भमा
प्रस्तुतिकरणले म भित्रको मान्छे तुहिएको
एउटा सिङ्गो लिङ्गो भएको छुँ म,
म आफ्नो वरिपरिका वातावरण सित
बलात्कार गर्न चाहेको छुँ ।
म भोग गर्न चाहेको छु, मलाई लागेको
समय र वस्तुस्थिति संग
हुन सक्छ मेरो बैचारिकता पतनोन्मुखिको
संज्ञात्मक रुप हो (?)
तर भूल नगर
यो मेरो आफ्नै स्थितिले जन्माएकोछ
आफ्नै वातारणले हुर्काएकोछ
म 'बैंसको मान्छे'—विकृतिको धोतक
मेरो बिकृति–मेरै स्विकृति ।

CC-0. In Public Domain. Digitization by eGangotri

बिरानो

★कासिम अन्सारी

छिमेकीहरुलाई अलि आश्चर्य लाग्यो सधैं रातीको ८॥ बजे पसल बन्द गर्ने आनन्द प्रसाद आज साढे नौ बजि सक्दा पनि पसल बन्द नगरि टोलाएर बसी रहेका थिए। एउटा ग्राहक आयो र चुरोट किन्दै भन्यो ''क्या हो त बाजे! आज देखि पसल बन्द गर्ने समय फरक पार्नु भयो जस्तो लाग्छ नि?"

आनन्द बाजे झस्कन्दै– "अहँ होइन बन्द गर्दैछुँ, आज अलि साँच्चिनै अबेर भयो क्यार ...." भन्दै ग्राहकलाई चुरोट दिई पठाए। अनि पसल बन्द गर्न शुरु गर्दै मुख मुखै बडबडाउन पनि थाले– यो केटोले पनि मलाई त असाध्ये सतायो ... कति पिटुं, सम्झाउँ, जति गरे पनि आफ्नो बानी छोड्दैन .... मायाले सम्झाउँदा पनि उस माथि क्यै प्रभाव पर्दैन कहिले जुवा खेल्छ, कहिले लुकेर चुरोट पिउँछ, नसोधी बुझि सिनेमा हेर्न भाग्छ .... अट्टेरी बनेर हिड्छ। के गरुँ! आफ्नो भन्ने कोही छैन छोरा छोरी; जहान परिवार कसैलाई पनि म एकलो बुढो माथि दया जाग्दैन। सबैले मलाई यस संसारमा बिरानो पारेर छोडी गए तर यो मदन! यसलाई मैंले जति आफ्नो मुटुमा टाँस्न खोजेकोछुँ उ त्यति नै पर पर भाग्न खोज्छ। म के गरूँ। कसलाई आफ्नो भनु...." यसरी निकै बेर सम्म उनी बडबडाई नै रहेका थे।

केही बेर पछि एउटा १४–१५ वर्ष जति को केटो बिस्तारै पसलमा बस्दछ। उसको अनुहारमा हलुको त्रासको रेखाहरु अङ्कित देखिन्थे। आनन्द बाजेको दृष्टि उसमाथि पर्ना साथ उनको गम्भीर मुद्रा कठोर भएर आयो र अलि उँचो स्वरमा प्रश्न लत्याए।

"कहाँ थिईस अहिले सम्म?

बुढा बाजेको कठोर भाव मुद्रा र उत्तेजित व्यवहारले मदन अझै त्रस्त भयो र काम्दै आतंकित स्वरमा जवाफ दियो—

CC-0. In Public Domain. Digitization by eGangotri

"स…… स सिनेमा हेर्न ।"

"किन गईस ? को संग सोधेर गईस के तँलाई यो पसलको रत्ति पनि ख्याल छैन ? उनी झन गर्जे । मदनको कलिलो हृदयले त्यो गर्जन सहन सकेन र बर्र बगेको खोला उसको आँखे-मुहानबाट भुल फटेर बग्न थाल्यो तर बाजेलाई उसको त्यो रुवाई किन हो पटक्कै मन परेन बरु झन् रिसाएर हाथ पनि उठाई दिई हाले ।

"भन तेरो नोकर हुँ……१० बजे राती सम्म तेरो बाटो कुरेर बस्ने ?"

मदन कुटाई खाँदै थियो रुँदै थियो र सानो स्वर मा आफ्नो सफाई पनि दिने प्रयत्न गर्दै भन्न लाग्यो ।

"म गई रहेको थिईन……उमेशले जवर जस्ति……"

× × ×

रातीको कुन्नि कत्ति हो बजेकोछ ।

अन्ध्यारो कोठामा निस्तब्ध वातावरण लाई तोड्दै "सुँक्क सुँक्क" को रोदनमय आवाजले आनन्दप्रसादको निन्द्रा खलवलिन्छ अन्ध्यारोमा नै उनी सोद्धछन् - "को हुँ ?" जवाफ आउदैन । तर पनि सुक्क ! सुक्क ! को आवाज निरतर वेदनामय नै हुन्छ । उठेर उनले धिप धिपे लालटेमको दीयोलाई उज्यालो पार्दछन र तव मदन ओछ्यानको एकाकुनामा पल्टेर नै चुपचाप आँखाबाट आँसु चुहाई रोई रहेको तिनले देखे ।

'किन रोएको मदन ?"

तर मदनले जवाफ दिदैंन । उनले आँ[illegible] मात्र आफ्नो बुढेस हाथले ठठाएको कु[illegible] झल्झल्ती सम्झन्दा उनको मुटुमा चोट प[illegible] जान्छ । कसरी पिट्न सकेको यो निर्दयी हाथ हरूले ? के यो टुहुरो प्रति मेरो मनमा त्यति[illegible] दया माया छैन ? दया ! उ त मेरो मुटु हो उसैको लागि त बाचि रहेको छुँ म अरु मेरो को छ र यहाँ तर यो अनाथ केटो हो……

होइन…कस्ले भन्छ अनाथ हो[illegible] मेरो आफ्नै रगत होवोईन त के भो उसला[illegible] त मैले आफ्नै जस्तो माया गरेर हुर्काएको हुँ स्नेहको शीतल छहारीमा बिश्राम गर्न दिएको[illegible] तव किन पिटेको ? किन पिटने? होईन ! होईन नोकर ठानेर म उसलाई कैल्ये पनि पिट्दिन बरु छोरा सम्झेर राम्रै बनाउन चाहेको छुँ ।

उनको हृदयमा तर्कनाको आँधी पानी[illegible] उछिटटा मारी रहेको थ्यो । आफ्नो पापाइ[illegible] हृदयले देखाएको कटु व्यबहार प्रति उ स्वयम[illegible] ग्लानी गर्न थाले । उनले एक दीर्घ निश्वा[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

छोडे अनायाश उनको मुखबाट निस्क्यो 'मदन' मदनको रुवाईलाई मानो त्यतिकै शब्द सम्बोधनको प्रतिज्ञा थियो। उसको बाल हृदयको धैर्य टुटेर रुवाईको बाढी भई दियो।

"नरोउ बाबु। किन रोएको? तिम्रो निर्दोष आँसु देख्दा मलाई कति दुःख हुन्छ मदन मेरो बाबु! नरोउ।" भावुक स्वरमा आनन्दबाजेले मनोव्यथा दर्शाउदै मदनलाई छातिमा टाँस्न खोज्छ।

" भनेको मान्दैनौ अटेरी बन्छौ र पो त .... नत्र किन हप्काउथे ....बाबु मेरो अब ज्ञानी बन्छ हगी .... " उनको आवाज आवश्यकता भन्दा बढी भारी भै सकेको थियो। अवरुद्ध कण्ठले मदनको निधारको म्वाई खाँदै स्नेहले थपथपाई रहे र मदन मस्त निद्राले उनको काख मै निदायो। पछि उनी स्वयम कैले निदाए थाहा छैन।

"बा! म पढ्छु .... "

"चुप! पढ्छु ... "चिया बनाउँदै आनन्दबाजे मदनलाई हप्काउदछ जुवा खेल्ने, सिनेमा हेर्नेमा नै फुर्सद छैन .... पढ्ने रे!

"अं! छोडीस तँले! त्यति कुटाई खाएर पनि त बानि सप्रेन तेरो फेरी पसल कसले हेर्छ सधैं त म रहि रहन्न।"

मदन निराश उदास हुन्छ। यस्तैमा चीयाको सर्कों तन्काई रहेको ग्राहक बन्धले हाँसेर सहज ढंगले भन्छ–

"बाबु! पढ्नको लागि त ठूलो कुलमा जन्म लिनु पर्दछ .... तिमी ता अनाथ हौ, न घर द्वार न आमा बाबु .... "

सुनेर आनन्द प्रसाद तत्क्षणको लागि रोमाञ्चित हुन्छन र सम्हलेर अलि झर्को मिश्रित कडा स्वरमा ग्राहकलाई सम्वोधन गर्दै भन्दछन- " महायश! मुख अलि सम्हालेर कुरो गर्नेगर्नु होस है। उप्रान्त मदनलाई अनाथ भने राम्रो हुने छैन .... "

भोलि पल्ट ....।

पसलमा मदनलाई एक्लो बसाई दस बजे तिर आनन्द प्रसाद " म आउँदै छुँ बस है" भनेर कहीं बाहीर जान्छन। झण्डै २ घन्टा पछि फर्केर आउदा पसल बन्द भएको देख्दा अलि आश्चर्य माने।

"मदन। मदन .... ।"

तर जवाफ कहिंबाट पनि आउँदैन। उनले दाहिने मुट्ठीमा केही राखि छोडेको हुन्छन। धेरै बेर यता उति आवाज दिए पछि पनि मदनको पत्तो चलेन। सोध पुछ गर्दा छिमेकी पसलेहरुले पनि अनभिज्ञता नै प्रगट

CC-0. In Public Domain. Digitization by eGangotri

गरे । बदाम बेची रहेको उमेश (मदनको एक सम उमेरको साथी) सित सोद्धा--" मदन त गयो .... म अनाथ छुँ, मेरो कोही छैन भन्थ्यो । मैले आपनै आँखाले उसलाई रेल चढेको देखे थेँ .... " भन्दै पसलको साँचो आनन्द बाजेको हाथमा राखि दियो ।

उनी झसंग भए । उनको जडवत मस्तिष्क फनफन्ति रिङ्न थाल्यो । उनको कसिएको त्यो मुट्ठि ढिला भयो र मौका पाएर थुनिएको बस्तु कागजको टुक्रा जो एक प्राथमिक स्कूलको " प्रबेश पत्र " रसीद थियो जसमा मदनको नाम लेखिएको थियो - हवाको बेगले कता हो कत्ता हुत्याएर पर लैजान्छ मानो उसको निम्ति यो संसार नै बिरानो छ ।★

"यो विचित्र अपराध दण्ड ।"

प्रहरी—"घरमा चोरी भएको सांचो हो ?"

निवेदक—"साच्चै हो हजूर । राती मैले यी आफ्नै आँखाले देखेको ।"

प्रहरी—"त्यसो हो भने चोरले चोरी गरी रहेकै बेलामा मलाई खबर गर्नु पर्ने.......
(रुकेर) अब आफैले चोरी गराएको र अपराधीलाई भगाएको समेत अपराधमा तिमीले दण्ड भोग्नु पर्छ ।" ★

CC-0. In Public Domain. Digitization by eGangotri

पर्यवेक्षकको दृष्टिमा

साथीको स्थान

आजको हाम्रो बिषय भोगमा रुमल्लिएको समाजमा 'साथी' शब्दको मुल्याङ्कन यतिसम्म निम्न स्तरीय भएको देखिन्छ कि साथी भन्नु त "एकै थालमा खानु, एकै तालमा नाच्नु" मात्र हो। जबकि बास्तवमा यस्तो नहुनु पर्नेमा पनि यस्तो कृयाकलापको प्रभाव संख्या वृद्धि भै रहेकोले लाग्छ, एक दिन यो विश्वमा 'आत्मियता र सद्चरित्रता' भनेको कुराको अस्तित्व पनि यी तथाकथित 'मानिसमा रहनेपनि हो कि होईन भन्न गाह्रै छ। जहाँ साथीत्व भनेको आत्मीयता देखिन प्रादुर्भाव हुन्छ त्यहाँ आमोद प्रमोद बाट वशिभूत भएर जागृत भएको साथीत्व वडो फितलो. पतनकारी एवं उद्देश्यहीन हुन्छ। जसबाट नस्वयम व्यक्तिलाई न समाज, समुदाय, देश विश्व कसैलाई कुनै फाईदा होला भन्न तथ्यहीन हो। त्यसै सन्बन्धमा स्पस्ट चिन्तनको रुपमा साथीको स्थानवारे मनोविश्लेषात्मक ढंगले यस लेखमा प्रस्तुत गर्ने प्रयत्न गरिन्छ।

साथी रुपी वन्धनको डोरी माथि कुनै धारीलो हथियारले चोट गरे भैँ साथी समाजमा घटि रहने साना साना घटनाहरुले कतिपय साथीत्वलाई चुंडालेको देखिन्छ। प्राय यस्ता साना तिना घटनाहरु उपर हामी उस्तो ध्यान दिन सक्दैनौं किनभने साथी भाइको गफाष्टे मित्रतामा त्यो एक क्षणिक 'Mood' मात्र सम्झिईन्छ। बस्तुतः यहि कारण हो हाम्रो साथीहरुमा सामिप्यता दरीलो हुन पाउदैन। जुन मित्रतामा आत्मीयता हुदैन त्यहाँ निर्मल सदभावनाको अभावले परस्परमा एक प्रकारले विवाद भै रहन्छ। परिणाम स्वरूप हुन सक्छ त्यो तथाकथित मित्रता नै टुटोस। त्यसैले

CC-0. In Public Domain. Digitization by eGangotri

हामी सबैले त्यस्ता साना तिना घटनाहरुलाई गौण मानेर उपेक्षा गर्नु भन्दा एक क्षण त्यस-माथि विचार गरी हाल्ने बानी बसाल्न सक्नु पर्दछ। यसरी मानिसमा चिन्तन शक्तिको प्रादुर्भावको साथै विवेक र तत्वज्ञान पनि खुल्दै आएमा उसले जस्तो परिस्थितिको पनि सुक्ष्म अध्ययन गरेर बिकट भन्दा बिकट संकटको वेला धैर्य तथा युक्तियुक्त पूर्ण ढंगले सोच्न सक्दछ। यी लक्षणहरु ब्यक्तित्व विकाशमा सहायक मानिने छ।

मानि लेऔं हाम्रा मित्र समुदायमा कुनै एक मित्र यस्तो पारामा ढालिएको छ जस्को दृष्टिकोणमा 'साथी' भनेको कुरा दिनको चौबिस घण्टा मध्ये कम्तिमा १८ घण्टा उसैको अघि-पछि गरी हाँसो ठठ्यौली र अनेकानेक कर्महीन कुराहरु बिना योजनाको कार्यक्रम, तथा बिना उदेश्यको बाटो खोज्नमा रुमल्लिन्छ भने वास्तवमा के त्यस्तो साथीहरुको आजको वर्तमान युगलाई खाँचो छ? यस बिषयमा तपाईको आफ्नो दृष्टिकोण कस्तो हो हामी भन्न सक्दैनौ तर यहाँ बिचारणीय कुरो त के छ भने-'साथीलाई क्षणिक र भौतिक मनोरंजनको सामाग्री (दिन मात्र कटाउने निहुँ) चीयापानको साथी, र बिभिन्न शब्द जालले मात्र प्रभाव पारेर अपनत्व देखाउन चाहने त्यो' मित्रता चरित्र निर्माण, समाज व व्यक्ति निर्माण, कस्को लागि प्रेरक, उपयुक्त व आदर्शमय हुन सक्छ?

जीवनका पहिलो अध्यायहरुमा नै हामी यस्ता पाठ पढ्छौं, त्यसैले यसलाई भ्रम मात्र मान्नु सर्वदा युक्तिसगत हुने छैन। अति गम्भिरिएर बिचार गर्ने हो भने हामी सहज भन्न सक्छौ यस्ता साथीहरु व्यक्तित्व निर्माण व सिर्जनाको बाधक (अर्को शब्दमा औसरवादी) हुन जस्को नीति तटस्थता र रहस्यवादी हुन्छ। यस्ता परिलक्षणका साथीहरुबाट पार पाउनु वा तिनीहरु उपर विजय प्राप्त गर्न वडो गाह्रो कुरो अनुभव गरिन्छ। यस्ता व्यक्तित्व लाई सर्पाेन आफूले मुटु कुट्न सक्नु पर्छ। अन्यथा यस्ता मुख देखा देखि टिकेको साथीत्व वडो कष्टप्रद असंगतिपूर्ण व व्यवहारहीन हुन्छ।

यदि कुनै त्यस्ता परिलक्षणका ब्यक्तिहरु छन् भने उस्को स्पस्ट र स्वस्थ आलोचना जस्तो रामबाणको प्रयोग गर्न सकिन्छ। उ तपाई माथि भारी पर्नु भन्दा पहिले तपाई उस माथि भारी पर्नु पर्छ। साथी समुदायमा उसलाई ईच्छा बिपरीत (सत्या सत्य र यथार्थ कुरामा

CC-0. In Public Domain. Digitization by eGangotri

नात्र तर्क गर्न गराउनु लगाउनु आवश्यक हुनेछ। स्थिति यस्तो हुनु पर्दछ कि उसले रीसाउन पनि न सकोस र कुरा गर्न पनि पछि न परोस। उसको बानी वेहोरको आलोचना समालोचना भन्दा मति गति उसको सोचाईको दृष्टिकोण, व्यक्तिवादी नीति आदि सुक्ष्म कुराहरुको स्वस्थ आलोचना गरिनु पर्दछ। ध्यान दिने कुरा यहाँ के छ भने त्यस्ता व्यक्तिहरु आफ्नो ईच्छालाई नै सर्वो परी र सर्वमान्य ठान्दछन र अरुको बिचार ईच्छालाई भने गौण। त्यसलाई कसैले खण्डित गर्नै गरीयो भने उसको हृदय (जो क्षुद्र हुन्छ) माथि नराम्रो असर पर्न आउछ। अनि उसले आफूलाई दुई व्यक्तिको बीच बेइज्जति भएको अनुभव गर्दछ। यसरी परिणाम नराम्रो हुन जाने संभावना देखा पर्छ त्यसैले बुद्धिमानि त हुन्छ जब उसको कुरालाई हाँ मा हाँ मिलाएर उसको कुरोलाई नै प्रधान र उपयुक्त मानि लिनु पर्छ तर हलुको ढंगले उसको समालोचना गरेर आलोचनाको दवाव पनि पानु पर्दछ। साथै उसमाथि आफ्नो बिचार पनि बसाउनु पर्दछ, यो कहिल्यै बिर्सिन हुन्न। यस्तो व्यक्तिमा मनोवैज्ञानिक असर के पर्छ भने उसले आफ्नो ईच्छा र बिचारको स्वागत भएकोमा चित्त प्रशन्न त मान्छ वा त्यसमाथि हामीबाट बसाईएको बिचार पनि उसको लागि बराबव चिन्तनीय बिषय बनि नै रहने छ। केही दिन सम्मत उसले ध्यान न देला तर बराबरको प्रतिक्रियाले उसमाथि प्रभाव जमाउदै गएको हामी प्रत्यक्ष अनुभव गर्न सक्छौ। यसरी उसमा परिवर्तन आवश्यक हुन्छ, उसको क्षुद्र स्वामिमानीको रुपरेखामा आवश्य परिवर्तन हुनेछ। अन्यथा विवेकान्धको आवेशले जानि जानि सम्बन्ध बिगानि असंतोषमय बातावरणको सृजना गर्ने प्रयासमा लाग्ने छ। अनि आफ्नो तर्फबाट बराबर गरीने निन्दनीय कार्यबाट लज्जित (क्षुद्रतालाई मेटाउन) उ स्वयम आफ्नै तर्फबाट तपाई संगको तथाकथित मित्रता देखि पछि हिड्ने प्रयत्न गरेर आफूलाई वस्तुस्थिति सग चिन्हाउने छ।

एकले अर्कोलाई बुझ्न नसकेरपनि आपसी सम्बन्ध बिग्रेको तथा व्यक्तिवादी नीतिमा अडेर मनोरंजनको साधन बनेको तथाकथित मित्रतालाई स्वस्थ आलोचना बिना हाम्रा युवा समाजका कतिपय साथीत्व आपसमा टुटि रहेको छ। सामिप्यको अभावमा मुखा मुख हाँसि दिने जस्तो औपचारिकता निभाउने साथीत्व प्रगाढ रहेको छ मानिन्दैन न यस्ले परस्परमा अपनत्व जगाएर

CC-0. In Public Domain. Digitization by eGangotri

साथीत्वलाई सार्थक गराउन मदत पु-याउछ। स्थितिमा कसैले कुनै किसिमको उपलब्धि पाउन सक्दैन,' न कुनै जीबन्तमार्ग ।

तर यत्ति मान्नु पर्दछ कि साथीहरुमा जहाँ आपसि हुलको चुटाई (अर्थाय धाप धौल) चल्दैन, त्यहाँ साथीत्व अलि फिक्का जस्तो अनुभव गरिन्छ। बास्तवमा त्यहि हलुको चुटाई नै अत्मीयताको एउटा छोटो परिचायक हो जस्तो हामीलाई लाग्दछ ।

मित्रता मित्रता नै हो राम्रो नराम्रो जस्तो भएपनि। हातको पाँचै औंला अवश्य पनि सबै समान छैन्न । तर पनि हामीले सके सम्म प्रयत्न गर्नु पर्दछ कि ब्यक्तिको उपलब्धि सुख दु:खमा साथ दिने मात्र नभएर एउटा नयाँ युग निर्माणमा संलग्न भएर अविभारा ग्रहण गर्ने क्षमताको निर्माण गर्न सक्नु आजको युवा साथीहरुको प्रमुख्य आवश्यकता हो ।

❀

"गैंडा खोई ?"

★ टुरिष्ट—"खै। चितौनको जंगलमा गैंडाहरु थुप्रै पाईन्छ भनेको ? यहाँ त मैले १०/१५ 'बाहेक बढी देखिन, यहाँको सबै गैंडा खोई ?"

★ प्रदर्शक—"जनकपुर चुरोट कारखानामा चर्न गएकोले होला, महाशय ।"

"यस्तो पनि हुन्छ ?"

★ एक सज्जन—"क्या हो यो हुलाक कार्यालय। श्रीपुर देखि मुर्लि सम्म पठाएको पत्र पुग्नलाई सिङ्गै १/१ वर्ष लाग्छ र ?"

★ "हुलाक अधिकृत—"के भन्नु हुन्छ तपाई। पत्र कैल्येकोछ खै, मिति हेरुं ।"

★ सज्जन—"लौ हेर्नुस (पत्र देखाउंदै)—०२८-१२-३० मा पठाएको पत्र मिति ०२७-१-१ मा पाएकोछु —भएन त पूरा एक वर्ष-। यस्तो पनि कहि हुन्छ !"

—:❀:—

आकर्षण

★ रीता वैद्य

जब म १२।१३ वर्षको थिए तब मेरो कक्षामा एउटी अत्यन्त राम्रो केटी थिईन। तर उनको स्वभाव सबैलाई तिरस्कार गर्ने रीसाउने प्रवृत्तिको थियो। धन वैभवले परिपूर्ण भएर होला 'दया' भन्ने शब्दको अंश मात्र पनि तिनमा थिएन। तिनलाई सबैले मन पराउंदथ्यो। आमा बाबु पनि अरु छोरा छोरीहरूलाई भन्दा उसलाई नै बढी माया गर्दथे। एक पल्ट भएको आगोको दुर्घटनामा ती रुपकी गर्विणी कोईला सारी भईन। औषधि उपचारको उप्रान्त तिनको प्राण त बाच्यो तर रुप बिग्रेर गरीमा स्वाहा भयो। अब उसलाई कोही मन पराउदैनन।

यो घटना मेरो मनोमष्तिष्कमा गाँठो जस्तो परेर बसेको थियो। बिर्सिन चाहेर पनि मैले त्यो बिर्सिन सकिन। एक दिन म आफ्नो एक साथीको घरमा गएको थिए, त्यहाँ मेरो भेट साथीको दिदीसंग भयो। वहाँ हामी भन्दा धेरै ठूली र जेठी बाठी भएकीले मैले सोचे – शायद वहाँले मेरो प्रश्नको उत्तर राम्ररी दिन सक्नु हुनेछ। अनि मैले उपरोक्त सबै घटनाको बयान गरेर सोधे - 'के कारणहो पहिले सबै उसलाई माया गर्दथे, त्यस घटना पछि सबैका दृष्टिकोणले बदलिएका जस्तो पाए।" या कुरो सुनेर वहाँले भन्नुभयो – सम्पूर्ण संसार एउटा यस्तो कुरामा आधारित छ जसको अभावमा सांसारिक प्राणी बाच्न सक्दैनन। र जीवन अधुरो र रीत्तो प्राय मानिन्छ। त्यो हो आकर्षण।

"आकर्षण धेरै किसिमको हुन्छ जस्तो रुप, रंग, गुण र धन। मानिसमा कुनै न कुनै किसिमको आकर्षण हुने गर्छ। आकर्षणको अभावमा स्नेह माया, दया, प्रेम, अपनत्व आदि केही पनि कसैले कसैबाट पाउन सक्दैन। सबै मानिस स्वार्थको भावनाले ग्रसित छन। भन्न त सबै भन्छन म स्वार्थी होईन तर स्वार्थ

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने भावना मानिसमा कुनै न कुनै रुपमा अवश्यरहेको हुन्छ त्यो चाहे कलुषित होस वा आदर्शनै। यदि आकर्षणनै छैन भने त्यहाँ न अपनत्व हुन्छ न स्नेह सहानुभूति नै बरु उ अपरिचीत उपेक्षित व तिरस्कृत हुन्छ। हो यो कुरो अर्को हो कि सबै जस्तो आकर्षकका आफ्ना विभिन्न प्रकृया र अवस्था हुन्छन। जस्तो रुपको प्रतिकृया तुरन्तै हुन्छ तर क्षणिक हुन्छ। रुप बिग्रेमा त्यो अवस्था रहदैन। यहि स्थिति रुप, रंग, र धनकोपनि हुन्छ तर गुणको आकर्षण सविस्तार प्रतिकृयात्मक हुदै जान्छ जो चीर–काल सम्म दीगो र स्थाई रहन्छ।

वहाँले यस प्रकार रुपगर्विता र घमण्डीपनाहरुकोपनि निकै व्याखान दिनु भयो।

मैले वहाँको कुरो सुनेर बुझेपनि तर मेरो मस्तिष्कको गाँठो पूर्ण रुपले खुलेको थिएन। त्यस्को केही दिनपछि मैले आफ्नो बारीमा एउटा अति राम्रो र सुबासित फूल फलेको देखें। त्यस फूलले मलाई ज्यादै आकर्षित पा-यो। त्यस फूलबाट गम्किएर आईरहेको सुगन्धले मलाई पूर्णरुपले रिझायो। अलिक बेरपछि म आफ्नो कोठा भित्र पढ्न गए। अर्को दिन हेर्दा त्यो फूल पैले भन्दा ओईल्याई सकेको रहेछ। तर त्यसवाट अझै आईरहेको हलुको तर सुबासित बास्ना जस्ताको त्यस्तै रहेको मैले पाएं। म कोठाभित्र पढीरहेको बेलामा त्यो मधुर (प्रिय) बास्ना हवा संगै कोठामा आउथ्यो र म बिमुग्ध भै आनन्दित हुन्थे। दुईचार दिन पछि फूल झरेर गयो, उसको अस्तित्व पनि सुकिलो पात संग झरेर गयो तर त्यो मिठो सुबासना मेरो स्मृति पटलमा यस प्रकारले चिरस्थायी रह्योकि उस्को अस्तित्व केही गरेपनि मेरो आफ्नो मनोमस्तिष्कबाट हटन सकेन! अझपनि जब म आफ्नो कोठामा पढी रहेकि हुन्छु, हवामा मिश्रीत भएर आउने हलुको र मधुरो सुबासनाले मलाई ताजा अनुभव गराईरहेको हुन्छ। यसले एउटा राम्रो विचार प्रदान गर्दछ, एउटा सुकोमल भावनालाई सिर्जेर हृदय तथा मस्तिष्कलाई आल्हादित तुल्याई रहेको हुन्छ। म सोच्ने थाल्दछु – अन्ततः त्यो फूल वैलाएर गयो तर उसलाई मैले बिर्सिन सकिन किन? तब मेरो विवेकले जवाफ दिन्छ - बासनाले गर्दा, जो त्यस फूलको गुण थियो र ममा पूर्णरुपले व्याप्त भैसकेको छ।

मलाई लाग्छ मेरा साथीको दिदीले भनेको कुरा सत्य हो किनकि त्यसको सत्यता मैले फूलको दिग्दर्शनवाट पूर्णरुपले जाने। आज मलाई लाग्छ, त्यो मेरो लागि शिक्षाप्रद थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ले गर्दा यस्ता जटिल प्रश्नको उत्तर बुझ्ने क्षमता ममा आयो र म संसारको एउटा ठोस वास्तविकतासंग परिचित हुन सके, त्यस फूलप्रति आज पनि मेरो मनमा अगाध स्नेह, श्रध्दा र प्रेरक रहेको छ। त्यस फूलवाट प्रेरित भई मेरो मनले भन्छ - बाह्य आकर्षक भन्दा प्राकृतिक (स्वभाविक) आकर्षण सबैमा ठूलो व उत्तम हो। जसरी फूलको सुन्दरता धेरै दिन सम्म रहन सक्दैन, त्यस्तै मानिसमा भएको वाह्य आकर्षण पनि क्षणिक हुन्छ तर स्वभाविक आकर्षण फूलको वासना झैं धेर दिन सम्म रहन्छ। तसर्थ वाह्य आकर्षण (रुप, रग धन) भन्दा स्वभाविक आकर्षण (गुण) माथि गर्व गर्न सक्नु उचित व उत्तम हो।

★

★ ★

"कटु सत्य !!"

छात्र—"सर ! '*Hug*' माने के हुन्छ ?"

सर—"सुगुरको बच्चा"

छात्र—"अनि, '*owl*' माने के नी ?

सर—"उल्लु"

छात्र – "*Idiot* माने ?"

सर—"मुर्ख—महामुर्ख"

केटा – "अत्तिभयो सर ! तपाई हामीलाई गालिमात्र दिएर पढाउन चाहनु हुन्छ भने भोलि देखि हामी स्कूल आउन सक्दैनौ सर।"

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रकथा

ठूँठो बोल्छ

–हरि "मुरेली"

मेरो हातमा एउटा चाक्लो र बाक्लो कागज छ – बाङ्गो टिङ्गो रंगहरुको, हास्याप्रद धर्सोले भरीएको त्यो कोरिएको कुनै चित्र नै रहेछ; जसलाई म घोरीएर बुझ्ने प्रयत्न गरी रहेको हुन्छु। त्यो इतिहासमा हराएर गएको कुनै पानो झैं मेरो आँखितिर उभिएको छ प्रत्येक कोरीएको धर्सोले एउटा साकार चित्रणलाई ब्युताएर कुनै अभाग्यताको मौन कथा बुझाई रहेको जस्तो .... ।

म हेर्छु, त्यो कागज एउटा बिस्तृतमा निकै चाक्लि रहेको छ, धर्सोहरुको एउटा जीउँदो स्वरुप छ रुख बोलि रहेकोछ, बतास बगी रहेको र चरी खेली रहेको छ। त्यहाँ एउटा चुटुक्क बान्किपरेको त्यो सानो गाउ, लहलहाउँदो धान बालीको सुन्दर बृतमा क्या राम्रो रहरले शोभिएको वरी परी पहेली वासन्ति परिधानमा, मानो कुनै नौलि दुलही लाजले भुतुक्क घोप्टीएकी छ, साँच्चै ! त्यो पाकेको धानको बाला झैं परिपुष्ट आँखा लाग्दो ठाँउ थियो। त्यसै उद्यानमा एउटा कुसुम भर्खरै फक्रिएको छ उ त्यो पारिजात लागेको चर्हाकिलो स्वच्छ आँगनमा। अहो! त्यहाँ त्यो कस्तो जून हो। आकाशका निर्मल सिउँदा भएर झरेको वा उज्जवल दुधले नुहाएकी परी हो, भर्खरै त्यो साना दैलमा झुल्केकी छ। हेर! उसको त्यो लावण्य गरीमा, हिमल गर्वले भन्छ–"त्री मेरी छोरी हुन।"

अकस्मात् सुगाको एक हुलले आकाश गुन्ज्यायमान हुन्छ "अति सुन्दर ! सौभाग्यशाली !" र छिमेकीको घर तिरबाट

CC-0. In Public Domain. Digitization by eGangotri

एक जमात वाल बालिकाहरू घेरा हालेर आई पुग्छ ताराहरूले चन्द्रमालाई अङ्गालो हाल्न आए जस्तो । कत्ति रमाईलो छ त्यो क्षण । समुहको मधुर बोली – भोलि जन्ती आउँछ डोको बोकी ल्याउँछ, दिदी जान्छ पर .... र .... दुलहाको घर" सुनेर उसको कलिलो हृदय पुलकीत हुन्छ । यस्तो लाग्थ्यो एकै साथ उद्यानमा हज्जार फूल फूलि दिएको छ; जस्तो निशिको छातीमा तारकदल । सिन्दुरे लाजको लालीले मुहार हाँसिलो भयो गुराँश झैं उ भावातिरेत प्रशन्नमन केटा केटीहरूलाई हप्काउँदै पन्छयाउँदै घर भित्र पस्छिन् । तर आँगन सिन्दुरे लाजको लालिले रमणीय थियो, वातावरण चरीको मंगलगानले तारम्य थियो । शिशुहरु दिदीको बिबाहको कल्पनामा बिभोर हुँदै असीम हर्ष प्रगट गरी रहेका थिए र रूख बोलि रहेको थियो – " भोलि उसको बिहे छ .... । "

× × ×

हो ! त्यसले होला, आज चौतर्फ आनन्द र हर्षको मधुर स्पन्द छाएको बुझिन्थ्यो । अङ्ग अङ्गमा चपलता उन्मादले पूर्ण चंचल पुतली भएर आकाशी जाँउर्कि जस्तो छ । भानुको यौवन जीउमा, मुहारमा कान्ति प्रदीप्त, गद्दभरी मदीरा लिएको नयन कमल झैं तालवीच शोभायुक्त छ त्यस हाँसिलो पुरुषको सौम्य चितवन, मृदुबचन । सरिता झैं निश्चिन्त , बतास झैं निर्भय । हाङ्गो गोडा छ उसको कमलको पात जस्तो, एकसरो खुकुलो भोटो छ पुष्ट जीउसंग जिस्किरहेको — कम्मरको पातलो गेरुवा पटुका लाज मानेर लत्रिएको र उ हिंडीरहेको छ– हृदयमा अनेकन नवआकाँक्षा व अभिलाषाहरु बोकेर कल्पनाहरुमा बिचर्दै – " क्या मधुरो बेला हुनेछ भोलिको, अहो ! जब कोही पारीजातको हाङ्गो झैं बासन्ति परिधानमा सुसज्जित सारा उद्यानका बासनाहरुलाई बटुलेर मेरो छेउ आउनेछ त्यस वखत सारा निशिमा म जूनहरु छरी दिनेछु । विश्वमा सृजनाका ईश्वरीय प्रतापलाई शो छाती भरी लहलहाउदो धानवालाले सुशोभीत तुल्याउनेछु । अनि हिमालले हामी दुबैलाई आफ्नो काखमा राखेर अनि स्नेहले भन्नेछ — " कसले भन्छ मेरो हृदय पाषाण पत्थरको हो ? हेर ! हेर !! शताव्दी देखिनै यो हियारावाट सृजना–को धारा सुसाएको छ तिमीहरुकै लागि त हो नी .... " अनि धरतीले उसको पाईतालामा धर्सो कोर्छ एउटा स्पन्द जीवनको गति

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्छ र उ स्नेहको पराग छर्दै प्रफुल्ल मन खेत को आली आली नालाको तिरै तीर अघि वढदै जान्छ ।

x x x

तर! अकस्मात् गगन हाहाकार गरी चिच्याउँदछ .... !

धरतीवाट उठेको अहंकारको मुस्लोमा सारा रहरका उद्यान धुजा धुजा हुन्छ । अहो ! यो कस्तो अत्याचार, मानिसको मानिस माथि घात प्रहार ! हा ! स्वार्थ तैलें एउटा हृदयलाई पनि छाडिनस् । खै ! त्यो मधुर हास्य हरु ! बोल्ने रूखहरु र खेल्ने वतास । कहाँ छ, पारिजात लागेको बसुन्धराको त्यो रमणीय आँगन ? कहाँ गयो पल्लवित त्यो वृतको सुन्दर हाङ्गो, वासन्ति परिधानले श्रृगारीएको गाँउ ? खै ! त्यो धानका बालाहरु जीवन सिच्ने श्रमिकको लहलहिदो धन ? क्या हो ! त्यो सबै मृग मरिचीका त थिएन या चित्रकारको कपोल कल्पना ? तर रौतहटको भूमि यस्का साक्षी छ, डढेर भएको त्यो खरानीका राशी; त्यो पोलिए-को ठूंठो खम्बाहरु, लुछिएको अस्थि पञ्जरहरु । कूचिएको भाँडा, घोटिएका बेढी भखारी रित्तिएको खेत र आँगन सुकेको ईनार र कुलोहरुले त्यो अमानुसिक दारुण कथालाई के बिर्साउन रुवलार ? मानव कल्याण र जन आकांक्षाको त्यो अधुरो तिर्सना कसले पुऱ्याउने ? यो के कथाकारको कथा-रचना र चित्रकारको कल्प कुचीले सम्भव छ ?

卐

के तपाईलाई थाहा छ ?

★ संसारमा सबै भन्दा अग्लो उचाईमा बनाईएको बाँध नेपालमा कोशी नदीको चतरा बाँध हो ।

★ वैज्ञानिक हरुले पत्तो लगाएका छन् कि विश्वमा कुनै क्षण पनि प्रलय हुन्छ सक्छ !

CC-0. In Public Domain. Digitization by eGangotri

सुकेको खोला

★ अमृत नकर्मी

वेदनाले रंगिएको यो मेरो मुटु हेरी देउ
यदि तिमी हेर्न सक्छौ भने,
गुनासो यो मेरो अन्तरआत्माको सुनी देउ
यदि तिमी सुन्न सक्छौ भने
धमिलो छ रंग मेरो मुटुको
व्यथित छ ध्वनि मेरो अन्तरआत्माको
सक्दैनौ हेर्न तिमी, सक्दैनौ सुन्न पनि
किनकि तिमी नै हो कारण यस्को।
मेरो आँखाबाट बगेका खोलाहरु
तिमीसम्म कहिल्यै पुगेन;
मेरो व्यथाको बिरह गीत
तिमीले कहिल्यै सुनेन।
सुन्छौ पनि कसरी र तिमी
रोक्छ चांदीका पर्खालले,
बाटो छैन तिमी छेउ पुग्न
अब बाहेक चिताको साधनले।
मसानको बाटो भई चिहानको साधन गरी
आई पुग्छु म तिमी कहां,
तर कैं तिमी,
मेरो बाटो पर्खि रहन्छौ र त्यहां।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको आर्थिक विकासमा भूमि सुधार

—प्रो॰ मोहन प्रसाद उपाध्याय
श्री ठाकुर राम कलेज

विकासको प्रकृति, लक्षण र मात्राले गर्दा आधुनिक संसारका देशहरुमा भिन्नता पाइन्छ। केही देशहरुमा उन्नत अर्थव्यवस्था पाइन्छ र त्यहाँका बासीहरु उच्चजीवनस्तरमा छन् त अर्को पट्टि तुलनात्मक गरीब देशहरु पनिछन् जहाँका बासीहरु साधारण जीवन स्तर (*Normal standard of living*) पनि पाएका छैनन्, किनकि त्यहाँ प्रति व्यक्ति आय बहुत नै कम छ। अब हामी अर्धविकसित अर्थव्यवस्था (*Under developed economy*) को विषयमा विचार गरौं।

यु॰ एन॰ विशेषज्ञ अनुसार अर्धविकसित अर्थ व्यवस्थाको मतलब त्यस्तो अर्थव्यवस्था हो जहाँको प्रति व्यक्ति यु. एस. ए., कनाडा, अष्ट्रेलिया र पश्चिमी युरोपको तुलनामा कम हुन्छ (*The U. N. experts mean by uuder developed economy as one in which per capita real income is low when compared with the per incomes of the U. S. A., Australia, Canada and Western Europe*).

बुचानन (*Buchanan*) र इलीस (*Ellis*) को परिभाषानुसार अर्धविकसित देश भनेको त्यो देश हो जहाँको उपभोग र भौतिक जीवन-हितको बस्तु उन्नत देशको तुलनामा निम्नस्तरको हुन्छ। अर्धविकसित अर्थव्यवस्था को अर्धउपयोगित (*under utilised*) वा अनुपयोगित (*unutilised*) साधन हरु उपभोगयोग्य अवस्थामा रही वर्तमान जनसंख्याको उच्चजीवनस्तर बनाउने संभावना बनाउँदछन्। यस्तो देशको प्रतिव्यक्ति आय कम हुन्छ, तर यसमा विकासको क्षेत्र सदा बनिरहन्छ।

युनाइटेड नेसन्सको प्रकाशन, अर्धविकसित देशको आर्थिक विकासको उपाय (*Measures for the Economic Development of under developed countries*) ले अर्ध-

CC-0. In Public Domain. Digitization by eGangotri

विकसित देशको निम्नलिखित लक्षणहरु दिएको छ—

(१) यस्तो देशले कृषिमा अत्यधिक भार दिन्छ। कच्चामाल Raw materials) र खाद्य पदार्थ (*food stuffs*) नै अर्धविकसित देशको मुख्य उपज हुन्छ। जनसंख्याको ठूलो भाग कृषिमा नै आधारित हुन्छ र कृषिनै राष्ट्रिय आयको ठूलो साधन हुन्छ। कुनै-कुनै अर्धविकसित देशमा खानीको उत्पति नै राष्ट्रिय आयको ठूलो साधन हुन्छ तर यस्ता देशहरु बहुत नै कम छन्।

यस प्रकार अर्धविकसित देशमा कृषि बाहुल्य हुन्छ र उद्योग शैशवावस्थामा नै हुन्छ किनकि उद्योगहरु सानो-सानो र उपभोग वस्तु संग नै सम्बन्धित हुन्छन्। औद्योगिक नियुक्तिमा परम्परागत दस्तकारी उद्योगको नै ठूलो हात हुन्छ। जनसंख्याको ठूलो भाग कृषिमा नै आधारित हुने भएकोले कृषि व्यवस्था र भूमि अधिकार (*Land Tenure*) ले अविलंबित सरकारी ध्यानको आवश्यकता देखाउँछ।

(२) यस्तो देशले जनसंख्यावृद्धिको खराबी मात्र पाउँछ। जनसंख्याको दबाव अर्धविकसित देशको उन्नतिमा बाधक सिद्ध हुन्छ। अर्धविकसित अर्थव्यवस्थामा जनसंख्याको दबाव तीन कारणहरुबाट हुन्छन् :—

(क) उच्च जन्मदर (ख) निम्न मृत्युदर
(ग) अर्धरोजगारी (*under employment*)

पूँजी भन्दा श्रमको बाहुल्य भएमा प्रतिव्यक्ति आय कम हुनेछ। श्रमको पूर्ति माँग भन्दा बढता भएमा त्यो देशको उन्नतिमा ठूलो बाधा पुग्दछ र श्रमको सीमान्त उत्पादन (*marginal porduct*) बहुत कम हुन्छ। यस प्रकार त्यहाँ लुकेको बेरोजगारी (*disguised or concealed unemployment*) हुन्छ।

(३) यस्तो पूँजीको कमी अत्यधिक मात्रामा हुन्छ। अर्थात अर्धविकसित देशमा अकुशल अतिरिक्त श्रम (*unskilled surplus labour*) को तुलना पूँजीको ठूलो कमी हुन्छ। त्यसकारण प्रतिव्यक्ति अधिकतम उत्पादन (*per head maximum output*) बड़ो गाह्रो हुन्छ। यस्तो देशमा पूँजी संचय (*Capital Accumulation*) बहुत कम हुन्छ। जस्तो पाकिस्तान र भारतमा सम्पूर्ण विनियोग (*Gross investment*) सम्पूर्ण राष्ट्रिय उत्पादन (*Gross National Pr-*

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय प्रजातन्त्र दिवस, २०२६ को

पुनित अवसरमा

सबै ग्राहक र शुभचिन्तकहरूमा

हार्दिक शुभ कामना

विन्ध्यवासिनी आयल स्टोर्स

मुरली, बीरगंज

---

७ फाल्गुण २०२६

स्वतन्त्रता दिवसको महान् उपलक्षमा

समस्त नेपालीहरूको सुखद शान्ति र समृद्धिको

कामना गर्दछौं

दि हिमाल कन्फेक्सनरी प्रोडक्ट्स

मुरली बीरगंज

श्री ५ त्रिभुवन जयन्तीको पुनित अवसरमा

स्व. श्री ५ त्रिभुवन प्रति

हार्दिक श्रद्धाञ्जली अर्पित गर्दै

प्रजातन्त्र दिवसको महान् उपलक्षमा

हार्दिक शुभ कामना

श्री हिरानन्द रमेश कुमार

इण्डीयन आयल डिलर्स, मुरली (बीरगंज)

CC-0. In Public Domain. Digitization by eGangotri

oduct)। को केवल ७ र ६ प्र० मात्र हुन्छ जबकि अमेरिका र कनाडामा यो १५ देखि १८ प्र० श० सम्म हुन्छ।

अर्धविकसित देशको वचत पनि बहुत नै कम हुन्छ र यो साधारणतः ५ प्र० श० भन्दा बढता हुंदैन र यसै अनुसार विनियोग पनि कम हुन्छ। नया पूँजी रचना (*New capiial formation*) को (*amount*) जनसंख्या वृद्धिलाई मुश्किलले भेट्टाउन सक्छ। यस्तो देशका व्यापारी र उद्योगपतिहरु साधारणतः उपभोग वस्तु उद्योग (*Consumer good industry*)मा नै विनियोग गर्न चाहन्छन्। यस प्रकार उत्पादन बस्तु उद्योग (*prodncer good industry*) लाई उपेक्षा गरिन्छ।

यहाँ केवल पूँजीको मात्र कमी रहँदैन वरू वैज्ञानिक ज्ञान, शिल्प, शिक्षा, अनुसन्धान आदिको पनि बहुत नै कमी हुन्छ र यस्ले देश विकासमा ठूलो बाधा पुऱ्याउँछ। यस प्रकार त्यस देशको पूँजीको उत्पादन शक्ति बहुत कम हुन्छ अर्थात् पूँजी-उत्पादन दर (*capital-output ratio*) कम हुन्छ।

पूँजीको कमीले देशविकासमा बाधा पुऱ्याउँछ। यस्को अतिरिक्त अधिकतम उत्पादनको निमित्त उत्पादनको विभिन्न पहलुहरु मा विवेकीकरण (*Rationalisation*) हुनु आवश्यक छ र यस्को कमी साधारणतः अर्धविकसित अर्थव्यवस्थामा पाइन्छ। अर्थशास्त्रीहरु यस घरेलु आर्थिक रुकावटहरुलाई 'दुःख चक्र (*vicious circles*)' भन्दछन् जुन निम्नलिखित चित्रबाट स्पष्ट हुन्छ।

-चित्र-



CC-0. In Public Domain. Digitization by eGangotri

चित्रले यो स्पष्ट गर्छकि गरीब देश गरीब हुन्छ किनकि त्यो गरीब छ (*'a poor country is poor, because it is poor*) निम्न वास्तविक आमदानी (*poor real income*) निम्न मांग (*poor demand*) को कारण र प्रभाव दुवै हो जसबाट निम्न बचत (*poor saving*) निम्न विनियोग (*poor investment*) र फेरि निम्न वास्तविक आमदानी हुन्छ।

उपरोक्त कुराबाट हामी दुईटा निष्कर्ष निकाल्न सक्छौं:

(क) अर्धविकसित देशको संभावित उत्पादन (*potential output*) र यथार्थ उत्पादन (*actual output*) का बीच ठूलो खाल्डो हुन्छ। (ख) विकसित देश र अर्धविकसित देश बीचको खाल्डो ठूलो हुँदै जान्छ किनकि विकसित देशको गति तीव्र हुन्छ।

अब यो दुई चीजबाट कसरी मुक्त पाउने यस विषयमा विचार गर्नु पनि आवश्यक जस्तै लाग्छ। उपरोक्त 'दुःख चक्र' चित्रमा हामी पाउछौं कि अर्ध विकसित देशको उन्नतिको बाटोको तगारोहरु (**Obstacles**) ले एक अर्कोलाई ओगटी राखेको छ र ती तगारोहरुको गति तलतिर (**Downward move**) हुन्छ। त्यसकारण अर्धविकसित देशको उन्नति निमित्त यो गतिलाई माथि तिर (**upward move**) लग्नु आवश्यक छ। अर्थात दुःख चक्रलाई सुखचक्रमा बदल्नु आवश्यक छ र यस्को लागि त्योदुःखचक्रलाई तोडी त्यस्को बाटो सुखचक्र तिर लग्नु पर्छ यो सुखचक्र तिरको बाटो पहिल्याउनको निमित्त देशको आर्थिक अवस्थालाई दुई भागमा बाड्नु आवश्यक छ (क) कृषि खण्ड (**Agriculture Secter**) र (ख) व्यवसाय खण्ड (**Business Sector**) यहाँ व्यवसाय खण्डको अन्तर्गत (१) व्यापार (**Trade**) (२) वाणिज्य (**Commerce**) र (३) उद्योग (**Industry**) तीनै कुरा ल्याउनु आवश्यक छ। अर्थव्यवस्थाको यो दुवै महत्वपूर्ण खण्डहरुमा अत्यन्न घनिष्ठ सम्बन्ध छ र एकको बिना अर्कोको उन्नति मुश्किल हुन्छ।

कहिले काहीं अर्थशास्त्रीहरुका बीच यो दुवैमा कुनलाई धेरै ग्राह्यता दिने कुरा लिएर विवाद खडा हुन्छ। तर आधुनिक आर्थिक इतिहास (**Modern economic history**) को पृष्ठभूमिले यो सिद्ध गरेको छ कि

CC-0. In Public Domain. Digitization by eGangotri

देश विकासको निमित्त कृषि विकासलाई प्राथमिकता दिनु आवश्यक छ र यो कुरा अर्धविकसित कृषि प्रधान देशको निमित्त मुख्यरुपमा लागु हुन्छ। उदाहरणको रुपमा हामी नेपाल, भारत, चीन, पाकिस्तान आदिलाई लिन सक्छौं।

हाम्रो देश नेपालको अर्थव्यवस्था अर्ध-विकसित अर्थव्यवस्थ (**Underdeveloped economy**) हो भन्नमा कुनै अत्युक्ति होला जस्तो लाग्दैन। नेपाली कृषि विकास हाम्रो देश विकासको निमित्त अत्यन्त आवश्यक कुरो भएको छ किनकि यस्ले :–

(१) देशावासीको आम्दानी र उत्पादनमा वृद्धि गर्दछ (increase in income and output) र यसबाट उच्च जीवन स्तर हुनेछ।

(२) आमदानीको वृद्धिले उच्च दरमा बचत (higher rate of saving) हुनेछ र यस प्रकार उच्च दरमा विनियोग (higher rate of investment हुनेछ। जसबाट फेरि आमदानीमा वृद्धि र उच्चदरमा विनियोग हुनेछ।

(३) आमदानीको वृद्धिले उत्पादित वस्तुको बजार विस्तृत हुनेछ।

(४) कृषि उत्पादन वृद्धि भएमा खाद्य पदार्थको पूर्तिमा पनि वृद्धि हुनेछ।

(५) कृषि उत्पादन वृद्धिले कच्चा मालको पूर्ति गर्नेछ जुन देशको औद्योगिक विकासमा सहायक हुनेछ।

(६) कृषि उत्पादन वृद्धिले खाद्यपदार्थ र कच्चामालको निर्यातमा पनि सहायता दिनेछ जुन विदेशबाट देशको औद्योगिक र कृषि विकासको लागि मशीन, औजार आदि आयात गर्नमा सहायता दिनेछ।

देशको विकासमा कृषिको ठूलो हात हुन्छ तर यस्को लागि कृषकहरुलाई प्रोत्साहन दिनुको साथसाथै राज्यको सीधा सम्पर्क हुनु पनि आवश्यक छ। राज्यको काम केवल शक्ति, सिंचाई, बाटो आदि बनाई दिनाले मात्र सकिन्न बरु अरु केही प्रोत्साहनको काम गर्नु पनि आवश्यक छ जस्तो विभिन्न उचित अभिकर्ताहरु (agents) द्वारा अर्थ बजार, सामाजिक सुरक्षा, प्राविधिक सल्लाह आदिको व्यवस्था गरि दिनु।

नेपालको इतिहासमा भूमिसुधार तर्फ प्रत्यक्ष कदम चालिएको सबभन्दा पहिले जयस्थिति मल्लको पालामा पाउन सक्छौं। त्यस

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रले यो स्पष्ट गर्छकि गरीब देश गरीब हुन्छ किनकि त्यो गरीब छ (*'a poor country is poor, because it is poor'*) निम्न वास्तविक आमदानी (*poor real income*) निम्न मांग (*poor demand*) को कारण र प्रभाव दुवै हो जसबाट निम्न बचत (*poor sauing*) निम्न विनियोग (*poor investment*) र फेरि निम्न वास्तविक आमदानी हुन्छ।

उपरोक्त कुराबाट हामी दुईटा निष्कर्ष निकाल्न सक्छौं:

(क) अर्धविकसित देशको संभावित उत्पादन (*potential output*) र यथार्थ उत्पादन (*actual output*) का बीच ठूलो खाल्डो हुन्छ। (ख) विकसित देश र अर्धविकसित देश बीचको खाल्डो ठूलो हुँदै जान्छ किनकि विकसित देशको गति तीव्र हुन्छ।

अब यो दुई चीजबाट कसरी मुक्ति पाउने यस विषयमा विचार गर्नु पनि आवश्यक जस्तै लाग्छ। उपरोक्त 'दुःख चक्र' चित्रमा हामी पाउछौं कि अर्ध विकसित देशको उन्नतिको बाटोको तगारोहरु (**Obstacles**) ले एक अर्कोलाई ओगटी राखेको छ र ती तगारोहरुको गति तलतिर (**Downward move**) हुन्छ। त्यसकारण अर्धविकसित देशको उन्नति निमित्त यो गतिलाई माथि तिर (**upward move**) लग्नु आवश्यक छ। अर्थात दुःख चक्रलाई सुखचक्रमा बदल्नु आवश्यक छ र यस्को लागि त्यो दुःखचक्रलाई तोडी त्यस्को बाटो सुखचक्र तिर लग्नु पर्छ यो सुखचक्र तिरको बाटो पहिल्याउनको निमित्त देशको आर्थिक अवस्थालाई दुई भागमा बाड्नु आवश्यक छ (क) कृषि खण्ड (**Agriculture Secter**) र (ख) व्यवसाय खण्ड (**Business Sector**) यहाँ व्यवसाय खण्डको अन्तर्गत (१) व्यापार (**Trade**) (२) वाणिज्य (**Commerce**) र (३) उद्योग (**Industry**) तीनै कुरा ल्याउनु आवश्यक छ। अर्थव्यवस्थाको यो दुवै महत्वपूर्ण खण्डहरुमा अत्यन्त घनिष्ठ सम्बन्ध छ र एकको बिना अर्कोको उन्नति मुश्किल हुन्छ।

कहिले काहीं अर्थशास्त्रीहरुका बीच यी दुवैमा कुनलाई धेरै ग्राह्यता दिने कुरा लिएर विवाद खडा हुन्छ। तर आधुनिक आर्थिक इतिहास (**Modern economic history**) को पृष्ठभूमिले यो सिद्ध गरेको छ कि

CC-0. In Public Domain. Digitization by eGangotri

देश विकासको निमित्त कृषि विकासलाई प्राथमिकता दिनु आवश्यक छ र यो कुरा अर्धविकसित कृषि प्रधान देशको निमित्त मुख्यरुपमा लागु हुन्छ। उदाहरणको रुपमा हामी नेपाल, भारत, चीन, पाकिस्तान आदिलाई लिन सक्छौं।

हाम्रो देश नेपालको अर्थव्यवस्था अर्धविकसित अर्थव्यवस्थ (**Underdeveloped economy**) हो भन्नमा कुनै अत्युक्ति होला जस्तो लाग्दैन। नेपाली कृषि विकास हाम्रो देश विकासको निमित्त अत्यन्त आवश्यक कुरो भएको छ किनकि यस्ले :–

(१) देशाबासीको आम्दानी र उत्पादनमा वृद्धि गर्दछ (increase in income and output) र यसबाट उच्च जीवन स्तर हुनेछ।

(२) आमदानीको वृद्धिले उच्च दरमा वचत (higher rate of saving) हुनेछ र यस प्रकार उच्च दरमा विनियोग (higher rate of investment हुनेछ। जसबाट फेरि आमदानीमा वृद्धि र उच्चदरमा विनियोग हुनेछ।

(३) आमदानीको वृद्धिले उत्पादित वस्तुको बजार विस्तृत हुनेछ।

(४) कृषि उत्पादन वृद्धि भएमा खाद्य पदार्थको पूर्तिमा पनि वृद्धि हुनेछ।

(५) कृषि उत्पादन बृद्धिले कच्चा मालको पूर्ति गर्नेछ जुन देशको औद्योगिक विकासमा सहायक हुनेछ।

(६) कृषि उत्पादन बृद्धिले खाद्यपदार्थ र कच्चामालको निर्यातमा पनि सहायता दिनेछ जुन विदेशबाट देशको औद्योगिक र कृषि विकासको लागि मशीन, औजार आदि आयात गर्नमा सहायता दिनेछ।

देशको विकासमा कृषिको ठूलो हात हुन्छ तर यस्को लागि कृषकहरुलाई प्रोत्साहन दिनको साथसाथै राज्यको सीधा सम्पर्क हुनु पनि आवश्यक छ। राज्यको काम केवल शक्ति, सिंचाई, बाटो आदि वनाई दिनाले मात्र सकिन्न बरु अरु केही प्रोत्साहनको काम गर्नु पनि आवश्यक छ जस्तो विभिन्न उचित अभिकर्ताहरु (agents) द्वारा अर्थ वजार, सामाजिक सुरक्षा, प्राविधिक सल्लाह आदिको व्यवस्था गरि दिनु।

नेपालको इतिहासमा भूमिसुधार तर्फ प्रत्यक्ष कदम चालिएको सबभन्दा पहिले जयस्थिति मल्लको पालामा पाउन सक्छौ। त्यस

CC-0. In Public Domain. Digitization by eGangotri

पछि गोर्खा राज्यमा राजा रामशाहको शासन कालमा पनि भूमिसुधार तर्फ अर्को कदम चालिएको देख्छौं। तर यो कदमहरुले भूमि समस्यालाई हल गर्न सकेन।

यस पछि राणा शासनकालमा भूमिसुधार तर्फ कुनै कदम उचालेको पाउँदैनौं किनकि तिनीहरु आफ्नो शोषणयुक्त शासनको जग हल्लाउन चाहदैन थिए।

२००७ सालको क्रान्ति भयो। नेपालीमात्रको प्रसन्नताको विषय थियो किनकि यस पछि नेपालले आर्थिक विकासको सपना देखेका थिए। तर त्यो स्वप्नले साकार रुप लिन सकेन। आर्थिक शोषणको कार्य कुनै न कुनै रुपमा चल्दै रह्यो तर यो अवस्थाले धेरै समय सम्म स्थान पाउन सकेन।

हाम्रो देश नेपालमा जहाँ ९३ प्र० श० व्यक्तिका आमदानी खेतीमा आश्रित छ यस्का विकास नभएसम्म राष्ट्रिय तथा पारिवारिक आमदानी बढन सक्दैन।

श्री ५ महेन्द्रवाट देशबिकासको यो मूलतत्वलाई बुझीबक्सी, देशबासीहरुलाई न्याय, समानता र सुख दिन तथा मुलुकको उन्नतिको निमित्त जनताकै इच्छा र प्रयासवाट कारवाई होस् भन्नाको लागि पौष १ गते २०१७ सालमा पंचायत व्यवस्थाको स्थापनो गरिबक्सेको हो।

अब देशको मुख्य पेशावाट उत्पादन बढाउने, खेतीमा मुख्य रुपले परिश्रम गर्ने खेतीवाल जनतालाई जग्गाको उत्पतिमा न्यायोचितहक दिलाउने, गाँउ गाँउमा विकासको अनेक कामहरु जनत कै उत्साह, उमंग, बलबाट गर्ने गराउने र अरु मुलुकको सहायता, कर्जा र विदेशी पूँजीपतिहरुले गर्नेलगानीमा मुख्य रुपले भर नपरी व्यापक नेपाली जनताको त्यसै खेर गई रहेको वा राम्रो संग पूरा लाग्न नपाएको जनबल, धनबललाईनै मुलुकको बहुमुखि विकासमा मुख्य आधार बनाई आर्थिक अवस्था दरो पार्दै लग्न श्री ५ महाराजाधिराजले 'भूमिसुधार ऐन २०२१' दि बक्सेको हो। यस पुनीत काममा हामी सबै नेपालीहरुले अघि सर्नु परेकोछ। भूमिसुधार नभई आर्थिक उन्नति असंभव जस्तै छ।

भूमिसुधार कार्यक्रम नेपालीमात्रको ठूलो हाँकको रुपमा आएकोछ। यो समयको माँग अनुकूल छ अनि यो आजको नेपाली अर्थव्यवस्थाको निमित्त अत्यन्तनै आवश्यकभै उपस्थित हुन आएको छ। यस्को बिशेषताहरु निम्न लिखित छन।

CC-0. In Public Domain. Digitization by eGangotri

(१) यसबाट एक परिवारलाई साधारण रुपले निर्वाह गर्न पुग्ने हदभन्दा बढी जग्गा (प्रत्येक परिवारको निमित्त जग्गाको स्वामी बन्ने अधिकार २५ बिघाको हदबन्दी भित्र सीमित गरिएको छ, पहाडको निमित्त ८० रोपनी तथा काठमाण्डू उपत्यकाका निमित्त ५० रोपनी भित्र रहनु पर्ने) जग्गावालाले राख्न नपाउने भई बढ़ता देखिन आएको जग्गा मुनासिब क्षतिपूर्ति दिई राम्रो संग उपभोग गर्न सक्नेलाई बिक्री वितरण गरिनेछ।

(२) खेती गर्ने जग्गा तोक्दा घरबारीको निमित्त केही थप जग्गा राख्न पाउँने सुविधा दिइएको छ। साथै हदबन्दी भित्र कहाँ कहाँका कुन कुन जग्गा छोडने भन्ने निर्णय पनि जग्गाका मालिकले नै गर्न पाउने सुविधा दिइएको छ।

(३) हदबन्दी भन्दा बढी हुन आएको जग्गाको मुनासिब क्षतिपूर्ति दिइनेछ। क्षतिपूर्तिमा पाइने ऋणपत्रले विकास योजनामा लगानी गर्ने कम्पनीका शेयर किनी उद्योगमा शरीक हुन सकिने व्यवस्था गरिएको छ।

(४) हदभन्दा बढ्ता जमीन राख्न नपाउने भएकाले जग्गा पट्टि नै सर्वदा पैसा लगाउने पट्टि पनि ध्यान दिने छन्।

(५) यसबाट मोहीको हक र कर्त्तव्य प्रष्ट हुन गई मोही र हुण्डा बटैया आदिमा जग्गा कमाउने किसानलाई जग्गामा बढता मेहनत गर्न, मलजल र उत्पादन बिधि सम्बन्धी अनेक सुधार गर्न ठूलो उत्साह हुनेछ। यसबाट जग्गावाला र मोहीको बीच न्यायपूर्ण राम्रो सम्बन्ध कायम हुनेछ।

(६) यसबाट सदा देखि चलिआएको शोषणयुक्त सामन्ती ढांचाको समाज आधुनिक किसिमको उन्नतिशील र प्रजातान्त्रिक समाज मा बदलने छ।

(७) यसबाट साहु र असामीका बीच ऋणको साउँ र व्याज, ऋण तिर्ने विधी र ऋण सम्बन्धी कबूलियत भरपाई आदि बारे सब कुरा प्रष्ट हुने भई आसामी माथि अन्याय हुन पाउँने छैन।

(८) जग्गाको मालिकका लागि मात्र जग्गाको हद ताकिएको होइन कि जग्गा कमाउने मोहीका रुपमा पाउने जग्गाको पनि हद तोकिएको छ। यस्ले गर्दा आफ्नै श्रमले कमाउन सक्ने भन्दा बढी जमीन मोहीले लिन सक्तैन। प्रत्येक मोहीको सम्बन्धमा जग्गाको हदबन्दी ४ विगाहा तराईमा र उपत्यकामा १० तथा पहाडमा २० रोपनी निर्धारित

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ।

यस प्रकारको कदमहरुले निश्चयनै किसानहरुलाई शोषण, अन्याय र अत्याचारबाट मुक्त गर्नमा र उनीहरुको आर्थिक स्तर बिकसित गराउन, रहन सहनको उच्चस्तर वनाउनमा महत्वपूर्ण योगदान दिनेछ।

यस प्रकार हामी यो निष्कर्षमा पुग्दछौ कि श्री ५ महेन्द्रवाट वक्सेको यो भूमिसुधार उपरोक्त दुखचक्रलाई तोडी सुखचक्र तिर लग्ने दुई महत्वपूर्ण आर्थिक साधनहरु मध्ये एक भई हाम्रो देशको आर्थिक विकासमा ठूलो योगदान दिईरहेछ र भबिष्यमा यसै प्रकारको योगदान दिनेछ। साथै यस भूमिसुधारले हाम्रो देशको संभाबित उत्पादन र यथार्थ उत्पादनको बीचको खाल्डोमा कमी गर्ने छ र विकसित देशको दाजोमा हामीलाई पु-याउन यस भूमिसुधारले हाम्रो देशको विकास गतिलाई तीव्र बनाउनेछ। यस्का लागि हामी सबै नेपाली जाति स्व० श्री ५ महेन्द्रको सदा आभारी रहने छौ।

यस अघि मैले देशको आर्थिक विकासको दुई महत्वपूर्ण खण्डहरु बताएर भनेकि दुवैमा अत्यन्त घनिष्ट सम्बन्ध छ र एकको बिना अर्कोको उन्नति मुश्किल छ। कृषिखण्डको निमित्त महत्वपूर्ण कार्यक्रमको वर्णन गरिसके तर यस्को मतलब यो होइन कि अर्को खण्डमाथि कुन पनि विचार श्री ५ को सरकारले गरेको छैन। गत पंचबर्षीय योजना तथा दोस्रो त्रिबर्षीय योजनाले माथि उल्लेखित आवश्यकताको ख्याल गरि प्राथमिकता दिई योजना बनाएको देखिन्छ र अबको तेस्रो पंचवर्षीय योजनामा पनि देशको व्यवसाय बिकासलाई उच्च प्राथमिकता दिने काम भएको बुझिन्छ।

तर हाम्रो आर्थिक व्यबस्थालाई उन्नत आर्थिक व्यवस्थाको दाँजोमा ल्याउनको लागि र १०० वर्षको काम १० वर्षमा सिध्याउनको लागि त्यसै अनुसार कार्यक्रम लागु गरी सफल पार्नु छ। त्यस कारण हाम्रो आर्थिक बिकासको तीव्र गतिको लागि आर्थिक बिकासको अर्को महत्वपूर्ण खण्डमा पनि भूमिसुधारको जस्तै क्रान्तिकारी कदम उचित समय हेरी चलाउन आवश्यक पर्ला जस्तो लाग्दछ, यस क्रान्तिकारी कदमलाई 'व्यवसाय सुधार' कार्यक्रम भन्न सकिन्छ। 卐

CC-0. In Public Domain. Digitization by eGangotri

शुभकामना

— अशोक प्रधान

आज मैले आफ्ना ती बुजुर्गहरुलाई
नमस्कार गरे ,
जो हाम्रा विचारका समर्थक भए
र तिनलाई पनि हाम्रो शुभकामनाछ,
जो हाम्रा विचारका बिरोधी छन ।
तिनलाई म आफ्ना प्रतिद्वन्दी मानु त कसरी
जब उ म देखि प्रभावित नै छ
उसलाई बिपक्षी मानु त कसरी
उ त मेरै अभिबाहक बनेर रहेको छ
त्यसैले कैल्ये काही अनौठो परिवेशको
सामना गर्नु पर्छ ।
कहिले म आफ्नो ईलामा वसेर
मनभरी ती बुजुर्ग पीढीहरुको
भर्त्सना गरिरहेको हुन्छ ।
तथाकथित बुजुर्ग पीढी उता
हाम्रो सुयस कीर्ति फैलाई रहेको हुन्छ
काहा सत्तो श्रापको शुभ आषिक
सस्नेह प्रदान गरिरहेका हुन्छ ।
हामी तीनलाई बुजुर्गहरुको प्रसाद ठानी
ग्रहण गरिरहेका हुन्छौ र अब ,
नवयुग संग जागृत भईरहेको
युवा आकाँक्षाहरुको शुभ प्रणाम
आफ्ना ती सम्पूर्ण हित अहित
उही बुजुर्ग पीढीलाई
हृदय देखिनै नमस्कार दिईरहेका हुन्छौ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कविता

★ श्रीलाल 'नेपाली'

शब्दहरुको फूल छरी
भावनाले गमक्क गरी ।
सुमधुर लालित्य झल्किने
कविता आनन्दमन हरी ॥

यथार्थ लोकमा विचरण गर्ने
कल्पना तरंग लहरी रम्ने ।
दुःखलाई सुखका अनुभूतिमा
सब चिन्तन मनको क्लेश हर्ने ॥

आडम्बरका त्रासहरुलाई
जग जीवनको नश्वरतालाई !
सार्थक जीवनको बोध गराउँदछ
साहित्य सुधामा भिजाई ॥

ज्ञान विवेक बलिदान यो,
आत्माको पहिचान हो यो ।
कृतिहरुमा फूलिरहने
"कविता" जीवन रमीता हो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

हास्य व्यङ्ग

म ध्यान मग्न भएको बेला .... !

– श्रीप्रसाद उपाध्याय

बेचैनी .... । ओहो ! सुनेरनै टाउको दुखेर आयो। उकुस मुकुसिएको वातावरण, चारैतर्फ तातोपनाले निस्सासिएको सास .... बेचैनी शब्द सुन्दा ब्रहमाण्ड नै चरक्क चर्किएला जस्तो। कत्रा कत्रा जीवनका महा–रथी भनिनेहँरुको रौं पनि यस्को तीव्र अनुभव गर्नासाथ लुग् लुग् काम्न थाल्दछन, हाम्रो नेताहरु जस्तै।

भाषण भिषणमा बाबु बराजेको नाक ठाडो पारेकानेताजीहरुले जब आफ्नो कालो व्यवसायको सुईको पाएर प्रहरीले एक्कासी छोप्न आउदैछ भन्ने चाल आफ्नो मतियार–हरुबाट थाहा पाउछ तब तिनीहरुको स्थिति कस्तो दयनीय हुन्छ। चारैतर्फबाट घेरिई सके–कोले कतैभागु भनेतापनि कांही प्रहरीले नेल ठोक्ला र स्थिति त्यतिबेला झनै नराम्रो हुन जानेछ भन्ने सम्झेर तिनीहरुको जीउ काम–ज्वरो आए जस्तो थरथर काम्न थाल्दछ। अन्ततः केही गर्न नसकेकोमा कस्तो हतास भएर ती वेचैन हुन्छन।

भाषण भिषणमा त्यस्तो नाम चलेकोहरु को त्यस वेला त्यस्तो हाल हुन्छ भने म जावा रु १२५ खानगीको कलर्कको के हविगत भयो होला - त्यस बेचैनीले गर्दा – आफै अनुमान लगाउनु होस त! घरमा विचरी एउटी वुढी आमा त्यो पनि आँखै नदेखिने, घरको कासमा तिनी आफै पर सरि। आमाको करकरले दिक्क भई केटी खोज्न पट्टी लागे तर केटी दिनेदाता कोही देखिन। एक पैसा सम्म राख्न क्षमता नभएको यस्ता खल्ति रित्तेलाई कुँनचाहि पटमुर्ख बाबुले आफ्नो छोरीको त्याग गर्ला भन्ने कुराले मनमा संन्तोष लिएँ।

तर यतिमात्र भए कुरै सकिने। मानिस भनेको स्वयं पनि मानिसनै हुँ. लोभ लालच

CC-0. In Public Domain. Digitization by eGangotri

भै हाल्दो रैछ । एकदिन कुनचहिं मेरो दुश्मनले (तटस्थ नीति अपनाए तापनि दुश्मन भनेको त नहुँनु पर्ने तर आफुलाई आफत पर्दा तेसलाई कुवचन भन्नै प-यो) मेरो काम चाडै छिनोफिनो गरी दिए गैडा, चुरोट, कोसेली जे भने पनि दिन्छु भन्दा सधै आशा पाँश परेका गाँठ्ठे सपना पो देख्न थाल्यो। एकै सुर्को तान्दा कस्तो मख्खै पार्ने स्वाद, म त लट्ठपरे। तेस्को काम पनि सक्नु आबुत आफ्नो हात पनि सेकियो। तर हरे! कुन चाहिँ देखि नसहने कुरौटे कुरालाउनेले हाकिमलाई गएर कुरा पोलेछ। हाकिम विना भूमिकाको पत्थर कोईलाको आगो भएर (नयाँ नयाँनै थे त्यसैले यताको तेस्तो हावालागेको थिएन रैछ) तात्तातै भनिहाले - "यस्ता भ्रष्टाचार फैलाउनेलाई तुरन्त खारेज गर्नु।" कस्तो त भाग्य मेरो! तेत्तीका बर्षको नून सोझेको ख्याल भएन। तर घाँटी अईठीएर निस्कन सट्टा आफैले राजिनामा (दुःखनामा भनेपनि भो) ठोके ईज्जत रहने देखियो। अनित यस "बेचैनी" को महारोगले लाग्यो अँचेटन। के गरुँ कसो गरुँ, कता जानुँ ....? नोकरी छोडी घाँस काट्ने, कहाँ पो बिकीनु? अवता पढेनै बिकिने तर त्यो पनि नौ दशको के गन्ति। जे होस् एक बाजी आफूले पनि नाम्लो थाप्ने परंपरा चलाउनै प-यो। तर हाकिमलाई मनाउँ कि उस्को परिवारलाई? हाकिम कहाँ जाउ भने कोसेली टक्र्याउने हो वा गैंडा, उन्को परिवार कहाँ गुहाँरु भने कति बोहता फल-फूल मिष्ठान लाग्नेहो .... हिसाबै गर्न गा-हो हुन थाल्यो। यस्तो स्थितिमा त शत्रु-महाशत्रु पनि नपरोस चिताउनु प-यो ....।

उता भने वेला बखत बित्न थाल्यो तर कुनै निर्णय गर्न सकेको छैन। जागीर छुट्ला भन्ने संतापलेनै मन त नून खाएको कुखुरा झैं लारक-लुरुक भैसकेथ्यो। 'हाकिम कसरी फकाउँ' कुनै साथीसंग काईदा सोध्न गए निर्लज्ज भईकुरा खोल्नै पर्ने, काईदा बताए पनि साथीको 'एक भुरुको' चियाको अनुरोध स्विकार्नै पर्ने हुन्छ — भन्नुस त भ्रस्टाचारको परंपरा चलेन। जे होस आफूलाई त घिटीघिटी परेको छ। .... कुनै न कुनै क्यै न केही सोच्नै प-यो-गर्नै प-यो, पछुतो गरेर के गर्ने ....? एकछिन त यो सोचेर राजिनामा दिनु परे भोलि नहो, मगज त अलि सेलायो, रातभरीमा कुनै त बाटो बिचारिएला। तर यंत्रोको बाटो र भुत्रोको सोचाई .... यहाँ त उफ! यस्तो भयंकर बेचैनीको त्राणले मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

रगत पनि पानी (श्रम गरेको भए पसिना भन्थे) भएर बर्बर्तो सिङ्गै हात गोडाबाट ओईरी रहेथ्यो म त निथ्रुक्क प्वाँख भिजेको चरो जस्तो फ्याात्त फ्यात् पा परे (त्यतिन खेरको मेरा सबै लक्षण टाटपल्टेको साहु जस्तै थ्यो) अ खती मूलो तर्फ लागुँ भने श्रीमान हाकिम ले "लुटको धन फूफूको श्राद्ध" सिधा पारि हाल्यो. तेस्मा अझै सामाजिक सुधार के गरेन म गरीबनै ठडाराम हुन पुगेछुँ .... शिव। शिव !!

अब मैले ध्यान मग्न हुन शुरु गरे .... म सगसर आफ्नो हाकिमको डेरा तर्फ (बेलु-की पख हाकिम बतास खान गएको ताकपारी), क्यै धेरै थोरै यथा शक्ति तथा भक्ति नैबेद भए पनि घड़ीको माया मारेर एउटा टपरी मेवा-मिष्ठान केहो फलफूलले भरी हिड़े। डराई अनमनाई सिक्री हल्लाएँ, ढोका उनके श्रीमती ले खोल्नि र म बिना भूमिकाको दयनिय दृष्टि ले (जिब्रो भने तालुमा उसिनेको आलु जस्तो टाँसिएथ्यो अनि त के गर्ने) उनको अधिल्तीर सेवाको टपरी सारे अनि दुईचार बिन्ती भाउ चढाउदा चढाउदै .... उन्ले के के न होला भन्ठान्दै टपरी उधारेर हेर्दा उही भूँडे साहुकहाँ को पिठो मिसीएको लड्डु र बालसाही ....देखेर श्रीमती हाकिम्नीज्यूले यसरी मुख बिगारींन कि मानो टिम्बुरकै चटनी चाट्न पुगेकि छिन। मेरो त हावै फुस्क्यो, फुस्रो मुख लिएर लुरु-लुरु बाटो तताएँ। यस्तो लाग्यो "चोक्टा खोज्न हिडेकी बुढी (बुढो) झोलमै डुबेर मरी (मर्‍यो)" मेरै लागि भनिएको हो कि ?"

दुईचार दिन बिती सक्यो, अफिसबाट क्यै खबर आएको छैन। यता पैसा उपर गर्ने-हरु "ल्या कि ल्या !" भनेर घाँटी न्याक्न आई पुगे। आखिर जानु त थियो थियो, आफिसबाट ल्याएर दिन्छु भनेर जाँदा सूचना पाटीमा आफ्नु धन्यबाद सहित सेवा मुक्तिको पट्टी टाँस्सिएको देखा पर्‍यो। मेरो मुख त पोलेको भन्टा जस्तो निलो कालो भएर चाउ-रीयो, बाक्रो ताछेझै जीउ पोल्न र रौ सीयोलेझै घोच्न थाल्यो ....कैले चिस चिसो लागेर आउने फेरि आगोमै खनिएको जस्तो पोलेर आउने, अथवा ! उफ !! गोडा कसरी लुगलुग काँपेको - जस्तो कसैले हाडै सनासुले च्यापेर झिकी दिएको छ .... लौ लौ ! मता बसे .... लडे ... चिच्याएँ क्यार ....पण्डितजी कराउदैछन - "खै ! लक्ष्मण बुटी ? छिटो ल्याउ, छिटो"

CC-0. In Public Domain. Digitization by eGangotri

र अकस्मात ! बेस्कन हुरी चलेर आउँछ म हनहनिन्छु--हुरीन्छु काँ काँ लडछु नाकमुखै बुझिन्न । त्यस्तैमा मानो दैवी प्रताप भयो - हुरी थामियो अंधेरी नाशियो, चारै तर्फ चह-किलो स्वच्छ उज्यालो देखियो धुप अक्षता सुगन्धित फलफूल साज श्रृङ्गारले शुसोभित त्यस सुन्दर देवलोकको द्वारमा म आफूलाई आस्चर्य गरी रहेको पाउँछु । मलाई त्यसरी सडकको लट्ठा झैं डम्भैको देखेर एउटा उत्तम बस्त्रधारी सोभायमान देवगण आफ्नो उच्चा सनबाट ओर्लेर आई द्वारै देखिन मलाई स्वागत गरी लगे । छेउकै आसन दिएर हाल खबर सोधे, मेवा मिष्ठानले तृप्त पारे । अब त मैले के भन्ने हो के गर्ने हो हेक्कै भएन - चट-क्कै बिर्से आफ्नो दुःखगानिहरु । के भो र, बतुस्थिति जे भएपनि यत्रो मानदान - सेवा सत्कार निशुल्क नै पाउँदा म बाउठे आत्मा देखिन नै मख्ख भईरहेको थिएँ । पछि उनले आफै म संग बिदा माग्दा पो म जिल्लीएर उक्त देवगणको मुख हेन थाल्दछु ···· आँखा च्याति-च्यातिकन -- निधारमा धर्के चन्दन धस्केका, घाँटीमा रुद्राक्षमाला झुलिरहेका, रामनामी वस्त्र धारण गरेका - उ त आफ्नै गाँउका उही रामदास पण्डित बाजे पो रहेछन।

म छानाबाट खसे । झस्किन्दै हत्तर पत्तर जीउ छाम्दा र खल्तिमा हात हाल्दा त खल्ति बाट आशा चुरोटको ठुटोपो निस्केछ । खल्तिको निधी त पण्डित बाजेले अघिनै अईठयाई सकेका थिए । बल्ल थाहा भयो म त ध्यान मग्न भएर विचार पो गरि रहेछुँ । अफिसबाट ध्यान गर्दा गर्दै सिधै पण्डित बाजेकाहाँ पुगेछु। पण्डित बाजे भन्दछन - हे वत्स । यो ध्यानको महिमाबाट पार पाउ ! अन्यथा ध्यान ध्यानमै आफैलाई पार लगाउने पार पाचुके गर्नेछौ। र उनी आफ्नो बाटो लागे । मेरो सास निस्सा सिएर आयो , यदि यो साँच्चिकै भै दिएको भए ······· मेरो ठुठो चुरोट पनि पण्डित बाजेले लग्ने थियो । एउटा दीर्घ निश्वाँस छोडेर ठुठो चुरोट सल्काई एक लामो सुर्को धित मार्ने गरी ताने । सुर्रर ············

बल्ल हृदय शान्त र स्थिर भयो । अघिनै मैले एक सर्को तानेको भए यो रमीता त हेर्नै पर्दैनथ्यो । ओह ! यो गोबरे मगजलाई के भन्ने अनि भोलिको लागि कागज कलम लिएर खुरुखुरु राजिनामा (लाचारनामा भनु कि ?) पत्र लेख्न सुरु गरे ························ ।

★

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थ बोध

–"अदृष्य"

आँखा भरी बटुलु यो दृश्यलाई
पोल्टा भरी अंगालु
फेवातालका माछा पुच्छरेको
प्रतिबिम्बलाई

कति स्वच्छ र बिशाल छ फेवातालको हृदय
जसले अंकमाल गरी समेटेको छ
अन्नपूर्णा हिमाललाई
थोपा थोपा कपासका टुक्राहरु

नालो आकाशमा लुकामारी खेल्दछन
भेटछन अलगिन्छन अनि फेरी भेटदछन
प्रतिबिम्बित हुन्छ यस मिलन र विछोडमा
युग युगान्तरको प्रतिक्षा बिरह र तिर्खा
आशा र निराशाको घाम – छाया

जीवन र मृत्युको तादात्मय संवंधको
अटुट शृंखला
यस्ता चलचित्रको पटाक्षेपले
विउँझयाँउछ मलाई

मेरो वास्तविक अस्तित्वलाई
टुक्रिएर खीइरहेको नपुंशक व्यक्तित्वलाई
अनेकौ चक्कर खाएर
सेतीको भेल गर्जना गर्दै

पस्दछ उपत्यकाको मुटु भित्र
आफ्नो सम्पूर्ण अस्तित्व गुमाएर
अनि एक्कासी झसकन्छु म

र अनुमान हुन्छ मलाई
मेरो लुलो नपुंशक ब्यक्तित्वको
जो मात्र एक 'टाइप' भइ बाँची रहेकोछ ।

★

CC-0. In Public Domain. Digitization by eGangotri

कविता-कथा+म = नेपाली साहित्य

—भीम "विराग"

आज भोली नेपाली पत्रिकाहरुको हुरी चलेको छ। हुरी चलेको छ र सबैलाई थाहा भएको कुरा हो, हुरी सदैव रहि रहदैन, त्यसको एउटा अवस्था हुन्छ- अवधि हुन्छ, त्यस पछि स्थितिमा पृथकता आउंछ, त्यस पृथकताको दुई रुप हुन सक्छ- एउटा उत्थान एउटा पतन। अवस्य पनि आजका पत्रिकाहरु जसरी उन्मादित एपझें आँधि जस्तो नेपाली साहित्य भित्र घुस्न पुगेकोछ त्यसले एउटा विराममा अडने पर्छ चाहे उत्थानमा, चाहे पतनमा।

जहां सम्म पत्रिमाहरुको भविष्य उत्थान र पतनमा पुग्ने सवाल छ, त्यसलाई विचार गर्नु भन्दा पहिले नै हामीले आजका पत्रिकाहरुको मोडलाई- लक्षलाई र सोचाईलाई लियौं भने यसको भविष्य माथि गहिरिएर सोंच्न सकिन्छ। प्रश्न उठछ- पत्रिकाहरु मध्ये पनि संकलन प्रधान पत्रिकाहरु नै बहुसंख्यक देखिएकाछन् कुन-कुनै पत्रिकाले त साहित्य सकलन भनेर आफूलाई शुद्ध साहितियक घोषित गरेका पनि देखिन्छ, के यिनीहरुको सहि प्रतिनिधित्व भएको छ? यस प्रश्नको एउटै उत्तर हुन सक्छ- भएको छैन। के भएकोछ त? भन्ने प्रश्न गर्दै कुनै एउटा सकलन उठाएर हेर्नु भयो भने प्रष्ट पत्रिकाले नै जवाफ दिन्छ "व्यवसायिक"। पत्रिकाको पाना पल्टाउदै गयो, हेर्दै गयो, अनि चिन्तनलाई खोतल्यो भने चित्त बुझाउने बाटो फेला पर्छ। हामी देख्छौं साहित्य संकलन पत्रिका वास्तविक मानेमा विज्ञापन संकलन पत्रिका भै रहेको देखिन्छ।

यसै विषयलाई लिएर मेरो एक जना मित्र संग विवाद उठन गयो। वहाँ को भनाई अनुसार, मानिसले अनेकन किसिमका

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवसाय गर्छन् भने यो पनि एउटा व्यवसाय नै सम्झनु पर्दछ, के नेपाली साहित्यमा व्यवसाय छैन ? वहाँको सोचाईको आफ्नो पना देखेर म छक्क पर्छु ।

नेपाली साहित्य भरखरै विकासको स्तम्भमा उक्लि रहेको छ, यसलाई केही नेपाली लेखकहरुको निरन्तर प्रयाशबाटनै बडो रुग्ण चाल बाट प्रगति पथमा अगाडी बढन सफल हुदैछ। लेखकहरु लेखन पेशाले पेट पाल्न सकिदैन भन्ने पक्षमा पुगेका छन्। र त्यहि क्षेत्रबाट व्यवसाय पनि गर्न सकिन्छ, भन्ने कुराको जानकारी केहि बनिया छाँटका साहित्य प्रेमीहरुले सिकाउदैं छन् त्यो राम्रै कुरा होस तर त्यस व्यवसाय लेखकहरुलाई शोषण गर्ने कुरा राम्रो होईन किन भने एउटा अंकमा हज्जारौं हजारौंको रकम उठाउने संकलन पत्रिकाले कति लेखकलाई पारिश्रमिक दिएको छ भन्ने प्रश्न सारै गंभीर छ।

यो मान्नु पर्दछ यी पत्रिकाहरुको भविष्य अवश्य पनि टिकाउ हुंन सक्दैन किन भने– केहि वर्ष अगाडी त्यो हुरी केही कमजोर रुपमा देखा परेका थियो, तर आज त्यस्का वेग अत्याधिक मात्रामा छ। धेरै सम्पादकहरुको मिठो कुरामा लेखक भुलियो। आफ्नो रचना प्रकाशित हुने खुसीमा पारिश्रमिकको कुरै विर्सियो। तर, आजका लेखक अब निकै सावधान भइ सकेका छन्। त्यस व्यवसाय बाट लेखकलाई पनि हिस्सा चाहिन्छ उपरोक्त कुराहरु आजका लेखकहरुको मनमा उब्जि सकेको छ। बजारमा प्रत्येक कुरा किन्नु परे झैं अब रचना पनि पहिले किन्नु पर्ने स्थिति आई सक्यो भन्दा के आश्चर्य ? यसरी बन्देज हुदै गए पत्रि पत्रिकाहरुको क्रम र सिलसिला पनि रोकिदै जान्छ।

अर्को कुरा विकासशील मुलुक हाम्रो नेपालमा व्यापारको बढदो स्थितिले विज्ञापनको क्षेत्र फराकिलो हुदै गएकोले पत्रिकाको खपत कम भएता पनि विज्ञापन लिन सकिने स्थिति देखासिखिले बन्न गएको छ। यो देखासिखिको सिलसिला पनि भविष्यमा बाँचि नै रहन्छ भनेर भन्न पनि गाहारै पर्छ अस्तु पत्रिकाको दीर्घाजीविपनलाई कायम राख्न अवश्य पनि विज्ञापनको भरनै पर्याप्त छैन। जब सम्म पाठकहरुको सख्या बढदैन दुई चार झोक विज्ञापनको सहराले चल्ने पत्रिका नामिन्छ। असल रचना तथा त्यसका

CC-0. In Public Domain. Digitization by eGangotri

कबिता-कथा+म = नेपाली साहित्य

—भीम "विराग"

आज भोली नेपाली पत्रिकाहरुको हुरी चलेको छ। हुरी चलेको छ र सबैलाई थाहा भएको कुरा हो, हुरी सदैव रहि रहदैन, त्यसको एउटा अवस्था हुन्छ- अवधि हुन्छ, त्यस पछि स्थितिमा पृथकता आउंछ, त्यस पृथकताको दुई रुप हुन सक्छ- एउटा उत्थान एउटा पतन। अवस्य पनि आजका पत्रिकाहरु जसरी उन्मादित रुपले आँधि जस्तो नेपाली साहित्य भित्र घुस्न पुगेकोछ त्यसले एउटा विरासमा अडने पर्छ चाहे उत्थानमा, चाहे पतनमा।

जहां सम्म पत्रिमाहरुको भविष्य उत्थान र पतनमा पुग्ने सवाल छ, त्यसलाई विचार गर्नु भन्दां पहिले नै हामीले आजका पत्रिकाहरुको मोडलाई- लयलाई र सोचाईलाई लियौं भने यसको भविष्य माथि गहिरिएर सोच्न सकिन्छ। प्रश्न उठछ- पत्रिकाहरु मध्ये पनि संकलन प्रधान पत्रिकाहरु नै बहुसंख्यक देखिएकाछन् कुन-कुनै पत्रिकाले त साहित्य सकलन भनेर आफूलाई शुद्ध साहित्यिक घोषित गरेका पनि देखिन्छ, के यिनीहरुको सहि प्रतिनिधित्व भएको छ? यस प्रश्नको एउटै उत्तर हुन सक्छ- भएको छैन। के भएकोछ त? भन्ने प्रश्न गर्दै कुनै एउटा सकलन उठाएर हेर्नु भयो भने प्रष्ट पत्रिकाले नै जवाफ दिन्छ "व्यवसायिक"। पत्रिकाको पाना पल्टाउदै गयो हेर्दै गयो, अनि चिन्तनलाई खोतल्यो भने चित्त बुझाउने बाटो फेला पर्छ। हामी देख्छौं साहित्य संकलन पत्रिका वास्तविक मानेमा विज्ञापन संकलन पत्रिका भै रहेको देखिन्छ।

यसै विषयलाई लिएर मेरो एक जना मित्र संग विवाद उठन गयो। वहाँको भनाई अनुसार, मानिसले अनेकन किसिमका

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवसाय गर्छन् भने यो पनि एउटा व्यवसाय नै सम्झनु पर्दछ, के नेपाली साहित्यमा व्यवसाय छैन ? वहाँको सोचाईको आफ्नो पना देखेर म छक्क पर्छु ।

नेपाली साहित्य भरखरै विकासको स्तम्मा उक्लि रहेको छ, यसलाई केही नेपाली लेखकहरुको निरन्तर प्रयाशबाटनै बडो रुग्ण चाल बाट प्रगति पथमा अगाडी बढन सफल हुदैछ। लेखकहरु लेखन पेशाले पेट पाल्न सकिदैन भन्ने पक्षमा पुगेका छन्। र त्यहि क्षेत्रबाट व्यवसाय पनि गर्न सकिन्छ, भन्ने कुराको जानकारी केहि बनिया छाँटका साहित्य प्रेमीहरुले सिकाउदै छन् त्यो राम्रै कुरा होस तर त्यस व्यवसाय लेखकहरुलाई शोषण गर्ने कुरा राम्रो होईन किन भने एउटा अंकमा हज्जारौं हजारौंको रकम उठाउने संकलन पत्रिकाले कति लेखकलाई पारिश्रमिक दिएको छ भन्ने प्रश्न सारै गंभीर छ।

यो मान्नु पर्दछ यी पत्रिकाहरुको भविष्य अवश्य पनि टिकाउ हुंन सक्दैन किन भने– केहि वर्ष अगाडी यो हुरी केही कमजोर रुपमा देखा परेका थियो, तर आज त्यस्का बेग अत्याधिक मात्रामा छ। धेरै सम्पादकहरुको मिठो कुरामा लेखक भुलियो। आफ्नो रचना प्रकाशित हुने खुसीमा पारिश्रमिकको कुरै बिर्सियो। तर, आजका लेखक अब निकै सावधान भइ सकेका छन्। त्यस व्यवसाय बाट लेखकलाई पनि हिस्सा चाहिन्छ उपरोक्त कुराहरु आजका लेखकहरुको मनमा उठिज सकेको छ। बजारमा प्रत्येक कुरा किन्नु परे झै अब रचना पनि पहिले किन्नु पर्ने स्थिति आई सक्यो भन्दा के आश्चर्य ! यसरी बन्देज हुदै गए पछि पत्रिका हरुको क्रम र सिलसिला पनि रोकिदै जान्छ ।

अर्को कुरा विकासशील मुलुक हाम्रो नेपालमा व्यापारको बढदो स्थितिले विज्ञापन को क्षेत्र फराकिलो हुदै गएकोले पत्रिकाको खपत कम भएता पनि विज्ञापन लिन सकिने स्थिति देखासिखिले बन्न गएको छ। यो देखासिखिको सिलासिला पनि भविष्यमा बाँचि नै रहन्छ भनेर भन्न पनि गाहारै पर्छ अस्तु पत्रिकाको दीर्घाजिविपनलाई कायम राख्न अवश्य पनि विज्ञापनको भरनै पर्याप्त छैन। जब सम्म पाठकहरुको सख्या बढदैन दुई चार झोक विज्ञापनको सहराले चल्ने पत्रिका नामिन्छ। असल रचना तथा त्यसका

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुतिकरणले नै पाठकलाई आकर्षण गर्न सकिने हो, यस दिशा तिर शुरु देखि प्रयत्नशील रहेका पत्रिका अवश्य पनि दीर्घजीवि हुने छन् ।

यस्तै लेखन विषयमा आजभोली परिचित-अपरिचित व्यक्ति तथा पत्रहरुको दिनौ भेटघाट-दर्शन हुने क्रम बढ़ेको छ । साहित्य मा प्रेम रहेको हुनाले स्वभावबस पनि अवहेलना गर्न मुश्किल पर्ने र पत्रिकाको इच्छा पूर्ति गर्ने आफूलाई समयको अभाव ले गर्दा बचन हान्‌ पर्ने स्थिति पर्दा पर्दै पनि टाउको टेकी लेख्नै पर्ने बाध्यता संग आज को लेखक समाजले विद्रोह गर्न सक्दैन । त्यो बाध्यता पनि दुई किसमको हुन्छ-एउटा अग्रिम पैसा फालेर जाने सम्पादक संगको बाध्यता, दोस्रो टार्न न हुने व्यक्तिबाट भएको मांगको बाध्यता । आज भोली आग्रिम पैसा फालेर जाने सम्पादक कति छन् र ? त्यसबाट जोगिएता पनि दोश्रो बाध्यतामा नै आजको लेखक समाज पिडित छन । त्यसको साथ-साथ आश्वासनमा बांच्ने हरुको कुरै न गरौं ।

यसै सिलसिलामा एउटा अर्को कुराको सम्झना आउछ- आज भोली कविताको माँग कतैबाट पनि आउन छाडेको छ । लाग्छ नेपाली साहित्यमा कविता एक मानेमा- धेरै सस्तो हुनाले, अर्को मानेमा- कविता क्लिष्ट हुदै गएकोले- या कुनै कारणले होस कविता चाहिदैन । केही दिन अगि एकजना रचना संकलन गर्दै हिडने बन्धुले फूटपाथ मा रोकेर "रचना" भन्ने मांग प्रस्तुत गर्नु भयो । केही दिन अगाडी पनि वहां आई रचनाको मांग गरी सक्नु भएको थियो । वहांको "भोली नै चाहिन्छ" भन्ने मांगलाई "केही दिन पछि" दिने आश्वासन दिएको थिए । मैले आफ्नो फुरसत न भएको विवशता देखाउदा वहाँले पुरानै- लेखि राखेको कुनै भए पनि न दिई भएन जस्तो कुरामा मैले गौर गर्दै भोलि पल्ट एउटा कविता दिने कुरा गरे । खिन्न मनले वहाले भन्नु भयो- 'कविता ? तपाई जस्तो नाम चलेको व्यक्तिको कविता छाप्ने ?' मैले आश्चर्य मान्दै भन्नु पयो- 'किन र म संग तपाईले के आशा गरि आउनु भयो त ?' वहांले भन्नु-भयो कविता त आजकाल जस्ले पनि लेख्छ, तपाई संग त मैले कथाको आशा गरेको थिएँ ।

त्यसै वखत मलाई केहि दिन अगाडी हेटौडा बजारमा मकैको भाव खस्दा किसान

CC-0. In Public Domain. Digitization by eGangotri

हरुमा खलबली परेको सम्भझना हुन आयो। मैले आफु संगै आफुले प्रश्न गरे हामी पनि मकै भयौं? साहित्य पनि मकै हो र? व्यवसायले कुनै ठांउ छोडेन, कसैलाई चोखो रहन दिएन। "कविता सबैले लेख्छ" भन्ने कुराले कविताको वजार रहने, कथा चाहियो साहित्यमा बाच्नु छ भने कथा लेख्नु नै पर्‍यो होईन भने साहित्यिक जीवन देखि नै पन्छिने समस्या उत्पन्न भै सक्यो। अनि हिन्दी हास्य लेखक जी० पी० श्रीवास्तवको "मार–मारके हाकिम" भन्ने नाटकको सम्झना आयो। जबरजस्ती हाम्रो समाजमा केहि पनि बनाई दिने परम्परा खास गरिकन नेपाली साहित्यको दुःखद भविष्यको निर्माण गर्दै गई रहेछ कथाकार, कवि बन्ने र कवि कथाकार बन्ने स्थितिले सशक्त साहित्यको श्रृजना हुन्छ भनेर सोच्न अलि असजिलो लाग्न थालेकोछ।

—oo✻oo—

★ विश्वमा लक्जेमवर्ग नै एक यस्तो राष्ट्र छ जो आफ्नो हुलाक टिकटबाट नै यति आम्दानी गर्दछ कि उसले आफ्नो जनता माथि कुनै प्रकारको कर लगाएको छैन।

★ विश्वमा अत्याधिक मात्रामा विक्र वितरण हुने समाचार पत्र जापानको Asahi Shimbun हो जस्को प्रतिदिन १ करोड भन्दा बढी प्रतिहरु छापिन्छ।

★ भक्तपुरको ठूलो घन्टी देशमा कर्फ्यु लगाउनु पर्यो भने पहिलेका राजाहरुले बजांउदये जसको स्थापना रणजीत मल्लले वि. सं. १७३७ मा गरेका हुन।

यथा नामः तथा गुणः

— मोहन प्रधान

'यथा नामः तथा गुणः' मनोवैज्ञानिक सत्य हो। कुनै पनि समाज आज मानव विकृतिबाट जोगिएको छैन। सबैको आफ्नो धर्म ईष्ट-मित्र, आफ्नो संस्कार, आफ्नै गौरव भूमि र राष्ट्रियता छ। यत्ति विभेद भएतापनि सबै समाजका मनुवा एकै हो र यसै कारणले सबै मानव विकृतिले ग्रस्त हुन्छ। सामाजिक भिन्नता त यसको उपचार्थ नियोजित हो। अस्तु।

हाम्रो समाज हिन्दू हो र यसको उदार प्रवृत्त सहिष्णुता तथा क्षमाशीलता बिश्व दर्शन वा भनौं मानवताको एकाकार सत्यासत्यको मार्ग दर्शन गराउंदछ। यो गर्वोक्तीको कुरो होईन, यथार्थ हो। तर आज युगको भौतिक दुराग्रहले गर्दा यो साँच्चि नै मात्र गर्वोक्ति (धर्म प्रशंसा) हुन पुगेको छ। किन भने आज मानिस शनैः शनैः धेरै यस्ता निकृष्ट कार्यमा प्रवृत हुँदै गइ रहेको छ कि त्यसले आफ्नो अन्त र हृदयमात्रै हैन जीउ भित्रका प्रतेक जीवाणुलाई स्वभाविक (भौतिक) यन्त्र देखि रहेको छ जो अन्न जल रुपी ईधनवान कार्यरत रहन्छ। स्पष्ट छ आज मानिसको हैन यन्त्रको आवश्यकता छ र विभिन्न समाजले (भौतिक मान्यतानुसार भन्ने हो भने राज्य व्यवस्था अर्थात सरकारले आज मानिसको अविष्कार यन्त्रको निर्माण गर्दैछ। त्यसैले धरतीमा धर्म जन्माउने मानिसको लागि मानवता खालि गर्वोक्ति मात्र हो। वास्तवमा वर्तमान समाजहरुको अस्त व्यस्त स्थिति हुनाको एक मात्र प्रमुख्य कारण हो — त्यसको अध्यात्मिक संस्कारहरूको उद्धार नहुनु। सबै जसो समाजमा यो दुर्बोध कायम छ। अर्कोमा भन्दा आफ्नु मै हेरौं, त्यस्ता अनेकौं लोकाचार बिषयहरु भेट्टाउछौं। हाम्रो सनातन धर्मका अंग

CC-0. In Public Domain. Digitization by eGangotri

हो र यसका कुफलका दोषी र सुफलका भोगी पनि हामी नै हौं। यहाँ भन्न खोजिएको प्रमुख्य विषय हो सनातन देखि चलि आई रहेको यस समाज भित्रका उदार प्रवृति सहिस्णुभाव, क्षमाशीलताको प्रचलित (कथित !) महानता यसको प्रभावशीलता बारे कहिल्यै हाम्रो समाजलाई पत्यार परेको लाग्दैन। किन कि यो विषय आत्म प्रबंचनाको लागि उद्धृत गरिएको हो। व्यर्थको गौरवभाव जसलाई सामाजिक मूल्याङ्कनको दृष्टिले हेर्दा व्यक्तिलाई अकर्मण्यस्यता प्रवृति (उदासिनता) ल्याएको बुझिन्छ। हुन पनि अरु अरु समाजमा भन्दा यस सनातन समाजमा व्यर्थको आत्मप्रवंचनाभाव बढी भन्दा बढी छ। मानव जीवन कल्याणको लागि वेदको उपयोगीता धेरै महत्वपूर्ण होला, गीताको बिस्तृत कर्म क्षेत्र र महा भारतको सहज धर्म नीति भनै हितकारी साबित होला, तर यो सबै हाम्रो समाज (अनि सम्पूर्ण विश्व) मा कब चरितार्थ होला ? के यो प्रयोजनीय छ कि मात्र आत्मस्वाद हो ? र यस्ता चर्चा चल्यो भने हाम्रो धर्म वेत्ताहरुले चट्ट मुख खोल्न आई पुग्छ - " यो नास्तिक हो हामी आश्चर्यचकित सोद्धछौ नास्तिकको ? उत्तर सोझो छ जो देउता मान्दैन। हामी भन्छौ - देउताको ? प्रतिउत्तर सब शक्तिमान, सर्वव्यापि अनन्त अनादि, जल थल, नभ वायु र सूर्य ...." हामी प्रतिवाद गर्छौं - " यो त प्रकृति हो जस्ले सम्पूर्ण ब्रह्माण्डको सृष्टि गरेको छ .... "

यसरी हामीलाई लाग्छ सारा धरमीमा दीयो लिएर खोजे पनि नास्तिक भन्ने कुरो कुनै प्राणि भेट्टिने छैन। यो व्यर्थको दुरस्थता पार्ने धर्मवेत्ताहरुको स्वार्थान्ध नै हो जसको कारणले समाज कूपमण्डुकताको अन्ध्यारोमा बाँच्न विवश हुन्छ र दुनियाँमा लोकाचारको विषय बन्दछ। इतिहासले साबित गर्छ, कुनै पनि समाज सहिष्णु तथा उदार भएर बाच्न सकेको छैन। कुनै पनि व्यक्ति आफ्नो प्रगतीको लागि उदार रहदैन। यो भूषण त्यसैलाई सुहाउदछ जो आत्मा तथा जीवन देखि विरक्त अर्थात 'मृत्य' हुन्छन। त्यस्ता व्यक्तिहरु समाज राष्ट्र र जनताको लागि समेत विपत्ति तुल्य छ। किन भने सहिष्णुले आत्मबल (प्रतिशोध शक्ति) को ह्रास गर्छ, क्षमाशीलता तथा उदारताले जीवन आत्माको महत्व र भविष्यत आकांक्षाहरु प्रति शनैः शनै उदासीन तुल्याउँछ ल्याउछ र जनता समाज देखि राष्ट्र देखि

CC-0. In Public Domain. Digitization by eGangotri

साथै विश्व देखि पनि दुरस्थ हुन सक्द छ। अस्तु यो सत्य हो आध्यात्मीक संस्कारहरुको उद्धार भएन भने सामाजिक मान्यताको लोप हुन्छ जो एउटा गौरबशाली राष्ट्रको काचूली हो । कसैले भनेको पनि छ भौगोलिक तथा राजनैतिक ईकई भन्दा सामाजिक अर्थात सांस्कृतिक एकता नै दीगो रहन सक्दछ।

★

—::※::—

रमेशलाई जासूसी उपन्यास पढ्ने बानी अत्यन्त तीव्र थियो । 'रहस्य' भने पछि उ त्यसमै भुल्न खोज्दथ्यो । जसले उसलाई एक परम आनन्दको प्राप्ति हुन्थ्यो । त्यसैले उपन्यास पढ्दा । जब पनि बीचबाट पढ्न सुरु गर्दथ्यों । किन भने पछिको रहस्य त पढदा पढ्दै खुल्दथ्यो तर अगाडीको रहस्य अन्त सम्म पनि रही नै रहोस भन्ने उसको धारणा थियो ।

सब भन्दा सुखि त्यहि हो जो प्राण प्रणले आफ्नो काममा लागेको हुन्छ, कर्मतर्फ उसको सफलता र सफलताको साधन माथि नै जस्को ध्यान छ, नकि यस कुरामाथि दुनियाले के भन्लान र व्यक्तिले के भन्ला ? 卐

—इमर्सन

एक बुद्धिजीवी—"तिमीले त हो नी हिजो आफ्नो भाषणमा अन्याय र अत्याचारको बिरुद्ध आवाज उठाउनु पर्छ भनेको...."

अर्को बुद्धिजीवि— किन के भो त ?"

पहिलो— "अरु के हुन्थ्यो ? आजको हाम्रो सभामा पञ्चज्यू उपस्थित भएन ।"

दोश्रो— तिमी जस्तै उ पनि कहि अन्तै भाषण गर्न गएको थियो होला।

लौ सुन्नुस

स्वीडेन सरकारले आफ्नो देशको हाँक बिभाग कति सम्म बिकशित र दक्षपूर्ण छ भन्ने जनतामा प्रचारको लागि एउटा ठुलो फिल्मको निर्माण गरेको थियो त्यो आज सम्म पनि कहि प्रदर्शन हुन सकेन किनभने त्यो फिल्म हाँक बिभाग द्वारा नै गोलमाल परि हराएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःस्करणमा भन्दछ

—संवेद श्रेष्ठ

छाक टार्ने अभावको पूर्ति सजिलो न हुदा
साधारण बाटोमै रुमलिई रहनु पर्दा
ज्ञानको बाटोलाई त्यागपत्र दिनु परेकोले होकि
कवि हृदयको भेल म मा फुट्न न सकेको ।

शिरोमणि, नाटककार र महाकविका कविताले
मलाई घचघचाएर बिउँझाउन सकेन
सदाझैं नजान्ने नजान्नो नै बन्न होकि
कवि हृदयको भेल ममा फुट्न नसकेको ।

भोकको व्यथा मुटुको व्यथा भन्दा चर्को
निवारण छोडी अन्त लाग्नै लाग्छ झर्को
पत्रिका, किताब र खबर नहेरेको युगैभएकोलें होकि
कवि हृदयको भेल ममा फुट्न नसकेको ।

साथीका मिठास, सरस लेखहरुले तान्नखोज्छ
तब मनले स्वच्छाकासमा उडेकाजीवनलाई रोज्छ
तर पनिनाता कुटुम्ब परीवारबाट मुक्तिनपाउदाहोकि
कवि हृदयको भेल म मा फुटन नसकेको

समाज, संस्कृति, अवस्था विचार्दा
स्वयंसेवकको बाटो अति उत्तम ठान्दछु
अनि परिवार, सम्पति मेरो भन्ने त्याग्न नसक्दाहोला
कवि हृदयको भेल म मा फुटन नसकेको ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्यारा राजा रानी प्रति अगाध भक्ति दर्शाउदै

श्रेष्ठ रेडियो हस्पीटल

माईस्थान, बीरगंज

समस्त ग्राहक वर्गमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(यहां भाडामा एम्लीफायर दिने व्यवस्था छ)

फाल्गुण ७ गते को महान अवसरमा

समस्त ग्राहक वर्गमा

हार्दिक शुभकामना व्यक्त गर्दछौ

अमृत केबिन

मूल सडक, बीरगंज

प्रजातन्त्र दिवसको उपलक्षमा हार्दिक शुभेच्छा व्यक्त गर्दछौं

तथा

राम्रो र संतोषजनक सिलाईको लागि

हामीलाई सम्झनुहोस

शाईनिंग टेलर्स, हेटौडा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri